CC-0. In Public Domain. Digitization by eGangotri

A.2 S.T

प्रा. शिवगोपाल रिसाल



प्रा.डा. जयराज पन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

-यसै पुस्तकबाट

उहाँ नेपाल राष्ट्रका अमूल्य विद्वत् रत्न हुनुहुन्छ । उहाँले धेरै किताप र लेख लेख्नु भएको छ र थुप्रै ठाउँमा धार्मिक प्रवचन दिनु भएको छ । नेपाल राष्ट्रलाई उहाँको अमूल्य देन छ ।

-डा. स्वामी प्रपन्नाचार्य, मृगस्थली, पशुपतिनाथ ।

प्रा. शिवगोपाल रिसालका कविताहरू सरस, सरल र मर्मस्पर्शी हुन्छन् । उहाँका सम्पूर्ण कविताहरूमा भक्ति, ज्ञान र वैराग्यको सुमधुर समन्वय देखिन्छ । कर्म र उपासनालाई चित्त शुद्धिको साधनका रूपमा स्वीकार गरे तापनि अन्त्यमा जीव र परमात्माको एकताको साक्षात्कार नभइकन मोक्ष सम्भव छैन भन्ने कुरामाथि उहाँ विशेष जोड दिनुहुन्छ । सम्पूर्ण उपनिषदहरूको सार पनि यही हो ।

-डा. स्वामी रामानन्द गिरि, देवघाट ।

प्रा. शिवगोपाल रिसाल नेपाली साहित्य जगत्का अक्लान्त साधक हुनुहुन्छ । पौरस्त्य दर्शनका पनि उहाँ उद्भट चिन्तक हुनुहुन्छ । लेखन शैलीमा सिद्धहस्त हुनु र व्याख्यानमा प्रकाण्ड वक्तृत्व हुनु उहाँका कौशल हुन् । सबै मिलाएर हेर्दा विशिष्ट दार्शनिक, साहित्यकार, चिन्तक, लेखक तथा व्याख्याता भएकाले उहाँ बहुप्रतिभाका धनी देखिनु हुन्छ ।

-स्वामी आत्मानन्द गिरि, महामण्डलेश्वर, देवघाट ।

प्रा. शिवगोपाल रिसाल व्यावहारिक पक्षमा मृदुभाषी, यथार्थभाषी, मितभोजी, सरल र धर्म, संस्कृति तथा संस्कृत वाङ्मयको संरक्षणमा समर्पित हुनुहुन्छ । त्यसै गरी पारमार्थिक पक्षमा उहाँ अध्यात्म विद्याका अध्येता, सिद्धहस्त लेखक, कुशल व्याख्याता र मोक्षमा दृढ निश्चय भएको कुरा मैले अनुभव गरेको छु । नेपाली र संस्कृत साहित्यका विद्वान् प्रा. रिसाल शैक्षिक र बौद्धिक क्षेत्रका अग्रणी प्रतिभा हुनुहुन्छ । खास गरी पौरस्त्य दर्शनमा उहाँका चिन्तनहरू मानव जीवनका लागि मार्ग निर्देशक बनेका छन् ।

-स्वामी ज्ञानानन्द सरस्वती, देवघाट ।

प्रा. शिवगोपाल रिसालमा अध्यात्म चिन्तनको गहिराइ, वेदको ज्ञान, तत्वको बोध, सरल सहृदयी व्यवहार, गृहस्थ जीवनप्रति इमान्दारिता, शिष्य प्रेम, वेदान्त दर्शनको सार बुझाउन सक्ने क्षमता र नम्रताको मात्रा निकै ज्यादा देखिन्छ ।

-डा. जगमान गुरुङ ।

उहाँ विद्वान्, अध्यात्म गुरु, प्रेरक व्यक्तित्व र सत्कार्यमा सर्मपित व्यक्ति हुनुहुन्छ । उहाँलाई म स्नेह, आदर र सम्मान गर्दछु । उहाँले चार दर्जनभन्दा बढी अध्यात्म दर्शनमा पुस्तक प्रकाशित गर्नु भएको छ । आफ्नो धर्म र संस्कृतिलाई उहाँले जीवन्त बनाउनुका साथै नित्य स्वाध्यायबाट धेरै जनाको कल्याण गर्नु भएको छ ।

-अंगुरबाबा जोशी, बागबजार, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. शिवगोपाल रिसाल

प्रा. डा. जयराज पन्त

प्रकाशक
स्वाध्याय परिवार
तफालोहँ, ललितपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको नाम : प्रा. शिवगोपाल रिसाल

लेखक : प्रा. डा. जयराज पन्त

प्रकाशक : स्वाध्याय परिवार, तफाल्हों, भैरवस्थान, जावलाखेल, ललितपुर

संस्करण : पहिलो

प्रकाशन वर्ष : वि.सं. २०७३ वैशाख (श्रीरामनवमी)

प्रकाशित प्रति : ५००

सर्वाधिकार : लेखकमा

टङ्कण र संयोजन : लेखक स्वयं

ले-आउट : श्री प्रेस

मूल्य : रू. १५०१/-

मुद्रक : श्री प्रेस, जावलाखेल, ललितपुर

फोनः ५५३२८२२, Email: shreepress@wlink.com.np

ISBN : 978-9937-0-0825-9

PROF. SHIVA GOPAL RISAL

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिसालमाथि पन्तको दृष्टि

चाइँचुई नै गर्न पाइएन । अरूहरूका किताबमा भूमिका इत्यादि लेख्नलाई ममाथि गुठीको प्रतिबन्ध छ- भनेर बताउनसम्म पनि भ्याइएन । एकदमसँग आदेश आयो, 'उर्दी' नै भनूँ, मैले 'कम्याण्डर' मानिराखेका आध्यात्मिक व्यक्तित्वका धनी प्राध्यापक शिवगोपाल रिसालजीको । आदरणीय शिवगोपालजीका विषयमा सुदूर पश्चिमका विद्वान् प्राध्यापक डा. जयराज पन्तले अत्यन्त ठूलो श्रम गरेर विशद शोधखोज अध्ययनपश्चात् एउटा बृहद् ग्रन्थ तयार पार्नुभएछ "प्राध्यापक शिवगोपाल रिसाल" भन्ने । अनि त्यसलाई ललितपुर, तफालोंको 'स्वाध्याय परिवार' ले प्रकाशित गर्ने भएछ । त्यस आदर्श कार्यमा मलाई समेत संलग्न गराउने निर्णय भएको रहेछ उहाँहरूको ।

एउटा किस्सा नै रचियो त्यस दिन । बिहानै फोन आयो मलाई रिसालजीको । आफ्नो दैनिक प्रवचन सकिनासाथ फोन उठाउनुभएको जस्तो लाग्यो, नत्र त्यतिखेर उहाँलाई कहाँ फेला पार्नु ? मैले "ओहो कम्याण्डर साहेब !" भन्न पनि नभ्याउँदै, कुनै भूमिका समेत नबाँधी उहाँले भन्नुभयो, "कमलमणिजी, मलाई तपाईंसँग भेट्नुपऱ्यो, म भेट्न आउँदैछु, कुन बेला आऊँ ?" मैले "म नै आउँछु नि, हजुरले किन दुःख गर्नुपऱ्यो" इत्यादि भन्दा उल्टै मलाई झपार्नुभयो । भन्नुभयो- "तपाईं किन आउने ? मेरो काम परेको छ, मैं आउँछु नि । बरु कुन बेला आऊँ ?" "जुन बेला पाल्नुभए पनि हुन्छ, म बसिरहन्छु" भनेर म पर्खिराखें । नभन्दै आधा घण्टा जतिपछि आइपुग्नु भयो उहाँहरू, उहाँ र 'स्वाध्याय परिवार' की सक्रिय तथा कर्मठ कार्यकर्ता शिबु रिमाल । भेट भएपछिको शिष्टाचार आदानप्रदानपछि कुनै भूमिका नबाँधी 'ए फोर' साइजका करिब आठ सय पृष्ठको एउटा पुलिन्दा मलाई थमाउँदै शिवगोपालजीले उही 'कम्याण्डरी' शैलीमा भन्नुभयो- "कमलमणिजी, यिनीहरूले निर्णय गरेछन् यो काम तपाईंले नै गर्नुपऱ्यो रे । तपाईंले यो किताबमा एउटा भूमिका लेखिदिनुपऱ्यो !" अब भो ? जति सजिलरी मेरा 'कम्याण्डर' साहेबले त्यो भन्नुभयो त्यति नै गाह्रो भयो मलाई चाहिं । कारण थियो त्यही माथि नै भनेको मेरो गुठीको 'इम्बार्गो' । तर मैले केही भन्नै पाइनँ अनि लुरुक्क परेर लिएँ त्यो पुलिन्दा र भनें- "हस्, म कोसिस गर्छु ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब भूमिका । तर यो मेरा अरू भूमिका जस्तो विस्तृत हुने छैन किनभने यो पुस्तक पनि अरू जस्तो छैन । यसमा धेरै कसैले क्यै भन्नुपर्दैन पनि । उही मुकुन्दशरण उपाध्यायले मदन पुरस्कारविजयी पुस्तक 'प्राकृत पोखरा' मा भनेजस्तै :

पोखरा छ स्वयं काव्य स्वयं अद्‌भुत चित्र छ ।
यसको लेख्नु पर्दैन काव्य वा चित्र वास्तव ।।

भनूँ भने, डा. जयराजजीको यो किताब त महाविद्यावारिधिको शोधप्रबन्ध वा 'थिसिस' जस्तो छ । 'जस्तो' किन भनूँ, यो त शोधकृति नै हो । तर कुनै पनि शोधार्थीले आफ्नो शोध्य ग्रन्थको यस्तो गहिरो किसिमले समालोचना या समीक्षा गर्दैन साधारणतः । कसलाई फुर्सद हुन्छ र त्यति गरिरहन ? टापटिपे पाराले अलिकता टिप्पणी गऱ्यो, हचुवा पाराले 'राम्रो' भनिदियो, अनि थोरै दोष देखाइदियो, बस् । राम्रो शोध या समालोचना भैहाल्यो । त्यस हिसाबले डा. जयराजजीको यो ग्रन्थ अपवाद हो भन्नुपर्छ । यसमा त रिसाल गुरुका पचास जति कृतिका नखशिख वर्णन छन्, टापटिपे होइनन् । प्राध्यापक शिवगोपाल रिसालका बारेको विश्वकोश हो यो ग्रन्थ, 'इन्साइक्लोपेडिया' । समजीका भवदेवले झैं भनूं- "यहाँ पाइन्छ जे पनि !" रिसालजीको पुर्ख्यौली, बाल्यकाल, शिक्षादीक्षा लगायत यावत् कुरा छन् यसमा, जे खोजे पनि पाइन्छ । त्यसपछि शिवगोपालजीबाट लेखिएका, व्याख्या गरिएका र सम्पादन भएका ग्रन्थहरूका वर्णन छन् । कुनै छुटेको छैन । अझ, प्रत्येक पुस्तकको शब्दशब्दका व्याख्या पढ्न पाइन्छ । जयराजजीले दुई विषयमा पी-एच.डी. गर्नुभएको छ, 'विद्यावारिधि' । मैले दिन हुने भए म यस ग्रन्थका लागि उहाँलाई 'महाविद्यावारिधि' प्रदान गर्ने थिएँ, 'डी.लिट्.' !

बढी प्रशंसा गर्नु छैन । अति प्रशंसा गुण होइन दोष मानिन्छ । त्यसैले अलम् गरूँ । तर यति भन्नै पर्छ होला, वीरेन्द्रकेशरी अर्यालले 'बेसरी' मा कतै भनेका थिए :

पद्‌को र अर्थको जस्मा जोड्‌कातोड्‌को छ ढब् असल् ।
त्यही हो शास्त्र भन्छन् ती जान्दछन् शास्त्रलाइ जो ।।

त्यो कुरा यहाँ मिले जस्तो लाग्यो मलाई । लेख्ने पनि तगडा र लेखिने व्यक्ति, ग्रन्थका 'चरित्रनायक' पनि तगडा भएपछि यस गठजोडबाट निस्कने वस्तु उत्कृष्ट नभई कसरी रहोस् ? त्यसको प्रमाणका लागि म डा. जयराज पन्तजीकै केही पंक्ति सापटी लिन्छु 'कृतिनायक' का बारेका । भन्नुहुन्छ उहाँ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे व्याख्यान शिरोमणि, सृजनका माली, तिमी साधक ।
हे विद्याब्धि, कला, चरित्र-धवला, हे लोक-उद्धारक ।।...
नारी जागृति अग्रणी, युगगुरु, हे मुक्त मेधावली ।...
भाषा संस्कृतिको कतै क्षति भयो औंला ठड्याईकन ।
को सक्ला प्रतिवाद तर्क दिइ त्यो न्यायार्थमा कुर्लन ??...

यस्तो यो 'जोड्कातोड्को ढब्' कहाँ पाउनु हामीले अन्यत्र ? त्यसैले भनेको हुँ मैले डाक्टर पन्तको प्राध्यापक रिसालमाथिको यो शोध अध्ययन 'बेजोड' को छ भनेर । अत्यन्त तीक्ष्ण छ यो दृष्टि- रिसालमाथि पन्तको ।

-कमल दीक्षित
श्री दरबार टोल, पाटनढोका
ललितपुर ।

चैत्र शुक्ल चतुर्थी
प्रा. शिवगोपाल रिसालको शुभजन्मतिथि
२०७२/१२/२९/२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तक बारे थप केही कुरा

प्रा. शिवगोपाल रिसाल नामक यस पुस्तकमा भन्नु पर्ने लगभग सबै कुरा प्रस्तुत गरी सकिएको छ । यो किताप लेखिनका र सम्बद्ध केही अन्य कुरा यस अंशमा राखेको छु । यो कृति प्रा. रिसालका त्रिशिष्य अर्थात् रवि पराजुली, सीताराम खत्री र केशव रेग्मीको संयुक्त अनुरोधमा यस रूपमा आदरणीय पाठक समक्ष ल्याउन सकिएको हो । २०६९ वैशाख महिनाको दोस्रो हप्तातिर मेरो घरमा रवि पराजुली र सीताराम खत्री आउनु भयो । त्यसभन्दा पहिले स्वाध्याय परिवार, तफाल्हौं, भैरवस्थान, जावलाखेल, ललितपुरमा हुने प्रा. रिसालका आध्यात्मिक प्रवचन कार्यक्रममा सम्मिलित हुंदा उहाँहरूसित मेरो परिचय भएको थियो । त्यसै समयमा मेरो **श्री भुवनेश्वरी** नामक पुस्तकको भूमिका प्रा. रिसालले लेख्नु भएको थियो । साथै बाह्य विशेषज्ञका रूपमा उहाँले मेरो विद्यावारिधि शोध प्रबन्धको परीक्षण पनि गर्नु भएको थियो । अझ यी सबै कुराभन्दा ज्यादा हाम्रो सान्निध्य त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पसमा बिसौं वर्ष एकसाथ एउटै विषय प्राध्यापन गर्दा कायम भएको हो । म उहाँलाई आदरणीय गुरु, अग्रज, अभिभावक, अनुभवी र मैले अध्ययन अध्यापन गर्ने नेपाली विषयका विविध पक्षका विशेषज्ञका रूपमा सम्मान गर्दछु । हामी बिचको परिचय मात्र नभएर निकटता पनि थाहा पाएर हो वा प्रा. रिसालको सहमति र सल्लाहमा हो उहाँहरूले मसित **प्रा. रिसालको समग्र व्यक्तित्व र कृतित्व प्रकाशित हुने गरी एउटा विशेष ग्रन्थ तयार पारी दिन** भन्नु भयो । पऱ्यो फसाद ! म अवाक् भएँ । कुमारसम्भव महाकाव्यमा कालिदासले न ययौ न तस्थौ अर्थात् हिमालयकी छोरी पार्वती साक्षात् भगवान् शंकरको दर्शन पाउंदा न त हिंड्न सक्ने न त बस्न सक्ने भइन् भन्ने कुरा उल्लेख गरे जस्तै भयो । म जस्तो ज्यादै व्यस्त रहने, क्याम्पसमा प्राध्यापनरत, घर गृहस्थीका जिम्मेवारीको बोझले थिचेको र उपयुक्त प्रतिभा एवं सामर्थ्यको कमी भएको व्यक्तिसित उहाँहरूले त्यस्तो कुरा गर्दा मलाई सारै अप्ठेरो पर्नु स्वाभाविकै थियो । मैले केही बेर विचार गरेर उहाँहरूलाई यो कुरा सुनाएँ :

मैले सहजै गर्न सक्ने सजिलो काम यो होइन, मेरो बेफुर्सदिलो अवस्थाका कारण तत्काल यो काम हुन सक्ने लक्षण पनि देखिंदैन, तपाईंहरूले सारै ठुलो जिम्मेवारी दिने कुरा गर्नु भयो । भौतिकताले गाँजेको आजको यस्तो समयमा यति ठुलो काम सामान्य स्थितिमा गर्न सकिँदैन । सही कुरा त के हो भने म यति ठुलो भार बोक्न सक्ने मान्छे नै होइन । खै के सोचेर तपाईंहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मसित यस्तो अनुरोध गर्नु भएको हो ? ठिकै छ तपाईंहरूले मबाट केही आशा गरेर मेरै घरमा आएर यो कुरा राख्नु भयो । यो काम गर्न मलाई कम्तीमा पाँच वर्षको समय दिनु होस् । म प्रयत्न गर्छु । पुरै भर चाहिँ नपर्नु होला ।

मेरा कुरा सुनेर रवि पराजुलीले मलाई यसरी प्रत्युत्तर दिनु भयो :

पाँच वर्ष मात्र होइन त्यसभन्दा ज्यादा समय चाहिने भए पनि समयको चिन्ता नगर्नु होस् । यो काम भई दिए गुरुप्रतिको हाम्रो श्रद्धाको एउटा चिनो देखाउने अभिलाषा पूर्ण हुने थियो । यस्तो काम कठिन हुन्छ र निकै ठुलो परिश्रमबाट मात्र गर्न सकिन्छ भन्ने कुरा हामीलाई थाहा छ । त्यसैले पनि हामीहरू तपाईं समक्ष आएका हौं । यो कुरा हामीले अन्य केही व्यक्तिसित पनि गरेका थियौं तर कतैबाट पनि सकारात्मक प्रतिक्रिया नआएकोले तपाईंसित भनिएको हो । लामो समय लागे पनि तपाईंले यस काममा स्वीकृति जनाएर हाम्रो हौसला बढाई दिनु भएको छ । त्यसका लागि धन्यवाद ज्ञापन गर्दछौं ।

आफ्नो अप्ठेरो खुलस्त रूपमा राख्न नसक्ने कमजोर बानी भएको मैले त्यसपछि फुर्सद पाउनासाथ प्रा. रिसालका पुस्तकहरूको अध्ययन गर्न थालें र आवश्यक बुंदा टिप्ने काम पनि गर्दै गएँ । आफ्ना सबैजसो लेखनमा वेदान्त दर्शनको प्रयोग गर्ने उहाँका बारेमा र उहाँका कृतिका बारेमा केही लेख्नुभन्दा पहिले वेदान्त दर्शनको गम्भीर अध्ययन गर्नु आवश्यक देखियो । त्यस्तो सामग्री पनि जम्मा पारी पढ्दै गएँ । वास्तवमा वेदान्त पढ्ने विषय नभएर गुरुबाट दीक्षा लिनु पर्ने विषय मानिन्छ । मैले त्यस बारे मोटामोटी कुरा थाहा पाउन केही पुस्तक पढी प्रा. रिसालका निबन्ध र काव्यका साथै फुटकर रचनाको अध्ययन एवं समीक्षा गर्दै गएँ ।

यस काममा हात हाल्दा मैले के सोचेको थिएँ भने जति नै गारो भए पनि प्रा. रिसालको व्यक्तित्व र कृतित्वका सम्पूर्ण पक्ष समावेश भएको कृति तयार पार्नु पर्दछ । काम गर्दै जाँदा प्रा. रिसालका कृतिहरू एकपछि अर्को गरी दुईतिन महिनामा एकेक वटा थपिँदै जाने क्रम अघि बढ्न थाल्यो । मलाई गारो हुन्छ त्यसो काम नगर्नु होस् भन्ने कुरा भएन । अर्कातिर वेदान्त दर्शनका गम्भीर कुराको व्याख्या आदिशंकराचार्य लगायतका महान् तपस्वी, साधक, विद्वान् र अध्यवसायीहरूलाई गारो परेको परिप्रेक्ष्यमा मलाई सजिलो हुने त प्रश्नै उठ्दैन । त्यसैले जस्तो सकिन्छ जति सकिन्छ त्यत्ति मात्र भए पनि गर्ने सोच मैले बनाएँ । सोही सोचको परिणाम यहाँहरूका हातमा परेको यो कृति हो । लेखन अवधिको सीमा अनुसार यसमा २०७२ सालसम्म प्रकाशित प्रा. रिसालका कृतिको अध्ययन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय व्यक्ति भौतिक संसारमा बढ्दै गएको द्रव्य चमत्कारका झिलिमिलीमा रमाएर साहित्य, संगीत, कला, दर्शन, अध्यात्म, अध्यवसाय जस्ता तत्काल केही दिन नसक्ने र सुविधाजनक प्रतिफल पनि नपाइने काममा समय, परिश्रम, क्षमता, उमेर, शक्ति, प्रतिभा खर्चनु भनेको बुद्धि पुऱ्याउन नसक्नु हो भन्ने टिप्पणी गर्दछन् । आजको बाह्य परिवेश हेर्दा त्यस्तो भनाइलाई सजिलैसित गलत भन्न त सकिँदैन तर त्यस्तो सोच राम्रो होइन त भन्नै पर्दछ । जीवन भनेको स्थायी आनन्द प्राप्त गर्नका लागि उपलब्ध भएको अवसर हो । यस्तो कुरा नबुझ्नु भनेको भित्री आँखामा पट्टी लगाइएको स्थितिमा रहनु हो । भित्री आँखा खोलेर जीवन हेर्दा त अनन्त र स्थायी आनन्द दिलाउने माध्यम साहित्य, संगीत, कला, दर्शन, अध्यात्म, अध्यवसाय जस्ता कुराको साधना नै हो । यस्तो कार्यलाई जीवनको उदात्त कर्म भनिन्छ । राजा भर्तृहरिले सारा भौतिक सुख भोग गरेपछि जस्तो अनुभव गरी जे कुरा लेखे त्यो मननीय छ । यहाँ त्यसलाई उद्धृत गर्नु मनासिब हुने छ :

गङ्गातीरे हिमगिरिशिलाबद्धपद्मासनस्य
ब्रह्मध्यानाभ्यसनविधिना योगनिद्रां गतस्य
किं तैर्भाव्यं मम सुदिवसैर्यत्र ते निर्विशङ्काः
कण्डूयन्ते जरठहरिणाः स्वाङ्गमङ्गे मदीयम् ॥

अर्थात् मेरो जीवनमा त्यो दिन कहिले आउला जुन दिन योग समाधिमा लीन मेरो शरीरलाई लेउ जमेको ढुङ्गा ठानेर जिउको चिलाएको भाग घोटी वनका मृगहरू ढुक्क भएर कन्याउलान् ?

यस सन्दर्भमा मननीय अर्को एउटा कथा पनि प्रचलित छ । त्यो कथा विश्व विजयी भनिने सम्राट् सिकन्दरको जीवनसित सम्बद्ध छ । 'भाग्यमानी सिकन्दर' भनेर चिनिने अलेक्ज्यान्डर महान्ले कलिलै उमेरमा दिग्विजय गरेर पनि जीवनमा सन्तोष र आनन्दको अनुभव गर्न सकेनन् । उनी सधैँभरि प्रसन्न रहने 'डायोजनिस' भन्ने एक जना फकिरसित डाह गर्दथे । ईश्वरलाई पुकारेर डायोजनिसको जस्तो आनन्दमय जीवनको कामना उनी गर्दथे । डायोजनिसप्रति अलेक्ज्यान्डरको कति ज्यादा श्रद्धा थियो भने उनी जहिले पनि तिनको सेवा गर्ने अवसरको प्रतीक्षामा रहन्थे । एक दिन माघ महिनाको चिसोबाट बच्न खोलाको किनारमा रहेको ठुलो ढुङ्गामा वस्त्रहीन अवस्थामा रहेर घाम तापी रहेका डायोजनिसका सामु घाम छेकिने गरी उपस्थित भएर सम्राट् अलेक्ज्यान्डरले बिन्ती गर्दै सेवाका लागि आफू तयार रहेको कुरा निवेदन गरे । डायोजनिसले भगवान् सूर्यबाट प्राप्त भई रहेको घाम नछेकी दिनु नै सेवा भएको कुरा बताए । फकिर डायोजनिसबाट 'भाग्यमानी सिकन्दर' कति ज्यादा प्रभावित थिए भने उनले मृत्युपछि आफ्नो लासबाट दुवै हात रित्ता देखिने गरी कात्रो वा कफन ओढाउने निर्देश दिएका थिए किनभने 'अलेक्ज्यान्डर महान् जस्तो व्यक्ति पनि रित्ता हात लिएर संसारबाट बिदा हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा सबैले थाहा पाऊन्' भन्ने पाठ सबैलाई सप्रमाण सिकाउन चाहन्थे । अर्को जन्म हुने भए अलेक्ज्यान्डर महान् होइन फकिर डायोजनिस हुने अभिलाषा रहेको कुरा पनि उनले बताएका थिए ।

यस प्रकारका किंवदन्तीको आशय नबुझेकै हुनाले आजको दुनियाँ छटपटीको भुमरीमा परी रहेको छ । त्यस्तो भुमरीबाट मुक्त हुने उपाय प्रा. रिसालले आफ्ना रचनाका माध्यमबाट सरल भाषामा बताउनु भएको छ । गम्भीर कुरालाई सबैले बुझ्ने गरी स्पष्ट गर्ने सिप भएका उहाँका सबै कृति उपयोगी छन् सुन्दर छन् । तिनमा अभिव्यक्त भावको अनुसरण गरेर व्यवहार चलाउँदा आनन्दै आनन्दको वर्षा हुन सक्तछ ।

अद्वैत वेदान्तका सशक्त प्रवक्ता प्रा. रिसाल व्यक्तिभन्दा पनि व्यक्तित्व र व्यक्तित्वभन्दा विचार तथा चिन्तनको संस्था बनी सकेको स्थितिमा पुग्नु भएको छ । अध्यात्म विषयमा यति ज्यादा पुस्तक लेख्ने र यति गहन चिन्तन गर्ने अर्को व्यक्ति नेपालमा देखिँदैन । अध्यात्म र विशेष गरी वेदान्त दर्शनलाई काव्यमा ढालेर कलम चलाउन सक्षम अर्को नेपाली प्रतिभा पाउन पनि गारो छ । उहाँका आध्यात्मिक विषयको लेखाइ प्रशंसा गर्न सकिने तर समीक्षा गर्न गारो पर्ने, ईर्ष्या गर्न सकिने अनुकरण गर्न गारो पर्ने खालको देखिन्छ । समय, अध्ययन, अनुसन्धान, विवेचना र संयोजनमा निकै गहिरिएर ध्यान पुऱ्याउनु पर्ने आवश्यकता यस्तो लेखाइमा पर्दछ । लामो साधना, अनुभव, अध्ययन, अनुसन्धान, सत्सङ्गत र ज्ञानमा प्रवीणता प्राप्त भएको व्यक्तिले पनि यस्तो काममा निकै परिश्रम गर्नु पर्ने हुन्छ । त्यसैले सामान्य पुस्तक लेखनभन्दा निकै माथिल्लो अर्थात् महाविद्यावारिधि तहको अनुसन्धानका लागि उपयुक्त हुने विषय यो हो ।

गद्यभन्दा पद्यमा बढी खुल्ने भएकाले प्रा. रिसालको मूलतः दार्शनिक र त्यसपछि कवि व्यक्तित्व प्रबल देखिन्छ । राष्ट्रियता, प्रकृतिप्रेम, आध्यात्मिक चिन्तन, सामाजिक चेतना, शैक्षिक जागृति, धर्म र संस्कृतिप्रतिको स्नेह, सामाजिक विसंगति र 'अन्धविश्वास'को विरोध, राजनीतिक सञ्चेतना जस्ता कुराको चर्चा उहाँका कृतिमा पाइने हुनाले उहाँलाई विविध विषयका प्रयोक्ता दार्शनिक साहित्यकार भन्न सकिन्छ । यस प्रकारका व्यक्तित्वगत विविधताको परिचय उहाँका कृतिले दिएका छन् ।

यस पुस्तकको पहिलो अध्यायमा **प्रा.शिवगोपाल रिसालको व्यक्तित्वको पृष्ठभूमि**, दोस्रो अध्यायमा **प्रा. शिवगोपाल रिसालको व्यक्तित्वका विविध पक्ष**, तेस्रो अध्यायमा **प्रा. शिवगोपाल रिसालका रचनाको विधागत सैद्धान्तिक पक्ष**, चौथो अध्यायमा **प्रा. शिवगोपाल रिसालका प्रकाशित पुस्तकहरू**, पाँचौं अध्यायमा **प्रा. शिवगोपाल रिसालका फुटकर रचना**, छैटौं अध्यायमा **प्रा. शिवगोपाल रिसालप्रति विविध व्यक्तिका धारणा**, सातौं अध्यायमा **प्रा. शिवगोपाल रिसालको जीवनानुभूति** र आठौं अध्यायमा **उपसंहार, निष्कर्ष, प्राप्ति र सन्देश** राखिएको छ । यसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी परिशिष्टमा **प्रा. रिसालको संक्षिप्त वंशावली, प्रा. रिसालसित सम्बद्ध विभिन्न चित्रहरू, प्रा. शिवगोपाल रिसाल बारे लेखिएको महत्त्वपूर्ण एउटा रचना, प्रा. शिवगोपाल रिसालसित सोधिएका प्रश्नहरूको सूची, सन्दर्भ जानकारी** तथा **सन्दर्भ सामग्रीको सूची** प्रस्तुत गरिएको छ। प्रा. रिसालसित सोधिएका प्रश्न र उहाँले दिएका उत्तर समेटेर बनाइएको **दृश्य चित्रको सिडी** पनि पुस्तकसित संलग्न गरिएको छ। पुस्तकहरूको समीक्षा गर्दा एउटै नामका परिमार्जित, परिवर्द्धित, पुनर्मुद्रित र पुनः प्रकाशित कृतिलाई भिन्न संख्या वा भिन्न विश्लेषणमा नराखी पुरानै संस्करणको कृतिको क्रममा राखिएको छ। त्यसैले प्रा. रिसालका प्रकाशित कृतिको संख्या र यस पुस्तकमा दिइएको कृतिको संख्या एवं अनुक्रममा भिन्नता देखिएको हो।

स्वाध्याय परिवार, तफाल्हों, भैरवस्थान, जावलाखेल, ललितपुरले प्रा. रिसालका साथै अध्यात्म क्षेत्रका स्वनामधन्य व्यक्तित्वका रचना विगत लामो समयदेखि लगातार प्रकाशित गर्दै आएको छ। आफ्नै शैलीको संगठनात्मक स्वरूपको यस संस्थाले प्रतिदिन निश्चित समय स्वाध्याय र सत्सङ्गको आयोजन गर्दछ। भगवान् नारायणले देवर्षि नारदलाई आफ्ना कमजोरी व्यक्त गर्दै **मद्भक्ताः यत्र गायन्ति तत्र तिष्ठामि नारदः** अर्थात् हे नारद, म वैकुण्ठमा होइन मेरो उपासना गर्ने मेरा भक्तका हृदयमा बस्दछु र त्यहीं बस्न रमाउँछु भने जस्तै आध्यात्मिक चिन्तक प्रा. रिसाल जस्ता व्यक्तिलाई यस संस्थाले यति ज्यादा मोहनी लगाउन सकेको छ। प्रस्तुत कृति पनि यस संस्थाद्वारा प्रकाशित भएबाट समेत यस पुस्तकको गुण वृद्धि भएको छ। प्रा. रिसालका रवि पराजुली, सीताराम खत्री र केशव रेग्मीका साथै असंख्य शिष्यहरूले यसलाई आफ्नो व्यक्तिगत घर जस्तै आत्मीय ठानेको मैले अनुभव गरेको छु। यस संस्थाको निरन्तर समृद्धिको कामना गर्दछु। यस संस्थाबाट प्रकाशित विभिन्न पुस्तक प्रकाशन गर्नका लागि गोप्य आर्थिक सहयोग गर्ने उदारमना व्यक्तिहरूको जति प्रशंसा गरे पनि कम हुन्छ। यो पुस्तक प्रकाशन गर्न त्यस्तै मनकारी विशाल हृदयका व्यक्तिको सहयोग स्वाध्याय परिवारले प्राप्त गरेको छ। सपरिवार उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु।

ज्ञानी, अनुभवी, पारखी, मर्मज्ञ र सिद्धहस्त साधकहरूका दृष्टिमा जस्तो लागे पनि यो पुस्तक तयार पार्दा निकै परिश्रम परेको कुरा मैले यहाँनेर भन्नु पर्दछ। यो काम नसिद्धिँदासम्म मलाई **बोलेको वचन कसरी पुरा गर्ने हो र यो काम कसरी पूर्ण गर्ने हो** भन्ने कुराको चिन्ताले सताई रहन्थ्यो। त्यस्तो चिन्ता अनुसार फुर्सद लिएर काम गर्दा कैयौं महिना राती नसुतेरै पुस्तकका आवश्यक अंश लेख्ने र टाइप गर्ने काम गरियो। सामान्य दैनिक क्रियाकलाप, जीवन व्यवहार तथा शिक्षण पेसाका जिम्मेवारीले गर्दा एकोहोरिएर यस कार्यका निम्ति पुरै समय जुराउन पनि गारो भयो। यी सबै व्यवधान पार गरेर यो काम पूर्ण गर्न सकिएकोमा हलुँगोपन र सन्तोषको अनुभूति भएको छ। मैले यस प्राप्तिलाई ईश्वरकै आशीर्वाद ठानेको छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हतारमा काम गर्दा यसमा अनेकौं गल्ती, कमजोरी र अप्राप्ति रहेका हुन सक्तछन् । त्यस्ता कमजोरी केही मात्रामा मेरो अज्ञान र असामर्थ्यका कारणबाट पनि देखिएका हुन सक्तछन् । मूल कुरा त के हो भने म वेदान्त विद्याको ज्ञाता होइन । यस विषयमा मेरो ज्ञान ज्यादै सीमित छ । त्यसो हुँदाहुँदै पनि मलाई के कुरा चाहिँ थाहा छ भने यो ज्ञान शास्त्रीय मात्र नभएर व्यावहारिक यथार्थ हो र दिनचर्यामा उतार्नु पर्ने प्रायोगिक सिद्धान्तमा आधृत चिन्तन हो । यसको साधना गर्ने व्यक्तिले जीवनमा दुःख भोग्नु पर्दैन । त्यस्ता साधकको जीवन उन्नत बन्दछ ।

पारखी र अनुभवी कतिपय व्यक्तिलाई यसमा भनिएका र नभनिएका कुराप्रति असन्तोष पनि हुन सक्तछ । त्यसो भए तापनि प्रा. रिसालका बारेमा यसले प्रकाशमा ल्याएका पक्षहरू मूल्यवान् नै ठहरिने छन् । यसमा देखिएका सुधार्नु पर्ने कुराका बारेमा रचनात्मक टिप्पणी र सुझावका लागि हार्दिक अनुरोध गर्दछु । दृढ निश्चय लिएर कुनै काम थालियो र निरन्तर गर्दै गयो भने कुनै न कुनै दिन त्यो काम पूर्ण हुन्छ । बिचैमा छोड्नु र निराश बन्नु चाहिँ हुँदैन । यसबाट मैले आफ्नो क्षमताको बोध गरेको छु । अझ यसले मेरो आत्मविश्वास बढाउने काम पनि गरेको छ ।

२०६७ पुस २६, २७ र २८ गते नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा काठमाडौंमा नेपाल र भारतका भाषा वैज्ञानिक, कोशकार, प्राध्यापक, सञ्चारकर्मी, शिक्षक एवं अन्य सरोकारवालाहरूको तिन दिने बृहत् सङ्गोष्ठीको आयोजना गरिएको थियो । त्यस सङ्गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रका अवधारणा, समूहगत छलफल तथा तीमाथिका टिप्पणी र सुझावहरूका आधारमा विगतका बहुमान्य प्रणालीको मूल्याङ्कन, सञ्चारमा भएको व्यापक प्रयोग, विकल्पको व्यवस्था एवं स्वीकार्यताको सम्भावनालाई समेत विचार गरी नेपाली भाषाको लेख्य मानक रूप र स्तर निर्धारण गर्ने निर्णय भएको थियो । प्रज्ञा प्रतिष्ठानमा भएको भाषा सम्बन्धी उपर्युक्त गोष्ठीको सदस्य भएकोले लेखकले सो गोष्ठीले गरेको निर्णय अनुसारको र कृतिका नायकको लेखाइ पुरानै शैलीको हिज्जेमा आधृत हुनाले यस कृतिको भाषिक प्रयोगमा भिन्न खालको अवस्था देखिएको हो । सन्दर्भ सामग्रीका लेखक र यस पुस्तकका लेखकले प्रयोग गरेको हिज्जेमा देखिएको भिन्नताको कारण पनि यही हो । यो कुरा बुझी दिन आदरणीय पाठकमा अनुरोध गर्दछु ।

प्रस्तुत पुस्तकमा सर्जक अर्थात् प्रा. रिसाललाई सामान्य आदरार्थी सर्वनामवाची शब्दको प्रयोगबाट सम्बोधन गरिएको छ । झट्ट हेर्दा अशिष्ट र अमर्यादित जस्तो लागे पनि भगवान् शंकर, आद्या भगवती जस्ता ईश्वरीय शक्ति मानिने श्रद्धेय तत्त्वलाई सामान्य आदरार्थी र लेखकलाई विशेष आदरार्थी शब्द प्रयोग गर्न गारो परेकोले यस्तो अवस्था आएको हो । कृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नायकको सम्मान आफ्ना ठाउँमा सुरक्षित नै रहेको छ । यसलाई अन्यथा नमानी दिन सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछु ।

आफ्नो व्यक्तित्व अनुसार उच्च स्तरको भूमिका लेखेर यस कृतिको गुण, गरिमा र महत्ता सिद्ध गर्नमा सघाउने नेपाली वाङ्मयका अथक साधक आदरणीय कमल दीक्षित, विशेष मद्दत गर्ने मीनाकुमारी रिसाल (गायत्री) मेडम, स्वाध्याय, सत्सङ्ग र लक्ष्मीनारायण मन्दिर परिवारका समस्त सदस्य, रवि पराजुली, सीताराम खत्री, केशव रेग्मी, भिडियोग्राफर भाइ राजन पराजुली, प्रा. रिसालका परिवार जन, शिष्य र हितैषी महानुभावहरू, प्रा. रिसालका बारेमा आफूलाई लागेका कुरा भन्ने वा लेख्ने व्यक्तिहरू, आफूसित भएका सम्बद्ध विषयका सामग्री उपलब्ध गराउने प्रा.डा. हेमचन्द्र नेपाल, ज्ञाननिष्ठ ज्ञवाली समेतका विभिन्न महानुभाव, प्रकाशित गरी दिने स्वाध्याय परिवार, पुस्तक छाप्ने श्री प्रेस परिवार, यावत् दृष्टिले सहयोग गर्ने महानुभावहरू, यस कार्यमा संलग्न हुन अभिप्रेरणा दिँदै आवश्यक सुविधा जुटाई दिने मेरी जीवन सँगिनी सहप्राध्यापक गुड्डी पन्त, सुपुत्रद्वय डा. इ. शशाङ्क एवं सरोज तथा बुहारी द्वय सबिना र मञ्जुलाई सम्झँदै सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

– जयराज पन्त

चैत्र शुक्ल चतुर्थी
प्रा. शिवगोपाल रिसालको शुभजन्म तिथि ।
२०७२/१२/२९/२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमर आत्मा

प्रा.डा. जयराज पन्त अमर भए

आफू अमर थिए । अमर भएरै आफ्नो प्रस्तुत कृति 'प्रा. शिवगोपाल रिसाल' र त्यसभित्रका विवेच्य व्यक्तिलाई समेत अमर गराए– प्रा.डा. जयराज पन्तले ।

लेखक/कवि/साहित्यकार सरस्वतीका वरद पुत्र र अक्षरका उपासक भएकाले सदा अमर हुन्छन्– अक्षरका रूपमा । हामी अक्षर पढ्छौं, अक्षर नै पढाउँछौं, अक्षर बोल्छौं अनि अक्षर नै लेख्छौं । त्यसैकारण हामी मर्दैनौं, अमर हुन्छौं– अक्षरकै रूपमा, अक्षरकै स्वरूपमा ।

पंक्तिकारका अत्यन्त प्रिय, श्रद्धेय मित्र प्रस्तुत ग्रन्थका समादरणीय लेखक प्रा.डा. जयराज पन्तलाई कृतज्ञताका केही शब्द देखाउन पाइएन । उनी घर जाने, घरबाट फर्केपछि सबैथोक गर्ने सल्लाह भएको थियो तीन/चार दिन अगाडि २०७२।१२।२४-२५ गते तिर । त्यतिबेलासम्म पुस्तक प्रकाशित गरिसक्ने र भव्य समारोहका बीच लोकार्पण गर्ने योजना बनाएका थियौं । घर गएका उनी, उनकी धर्मपत्नी र अन्य आफन्त २०७२।१२।३० गते डोटीमा अचानक घटेको मोटर दुर्घटनाका कारण उताबाट फर्केनन्, कहिल्यै फर्केनन् । जहाँबाट आएका थिए, उहीं गएछन्, मुक्त भएछन्– आफ्नै जन्मभूमिमा पुगेर ।

पुरा तिन वर्ष लगाएर लेखिएको प्रस्तुत विशालकाव्य अनुसन्धानमूलक ग्रन्थ लेख्नु सानो कुरो थिएन । ठूलो त्याग, तपस्या, अध्यवसाय र साधनाको फल हो यो । उनी भन्दथे– यस्तै नै अनुसन्धानमूलक, आधुनिक प्रविधि प्रयुक्त यस्तै पुस्तक नेपाली भाषामा प्रकाशित भएकै छैन । यो उनको अन्तिम र अमरकृति बन्यो । श्रीपरमात्मा ईश्वरको लीला यस्तै हुनु रहेछ, यस्तै भयो । उनी फेरि नजन्मने गरेर मुक्त भए- सारा काम सकेर गए । यति काम सक्नका लागि पछिल्ला तिन वर्ष जीवन साँचेका र धराधाममा बाँचेका रहेछन्– काम सकेरै गए । धन्य रहेछन्– प्रा.डा. जयराज पन्त । पंक्तिकारलाई अविस्मरणीय गुन लगाएर गए, ऋणी बनाएर गए । उनको सेवा, साधना, सामर्थ्य आदिका प्रति व्यक्त गर्ने कृतज्ञताका शब्द नै छैनन् ।

सरस्वतीका अथक उपासक, दर्जनौं साहित्यिक, साँस्कृतिक, धार्मिक ग्रन्थका प्रणेता नेपाली संस्कृतिका प्रबल संवाहक, सुदूर पश्चिमका प्रिय, प्रसिद्ध प्राज्ञिक तारा, नेपाली भाषा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यका प्राध्यापक डाक्टर जयराज पन्तले पंक्तिकारलाई आद्योपान्त खुब पढे, बुझे, चिने, चिनाए । अब भविष्यमा आउने पुस्ताले भाषा-साहित्य र दर्शनका विविध पक्षका अनुसन्धानमा, प्रा.डा. जयराज पन्तलाई आधार मान्नेछन् । उनको यस्तो उल्लेखनीय योगदानलाई प्राज्ञिक जगत्ले सम्झिरहने छ ।

पुस्तक प्रकाशनार्थ अर्थ सहयोगी गोप्य दानदाता उदारमना, नित्य स्वाध्यायी, विशुद्ध अन्तःकरण भएका आदर्श दम्पतीप्रति आन्तरिक आशीर्वाद र कृतज्ञता ज्ञापन गर्दछु ।

पुस्तक प्रकाशक स्वाध्याय परिवारलाई आन्तरिक साधुवाद !

मुद्रक श्री प्रेस परिवार– विशेषतः शङ्कर पौडेल र कमला थापालाई धन्यवाद !

अन्त्यमा अत्यन्त गहन भूमिकाका लागि आदरणीय, अनुकरणीय महामना अग्रज वरिष्ठ साहित्यंकार, प्रसिद्ध अनुसन्धाता, सुविख्यात निबन्धकार, नेपाली भाषाका मर्मज्ञ प्रेमी अध्यात्मपरायण सज्जन मदनपुरस्कार गुठीका अध्यक्ष श्रीकमलमणि दीक्षितज्यूमा असीमित कृतज्ञता ! आत्मादेखि नै साधुवाद !

धन्यवाद !

विनीत

वि.सं. २०७३ वैशाख ३ गते शुक्रबार
(रामनवमी)

प्रा. शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

गुरुत्व बोकेका गुरु, आचारका संवाहक आचार्य तथा प्राध्यापन धर्मका
धुरन्धर ती प्राध्यापकहरुलाई जसले मेरो मन मस्तिष्कमा
गुरुत्व, आचार शक्ति र प्राध्यापन कार्यप्रति समर्पित
हुने अभिप्रेरणा प्रदान गरे तिनलाई सम्मान,
आस्था, भक्ति, कृतज्ञताका साथ
श्रद्धाका परागले ओतप्रोत
शब्दपुष्प गाँसेर बनाइएको
यो माला समर्पण
गर्दछु ।

– **जयराज पन्त**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्क्षेपीकृत शब्दहरुको सूची

अनु	अनुवादक
एम्. ए.	मास्टर्स अफ आर्ट्स
कि.मि.	किलो मिटर
गा.वि.स	गाउँ विकास समिति
गै.स.स.	गैर सरकारी संस्था
जि.वि.स.	जिल्ला विकास समिति
डा.	डाक्टर
तृ.सं.	तृतीय संस्करण
त्रि.वि.	त्रिभुवन विश्व विद्यालय
दो.सं.	दोस्रो सस्करण
नं.	नम्बर
न.पा.	नगर पालिका
ने.ए.अ. सं.	नेपाल र एसियाली अध्ययन संस्थान
ने.रा.प्र.प्र.	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
पं.	पण्डित
प.सं.	पहिलो संस्करण
पा.वि.के.	पाठ्यक्रम विकास केन्द्र
पिएच.डी.	डाक्टर अफ फिलोसोफी, विद्यावारिधि
पृष्ठ	पृष्ठ सङ्ख्या
प्रा.	प्राध्यापक
प्रा.डा.	प्राध्यापक डाक्टर
प्रा.लि.	प्राइभेट लिमिटेड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब.	बहुमखी
बी.	बहादुर
म.सं.वि.	महेन्द्र संस्कृत विश्व विद्यालय
मा.वि.	माध्यमिक विद्यालय
यु.एन.ओ.	युनाइटेड नेसन्स अर्गनाइजेसन (संयुक्त राष्ट्र संघ)
रा.वि.से.	राष्ट्रिय विकास सेवा
रू.	रुपियाँ
वि.सं.	विक्रमीय सम्वत्
सन्	इस्वी सन्
सा.प्र.	साझा प्रकाशन
सङ्क.	सङ्कलक
सम्पा.	सम्पादक/सम्पादन
सु.प.	सुदूर पश्चिमाञ्चल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

पहिलो अध्याय

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वको पृष्ठभूमि

१.१	जन्म र जन्म स्थान	३
१.२	व्यक्तित्व निर्माण	६
	१.२.१ अनुवंश	६
	१.२.२ पारिवारिक परिवेश	६
	१.२.३ शिक्षादीक्षा	७
	१.२.४ वातावरण	८
	१.२.५ प्रतिभा	९
	१.२.६ जिज्ञासा	९
	१.२.७ सान्निध्य र संगत	९
	१.२.८ प्रेरणा	१०
	१.२.९ अभिरुचि, लगन र साधना	११
	१.२.१० व्यवसाय तथा सेवा	१२
	१.२.११ सहभागिता	१३
१.३	कृतित्व	१४
	१.३.१ विदेश भ्रमण	१५
	१.३.२ समाज सेवा	१६
	१.३.३ मानवीय मूल्य र मान्यताको संरक्षण	१७
	१.३.४ धर्मोपदेश	१७
	१.३.५ रचना र प्रकाशन	१८
	१.३.५.१ पुस्तक	१८
	१.३.५.२ पत्रपत्रिका	२१
	१.३.५.३सम्पादन	२२
	१.३.५.४ अनुवाद	२३
	१.३.५.५ लेख	२३
	१.३.५.६ भूमिका	२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.५.७ कविता २३
१.३.५.८ पुस्तक परिचय २३
१.३.५.९ शुभकामना २४
१.३.५.१० सम्पादकीय २४
१.३.५.११ प्रकाशकीय २४
१.३.५.१२ अनुवादकीय २४
१.३.५.१३ अन्तरवार्ता २४
१.३.५.१४ व्याख्यान २४
१.३.५.१५ समीक्षा २४
१.३.५.१६ अन्य रचनात्मक कार्य २५
१.४ पुरस्कार तथा मान पदवी २५
१.५ प्रा. रिसाल तथा यिनका योगदान बारे गरिएका अध्ययन अनुसन्धान २७
१.६ प्रा. रिसालको समष्टि व्यक्तित्व २८
१.७ अध्यायगत निष्कर्ष ३०

दोस्रो अध्याय

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वका विविध पक्ष

२.१ पृष्ठभूमि ३३
२.१.१ वेद, उपनिषद् र पुराण अनुवंशको इतिहासका स्रोत ३५
२.१.२ गोत्रको परिचय ३६
२.१.२.१ गोत्र प्रवर्तक ऋषि र महर्षि ३६
२.१.२.२ ऋषि र महर्षिको अर्थ ३६
२.१.२.३ गोत्रका भेद ३७
२.१.२.४ गोत्रको व्यापक सञ्जाल ३७
२.१.२.५ प्रवरको परिचय ३८
२.१.२.६ गणको परिचय ३९
२.१.२.७ पक्षको परिचय ३९
२.१.२.८ गर्ग गोत्रका पुर्खा ऋषि ३९
२.१.२.९ गर्ग गोत्रीय सन्ततिलाई कुलीन मान्ने परम्परा ७०
२.१.२.१० गर्ग गोत्रीय नेपाली थर ७१
२.१.३ गर्ग गोत्रीय परिवारका आराध्य देवता ७१
२.१.३.१ दुर्गाको उपासना ७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.३.२ मस्टाको उपासना ७६
२.१.३.३ मन्ना (मन्हा) को उपासना ८१
२.१.३.४ स्थावरको उपासना ८१
२.१.३.५ वरुणको उपासना ८१
२.१.३.६ ऐड (ऐडी) को उपासना ८१
२.१.३.७ महाकालको उपासना ८२
२.१.३.८ महारुद्रको उपासना ८२
२.१.३.९ गैडूको उपासना ८२
२.१.४ गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेद ८३
२.१.४.१ गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेदका शाखा ८८
२.१.४.२ गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वैदिक छन्द ८८
२.१.४.३ गर्ग गोत्रीय कुलले पढ्नु पर्ने उपवेद ८८
२.१.४.४ गर्ग गोत्रीय कुलले पढ्नु पर्ने सूत्र ग्रन्थ ८९
२.१.४.५ गर्ग गोत्रीय कुलका अवलम्बनीय उपनिषद् ९२
२.१.५ गर्ग गोत्रीय कुल परम्परा ९३
२.१.५.१ गर्ग गोत्रीय कुलको शिखा परम्परा ९३
२.१.५.२ यज्ञोपवीत, गायत्री मन्त्र तथा दोरक ९४
२.१.५.३ गोत्रका दिशा अर्थात् द्वार ९६
२.१.५.४ गोत्रका पाद अर्थात् पाउ ९७
२.१.६ गर्ग गोत्रीय परिवारका रैथान ९७
२.१.६.१ गर्ग गोत्रका आस्पद अर्थात् प्रसिद्धि प्राप्त स्थान ९७
२.१.६.२ नेपालमा गर्ग गोत्रका सन्ततिका रैथान ९८
२.१.७ गर्ग गोत्रको ऐतिहासिक पृष्ठभूमि ९८
२.२ प्रा. शिवगोपाल रिसालका विविध व्यक्तित्व ९९
२.२.१ पारिवारिक व्यक्तित्व ९९
२.२.१.१ कुलाचार १००
२.२.१.२ संस्कार १०२
२.२.१.३ प्रा. रिसालको पारिवारिक शृङ्खला १०३
२.२.१.४ प्रा. रिसालको पारिवारिक व्यक्तित्व १०६
२.२.२ नागरिक व्यक्तित्व १०६
२.२.३ राजनीतिक व्यक्तित्व १०६
२.२.४ आचार्य व्यक्तित्व १०७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.४.१ शिक्षक व्यक्तित्व ११३
२.२.४.२ प्राध्यापक व्यक्तित्व ११३
२.२.५ आध्यात्मिक व्यक्तित्व ११३
२.२.५.१ चिन्तक व्यक्तित्व ११४
२.२.५.२ दार्शनिक व्यक्तित्व ११४
२.२.५.३ त्यागी व्यक्तित्व ११४
२.२.५.४ तपस्वी व्यक्तित्व ११४
२.२.६ धार्मिक व्यक्तित्व ११४
२.२.६.१ धार्मिक परम्पराप्रति आस्थावान् व्यक्तित्व ११५
२.२.६.२ पण्डित व्यक्तित्व ११५
२.२.६.३ पुरोहित व्यक्तित्व ११६
२.२.७ सांस्कृतिक व्यक्तित्व ११६
२.२.८ सामाजिक व्यक्तित्व ११८
२.२.९ प्रशासक व्यक्तित्व ११८
२.२.१० सिर्जनशील व्यक्तित्व ११९
२.२.१०.१ लेखक व्यक्तित्व ११९
२.२.१०.२ साहित्यिक व्यक्तित्व ११९
२.२.१०.३ समीक्षक व्यक्तित्व ११९
२.२.१०.४ सम्पादक व्यक्तित्व ११९
२.२.११ पर्यटक व्यक्तित्व १२०
२.२.१२ अध्येता व्यक्तित्व १२०
२.२.१३ शिष्य व्यक्तित्व १२०
२.२.१४ व्याख्याता र विश्लेषक व्यक्तित्व १२०
२.२.१५ उपदेशक व्यक्तित्व १२१
२.२.१६ सांगठनिक व्यक्तित्व १२१
२.३ अध्यायगत निष्कर्ष १२१

तेस्रो अध्याय

प्रा. शिवगोपाल रिसालका रचनाको विधागत सैद्धान्तिक पक्ष

३.१ पद्य साहित्यका रचना १२५
३.१.१ लघु आकारका रचना १२६
३.१.१.१ कविताको सिद्धान्त १२६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१.१.२ गीतको सिद्धान्त १३८
३.१.१.३ भजनको सिद्धान्त १४०
३.१.१.४ कीर्तनको सिद्धान्त १४२
३.१.१.५ आरतीको सिद्धान्त १४३
३.१.२ मध्यम आकारका रचना १४४
३.१.२.१ खण्डकाव्यको सिद्धान्त १४४
३.१.३ बृहत् आकारका रचना १४५
३.१.३.१ महाकाव्यको सिद्धान्त १४५
३.२ गद्य साहित्यका रचना १४८
३.२.१ निबन्ध १४९
३.२.१.१ निबन्धको सिद्धान्त १४९
३.२.१.२ प्रबन्धको सिद्धान्त १५३
३.२.१.३ पत्र साहित्यको सिद्धान्त १५४
३.२.१.४ गोष्ठी पत्रको सिद्धान्त १५५
३.२.१.५ लेख रचनाको सिद्धान्त १५६
३.२.१.६ यात्रा साहित्यको सिद्धान्त १५७
३.२.१.७ नियात्राको सिद्धान्त १६०
३.२.१.८ संस्मरणको सिद्धान्त १६२
३.२.१.९ जीवनीको सिद्धान्त १६३
३.२.१.१० आलोचनाको सिद्धान्त १६६
३.२.१.११ प्रवचनको सिद्धान्त १७५
३.२.२ कथाको सिद्धान्त १७६
३.२.३ सम्पादनको सिद्धान्त १७८
३.२.४ वंशावलीको सिद्धान्त १८१
३.३ अध्यायगत निष्कर्ष १८६

चौथो अध्याय

प्रा. शिवगोपाल रिसालका प्रकाशित पुस्तकहरू

४.१ प्रा. रिसालको लेखकीय पृष्ठभूमि १८९
४.२ प्रा. रिसालका प्रकाशित पुस्तक १८९
४.२.१ इस्ट एन्ड वेस्ट टुवार्ड्स म्युचुयल अन्डरस्ट्यान्डिङ १८९
४.२.२ नेपाली भाषा र व्याकरण १९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.३ नेपाली भाषाको पाठ्यक्रम १९४
४.२.४ महेन्द्रमाला भाग-५ १९५
४.२.५ महेन्द्रमाला भाग-८ १९५
४.२.६ म को हुँ ? १९५
४.२.७ दुर्गापूजा र बलिको रहस्य २११
४.२.८ श्रीराम-नाम २२०
४.२.९ श्रीविष्णुसहस्रनामस्तोत्रम् २३०
४.२.१० चर्पटपञ्जरिकास्तोत्रम् २४१
४.२.११ श्रीखप्तडबाबा २४७
४.२.१२ अभेद-दर्शन २५९
४.२.१३ ब्रह्मजिज्ञासा २७१
४.२.१४ सुख कहाँ छ ? २८४
४.२.१५ पद्मकन्या महाकाव्य २९६
४.२.१६ श्रीपशुपतिनाथको सेरोफेरो ३०९
४.२.१७ श्रीमस्तराम बाबा ३२०
४.२.१८ रिसाल वंशावली ३२५
४.२.१९ वैदिक संस्कृति ३२८
४.२.२० शिव-गायत्री स्तोत्रावली ३३८
४.२.२१ अखण्ड आनन्द ३४८
४.२.२२ ईश्वरको अनुग्रह ३५७
४.२.२३ दशश्लोकी र मृत्यु-माहात्म्य ३६७
४.२.२४ प्रेमदेखि परमात्मासम्म ३७२
४.२.२५ सन्तमहिमा ३८१
४.२.२६ श्रीशिवसहस्रनामस्तोत्रम् ३९१
४.२.२७ नीतिका कुरा ४०१
४.२.२८ आमा ४०८
४.२.२९ संसार कस्तो छ ? ४१७
४.२.३० ज्ञानको चमत्कार ४२९
४.२.३१ मृत्युविज्ञान ४४२
४.२.३२ सत्य-दर्शन ४५२
४.२.३३ अमृतका थोपा ४६५
४.२.३४ नाङ्गो दर्शन ४६७
४.२.३५ मान्छेभित्रका मान्छेहरू ४७६
४.२.३६ अष्टावक्रगीता ४८८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.३७ वेदान्त वाटिका ५००
४.२.३८ नमस्ते ५११
४.२.३९ ईशावास्योपनिषद् ५१२
४.२.४० श्रीरामगीता ५१४
४.२.४१ ज्ञानदेखि विज्ञानसम्म ५१६
४.२.४२ गजेन्द्रमोक्ष ५१९
४.२.४३ प्रकाशोन्मुख केही कृति ५२१
४.३ अध्यायगत निष्कर्ष **५२१**

पाँचौं अध्याय

प्रा. शिवगोपाल रिसालका फुटकर रचना

५.१ प्रा. शिवगोपाल रिसालको सिर्जनशीलता **५२५**
५.२ प्रा. शिवगोपाल रिसालका फुटकर रचना **५२५**
५.२.१ प्रा. शिवगोपाल रिसालका लेख ५२६
५.२.२ प्रा. शिवगोपाल रिसालका कविता ५३६
५.२.३ प्रा. शिवगोपाल रिसालका भूमिका ५३९
५.२.४ प्रा. शिवगोपाल रिसालका सम्पादकीय ५४४
५.२.५ प्रा. शिवगोपाल रिसालका प्रकाशकीय ५४४
५.२.६ प्रा. शिवगोपाल रिसालका अनुवादकीय ५४५
५.२.७ प्रा. शिवगोपाल रिसालका पुस्तक परिचय ५४५
५.२.८ प्रा. शिवगोपाल रिसालका शुभकामना ५४५
५.२.९ प्रा. शिवगोपाल रिसालका अन्तर्वार्ता ५४६
५.२.१० प्रा. शिवगोपाल रिसालका व्याख्यान ५४६
५.३ अध्यायगत निष्कर्ष **५४६**

छैठौं अध्याय

प्रा. शिवगोपाल रिसालप्रति विविध व्यक्तिका धारणा

६.१ प्रा. शिवगोपाल रिसालको व्यक्तित्व **५४९**
६.२ प्रा. शिवगोपाल रिसाल बारे विभिन्न व्यक्तिले प्रकट गरेका विचार **५४९**
६.२.१ अध्यात्म क्षेत्रका साधकका भनाइ ५५०
६.२.२ इन्जिनियरहरूका भनाइ ५६७
६.२.३ ऋषि, तपस्वी, योगी, सन्न्यासीहरूका भनाइ ५६९
६.२.४ गायन क्षेत्रका व्यक्तिका भनाइ ५७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.२.५ चिकित्सकहरूका भनाइ ५७३
६.२.६ ज्योतिषीहरूका भनाइ ५७४
६.२.७ धर्म गुरुका भनाइ ५७५
६.२.८ पत्रकारिता क्षेत्रका व्यक्तिका भनाइ ५७६
६.२.९ पुस्तकालय विज्ञान क्षेत्रका व्यक्तिहरूका भनाइ ५७६
६.२.१० प्रकाशकका भनाइ ५७७
६.२.११ प्रशासकहरूका भनाइ ५७७
६.२.१२ प्राध्यापकहरूका भनाइ ५७८
६.२.१३ भिडियोग्राफरका भनाइ ५९०
६.२.१४ मनोवैज्ञानिकका भनाइ ५९०
६.२.१५ वित्त व्यवस्थापन क्षेत्रका व्यक्तिका भनाइ ५९१
६.२.१६ समाज सेवीहरूका भनाइ ५९२
६.२.१७ साहित्यका अध्यवसायी तथा साहित्यकारहरूका भनाइ ५९४
६.२.१८ सैनिक सेवाका व्यक्तिका भनाइ ५९४
६.२.१९ हवाइ सेवा क्षेत्रका व्यक्तिका भनाइ ५९५
६.३ अध्यायगत निष्कर्ष ५९७

सातौँ अध्याय

प्रा. शिवगोपाल रिसालको जीवनानुभूति

७.१ प्रा. रिसालको जीवनानुभूतिको आधार ६०१
७.२ प्रा. रिसालको जीवनानुभूति ६०१
७.२.१ प्रा. रिसालको साधना ६०१
७.२.२ प्रा. रिसालको जीवन व्यवहार ६०२
७.२.३ प्रा. रिसालको चिन्तन ६०२
७.२.३.१ वेदान्त दर्शनको निर्माण ६०३
७.२.३.२ वेदान्तको शाब्दिक संरचना र अर्थ ६०४
७.२.३.३ वेदान्तका विविध नाम ६०४
७.२.३.४ वेदान्त दर्शनका प्रमुख सूत्र ६०४
७.२.३.५ वेदान्त दर्शनको प्रयोजन ६०५
७.२.३.६ वेदान्त दर्शनको प्रकृति ६०५
७.२.३.७ वेदान्तको इतिहास ६०६
७.२.३.८ वेदान्त दर्शनका व्याख्याता तथा तिनका भाष्यबाट उत्पन्न भेद ६०८
७.२.३.९ वेदान्त दर्शनका शाखा ६१३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.२.३.१० वेदान्त दर्शनको निष्कर्ष ६१४
७.२.४ प्रा. रिसालको जीवनानुभूति ६१५
७.२.४.१ प्रकृति सम्बन्धी अनुभूति ६१६
७.२.४.२ आध्यात्मिक अनुभूति ६१७
७.२.४.३ धार्मिक अनुभूति ६१८
७.२.४.४ सांस्कृतिक अनुभूति ६२१
७.२.४.५ ऐतिहासिक अनुभूति ६२२
७.२.४.६ सामाजिक अनुभूति ६२२
७.२.४.७ वैचारिक अनुभूति ६२४
७.२.४.८ प्राज्ञिक अनुभूति ६३०
७.२.४.९ शैक्षिक अनुभूति ६३३
७.२.४.१० भाषिक अनुभूति ६३४
७.२.४.११ साहित्यिक अनुभूति ६३६
७.२.४.१२ आर्थिक अनुभूति ६३७
७.२.५ प्रा. रिसालको सन्देश ६३८
७.३ अध्यायगत निष्कर्ष ६३८

आठौं अध्याय

उपसंहार, निष्कर्ष, प्राप्ति र सन्देश

८.१ उपसंहार ६५३
८.२ निष्कर्ष ६५३
८.२.१ पहिलो अध्यायको निष्कर्ष ६५३
८.२.२ दोस्रो अध्यायको निष्कर्ष ६५४
८.२.३ तेस्रो अध्यायको निष्कर्ष ६५४
८.२.४ चौथो अध्यायको निष्कर्ष ६५५
८.२.५ पाँचौं अध्यायको निष्कर्ष ६५६
८.२.६ छैटौं अध्यायको निष्कर्ष ६५६
८.२.७ सातौं अध्यायको निष्कर्ष ६५७
८.३ प्रा. शिवगोपाल रिसाल बारे गरिएको अध्ययनको प्राप्ति ६५९
८.३.१ सामान्य प्राप्ति ६५९
८.३.२ विशिष्ट प्राप्ति ६५९
८.४ सन्देश ६६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

१. प्रा. शिवगोपाल रिसालसित सम्बद्ध केही सामग्री तथा चित्रहरू

१.१	प्रा. शिवगोपाल रिसालको वंशावली	६९१
१.२	प्रा. शिवगोपाल रिसालको चित्र	६९२
१.३	प्रा. शिवगोपाल रिसालको निवासको चित्र	६९३
१.४	प्रा. शिवगोपाल रिसालको दम्पतीको चित्र	६९४
१.५	प्रा. शिवगोपाल रिसालका पारिवारिक चित्र	६९५
१.६	प्रा. शिवगोपाल रिसालका उल्लेख्य कार्यका चित्र	७०१
१.७	प्रा. शिवगोपाल रिसालले प्राप्त गरेका पदक, अलङ्कार, सम्मान, अभिनन्दन, प्रमाण पत्रका प्रतिलिपिको चित्र ।	७०६
१.८	प्रा. शिवगोपाल रिसालका ऐतिहासिक महत्त्वका केही चित्रहरू	७१९

२. प्रा. शिवगोपाल रिसालबारे लेखिएको महत्त्वपूर्ण रचना ७२३

३. प्रा. शिवगोपाल रिसालसित सोधिएका प्रश्नहरूको सूची ७२४

४. सन्दर्भ जानकारी ७५१

५. सन्दर्भ सामग्री ७५६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृति नायकप्रति

हे व्याख्यान शिरोमणि, सृजनका माली, तिमी साधक ।
हे विद्याब्धि, कला, चरित्र-धवला, हे लोक-उद्धारक ।।
त्यो आभा मुखचन्द्रको चमकिलो वाणीमहाँ भारती ।
तिम्रा ती यशवित्त काव्यधनको गर्छन् सबै आरती ।।१।।

नारीजागृति अग्रणी, युगगुरु, हे मुक्त मेधावली ।
नौ डाँडा र समुद्र नाघ्नुसरि थ्यो आधार त्यो शुद्ध ली ।।
यात्रा गर्नु थियो सुदूर दुनियाँ हिंड्दै गर्‍यौ मार्गमा ।
बाटा कण्टकपूर्ण ती कति कति बाधा जहाँका तहाँ ।।२।।

भाषा संस्कृतिको कतै क्षति भयो औंला ठड्याईकन ।
को सक्ला प्रतिवाद तर्क दिइ त्यो न्यायार्थमा कुर्लन ??
हारेनौ कहिल्यै थकान पनि लौ आएन जस्तो गरी ।
लागी मात्र रह्यौ सुकर्महरुमा सद्धर्ममा बेसरी ।।३।।

त्यो चोला उपलब्ध भो मनुजको योगी बन्यौ कर्ममा ।
यै बेला हुनु पर्छ चिन्तन भन्यौ त्रैयोगका मर्ममा ।।
बारम्बार त फर्कदैन नि घडी जो यो मिल्यो औसर ।
त्यस्को हामी गरौं प्रयोग अहिले फल्ने छ भै बौछर ।।४।।

यस्ता उक्ति र युक्ति कर्मबलले ती छात्रमा भक्तमा ।
ल्यायौ क्रान्ति सशक्त साधकहरूका रक्तमा रक्तमा ।।
तिम्रा भाव यता, उता छ दुनियाँ त्यो अर्थमा स्वार्थमा ।
एक्ला छन् नि त ती बृहस्पति गुरु लाग्छन् नि तत्त्वार्थमा ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक्लो हुन्न नि बीज उर्वर धरा मिल्दा जसै आँकुरा ।
लाग्छन् पात र डाँठ हुन्छ बलियो फुट्छन् त्यहाँ पाखुरा ।।
तिम्रो बीज विचार शक्ति छ जहाँ संसारको पार त्यो ।
त्यै हो श्रेय र प्रेय मानव पुंजी वेदान्तको सार त्यो ।।६।।

के पाइन्छ त्यहाँ म देख्दिनँ कुनै भन्नेहरूले भनुन् ।
मान्छेको जुनि बन्छ सार्थक जहाँ बन्नेहरू ता बनुन् ।।
बोल्छन् पातलका चरा चिरिबिरी मान्छे त कोलाहल ।
त्यस्मा फस्नु हुँदैन चिन्तन गरौं स्वाध्यायका निर्मल ।।७।।

आँखाको मनको शरीरतकको फुर्ती रहोस् जोसिलो ।
लामो आयु मिलोस् चरित्र बलियो संज्ञानको पोसिलो ।।
भन्दैछौ नि नछाड भन्न कहिल्यै **नेपालको होस् जय** ।
स्रष्टा मार्ग सुपुत्र, सिंह, कविमा देखिन्न कैल्यै भय ।।८।।

श्रद्धा शब्द लिई सदा सुकृतिमा मै गर्छु पुष्पाञ्जली ।
जस्तो भो भइ गो तयार कृति यो हो भावको अञ्जली ।।
धेरैका मनको पुकार सुनियो हाम्रो छ है वन्दन ।
मेरो साथ त्यहीं शताधिक ध्वनि हे गर्गका नन्दन ।।९।।

– जयराज पन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो अध्याय

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वको पृष्ठभूमि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो अध्याय

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वको पृष्ठभूमि

कुनै पनि व्यक्तिका विषयमा जानकारी लिँदा जन्म, जन्म स्थान, पारिवारिक परिवेश, व्यक्तित्व र कृतित्वका विविध पक्षमा थाहा पाउनु आवश्यक हुन्छ । यस अध्यायमा प्रा. शिवगोपाल रिसालको व्यक्तित्व र कृतित्वका आधारभूत कारण बनेका विविध पक्षमाथि प्रकाश पार्नका लागि यिनको परिचय प्रस्तुत गरिएको छ । त्यसका लागि यहाँ क्रमशः **जन्म र जन्म स्थान, व्यक्तित्व निर्माण, कृतित्व, पुरस्कार तथा मानपदवी, प्रा. रिसाल तथा यिनका योगदान बारे गरिएका अध्ययन अनुसन्धान, प्रा. रिसालको समष्टि व्यक्तित्व** जस्ता शीर्षक सहित **अध्यायगत निष्कर्ष** दिइएको छ ।

१.१ जन्म र जन्म स्थान

शिवगोपाल रिसालको जन्म १९९४ वैशाख २ गते बुधबार चैत्र शुक्ल चतुर्थी तिथि तदनुसार सन् १९३७ अप्रेल १४ ताखिमा ललितपुरको सैंबू भैंसेपाटीमा भएको हो । विज्ञहरू प्रत्येक प्राणीको जीवनमा ग्रह नक्षत्रको प्रभाव पर्दछ भन्दछन् । पूर्णिमाकै दिन समुद्रमा ज्वारभाटा आउने र चन्द्र ग्रहण लाग्ने, औंसीकै दिन सूर्य ग्रहण लाग्ने र मृत्युमा कुनै नकुनै हिसाबले शनिको प्रभाव परेको पाइने जस्ता घटना उदाहरणका लागि प्रस्तुत गर्दछन् । यस प्रकारका कुरामा विश्वास गर्न अन्कनाउने व्यक्तिहरू पनि प्रशस्त पाइन्छन् । यसै गरी यो विषय वैज्ञानिक प्रमाणमा आधृत भएकोले यसलाई अस्वीकार गर्न गारो पर्दछ भन्ने तर्क कतिपय व्यक्ति दिन्छन् । यसलाई जसले जुन रूपमा लिए पनि परम्परागत मूल्य, मान्यता, विश्वास, चिन्तन जस्ता विविध कारणले कुनै पनि व्यक्तिको परिचय दिंदा जन्म कुण्डलीलाई पनि महत्त्व दिने चलन नेपाली समाजमा रहँदै आएकोले यहाँ पनि त्यसको अनुसरण गरिएको छ । प्रा. रिसालको कुण्डलीको अध्ययन गरी पण्डित ज्योतिषी जनक अर्यालले लिखित रूपमा दिएका शास्त्रीय तर्क सहितका व्याख्याको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

विक्रमीय सम्वत् १९९४ साल वैशाख २ गते तदनुसार सन् १९३७ अप्रेल १४ तारिख बुध वार, राती नौ बजेर सत्र मिनेटको समय, चैत्र शुक्ल चतुर्थी, रोहिणी नक्षत्रको तृतीय चरण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौभाग्य योग, विष्टि करण, स्पष्ट लग्न राश्यादि ०७/०६/३७/५० अनुराधा २ मा ललितपुर, भैंसेपाटीमा शिवगोपाल रिसालको शुभ जन्म भएको कुरा यस कुण्डलीले बताएको छ । ज्यौतिष शास्त्रका अनुसार जन्मका समयको ग्रह दशाबाट नै व्यक्तिका शील, स्वभाव, गुण, दोष, आचार, विचार, सङ्गत, मान, मर्यादा, सुख, शान्ति, धन, सम्पत्ति, बल, विद्या, ऐश्वर्य, शक्ति, सामर्थ्य, दुःख, कष्ट, आयु, आरोग्य, कर्म, भाग्य जस्ता कुरा निर्दिष्ट र प्रभावित हुन्छन् । त्यसो भए तापनि कतिपय ज्योतिषीहरू जन्म कुण्डली हेर्दा यथार्थ अवस्था नबताई प्रायः राम्रा राम्रा कुरा मात्र भन्ने गर्दछन् । समीक्ष्य कुण्डलीमा उल्लिखित लग्नमा निम्न लिखित कुरा देखिन्छन् :

लग्न कुण्डली



नवांश कुण्डली



जन्म कालिक अयन फल, पक्ष फल, चतुर्थी तिथि फल, वार फल र मास फल विचार गर्दा जातकको जन्म समय ज्यादै श्रेष्ठ रहेको देखिन्छ । यस कुण्डलीमा लग्नेशको सम्बन्ध जुन भावेशसित रहेको छ त्यस भावबाट निर्दिष्ट मार्गमा जातकको प्रवृत्ति रहेको पाइन्छ । यस जन्म कुण्डलीमा मङ्गलले लग्नेश भई आफ्नै राशिमा लग्नमा रहेर महापुरुष योगको रचना गर्दै उच्च राशिस्थ धर्मेश चन्द्रसित सम्बन्ध राखेको छ । यस्तो अवस्थामा जातक धर्म मार्गमा प्रवृत्त हुने देखिन्छ ।

चन्द्र र मङ्गलद्वारा केन्द्र त्रिकोण श्रेष्ठ राज योग हुँदा धर्मको माथिल्लो स्थिति मानिने विद्यामा विशेष अभिरुचि जातकको हुने योग परेको छ । यसै गरी चन्द्र केतुको योग पनि मोक्ष मार्गका लागि प्रेरक हुन्छ किनभने चन्द्र धर्मेश हो र मनको कारक पनि हो । जैमिनीय ज्यौतिषले केतुलाई मोक्षको कारक मानेको छ । मोक्ष विद्या वा मोक्ष मार्ग भनेको वेदान्त विद्या नै हो । जातकमा वेदान्तप्रतिको सामान्य मात्र नभएर गम्भीर अभिरुचि यस प्रकारका योगबाट उत्पन्न हुन्छ ।

मनोद्योतक अङ्क चतुर्थ चतुर्थेश र चन्द्रमाथि शनिको प्रभाव भई लग्नेश र भाग्येशको योगादि सम्बन्ध रहेमा जातक प्रबल आध्यात्मिक, त्यागी, वैरागी र महात्मा वा महायोगी हुने कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रमा बताइएको छ । यस कुण्डलीमा यो योग पूर्ण रूपमा विद्यमान छ । ज्योतिष शास्त्रले शनिलाई वैराग्य र त्यागको कारक मानेको छ । यस कुण्डलीमा शनि चतुर्थेश भएको छ । त्यसले पञ्चममा रहेर भाग्येश चन्द्रमाथि आफ्नो तृतीय पूर्ण दृष्टि पारेको छ र लग्नेश मङ्गल र भाग्येश चन्द्रको समसप्तक सम्बन्ध बनेको छ ।

कारकांश लग्नदेखि नवममा गुरुको दृष्टि हुँदा **समे शुभदृग्योगाद् धर्मनित्य सत्यवादी गुरुभक्तश्चः** भन्ने जैमिनीय मतानुसार धर्ममा दृढता हुने एवं आत्मकारक सूर्य परमोच्च र मनकारक चन्द्र उच्च राशिमा हुनु नवम भाव तथा चन्द्रमा गुरुको दृष्टि एवं आत्मकारक बुधमा केन्द्रीय प्रभाव आदि ज्योतिषीय योगहरूले जातकलाई अध्यात्म मार्गमा प्रवृत्त गराउँछन् ।

यस कुण्डलीमा लग्नेश मङ्गल, राज्येश सूर्य र भाग्येश चन्द्रको उत्तम अवस्थिति देखिन्छ । यस्तो भएमा जातकले राज्यबाट उच्च स्तरको मान पदवी प्राप्त गर्दछ । यसबाट ठुलो पदमा रहेर देशको सेवा गर्ने अवसर पाइने, लामो समयसम्म आमाबाबुको माया पाइने र पारिवारिक सुख पाइने हुन्छ । यस्तो जातक आमाबाबु, गुरु तथा मान्य जनको भक्त पनि हुन्छ ।

शनि गुरुको स्थान परिवर्तक र पञ्चममा हुँदा शनि र गुरुका बिच भङ्ग सम्बन्धको अवस्था आउँछ । यस्तो स्थितिमा जातक उच्च स्तरको विद्वान्, विख्यात आस्तिक, दृढ बुद्धि र सन्तान सुख प्राप्त गर्ने भाग्यशाली व्यक्ति बन्दछ । **स्थानवृद्धिकर शनिः** भन्ने उक्ति यस्तै अवस्थाका लागि व्यक्त गर्ने गरिन्छ । भौतिक धन सम्पदामा पनि यस्तो जातक परिपूर्ण हुन्छ ।

लाभेश, राज्येश र अष्टमेशका योगले जातकलाई स्वदेश तथा विदेशको भ्रमण र धन लाभ गराउने स्थिति देखिन्छ । कारकांश लग्न चतुर्थमा चन्द्रमामा शुक्रको दृष्टि रहेकोले **चन्द्रशुक्रदृग्योगाभ्यां प्रासादः** भन्ने सूत्रानुसार सुविधा सम्पन्न निवासको प्राप्ति हुने पनि योग परेको छ ।

विंशोत्तरी ग्रह दशामा आद्य दशा (जन्म समयमा) भाग्येश चन्द्र हुनु पनि धार्मिक जीवन प्राप्त हुनु हो । यस कुण्डलीमा विंशोत्तरी ग्रह दशामा मङ्गल, चन्द्रमा, सूर्य, बृहस्पति ग्रहहरू शुभ देखिएका छन् भने शनि सामान्य फलदाता र बुध तथा शुक्र कष्टकारक ग्रहका रूपमा रहेका छन् ।

लग्नमा मङ्गल तथा नवांश कुण्डली पाप मध्यत्वमा रहेमा पति वा पत्नीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दछ । आत्मकारक सूर्य, मनोकारक चन्द्रमा र बल, पराक्रम तथा निजत्व कारक मङ्गल शुभ स्थिति एवं गुरुको बिच भङ्ग राज योग हुँदा अदम्य साहस, प्रकाण्ड विद्वता, धारा प्रवाह प्रवचन सामर्थ्य, अध्यात्म निष्ठा र सुदृढ आत्म विश्वास प्राप्त हुन्छ । **मनुष्याणां सहस्रेषु कश्चित्यतति सिद्धये** भने झैं ज्यादै उत्तम योग परेका बहुतै कम मात्रामा पाइने कुण्डलीहरूमा यो कुण्डली पनि पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.२ व्यक्तित्व निर्माण

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा अनुवंश, पारिवारिक परिवेश, शिक्षादीक्षा, वातावरण, प्रतिभा, जिज्ञासा, सान्निध्य र संगत, प्रेरणा, अभिरुचि, लगन र साधना, व्यवसाय र सहभागिता जस्ता पक्षले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस अंशमा प्रा. शिवगोपाल रिसाललाई शिक्षा सेवी, राष्ट्र प्रेमी सच्चा नागरिक, सिद्धहस्त साहित्यकार र वेदान्त दर्शनका व्याख्याताका रूपमा स्थापित गर्ने आधार बनेका कुराको चर्चा **अनुवंश, पारिवारिक परिवेश, शिक्षादीक्षा, वातावरण, प्रतिभा, जिज्ञासा, सान्निध्य र संगत, प्रेरणा, अभिरुचि, लगन र साधना, व्यवसाय तथा सेवा र सहभागिता** उपशीर्षकमा रहेर क्रमबद्ध हिसाबले गरिएको छ ।

१.२.१ अनुवंश

आमा जनककुमारी र बाबु पण्डित विश्वनाथ रिसालका द्वितीय सन्ततिका रूपमा शिवगोपाल रिसालको जन्म भएको हो । यिनका बाबुबाजे पुस्तैनी रूपमा पौरस्त्य शास्त्रको अध्ययन गर्ने, सामाजिक जिम्मेवारी वहन गर्ने र जन सेवा गर्ने काममा संलग्न हुने, पुराण वाचन गर्ने, यज्ञ अनुष्ठान गर्ने गराउने परिवारका सदस्य हुन् । त्यस्तो परिवारमा खानदानी चलनको बिँडो समाल्ने सन्तानको अपेक्षा हुनु र तदनुरूपको योग्यता दिलाउने प्रयास गरिनु स्वाभाविक कुरा हो ।

१.२.२ पारिवारिक परिवेश

जनककुमारी र पण्डित विश्वनाथ रिसालबाट शिवगोपालभन्दा पहिले विष्णुगोपाल रिसालको जन्म भएको हो । शिवगोपालपछि सुभद्रा (ढकाल), जाह्नवी (भट्टराई), अम्बिका (रिजाल), बाल्य कालमै बितेका एक छोरा एक छोरी र जन्मेको केही महिनामै बितेका तिन जना तिम्ल्याहा छोरीको जन्म भएको हो । प्रा. रिसालले समाज सेवाका साथै सत्कार्यका माध्यमबाट यश कमाउने भावना भएको पारिवारिक बिरासत प्राप्त गरेका हुन् । यस प्रकारको परिवेशले व्यक्तिलाई जिम्मेवार, अनुशासित, मर्यादित, संयमित, शालीन र सुसंस्कृत बनाउन मद्दत गर्दछ । यिनमा देखिएका सद्गुणको स्रोत पारिवारिक परिवेश नै रहेको देखिन्छ ।

२०२० सालमा २६ वर्षका शिवगोपाल रिसालको शुभविवाह मीनाकुमारी (गायत्री) पौडेलसित भएको हो । श्रीमती मीनाकुमारी (गायत्री) रिसाल त्रिभुवन विश्वविद्यालयको नेपाली विषयको सहप्राध्यापक पदबाट सेवा निवृत्त भएकी छन् । रत्नराज्य क्याम्पसमा उनले प्राध्यापन गरेकी हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसाल र मीनाकुमारी (गायत्री) रिसालबाट अनादिगोपाल र अनन्तगोपाल रिसाल गरी दुई भाइ छोराको जन्म भएको हो । अनादिगोपालले अमेरिकाबाट कम्प्युटर इन्जिनियरिङमा एम.एस. र अनन्तगोपालले भारतको मैसुर विश्वविद्यालयबाट कम्प्युटर साइन्स एन्ड इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण गरेका छन् । दुवै जना हाल अमेरिकामा बसोबास गरी त्यहीं आआफ्ना विषयसित सम्बद्ध क्षेत्रमा सेवा गर्दछन् ।

१.२.३ शिक्षादीक्षा

आजभन्दा सत्तरी वर्ष पहिले नेपालका सम्पन्न ब्राह्मण र क्षत्रिय परिवारमा गुरुकुल पद्धतिको शिक्षा दिने चलन थियो । त्यसमा पनि घरमै शिक्षक राखेर संस्कृत शिक्षा दिनका लागि *लघुकौमुदी, अमरकोश, दुर्गासप्तशती, रुद्राष्टाध्यायी* जस्ता पुस्तक पढाउने गरिन्थ्यो । त्यसै क्रममा दैनिक व्यवहार र अड्डा अदालतका क्षेत्रमा प्रयोगमा आउने सामान्य हिसाब किताप, चिठी तमसुक, बही खाता, लेनदेनका पञ्जिका तयार पार्ने किसिमका सिप सिकाउने काम पनि शिक्षालयमा गरिन्थ्यो । उच्च शिक्षा वा औपचारिक शिक्षाका विविध उपाधिको व्यवस्था त्यस बखत लगभग नभएकै अवस्था थियो ।

देशको राजधानी नजिकका बासिन्दा भएकाले शिवगोपाल रिसालको शिक्षा केही नवीन पद्धति अनुसार भएको देखिन्छ । सात वर्षको उमेरसम्म घरमै रहेर बाबु पण्डित विश्वनाथ रिसालसित बाराखरी, *बालबोध* सहित संस्कृत र सामान्य अङ्ग्रेजीको ज्ञान यिनले प्राप्त गरेका हुन् । आठ वर्षको उमेरदेखि औपचारिक शिक्षा हासिल गर्ने क्रममा एक वर्ष पाटन मङ्गल बजारको प्राथमिक संस्कृत पाठशाला, तिन वर्ष पाटन नाग बहालको त्रिपद्म विद्याश्रममा कक्षा ६, ७ र ८ पढेपछि कक्षा ९ र १० पाटन हाइस्कुलमा पढी २०१० सालमा एस.एल.सी. (प्रवेशिका) परीक्षा उत्तीर्ण गरेर यिनले त्रिचन्द्र कलेज (पटना विश्वविद्यालय) बाट इच्छाधीन विषय भूगोल र नेपाली लिई आई.ए. र बी.ए. परीक्षा उत्तीर्ण गरेका हुन् । २०१८ सालमा त्रिभुवन विश्वविद्यालयबाट पहिलो विद्यार्थीका रूपमा नेपाली विषयमा प्रथम श्रेणीमा प्रथम भई यिनले एम.ए. परीक्षा उत्तीर्ण गरेका हुन् ।

बाबु पण्डित विश्वनाथ रिसालबाट गुरुदीक्षा लिएका यिनले नेपाली विषयका शिक्षक रत्नध्वज जोशी, रामराज पन्त, ताराप्रसाद जोशी, अङ्ग्रेजी विषयका शिक्षक यदुनाथ खनाल, लक्ष्मीप्रसाद देवकोटा, सूर्यबहादुर शाक्य, मनोविज्ञान विषयका शिक्षक गोदत्तमान श्रेष्ठ र भूगोल विषयका शिक्षक जगत्बहादुर सिंह बुढाथोकी, मङ्गलराज जोशी, उपेन्द्रमान मल्ल र शरणहरि श्रेष्ठसित तत्तत् विषय पढ्ने अवसर पाएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवगोपाल रिसालले तात्कालिक त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थानबाट नेपाली विषयमा "नेपाली गद्यको उद्‌भव र विकास" शीर्षकमा विद्यावारिधि उपाधिका निमित्त दर्ता गराई अनुसन्धान कार्य पनि लगभग अन्तिम चरणमा पुऱ्याई सकेका थिए। त्यसै बिच प्राध्यापक पदमा यिनको पदोन्नति भयो। त्यस बखत नेपाली विषयको विद्यावारिधिका निमित्त गरिने शोध निर्देशकको व्यवस्था तथा अन्य विविध प्रकारका प्राविधिक जटिलताले गर्दा यिनको त्यो काम पूर्ण हुन सकेन। विद्यावारिधि उपाधिका निम्ति तयार पारिएको यिनको त्यो कृति हालसम्म प्रकाशित हुन सकेको छैन।

१.२.४ वातावरण

प्रा. रिसालको घरेलु वातावरण धर्म र संस्कृतिको अनुसरणमा सतर्क रहने खालको थियो। यिनका बाबुबाजे पण्डित, धार्मिक निष्ठामा रहने र यिनका बज्यै तथा आमा नित्य पूजाआजा गर्ने धार्मिक प्रवृत्तिका थिए। त्यस बखत यिनका बाबुको सामाजिक ख्याति स्थानीय तहमा निकै ज्यादा थियो। आफ्नो समयमा पढे लेखेको हुनु, चर्चित पण्डितका रूपमा सामाजिक मान पाउनु र वेदान्त दर्शनको चिन्तनमननमा संलग्न रहनु यिनका बाबुबाजेको पहिचान बनेको थियो। यस प्रकारका कुलीन परिवारको सदस्य हुनुको लाभ यिनलाई मिलेको थियो। बाबुको प्रत्यक्ष निगरानीमा रहेकाले आवश्यक नियन्त्रण, अनुशासन, संयमका साथै पारिवारिक र सामाजिक बन्धनमा यिनले बस्नु पर्ने अवस्था थियो।

नेपाल र भारतको तात्कालिक राजनीतिक सामाजिक परिस्थिति, महात्मा गान्धीको नेतृत्वमा चली रहेको अङ्ग्रेजहरूका शासन विरुद्धको र स्वतन्त्रता प्राप्तिको आन्दोलन, नेपालमा राजनीति गरे बापत जुद्धशमशेरले चार जना सपुतलाई दिएको मृत्यु दण्ड र राणा शासनका विरुद्ध भित्रभित्रै चली रहेको जन आक्रोश तथा राजनीतिक गतिविधि जस्ता कुराको बोध, युवासुलभ जोस तथा जाँगर, भावनात्मक संवेदनशीलता, सचेत नागरिकका हैसियतले पालन गर्नु पर्ने कर्तव्यको ज्ञान, परम्परागत सांस्कृतिक सामाजिक रूढि र अन्धविश्वासको अन्त्य गरी स्वस्थ र स्वच्छ समाज निर्माण गर्ने चाहना लगायतका धेरै कारणबाट यिनलाई यिनको भित्री मनले कल्पनाशील बनाई रहेको थियो। त्यसै बखत भएको विश्व युद्ध, दुनियाँमा बढ्दै गई रहेको स्वतन्त्रता, मानव अधिकार, समता, प्रजातन्त्रप्रतिको आकर्षण जस्ता कुराको प्रभाव पनि यिनीभित्र परेको देखिन्छ। यिनले देखे भोगेको समाजको अवस्था कहाली लाग्दो स्थितिमा रहेको थियो। यिनी यस्तै वातावरणमा हुर्केका व्यक्ति हुन्।

यिनले उपभोग गरेको परिवेशले यिनलाई स्वभावतः कोमल हृदयका, स्वतन्त्रता चाहने, प्राज्ञिक उन्नयनका लागि तर्कपूर्ण बहस गर्ने र चुप लागेर बस्न नसक्ने स्वभावका व्यक्ति बनाई रहेको थियो। साहस, धैर्य, संयम र विवेकको बल प्रयोग गरेर यिनी अघि बढे। यिनी व्यावहारिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा अध्ययनशील व्यक्ति बने । परिस्थितिले यिनलाई परिपक्व, संयमित, धैर्यशाली, विवेकी र ज्ञानी बनाई दियो । त्यसको परिणामबाट यिनको आजको व्यक्तित्व निर्माण भएको हो । धर्म, दर्शन र आध्यात्मिक ज्ञानको धन यिनले यस्तै परिवेशमा आर्जन गर्न थालेका हुन् ।

१.२.५ प्रतिभा

व्यक्तित्व निर्माणमा प्रतिभाले निकै ठुलो भूमिका खेल्दछ । प्रतिभालाई **गडगिफ्ट** अर्थात् भगवान्‌ले दिएको सर्वोत्तम उपहार पनि भनिन्छ । प्रतिभाको कमी भयो भने अनुभव र अभ्यासका निकै ज्यादा काम गरे पनि अपेक्षित फल प्राप्त हुन गारो पर्दछ । प्रतिभा प्रबल भई दियो भने तालुमा आलु फल्ने उखान सार्थक बन्दछ । जन्मका लग्नावस्थाको अध्ययन गरी ज्योतिषीहरूले यिनलाई विद्‌वान् बन्ने भविष्य वाणी गरेका थिए । नभन्दै ईश्वरको अमूल्य उपहाररूपी मेधाको प्रयोग औपचारिक शिक्षाका उपाधिहरूका लागि गर्ने अवसर यिनले पाए । साथै धार्मिक, सांस्कृतिक, साहित्यिक, सामाजिक र दार्शनिक चिन्तनमूलक काम गर्ने वातावरण पनि यिनलाई प्राप्त भयो । त्यस्तो अवसरबाट यिनीभित्रको प्रतिभाले मुखरित हुने वातावरण बन्यो । यिनको प्रतिभा बिस्तारै धेरैतिर लहरिन लाग्यो । उपयुक्त वातावरणको प्राप्ति भए पनि यिनका समष्टि व्यक्तित्वको मूलभूत आधार नै प्रतिभा रहेको देखिन्छ ।

१.२.६ जिज्ञासा

जिज्ञासा नै ज्ञान र जानकारी दिलाउने प्रमुख आधार हो । कुनै पनि विषयमा जिज्ञासा भएपछि मात्र खोजी तलासी तथा सोधपुछ गरिन्छ र सम्बद्ध कुराको परिचय प्राप्त हुन्छ । *नजाने गाउँको बाटै नसोध्नू* भने झैं चासो नभएका कुरामा ध्यान दिइँदैन र थाहा पनि हुँदैन । प्रा. रिसालमा सानैदेखि व्यक्ति, समाज, जीवन, जगत्, धर्म, संस्कृति, साहित्य, दर्शन, अर्थ व्यवस्था जस्ता कुरामा रुचि राख्ने बानी थियो । त्यसैले यिनी जान्ने बुझ्ने ठानिएका व्यक्ति, धर्मगुरु, संस्कृतिविद्, समाज सेवी, साहित्यकार, शिक्षक, प्राध्यापक, चिन्तक र दार्शनिकहरूसित उपर्युक्त विषयमा जिज्ञासा राखी आवश्यक जानकारी लिने गर्दथे । बाल्य कालदेखि नै यिनको जिज्ञासु स्वभाव थियो । धर्म, संस्कृति, साहित्य, दर्शन, अध्यात्म, शिक्षा, नीति जस्ता ज्ञानमूलक, चिन्तनमूलक र सिर्जनामूलक क्षेत्र नै यिनका जिज्ञासाको प्रमुख क्षेत्र थियो । जिज्ञासु भएका कारणले पनि यिनका व्यक्तित्वले उँचाइ लिएको देखिन्छ ।

१.२.७ सान्निध्य र संगत

सङ्गत, साथी सँगाती, सम्पर्क, निकटता, नातेदारीका नजिकका व्यक्तिको प्रभावबाट पनि व्यक्तित्व निर्माणमा असर पर्दछ । त्यसरी हेर्दा प्रा. रिसाललाई आजको व्यक्तित्वका धनी बनाउने काम यिनले भोगेको समय र दुनियाँले गरेको देखिन्छ । यिनी आफ्नो बेलाका प्रबुद्ध मानिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिका ज्यादै निकटमा रहे । त्यसै गरी यिनले दुनियाँलाई पनि ज्यादै निकटबाट बुझे । कुनै पनि व्यक्ति तब मात्र तिखारिन्छ जब ऊ जीवन व्यवहारका चक्रव्यूहमा हन्डरमाथि हन्डर र ठक्करमाथि ठक्कर खान्छ । तुलनात्मक रूपमा हेर्दा यिनले आर्थिक कठिनाइको जीवन भोग्नु परेन तापनि शैक्षिक उच्चता प्राप्त गर्न भने यिनले निकै संघर्ष गर्नु परेको देखिन्छ ।

नेपाली विषयका शिक्षक रत्नध्वज जोशी, रामराज पन्त, ताराप्रसाद जोशी, अङ्ग्रेजी विषयका शिक्षक यदुनाथ खनाल, लक्ष्मीप्रसाद देवकोटा, सूर्यबहादुर शाक्य, मनोविज्ञान विषयका शिक्षक गोदत्तमान श्रेष्ठ, भूगोल विषयका शिक्षक जगत्बहादुर सिंह बुढाथोकी, मङ्गलराज जोशी, उपेन्द्रमान मल्ल, शरणहरि श्रेष्ठसित तत्तत् विषय पढ्दा प्राप्त भएको सान्निध्यबाट यिनले शैक्षिक क्षेत्रको महत्त्व बोध गर्ने अवसर प्राप्त गरे । त्यसै गरी डा. क्षितीशचन्द्र चक्रवर्ती, बदरीनाथ भट्टराई, मस्तराम बाबा, खप्तड स्वामी, आफ्नै पिताजी तथा ससुरा समेतका विभिन्न व्यक्तिको संगतले यिनलाई वेदान्ती बनाउने काम गरेको देखिन्छ । यस कुराको उल्लेख यिनले आफ्ना कृतिहरूमा पनि गरेका छन् ।

१.२.८ प्रेरणा

आफैँले बुझेर भन्दा पनि जान्ने सुन्ने ठानिएका व्यक्तिले भनेका कुरा सुनेर प्रेरणा प्राप्त हुने गर्दछ । उपयुक्त प्रेरणाका कारण व्यक्तिले जीवनको बाटो समात्छ । प्रेरणाबाट नै एउटा मार्गमा हिँडी रहेको व्यक्ति अर्कै मार्गतिर डोरिएर भिन्नै गन्तव्यमा पनि पुग्दछ । प्रायः आमा नै प्रेरणा दिने पहिलो व्यक्ति हुन्छन् । यिनलाई पनि आध्यात्मिक बनाउन आमा जनककुमारीको धार्मिक स्वभावले निकै ठुलो भूमिका खेलेको देखिन्छ ।

अद्वैत वेदान्तप्रति आफूलाई अभिप्रेरित गर्नेहरूमा पितामह पण्डित तारानाथ रिसाल, पिता पण्डित विश्वनाथ रिसाल, श्रोत्रिय ब्रह्मनिष्ठ गुरु डा. क्षितीशचन्द्र चक्रवर्ती, ससुरा होमनाथ पौडेल, दाजुका ससुरा केशवराज पौडेल, अवधूत महात्मा गोविन्दानन्द, खप्तड बाबा, मस्तराम बाबा, बदरीनाथ भट्टराईको नाम स्वयं प्रा. रिसाल दिन्छन् । बेलाबखत भएका सत्सङ्ग, छलफल, विद्वत् सभा, गरिएका साधनाका सफलता र भनिएका कुराले श्रोता गणमा पार्ने गरेको प्रभाव जस्ता कारणले पनि यिनी उत्साहित बनेका र अध्यात्मतिर डोरिएका देखिन्छन् । अद्वैत वेदान्तप्रतिको आकर्षणले नै यिनलाई समाज सेवा तथा आध्यात्मिक धार्मिक व्याख्यान जस्ता सन्मार्गतिर डोऱ्याएको देखिन्छ ।

यिनलाई साहित्यतिर प्रेरणा दिने व्यक्ति पितामह पण्डित तारानाथ रिसाल, पिता पण्डित विश्वनाथ रिसाल, श्रोत्रिय ब्रह्मनिष्ठ गुरु डा. क्षितीशचन्द्र चक्रवर्ती, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, सोमनाथ सिग्देल, बालकृष्ण सम हुन् । नेपाली विषयमा एम.ए.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तरको पठनपाठन त्रिभुवन विश्वविद्यालयबाट गर्ने गराउने कार्यको थालनीमा सङ्घर्ष गर्दा रामराज पन्त, ताराप्रसाद जोशी, धरणीधर कोइराला, लेखनाथ पौडेल, सोमनाथ सिग्देल, बालकृष्ण सम, भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठ, चूडानाथ भट्टराई, बालचन्द्र शर्मा, तारानाथ शर्मा, बालकृष्ण पोखरेल, आनन्ददेव भट्ट, पासाङ गोपर्माको सहयोग, समर्थन र प्रेरणा प्राप्त भएको कुरा यिनी बताउँछन् ।

१.२.९ अभिरुचि, लगन र साधना

प्रा. रिसाल अध्ययन, अध्यापन, सिर्जनशील लेखनका साथै आध्यात्मिक, धार्मिक, सांस्कृतिक क्षेत्रको सेवा, सामाजिक सेवा, वेदान्त चर्चा, सत्सङ्ग र प्रवचनमा अत्यधिक अभिरुचि राख्ने व्यक्ति देखिन्छन् । यो कुरा यिनी स्वयं स्वीकार पनि गर्दछन् । यिनले गर्दै आएको सत्सङ्ग, अद्वैत वेदान्तको विमर्श, विभिन्न विधाका साहित्यको रचना, ध्यान, चिन्तनको मूल पनि अभिरुचि नै देखिन्छ । *स्वान्तः सुखाय तुलसी रघनाथ गाथा* अर्थात् तुलसीदासले आफ्नै आन्तरिक सुखका लागि रामायणको रचना गरेका हुन् भने जस्तै भित्री मनको उत्साहबाट यिनका विविध प्रतिभा मुखरित भएका देखिन्छन् ।

अभिरुचि मात्र राखेर सुती रह्यो भने कहिल्यै मनको अभिलाषा पूर्ण हुन सक्तैन । त्यसका लागि निरन्तर परिश्रम गर्नु र गन्तव्यप्रतिको यात्रा अनवरत चलाउनु आवश्यक हुन्छ । यसरी लागी रह्यो भने कुनै नकुनै दिन चाहेको कुरा प्राप्त हुन्छ । दुर्गासप्तशतीमा पनि *यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम्* अर्थात् भित्री मनबाट जुन कुरा पाउने उद्देश्य राखेर कठोर साधना गरिन्छ त्यो कुरा कुनै नकुनै दिन अवश्य पाइन्छ भनिएको छ । उर्दू भाषाका एक जना साहित्यकारले *खुद को कर बुलन्द इतना कि हर तक्दीर से पहले खुदा तुझ से खुद पूछे कि बता तेरी रजा क्या है* अर्थात् आफूलाई यति ज्यादा सक्रिय तपस्वी बनाऊ कि कुनै पनि अवसर दिने चिन्तन गर्नुभन्दा पहिले ईश्वर स्वयं तिमीकहाँ आएर तिमी के चाहन्छौ भनेर सोध्न बाध्य बनुन् भनेका छन् । अभिरुचि राख्ने व्यक्तिले लगन र साधनामा लामो समय लगातार समर्पित हुनु पर्ने कुरा बिर्सन हुँदैन ।

आज लगभग असी वर्षको उमेर पुग्न लाग्दा पनि मस्त जवानीमा रहेका कुनै युवकले गर्न गारो पर्ने साधना गरेर प्रा. रिसाल प्रत्येक महिना दुई महिनामा एकेक वटा कृति जन समक्ष ल्याई रहेकै देखिन्छन् । नित्य स्वाध्याय, नित्य अनुष्ठान, नित्य सत्सङ्ग र नित्य सामाजिक व्यवहारको काम अर्कातिर छुटेको देखिँदैन । यस्तो सक्रियता र यति ज्यादा लगन सबैले गर्न सक्तैनन् ।

पितामह पण्डित तारानाथ रिसाल, पिता पण्डित विश्वनाथ रिसाल, श्रोत्रिय ब्रह्मनिष्ठ गुरु डा. क्षितीशचन्द्र चक्रवर्ती, ससुरा होमनाथ पौडेल, दाजुका ससुरा केशवराज पौडेल, अवधूत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा गोविन्दानन्द, खप्तड बाबा, मस्तराम बाबा, बदरीनाथ भट्टराईबाट नै यसरी तपस्या गर्ने कुरा सिकेको अनुभूति यिनी व्यक्त गर्दछन् ।

१.२.१० व्यवसाय तथा सेवा

प्रा. रिसालको व्यवसायको चिनारी यिनका नाम अघि जोडिने विशेषणले नै दिने गर्दछ । यिनको व्यवसाय प्राध्यापन हो । यसबाट हाल उमेरका कारणले सेवा निवृत्त भए पनि प्रत्यक्ष अप्रत्यक्ष हिसाबबाट यिनले आफ्नो प्राध्यापन कार्य निरन्तर गरेको देखिन्छ । व्यावसायिक र सेवापरक तवरले यिनले गरेका कामको विवरण यहाँ दिइएको छ ।

क. बी.ए. मा पढ्दा पढ्दै हाइस्कुलमा अङ्ग्रेजी विषय अध्यापन गरेको र सोही विषयको ६ महिनाको तालिम लिएको ।

ख. २०१८ फागुन २६ गते शुक्रवारदेखि पद्मकन्या कलेजमा नेपाली विषयको तृतीय श्रेणीको लेक्चररमा नियुक्ति ।

ग. ३७ वर्ष १० महिना आई.ए., बी.ए., एम.ए. र एम.एड. तहमा नेपाली विषय अध्यापन गरी २०५६ पुस २६ गते अवकाश ।

घ. कोलम्बो प्लान अन्तर्गत एक वर्ष बेलायतमा अध्ययन ।

ङ. भारत, श्रीलङ्का, थाइल्यान्ड, केन्या, अमेरिका आदि देशको भ्रमण ।

च. बेलायतबाट विद्यावारिधि उपाधिका लागि तिन वर्षका लागि छात्रवृत्ति प्राप्त भएर विदेशमा गए पनि ससुरा होमनाथ पौडेलको पी. अर्थात् परमेश्वरको, एच. अर्थात् हरहमेसा, डी. अर्थात् दर्शन नै पिएच. डी. हो भन्ने आदर्श वाक्य र देश, धर्म, दर्शन, आमाबाबु, पत्नी, छोरा, घर, परिवार छोडेर विदेशमा बस्ने निर्णय गर्न नसकिएकोले त्यस अवसरबाट लाभ लिन नसकिएको कुरा प्रा. रिसाल बताउँछन् ।

छ. नेपाली भाषा-साहित्यका प्राध्यापक ।

ज. नेपाली विभागका अध्यक्ष ।

झ. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत केन्द्रीय समाज सेवा विभागको प्रमुख ।

ञ. त्रिभुवन विश्वविद्यालय पद्मकन्या क्याम्पसका सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रमुख र वरिष्ठ सल्लाहकार ।

ट. २०२८ देखि तात्कालिक श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय, पाठ्य क्रम पाठ्य पुस्तक विकास तथा निरीक्षण केन्द्र नेपाली विषय समितिको अध्यक्ष र पछि २०४८ सालसम्म सदस्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठ. विभिन्न विश्वविद्यालयका नेपाली विषयका स्नातकोत्तर तथा विद्यावारिधि तहका शोध कार्यका निर्देशक, बाह्य परीक्षक तथा विशेषज्ञ ।

१.२.११ सहभागिता

प्रा. रिसालको सहभागिता सांगठनिक, सेवापरक तथा सिर्जनामूलक क्षेत्रमा रहेको देखिन्छ । यिनले त्रिभुवन विश्वविद्यालय, तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, तात्कालिक श्री ५ को सरकार र वर्तमान नेपाल सरकारका विभिन्न मन्त्रालय, संस्थान, समिति, प्रतिष्ठान, सङ्गठन, धार्मिक, सांस्कृतिक, सामाजिक, साहित्यिक सङ्घ संस्थाहरूद्वारा आयोजित राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका सयौं प्राज्ञिक, शैक्षिक, धार्मिक, साहित्यिक, सामाजिक सभा, गोष्ठी, सम्मेलन, कार्यशाला विशेषज्ञ र आमन्त्रित सहभागी, कार्यपत्र प्रस्तोता, टिप्पणी कर्ताका रूपमा संलग्न हुँदै आएको । साथै सरकारी तथा गैर सरकारी धार्मिक, सांस्कृतिक, शैक्षिक, सामाजिक क्षेत्रका समिति, कार्य टोली, समूहमा सदस्य, संयोजक, प्रतिवेदक, टोली नेता निर्दिष्ट कार्य सम्पन्न गर्दै आएको देखिन्छ । यिनले गरेका काम र लिएका अनुभवको थप संक्षिप्त विवरण यहाँ दिइएको छ ।

क. २०१४ देखि २०२२ सालसम्म जागृत वादविवाद तथा साहित्य मण्डलको क्रमशः सदस्य, सचिव र सभापति ।

ख. २०१५ सालदेखि नेपाल बौद्धिक समाजको संस्थापक सदस्य र सोको कार्य समितिको उपाध्यक्ष ।

ग. २०१५ सालमा एक वर्षका लागि त्रिचन्द्र कलेज नेपाली साहित्य समितिको संस्थापक सदस्य र सोको कार्य समितिको महासचिव ।

घ. २०१५ सालमा एक वर्षका लागि त्रिचन्द्र कलेज भौगोलिक समितिको संस्थापक सदस्य र सोको कार्य समितिको सभापति ।

ङ. २०२४ सालदेखि ब्रह्मप्रापक अद्वैत विश्वविद्यालयका उपकुलपति र सल्लाहकार ।

च. २०३३ सालदेखि हालसम्म गुणराज स्मारक समितिको सदस्य र अध्यक्ष ।

छ. २०३४ असौजदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको सामुदायिक सेवा समन्वय समितिको सदस्य ।

ज. २०३५ सालदेखि 'सत्सङ्ग परिवार' जाउलाखेलको संस्थापक सदस्य र सल्लाहकार ।

झ. २०३८ असौज ६ गतेदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको सामुदायिक सेवा समन्वय समितिको सभापति ।

ञ. २०३९ असार २ देखि २०४६ असौज ५ गतेसम्म सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को सदस्य एवं हिन्दू धर्म सेवा समन्वय समितिको सभापति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ट. २०४२ सालदेखि हालसम्म हिन्दू विद्यापीठको सल्लाहकार सदस्य ।

ठ. २०४३/१२/२३/२ देखि पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्‌को सदस्य ।

ड. २०४४ चैतदेखि २०४९ सालसम्म विश्व हिन्दू महासङ्घ कार्यकारिणी समितिको सदस्य ।

ढ. २०४६ असौज ६ गते आइत वारदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको हिन्दू धर्म सेवा समन्वय समितिको सभापति ।

ण. २०४९ देखि 'भारती खरेल पुरस्कार प्रतिष्ठान' को प्रबन्ध समितिको संस्थापक सदस्य ।

त. २०४९ देखि २०६१ सम्म 'मैना बहादुर रामायण पुरस्कार' को संस्थापक सदस्य र उपसभापति ।

थ. २०५०/असौज १ गतेदेखि पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्‌को पुनः सदस्य ।

द. २०५१ देखि हालसम्म गीता समुदय प्रकाशनको संस्थापक र सञ्चालक परिषद्‌को सभापति अनि सदस्य ।

ध. २०५२ मा खप्तड बाबाबाट मनोनीत भई हालसम्म 'खप्तड आश्रम प्रकाशन समिति' को संस्थापक र कार्य समितिको सदस्य र हाल सभापति ।

न. २०५२ देखि २०६० सम्म 'डा. बलराम जोशी राष्ट्रिय ज्ञान-विज्ञान प्रतिष्ठान' को प्रबन्ध समितिको सदस्य ।

प. २०५३ देखि हालसम्म 'खप्तड स्वामी ज्ञान अधिष्ठान' को महासचिव ।

फ. समाज सेवी तथा शैक्षणिक अन्य विभिन्न सङ्घ संस्थाको संस्थापक र कार्य समिति सदस्य ।

१.३ कृतित्व

कुनै पनि व्यक्ति पद, धन सम्पत्ति, शक्ति, वीरता, साहस जस्ता क्षमता भएर, समृद्धि पाएर, कुलीन भएर देशविदेश घुमेर, सन्न्यासी भएर, धेरै बाँचेर, मिठो खाएर, राम्रो लगाएर, ठुला पदवीहरू पाएर, उपाधि हासिल गरेर, सुन्दर एवं सुडौल शरीर भएर, सोचेका कुरा पुरा हुने भाग्य पाएर महान् बन्न सक्तैन । यसो हुँदो हो त दुनियाँमा सधैंभरि कुलीन, धनी, सुन्दर, उपाधि प्राप्त र मोटाघाटाहरूकै बोलवाला भई रहन्थ्यो । मान्छेको महत्ता झल्कने आधार सच्चरित्र र सत्कार्य हो । मान्छे बाँच्ने पनि सच्चरित्र र सत्कार्यबाटै हो । सत्कार्य भएन र इच्छाइएको भोजन तथा सुख सयल मात्र गरियो भने अतिसामान्य कीट वा पतङ्ग र मान्छेमा कुनै भेद रहँदैन । त्यसैले त *हितोपदेश* मा *आहार, निद्रा, भय, मैथुनञ्च...* अर्थात् आहार, निद्रा, डर, काम क्रीडा त सबै प्राणीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन् तर एउटै काम मान्छेले गर्दछ त्यो काम भनेको धर्म वा सत्कार्य हो भनिएको छ । यसै श्लोकमा *धर्मेणहीनाः पशुभिः समानाः* अर्थात् धर्महीन वा सत्कार्य न गर्ने मान्छे पशु समान हो भन्ने कुरा पनि बताइएको छ ।

प्रा. रिसाल ब्राह्मण परिवारमा जन्मेका भरमा, पण्डितका छोरा र स्वयं प्राध्यापक भएका भरमा, उहिले नै स्नातकोत्तर तहको उच्च शिक्षा प्राप्त गरेका भरमा, प्रसिद्ध धर्मगुरु भएका भरमा, भाषण गर्ने खुबी भएका भरमा, चर्चित गुरु भएका भरमा र धेरैले चिन्ने जान्ने व्यक्ति भएका भरमा प्रसिद्ध बनेका होइनन् । यिनको महत्ता यिनले गरेका सत्कार्यबाट कायम भएको हो । यिनीबाट भएका कार्यका बारेमा **विदेश भ्रमण, समाज सेवा, मानवीय मूल्य र मान्यताको संरक्षण, धर्मोपदेश, रचना र प्रकाशन** जस्ता विभिन्न शीर्षकमा रहेर चर्चा गरिएको छ ।

१.३.१ विदेश भ्रमण

प्रा. रिसालले विभिन्न देशको अध्ययन भ्रमण गरी त्यहाँको रहनसहन, व्यवस्था, विकास, सामाजिक सांस्कृतिक पद्धति, शिक्षादीक्षा, विधि व्यवहार, दिन चर्या, चिन्तन, अवस्था जस्ता कुराको ज्ञान आर्जन गरेका छन् । सामान्यतया धर्म गुरु, आध्यात्मिक प्रवचन दिने व्यक्ति सीमित ठाउँमा रहने बस्ने र बाहिरी अवस्थाका बारेमा जानकार न हुने भएकाले तिनको व्याख्या विवेचना तथा अध्ययन मननको घेरा सीमित हुन्छ भन्ने विश्वास गरिन्छ । प्रा. रिसालका सन्दर्भमा यो कुरा लागू हुँदैन । यिनले देशदेशान्तरको जीवन पद्धति र रीति रिवाज राम्ररी बुझेको देखिन्छ ।

कोलम्बो प्लान अन्तर्गत यिनले एक वर्ष बेलायतमा बसेर अध्ययन गरेका हुन् । तिन वर्षका लागि छात्रवृत्ति पाएर बेलायतमै अध्ययन गर्ने अवसर मिल्दा पनि यिनले त्यसलाई महत्त्व दिएनन् किनभने त्यसभन्दा पहिले नै यिनी बेलायत बसी सकेका र त्यहाँको परिवेश बुझी सकेका थिए । अध्ययन, घुमघाम, तालिम, तीर्थाटन, विश्वविद्यालयीय जिम्मेवारी, पारिवारिक भेटघाट जस्ता विविध उद्देश्यले यिनले विदेश भ्रमण गरेको कुरा थाहा हुन्छ । यस क्रममा भारत, श्रीलङ्का, थाइल्यान्ड, केन्या, अमेरिका लगायतका विभिन्न देशको भ्रमण यिनले गरेका हुन् ।

शिक्षा, ज्ञान, प्रविधि, व्यवस्थापकीय कला, लोक व्यवहार, भौगोलिक परिवेश, सामाजिक रहनसहन, मूल्य मान्यताको ज्ञान लगायतका अनुभव, सिप, तालिम र जानकारीका लागि केही समय विदेशमा गएर बस्नु उचित भए पनि देश छोडेर स्थायी हिसाबले विदेशमै जीवन बिताउनु चाहिँ उचित नभएको कुरा यिनी बताउँछन् । यिनको यस भनाइको अनुपालन यिनकै परिवारका सदस्यले गर्न सकेको अवस्था न देखिए पनि यिनले चाहिँ त्यस कुराको पालना गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.२ समाज सेवा

प्रा. रिसाल समाज सेवा क्षेत्रमा सक्रिय भएर अनुभव बटुलेका र त्यस्तो काम वर्तमान अवस्थामा पनि गर्दै रहेका व्यक्ति हुन् । नेपाली विषयका प्राध्यापक यिनले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत केन्द्रीय समाज सेवा विभागको प्रमुख भएर शैक्षिक जगत्‌को उपल्लो तहमा समाज सेवा विषयको अध्ययन अनुसन्धान गर्ने गराउने काममा नेतृत्व प्रदान गरेका हुन् ।

२०३४ असौजदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको सामुदायिक सेवा समन्वय समितिको सदस्य हुनु, २०३५ सालदेखि 'सत्सङ्ग परिवार' जाउलाखेलको संस्थापक सदस्य र सल्लाहकार हुनु, २०३८ असौज ६ गतेदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको सामुदायिक सेवा समन्वय परिषद्‌को सदस्य हुनु, २०३९ असार २ देखि २०४६ असौज ५ गतेसम्म सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌को सदस्य हुनु, २०४२ सालदेखि हालसम्म हिन्दू विद्यापीठको सल्लाहकार सदस्य हुनु, २०४३/१२/२३/२ देखि पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्‌को सदस्य हुनु, २०४४ चैतदेखि २०४९ सालसम्म विश्व हिन्दू महासङ्घ कार्यकारिणी समितिको सदस्य हुनु, २०४६ असौज ६ गते आइत वारदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको हिन्दू धर्म सेवा समन्वय समितिको सभापति हुनु, २०५२ मा खप्तड बाबाबाट मनोनीत भई हालसम्म 'खप्तड आश्रम प्रकाशन समिति' को संस्थापक र कार्य समितिको सदस्य तथा हालसम्म सभापति हुनु, २०५३ देखि हालसम्म 'खप्तड स्वामी ज्ञान अधिष्ठान' को सदस्य, महासचिव हुनु र समाज सेवी तथा शैक्षणिक अन्य विभिन्न सङ्घसंस्थाको संस्थापक र कार्य समिति सदस्य हुनु यिनले समाज सेवाका क्षेत्रमा देखाएका सक्रियताका उदाहरण हुन् । केही काम न गरी परिचयका आधारमा मात्र कसैलाई पनि पदीय दायित्व दिइँदैन । यति लामो अवधि समाज सेवामा सक्रिय बन्नु भनेको सेवा भावले उत्प्रेरित हुनुको नमुना हो ।

आजभन्दा लगभग पचास वर्ष पहिले पद्‌मकन्या क्याम्पसमा स्नातक तहमा पाठ्य क्रमभन्दा अतिरिक्त रूपमा समाज सेवा विषय राखेर विद्यार्थीहरूलाई काठमाडौं उपत्यकाको वरपरका गाउँ बस्तीमा समाज सेवा गर्न पठाउने काममा पनि यिनले सक्रियता देखाएको कुरा थाहा हुन्छ । यिनका कामसित परिचित ती गाउँ बस्तीका बासिन्दा आज पनि यिनलाई समाज सेवामा समर्पित भएर लाग्ने प्राध्यापक भन्दै यिनको प्रशंसा गर्दछन् ।

हाल परिपक्व उमेर तथा शारीरिक अस्वस्थताले कमजोर तुल्याउँदा पनि यिनी प्रवचन, समाज सेवा तथा साहित्यको विकाससित सम्बद्ध विभिन्न संघ संस्थामा नेतृत्वदायी भूमिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्वाह गरी रहेकै देखिन्छन् । **चरैवेति** भन्ने विचारका अनुकर्ता बनेर यिनी समाज सेवा गर्दै आएका छन् । जनताको हित हुने काममा लागेका हुनाले पनि यिनले ख्याति आर्जन गरेका हुन् । यिनले सामाजिक विकृति, धार्मिक विकृति, सांस्कृतिक विकृति र मानसिक विकृतिका विरुद्ध उठ्न सक्ने गरी जन चेतना बढाउने काममा समेत हात हालेको देखिन्छ । बलि प्रथाको अन्त्य तथा नारी शिक्षाको विस्तारका लागि यिनले गरेका प्रयास यसका उदाहरण हुन् ।

१.३.३ मानवीय मूल्य र मान्यताको संरक्षण

अचेल मानवता र मानवीय अधिकारका विषयमा विश्वव्यापी छलफल तथा ऐन नियमको तर्जुमा भएको कुरा प्रचुर मात्रामा सुनिन्छ । अझ मान्छे मात्र नभएर सम्पूर्ण प्राणी जगत्को सुरक्षाप्रति सचेत बन्ने चेतनाको विकास पनि सार्वभौम रूपमा भएको देखिन्छ । *शाक्त-दर्शनम्* भौं पुस्तकमा पञ्च महाभूतबाट निर्मित यो सारा चराचर जगत्, प्राणी जगत् र प्रकृतिका सम्पूर्ण तत्त्वलाई एउटै कुल भनिएको छ । नेपाली समाजमा प्रचलित लोक गाथाका कतिपय पाठमा मान्छेसित अन्य प्राणीको वैवाहिक सम्बन्ध कायम भएको कुरा बताइएको पाइन्छ । यस्तो चित्रणले प्रतीकात्मक अर्थ जनाउँछ । प्राणी जगत्मा अन्योन्याश्रय, प्रेम, सहयोग, सहअस्तित्व र संवेदनशीलताको सन्देश यस प्रकारका साहित्यले दिन्छन् । यिनका रचनामा पनि यो कुरा उल्लेख भएको पाइन्छ । प्राणी जगत्को संरक्षणका लागि बहस गर्ने व्यक्तिले मनुष्य जगत्को कल्याण नचाहने त कुरै हुँदैन । मानवोचित व्यवहारलाई मनसा कर्मण वाचा सबैतिरबाट यिनले महत्त्व दिँदै आएका छन् ।

यिनले तल्लो तह र तप्काको जन समुदाय, शोषित, पीडित, अपहेलित र कमजोर व्यक्तिको उत्थानमा सधैं जोड दिएको देखिन्छ । विशेष गरी हिन्दू धर्मका अनुयायीहरूमा रहेको जातीय मान्यता, छुवाछुत, वर्गीय विभेद र असमान व्यवहारको अन्त्य गर्न यिनी चाहन्छन् । अज्ञानी पशुको वध गरेर देवतालाई खुसी पार्न नसकिने, समाजको सेवा गर्ने भएर पनि शूद्र भनिनेहरूले दलित र अपहेलित हुनु पर्ने कुरा कुनै पनि दृष्टिले शोभनीय नहुने र जन्मका आधारमा ठुलो र सानोको विभेद गरी छुवाछुतको चलन कायम गर्ने प्रवृत्ति सबैका लागि घातक हुने विचार अघि सार्दै यिनी समाजबाट बलि प्रथा, जात प्रथा र छुवाछुत प्रथाको अन्त्य गर्नु पर्ने कुरामा जोड दिन्छन् । आजको मानवता वाद र प्राणी वादको मान्यता पनि मूलतः यस्तै कुराको बहसमा केन्द्रित छ ।

१.३.४ धर्मोपदेश

प्रा. रिसालले हजारौं शिष्य, भगवद्भक्त, अध्यात्म प्रेमी, अध्यवसायी, ज्ञान पिपासु, सर्वसाधारण जनता लगायतका अनेकौं व्यक्तिलाई आफूले जाने बुझेका धर्म तथा ब्रह्म विद्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धी मान्यताको उपदेश लामो समयदेखि दिँदै आएका छन् । त्यसैले यिनलाई धर्मगुरु, धार्मिक व्यक्ति, अध्यात्म वादी, ब्रह्म विद्याका साधक, ज्ञानी र गृहस्थ योगी भनिन्छ । न्याय, मीमांसा, साङ्ख्य, वैशेषिक, पातञ्जल, वेदान्त समेतका पौरस्त्य षड् दर्शनमा र विशेषतः वेदान्त दर्शनको व्याख्या विवेचनामा यिनले पर्याप्त प्रयत्न गरेको देखिन्छ । पूर्ण ब्रह्म परमात्माको भक्तिका कुरा अघि सार्दै यिनी अद्‌वैत वेदान्तलाई सर्वोच्च विद्या वा दर्शनको पनि दर्शन भन्दछन् । यथेष्ट अध्ययन, पर्याप्त तर्क शक्ति र आधारभूत प्रमाण सहितको यिनको व्याख्या श्रोताहरू निकै मन पराउँछन् । पारस्परिक असहिष्णुपन, वर्ग विभेद, जाति विभेद, लिङ्ग विभेद, वर्ण विभेद, छुवाछुत, अन्धविश्वास, असमता, दमन, शोषण, अत्याचार, रूढिवाद, साम्प्रदायिकता जस्ता कुराले परिवार, समाज, देश र विश्वलाई अघि बढ्न नदिने हुँदा यस्तो सोच र व्यवहारबाट मुक्त हुनु आज आवश्यक भएको कुरा यिनी बताउँछन् । बुझेको र उपयुक्त लागेको धर्म, दर्शन तथा सामाजिक व्यवहारको उपदेश यिनी जनजनलाई दिँदै आएका छन् । ललितपुरका सत्सङ्ग परिवार, अनन्तधाराधाम र स्वाध्याय परिवार, टङ्गालको लक्ष्मीनारायण मन्दिर, पशुपतिनाथ मन्दिर परिसर, देवघाट, भारतीय भूभागमा पर्ने विभिन्न तीर्थ क्षेत्रमा यिनले दिएका र दिँदै आएका धार्मिक प्रवचन महत्त्वपूर्ण मानिएका छन् । अचेल यिनको अधिकतर समय धर्मोपदेश तथा अद्‌वैत वेदान्तको व्याख्यामा व्यतीत हुन्छ । गतः १७ वर्षदेखि आफैले स्थापना गरेको 'स्वाध्याय परिवार' जावलाखेलमा यिनी गीता, उपनिषद् आदि ग्रन्थका आधारमा स्वाध्याय गर्दैछन् । नियमति रूपमा प्रातः ७ देखि ८ बजेसम्म ।

१.३.५ रचना र प्रकाशन

प्रा. रिसालको व्यक्तित्व र कृतित्वलाई महत्त्वपूर्ण आसनमा स्थापित गराउने काम यिनका रचना र तिनको प्रकाशनबाट भएको देखिन्छ । यिनका आधा सयभन्दा अधिक पुस्तक प्रकाशित भई सकेका छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित यिनका सयौं लेख, निबन्ध, समीक्षा, कविता लगायतका फुटकर रचना पाइन्छन् । अचेल प्रत्येक महिना दुई महिनामा यिनका पुस्तक प्रकाशित भएका देखिन्छन् । यहाँ यिनका रचना र प्रकाशनको विवरण **पुस्तक, पत्रपत्रिका, सम्पादन, अनुवाद, लेख, भूमिका, कविता, पुस्तक परिचय, शुभकामना, सम्पादकीय, प्रकाशकीय, अनुवादकीय, अन्तरवार्ता, व्याख्यान, समीक्षा र अन्य रचनात्मक कार्य** शीर्षकमा क्रमशः प्रस्तुत गरिएको छ ।

१.३.५.१ पुस्तक

प्रा. रिसालका प्रकाशित पुस्तकको संख्या पचासभन्दा बढी छ । यिनले व्यक्ति, स्थान, संस्था र कुल वा परिवारको परिचय आफ्ना पुस्तककार रचनामा दिएका छन् । अद्‌वैत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्तको चिन्तन तथा व्याख्यामा आधृत पुस्तक पनि यिनले प्रकाशित गरेका छन् । कविता, निबन्ध र समीक्षा यिनको साहित्यिक सिर्जनशीलताका प्रमुख विधा हुन् । यिनका रचनाले यिनलाई मूलतः कविका रूपमा र त्यसपछि निबन्धकारका रूपमा चिनाएका छन् । यिनका पुस्तकाकार प्रकाशित कृतिको विवरण यहाँ दिइएको छ ।

१. *इस्ट एन्ड वेस्ट टुवार्ड्स म्युचुयल अन्डरस्ट्यान्डिङ* (नेपाली अनुवाद) शिक्षा मन्त्रालय (युनेस्को) २०२६ ।
२. *नेपाली भाषा र व्याकरण* (सहलेखन) हालसम्म ६ संस्करण प्रकाशित २०२७ ।
३. *नेपाली भाषाको पाठ्यक्रम* (सहलेखन) शिक्षा मन्त्रालय २०२८ ।
४. *महेन्द्रमाला* भाग-५ र ८ (सहलेखन) शिक्षा मन्त्रालय २०२९ ।
५. *म को हुँ* (२०६० मा दोस्रो संस्करण प्रकाशित अध्यात्म काव्य), काठमाडौँ : रवि पराजुली २०४४
६. *दुर्गापूजा र बलिको रहस्य*, ललितपुर : शिवगोपाल रिसाल २०४४
७. *श्रीराम-नाम* (अध्यात्म काव्य), ललितपुर : शिवगोपाल रिसाल २०४७
८. *श्रीविष्णुसहस्रनामस्तोत्रम्* (२०६५ मा दोस्रो र २०६७ मा तेस्रो संस्करण प्रकाशित), भक्तपुर : प्रेमप्रसाद काफ्ले २०४९
९. *चर्पटपञ्जरिकास्तोत्रम्* (अनुवाद र व्याख्या), ललितपुर : शिवगोपाल रिसाल २०४९ ।
१०. *श्री खप्तड बाबा* (अध्यात्म काव्य), काठमाडौँ : डा.बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रतिष्ठान २०५३ ।
११. *अभेद -दर्शन* (दार्शनिक निबन्ध सङ्ग्रह), अमेरिका : अनादिगोपाल रिसाल २०५६ ।
१२. *पद्मकन्या महाकाव्य*, काठमाडौँ : पद्मकन्या बहुमुखी क्याम्पस २०५७ ।
१३. *ब्रह्मजिज्ञासा* (दार्शनिक निबन्ध सङ्ग्रह), काठमाडौँ :राजर्षिजनकस्मृतिकोष २०५७ ।
१४. *सुख कहाँ छ ?* (दार्शनिक निबन्ध सङ्ग्रह), काठमाडौँ : गीता समुदय प्रकाशन २०५७ ।
१५. *श्रीपशुपतिनाथको सेरोफेरो* (अध्यात्म काव्य), काठमाडौँ : राजर्षिजनकस्मृतिकोष २०५९ ।
१६. *रिसाल वंशावली* (पुर्ख्यौली अभिलेख), काठमाडौँ : रिसाल वंशावली प्रकाशन समूह २०६० ।
१७. *श्रीमस्तरामबाबा* (अध्यात्म काव्य), ललितपुर : श्रीमती मीनाकुमारी रिसाल (गायत्री) २०६० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. *वैदिक संस्कृति* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : पहिलो संस्करण साझा प्रकाशन र दोस्रो आफैं २०६२ ।

१९. *अखण्ड आनन्द* (१०१ कविता सङ्ग्रह), ललितपुर : मीनाकुमारी (गायत्री) रिसाल २०६२ ।

२०. *ईश्वरको अनुग्रह* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : चन्द्रकुमार तथा पुनम के.सी. २०६२ ।

२१. *शिव-गायत्री स्तोत्रावली* (१०८ स्तोत्र सङ्ग्रह), अमेरिका : अनन्तगोपाल रिसाल २०६२ ।

२२. *दशश्लोकी र मृत्युमाहात्म्य* (अनुवाद र व्याख्या), ललितपुर : रुक्मिणी र कदमकुमारी श्रेष्ठ २०६४ ।

२३. *आमा* (आध्यात्मिक शोककाव्य) अमेरिका : अनन्तगोपाल रिसाल २०६५ ।

२४. *नीतिका कुरा* (नैतिक कोशकाव्यमा सहभागिता) काठमाडौं, शब्दार्थ प्रकाशन २०६५ ।

२५. *प्रेमदेखि परमात्मासम्म* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : स्वाध्याय परिवार २०६५ र २०६७ ।

२६. *श्रीशिवसहस्रनामस्तोत्रम्*, ललितपुर : स्वाध्याय परिवार २०६५ ।

२७. *सन्तमहिमा*, काठमाडौं : राजर्षिजनकस्मृतिकोष २०६५ ।

२८. *संसार कस्तो छ ?* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : स्वाध्याय परिवार २०६६ ।

२९. *ज्ञानको चमत्कार* (दार्शनिक संवाद); काठमाडौं : रवि पराजुली, केशव रेग्मी, सीताराम खत्री २०६७ ।

३०. *अमृतका थोपा* (आध्यात्मिक अमर वाणीहरू), ललितपुर : स्वाध्याय परिवार २०६८ ।

३१. *मृत्युविज्ञान*, काठमाडौं : रवि पराजुली, केशव रेग्मी, सीताराम खत्री २०६८ ।

३२. *सत्य-दर्शन* (आध्यात्मिक कविता सङ्ग्रह), ललितपुर : स्वाध्याय परिवार २०६८ ।

३३. *नाङ्गो दर्शन* (दार्शनिक चिन्तन), ललितपुर : स्वाध्याय परिवार २०६९ ।

३४. *मान्छेभित्रका मान्छेहरू* (दार्शनिक चिन्तन), ललितपुर : स्वाध्याय परिवार २०६९ ।

३५. *अष्टावक्रगीता* (सारसंक्षेप र विविध), ललितपुर : स्वाध्याय परिवार २०६९ ।

३६. *वेदान्त वाटिका* (आध्यात्मिक महाकाव्य), ललितपुर : स्वाध्याय परिवार २०७० ।

३७. *ब्रह्मजिज्ञासा* (संशोधित दोस्रो संस्करण), ललितपुर : स्वाध्याय परिवार २०७० ।

३८. *सुख कहाँ छ ?* (संशोधित दोस्रो संस्करण), ललितपुर : स्वाध्याय परिवार २०७० ।

३९. *नमस्ते* (संयुक्त लेखन) ललितपुर : भुवन कार्की २०७० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४०. *ईशावास्योपनिषद्* (गद्य- पद्यात्मक अनुवाद र व्याख्या), ललितपुर : लालाजी खड्का २०७० ।

४१. *श्रीरामगीता* (अनुवाद र विवरण), ललितपुर, स्वाध्याय परिवार २०७० ।

४२. *अष्टावक्रगीता* (अनुवाद र विवरण), तनहूँ : महेश सन्न्यास आश्रम २०७० ।

४३. *ज्ञानदेखि विज्ञानसम्म* (दार्शनिक निबन्ध संग्रह), ललितपुर : स्वाध्याय परिवार २०७१ ।

४४. *दुर्गापूजा र बलिको रहस्य* (आध्यात्मिक खण्डकाव्य), ललितपुर : स्वाध्याय परिवार २०७१ ।

४५. *दशश्लोकी र मृत्यु माहात्म्य* (खण्डकाव्य संशोधित दोस्रो संस्करण), ललितपुर : स्वाध्याय परिवार २०७१ ।

४६. *श्रीराम महाकाव्य*, ललितपुर : स्वाध्याय परिवार २०७१ ।

४७. *वैदिक संस्कृति* (दार्शनिक निबन्ध संग्रह, द्वितीय संस्करण), ललितपुर : लेखक स्वयं २०७१ ।

४८. *श्रीखप्तडबाबा महाकाव्य* (संशोधित र परिवर्द्धित द्वितीय संस्करण), ललितपुर : लेखक स्वयं २०७१ ।

४९. *गजेन्द्रमोक्ष* (अनुवाद), ललितपुर : लेखक स्वयं २०७२ ।

पुस्तक लेख्ने र प्रकाशन गर्ने यिनको गति हालका दिनमा झनै तीव्र हुँदै गएको देखिन्छ । यस कुराको प्रमाण २०६७ सालदेखि लगातार बढ्दै गएका यिनका प्रकाशित कृतिहरूको संख्या हो । यिनका शिव सन्देश र चित्तको चिकित्सा नामक दुइटा पुस्तक प्रकाशनोन्मुख अवस्थामा छन् । आगामी दिनमा यसै गरी यो गति कायम रहोस् भन्ने कामना गर्नु यहाँनेर प्रासङ्गिक हुन्छ ।

१.३.५.२ पत्रपत्रिका

प्रा. रिसालका कविता, लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । सयौंको संख्यामा प्रकाशित यिनका कविता, लेखको यथार्थ विवरण स्वयं यिनलाई पनि थाहा छैन । जुन पत्रिकाका सम्पादक वा सरोकारवाला व्यक्तिले अनुरोध गरे पनि तुरुन्तै लेख तयार गरेर दिने बानी भएको र त्यसरी दिइएका लेखका प्रति आफूसित नराख्ने अनि ती लेख प्रकाशित भएका पत्रपत्रिका प्राप्त नहुने कारणले पनि यिनलाई आफ्नै लेख रचनाका बारेमा यथार्थ कुरा थाहा नभएको हो । उपलब्ध भएका यिनका केही लेख रचनाको विवरण यहाँ दिइएको १.३.५.५ अनुक्रममा प्रस्तुत गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.५.३ सम्पादन

प्रा. रिसालको सम्पादनमा प्रकाशित पुस्तक तथा पत्रपत्रिकाको संख्या पनि निकै देखिन्छ । धेरै पहिले यिनले सम्पादन गरेका कतिपय पुस्तक तथा पत्रपत्रिकाका बारेमा पनि यिनी अनभिज्ञता प्रकट गर्दछन् । यिनले गरेका सम्पादनको विवरण यहाँ **सम्पादित पुस्तक** र **सम्पादित पत्रपत्रिका** शीर्षकमा दिइएको छ ।

क. सम्पादित पुस्तक

प्रा. रिसालबाट सम्पादन गरिएका पुस्तकहरूको नाम यहाँ प्रस्तुत गरिएको छ ।

१. *कृषि-बाला,* महाकवि लक्ष्मीप्रसाद देवकोटा २०२१ ।
२. *चिल्ला पातहरू,* महाकवि लक्ष्मीप्रसाद देवकोटा २०२१ ।
३. *अद्वैत-चिन्तामृत,* श्रोत्रिय ब्रह्मनिष्ठ डा.क्षितीशचन्द्र चक्रवर्ती २०२६ ।
४. *योग-दर्शन,* पहलमानसिंह स्वार २०२६ ।
५. *मालतीमाधव,* शम्भुप्रसाद ढुङ्गेल २०२६ ।
६. *शतसूत्री,* पद्मकन्या कलेज २०२६ ।
७. *सन्मार्ग,* होमनाथ पौडेल २०२७ ।
८. *अदृश्य-दर्शन,* होमनाथ पौडेल २०३१ ।
९. *पत्रम्पुष्पम्,* होमनाथ पौडेल २०३६ ।
१०. *श्रीगीतागुह्यम्*(हिन्दी), श्रीमस्तराम बाबा (हिन्दी) २०४६ ।
११. *श्रीमद्भगवद्गीतामस्तभाष्यम्* (हिन्दी), श्री मस्तराम बाबा २०४९ ।
१२. *श्रीपशुपतिनाथ,* पशुपति क्षेत्र विकास कोष २०५१ ।
१३. *सत्य-दर्शन,* होमनाथ पौडेल २०५३ ।
१४. *नैवनाशो निवासो वा* (हिन्दी), श्रीमस्तराम बाबा २०५३ ।
१५. *विचार-विज्ञान,* श्री १००८ सच्चिदानन्द सरस्वती (खप्तड बाबा) २०५३ ।
१६. *वेदान्त-विज्ञान,* श्री १००८ सच्चिदानन्द सरस्वती (खप्तड बाबा) २०६० ।

ख. सम्पादित पत्रपत्रिका

प्रा. रिसालबाट सम्पादन गरिएका पत्रपत्रिकाहरूको विवरण यहाँ दिइएको छ ।

१. *सिर्जना* २०१७ ।
२. *कस्तूरी* २०२० ।
३. *साक्षात्कार* २०२४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. *सेवा* २०३४ ।

५. *उपकार* २०३७ ।

६. *जिज्ञासा* २०४० ।

७. *सामाजिक सेवा स्मारिका* २०४१ ।

८. *समुदय* २०५५ ।

१.३.५.४ अनुवाद

प्रा. रिसालले एउटा पुस्तक अंग्रेजीबाट नेपालीमा र अर्को पुस्तक हिन्दीबाट नेपालीमा अनुवाद गरेको देखिन्छ । ती पुस्तक निम्न लिखित हुन् :

१. *इस्ट एन्ड वेस्ट टुवार्ड्स म्युचुयल अन्डरस्ट्यान्डिङ* (नेपाली अनुवाद) शिक्षा मन्त्रालय (युनेस्को) २०२६ ।

२. *योग-विज्ञान,* श्री १००८सच्चिदानन्द सरस्वती (खप्तड बाबा) (हिन्दीबाट नेपालीमा अनुवाद) २०६० ।

१.३.५.५ लेख

विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रा. रिसालका केही लेखहरूको विवरण प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.६ भूमिका

प्रा. रिसालले लेखेका केही भूमिकाको विवरण प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.७ कविता

प्रा. रिसाल मूलतः कविका रूपमा देखिने प्रतिभा भएको कुरा विविध प्रसङ्गमा प्रस्तुत कृतिमा बताइएको छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित यिनका केही फुटकर कविताको विवरण यस पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.८ पुस्तक परिचय

विभिन्न पुस्तकको परिचयमा आधृत यिनका लेख पनि पत्रपत्रिकामा प्रकाशित भएका छन् । तिनको विवरण प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.५.९ शुभकामना

विभिन्न लेखक, साहित्यकार, पुस्तक प्रकाशक र सम्पादकलाई तिनले गर्न लागेका लोकोपयोगी कामका लागि शुभकामना दिने काम पनि प्रा. रिसालले गरेका छन् । त्यस प्रकारका यिनका केही लेखको परिचय प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.१० सम्पादकीय

कुनै पनि पुस्तक वा पत्रपत्रिका सम्पादन गर्ने व्यक्तिले सम्पादकीय लेख्नु स्वाभाविक कुरा हो । यिनले लेखेका केही सम्पादकीयको विवरण प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.११ प्रकाशकीय

कुनै पनि पुस्तक, मुखपत्र वा अन्य प्रकारका पत्रपत्रिका प्रकाशित गर्ने संस्थाको जिम्मेवार पदमा आसीन व्यक्तिले प्रकाशकीय लेख्नु पर्ने हुन्छ । प्रा. रिसालले त्यस्तो जिम्मेवारी पनि वहन गरेका छन् । यिनले लेखेका केही प्रकाशकीयको विवरण प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.१२ अनुवादकीय

अनुवादक भएकाले प्रा. रिसालले गरेका अनुवादका पुस्तकमा भूमिकाका ठाउँमा अनुवादकीय लेखेका छन् । प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा यिनले लेखेको एउटा अनुवादकीय दिइएको छ ।

१.३.५.१३ अन्तरवार्ता

विभिन्न पत्रपत्रिकामा प्रा. रिसालका अन्तरवार्ता बेला बखत प्रकाशित हुँदै आएका देखिन्छन् । यिनको एउटा अन्तरवार्ताको नमुना प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

१.३.५.१४ व्याख्यान

प्रा. रिसाल धार्मिक व्याख्याताका रूपमा सुपरिचित व्यक्ति हुन् । यिनले लिखित रूपमा प्रस्तुत गरेका कतिपय व्याख्यान विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उदाहरणका लागि यिनका दुइटा व्याख्यानको उल्लेख प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा गरिएको छ ।

१.३.५.१५ समीक्षा

नेपाली साहित्यका सुपरिचित समीक्षक प्रा. रिसाल हुन् । यिनका समालोचनात्मक रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित पाइन्छन् । नमुनाका लागि यिनको एउटा समीक्षाको उल्लेख प्रस्तुत पुस्तकको पाँचौं अध्यायमा दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.५.१६ अन्य रचनात्मक कार्य

प्रा. रिसाल जीवनमा कहिल्यै हात बाँधेर बसेनन् । कुनै न कुनै रचनात्मक कार्यमा संलग्न भएर यिनले समयको अत्यधिक सदुपयोग गरेको देखिन्छ । सिर्जनशील क्रियाकलापमा सक्रिय बन्नु यिनको पहिचान हो । माथि उल्लेख गरिएका कार्यका साथै यिनीबाट हुँदै आएका केही कामको विवरण यहाँ दिइएको छ ।

१. साहित्यिक, सेवापरक, जीवनीपरक, स्मृतिपरक, धार्मिक, दार्शनिक, पत्रपत्रिकामा लेख, कविता, निबन्ध, विचार तथा अन्तरवार्ता प्रकाशन ।

२. रेडियो, एफ.एम., टेलिभिजन जस्ता सञ्चार माध्यमहरूबाट प्रवचन, अन्तरवार्ता र विचार विमर्शको प्रसारण ।

३. २०५५ साल मङ्सिरदेखि 'स्वाध्याय परिवार' जाउलाखेलमा अनवरत रूपमा स्वाध्याय र प्रवचन । त्यसै गरी लक्ष्मी नारायण मन्दिर टङ्गाल र अनन्तधाराधाम सानेपामा नियमित धार्मिक प्रवचन ।

१.४ पुरस्कार तथा मान पदवी

कतिपय व्यक्ति मान सम्मान पाउने वा प्रतिफलको अभिलाषा राखेर मात्र काममा हात हाल्दछन् । कुनै चाहिँ निर्लोभ भई जति काम गर्दछन् त्यति सम्मान पाउन सक्तैनन् । यस दृष्टिले हेर्दा प्रा. रिसाल भाग्यमानी देखिन्छन् । यिनले गरेका त्याग, तपस्या, निरन्तर साधना, समाज सेवा, अध्ययन अनुसन्धान, चिन्तन, साहित्य सेवा, सिर्जनशील कार्य, प्राध्यापन, शैक्षिक क्षेत्रका विभिन्न तहका शोध कार्यको निर्देशन तथा परीक्षण, धार्मिक व्याख्यान, सांगठनिक नेतृत्व, संस्थागत विकासका कार्य जस्ता विविध क्रियाकलापको उचित मूल्याङ्न सबैतिरबाट भएको देखिन्छ । यसरी काम गर्दा यिनले पाएका सम्मान, पदवी, अलङ्कार, उपाधि र अभिनन्दनको फेहरिस्त निकै लामो छ तापनि यहाँ नमुनाका लागि केही विवरण प्रस्तुत गरिएको छ ।

१.	महेन्द्र विद्याभूषण स्वर्ण पदक	२०१८ ।
२.	देशिकवर	२०२५ ।
३.	देशिकोत्तम	२०२५ ।
४.	सरस्वती	२०२६ ।
५.	रत्नश्री सुवर्ण पदक	२०२६ ।
६.	साहित्यिक सम्मान पुरस्कार	२०२९ ।
७.	पद्मकन्या सेवा पदक	२०३३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.	गुणराज व्याख्यान माला पुरस्कार	२०३४ ।
९.	परामर्शदाता	२०३५ ।
१०.	शुभराज्याभिषेक पदक	२०३६ ।
११.	तनुमनस्क	२०३७ ।
१२.	सुप्रबल गोरखा दक्षिण बाहु	२०३७ ।
१३.	आचार्य	२०३८ ।
१४.	गुण राज पुरस्कार	२०४७ ।
१५.	प्रधान नाट्य मण्डलबाट अभिनन्दन	२०४७ ।
१६.	शिक्षा दिवस पदक	२०४७ ।
१७.	द रेयुकाई नेपालबाट अभिनन्दन	२०४९ ।
१८.	नेपाली शिक्षा परिषद्‌बाट अभिनन्दन	२०४९ ।
१९.	महाकवि देवकोटा स्मारक पुरस्कार	२०४९ ।
२०.	विख्यात त्रिशक्तिपट्ट	२०५० ।
२१.	त्रि.वि. दीर्घ सेवा पदक	२०५१ ।
२२.	पद्मकन्या बहुमुखी क्याम्पसबाट अभिनन्दन	२०५२ ।
२३.	भारती खरेल स्मृति पुरस्कार	२०५२ ।
२४.	गद्दी आरोहण रजत पदक	२०५४ ।
२५.	उदयानन्द पुरस्कार	२०५५ ।
२६.	पद्मकन्या बहुमुखी क्याम्पसबाट अभिनन्दन	२०५६ ।
२७.	प्याराडाइज इङलिस बोर्डिङ स्कुलबाट अभिनन्दन	२०५६ ।
२८.	भुवनेश्वरी धामबाट अभिनन्दन	२०५७ ।
२९.	त्रि.वि. नेपाली केन्द्रीय विभागबाट सम्मान	२०५८ ।
३०.	सत्सङ्ग समितिबाट अभिनन्दन	२०५८ ।
३१.	श्री ५ वीरेन्द्र ऐश्वर्य सेवा पदक	२०५८ ।
३२.	विन्ध्यवासिनी आध्यात्मिक सङ्घबाट अभिनन्दन	२०५९ ।
३३.	ढुङ्गे धारा सत्सङ्ग भवनबाट अभिनन्दन	२०६० ।
३४.	बुद्धि विकास मण्डल (स्वर्ण महोत्सव) बाट अभिनन्दन	२०६० ।
३५.	राजर्षि जनक स्मृति सम्मान	२०६१ ।
३६.	डा. बलराम जोशी ज्ञानविज्ञान राष्टिय पुरस्कार	२०६९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३७.	रुपकुमारी अध्यात्म सेवा अनुष्ठान सम्मान	२०७० ।
३८.	वैजयन्ती स्रष्टा सम्मान	२०७० ।
३९.	साहित्य सम्वर्द्धन द्रष्टा सम्मान	२०७२ ।
४०.	महाकवि देवकोटा शताब्दी सम्मान	२०६६ ।
४१.	नेपाल सांस्कृतिक संघ सम्मान	२०७० ।
४२.	निःसहाय सेवा सदन सम्मान	२०७० ।
४३.	वाचन शिरोमणि पं. नारायणप्रसाद पोखरेल स्मृति सम्मान	२०७० ।
४४.	विशंखुनारायण सेवा सुधार समिति सम्मान	२०६२ ।

१.५ प्रा. रिसाल तथा यिनका योगदान बारे गरिएका अध्ययन अनुसन्धान

प्रा. रिसालको व्यक्तित्व र कृतित्वका विविध पक्षमा विभिन्न विद्यार्थीहरूले नेपाली विषयको स्नातकोत्तर एवं एम. फिल. तहका शोधपत्र तयार पारेका छन् । यहाँ त्यस प्रकारका कार्यको विवरण प्रस्तुत गरिएको छ :

क. उषा रिमालले २०५३ सालमा नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्र "शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकमा तयार पारी त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंमा प्रस्तुत गरेकी छन् ।

ख. उमा गौतम आचार्यले २०५८ सालमा नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्र "शिवगोपाल रिसालको खण्डकाव्यकारिता" शीर्षकमा तयार पारी त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंमा प्रस्तुत गरेकी छन् ।

ग. पम्फा पौडेलले २०६८ मा नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्र "शिवगोपाल रिसालको *आमा* शोककाव्यको अध्ययन" शीर्षकमा तयार पारी त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंमा प्रस्तुत गरेकी छन् ।

घ. निरन के.सी. ले २०६९ सालमा नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्र "शिवगोपाल रिसालको *सुख कहाँ छ ?* निबन्ध कृतिको अध्ययन" शीर्षकमा तयार पारी त्रि.वि. पाटन संयुक्त क्याम्पस ललितपुरमा प्रस्तुत गरेका छन् ।

ङ. सीताकुमारी सापकोटा भट्टराईले "शिवगोपाल रिसालका महाकाव्यमा वेदान्त दर्शन" शीर्षकमा नेपाली विषयको एम.फिल. तहको शोधपत्र तयार गरी रहेकी छन् । यिनी वेदान्त दर्शनको ब्रह्म चिन्तन, बन्धन र मोक्षलाई महत्त्व दिएर उक्त कार्यमा संलग्न छिन् ।

च. ज्ञाननिष्ठ ज्ञवालीले पनि प्रा. रिसालकै कृतिमा नेपाली विषयको एम.फिल. तहको शोधपत्र तयार पार्ने योजनामा बनाएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रबाट मेघराज गौतमले तयार पारेको 'भक्तिकालीन नेपाली काव्यमा दार्शनिक चेतना' शीर्षकको विद्यावारिधि तहको शोध कार्यको निर्देशक प्रा. रिसाल रहेका थिए । २०६८ सालमा उक्त शोध कार्य गरे बापत शोधार्थी गौतमलाई नेपाल संस्कृत विश्वविद्यालयले विद्यावारिधि उपाधि प्रदान गरी सकेको छ ।

प्रा. रिसालको व्यक्तित्वका साथै यिनका विभिन्न कृतिहरूमा केन्द्रित भएर लेखिएका लेख रचना बेलाबखत पत्रपत्रिकाहरूमा प्रकाशित भई रहेकै देखिन्छन् । उहादरणका लागि *गरिमा*, वर्ष-१६ अङ्क-१, २०५४ मा प्रकाशित हेमचन्द्र नेपालको **'श्रीखप्तडबाबा' अध्यात्मकाव्यको वैचारिक धरातल** शीर्षकको लेख र *गरिमा*मै २०६३ असारमा प्रकाशित ज्ञानजिष्ठ ज्ञवालीको **व्यक्ति र व्यक्तित्व शिवगोपाल रिसाल** शीर्षकको लेख अघि सार्न सकिन्छ ।

१.६ प्रा. रिसालको समष्टि व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व बन्न निकै लामो समय लाग्दछ । दिनहुँको आंशिक अभिवृद्धिबाट एउटा सानो बिरुवा कालान्तरमा विशाल वटवृक्ष बन्दछ । रोम सहर एकै दिनमा बनेको होइन भन्ने उखान पनि यस्तै भनाइका सन्दर्भमा प्रचलित भएको हो । व्यक्तित्व निर्माणमा अनेक प्रकारका पृष्ठभूमिको निकै ठुलो हात रहन्छ । प्रा. रिसालको व्यक्तित्व पनि अनेकौं नियमितता र अनेकौं आकस्मिकताको योगबाट बनेको देखिन्छ । प्रारब्ध, सञ्चित र क्रियमाण कर्मले पनि व्यक्तिको जीवनमा प्रभाव पारेको हुन्छ भन्ने कुरामा कतिपय चिन्तक विश्वास गर्दछन् । अर्कातिर लगातार परिश्रम गरी रहने व्यक्तिका भाग्य रेखा जत्ति नै दुर्बल भए पनि कुनै नकुनै दिन त्यस्तो व्यक्ति अवश्य सफल हुन्छ र गन्तव्यमा पुग्दछ भन्ने कुरा उत्तिकै विश्वसनीय मानिन्छ । साहस, आत्मविश्वास, कठोर साधना, लगन, सशक्त अठोट जस्ता कुराले पनि सफलता दिलाउन मद्दत गर्दछन् । एक जना ज्योतिषीले नेपोलियनलाई *तिम्रो हातमा भाग्य रेखा नै छैन* भन्दा नेपोलियनले भागय रेखा हुने ठाउं सोधी हत्केलाका त्यस ठाउँमा तरबार हिर्काएर काटेपछि *अब बन्यो त मेरो हातमा भाग्य रेखा* भनी प्रतिप्रश्न गरेका थिए भनिन्छ । कालान्तरमा नेपोलियन के भए भन्ने कुरा सबैले थाहा पाएका छन् । भन्नको तात्पर्य के हो भने भित्री अठोट, अविचल तपस्या र सुदृढ मनोबल छ भने कुनै पनि क्षेत्रमा असफल हुने सम्भावना नै रहँदैन । कुनै व्यक्ति असफल हुनुको तात्पर्य उसले गरेको काममा धेरै कुराको कमी रहनु हो ।

न ठुलो न त सानो र न धेरै दुब्लो न त मोटो आकारमा देख्दै तेजिलो चेहरा, हँसिलो स्वभाव, चिटिक्क परेको दौरा, सुरुवाल, टोपीको पहिरन, निदारमा चन्दन र अबिरको टीका, मसिनो र सुरिलो स्वर, नम्र तथा शिष्ट बोली, हाँसोठट्टामा प्रस्तुत हुने बानी भएको कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिलाई विशेष धार्मिक प्रवचन तथा अध्यात्म चिन्तन हुने वातावरणमा देखियो भने ती व्यक्ति सम्भवतः प्रा. शिवगोपाल रिसाल नै हुनु पर्दछ भन्ने अनुमान लगाउन सकिन्छ । त्यसमा पनि धारा प्रवाह प्रवचन दिई रहेको, भाषामा प्रभुत्व भएको, सामान्य जीवनमा देखिने स्वाभाविक घटनालाई उदाहरण बनाएर वर्ण्य विषयका गम्भीर पक्ष स्पष्ट गरी रहेको र प्रायः प्रौढ उमेरका व्यक्तिहरूका बिच केन्द्रीय व्यक्तित्व बनेर रहेको कुनै मान्छे देखियो भने पनि प्रा. रिसाल हुने सम्भावना बढी रहन्छ ।

बोलीमा जस्तै व्यवहारमा पनि कवित्व झल्कने, आत्मीय, संवेदनशील र अध्यात्मानुरागी यी व्यक्ति सामान्य हेराइमा जति सरल देखिन्छन् गहिरिएर बुझ्न खोज्दा त्यत्ति नै गम्भीर, विषय विज्ञ, चिन्तनशील, व्यावहारिक, देश भक्त र स्वाभिमानी साबित हुन्छन् । असामान्य काव्य शक्ति, असामान्य प्रवचन सामर्थ्य, असामान्य तार्किकता र असामान्य ज्ञान यिनको अर्को खुबी हो । उपयुक्त पारिवारिक परिवेश, समयले दिएको सरल जीवन, सहज रूपमा उपलब्ध अवसर, अक्लान्त र अनवरत परिश्रम यिनलाई प्रा. रिसाल बनाउने प्रमुख आधार हुन् ।

ललितपुरको भैंसेपाटी क्षेत्रमा बस्न आजका विशिष्ट व्यक्ति जति मोहित हुन्छन् प्रा. रिसालको बाल्यावस्थामा त्यो ठाउँ प्राकृतिक सौन्दर्यका कारण झनै आकर्षक मानिन्थ्यो । चारैतिरका पर्वतीय थुम्का देखिने हरियालीपूर्ण त्यस ठाउँको बसाइले यिनलाई साहित्यिक क्षेत्रमा उक्साएको बुझिन्छ । त्यसै गरी पैतृक बिरासत र पारिवारिक वातावरणले धार्मिक, सांस्कृतिक एवं साहित्यिक दुनियाँमा रमाउने स्वभाव यिनमा उमारेको कुरा अनुमान गर्न सकिन्छ । अध्ययनको विस्तार, सम्पर्कको विस्तार, अवसरको सहजता र त्यसबाट बनेको सम्पर्कको विस्तार जस्ता अनेकौं कारणले यिनी आजका प्रा. रिसाल बन्न समर्थ भएका देखिन्छन् । यहाँ भनिएका भन्दा नभनिएका वा भन्न छुटेका अन्य धेरै कारण पनि यिनको व्यक्तित्व निर्माणमा सहयोगी बनेका हुन सक्तछन् ।

संस्कृत, हिन्दी र अंग्रेजी भाषाका विज्ञका रूपमा प्रा. रिसाल सुपरिचित छन् । यिनमा राष्ट्रियता, प्रकृतिप्रेम, दार्शनिक चिन्तन, सामाजिक चेतना, शैक्षिक जागृति, धर्म र संस्कृतिप्रतिको स्नेह, स्वस्थ समाजको अपेक्षा र प्राज्ञिक उन्नयनको चाहना निकै ज्यादा रहेको देखिन्छ । जुनसुकै ठाउँको शान्ति, सुव्यवस्था, समझदारी, स्थायित्व र बहुमुखी विकासका लागि शैक्षिक र प्राज्ञिक धरातल बलियो हुनु आवश्यक छ भन्ने यिनी नेपालमा यस कुराको ज्यादा खाँचो भएको धारणा राख्दछन् । विकसित भनिने मुलुकमा विकासको पूर्वाधार शैक्षिक समुन्नति नै रहेको देखिने अनुभव पनि यिनी सुनाउँछन् । विदेश पलायन हुनुभन्दा आफ्नै देशमा प्रतिभा र योग्यताको प्रयोग गर्नु बुद्धिमानी हो भन्ने धारणा यिनी बेला बखत भई रहने सभा समारोहमा व्यक्त गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यादै लालोपोतोमा हुर्काइएका सन्तानभन्दा गरिबी, अभाव, अप्ठेरो र तानतुन गरेर गुजारा चल्ने अवस्थामा हुर्काइएका सन्तान बलिया, जिम्मेवार, इमान्दार, कर्मठ, समय र धनको मूल्य बुझ्ने, सहृदयी, सहनशील, सहयोगी, शान्त, धैर्यवान्, ज्ञानी, विवेकी, निर्लोभी, नीडर, सकारात्मक, धार्मिक, साहसी, छलकपटविहीन, सज्जन, सत्यवादी, संवेदनशील वा भावुक, स्वाभिमानी र उदार हुन्छन् । समयको सदुपयोग गर्ने व्यक्ति नै वास्तविक अर्थमा बाँचेको ठहरिन्छ । लामो उमेर पाएको अकर्मण्य व्यक्तिभन्दा समाज तथा देशको सेवामा समर्पित भएर एक दिन मात्र बाँच्ने व्यक्ति महान् हुन्छ । महान् काम गर्ने व्यक्तिको चित्र, पुस्तक, रचना वा कुनै पनि कृति कोठामा राख्यो भने त्यसबाट निस्कने अदृश्य किरणले कोठामा बस्ने व्यक्तिका मनमस्तिष्कमा राम्रो असर पार्ने कुरा विज्ञहरू बताउँछन् । त्यस्ता व्यक्तिका प्रभावबाट महान् काम गर्ने, महान् आचरणमा बस्ने र महान् सोच राख्ने अन्तर्प्रेरणा प्राप्त हुन्छ । प्रा. रिसाल अनेक प्रकारका संघर्ष गर्दा पनि न थाकेर, निरुत्साहित न भएर वा विचलित नबनेर नै आजको अवस्थामा आई पुगेका हुन् । यिनले आज बस्ने उच्चासनका पछाडि काँडै काँडा भएको बाटोमा यिनले गरेका यात्रा रहेको कुरा थोरैले मात्र थाहा पाएका छन् । चम्किलो सुन बन्नका लागि आगोमा पोलिनै पर्ने र घनको प्रहार सहनै पर्ने हुन्छ । अनेक थरी ज्वाला र प्रताडना सहेर निखार पाएको व्यक्तित्व यिनको देखिन्छ ।

१.७ अध्यायगत निष्कर्ष

कुनै पनि व्यक्तिलाई शक्तिशाली बनाउने तत्त्व विचार हो । सामान्य रूपमा हेर्दा विचार ज्यादै नाजुक, कमजोर र कर्कलाको पातमा रहेको टल्पलाउँदो शीत जस्तो अस्थिर एवं तरल रूपमा रहेको देखिन्छ तर त्यही कुरा सबभन्दा ज्यादा शक्तिशाली मानिन्छ । अनुवंश, वातावरण, सङ्गत, अध्ययन, सोच, अनुभव, विवेचना, बोध, प्रज्ञा र सञ्चेतना जस्ता अनेकौं संस्कार, सभ्यता, जीवन पथ र मनोयोगमा गतिशील बन्दा मनमा उत्पन्न हुने भावहरू विचारमा परिणत हुन्छन् । यिनै चरण पार गरेर स्थापित भएका विचारहरूले नै व्यक्तिलाई सहृदयी बनाउनका साथै शक्तिशाली पनि बनाउँछन् । विचारमा परिपक्व भइसकेपछि व्यक्तिको व्यक्तित्व चम्कन्छ । त्यस अवस्थामा व्यक्ति *वज्रादपि कठोराणि मृदूनि कुसुमान्यपि* अर्थात् वज्रभन्दा कठोर र फुलभन्दा कोमल बन्दछ । विचारको शक्तिशाली स्वरूपले नै प्रा. रिसाललाई प्रभावित तुल्याएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो अध्याय

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वका विविध पक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो अध्याय

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वका विविध पक्ष

कुनै पनि व्यक्ति एक्लै घुमी रहेको वा कतै उपस्थित भएको देख्दा कसैसित सम्बन्ध नभएको नितान्त एक्लो, पृथक्, मुक्त र स्वतन्त्र हुनका साथै जुन रूपमा देखिएको छ त्यही क्षेत्रमा मात्र सीमित रहेको एक मुखी व्यक्तित्व बोकेको मान्छे हो कि जस्तो लागदछ । संसारमा रहँदा बस्दा एक मुखी भएर रहन सक्ने व्यक्ति पाउन गारो पर्दछ । कुनै महान् तपसीले सांसारिक समस्त बन्धन तोडेर सर्वथा एकल बन्दा पनि तिनको पृष्ठभूमिले तिनलाई न छोड्ने हुँदा ती पनि एकल व्यक्तित्वमा सीमित रहन सक्तैनन् । एउटै व्यक्तिले अनेक रूप धारण गर्नु पर्ने हुनाले संसारलाई नाट्यशाला र व्यक्तिलाई अनेक थरी नाटक खेल्ने कलाकार भनिन्छ । सांसारिक जीवनलाई नाटक भन्नको कारण पनि त्यही हो ।

प्रा. रिसाल पनि कुनै अनुष्ठान, सभा वा सम्मेलनमा प्रवचन दिई रहेका स्थितिमा नितान्त एक्ला र प्रवचन बाहेक अरू केही नजान्ने एक मुखी व्यक्ति हुन् कि जस्ता देखिन्छन् । यिनको परिचय लिँदै जाने हो भने यिनका व्यक्तित्वको विस्तार निकै लामो पाइन्छ । यस अध्यायमा यिनका व्यक्तित्वका विविध पाटाको चर्चा गरिएको छ । त्यस विषयका उपलब्ध सामग्रीको प्रस्तुतिका लागि यहाँ क्रमशः **पृष्ठभूमि, प्रा. शिवगोपाल रिसालका विविध व्यक्तित्व** र **अध्यायगत निष्कर्ष** शीर्षक चयन गरिएको छ ।

२.१ पृष्ठभूमि

मानवशास्त्रीहरू प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा वातावरण जति ज्यादा प्रभावकारी रहेको हुन्छ त्यत्ति नै ज्यादा अनुवंश पनि आधार बनेको हुन्छ भन्दछन् । अनुवंशमा आमाबाबुको पारिवारिक धरातलका साथै पुर्खा र कुलको अतीत पनि पर्दछ । अझ त्यसभन्दा पनि प्राचीन कालमा पुगी कुलका आदि पुर्खा मानिने गोत्र प्रवर्तक ऋषि र प्रवरमा गणना गरिने व्यक्ति वा ऋषिका गुणदोषको निरन्तरताले समेत व्यक्तिलाई प्रभाव पारेको हुन्छ भनिन्छ । प्रत्यक्ष देखिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटना, अनुमानबाट थाहा पाइने घटना, विभिन्न दृष्टिले महान् मानिने व्यक्तिले भनेका कुराका आधारमा थाहा पाइने घटना, समस्त तथ्यहरूको विविध प्रकारका कसीमा राखेर परीक्षण गर्दा प्रमाणित हुने घटनाका आधारबाट सत्य कुरा थाहा पाउन सकिन्छ भनिन्छ । प्रा. रिसालको व्यक्तित्वको खोजी गर्दा पृष्ठभूमिमा रहेका विभिन्न कुराको विश्लेषण गर्नु उपयुक्त हुन्छ । आजको सन्दर्भमा कतिपय व्यक्तिले यस प्रकारका आधारप्रति अस्वीकृति जनाए पनि भारतीय उपमहाद्वीपका प्रचलित मान्यता अनुसार यहाँ दिइएका आधारहरू अधिक मात्रामा अनुकूल ठहरिने हुनाले यिनको अवलम्बन गरिएको हो ।

कुलको परम्परा अनुसार गरिने प्रख्यात पुर्खा, कुलका संरक्षक मानिने देवता तथा स्थानीय विशेष शक्तिको आराधना गर्ने चलन धेरैतिर पाइन्छ । बाबुतिरको सात र आमातिरको सात पुस्ताका सन्तानलाई कुल मानेर निश्चित अवसर तथा एकोद्दिष्ट र पार्वण श्राद्धका अवसरमा तर्पण तथा पिण्ड दिने चलन यस्तै मान्यताको प्रमाण हो । अचेल यसलाई छोट्याएर बाबु र आमातिरका तिन तिन पुस्ताका व्यक्तिमा मात्र यस्तो पूजा सीमित गरिएको पाइन्छ । दैनिक रूपमा गर्नु पर्ने मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ, प्रचेता, भृगु र नारद ऋषिका साथै सोम, यम, अर्यमा, अग्निष्वाता, सोमपा, बर्हिषद, यमराज, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षयी, औदुम्बर, दध्न, नील, परमेष्ठी, वृकोदर, चित्र, चित्रगुप्तलाई गरिने तर्पण कुलपूजा नै हो । यसरी नै बाबुआमा, बाजेबज्यै, बुढा बाजे बुढी बज्यै, बराजु परबज्यै, आमाका बाबुआमा, बाजेबज्यै तथा बुढा बाजे बुढी बज्यै, सम्बद्ध व्यक्तिका काकाकाकी, फुपू, दिदीबहिनी, पत्नी, मामामाइजू, ठुली र सानी आमा, गायत्री गुरु लगायतका परिवारका सदस्य रहेका पितृहरूका नामको तर्पण पनि कुलपूजा हो । श्रद्धाभक्ति राखेर पितृगणको सम्मान तथा पूजाअर्चना गरेमा मनोकामना पूर्ण हुने र परिवारले सधैं सद्गति प्राप्त गर्ने कुरामा नेपाली समाज गहिरो विश्वास गर्दछ । त्यसैले त्यस्तो कार्यमा कहिल्यै त्रुटि हन नदिने प्रयत्न गरिन्छ ।

कतिपय ठाउँमा कुलका प्रसिद्ध व्यक्तिलाई देवता मानेर निश्चित तिथि, मिति र समय निर्धारण गरी वार्षिक, षाण्मासिक, त्रैमासिक र दैनिक रूपमा पूजा गर्ने पनि चलन छ । सेती, महाकाली र कर्णाली क्षेत्रमा गरिने कटारीमल, कैलपाल, सैपाल, देउपाल, बर्मदेउ, उदयदेउ जस्ता देवता कुनै समयका तत्स्थानीय शासक थिए । तिनको पूजा गरेमा सन्तान प्राप्ति, आरोग्य, संकटमुक्ति, दीर्घायु, असाध्य रोगबाट उन्मुक्ति प्राप्त हुने विश्वास गरिन्छ ।

लायक सन्तान भयो भने त्यसले कुलका एक्काइस पुस्ताको तारण गर्ने कुरा प्राचीन अभिलेखहरूको अध्ययनबाट पनि थाहा हुन्छ । अझ पाप कर्म गर्नेका १२१ पुस्ता घोर नरकमा पर्ने कुरा उल्लेख गरिएको पनि पाइन्छ । आफ्नो महिमामय कुलको प्रतिष्ठा र गौरवशाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्खाहरूको यशस्विताप्रतिको भक्तिले आत्मसम्मान तथा आत्मविश्वासको अभिवृद्धि हुन्छ । त्यसैले विभिन्न कुलमा शुभजन्मोत्सव, शुभविवाह जस्ता जीवनका उत्कृष्ट पर्वहरू एवं विशिष्ट अवसरहरूमा पुर्खाहरूको नाम सम्झने, पूजा गर्ने र सम्मानमा समर्पित हुने प्रचलन धेरैतिर रहेको पाइन्छ । भारतका सनातन धर्मावलम्बी राजस्थानी, सौराष्ट्री तथा मैथिल घरानामा कतै एक्काइस पुस्ता त कतै त्योभन्दा माथि एकाउन्न पुस्तासम्मका पुर्खाको नाम स्मरण गर्ने प्रथा आज पनि चलेको देखिन्छ । त्यसमा त्रुटि भएमा ठुलै कुरा छुटेको र अक्षम्य अपराध गरेको अनुभव ती कुलघरानाका सन्ततिहरूले गर्दछन् । नेपाली समाजमा आज पनि चल्दै गरेको खाँडो जगाउने चलनले गौरवशाली वीर पुर्खाहरूको यशोगान गर्ने प्रवृत्तिको बोध हुन्छ । आफ्नो कुल, घराना र पुर्खाहरूप्रतिको हीनताबोध भयो भने सन्ततिहरूमा मनोवैज्ञानिक रूपले तेजोवध भएको अनुभूति हुन्छ ।

यस विषमा केही विस्तृत जानकारी लिनका निमित्त यहाँ **वेद, उपनिषद् र पुराण अनुवंश वा गोत्रको इतिहासका स्रोत, गोत्रको परिचय, गर्ग गोत्रीय परिवारका आराध्य देवता, गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेद, गर्ग गोत्रीय कुल परम्परा, गर्ग गोत्रीय परिवारका रैथान र गर्ग गोत्रको ऐतिहासिक पृष्ठभूमि** उपशीर्षक दिइएको छ ।

२.१.१ वेद, उपनिषद् र पुराण अनुवंशको इतिहासका स्रोत

लिखित दस्ताबेजका रूपमा उपलब्ध नहुने ऐतिहासिक घटना, पुराना ऋषि, महर्षि तथा विभिन्न गोत्रीय कुल, परम्पराका विषयमा जानकारी लिनका निम्ति प्राचीन कालको वाङ्मय पढ्नु आवश्यक हुन्छ । वेद, उपनिषद्, पुराण, रामायण, महाभारत लगायतका ग्रन्थको अध्ययनमनन नगरी यी विषय बुझ्न गारो पर्दछ । ती ग्रन्थहरूबाट पनि स्पष्ट, प्रामाणिक, समान, विवादरहित, व्यवस्थित र ठोस कुरा प्राप्त गर्न सकिँदैन किनभने तिनमा वर्णित घटना, कथा वा उपाख्यानहरू इतिहास प्रमाण प्रस्तुत गर्ने शैलीबाट भन्दा पनि साहित्यिक ढङ्गबाट पेस गरिएका हुन्छन् । फलस्वरूप एउटै घटना वा उही पाठभित्रको उही कुरा पनि भिन्न भिन्न ग्रन्थमा फरक फरक रूपबाट प्रस्तुत भएको देखिन्छ । जसले गर्दा पाठ, घटना, पात्र र परिचयमा समेत भिन्नता आउन जान्छ । ऋषिहरूसित सम्बद्ध कतिपय घटना, वंश क्रम तथा व्यक्ति विशेषका कुरामा *महाभारत, हरिवंशपुराण, आदिपुराण, शिवपुराण, विष्णुपुराण, अग्निपुराण, ब्रह्मवैवर्तपुराण, श्रीमद्भागवत, मत्स्यपुराण, ब्रह्मपुराण, पद्मपुराण* र विभिन्न उपनिषद्हरूमा पर्याप्त भिन्न किसिमको प्रस्तुति हुनु यसको उदाहरण हो । घटना वा इतिहासको स्रोत मानिने कृतिबाट स्पष्ट, प्रामाणिक र तथ्यपरक पाठ प्राप्त नभएपछि आफ्नै मनले परिकल्पना गरेर वा प्राप्त सन्देशबाट जोरजाममूलक नौलो ढङ्गको कथा बुनेर पेस गर्नु अर्को गल्ती हुन जान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.२ गोत्रको परिचय

गोत्र भनेको एउटै गोठ वा एकै ठाउँमा निर्मित भिन्न भिन्न गोठमा आआफ्ना गाईबस्तु बाँधेर एकसाथ बस्ने, समान आचार व्यवहार अपनाउने र समान स्तरको जीवन यापन गर्ने कुटुम्ब, बन्धु, बान्धव, इष्टमित्र, नातेदार, सहयात्री र सहयोगीहरूको जमात हो । यसको अर्को अर्थ कुनै एक वास्तविक वा काल्पनिक आदि पुरुषका नामबाट चली आएको वंश परम्परा पनि हो । ती आदि पुरुष कुनै एक ऋषि मानिन्छन् । कतिपय जातिका गोत्र तिनका पुरोहितका गोत्रबाट पनि चलेका पाइन्छन् । यस अंशमा गोत्रको अर्थ स्पष्ट गर्न र त्यसका विविध पक्षका बारेमा जानकारी दिन **गोत्र प्रवर्तक ऋषि र महर्षि, ऋषि र महर्षिको अर्थ, गोत्रका भेद, गोत्रको व्यापक सञ्जाल, प्रवरको परिचय, गणको परिचय, पक्षको परिचय, गर्ग गोत्रका पुर्खा ऋषि, गर्ग गोत्रीय सन्ततिलाई कुलीन मान्ने परम्परा, गर्ग गोत्रीय नेपाली थर** समेतका थप शीर्षक दिइएको छ ।

२.१.२.१ गोत्र प्रवर्तक ऋषि र महर्षि

गोत्र प्रवर्तक ऋषि भनेका गोत्रको थालनी गर्ने पुर्खा हुन् । गोत्रको थालनी गर्ने पुर्खाका प्रमुख चार परिवार मानिन्छन् । अङ्गिरा, भृगु, कश्यप र अत्रि ती चार परिवारका मूल पुरुष हुन् । यी चार वटै परिवारका उपगोत्र प्रवर्तक ऋषि तिन सय पन्ध्र र थप एकासी परिवारका ऋषि अठासी गरी जम्मा चार सय तिन ऋषिलाई **वैदिक मन्त्र द्रष्टा ऋषि** भनिन्छ । यिनकै कार्यबाट *ऋषयो मन्त्रद्रष्टारः* अर्थात् ऋषिहरू मन्त्रद्रष्टा हुन्छन् भनिएको छ (पोद्दार, २०६५ : १७३) । यिनैमध्येका धेरैजसो ऋषिहरू गोत्र प्रवर्तक पनि हुन् ।

२.१.२.२ ऋषि र महर्षिको अर्थ

ऋषि वा **महर्षि** भन्नासाथ कतिपय व्यक्तिले 'भिक्षाटन गर्दै हिँड्ने योगी' अर्थात् सामान्य जोगीहरू भन्ने अर्थ बुझ्न सक्तछन् तर त्यसो होइन । **ऋषि** भनेका तपस्या वा योग बलबाट अतीन्द्रिय पदार्थीसित साक्षात्कार गर्ने व्यक्ति हुन् । असाधारण प्रज्ञा शक्ति भएका, तपो बलबाट वेदमन्त्र आविर्भाव गर्ने, सत्य वचन बोल्ने, धर्म निष्ठामा रहने, शास्त्राभ्यासी, ज्ञान सम्पन्न र विशेष अध्यात्म शक्ति भएका व्यक्तिलाई **ऋषि** भनिन्छ । यस्तो क्षमता वा शक्तिको मात्रा प्रचुर अंशमा रहेका व्यक्ति **महर्षि** हुन् । **ऋषि** शब्दमा **महा** अर्थात् अधिक अर्थ जनाउने पद जोडिएर **महर्षि** बन्दछ । गोत्रका सन्दर्भमा हेर्दा मानव सृष्टिका आदिमा जजसले आर्ष परम्परा बसालेर त्यसको निरन्तरता वा विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याए तिनैलाई ऋषि भनिएको देखिन्छ । ऋषिहरू **सृष्टि प्रवर्तक, मन्त्र प्रवर्तक** र **गोत्र प्रवर्तक** गरी तिन प्रकारका भेदमा विभक्त गरिएका पाइन्छन् । कतिपय ऋषि, उक्त तिन वटै भेदमा, कतिपय तीमध्येका दुई भेदमा र कतिपय चाहिँ एउटा भेदमा मात्र पर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.२.३ गोत्रका भेद

गोत्रको उत्पत्ति **आर्ष कुल, गुरु कुल** र **प्राकृत कुल** गरी तिन प्रकारका भएका कारण पनि केही गोत्रका प्रवरमा फरक गोत्रका ऋषिको उल्लेख भएको हो । कुलमा पनि **आर्ष कुल, मानव कुल** र **राजवंश** गरी तिन किसिमको भेद पाइन्छ । मूल गोत्रभित्रका ऋषिले सुरु गरेका थप गोत्रलाई उप र त्यसभित्रको पनि शाखाका रूपमा रहेको गोत्रलाई **गण गोत्र** भनिन्छ । *बोधायन गृह्यसूत्र*मा यस्तो लेखिएको छ :

गोत्राणां तु सहस्राणि प्रयुतान्यर्वुदानि च
उनपञ्चाशदेवैषां प्रवरो ऋषिदर्शनात्
जमदग्निर्भरद्वाजो, विश्वामिश्च गौतमः
अत्रिर्वसिष्ठ, कश्येप सप्तर्षि कथ्यते जनैः ।।

अर्थात् गोत्रहरू हजार त के अरब पनि हुन सक्तछन् तर ऋषिका भेदले गर्दा प्रवर चाहिँ उनन्चास मात्र हुन्छन् र प्रवरमध्येका श्रेष्ठ ऋषिलाई नै सप्तर्षि भनिन्छ (शर्मा, २०३९ : २२०) ।

२.१.२.४ गोत्रको व्यापक सञ्जाल

गोत्रको परम्परा एउटै कुल वा परिवारमा जन्मेका व्यक्तिका साथै ज्यादै घनिष्ट सम्बन्ध भएका भिन्न भिन्न परिवारका व्यक्ति, उही गुरु कुलबाट दीक्षा प्राप्त फरक फरक कुलका व्यक्ति, सहकार्यबाट सामाजिक प्रतिष्ठा आर्जन गरेका अलग अलग वंशका व्यक्ति र एउटै वा एकै ठाउँमा निर्मित भिन्न भिन्न गोठमा गाई पाल्ने छुट्टाछुट्टै परिवारका व्यक्ति जस्ता अनेकौं किसिमबाट विकसित भएको पाइन्छ । समान वा भिन्न कुलका व्यक्ति एउटै गोत्रका प्रवरमा परिगणित भएको अवस्थाबाट यो कुरा बुझ्न सकिन्छ । उदाहरणका लागि कश्यप गोत्रमा कश्यप, वत्स र नैध्रुवलाई त्रिप्रवर मान्ने र जमदग्नि गोत्रमा जमदग्नि, वसिष्ठ र और्वलाई त्रिप्रवर मान्ने परम्परा छ । जब कि कश्यप गोत्रका त्रिप्रवरमध्येका वत्स ऋषि कश्यपवंशी न भएर भृगुवंशी हुन् भने जमदग्नि गोत्रका त्रिप्रवरमध्येका वसिष्ठ ऋषि भृगुवंशी न भएर स्वयं गोत्र प्रवर्तक ऋषि हुन् । दक्षप्रजापतिकी ऊर्जा नाम गरेकी छोरीसित विवाह गर्ने वसिष्ठ ब्रह्माका दस मानस पुत्रमध्येका एक हुन् । यिनी हिमालय पर्वतमा आश्रम बनाएर बसेका थिए । *वसिष्ठस्मृति*का रचनाकार धर्मशास्त्रकार र उत्तर पाञ्चालका राजा दिवोदासका 'वसिष्ठ' नाम गरेका पुरोहित र इक्ष्वाकुवंशी अयोध्या नरेशका पुरोहित 'वसिष्ठ' नामका ऋषि सहित अनेकौं ऋषिको चर्चा प्राचीन ग्रन्थमा पाइन्छ । महर्षि वसिष्ठ वसिष्ठ गोत्रका प्रवर्तक र जमदग्नि जमदग्नि गोत्रका प्रवर मानिने ऋषि हुन् । चार वटै वेदका विभिन्न मन्त्रका द्रष्टा वैदिक कालका यिनै ऋषि वसिष्ठ गोत्रका आदि पुरुष हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.२.५ प्रवरको परिचय

प्रवरको परिचय दिने क्रममा जीवन दिने र यज्ञमा प्रवृत्त गराउने बाबु, बाजे, बराजु जस्ता व्यक्तिलाई पनि प्रवरमा गणना गर्न सकिने कुरा राजनारायण शास्त्रीले बताएका छन् (शास्त्री, २०५४ : ३६) । यिनले यो कुरा प्रवरको व्याख्या गर्ने विभिन्न व्यक्तिले प्रस्तुत गरेका मान्यताका आधारमा व्यक्त गरेका हुन् ।

गर्ग गोत्रलाई पञ्च प्रवर भएको गोत्र मानिन्छ । कतै कतै यसलाई गार्ग्य, आङ्गिरस र शैन्य गरी त्रिप्रवर भएको गोत्र पनि भनिएको छ (मैठाणी, २०५८ : ४७) । प्रा. रिसालको *रिसाल वंशावली*मा भनिए अनुसार गर्ग गोत्रका पञ्च प्रवरमा विभिन्न मत देखिएका छन् । ती निम्न लिखित हुन् :

गर्ग, गार्ग्य, च्यवन, भार्म्य र विश्वामित्र ।
गार्ग्य, गोभिल, साम्भव, कौत्सा र विश्वामित्र ।
गर्ग, गार्ग्य, गौतम, विश्वामित्र र पाराशर्य ।
गर्ग, गार्ग्य, आङ्गिरस, बार्हस्पत्य र भारद्वाज ।
गर्ग, गार्ग्य, घृतकौशिक, माण्डव्य र वैशम्पायन ।
गार्ग्य, घृतकौशिक, माण्डव्य, अथर्व र वैशम्पायन ।
गार्ग्य, आङ्गिरस, बार्हस्पत्य, भारद्वाज र सैत्यस (रिसाल, २०६० : १३) ।

शिखरनाथ सुवेदीको *थरगोत्रप्रवरावली*मा गर्ग गोत्रका गर्ग, गार्ग्य, गौतम, विश्वामित्र र पाराशर्यलाई प्रवर ऋषि भनिएको छ (सुवेदी, २०६० : २९) । यिनकै अर्को प्रकाशनको पुस्तकमा गार्ग्य, घृतकौशिक, माण्डव्य, अथर्व र वैशम्पायनलाई प्रवर ऋषि भनिएको छ (सुवेदी, २०५४ : २१) ।

यसरी कतै त्रिप्रवर त कतै पञ्चप्रवर मानिएको यस गोत्रका प्रवर ऋषि पनि भिन्न भिन्न पुस्तकमा भिन्न भिन्न उल्लेख गरिएका देखिन्छन् । अधिकतर विज्ञहरूले यसलाई पञ्चप्रवरकै गोत्र भनेका छन् । पारिवारिक पृष्ठभूमि, निकट सम्बन्धका ऋषि महर्षि तथा तिनका आचार व्यवहार जस्ता विभिन्न पक्षको अध्ययन गर्दा अङ्गिरा, बृहस्पति, भारद्वाज, गौतम र विश्वामित्र यस गोत्रका प्रवर पुरुष हुनु अधिक विश्वसनीय देखिन्छ । गर्गलाई पनि प्रवर पुरुषमा गणना गर्दा विश्वामित्र छुट्न जान्छन् । यो कुरा झनै ज्यादा पत्यारिलो बन्दछ । यहाँ २.१.२.८ अनुक्रममा यस गोत्रका प्रवर भनिने केही ऋषिको परिचय दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.२.६ गणको परिचय

गोत्रमा प्रवरका साथै **गण**को पनि परम्परा छ । **गण** भनेको गोत्रभित्रका सगोत्री ऋषि वा निकटतम पारिवारिक सम्बन्ध कायम भएका ऋषिको निश्चित सङ्ख्याको जमात हो ।

२.१.२.७ पक्षको परिचय

पक्ष भनेको गोत्रका गणको विकसित रूप हो । गोत्र गणसित सन्निकट सम्बन्ध भएका भिन्न गोत्रका विशेष सहयोगीलाई **पक्ष**मा गणना गरिन्छ । अर्कोतिर एउटै गोत्रबाट थर छुट्टिएर गएका बन्धुको जमातलाई पनि **पक्ष** भन्ने गरिन्छ । पथको विस्तारबाट परिवारले पाएको सामाजिक जिम्मेवारी तथा ख्यातिको परिचय मिल्दछ ।

२.१.२.८ गर्ग गोत्रका पुर्खा ऋषि

महर्षि गर्गको नामबाट विकसित भएको गोत्र गर्ग हो । गर्ग ऋषिका सन्तानलाई गार्ग्य भनिन्छ । गर्ग र गार्ग्यलाई भिन्न भिन्न नामबाट उल्लेख गरिएको पाइन्छ । गोत्र प्रवर्तक मूल ऋषि गर्गलाई गर्ग र तिनका सन्ततिलाई गार्ग्य भन्नु शब्दार्थ र व्यवहार दुवै दृष्टिले अनुकूल देखिन्छ । एउटै गोत्रबाट थर छुट्टिए पनि गोत्र भने छुट्टिँदैन । त्यस्ता बन्धुलाई सगोत्री भनिन्छ । मूलतः गोत्र प्रवर्तक ऋषि गर्गको परिचय यस अंशमा दिइएको छ । विभिन्न व्यक्तिले गर्ग गोत्रका प्रवर ऋषिको नाम फरक फरक बताए अनुसार **गर्ग, आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, गौतम, च्यवन, जामदग्न्य, पाराशर्य, विश्वामित्र, वैशम्पायन, माण्डव्य** र **गोभिल** शीर्षकमा यहाँ केही ऋषिको परिचय प्रस्तुत गरिएको छ ।

क. गर्ग

महर्षि गर्ग गोत्र प्रवर्तक ऋषि हुन् । गर्ग गोत्र यिनको नामबाट चलेको हो । यस गोत्रका सन्ततिलाई गार्ग्य भनिन्छ । महर्षि अङ्गिराका छोरा, बृहस्पति, बृहस्पतिका छोरा भरद्वाज र भरद्वाजका छोरा यिनी हुन् । यी सबै गोत्र प्रवर्तक, वैदिक मन्त्रद्रष्टा र प्रत्युत्पन्नमति महर्षि हुन् । ऋग्वेदको छैटौं मण्डलको सतचालिसौं सूक्तका द्रष्टा ऋषि यिनी हुन् । महर्षि भरद्वाजका छोरा भएकाले यिनलाई भारद्वाज भनिन्छ । अध्ययन अनुसन्धान, योग साधना, चिन्तन र लेखन यिनले पैतृक बिरासतका रूपमा पाएका हुन् । महर्षि भरद्वाजका ऋजिष्वा, गर्ग, नर, पायु, वसु, शास, शिराम्बिठ, शुनहोत्र, सप्रथ र सुहोत्र सहितका दस छोरा तथा दुई छोरी रात्रि र कशिपा गरी जम्मा बार जना सन्तान वैदिक मन्त्रद्रष्टा मानिन्छन् । त्यसैले महर्षि भरद्वाजको परिवारलाई उच्च शैक्षिक योग्यताले सम्पन्न मानिन्छ । गर्ग छोराहरूमध्ये माहिला सन्तान हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनले लेखेको *गर्गसंहिता* निकै प्रसिद्ध छ । यिनी यदु वंशका कुल पुरोहित पनि हुन् । महान् तपस्वी मानिने यिनलाई वसुदेवले आफ्ना छोराहरूको नामकरण संस्कारका लागि गोकुल गई दिन अनुरोध गरेका थिए । तदनुरूप यिनले गोकुल गएर भगवान् श्री कृष्ण र बलरामको न्वारन गराएका थिए । यिनको स्वागत गर्न पाउँदा नन्द बाबा ज्यादै प्रसन्न भएका थिए । कंसलाई यिनी वसुदेवका कुल पुरोहित हुन् भन्ने कुरा थाहा थियो । त्यसैले कंसले थाहा न पाउने गरी यिनी गोकुल पुगेका थिए । त्यहाँ यिनले स्वस्तिवाचनका साथ विधिवत् उक्त नामकरण संस्कार सम्पन्न गराएका थिए । भगवान् श्री कृष्णको यज्ञोपवीत संस्कार पनि यिनैले गराएका थिए । आफ्नो कृति *गर्गसंहिता*मा यिनले भगवान् श्री कृष्णका बाल लीलाको सुन्दर वर्णन गरेका छन् । यिनी *कात्यायनसूत्र*का भाष्यकार पनि हुन् । पौरस्त्य वाङ्मयमा यिनको विद्वता, त्याग र योग साधनाको चर्चा गरिएको पाइन्छ । शेषनागबाट यिनले ज्यौतिष शास्त्रको ज्ञान प्राप्त गरेका थिए । यिनी स्थापत्य कलाका पनि आचार्य मानिन्छन् । यिनका छोराको नाम गार्ग्य र छोरीको नाम गार्गी थियो । युधिष्ठिरको राजसूय यज्ञमा यिनलाई आमन्त्रण गरिएको थियो । महर्षि जमदग्निको आश्रमबाट गाई अपहरण गरेर लैजाने काममा आफ्ना यजमान राजा हैहयलाई यिनले रोकेका थिए । कौशिक ऋषिका सात छोराका गुरु पनि यिनी नै थिए । एक पटक अनिकाल पर्दा ती शिष्यले गाईको मासु खाएकाले यिनले शिष्यको पापका लागि पाँच पटक जन्म लिनु पर्ने श्राप पाएका थिए (शर्मा, सन् २००८ : २) । गर्ग नामका अन्य ऋषि पनि पाइन्छन् ।

ख. आङ्गिरस

गोत्रका प्रवर्तक महर्षि अङ्गिराका सन्ततिलाई आङ्गिरस भनिन्छ । कठोर तपस्या गर्न सक्ने र ब्रह्मविद्याको साधनामा लामो समय व्यतीत गर्न सक्ने ऋषिमा यिनको गणना गरिन्छ । सृष्टि कर्ता ब्रह्माले यज्ञबाट अङ्गिरा, भृगु र अत्रिलाई उत्पन्न गरेका हुन् । वरुण देवताले आयोजना गरेको उक्त यज्ञ लोक कल्याणको कामनाबाट अभिप्रेरित थियो । योग बल र ब्रह्मविद्याको प्रयोग गरेर यी तिन ऋषिलाई लोक हितका निम्ति ब्रह्माले अवतरण गराएका हुन् । यज्ञबाट उत्पन्न भएका हुनाले यिनलाई **यज्ञ पुत्र** र ब्रह्माले जन्माएका हुनाले **ब्रह्माका मानस पुत्र** पनि भनिन्छ । वैदिक मन्त्र द्रष्टा र मानव गोत्र प्रवर्तक यी ऋषि गर्ग गोत्रका **आदिपुरुष** भनिन्छन् । *ऋग्वेद*का अनेकौं ऋचाका द्रष्टा यिनी हुन् । अथर्व वेदका प्रादुर्भाव कर्ता भएकाले यिनलाई अथर्वा भनिन्छ । अथर्वा नामक प्रवर ऋषि यिनै हुन् । दस प्रजातिहरूमा यिनी पनि पर्दछन् ।

यिनको रूप वा परिणाम आप (जल) तत्त्व हो भनिन्छ । आधार जल तत्त्व भए पनि अग्निबाट उत्पन्न भएकाले यिनको स्वभाव वा प्रकृति भने अग्निमय वा प्रकाशमय देखिन्छ । त्यसो त जल पनि प्रकाशको स्रोत मानिन्छ । अचेल पानीबाट उत्पन्न गराइने बिजुली यस कुराको प्रमाण हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षप्रजापतिकी छोरी स्मृतिसित यिनको विवाह भएको थियो । स्मृतिबाट यिनका उतथ्य, संवर्त र बृहस्पति सहितका अनेक सन्तानको जन्म भयो । अर्को अभिमत अनुसार कर्दम ऋषिकी छोरी सुनीपा अर्थात् श्रद्धासित पनि यिनको विवाह भएको थियो । *अङ्गिरास्मृति* नामक यिनको ग्रन्थ निकै प्रसिद्ध छ । पवमान मण्डल नामबाट प्रसिद्ध ११४ सूक्त भएको ऋग्वेदको नवौं मण्डलका मन्त्रहरूका द्रष्टा ऋषिमा यिनी र यिनका सन्ततिको नाम आउँछ । यी ऋचामा सोम देवताको स्तुति गरिएको छ । यस मण्डलको पाठ गर्नाले सोम देवता प्रसन्न हुन्छन् भनिन्छ ।

यिनको तपस्या र उपासना कतिसम्म तेजिलो देखियो भने अग्नि देवता स्वयं लाचार भएर यिनको शरणमा आई आफूलाई निस्तेज नतुल्याई दिन अनुरोध गर्न थाले । तिनको ग्लानि र चिन्ता देखेर संवेदनशील बनेका यिनले तिनलाई आफ्नो छोराका रूपमा स्वीकार गर्ने वचन दिए । पछि गएर बृहस्पतिका रूपमा अग्नि महर्षि अङ्गिरामा छोरा बने । यिनले द्रष्टा बनेर प्राप्त गरेको निम्न लिखित ऋचा निकै चर्चित छ :

सत्यमेव जयते नानृतम् । सत्येन पन्था विवततो देवयानः । येनाक्रमन्तृषयो ह्याप्तकामा यत्र तत्सत्यस्य परमं निधानम् अर्थात् सत्य नै विजयी हुन्छ, झुटो विजयी हुँदैन किनभने जहाँ सत्यरूप परब्रह्म परमात्माको उत्कृष्ट धाम छ त्यहीं मुक्तात्मा ऋषिहरू जान्छन् (पोद्दार, २०६१ : ४१) ।

भीष्म पितामह शरशय्यामा रहँदा यिनी अनेकौं शिष्यहरूलाई साथमा लगेर भेट्न गएका थिए । यस नामका अन्य ऋषिहरू पनि देखिन्छन् तर ऋग्वेदका अनेक मन्त्रका द्रष्टा र ब्रह्मविद्यामा पारंगत मानिएका चर्चित ऋषि यिनै हुन् । साउन महिनामा सूर्यको रथमा रहने सौर गणका ऋषिका रूपमा पनि प्रसिद्ध छन् । यिनको उपहास गरेका कारण विद्याधर सुदर्शनले सर्जको जुनी लिनु परेको थियो भनिन्छ । आकाशलाई त्रिपुरारिको रथको खोल बनाएका थिए । काशी, प्रयाग, अयोध्या, मथुरा जस्ता प्रसिद्ध तीर्थ स्थल नै यिनका निवास हुन् भनिन्छ । यिनले अमरकण्टकमा कठोर तपस्या गर्नका साथै सोम देवताको स्तुति गरेका थिए । स्वायम्भुव मन्वन्तरमा यिनी सप्तर्षिमा गणना गरिने ऋषि हुन् । धर्मशास्त्रकार तथा स्मृतिकारका रूपमा यिनको उल्लेख गरिएको पाइन्छ । ज्यौतिष विद्यामा पनि यिनी निपुण थिए भनिन्छ (शर्मा, सन् २००८ : २) ।

ग. बार्हस्पत्य

वैदिक मन्त्रद्रष्टा ऋषि बृहस्पति गोत्र प्रवर्तकका साथै विभिन्न गोत्रका प्रवरमा परिगणित हुन्छन् । यिनी देवताका गुरु पनि हुन् । यिनको जन्म महर्षि अङ्गिरा तथा उनकी पत्नी सुनीपा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् श्रद्धाबाट भएको हो । स्वारोचिष मन्वन्तरका यिनी सप्तर्षिमध्येका एक हुन् । ऋग्वेदका अनुसार सात मुख, सुन्दर जिब्रो, मोडिएका सिङ, एक सय वटा प्वाँख भएका ऋषि यिनी हुन् । यिनका हातमा धनुष बाण र सुनको बन्चरो रहेको हुन्छ । यिनी बुद्धि र वक्तृताका देवता मानिन्छन् ।

यिनकी पत्नी ताराले चन्द्रमालाई वरण गरेर लामो समय बाहिर बस्दा ब्रह्मा र विष्णुले सम्झाई बुझाई फर्काएर यिनकै जिम्मा लगाएका थिए । तारा र चन्द्रमाबाट बुधको जन्म भएको थियो । यिनका एक जना छोराको पालन पोषणमा आमाबाबु दुवै जना उदासीन देखिए । फलस्वरूप मरुत् गणले तिनको पालन पोषण गरे । दुई थरीबाट हुर्काइएका व्यक्ति भन्ने अर्थमा तिनको नाम भरद्वाज राखियो ।

दैत्य गुरु शुक्राचार्य एक हजार वर्षसम्म भगवान् शंकरको उपासनाका लागि एकान्त वासमा रहँदा यिनी शुक्राचार्य बनेर दस वर्षसम्म उनकी पत्नी जयन्तीसित एकान्त वासमा बसेका थिए । त्यस बखत यिनले आफूलाई दैत्य गुरु भनेका थिए । त्यो कुरा थाहा भएपछि यिनी आफ्नै रूपमा फर्केका थिए ।

बृहस्पति ग्रह र त्यस ग्रहको नामबाट चलेको वार यिनकै रूप मानिन्छ । यो ग्रह सूर्य जस्तै तेजिलो मानिन्छ । यसमा बार वटा किरण हुन्छन् भन्ने कुरामा विश्वास गरिन्छ । यिनको रथमा वायु वेगमा दौड्ने आठ वटा सेता घोडा जोतिएका हुन्छन् भनिन्छ । जन्मेजयलाई सर्प सत्र बन्द गर्ने सल्लाह यिनले दिएका थिए (शर्मा, सन् २००८ : ३५८) ।

नास्तिक दर्शन भनिने चार्वाक दर्शनका प्रणेता यिनी मानिन्छन् । यिनलाई धर्मशास्त्र, अर्थशास्त्र, नीतिशास्त्र, ज्यौतिष र औषधि विज्ञानका आचार्य भनिन्छ । महाभारतमा यिनीसित सम्बद्ध विभिन्न उपाख्यानको उल्लेख पाइन्छ । *बृहस्पतिस्मृति* यिनको चर्चित ग्रन्थ हो । भित्री मनले उचित ठानेको काममा जतिसुकै बाधा विरोध आए पनि यिनै एक्लै सम्पन्न गर्न तम्सने हुँदा *एक्लो बृहस्पति भुटा* भन्ने उखान नै चलेको छ । यिनले बताएको बाटोबाट विचलित हुँदा देवताहरूले धेरै पटक शक्ति र कान्तिहीन हुनु परेको किंबदन्ती प्रचलित छ । एक पटक इन्द्रले यिनलाई मनपरी कुरा सुनाएपछि यिनले स्वर्ग छोडी दिए । यिनको ठाउँमा इन्द्रले विश्वरूपलाई पुरोहित बनाए तर स्वर्गको सुव्यवस्था, सौन्दर्य, कान्ति र गरिमा बिस्तारै घट्दै गएपछि लाचार भएर इन्द्रले माफी माग्दै यिनलाई पूर्ववत् जिम्मेवारी लिन अनुरोध गरेका थिए । इन्द्रलाई शक्तिशाली बनाउने यिनै हुन् भनिन्छ । यस नामका विभिन्न ऋषि पाइन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घ. भारद्वाज

वैदिक मन्त्रद्रष्टा ऋषि भरद्वाज गोत्र प्रवर्तकका साथै विभिन्न गोत्रका प्रवरमा समावेश गरिएका देखिन्छन् । वर्तमान वैवश्वत मन्वन्तरका सप्तर्षिमा पर्ने ऋषि यिनी हुन् । यिनलाई देवताका गुरु बृहस्पतिका छोरा भनिन्छ । अर्कातिर गुरु बृहस्पतिका दाजु उतथ्यका छोरा पनि यिनलाई भन्ने गरिन्छ । विभिन्न उपाख्यानका अनुसार यिनलाई उतथ्यकी पत्नी ममता र बृहस्पतिका सन्तान भनिन्छ । पछि गएर बृहस्पति र ममताका सन्तान भन्ने कुरा थाहा पाउँदा उतथ्यले यिनको पालनपोषण गर्न मानेनन् । पतिको उदासीनता देखेपछि ममताले पनि यिनको स्याहारमा रुचि देखाइनन् । आमाबाबुको पारस्परिक कलहका कारण उचित स्याहार नपाई दुब्लाउँदै गएका यिनको पालन पोषण मरुद्‌गणले गरे । एक थरी आमाबाबु अर्का थरी पालक पोषकको अभिभावकत्व भएका यिनलाई दुई थरीबाट हुर्काइएका भन्ने अर्थमा भरद्वाज भनिएको हो । पछि मरुद्‌गणले यिनलाई राजा भरतको जिम्मा लगाए । राजा भरतले पुत्रकै रूपमा यिनको शिक्षादीक्षाको व्यवस्था मिलाए । यिनमा भएको योग्यताबाट प्रभावित भई उनले यिनलाई राजगद्दी समेत सुम्पे तर यिनले राज्य सञ्चालनमा रुचि देखाएनन् । यिनी ब्रह्मविद्याको साधनातिर लागे । अनेक थरी परिस्थिति अनुभव गर्नु परे पनि प्रतिभाशाली यिनी आफूलाई उच्च स्तरको व्यक्तित्वको आसनमा स्थापित गर्न सफल भए । यिनमा बहुमुखी प्रतिभा देखिन्छ । कौरवहरूका गुरु द्रोणाचार्य यिनका छोरा हुन् ।

यिनले इन्द्रबाट व्याकरण सिकेका थिए । वेदको पूर्ण ज्ञान प्राप्त गर्न यिनले इन्द्रको उपासना गरे । तिन पटक मनुष्यको पूर्ण आयु पाउँदा पनि यिनले वेदको पूर्ण अध्ययन गर्न नसकेपछि स्वयं इन्द्रले बालुवाका तिन बटा ठुला पहाड उत्पन्न गरी एक मुठी बालुवा हातमा लिएर यिनलाई उदाहरण सहित वेदाध्ययनको यथार्थ कुरा बताए । इन्द्रले भने अनुसार वेदको पूर्ण अध्ययन मनुष्य जीवनमा गर्न सम्भव हुँदैन । मनुष्यले पाउने तेब्बर उमेर मिल्दा पनि भरद्वाजले एक मुठी बालुवा बराबरको मात्राको वेद अध्ययन गर्न सकेनन् । यथार्थमा पूर्ण वेद भनेको तिन वटा बालुवाका पहाड हुन् भने तेब्बर आयु पाउँदा पनि भरद्वाजले जानेको वेद एक मुठी बालुवा हो । त्यसैले जीवनमा चाहिने जति मात्र वेदको ज्ञान प्राप्त भयो भने पनि धेरै हो । त्यसपछि वेदाध्ययनको बाटोलाई भन्दा पनि यिनले ब्रह्मज्ञानको बाटोलाई महत्त्व दिए (शर्मा, सन् २००८ : ३७१) ।

मित्र स्तुति, वरुण स्तुति, विष्णु स्तुति, पूषण स्तुति, उषः स्तुति, मरुत् स्तुति, अश्विनी स्तुति, सरस्वती स्तुति, गौ स्तुति, द्यौ स्तुति, पृथ्वी स्तुति, सविता स्तुति, सोम स्तुति, बृहस्पति स्तुति, रुद्र स्तुतिलाई सूक्तमा आबद्ध गर्ने ऋषि यिनै हुन् । चरकबाट यिनले आयुर्वेदको अध्ययन गरेका थिए । वैयाकरण, धर्मशास्त्री, शिक्षाशास्त्री, धनुर्विद्, आयुर्विद्, भौतिक शास्त्री, अर्थशास्त्री,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिज्ञ, स्मृतिकार, सूत्रकार, ग्रन्थकार तथा सूक्तकार यिनले श्रौत र गृह्य गरी दुइटा सूत्र ग्रन्थ निर्माण गरेका थिए । संहिताहरूमा यिनले बृहत्सामको निकै ठुलो महत्त्व रहेको कुरा बताएका छन् (सुवेदी, २०६३ : २०-२४) ।

प्रयागमा गङ्गा र यमुनाको संगम नजिकैको ठाउँमा यिनको आश्रम थियो । भगवान् राम वन जाँदा र वनवासबाट अयोध्या फर्कँदा यिनको आश्रममा बसेका थिए । भगवान् रामलाई चित्रकूटमा बस्ने सल्लाह यिनैले दिएका थिए । अर्कातिर रामलाई वनवासबाट फर्काउन हिँडेका भरत पनि यिनको आश्रममा बसेका थिए । भीष्म पितामह शरशय्यामा रहँदा यिनी अनेकौं शिष्यहरूलाई साथमा लिएर भेट्न गएका थिए । युधिष्ठिरले राजसूय यज्ञमा यिनलाई विशेष रूपमा आमन्त्रण गरेका थिए । विमान निर्माण गर्न सक्ने सिप यिनमा थियो । काशी, प्रयाग, अयोध्या, मथुरा जस्ता प्रसिद्ध तीर्थ स्थल नै यिनका निवास हुन् भनिन्छ । एक पटक आफ्ना मित्र रैभ्यलाई भ्रमवश श्राप दिएपछि यथार्थ कुरा बुझ्दा उनको कुनै गलती नभएको कुरा यिनले थाहा पाए । आफूबाट भएको अक्षम्य अपराधबाट चिन्तित यिनले शोकमै जलेर प्राण त्याग गरे । पछि तिनै मित्र रैभ्यकका छोरा अर्थावसुले यिनलाई तपोबलबाट जीवित गराएका थिए (शर्मा, सन् २००८ : ३७१) ।

यिनले धन र तृष्णाबाट हुने हानिका विषयमा बताएका कुरा *पद्मपुराण*मा यसरी प्रस्तुत गरिएको छ :

जीर्यन्ति जीर्यतः केशाः दन्ता जीर्यन्ति जीर्यतः ।
जीविताशा धनाशा च जीर्यतोपि न जीर्यति ।।
चक्षुः श्रोत्राणि जीर्यन्ति तृष्णैका तरुणायते ।
सूच्या सूच्यं यथा वस्त्रे संसूचयति सूचकः ।।
तद्वत्संसारसूत्रं हि तृष्णासूच्योपनीयते ।
यथा शृंगं रुरोः काये वर्धमाने च वर्धते ।।
तथैव तृष्णा वित्तेन वर्धमानेन वर्धते ।
अनन्तपारा दुष्पूरा तृष्णा दोषशतावहा ।।
अधर्मबहुला चैव तस्मात्तां परिवर्जयेत् (पाण्डेय, २०५८ : २५४) ।।

अर्थात् मान्छे बुढो भएपछि कपाल फुल्नु र दाँत झर्नु स्वाभाविक कुरा हो तर धन र जीवनको आशा भने बुढेस कालमा पनि बुढो हुँदैन । त्यस्तो चाहना सधैं नयाँ र जवान हुन्छ । बुढेस कालमा आँखा र कान जीर्ण बन्दछन् तर तृष्णा चाहिं तरुनै रहन्छ । सूचीकारले लुगा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिउँदा कपडामा सियो छिराए जस्तै तिर्सनारूपी सियोले संसाररूपी धागोलाई भित्री मनमा प्रवेश गराउँछ । बारसिङे मृगका सिङ उमेर बढ्दै जाँदा बढे झैँ धनको वृद्धिसँगै तिर्सना पनि बढ्दै जान्छ । तिर्सनाको सिमाना हुँदैन । उसको पेट कहिल्यै भरिँदैन । त्यो सयौँ दोष बोकेर हिँड्दछ र अनेकौँ अधर्म गर्दछ । त्यसैले तृष्णालाई छोड्नु नै उचित हुन्छ ।

ङ. गौतम

वैवश्वत मन्वन्तरका प्रसिद्ध ऋषि गौतम धर्मसूत्रका रचनाकार वैदिक ऋषि हुन् । यिनलाई गर्ग गोत्रीय परिवारका प्रवर ऋषि मानिएको देखिन्छ । कसैले यिनको सट्टा विश्वामित्र त कसैले च्यवन वा जमदग्निलाई प्रवर ऋषिमा गणना गरेको देखिन्छ । अहल्या यिनकी पत्नी हुन् । श्रापवश ढुङ्गो बनेकी उनलाई भगवान् रामको चरण स्पर्शबाट पुनः यथारूप प्राप्त भएको थियो । अहल्याबाट गौतमका शतानन्द नामक पुत्रको जन्म भएको थियो । यिनी *गौतमधर्मसूत्र*का प्रणेता मानिन्छन् । राजा जनकका राजपुरोहित यिनी हुन् । यिनी त्याग, वैराग्य, तप र भगवद्भावका प्रतिमूर्ति थिए । स्मृतिकार यिनी धनुर्विद्यामा निपुण मानिन्छन् । यिनको स्मृति त्रेता युगका लागि तुलनात्मक रूपमा बढी उपयोगी ग्रन्थ मानिन्छ । यिनी पनि गोत्र प्रवर्तक ऋषि हुन् । यस नामका अनेकौँ ऋषि छन् । यिनको निम्न लिखित भनाइ विशेष सूक्तिका रूपमा लिइन्छ :

चिरं वृद्धानुपासीत चिरमन्वास्य पूजयेत् ।
चिरं धर्मान्निषेवेत कुर्याच्चान्वेषणं चिरम् ।।
चिरमन्वास्य विदुषश्चिरशिष्टानुपास्य च ।
चिरं विनीय चात्मानं चिरं यात्यनवज्ञताम् ।।
ब्रुवतश्च परस्यापि वाक्यं धर्मोपसंहितम् ।
चिरं पृष्ठोपि च ब्रूयाच्चिरं न परिमप्यते (पोद्दार, २०६१ : ५२) ।।

अर्थात् लामो समयसम्म चिनेर मात्र मित्र बनाउनु राम्रो कुरा हो र बनाइएको मित्रलाई सहजै नछोड्नु पनि राम्रो बानी हो । लामो समय लगाएर बनाइएको मित्रसित लामै समयसम्म मित्रता हुनु पर्दछ । माया, मोह, घमण्ड, अभिमान, द्रोह, पाप कर्म र अप्रिय कर्तव्यमा ढिलासुस्ती गर्नु राम्रो काम भए झैँ बन्धुबान्धव, मित्र, हितैषी, सेवक र महिलाका अव्यक्त अपराधमा तुरुन्तै दण्ड नदिएर धेरै समयसम्म विचार गर्नु पनि त्यत्तिकै राम्रो काम हो । ज्ञानवृद्ध र वयोवृद्ध व्यक्तिको संगत जति लामो समयसम्म गर्‍यो त्यति नै राम्रो हुन्छ । लामो समयसम्म सेवा गरेर त्यस्ता व्यक्तिलाई सम्मानित तुल्याउनु भनेको लामो समयसम्म धर्म गर्नु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च. च्यवन

महर्षि च्यवनलाई कतिपय अध्येताहरूले गर्ग गोत्रीय परिवारका प्रवर ऋषि मानेका छन् । कसैले यिनको सट्टा विश्वामित्र त कसैले जमदग्निलाई यस गोत्रका प्रवर ऋषिमा गणना गरेको पनि देखिन्छ । यो कुरा त्यति विश्वासिलो लाग्दैन तापनि तिनका धारणालाई पनि महत्त्व दिन यहाँ महर्षि च्यवनको परिचयका बारेमा सामान्य चर्चा गरिएको छ ।

*महाभारत*को पौलोम पर्वमा वर्णित कथा अनुसार भृगुनन्दन कुलपति शौनक सहितका महर्षिलाई नैमिषारण्यमा चलेको बार बर्से व्याख्यानमालामा लोमहर्षणपुत्र उग्रश्रवाले पौराणिक घटना सुनाउँदै च्यवन ऋषिको जन्म बारे के बताए भने प्रजापति भगवान् ब्रह्माले वरुण देवताद्वारा आयोजित विशेष यज्ञमा अग्निबाट एउटा पुत्ररत्न उत्पन्न गरे । ब्रह्माका मानसपुत्र ती बालकको नाम भृगु राखियो । पछि गएर ती ब्रह्मर्षि भए । भर्ग अर्थात् तेज, प्रकाश वा ज्वालाबाट प्रस्फुटित भई उत्पन्न भएकाले तिनको नाम भृगु राखिएको हो । ठुलो भएपछि तिनको विवाह पुलोमासित गरियो । पुलोमालाई तिनी असाध्यै प्रेम गर्दथे । पुलोमा पनि तिनीप्रति ज्यादै समर्पित थिइन् । ती दुई ऋषिदम्पती पारस्परिक मायाका लागि नमुनाका जोडी थिए ।

एक दिन बिहानै महर्षि भृगु स्नान गर्न नदीमा गए । ऋषिपत्नी पुलोमा एक्लै आश्रममा भएका बखत पुलोम नामक एउटा राक्षस आश्रममा पस्यो । राक्षसले परमरूपवती यौवना पुलोमालाई देख्यो । तिनको लावण्य देखेर मोहित भएको त्यो राक्षस पतिव्रता ऋषिपत्नीसमक्ष गयो । पुलोमाले आश्रममा आएको कुनै पाहुना ठानेर फल तथा प्रसाद दिई त्यसको स्वागत गरिन् । एक्ली पुलोमालाई कामवासनाले आहत त्यस राक्षसले आश्रमबाट हरण गरेर लैजान चाह्यो । त्यसले पुलोमाको हरण गर्ने हिम्मत राख्नका पछाडि एउटा घटना आधार बनेको थियो । कुरा के भएको थियो भने पुलोमा सानै छँदा एक दिन सारै रोई रहेकी थिइन् । तिनको रोदन शान्त पार्न पिताले डर देखाउँदै राक्षसलाई बोलाएर 'ले राक्षस, यसलाई लैजा' भने । नभन्दै त्यस ठाउँको एउटा कुनामा पहिलेदेखि नै पुलोम नामक राक्षस लुकेर बसेको थियो । उसले मनमनै बालिका पुलोमालाई वरण गऱ्यो अर्थात् लैजान्छु भन्यो । कुरा त्यति मात्र थियो । त्यसैलाई आधार बनाएर ऊ पुलोमालाई आफ्नी पत्नी सम्झन्थ्यो र 'पुलोमाकै पिताले वाग्दान गरेर आफूलाई दिएको हो' भन्दथ्यो ।

पुलोमा ठुली भएपछि पिताले उनको हात महर्षि च्यवनलाई थमाई दिए । शास्त्रोक्त विधिपूर्वक च्यवन र पुलोमाको विवाह भई पतिगृहमा पुलोमा सारै रमाई रहेकी थिइन् र गर्भवती भई सकेकी थिइन् । उता राक्षसलाई चाहिँ पुलोमा अर्केकी भएको घटनाप्रति क्षोभ थियो । त्यो घटना सम्झँदा पनि उसको मन कुँडिन्थ्यो । मौका छोपेर पुलोमाको अपहरण गर्न इच्छुक त्यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षसले सौन्दर्यकी खानी तिनलाई आश्रममा एक्ली भेटाउँदा आँखा नभएको मान्छेले हेर्ने शक्ति पाए झैं खुसी अनुभव गऱ्यो । अपहरणका लागि अपनाउनु पर्ने उपाय सोची रहेका बखत राक्षसले यज्ञकुण्डमा अग्नि प्रज्ज्वलित भई रहेको देख्यो । अग्निलाई देख्दा लज्जावश उसको कामावेश र अपहरण गर्ने इच्छा केही कमजोर भयो । उसले हिम्मत राखेर अग्निलाई सत्यको किरिया ख्वाउँदै 'नियम अनुसार पुलोमा आफू वा महर्षि भृगुमध्ये कसकी पत्नी हुन्' भन्ने प्रश्न गऱ्यो । उसको तर्क थियो पुलोमालाई महर्षि भृगुले अपहरण गरेका हुन्, वस्तुतः पुलोमा उसकै पत्नी हुन् । त्यसैले पुलोमालाई हरण गरेर लगेमा उसलाई कुनै पाप लाग्ने छैन । राक्षसको क्रोधपूर्ण आवेग र साहस देखेर अग्नि दोधारमा परे । उनलाई ज्यादै दुःख लाग्यो र कुरा पनि दोधारे नै गरे किनभने उनी एकातिर राक्षसको डर र अर्कातिर महर्षि भृगुको श्राप पाइने सम्भावनाबाट त्रस्त थिए । उनले राक्षसलाई सम्झाउँदै 'विधिपूर्वक मन्त्रोच्चारण गरेर महर्षि भृगुले विवाह गरे पनि पुलोमाको वरण चाहिं तिमीले नै पहिले गरेका थियौ, पुलोमाका पिताले उत्तम वर खोज्ने लोभमा परेर तिमीलाई छकाएर महर्षि भृगुलाई छोरीज्वाइँ बनाएका हुन्, यो कुरा साँचो हो' भने । अग्निका अस्पष्ट कुरा सुनेर राक्षसको हिम्मत झनै बढ्यो । उसले बराह अर्थात् सुँगुरको रूप धारण गरी तत्कालै पतिव्रता सुन्दरी पुलोमाको अपहरण गऱ्यो । त्यस बेला पुलोमाको गर्भमा शिशु हुर्कंदै थियो । कामवासना र प्रतिशोधका कारण पुलोमालाई उठाई सुँगुररूप राक्षस तीव्रगतिमा वनतिर दौड्न थाल्यो । राक्षसको अधीनमा रहेकी पुलोमा डरले थर्कमान भइन् र ज्यादै रोइन् । आमाको दयनीय अवस्था र राक्षसको अत्याचार देखेर योगबलबाट गर्भस्थ बालक गर्भबाट च्युत भयो । आमाका पेटको गर्भ तुहिएर बाहिर निस्केको त्यो बालक सूर्य समान तेजस्वी थियो । त्यसको मुखमण्डलबाट प्रकट भएको ज्वाला कति उग्र थियो भने अपहरणकारी राक्षस त्यहींनेर जलेर खरानी भयो । उता डरले अतालिएकी पुलोमा मूर्च्छा परिन् । निकै बेरपछि उनको होस आयो । चेतनामा फर्केपछि उनले आफ्ना नजिकै महातेजस्वी बालक देखिन् र आफ्नो अवस्थाका बारेमा पनि थाहा पाइन् । साहस गरेर नवजात शिशु बोकी उनी आश्रममा फर्किन् । अपहरित भएर राक्षसका काबुमा रहँदै आश्रमबाट वनतिर जाने क्रममा रोएकी पुलोमाका आँसुबाट बनेको नदीलाई प्रजापति ब्रह्माले आफ्नी पुत्रबधूले भोग्नु परेको इतिहास कायम राख्न **बधूसरा** भन्ने नाम दिए जो महर्षि च्यवनको आश्रम मानिने ठाउँका नजिकै बगदछ ।

नवजात शिशु सहित आश्रम फर्केकी पुलोमालाई देखेर महर्षि भृगु आश्चर्यचकित भए । उनले पुलोमाबाट सबै वृत्तान्त थाहा पाए । भृगुले लाचार पुलोमालाई सङ्कटबाट बचाउन उचित सहयोग गर्नको सट्टा दुष्ट राक्षससित डराएर स्पष्ट विचार व्यक्त नगरी दोधारे कुरा गरेका हुनाले अग्निलाई 'सर्वभक्षी' अर्थात् जे पनि खाने हुनु परोस् भन्ने श्राप दिए । अग्नि पनि मुखभरि जवाफ र वचनभरि श्राप दिन सक्थे तर भृगु ब्राह्मण भएकाले त्यसो गरेननन्, संयम राखे । त्यसो भए तापनि अग्निले द्विजहरूका यज्ञ, सत्र र संस्कारलाई समेटेर राखी दिए र आफूलाई अदृश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारी दिए । त्यसबाट संसारमा हाहाकार मच्चियो । त्यस्तो अवस्थाबाट पार पाउन ऋषि तथा देवता ब्रह्मा कहाँ गए । पछि अग्निलाई बोलाएर ब्रह्माले सम्झाए । उनले अग्नि अपवित्र हुन नसक्ने र उनले गरेको दूषित भोजन अपानदेशको ज्वाला (चिताग्निको ज्वाला)मा गएर भिन्न कार्य गर्ने हुँदा जस्तोसुकै पदार्थ पनि अग्निको ज्वालामा तप्त भई शुद्ध हुने कुरा बताए । ब्रह्माको आग्रह स्वीकार गरी अग्नि पुनः लोककल्याणमा संलग्न भए । यस घटनाको सङ्केत डोटी प्रदेशमा विभिन्न याज्ञिक कार्य गर्दा सम्पन्न गरिने अग्निस्थापना र अग्निपूजाका क्रममा नारीसमूहले गाउने 'बैस्यान्नरको फाग'मा पनि पाइन्छ (पन्त, २०५५ : ६२२-६२९) ।

महर्षि भृगुका पुत्ररत्नका रूपमा गर्भच्यवित भई जन्मेका यशस्वी र तेजस्वी ती बालक भृगुसन्तति भएका नाताले **भार्गव** भनिए । आमाको गर्भबाट योगबलद्वारा च्यवित भई जन्मेकाले भृगुपुत्र यिनै भार्गवलाई पछि **च्यवन** भनियो । ठुला भएपछि यिनी पनि योगबल र अन्य अनेकौं योगदानका कारण महर्षि च्यवनका नामबाट प्रसिद्ध भए । यिनले लामो समय नैष्ठिक ब्रह्मचर्यका साथ उग्रतपमा बिताए । वितस्ता नदीका किनारमा खानपान छोडेर एकासनमा बसी यिनले निकै वर्षसम्म कठोर तपस्या गरे । कतिसम्म भने योगसमाधिमा लीन हुँदा धमिराले गुँड बनाएर यिनको शरीरलाई ढिस्को जस्तो तुल्याएको कुरा पनि यिनलाई थाहा भएन । यसै सन्दर्भमा एउटा अर्को पौराणिक कथा प्रचलित छ ।

मनुका छोरा राजा शर्याति वेदवेत्ता थिए । उनी आङ्गिरस गोत्रका ऋषिबाट दरबारमा यज्ञ गराउँथे । यज्ञयागादि र धर्मकर्ममा उनी असाध्यै रुचि राख्थे । उनकी सुकन्या नाम गरेकी एउटी छोरी थिइन् । बालसुलभ चञ्चला तिनी कमलनयनी थिइन् । तिनका सौन्दर्यको चर्चा राज्यभरि फैलिएको थियो । अत्यन्त सुन्दरी छोरी पाएकाले राजा पनि सारै खुसी थिए । यात्रा र सामान्य घुमफिरका क्रममा उनी छोरीलाई जहिले पनि साथमा लग्दथे । सुकन्याका सँगिनीहरू राजालाई राजाका नाताले भन्दा पनि छोरीलाई अत्यन्त माया गर्ने सुकन्याका पिता चिन्दथे । एक दिन सिकार खेल्ने क्रममा छोरी र तिनका सँगिनीलाई साथमा लगेर वनमा घुम्दै गर्दा च्यवन आश्रममा ती राजा पुगे । त्यहाँ सँगिनीसँग घुम्दै जाँदा सुकन्याले धमिराले बनाएको गुँडको शिरभागमा दुइटा प्वाल देखिन् । ती प्वालमा जुनकिरी जस्तो दिव्य ज्योति चम्केको पनि तिनले देखिन् । युवासुलभ चञ्चलताका कारण ती कन्याले ती दुई प्वालमा वनका तिखा काँडा घोची दिइन् । काँडा बिज्नासाथ दुवै प्वालबाट रगतको भुल्को फुट्यो । ती कन्या डराइन् । उता राजा शर्यातिका सैनिकहरूको मलमूत्र रोकिन गयो । राजाले कन्या वा सैनिकले च्यवन ऋषिमाथि अनुचित व्यवहार गरेको हुन सक्ने शङ्का गरे । पिताको आशङ्का र डर देखेर सुकन्याले धमिराका ढिस्काका दुइटा प्वालमा काँडा गोबेको र तिनबाट रगतको भुल्को फुटेको देख्ता सँगिनी सहित आफू डराएर राजासामु आएको कुरा सुनाइन् । छोरीका कुरा सुनेर राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हडबडाए । उनी धमिराको ढिस्कोका नजिक गई महर्षि च्यवनको स्तुतिका साथ क्षमायाचना गर्न थाले । महर्षि च्यवनको क्रोध शब्दमा प्रकट हुन नपाउँदै राजाले परमसुन्दरी ती छोरी सुकन्यालाई महर्षिको सेवामा समर्पित हुन अर्पण गरे । डर लाग्दो सङ्कटबाट मुक्त भई महर्षिको अनुमति लिएर राजा दरबार फर्के ।

अन्धा भएका महर्षि च्यवनलाई पतिका रूपमा पाएर सुकन्याले निकै सेवा गरी खुसी पारिन् । महर्षिको चाहना बुझेर उनी सेवा गर्थिन् । केही समय व्यतीत भएपछि दुवै अश्विनीकुमार च्यवनको आश्रममा आए । आयुर्वेद र योगविद्यामा निष्णात अश्विनीकुमारहरूको सत्कार महर्षिले दत्तचित्त भएर गरे । आश्रममा स्वागत एवं सम्मान पाएर प्रसन्न भएका अश्विनीकुमारको मनोभाव बुझी महर्षि च्यवनले ती दुई अश्विनीकुमारको ज्ञान वा सिप प्रयोग गरेर आफूलाई युवतीहरूले देख्नासाथ मोहित हुने रूप, आँखा, सौन्दर्य र जवानी दिन अनुरोध गरे । त्यस बापत सोमपान गर्ने अधिकार नभए पनि यज्ञमा सोमरसको भाग दिने आश्वासन पनि महर्षिले ती दुई अश्विनीकुमारलाई दिए । त्यसपछि आयुर्वेदका मर्मज्ञ तिनले महर्षि च्यवनलाई आश्रमका नजिकैको सरोवरमा स्नान गर्न भने । जीर्ण शरीर, चाउरिएको छाला, सेताम्मे केश र उभिन पनि नसक्ने अवस्थाका महर्षिलाई ती दुई अश्विनीकुमारले जतनपूर्वक सहारा दिएर उक्त सरोवरमा लगेर स्नान गराए । त्यही बखत सरोवरमा तिन जना ज्यादै सुन्दर युवाहरू प्रकट भए । सूर्य समान तेजस्वी तिनै जना समान रूपका, अति नै सुन्दर, कमलका फुलको माला लगाएका, रमणीय वस्त्र धारण गरेका, कानमा कुण्डल पहिरेका र नील कमलको फुल झैँ आँखा भएका देखिए । साध्वी र सुन्दरी सुकन्याले ज्यादै आकर्षक तिन जना युवालाई देखेर छक्क पर्दै तीमध्ये च्यवन चाहिँ को हुन् यथार्थ कुरा भनी दिन अश्विनीकुमारहरूसित अनुरोध गरिन् । सुकन्याको पातिव्रत्य देखेर प्रसन्न भएका अश्विनीकुमारले उनका वास्तविक पति चिनाई दिए । महर्षिको आज्ञा लिई विमानबाट त्यसपछि ती दुई आश्विनीकुमार स्वर्गतिर लागे ।

ज्वाइँ महर्षि च्यवनबाट यज्ञ गराउने इच्छा भएकोले त्यस घटनाको केही दिनपछि राजा शर्याति आश्रममा आए । त्यहाँ उनले छोरी सुकन्याका साथ सूर्य समान तेजस्वी परम सुन्दर एक जना युवकलाई देखे । आफ्ना पिताको स्वागत एवं अभिवादन गर्न तत्पर भएकी सुकन्यालाई राजा शर्यातिले निकै हपारे । सबै लोकले वन्दना गर्ने महर्षि च्यवन जस्ता मुनिलाई बुढो देखेर परपुरुषसित लहसिएको र कुलमा कलङ्क लगाई निर्लज्ज भएर जारको सेवा गर्न लागेको भनेर राजाले छोरी सुकन्यालाई गर्नसम्म गाली गरे । पिताजीलाई भ्रम परेको र अज्ञानतावश आक्रोशपूर्वक अपशब्द बोलेको देखेर सुकन्या मुस्कुराइन् । तिनले सम्पूर्ण वृत्तान्त बताई आफूसँगै बसेका युवा स्वयं महर्षि च्यवन भएको जानकारी दिइन् । छोरी सुकन्यालाई आशीर्वाद दिई राजाले प्रसन्नता व्यक्त गरे । त्यसपछि उनले दुवैलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दरबार लगेर महर्षि च्यवनबाट सोमयज्ञको अनुष्ठान गराए । सोमपानका अधिकारी नभए पनि महर्षि च्यवनले सोही यज्ञमा अश्विनीकुमारहरूलाई सोमपान गराए । महर्षिको त्यो काम इन्द्रलाई मन परेन । त्यसैले सोमयज्ञ गर्ने राजा शर्यातिलाई मार्न इन्द्रले बज्र उठाए तर महर्षि च्यवनले योगबल प्रयोग गरेर इन्द्रका हात जहाँका तहीं खडा राखी दिए । उत्तानवर्हि, आनर्त, भूरिषेण सहितका तिन छोरा र एक छोरी सुकन्याका पिता राजा शर्यातिको त्यस सोमयज्ञपछि सबै देवताहरूले अश्विनीकुमारहरूलाई सोमको भाग दिन स्वीकार गरे (भट्टराई, २०६४ : ९२३) । महर्षि च्यवनले विपक्षीलाई स्तम्भित गर्ने शक्ति भगवान् शङ्करबाट प्राप्त गरेका थिए ।

अश्विनीकुमारका योग, सिद्धि, उपचारको सिप वा आयुर्वेदीय ज्ञानको प्रयोगबाट वृद्धावस्थामा युवा बन्ने सौभाग्य पाएका यिनै महर्षि च्यवन स्वयं आयुर्वेदका मर्मज्ञ र योगका आचार्य हुन् । यिनलाई शान्त, संयमित, सरल, निर्दोष, धर्मात्मा र यशस्वी भन्ने गरिन्छ । आयुर्वेदीय शक्तिवर्द्धक च्यवनप्राश अवलेह यिनकै प्रयोग र संरचना भएकोले हाल पनि सोही नामबाट यो औषधि प्रसिद्ध बनेको छ ।

सन्न्यास लगायतका विभिन्न प्रकारका मोक्षमार्गप्रति असन्तुष्टि व्यक्त गर्दै इहलोकमा सन्तुष्टि एवं परलोकमा निर्वाणका उपाय बारे जानकारी लिन चाहने एक जना तपोनिधि ब्राह्मणलाई महर्षि च्यवनले दिएको उच्छ र शिलवृत्तिबाट गुजारा गर्नु पर्ने कुराको उपदेश *महाभारत* शान्तिपर्वको तिन सय त्रिसट्ठीदेखि तिन सय पैंसट्ठीसम्मका तिन वटा अध्यायमा प्रस्तुत गरिएको छ । त्यहाँ बताइए अनुसार धार्मिक र नैष्ठिक व्यक्तिले उच्छ अर्थात् पाकेको अन्नबाली काटी सकेपछि खेतमा झरे परेको वा बजार बन्द भएपछि अन्न किनबेच गरिएको ठाउँमा खसेको वा छाडिएको वा अलपत्र पारिएको धान, गहुँ, जौ जस्ता विविध अन्नका दाना बटुलेर कुटपिस गरी तयार पारिएको सात्त्विक भोजन र शिल अर्थात् पराल वा भुसमा बाँकी रहेको अन्नका दाना जम्मा पारेर कुटपिस गरी बनाइएको सात्त्विक भोजन ग्रहण गर्नु पर्दछ । यस्ता भोजनको सेवाबाट देवतादि सिद्धजनले प्राप्त गर्ने उत्तम गति मिल्दछ (पाण्डेय, २०५८ : ५४२२-५४२४) । यस भनाइको तात्पर्य के हो भने भौतिकवादी नबनेर जीवनलाई सकेसम्म सरल, स्वाभाविक र सामान्य बनाउने काम गर्नु पर्दछ ।

महर्षि च्यवनको योगसमाधि, प्राणीप्रेम, तपोबल र सिद्धिका बारेमा भीष्म पितामहले धर्मराज युधिष्ठिरलाई बताएको उपाख्यान पनि यहाँ उद्धृत गर्नु उपयुक्त देखिन्छ । *महाभारत* अनुशासन पर्व अन्तर्गतको दानधर्मपर्वको पचासदेखि एकाउन्नसम्मका दुई अध्यायमा यो उपाख्यान प्रस्तुत गरिएको छ । महर्षि च्यवन र राजा नहुषका बिच सम्वादात्मक रूपमा व्यक्त गरिएको पूर्वप्रसङ्गबाट ज्ञात भएका कथाका आधारमा भीष्म पितामह भन्दछन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन कालमा महर्षि च्यवनले अभिमान, क्रोध, हर्ष र शोक परित्याग गरेर दृढतापूर्वक बार वर्षसम्म कठोर जल समाधि व्रत धारण गरे । त्यस क्रममा उनले सारा जलचर जीवहरूमा आफूमाथिको विश्वास कायम गरे । गङ्गा र जमुनाको सङ्गमस्थलको जलमा उनी काठको खम्बा ठडिए झैं स्थिर भएर बसे । वर्षाकालको गङ्गाजमुनाको वेग र गर्जना भयङ्कर हुन्थ्यो र मुनिको मस्तकमा त्यसको आघात पर्दथ्यो । त्यसो हुँदा हुँदै पनि आफूभित्र महर्षिको उपस्थिति बुझेर गङ्गाजमुना सकेसम्म बचाउने र महर्षिको दिव्य शरीरको परिक्रमा गर्ने काम गर्दथे । महर्षि कहिले पानीमा काठ जस्तै बग्ने र कहिले वृक्ष जस्तै उभिने गर्दथे । जलजन्तु यिनको सान्निध्य पाएर खुसी हुँदै यिनलाई चुम्बन गर्दथे । यसै सिलसिलामा परिश्रमी, बलवान् र शौर्यसम्पन्न माझीहरूको एउटा समूहले एक दिन सङ्गममा माछा मार्न बलियो धागोले बनाइएका ठुला ठुला जाल फाले । तिनीहरूले सङ्गमबाट महर्षि च्यवन सहित हजारौं माछा भूसतहमा ताने । महर्षिको दारी, केश र शरीर पानीको लेउ लागेर पुरै हरियो भई सकेको थियो । साथै शरीरमा चित्र जस्तै अनेकौं रेखा बनेका थिए । आफूसितै धर्तीमा तानिएका माछा र अन्य जलजीव पानीबिना छटपटिएर मरेका देख्दा महर्षि करुण बने । यिनका आँखामा आँसु छचल्कियो र यिनी लामोलामो ाई राजाले महर्षि च्यवन तथा माछाहरूको उचित मूल्य बताई दिन अनुरोध गरे । मुनिले ब्राह्मण र गाई दुई रूपमा विभक्त प्राणी भए पनि तिनको मूल भने एउटै हो, सबै वर्णमा ब्राह्मण उत्तम भए झैं गाई पनि उत्तम प्राणी भएकोले यिनको मूल्य एउटा गाई दिएर चुक्ता गर्नु उपयुक्त हुने कुरा राजा नहुषलाई सुनाए । राजाले एउटा गाई माझीलाई दिए । गाईको महिमा सुनाउँदै महर्षिले गाईको गुणकीर्तन तथा श्रवण, गोदान र गोदर्शन गर्नु परमकल्याणकारी कार्य भएको र गाई सधैं लक्ष्मीको रूप भएको, मनुष्यलाई अन्न तथा देवतालाई हविष्य दिने, गाईले गरेको स्वाहा एवं वषट्कार गाईमा नै प्रतिष्ठित हुने गरेको र गाईले नै यज्ञ सञ्चालन गर्ने गरेकोले गाई काया र कान्तिबाट अग्नि समान हुने, गाईको उपस्थितिबाट पापनाश हुनका साथै स्थान पवित्र बन्ने, गाईले नै स्वर्गका लागि सिँढीको काम गर्ने र समस्त मनोकामना पूर्ण गर्ने कुरा पनि व्यक्त गरे ।

महर्षि च्यवनको दर्शन र राजा नहुषबाट गाई प्राप्त गरेका माझीहरूले सज्जनको सङ्गत सात पाइलासम्मको यात्रामा गर्दा पनि मित्रता कायम हुने परिप्रेक्ष्यमा महर्षिको केही समय दर्शन, साक्षात्कार एवं सन्निकटता प्राप्त भएकोमा आफूहरू अहोभाग्य बनेको कुरा सुनाउँदै राजाबाट प्राप्त गाई महर्षिप्रतिको सम्मानको प्रतीक ठानेर उपहारस्वरूप ग्रहण गरी दिन अनुरोध गरे । महर्षिले दीनदुःखी, ऋषि र सर्पको क्रोध एवं आँसु अग्नि बनेर जरा र मूल सहित जलाई दिने कुरा माझीहरूलाई सुनाए । साथै उनीहरूको गोदान पनि स्वीकार गर्दै महर्षिले मृत माछा तथा अन्य जलचरका साथै ती सबै माझीहरूलाई स्वर्गमा पठाई दिए । त्यो देखेर राजा नहुष आश्चर्यचकित भए । गाईबाट जन्मेका ऋषि र राजा नहुषलाई पनि महर्षि च्यवनले वर माग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदेश दिए । दुवै जनाले धर्ममा स्थित रहने वर मागे । दुवैलाई 'तथास्तु' भनेर महर्षि आफ्ना आश्रमतिर लागे (पाण्डेय, २०५८ : ५६३१-५६३७) ।

प्राणीसितको मित्रता, स्नेह र सहयोगका साथै निर्धनको उद्धार एवं गाईको माहात्म्यका बारेमा बताउने उपर्युक्त उपाख्यान जस्तै अन्य कतिपय कथाले महर्षि च्यवनको महत्ता प्रकट गरेका छन् । भीष्म पितामहले धर्मराज युधिष्ठिरलाई सुनाएको महर्षि च्यवनसम्बन्धी अर्को एउटा उपाख्यान यस्तो छ :

महर्षि च्यवनले ध्यानपूर्वक भविष्यमाथि दृष्टिपात गर्दा आफ्नो ब्राह्मण कुलमा कुशिक वंशकी क्षत्रिय कन्याको विवाह हुने र त्यसबाट खानदानमा क्षत्रियत्वको दोष लाग्ने कुरा थाहा पाए । त्यो दोष आउनै नदिने मनसाय राखेर कुशिकहरूको वंश नै भस्म गर्ने उद्देश्यले महर्षि राजा कुशिक कहाँ गए । उनले केही समय ती कुशिक राजासित बस्ने इच्छा भएको कुरा सुनाए । पत्नीका साथ राजा कुशिकले प्रसन्न चित्तले महर्षिको स्वागत गरे । राजाले आफ्नो योग्य सेवाका लागि निवेदन गर्दा महर्षिले आफूलाई राज्य, दासी, गाई, यज्ञ सामग्री र अन्य कुनै पनि वस्तुको आवश्यकता नभएको कुरा सुनाउँदै सावधान भएर राजारानीले अप्ठेरो अनुभव नगरी आफ्नो सेवा गर्नु पर्ने आदेश दिए । राजारानी महर्षिको सेवा गर्न पाइने अवसर जुटेकोमा दङ्ग परे । उनीहरू दत्तचित्त भएर महर्षिले भने मुताबिक सेवा गर्न थाले । महर्षि एक्काइस दिनसम्म कोल्टो नफेरेर सुते, उठेर केही नबोली बाहिर गए, बाहिरै एक्कासी अन्तर्धान भए, फेरि दरबारमै फर्केर एक्काइस दिनसम्म अर्को कोल्टोमा सुते, निद्राबाट उठेपछि तेल मालिस गर्न लगाए । मालिस गराएर पुनः बाहिर हिंडे, फेरि दरबारमा फर्केर अनेकौं प्रकारमा व्यञ्जन बनाउन लगाए, तयार पारिएको व्यञ्जनमा आगो लगाइदिए, राजारानीलाई रथवाहक बनाएर नगरयात्रा गरे, राजाको धनदौलत लुटाए, यी सबै सास्ती दिई सकेपछि राजारानीलाई दिव्य वनको दर्शन गराए, सुवर्णमय महल प्रकट गरे, मणि र मुँगाका खुट्टा भएको सुनको खाट देखाए र अन्त्यमा ती सबैलाई अदृश्य गरी दिए । ती सबै परीक्षाबाट हताश र उद्विग्न नभएका राजा कुशिक महर्षिको मन जित्न सफल भए । सेवाका कारण राजारानीबाट प्रभावित भएका महर्षिले राजाको चाहना सम्राट् र देवराज इन्द्रको पदलाई भन्दा ब्राह्मणत्व प्राप्ति रहेको कुरा पनि थाहा पाए । महर्षिले ब्राह्मणत्व पाउनु ज्यादै कठिन वा दुर्लभ भएको, त्यसमा पनि ऋषि हुनु अझ गारो र तपस्वी हुनु झनै दुरूह भएको कुरा राजालाई सुनाए । त्यसो हुँदा हुँदै पनि त्याग, तपस्या र सेवाभावका कारण कुशिकवंशले भृगुवंशकै तेजबाट ब्राह्मणत्व प्राप्त गर्ने भविष्यवाणी गर्दै महर्षिले वर माग्न राजारानीलाई भने । राजाले ज्यादै विनयभाव दर्साउँदै आफ्नो कुल 'ब्राह्मण होओस्' भन्ने वर मागे । ती राजाका नातिको पुस्तामा वंश ब्राह्मण बन्ने सुवचन सुनाएर ऋषि पुनः तपस्या गर्न आफ्ना आश्रमतिर लागे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिताक्षरा, अपरार्क जस्ता अनेकौं ग्रन्थहरूमा महर्षि च्यवनका कतिपय श्लोक र सूत्रको उल्लेख गरिएको छ । गोदान गर्ने तरिका र त्यस सम्बन्धी मन्त्रोच्चारणका विधिका बारेमा चर्चा गर्दा *अपरार्क*मा च्यवनले बताएका पद्धति उद्धृत गरिएको छ । कुकुर, शव, चिताधूम, सुरा, सुरापात्र जस्ता अस्पृश्यको स्पर्श भयो भने गरिने प्रायश्चितको बयान गर्दा *मिताक्षरा* र *अपरार्क*मा च्यवनले बताएका उपाय अघि सारिएको छ (काणे, सन् १९९२ : ३८) ।

जीवनदान नामक ग्रन्थका रचयिता, रसायनशास्त्रका मर्मज्ञ, आयुर्वेद वा सञ्जीवनी विद्याका ज्ञाता, नीति तथा धर्मशास्त्रवेत्ता यिनी थिए (शर्मा, सन् २००८ : १७७) । अझ महर्षि च्यवनका अर्का छोरा वीतहव्यबाट गृत्समद, गृत्समदबाट सुचेता, सुचेताबाट वर्चा, वर्चाबाट विहव्य, विहव्यबाट सत्य, सत्यबाट सन्त, सन्तबाट महर्षि श्रवा, श्रवाबाट तम, तमबाट प्रकाश, प्रकाश वागिन्द्र, वागिन्द्रबाट घृताची अप्सरासित विवाह गर्ने प्रमति, प्रमतिबाट रुरुको जन्म भएको थियो । रुरुले प्रमद्वरासित विवाह गरेका थिए । यी दुई पतिपत्नीबाट शुनक र शुनकबाट शौनकादि अनेकौं ऋषि उत्पन्न भएका थिए (पाण्डेय, २०५८ : ५५७७-५५८०) । यिनमा रुरु महान् तपस्वी, यशस्वी, शास्त्रज्ञ, धर्मात्मा, ब्रह्मवेत्ता, सत्यवादी, मनइन्द्रियनिग्रही र नियमित एवं अपरिमित आहारविहारमा प्रसिद्धि पाएका व्यक्ति मानिन्थे । पुराणहरूमा सयौं वर्षसम्म 'अनवरत कथासत्र सञ्चालन गर्ने' भनी वर्णन गरिएका शौनकादि ऋषिहरू भृगु परिवारकै सदस्य भएकाले तिनलाई पनि भार्गव भनिन्छ ।

महर्षि च्यवनमा धैर्य, सहिष्णुपन, शान्त स्वभाव र त्याग अपेक्षाकृत बढी देखिन्छ । जालमा परेर मारिएका माछा सहित गरिब माझीहरूलाई तपोबलले स्वर्ग पठाउनु र जलसमाधिमा बस्दा जलजन्तुलाई बन्धु बनाउनु यिनका उपर्युक्त गुणका उदाहरण हुन् । ठुलाबडा र शक्तिशाली भनिनेहरूको ढिपी, सानसौकत र मदलाई ठेगान लगाउने भार्गवस्वभाव यिनले इन्द्रलाई बाध्य पारेर अश्विनीकुमारलाई यज्ञभागको सोम उपलब्ध गराएबाट स्पष्ट भएको छ ।

सामान्य रूपमा महर्षि च्यवन आयुर्वेदिक अवलेह च्यवनप्राशका आविष्कारकका हिसाबले चर्चित देखिन्छन् तर यिनको त्यो चर्चा त्यति ज्यादा उल्लेख्य पक्ष होइन । धर्तीमा समाधिस्थ हुँदा धमिराले गुँड लगाउने र जलमा समाधिस्थ हुँदा जलजन्तुको चुम्बन एवं लेउको राशिका रूपमा शरीर परिणत हुने अवस्थामा पुग्नु यिनका योगबलको चमत्कार हो । तिन पुस्तापछि आफ्नो वंशमा क्षत्रिय बधू आउने कुरा पहिले नै थाहा पाएर कुशिककुल नै भस्म गर्ने मनसाय लिएका यिनी उक्त वंशकै राजाको सेवाबाट प्रसन्न भएर वर दिई फर्केका थिए । यसबाट यिनको कोमल मनको परिचय मिल्दछ ।

कुनै पनि घटनालाई अध्ययन र मूल्याङ्कन गर्ने दृष्टिकोण अध्येता अनुसार भिन्न भिन्न हुन सक्तछ । यहाँ दिइएका घटनाहरूबाट पनि यिनका गुणदोषहरू आआफ्ना ढङ्गबाट केलाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ । त्यसो हुँदा हुँदे पनि वेदकालिक मन्त्रहरूका द्रष्टा यिनी कतिपय सन्दर्भमा सारै कठोर देखिए पनि मूलतः मृदु मनका धनीका रूपमा प्रकट भएका छन् । मन्त्रप्रवर्तकका साथै गोत्रप्रवर्तक पनि हुनु यिनको अर्को विशेषता हो । कसै कसैले चौवन्न वटा पोषक तत्त्व मिलाएर शक्तिवर्द्धक औषधि च्यवनप्राश बनाएकाले च्यवन नाम राखिएको कुरा पनि गरेको सुनिन्छ तर त्यो कुरा अपव्याख्या हो सत्य होइन ।

छ. जामदग्न्य

जमदग्नि गोत्र प्रवर्तक तथा अधिकतर गोत्रका प्रवरमा गणना गरिने वैदिक कालका ऋषि हुन् । जमदग्नि ऋषिबाट थालिएको गोत्रका सन्ततिलाई जामदग्न्य भनिन्छ । *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद* सहितका चार वटै वेदमा मन्त्रद्रष्टा ऋषिका रूपमा यिनको नाम चर्चित छ । अनेकौं उपनिषद् र पुराणमा पनि यिनीसित सम्बद्ध विविध घटनाको वर्णन गरिएको छ । वेद, उपनिषद् र पुराणमा यिनलाई **जमदग्नि** भनिए पनि पछिल्ला पूर्वीय वाङ्मयमा **यमदग्नि** नामबाट पनि यिनको उल्लेख भएको देखिन्छ ।

महर्षि जमदग्नि वैदिक मन्त्रप्रवर्तक ऋषि हुनका साथै गोत्रप्रवर्तक ऋषि पनि हुन् । वत्स गोत्रका पञ्चप्रवरमध्येका एक महत्त्वपूर्ण व्यक्ति यिनी पनि हुन् । यिनको व्यक्तित्वका धनात्मक र ऋणात्मक-दुवै पक्षको प्रवाह केही न केही मात्रामा हालका वत्स गोत्रीय सन्ततिसम्म पुगेको देखिन्छ । गोत्र प्रवर्तक ऋषिहरूमा भरद्वाज, विश्वामित्र, गौतम, अत्रि, वसिष्ठ र कश्यप सहितका यिनीलाई प्रमुख व्यक्ति मानेर सप्तर्षि भन्ने पनि चलन छ ।

भृगुवंशी महर्षि ऋचीक र देवी सत्यवतीबाट जन्मेका एक सय भाइ छोराहरूमा यिनी पनि एक हुन् । ती सबै सन्तानमा अधिक प्रसिद्धि पाएका व्यक्ति पनि यिनी हुन् । भागीरथी र सरयू नदीको सङ्गमको तटीय क्षेत्र अर्थात् हालका भारतको उत्तर प्रदेशमा पर्ने बलिया क्षेत्रलाई प्राचीन कालमा भृगु क्षेत्र अथवा दर्दर क्षेत्र भनिन्थ्यो । जमदग्नि पनि यसै पवित्र भूमिमा बस्ने प्राचीन महर्षि हुन् । कहीं कहीं यिनलाई महर्षि और्वका छोरा पनि भनिएको छ । महर्षि और्वका छोरा वा नाति जे भए पनि यिनी भृगुकुलदीपक और्वको परिवारका सदस्य चाहिं हुन् नै । पुराणहरूमा वंशावलीलाई विस्तार वा सङ्क्षेपमा प्रस्तुत गर्ने क्रममा पिता, पितामह र प्रपितामह एवं माता, मातामही र प्रमातामहीको नाममा भिन्नता देखिन्छ । यस्तै भिन्नता यिनका पिता र पितामहका बारेमा पनि पाइन्छ । उदाहरणका लागि *महाभारत*मा उल्लिखित र *श्रीमद्भागवत महापुराण*मा उल्लिखित यिनीसित सम्बद्ध कथा वा उपाख्यानका भिन्नताका घटना अघि सार्न सकिन्छ । त्यसो हुँदा हुँदे पनि अधिकांश पुराणहरूमा यिनलाई महर्षि ऋचीक र देवी सत्यवतीकै छोरा भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनको जन्मको पृष्ठभूमि बारे यसै पुस्तकमा महर्षि च्यवनको परिचयका क्रममा प्रस्तुत गरिएको कुशिकवंशी राजाको कथालाई पनि आधार बनाउन सकिन्छ । त्यस कथाले यिनलाई ऋचीकका पुत्र भनेर चिनाएको छ । उक्त कथालाई थप स्पष्टताका साथ यहाँ पेस गरिएको छ । *महाभारत* र *श्रीमद्भागवतमहापुराण*मा उल्लिखित कथा अनुसार ब्रह्मविद्याबाट प्राप्त शक्तिको प्रयोग गरेर महर्षि दोयले माहिष्मती नगरीलाई राजधानी बनाएर बसेका अनूपदेशका राजा कार्तवीर्यको सेवा तथा सत्कारबाट प्रसन्न भई अनेकौं वर दिए । महर्षिबाट प्राप्त वरको परिणामस्वरूप राजा कार्तवीर्यले एक हजार हात, सुनको विमान, कसैबाट पनि रोक्न नसकिने गति भएको रथ र प्राणी मात्रमा जमाउन सकिने प्रभुत्व हात पारे । त्यस शक्तिका घमण्डले गर्दा यिनले बिस्तारै देवता, ऋषि, यक्ष र मनुष्य लगायतका सबै प्राणीलाई दबाई पीडा दिन थाले । यिनको अत्याचार बढी रहेकै बखत एक दिन आफ्नी पत्नी शचीसित हाँसोठट्टा गर्दै रमाई रहेका इन्द्रमाथि समेत यिनले आक्रमण गरी शचीको अपहरण गर्ने प्रयत्न गरे । सबैतिरबाट तिनका अत्याचारको मात्रा बढ्दै गई कष्ट पुगी रहेको कुरा भगवान् विष्णुसमक्ष पुग्यो । लोककल्याणको अभिलाषा राखी भगवान् विष्णु बदरिकाश्रममा गए । उनले राजा कार्तवीर्यको आतङ्कका विरुद्ध उचित उपाय अपनाउने बारे लामो समय चिन्तन गर्दै थप आधार जुटाउन केही काल प्रतीक्षा गर्ने निर्णय गरे ।

जमदग्नि जन्मँदै तेजस्वी र ओजस्वी थिए । बाल्यावस्था पार गरेर किशोरावस्थामा टेक्नासाथ यिनले वेदाध्ययन गरे । योगसाधनामा पनि आफ्ना पूर्वजहरू झैं यिनले निकै सफलता प्राप्त गरे । समकालिक ऋषिहरूमा यिनको ज्ञान, साधना र क्षमताको चर्चा हुन थाल्यो । धनुर्वेद, आयुर्वेद र धर्मशास्त्रका मर्मज्ञ हुनका साथै यिनले तपोबलबाट चारै किसिमका अस्त्र स्वतः स्फुरण हुने शक्ति प्राप्त गरे । वेदाध्ययन, उग्रतपस्या तथा शौचसन्तोषादि नियमको पालन गरेर यिनले समस्त देवता एवं ऋषिहरूलाई आफ्नो वशमा पारे । यिनमा विकसित भएको तेज, ज्ञान र चेतनाका कारण यिनको व्यक्तित्व सारै प्रभावशाली बन्यो । सोही कुराको बयान गर्दै यिनको परिचय *शतपथब्राह्मण*को ८।१।२।३ मा 'चक्षुर्वै जमदग्नि ऋषि' अर्थात् दृष्टि वा चेतनाका प्रतीक जमदग्नि ऋषि हुन् भनिएको छ । ब्राह्मणकुलमा जन्मेपछि पालन गर्नु पर्ने सम्पूर्ण नीतिनियमको ज्ञान यिनले गम्भीर रूपमा प्राप्त गरेका थिए । अहिंसा, सत्य, अस्तेय, क्षमा, वेदाध्ययन, तप र विद्यादान ब्राह्मणको धर्म भएको कुरा यिनले बताएका छन् । 'दान लिने शक्ति राख्दा राख्दै पनि दान नलिने ब्राह्मणलाई दान दिने व्यक्तिलाई प्राप्त हुने सनातनलोक मिल्ने र राजाबाट दान लिने व्यक्ति धिक्कारयोग्य हुनका साथै नरकगामी बन्ने कुरा निश्चित हो' भन्ने विचार यिनले प्रकट गरेका छन् । 'दान लिनु राम्रो नभएको र यसले ब्राह्मणको ब्रह्मतेज नष्ट गर्दछ' भन्दै *पद्मपुराण*ले यिनले भनेका कुरा उद्धृत गरेको छ (पाण्डेय, २०५८ २६६-२६८) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि च्यवनले भृगु र कुशिक वंशको सम्बन्ध बारे गरेको भविष्य वाणी सत्य सावित गर्ने घटना महाराज गाधिबाट विश्वामित्रको जन्म हुनु, गाधिकै छोरी सत्यवतीको विवाह भृगुकुलनन्दन ऋचीकसित हुनु र तिनबाट जमदग्निको जन्म हुनु हुन् । च्यवन ऋषिकै भविष्यवाणी अनुरूप महर्षि ऋचीकको सेवामा धनुर्विद्या मूर्तिमान् भएर उपस्थित भएको हो र त्यस विद्यालाई ग्रहण गरी तपस्याबाट शुद्ध अन्तःकरण भएका आफ्ना छोरा जमदग्निलाई ऋचीकले हस्तान्तरण गरेका हुन् । *महाभारत*को 'अनुशासनपर्व' अन्तर्गतको 'दानपर्व'मा यो कुरा उल्लिखित छ ।

महर्षि भृगुले आफ्नी नातिनी बुहारी सत्यवतीलाई 'छोरामा न भएर नातिमा क्षत्रियसुलभ आचारविचारका गुण होउन्' भनेका हुनाले हैहयराज कार्तवीर्य तथा तिनका उपद्रवी दस हजार पुत्रको नाश गर्नका लागि भगवान् विष्णुले परशुरामका रूपमा अवतार लिन पनि निकै समय प्रतीक्षा गर्नु परेको थियो । सोही कारणले नै महर्षि जमदग्निमा ब्राह्मणकुलका सन्तानमा हुनु पर्ने गुणको उदय भएको हो ।

युवा भएपछि जमदग्निको विवाह राजा प्रसेनजितकी छोरी रेणुकासित भयो । (रेणुकालाई कतिपय ग्रन्थमा महर्षि रेणुकी छोरी पनि भनिएको छ ।) जमदग्निले स्वयं राजा प्रसेनजितलाई भेटेर रेणुकाको हात मागेका थिए । प्रसेनजितले भृगुकुलका वैशिष्ट्य बुझेर जमदग्निको त्यो प्रस्ताव सहर्ष स्वीकार गरेका थिए । राजा प्रसेनजितले यथेष्ट दाइजोका साथ रेणुकाको विवाह जनदग्निसित गराए । राजकुमारी भएकीले रेणुका सबै खालका मनुष्यसित यथोचित व्यवहार गर्न जान्ने कुशल गृहणी थिइन् । पाक कलामा पनि तिनी निकै निपुण थिइन् । विवाहको केही वर्षपछि तिनले रुमण्वान्, सुषेण, वसु, विश्वावसु र परशुराम सहितका पाँच छोरा प्राप्त गरिन् । यी सबै भृगुकुलका समस्त विशेषताले युक्त थिए । यिनमा कान्छा भाइ परशुराम तुलनात्मक रूपमा अरूभन्दा ज्यादा मेधावी, साहसी र गुणी भएर देखा परे ।

रेणुकाबाट जन्मेका सबै पाँचभाइ छोरा होनहार एवं बुद्धिमान् भएकाले महर्षि जमदग्नि प्रशस्त सन्तुष्ट थिए । रेणुका पनि महर्षिलाई सकेसम्म सुख, सन्तोष एवं सुविधा दिन सधैं तत्पर रहन्थिन् । आश्रमको सुव्यवस्थामा उनले कुनै पनि किसिमको त्रुटि हुन दिएकी थिइनन् । महर्षिको जीवन ज्यादै आनन्दमय थियो । भौतिक सुखसुविधाबाट सकेसम्म टाढा रहने र अध्यात्ममूलक सादा एवं उच्च स्तरको जीवन व्यतीत गर्ने अभिप्राय अनुरूप जमदग्नि तथा रेणुकाको ब्राह्मणसुलभ गृहस्थी आनन्दपूर्वक चली रहेको थियो । एक दिन आश्रममा समिधाको कमी हुने स्थिति देखेर सबै ब्राह्मणकुमार समिधा ल्याउन वनमा गए । महर्षि जमदग्नि प्रातःकालिक पूजा गर्नुभन्दा पहिले गरिने ध्यानमा नित्य झैं निमग्न थिए । महर्षिले गर्ने पूजाको समय बाँकी रहेको हुनाले नदीबाट ल्याइने चोखो जल केही अबेर गरेर ल्याए पनि हुने अवस्था रेणुकाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन् । स्नान गर्न र चोखो जल ल्याउन रेणुका नदीतिर लागिन् । नदीमा पुगेर किनारमा गाग्री र शरीरका लुगा राखी उनी स्नान गर्न पानीमा पसिन् । ग्रीष्म कालिक तापक्रममा नदीमा स्नान गर्दा उनलाई ज्यादै आनन्दको अनुभव भयो । त्यही बखत उनको दृष्टि त्यसै नदीको केही परको ठाउँमा अप्सराहरूसित जिस्कँदै हाँसोठट्टाका साथ सहस्नान गरी रहेका मार्तिकावर्त देशका राजा यक्षराज चित्ररथमाथि पऱ्यो । अप्सराहरू राजा चित्ररथको शरीरका विभिन्न भाग सुम्सुम्याउँदै आनन्द लिई रहेका पनि उनले देखिन् । घाँटीमा कमलको माला लगाएका सुडौल शारीरिक अङ्ग भएका र युवावस्थाका सुन्दर यक्षराजलाई देखेर रेणुका मुग्ध भइन् । उनमा कामभावना जागृत भयो । निकै बेरसम्म उनले त्यो दृश्य लगातार हेरिन् र दङ्ग परिन् । (यस घटनाको वर्णनमा कतिपय ग्रन्थमा राजा चित्ररथले आफ्नी रानीका साथ स्नान गरेका कुराको वर्णन छ ।) रेणुकाभित्र जागृत भएको मानसिक विकारले कतिसम्म गाँज्यो भने उनले स्नानमा घन्टौं बिताएको कुरा थाहै भएन । निकै बेरपछि होस ठेगानामा फर्कंदा उनी झल्याँस्स भइन् । महर्षिको नित्यपूजाको समय गुज्रन लागेको कुरा सम्झी उनी हत्तपत्त पानी बोकेर आश्रममा फर्किन् । रेणुकाले पानीको गाग्री आश्रममा राख्दै विलम्ब भएकोमा सङ्कोच देखाइन् । ऋषिले कामभावनाले प्रदीप्त रेणुकाको अनुहारबाट धेरै कुरा अनुमान लगाए । रेणुकासित त्यस बारे केरकार गर्दा दिव्य शक्तिबाट ऋषिले सबै घटना थाहा पाउने र कुरा लुकाउँदा अर्को सङ्कट उत्पन्न हुन सक्ने सम्भावना विचार गरेर यथार्थ कुरा बताई दिइन् । ऋषि रिसले आगो भए । त्यस दिनको पूजाआजा छोडेर रेणुकालाई ऋषिले धिक्कार्न र गाली गर्न थाले । विचारोत्तेजक सामान्य दृश्य देख्दा पनि धैर्य गुमाएर ब्रह्मतेजबाट विमुख बनेकी रेणुकामाथि ऋषिले अनेकौं कठोर वचन प्रहार गरे । त्यसै बखत वनबाट फल र दाउरा बोकेर आश्रम फर्केका छोराहरू रुमण्वान्, सुषेण, वसु र विश्वावसुलाई ऋषिले मानसिक अपराधको सजायस्वरूप रेणुकाको टाउको काट्ने आदेश दिए । ती कसैले पनि त्यो काम गर्ने हिम्मत जुटाउन सकेनन् । ऋषिले तिनीहरूलाई तत्काल ढुङ्गाको रूपमा परिवर्तित हुने श्राप दिए । महर्षि जमदग्निका चार भाइ छोरा प्रस्तराकार बने । रेणुका डरले झनै थर्कमान भइन् । त्यसै बेलामा वनबाट कान्छा छोरा परशुराम आई पुगे । अन्य छोराहरूलाई झैं ऋषिले परशुरामलाई पनि मानसिक अपराध बापत रेणुकाको टाउको काट्ने आदेश दिए । परशुरामले दायाँबायाँ कतै नहेरी केही विचार नगरी बन्चरो उजाएर आमाको टाउको काटी दिए । परशुरामले हानेको बन्चरोको प्रहारले रेणुकाको टाउको शरीरभन्दा निकै टाढाको ठाउँमा पऱ्यो । त्यो देखेर महर्षि प्रसन्न भए । अपराधीलाई उचित दण्ड दिइएकोले उनी प्रसन्न भएका थिए । कठोर आज्ञाको समेत पालन गर्ने पितृभक्त मानेर उनले परशुरामप्रति वात्सल्य भाव प्रकट गर्दै वर माग्न भने । परशुरामले आमा रेणुकाको पुनर्जीवन, उनलाई आफूले काटेको घटना ज्ञात हुन नहुने र प्रस्तरमूर्तिमा परिणत चारै जना दाइको पूर्वावस्थामा प्रत्यागमन, आफ्नो सदा विजय र चिरजीवन सहितका वर मागे । ऋषिले ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै वर दिए । आश्रमको जीवन पूर्ववत् सुख र आनन्दका साथ व्यतीत हुन थाल्यो । अपराध र सजायको त्यस घटना बारे कसैले कहिल्यै चर्चा गरेन ।

महर्षि जमदग्निको जीवनमा घटेको ग्रीष्म ऋतुका समयको अर्को एउटा घटना पनि ज्यादै महत्त्वपूर्ण छ । *महाभारत*मा वर्णित एउटा कथाका अनुसार पैतृक बिरासतका रूपमा जमदग्निले पाएको अस्त्रज्ञानको अभ्यास गर्ने क्रममा एक दिन नित्यकर्म सिध्याएर ऋषि आश्रममा धनुषबाट बाण प्रहार गर्न थाले । प्रहार गरेका बाण स्वयं जम्मा पारेर पुनः प्रहार गर्दा धनुर्विद्याको अभ्यास शिथिल बन्ने भएकोले ऋषिको त्यस काममा ऋषिपत्नी रेणुकाले सहयोग गर्न थालिन् । ऋषि बाण प्रहार गर्दै गए । जेठ महिनाको दोपहरको समय भएकोले सूर्यका किरण आगो जस्तै तातो तेज पृथ्वीमा झार्दै थिए । यताउता दौडादौड गरेर ऋषिले फ्याँकेका बाण जम्मा गर्दा गर्दा रेणुका पसिनाले लतपत भइन् । उनको श्वासप्रवासको गति तीव्र बन्यो । त्यस्तो अवस्थामा बाण जम्मा गर्ने कामलाई केही विश्राम दिएर उनी कुनै नकुनै वृक्ष वा वनस्पतिको छायामा ओत लाग्न थालिन् । जति शीघ्रताका साथ रेणुकाले बाण जम्मा पारेर ल्याउनु पर्ने हो त्यति शीघ्रता कायम नभएको र धनुषबाणको अभ्यासमा बाधा उत्पन्न भएकोले ऋषिले रेणुकालाई ढिला हुनको कारण सोधे । रेणुकाले जेठ महिनाको दोपहरको प्रचण्ड गर्मीमा आफूले खप्नु परेको पीडा बारे ऋषिसमक्ष भनिन् । प्राणप्रिय पत्नीलाई पर्न गएको बाधा र कष्टबाट क्रोधित भएका जमदग्निले बाण प्रहार गरेर अस्त्राग्निका तेजबाट सूर्यलाई पृथ्वीमा झारी दिने निर्णय गरे । तिनको भयङ्कर अठोट देखेर डराएका सूर्यदेवले आफूलाई एक जना ब्राह्मण वटुकका भेषमा स्वयं पृथ्वीमा अवतरण गरी तिनका सामु उपस्थित भए । ऋषिलाई करबद्ध प्रमाण गरेर ती ब्राह्मणवटुकले 'कुन चाहिँ गल्तीका कारण सूर्यलाई बाण प्रहार हुन लागेको हो' भनी प्रश्नगरे । 'आफ्ना असङ्ख्य किरणबाट धर्तीको रस खिँचेर पृथ्वी र प्राणीजगत्को हितका लागि वर्षा गराउने, अन्नोत्पादनमा सहयोग गर्ने, औषधि, लता, पुष्प, घाँसपात जस्ता बहुमूल्य वनस्पतिको सम्वर्द्धन गर्ने, जीवनसंस्कार, गोदान, यज्ञसम्पत्ति, शास्त्रीय दान, संयोग र धनसङ्ग्रहका निम्ति उज्यालो दिएर सहयोग गर्ने र नित्यनिरन्तर लोककल्याणमा खट्ने सूर्यलाई धर्तीमा झारेर तपाईंले कुन चाहिँ उपलब्धि प्राप्त गर्न खोज्नु भएको हो' भनेर पनि वटुकले ऋषिलाई सोधे । यस प्रकारका सटीक प्रश्नबाट पनि मुनि विचलित भएनन् । वटुकले पुनः प्रश्न गर्दै 'चल बाण प्रहार गरेर चञ्चल सूर्यलाई कसरी भेदन गर्न सक्नु हुन्छ' भने । मुनिले चल वा अचल जस्तो भए पनि आफ्नो लक्ष्यमा बाधा पुऱ्याउने सूर्य स्वयं उपस्थित भएको कुरा ज्ञानदृष्टिबाट थाहा पाई हाले । तिनले सूर्यलाई दोपहरको समयमा आधा निमेष रोकिएको मौका छोपेर भेदन गर्ने विचार आफूले लिएको कुरा सुनाए । ऋषिको अठोटबाट डरेका सूर्यले आफू अपराधी भएको र ऋषिबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सजिलैसित भेदन हुन सक्ने भए पनि शरणागत भएकोले आफूलाई क्षमा गर्न अनुरोध गरे । विनयपूर्वक प्रस्तुत गरिएको सूर्यको अुनरोधबाट ऋषि प्रसन्न भए । उनले 'ब्राह्मणको सरलता, पृथ्वीको स्थिरता, यज्ञको सौम्य भाव, सागरको गम्भीरता, अग्निको ज्योति, पर्वतको चमक, र सूर्यको तेज नाश गर्ने र शरणागतको वध गर्ने व्यक्ति गुरुपत्नीगमन, ब्राह्मणहत्या र मदिरापान गर्ने व्यक्ति जस्तै पापी हो' भने । 'त्यसो भएर पनि तिम्रा तेजिला किरणका तापबाट उत्पन्न हुने पीडालाई शान्त पार्ने उपायका बारेमा बताऊ' भनेर महर्षिले सूर्यलाई आदेश दिए । त्यो कुरा सुनेर प्रसन्न भएका सूर्यले महर्षिलाई एक जोर जुत्ता र एउटा छाता उपहार स्वरूप दिँदै गर्मी, वर्षा र जाडो याममा ती सामग्रीबाट हुने लाभ एवं तिनको उपयोगिताका बारेमा विस्तारपूर्वक बताए । सूर्यबाट महर्षि जमदग्निलाई प्राप्त भएको त्यस सल्लाह अनुरूप यज्ञसामग्री र दानदातव्यमा छाता र जुत्ता दान गर्ने चलन लोकमा उहिलेदेखि अहिलेसम्म कायम छ ।

'सत्यवती र ऋचीकका छोरा महर्षि जमदग्निमा ब्राह्मणोचित गुण हुने र हैहयराज कार्तवीर्य अर्जुनका अत्याचारको सजाय दिने' भन्ने सङ्कल्प अनुसार भगवान् विष्णुले परशुराम अवतार ग्रहण गरेका हुन् । आफ्नो अन्त्यको बीजारोपण निकै पहिले कार्यवीर्य स्वयंले गरेका भए पनि त्यसलाई मलजल दिने काम उनले महर्षि जमदग्निसित गरेको दुर्व्यवहारबाट भएको हो । त्यो घटना महर्षि जमदग्निको परिचयका साथै परशुराम अवतारको औचित्य पुष्टि गर्नका लागि पनि उपयुक्त भएकोले यहाँ प्रस्तुत गरिएको छ । *महाभारत*मै वर्णित त्यो घटना यस्तो छः

एक दिन सबै छोराहरू आश्रममा नभएका बखत अनूप देशका राजा कार्तवीर्य अर्जुन वन विहार गर्दै महर्षि जमदग्निको आश्रममा आए । सेना, कर्मचारी, परिवारका सदस्य र अन्य दलबलका साथ आएका राजालाई देखेर ऋषिले यथोचित विधिपूर्वक सम्मान सत्कार गरे । राजाको भ्रमण दलमा सयौं व्यक्ति सामेल थिए । ती सबैलाई ऋषिले उत्तिकै आदरका साथ स्वागत गरे । आश्रममा भएकी गोमाता कामधेनुलाई अतिथि स्वागतका लागि ऋषिले आवश्यक व्यवस्था मिलाई दिन अनुरोध गरे । कामधेनुले ऋषिको अनुरोध स्वीकार गरी नाना थरीका भोजन तथा पेय पदार्थबाट राजा सहित यात्रादलका सबै सदस्यलाई तृप्त पारी दिइन् । चाहेको जस्तो स्वागत गर्न पाउँदा ऋषि जमदग्निका पतिपत्नी प्रसन्न भए । सारा सुखसुविधा तथा भोगविलासका साधनले सम्पन्न अपार धनसम्पत्तिका मालिक राजा भएर पनि आफूबाट त्यति व्यवस्थित अतिथिसत्कार हुन गारो पर्ने अवस्थामा सामान्य जीवन यापन गर्ने ऋषिले गरेको भोजका आयोजनाबाट राजा आश्चर्य चकित भए । उनले त्यसको कारण जान्न चाहे । त्यस बारे महर्षिलाई सोद्धा कामधेनुको आशीर्वादबाट त्यो सम्भव भएको कुरा महर्षिले बताए । साथै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै आश्रममा कामधेनु भएको कुरा पनि महर्षिले राजालाई भने । लोभ, मोह र अत्याचार गर्नमा खप्पिस राजा कार्तवीर्यका मनमा महर्षिका कुरा सुनेर कामधेनुको हरण गर्ने कल्पना जागृत भयो । उनले आफ्ना सेना तथा यात्रादलका सदस्यलाई कामधेनु सहित सारा गाई अपहरण गर्ने र महर्षि जमदग्निको आश्रम ध्वस्त पार्ने आदेश दिए । राजाको आदेश पाएर सैनिक र अन्य सबै व्यक्तिले आश्रमका झोपडी भत्काउने, वृक्षवनस्पति तथा फलफुल भाँच्ने, बार एवं पर्खाल तोड्ने सबैतिर तहसनहस पार्ने र कामधेनु सहितका सबै गाई अपहरण गरेर लैजाने काम गरे । राजा कार्तवीर्यले मच्चाएको आतङ्क र अपहरणको घटनाको केही बेरपछि वनबाट फल र समिधा लिएर परशुराम आश्रममा पुगे । महर्षिले राजा कार्तवीर्यको अत्याचार तथा ब्राह्मणत्वको रक्षाका लागि आफूले सहनु परेको पीडा बारे सबै कुरा परशुरामलाई बताए । बाबुका कुरा सुनेर क्रोधित भएका परशुरामले दगुर्दै गई टाढैबाट बाण प्रहार गरेर राजा कार्यवीर्यका एक हजार हात काट्नका साथै तिनको वध पनि गरी दिए । यही कार्य गर्नका लागि भगवान् विष्णुले परशुरामका रूपमा आफूलाई पृथ्वीमा अवतरण गरेका थिए । परशुरामबाट नै मारिनु पर्ने भएकाले कार्तवीर्यलाई महर्षि जमदग्निले केही नगरेका हुन् । शक्तिप्रयोगकै हिसाबले हेर्ने हो भने दिव्यदृष्टि, योगशक्ति र आग्नेयास्त्रको ज्ञानबाट सम्पन्न महर्षि जमदग्निले सूर्यलाई पृथ्वीमा झार्ने क्षमता राख्थे भने राजा कार्तवीर्यको विध्वंस गर्न नसक्ने कुरै थिएन । त्यसमा पनि ब्राह्मणले अपनाउनु पर्ने संयमको विधानका कारणले यिनलाई प्रतिक्रिया जनाउने काममा बाधा पर्‍यो । यिनले नगरेको प्रतिक्रिया यिनका छोरा परशुरामले गरी दिए । अपहरित गाईलाई आश्रममा फर्काएर ल्याउने परशुरामका कुरा सुन्दा महर्षि प्रसन्न भएनन् । बरु खिन्न भए । यिनले परशुरामलाई हपारे । आवेश वा क्रोधमा आएर ब्राह्मणले हिंसा एवं प्रतिशोध गर्न नहुने कुरा पनि यिनले भने । हत्या र प्रतिक्रियाको प्रायश्चितका लागि एक वर्ष तीर्थाटनमा बिताउनु पर्ने कुरा पनि महर्षिले परशुरामलाई सुनाए । परशुरामले ब्राह्मण धर्मको पालन गर्न न सकिएकोमा महर्षि समक्ष सङ्कोच र पश्चात्ताप प्रकट गरे ।

राजा कार्तवीर्यलाई परशुरामले मारेको घटना त्यत्तिकै साम्य भएन । बाबुको मृत्युपछि क्रोधित भएका राजा कार्तवीर्यका दस हजार छोरा बदला लिने उद्देश्यले महर्षि जमदग्निको आश्रममा दलबल तथा हातहतियार सहित आए । त्यस बेला परशुराम र अन्य कुनै पनि ऋषिपुत्र आश्रममा थिएनन् । महर्षिलाई एक्लो देखेर उत्तेजित, निडर र प्रसन्न भएका राजा कार्तवीर्य अर्जुनका छोराहरूले सर्वप्रथम आश्रम ध्वंस गरे । सारा नैतिकता र कर्तव्याकर्तव्यको ख्याल न गरी तिनीहरूले सामूहिक रूपमा महर्षि जमदग्निको घाँटी काटेर टाउको लगे । महान् शक्तिशाली, धनुर्विद् र तेजस्वी महर्षिले सामर्थ्य हुँदा हुँदै पनि ब्राह्मण धर्मको रक्षाका लागि ज्यानको बाजी लगाए तर प्रतिकार गरेनन् । शत्रुपक्षको प्रतिरोध नगरेकै कारणले राजा कार्तवीर्यका छोराहरूले सजिलै महर्षिको वध गर्न सके ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनबाट फल र समिधा बोकी आश्रममा फर्केका परशुराम आश्रमको अस्तव्यस्तता तथा शिरच्छेद गरिएको बाबुको मृत शरीर देख्दा स्तब्ध बने । केही बेर चेतनाशून्य अवस्थामा तिनी रहे । होस आएपछि तिनले पितृ वियोगका कारण निकै समयसम्म विलाप गरे । त्यसपछि परशुरामले यस धर्तीबाट सम्पूर्ण क्षत्रियहरूलाई र तिनलाई सहयोग गर्ने अन्यलाई समेत समूल नष्ट गरे । लगातार क्षत्रिय विनाशको अभियान बोकेर तिनले एक्काइस पल्ट पृथ्वीलाई क्षत्रिय विहीन तुल्याए । साथै क्षत्रियहरूकै रगतबाट तिनले समन्तक क्षेत्रमा नौ वटा कुण्ड बनाए । तिनै कुण्डमा आफ्ना पितृहरूलाई पिण्डदान गर्न चाहने परशुरामलाई महर्षि ऋचीकले रोके । उनले परशुरामबाट गर्न नहुने काम भएको, ब्राह्मण धर्मको पालन नगरिएको र हिंसाको सर्वथा परित्याग ब्राह्मणबाट हुनु पर्ने कुरा पनि सुनाए । महर्षि जमदग्निले समर्थ हुँदा हुँदे पनि ब्राह्मणधर्मको पालन गर्नु पर्ने बाध्यताबाट शत्रु पक्षको प्रतिकार न गरी अत्याचार सहनु परेको कुरा परशु रामलाई बताएझैं महर्षि ऋचीकले पनि सोही उपदेश परशुरामलाई दिए । पछि गएर परशु राममा प्रायश्चितको भावना उत्पन्न भयो । उनले महर्षि ऋचीक तथा जमदग्निको आदेश अनुरूप आफूबाट भएको पाप कर्मबाट मुक्ति प्राप्त गर्न लगातार एक वर्ष तीर्थाटन गरे । बाबुबाजेकै आदेशको पालना गर्दै उनले महर्षि कश्यपलाई प्रमुख आचार्य बनाई पितृतारण गर्न महान् यज्ञ गरे । त्यस यज्ञमा मन्त्रपाठ तथा आहुति शक्ति प्रयोग गरेर महर्षि जमदग्निको शिर तथा शरीर जोडी जीवन सञ्चार गर्ने काम पनि गरे । पछि तिनै महर्षि आज पनि आकाशमा टल्कने सप्तर्षिमध्येका पाँचौं स्थानका ऋषि बनेर लोकपूज्य भएका छन् । तिनको पूजा ऋषिपञ्चमीमा व्रतालु महिला र अन्य विभिन्न संस्कार एवं अनुष्ठानमा सबैले गर्दै आएका छन् । भृगु कुलका महान् सन्तति तिनै ऋषि वत्स गोत्रीय प्रवरमध्येका एक हुन् ।

पितृ तारण र प्रायश्चितका लागि परशुरामद्वारा गरिएको महायज्ञपछि प्रमुख आचार्य महर्षि कश्यपलाई दस हजार व्यास अर्थात् चालिसचालिस हात लम्बाइ चौडाइ भएको सुनको एउटा वेदी उपहारस्वरूप दिइयो । महर्षि कश्यपले त्यो वेदी उक्त यज्ञमा संलग्न प्रत्येक ब्राह्मण वा पुरोहितलाई समान भाग लगाएर बाँडी दिए । त्यसका साथै पृथ्वीका समस्त क्षत्रिय शासकहरूबाट खोसेर जम्मा पारिएको धर्ती पनि परशुरामले महर्षि कश्यपलाई नै दिए । ब्राह्मणले गर्न नहुने हिंसा र प्रतिशोध जस्तो पाप गरेकाले आफ्नो भूमिमा बस्ने ठाउँ नदिइने कुरा महर्षि कश्यपले परशुरामलाई सुनाए । पृथ्वीको भार हरण गर्ने काम सिध्याइएको र दण्डको भोग पनि गर्नु परेकोले परशुराम एकान्तवासका लागि महेन्द्र पर्वतमा गएर बसे । वनवासका क्रममा उक्त पर्वतमा गएर धर्मराज युधिष्ठिरले आफ्ना भाइहरूका साथ महर्षि परशुरामको पूजा र दर्शन गरेका थिए । यिनै परशुराम अष्टचिरञ्जीवी भनिने व्यक्तिहरूमध्येका एक हुन् । रामावतारका समयमा भगवान् रामले राजा जनकको दरबारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएर सीतासित स्वयम्वर गर्नका लागि शिवधनुष भाँच्दा रिसाएका र पछि रामको परिचय पाउँदा तिनैलाई आफ्नो शक्ति पनि हस्तान्तरण गर्ने व्यक्ति पनि यिनै परशुराम हुन् । भगवान् शङ्करको असीम भक्ति र आफ्नै वंश परम्पराबाट धनुर्विद्यामा प्रवीण भएका यिनले *महाभारत*मा वर्णित महत्त्वपूर्ण पात्र कर्णलाई पनि धनुर्विद्या सिकाएका थिए । भगवान् विष्णुका अवतार पुरुष बनेर यिनले जति असामान्य वीरता एवं साहसका काम गरे त्यत्ति नै महर्षि जमदग्निबाट यिनलाई प्राप्त पैतृक बिरासतका कारणबाट पनि ख्याति मिलेको हो । यिनलाई उग्र हुनबाट रोक्ने काम पनि यथाशक्य मात्रामा महर्षि जमदग्निले गरेका हुन् (भट्टराई, २०६४ : १५५-१६२) ।

जमदग्निले आफ्ना पूर्वजहरूझैं वैदिक ग्रन्थमा सूर्य, अग्नि, पृथ्वी, इन्द्र वनस्पतिजगत् र देवगणको भक्ति गरेर आफूभित्रको कविप्रतिभा बाहिर ल्याएका छन् । भृगुकुलका पूर्ववर्ती ऋषिहरू झैं यिनी पनि आयुर्वेद, धनुर्वेद, धर्मशास्त्र, नीतिशास्त्र, रसायनशास्त्र र न्यायशास्त्रका मर्मज्ञ देखिन्छन् । यिनमा रहेको काव्यरचनाशक्ति पनि उत्तिकै बेजोड देखिन्छ । योग एवं ब्रह्मविद्याको शक्तिबाट यिनले आफूलाई ऋषिहरूमा उत्तम दर्जा दिलाएका छन् । मर्नु परे पनि ब्राह्मणत्व अर्थात् ब्राह्मणधर्म नछोड्ने र अथाह शक्ति तथा सामर्थ्य हुँदा हुँदे पनि हतियार उठाएर हिंसा नगर्ने जुन काम यिनले गरे त्यो धर्म नअपनाउने आफ्नै छोरा परशुरामलाई संयमित हुन र धर्म नछोड्न यिनले दिएको उपदेश पनि उत्तिकै मननीय छ । मानसिक पाप गरे बापत आफ्नै पत्नीलाई काट्न लगाउने यिनी सामान्य रूपमा क्रूर, कठोरहृदयी र भावनाशून्य व्यक्ति देखिए पनि न्यायका हिसाबबाट हेर्दा पक्षपात नगर्ने र पापको सजाय हुनु पर्ने विचारको पक्षपोषण गर्ने न्यायमूर्ति देखिन्छन् । शक्तिसञ्चयबाट र निरन्तरको साधनाबाट सूर्यलाई पनि धर्तीमा झार्न सकिने अर्थात् असम्भव काम गर्न सकिने प्रतीकात्मक सन्देश पनि यिनले आफ्ना चरित्रबाट प्रवाह गरेका छन् । 'शक्ति र क्षमता छ भन्दैमा जहाँ पायो त्यहाँ त्यसको प्रयोग गर्नु हुँदैन' भन्ने कुरा पनि यिनले सिकाएका छन् । 'महान् व्यक्ति बन्नका लागि चारित्रिक दृष्टिले महान् हुनु आवश्यक छ र चरित्रको संरक्षण गर्न ज्यादै गारो पर्दछ' भनेर यिनले अर्को पाठ पनि बताउने काम गरेका छन् । त्यसबाट पनि यिनको चारित्रिक उँचाइको बोध हुन्छ ।

जमदग्नि, वसिष्ठ र और्व गरी जमदग्नि गोत्रका तिन प्रवर मानिन्छन् । जमदग्नि गोत्रका प्रवर्तक यिनी कोमल हृदय भएका र भावनाका धनी ऋषि देखिन्छन् । अग्निबाट उत्पन्न भएका महर्षि भृगुको परिवारका सदस्य भएकाले शक्ति र सामर्थ्यको मात्रा बढी देखिने स्वाभाविक प्रवृत्ति यिनमा पनि पाइन्छ । त्यसो हुँदा हुँदे पनि ज्यादै संयमित, नम्र, ब्रह्मविद्या साधक, तपस्वी, प्रतिभाशाली र अलौकिक शक्तिले सम्पन्न व्यक्ति यी देखिन्छन् । आफ्ना पुर्खा महर्षि शुक्राचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै यिनी पनि सञ्जीवनी विद्याका ज्ञाता थिए । कठोर तपस्या र योगसाधनाको सिद्धिबाट यिनले दिव्य शक्ति प्राप्त गरेका थिए तापनि त्यसको प्रयोग गर्ने काम भने यिनबाट भएन । यिनकी आमा सत्यवती निधनपछि कौशिकी नदी भइन् । उक्त नदीको तटीय क्षेत्रलाई पनि यिनले केही समय आफ्नो निवास स्थान बनाएका थिए । यिनको आचारविचार तथा जीवन व्यवहारबाट वत्स गोत्रीय आज र भोलिका सन्ततिहरूले धेरै कुरा सिक्नु र अपनाउनु आवश्यक छ ।

ज. पाराशर्य

पराशर ऋषिका सन्तानलाई पाराशर्य भनिन्छ । वैदिक मन्त्रद्रष्टा ऋषि पराशर गोत्र प्रवर्तकका साथै विभिन्न गोत्रका प्रवरमा परिगणित हुन्छन् । यिनी महर्षि शक्तिका छोरा र महर्षि वसिष्ठका नाति हुन् । यिनकी आमाको नाम अदृश्यन्ती हो । यिनी जन्मनुभन्दा पहिले नै यिनका बाबुको मृत्यु भई सकेको थियो । बार वर्षसम्म गर्भमै रहेका बखत यिनले आफ्ना बाबुबाट *ब्रह्माण्डपुराण* सुन्नका साथै वेदको ज्ञान प्राप्त गरेका थिए । आमा अदृश्यन्ती र बाजे वसिष्ठले ज्यादै माया गरेर यिनलाई हुर्काएका हुन् । कतिपय अध्येताले यिनलाई गर्ग गोत्रका एक जना प्रवर ऋषि भनेका छन् । ज्यौतिष विद्याको अध्ययन र विवेचना गर्दा यिनको निकट सम्बन्ध महर्षि गर्गसित भएको हुनाले पनि यो भनाइ अनुकूल नै देखिन्छ । यस कुरालाई महत्त्व दिनका लागि यहाँ यिनका बारेमा चर्चा गरिएको छ । यिनी ज्योतिर्विद् स्मृतिकार ऋषि पनि हुन् । *पराशरस्मृति* नामक यिनको ग्रन्थ निकै प्रसिद्ध छ । कलि युगमा यस स्मृतिको महत्त्व बढी हुने कुरा यिनले बताएका छन् ।

यमुना नदीको किनारमा यिनले उपरिचरवसु नामक राजाकी छोरी सत्यवती अर्थात् मत्स्यगन्धालाई सधैं कुमारी रहने र तिनको शरीरबाट आउने माछाको गन्ध हटेर एक योजन टाढासम्म मगमग बास्ना आउने वर यिनले दिएका थिए । मत्स्यगन्धा भनिने सत्यवती यिनको सम्पर्कबाट योजनगन्धा नामले प्रसिद्ध बनेकी थिइन् । सत्यवतीसितको सम्पर्क कायम गर्न तपोबलबाट दिउँसै अँधेरो तुल्याउने काम यिनले गरेका थिए र त्यस सम्पर्कबाट व्यासको जन्म भएको थियो । पछि तिनै सत्यवतीको विवाह चन्द्र वंशी राजा शान्तनुसित भएको थियो 'पर्वतीय', सन् १९९६ : ५१८) ।

वसिष्ठ परिवारका सात जना बह्मवादी ऋषिहरूमध्येका एक जना यिनी पनि हुन् । याज्ञवल्क्यका शिष्य यिनलाई द्वापर युगका वेदव्यास पनि भनिन्छ । राक्षस वृत्तिका राजा कल्माषपादबाट आफ्ना बाबु मारिएकाले यिनले राक्षसहरूको समाप्तिका लागि ठुलो यज्ञ गरेका थिए तर महर्षि पुलस्त्यको सल्लाहले त्यो यज्ञ बिचैमा रोकिएको थियो (शर्मा, सन् २००८ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९२-९३) । भगवान् नारायणको नाम रात वा दिन जुनसुकै बखत संकीर्तन गरेका सारा पाप नाश हुन्छन् भन्ने कुरा यिनले बताएका छन् । यस नामका अन्य ऋषिहरू पनि पाइन्छन् ।

महर्षि पराशरले व्यक्त गरेका सूक्तिहरू अनेक छन् । यहाँ दिइएको एउटा सूक्ति तिनैमध्येको एउटा हो ।

यो दुर्लभतरं प्राप्य मानुष्यं द्विषते नरः ।
धर्मावमन्ता कामात्मा भवेत् स खलु वञ्च्यते (पोद्दार, २०६१ : ७४) ।।

अर्थात् ज्यादै दुर्लभ मानव जन्म पाएर पनि कामुक बनेर अरूसित द्वेष र धर्मको अपहेलना गर्नु भनेको आफूले पाएको शक्ति र अवसर न चिन्नु हो । यस्तो आचरण गर्ने व्यक्ति मनुष्य जीवनबाट पाइने महान् लाभबाट वञ्चित हुन्छ ।

झ. विश्वामित्र

पुरुकुलका राजा गाधिका छोरा विश्वामित्र हुन् । जह्नुबाट पुरु, पुरुबाट बलाक, बलाकबाट अजग, अजगबाट कुश, कुशबाट कुशाम्बु, कुशाम्बुबाट गाधि, गाधिबाट विश्वामित्र सहितका एक सय छोराको जन्म भएको हो र विश्वामित्रबाट मधुच्छन्दा सहितका अनेकौं सन्तान जन्मेका हुन् भनिन्छ । क्षत्रिय भएर पनि कठोर तपोबलबाट ब्रह्मर्षि बन्न सफल भएका वैदिक मन्त्रद्रष्टा ऋषि यिनी हुन् । गायत्री मन्त्रका द्रष्टा ऋषि यिनै हुन् । गायत्रीकै साधना गरेर यिनले सिद्धि पाएका हुन् भनिन्छ । गोत्र प्रवर्तकका साथै विभिन्न गोत्रका प्रवरमा यिनी परिगणित हुन्छन् । यिनलाई गर्ग गोत्रका प्रवर ऋषिका रूपमा कतिपय अध्येताहरूले चित्रित गरेका छन् तर यो कुरा त्यति अनुकूल देखिँदैन । यिनको प्रकृति, व्यवहार, परिवेश र समष्टि जीवन भिन्न किसिमको देखिने हुनाले पनि यस भनाइमा सहमति जनाउन गारो पर्दछ तापनि त्यस प्रकारका मान्यतालाई समेत महत्त्व दिनका लागि यहाँ यिनका बारेमा चर्चा गरिएको छ । महर्षि विश्वामित्रको जन्मका बारेमा प्रचलित एउटा उपाख्यान यहाँ दिइएको छ ।

कान्यकुब्ज देशका राजा गाधि एक पटक गर्भवती आफ्नी महारानीका साथ वन विहार गर्न निस्के । वन विहारकै क्रममा महारानी प्रसूति भइन् । तिनले पुत्री रत्नका रूपमा एउटी सुन्दर कन्यालाई जन्म दिइन् । राजारानी असाध्यै खुसी भए । तिनीहरू दलबलका साथ दरबार फर्किए । नवजात बालिकाको नाम सत्यवती राखियो । शक्ति सम्पन्न राजाकी छोरी भएकीले तिनको लालनपालनमा केही कमी भएन । आमाबाबुको अथाह माया पाएर तिनी हुर्किन् । एक दिन दुई दिन भन्दा भन्दै महिना र एक महिना दुई महिना गन्दा गन्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षहरू बित्दै गए । राजकुमारी सत्यवती जवान भइन् । बढ्दो जवानीका साथ हृष्टपुष्ट बनेका अङ्गप्रत्यङ्गबाट तिनी असामान्य रूपमा सुन्दर देखिन थालिन् । तिनका सौन्दर्य र लावण्यको चर्चा सबैतिर हुन थाल्यो । त्यही चर्चा सुनेर ऋषि गणमा प्रसिद्धि पाई सकेका भृगु कुलका सन्तान महर्षि ऋचीकले पत्नीका रूपमा सत्यवतीको हात माग्ने विचार गरे । उनी राजा गाधिको दरबारमा गए । राजालाई शिष्टाचारपूर्वक भेटेर उनले आफ्ना कुरा राखे । सुविधा सम्पन्न दरबारमा हुर्किएकी छोरीले गरिबी, अभाव र कष्टको सामना गर्नु पर्ने कुरा बुझेर राजाले छोरी सत्यवतीलाई महर्षि ऋचीकको हातमा न सुम्पने विचार गरे । त्यसैले अस्वीकृति जनाउन न सकी आफ्नो कुल परम्परा अनुसार राजकुमारीसित विवाह गर्न चाहने व्यक्तिले सेतो र पहेंलो वर्णका र कालो कान भएका एक हजार घोडा उपहारस्वरूप दिनु पर्ने चलन रहेको कुरा व्यक्त गरे । ऋचीकले वरुण कहाँ गएर आफूलाई एक हजार श्यामकर्ण घोडा चाहिएकाले सहयोग गर्न भने । वरुणले महर्षिको आज्ञा सहर्ष पुरा गरे । गरिब, असहाय, कमजोर र अभावग्रस्त व्यक्ति भनेर अपहेलना गर्नका लागि असम्भव उपहारको माग अगाडि सारेका राजा गाधिका अगाडि ऋचीकले एक हजार श्यामकर्ण घोडा प्रस्तुत गरे । राजाले लाचार भएर छोरी सत्यवतीको विवाह महर्षि ऋचीकका साथ गरी दिए । साथै यथेष्ट सम्पत्ति पनि दाइजोमा दिए ।

भर्खर बिहे गरेका ऋचीक र सत्यवतीको जोडी आश्रममा फर्केर मधुमासको रमाइलोमा दिन बिताउन थाल्यो । फुर्सद पाउनासाथ ब्रह्मविद्या, धनुर्विद्या र आयुर्विद्याको अध्यवसायमा पनि ऋचीकले आफ्नो साधना जारी राखे । त्यसै बिच आफ्ना नाति ऋचीक र नातिनी बुहारी सत्यवतीलाई स्नेह र आशीर्वाद दिनका साथै तिनको अवस्था बुझ्न महर्षि भृगु ऋचीकको निवासमा आए । बुढा भए पनि त्याग, तपस्या र योग बलका तेजले देदीप्यमान महर्षि भृगुलाई ऋचीकका दम्पतीले साष्टाङ्ग दण्डवत् गर्नका साथै सक्दो सत्कार गरे । *साउँभन्दा ब्याज प्यारो* भने झैं छोराभन्दा नाति प्यारो मान्ने चलन भएको समाजका बुज्रुग महर्षि भृगु नाति ऋचीकको विवाहबाट दङ्ग परेका अवस्थामा सुशील, सुन्दरी, व्यवहार कुशल, नम्र, शिष्ट र कुलीन बुहारीले गरेको सत्कारबाट झनै प्रसन्न भए । केही दिन नाति र नातिनी बुहारीसँग बसेका तिनले आफूभित्रको वात्सल्य भाव प्रकट गरेर सत्यवतीलाई इच्छा अनुसारको वर माग्न भने (यो प्रसङ्ग *महाभारत* र *श्रीमद्भागवत*मा फरक फरक ढङ्गबाट प्रस्तुत गरिएको छ । साथै पुराणको भिन्नता अनुसार कहीं सत्यवतीलाई भृगुले वर दिएको र कहीं ऋचीकले नै प्रसन्न भएर वर दिएको कुरा उल्लिखित छ) । असीम स्नेहका साथ शक्तिशाली ऋषि मानिने आफ्ना बुढा ससुराले चाहेको वर माग्न आदेश दिएको कुरा सुनेर सत्यवती दङ्ग परिन् । आफू बाहेक अर्को कुनै सन्तान न भएकोले चिन्तित रहने आफ्ना बाबुआमा *राजा गाधि र उनकी महारानीबाट एक सय छोराहरूको जन्म होओस्* भनेर सत्यवतीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माग गरिन् । उनका शिरमा हात राखेर महर्षि भृगुले *तथास्तु* भने । साथै भृगुले आफ्ना लागि पनि केही माग्न आदेश दिए । सत्यवतीले आफूले पनि एक सय छोरा पाउने वर मागिन् । महर्षिले त्यो माग पनि पुरा हुने वचन दिए । ती दुवै माग पूर्ण गर्नका लागि *ऋतु स्नानपछि आमाले पिपल र छोरी अर्थात् सत्यवतीले वरको वृक्षलाई अङ्कमाल गर्नू* भन्दै परमात्माको चिन्तन गरी दुवैका लागि भनेर छुट्टाछुट्टै पोकामा अभिमन्त्रणपूर्वक राखिएको *चरु खानू* अर्थात् चामल खानू भन्ने सल्लाह ऋषिले सत्यवतीलाई दिए । वर दिएर सन्तोष एवं प्रसन्नताका साथ महर्षि भृगु आफ्नो आश्रममा फर्के । महर्षिद्वारा प्राप्त वरदानका लगत्तैपछिको ऋतु काल समाप्त हुँदा आमाछोरी दुवैले यथोक्त विधि अवलम्बन गरे । आफूलाई भन्दा छोरीलाई उत्तम वर दिने अभिप्रायले विशेष वृक्ष र चरुको व्यवस्था गरिएको हुन सक्ने ठानेर सत्यवतीकी आमाले पिपलको सट्टा वरको वृक्षमा अङ्कमाल गर्नका साथै चरु अर्थात् चामल पनि सत्यवतीकै भागका पोकाको खाई दिइन् । आमाको चलाँखीप्रति बेवास्ता गर्दै सत्यवतीले पिपलको वृक्षमा अङ्कमाल र आमाका लागि दिइएको चरु खाने काम गरिन् । त्यस घटनाको केही दिनपछि महर्षि भृगु पुनः ऋचीकको आश्रममा गए । सत्यवतीले पहिलेको भन्दा झनै ज्यादा तिनको सम्मान र सत्कार गरिन् । कुशल क्षेमको आदान प्रदानपछि महर्षिले दुःख प्रकट गर्दै सत्यवतीलाई वृक्षको अङ्कमाल र चरु खाने काममा उल्टापाल्टी भएको कुरा आफूले दिव्य ज्ञानबाट थाहा पाएकोले आमाछोरीले सन्तान पाउने घटना पनि उल्टोपाल्टी पर्ने सन्देश सुनाए । त्यसको थप स्पष्टीकरण दिँदै उनले आमाबाट ब्राह्मणोचित आचार विचार भएको र सत्यवतीले क्षत्रियोचित आचार विचार भएको छोरा पाउने भविष्य वाणी पनि गरे । सो कुरा सुनेर सत्यवती डराइन् । उनले तत्काल महर्षि भृगुको चरणमा परेर नातिमा गएर त्यस्तो स्वभाव आए पनि छोरामा चाहिं न आओस् भनी प्रार्थना गरिन् । महर्षिले त्यो अनुरोध पनि स्वीकार गरे । त्यसपछि सत्यवतीबाट जमदग्नि र उनकी आमाबाट विश्वामित्र सहितका एक सय छोराको जन्म भयो । आफ्ना छोराको सट्टा नातिमा क्षत्रिय स्वभाव भए फरक न पर्ने कुराको माग गरेकीले सत्यवतीका नाति परशु राममा क्षत्रियोचित र आमाबाट त्यस विषयमा कुनै माग न आएकोले छोरा विश्वामित्रमा ब्राह्मणोचित स्वभाव आएको हो भनिन्छ ।

न्वारनको नाम विश्वरथ भए पनि तपोबलबाट ब्रह्मत्व प्राप्त गरेकाले यिनको नाम विश्वामित्र राखिएको हो । यिनकी पत्नीको नाम सती हो । एक पटक दलबल सहित महर्षि वसिष्ठको आश्रममा यिनी पुग्दा सामान्य अवस्थामा देखिने महर्षिले यिनको भव्य स्वागत गरे । विशिष्ट खानपान सहितको त्यस सत्कारका बारेमा जान्न खोज्दा महर्षिले कामधेनुको आशीर्वादले त्यस्तो काम सम्पन्न हुन सकेको कुरा बताए । त्यसपछि यिनले जबर्जस्ती कामधेनुलाई आफ्नो घरमा लैजाने प्रयत्न गरे तर कमधेनुले यिनको घरमा जान मानिनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनका दलबलसित प्रतिकार गर्न सयौं लडाकु उत्पन्न गरी दिइन् । ती लडाकुले यिनलाई लखेटेर भगाई दिए । योग र तपको बल सबभन्दा बढी शक्तिशाली हुने कुरा यिनले थाहा पाए । त्यसपछि यिनी त्यही बाटोमा एकोहोरिएर लागे । नवीन सृष्टिको थालनी गर्ने साहस समेत यिनले आफ्ना विपक्षी देखिने शक्तिका सामु प्रकट गरे । त्यसमा सिद्धि प्राप्त भएपछि यिनलाई ब्रह्मर्षिको उपाधिबाट महर्षि वसिष्ठले नै सम्मानित गरे ('पर्वतीय', सन् १९९६ : ८५१-८५२) ।

यिनले गरेको कठोर तपस्याबाट विचलित तुल्याउन देवराज इन्द्रले मेनका अप्सरालाई पठाएका थिए । मेनकासितको यिनको सम्पर्कबाट शकुन्तला जन्मेकी थिइन् । तपोबलबाट नै यिनले त्रिशंकुलाई सशरीर स्वर्ग पुऱ्याएका थिए । असामान्य आत्मबल भएका यिनले जे कुरामा हात हाले पनि जतिसुकै कडा दुःखकष्टको सामना गरे पनि सफलता पाएरै छोडेको देखिन्छ । राजा हरिश्चन्द्रलाई सत्यनिष्ठा, त्याग, तपस्या, दान, धर्म र यशको प्राप्तिपछि मिल्ने सम्मान तथा आस्थाको उच्चासन दिलाउने काम यिनले नै गरेका हुन् ।

भगवान् रामको स्वयंवर यिनले नै गराएका हुन् । रावणबाट पठाइएका मारीच र सुवाहु जस्ता दुष्टको वध यिनले भगवान् रामका हातबाट गर्न लगाई दुष्टको समेत तारण गर्ने काम यिनले गरेका हुन् । रावणको अन्त्य विश्व शान्तिका लागि आवश्यक भएको धारणा राख्ने र त्यसका लागि भगवान् रामलाई अभिप्रेरित गर्ने चिन्तक पनि यिनी हुन् । धर्मकर्मका महान् साधक, ब्रह्मवेत्ता, क्षत्रियबाट ब्राह्मण बन्न सफल, अहल्याका उद्धारक, ज्ञानी, ध्यानी, अतुल साहसी र परोपकारी यिनी पौरस्त्य वाङ्मयमा त्याग र तपस्याका प्रतिमूर्तिका रूपमा चित्रित छन् । अत्यधिक दुःखकष्टको सामना गर्दै जीवनको महत्तम उपलब्धि प्राप्त गर्ने यिनले अनेका अनुभवजनय महावाणीहरू थुप्र छन् । तीमध्येको *मार्कण्डेय पुराण*मा उल्लिखित एउटा महावाणी नमुनाका लागि यहाँ प्रस्तुत गरिएको छ ।

सत्येनार्कः प्रतपति सत्ये तिष्ठति मेदिनी ।
सत्यं चोक्तं परं धर्मः स्वर्गः सत्ये प्रतिष्ठितः ।।
अश्वमेधसहस्रं च सत्यं च तुलयाधृतम् ।
अश्वमेधसहस्राद्धि सत्यमेव विशिष्यते (पोद्दार, २०६१ : ५१) ।।

अर्थात् सत्यकै कारण सूर्य प्रकाशित छन्, पृथ्वी टिकेको छ र स्वर्गको प्रतिष्ठा कायम भएको छ । सत्य बोल्नु सबभन्दा ठुलो धर्म हो । एक हजार पटक विधिवत् गरिएको अश्वमेध यज्ञको पुण्य तराजूको एकातिरको भागमा र सत्यको शक्ति अर्कातिरको भागमा राखेर तौल्ने हो भने सत्य नै ज्यादा भारी भएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ञ. वैशम्पायन

शुक्ल यजुर्वेदका प्रवर्तक तथा तैत्तरीय संहिताका आदिआचार्य मानिने ऋषि वैशम्पायन हुन् । महर्षि व्यासले पैललाई ऋग्वेद, यिनलाई यजुर्वेद, जैमिनीलाई सामवेद र सुमन्तलाई अथर्व वेदको ज्ञान दिई चार जनालाई प्रमुख शिष्य बनाएका थिए । यिनले महर्षि व्यासबाट प्राप्त ज्ञान आफ्ना छयासी जना शिष्यमा बाँडेका थिए । तिनमा याज्ञवल्क्य पनि थिए । शिष्यप्रति यिनले देखाएको आवश्यकताभन्दा अधिक प्रेमका कारण यिनीसित प्रतिवाद गर्दा याज्ञवल्क्यले यिनीबाट प्राप्त ज्ञान वमन गरेका थिए । त्यो वमन एक थरी पक्षीले खाएकाले त्यसलाई तिनै पक्षीको नामबाट तैत्तरीय नाम दिइएको थियो । महर्षि व्यासले सुनाएको जय नामक आख्यानात्मक काव्यको विजय नाममा विस्तार गरी यिनले राजा जन्मेजयलाई सुनाएका थिए । त्यसको पनि विस्तार गरेर सौतिले महाभारत नाम दिएका हुन् । हरिवंशको प्रचार गर्ने ऋषि पनि वैशम्पायन हुन् भनिन्छ । गोत्र प्रवर्तकका साथै विभिन्न गोत्रका प्रवरमा यिनी परिगणित हुन्छन् । यिनलाई गर्ग गोत्रका प्रवर ऋषिका रूपमा कतिपय अध्येताहरूले चित्रित गरेका छन् तर यो कुरा त्यति अनुकूल देखिँदैन । यिनको प्रकृति, व्यवहार, परिवेश र समष्टि जीवन भिन्न किसिमको देखिने हुनाले पनि यस भनाइमा सहमति जनाउन गारो पर्दछ तापनि त्यस प्रकारका मान्यतालाई समेत महत्त्व दिनका लागि यहाँ यिनका बारेमा चर्चा गरिएको छ ।

सर्प यज्ञको आयोजना गर्दा यिनी राजा जन्मेजयका पुरोहित बनेका थिए । कर्मकाण्डका आचार्य तथा भगवल्लीलाका रसिक यिनी महाराज जनकका पनि पुरोहित थिए । जीवनको अन्त्यमा घर छोडेर विद्वत् सन्न्यास ग्रहण गर्ने विख्यात ऋषि भनेर यिनीप्रति सम्मान गरिएको पाइन्छ ('पर्वतीय', सन् १९९६ : ८५१-८५२) । महाभारतमा यिनले बताएका महत्त्वपूर्ण अनुभवका कुरा प्रस्तुत गरिएको छ । यहाँ दिइएको श्लोक त्यसमध्येको एक हो ।

अनित्यं यौवनं रूपं जीवितं रत्नसञ्चयः ।
ऐश्वर्यं प्रियसंवासो गृध्येत्तत्र न पण्डितः (पोद्दार, २०६१ : ८६)

अर्थात् यो जवानी, यो रूप, यो जीवन, यो धनदौलत वा रत्न बटुल्ने लालसा, यो ऐश्वर्य तथा यो मन पर्ने व्यक्तिहरूका बिचको बसाइ अनित्य भएकोले विवेकी व्यक्तिले यस प्रकारका सञ्जालमा आसक्त हुनु हुँदैन ।

ट. माण्डव्य

महाभारतमा वर्णित चर्चित ऋषि माण्डव्य हुन् । विभिन्न गोत्रका प्रवरमा यिनी परिगणित हुन्छन् । यिनलाई गर्ग गोत्रका प्रवर ऋषिका रूपमा कतिपय अध्येताहरूले चित्रित गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो कुरा त्यति अनुकूल देखिँदैन तापनि त्यस प्रकारका मान्यतालाई समेत महत्त्व दिनका लागि यहाँ यिनका बारेमा चर्चा गरिएको छ । यिनको श्रापका कारण साक्षात् धर्मराजले विदुर बनेर जन्म लिनु परेको थियो । त्यस कुराको आधारका लागि एउटा उपाख्यान महाभारतमा प्रस्तुत गरिएको छ । त्यो उपाख्यान यहाँ दिइएको छ ।

धेरै पहिलेको कुरा हो । केही चोरहरूको पिछा गर्दै राजाका सिपाहीहरू यिनका आश्रममा आई पुगे । चोरीका सामान सहित चोरहरू यिनको आश्रममा लुके । सिपाहीहरूले आश्रमको छानबिन गर्दा चोरीमा सामान र चोरलाई देखे । तिनले चोरहरू, चोरीका सामान र माण्डव्य ऋषिलाई राजाका सामु उपस्थित गराए । राजाले यिनका कुरातिर ध्यान न दिई चोहरूका साथै यिनलाई शूलीमा चढाएर मृत्यु दण्ड दिए तर यिनको मृत्यु भएन । शूलीको टुप्पोमा झुन्डिँदा पनि यिनी ध्यान मग्न भई रहे । त्यो कुरा राजा समक्ष जाहेर गरियो । यिनलाई शूलीबाट निकालेर राजाका सामु पेस गरियो । शूलीबाट झिक्न लाग्दा शूलीको चुच्चो टुटेर त्यसका केही टुक्रा यिनको शरीरभित्रै रहे । शूलीका अणु अर्थात् टुक्रा शरीरभित्र भएका ऋषिका अर्थमा यिनलाई पछि गएर अणिमाण्डव्य भनियो । ती राजाले यिनीसित माफी मागे । अनाहकमा आफूले सजाय भोग्नु परेको र अपमानित हुनु परेको कारणका बारेमा एक पटक यिनले धर्मराजसित प्रश्न गरे । धर्मराजले बाल्य कालमा एउटा पुतलीको पछिल्लो भागमा सुन्का घुसाएर त्यसलाई कष्ट पुऱ्याएको हुनाले त्यस्तो दण्ड भोग्नु परेको हो भने । सानो गल्तीमा पनि यति ठुलो दण्ड दिने भनेर झोक्किँदै यिनले धर्मराजलाई मनुष्य भएर जन्मनु पर्ने श्राप दिएका थिए । सोही श्राप लागेर धर्मराजले विदुरका रूपमा जन्म लिनु परेको थियो (खेमका, सन् २०१३ : १३५) ।

ठ. गोभिल

गोभिल स्मृति र सूत्र ग्रन्थका रचयिता वैदिक ऋषि हुन् । सामवेदसित सम्बद्ध धर्मशास्त्रका व्याख्याताका रूपमा यिनको परिचय दिइएको पाइन्छ ('पर्वतीय', सन् १९९६ : २९७) । यिनका *गोभिलगृह्य सूत्र* र *गोभिलस्मृति* नामक ग्रन्थ निकै प्रसिद्ध मानिन्छन् । *गोभिलगह्य सूत्र*मा गृहस्थ जीवनमा अवलम्बन गरिने संस्कारका बारेमा विस्तारपूर्वक वर्णन गरिएको छ । यज्ञोपवीत संस्कारसित सम्बद्ध पद्धतिहरूको उल्लेख यिनको *गोभिलस्मृति* नामक ग्रन्थमा गरिएको छ (पाण्डेय, सन् २००३ : २४६) ।

विभिन्न गोत्रका प्रवरमा यिनको नाम आउँछ । यिनलाई गर्ग गोत्रका प्रवर ऋषिका रूपमा कतिपय अध्येताहरूले चित्रित गरेका छन् । यो कुरा त्यति अनुकूल देखिँदैन तापनि त्यस प्रकारका मान्यतालाई पनि महत्त्व दिनका लागि यहाँ यिनका बारेमा चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.२.९ गर्ग गोत्रीय सन्ततिलाई कुलीन मान्ने परम्परा

कुलका सन्ततिमा पाइने प्रतिभा, उदारता, सेवाभाव, त्याग, सहिष्णुपना र सहयोग तत्परताका कारण त्यस्तो स्थान प्राप्त हुने गरेको हो । कतिपय गोत्रीय व्यक्ति, परिवार, समूह, समुदाय वा जमातलाई कुलीन मान्ने चलन नेपाल र भारतमा रही आएको कुरा निम्न लिखित श्लोकले बताउँछ :

गर्गश्च गौतमश्चैव शाण्डिल्यश्च पराशरः ।
सावर्ण्यकश्यपोत्रिश्च भरद्वाजोथ गालवः ।।
कौशिको भार्गवश्चैव वत्सः कात्यायनोङ्गिराः ।
शाङ्कृत्यो जामदग्न्यश्च षोडशैते प्रतिष्ठिताः (पाठक, सन् २००८ : १३४) ।।

गर्ग, गौतम ती गोत्र शाण्डिल्य र पराशर ।
सावर्ण्य, कश्यपै अत्रि भरद्वाज र गालव ।।
कौशिकै, भार्गवै, वत्स र कात्यायन, अङ्गिरा ।
शाङ्कृत्य, जामदग्नि यी सोर गोत्र प्रतिष्ठित ।।

अर्थात् गार्ग्य, गौतम, शाण्डिल्य, पाराशर्य, सावर्ण्य, काश्यप, आत्रेय, भारद्वाज, गालव, कौशिक, भार्गव, वात्स्य, कात्यायन र आङ्गिरस प्रतिष्ठित गोत्र हुन् ।

अर्को एउटा श्लोक यस्तो पनि छ :
गर्गश्च गौतमश्चैव शाण्डिल्यश्च पराशरः ।
सावर्णिः कश्यपो वत्सो भरद्वाजश्च कौशिकः ।।
उपमन्युर्वसिष्ठश्च साङ्कृतो घृतकौशिकः ।
गार्ग्यः कात्यायनश्चैव तथा स्याद् गर्दभीमुखः ।
अगस्त्यो भृगुभर्गौ च कुण्डिन्यश्च तथैव हि (पाठक, सन् २००८ : १३४) ।।

गर्ग, गौतम, शाण्डिल्य अनि गोत्र पराशर ।
सावर्णि, काश्यप, वत्स, भरद्वाज र कौशिक ।।
उपमन्यु, वसिष्ठै र साङ्कृत, घृतकौशिक ।
गार्ग्य, कात्यायनै अर्का गोत्र जो गर्दभीमुख ।
अगस्त्य, भृगु, भर्गै र कौण्डिन्य ती कुलीन हुन् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् गर्ग, गौतम, शाण्डिल्य, पराशर, सावर्णि, काश्यप, वत्स, भरद्वाज, कौशिक, उपमन्यु, वसिष्ठ, साङ्कृत, घृतकौशिक, गार्ग्य, कात्यायन, गर्दभीमुख, अगस्त्य, भृगु, भर्ग र कौण्डिन्य कुलीन गोत्र मानिन्छन् ।

२.१.२.१० गर्ग गोत्रीय नेपाली थर

गर्ग गोत्रीय नेपाली थर अनेक छन् । शिखरनाथ सुवेदीले बास्तोला, गजुरेल, भट्ट, रिसाल, लामिछाने, भुर्तेल, अचार्ज अर्थात् आचार्य, थापा, लामिछाने थापा, रोकाया, चुडाल थर भएका नेपालीहरू गर्ग गोत्रीय हुन् भन्ने कुरा यसरी बताएका छन् :

बाँस्तोला, गजुरेल, भट्ट र रिसाल्, जो लामिछाने अनि ।
भुर्तेल् चाहिँ अचार्जको र अनि लांछाने त थापा पनि ।।
रोकाया र चुंडालको र भुरतेल् हुन् गर्ग गोत्री यति ।
कन्यादान सगोत्रिमा नगरनू घोर्पापि लाग्ला अति (सुवेदी, २०५४ : २१) ।।

यो भनाइ सीमित ठाउँको अध्ययनलाई आधार बनाएर प्रस्तुत गरिएको देखिन्छ किनभने गर्ग गोत्रीय नेपाली अनेकौं अन्य थर पनि पाइन्छन् । सुदूर पश्चिमाञ्चल क्षेत्रका कुलीन मानिने गर्ग गोत्रीय पन्त, जोशी, खड्का, हमाल थरको उल्लेख यसमा देखिँदैन । यो अध्ययनापेक्षी विषय बनेको छ ।

२.१.३ गर्ग गोत्रीय परिवारका आराध्य देवता

कुनै वस्तु नासियो, मासियो, बिग्रियो, रोगव्याधिले सतायो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, सलह, महामारी, भूकम्प, बाढी, पहिरो, अकालमृत्यु जस्ता अनिष्टहरू आई परेमा देवीदेवता रिसाएको ठान्ने र खुसी पार्न स्तुतिभक्तिका स्तोत्रपाठ गर्ने, भाकल गर्ने, पूजापाठ तथा धूपदीप, आगोसप्को गरी पीडामुक्तिका उपाय अपनाउने चलन देवताप्रतिको विश्वासकै सन्दर्भमा चलेका हुन् । त्यसै गरी कुनै वस्तुको प्राप्ति, विवाह, सन्ततिजन्म, दुर्घटनाबाट त्राण, विशेष सफलता, रोगमुक्ति, शोकमुक्ति, कीटपतङ्ग तथा हिंसक जन्तुको आक्रमणबाट बच्न सकेको अवस्था र सुख एवं सन्तोषका घडीमा आयोजना गरिने अनुष्ठान वा चाडबाडलाई पनि देवीदेवताकै आशीर्वादको परिणाम मानेर स्तुतिभक्तिका फाग गाई धूपधुपार तथा मिष्ठान्न चढाई पूजापाठ गर्ने चलन चलेको हो ।

भूत, प्रेत, धामी, झाँक्री, बोक्सा, बोक्सी, डाइनी, पितृ, वायु, मैठ, सर्ग्याम, मुन्धुम, समैजी, नाग, गुरुवा, देवता बाजे, देवती बज्यै, मसानी, भुमे, खोले, खायामाङसहितका जातजाति अनुसारका विभिन्न देवीदेवता, भूतप्रेत वा पितृहरूको पूजा दुःखकष्ट वा सुखसयल दुवै अवस्थामा मानवसमाजमा गरिँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको पाइन्छ । यस्तै भाव भूमिमा रहेर कुल देवता एवं इष्ट देवता मान्ने र पुज्ने चलन चलाइएको हो ।

वंश वृद्धि अर्थात् पुत्र प्राप्ति, न्याय प्राप्ति, असाध्य रोगको समाप्ति, निर्विघ्न कार्य समाप्ति, शत्रुको नाश, मित्रको अभ्युदय, आरोग्य, दीर्घायु, धन लाभ, मनोरथ सिद्धि, सङ्कटबाट मुक्ति, अपराधीलाई दण्ड, हराएको मूल्यवान् सामग्रीको प्राप्ति, भक्ति, विश्वास, सत्कार्यप्रतिको उत्प्रेरणा, रोजगार प्राप्ति, पदोन्नति, पितृ तारण, यथेष्ट अन्न प्राप्ति, दैवी प्रकोपबाट मुक्ति, विद्या लाभ, यावत् दृष्टिले संरक्षण, सदा दाहिनापनको आकांक्षा, सहज मृत्यु, अकाल मृत्यु हरण, ज्ञान लाभ, परदेशमा रहेका आफन्तको संरक्षण जस्ता कुरा प्राप्त गर्ने आकांक्षा राख्नु हो ।

कुल देवता, इष्ट देवता वा ग्रामीण विभिन्न देवताहरूमध्येका निश्चित देवीदेवताको परम्परागत चलन बमोजिम खास तिथि वा दिनमा गरिने पूजाआजालाई **देवाली** अथवा **दिवाली** भनिन्छ र सो अवसरमा सम्पन्न हुने समस्त कार्यक्रमको सोलोडोलो स्वरूपलाई **देवाली जात** अर्थात् **देवाली** वा **दिवालीको जात्रा** भनिन्छ । देवताको प्रकृति र प्रवृत्ति अनुसार यस प्रकारका जात्रा विभिन्न किसिमले मनाइन्छन् । बलि भोग गर्ने देवता भए बोकाको बलि दिएर तथा सात्त्विक वृत्ति मन पराउने देवता भए विधिपूर्वक पूजाआजाका साथ अनेकौं प्रकारका नैवेद्य र फलफुल निवेदन गरी यी जात्रा मनाउने चलन छ । सम्बद्ध परिवारका व्यक्तिले दिनभरि उपवास बस्ने तथा पूजाअर्चना पूर्ण भएपछि मात्र खाना खाने परम्परा यी जाँतहरूमा पाइन्छ ।

कतिपय ठाउँमा त गाउँभरिका सारा बासिन्दा पूजा गरिने देवताका माडौं वा थानमा भेला भएर घरघरबाट लगिएका खाद्य वस्तु देवतामा चढाई परस्परमा बाँडचुँड गरी खाने गर्दछन् । त्यस्ता वस्तीमा एक प्रकारको वनभोजका रूपमा यो मनाइएको पाइन्छ । पहिले झैंझगडा गरी अबोला बनेका व्यक्तिहरू पनि यस अवसरको आपसी सम्पर्क, भेटघाट तथा एकताबाट बोलचाल सुरु गर्दछन् । पुरुष र महिलाहरू आआफ्ना जमातमा गानबजानमा संलग्न भई यस अवसरको रमाइलोमा सहभागी हुन्छन् । जात्रा मनाइने दिन आउन यति समय बाँकी छ भनी औंला गन्दै यसको प्रतीक्षा गरेको पनि देखिन्छ ।

नेपाली समाजमा देवालीको पूजा गरिने देवीदेवताहरू पनि अनेक किसिमका छन् । कहीं शिव, कहीं देवी, कहीं मस्टा, कहीं मसानी, कहीं भैरव, कहीं प्रेतशक्ति, कहीं पिशाचशक्ति र कहीं जनजीवनका सहायक मानिने भूतगण यस्तो पूजाका आराध्य देवता बनेका देखिन्छन् । अझ देवालीका नाममा अग्नि देवता, जल देवता, सूर्य देवता र वनस्पति देवता भनिने तत्त्वहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गरिएको पनि पाइन्छ । अदृश्य शक्ति मानिने तत्त्वप्रतिको आस्था वा भक्तिप्रति समर्पित भएर पूजाआजा गर्दै हार्दिक अभिवादन टक्र्याउने चलनबाट विकसित भएको प्रथा यो हो । यो पूजा परम्परागत चलन बमोजिम जुनसुकै महिनामा पनि गरिएको पाइन्छ र सोका लागि निश्चित तिथि, मिति, वार र अवसर तोकिएको हुन्छ । देवताको स्तुतिभक्ति गरेर सन्तुष्टि लिने कार्यका साथै मन पराइएका भोजनको सेवन, राम्रा तथा नयाँ लुगाहरूको प्रयोग, विशेष सिंगारपटार, आफन्तहरूसितको भेटघाट तथा भलाकुसारी अघि अघाउन्जेल गरिने नाचगान जस्ता कुराले पनि यो अवसर प्रतीक्षित बनेको हुन्छ ।

कुना, कन्दरा, भन्ज्याङ, चौतारी, खोंच, जलाशय, दोभान, त्रिवेणी, खोलानाला, नदी, लेक, बेंसी, खेत, गरा, छेउ, किनार, चचुरा, फेद, फाँट, बगर, पाटन, वन, जङ्गल, देवालय, मठमन्दिर, पाटीपौवा, गुफा लगायतका जुनसुकै ठाउँमा देवीदेवताको वास भएको कुरामा विश्वास गरिने हुनाले ती सबैको अर्चना परम्परागत चलन अनुसार देवाली पूजाका रूपमा गर्ने परिपाटी नेपाली समाजमा प्रचलित पाइन्छ ।

कुलपूजाका वैदिक, तान्त्रिक र स्थानीय समेतका अनेक किसिमका पद्धतिहरू ठाउँ, उद्देश्य, परम्परा, साधनाका प्रकार र अवस्था अनुसार चलनचल्तिमा रहेका देखिन्छन् । गाउँबस्तीका सबै बासिन्दाले सामूहिक रूपमा वा परिवार विशेषले एकल रूपमा यस्तो पूजा गरेको पाइन्छ । सामूहिक रूपमा पूजा गर्दा उमेर, नाता, योग्यता, ज्ञान, अनुभवले ज्येष्ठ र श्रेष्ठ मानिने व्यक्ति वा परम्परागत चलन अनुसार सबैबाट मनोनीत व्यक्ति तोकिएको हुन्छ । शौचस्नानादिबाट निवृत्त भई चोखो लुगा लगाएर देवस्थान वा पूजाकोठामा राखिएको पवित्र आसनमा कर्ताले प्रचलन अनुसार सदम्पती वा एक्लै पूर्वाभिमुख भएर बस्ने चलन छ । त्यस क्रममा पुरुषले शिखाबन्धन गर्ने र महिलाले जुरो बाँध्ने काम गर्नका साथै तिलक लगाई आचमन लिएर प्राणायाम गर्नु पर्दछ । ठाउँ, अवस्था र सम्प्रदाय अनुसार पूजा गर्ने तरिका फरक फरक हुन्छ । पान चढाउनु पर्ने चलनको अनुसरण त्यहाँ गर्न सकिन्छ जहाँ खोजेको समयमा सजिलैसित पान पाउन सकिन्छ । पान नपाइने ठाउँमा अनुष्ठान गर्ने व्यक्तिले पानको सट्टा फल वा नैवेद्य अथवा ल्वाङ सुपारी चढाउँछ । यस्तो विधान अव्यावहारिक हुने भएकोले पूजामा अनिवार्य रूपमा यो नै चढाउनु पर्दछ भन्ने हुँदैन र चलनचल्तीको व्यवहार अवलम्बन गरिन्छ । नेपाली समाजमा पञ्चोपचार, अष्टोपचार वा षोडशोपचारका विधितिर बढी ध्यान नदिई पातीका पात र कोरा अक्षता चढाएर कुल र स्थानीय देवताको पूजा गर्ने परिपाटी पनि छ ।

वैदिक, तान्त्रिक र लौकिक तिन वटै पूजा पद्धतिको प्रयोग यस वंशका कुल र इष्ट देवतामा गरिएको पाइन्छ । सप्ताह नवाह जस्ता विशेष अनुष्ठानमा पूजा गर्दा वैदिक, भाकल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसारको पूजा गर्दा तान्त्रिक तथा परम्परागत वार्षिक वा तिथिमिति बमोजिमका निश्चित अवसरमा पूजा गर्दा लौकिक पद्धति यस वंशका सन्ततिले अवलम्बन गर्दछन् । वैदिक पद्धति अनुसारको पूजा पञ्चोपचार वा षोडशोपचार पद्धतिले गरिन्छ । यस प्रकारको पूजामा चन्दन, अक्षता, फुल, धूप, दीप, नैवेद्य, वस्त्र, आभूषण, दक्षिणा जस्ता सामग्री चढाइन्छन् । वार्षिक तिथिमा गरिने पूजा वा जाँतको पूजामा कोरा अक्षता र पातीका पात मात्र चढाउने चलन छ । त्यस अवसरमा भाकल अनुसारको सामग्री चढाइन्छ ।

कुल देवताको पूजा वा देवालीमा गोठ र बस्तुभाउको पूजा गर्ने चलन छ । रक्त बलि दिएर पूजा गरिने देवतामा कालो बोका चढाउने परम्परा पनि देखिन्छ । कुल देवताको पूजामा घृतधारा चढाएर हवन गर्ने, त्यस्तो पूजामा प्रायः घरमै उत्पादित चोखो पूजा सामग्री अर्पण गर्ने, सरल तथा सामान्य पूजा विधि अपनाउने, कोरा अक्षता तथा पातीका पातले मात्र पूजा गरे पनि हुने चलन छ । प्राकृतिक पूजा र प्रकृतिको पूजा गर्ने परिपाटीको बोध यस प्रकारका चलनबाट हुन्छ ।

गर्ग गोत्रीय सन्ततिका विभिन्न गाउँ वा बस्ती अनुसारका सन्तानहरूले पुज्ने इष्ट र कुलदेवताको सामान्य परिचय यहाँ दिइएको छ । यस परिवारले इष्ट देवताका रूपमा देवी दुर्गाको पूजा गर्दछ भने कुल देवताका रूपमा मूलतः मस्टालाई पुज्दछ । दुर्गा र महाकालीलाई छुट्टाछुट्टै पुज्ने र मस्टामा पनि मस्टा भनेर एक थरी र मण्डली वा मुन्डा भनेर अर्का थरी छुट्टै मस्टा मानेर पुज्ने चलन पनि कतिपय ठाउँमा रिसाल कुलमा पाइन्छ । वास्तवमा मण्डली वा मुन्डा ठाउँको नाम अनुसार राखिएका मस्टाकै स्थानीय भिन्न नाम मात्र हुन् । यी पनि मस्टा नै हुन् ।

गर्ग गोत्रीहरू शैव र शाक्त परम्पराका अनुयायी हुन् । यिनले गणेश, सूर्य र विष्णुको पनि पूजा गर्दछन् । मूलतः शिव र शक्तिको अर्चना गर्ने भएकाले यिनमा भगवान् शङ्कर तथा देवी दुर्गा वा कालीको सुदृष्टि सधैं रहेको मानिछ । शिव र शक्तिकै गण मानिने मस्टा, मन्ना वा मन्न्हा, स्थावर, वरुण, ऐड वा ऐडी र गैडू तथा भगवान् शंकरकै अवतार मानिने महाकाल र महारुद्रको उपासना यस गोत्रका सन्तति गर्दछन् । नेपाल र भारतका विभिन्न ठाउँमा बस्ने हालका गर्ग गोत्रीय सन्ततिले आआफ्ना बस्तीमा यिनै देवीदवताका थानको स्थापना गरी निश्चित तिथिमितिमा वार्षिक, षाण्मासिक, त्रैमासिक, मासिक, पार्विक वा दैनिक पूजा गर्नका साथै देवाली मनाएको पाइन्छ । सात्विक र तामसीमध्ये कुनै एक पूजन भेदको अवलम्बन गरी यस कुलले परम्परा अनुसार त्यसको पूजा गरेको देखिन्छ । बाबुआमाको सेवाटहल जति गऱ्यो त्यति नै आत्म सन्तुष्टि र माया पाइए जस्तै कुलका स्वामी मानिने मस्टा देवताका स्तुति भक्तिबाट अनिष्ट नाश एवं सुख समृद्धि प्राप्त हुने विश्वास गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ प्रस्तुत गोत्रका सन्ततिले पुज्ने देवताको संक्षिप्त चर्चा **दुर्गाको उपासना, मस्टाको उपासना, मस्टाका पूजा, मन्ना वा मन्हाको उपासना, स्थावरको उपासना, वरुणको उपासना, ऐडको उपासना, महाकालको उपासना, महारुद्रको उपासना, गैडूको उपासना** सहितका विविध शीर्षकमा गरिएको छ ।

२.१.३.१ दुर्गाको उपासना

तन्त्रशास्त्रका अनुसार पूर्वाम्नायकी भुवनेश्वरी, पश्चिमाम्नायकी कुब्जिका, उत्तराम्नायकी सिद्धिकराली (दशवक्त्रा गुह्यकाली), दक्षिणाम्नायकी दक्षिणकाली, ऊर्ध्वाम्नायकी महात्रिपुरसुन्दरी र अधाम्नायकी आर्यतारा सहितका आम्नाय नायिका हुन्छन् । दक्षिणाम्नायका आद्याकाली, निशेशी, दक्षिणकाली, बगला, छिन्नमस्ता, भद्रा, मातङ्गी, जम्भिनी, स्तम्भिनी, मोहिनी, मृत्युञ्जया, चर्चिका, सिंही, प्रचण्डा, उग्र चण्डा, उग्र तारा, कपालिनी, त्वरिता, वाक्प्रदायिनी, नील सरस्वती, भीमा, त्रैलोक्य डामरेश्वरी, त्रैलोक्य विजया, चण्डिका र रक्त चामुण्डा सहितका पच्चिस सङ्केत वा भेदहरू हुन्छन् । दक्षिणाम्नायकी नायिका दक्षिण कालीलाई अनिरुद्ध सरस्वती पनि भनिन्छ । यस आम्नायकी बीज काली हुन् र तिनीबाटै उपर्युक्त पच्चिस वटा भेदहरू अङ्कुराएका हुन् (ज.ब.रा., २०४६ : ४८) ।

शक्तिको उपासनाका क्रममा भगवती दुर्गापछि सबभन्दा ज्यादा उपासना गरिने शक्ति भगवती काली हुन् । यिनलाई महाकाली पनि भनिन्छ । शक्तिका प्रमुख दस रूप मानिन्छन् र तिनलाई नै दस महाविद्या पनि भनिन्छ । दस महाविद्यारूप देवीकी प्रथम शक्ति काली हुन् । अन्य नौ वटा शक्तिमा तारा, षोडशी, भुवनेश्वरी, छिन्नमस्ता, त्रिपुरा भैरवी, धूमावती, बगलामुखी, मातङ्गी र कमलात्मिका हुन् । प्रथम महाविद्याभगवती कालीलाई देवीकी आद्या, ब्रह्मस्वरूपा, अनादि, अनन्ता र पराशक्ति पनि भनिन्छ । *दुर्गासप्तशती*मा वर्णित भगवतीलाई यिनै देवीका अवतार मान्ने गरिन्छ । गर्ग गोत्रीय कुलले इष्ट देवी मानेर पुज्ने दुर्गा भगवतीकी आद्या रूप मानिन्छिन् । श्रद्धापूर्वक यिनको भक्ति गरेमा तुरुन्तै वाञ्छित कामना पूर्ण हुने, धर्म, अर्थ, काम र मोक्ष अर्थात् चतुर्वर्गफल प्राप्तिका साथै अन्त्यमा देवीको सायुज्य समेत प्राप्त हुने भएकोले यिनलाई सद्य फलप्रदा पनि भनिन्छ । परब्रह्मरूप भगवान् शङ्करकी पराशक्ति पनि यिनै देवी हुन् (दीक्षित, सन् २००८ : ३) ।

मानव जीवनका आवश्यकताको पूर्तिका निम्ति सहायक मानिने अनेकौं साधनहरूमा तन्त्र, मन्त्र र यन्त्रलाई लिइन्छ । देवी दुर्गाको उपासना यी तिन वटै विधिबाट गर्ने चलन छ । यिनमा पनि अधिक सरल र प्रभावकारी साधन तन्त्र मानिन्छ । यिनको उपासनाका प्रमुख अपेक्षा वशीकरण, सम्मोहन, वाक्सिद्धि, सौभाग्य र शत्रुमाथि विजय हुन् तर सीमित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थ लाभ, कसैमाथि अप्ठेरो पार्ने सोच, झारफुक वा जादुटुनाको प्रभावबाट इष्टसिद्धि गर्ने मनसाय र छलकपटको साधन बनाउने विचारका हिसाबले यस प्रकारका सिद्धिलाई बुझ्नु हुँदैन । त्यस्तो आशयबाट यो शक्ति प्रयोगमा ल्याउन खोज्ने हो भने झनै उल्टो परिणाम निस्कन्छ । यो त आमाको माया र आशीर्वाद पाए जस्तो साधन हो । आफ्नो, समाजको, मनुष्य जातिको, विश्वको र समस्त प्राणीको हित वा कल्याण गर्ने क्रियाकलापका लागि मात्र यो शक्ति सहायक हुन सक्तछ । देवीको पूजा प्रायः तान्त्रिक विधिबाट गरिने हुनाले कतिपय व्यक्ति तन्त्र शास्त्र तथा तिनका ज्ञाता वा साधकलाई सङ्कुचित अर्थमा लिने गर्दछन् । वास्तविक कुरा त्यो होइन । देवी शक्तिलाई आमाले गर्ने माया र दिने आशीर्वाद मान्नु पर्दछ । तन्त्र भनेको भुलभुलैया र मन बहलाउने साधन न भएर वैज्ञानिक सत्यमा आधृत जीवन्त शास्त्र हो । तन्त्रका सहायताले सिद्धि प्राप्त खोज्नेहरूले यसका शास्त्रीय पद्धतिको सर्वाङ्गीण ज्ञान हुनु आवश्यक छ । यसबाट आत्म कल्याणका साथै लोक कल्याण गरी परलोक समेत सुधार्न सकिने कुरा विज्ञहरू बताउँछन् ।

२.१.३.२ मस्टाको उपासना

मस्टा नेपाली समाजका स्थानीय देवता मानिन्छन् । **मस्टा** शब्दले प्रमुख, मुख्य, उच्च, पहाडको चुचुरो, शिव र शक्तिका सेनानी, अलौकिक दैवी शक्ति, कुलको उच्च तहमा बसेर ऋद्धि, सिद्धि तथा संरक्षण दिने देवता, विशेष शक्तिसामर्थ्यले सम्पन्न र अलौकिक चमत्कार देखाउन सक्ने गण देवता, हिमाली देवता, महादेव र भवानीपछि आउने र कुल देवताका नामले चर्चित स्थानीय दैवी शक्ति, सिद्ध र भैरव दुवै रूपमा पुजिने स्थानीय देवता, शैव र शाक्तपछिको शक्तिशाली रैथाने देवता जस्ता विविध अर्थ जनाउँछ (चटौत, २०५८ : ६४४) ।

कुलका प्रमुख संरक्षक देवता मानिने हुँदा यिनलाई प्रमुख वा मुख्यका अर्थमा पनि लिन सकिन्छ । कुलको सर्वोच्च स्थानमा राखिने र सुखदुःखका प्रत्येक अवस्थामा पुजिने हुनाले यिनलाई 'उच्च' शब्दको अर्थले पनि जनाउँछ । यिनका माडौं वा स्थानहरू पहाडका चुचुरा, देउराली वा थाम अर्थात् अग्लो भागका समथर भूमिमा रहने हुनाले पहाडको चुचुरो अर्थले पनि यिनलाई व्यक्त गर्दछ । मस्टा भनेका कुल देवताका रूपमा मानिने र पुजिने रैथाने देवता हुन् । भगवान् शङ्कर तथा देवी भगवतीका गण बनेर लोक कल्याणका कार्यमा खटिएका यी अनेकौं रूपमा स्थानीय तहमा प्रचलित रहेको विश्वास गरिन्छ । मट्ट्या अर्थात् माटोका अधिपति वा स्थानीय दैवी शक्तिको प्रतीकका अर्थमा पनि यिनलाई लिइन्छ ।

मस्टालाई **मैठा, मैठो, मास्ठा, मुइठा, मुस्टो, मस्ट, मुन्ठा, मुन्ठो,** र **मुइठो** पनि भनिन्छ । यी सबै शब्दले आर्थिक रूपमा मस्टालाई नै जनाउँछन् । आफ्नी दिदी भगवती कालीमाथि राक्षसहरूको कुदृष्टि परेको र तिनीहरूले कालीप्रति दुर्व्यवहार गर्ने प्रयत्न गरेकाले ज्यानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परबाह न गरी शिर वा मस्तक थापेर राक्षसहरूलाई सङ्ग्राममा पराजित गर्न सफल भएका यिनलाई **मस्तक देवता** भनिएको र कालान्तरमा सो शब्द **मस्टा** बनेको कुरा भाषा शास्त्रीहरू बताउँछन् (पोखरेल, २०४८ : १८) । यिनलाई **छेत्र पाल** पनि भनिन्छ । भगवान् शङ्करबाट दसै दिशाका जीवजन्तुको पालन पोषण एवं संरक्षणका निम्ति खटाइएका गणहरूले जिम्मेवारी मुताबिकको कर्तव्य इमान्दारीपूर्वक निर्वाह गरी सबैको मन जित्न सफल भएका र प्राणीहरूले आफ्नो वंशका रक्षक ती गणहरूलाई कुलका देवता मानी पुजेकाले क्षेत्र क्षेत्रको पालन गर्ने तिनलाई **छेत्र पाल** अर्थात् क्षेत्र पाल भनिएको कुरा पनि सुन्नमा आउँछ (पाण्डे, २०३५ : १४१) ।

पुर्खाले मानेका र पुजेका कारण वर्तमान पुस्ताले पनि मस्टालाई मानेको र पुजेको देखिन्छ । कतिपयले पुर्खाका मान्यताको अनुसरणका साथै आफूले पनि प्रत्यक्ष रूपमा देखे भोगेका मस्टाद्वारा निर्देशित चमत्कारी र अलौकिक घटनाका कारण यिनलाई मान्ने र पुज्ने गरेका कुरा पनि बताउँछन् । यिनको उत्पत्तिका विषयमा ठाउँ अनुसार फरक फरक कुरा प्रचलित रहेका पाइन्छन् । कसैले *कैलास वा मानसरोवरमा यिनको उत्पत्ति भएको हो* भन्दछन् भने कसैले *यी खप्तडमा उत्पन्न भएका हुन्* भन्दछन् ।

क. मस्टाका भेद

नामका हिसाबले उही र उस्तै भए पनि आचार व्यवहार तथा आहार विहारका दृष्टिले मस्टा अनेकौं प्रकारका पाइन्छन् । ती समस्त प्रकारहरूलाई मोटामोटी रूपमा छुट्याउने हो भने मस्टालाई दुग्धाहारी र मांसाहारी दुई किसिमका भेदमा बाँड्न सकिन्छ तापनि उहाँ दिइए अनुसारका चार किसिमका मस्टाको चलन नेपाली समाजमा पाइन्छ ।

अ. दुधे मस्टा

दुधे मस्टाका सबै रूपहरू डोटी क्षेत्रमा उत्पन्न भएका मानिन्छन् । सिद्धपीठको अधीनमा रहने देवता यी हुन् । यी विशुद्ध शाकाहारी देवता हुन् । यिनलाई भगवान् शङ्कर र गणेशजीका गणका रूपमा लिइन्छ । दुग्धाहार पाए यी प्रसन्न हुन्छन् । यिनका धामी काम्दा गोरो वर्णको अनुहार हुने भएकोले *यिनको वर्ण गोरो हुन्छ* भनिन्छ । यिनका उपासकहरूले पूजाका पर्वमा मांसाहार गर्नु हुँदैन । यिनको मन्दिरमा पूजाको निश्चित तिथिमिति बाहेकका अन्य अवसरमा सप्ताह, नवाह, रामायण, रुद्री, चण्डी, हवनादि धार्मिक अनुष्ठानको आयोजना गर्ने चलन छ । जाँतमा पनि यस प्रकारका अनुष्ठान स्वीकार्य हुन्छन् । यिनका मन्दिर उच्च पर्वतीय भू भाग रहेका देखिन्छन् । यी आरोग्य, आयु, सुख, शान्ति, संरक्षण र समृद्धि दाता देवता मानिन्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पन्त, २०६४ : ६६) । दुधे, कैलास, रुद्र, दुधेसिल्टो, रमाल/रमला, गुरो, धौलपुरे, सुकिलो हाँस, छेत्रपाल, उडी शीतल, कमल र विजय गरी यिनका बार भाइ मानिन्छन् । उच्चाकोट गाउँमा बस्ने पन्तहरूले पुज्ने मस्टा देवता यिनै हुन् ।

आ. लडे मस्टा

लडे मस्टाका माडौंहरू अछाम, बभाङ र बाजुरा जिल्लामा बढी पाइन्छन् । डोटी, डडेल्धुरा र बैतडी जिल्लाका केही ठाउँमा पनि यिनका माडौंहरू छन् । यी कहीं शाकाहारी र कहीं मांसाहारीका रूपमा देखिन्छन् । यिनको धामीका लट्ठिएका कपाल निकै लामा हुन्छन् । वार्षिक पूजाका बेलामा काम्दा स्वतः पगरी फुस्किएर कपाल देखिने स्थितिमा बाहेक अरू बेला निजयिनका धामीले कपाल देखाउनु हुँदैन भनिन्छ । त्यसैले यिनका धामी सधैं सेतो कपडाको पगरी गुँथेर शिर छोपेको अवस्थामा देखिन्छन् । तिनले मुण्डन गर्नु हुँदैन भनिन्छ ।

लडे मस्टाको पूजा धामीले नै गर्दछन् । यी मस्टाले आफ्नो प्रभाव क्षेत्रभित्र कुनै पनि प्रकारको रोगव्याधि, महामारी, दुःखकष्ट र सङ्कट आउन दिंदैनन् भनिन्छ । उपासनाबिना यिनको प्रभाव क्षेत्रलाई कुनै पनि शासकले आफ्नो अधीनमा पार्न नसकेको र यिनले सदा संरक्षक भएर आफ्ना उपासकको रक्षा गरेको जनश्रुति प्रचलित छ । त्यसैले यिनलाई **छेत्र पाल** अर्थात् आफ्ना क्षेत्रको पालना गर्ने देवता भनिन्छ । यी पनि भगवान् शङ्कर र देवी भगवतीका गण देवता मानिन्छन् । *यिनको स्वरूप गौरवर्णको* हुन्छ भन्ने जन विश्वास छ । यिनले न्याय दिने काम पनि गर्दछन् । यिनका कतिपय भण्डारमा विभिन्न समयका राजामहाराजा वा शासकहरूले चढाएका हतकडी, कोर्रा, तरवार, दण्ड जस्ता वस्तु पाइनाले यो कुरा प्रमाणित हुन्छ (पन्त, २०६४ : ६६) ।

इ. दाडे मस्टा

मस्टाहरूमा सबभन्दा बढी चर्चामा आउने देवता दाडे मस्टा हुन् । यिनका पनि ठाउँ ठाउँका उत्पत्ति अनुसार थुप्रै भाइहरू भएको विश्वास गरिन्छ । वास्तवमा ती भाइहरू भन्नु नै यिनका स्थानभिन्नता अनुसारका आफ्नै रूप हुन् । यी मांसाहार अथवा बलि भोग गर्ने देवता हुन् । स्थानीय देवताहरूमा ज्यादै शक्तिशाली मानेर यिनका प्रति अन्य देवताहरू नतमस्तक हुन्छन् तर यी भगवतीको स्वरूप मानिने मालिका तथा अन्य त्यस्तै शक्तिपीठ र महादेवका प्रतीक मानिने पीठप्रति नतमस्तक हुन्छन् । यी निकै सम्पूज्य र बलशाली एवं छलशाली देवता भए पनि यिनले स्वयं आफ्नो स्थान शिव र शक्तिका पीठभन्दा पछाडि राखेको देखिन्छ । यिनका पनि दाडे, सिम, तुसापानी, छुरापानी, कालो सिल्टो/कालो शिला/कालो/कलि/कैली,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माङले, गुणे, डोग्री, विनायक, वनपाला, बराह र सुनार गाउँले सहित बार भाइ भएको कुरा बताइन्छ ।

यी अलौकिक शक्तिसम्पन्न देवता हुन् । यिनका घर थान र वन थान गरी दुई प्रकारका स्थानहरू पाइन्छन् । घर थान गाउँका बिचमा वा कुनै विशेष घरमा हुन्छ भने वन थान गाउँ बस्तीभन्दा केही टाढाको क्षेत्रमा हुन्छ । वार्षिक पूजाका बेला ती दुवै ठाउँमा पूजाआजा गरिन्छ । यिनका धामीले दुधे र लडे मस्टाका धामीले झैं ज्यादै चोखो भएर बस्नु पर्दछ । यिनले धामीमै आफूलाई अवतरित गर्दछन् । दाँतले टोकर बोका काट्नु, काटिएको बोकालाई हिँडाउनु र आफ्ना उपासकहरूको हानि नोक्सानी हुन न दिनु यिनका विशेषता हुन् ।

यिनमा बोकाको बलि भोग गर्नु पर्दा एउटा सेतो ठुलो ढुङ्गामा एकापट्टि पुजारी र अर्कापट्टि भण्डारीले समातेर बोकालाई बलिका लागि तयार गर्दछन् । केवल लँगौठी मात्र लगाएका यिनका धामीले उक्त बोकाको गर्दनमा टोकेर टाउको र शरीर अलग अलग पारी दिन्छन् । यसरी बलि भोग गर्दा यिनका धामीलाई पर्दाले छोपिएको हुन्छ । पर्दाका बाहिरपट्टि भक्त जन हुन्छन् भने भित्रतिर धामी, भण्डारी र पुजारी हुन्छन् । भण्डारी र पुजारी बोकाको गर्दन सोभ्याउनका लागि बसेका हुन्छन् र धामीले तिनीहरूद्वारा सोभ्याइएको बोकाको गर्दनमै टोकेर बलि ग्रहण गर्दछन् । बलि दिनुभन्दा अगाडि बोकाको पूजा गर्ने र बोकालाई पर्छाउने काम गरिन्छ । *बोका काट्दा धामीका दाँत धारिला भएर एक हात लामो आकारमा बढ्दछन्* भनिन्छ । बलि दिने ठाउँमा तरवार, खुकुरी, हँसिया, छुरी जस्ता कुनै पनि हतियार राखिएका हुँदैनन् । यिनका उपासकहरूलाई कुटपिट गर्ने, उनीहरूको कुनै पनि सम्पत्ति चोर्ने वा विभिन्न दुर्व्यवहारबाट उनीहरूलाई कष्ट पुऱ्याउने व्यक्तिलाई यिनले अनेकौं किसिमका दुःख दिन्छन् ।

चौंसट्ठीभन्दा बढी बोकाहरू यिनले भोग गर्दैनन् । सोभन्दा बढी भएमा बोकाहरू अर्को वर्षको पूजाका लागि सुरक्षित राखी जङ्गलमा छाडिन्छ । *तिनलाई बाघले खाँदैन र अर्को वर्षको जाँतको समयमा स्वयं बलि दिइने ठाउँमा ती बोका आफै उपस्थित हुन्छन्* भनिन्छ । साक्षात् परमेश्वर मानेर पूर्ण श्रद्धाभक्तिका साथ बोका चढाई यिनको पूजा गर्ने चलन छ । यिनले भोग गरेको बोकाको मासु बलि चढाउने व्यक्तिले आफू सेवन गर्नका साथै आफ्ना छरछिमेकी, इष्टमित्र र बन्धुबान्धवहरूमा प्रसादस्वरूप वितरण गर्दछन् ।

धेरै पहिले एक जना व्यक्तिले यी देवताको सामर्थ्य परीक्षण गर्न बलि दिइने बोकाको गर्दनमा फलामको खिप बाँधेछन् । *मस्टाले दाँतले टोकेर बोकाको गर्दन छिनाल्ने कुरा सत्य हो कि होइन* भन्ने कुराको परीक्षणका लागि तिनले त्यस्तो गरेका थिए । आफूमाथिको शङ्का

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निवारणका लागि त्यस बेलाका यी देवताका धामीले दाँतैले खिप सहित काटेर बोकालाई दुई टुक्रा त बनाए तर तिनका दाँत चाहिँ भाँचिए । न चाहिँदो कुरामा बाधा पुऱ्याए बापत उक्त व्यक्तिको मात्र न भएर त्यस जातका साराका सारा सदस्यको क्षय मस्टाले गराए । हाल त्यो जाति नै छैन भनिन्छ । अद्यापि यी देवता नाच्नुअघि उपर्युक्त कुरा आफ्ना धामीका मुखबाट भन्न लगाउँछन् । यसरी आफ्ना धामीका दाँत भाँचिएकाले दाँत सद्दे भएको अर्को व्यक्तिलाई यिनले धामीका रूपमा वरण गर्नु परेको थियो । त्यसैले यिनका पनि **दाडे मस्टा** अर्थात् दाँत भएको मस्टा देवता र **थोत्या मस्टा** अर्थात् दाँत न भएको मस्टा देवता गरी दुई रूप हुन्छन्' भनिन्छ । यिनले आफ्ना उपासकहरूको संरक्षणका निम्ति विभिन्न प्राणीका रूपमा विपक्षीहरूसित सामना गरेका थुप्रै कथाहरू समीक्ष्य समाजमा प्रचलित छन् । यिनले सर्प, मौरी र अरिङ्गालको रूप धारण गरेर दुष्कर्म गर्नेलाई टोक्दछन् भनिन्छ ।

यी निकै भक्त वत्सल देवता मानिन्छन् । *यिनले भनेका कुराहरू सत्य हुन्छन् र कडाभन्दा कडा रोगहरूको उपचार पनि यिनले गर्दछन्* भनिन्छ । तसर्थ विवाहका लागि कुरा चल्दा पनि यिनीसित सोधपुछ गर्ने चलन छ । घरको बोक्सो भगाउनेदेखि लिएर यावत् प्रकारका सङ्कटबाट यिनले आफ्ना उपासकहरूलाई जोगाउने काम गर्दछन् ।

ई. खापडे मस्टा

खापडे मस्टा देवताहरूमा पछिल्लो क्रममा आउँछन् । यी पनि बलि भोग गर्दछन् । निकै ठुलो मुख खोलेर विकृत स्वरूपमा हिंड्ने हुनाले यिनलाई **खापडे मस्टा** भनिएको हो । यिनको प्रमुख वास स्थान खप्तड मानिन्छ । *स्थान भिन्नता अनुसारका माडौंका आधारमा यिनका थुप्रै भाइहरू छन्* भनिन्छ । यिनको भक्ति बापत विभिन्न भक्त जनद्वारा चढाइएका अनेकौं घोडाहरूमध्ये कुनै एउटा घोडामा चढेर यिनका धामी तिन वा चार पटक खप्तडको निकै गहिरो तलाउ मानिने खापड दहमा एक छेउदेखि अर्को छेउसम्म विचरण गर्दछन् । उक्त दहमा विचरण गर्ने हुनाले यिनकै नामबाट सो तलाउलाई **खापड दह** भनिएको हो । त्यसरी घोडामा चढेर पानीमा यता र उती गर्नु यिनका सामर्थ्यको परीक्षण पनि मानिन्छ । **खापड देउको तड** अर्थात् खापडे मस्टा देवताको फराकिलो पाटन भन्ने अर्थमा **खप्तड** नाम रहन गएको हो । खापडे, बाँ, मुन्डा, लाङ्खुरे, खुन्दाल, साइन, कुमाल, क्युँडालो, बाँठेपाल, पुवाले, कुर्मी र मण्डली वा माण्डली सहितका बार भाइका धनी देवताका रूपमा यिनलाई लिइन्छ । रिसाल परिवारका कतिपय शाखाले मण्डली र मुण्डालाई कुल देवता मानेर पुजेको देखिन्छ । यी दुवै खापडे मस्टाकै भेद हुन् ।

ख. मस्टाका पूजा

भोगको प्रकृति अनुसार मस्टाका पूजामा फरक फरक पद्धति अपनाइन्छ । दुग्धाहारी वा सात्विक मस्टा भए माडौंको गब्युरो अर्थात् गर्भ गृहमा स्थापित मुख्य थान वा गाथमा पुजारीद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिषेक गरिन्छ र कोरा अक्षता एवं पातीका पात चढाएर पूजा गरिन्छ । हवन गरिने ठाउँ र मूल गाथका छेउमा राखिएको छुट्टै आसनमा मस्टाको धामी बस्दछ ।

२.१.३.३ मन्ना (मन्न्हा) को उपासना

सैंबू भैंसैपाटीका गर्ग गोत्रीय रिसाल परिवारले पुज्ने देवता मन्ना वा मन्न्हा पनि हुन् । यिनलाई सूर्यका अवतार मान्ने एक थरी पाइन्छन् भने मस्टाकै रूप मन्डाली वा मन्डलाका कथ्य भेदबाट मन्ना वा मन्न्हा भनिएका हुन् भन्ने अर्का थरी देखिन्छन् । कुलमा ज्ञान र चेतनाको ज्योति छर्ने सूर्य देवताका अवतार नै यिनलाई धेरैले भन्दछन् ।

२.१.३.४ स्थावरको उपासना

सनातन परम्परानुयायी अधिकतर परिवारले प्रकृतिका विभिन्न तत्त्वलाई कुलका संरक्षक मानेर पुजे जस्तै गर्ग गोत्रीय केही परिवारले पनि स्थावर अर्थात् भगवान् शिव, देवी पार्वती तथा भगवान् विष्णुका प्रतीकका रूपमा सम्मान गरिने हिमालयलाई कुल देवताका रूपमा पुज्ने गर्दछ । यो परिवार प्रकृति पूजक हो भन्ने कुराको अर्को उदाहरण स्थावरलाई यस परिवारले कुल देवता मान्नु हो ।

२.१.३.५ वरुणको उपासना

वरुण जलका प्रतीक हुन् र जल देवता मानेर पुजिने शक्ति हुन् । जीवनमा जलको आवश्यकता कति छ भन्ने कुरा बताई रहनु पर्दैन । धर्तीको उर्वरा शक्तिलाई मुखरित तुल्याउने काम जलबाट हुन्छ र जल भनेको जीवनको प्रतीक हो । *अन्न र पानीको शरीर हो* भन्ने उखान नेपाली समाजमा प्रचलित छ । पानी भनेको रस हो । यसले जीवनलाई रसिलो बनाउँछ । आनन्द र सन्तुष्टिको अर्थ पनि रस वा जानीले वहन गर्दछ । यिनै विविध कुरा मनन गरेर गर्ग गोत्रीय पुर्खाहरूले वरुणको पूजा गर्ने चलन आफ्नो परिवारमा स्थापित गरेको हुनु पर्दछ ।

२.१.३.६ ऐड (ऐडी) को उपासना

ऐड पशु धनका संरक्षक मानिने कुवेर देवता हुन् । वन र पर्यावरणका प्रतीक पनि यी हुन् । पशु धनको सम्पन्नताले जीवन पोसिलो र स्वास्थ्य स्वस्थ हुन्छ । नेपाली समाज कृषि अर्थ व्यवस्थामा आधृत परम्परावादी समाज हो । खेतीपाती गर्नेहरूले पशुपालन अनिवार्य रूपमा गर्नु पर्ने हुन्छ किनभने खेतबारीमा मल हाल्न, बाली लगाउँदा खनजोत गर्न, बाली समेट्दा दाईं गर्न, पोसिलो आहारको वा दुधदहीको व्यवस्था गर्न र धर्म तथा संस्कृतिको अवलम्बन गर्न बस्तुभाउकै आवश्यकता पर्दछ । त्यसैले पशुपालन नेपाली जीवनको अपरिहार्य अङ्ग बन्दै आएको हो । अझ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमा पनि गाईलाई पशुश्रेष्ठ मानेर गोपालन गर्ने चलन नेपालीहरूको मौलिक पहिचान नै हो । गाईमा सबै देवीदेवताको वास हुने कुरामा विश्वास गरी गोसेवामा जीवन समर्पण गर्ने उद्देश्य धार्मिक स्वभाव भएका सबैजसो नेपालीले लिएका हुन्छन् । यसको इतिहास पनि निकै लामो छ । गोत्र, गोष्ठी, गवेषणा जस्ता कुराको ऐतिहासिक पृष्ठभूमिका पछाडि गोपालन नै आधार बनेको पाइन्छ । गाईबस्तुकै पालनपोषणका लागि अधिकतर पहाडमा बस्ने नेपालीहरूमा लेक, बेंसी, चुरे क्षेत्र र भित्री मधेसका विभिन्न ठाउँमा समय, मौसम, ऋतु अनुसार गोठ राख्नका साथै स्थायी बसोबास गर्ने चलन चलेको हो ।

२.१.३.७ महाकालको उपासना

महाकाल भगवान् शंकरको एउटा रूप हो । महाकाललाई भैरव देवता मानेर पुज्ने पनि चलन छ । गर्ग गोत्रीय रिसाल परिवारले कुल देवता मानेर उपासना गर्ने शक्ति महाकाल पनि हुन् । शनि देवता पनि यिनलाई भनिन्छ । काल अर्थात् मृत्यु जीवनको अनिवार्य पक्ष हो । यिनलाई प्रकृति देवता मानेर पुज्ने गरिएको पनि पाइन्छ ।

२.१.३.८ महारुद्रको उपासना

महारुद्र पनि भगवान् शंकरकै रूप हुन् । रौद्र रूप धारण गरेर सत् पक्षको संरक्षण तथा असत् पक्षको विनाशका लागि सदा तत्पर रहने देवता यिनी हुन् । अन्याय र अत्याचारको समाप्ति यिनले गर्दछन् भनिन्छ । गर्ग गोत्रीय रिसाल परिवारले कुल देवता मानेर यिनको पनि पूजा गर्दछ ।

२.१.३.९ गैडूको उपासना

गैडु गाड अर्थात् जल र गाई अर्थात् पशु धनको प्रतीक मानिने देवता हुन् । बस्तुभाउ रोगव्याधि र महामारी लाग्यो, बाच्छाबाच्छी मर्न थाले, वन्ध्यापन बढ्न थाल्यो, प्रजनन घट्यो, कुपोषण बढ्यो, गोरस कम हुन गयो र अपेक्षित मात्रामा अभिवृद्धि भएन भने कुनै राक्षसी, भुतिनी, बुढी, कुनयनी जस्ता अमङ्गलकारी शक्तिको प्रभाव परेको मानिन्छ । यस प्रकारका संकटबाट मुक्ति पाउन र गोवंशको उन्नयनको कामना गर्न विशेष तिथि, मिति, महिना, गते, वार, अवसर जस्ता निश्चित दिनमा वार्षिक, षाण्मासिक, त्रैमासिक वा मासिक रूपमा परम्परागत विधिपूर्वक गैडु देवताको पूजा गरिन्छ । यिनको पूजा गोठमा र नदीका किनारमा गरिन्छ । बाडी, पहिरो, अतिवृष्टि, अनावृष्टि जस्ता दैवी प्रकोप मानिने सङ्कटावस्थामा यिनको विधिवत् पूजा गर्ने चलन छ । कुमाउँ, गढवाल, कोटी र कर्णाली क्षेत्रमा यिनको पूजा बढी मात्रामा गरिएको देखिन्छ । यिनलाई गोठका देवता पनि भनिन्छ ।साउन, भदौ र असौज संक्रान्तिका सन्ध्या कालमा यिनको पूजा गर्ने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाई, गङ्गा, गीता र गायत्रीलाई धार्मिक र सांस्कृतिक महत्त्व दिने सनातन धर्मावलम्बी समाजमा लक्ष्मीपूजाका दिन साक्षात् महालक्ष्मी मानेर गाईका साथै बस्तुभाउका गोठको समेत पूजा गर्ने चलन छ । त्यसै गरी यमपञ्चकमा गोवर्द्धन पर्वका दिन गोरु र गोठको पूजा गरिन्छ । हालका दिनमा नेपाली समाज सहर बजारको जीवन अर्थात् नागर सभ्यतातिर उन्मुख बन्दै गएको परिप्रेक्ष्यमा गाईबस्तु पाल्ने काम हराउँदै जान लागेको हुनाले गोठपूजाको परम्परा पनि लोप हुँदै जान लागेको छ ।

यी बाहेक दुर्गाका साथै महाकाली र माता गोसाइँ तथा वरुणका साथै अरुण र धूम्र देवता पुज्ने गर्ग गोत्रीय रिसाल परिवार पनि देखिन्छन् । कुल देवता र इष्ट देवता बसाइको स्थानान्तरण अनुसार परिवर्तन गरिएको पनि कतिपय परिवारमा देखिन्छ । साथै एउटै देवतामा थानहरू भिन्न भिन्न ठाउँमा थापना गरिँदा भिन्न नाउँ दिइएको पनि कतिपय ठाउँमा देखिन्छ ।

विभिन्न गोत्रका कुलमा सन्तान भएन वा सन्तान वृद्धिमा न्यूनता आयो भने त्यस्तो समस्याको निराकरणका लागि वंशवृद्धि कवचको पाठ गर्ने चलन पाइन्छ । सन्तान प्राप्तिको कामना गर्नेहरूले इष्ट र कुल देवताका साथै वैदिक, पौराणिक तथा स्थानीय देवतालाई सम्झेर यस कवचको नित्य पाठ विधिपूर्वक एकाग्र चित्तले गरेमा वाञ्छित मनोरथ पूर्ण हुने विश्वास गरिन्छ । साथै भूतप्रेत, रोगव्याधि, ग्रहदशा, शत्रुबाट हुन सक्ने हानि जस्ता कुरामा सन्ततिको रक्षा गर्न पनि यसको पाठ सहायक बन्दछ । त्यसैले यसलाई **वंशको सुरक्षा कवच** पनि भनिन्छ ।

२.१.४ गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेद

वेद भनेको जान्नु हो । जीवन र जगत्का बारेमा जानकारी दिने प्राचीन ज्ञान राशि वेद हो । वेद मानव जातिको कल्याणका लागि प्रचलनमा ल्याइएको ज्ञान र अनुभवको भण्डार हो । यो मान्छेको साझा सम्पत्ति हो । विभिन्न जातीय परम्परा अनुसार वेदका निश्चित शाखाको अध्ययन गर्ने कुलको विभाजन गरिएको भए पनि सबैका लागि सबै वेद उत्तिकै उपयोगी, पठनीय, मननीय र अवलम्बनीय छन् । वैदिक ज्ञान नै जीवनको सच्चा ज्ञान भएकोले यसको कुनै अंश मात्र पठनीय र बाँकी अंश त्याज्य हुन सक्तैन । समुच्चा वैदिक विद्या सबैले अध्ययन गर्नु जरुरी छ । यसका लागि धार्मिक, साम्प्रदायिक, लैङ्गिक, जातीय, वर्गीय, वर्णगत र रूपरङ्गगत विभेद कुनै पनि हिसाबले तर्कसङ्गत र उपयुक्त देखिँदैन । त्यसैले निश्चित शाखा पढ्नु पर्ने भनिएकाहरूले पनि निर्दिष्ट शाखाको अध्ययनमा मात्र सीमित नभई सम्पूर्ण वेद पढ्नु पर्दछ । त्यो नै बुद्धिमानी हो । त्यसो भए तापनि कुलको परम्परा अनुसार गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेद चाहिँ *यजुर्वेद* हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'यजुः' र 'वेद' को संयुक्त रूप *यजुर्वेद* हो । 'यजुः' भनेको पूजा वा यज्ञ हो । जुन वेदका मन्त्रले यज्ञ गरिन्छ त्यसलाई **यजुर्वेद** भनिन्छ । 'यजुः' शब्दको व्युत्पत्ति *इज्यतेनेनेति यजुः* अर्थात् यज्ञयागादि गरिने मन्त्र समूह भनेर पनि गरिएको पाइन्छ । *गद्यात्मको यजुः* अर्थात् ऋक् र सामवेदका भन्दा फरक ढङ्गले वा गद्यात्मक शैलीमा संरचित मन्त्रलाई 'यजुः' भनिन्छ । *अनियताक्षरावसानो यजुः* अर्थात् अनिश्चित अक्षरको संरचनाबाट समाप्त हुने मन्त्र 'यजुः' हो । यी सबै अर्थलाई जोडेर संयुक्त रूपमा 'यजुः' लाई चिनाउने हो भने अनिश्चित वर्णको प्रयोग गरेर 'ऋक्' र 'साम' भन्दा भिन्न लय अपनाई गद्य शैलीमा संरचित मन्त्रहरूको त्यस समूहलाई 'यजुः' भनिन्छ जसको प्रयोग यज्ञयागादिमा गरिन्छ भन्न सकिन्छ । यज्ञ गर्ने गराउने जातिका रूपमा परिचित ब्राह्मणका लागि यस वेदको महत्त्व यज्ञकै कारणले देखिएको हो । अध्वर्यु अर्थात् यज्ञकर्ताका लागि उपयुक्त मन्त्रको सङ्कलन भएकोले यस वेदलाई **अध्वर्युवेद** पनि भनिन्छ । कुन कुन यज्ञमा कुन कुन मन्त्रको प्रयोग हुने भन्ने कुराको निर्देश पाइने हुनाले पनि यसको नाम **यजुर्वेद** राखिएको हो । यो कर्मकाण्डप्रधान वेद हो ।

*यजुर्वेद*का 'ब्रह्म' र 'आदित्य' गरी दुइटा सम्प्रदाय छन् । *शतपथब्राह्मण*का अनुसार ब्रह्मसम्प्रदायको वेद 'कृष्णयजुर्वेद' र आदित्यसम्प्रदायको चाहिँ 'शुक्लयजुर्वेद' हो । यस विषयको एउटा किंवदन्ती यस्तो पनि छ :

महर्षि व्यासले आफ्ना शिष्य पैललाई *ऋग्वेद*, वैशम्पायनलाई *यजुर्वेद*, जैमिनिलाई *सामवेद* र सुमन्तलाई *अथर्ववेद*को ज्ञान दिए । वैशम्पायनले गुरुबाट प्राप्त *यजुर्वेद*को ज्ञान छयासी शिष्यमा वितरण गरे । तिनै छयासी शिष्यमा वैशम्पायनका आफ्नै भानिज याज्ञवल्क्य पनि एक जना थिए । महर्षि व्यासद्वारा सङ्क्षिप्त रूपमा लेखिएको *महाभारत*को कथामा आधृत पुस्तक **जय**लाई यिनै वैशम्पायनले विस्तृत तुल्याएर **भारत** नामबाट ग्रन्थका रूपमा प्रस्तुत गरेका थिए भने त्यसलाई अझ ठुलो र व्यापक बनाई व्यासकै शिष्य सौतिले हालको विश्वप्रसिद्ध वृहत्तर महाकाव्य *महाभारत* तयार पारेका हुन् (शर्मा, सन् १९९६ : ८६९) । सर्पयज्ञमा राजा जनमेजयका पुरोहित बनेका यिनै वैशम्पायन सहितका केही ऋषिहरू मेरु पर्वतका छेउको 'मेरुस्थल' भन्ने ठाउँमा जम्मा भएर एक पटक सभा गरे । त्यस सभाले तिथि निश्चित गरेर सबै जना नियमित रूपमा भेला भई विचारविमर्श गर्ने र त्यसमा उपस्थित नहुने व्यक्तिलाई वाचिक ब्रह्महत्या गरेको पाप लाग्ने कुरा पनि स्वीकृत गऱ्यो । बाबुको श्राद्ध सोही तिथिमा परेका कारण वैशम्पायन एक पटक उक्त सभामा उपस्थित हुन सकेनन् । उनलाई वाचिक ब्रह्म हत्याको पाप लाग्यो । उनले आफूबाट भएको गल्ती स्वीकार गर्दै त्यसको प्रायश्चित आफ्ना शिष्यबाट गराउने सोच बनाए । त्यो कुरा उनले शिष्यमण्डलीमा सुनाए । अरूहरू कम उमेरका भएकाले कष्ट सहन नसक्ने र तिनका तुलनामा आफू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही परिपक्व एवं अधिक उमेरको भएकोले अन्यलाई कष्ट नदिई एक्लैले गुरुद्वारा भएको त्रुटिको प्रायश्चित गर्ने कुरा याज्ञवल्क्यले वैशम्पायनलाई सुनाए । गुरुले तिनको प्रतिवाद गर्दै सबै शिष्यले मिलेर प्रायश्चित गर्नु नै ठिक हो भने । याज्ञवल्क्यले फेरि पनि आफू एक्लैले प्रायश्चित गर्ने कुरा अघि सारे । त्यही कुरामा पारिवारिक नाताले मामाभान्जा र गुरुकुलका नाताले आचार्यशिष्य बनेका वैशम्पायन र याज्ञवल्क्यका बिच ठुलै भनाभन भयो । उनले रिसको झोंकमा याज्ञवल्क्यलाई आफूले दिएको 'यजुर्वेद'को ज्ञान तुरुन्त ओकल्न भने । याज्ञवल्क्यले पनि त्यस ज्ञानलाई अन्नका रूपमा परिणत गरी वमन गरी दिए । अन्नका रूपमा वमित त्यो ज्ञान गुरु वैशम्पायनका आज्ञाले तित्रो पक्षी बनेर शिष्यले खाए । तित्रो बनेर खाइएको *यजुर्वेद*को त्यो अंश 'कृष्णयजुर्वेद' बन्यो । 'कृष्णयजुर्वेद'को एउटा शाखा 'तैत्तरीय' नामबाट यसरी प्रस्तुत भयो । यही शाखाको व्याख्यारूप उपनिषद् *तैत्तरीयोपनिषद्* हो ।

ज्यादै परिश्रमपूर्वक आर्जन गरिएको ज्ञान गुरुको आज्ञाले उच्छिष्ट गर्नु परेपछि चिन्तित भएका याज्ञवल्क्यले मनुष्यलाई गुरु नबनाउने निधो गरे । *यजुर्वेद* अध्ययन गर्ने धोको पनि तिनले छोडेनन् । त्यसको प्राप्तिका लागि तिनले कठोर व्रत धारण गरेर भगवान् सूर्यको उपासना गरे । तिनको अगाध भक्तिबाट प्रसन्न भएका सूर्यले घोडाको रूपमा मध्यदिनमा दर्शन दिंदै वर माग्न भने । तिनले अन्तर्मनबाट चाहेको ज्ञान अर्थात् *यजुर्वेद*को ज्ञान मागे । वाजसेन अर्थात् घोडारूप सूर्यले तेजिलो वा स्वच्छ बखत अथवा दोपहरको समयमा तिनलाई *यजुर्वेद*को ज्ञान दिए । त्यही ज्ञान पछि गएर 'शुक्लयजुर्वेद'का नामबाट चर्चित भयो । भगवान् सूर्यले वाजसेन अर्थात् घोडाको रूप धारण गरेर दिइएको हुनाले 'वाजसनेय' वा 'वाजसनेयी' मध्यदिन वा दोपहरको समयमा दिइएको हुनाले 'मध्यदिन' र तेजिला सूर्यले दिनभरिको अधिक तेजिलो समयमा दिएको पवित्र ज्ञान भएको हुनाले 'शुक्ल' नामबाट यो प्रचलित भयो । यिनै कारणले यसलाई 'शुक्लयजुर्वेद' र 'वाजसनेयी माध्यन्दिन शाखा' भनियो ।

'वाजसनेयी' र 'माध्यन्दिन'मा दुइटै र कुनै एउटा शब्द प्रयोग गरेर यस शाखाको नाम उच्चारण गर्ने चलन छ । 'शुक्लयजुर्वेद'का 'काण्व', 'माध्यन्दिन', 'शापेय', 'तापायनीय', 'कापाल', 'पौण्ड्रवत्स', 'आवटिक', 'परमावटिक', 'पाराशर्य', 'वैधेय', 'वैनेय', 'औधेय', 'गालव', 'वैजब' र 'कात्यायनीय' गरी जम्मा पन्ध्र शाखा प्रचलित भए पनि हाल दुइटा अर्थात् 'वाजसनेयी' वा 'माध्यन्दिन' मात्र उपलब्ध छन् । यसै गरी 'कृष्णयजुर्वेद'का छयासी शाखामा हाल चार अर्थात् 'तैत्तरीय', 'मैत्रायणी', 'काष्ठक' र 'कपिष्ठल' मात्र प्राप्त छन् ।

याज्ञवल्क्यशिक्षा, प्रतिज्ञासूत्र, याज्ञवल्क्यस्मृति, शतपथब्राह्मण र *योगी याज्ञवल्क्य* सहितका अनेकौं ग्रन्थका रचयिता महर्षि याज्ञवल्क्यले मित्र ऋषिकी छोरी मैत्रेयी र भरद्वाज ऋषिकी छोरी कात्यायनीसित विवाह गरे । कात्यायनीबाट यिनले चन्द्रकान्त,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महामेघ र विजय गरी तिन छोरा प्राप्त गरे । जीवनको पछिल्लो चरणमा सन्न्यास ग्रहण गरेका यिनीबाट दीक्षा ग्रहण गरेर यिनकी जेठी पत्नी मैत्रेयी ब्रह्मवादी बनिन् । शास्त्रार्थप्रवीण वाचक्नवी अर्थात् गर्गपुत्री गार्गीले यिनीसित गरेका शास्त्रार्थको सङ्क्षेप *वृहदारण्यकोपनिषद्*मा प्रस्तुत छ ।

मिथिलाका नरेश जनकबाट ब्रह्मविद्या ग्रहण गर्ने उद्देश्यले योग्य आचार्यको खोजीका लागि परीक्षास्वरूप तयार पारिएका गाईका सुनका मूर्तिलाई सजीव तुल्याएर मिथिला निवासी यिनले लगेका थिए । आफ्ना शिष्य सोमश्रवालाई राजर्षि जनकको दरबारबाट ती गाई आश्रममा लैजान अराउँदा प्रश्नको वर्षा गराउने अश्वल, विदग्ध, शाकल्य, जगत्कारव, ऋतभ, चात्रायण, कहोल, कौषीतकेय, आर्तभाग, भुज्यु, उषस्त, उद्दालक, गार्गी जस्ता व्यक्तिलाई सटीक जवाफ दिंदै यिनले मौन तुल्याएका थिए । ब्रह्मनिष्ठ, कर्मकाण्डका विशेषज्ञ र षड्शास्त्रवेत्ता यिनीसित पछि गएर वैशम्पायन पनि प्रसन्न भए । यिनको योग्यता र शक्तिबाट प्रभावित भई राजा जनकले यिनीबाट ब्रह्म र योगविद्या ग्रहण गरे । 'शुक्लयजुर्वेद'को माध्यन्दिन शाखाका अध्येता वत्स गोत्रीय सन्ततिका लागि यिनी विशेष श्रद्धेय व्यक्ति हुन् । यिनले काण्वादि आफ्ना पन्ध्र जना शिष्यलाई दिएको 'शुक्लयजुर्वेद'का ज्ञानको प्रचारबाट 'शुक्लयजुर्वेद'का पन्ध्र शाखा बने । यी सबै शाखा 'वाजसनेयी' नामबाट नै पुकारिन्छन् ।

'शुक्लयजुर्वेद' वेदका अनुक्रममा *ऋग्वेद*पछि आउने अर्को वेद *यजुर्वेद*को अघिल्लो शाखा हो । यसको पछिल्लो शाखा 'कृष्णयजुर्वेद' हो । यी दुवै शाखाका बारेमा **यजुर्वेदका सम्प्रदाय** शीर्षकको यस पुस्तकको अनुक्रम २.२.२ मा उल्लेख भई सकेको छ । यहाँ 'शुक्लयजुर्वेद'का 'वाजसनेयी माध्यन्दिन' र 'काण्व' शाखाको सामान्य परिचय दिई 'वाजसनेयी माध्यन्दिन शुक्लयजुर्वेद'मा उल्लिखित विषयवस्तुका बारेमा छोटकरीमा जानकारी दिने काम गरिएको छ ।

'शुक्लयजुर्वेद'का 'वाजसनेयी माध्यन्दिन' र 'काण्व' गरी हाल चलनचल्तीमा पाइने दुइटा शाखा छन् । यसको 'वाजसनेयी माध्यन्दिन' शाखामा चालिस अध्याय, ३०३ अनुवाक् र १९७५ कण्डिका छन् । यी चालिस अध्यायमा सुरुका पन्ध्र अध्याय तुलनात्मक दृष्टिले बढी प्रसिद्ध छन् । कतिपय विद्वान्ले यसका सुरुका अठार अध्याय मौलिक र पछिल्ला बाइस चाहिँ पछि जोडिएका भनेर पनि आफ्नो विचार प्रकट गरेका छन् । मौलिक भनिने यसका यी अध्याय 'तैत्तरीय संहिता'मा पनि सङ्ग्रहित छन् भने पछि जोडिएका भनिने बाइस अध्याय 'तैत्तरीय संहिता'सित सम्बद्ध ब्राह्मण र आरण्यक ग्रन्थमा रहेकाले पनि यो कुरा तर्कसङ्गत देखिएको हो । यसै वेदशाखाभित्रका केही मन्त्रहरूको सङ्कलन 'रुद्राष्टाध्यायः' हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यजुर्वेदका 'शतपथ', 'तैत्तरीय', 'मैत्रायणी' र 'काठक' गरी जम्मा चार ब्राह्मण ग्रन्थ छन् । यिनमा 'शुक्लयजुर्वेद'का 'माध्यन्दिन' र 'काण्व' शाखाको संयुक्त रूपमा प्रस्तुत एउटै ब्राह्मण ग्रन्थ *शतपथब्राह्मण* हो । यजुर्वेदका आरण्यक ग्रन्थमा एउटा मात्र कृति प्राप्त छ । *वृहदारण्यक* नामक त्यो कृति 'शुक्लयजुर्वेद'सित सम्बद्ध छ । त्यसका प्रवचनकर्ता याज्ञवल्क्य हुन् । 'शुक्लयजुर्वेद'को 'माध्यन्दिन' शाखाको *शतपथब्राह्मण*को चौधौं र 'काण्व' शाखाको *शतपथब्राह्मण*को सत्रौं काण्ड यो आरण्यक हो ।

यजुर्वेदका उपनिषद्मा शुक्लका उन्नाइस र कृष्णका बिस गरी जम्मा एकाउन्न ग्रन्थको चर्चा पाइए पनि हाल यी सबै उपलब्ध छैनन् । यस वेदका उपनिषद्हरूमा हाल पाइने *ईशोपनिषद्* र *वृहदारण्यकोपनिषद्* तथा 'कृष्णयजुर्वेद'का चाहिँ *कठोपनिषद्*, *तैत्तरीयोपनिषद्* र *श्वेताश्वतरोपनिषद्* प्रमुख मानिन्छन् ।

यजुर्वेदसित सम्बद्ध *कात्यायन श्रौतसूत्र* नामक ग्रन्थ पाइन्छ । 'शुक्लयजुर्वेद'का पन्ध्र शाखामा प्रचलित श्रौतयागको सङ्क्षिप्त र व्यवस्थित प्रस्तुति यसमा पाइन्छ । यसमा दर्श पौर्णमास यज्ञ, पिण्ड पितृयज्ञ, वत्सापाकरण, आग्रयजेष्टि, अन्वारम्भणेष्टि, अग्न्याधान, अग्नि क्षेत्र, चातुर्मास्ययाग, निरुदपशुबन्ध, सोमयाग, सौत्रामणी, अश्वमेध, पुरुषमेध र प्रवर्ग्यको उल्लेख छ । 'कृष्णयजुर्वेद'सित सम्बद्ध ग्रन्थ 'श्रौतसूत्र', 'बौधायन', 'आपस्तम्ब', 'सत्याषाढ', 'मानव' र 'वैश्वानस', 'भरद्वाज' र 'वाराह' गरी जम्मा सात प्राप्त छन् ।

यजुर्वेदसित सम्बद्ध केही 'गृह्यसूत्र' पनि पाइन्छन् । 'शुक्लयजुर्वेद'सित सम्बद्ध 'पारस्करगृह्यसूत्र' र 'वैजवायगृह्यसूत्र' सहित दुइटा 'गृह्यसूत्र'को चर्चा भए पनि 'पारस्करगृह्यसूत्र' मात्र उपलब्ध छ । तिन वटा काण्डमा विभाजित यस सूत्रग्रन्थमा अवसथ्याधान, विवाह, गर्भाधान, चूडाकरण, उपनयन, समावर्तन, पञ्चम महायज्ञादिको वर्णन छ । 'बौधायन' 'आपस्तम्ब', 'सत्याषाढ', 'मानव' र 'काठक' 'कृष्णयजुर्वेद'सित सम्बद्ध पाँच वटा 'गृह्यसूत्र' हुन् ।

'शुक्लयजुर्वेद'को 'वाजसनेयी' नामक प्रतिशाख्य पनि प्राप्त छ । महर्षि कात्यायनद्वारा रचित यस ग्रन्थमा आठ अध्याय र ७३४ सूत्र छन् । उपर्युक्त विभिन्न ग्रन्थका अतिरिक्त 'शुक्लयजुर्वेद'सित सम्बद्ध 'याज्ञवल्क्यशिक्षा' र 'कृष्णयजुर्वेद'को तैत्तरीय शाखासित सम्बद्ध 'भरद्वाजशिक्षा' (यसलाई 'संहिताशिक्षा' पनि भनिन्छ) नामक शिक्षाग्रन्थ पनि पाइन्छन् । 'कृष्णयजुर्वेद'को 'तैत्तरीय प्रतिशाख्य' नामक अर्को ग्रन्थ पनि उपलब्ध छ ।

यजुर्वेदको विषय यज्ञ हो । समस्त प्राणीका यावत् प्राकृतिक र कृत्रिम कार्यव्यापार यज्ञका अर्थमा प्रयुक्त गरी यस वेदको रचना गरिएको छ । मनुष्य बाहेक अन्य प्राणीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यव्यापारलाई **प्राकृतिक** भनिन्छ किनभने तिनले गरेका कामको हित वा अहित परिणाम बारे प्रशंसा वा निन्दा गरी समीक्षा हुँदैन । यस्तो समीक्षा त मनुष्यका कामको मात्र हुन्छ । त्यसैले मानवका कार्यलाई **कृत्रिम** भन्ने गरिन्छ । मनुष्यले सकेसम्म लोककल्याणका काम गर्न खोज्दछ किनभने लोकको अहित हुने काम गरे ऊ स्वयंले अहित भोग्नु पर्ने हुन्छ । आत्महानिबाट जोगाउने, सबैका साथ सँगै हाँस्ने, सँगै बाँच्ने, असल व्यवहार गर्ने र असल व्यक्ति बन्ने बाटो वेदले देखाउँछ । वेद निदिष्ट यस बाटोलाई थप फराकिलो बनाएर व्यक्तिलाई सरल, सहज, सचेत, असल र लोकहितकारी बनाउनमा सहयोग पुऱ्याउने काम *यजुर्वेद*ले गरेको छ । त्यसो भए तापनि थप अग्रणी बनेर देखा परेको शाखा 'शुक्लयजुर्वेद' र त्यसको पनि 'माध्यन्दिन शाखा' हो । यस शाखामा भनिएका कुरा के कति उपयोगी छन् र के कति कारणले वत्स गोत्रीय पुर्खाहरूले अनिवार्य रूपमा अवलम्बनीय, पठनीय, मननीय बनाएका छन् भन्ने बारे सामान्य जानकारी दिनका लागि सो शाखामा वर्णित विषयको सार खिंच्ने काम यहाँ गरिएको छ ।

यस अंशमा गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वैदिक वाङ्मयका परम्पराको चर्चा गर्न **गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेदका शाखा, गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वैदिक छन्द, गर्ग गोत्रीय कुलले पढ्नु पर्ने उपवेद, गर्ग गोत्रीय कुलले पढ्नु पर्ने सूत्र ग्रन्थ र गर्ग गोत्रीय कुलका अवलम्बनीय उपनिषद्** जस्ता थप शीर्षक दिइएको छ ।

२.१.४.१ गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वेदका शाखा

गर्ग गोत्रीय कुलले पढ्नु पर्ने वेद यजुर्वेद र शाखा चाहिं शुक्ल यजुर्वेदको वाजसनेयी माध्यन्दिन शाखा हो ।

२.१.४.२ गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने वैदिक छन्द

शुक्ल यजुर्वेदको वाजसनेयी माध्यन्दिन शाखा गर्ग गोत्रीय डोटेली पन्त कुलले पढ्नु पर्ने वैदिक शाखा भएकोले सो शाखामा अधिक मात्रामा प्रयोग गरिएको गायत्री नै यस कुलको छन्द हो । वेदमा गायत्री, त्रिष्टुप्, जगती, उष्णिग्, अनुष्टुप, बृहती, पङ्क्ति आदि चौध छन्दको प्रयोग गरिएको पाइन्छ । गायत्री मन्त्रको रचना गरिएको छन्द गायत्री हो ।

२.१.४.३ गर्ग गोत्रीय कुलले पढ्नु पर्ने उपवेद

प्राचीन वाङ्मयमा प्रत्येक वेदको एकेक उपवेद भएको कुरा बताइएको छ । *ऋग्वेद*को उपवेद 'आयुर्वेद' हो । यस उपवेदका रचयिता आचार्य धन्वन्तरि हुन् । *यजुर्वेद*को उपवेद 'धनुर्वेद' हो । यस उपवेदका रचयिता महर्षि विश्वामित्र हुन् । *सामवेद*को उपवेद 'गन्धर्ववेद' हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस उपवेदका रचयिता आचार्य भरत मुनि हुन् । *अथर्ववेद*का उपवेद 'राजनीति', 'दण्डनीति', 'शिल्पशास्त्र' र 'अर्थशास्त्र' हुन् । यी उपवेदका रचयिता देवगुरु बृहस्पति, विशालाक्ष, महर्षि र भरद्वाज हुन् । वेदका ज्ञानको पूर्णताका निम्ति उपवेदको अध्ययन गर्नु पर्ने चलन वैदिक समाजमा रहेको देखिन्छ ।

गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने उपवेद 'धनुर्वेद' हो । *यजुर्वेद*बाट लिइएको हुनाले धनुर्वेदलाई *यजुर्वेद*को उपवेद भनिन्छ । *अग्निपुराण*मा भगवान् शङ्कर तथा ब्रह्मालाई धनुर्वेदका आरम्भकर्ता भनिएको छ । शङ्कर तथा ब्रह्माबाट परम्परित भए पनि यस वेदका रचयिता भने महर्षि विश्वामित्र हुन् । धनुर्वेदलाई सामान्यतया धनुषबाण चलाउन सिकाउने विद्याका अर्थमा बुझ्ने गरिए पनि त्यति मात्र नभएर समस्त शस्त्रअस्त्रका वर्ग, तिनलाई धारण गर्ने र चलाउने तरिका, तिनको अभिषेक गर्ने पद्धति, धनुर्वेदमा निपुण आचार्यका लक्षण र हतियार चलाउनुभन्दा पहिले अपनाउनु पर्ने संयम तथा धैर्य जस्ता कुराको पनि विस्तृत चर्चा यस वेदमा गरिएको छ । अस्त्र धारण गर्ने अधिकारीका बारेमा पनि यसमा बताइएको छ । यसलाई सैन्य विद्या पनि भनिन्छ । *शुक्रनीति, कामन्दकी नीति, वीर चिन्तामणि, वृद्ध सारङ्गधर*मा पनि धनुर्विद्याको वर्णन पाइन्छ । वसिष्ठ धनुर्वेद, भारद्वाज धनुर्वेद, विश्वामित्र धनुर्वेद, उशनस धनुर्वेद र जमदग्नि धनुर्वेद गरी पाँच प्रकारका धनुर्वेदको उल्लेख पाइन्छ ('पर्वतीय', सन् १९९६ : ४५१-४५२) ।

गर्ग गोत्रका पाँच प्रवरमध्येका एक महर्षि जमदग्निले धनुर्वेदको अभ्यास गर्दा सूर्यलाई पृथ्वीमा झार्ने क्षमता प्राप्त गरेका कुरा सम्बद्ध प्रसङ्गमा यसै पुस्तकमा चर्चा गरिएको छ । गर्ग कुलका पुर्खा आचार्य शुक्रको धनुर्विद्याको ज्ञान उनको बहुचर्चित कृति शुक्रनीतिबाट पनि केही नकेही मात्रामा प्रकट हुन्छ । गर्ग गोत्रीय सन्ततिहरूले आयुर्वेदपछि धनुर्विद्यामा प्रवीणता हासिल गरेको देखिन्छ । सैनिक सेवामा संलग्न केही व्यक्तिहरूले ख्याति पाउनका साथै सामान्यतः यस कुलमा देखिने निर्भीकताले यो कुरा प्रमाणित हुन्छ ।

२.१.४.४ गर्ग गोत्रीय कुलले पढ्नु पर्ने सूत्र ग्रन्थ

वेदमा वर्णित विषयलाई सम्झेर तिनका आधारमा आचारविचारको बोध गराउने शब्दलाई स्मृति भनिन्छ । स्मृतिले बताएका कर्मको नाम स्मृतिकर्म हो । वैदिक परम्पराको विकासका क्रममा यज्ञविधान निकै ज्यादा बढ्न थालेपछि सबै किसिमका विधान सम्झन गारो हुनथाल्यो । त्यसैले यज्ञविधानका सबै कुरा सम्झनका लागि ससाना सूत्रहरूको रचना गर्न थालियो । सूत्रको सङ्ख्या बढ्दै गयो किनभने अनेकौं विद्वान्ले सूत्रको रचना गर्न थाले । भारतीय दर्शन र व्याकरणका ग्रन्थ सूत्रमा रचना गरिएका पाइन्छन् । साना भएर पनि यी सूत्रले गूढ एवं गम्भीर अर्थ बुझाउँछन् । पछि गएर सूत्रहरूलाई बुझाउन भाष्य ग्रन्थ लेखिन थाले । सूत्रग्रन्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकौं पाइन्छन् । कल्पसूत्र, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र जस्ता ग्रन्थहरू प्रमुख मानिन्छन् । वेदकै सूत्रात्मक रचना भएकाले सूत्र साहित्यलाई वेदाङ्ग भनिन्छ । सबै जसो विषयमा सूत्र ग्रन्थको रचना गरिएको पाइन्छ । **सूत्र ग्रन्थका भेद** र **गर्ग गोत्रीय कुलका अवलम्बनीय सूत्र ग्रन्थ** शीर्षकमा सूत्र ग्रन्थ बारेका थप कुरा यहाँ प्रस्तुत गरिएको छ ।

क. सूत्र ग्रन्थका भेद

सूत्र ग्रन्थ अनेकौं छन् । यसमा धार्मिक जीवनका लागि अपनाउनु पर्ने कर्तव्य निर्धारण गरिएको पाइन्छ । सूत्रग्रन्थका श्रौत, गृह्य, धर्म र इन्द्रजालिक गरी चार भेद छन् । यीमध्येको एक गृह्य सूत्रलाई गृहसम्बद्ध आचरणीय व्यवहारका विधिविधानको व्याख्या गरिएको हुनाले गृह्य सूत्र भनिएको हो । वेदका भिन्नता अनुसार गृह्य सूत्र पनि फरक फरक छन् । ऋग्वेदका साङ्ख्यायन, शाम्बव्य र आश्वलायन गरी तिन, यजुर्वेदको पारस्कर, सामवेदका गोभिल, खदिर र जैमिनी गरी तिन र अथर्ववेदको कौशिक नामक गृह्यसूत्र उपलब्ध छन् । गृह्यसूत्रहरूमा जीवन संस्कार, दैनिक जीवनमा गरिने हवन तथा अन्नबलि, पार्विक कर्म, वार्षिक कर्म, गृहनिर्माण जस्ता जीवनसित सम्बद्ध कर्म, श्राद्धादि श्रौतकर्म, आभिचारिक कर्म, प्रायश्चितका कर्म र अभिमन्त्रणको निर्देश जस्ता विषयको निरूपण गरिएको छ । यस प्रकारका कर्मबाट जीवन परिष्कृत हुने र सामाजिक संरचना बलियो बन्ने भएकोले उपर्युक्त क्रियाकलापहरूलाई शास्त्रीय परम्परामा ढाल्ने काम गरिएको हो ।

ख. गर्ग गोत्रीय कुलका अवलम्बनीय सूत्र ग्रन्थ

सूत्रहरूमा गृह्य सूत्रलाई महत्त्वपूर्ण ग्रन्थ मानिन्छ । वेदको संक्षिप्त ज्ञानराशिमा आधृत रचना मानिने सूत्रग्रन्थ अलग अलग वेदका अलग अलग रचनाका रूपमा प्रचलनमा रहेका पाइन्छन् । क्षौत, गृह्य, धर्म र इन्द्रजालिक गरी गृह्य सूत्रका विषयगत चार प्रमुख भेद पाइन्छन् । यसका प्रमुख ग्रन्थ तेर वटा मानिन्छन् । यसमा संस्कारसित सम्बद्ध हुने भएकोले यसलाई संस्कारसित सम्बद्ध विषयको वेदको अंश भनिन्छ । गर्ग गोत्रीय सन्ततिले पढ्ने सूत्रग्रन्थ गृह्य सूत्र हो । यजुर्वेदको सूत्रग्रन्थका रूपमा संरचित *पारस्कर गृह्य सूत्र* यस कुलका सन्ततिले पढ्नु पर्ने र त्यसमा बताइएका विधिविधान अवलम्बन गर्नु पर्ने परम्परा चल्दै आएको छ । पारस्करले रचना गरेका हुनाले रचनाकारकै नाम दिएर यस सूत्रलाई *पारस्कर गृह्य सूत्र* भनिएको हो । शुक्ल यजुर्वेदको एक मात्र गृह्य सूत्र यो हो ।

यज्ञयागादि विषयसित सम्बद्ध यजुर्वेदीय सूत्रग्रन्थ यो हो । यसका पनि तिन काण्ड छन् । पहिलो काण्डमा घरमा स्वतः गर्न सकिने यज्ञको वर्णनका साथै अग्निको आधान तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भाधानदेखि अन्नप्राशनसम्मका जीवन संस्कारको उल्लेख छ । दोस्रो काण्डमा चूडाकरण, उयनयन, समावर्तन, पञ्च महायज्ञ, श्रवणाकर्म, सीताकर्मको विवरण प्रस्तुत गरिएको छ । तेस्रो काण्डमा गृहनिर्माण, श्राद्ध, पितृयज्ञ, दैवी विपत्तिबाट मुक्ति पाइने उपाय, प्रायश्चित जस्ता विषय समावेश गरिएका छन् । गृह्य सूत्रहरूमा प्रमुख मानिने तेर वटा ग्रन्थमा पारस्कर गृह्य सूत्र पनि पर्दछ ।

दिवाकर शर्मा मैठाणीले *गोत्र प्रवर दीपिका*मा गर्ग गोत्रीय सन्ततिले अवलम्बन गर्नु पर्ने सूत्र ग्रन्थमा आश्वलायन र गोभिल सूत्रको पनि चर्चा गरेका छन् (मैठाणी, २०५८ : ५०) । *आश्वलायन गृह्य सूत्र* ऋग्वेदका विभिन्न गृह्य सूत्रमध्येको एक हो । अश्वल ऋषिले यस सूत्रको रचना गरेका हुनाले यसलाई आश्वलायन भनिएको हो । वायु पुराणका अनुसार यी ऋषि भगवान्‌का सहिष्णु अवतार मानिन्छन् । भगवान्‌को यो अवतार छब्बिसौं द्वापर युगमा पाराशर व्यासका समयमा भएको थियो । यिनै ऋषिले रचना गरेको श्रौत सूत्र पनि छ । त्यसलाई *आश्वलायन श्रौत सूत्र* भनिन्छ । *आश्वलायन गृह्य सूत्र*मा गृह्य संस्कार, ऋतु, यज्ञ र उत्सवका अवसरमा गरिने पूजाआजा, सांस्कारिक कर्म र सामाजिक अनुष्ठानहरूको उल्लेख विस्तारपूर्वक गरिएको छ । सबभन्दा पुरानो पाठ *आश्वलायन गृह्य सूत्र*मा प्रस्तुत गरिएको कथा महाभारतको सबभन्दा पुरानो पाठ मानिन्छ ('पर्वतीय', सन् २००६ : १०९-११०) ।

महर्षि गोभिलले रचना गरेको वैदिक सूत्र पनि गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने निर्देश कतिपय ग्रन्थमा उल्लेख गरिएको छ । दिवाकर शर्मा मैठाणीले *गोत्र प्रवर दीपिका*मा पनि यस कुराको चर्चा गरेका छन् (मैठाणी, २०५८ : ५०) । महर्षि गोभिल सामवेदसित सम्बद्ध ऋषि हुन् । यिनका धर्मसूत्र र स्मृति प्रसिद्ध मानिन्छन् । सामवेदी धर्मसूत्रको रचना गौतम ऋषिले पनि गरेका छन् । गोभिललाई गौतमभन्दा पछाडिका ऋषि मानिन्छ ।

*गोभिलगृह्य सूत्र*मा चार प्रपाठक छन् । कात्यायनले यस सूत्रमाथि टिप्पणी लेखेका छन् । गृहस्थ जीवन सम्बन्धी सबै धार्मिक कार्यको विस्तृत चर्चा यसमा गरिएको छ । तिनमा पितृयज्ञ, पार्वणयज्ञ, अष्टकायज्ञ, श्रावणीयज्ञ, आश्वयुजीयज्ञ, आग्रहायणीयज्ञ र चैत्रयज्ञ पर्दछन् । यी बाहेक ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, अतिथियज्ञ र भूतयज्ञ जस्ता महत्त्वपूर्ण पाँच वटा यज्ञको पनि उल्लेख छ । अझ गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, चूडाकर्म, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्येष्टि विधिको उल्लेख समेत यसमा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.४.५ गर्ग गोत्रीय कुलका अवलम्बनीय उपनिषद्

वैदिक कालमा प्रचलित यज्ञयागादि धार्मिक कर्मकाण्डको परम्परापछि ऋषि मनीषिहरूको ध्यान जीवजगत्, आत्मापरमात्मा, ब्रह्मज्ञान, आध्यात्मिक चिन्तन जस्ता कुरातिर आकर्षित हुन थाल्यो । यस्तै चिन्तनको सारमा आधृत रचनाको नाम उपनिषद् हो । यिनमा प्रस्तुत विचारहरूको कर्मकाण्ड र याज्ञिक क्रियासित कुनै सम्बन्ध देखिँदैन । उपनिषद्हरूबाट नै भारतीय दर्शनका विभिन्न शाखाहरूको विकास भएको मानिन्छ । यिनको रचना वेदभन्दा पछाडि भएको हो र वैदिक ग्रन्थकै व्याख्या गरिएको हुनाले यिनले **वेदान्त**का नामबाट वैदिक साहित्यकै हाराहारीमा महत्त्व प्राप्त गरेका हुन् । यिनमा गरिएको चिन्तन र व्याख्या प्राज्ञिक दृष्टिले उच्च स्तरको मानिन्छ । पछिल्ला दार्शनिकहरूले यिनको गहिरो अध्ययन गरी आआफ्ना ढङ्गले भाष्य लेख्नका साथै विस्तृत व्याख्या समेत गरेका छन् । हाल लगभग १५० वटा उपनिषद्का बारेमा जानकारी प्राप्त भएको छ । यिनमा ऐतरेय, कौषीतकी, छान्दोग्य, केन, तैत्तरीय, कठ, श्वैताश्वतर, बृहदारण्यक, ईश, प्रश्न, मुण्डक र माण्डुक्य जस्ता बार वटा उपनिषद्को भाष्य शङ्कराचार्यले लेखेका छन् र यिनै उपनिषद् प्रसिद्ध पनि मानिन्छन् ।

गर्ग गोत्रीय सन्ततिले पढ्नु पर्ने उपनिषद्हरूमा सबै जरुरी भए पनि मूलतः तैत्तरीय तथा सहायक रूपमा ऐतरीयलाई महत्त्व दिइएको पाइन्छ । तैत्तरीय आरण्यकका सातौं, आठौं र नवौं प्रपाठक ब्रह्मविद्यासित सम्बद्ध हुनाले *तैत्तरीयोपनिषद्* भनिएको हो । यस उपनिषद्का अनेकौं भाष्य र व्याख्या पाइन्छन् । तिनमा शङ्कराचार्यको भाष्य प्रमुख मानिन्छ । सायणाचार्य, रङ्गरामानुज, आनन्दतीर्थ जस्ता विद्वान्हरूले पनि यसको भाष्य लेखेका छन् । यस उपनिषदका तिन भाग छन् । यसको पहिलो भाग संहितोपनिषद् वा शिक्षावल्ली हो । यसमा व्याकरण सम्बन्धी केही आलोचना गर्नका साथै अद्वैतवादका श्रुतिमाथि विवेचना गरिएको छ । यसको दोस्रो भागलाई आनन्दवल्ली र तेस्रो भागलाई भृगुवल्ली भनिएको छ । यी तिनै वल्लीहरूलाई संयुक्त रूपमा वारुणी उपनिषद् पनि भनिन्छ । *तैत्तरीयोपनिषद्*मा ब्रह्मविद्याको पराकाष्टा दर्साइएको छ । यो उपनिषद् पढ्नु पर्ने आवश्यकता भनेको गर्ग गोत्रीय सन्ततिले ब्रह्मविद्याका बारेमा जान्नु पर्ने कुरामाथि जोड दिनु हो ।

माण्डुक्य ऋषि र उनकी पत्नी इतराबाट जन्मेका सन्तान ऐतरेय हुन् । इतराका छोरा भएकाले यिनलाई ऐतरेय भनिएको हो । बाल्य कालदेखि नै यिनी कम बोल्ने वा अन्तर्मुखी र भगवान्को नाम जपी रहने स्वभावका व्यक्ति थिए । माण्डुक्य ऋषिले अर्को विवाह गरी पिङ्गा नामकी महिला घरमा भित्र्याए । पिङ्गाबाट माण्डुक्य ऋषिका चार छोरा जन्मे । पछि इतरा र पिङ्गाका बिच दिनहुँ झगडा हुन थाल्यो । सौतासितको कलहका कारण देहत्याग गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्यत इतरा र ऐतरेयलाई भगवान्ले दर्शन दिए । भगवान्कै परामर्शमा ऐतरेयले कोटितीर्थमा भई रहेका यज्ञमा गएर वेदार्थका विषयमा प्रवचन दिए । बिस्तारै ख्याति प्राप्त गरेपछि ऐतरेयले ऋग्वेदका ऐतरेय ब्राह्मण, आरण्यक र उपनिषद्को रचना गरे । ती ग्रन्थहरू *ऐतरेय ब्राह्मण, ऐतरेय आरण्यक* र *ऐतरेयोपनिषद्*का नामले चर्चित भए । यी ग्रन्थहरूमा यज्ञयागादि कर्मकाण्डमा प्रयोग गरिने ऋग्वेदका मन्त्रहरूको व्याख्या गरिएको छ । विज्ञहरूले *ऐतरेय ब्राह्मण, ऐतरेय आरण्यक* र *ऐतरेय उपनिषद्*लाई एउटै ग्रन्थका विविध संस्करणका मान्दछन् ।

ऐतरेयोपनिषद् ऋग्वेदीय उपनिषद् हो । ऋग्वेदको ऐतरीय आरण्यकमा पाँच अध्याय र सात खण्ड छन् । तीमध्येको चौथो, पाँचौं र छैटौं खण्डको संयुक्त नाम *ऐतरेयोपनिषद्* हो । यी तिन खण्डहरूमा क्रमशः जगत्, जीव र ब्रह्मको व्याख्या गरिएको छ । *ऐतरेयोपनिषद्*को गणना प्राचीन उपनिषद्हरूमा गरिन्छ ।

२.१.५ गर्ग गोत्रीय कुल परम्परा

गर्ग गोत्रका सन्ततिहरू परम्परागत मूल्य र मान्यतामा आधृत कुल धर्मको अवलम्बन गरी जीवनलाई अनुशासित र संयमित तुल्याउँदै आएका देखिन्छन् । तदनुरूप **गर्ग गोत्रीय कुलको शिखा परम्परा, यज्ञोपवीत, गायत्री मन्त्र तथा दोरक, गोत्रका दिशा अर्थात् द्वार र गोत्रका पाद अर्थात् पाउ** शीर्षक दिई गर्ग गोत्रीय कुल परम्पराका केही चलनमाथि प्रकाश पार्ने काम यस अंशमा गरिएको छ ।

२.१.५.१ गर्ग गोत्रीय कुलको शिखा परम्परा

वैदिक परम्पराका अनुयायी पुरुषहरूले शिखा अर्थात् टुपी राख्ने कामलाई धार्मिक महत्त्वका रूपमा लिन्छन् । शिरका मध्यभागका कपाललाई मुठीभित्रको गुच्छा जति पर्ने गरी पाल्नु वा न काट्नु नै शिखा राख्नु हो । शिरको मध्यभागमा ज्ञान तन्तुको समूह रहने र यसलाई सुरक्षित राखिएमा विचार, चिन्तन वा बुद्धिको विकास हुने मान्यताका आधारमा टुपी राख्ने गरिएको हो । रेडियो वा टेलिभिजनमा एरियलले ध्वनि, चित्र र लिपि टिप्न सघाए झैं टुपीले पनि ब्रह्माण्डमा रहेको तत्त्व ज्ञानको सङ्ग्रह गर्न मद्दत पुऱ्याउने हुँदा यसलाई राख्दा बौद्धिक लाभ हुने कुरामा विश्वास गरिन्छ । चूडाकर्म लगायतका अनेकौं जीवन संस्कारमा शिर मुण्डन गर्दा टुपी चाहिँ राखिन्छ । ब्रह्मचर्य, गृहस्थ र वानप्रस्थ आश्रममा शिखा राख्नै पर्ने र सन्न्यास आश्रममा प्रवेश गरेपछि चाहिँ शिखा पनि खौरने वा त्याग्ने गरिन्छ । शिखालाई यज्ञकर्ताको प्रतीक मानिन्छ । यज्ञअनुष्ठान नै प्रमुख संस्कार एवं कर्तव्य भएको माध्यन्दिनी शुक्लयजुर्वेदाध्यायीहरूले शिखारक्षण गर्नु पर्ने विधान छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिखा राखेमा शारीरिक, मानसिक र आध्यात्मिक लाभ प्राप्त हुने कुरा विज्ञहरू बताउँछन् (ब्रह्मवर्चस, सन् १९९८ : ३.३२-३.३३) । शिखाको स्थान मस्तिष्कको नाइटो मानिन्छ । यस ठाउँबाट समस्त मस्तिष्कमा प्रसार हुने तन्तुहरू सञ्चालित हुन्छन् । यिनै तन्तुबाट अनेकौं मानसिक शक्तिको पोषण र विकास हुन्छ । विवेक, दृढता, दूरदर्शिता, प्रेमशक्ति र संयम जस्ता विशेष क्षमताको विकास पनि यिनै तन्तुहरूबाट हुन्छ । कपालमा बाहिरी प्रदूषण र प्रभाव रोक्ने शक्ति रहने हुनाले यस्तो संवेदनशील ठाउँका कपाल सुरक्षित राखेमा मस्तिष्कको सुरक्षा हुनका साथै बाहिरी तापक्रमको चिसोतातोको प्रभाव पनि पर्न सक्तैन ।

काटिएन भने निश्चित सीमामा पुगेपछि कपालको बढ्ने क्रम रोकिन्छ । त्यस्तो स्थितिमा शरीरको रक्त शक्तिले कपालको पोषण गर्नको सट्टा मानसिक शक्तिको पोषण गर्दछ । त्यसबाट मेधा शक्ति बढ्नका साथै वासनागत चाहना कमजोर बन्न थाल्दछ । ऋषिमुनिहरूले कपाल न काट्ने एउटा रहस्य यो पनि हो । कपाल न काट्ने हो भने तेजस्विता बढ्दछ । आकाशबाट प्राणवायु खिँच्ने काममा पनि शिखाले मद्दत गर्दछ । त्यसबाट मनोबल बढ्नका साथै मस्तिष्कको पोषण पनि हुन्छ (ब्रह्मवर्चस, सन् १९९८ : ३.३२-३.३३) । शिखाको सुरक्षा अनेकौं कारणबाट वैज्ञानिक मानिन्छ । गर्ग गोत्रीय कुल शिखा राख्ने परम्पराको अनुयायी हो ।

शिखाको बन्धन शैलीबाट पनि कुल, पाठ्य वेद, गोत्र, प्रवर जस्ता कुराको परिचय प्राप्त हुन्छ । शिखा बन्धन दायाँ वा बायाँ कतातिर घुमाएर कति गाँठा बनाई बाँधिन्छ त्यसबाट गोत्रीय परम्पराको बोध हुन्छ । गर्ग गोत्रीय सन्ततिले शिखा बन्धन गर्दा बायाँतिरबाट कम्तीमा तिन पल्ट र बढीमा शिखाको लमाइ अनुसार बिजोर संख्यामा पाँच, सात, नौ, एघार आदि जति पनि पटक घुमाएर बाँध्नु पर्ने नियम छ । अचेल शिखा नै नराख्ने परिपाटी बढेको सन्दर्भमा यस्तो चलनका कुराको अर्थ नरहे पनि शुक्ल यजुर्वेदीय परम्परा अन्तर्गत वेदपाठमा पालन गर्नु पर्ने अनुशासनको कुरा शिखा तथा त्यसको बन्धन पनि हो ।

२.१.५.२ यज्ञोपवीत, गायत्री मन्त्र तथा दोरक

यस अंशमा छुट्टाछुट्टै अनुक्रममा राखेर **यज्ञोपवीत, गायत्री मन्त्र** तथा **दोरक**को अवलम्बन बारेमा सामान्य जानकारी दिने काम गरिएको छ ।

क. यज्ञोपवीतको प्रयोग

यज्ञोपवीत भनेको यज्ञ गर्नका लागि योग्य मानिने आधारको प्रतीक जनै हो । यज्ञ गर्नु भनेको पूजा, उपासना, हवन कार्य, तीर्थव्रत र धार्मिक अनुष्ठान गर्नु मात्र न भएर जीवनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपनाउनु पर्ने संयम, अनुशासन, धैर्य, क्षमाशीलता, साधना, अध्ययन, अनुसन्धान, त्याग, उदारता, प्रेम, सहयोग जस्ता समस्त सद्व्यवहारको पुञ्ज हो । मनले पाप न चिताउनु, इन्द्रियलाई वशमा राख्नु, शास्त्रले बताएको बाटोमा हिंड्नु, सुख, दुःख, निन्दा, स्तुति आदिबाट निर्लिप्त रहनु, अभिमान नगर्नु, सहृदयी हुनु, सरल बन्नु, ईश्वरप्रति आस्था राख्नु, धर्म गर्नु, विद्या आर्जन गरी रहनु, तपस्या गर्नु, ठुलाप्रति सम्मान र अनुजप्रति प्रेम गर्नु, सेवा कार्यमा लागी रहनु, सबैमा समान भाव राख्नु जस्ता काम गर्नु मनुष्यले अपनाउनु पर्ने सदाचार हुन् । यिनै र यस्तै आचरणमा रहेर जीवनको सदुपयोग गर्नु नै यज्ञ गर्नु हो । त्यस्तो यज्ञ गर्न गराउनका लागि योग्य भएको कुराको प्रतीक जनै हो । यसमा प्रयोग गरिने काँचो धागोको लमाइ, कताइ, मात्रा, संख्या, गाँठा, आकार तथा परिधानका नियमले जीवन व्यवहारका उपर्युक्त अनुशासनकै बोध गराउँछन् । त्यसैले जनै धागो मात्र न भएर संस्कार हो, संयम तथा अनुशासनको प्रतीक हो र जातीय गौरव झल्काउने चिह्न पनि हो । यसको धारण परम्परागत औपचारिकता मात्र न भएर व्यावहारिक विशिष्टता हो । चित्तको शुद्धि, वचनको शुद्धि र व्यवहारको शुद्धि जनाउने आधार पनि यो हो । यसको परित्याग कुनै पनि दृष्टिले उपयुक्त हुन सक्तैन ।

गर्ग गोत्रीय कुलले जनैलाई ज्यादै महत्त्व दिंदै आएको छ । तागाधारी कुलीन मानिने परिवारमा जस्तै यस परिवारमा संस्कार भई सकेका पुरुषले जनै र महिलाले दुबो धागो धारण गर्नु जीवनकै अनिवार्य अङ्ग मान्ने गरिन्छ । यज्ञोपवीतलाई शास्त्रीय मान्यताले जुन स्थान दिएको छ यस परिवारले त्यही स्थानमा राखेर व्यवहारमा प्रयोग पनि गर्दै आएको छ ।

ख. गायत्री मन्त्र

समीक्ष्य परिवारका यज्ञोपवीत संस्कार भई सकेका पुरुषले शास्त्रीय विधिको पालन गरी नित्य निर्दिष्ट समयमा निम्नलिखित गायत्री मन्त्रको जप गर्ने गर्दछन :

ॐ भूर्भुवः स्वः । तत्सवितुवरिण्यं । भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ।
(शुक्ल यजुर्वेद वाजसनेयी माध्यन्दिन शाखा ३६/३) ॥

ॐ भू, भुव र स्व तिनै लोकमा व्याप्त, बुद्धिलाई प्रेरणा दिने सविता देवताका वरणीय महत्ताको हामी ध्यान गर्दछौं ।

ग. दोरक

तागाधारी पुरुषहरूले जनै धारण गरे झैं गोरा अर्थात् गौरा पर्वको व्रत गर्ने नारीहरूले घाँटीमा लगाउने विशेष धागो दोरकलाई दुबो धागो भनिन्छ । रातो, पहेंलो र कालो धागोबाट बनाइएको यो सामान्यतया पोते जस्तै देखिन्छ । जनै पुर्नेमा सप्तर्षिको चित्रमा झुन्ड्याएर सबैका जनैहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रोच्चारका साथ अभिषेक गरे जस्तै यस पर्वमा सबै व्रतालुका दुबो धागोका गुच्छाहरूलाई गोराको चित्रमा झुन्ड्याएर दुबोले मन्त्रोच्चारपूर्वक अभिषेक गरिन्छ । यो कार्य पुरोहितद्वारा सम्पन्न हुन्छ । यसरी अभिषेक गरी सकेपछि मात्र नयाँ दुबो धागो लगाइन्छ र पुरानोलाई पवित्र ठाउँमा विसर्जन गरिन्छ । दुबोले पुजेर अभिषेक गरिने धागो हुनाले यसलाई **दुबोधागो** भनिएको हो । **दुबो धागोलाई** सजिलो बोलीमा **दुब धागो** पनि भनिन्छ । पुरुषहरूले व्यावहारिक जीवनका विभिन्न चलन बमोजिम समय समयमा अनेकौं कारणवश जनै फेरे झैं **दुबो धागो** पनि तिनै स्थितिमा फेर्ने गरिन्छ । यसको पूजन एवम् जप न गरेसम्म खाना खाइँदैन । यसको मन्त्र छुट्टै हुन्छ । गोराको व्रत गर्नेहरूले मात्र यो लगाउँछन् । बिहे भएर पनि गोःराको व्रत गरिएको छैन भने यो लगाइँदैन । अझ बिहे भएर मन्त्र पनि सुनिसकेकाहरूले गोराको व्रत थालिएको छैन भने पनि यो धारण गरिँदैन । पहिलो पल्ट गोःराको व्रत गर्नेलाई मन्त्रगुरु माताले नै यसको मन्त्र सुनाउँछन् । सात पटक यो मन्त्र साँझबिहान जप्नै पर्दछ । त्यसो भए तापनि मासिक धर्म भएको सात दिन, प्रसूति भएको बाइस दिन र गाउँबस्तीको जुठोसूतकमा चलनचल्ती अनुसार न चोखिँदासम्म यो जप्नु हुँदैन । भाद्र शुक्ल वा कृष्ण सप्तमी तिथिमा लिइने व्रतको सूत्र भएकोले दुबोधागोलाई **सप्तमीको डोर** र त्यसको जपलाई **सप्तमीको जप** पनि भनिन्छ ।

स्थानीय जन विश्वास अनुसार यसको जपले मोक्ष प्राप्ति, पुण्य लाभ र पापहरूको नाश हुन्छ । यसको माहात्म्य विचार गरेर यो मन्त्र न जपी सामान्य स्थितिमा खाना खाइँदैन । गोराको पूजाआजा नगर्ने विधवाहरू पनि यो धारण गर्दछन् र यस मन्त्रको जप नित्य बिहानबेलुकी गर्दछन् । गोरा विसर्जन गर्दा एउटा दुबोधागो गोराको मूर्तिमा धारण गरेकै स्थितिमा छोडिन्छ । त्यो दुबोधागो प्रायः गोराकी आमा भनिने महिलाका तर्फबाट धारण गराइएको हुन्छ । दुबो धागोको अर्को विशेषता के हो भने यसलाई जनै जस्तो अनिवार्य परिधान मानिँदैन । यो फुकालेर धुन र सुकाउन सकिन्छ । जनै जस्तो लामो पनि यो हुँदैन । घाँटीभरि ठिक्क अटाउने लमाइ यसको हुन्छ । केही लामो छ भने पनि घाँटीमै अटाउने हिसाबले यसलाई बाँधिएको हुन्छ । केही गरेर यो हराई हालेछ भने यसको सट्टा दुबोलाई पुजेर जप गर्न पनि सकिन्छ । गोराको मन्त्र सुनी सकेकी कुनै महिलाको मृत्यु भयो भने तागाधारीहरूमा लास जलाउनुअघि मृतकलाई नयाँ जनै धारण गराए झैं नयाँ दुबोधागो फेरिन्छ । यसरी धेरै हदसम्म जनै जस्तै भएर पनि जनै नै भन्न नसकिने यस धागोले विवेच्य क्षेत्र तथा परिवारको सांस्कृतिक र धार्मिक मान्यताको संवहन गर्दै आएको छ ।

२.१.५.३ गोत्रका दिशा अर्थात् द्वार

यज्ञ मण्डपमा चारवटै दिशामा द्वार बनाइएको हुन्छ तापनि यज्ञमण्डपमा अध्वर्यु जुन दिशाबाट प्रवेश गर्दछ त्यस दिशाका आधारमा पनि गोत्रको परिचय प्राप्त हुन्छ । यज्ञ गर्ने गराउने कुल हो । शुक्ल यजुर्वेदका सम्प्रदायलाई आदित्य र कृष्ण यजुर्वेदका सम्प्रदायलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म सम्प्रदाय भनिने परम्परा रहेकोले शुक्ल यजुर्वेदको सम्प्रदायका अनुयायी यज्ञकर्ता वा यज्ञाचार्यहरू पूर्व दिशाबाट यज्ञ मण्डपमा प्रवेश गर्दछन् । त्यसैले पूर्व दिशा नै शुक्ल यजुर्वेदका सम्प्रदायको अनुयायी यस गोत्रको द्वार हो । दक्षिणाम्नायकी देवी दक्षिणकालीलाई इष्टदेवी मान्ने हुनाले यस कुलको दिशा दक्षिण भएको कुरा पनि गरिन्छ तर राजगुरु बनेर जिम्मेवारी वहन गर्दै आएको, मूल वाचक बनेर अनुष्ठानमा नेतृत्व लिने गरेको र अघिल्लो लहरमा रहेर यज्ञ मण्डपमा पस्ने गरेको वंश भएकोले पूर्व दिशा नै यसको मुख्य द्वार भएको कुरा ज्यादा विश्वासिलो देखिन्छ ।

२.१.५.४ गोत्रका पाद अर्थात् पाउ

खुट्टा धुने चलनलाई गोत्रीय पादको परम्परा भनिन्छ । गोत्र अनुसार खुट्टा धुने चलन फरक फरक हुन्छ । बाहिरबाट घरमा फर्केपछि घरभित्र प्रवेश गर्नुभन्दा पहिले वा स्नान गर्दा अथवा अन्य कुनै कारणवश गोडा धुँदा कुन चाहिँ गोडा पहिले धुने भन्ने मान्यतालाई गोत्रीय परम्परामा पाद वा पाउ भनिन्छ । समीक्ष्य परिवारमा यो नियम महत्त्वका साथ प्रयोगमा आएको पाइँदैन तापनि सामान्यतया बायाँ खुट्टा पहिले धुने चलन छ । हिँड्दा पहिले चालिने पाउ बायाँ हुने भएको र शुद्धिका लागि बायाँ हात वा बायाँ अङ्गलाई पहिलो प्राथमिकतामा राखिने भएकोले यस परिवारमा बायाँ खुट्टा पहिले धुने चलन चलेको हुन सक्तछ ।

२.१.६ गर्ग गोत्रीय परिवारका रैथान

विदर्भ देशलाई भृगु क्षेत्र भनिए पनि वंश वृद्धि हुँदै जाँदा थपिएका गर्ग ऋषिका सन्तानले भने काशी, प्रयागराज र अयोध्या क्षेत्रको भूभागलाई रैथान बनाएको देखिन्छ । महर्षि गर्गका सन्तति युरोपदेखि एसिया महादेशका विभिन्न मुलुकमा फैलिएका कुरा इतिहासकार बताउँछन् (दाहाल, २०६५ : १) । तिनले ख्यापति आर्जन गरेका ठाउँको उल्लेख यहाँ **गर्ग गोत्रका आस्पद अर्थात् प्रसिद्धि प्राप्त स्थान र नेपालमा गर्ग गोत्रका सन्ततिका रैथान** शीर्षक अन्तर्गत यहाँ गरिएको छ ।

२.१.६.१ गर्ग गोत्रका आस्पद अर्थात् प्रसिद्धि प्राप्त स्थान

आस्पद भनेको ख्याति पाएको ठाउँ हो । गर्ग गोत्रीय परिवारले प्रसिद्धि पाएका मूल स्थान काशी, प्रयाग, अयोध्या, मथुरा जस्ता प्रसिद्ध तीर्थ स्थल नै हुन् भनिन्छ । हो । यस कुलका मुख्य आस्पद पनि यिनै ठाउँ हुन् । परम्परागत मान्यताका आधारमा हेर्दा प्रयाग यस गोत्रको केन्द्रीय आस्पद देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.६.२ नेपालमा गर्ग गोत्रका सन्ततिका रैथान

नेपालका सबैजसो क्षेत्रमा गर्ग गोत्रीय सन्ततिहरू छरिएर रैथाने बनेका देखिन्छन् । रिसाल थरका गर्ग गोत्रीय परिवारले सुदूर तथा मध्य पश्चिमाञ्चल क्षेत्रबाट बिस्तारै पूर्वतिर बसाइ सरेको पाइन्छ । हाल यो परिवार तनहूँ, बारबिसे, सिन्धुपाल्चोक, महोत्तरी, बर्दिवास, धनुषा (लालगढ), रामृछाप (बेताली), ललितपुर (सैंबु भैंसेपाटी, छासिकोट, चुनीखेल, जावलाखेल, चक्रपथ, भनिमण्डल, कुपन्डोल, लामाटार, बाग्डोल, ढिकस्या, शान्ति कुना, झम्सिखेल), काठमाडौं (कालिमाटी, डिल्ली बजार, अनाम नगर, माली गाउँ, गोकर्ण, आरुबारी) भक्तपुर (लोकन्थली, दधिकोट, छालिङ), मकवानपुर (हेटौंडा), बर्दिया, कलैया, विराटनगरमा बसोबास गर्दछ (रिसाल, २०६० : ५०) ।

२.१.७ गर्ग गोत्रको ऐतिहासिक पृष्ठभूमि

गर्ग गोत्रीय कुलको इतिहास खोज्दा वेद, उपनिषद् र पुराणकै स्रोतको प्रयोग गर्नु पर्ने हुन्छ र तिनमा बताइएका घटनाका आधारमा अनुमान गर्नु पर्ने हुन्छ किनभने यस कुलको प्रामाणिक इतिहास बताउने लिखित सामग्री पाइँदैन ।

सृष्टि कर्ता ब्रह्माले यज्ञबाट अङ्गिरा, भृगु र अत्रिलाई उत्पन्न गरेका हुन् । वरुण देवताले आयोजना गरेको उक्त यज्ञ लोक कल्याणको कामनाबाट अभिप्रेरित थियो । योगबल र ब्रह्मविद्याको प्रयोग गरेर यी तिन ऋषिलाई लोकहितका निम्ति ब्रह्माले अवतरण गराएका हुन् । यज्ञबाट उत्पन्न भएका हुनाले यिनलाई यज्ञ पुत्र र ब्रह्माले जन्माएका हुनाले **ब्रह्माका मानस पुत्र** पनि भनिन्छ । वैदिक मन्त्र प्रवर्तक र मानव गोत्र प्रवर्तक यी तिन वटै ऋषिमा अङ्गिरा गर्ग गोत्रका **आदि पुरुष** भनिन्छन् ।

महर्षि अङ्गिरा गर्ग गोत्रका पुर्खा हुन् । अगिनबाट उत्पन्न भएका मानिने र शक्ति तथा सामर्थ्यको मात्रा निकै ज्यादा भएका भनिने यिनी नैसर्गिक रूपबाट नै नम्र, मृदुभाषी, शालीन र संयमित ऋषि ठानिन्छन् । शक्तिशाली देवता र ऋषि महर्षिहरूले योग तथा तपस्याको गहिराइमा लामो समय व्यतीत गरेपछि मात्र पाइने दोष मुक्तिको सिद्धि यिनले प्राप्त गरकाले पनि यिनी शान्त प्रकृतिका बनेको हुनु पर्दछ ।

झुक्छन् वृक्ष सदैव फूलफलले भारी हुंदामा अति
झुक्छन् सज्जन पाइ मान मनमा सेखी नराखी रति
झुक्छन् मेघहरू पनी गगनमा पानी लिएका घडी
झुक्छन् जो उपकारि छन् जन सदा सम्मान भारी गरी ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कविता कालिदासको *अभिज्ञानशाकुन्तलम्* नाटकको नेपाली अनुवाद गर्ने सन्दर्भमा शम्भुप्रसाद ढुङ्गेलले प्रस्तुत गरे जस्तै यिनी पनि आफूमा भएको बहुमुखी प्रतिभा र त्यसको प्रयोगबाट अर्जित ज्ञानको भार थाम्न गारो भएकाले प्रशान्त बनेको हुनु पर्दछ ।

अध्ययन, ज्ञान, अनवरत साधना र प्रज्ञामा महर्षि गर्ग र यिनी अङ्गिरा कुलका कहिल्यै नअस्ताउने तारा मानिन्छन् तर आत्म प्रचारमा रुचि नराख्ने, योग्यता तथा क्षमतालाई प्रदर्शन एवं आत्मगौरवको विषय नबनाउने र प्रतिष्ठाका निम्ति कहीं कतै लालच नदेखाउने प्रकृतिका कारण चर्चित व्यक्तिको गणनामा पुराण तथा इतिहासमा यिनको नाम त्यति ज्यादा आएको देखिँदैन । यिनको यो बानी आजका गर्ग गोत्रीय कतिपय सन्ततिमा समेत यथावत् सरेको देखिन्छ ।

२.२ प्रा. शिवगोपाल रिसालका विविध व्यक्तित्व

प्रा. रिसालको परिचय व्यक्तिगत रूपमा लिन खोज्दा यिनका व्यक्तित्वका पाटा अनेक थरी देखिन्छन् । यस अंशमा यिनको बहुपक्षीय व्यक्तित्वको परिचय दिइएको छ । व्यक्तिगत निकट सम्बन्धका साथै सम्बद्ध विषय बारे स्वयं प्रा. रिसालसित लिइएको जानकारी, पारिवारिक व्यक्ति, नातेदार, इष्टमित्र, कुटुम्ब, छरछिमेकी र समान कुल धर्मका अनुयायीसितको परामर्श, सन्दर्भ कृतिको अध्ययन, जानकार व्यक्तिहरूसित लिइएको परिचय र निर्दिष्ट संघसंस्थाका पदाधिकारीबाट प्राप्त सूचना जस्ता विविध स्रोतको प्रयोग गरी जम्मा पारिएका तथ्य अनुसार वर्गीकृत यिनका विभिन्न व्यक्तित्वको चिनारी यहाँ प्रस्तुत गरिएको छ । त्यसका निमित्त यहाँ **पारिवारिक व्यक्तित्व, नागरिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, आचार्य व्यक्तित्व, आध्यात्मिक व्यक्तित्व, धार्मिक व्यक्तित्व, सांस्कृतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, प्रशासक व्यक्तित्व, सिर्जनशील व्यक्तित्व, पर्यटक व्यक्तित्व, अध्येता व्यक्तित्व, शिष्य व्यक्तित्व, व्याख्याता व्यक्तित्व, उपदेशक व्यक्तित्व** र **सांगठनिक व्यक्तित्व** जस्ता अनेक उपशीर्षक दिइएको छ ।

२.२.१ पारिवारिक व्यक्तित्व

परिवार भनेको रगत, वैवाहिक सम्बन्ध र निकटतम नातेदारीका कारण एउटै घरमा बस्ने व्यक्तिहरूको समूह हो । एउटै भान्सामा खाने व्यक्तिको समूहलाई पनि परिवार भनिन्छ । कुल र खानदानलाई पनि यस शब्दले जनाउँछ । प्रा. रिसालको पारिवारिक व्यक्तित्वको चर्चा गर्ने क्रममा यस अंशमा **कुलाचार, संस्कार, प्रा. रिसालको पारिवारिक शृङ्खला** र **प्रा. रिसालको पारिवारिक व्यक्तित्व** जस्ता थप शीर्षक प्रस्तुत गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.१.१ कुलाचार

कुल भनेको वंश, घराना र खानदान हो । *धर्मसिन्धु*मा **पितामाता च भार्या च भगिनीदुहिता तथा, पितृमातृष्वसा चैव सप्तगोत्राणि वै विदु** अर्थात् बाबु, आमा, पत्नी, बहिनी, छोरी, बाबुकी बहिनी, आमाकी बहिनीका गरी सात गोत्रका व्यक्तिलाई कुल भनिएको छ । यिनमा बाबुको कुलका अघिल्ला बार र पछिल्ला बार गरी चौबिस, आमाको कुलका अघिल्ला दस र पछिल्ला दस गरी बिस, पत्नीको कुलका अघिल्ला आठ र पछिल्ला आठ गरी सोर, बहिनीको कुलका अघिल्ला छ र पछिल्ला छ गरी बार, छोरीको कुलका अघिल्ला छ र पछिल्ला पाँच गरी एघार, बाबुकी बहिनीको कुलका अघिल्ला पाँच र पछिल्ला पाँच गरी दस र आमाकी बहिनीको कुलका अघिल्ला चार र पछिल्ला चार गरी आठ पुस्ता समेतका जम्मा एक सय एक व्यक्तिको समूहलाई कुल भनिन्छ (शर्मा, (सन् १९९३ : ५९५) ।

*कुलदीपिका*मा **आचारो विनयो विद्या प्रतिष्ठा तीर्थदर्शनम्, निष्ठाऽवृत्तिस्तपो दानं नवधा कुललक्षणम्** अर्थात् आचार, विनय, विद्या, प्रतिष्ठा, तीर्थाटन, निष्ठा, वृत्तिस्थिरता, तप र दानलाई कुलका लक्षण बताइएको छ । *कुलकी छोरी मूलको पानी* भन्ने नेपाली उखानले कुल भनेको चारित्रिक उँचाइ भएको खानदान हो भन्ने कुरा बुझाउँछ । सामान्य अर्थमा राम्रो वा न राम्रो जस्तो भए पनि प्रत्येक वंश वा घरानालाई कुल शब्दले जनाउँछ । **अयं निज परोवेत्ति गणना लघुचेतसा, उदारचरितानां तु वसुधैव कुटुम्बकम्** अर्थात् यो मेरो त्यो अर्काको भनेर छुट्याउने काम सानो विचारका व्यक्तिले गर्दछन् तर उदार हृदय भएका कुलीन व्यक्तिले चाहिँ संसारलाई नै परिवार सम्झन्छ भने जस्तै उत्तम आचार, व्यवहार तथा वातावरण पाएको व्यक्तिको सोच ठुलो हुन्छ । त्यस्तो सोच हुनु नै महान् कुलमा जन्मनुको लक्षण हो । सामान्यतया कुल, वंश, घराना वा खानदान शब्दले उच्च कुलकै अर्थ जनाउँछन् । लाटो, गाँडो, आँखा न देख्ने, लँगडो, खोरन्डो नै सही शारीरिक हिसाबबाट अपाङ्ग हुँदैमा आफ्ना आमाबाबुलाई आमाबाबु न भनेर साङ्ग, सुन्दर, आकर्षक, गोरो, उजेलो, हिसी परेको बाहिरको कुनै मान्छेलाई आमाबाबु भन्न सकिँदैन । परम्पराको विरोध, नवीन मूल्य र मान्यताको खोजी र नयाँ संस्कार तथा संस्कृतिको थालनी गर्ने अभियानको अर्थ आफ्नोपनमा आगो लगाउनु, आफू उभिएको धर्ती भत्काउनु र गरिब, निमुखा, कमजोर, सभ्य, शिष्ट, संयमित एवं अनुशासित व्यक्ति वा जन समुदायलाई सताउनु होइन । आफ्नो इतिहास बचाएर, संस्कृतिका विकार पन्छाई सकारात्मक पक्षको जगेर्ना गरेर, पुर्खाप्रति गौरव र सम्मान गरेर, खुट्टा टेक्ने धरातलका रूपमा रहेको परम्परागत मूल्य र मान्यता बचाएर अघि बढ्न सकेमा मात्र वास्तविक उन्नति गरेको ठहरिन्छ । सामान्य व्यक्तिले गल्ती गर्दा क्षम्य हुन सक्तछ तर पर्याप्त पढे लेखेका, जाने बुझेका, दुःखकष्ट भोगेका, दुनियाँ देखेका भनिने व्यक्तिले गल्ती गर्नु र अझ बारम्बार त्यस्ता गल्ती दोहोऱ्याउनु सुहाउने कुरा हुँदैन । ज्ञानगुनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा न जानेर पनि यस्तो अवस्था आएको हुन सक्तछ । वास्तवमा भौतिक विकास हुनु, उच्च पद पाउनु र चर्चित बन्नु ठूलो कुरा होइन । धनी बन्नु पनि धेरै ज्यादा महत्त्व राख्ने कुरा होइन तर मानसिक हिसाबबाट समृद्ध, सचेत र सम्पन्न हुनु चाहिँ ठूलो कुरा हो ।

कुलाचारमा रहनका लागि कुल धर्मको संवहन गर्नु आवश्यक हुन्छ । कुल धर्ममा कुलमा परम्परादेखि चली आएका मर्यादा, मूल्य, मान्यता, धर्म, संस्कृति, पूजाआजा जस्ता आचारविचार पर्दछन् । कुलले गर्ने कर्म पनि कुलधर्म हो । शास्त्रीय मान्यता अनुसार कुलीन हुनुको अर्थ वेद तथा वेदाङ्गको अध्ययन, अनुसन्धान र विमर्शलाई निरन्तर रूपमा कायं गर्नु पनि हो । अर्कातिर राज्य व्यवस्थाका शासकीय तहमा अधिकार प्राप्त गरी इमान्दारीपूर्वक दिलोज्यानले जनसेवा गर्नुलाई पनि कुलीनता भनिन्छ । यस शब्दले धर्मशास्त्र तथा राजनीति दुवै क्षेत्रको प्रतिनिधित्व गर्दछ । यस विषयमा *वायुपुराण*को साठियौं अध्यायमा चर्चा गरिएको छ (शर्मा, सन् १९८६ : ११९) । कुलीन सन्तति वंशको महान् परम्पराको प्रभाव र प्रयोगका कारण अवसर पाउँदा चारित्रिक उच्चता कायं गरी सामाजिक ख्याति र पहिचान सजिलैसित प्राप्त गर्दछन् ।

कुल भनेको पहिचानको आधार हो । यसले व्यक्ति र परिवारका लागि स्वाभिमानपूर्वक आत्मविकासको पथमा अघि बढ्न गौरवमय इतिहास बोकेका यशस्वी पुर्खाहरूको स्मरण गराउँछ । कुलका वृद्धहरूको शुभाशीर्वाद सबैका निम्ति आन्तरिक ऊर्जाको स्रोत बनेको हुन्छ । प्रतिष्ठापूर्ण छवि प्राप्त गरेका विद्या, त्याग, तपस्याद्वारा माथि उठेका महान् पुर्खाका सच्चरित्रको महत्ताद्वारा कुल गौरवान्वित बन्दछ । त्यस्तो कुलमा जन्मनेहरूमा स्वाभिमानको सञ्चार हुन्छ र पछिल्ला पुस्ताहरूमा 'पुर्खाहरू यस्ता थिए, त्यो गौरवपूर्ण परम्पराबाट विचलित न भई आवश्यक पर्दा अझ निखार ल्याएर वंशमा मूल्यहरूको जगेर्नाप्रति अझ उत्साहसाथ अघि बढ्दै जाने सत्सङ्कल्पहरू गरी रहनु पर्दछ' भन्ने भावना जागृत हुन्छ । पुर्खाले गरेका योगदानका आधारमा समाजमा पहिचान दिलाउने काम पनि कुलले गर्दछ । पहिचान चाहिने भएकोले प्रत्येक व्यक्ति र परिवारका लागि कुल आवश्यक हुन्छ ।

*महाभारत*मा गरिएको वर्णन अनुसार महावीर कर्णलाई माद्र नरेश शल्यले कुलको ठेगान नभएको, भुइँफुट्टा, सूतपुत्र र राधेय भनेर होच्याएको र अर्जुनलाई भीष्म पितामहका स्नेहपात्र, त्रैलोक्य विख्यात, अद्वितीय पराक्रमद्वारा देवराज इन्द्रको अर्धासन प्राप्त गर्न सफल, वीरशिरोमणि, पृथानन्दन भन्दा असह्य भएपछि दैव संयोगले सूत वा सूतपुत्र जे भए पुरुषार्थका मामिलामा कतै खोट लगाउन सकिने ठाउँ भए औंल्याउनु होस् भनी कर्णले चुनौती दिएका थिए । उक्त घटनाले पनि कुलको चिनारी किन चाहिन्छ भन्ने कुराको बोध गराउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलको ज्ञानले परिवारजन तथा इष्टमित्रहरूलाई आत्म पहिचान दिलाई कुटुम्ब, समाज, क्षेत्र र राष्ट्रप्रति जिम्मेवार बनाएर लोककल्याणमा समर्पित हुन प्रेरित गर्दछ । साथै यसले भविष्यका पुस्तालाई पारिवारिक पृष्ठभूमिको बोध गराउँछ । यसबाट पारिवारिक संरचना बलियो हुने, भावनात्मक सम्बन्ध बढ्ने, सामाजिक इतिहासको संरक्षण हुने र परिवार तथा समाजलाई आत्मबोधप्रति जागरुक तुल्याउने जस्ता विविध सकारात्मक परिणति प्राप्त हुन्छन् ।

ठट्टा, छेडछाड र विनोदमा कहिलेकाहीं चित्त दुख्ने वचन पनि बोलिन सक्तछ । त्यस्तो वचन असत्य पनि हुन सक्तछ र त्यसकै कारणबाट पारिवारिक वातावरणमा समेत आघात पुग्न सक्ने अवस्था आउन सक्तछ । त्यसैले पतिपत्नीकै बिच पनि बोलचाल र हासपरिहासमा विचार पुऱ्याउनु आवश्यक हुन्छ ।

२.२.१.२ संस्कार

संस्कार भनेको जन्मदेखि मृत्युसम्मका सबै अवस्थामा आउने भौतिक, मानसिक र वैचारिक दोष हटाएर व्यक्तिलाई पवित्र, चोखो र दुर्गुण मुक्त बनाउने कार्य हो । मुख वा शरीरको शुद्धि, मनोवृत्ति वा स्वभावमा सुधार, आचारविचारमा संयम र अनुशासन कायम गर्ने प्रक्रिया पनि संस्कार हो । संस्कारले पनि संस्कृतिको संरक्षण गर्दछ । यो संस्कृतिको एउटा आधार पनि हो । योगशास्त्रका अनुसार प्राणीले जन्म जन्मान्तरमा गरेका कार्यको परिणामबाट अन्तःकरणका संस्कारको संवहन गर्ने हुनाले उसका प्रत्येक क्रियाकलापमा संस्कारले प्रभाव पारेको हुन्छ (पाण्डेय, २०५७ : १३३२) । त्यसैले प्राणीमा सुषुप्त रूपमा रहेका भावना, कुण्ठा वा वासनालाई पनि संस्कार भनिन्छ । पूर्वीय परम्परा अनुसार जन्म, जाति, भोग, आयु जस्ता कारणबाट हुने विकारको निवृत्ति संस्कारबाट गर्ने चलन छ । त्यसका लागि गर्भाधान आदि ब्राह्म संस्कार र यज्ञ अनुष्ठान आदि दैव संस्कार गर्ने चलन छ । यसरी संस्कारका प्रमुख दुई भेद मानिन्छन् । अझ तिनै दुई भेदका उपभेद बढाउँदै दस, सोर, पच्चिस, चालिस र अठचालिससम्म पुऱ्याइएको पनि पाइन्छ । ती भेद निम्नानुसार छन् :

संस्कारका दुई भेदमा ब्राह्म र दैव संस्कार पर्दछन् भने दस भेद अन्तर्गत गर्भाधान, पुंसवन, सीमन्तोनयन, जात कर्म, नाम कर्म, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णविध र विद्यारम्भ पर्दछन् । यिनमा उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि समेतका थप ६ संकार जोड्यो भने सोर हुन्छ । अझ त्यसमा पनि आग्रहयण, अष्टका, श्रावणी कर्म, आश्वयुजी कर्म, प्रत्यवरोहण, दर्श श्राद्ध, वेदारम्भ, वेदोत्सर्जन र पञ्च महायज्ञ जस्ता अरू नौ वटा संस्कार जोड्दा संस्कारको संख्या पच्चिस पुग्दछ । चालिस संस्कारको गणनामा गर्भाधान, पुंसवन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सीमन्तोनयन, जात कर्म, नाम कर्म, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन, केशान्त, समावर्तन, विवाह, देव यज्ञ, पितृ यज्ञ, मनुष्य यज्ञ, भूत यज्ञ, ब्रह्म यज्ञ, अष्टका श्राद्ध, एक पार्वणक श्राद्ध, द्वि पार्वणक श्राद्ध, त्रि पार्वणक श्राद्ध, श्रावणी श्राद्ध, आग्रहायणी श्राद्ध, चैत्री श्राद्ध, आश्वयुजी श्राद्ध, अग्न्याधेय, अग्निहोत्र, दर्शपौर्णमास, चातुर्मास्य, आग्रहायणेष्टि, निरूढपशुबन्ध, सौत्रामणि, अग्निष्टोम, अन्त्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम पर्दछन् । यिनमा दया, क्षमा, अनुसूया, अनायास, मांगल्य, अकार्पण्य, अस्पृहा र शौच समेतका आठ वटा चारित्रिक गुण जोडेर संस्कारको जम्मा संख्या अठचालिस पुऱ्याइएको पाइन्छ (पाण्डेय, २०५७: १३३२-१३३३) । वास्तवमा मानसिक र शारीरिक शुद्धि बढाउने काम पछिल्लो गणनामा राखिएका आठ वटा गुण वा संस्कारले नै गर्दछन् । अचेल राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, पारिवारिक, व्यक्तिगत, साहित्यिक, पेसागत संस्कारका कुरालाई महत्त्व दिने र चारित्रिक शुद्धिको अपेक्षा ती सबै क्षेत्रमा गर्ने गरिन्छ ।

संस्कार शब्द धेरै पुरानो होइन । वेद र ब्राह्मण ग्रन्थमा यस शब्दको प्रयोग पाइँदैन । मीमांसाहरूमा पनि यसको स्पष्ट अर्थ दिइएको देखिँदैन । संस्कारको अर्थ स्पष्ट पार्ने र तिनको वर्गीकरण गर्ने काम गृह्यसूत्र र स्मृतिहरूले गरेका हुन् । यसरी मानव सभ्यताको विकासका पछिल्ला दिनमा मात्र यसको प्रयोग हुन थालेको पाइन्छ ('पर्वतीय', सन् १९९६ : ९२७) ।

साधारणतया संस्कार र संस्कृतिलाई समानार्थी शब्दका रूपमा लिने गरिन्छ तर यिनमा पनि भिन्नता देखिन्छ । त्यसो हुँदाहुँदै पनि सुसंस्कारले संस्कृतिको संवर्द्धन र संरक्षण गर्दछ ।संस्कारको सहयोग पाएर नै संस्कृतिले समाज र व्यक्तिलाई चिन्तक, रचनात्मक, कलात्मक र भावनाशील बनाउँछ । अझ यसबाट व्यक्ति, समाज मात्र न भएर समस्त मानव सभ्यताकै विकास पनि सम्भव हुन्छ । त्यति हुँदाहुँदै पनि परस्परमा भिन्न भएकै कारणले यिनलाई समानार्थी वा पर्यायवाची न मानेर फरक दृष्टिले हेर्ने र बुझ्ने गरिन्छ ।

२.२.१.३ प्रा. रिसालको पारिवारिक शृङ्खला

प्रा. रिसाल गर्ग गोत्रीय उपाध्याय ब्राह्मण परिवारका सदस्य हुन् । यस अंशमा यिनको वंशको चर्चा गरिएको छ । यहाँ दिइएको सामग्री वंशावली न भएर प्रा. रिसालको पारिवारिक व्यक्तित्वको आधार बताउने प्रमाण हो । यसमा प्रा. रिसाललाई नै केन्द्र बिन्दुमा राखेर पारिवारिक इतिहास अध्ययन गरिएको हुनाले सीमित तथ्यलाई महत्त्व दिनु पर्ने अवस्था उत्पन्न भएको हो । त्यसैले यिनको वंशका अन्य व्यक्तिले आफ्ना पुर्खाको नाम उल्लेख न भएको गुनासो न गरी दिन अनुरोध गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनका पूर्वज नेपाल एकीकरण हुनुभन्दा पहिले भक्तपुरका मल्ल राजा जय भूपतीन्द्र मल्ल (वि.स. १७५३-१७८९) का दरबारिया ज्योतिषी थिए । त्यस बखतको एउटा अभिलेखमा उक्त राजाले दिएको जग्गा दानको लिखतमा यिनका पुर्खा शिवदासको नाम साक्षीमा राखिएको पाइन्छ । भक्तपुरभन्दा पहिले रिसालहरू नुवाकोटको थानसिङका बासिन्दा थिए भनिन्छ । बसाइको सुविधा तथा आजीविकाको सरलताको खोजीमा रिसालहरू भक्तपुरबाट नेपालका विभिन्न ठाउँमा स्थानान्तरित हुने क्रममा शिवदासको चौथो पुस्ताका सन्तति दशरथ ललितपुरको चुनिखेल हुँदै सैंबू भैंसीपाटीमा स्थानान्तरित भएका हुन् । वैदिक शास्त्रको अध्ययन गर्ने, पण्डित्याइँ पुरोहित्याइँ गर्ने, गायत्रीको उपासनाका साथै तर्पण सहितका पितृ कर्म र पाञ्चायन पूजा गर्ने, र समाज सेवा गर्ने नैष्ठिक ब्राह्मण थिए । आफूले गरेका यस प्रकारका आध्यात्मिक कर्म यिनले आफ्ना सन्ततिलाई पनि सिकाई तिनलाई आफ्नै बाटोमा हिँडाउने काम गरे । बटुवाले बास बस्ने ठाउँमा पाटी बनाउनु जरुरी देखेकाले यिनले सैंबूको वर्तमान भैंसीपाटी भन्ने ठाउँमा पाटी निर्माण गर्नका साथै पानीको धारा राख्ने काम गरेका थिए । त्यसकै विकसित रूप हालको भैंसेपाटी हो (रिसाल, २०६० : ७३) ।

दशरथका सन्तति नेपालका विभिन्न ठाउँमा छरिए पनि केही भने अझै पनि रिसाल परिवार सैंबू भैंसीपाटी क्षेत्रमा बसोबास गर्दछन् । पारिवारिक शृङ्खलामा यिनका छोरा श्रीकान्त र श्रीकान्तका छोरा लीलानाथ भए । यिनी पनि बाबुबाजे जस्तै पढे लेखेका, परोपकारी, धार्मिक, कर्मनिष्ठ र त्यागी थिए । गाउँ घरमा कसैलाई विवाह, व्रतबन्ध र धार्मिक अनुष्ठान गर्दा खर्चको अभाव भयो भने यिनी निर्ब्याजी सापटी दिन्थे भनिन्छ । त्यसै गरी मर्दा पर्दाका अवस्थामा सहयोगको अपेक्षा गर्नेहरूलाई अन्न, लुगा, घ्यूतेल, पैसा आदिको सहयोग गर्नमा यिनी तत्परता देखाउँथे । चतुर्मास एकादशीका दिन गाउँलेहरूलाई फलाहारका रूपमा चाहिने पिठो, मोही, दही, घ्यू जस्ता खाद्य वस्तु बाँड्ने काम पनि यिनी गर्दथे ।

लीलानाथ र लीलाकुमारीबाट तारानाथको जन्म भयो । रानीपोखरी पाठशालामा पढेका पण्डित तारानाथ ज्योतिषी थिए । कर्मकाण्डका ज्ञाता, संस्कृत भाषा र साहित्यका शिक्षक, समाज सेवी र आध्यात्मिक परम्पराका अनुयायी यिनले सरकारी सेवामा रहेर जीवन व्यतीत गरे । कर्मनिष्ठ, धर्मनिष्ठ र वेदान्ती यिनी शाकाहारी, एक छाक मात्र भोजन गर्ने त्यागी अध्यात्म साधक थिए । इमाडोलका आत्रेय गोत्रीय पौडेल परिवारकी छोरी डोलकुमारीसित यिनको विवाह भएको थियो । ज्येष्ठपत्नी भवानीदेवी र डोलकुमारीबाट यिनका दुर्गानाथ, कोमलनाथ, विश्वनाथ र विष्णुप्रसाद (कैलास) गरी चार भाइ छोराको जन्म भयो ।

विश्वनाथ प्रा. रिसालका बाबु हुन् । रानीपोखरी पाठशालामा केही वर्ष पढेपछि यिनले बनारसको क्विन्स कलेजबाट व्याकरणमा सम्पूर्ण मध्यमा परीक्षा उत्तीर्ण गरेका थिए । ब्रह्मकर्ममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्ठा राख्ने यिनी प्रसिद्ध वैयाकरण र ज्योतिषी थिए । जीवनको उत्तरार्द्धमा वेदान्तलाई चिन्तन र व्यवहारको विषय बनाउने काम यिनले गरेका थिए । काठमाडौं उपत्यकाका थुप्रै विद्यालयमा संस्कृत नेपाली पढाउनका साथै पुराण वाचन, कर्मकाण्ड, समाज सेवा र धार्मिक अनुष्ठान गरेर जीवन बिताएका थिए ।

जीवनपुर गजुरीका अत्रि गोत्रीय गौतम उपाध्याय थरका ब्राह्मण लक्ष्मीकुमारकी छोरी जनककुमारीसित यिनको विवाह भएको थियो । जनककुमारीबाट यिनका दुई भाइ छोरा विष्णुगोपाल तथा शिवगोपाल र तिन छोरी सुभद्रा, जाह्नवी र अम्बिकाको जन्म भएको थियो । यस जोडीबाट अन्य सन्तानको पनि जन्म भएको हो तापनि तिनको निधन बाल्य कालमै भएकोले यहाँ चर्चा गरिएको छैन ।

विष्णुगोपाल सरकारी सेवाको उच्च तह मानिने विशिष्ट श्रेणी सचिवबाट सेवा निवृत्त भएका छन् र बाबु बाजे जस्तै नित्य अध्यात्म साधना र सत्सङ्गमा समयको सदुपयोग गर्दै आएका छन् । काठमाडौं माली गाउँका आत्रेय गोत्रीय पौडेल थरका ब्राह्मणकी छोरी प्रमीलासित विवाह सम्बन्धमा बाँधिएका यिनका सन्तोष नामक एक जना छोरा छन् ।

विश्वनाथ र जनककुमारीका छोरीहरूमा जेठी सुभद्राको ललितपुर भुरुङखेलका घृतकौशिक गोत्रीय ब्राह्मण केशव ढकाल, माहिली जाह्नवीको विवाह काठमाडौं लैनचौरका वसिष्ठ गोत्रीय ब्राह्मण दिवाकरप्रसाद भट्टराई र कान्छी अम्बिका रिजालको हेटौंडाका हाल काठमाडौं वानेश्वर बस्ने धनञ्जय गोत्रीय ब्राह्मण पुष्पपाणि रिजालसित भयो । तिन जना बहिनीहरूका परिवार पनि अध्यात्म साधक तथा समाज सेवीका रूपमा चर्चित देखिन्छन् (रिसाल, २०६० : ७४-८४) ।

प्रा. रिसाल त्रिभुवन विश्वविद्यालयको नेपाली विषयमा स्नातकोत्तर तहको परीक्षा उत्तीर्ण गर्ने पहिलो समूहका पहिला व्यक्ति हुन् । यिनले प्राध्यापन व्यवसायका माध्यमबाट लगभग चार दशक देशको सेवा गरे । विद्यालयका शिक्षक, विभिन्न धार्मिक तथा समाज सेवी संघसंस्थाका पदाधिकारी, धार्मिक व्याख्याता, सत्सङ्ग र स्वाध्यायका आचार्य यिनले कर्मनिष्ठ भएर जीवनको अधिकतम सदुपयोग गर्दै आएका छन् । त्रि.वि. नेपाली केन्द्रीय विभागका साथै पद्मकन्या क्याम्पसमा यिनले प्राध्यापन गरे । बाबुबाजेको परम्परालाई थप बलियो र गुणात्मक बनाउँदै यिनले अध्यात्म साधनामा आफूलाई समर्पित गरेको देखिन्छ । बेलायतबाट विद्यावारिधि उपाधि प्राप्त गर्ने अवसर मिल्दा पनि यिनले वेदान्त चिन्तनलाई महत्त्व दिई त्यस अवसरबाट लाभ लिएनन् । धर्मनिष्ठा, कर्मनिष्ठा र सिर्जनशीलताप्रतिको निष्ठालाई यिनले पारिवारिक परम्पराबाट पाएको बिरासत हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्रेय गोत्रीय पौडेल थरका उपाध्याय ब्राह्मण पण्डित होमनाथ तथा भीमकुमारीकी छोरी मीनाकुमारी अर्थात् गायत्रीसित प्रा. रिसालको विवाह भएको हो । त्रिभुवन विश्वविद्यालय रत्नराज्य लक्ष्मी क्याम्पसमा निकै वर्ष नेपाली विषय प्राध्यापन गरेकी सहप्राध्यापक मीनाकुमारीबाट यिनका अनादिगोपाल र अनन्तगोपाल गरी दुई भाइ छोरा छन् । प्राविधिक विषयमा उच्च तहको अध्ययन गरेका दुवै जना अमेरिकामा बसोबास गर्दछन् । दक्षिण अमेरिकी नागरिक लिलिआनासित बिहे गरेका जेठा छोरा अनादिगोपालका सागर नामक छोरा र इलिसा नामकी छोरी छन् । त्यसै गरी काश्यप गोत्रीय घिमिरे थरका उपाध्याय ब्राह्मणकी छोरी कल्पनासित बिहे गरेका कान्छा छोरा अनन्त गोपालका आस्तिक नामका छोरा छन् । प्रा. रिसालका दुवै छोरा पेसाले इन्जिनियर भए पनि सिर्जनात्मकताले कवि र साहित्यकार छन् । दुवैमा प्रबल आध्यात्मिक निष्ठा र साहित्यिक प्रतिभा रहेको देखिन्छ । अनन्तगोपालको एउटा काव्य प्रकाशित भएको छ (रिसाल, २०६० ७४-८४) ।

२.२.१.४ प्रा. रिसालको पारिवारिक व्यक्तित्व

छोराहरूले अमेरिकामै बसोबासका लागि व्यवस्था मिलाउने प्रयत्न गरेका भए पनि यिनी नेपालमै रहेर लगभग असी वर्षको उमेर हुन लाग्दा समेत आफ्नो बुद्धि बर्गत र प्रतिभाले भ्याएसम्म देश तथा समाजको सेवा गर्दै आएका छन् । यिनलाई आजको अवस्थामा प्राप्त सम्मानको आधारभूत पृष्ठभूमि पारिवारिक पनि हो भन्ने कुरा थाहा हुन्छ । यसरी प्रा. रिसाल व्यावहारिक, आध्यात्मिक, वेदान्ती, साहित्यकार, समाजसेवी, नैष्ठिक, त्यागी, संवेदनशील र सहृदयी बन्नका पछाडि लामो समयदेखि चल्दै आएको यिनको पारिवारिक शृङ्खलाले संवहन गरेका मूल्य र मान्यता आधारभूत कारणका रूपमा रहेका देखिन्छन् ।

२.२.२ नागरिक व्यक्तित्व

परिवार, समाज र देशको सदस्य भएका नाताले संवहन गर्नु पर्ने जिम्मेवारीमा सकेसम्म त्रुटि हुन नदिने प्रयास सच्चा नागरिकले गर्दछ । प्रा. रिसालमा यस्तो गुण भरिपूर्ण रहेकोले यिनलाई नेपाली नागरिकका आदर्श व्यक्तिका रूपमा लिन सकिन्छ ।

२.२.३ राजनीतिक व्यक्तित्व

प्रा. रिसाल राजनीतिप्रति धेरै ज्यादा आकर्षित भएका व्यक्ति देखिँदैनन् । हालका दिनमा राजनीतिका नाममा देशमा व्याप्त भ्रष्टाचार, अन्यौल, अस्थिरता र अस्तव्यस्तताले यिनलाई चिन्तित तुल्याएको देखिन्छ । देशमा राजनीतिले प्रजातान्त्रिक मूल्य र मान्यताको स्थायित्वमा जोड दिँदै जनजीविकाको व्यवस्थापनमा सक्रिय बन्नु पर्ने विचार यिनी व्यक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन् । सबैभन्दा बढी प्रभाव पार्ने क्षेत्र भएकोले राजनीति आदर्श, नैतिकता विचार, निष्ठा, त्याग, समाज सेवा, योजनाबद्ध विकास र समर्पणमा आधृत हुनु पर्दछ भन्ने धारणा यिनले व्यक्त गरेको पाइन्छ ।

२.२.४ आचार्य व्यक्तित्व

कतिपय व्यक्तिहरू गुरु र शिक्षक भनेको एउटै कुरा हो भन्दछन् तर त्यसो होइन । गुरु र शिक्षकमा निकै ठुलो अन्तर छ । गुरु भनेका प्रज्ञा, साधना, अनुभव, आचरण, बोली, व्यवहारमा उच्च तहमा पुगेका व्यक्ति हुन् । तिनी बाहिरी हेराइबाट ज्यादै सामान्य देखिन्छन् तर तिनको आचार व्यवहार बुझ्दै जाने हो भने तिनी असामान्य प्रकृति र प्रवृत्तिका धनी देखिन्छन् । सामान्य साधनाले गुरु बन्न सकिँदैन । कबिरले भनेका छन् :

गुरु गोविन्द दोउ बडो काको लागूँ पाय ?
बलिहारी गुरु आपने गोविन्द दियो बताय ।।

अर्थात् गुरु र गोविन्द वा ईश्वर दुवै महान् छन् तर ती दुवै एकसाथ भेटिए भने पहिले कसलाई प्रणाम गर्ने होला भन्ने विषयमा विचार गर्दा ईश्वरलाई चिनाउने काम गर्ने गुरु ईश्वरभन्दा ज्यादा महान् देखिने हुँदा तिनलाई नै पहिले प्रणाम गर्नु उपयुक्त हुन्छ ।

शिक्षक भनेका शिक्षा दिने, न जानेका कुरा सिकाउने, विभिन्न प्रकारका विधि र निषेधका कुरा बारे जानकारी दिने र सिपालु बनाउन मद्दत गर्ने व्यक्ति हुन् । तिनले शिक्षार्थीको जीवन सुधार्न काँचो माटोलाई गाग्रीमा रूपान्तर गर्ने कुमालेले बाहिरतिर हिर्काएर भित्र मिलाउँदै उपयुक्त आकार दिए जस्तै निकै ठुलो भूमिका निर्वाह गर्दछन् । जीवनका अनेकौं व्यवहार तथा रचनात्मक कार्यमा हुन सक्ने कल्मष, कसर वा कसिङ्गरहरूलाई फालेर शिक्षार्थीलाई बढीभन्दा बढी परिमार्जित गर्ने काम शिक्षकले गर्दछन् । त्यसो हुँदाहुँदै पनि गुरुको गौरवका हाराहारीमा शिक्षक पुग्न सक्तैनन् । शिक्षकभन्दा गुरु महान् हुन्छन् ।

जहाँसम्म प्रभावकारी सिकाइको प्रश्न छ त्यो साधारणतया सिकाउने व्यक्तिमा रहेको सिप, कला, ढङ्ग, जानेका कुरा आकर्षक शैलीमा बताउन र बुझाउन सक्ने खुबी जस्ता विभिन्न कारणबाट प्रस्तुत गर्न सकिन्छ । त्योभन्दा पनि बढी महत्त्वपूर्ण कुरा माध्यमको प्रयोग हो । दुनियाँमा गम्भीर प्रकृतिका कुरा गीत, कविता, नृत्य, वाद्य, अभिनय, सूत्र शैली लगायतका विभिन्न तरिकाबाट बुझाउने वा सिकाउने चलन छ । पूर्वीय जगत्मा सामान्य कथालाई पद्यमा भन्ने गरिन्छ । संस्कृत साहित्यका महत्त्वपूर्ण ग्रन्थहरू पद्यमा रचना गरिएका छन् । पाणीनिको व्याकरण सूत्र शैलीमा तयार पारिएको छ । नेपाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोक जीवनका विविध चालचलन र परम्परा गीत र नाचलाई आधार बनाएर व्यवहारमा ल्याइएका देखिन्छन् । यी सबै कुरा प्रस्तुतिका प्रभावकारी पद्धति नै हुन् । सिलोकमा वा पद्यमा अथवा गीति शैलीमा कुनै कुरा भनियो भने त्यो सजिलैसित बुझ्न सकिने र धेरै समयसम्म सम्झन सकिने हुन्छ । नाचको शैलीमा, गीतको ढाँचामा, सिनेमाको प्रविधिमा, हाँसोठट्टाको भावमा, मनोरञ्जनको पारामा प्रस्तुत गरिने जुनसुकै कुरा निकै प्रभावकारी हुन्छ । नेपाली समाजका कतिपय क्षेत्रमा शिशु जन्मने बेला गीत गाउने चलन छ । त्यसो गर्नाले साङ्गीतिक वातावरण तयार भई कठिन समय सहज रूपमा बित्दछ र वेदनायुक्त घडी सहज ग्राह्य बन्दछ । निकै गारो मानिने श्रम साध्य काम नाच्दै गाउँदै रमाइलो वातावरणमा गरियो भने थकाइको अनुभूति हुँदैन र कामको स्तर पनि बढ्दछ । यो कुरा मनोवैज्ञानिक सत्य हो । रोपाइँ गर्दा, दाइँ गर्दा गीत गाउने चलन पाइनका पछाडि यिनै कुरा कारण बनेका देखिन्छन् ।

कुनै राजाका मूर्ख, उद्दण्ड र अनुशासनहीन सन्तानहरूलाई शिक्षित बनाउनका लागि कथिएका कथाहरूको संकलन पञ्चतन्त्र हो भनिन्छ । त्यसको ख्याति ज्ञानवर्द्धक कथाहरूको संग्रहका रूपमा संसारभरि व्याप्त छ । कतिसम्म भने संसारका सबभन्दा ज्यादा बिक्री हुने भनिएको पुस्तक बाइबलपछि अधिक मात्रामा बेचिने पुस्तकमा पञ्चतन्त्र पर्दछ । वेद, उपनिषद्, पुराण, रामायण, महाभारत लगायतका संसारभरिका जति पनि साहित्यिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक रचनाहरू छन् तिनले असामान्य तरिकाबाट जीवन र जगत्का विभिन्न पक्षको ज्ञान प्रदान गर्दछन् । त्यस प्रकारका केही कथा प्रभावकारी सिकाइका उदाहरणका रूपमा यहाँ दिइएका छन् :

ब्रह्मविद्याको साधनामा जीवन व्यतीत गर्ने पूर्वीय सभ्यताका केही विख्यात व्यक्तित्वहरूमध्ये महर्षि याज्ञवल्क्य एक हुन् । यिनी गृहस्थ महायोगी हुन् । यिनका मैत्रेयी र कात्यायनी गरी दुई पत्नी थिए । राजा जनकको दरबारका प्रमुख पण्डित पनि भएकाले यिनी भौतिक दृष्टिले सम्पन्न थिए । जीवन निर्वाहका लागि आवश्यक पर्ने सुविधाको कमी यिनले अनुभव गर्नु परेको थिएन । राजा जनक यिनलाई चाहिने दैनिक उपभोग्य सामग्रीको व्यवस्था मिलाउन स्वयं अग्रसर रहन्थे । भोगविलासतिर आकृष्ट हुने संसारी व्यक्तिहरू घर, खेत, जग्गाजमिन, धन, दौलत, वाहन, सेवक, सहयोगी लगायतका सुविधाका कुराको जोहो गर्न यथेष्ट मात्रामा समय, श्रम, बुद्धि, सामर्थ्य खर्च गरेर पनि वाञ्छित मनोरथ पूर्ण गर्न सक्तैनन् । महर्षि याज्ञवल्क्यका लागि ती कुरा सहज रूपमा उपलब्ध थिए किनभने स्वयं राजा जनक यिनको सेवामा ज्यादै अभिरुचि र श्रद्धापूर्वक ध्यान दिन्थे । महर्षिका प्रति राजाको निकै ठुलो सम्मान र आस्था थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुविधायुक्त जीवन बिताउनका साथै समयको यथेष्ट सदुपयोग गर्दै गृहस्थी बनेरै याज्ञवल्क्यले ब्रह्म विद्याको साधना गरे । त्यस साधनाको फल यिनले राजा जनकलाई पनि प्रदान गरे । भौतिक सुविधाको उपभोग गर्दा गर्दै पनि सत्य निष्ठामा रहेर यिनले जुन ज्ञान प्राप्त गरे त्यसले यिनलाई जीवनको उत्तरार्द्धमा सन्न्यासी बन्न उत्प्रेरित गर्‍यो । सोचको त्यस चरणमा पुगेका बखत यिनले मैत्रेयी र कात्यायनी दुवै पत्नीलाई एकसाथ राखेर जीवनभरि सुख र सुबिस्ताका साथ रहन बस्न पुग्ने पर्याप्त सम्पत्ति बराबर भाग लगाएर बाँडचुँड गरी लिन अनुरोध गरे । यिनका कुरा सुनेर कात्यायनीले कुनै जवाफ दिइनन् तर मैत्रेयी भने चुप लागेर बस्न सकिनन् । मैत्रेयीले भनिन् :

ऋषिवर, धन, सम्पत्ति, भौतिक सुविधा, ऐस, आराम नै जीवनको सुख र सर्वोच्च प्राप्ति हो भने त्यस्तो वैभव हामीमा बाँडेर हजुर किन घर छोड्नु हुन्छ ? अवश्य पनि हजुरले घर छोड्नुको तात्पर्य यी सबै सुविधाभन्दा माथिल्लो तहको उपलब्धि अन्य कुनै तत्त्वमा देख्नु भएको छ । हजुर जस्तो विवेकी, ज्ञानी, तत्त्व द्रष्टा, बुद्धिमान् र पारखीले रोज्न चाहेको जुन बाटो छ मलाई पनि त्यही बाटोमा लैजानु होस् । पति बिनाको कुनै पनि सम्पत्ति र ऐश्वर्य पत्नीका लागि तुच्छ हुन्छ । पत्नीका लागि पति र पतिका लागि पत्नी सबैभन्दा ठुलो सुख, आनन्द, शान्ति, प्राप्ति र ऐश्वर्य हो । त्यो छोडेर भौतिक सम्पत्ति रोज्नु त मूर्खता मात्र हो । मेरा निम्ति हजुरले आगामी दिनमा ग्रहण गर्न चाहेको वैभव नै असली वैभव हो र हजुरको साथ नै वास्तविक सुख हो । वनमा गएर कन्दमूल खाई ओडारमा बस्नु परे पनि हजुरको साथ छ भने त्यो नै मेरा निमित्त उच्च सुख र परम आनन्द हुनेछ । म त्यही वैभव रोज्न चाहन्छु । यताको यो सबै सम्पत्ति कात्यायनीलाई दिए हुन्छ । मलाई चाहिँदैन ।

मैत्रेयीका कुरा सुनेर महर्षि निरुत्तर भए । त्यसपछि उनलाई मनाउन सकिने अर्को विकल्प महर्षिसित थिएन । महल, हात्ती, घोडा, सेवकसेविका, सुनचाँदी, हीरामोती, मणिमाणिक्य, घरजग्गा, रथ, धनधान्य जस्ता अतुल सम्पदालाई तुच्छ ठान्दै महर्षिको साथलाई र तपोधनलाई सर्वोपरि महत्व दिई मैत्रेयीले भनेका कुराबाट प्रभावित भएर कात्यायनीको पनि होस खुल्यो । मैत्रेयीका बेजोड प्राज्ञिक कुराबाट उनले पनि सारा सम्पत्तिलाई छोडेर वन गई महर्षिसँगै ब्रह्म साधनामा समर्पित हुने निर्णय गरिन् । पछि वनमा गई महर्षिले दुवै पत्नीलाई साथमा राखेर सन्न्यस्त जीवन व्यतीत गरे । मैत्रेयीको संगतबाट कात्यायनी पनि तत्व वेत्ता अर्थात् ब्रह्म ज्ञानी बनिन् । पत्नीका साथ रहँदा रहँदै पनि सन्न्यासी जीवन बिताउन सकिन्छ भन्ने कुरा महर्षिले प्रमाणित गरेर देखाए ।

सन्न्यास धर्म, सहधर्म, सत्धर्म, सत्कर्म, तत्त्व ज्ञान, ब्रह्म विद्या जस्ता विभिन्न विषयमा सती मैत्रेयीले उठाएका महत्त्वपूर्ण प्रश्न र तिनबाट प्रभावित भएका महर्षि याज्ञवल्क्यको अवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा तिनले स्थापित गरेका मूल्य, मान्यता र बौद्धिक गुणवत्ता पूर्वीय वाङ्मयको अमूल्य निधि बनेको छ । त्यसैले मैत्रेयीलाई तत्त्व वेत्ता साध्वी भनिन्छ ।

संस्कृतका कविराज आचार्य जगन्नाथले दरबारिया कविका हैसियतबाट सम्राट् अकबरका साथ नेपालको भ्रमणमा आउँदा तात्कालिक राजाले कविलाई सम्मान दिने चाहना व्यक्त गरे । उनले आफ्नो अभिलाषाको परिपूर्ति गर्ने सामर्थ्य जगदीश्वर भगवान् वा दिल्ली सम्राट् अकबर बाहेक अन्य कुनैमा न रहेको कुरा बताएका थिए ।

भगवान् रामले लङ्का विजय गरेपछि त्यहाँको राजपाटको जिम्मेवारी सह्माल्न अनुरोध गर्दा लक्ष्मणलाई सम्झाउँदै भनेका कुरा निकै प्रभावकारी मानिन्छन् । उनले त्यस बखत यसो भनेका थिए :

अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।।

अर्थात् हे लक्ष्मण, लङ्का सुनै सुनको देश भए पनि मेरा निम्ति त्यो सुन कुनै महत्त्व राख्दैन । मलाई त मेरी आमा र मेरो जन्मभूमि नै स्वर्गभन्दा पनि गरिमामय लाग्दछ ।

एक जना टुहुरालाई सडक छेउबाट उठाएर आश्रममा लगी पालनपोषण तथा शिक्षादीक्षाको सुविधा उपलब्ध गराउँदा त्यसले कुलगुरुलाई दुर्वाच्य बोल्दा कुलगुरुले भिक्षा माग्न लगाई त्यसको मूल्य र स्थान अवगत गराएका कथादेखि लिएर नितान्त भिन्न प्रवृत्तिका प्राणी एउटै परिवारका सदस्य बनेर रहने गरेका भगवान् शंकरको पारिवारिक संरचनाका कथासम्मका अनेकौं इतिवृत्तहरूले जीवनमा अपनाउनु पर्ने बाटो देखाउने काम गरेका छन् । असली शिक्षाको उद्देश्य पनि त्यस्तै बाटोमा हिंड्न अभिप्रेरित गर्नु हो । यस प्रकारका अनेकौं कथाहरूले मनुष्य जीवनलाई जिन्दगीको साँचो अर्थ बुझाउने प्रयास गरेका छन् ।

पश्चिमाहरूले नेपाल, भारत जस्ता भारतीय उपमहाद्वीपका ऐतिहासिक महत्त्वका ठाउँमा आफ्नो प्रभाव जमाउन प्राचीन कालको अध्ययन अनुसन्धानको परम्परा र गुरुकुल शिक्षा पद्धति विस्थापन न गरेसम्म सम्भव न हुने देखेर जानीजानी सुनियोजित ढङ्गबाट वैदिक पौराणिक परम्पराका उपलब्धिहरूलाई जङ्गली, असभ्य, तत्त्वहीन र निरर्थक भन्दै अङ्ग्रेजी शिक्षा पद्धतिको व्यापक प्रचारप्रसार गरेका हुन् । पूर्वीय गुरुकुल शिक्षा पद्धतिमा ज्ञान, विज्ञान, योग र अध्यात्म जस्ता सर्वतोमुखी व्यावहारिक शिक्षाको समन्वय थियो र जीवनलाई सार्थक तुल्याउने चेतना अभिवृद्धि गर्ने उद्देश्य अन्तर्निहित थियो । भारतीयहरूले शिक्षा क्षेत्रको आफ्नो धरातल अर्थात् गुरुकुल पद्धति जहाँनेर छोडे त्यहींनेर सांस्कृतिक सामाजिक प्रदूषण भित्र्याउने क्रम सुरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे । पुर्खा बिर्सने, खुट्टा टेक्ने ठाउँ भत्काउने र उपलब्धिपूर्ण अतीत ध्वस्त पार्ने कामको थालनी पनि त्यहीँबाट भयो । रहे बचेको गुरुकुल शिक्षा पनि विवेचना र विश्लेषणविहीन, अनुसन्धान र प्रयोगविमुख, समयसापेक्ष परिमार्जनरहित र एकाङ्गी भई दिनाले अपेक्षित परिणति प्राप्त हुन सकेन । भारतबाट अङ्ग्रेजहरूको आधिपत्य समाप्त भएपछि एक जना अङ्ग्रेजी शिक्षाविद्ले के भनेका थिए भने राजनीतिक हिसाबले भारत स्वतन्त्र भए पनि जबसम्म भारतमा अङ्ग्रेजी शिक्षा पद्धति कायम भई रहने छ तबसम्म भारतीयहरू अङ्ग्रेजका दास भई रहनेछन् । शिक्षा पद्धतिमा मात्र न भएर सामाजिक व्यवहारमा पनि प्राचीन ऋषिमहर्षिका कथा र ज्ञानविज्ञानका कुरा विशेष महत्त्व राख्दछन् । वेद, वेदाङ्ग, ऋषि, महर्षि, आराध्य देवीदेवतासित सम्बद्ध विषय भारतीयहरूको मूल्यमा आकलन गर्न न सकिने वैभव हो । यसकै जगेर्नाबाट आत्म बोध र कर्तव्य बोध जस्ता दुवै पक्षका स्व पहिचान प्राप्त हुन्छन् ।

विश्व प्रेम, विश्व शान्ति, सर्व धर्म समभाव, एकेश्वरवाद, भ्रातृत्व, सहअस्तित्व, ईश भक्ति, विश्व एकता र पूर्ण मानवको निर्माण विचारले नै गर्दछ । शिक्षाको अन्तिम लक्ष्य चरित्र निर्माण हो । चरित्रहीन शिक्षा विचारहीन राजनीति, धर्महीन व्यवहार, प्रेम तथा सद्भाव विहीन समाज र भावनाहीन मनुष्य जस्तै अर्थहीन हुन्छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा शाकुन्तल महाकाव्यमा *यो शिक्षालय हो सबै कुसुम छन् रंगीन अध्यापक* भन्दै प्रकृतिलाई सबभन्दा ठुलो पाठशाला मान्दछन् । त्यसै गरी उनी प्रभावकारी शिक्षण विधिको अवलम्बन हुन सक्यो भने बर्सौं लगाएर पनि सिकाउन न सकिएको सिप र ज्ञान सीमित अवधिमा सिकाउन सकिने कुरा *शिक्षा* निबन्धमा बताउँछन् ।

मान्छेको शिरमा रहेको बुद्धिको बायाँ भागमा तर्क र दायाँ भागमा भावना रहेको कुरा विज्ञहरू बताउँछन् । यी दुवै पक्षको सन्तुलन मिल्न सक्यो भने मात्र उन्नति हुन्छ भनिन्छ । एउटा पक्षमा मात्र लाग्यो भने पूर्ण उपलब्धि हासिल हुन सक्तैन । महान् वैज्ञानिक आइन्स्टाइनको सफलताको कारण चिन्तन, परीक्षण, गम्भीर अध्ययन र अनुभव तथा प्रमाणसिद्ध अनुसन्धान मात्र न भएर संगीतप्रतिको आकर्षण पनि हो भन्नेहरू धेरै छन् । आइन्स्टाइन प्रयोगशालामा घन्टौं साधनारत रहँदा संगीत सुन्नमा पनि त्यत्तिकै लीन रहन्थे भनिन्छ । अचेल सांगीतिक उपचार पद्धतिबाट असाध्य रोगको उपचार गर्ने पद्धति पनि प्रयोगमा ल्याइएको पाइन्छ । संगीतको धुनबाट सर्प लठि्ठने गरेको दृश्य त सबैले देखेभोगेकै हो ।

दीपक रागको गायनबाट बत्ती बल्ने, निश्चित खालका संगीत सुनाउँदा वनस्पतिले असमयमै फलफुल दिने, हिंसक जनावरहरूलाई काबुमा राखिने परम्परा आज किंवदन्ती भई सकेको छ तापनि त्यसमा सत्यको अंश छँदै छैन भन्न गारो पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारस्परिक असहिष्णुपन, वर्ग विभेद, जाति विभेद, लिङ्ग विभेद, वर्ण विभेद, छुवाछुत, अन्धविश्वास, असमता, दमन, शोषण, अत्याचार, रूढिवाद, साम्प्रदायिक भिन्नता र मतमतान्तरका अस्पष्टता जस्ता व्यावहारिक विसङ्गतिको अन्त्य र मानवीय मूल्य र मान्यताको जगेर्नाका लागि पनि आज यस आलेखमा भनिए अनुसारको शिक्षा पद्धति चाहिएको छ ।

विद्यालयका गुरु, कार्यालयका प्रमुख, समाजमा ज्यादै नाम कहलिएका व्यक्ति, विभिन्न क्षेत्रमा अग्र पंक्तिमा देखिने अगुवा, राज्यका नेता, प्रेरणा एवं प्रभावका स्रोत मानिने सरकार प्रमुख जस्ता व्यक्तिको आचार, व्यवहार, हिंडाइ, बसाइ, बोलीचाली, खानपान, सोच र समष्टि क्रियाकलाप सबैका लागि मान, मर्यादा, गौरव, शिष्टता र अनुशासनको प्रतीक बनेको हुन्छ । न जानेर होस् वा लापर्बाहीका कारण होस् अथवा कार्य व्यस्ततावश ध्यान पुऱ्याउन न सकेर होस् जे जस्ता कारणले भए पनि कसैको पनि एक पटकको गल्ती, भुल वा असावधानी क्षम्य हुन सक्तछ तर बारम्बार त्यही गल्ती दोहोऱ्याउनु भनेको मानसिक कमजोरी, ज्ञानको अभाव, असंवेदनशीलता र ढिपी गर्ने बानीको प्रमाण हो । नेतृत्व तहमा बस्ने व्यक्तिका प्रत्येक क्रियाकलापले संस्थाको छवि प्रकट गर्दछ । यद्यपि व्यक्तिगत रुचि, विश्वास, धारणा, चिन्तन जस्ता कुराका हिसाबबाट सामान्य नागरिक जस्तै त्यस व्यक्तिले पनि स्वतन्त्रताको उपभोग गर्न त पाउनु नै पर्दछ तर सार्वजनिक र औपचारिक रूपमा प्रस्तुत हुंदा भने त्यस्तो व्यक्ति व्यक्ति नभएर संस्थाको प्रतीक बनेको हुन्छ । तसर्थ त्यस्तो व्यक्तिले वैयक्तिक स्वतन्त्रताका नाममा मनपरी गर्न पाउँदैन । उसमा संस्थाको अंकुश लागेको हुन्छ । यस प्रकारका सामान्य व्यवहारको ज्ञान वा तालिम दिने परम्परा न भएर पनि ठुला मानिने व्यक्तिबाट यदाकदा त्रुटि हुन गएको देखिन्छ । त्यसो हुँदाहुँदै पनि कतिपय व्यक्ति आफूलाई महान् र अरूलाई बेबकुफ, मूर्ख, असभ्य र तल्लो स्तरको देखाउनका लागि हेपाहा बोली र अशिष्ट व्यवहारको प्रयोग गर्दछन् । ती व्यक्तिहरू सम्मान दिएर सम्बोधन गर्नेलाई कमजोर, निमुखा, गरिब, अशक्त, निम्न वर्गीय र अपहेलनायोग्य ठान्दछन् । आफू मान्छेको तहबाट उक्लेर ईश्वर नै बनेको हो कि भन्ने भ्रम तिनमा रहेको हुन्छ । सामान्य अवस्थाबाट एकै चोटि माथिल्लो तह मानिने ओहदा, पद, श्रेणी, सुविधा वा स्थितिमा पुगेको व्यक्तिमा यस्तो प्रवृत्ति ज्यादा हुन्छ । विशेष गरी राजनीतिक कारणबाट पद आर्जन गरेका व्यक्ति र मनोवैज्ञानिक हिसाबले आफूलाई निर्धन, निम्न वर्गीय, कमजोर, असमर्थ, अपठित र पछि परेको ठानी हीनता बोध गर्ने व्यक्तिमा यस्तो आनीबानी देखिन्छ ।

हात जोडेर नमस्कार गर्नेलाई टाउको हल्लाई वा एक हातले अभय दान दिने मुद्रामा प्रतिक्रिया व्यक्त गर्ने, अरूसित बोल्न पनि उपकार गरेको सम्झने, आफूले पाएको पदलाई ईश्वरले पनि मुस्किलले पाउने उच्च तहको सम्झने, योग्यता, अनुभव, प्रतिष्ठा, ज्ञान, गरिमा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्यादा, श्रेष्ठता जस्ता कुरामा आफू बराबर संसारमा अरू कोही न भएको भ्रम मनमा पाल्ने, कमी कमजोरी औंल्याउने र हित हुने कुरा भन्नेलाई दुश्मन ठान्ने, सारा जनताले चाकडी गरुन् भन्ने चाहने र जस्तोसुकै योग्यता, त्याग, सेवा, समर्पण, सामर्थ्य र अनुभव भएको व्यक्तिलाई तुच्छ सम्झने प्रवृत्ति ख्याति प्राप्त भनिने केही व्यक्तिमा रहेको पाइन्छ । तिनका प्रति ज्ञानीहरू दया देखाउनु बाहेक अर्को उपाय न भएको ठान्दछन् किनभने तिनले सही सल्लाह लिन नै चाहँदैनन् । लेखनाथ पौडेलले सत्य सन्देश कवितामा *दोषी मातापिताका वचन गुरुजनादेश निःशेष दोषी, सत्यात्मा मित्र दोषी गृहपरिजनको चाल देखिन्छ दोषी, पत्नीको प्रेम दोषी अमृतमय मिठा वेदका वाक्य दोषी, यो सारा सृष्टि दोषी विधिवश छ भने आफनो दृष्टि दोषी* भने जस्तै वेदका वाक्यदेखि सृष्टिको संरचनासम्मका सबै कुरामा दोष देख्नु तिनको स्वभाव हुन्छ । पदमा रहँदासम्म स्वार्थी केही व्यक्तिले महान् भनी दिएका भरमा आफूलाई महान् ठान्ने तिनीहरूको भ्रम तब तोडिन्छ जब पद छुट्दछ, चापलुसहरू नजिक आउन छोड्छन् र नितान्त एक्लो बनेर बस्न बाध्य हुनु पर्दछ ।

२.२.४.१ शिक्षक व्यक्तित्व

प्रा. शिवगोपाल रिसाल विद्याध्ययनकै क्रममा शिक्षण पेसामा संलग्न भई देश सेवामा लागेका व्यक्ति हुन् । यिनले केही समय प्राथमिकदेखि माध्यमिकसम्मका विभिन्न तहमा अध्यापन कार्य गरेका थिए ।

२.२.४.२ प्राध्यापक व्यक्तित्व

प्रा. शिवगोपाल रिसालको जीवनको अधिकतर समय प्राध्यापन व्यवसायमा सक्रिय रहेर व्यतीत भयो । त्रिभुवन विश्वविद्यालय र त्यससित सम्बद्ध विभिन्न क्याम्पसमा यिनले नेपाली भाषा र साहित्य प्राध्यापन गरे । विश्वविद्यालय तहमा हुने तालिम, गोष्ठी, परीक्षा, कार्यशाला, अध्ययन, अनुसन्धान, परीक्षण तथा अन्तरवार्ताहरूमा पनि यिनी लामो समयसम्म संलग्न रहेका देखिन्छन् ।

२.२.५ आध्यात्मिक व्यक्तित्व

प्रा. शिवगोपाल रिसालको परिचय व्यापक दृष्टिले विस्तार गर्ने व्यक्तित्व आध्यात्मिक हो । अचेल विशेषतः काठमाडौं उपत्यकाका केही निश्चित ठाउँमा हुने प्रवचनमा प्रमुख व्याख्याताका रूपमा व्यासासनमा प्रा. रिसाल आसीन देखिन्छन् । अध्यात्मलाई नै सर्वोपरि महत्त्व दिई यिनका चिन्तक, दार्शनिक, त्यागी र तपस्वी व्यक्तित्वले पनि पर्याप्त मात्रामा निखार पाएको कुरा थाहा हुन्छ । यहाँ यिनका ती व्यक्तित्वको पनि संक्षिप्त चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.५.१ चिन्तक व्यक्तित्व

प्रा. शिवगोपाल रिसाल अध्यात्म विद्याका विविध पक्षमा गहिरो चिन्तन गर्ने व्यक्तिका रूपमा सुपरिचित छन् । अध्यात्म चिन्तन सम्बन्धी यिनका अनेकौं रचना विविध पत्रपत्रिकामा प्रकाशित पाइन्छन् ।

२.२.५.२ दार्शनिक व्यक्तित्व

प्रा. शिवगोपाल रिसाल मूलतः अद्वैत वेदान्तका व्याख्याता हुन् । यस विषयलाई केन्द्रीय वर्ण्य विषय बनाएर यिनका अनेक कृति प्रकाशित भएका छन् । आफ्ना आध्यात्मिक प्रवचनमा यिनले अद्वैत वेदान्तका गम्भीर पक्षमाथि प्रकाश पार्ने काममा निकै अभिरुचि देखाएको पाइन्छ ।

२.२.५.३ त्यागी व्यक्तित्व

प्रा. रिसाल संग्रहभन्दा त्यागलाई बढी प्रश्रय दिने अध्यात्म गुरुका रूपमा सुपरिचित छन् । व्याख्यानमा यिनी जे कुरा बोल्दछन् व्यवहारमा त्यो कुरा उतार्ने काम गर्दछन् । बोली र व्यवहारमा भिन्नता नदेखिने व्यक्ति भनेर यिनको प्रशंसा गरिएको पाइन्छ ।

२.२.५.४ तपस्वी व्यक्तित्व

प्रा. रिसालको तपस्या भनेको अध्ययन, चिन्तन, ध्यान र व्याख्यान हो । त्यसको आधार चाहिँ अध्यात्म नै हो । त्यसमा पनि अद्वैत वेदान्तका परिधिभित्र रहेर त्यसले बताएको मार्गलाई तप साधनामा उतारी समयको अत्यधिक सदुपयोग गर्नु यिनको विशेषता हो ।

२.२.६ धार्मिक व्यक्तित्व

धर्म भनेको धारण गरिने आचार व्यवहार हो । धर्म र संस्कृतिलाई समान अर्थका बोधक शब्द मान्नेहरू पनि पाइन्छन् । यी दुईले परस्परमा सहयोगीको काम गर्दछन् । त्यसो भए तापनि यिनमा केही न केही अन्तर रहेको छ । यिनका बिचको अन्तरका वारेमा स्पष्ट धारणा अघि सार्ने व्यक्तिमा समाजशास्त्री **इमाइल दुर्खिम, म्याक्स वेभर, विलियम्स** र **थम्प्सन**को नाम अग्रिम पंक्तिमा आउँछ । दुर्खिमले अस्ट्रेलियाको आदिम जाति मानिने अरुन्ताको धार्मिक सांस्कृतिक जीवनको अध्ययन गरेर के निष्कर्ष निकालेका छन् भने एउटै गोत्रका मान्छेले समाजमा भिन्न भिन्न प्रकृतिको भूमिका निर्वाह गरे पनि तिनका भूमिकाले समाजलाई एक ढिक्कामा बाँध्न मद्दत गर्दछ । यिनले धर्मले समाजमाथि नियन्त्रण मात्र न गरेर समाजमा रहने प्रत्येक सदस्यको क्षमता, प्रतिभा, सामर्थ्य र दक्षता बढाउन पनि सहयोग गर्दछ भन्ने कुरा समेत बताएका छन् । सामान्यतया धर्मसित अलौकिक पक्षलाई जोडेर हेर्ने परिपाटी रहेको सन्दर्भमा यिनी अलौकिकभन्दा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छेका आवश्यकताहरू जोडिएर रहेको अवस्था देख्दछन् । धर्म भनेको सङ्केत (Symbol), विश्वास (Believe) र संस्कार (Rituals)बाट बनेको त्यस्तो प्रणाली हो जसले समाजलाई एकताबद्ध पार्न र सुसङ्गठित तुल्याउन मद्दत गर्दछ भन्ने कुरा यिनले व्यक्त गरेका छन् । धर्मलाई विज्ञानसित जोड्दै यिनले मन्त्रहरूलाई धर्मको शक्ति बढाउने सङ्केत भनेका छन् । यति हुँदाहुँदै पनि यिनले ईश्वर र धर्मलाई समाजबाट निर्मित तत्त्व भनेका छन् (मिश्र, सन् २००९ : ७) । संस्कृति धर्मको सहयोगी हुँदाहुँदै पनि छुट्टै अस्तित्व र महत्त्व बोकेको तत्त्व हो भनेर यिनले धर्म र संस्कृतिका बिचको अन्तर स्पष्ट्याएका छन् ।

म्याक्स वेबरले धर्मले अर्थशास्त्रलाई पुनराकार दिने र संस्कृतिको संवर्द्धनमा मद्दत गर्ने भए पनि आफ्नो पृथक् पहिचान बोक्ने कुरा बताएका छन् (मिश्र, सन् २००९ : ७) ।

यस विषयमा विलियम्स र थम्प्सनको धारणा लगभग मिल्दोजुल्दो छ । यी दुई जना समाजशास्त्रीले विशेष भाषा तथा सङ्केतका माध्यमबाट समाजको पहिचान गराउने क्षमता संस्कृतिका विभिन्न अङ्गमा रहने र धर्ममा चाहिँ त्यसको मात्रा न्यून रहने कुरा बताउँदै धर्म र संस्कृतिमा पाइने अन्तर स्पष्ट गरेका छन् ।

प्रा. रिसालका धार्मिक व्यक्तित्व अन्तर्गत पाइने थप विस्तारका केही व्यक्तित्वको चर्चा निम्न लिखित उपशीर्षकमा गरिएको छ :

२.२.६.१ धार्मिक परम्पराप्रति आस्थावान् व्यक्तित्व

प्रा. रिसाल वैदिक सनातन धर्मको गौरवशाली परम्पराप्रति आस्था र विश्वास गर्ने धर्मपरायण व्यक्ति देखिन्छन् । शैव र वैष्णव दुवै सम्प्रदायका समुचित पक्ष र धर्मको नाममा प्रचलित स्वस्थ र स्वच्छ चलन यिनले अङ्गीकार गरेको पाइन्छ । धर्मलाई अघि सारेर थपिएका बलि प्रथा, सती प्रथा, छुवाछुत प्रथा, जातभात प्रथा, देउकी प्रथा, दास प्रथा लगायतका विसङ्गतिप्रति तीव्र विरोध यिनमा देखिन्छ । धर्म भनेको जीवन व्यवहारमा अनिवार्य रूपमा धारण गरिने आचरण, अनुशासन र संयम हो भन्ने मान्यतामा प्रतिबद्ध व्यक्ति यिनी देखिन्छन् । सद्धर्मका अनुयायी यिनी सामान्य व्यवहारमा प्रस्तुत हुँदा धार्मिक पक्ष प्रकट हुने गरी देखा पर्दछन् ।

२.२.६.२ पण्डित व्यक्तित्व

प्रा. रिसाल दैनिक जीवनमा नित्य पूजापाठ, जपध्यान, योग र ईश्वरीय भक्तिमा प्रातःकालको अधिकतर समय संलग्न हुन्छन् । भगवद्भक्तिका लागि मानसिक र वस्तुपरक दुवै प्रकारको अर्चना आवश्यक हुन्छ भन्ने कुरामा यिनी विश्वास जनाउँछन् । पारिवारिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्पराबाट पनि यिनलाई यस्तो कुरा बिरासतमा प्राप्त भएको देखिन्छ । विशिष्ट स्तरको धार्मिक प्रवचनमा यिनको प्रख्यातिको एउटा आधार यिनले पाएको पारिवारिक पण्डित्याइँ पनि हो ।

२.२.६.३ पुरोहित व्यक्तित्व

प्रा. शिवगोपाल रिसालका पुर्खा पुरोहित्याइँ गर्ने उपाध्याय ब्राह्मण हुन् । पुरोहित बनेर आफ्ना गाउँठाउँमा सम्मानित भएको परिवारका सदस्य भएकाले यिनले पनि केही समय त्यो काम गरेको देखिन्छ । यिनलाई पुरोहितका रूपमा पाउँदा यिनका यजमानहरू प्रसन्न बन्ने गरेको कुरा तात्कालिक परिवेश सम्झँदै यिनी सुनाउँछन् । पुराहित्याइँ गर्नु ब्राह्मणको धर्म र कर्म दुवै भएकोले त्यसलाई यिनी सम्मान गर्दछन् ।

२.२.७ सांस्कृतिक व्यक्तित्व

धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार तथा रहनसहनका माध्यमले कुनै राष्ट्र, समाज र जातिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन एवं भौतिक अभिव्यक्तिहरूको समूह वा साधनलाई संस्कृति भन्दै लोकमा प्रचलित यस्तो परम्परालाई लोकसंस्कृति भनिएको छ (पोखरेल र अन्य २०३९ : १२८०) ।

पुर्खाले सञ्चय गरेका सांस्कृतिक गौरवका वैभवहरूबाट पनि समाज र जातिको पहिचान र स्वाभिमान रहन्छ । त्यसैले सभ्य समाजमा विगतका अनुभव, ज्ञान, सूचना, जानकारी, चिन्तन, नीति, उपदेश, परम्परा र मार्ग निर्देशन सुरक्षित राख्ने र त्यस्ता कुरा नयाँ पुस्ताको जानकारीमा ल्याउने काम गरिन्छ । विविध दृष्टिले उपयोगी त्यस प्रकारका सम्पदा मुखान्तरण वा हस्तान्तरण नगर्ने हो भने समाज, राष्ट्र र दुनियाँकै लागि अपूरणीय क्षति हुन्छ । मानवशास्त्री ई.बी.टेलर मानवले सामाजिक सदस्य भई आर्जन गरेको ज्ञान, विश्वास, कला, आचार, कानुन, प्रथा र त्यस्तै खालका आनिबानीको समष्टि नाम संस्कृति हो भनेका छन् (टेलर, सन् १८७१ : १) ।

भारतीय परम्परा अनुसार मानव जीवनका आन्तरिक र वाऽय दुइटै पक्षमा रहेका उद्देश्यहरूको समन्वित नाम संस्कृति हो । यहाँ प्रयुक्त आन्तरिक पक्ष भनेको जीवनको प्रारम्भिक र अन्तिम लक्ष्य अर्थात् धर्म र मोक्ष हो भने वाऽय पक्ष भनेको जीवनको लक्ष्यमा पर्ने बिचका वर्गको फल प्राप्ति अर्थात् अर्थोपार्जन र कामको उपभोग गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यी दुईमा भारतीय परम्परा आन्तरिक पक्षलाई अधिक महत्त्व दिन्छ । यसरी हेर्दा भारतीय मान्यता अनुसार संस्कृतिले चरित्र निर्माणलाई अधिक महत्त्व दिएको बुझिन्छ । जीवनमा गुणहरूको समावेश र दोषहरूको निवारण गर्ने उद्देश्य संस्कृतिले लिए पनि व्यवहारमा चल्दै जाँदा र विवरणहरू बढ्दै जाँदा स्वयम् संस्कृति नै दोषयुक्त बनेका घटना पनि भारतीय परम्परामा यथेष्ट पाइन्छन् । एकाध नकारात्मक परिणामलाई उदाहरण बनाएर संस्कृतिले सिङ्गो मानव सभ्यताको विकासमा पुऱ्याएको सहयोगलाई नै नकारात्मक हिसाबले हेर्न भने मिल्दैन ।

संस्कृति र लोकसंस्कृतिका यी विभिन्न परिभाषा तथा अर्थ पैल्याउँदै जाँदा सङ्क्षेपमा के कुरा स्पष्टतया बुझिन्छ भने जीवनलाई परिष्कृत र समाज अनुकूल बनाउन अपनाइने संस्कारहरूको एकीकृत रूप संस्कृति हो । यो प्रकृति प्रदत्त न भएर मानवलाई समाजले दिएको विशिष्ट वरदान तथा महत्त्वपूर्ण उत्तराधिकार हो । फोहर र मैला भाँडाकुँडामा लागेको लेउ हटाउन र माझेर टल्काई आकर्षक तुल्याउन प्रयोग गरिने वासिङ पाउडर वा चरिअमिलो जस्तो बुटी अथवा उज्याल्ने तत्त्व झैँ सामाजिक प्राणीका रूपमा चर्चित मानव जीवनलाई परिष्कृत तुल्याउन प्रयोग गरिने बुटी संस्कृति हो । मानव जीवनका अनेकौं व्यवहार तथा रचनात्मक कार्यमा हुन सक्ने कल्मष, कसर वा कसिङ्गरहरूलाई फालेर मानवलाई बढीभन्दा बढी परिमार्जित गर्नु नै संस्कृतिको उद्देश्य हो । त्यसैले यसको एउटा अर्थ परिष्कार वा पियोरिफिकेसन हो पनि भन्न सकिन्छ ।

संस्कृति भनेको जीवन र जगत्सित सम्बद्ध भौतिक र अभौतिक विविध पक्षको साझा नाम हो । यसभित्र मानव सभ्यताको विकासका क्रममा अर्जित यावत् पक्ष समेटिन्छन् । सामाजिक रीतिस्थिति, धर्म, चिन्तनमनन, कलाकौशल, रहनसहन, आस्थाविश्वास, जीवन पद्धति, मूल्य, मान्यता, बोलीचाली, साजसज्जा, लुगालत्ता, गहनापात समेतका अनेकौं तत्वहरू यसका अङ्ग हुन् । कसै कसैले धार्मिक र सामाजिक परम्परामा अन्तर्निहित आडम्बर, रूढि, अन्धविश्वास, उन्नतिका बाधक पक्ष, गलत प्रथा र पछौटेपनका आधारहरूलाई संस्कृति भन्ने गर्दछन् । त्यस क्रममा उदाहरणका लागि पूजापाठ गर्नु, धूपबत्ती बाल्नु, जनै लगाउनु, टीका धारण गर्नु, शंखघण्ट बजाउनु, जपध्यान गर्नु, भजनकीर्तन गाउनु, उपवास बस्नु, दानदक्षिणा दिनु, ढोगभेट गर्नु, बलि दिनु, सती जानु, दाह संस्कार गर्नु, किरिया बस्नु, श्राद्ध गर्नु, टुपी राख्नु अथवा मुण्डन गर्नु, जन्मका आधारमा कसैलाई ठुलो र कसैलाई सानो जात मान्नु, छुवाछुतको भेदभाव गर्नु, अनेक प्रकारका विभेद युक्त व्यवहार गर्नु, हुक्का पानी चलाउनु वा न चलाउनु, मन्दिर जानु, तीर्थाटन गर्नु जस्ता विभिन्न कार्य अघि सार्दछन् । वास्तवमा यी सबै कुरा संस्कृतिभित्र पर्दछन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै तर संस्कृतिका असली तत्त्व यस प्रकारका क्रियाकलाप होइनन् । सही सांस्कृतिक तत्त्व भनेको त मानव तथा समस्त प्राणी जगत्‌को कल्याण गर्ने कार्य र त्यसका निम्ति सहायक बन्ने साधन, कला, भाव, आचारव्यवहार, चालचलन, स्रोत, साधन, हातहतियार, विचार, ज्ञानविज्ञान, विश्वास, नीतिनियम, साधना, अनुशासन, पद्धति, मार्ग निर्देशन, परम्परा, खानपान, रहनसहन, बोलीचाली जस्ता विविध पक्षको समष्टि स्वरूप हो । संस्कृतिले जीवनका प्रत्येक अवस्थामा परिष्कार, आकर्षण, उच्चता, स्वच्छता, सरलता, सहजता, अकृत्रिमता जस्ता कुराको अभिवृद्धि गर्ने र जीवनलाई उपलब्धिपूर्ण बनाउने कुरा विज्ञहरूले व्यक्त गर्नका पछाडि यिनै आधार कारक तत्त्व बनेका पाइन्छन् ।

संस्कृतिकै पर्याय जस्तो मानेर सभ्यता, ज्ञान, विज्ञान, पुरातत्व, आचार, व्यवहार तथा सामाजिक नीति, नियमका अनेकौं पक्षको व्याख्या गर्ने चलन कतिपय सन्दर्भमा चलेको पाइन्छ तर गहिरिएर हेर्ने हो भने तिनमा अन्तर देखिन्छ । त्यस्तो अन्तर पाइने केही तत्त्वको सामान्य चर्चा यहाँ गरिएको छ ।

राम्रै राम्रा र नराम्रै नराम्रा आनीबानी र वचनव्यवहारका पोका त कोही हुँदैनन् । कुनै न कुनै सकारात्मकता र केही न केही नकारात्मकता सबैले बोकेको हुन्छ । त्यसो भएर पनि ऋण पक्षभन्दा ज्यादा धन पक्षको संवहन गरेका व्यक्ति यिनी देखिन्छन् । यही विशेषताका कारण यिनले सामाजिक मर्यादा पाउँदै आएका छन् ।

२.२.८ सामाजिक व्यक्तित्व

समाजको हित हुने काममा जीवन समर्पण गर्ने व्यक्तिलाई सम्मानस्वरूप सामाजिक व्यक्तित्व भनिन्छ । प्रा. रिसाल आर्थिक पक्षका साथै आध्यात्मिक, धार्मिक, सांस्कृतिक, शैक्षिक र प्राज्ञिक दृष्टिले लोक कल्याणकारी कार्यमा जीवनको अधिकतर समय पूर्ण कालिक रूपमा समर्पण गरेका व्यक्ति हुन् । यस प्रकारमा कार्यलाई यिनले व्यक्तिगत र संस्थागत रूपमा अभियानको रूप दिएर सञ्चालनमा ल्याएको देखिन्छ । यिनले गरेका सामाजिक कार्यको विवरण प्रस्तुत कृतिका विभिन्न अंशमा दिइएको छ ।

२.२.९ प्रशासक व्यक्तित्व

त्रिभुवन विश्वविद्यालय पद्मकन्या बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गतको सामुदायिक सेवा समन्वय समिति र हिन्दू धर्म सेवा समन्वय समितिका सदस्य र अध्यक्ष, विभिन्न सङ्घसंस्थाका सल्लाहकार अध्यक्ष तथा कार्य समितिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदाधिकारी लगायतका अनेकौं क्षेत्रमा प्रशासकीय अनुभव बटुलेका व्यक्ति पनि यिनी हुन् । प्रशासनिक रूपमा स्वस्थ, स्पष्ट, पारदर्शी, निष्पक्ष, इमानदार, निर्भीक तथा कर्मठ व्यक्तिका रूपमा यिनको प्रशंसा गरिएको देखिन्छ ।

२.२.१० सिर्जनशील व्यक्तित्व

सिर्जनशीलता प्रा. रिसालका विभिन्न विशेषतामध्येको एउटा पक्ष हो । मन र मस्तिष्कको धनी हुनका साथै प्रतिभाको पनि धनी भएको व्यक्ति सिर्जनशील बनेको देखिन्छ । यिनको सिर्जनात्मक पक्ष कामका साथै विचार, बोली, व्यवहार तथा कल्पना शक्तिबाट समेत प्रकट भएको पाइन्छ । यिनमा पाइने यस शक्तिको चर्चा निम्न लिखित उपशीर्षकमा गरिएको छ :

२.२.१०.१ लेखक व्यक्तित्व

प्रा. रिसालको लेखकीय व्यक्तित्व निकै उज्ज्वल छ । यिनीभित्रको सिर्जन शक्ति मुखरित गर्नमा यस व्यक्तिले ज्यादै सघाएको देखिन्छ । यस कुराको प्रमाण प्रस्तुत कृतिमा दिइएका यिनका रचनाहरूको विवरण हो ।

२.२.१०.२ साहित्यिक व्यक्तित्व

साहित्य सिर्जनाका माध्यमबाट प्रा. रिसालले आफूभित्रको रचनात्मकताको परिचय दिएका छन् । साहित्यिक क्षेत्रमा गद्य र पद्य दुवै विधामा यिनले कलम चलाएको देखिन्छ तर काव्यात्मक स्वच्छन्द प्रवाह जति ज्यादा यिनका पद्यमा देखिन्छ तुलनात्मक रूपमा गद्यमा कम देखिन्छ । त्यसैले यिनी मूलतः कवि र त्यसपछि मात्र गद्यकार हुन् भन्न सकिन्छ । यिनका गद्यका भित्री कोशमा समेत यिनले कवि व्यक्तित्व अन्तर्निहित रहेको पाइन्छ । उन्नत स्तरका नेपाली साहित्यकारमा स्थापित हस्ताक्षर यिनी मानिन्छन् ।

२.२.१०.३ समीक्षक व्यक्तित्व

प्रा. रिसालको समीक्षक व्यक्तित्व पनि निकै प्रभावशाली एवं सफल देखिन्छ । कृति विशेषको परिचय र त्यसभित्रका विभिन्न तत्त्वको विश्लेषणमा निष्पक्ष मूल्याङ्कन गर्न सक्ने समीक्षक भनेर यिनको परिचय दिने गरिन्छ ।

२.२.१०.४ सम्पादक व्यक्तित्व

सम्पादन कार्यमा सिद्धहस्त व्यक्तित्वका रूपमा पनि प्रा. रिसाल चर्चित छन् । यिनले गरेको श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती खप्तड बाबाका विभिन्न कृतिको सम्पादन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री १००८ स्वामी डा. रामानन्द गिरिको श्रीमद्भावतमहापुराणको मीमांसाका सम्पूर्ण भागको सम्पादन लगायतका अनेकौं पुस्तकको सम्पादनले यिनलाई उच्च स्तरको सम्पादन सामर्थ्य भएका प्रतिभाका रूपमा स्थापित गरेका छन् ।

२.२.११ पर्यटक व्यक्तित्व

प्रा. रिसाल घुमफिर मन पराउने, प्रकृतिको काखमा बस्न रमाउने र धार्मिक पर्यटनमा रुचि राख्ने भावुक व्यक्ति हुन् । बेलाबखत यिनी आफ्ना शिष्यहरूका साथ तीर्थाटनका लागि निस्कन्छन् । नेपाल तथा भारतका लगभग सबैजसो तीर्थको भ्रमण यिनले गरी सकेका छन् । देश दर्शन यिनका विभिन्न सौखमध्येको एउटा सौख हो । नेपालको विकासका निमित्त पर्यटन क्षेत्रमा देखिएका सम्भावनालाई कार्य रूपमा उतार्नु आवश्यक भएको कुरा यिनी बताउँछन् ।

२.२.१२ अध्येता व्यक्तित्व

व्यवसायले प्राध्यापक शिवगोपाल रिसालले अध्ययन अनुसन्धानलाई महत्त्व दिनु त स्वाभाविक कुरा हो । समयसापेक्ष रूपमा विकसित भएका ज्ञान विज्ञानका विभिन्न विधि पद्धति एवं प्रकाशमा आएका कृतिको अध्ययनमा यिनले निकै साय खर्चेका छन् । विशेषतः पौरस्त्य सभ्यता र संस्कृति तथा वेदान्त दर्शन सम्बन्धी साहित्यको अध्ययनमा यिनी मोहित बनेका देखिन्छन् । यिनको अध्येता व्यक्तित्व ज्यादै प्रसिद्ध छ ।

२.२.१३ शिष्य व्यक्तित्व

आफ्ना गुरुहरूप्रति सदा श्रद्धावनत रहने र तिनका योगदानको गुणगान गर्ने असल शिष्यका रूपमा पनि प्रा. शिवगोपाल रिसाल प्रसिद्ध छन् । आमाबाबुलाई पहिलो गुरु मान्ने यिनी पितामह, डा. क्षितीशचन्द्र चक्रवर्ती, बदरीनाथ भट्टराई, ससुरा होमनाथ भट्टराई, खप्तड बाबा, मस्तराम बाबा, लेखनाथ पौडेल, धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम लगायतका थुप्रै गुरुबाट जीवनमा धेरै कुराको ज्ञान मिलेको कुरा बताउँछन् । गुरुमा दोष खोज्ने र तिनका गुण, अनुभव एवं योग्यताको उपेक्षा गर्ने प्रवृत्ति यिनमा कहीं कतै पाइँदैन । स्वयं नमुना बनेर गुरुप्रति विनयपूर्वक आस्था भक्ति राख्ने योग्य शिष्यको परिचय यिनले दिएका छन् ।

२.२.१४ व्याख्याता र विश्लेषक व्यक्तित्व

प्रा. रिसालको व्याख्याता र विश्लेषक व्यक्तित्व यिनले प्राध्यापन व्यवसायमा संलग्न भएदेखि नै चर्चामा आएको हो । सेवा निवृत्त भएपछिका दिनमा त्यस व्यक्तित्वमा देखिएको निखार झनै उच्च र उत्तम स्तरको बनेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.१५ उपदेशक व्यक्तित्व

व्याख्यान दिने व्यक्ति र अध्ययन अनुसन्धान कार्यमा लामो समय बिताई अनुभव आर्जन गरेको व्यक्ति आफूले जाने बुझेका कुरा अरूलाई सुनाउन सधैँ आतुर रहन्छ । त्यो गुण प्रा. रिसालमा पनि पाइन्छ । जीवनलाई कसरी सुखी, आनन्दमय, उपलब्धिपूर्ण, बाधा रहित र शान्त बनाउन सकिन्छ भन्ने बारे विभिन्न कृतिको अध्ययन तथा अनेकौँ सिद्ध महात्माहरूका व्याख्यान सुनेर पाइएको ज्ञान यिनी आफ्ना शिष्यमा बाँड्न प्रयत्नरत रहेका देखिन्छन् । त्यसरी जीवनोपयोगी बाटो देखाउने काम गर्ने व्यक्तिलाई उपदेशक भनिने परिप्रेक्ष्यमा यिनको उपदेशक व्यक्तित्व प्रकाशित हुन्छ ।

२.२.१६ सांगठनिक व्यक्तित्व

समाजका निमित्त उपयोगी अनेकौँ क्रियाकलाप यिनले साङ्गठनिक रूपबाट सम्पन्न गरेको देखिन्छ । स्वयं नेतृत्वमा रहेर वा नेतृत्वलाई सल्लाह सुझाव दिएर सङ्गठनलाई बलियो बनाउने काम यिनले गरेको पाइन्छ । विभिन्न ठाउँका साहित्यिक र सामाजिक संस्थाका अतिरिक्त स्वाध्याय संस्था, अद्वैत संस्था, खप्तड बाबा आश्रम लगायतका यिनी संलग्न भएका संस्थाको व्यवस्थापन आकर्षक हुनुको प्रमाण पनि यिनको साङ्गठनिक कौशल हो ।

३. अध्यायगत निष्कर्ष

प्रा. रिसाल बहुमुखी व्यक्तित्वका धनी हुन् भन्ने कुरा माथि दिइएको बुँदागत विवरण हेर्दा थाहा हुन्छ । यिनका व्यक्तित्वको सशक्त पक्ष भनेको यिनमा रहेको सिर्जनशीलता, आध्यात्मिक चिन्तन, भगवद्भक्ति, व्याख्यान सामर्थ्य, काव्यात्मकता र परिवार, समाज तथा देशप्रतिको इमान्दारिता हो । सच्चरित्रलाई सर्वोपरि महत्त्व दिएर सत्कर्म गर्दै जीवनलाई सार्थक तुल्याउने प्रयत्नमा यिनले गरेको साधनाको वर्णन गर्न जति सजिलो छ अनुकरण र अनुसरण गर्न त्यत्ति नै अप्ठेरो छ ।

व्यक्तित्व बनाउन निकै लामो समयसम्म अनवरत साधना गर्नु पर्दछ तर त्यसलाई समाप्त पार्न एक छिनको लोभ र एक छिनको लाभले सजिलैसित सक्तछ । यो कुरा प्रा. रिसालले राम्ररी बुझेका छन् । समाजमा बढ्दै गएका अनेक थरी विसङ्गति हटाउने अभियानमा आज पनि यिनी सक्रिय देखिन्छन् । बोलेर हुन्छ कि लेखेर हुन्छ, सम्झाएर हुन्छ कि बुझाएर हुन्छ असङ्गत चलन र क्रियाकलाप समाप्त गर्नमा कुनै कसर बाँकी राख्नु हुँदेन भन्ने चिन्तन यिनमा पाइन्छ । त्यसैले पशुको बलि दिने चलन, मान्छे मान्छेमा छुवाछुतको विभेद गर्ने चलन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैलाई पनि अन्याय र अप्ठेरोमा पार्ने चलन तत्काल समाप्त हुनु पर्दछ भन्ने धारणा यिनी आफ्ना यावत् कार्यका माध्यमबाट व्यक्त गर्दछन् ।

लगभग असी वर्षको उमेरमा पुग्न लागदा पनि यिनी सत्कार्यमा सक्रिय बन्ने अभियानबाट थाकेका देखिँदैनन् । चरैवेति भन्ने मन्त्रलाई व्यवहारमा उतार्दै आत्मसन्तोषको अनुभूति लिने काम यिनले गरेको देखिन्छ । कर्मयोगी, वेदान्त व्याख्याता, समाजसेवी, धर्मगुरु, कीर्तिधनी र ज्ञानी यिनका विविध व्यक्तित्वको आभाले समाज रूपान्तरणमा निकै ठुलो भूमिका निर्वाह गरेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो अध्याय

प्रा. शिवगोपाल रिसालका रचनाको विधागत सैद्धान्तिक पक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो अध्याय

प्रा. शिवगोपाल रिसालका रचनाको विधागत सैद्धान्तिक पक्ष

यस अध्यायमा प्रा. शिवगोपाल रिसालले रचना गरेका कविता, गीत, भजन, कीर्तन, खण्डकाव्य, महाकाव्य, निबन्ध, प्रबन्ध, नियात्रा वा यात्रा संस्मरण, कथा, संस्मरण, जीवनी, टिप्पणी, समालोचना, सम्पादन, वंशावली, भूमिका, गोष्ठीपत्र, लेख तथा दिएका प्रवचन र गरेका चिन्तन एवं व्यवहारका सैद्धान्तिक पक्षमाथि विमर्श गरिएको छ । यहाँ दिइएका सिर्जनात्मक, समीक्षात्मक र चिन्तनपरक रचनाको प्रस्तुतिमा प्रा. रिसालले विधागत सिद्धान्तको प्रयोग कहीं प्रत्यक्ष त कहीं अप्रत्यक्ष रूपमा गरेका छन् । जीवनी महाकाव्यमा, नियात्रा वा यात्रा संस्मरण खण्डकाव्यमा, दार्शनिक चिन्तन कवितामा, समालोचना अन्तर्वार्तामा, अन्तर्वार्ता काव्यात्मक ढाँचामा यिनले प्रस्तुत गरेको देखिन्छ । तत्तत् विधाका रचनामा गद्य वा पद्यको निर्दिष्ट विधानका घेराबाट फुत्कने प्रयत्न गर्नु सिर्जनात्मक अनुशासन पालन नगरेको ठानिँदैन । भिन्न शैली अपनाउन सर्जक स्वतन्त्र हुन्छ । त्यसो हुँदाहुँदै पनि सैद्धान्तिक विमर्शका क्रममा विधागत विधि र पद्धतिमाथि प्रकाश पार्नु आवश्यक देखिने हुनाले प्रस्तुत पुस्तकमा यस अध्यायलाई सैद्धान्तिक विमर्शको अंश बनाइएको छ । प्रा. रिसालको सिर्जना मुखरित भएका सिर्जनात्मक, समीक्षात्मक र चिन्तनपरक रचनालाई आधार बनाएर यहाँ **पद्य साहित्यका रचना** तथा **गद्य साहित्यका रचना** भन्ने शीर्षकमा सैद्धान्तिक कुरा राखी अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ ।

३.१ पद्य साहित्यका रचना

पद्य विधाका माध्यमबाट सिर्जनात्मक प्रतिभा प्रस्तुत गर्न सर्जकहरू अधिक रुचाउँछन् । प्रा. रिसालले पद्य साहित्यमा आफूभित्रको साहित्य सिर्जना शक्तिको प्रयोग यथेष्ट मात्रामा गरेका छन् । यस प्रकृतिका यिनका रचनाको अध्ययनका निमित्त यहाँ पद्य साहित्यको सैद्धान्तिक पक्षमाथि सामान्य विमर्श गरिएको छ ।

पद्य अर्थात् हरफ तोडेर लेखिने साहित्यलाई पद्य साहित्य भनिन्छ । छन्द र लयका औपचारिक बन्धनमा बाँधिएको रचनालाई पद्य भन्ने गरिन्छ । कविताका विभिन्न उपविधामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो प्रयोग गरिएको पाइन्छ । विशेष किसिमको संरचनात्मक शिल्प र खास ढङ्गको शैली यसमा प्रयोग गरिन्छ । साहित्यका अन्यभन्दा ज्यादा उर्वर विधा कविता मानिन्छ ।

प्रा. रिसालले गद्यका तुलनामा पद्य साहित्यमा अधिक मात्रामा कलम चलाएको देखिन्छ । पद्य साहित्यलाई गद्य साहित्यमा जस्तै आख्यानयुक्त र आख्यानेतर पद्य गरी दुई भागमा विभक्त गर्ने चलन छ । त्यस क्रममा खण्डकाव्य तथा महाकाव्य आख्यानयुक्त पद्यमा र फुटकर कविता आख्यानेतर अथवा आख्यान मुक्त पद्यमा राखिएको देखिन्छ । पद्य साहित्यको वर्गीकरणमा अचेल ज्यादा प्रचलित **लघु आकारका रचना, मध्यम आकारका रचना र बृहत् आकारका रचना** गरी तिन प्रकारका भेदहरू यहाँ प्रस्तुत गरिएको छ ।

३.१.१ लघु आकारका रचना

विश्व साहित्यमा लघु आकारका कविता नै सबभन्दा बढी मात्रामा रचना गरिएको देखिन्छ । प्रा. रिसालले पनि यस आकारका प्रशस्त कविता रचेको पाइन्छ । यहाँ यिनले रचना गरेका फुटकर कविता र त्यसको समानान्तरमा आउने साहित्यिक सिर्जनाको सिद्धान्त **कविताको सिद्धान्त, गीतको सिद्धान्त, भजनको सिद्धान्त, कीर्तनको सिद्धान्त र आरतीको सिद्धान्त** शीर्षकमा दिइएको छ ।

३.१.१.१ कविताको सिद्धान्त

कविले मनमा उत्पन्न भएका जुनसुकै विषयसित सम्बद्ध संवेद्य भावनालाई छन्द वा लयमा भाषाबद्ध गर्दा प्रस्तुत हुने कृति कविता हो । कविको काव्यात्मक कर्म वा रचनालाई कविता भनिन्छ । प्राचीन कालदेखि वर्तमान अवस्थासम्मका विश्वभरि प्रचलित सबै प्रकारका कवितालाई पूर्ण रूपमा परिचित गराउन भने गारो छ किनभने समय, परिस्थिति, देश, काल, वातावरणको भिन्नता अनुसार कविताका रूप, प्रकृति, प्रवृत्ति, प्रयोग, शैली, शिल्प जस्ता कुरा बदलिने हुँदा निश्चित साँचामा ढाली यसलाई परिभाषाबद्ध गर्न अप्ठेरो परेको हो । त्यसो त अप्ठेरो अवस्थामा रहने तत्त्वलाई नियमबद्ध तुल्याउन परिभाषित गर्नु पर्ने हुन्छ । तौरतरिका पुगेको, स्थिर अवस्थामा रहेको, नबिग्रेको, सन्तुलन नखल्बलिएको, विचलन नदेखिएको र नियममा रहेको कुनै पनि कुरा शाश्वत हुन्छ, स्थिर हुन्छ र यथावत् स्थितिमा रहेको हुन्छ । त्यस्ता कुरालाई चिनाई रहनु पर्दैन । त्यो स्वतः चिनिन्छ । कविता त्यस्तो तत्त्व नभएकोले यसलाई परिभाषाबद्ध तुल्याउने प्रयास उहिलेदेखि अहिलेसम्म भएको पाइन्छ तर गरिएका कुनै पनि परिभाषामा यो अटाएको र यसले आफ्नो अनादि अनन्त कालिक पहिचान प्राप्त गर्न सकेको भने देखिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कवि+तल्+टाप्को योगबाट निर्मित कविता संस्कृत भाषाको तत्सम शब्द हो । ईश्वरबाट प्राप्त सिर्जनशील विशिष्ट प्रतिभा भएका केही व्यक्ति मात्र कविता रच्न सिपालु हुन सक्तछन् भनिन्छ । राजा भर्तृहरिले काव्य रचना गर्न सक्ने व्यक्तिका लागि राज्य लाभको समेत अर्थ हुँदैन भनेका छन् । भन्नको आशय के हो भने कविको महान् सोच हुन्छ । उसका लागि भौतिक सुविधा वा ऐश्वर्य भोग मूल्यवान् हुँदैन । आनन्द भन्ने कुरा चिन्तनमा भर पर्दछ । ज्यादै कष्ट पर्दा पनि मनमा आनन्दको अनुभूति छाएको छ भने त्यो कष्ट कष्ट नभएर आनन्द ठहरिन्छ । त्यसै गरी जति नै सुख सुविधायुक्त रहनसहनमा बसे पनि मनमा दुःख वा कष्ट छ भने त्यो सुख चर्को दुःख वा कष्ट लाग्दछ । काव्य वा साहित्य रचना वा पठन श्रवणबाट पाइने आनन्दलाई *ब्रह्मानन्द सहोदर* अर्थात् ब्रह्म प्राप्तिको अनुभूतिमा हुने आनन्दको सहोदर भाइ भन्नको कारण यही हो ।

एक थरीको भनाइ अनुसार *कविता कोमल वनिता रसयति रसिकं रसेन सम्मिलिता* अर्थात् कविता त्यस्ती नायिका हो जसले वज्रवत् कठोर हृदय भएको व्यक्तिलाई फुलभन्दा कोमल पारी रसिक बनाई दिन्छे । भन्नको तात्पर्य के हो भने कवितामा हृदय पगाल्ने क्षमता हुन्छ । यस प्रकारको असामान्य शक्ति बोकेको प्रस्तुत रचनालाई पौरस्त्य र पाश्चात्य दुवै जगत्का पारखी, अनुभवी, साधक, अध्येता, अनुसन्धाता तथा विशेषज्ञहरूले धेरै पहिलेदेखि चिनाउने प्रयास गरेको पाइन्छ र यसलाई परिभाषाहरूमा बाँध्ने प्रयत्न पनि गरेको देखिन्छ । यहाँ यसलाई चिनाउने क्रममा अभिव्यक्त भएका विभिन्न व्यक्तिका विचारका शृङ्खला अघि सार्नु उपयुक्त हुन्छ ।

कविताको प्राचीनतम रूप वैदिक ऋचाहरूमा फेला परे पनि त्यसभन्दा धेरै अघिदेखि यसको प्रचलन लोकमा र तात्कालिक लोक साहित्यमा थियो भन्ने कुरा सबैले स्विकार्दछन् । अझ कतिपय समीक्षकहरूले त वैदिक ग्रन्थ त्यस बखतका लोक साहित्यिक रचना हुन् भनेका छन् । मानव सभ्यताका प्राथमिक दिनहरूमै कविता थियो । मान्छेभित्रको चेतनशील तत्त्वसितै कविता जन्मिएको हो । संसारको सबभन्दा पुरानो ग्रन्थ ऋग्वेद मानिएको छ । त्यसका सूक्तहरू पनि पर्याप्त परिपक्व कविता देखिन्छन् । 'दुध भरिएको कल्चौंडो लिएर बाच्छोलाई दुध खुवाउन हतारिँदै बाँ गरी कराउने गाई जस्तै आकाशमा पानी बोकेको बादल कराई रहेछ भन्ने ऋग्वेद प्रथम मण्डल, अट्ठाइसौं सूक्तको भनाइ पूर्णतः कविता हो । खोज्दै जाँदा त्यहाँ पनि ऋषिहरू *कविः कवित्वा दिवि रूपमासजत्* अर्थात् कवि कविता बनाएर रूपलाई दिव्य बनाउँदै सजाउँछ भन्दै तात्कालिक कविताको शक्ति र अवस्थाको जानकारी दिन्छन् (ऋग्वेद १०।१२।७) ।

कविताको निकटतम परिभाषा जति वैदिक ग्रन्थले दिएका छन् त्यति पछिल्लो समयका विमर्शले दिन सकेको देखिँदैन । पछिल्ला समीक्षकहरूमा कसैले कविताको कुनै हिस्सालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समातेका छन् त कसैले कुनै छोर पक्रेका छन् । कविताको अविवरणात्मक, सर्वमान्य एवं शाश्वत पहिचान वेदले केही हदसम्म दिन सकेको छ । उदाहरणका लागि यहाँ कविता सम्बन्धी केही वैदिक मान्यता प्रस्तुत गर्नु समीचीन हुन्छ । सोमको वर्णन गर्दै कश्यप ऋषि कविको वैशिष्ट्य बारे यसो भन्दछन् :

परि यत् काव्या कविर्नृम्णा वसानो अर्षति । स्वर्वाजी सिषासति (ऋग्वेद ९।७।४) ।।

अर्थात् कवि आफ्नो काव्य शक्तिले केही प्राप्त गर्दछ, सबै ठाउँमा पुग्छ र दिव्य आनन्द लिन्छ । *ऋग्वेद*कै अर्को ठाउँमा कवितालाई *ऋचो अक्षरे परमे व्योमन्* अर्थात् कविता भनेको रहस्यात्मक भावना हो भनिएको छ (ऋग्वेद १।१६४।३९) । *ऋग्वेद*मै कविभन्दा कविता ठूलो हो, जहिले पनि कविलाई कविताले उछिनेको हुन्छ भनिएको छ । अति सृष्टि स्वयं एउटा कविता हो वा कविताको शाश्वत आकृति सृष्टि हो भन्ने कुरा पनि वेदमै भनिएको छ । *अथर्ववेद*मा *देवस्य पश्य काव्यं न ममार न जीर्यति* अर्थात् परमेश्वरको सृष्टिरूपी कविता कहिल्यै बुढो हुँदैन, कहिल्यै मर्दैन, यो त अजर अमर छ भनिएको छ (अथर्ववेद १०।८।३२) ।

उपनिषद्मा कवि विद्वान् हुन्छ र उसले व्यापक, स्वस्फूर्त एवं सही अर्थ समाजमा प्रवाह गर्दछ भनिएको छ । यसै गरी विभिन्न स्मृति तथा पुराणहरूमा पनि कविताको परिचय दिइएको पाइन्छ । *श्रीमदभागवतमहापुराण*लाई काव्यात्मक शक्तिको नमुना ग्रन्थ मानिन्छ । *अग्निपुराण*मा अपार काव्य संसारको सर्जक कवि हो जसले नवीन संसारको सिर्जना, परिवर्तन र परिवर्द्धन गर्दछ भनिएको छ (अग्निपुराण ३३९/९०) ।

माथि प्रस्तुत गरिएका परिभाषाहरूलाई कवितालाई धेरै नजिकबाट चिनाउने प्रयास भन्न सकिन्छ । पौरस्त्य जगत्को उत्तरवर्ती काव्य परम्परामा *नाट्यशास्त्र*का रचनाकार भरत मुनि (इ.पू. पहिलो शताब्दी) सबैभन्दा बुढापाका मानिन्छन् । मूलतः नाट्य शास्त्री भए पनि कविता सम्बन्धी केही छुटपुट विचार यिनले पोखेको पाइन्छ । यिनी रसरञ्जित अभिव्यक्तिलाई काव्य अथवा कविता भन्दछन् । यिनले कविताका साथै समस्त साहित्यलाई काव्य भनेर चिनाउन खोजेका छन् । कतिपय अन्वेषकहरूले आचार्य भरत मुनिभन्दा पहिले नै नन्दिकेश्वरले रसाभिव्यक्ति काव्य हो भनी बताई सकेका थिए भन्दै भरतभन्दा अगाडि नन्दिकेश्वरको चर्चा गरेका छन् तर त्यस कुरामा पर्याप्त विवाद उठेको हुनाले यहाँ भरत मुनिलाई पौरस्त्य साहित्यका आद्य गुरु मान्दै यिनको भनाइलाई नै पौरस्त्य उत्तरवर्ती (लौकिक) साहित्यको कविता चिनाउने पहिलो प्रयास भनिएको हो । यिनको यस भनाइको समर्थन इस्वीको एघारौं शताब्दीको उत्तरतिरका काव्यशास्त्री मम्मटले गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौरस्त्य साहित्यका वास्तविक आद्य आचार्य भामह हुन् । पौरस्त्य काव्य शास्त्रको उच्चतम र भव्य परम्परा यिनीबाटै थालिएको मानिन्छ । यिनले काव्य शास्त्रको वैज्ञानिक विश्लेषण गरेका छन् । यिनले आफ्नो ग्रन्थ *काव्यालङ्कार*मा केही पौरस्त्य आचार्यहरूको नाम दिएका छन् । यस कुराबाट अवश्य पनि यिनीभन्दा अगावै कविताको खोजीनिती भई सकेको कुरा थाहा हुन्छ । यिनको समय सन् ६०० मानिन्छ । यिनले अलङ्कृत विचार नै कविता हो भनेका छन् । यिनको कविता सम्बन्धी यस मान्यताका पक्षपाती *काव्यालङ्कार सारसंग्रह* भन्ने किताप लेख्ने इस्वीको आठौँ शताब्दीका समीक्षक उद्भट र *काव्यालङ्कार*का लेखक एघारौँ शताब्दीका समीक्षक रुद्रट देखिन्छन् ।

आचार्य भामहपछि पाश्चात्य साहित्यमा देखिएको रूपपरक समालोचना जस्तै पूर्वमा रीति सम्प्रदाय देखिन्छ । यसका आचार्य *काव्यादर्श*का लेखक छैटौँ शताब्दीका आचार्य दण्डी र *काव्यालङ्कारसूत्र* लेख्ने आचार्य वामन हुन् । वामनका भनाइ अनुसार संरचना र शैली नै कविताको मूलभूत तत्त्व भएकोले यो तत्त्व जति सबल हुन्छ कविता त्यत्ति नै सफल हुन्छ ।

पाश्चात्य समालोचनाका क्षेत्रमा देखिएको इटालियन क्रोचेको अभिव्यञ्जनावाद जस्तै इस्वीको एघारौँ शताब्दीको पूर्वार्द्धका समीक्षक कुन्तकको वक्रोक्ति सम्प्रदाय देखिन्छ । यिनको *वक्रोक्तिकाव्यजीवितम्* भन्ने अधुरो ग्रन्थ फेला परेको छ । यिनका विचारमा वक्रोक्ति भनेको विचित्र वा असामान्य भनाइ मात्र न भएर वर्ण विन्यासदेखि प्रबन्ध रचनासम्मको तहमा प्रयोग गरिने संयमित सूक्ष्म विचार हो । मन, बुद्धि र चित्त तिनैलाई समाएर रस र ध्वनिको सम्यक् उपयोग गरी लेखिएको रचना कविता हो भन्ने पक्षमा यिनको सिद्धान्त अडिग रहेको देखिन्छ । यस सम्प्रदायका यिनी एक मात्र आचार्य हुन् ।

कुन्तकको वक्रोक्ति परम्परापछि पौरस्त्य साहित्यमा ध्वनि सम्प्रदाय देखिन्छ । यसका आचार्य *ध्वन्यालोकवृत्ति* लेख्ने नवौँ शताब्दीका आनन्दवर्द्धन हुन् । पौरस्त्य काव्य शास्त्रका अन्य सम्प्रदायहरूलाई निस्तेज पार्ने र आफ्नो चर्को प्रभाव जमाउने सम्प्रदाय यो हो । रस र भाव शब्दको प्रयोगले मात्र प्रवाहित हुँदैन बरु अभिधा र लक्षणाभन्दा पर पुगेर व्यञ्जनाको अनुसरण गर्ने हो भने रस र भाव मात्र त के मानव मनका भित्री चेतनाहरूसित सोझै सम्पर्क राख्न सकिने तत्त्व नै ध्वनि भएको कुरा आचार्य आनन्दवर्द्धन बताउँछन् । यिनका विचारमा ध्वनि नै उत्तम कविता हो । यिनको यस भनाइले कविताको बिझाउने शक्तिको खोजी गरेको देखिन्छ तर कविताको वास्तविक परिभाषा भने दिन सकेको पाइँदैन । इस्वीको दसौँ शताब्दीका अभिनव गुप्त र *रसगङ्गाधर* लेख्ने पौरस्त्य साहित्यका अन्तिम समीक्षक सत्रौँ शताब्दीका पण्डितराज जगन्नाथले आनन्दवर्द्धनकै ध्वनि सम्प्रदायको अनुसरण र पुनर्व्याख्या गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौरस्त्य साहित्यको उत्तरवर्ती मार्ग भन्नु नै संस्कृत काव्य शास्त्रको परम्परा हो । यो परम्परा आचार्य भरत वा भामहदेखि पण्डितराज जगन्नाथसम्म सत्र अठार सय वर्षका घेरामा देखिन्छ । यस अवधिमा रस, अलङ्कार, रीति, वक्रोक्ति र ध्वनि सम्प्रदाय जन्मे र काव्य शास्त्रको इतिहास बन्यो । त्यहाँ मतमतान्तर वा वादविवादका खिंचातानी पनि देखिए ।

पौरस्त्य वाङ्मयमा व्याकरणदेखि आयुर्वेदसम्मका यावत् विषय कवितामा संरचित छन् र यहाँका यावत् क्रियाकलापहरू कविताद्वारा अभिप्रेरित छन् । यसरी संस्कृतको काव्य परम्परामा कविताका बारेमा व्यापक बहस भएको पाइन्छ । विभिन्न सम्प्रदायका बिचमा व्याख्या पुनर्व्याख्या समेत त्यहाँ गरिए तर कविता के हो र कस्तो रचना सार्वभौमिक एवं सार्वकालिक कविता हो भन्ने कुराको उत्तर खोज्नतिर लागेको भने कोही देखिएन । अझ वेदमा व्यक्त गरिएको कविताको शाश्वतताका अविवरणात्मक परिचयलाई पौरस्त्य उत्तरवर्ती काव्य यात्राले छुनसम्म सकेको देखिएन ।

आधुनिक सोचाइ र पढाइ दुइटै कुराको सुरु गर्दा होस् वा उदाहरण दिँदा होस् ग्रिसेली र रोमेली परम्पराको नाउँ लिने चलन छ । नेपालको आधुनिकताको बाटो भनेको आफ्नोपन छोड्नु र युरोपेली प्रवृत्ति समात्नु हो । त्यसैले यहाँ पनि कविताको परिभाषा खोज्न युरोपतिर पस्न खोजिएको छ । पूर्वका आदिकवि महर्षि बाल्मीकि झैं पाश्चात्य आदिकवि होमर मानिन्छन् र पूर्वको पहिलो महाकाव्य *रामायण* जस्तै पश्चिमको *ओडेसी* मानिन्छ । ग्रिसेली सभ्यताका साहित्यिक गुरु होमर कवितालाई पाठकको हृदय छुन सक्ने सफल साहित्यिक उपलब्धि मान्दछन् । यिनका विचारमा कविता हृदयस्पर्शी हुनु पर्दछ ।

होमरपछि *थियोगनी* लेख्ने इसियड कविताले मनोरञ्जन र शिक्षा वा नैतिकता एकसाथ बोकेको हुनु पर्दछ र त्यसकै आधारमा कविताको सफलता निर्भर हुन्छ भन्दछन् । यिनका भनाइले होमरले झैं कविताको हृदयस्पर्शी गुणलाई स्विकारेको पाइन्छ । यसरी प्लेटोभन्दा अगाडिदेखि नै ग्रिसमा कविता पर्याप्त मात्रामा फस्टाई सकेको वा विकसित भई सकेको पाइन्छ ।

प्लेटो कविताका साथै पाश्चात्य सभ्यताका विविध फाँटका गुरु मानिन्छन् । यिनका गुरु सोक्रेटस पनि कविताको वैशिष्ट्यसित प्रभावित देखिन्छन् । सोक्रेटस बुद्धिको ठेगान नभएका बेला वा आत्म नियन्त्रण नभएका बखत कविता रचिने हुनाले उत्तेजना वा उत्प्रेरणा चाहिएको छ भने कविलाई खोज भन्दथे । गुरुबाट प्रभावित भएर हो वा कविताको गहिराइ बुझेर हो प्लेटो आदर्श गणराज्य स्थापनार्थ कविहरूलाई वैरी ठान्दथे । उनी असत्को पनि अनुकरण गर्ने कविहरू मान्छेको मन बिगारी तिनलाई लट्ठ पारी दिन्छन् भन्दथे । यसरी कविहरूसित त्रसित प्लेटो कविताको प्रभावकारिताबाट पर्याप्त आकर्षित देखिन्छन् । पछि गएर यिनी स्वस्थ कवि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ भने गणराज्यमा त्यसलाई अस्वस्थ कविता लेख्न नपाउने गरी ससर्त राखे हुन्छ भन्न थाले । जे भए पनि प्लेटो कविताको बिभ्न्ने शक्तिसित सुपरिचित थिए । यसको बिभ्न्ने गुण उहिलेदेखि अहिलेसम्म जस्ताको त्यस्तै छ यद्यपि त्यसका परिभाषा अनि बाहिरी तथा केही भित्री तत्त्वहरूमा समेत परिवर्तन आएको देखिन्छ ।

प्लेटोपछि अरिस्टोटल अर्थात् अरस्तु ग्रिसेली सभ्यताका अर्का आचार्य मानिन्छन् । यिनले त दार्शनिक, राजनीतिक र सामाजिक फाँटमा प्लेटोको भन्दा बढी ख्याति अर्जेका छन् । यिनको साहित्यिक विवेचना दुःखान्त नाटकमा केन्द्रित छ । पूर्वमा नाटक लेखनमा प्रचलित *वियोगान्तं न नाटकम्* अर्थात् नाटकमा वियोगान्तको प्रयोग गर्नु हुँदैन भन्ने मान्यताको ठिक उल्टो चलन ग्रिसेली परम्परामा रहेको पाइन्छ । अरस्तु जीवनको महत्ता, यथार्थ वा सही स्वरूप दुःखान्त नाटकमा पाइन्छ भन्दथे । यसै प्रसङ्गमा यिनले महाकाव्यको विवेचना र कवितालाई उप्काउने कोसिस गरेका छन् । यिनले आफ्ना गुरु प्लेटोका कविता सम्बन्धी धारणाको मण्डन नगरेर खण्डन गरेका छन् । जीवनको विशालता या त दुःखान्त नाटकले देखाउँछ या महाकाव्यले भन्ने विचार यिनको थियो । यिनी कविता भनेको भाषाका माध्यमबाट प्रभावकारी ढङ्गले गरिएको जीवन जगत्को अनुकरण हो भन्दथे । यसै क्रममा यिनको अनुकरण र विरेचन सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यति भएर पनि कविताको प्रभावकारितामा प्लेटोको जस्तो त्रस्त विचार यिनको पाइँदैन । यिनी दुःखान्त नाटकका तुलनामा कविलाई फिका देख्दथे । त्यसो भए तापनि कविताप्रति यिनको नकारात्मक विचार भने थिएन । साहित्यमा दुःखान्त नाटकपछि महाकाव्यलाई दोस्रो उच्चासन दिन यिनी चाहन्थे । त्यसो त गहिराइमा पुग्ने हो भने तात्कालिक दुःखान्त नाटकहरू कवितामै लेखिएका हुन्थे । यस अर्थमा यसको बलियो संरचना र विशिष्ट प्रभावकारिता चाहनु कवितालाई नै चाहेको ठहरिन्छ । यति भएर पनि कविताको सार्वकालिक परिभाषा दिनमा भने यिनको ठोस योगदान रहेको देखिँदैन ।

सोक्रेटस अर्थात् सुकरात, प्लेटो, अरिस्टोटल अर्थात् अरस्तुपछि वा ग्रिसेली सभ्यताको जल्दोबल्दो परम्परापछि साहित्यिक तहमा पाश्चात्य क्षेत्र मरुभूमि भई दियो । रोमन क्याथलिकको अभ्युदयले कुनै फाँटमा केही उपलब्धि छोडेको होला तर साहित्यमा भने केही दिएन । त्यसैले पाश्चात्य सभ्यताको यस काललाई साहित्यको काल रात्रि वा मध्य रात भनिन्छ । यस युगमा पाश्चात्य साहित्यिक नक्षत्रका रूपमा इटालेली दाँते मात्र सम्भिन्छन् । यिनको *डिभाइन कमेडिया* क्रिस्चियन दर्शन र रोमन क्याथलिक सम्प्रदायको सूक्ष्मता एवं सरल भाषाको प्रयोगमा आधृत प्रशस्त काव्यात्मकता भएको रचना हो । यिनी कविताको सफलता वा सक्षमता त्यसमा प्रयुक्त उच्च विशिष्ट र उत्तम भाषा शैलीमा भर पर्दछ भन्दथे । यिनका विचारमा एउटा सेनाका लागि घोडा वा बलियो एवं फुर्तिलो सवार जे हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविताका लागि भाषा पनि त्यही हो । दाँतेले पनि कविताको सार्वकालिक एवं सार्वभौमिक परिभाषाको कुनै पनि अङ्गलाई छोएको देखिँदैन ।

चर्चहरूले शास्त्रीय घेरामै सीमित रहेर सौन्दर्य वा जन अभिरुचिमाथि नै नियन्त्रण गर्न खोजे । फलस्वरूप सन् १३२१ मा इटालीबाट सांस्कृतिक पुनर्जागरणको अभियान सुरु भयो । अब आएर अतिवादी परम्परा त्याग्नु पर्दछ र नयाँ मान्छे, नयाँ सोचाइ एवं नयाँ संस्कार जन्माउनु पर्दछ भन्न थालियो । त्यस अभियानबाट पाश्चात्य सभ्यतामा मध्य काल वा धार्मिक दबाब समाप्त भई व्यावहारिक मुक्त चेतनाको सुरुआत भयो । अब सामाजिक क्षेत्रका यावत् अङ्गहरू यस प्रवृत्तिबाट प्रभावित भए । साँचो अर्थमा पुनर्जागरण वा रिनेसाँको अर्थ मानववाद वा मान्छे र संस्कारको आविष्कार हो । त्यसबाट साहित्यको पनि विकास हुन थाल्यो । साहित्यिक लेखन पनि यस सोचाइबाट अभिप्रेरित भयो । कविताको बिभ्फने शक्तिबाट प्रभावित भएर मान्छेहरू फेरि यसको तात्पर्य जान्न इच्छुक हुन थाले । अब ग्रिसेली परम्परामा नयाँ अध्ययनको तात्पर्य आधुनिकता एवं व्यावहारिकता देखियो । यस सन्दर्भमा इङल्यान्ड पनि सक्रिय देखियो ।

कविता बुझ्ने प्रवृत्तिको खोजीमा निकै समयको अन्तरालपछि सर फिलिप सिड्नीले विशेष अभिरुचि राखे । यिनी प्रकृति वा संसार काँसाको छ त्यसलाई कविले सुनौला बनाई दिन्छ भन्दथे । साथै यिनी कविताको सोचाइमा आदर्शवादी बनी मानव समुदायको गौरवशाली आधार शिला नै कविता हो भन्दथे । गहिरिएर विचार गर्दा प्लेटो र अरस्तुको कविता सम्बन्धी धारणाको नयाँ व्याख्या यिनले गरेको कुरा थाहा हुन्छ । त्यसपछि युरोप र सम्पूर्ण पाश्चात्य जगत् साहित्यमा अग्रसर हुँदै गयो र तत्सम्बन्धमा नयाँ नयाँ धारा, वाद र परम्पराहरू जन्मँदै गए । क्लासिकल, नवक्लासिकल र रोमान्टिक धाराहरू सोही क्रममा देखिएका हुन् । त्यसै सिलसिलामा साहित्यका विभिन्न परिभाषा, कवि तथा कविताको जन्म एवं नयाँ नयाँ सोचाइहरूको ओइरो लाग्दै गयो र साहित्यिक क्षेत्रमा पाश्चात्य संसार समृद्ध हुँदै गयो । यस सन्दर्भमा इङल्यान्ड, फ्रान्स, इटाली, रुस, जर्मनी र पछि गएर अमेरिका जस्ता मुलुकहरू अग्रसर देखिए । साथै विभिन्न अध्ययन, अनुसन्धान, परम्परा र प्रवृत्तिको प्रयोग मान्यता एवं उपलब्धिहरू देखाउँदै साहित्यिक सम्पन्नताका नयाँ बाटाहरू यी मुलुकहरूले पैल्याउँदै गए ।

यस प्रसङ्गमा कवितालाई चिनाउन खोज्ने र त्यसमा नयाँ मान्यता प्रस्तुत गर्ने स्मरणीय केही विद्वान् र समीक्षकहरूका बारेमा सामान्य जानकारी दिनु आवश्यक हुन्छ । जर्मनीका दार्शनिक इम्यानुएल कान्ट कविता त के कुनै पनि कलालाई नियमबद्ध वा पारिभाषिक तुल्याउन सकिँदैन भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जर्मनीकै अर्का विचारक एवं कवि गेटे भित्री प्रकृति र भित्री आत्माको बोली कविता हो भन्दछन् ।

अङ्ग्रेजी प्रसिद्ध कवि कलरिज र वड्र्सवर्थ कवितालाई प्रकृतिको रम्यता वा कल्पनाको उच्छलन मान्दछन् । कलरिजको कल्पना सिद्धान्त पाश्चात्य साहित्यको निकै ठुलो उपलब्धि मानिन्छ ।

सेली पनि कलरिज र वड्र्सवर्थका हाराहारीमा आउँछन् । यिनका विचारमा पनि कविता कल्पनाको भाषा हो । त्यसो भएर पनि कवितामा आदर्श र नीतिको सुगन्ध आउनु पर्दछ । त्यसैले यिनी कविहरूलाई संसारका अनौपचारिक विधायक मान्दछन् ।

नव क्लासिकको नीतिवादी विचार र त्यसका हाँगा पाश्चात्य साहित्यिक समीक्षाका बिर्सन न सकिने घटना हुन् । नीतिवादी धारणाका चार वटा हाँगामध्ये पहिलो उदात्त नीतिवादका पक्षपाती सेली र कार्लाइल हुन् । दोस्रो मानवीय नीतिवादको चाहना मैथ्यु अर्नोल्ड गर्दछन् । तेस्रो किसिमको धार्मिक चेतनामा आधृत नीतिवाद रुसका टाल्स्टोय चाहन्छन् । चौथो उग्र नीतिवादको चाहना प्रकृति प्रेमी रस्किन गर्दछन् । वास्तवमा कविताको नैतिक मूल्यसित सायदै कसैको अस्वीकृति होला तर नीतिलाई मात्र कविता मान्दा कविताभन्दा पनि सिद्धान्त मानिएको ठहरिन्छ । जे भए पनि कविताको सार्वकालिक पाटो स्पर्श गरेको भने यस कालमा पनि पाइँदैन ।

पाश्चात्य साहित्यको इतिहासमा एउटा महत्त्वपूर्ण घटना सिग्नर बेनेडेट्टो क्रोचे मानिन्छन् । यिनलाई डगलस आइन्स्लाइले कलाका कोलम्बस भनेका छन् । यिनका विचारमा कविले लेखेको वा कागतमा कोरेर छोडेको अभिव्यक्तिलाई कविता वा कला भन्ने गरिन्छ तापनि वास्तविक कला कविभित्रको कवित्व हो । यसैलाई यिनी अभिव्यञ्जनावाद भन्दछन् । वास्तवमा कविका कवित्व भण्डारको चुहावट नै कविता हो । देवकोटाका कविता पाएर जति खुसी भइन्छ त्यति नै उनीभित्रको कवित्वले न चुहाएको कविताबाट दुःख मनाउनु पर्ने हुन्छ । साहित्यिक प्रतिभाहरू जन्माउनमा इटाली विशिष्ट छ । यिनी पनि त्यहींकै नागरिक थिए । क्रोचेको अभिव्यञ्जनावादपछि पाश्चात्य कवितामा विकृतिको सुरुआत हुन्छ । यद्यपि क्रोचेका पर्याप्त टिप्पणीहरूले 'कला कलाका लागि' भन्नेहरूको मत काटेको छ तापनि अप्रत्यक्ष रूपमा यिनको अभिव्यञ्जनावादले कलावादलाई प्रेरित तुल्याएको पाइन्छ । अब आएर कविता केका निम्ति भन्दा कविताका निम्ति भन्न थालियो । हुन पनि चर्चहरूको अतिवादी शास्त्रीयताले पुनर्जागरण निम्त्याए झैं नीतिवादी धारणाका चिच्याहट र विविध हाँगाहरूको वर्गीय विचारले गर्दा कलावाद आउनु स्वाभाविकै थियो । अमेरिकाका एड्गर एलेन पो, फ्रेन्च कवि वालदेयर, इङल्यान्डका पिटर ह्विसलर र वाइल्ड जस्ता साहित्यकारहरूले कलावादलाई अगाडि बढाएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण पाश्चात्य साहित्यिक जगत्मा स्वच्छन्दतावादको हलचल मच्ची सकेपछि र कलाकलाका लागि जस्ता साहित्यिक घटनाहरू घटी सकेपछि टमस स्टर्न इलियट कविताका समीक्षकका रूपमा देखा पर्दछन् । यिनी आफूलाई अब आएर शास्त्रीयतावादी भन्दछन् । यिनी कविताको स्याहार चाहिन्छ सही तर त्यो एउटा बिरुवा झैं स्वनिर्मित हुन्छ र आफै संरचित हुन्छ भन्दछन् । साहित्यको इतिहासमा केन्द्रीय प्रतिभा बदली रहन्छ भन्ने यिनको भनाइ नेपाली कविताको इतिहासमा घटाउने हो भने प्राथमिक कालका नेपाली कवि भानुभक्त माध्यमिक कालका मोतीराम देखिएपछि नेपाली कविताको इतिहासमा तल झरेका अवस्थाको बोध हुन्छ । यिनी परम्परा बदली रहन्छ भन्दछन् ।

अङ्ग्रेजी समालोचक आइभोर आर्मस्ट्रङ रिचर्डस् (आइ.ए.रिचड्र्स) कविता नीति, आदर्श वा एकोहोरोपनलाई उछिनेर मनोवैज्ञानिक एवं व्यावहारिक रूपमा लेखिनु पर्दछ भन्दछन् । यिनले मूल्य सिद्धान्तको स्थापना गरी साहित्यको मूल्य खोज्ने प्रयास गरेको पाइन्छ । अझ यिनी कविताको सफलता त्यसको सम्प्रेषण वा बुझाउने, बिभ्ने शक्तिमा भर पर्दछ भन्दछन् । यसरी सर्सर्ति हेर्दै जाँदा पाश्चात्य साहित्यको इतिहास निकै लामो देखिन्छ । त्यहाँ विभिन्न घात, प्रतिघात, उतार, चढाव, प्राप्ति, अप्राप्तिहरू भेटाइन्छन् । त्यसरी नै कविता के हो भन्ने प्रश्नको चासो अनि त्यसको खोजीनिती पनि त्यहाँ भएको देखिन्छ । बिम्बवाद, अतियथार्थवाद, घनत्ववाद, नवमानववाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रयोगवाद, शास्त्रीयतावाद र स्वच्छन्दतावाद जस्ता विविध प्रयोगहरूको प्रयोगशालामा कवितालाई जाँच्ने, प्रयोग गर्ने, त्यसबाट निःसृत तत्त्वलाई सार्वजनिक एवं सार्वकालिक ढङ्गले परिभाषित गर्ने प्रयास पनि त्यहाँ भएको पाइन्छ । होमरदेखि अहिलेसम्म कविता चिन्ने प्रयास त्यहाँ अवश्य भयो तर कविता के हो भन्ने प्रश्नको सही उत्तर भने त्यहाँबाट अहिलेसम्म आउन सकेको देखिँदैन ।

कविता चिनाउने क्रममा कसैले कहीं र कसैले कहीं छोएका छन् । कसैले बोक्रा समातेको र कसैले गुदीसम्म भेट्टाएको पनि यस क्रममा देखिन्छ तर कविताकै सार्वभौमिक र सार्वकालिक परिभाषा भने कसैले दिन सकेको देखिँदैन । कवितालाई बुझ्न समाज, नीति, आदिमता, मनोविज्ञान, भाषा शैली, संरचना (रूप वा शैलीवाद) र कल्पनालाई आधार बनाएका घटनाहरू त्यहाँ जति पनि पाइन्छन् । कविता जान्ने जिज्ञासा र प्रयासका कुरा त्यहाँ जति पनि पढ्न र सुन्न पाइन्छ तर कसैले पनि कविता के हो भन्ने प्रश्नको उत्तर संसारका आदिमदेखि वर्तमान कालका कवितालाई परिभाषित गर्नका लागि दिन सकेको घटना न सुन्न पाइन्छ, न देख्न पाइन्छ अनि न त पढ्न नै पाइन्छ ।

पश्चिमको आदिभूमि ग्रिस र आदिग्रन्थ *ओडेसी* र *इलियड* भए झैं पौरस्त्य संस्कृतिको आदिभूमि अहिलेको इरानदेखि विशाल सांस्कृतिक भारत वर्षसम्म फैलिएको फराकिलो फाँट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो र आदिग्रन्थ *ऋग्वेद* हो । यद्यपि सनातन परम्परा अर्थात् आर्य सभ्यताको यस प्राचीनतम सम्पत्तिको सुरक्षा, जगेर्ना एवं अनुसन्धान गर्ने श्रेय पाश्चात्य अनुसन्धाता म्याक्समुलरलाई छ । यिनी आर्यहरूको प्राचीन संस्कृति र सुसंस्कृत इतिहासबाट पर्याप्त प्रभावित देखिन्छन् । यिनी के भन्दछन् भने आर्यहरूको सभ्यता धेरै पुरानो छ र उनीहरूको सुसंस्कृत परम्परा तथा प्राचीन उपलब्धिलाई साँच्चिकै श्रद्धाका दृष्टिले हेर्नु पर्दछ । सभ्यताको इतिहासमा आर्यहरू (सनातनीहरू) अग्रिम पंक्तिमा देखिन्छन् तर वेदलाई हटाई दिने हो भने तिनीहरूसित केही रहँदैन । जर्मन कवि गेटे यसै कुरालाई दोहोऱ्याउँछन् ।

आजका भारत वर्षीय आधुनिक भाषामा प्रचलित कविताका मान्यतातिर यस प्रसङ्गमा दृष्टि दिंदा केही व्यक्तिले यस दिशामा अघि बढ्ने प्रयास गरेको देखिन्छ । विश्व प्रसिद्ध बङ्गाली कवि रवीन्द्रनाथ ठाकुर कविता भनेको भावको सहज उच्छलन हो भन्दछन् ।

प्रकृति प्रेमी भनिने हिन्दी भाषाका कवि सुमित्रानन्दन पन्त कविता के हो भन्ने प्रश्नको उत्तर दिन संस्कृतका आदिकवि वाल्मीकिका नजिक पुग्दछन् । वाल्मीकिले रामायण रच्ने प्रेरणा पाउनका पछाडि एउटा मार्मिक घटना आधार बनेको थियो अरे । त्यो घटना के थियो भने एक दिन बिहान सबेरै स्नान ध्यान गर्न नदीतिर जाँदा वाल्मीकिले एउटा व्याधा (सिकारी) ले एक जोडी चकुवाचकुवी शारीरिक सम्पर्कमा रमाई रहेका बेला एउटालाई मारी दिएको देखे । त्यस घटनाले वाल्मीकिको हृदय पग्लियो, उनीभित्रको कवित्व रसायो । फलस्वरूप उनले *रामायण*को रचना गरे । उनको हृदयबाट फुटेको कविताको पहिलो बोली *मा निषाद प्रतिष्ठां त्वमगमः शास्वती समाः, यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्* अर्थात् हे सिकारी, तँ सामाजिक प्रतिष्ठा पाउनबाट वञ्चित रहेस् किनभने तैंले निर्दयी बनेर काममोहित एक जोडी चरामा एउटालाई मारी दिइस् भन्ने थियो । कवि पन्त पनि कवि र कविताको परिचय यसरी दिंदै *वियोगी होगा पहला कवि आह से उबजा होगा गान, निकलकर नयनों से चूपचाप बही होगी कविता अनजान* अर्थात् वियोगी नै पहिलो कवि हो, जसको आह, पीडा र स्पन्दनात्मक विचार सङ्गीत हो र आँखामा बगेको आँसु नै अनजान कविता हो भन्दछन् । वास्तवमा मुटुदेखि नै निस्किएको पीडाबोधक धुकधुकीको आँसु नै कविता हो । यो बनाइदैन आफै बनी दिन्छ । यो त स्वनिर्मित हुन्छ, प्राकृतिक हुन्छ र अनजानमै बन्दछ ।

हिन्दी भाषाको लोक प्रिय काव्य *मधुशाला*का कवि हरिवंश राय 'बच्चन' कविता सम्बन्धी आफ्ना धारणा प्रकट गर्दै *मै रोया इसको तुम कहते हो गाना, मैं फूट पडा तुम कहते छन्द बनाना* अर्थात् म रुन्छु, तिमी गीत बनायो भन्छौ अनि म फुट्छु, मेरो हृदय गति नै रोकिन्छ, तिमी कति राम्रो छन्द बनाएको भनी दिन्छौ ! भन्नको तात्पर्य के हो भने कविको व्यक्तिगत पीडाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसको कविता जन्माउँछ । त्यो पीडा जति कष्टदायी र जति मार्मिक भयो कविता त्यति नै सफल एवं प्रभावकारी बन्दछ ।

नेपाली कविहरूमा पनि कवितालाई चिनाउने प्रयास भएको देखिन्छ । लेखनाथको लेखाइले भावनाको परिमार्जित र सहज ग्राह्य स्वरूप कविता हो भन्ने कुरा व्यक्त गरेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा रवीन्द्रनाथ ठाकुरले जस्तै भावनाको सहज उच्छलनलाई कविता मान्दछन् । बालकृष्ण समले चाहिँ आफूले लेखेकै कविताहरूद्वारा आफ्नो मान्यताको खण्डन गरेका छन् किनभने उनको सिद्धान्तमा कविता भनेको भावनाको बौद्धिक कोमलता हो भने व्यवहारमा भावनाको बौद्धिक कठोरता कविता हो । यसै गरी माधवप्रसाद घिमिरे कविता भनेको थोरैमा धेरै भनिएको पर्याप्त गहकिलो स्वस्थ एवं परिष्कृत भावात्मक भाषिक संरचना हो भन्दछन् ।

कविता के हो भन्ने कुरा सार्वभौमिक र सार्वकालिक आधारमा पूर्णतः परिभाषित गर्न सकिएको देखिँदैन । हिजोसम्म छन्दोबद्ध रचनाको चलन थियो । विभिन्न छन्दमा भनाइहरू फिँजाइन्थ्यो । आज आएर त्यो चलन हराउँदै जान थाल्यो र छन्दोबद्ध कविता लेख्नेहरू पुरातनपन्थी भनिन लागे । आजको कविता गद्यमा लेखिन थालियो । अब त पंक्तिलाई सरासर अघि बढाउँदै गए गद्य र पंक्ति तोडेर लेखिए पद्य भन्न थालियो । अब पंक्ति जोड्नु र तोड्नुका आधारमा गद्य र पद्य छुट्टियो । यसैले अनादि कालदेखि अहिलेसम्म संसारमा प्रचलित कविताहरूको सही परिभाषा दिन अप्ठ्यारो छ । कुनै देश, काल, वातावरण र परिधिभित्र रचिएका केही कविताहरूलाई समेटेर तिनीहरूलाई चिनाउन सक्ने परिभाषा दिन सकिन्छ तर कवि कविमै फरक, ठाउँ ठाउँमै फरक, देश देशमै फरक, समय समयमै फरक, वातावरण वातावरणमै फरक देखिने हुनाले कवितालाई पूर्ण रूपमा परिभाषित गर्न गारो छ ।

यस प्रकारका अध्ययनले कविता के हो भन्ने कुराको निदान खोज्नको सट्टा त्यसलाई झनै जटिल बनाएको देखिन्छ । कविताको सही र पूर्ण परिभाषा कसैले दिन सकेको छैन भन्ने कुरा थाहा भई सकेपछि पनि यो के हो र यसको बिझ्ने शक्ति के हो भन्ने कुराको उत्सकुताले ज्यादा टोक्न थाल्दछ । त्यसो त कविता थाहा नै नपाइएको तत्त्व पनि होइन । कविता पढेका वा सुनेका व्यक्तिले कविता के हो भन्नासाथ केही हो भन्ने कुरा अन्तर्मनबाट जाने बुझेको त हुन्छ तर स्पष्ट भाषामा जवाफ दिन भने सक्तैन । त्यसैले अचेल कसैले कविता के हो भनेर सोध्यो भने स्पष्ट भाषामा उत्तर दिन नसकिए पनि यसो भन्दा कवितालाई केही मात्रामा चिनाउन सकिएको हो कि भन्ने अनुभूति हुन्छ :

कुनै सुन्दर व्यक्तिका अङ्गप्रत्यङ्गको सङ्गठनबाट प्रस्फुटित हुने लावण्य, हिसी वा सौन्दर्य जे हो कविता पनि त्यही हो । वसन्त ऋतुको सौन्दर्यमा सुगन्ध थपिएर प्रतिध्वनित हुने कोयलीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गलाको गुलियो शब्द टङ्कार जे हो कविता पनि त्यही हो । परमेश्वरको आश्चर्य लाग्दो सृष्टिको भव्य शृङ्गार जे हो कविता पनि त्यही हो । जेठको प्रचण्ड गर्मीमा उकालो काटी चौरालीका चौतारीमा रहेको वरपिपलका छायामुनि पाइने प्रकृतिको चिसो बतासको स्वाद जे हो कविता पनि त्यही हो । शारदी जुनको छहारीमा लिइने दसैं तिहारको रमाइलो अनुभूति जे हो कविता पनि त्यही हो । पतिलाई लडाइँबाट सकुशल फर्केको देखेर बगेको पत्नीका आँखाको आँसु जे हो कविता पनि त्यही हो । रातको अन्धकारले निसासिएर व्याकुल भएकी प्रकृतिको सिउँदोमा सूर्यले बिहान सबेरै पोखी दिएको लालिमा जे हो कविता पनि त्यही हो । सुत्केरी बेथा वा कष्टले नछोड्दै नवजात शिशुको रोदनले उब्जाएको आमाको सन्चोपन जे हो कविता पनि त्यही हो । चिरप्रतीक्षित प्रेमीसितको भेट र मूक दर्शन जे हो कविता पनि त्यही हो । बिहे गरी सकेपछि छोरीलाई सदाका निम्ति अर्काका हातमा सुम्पने आमाबाबुको छोरी अन्माउँदाको कारुणिक अश्रु प्रवाह जे हो कविता पनि त्यही हो । कुनै मार्मिक घटनाको अनुभूतिबाट फुरेको सहृदयीको अजस्र कल्पना जे हो कविता पनि त्यही हो । वासन्ती रङ्गमा ढकमक्क फुलेका फुलहरूको मुस्कान जे हो कविता पनि त्यही हो । एउटा साधकका साधनाको सिद्धि जे हो कविता पनि त्यही हो । भाइ टीकामा दिदीले लगाई दिएको स्नेहपूर्ण टीका फुल जे हो कविता पनि त्यही हो । जति हेरे पनि न अघाउने र जहिले पनि नयाँ जस्तो लाग्ने शारदी चन्द्रमाको चाँदनी जे हो कविता पनि त्यही हो । वज्रलाई पनि फुल बनाउन सक्ने अभिव्यक्ति र सुनी रहुँ लाग्ने बाँसुरीको स्वर लहरी जे हो कविता पनि त्यही हो । बेलुकीपख सुरिलो कण्ठको सङ्गीत अलाप्दै एकसाथ आकाशमा उड्ने झुन्डका झुन्ड चराहरूको दृश्य जे हो कविता पनि त्यही हो । पाकेका धानका बालाको सुगन्धमा गुलियो सङ्गीत मिसाउने कार्त्तिकका न्याउरीको भाका जे हो कविता पनि त्यही हो । हृदय पगाल्ने र मर्म छेड्ने सङ्गीत जे हो कविता पनि त्यही हो । केही छिनका निम्ति भए पनि पाइएको नसिलो अवस्थाको आनन्द जे हो कविता पनि त्यही हो । मिठो सङ्गीत सुन्दा ब्युँझिएका शारीरिक ग्रन्थिहरूको अवस्था जे हो कविता पनि त्यही हो । बालकका तोते बोलीमा पाइने मिठास र चोखो स्नेह जे हो कविता पनि त्यही हो । कर्कलाका पातमा टल्पलाउँदो शीत बिन्दुरूपी मोतीका दानाको राम्रोपन जे हो कविता पनि त्यही हो । वियोगीको क्षण प्रतिक्षणको आह, पीडा र धुकधुकी जे हो कविता पनि त्यही हो । आँखाले देखी रहेको यथार्थभन्दा परको मनले बुझी रहेको सौन्दर्यको अनुभूति जे हो कविता पनि त्यही हो । एउटा अदना, गरिब, निरीह वा आर्तलाई देखेर पग्लने वा रसाउने हृदयको अवस्था जे हो कविता पनि त्यही हो । कन्या माग्न जाने मान्छेभन्दा स्वयं वरले कन्यामा देखेको विलक्षणता जे हो कविता पनि त्यही हो । सामान्य तह पार गरेर धेरै परको कुरा बुझाउने अर्थपूर्ण भाषा जे हो कविता पनि त्यही हो । हृदय पगिलएर प्रतिभाको पहराबाट छहरा छुट्नु जे हो कविता पनि त्यही हो । कुनै पनि तत्त्वमा रहेको सत्यम् शिवम् सुन्दरम्को शाश्वतता एवं पुनर्पुनर्नवीनता जे हो कविता पनि त्यही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । परमेश्वरको दिव्य सृष्टि अथवा प्रकृतिको महिमामय जादुगरी जे हो कविता पनि त्यही हो । सपेराको बाँसुरीको धुन सुनेर लट्ठ परेको सर्पको अवस्था वा सङ्गीत सुनेर असमयमै फली दिने लतावृक्षादिको स्थिति जे हो कविता पनि त्यही हो । व्यक्तिगत हृदयलाई नाघेर सार्वजनिक हृदयलाई बिभाउने मार्मिक भनाइ जे हो कविता पनि त्यही हो । सैद्धान्तिक चर्चा गर्दा निश्चित शब्दावलीभित्र पुलो बाँधेर राख्न न सकिए पनि माथि भनिएकै कुराको व्यष्टि र समष्टि रूप नै कविता हो । यिनै कुरालाई कविता भनिन्छ । उहिलेदेखि अहिलेसम्म यिनै र यस्तै भाव कविता बन्दै आएका छन् (पन्त, ३०३९ : ३०-४४) ।

पौरस्त्य र पाश्चात्य दुवै थरी दुनियाँमा प्रचलित कविता सम्बन्धी मान्यताको सर्वेक्षण गरी सकेपछि प्राप्त भएका जानकारी अघि सार्दै सारभूत रूपमा यसको रूपरेखा मात्र भए पनि प्रस्तुत गर्नु आवश्यक हुन्छ । त्यसैले सामान्यतया कविता भनेको कविको त्यस्तो कर्म हो जहाँ भाषाका माध्यमबाट लयात्मक भाव भरिएको अभिव्यक्ति विशेष शैलीमा प्रकट गरिन्छ भन्न सकिन्छ ।

कवितामा भाव, भाषा, विषय, लय र छन्द, कल्पना, शैली, शिल्प, संरचना जस्ता कुरा पाइने हुनाले यिनलाई कविताका तत्त्व मानिन्छ । खण्डकाव्य र महाकाव्य पनि कविताकै रूप हुन् तर तिनमा पाइने वस्तु विन्यास र संरचना पक्षले तिनलाई आकारगत र आख्यानगत विस्तारमा पुऱ्याएर विशेष स्वरूपमा देखाउने हुँदा कविताका ठुला भेदमा गणना गर्ने चलन छ । फुटकर कवितामै पनि आकार, विषय प्रयोग र संरचनाका दृष्टिले भिन्नता देखिने हुनाले मुक्तक जस्ता भेदलाई लघुतम र केही विस्तारको आकारका भेदलाई लघु रूपका कविता भनिन्छ । प्रा. रिसालले यी सबै भेदका कविताको रचना गरेको देखिन्छ ।

३.१.१.२ गीतको सिद्धान्त

भाव प्रस्तुति, लय विधान, शब्द संयोजन, वर्ण्य विषय, परिवेश चित्रण जस्ता विविध तत्त्वका आधारमा कविता र गीतमा धेरै ठुलो अन्तर देखिँदैन । सिद्धिचरण श्रेष्ठको प्रसिद्ध कविता **ओखलढुङ्गा**, स्थापित समीक्षकहरूले उत्तम कविता भन्दै प्रशंसा गरिएको लक्ष्मीप्रसाद देवकोटाको चर्चित कविता **यात्री** जस्ता रचना गीतमा ढाल्दा उत्तम गीत भनिएको अवस्था सबैका सामु छर्लङ्ग छ । यसै गरी धेरैले मन पराएको र राष्ट्रिय गीतकै रूपमा गाइँदै आएको माधवप्रसाद घिमिरेको **गाउँछ गीत नेपाली**लाई राम्रो कविता मानिएको सन्दर्भमा पनि कविता र गीतका बिचमा स्पष्ट सीमा रेखा कोर्नु सजिलो देखिँदैन । यथार्थ अवस्था यस्तो भएर पनि उहिलेदेखि अहिलेसम्म कविता र गीतलाई छुट्याउने गरिएकै देखिन्छ । त्यसैले यिनलाई विभक्त गर्ने केही मानक आधारको खोजी गर्नै पर्ने हुनाले यहाँ गीतका परिचायक केही पक्षको चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीत संस्कृत भाषाको तत्सम शब्द हो । **गै** धातुमा **क्त** प्रत्यय लागेर बनेको गीत शब्दले गाइएको रचना विशेषलाई बुझाउँछ । **गै** धातुमा **ल्युट्** प्रत्यय लागेर बनेको **गानम्** शब्दबाट विकसित **गाना**ले पनि गीतलाई नै जनाउँछ । अङ्ग्रेजीमा गीतलाई बुझाउनका लागि **सङ**का साथै **लिरिक** वा **लिरिक्स** शब्द पनि प्रयोग गरिएको पाइन्छ । प्राचीन ग्रिसेली वाद्य यन्त्र लायर बजाएर गाइने भएकोले गीतलाई **लिरिक्स** भनिएको हो । गाउनका लागि रचना गरिने पद्य विधा गीत हो । यो बढी सूत्रात्मक हुन्छ । एउटै मूल भावको केन्द्रीयतामा यसको रचना गरिएको हुन्छ । आत्मपरकता र भावपूर्ण प्रस्तुति यसमा बढी हुन्छ र लयको मात्रा पनि यसमा अधिक रहन्छ । रागात्मक शैलीमा रचना गरिने यो यिनै विशेष शिल्पका आधारमा कविताभन्दा केही भिन्न हुन्छ । जीवनका दुःख सुख, आँसु हाँसो, आशा निराशाका कुरा तीव्र संवेद्य रूपमा यसमा राखिएको पाइन्छ । अनुभूतिको सूक्ष्मता र जीवनका विविध प्रतिबिम्ब प्रयोग गरिने हुँदा यो निकै प्रभावकारी बनेको देखिन्छ । लयात्मकता, भावात्मकता, रागात्मकता र विषयवस्तुको मार्मिकतामा शब्द छनोटको कौशल, गायन कौशल, संगीतको कौशल र कला तथा गलाको कौशल सन्तुलित किसिमले प्रयोग भयो भने गीतले श्रोतालाई मन्त्रमुग्ध तुल्याउँछ । संगीत मन नपराउने र फुलको सौन्दर्य नरुचाउने मान्छे कोही हुँदैन । गीतप्रति आकर्षित नहुने व्यक्तिलाई हृदयहीन भनिन्छ । अनेक प्रकारका लय यसमा पाइन्छन् ।

लिखित कविताको थालनी गीतबाट भएको हो भनिन्छ । अझ साहित्यको माउ गीत हो भनिएको पाइन्छ । अन्य विधाभन्दा ज्यादा रचना गरिने र मानव सभ्यताको विकासका क्रममा पहिलो गुन्गुनाहटबाट उत्पन्न भएको जेठो साहित्यिक सिर्जना गीत नै हो भनिन्छ । यस कुराको उदाहरणका लागि *ऋग्वेद*का पृथ्वी, उषा, सन्ध्या जस्ता कुराको वर्णन, पुरुरवा र उर्वर्शी तथा यमयमीका संवादमा पाइने भाव प्रवणता र सङ्गीतात्मक पक्ष अघि सार्ने गरिन्छ । विभिन्न पुराणहरूमा वेणु गीत, वंशी गीत, गोपी गीत जस्ता अनेक थरी गीतको उल्लेख पाइन्छ ।

शिशुलाई काखमा खेलाउँदा वा कोक्रोमा सुताउँदा आमा अथवा स्याहार गर्ने व्यक्तिले गीत गुन्गुनाएको सुनिन्छ । बालकदेखि वृद्धसम्मका विभिन्न उमेर समूहका व्यक्ति जीवन व्यवहारका विविध क्षेत्रमा गीत गाएर मनोरञ्जन लिन्छन् । मानव जीवनका विविध अनुभवहरूलाई लयात्मक रूपमा अभिव्यक्ति दिने क्रममा गीतको उत्पन्न भएको हो भनिन्छ । यसरी भाषा र लयको सम्मिश्रणमा भावनाको तरलतम स्वरूप संगीतमा प्रकट हुँदा गीत बनेको देखिन्छ । कवितामा जस्तै गीतमा पनि भाव, भाषा, विषय, लय र छन्द, कल्पना, शैली, शिल्प, संरचना जस्ता कुराको अपेक्षा गरिने हुनाले यसलाई कविताबाट अलग्याउन गारो पर्दछ तापनि गीतको पहिचानका आधारभूत पक्षका रूपमा निम्न लिखित केही बुँदा प्रस्तुत गर्न सकिन्छ :

क. सामान्यतया स्थायी र अन्तराको प्रयोग हनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख. लयात्मकता हुनु ।

ग. गेय हुनु ।

घ. सङ्गीतात्मक हुनु ।

ङ. तीव्र भावात्मकताले ओतप्रोत हुनु ।

च. सामान्यतया लघुतम आकारमा प्रस्तुत हुनु ।

छ. सशक्त रूपमा संवेद्य हुनु ।

ज. साज र आवाजमा जीवन्त बन्नु ।

झ. जीवनको सूक्ष्म अवस्थाको मार्मिक चित्रण गर्नु ।

ञ. शब्द र लयको सघन संयोजन हुनु ।

ट. संरचनागत अनुशासनमा बाँधिनु ।

कवितालाई जस्तै गीतलाई उहिलेदेखि अहिलेसम्म परिभाषाबद्ध तुल्याउने प्रयास धेरै जनाबाट भएको देखिन्छ तर यसका सार्वकालिक र सार्वदेशीय भेदको पहिचान खुल्ने गरी पूर्ण परिभाषा कसैबाट पनि आएको देखिँदैन । प्राचीन कालका गीति भेद अर्थात् छोटा गीतको चलन आज हराई सकेको जसरी देखिन्छ त्यसै गरी आजको दुनियाँमा प्रभाव जमाई रहेका गीतका विविध प्रस्तुतिगत भेद प्राचीन कालमा प्रचलित देखिँदैनन् ।

प्रा. रिसालले राष्ट्रिय भावना, दार्शनिक चिन्तन, सामाजिक चेतना, शैक्षिक महत्त्व जस्ता विविध भाव तथा विचारमा आधृत गीतको रचना गरेका छन् । झ्याउरे लयमा सिर्जिएका यिनका गीतमा उच्च वैचारिक धरातल प्रकट भएको पाइन्छ । गीतभन्दा बढी शास्त्रीय कविता रचना गर्ने हुँदा यिनलाई गीतकारका रूपमा हेर्ने प्रवृत्ति समीक्षकहरूमा कम देखिन्छ ।

३.१.१.३ भजनको सिद्धान्त

भजन भनेको गीतको एउटा भेद हो । सङ्गीतलाई प्राथमिकता दिई स्थायी र अन्तरा, थेगा र साङ्गीतिक लयको प्रयोग यसमा गरिएको हुन्छ । यसमा धार्मिक भावना बढी मात्रामा पाइन्छ । देवीदेवताका गुणको प्रशंसा वा स्तुति गर्दै झिनो आख्यान समेत राखी रचना गरिने एक प्रकारको गीति शैली यो हो । यसलाई भक्ति संगीत अन्तर्गत राख्ने गरिन्छ । विभिन्न पूजाआजा, चाडबाड, धार्मिक अनुष्ठान जस्ता अवसरमा पवित्र मानिने ठाउँ वा धार्मिक स्थलहरूमा यो गाइन्छ । खैंजडी, मजुरा, ढोलक, ताल, झ्याली जस्ता बाजाका साथ वा कुनै पनि बाजा बिना यो प्रायः सामूहिक रूपमा गाइन्छ । यसको गायनमा नृत्य पनि गरिएको देखिन्छ तर त्यो भजन प्रस्तुतिको अनिवार्य विधान अन्तर्गत भने पर्दैन । यसका गायकलाई **भजने** वा **भजन गाउने** भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भज् धातुमा **अन** प्रत्यय लागेर बनेको शब्द **भजन** हो । यसमा भगवद्‌भक्तिका भावनाको प्रयोग गरिएको हुन्छ । सामान्यतया नाम भज्नु वा जप्नु भन्ने अर्थ यस शब्दले व्यक्त गरे पनि मूलतः यसबाट ईश्वरको नाम भज्नु वा जप्नु भन्ने अर्थ प्रकट हुन्छ । जुनसुकै समयमा पनि यो गाउन सकिन्छ तापनि प्रायः साँझको पूजाको समयमा यसको गायक अधिक मात्रामा भएको देखिन्छ । एक जना मुख्य गायकका निर्देशन वा नेतृत्वका युवा तथा प्रौढ र वृद्धावस्थाका नरनारी यसको गायनमा संलग्न बनेका देखिन्छन् । मुख्य गायकले गाएका लवज दोहोऱ्याउने वा छोप्ने काम यसको गायनमा हुन्छ । शिक्षित, अशिक्षित, धनी, गरिब, ग्रामीण, सहरिया, चर्चित, सामान्य नारी, पुरुष जो पनि भजन गाउनमा संलग्न हुन सक्तछ तर गाउँ ठाउँमा अझै पनि पानी चल्ने र पानी न चल्ने मानिने व्यक्तिका बिचको भेद यसको गायनमा देखिएकै हुन्छ । साथै सभ्यताको हलचलका नजिकमा रहने र आर्थिक दृष्टिले सम्पन्न देखिने व्यक्तिभन्दा सामान्य अवस्थाका व्यक्ति यसको गायनमा बढी मात्रामा संलग्न भएका देखिन्छन् ।

भजन गाउन थाल्नुभन्दा पहिले सम्बद्ध घर वा देवालयका अटाली अथवा आँगन वा आयोजन स्थलमा सुकुल, मान्द्रो, दरी, गलैंचा, चकटी ओछ्याएर भजनेहरूलाई बस्ने ठाउँ मिलाइएको हुन्छ । भजनेहरू एक वा एकभन्दा अधिक समूहमा विभक्त बनेका पनि पाइन्छन् । नाच्नेहरूका लागि भजनेहरूको अघिल्तिरको ठाउँ खुला राखिएको हुन्छ । त्यसै गरी श्रोताहरूका लागि निश्चित ठाउँको व्यवस्था मिलाइएको हुन्छ ।

नेपाली समाजमा भजन गाउने चलन निकै पहिलेदेखि चलेको देखिन्छ । यसको विकास *सामवेद*को परम्पराबाट भएको हो भनिन्छ । *सामवेद*लाई भक्ति सङ्गीतको स्रोत मानिन्छ । *रामायण* तथा *महाभारत*का साथै विभिन्न पुराणहरूका कथा एवं प्रभावकारी भाव गीतमा आबद्ध गरेर भजन रच्ने चलन नेपाली समाजमा पाइन्छ । लौकिक विषयवस्तु भएका भजनहरू पनि यथेष्ट मात्रामा देखिन्छन् । नेपाली भजनमा किराती मुन्धुम, बौद्ध नाम सङ्गीति तथा चर्या, मल्ल कालका भक्ति रचना महत्त्वपूर्ण मानिन्छन् । निर्गुण भक्ति धाराका सन्तहरूमा प्रचलित भजनको पनि नेपाली साहित्यमा विशिष्ट स्थान छ । केही समय पहिलेसम्म प्रचलित संस्कृतमा **गीतकम्** भनिने स्तोत्र वा भजनको परम्परा अचेल हराउँदै गएको देखिन्छ । अनेक प्रकारका लय भजनमा पाइन्छन् ।

गीतमा जस्तै भजनमा पनि लयात्मकता, भावात्मकता, रागात्मकता र विषयवस्तुको मार्मिकतामा शब्द छनोटको कौशल, गायन कौशल, संगीतको कौशल र कला तथा गलाको कौशल सन्तुलित किसिमले प्रयोग भयो भने उत्तम रचना बन्ने मान्यता प्रचलित छ । गीतकै भेद मानिने रचना भएकोले यस्तो धारणा यी दुवै रचनामा समान किसिमले स्वीकार्य बनेको देखिन्छ । यसलाई चिनाउने प्रयासका क्रममा पाइने परिभाषालाई गीतकै सन्दर्भमा हेर्न सकिन्छ । भन्नको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तात्पर्य के हो भने भजनको सार्वकालिक, सार्वदेशीय, सर्व मान्य, निर्विवाद र निर्दोष परिभाषा पाइँदैन ।

भजनमा जीवनको पुरुषार्थ, बहुलोक, तीर्थव्रत, देवीदेवताको शक्ति तथा लोक देवताका महत्त्वको बयान गरिएको हुन्छ । ईशमय भावना र भक्तिपरक विचार भजनका पाठमा पाइनु सामान्य कुरा मानिन्छ । आत्मज्ञान प्राप्त गर्ने एउटा बाटो भक्ति पनि हो भन्ने सोचका कारण पनि ॐ परिवारका अनुयायीहरू भजन गाउने अवसर पाउँदा पूर्व जन्मको सुकर्मको प्रतिफल ठान्दछन् ।

प्रा. रिसालले भगवान् पशुपतिनाथ, शैव र शक्ति परम्परा, भगवान् विष्णु, भगवान् राम, भगवान् कृष्ण लगायतका अनेकौं देवताको स्तुतिभक्तिका साथै दार्शनिक चिन्तनमा आधृत अनेकौं भजन रचेका छन् । यिनका भजनमा भगवद्भक्तिका साथै बौद्धिक सोच सशक्त रूपमा प्रकट भएको पाइन्छ । रेडियो नेपालका सांगीतिक कार्यक्रममा यिनले रचेका भजन प्रसार हुँदै आएका छन् । नयाँ भजनको रचनामा तुलनात्मक रूपमा यिनमा अचेल कम गतिशीलता देखिन्छ । भजनका सर्जकका रूपमा पनि यिनको मूल्याङ्कन त्यति ज्यादा भएको पाइँदैन ।

३.१.१.४ कीर्तनको सिद्धान्त

कीर्तन पनि गीतको एउटा भेद हो । गायन, वाद्य र नृत्यलाई प्राथमिकता दिई, स्थायी र अन्तरा, थेगो र साङ्गीतिक लयको प्रयोग यसमा गरिएको हुन्छ । धार्मिक भावनामा आधृत रचना यो हो । देवताका अद्भुत कामको बयान गर्दै सूक्ष्म आख्यानमा रचना गरिने एक प्रकारको धार्मिक गीत यो हो । यसलाई भक्ति संगीत अन्तर्गत राख्ने गरिन्छ । विभिन्न पूजाआजा, चाडबाड, धार्मिक अनुष्ठान जस्ता अवसरमा पवित्र मानिने ठाउँ वा धार्मिक स्थलहरूमा यो गाइन्छ । खैंजडी, मजुरा, ढोलक, ताल, झ्याली जस्ता बाजाका साथ वा कुनै पनि बाजा बिना यो प्रायः सामूहिक रूपमा गाइन्छ । यसको गायनमा नृत्य पनि गरिएको देखिन्छ तर त्यो कीर्तनको अनिवार्य अंग अन्तर्गत भने पर्दैन । यसका गायकलाई कीर्तने वा कीर्तन गाउने भनिन्छ । भजन र कीर्तनमा सामान्यतया अन्तर देखिँदैन तापनि गहिरिएर हेर्दा यिनका बिच केही कुरामा भिन्नता पाइन्छ ।

कृत् धातुमा **ल्युट्** प्रत्यय लागेर बनेको शब्द **कीर्तन** हो । देवताको यश, प्रसिद्धि, कीर्ति, विशिष्ट कार्य, लोक संरक्षण, अद्भुत शक्ति जस्ता कुराको वणृनमा आधृत गेय रचनालाई कीर्तन भनिन्छ । सस्वर पाठ गरिने यश गान भनेर पनि प्रस्तुत रचनालाई चिनाउन सकिन्छ । ईश्वरका वैशिष्ट्यको चर्चा भक्तिपूर्वक गरिएको पाइने गीत विधाको एउटा शाखा यो हो । भजनमा जस्तै यसमा पनि धेरै तत्त्व समान पाइन्छन् । जुनसुकै समयमा पनि यो गाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ तापनि प्रायः साँझको पूजाको समयमा यसको गायक अधिक मात्रामा भएको देखिन्छ । एक जना मुख्य गायकका निर्देशन र नेतृत्वका युवा तथा प्रौढ र बृद्धावस्थाका नरनारी यसको गायनमा संलग्न बनेका देखिन्छन् । मुख्य गायकले गाएका लवज दोहोऱ्याउने वा छोप्ने काम यसको गायनमा हुन्छ । शिक्षित, अशिक्षित, धनी, गरिब, ग्रामीण, सहरिया, चर्चित, सामान्य नारी, पुरुष जो पनि भजन गाउनमा संलग्न हुन सक्तछ तर गाउँ ठाउँमा अझै पनि पानी चल्ने र पानी न चल्ने मानिने व्यक्तिका बिचको भेद यसको गायनमा देखिएकै हुन्छ । साथै सभ्यताको हलचलका नजिकमा रहने र आर्थिक दृष्टिले सम्पन्न देखिने व्यक्तिभन्दा सामान्य अवस्थाका व्यक्ति यसको गायनमा बढी मात्रामा संलग्न भएका देखिन्छन् । यस प्रकारका कुरा भजनमा पनि पाइन्छन् ।

नेपाली समाजमा कीर्तन गाउने चलन निकै पहिलेदेखि को लामो परम्परा रहेको चलेको देखिन्छ । यसको विकास पनि *सामवेद*को परम्पराबाट भएको हो मानिन्छ । पौराणिक स्रोतका साथै विषयवस्तुका लौकिक स्रोतको प्रयोग कीर्तनमा भएको देखिन्छ । लयात्मकता, भावात्मकता, रागात्मकता र विषयवस्तुको मार्मिकतामा जति बढी प्रभाव पार्न सक्यो कीर्तन त्यत्ति नै उम्दा बनेको मानिन्छ । गीतकै भेद भएकोले यसको पनि सार्वकालिक, सार्वदेशीय, सर्वमान्य, निर्विवाद र निर्दोष परिभाषा पाइँदैन ।

प्रा. रिसालले केही कीर्तनको पनि रचना गरेका छन् । यिनका कीर्तनमा प्रगाढ भगवद्भक्ति पाइन्छ । रेडियो नेपालका सांगीतिक कार्यक्रममा यिनका कीर्तन बज्दै आएका छन् । यिनले गरेका कीर्तनका बारेमा त्यति ज्यादा चर्चा भएको पाइँदैन ।

३.१.१.५ आरतीको सिद्धान्त

रम् धातुमा **आ** उपसर्ग र **क्तिन्** प्रत्यय लागेर बनेको संस्कृत तत्सम शब्द आरती हो । आराध्य देवता, शक्ति, पुर्खा वा व्यक्तिको मूर्तिका सामु उभिएर दीप अर्पण गर्नु आरती हो । यो काम गायन बिना मौन भक्तिमा रहेर पनि गर्न सकिन्छ । त्यसो भए तापनि प्रायः निश्चित लयका गीत गाएर नै आरती गरिन्छ । यस्तो गायन एकल वा सामूहिक दुवै तरिकाले भएको देखिन्छ । आरती गर्दै गाइने गीत भएकोले यसलाई आरती नाम दिइएको हो । यो धार्मिक गीतमा पर्ने रचना हो । यसका विभिन्न लय प्रचलित देखिन्छन् । ईश भक्ति नै यसको मूल भाव हो । रागात्मक शैलीमा विभिन्न वाद्य सामग्रीको प्रयोगका साथ गाइँदा यसले वातावरणलाई नै मोहक बनाएको देखिन्छ । प्रायः साँझको समयमा गरिने आरतीसँगै यो गाइन्छ । लघु आकारमा पाइने यो रचना गीतकै शैलीमा सिर्जिएको हुन्छ । सनातन परम्पराका अनुयायीहरूमा यसको चलन बढी देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरती भनेको मङ्गल कार्यका लागि मङ्गल वचन प्रयोग गर्नु हो । सम्बद्ध देवता वा शक्तिको नामोच्चार तथा माहात्म्य प्रकट गरिएको गेय रचना यो हो । यसले प्रार्थनालाई पनि बुझाउँछ । कुनै पनि काम निर्विघ्नतापूर्वक सम्पन्न होस् भन्ने मनसायले पनि आरती गरिन्छ । नवाह, सप्ताह, एकाह, सत्यनारायण पूजा, लाख बत्ती बाल्ने जस्ता धार्मिक अनुष्ठानमा निश्चित समयमा आरती गाउँदै आरती गरिन्छ । घाटु, कौरा, सोरठी जस्ता नेपाली लौकिक अनुष्ठानमा पनि आरती गर्ने चलन छ । यसलाई धार्मिक अनुष्ठानको मुख्य कार्यक्रम अन्तर्गत लिइन्छ । नेपालीपन प्रकट गर्ने धार्मिक रचना भनेर पनि यसलाई चिनाउन सकिन्छ ।

प्रा. रिसालले आरती भन्न सकिने केही रचना प्रकाशित गरेका छन् । भजन र कीर्तनमा पाइने भाव, शैली र शिल्पको पुनरावृत्ति यिनका आरतीमा पनि भएको देखिन्छ । प्रगाढ ईशभक्ति, सबल गीति रचना र गम्भीर भावको प्रस्तुति यिनका यस प्रकृतिका रचनामा पाइने विशेषता हो ।

फुटकर कवितामा दोहा, चौपाइ, गजल, मुक्तक, समस्यापूर्ति, हाइकु, सनेट, सायर जस्ता रचना पनि पर्दछन् । प्रा. रिसालको सिर्जना शक्ति त्यतातिर सक्रिय भएको नदेखिएकाले यहाँ त्यस प्रकारका रचनामाथि प्रकाश पार्ने काम गरिएको छैन । मूलतः गीतभन्दा पनि कविता रच्नतिर ज्यादा आकर्षित हुने सर्जकका रूपमा प्रा. रिसाललाई चिनाउन सकिन्छ ।

३.१.२ मध्यम आकारका रचना

मध्यम आकारका काव्य विश्व साहित्यमा तुलनात्मक रूपमा कम सिर्जिएका देखिन्छन् । प्रा. रिसालले यस आकारका अनेकौं काव्य रचना गरेको देखिन्छ । खण्डकाव्यलाई प्रस्तुत आकारको प्रतिनिधि पद्य रचना मानिन्छ । त्यसैले यहाँ **खण्डकाव्यको सिद्धान्त** शीर्षक दिई यस विषयमा विमर्श गरिएको छ ।

३.१.२.१ खण्डकाव्यको सिद्धान्त

लघुभन्दा ठूलो र बृहत्‌भन्दा सानो कविताको मध्यम आकारका रचना यस वर्गमा पर्दछन् । बृहत् काव्यको खण्ड वा अंशका रूपको सिर्जना भएकोले यसलाई खण्डकाव्य भनिन्छ । यसलाई प्रबन्धात्मक काव्य पनि भनिन्छ । जीवनको एउटा खण्डको वर्णन गर्ने, पुरुषार्थ चतुष्टयमध्येको एउटा पुरुषार्थलाई महत्त्व दिने, कुनै एउटा रसको केन्द्रीयतामा रहने, कविताको आख्यानतिरको यात्रामा पहिले खुट्किलोमा बस्ने, एउटा मूल भावको प्रवाहमा बग्ने, लघुकाव्यका नामबाट पनि परिचयमा आउने र कम्तीमा एक सय श्लोकको संरचनामा आबद्ध रचनाका रूपमा यसलाई परिचित गराइएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयामगत अवस्था, आख्यानको प्रयोग तथा काव्य शक्तिको सन्तुलन, संचनागत सदुढीकरण, लय, भाव, शैली, बिम्ब, व्यञ्जना, भाषा, सन्देश, विषय र शीर्षकका बिचको अन्तरसम्बन्ध, समष्टि प्रस्तुति जस्ता कुरालाई खण्डकाव्यको स्तर हेर्ने आधार बनाइएको पाइन्छ । प्रस्तुत काव्यका तत्त्व पनि यिनै कुरा हुन् । सर्गबद्धताको नियमभित्र खण्डकाव्य रहनै पर्दछ भन्ने कुरालाई खुकुलो पारिएको देखिन्छ । शोककाव्य, गीतिकाव्य, गाथाकाव्य, कोषकाव्य जस्ता नाममा पनि यो प्रचलनमा रहेको पाइन्छ । सूक्ष्म वा स्थूल आख्यानीकरणमा आबद्ध रही लयात्मक भाव धाराका माध्यमबाट जीवनको एकांश व्यक्त गर्ने प्रबन्धात्मक काव्य यो हो भनेर पनि यसलाई चिनाउन सकिन्छ (त्रिपाठी, न्यौपाने र सुवेदी, २०६५ : ५२-५६) । कुनै ठाउँ, भाव, घटना, चरित्र, विचार, प्रसङ्गका केन्द्रीयतामा रहेर मध्यम आकारमा रचना गरिने काव्य खण्डकाव्य हो भन्दा पनि यसको परिचय सामान्य रूपमा प्राप्त हुन्छ । कवित्व, आख्यानात्मकता र संरचनात्मकतालाई खण्डकाव्य सिर्जनाका कच्चा पदार्थ भन्न सकिन्छ । कविताको परिभाषा दिने क्रममा खण्डकाव्य सम्बन्धी आधारभूत कवितात्मक पक्षको चर्चा भई सकेकोले यहाँ थप व्याख्या गर्नु उपयुक्त नदेखिएको हो ।

३.१.३ बृहत् आकारका रचना

बृहत् आकारका काव्य पनि विश्व साहित्यमा तुलनात्मक रूपमा कम सिर्जिएका देखिन्छन् । प्रा. रिसालले यस प्रकारका अनेकौं काव्य रचना गरेको देखिन्छ । महाकाव्यलाई प्रस्तुत आकारको प्रतिनिधि पद्य रचना मानिन्छ । त्यसैले यहाँ **महाकाव्यको सिद्धान्त** शीर्षक दिई यस विषयमा विवेचना गरिएको छ ।

३.१.३.१ महाकाव्यको सिद्धान्त

काव्य रचनाको ठुलो भेद भएकोले महाकाव्यलाई बृहद् आकारका रचनामा राखिएको हो । आकारगत हिसाबबाट महान् देखिने र काव्यात्मक गुणबाट पनि विशिष्ट तहमा पुगेको मानिने सिर्जना भएकोले यसलाई महाकाव्य भनिएको हो । यसका पनि बृहत् र बृहत्तम गरी दुइटा भेद पाइन्छन् । प्रा. रिसालका बृहत्तम भन्न सकिने काव्य हालसम्म नदेखिएकाले यहाँ बृहत् आकारकै काव्यमा केन्द्रित बन्नु परेको हो । बृहत् आकारको काव्य भन्नु नै महाकाव्य हो । यसलाई सामान्य रूपमा चिनाउन खोज्दा कुनै घटना वा अवस्थालाई आख्यानात्मक काव्य संरचनामा ढालेर भाषिक कलाका रूपमा काव्य शैलीमा प्रस्तुत गरिने विशाल पद्य रचना महाकाव्य हो भन्न सकिन्छ ।

सकल र आर्ष गरी दुई थरी महाकाव्य पौरस्त्य र कलात्मक वा ललित र विकसित गरी दुई नै थरी पाश्चात्य साहित्य जगत्मा चर्चित पाइन्छन् । पौरस्त्य काव्य जगत्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचलित सकल र पाश्चात्य काव्य जगत्मा प्रचलित कलात्मक वा ललित महाकाव्यलाई अचेल बहत् आकारको महाकाव्य भनिन्छ । त्यसै गरी पौरस्त्य काव्य जगत्मा प्रचलित आर्ष र पाश्चात्य काव्य जगत्मा प्रचलित विकसित महाकाव्यलाई अचेल बहत्तर वा बृहत्तम आकारको महाकाव्य भनिन्छ । प्रा. रिसालका महाकाव्य सकल अथवा कलात्मक वा ललित महाकाव्यका श्रेणीमा पर्दछन् । संस्कृत वाङ्मयका रामायण र महाभारत जस्ता काव्य बृहत्तर महाकाव्यमा पर्दछन् । यस प्रकारका ग्रन्थमा आख्यान उपाख्यानको लामो शृङ्खला समावेश गरिएको हुन्छ र युगौंदेखि चलेको सभ्यताको चित्रण गरिएको हुन्छ । महाकाव्यमा भने सभ्यताको विशाल आयाम भन्दा पनि जीवनको पूर्णता समेटिएको हुन्छ । बीजदेखि कार्यसम्मका चरण, धर्मदेख मोक्षसम्मका चार वटै पुरुषार्थ, जन्मदेखि मृत्युसम्मको जिन्दगी, रसगत सम्पूर्णता जस्ता बृहत् प्रयोग महाकाव्यमा देख्न पाइन्छ । यी सबै कुरा हुनै पर्दछ भन्ने अनिवार्यता विधायक रूपमा स्थापित नभए पनि सामान्यतः प्रत्यक्ष वा प्रकारान्तरले यिनको प्रयोग भएको देखिन्छ । यस प्रकारका विस्तारतिर लाग्दा संरचनागत विस्तार स्वभावतः अपेक्षित हुन्छ (त्रिपाठी, न्यौपाने र सुवेदी, २०६५ : ६२-७६) ।

जीवनको लमाइ, चौडाइ, गोलाइ र गहिराइका विविध आयाम महाकाव्यमा प्रयोग गरिएको हुन्छ । प्राकृतिक विविधता, सांस्कृतिक विविधता, सामाजिक विविधता जस्ता कुरा समावेश गरिने हुँदा जीवनका बहुविध रूप यसमा समेटिन जान्छन् । पौरस्त्य मान्यता अनुसार महाकाव्यमा सर्गबन्ध, प्रारम्भमा मङ्गलाचरण, आशीष, नमस्क्रिया, वस्तु निर्देश तथा भरत वाक्य, शुभाशंसा वा मङ्गलवाचक अभिव्यक्तिबाट समापन, विषयवस्तु अनुसार वन, शैल, नदी, बगैंचा जस्ता प्राकृतिक स्थितिको वर्णन, सर्गनाम र सामान्यतया प्रमुख पात्रका नामबाट काव्यको नामकरण हुनु पर्ने कुरामा जोड दिइन्छ ।

महाकाव्य रचनाको नियम यसरी बाँधिएको भए पनि उन्मुक्त भाव र आफ्नै ढङ्गको शैली प्रयोग गर्ने सिलसिलामा कतिपय महाकाव्यकारहरूले निर्दिष्ट अनुशासनको पालना गरेको देखिँदैन । यस सन्दर्भमा *हितोपदेश*मा भनिएको निम्न लिखित श्लोक उद्धरणीय बन्दछ :

स्थानमुत्सृज्य गच्छन्ति सिंहाः सत्पुरुषाः गजाः ।
तत्रैव निधनं यान्ति काकाः कापुरुषाः मृगाः (पण्डित, २०३९ : ९३) ।।

अर्थात् सिंह, महान् व्यक्ति र हात्तीहरू निश्चित ठाउँमा स्थायी रूपले बस्दैनन् । तिनीहरूको स्थायी बास एकै ठाउँमा हुँदैन । काग, कातर व्यक्ति र मृग वा खास केही जनावरहरू मात्र एउटै ठाउँमा रहेर एउटै किसिमको जीवन बिताउँछन् । कविहरू स्वच्छन्द भावको उडान भर्दै कल्पनाको संसारमा विचरण गर्ने हुनाले रचना शैलीका निर्दिष्ट बन्धनभित्र तिनीहरू कुँजिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहँदैनन् । महाकाव्यकारहरूमा पनि यो कुरा लागू हुन्छ । प्रा. रिसाल पनि महाकाव्यका नियममा पूर्णतः बाँधिएका सर्जक देखिँदैनन् ।

समय, कार्य र घटनाको सीमाभित्र रहेर काव्य रचना गर्नु पर्ने अनुशासनका सन्दर्भमा समयावधि, विषयवस्तुको प्रकृति, क्षेत्र र आयाम अनि पात्रको वैविध्य एवं उँचाइ र सन्देशको विस्तार महाकाव्यमा हुन्छ । शृङ्गार, वीर र शान्त रस महाकाव्यमा मुख्य रूपमा रहनु पर्ने कुरा बताइएको छ । प्रतिभा, व्युत्पत्ति र अभ्यास जस्ता काव्य सिर्जनाका आधारमा मूलतः प्रतिभा र अंशतः व्युत्पत्ति एवं अभ्यास अधिकतर महाकाव्यकारमा देखिन्छ । कथावस्तुलाई सुन्दर एवं गहन बनाउने प्रयास, भाषिक प्रभुत्व, उखान र सूक्तिको प्रयोग, विषयवस्तु, पात्र, परिवेश, प्रस्तुति शिल्प, भाव, सन्देश, भाषा, संरचना जस्ता अनेकौं पक्षको उचित व्यवस्थापन महाकाव्यमा चाहिन्छ । भाषिक प्रयोग र छन्द विधानमा संयम, अनुशासन र धैर्य महाकाव्यकारमा हुनु पर्दछ भनिन्छ । महान् विषय, महान् पात्र, महान् क्षेत्र, महान् जीवन, महान् संरचना, महान् शिल्प, महान् ज्ञान, महान् अनुभव, महान् धैर्य, महान् परिपक्वता, महान् भाषिक प्रभुत्व लगायतका अनेकौं महत् तत्त्वको संवाहक महान् काव्यलाई महाकाव्य भनिन्छ ।

विश्व साहित्यमा महाकाव्य रचना गर्ने चलन हालका दिनमा शिथिल बन्दै गएको पाइन्छ । आजको व्यस्त मान्छेलाई महाकाव्य रचना गर्ने फुर्सद, महाकाव्य पढ्ने फुर्सद, महाकाव्य बुझ्ने धैर्य, महाकाव्य लेख्नका लागि चाहिने लगन, अनुभव, साधना लगायतका विभिन्न कुराको प्राप्ति गारो बन्दै गएकोले पनि यसो भएको हो । त्यसैले नपढिने र नसिर्जिने यस विधालाई अतीततको इतिहासका रूपमा सुरक्षित राख्न संग्रहालयमा थन्क्याउनु पर्ने कुरा पनि कतिपय समीक्षकहरूले उठाएका छन् ।

नेपाली साहित्यमा भने महाकाव्यको रचना वर्तमान समयमा पनि भएकै देखिन्छ । नयाँ प्रकाशित महाकाव्यहरू कति पढिन्छन् भन्ने कुराको लेखाजोखा गर्नु भिन्नै पक्ष हो र ती रचनामा हुनु पर्ने महाकाव्यत्वको कुरा पनि अलग्गै बहसको विषय हो । जुन रूपमा जसरी भए पनि बर्सेनि महाकाव्यको संख्या नेपाली साहित्यको भण्डारमा थपिँदै जानु चाहिँ उल्लेख्य कुरा हो ।

सबैजसो कवितामा शीर्षक, विषय, भाव, बिम्ब, अलङ्कार, व्यञ्जना, विधागत आयाम, लय, संरचना, भाषिक कौशल, प्रस्तुति शिल्प, सन्देश र काव्य शक्ति रहेको हुन्छ । आख्यान नभएको भनिने लघुतम आकारको रचना वा सूक्तमा समेत कुनै नकुनै रूपको आख्यान सूत्र प्रयोग गरिएकै हुन्छ किनभने कविताको भावात्मक पारोलाई जमाएर राख्ने तत्त्व आख्यान नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता रचना गर्ने भन्दा कविताको गहिराइ बुझ्ने व्यक्ति उत्तम स्तरको कवि मानिन्छ। कविता रचना गर्दैमा कवि बनिँदैन। कवि बन्नका लागि भावुक हृदय हुनु आवश्यक छ। उच्च स्तरका कविहरू कविता रचना गर्दैनन् बरु कवितामा आचरण गर्दछन्। मोतीको माला पाउँदा हनुमान्ले टोकेर फालेको कथा कथा नभएर कविता हो किनभने त्यसमा कवित्व छ, हृदय छ, विचार छ, भावना छ र सन्देश पनि छ। त्यसैले पद्यात्मक अभिव्यक्ति प्रस्तुत गर्दैमा कविता बनी हाल्दैन। देवकोटाले 'के नेपाल सानो छ ?' भन्ने निबन्धमा ...*यहाँ बाग्नर कोदाली खनिरहेछन्, शेक्सपियर हलो जोल्दा हुन्, टिसियन र टर्नर भेडा चराउँदा हुन्, सोक्रेटिज गुफामा घोत्लिरहेका होलान्, कालिदास अषाढको पन्ध्रमा धाराप्रवाह गीत गाइरहेका होलान्। मकहाँ साण्डोले दाउराका भारी बोकेर ल्याउँछन्, मेरो वनमा हेलेन कलरहरू गीतहरू गाउँदछन्, यहाँ कति सावित्रीहरू छन् जसका कथा संसारले सुनेकै छैन, यहाँ कति साहित्य छ जो लेखिएकै छैन...*भन्नको तात्पर्य यही हो।

कविताको रचना आज आवश्यक सामग्री जुटाएर कम्प्युटरबाट गराउने प्रयोग र प्रविधि व्यवहारमा देखिएको छ। दुई दुने चारको गणना थाहा पाउन क्यालकुलेटर चलाउने आजको पुस्ताले निकट भविष्यमा कविता रचना गर्ने व्यक्तिलाई दुना जान्ने बुढो पुस्तालाई जस्तै होच्याउने अवस्था न आउला भन्न सकिँदैन। यी सबै कुरा हुँदा हुँदै पनि पौरस्त्य र पाश्चात्य दुवै काव्य जगत्मा कविताको महत्त्व आफ्ना ठाउँमा सुरक्षित छ। सिर्जनाका साथै ज्ञान र विज्ञानका दुनियाँमा समेत कविता कति मूल्यवान् छ भन्ने कुराको एउटा उदाहरण *का विद्या कवितां विना* अर्थात् कविता न भएको विद्या शास्त्र बन्दैन भन्ने उक्ति हो।

३.२ गद्य साहित्यका रचना

सर्जकहरू पद्यका तुलनामा गद्य विधाका माध्यमबाट सिर्जनात्मक प्रतिभा प्रस्तुत गर्न कम रुचाउँछन्। प्रा. रिसालले गद्य साहित्यमा पनि आफूभित्रको साहित्य सिर्जना शक्तिको प्रयोग गरेका छन्। यस प्रकृतिका यिनका रचनाको अध्ययनका निमित्त यहाँ गद्य साहित्यको सैद्धान्तिक पक्षको सामान्य चर्चा गरिएको छ।

सामान्यतः हरफ जोडेर लेखिने साहित्यलाई गद्य साहित्य भनिन्छ। छन्द र लयका औपचारिक बन्धनमा न बाँधिएको रचनालाई गद्य भन्ने गरिन्छ। कवितामा पनि यो प्रयोग गरिएको पाइन्छ। विशेष किसिमको संरचनात्मक शिल्प र खास ढङ्गको शैली भएको कविताको एउटा भेदलाई गद्य कविता भनिन्छ। यहाँ कविता र नाटक बाहेकका रचनालाई गद्य साहित्य भनिएको छ। यस्तो साहित्यमा कलम चलाउन गारो हुने कुरा अनुभवीहरू बताउँछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसालले यथेष्ट मात्रामा गद्य साहित्यको रचना गरेका छन् । गद्य साहित्यलाई आख्यानयुक्त गद्य र आख्यानेतर गद्य गरी दुई भागमा विभक्त गर्ने चलन रहे पनि प्रा. रिसालको कृतित्वको स्थितिका आधारमा यहाँ **निबन्ध, कथा, जीवनी, सम्पादन, वंशावली** समेतका विविध उपविधाको विभाजन गर्नु उपयुक्त देखिन्छ ।

३.२.१ निबन्ध

गद्य साहित्यमा संसारभरि नै हलचल मच्चाउँदै गरेको नवीन विधा निबन्ध हो । यसलाई गद्य विधा अन्तर्गत पाश्चात्य साहित्य संसारबाट उदाएको रचना मानिन्छ । यसका अनेक भेदका रूपमा अचेल विभिन्न प्रकारका सिर्जनात्मक साहित्य प्रयोगमा आएका देखिन्छन् । प्रा. रिसालले कलम चलाएका त्यस किसिमका रचनाहरूको सैद्धान्तिक चर्चा गर्न यहाँ **निबन्धको सिद्धान्त, प्रबन्धको सिद्धान्त, पत्र साहित्यको सिद्धान्त, गोष्ठी पत्रको सिद्धान्त, लेख रचनाको सिद्धान्त, यात्रा साहित्यको सिद्धान्त, नियात्राको सिद्धान्त, संस्मरणको सिद्धान्त, जीवनीको सिद्धान्त, आलोचनाको सिद्धान्त** र **प्रवचनको सिद्धान्त** शीर्षक दिइएको छ ।

३.२.१.१ निबन्धको सिद्धान्त

विश्व साहित्यको गद्य विधामा विकसित भएको पछिल्लो उपविधा निबन्ध हो । यसलाई खास विषयमा लेखिएको सानो लेख भनेर चिनाइएको पाइन्छ । निबन्ध शब्दले प्रयत्न, उद्योग र आक्रमण भन्ने अर्थ पनि जनाउँछ । ललित साहित्यमा विधागत अस्तित्व कायम गरेर विभिन्न भेद उपभेदका साथ सर्वाधिक चर्चित साहित्यिक रचनाका रूपमा निबन्ध संसारभरि नै स्थापित भई सकेको छ ।

बन्ध् धातुमा **घञ्** प्रत्यय तथा **नि** उपसर्ग लागेर बनेको संस्कृत शब्द निबन्ध हो । कुनै पनि विचार वा विषयलाई गद्य वा पद्यमा बाँध्नु भन्ने अर्थ यस शब्दले साहित्यिक सन्दर्भमा व्यक्त गर्दछ । बन्धन, राम्रोसँग बाँध्नु, वाक्य रचना, पुस्तकको टीका, स्थापना, आधार, सहारा, अधीनता, कुनै विषयको विस्तृत वर्णन, कस्नु, जकड्नु, रचना गर्नु, लेख्नु, नियन्त्रण, अवरोध, बन्धन, स्थिर सम्पत्ति जस्ता अनेक अर्थ यस शब्दले जनाउँछ । प्रबन्ध, लेख, गद्य रचना, स्वतन्त्र र छोटो गद्य लेखन, निजात्मक गद्य लेखन, विषयनिष्ठ गद्य लेखन, विनोदपूर्ण लेख भनेर पनि यसलाई चिनाउने गरिन्छ ।

संस्कृत वाङ्मयमा निकै पहिलेदेखि निबन्ध शब्दको प्रयोग भएको पाइन्छ । *याज्ञवल्क्यस्मृति, अमरकोश* र *धर्मशास्त्र*का अनुसार निबन्ध शब्द द्रव्यका अर्थमा प्रयोग गरिएको देखिन्छ । *श्रीमद्भगवद्गीता*मा विशेष खालको बन्धन वा प्रतिबद्धता भन्ने भाव जनाउनका लागि यो शब्द राखिएको पाइन्छ । निबन्धको प्रयोग सबै कोश ग्रन्थमा भएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान साहित्यिक प्रयोगका परिप्रेक्ष्यमा यसलाई कुनै विचार, विषय वा उद्देश्यमा आधृत गद्यमा लेखिएको रचना भन्न सकिन्छ । यसमा वादविवाद र पूर्णताको दाबी रहँदैन । यो मनोविनोदात्मक हुन्छ । गद्यको छोटो मिठो लेखाइ र साहित्यको एउटा विधाका रूपमा स्थापित रचना पनि यसलाई भन्न सकिन्छ । भाव प्रयोगका दृष्टिले कविताका हाराहारीमा आउने यस रचनामा विषयगत असीमितता र भावनात्मक स्वतन्त्रता पाइन्छ । गद्य शैलीमा प्रयोग गरिने साहित्यको स्वतन्त्र विधाका रूपमा रोचक, आकर्षक र विशाल बन्दै गएको पूर्ण कलात्मक रचना यो हो । मोर्तेले प्रयोग गरेको **एसाइ** र अंग्रेजी साहित्यकार फ्रान्सिस बेकनले प्रयोग गरेको **एस्से** शब्दको संस्कृत रूपान्तर निबन्ध हो । यी दुवै जनाका रचनाको विश्वव्यापी विस्तार आजको निबन्ध साहित्य हो ।

निबन्धलाई चिनाउने क्रममा विभिन्न व्यक्तिले आफ्ना धारणा प्रस्तुत गरेका छन् । यस विधाका प्रथम प्रयोक्ता मानिने फ्रान्सेली साहित्यकार मोर्तेले भने बमोजिम *मेरा निबन्ध मेरा भावना हुन् । यिनबाट म कुनै नौलो वस्तुको आविष्कार गर्ने स्वाङ गर्दिन । मेरो काम आफ्नो हृदय खोलेर देखाउनु हो । म नै मेरा निबन्धको विषय वस्तु हुँ किनभने मैले मलाई राम्ररी चिन्दछु । मेरा यी रचनामा विचार, कथा र उद्धरणको मिश्रण छ ।*

फ्रान्सिस बेकनले निबन्धलाई विकीर्ण वा छरिएका चिन्तन भनेका छन् ।

जोन्सनका विचारमा निबन्ध भनेको मनको मुक्त विचरण हो ।

क्याबका अनुसार निबन्ध यद्यपि प्रसिद्ध साहित्यिक गद्य विधा मानिन्छ तर यथार्थमा यो प्रतिभा नभएको लेखक र बोक्रे चेतनामा रिझिने पाठकलाई सुहाउने रचना हो ।

जे डब्लु मेरिटका अनुसार निबन्ध एक प्रकारको विचारपूर्ण साहित्यिक खोज हो जसमा स्मित हृदयका कुरा वैयक्तिक ढङ्गले प्रस्तुत गरिन्छ ।

हड्सनले निबन्धलाई कुनै पनि विषयमा लेख्न सकिने छोटो र पट्यार न लाग्ने रचना भनेका छन् ।

हर्बर्ड रिडरका विचारमा ३५०० देखि ५००० शब्दसम्ममा अटाउने गद्य रचना निबन्ध हो ।

नेपाली निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका अनुसार निबन्ध टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमन वेदान्त । यसमा ठर्रोपन हुँदैन, यो लच्किन्छ र घनिष्टतातिर ओर्लिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयचन्द्र सिंह प्रधानले निबन्धलाई चिनाउने क्रममा *लेखकले कलमको पछि पछि मात्र दौडेर पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नु पर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्ग्य, हास्य र ठट्यौलोपन मामुली तवरबाट पोख्दै जानु पर्छ* भनेका छन् ।

बदरीनाथ भट्टराईले निबन्धलाई *सत्य वस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप* भनेका छन् ।

बालकृष्ण पोखरेलका विचारमा सबैभन्दा माथिल्लो तहको निबन्ध निजात्मक हो र हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।

माथि दिइएका भनाइले निबन्धका विविध पक्षको उद्घाटन त गरेका छन् तर यी परिभाषा समय अनुसार बदलिने रूप, शैली, शिल्प, प्रयोग र प्रवृत्तिका सन्दर्भमा सधैँभरि मान्य बन्न भने सक्तैनन् । तसर्थ समय अनुसार परिभाषा पनि बदलिन्छन् । निबन्धमा पनि यो कुरा लागू हुन्छ । निबन्धमा विषयगत विविधता, सङ्क्षिप्तता, मनोविनोदात्मकता एवं व्यक्तित्वको प्रकाशन हुन्छ र यससित निबन्धकार घनिष्टतम सम्बन्धमा गाँसिएको हुन्छ ।

निबन्धको थालनी फ्रान्सेली साहित्यकार मिसेल दि मोतेंको १५८० मा प्रकाशित **एसाइ** र बेलाइती लेखक फ्रान्सिस बेकनको १५९७ को **एस्से**को प्रभावबाट भएको मानिन्छ । त्यसपछिका यसका प्रयोक्तामा इडिसन, ब्राउन, विलियम टेम्पल, गोल्डस्मिथ, लेहन्ट, विलियम हेजलिट, चार्ल्स ल्याम्ब, टमस डी. किन्सी, अलेक्जेन्डर स्मिथ, स्टिवेन्सन, ई.बी.ल्युकस, ए.जी.गार्डनर, रबर्ट लिड, स्टिल, हजलिट, इमर्सन, डी.एच.लरेन्स र भर्जिनिया उल्फ, जी.के.चेस्टरटन, अगस्टिन बिरेल जस्ता अनेकौं लेखकको नाम आउँछ । रोबर्ट पिन्एकीले पद्य शैलीमा लेखेका रचनालाई पनि निबन्ध भनेका छन् ।

चार्ल्स ल्याम्ब (१७७५-१८३४) निकै चर्चित निबन्धकार मानिन्छन् । आफ्ना निबन्धका माध्यमबाट पाठकलाई निकै आकर्षित गर्ने यिनलाई निबन्ध शिरोमणि भनिन्छ ।

ल्याम्बपछि 'द डेली न्युज' का सम्पादक ए.जी. गार्डनर (१८६५-१९४६) शब्द चयनमा अद्भुत शक्ति भएका निबन्धकार पनि ज्यादै प्रसिद्ध लेखक मानिन्छन् । सन् १९४६ सम्म आई पुग्दा अङ्ग्रेजी निबन्धले विश्वभरि प्रभाव पारी यस विधाको लेखन सर्वत्र फैलाएको देखिन्छ ।

निबन्ध विधाबाट विभिन्न रचनाको विकास भएको पाइन्छ । ती रचनालाई यसका उपविधा भनिन्छ । संस्मरण, आत्मवृत्तान्त वा आत्मकथा, जीवनी, अन्तर्वार्ता, दैनिकी, पत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य, रिपोर्ट, रेखाचित्र, गोष्ठी साहित्य, विज्ञापन साहित्य जस्ता गद्यात्मक लेख प्रलेखका रचनाहरू तिनमा पर्दछन् । यस प्रकारका कतिपय रचना विधागत स्वतन्त्र अस्तित्व कायम गर्ने अवस्थामा पुगेका पनि देखिन्छन् । अन्तरवार्ता अचेल निकै चल्तीमा रहेको पाइन्छ । यसले विविध प्रकारका कुराकानीका साथै विचार वा चिन्तन, मनोविनोद र ज्ञानमूलक भलाकुसारीलाई पनि जनाउँछ । लाभदायक सम्वाद पनि यसलाई भनिन्छ । यसलाई निबन्धकै वर्गमा राखिन्छ । सम्पादकीय, भूमिका, प्रकाशकीय र लेखकीय मन्तव्य पनि निबन्धका भेद मानिन्छन् । अनेक प्रकारका विज्ञप्तिलाई निबन्धकै भेदका रूपमा हेर्न सकिन्छ ।

निबन्धमा साहित्यिक विभिन्न विधाको मिश्रण पाइने कुरा कतिपय समालोचकहरूले बताएका छन् । यस क्रममा अलेक्जेन्डर स्मिथले गीति कवितामा जस्तै निबन्धमा पनि निबन्धकारको मनोदशा घनीभूत रूपमा प्रकट भएको हुन्छ भनेका छन् । संस्कृत साहित्यमा सबै प्रकारको रचनालाई निबन्ध भनिएको छ । आख्यानबाट मुक्त हुँदै जान लागेका आधुनिक कतिपय कथा र निबन्धका बिच भेद छुट्याउन गारो परेको देखिन्छ । यसको उदाहरण परिजातको *सडक र प्रतिभा* हो । गद्य कविता र आलङ्कारिक शैलीका निबन्धका बिच पनि ठुलो अन्तर पाइँदैन । देवकोटाका निबन्धका पंक्ति तोडेर प्रस्तुत गर्ने हो भने उत्तम स्तरका गद्य कविता बनेका देखिन्छन् । कतिपय निबन्धमा नाटकीय संवाद प्रयोग गरिएको पाइन्छ । त्यस्तो प्रयोग गर्नु भनेको नाटक लेखनको शैली अपनाउनु हो । साहित्यिक विभिन्न विधाको स्वायत्तता शिथिल बन्दै जानु र निबन्धमा तीमध्येका कतिपय विधाको शैली, शिल्प र प्रयोगको प्रविष्टि हुनु अचेल सामान्य जस्तै बनेको देखिन्छ । गद्य प्रयोग तथा आकारका दृष्टिले निबन्ध र कथा परस्पर निकटमा रहने विधा हुन् । त्यसै गरी भावप्रवणताका हिसाबबाट निबन्ध र कविता तथा गीत एक अर्कासित हातेमालो गर्न खोज्ने रचना हुन् ।

निबन्धमा आकारगत लघुता, भाव वा विचारको केन्द्रीयता, रोचकता, अनुभूतिमयता, वैयक्तिकता, अभिव्यक्तिगत विशिष्टता, भाषिक चमत्कार, उद्देश्य, विशिष्ट गद्य शैली, काव्यात्मक भाषा, खुकुलो संरचना जस्ता कुरा रहेका हुन्छन् । यिनै कुरा यस विधाका तत्त्व हुन् ।

भाव, आकार, वर्ण्य विषय, अभिव्यक्ति प्रणाली, भाषा शैली समेतका विभिन्न तत्त्वका आधारमा निबन्धका भेदहरू छुट्याउने गरिन्छ । व्यक्तिप्रधान, वस्तुगत, भावात्मक वा आत्मपरक अथवा निजात्मक गरी विभिन्न प्रकारका निबन्धहरू पाइन्छन् । वस्तुपरक निबन्धमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, राजनीतिक, आर्थिक, नैतिक लगायतका अनेक भेद पर्दछन् । संरचना र शैलीका आधारमा हेर्दा वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, भावात्मक, व्यङ्ग्यात्मक, मनोवैज्ञानिक, संस्मरणात्मक, कथात्मक, नाटकीय, कल्पनात्मक,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याख्यात्मक विश्लेषणात्मक, तार्किक जस्ता थुप्रै भेद निबन्धमा देखिन्छन् । शैली शिल्पका आधारमा चित्रात्मक, आलङ्कारिक, सूक्तिमूलक, काव्यात्मक समेत गरी यसका विविध भेद पाइन्छन् । आत्मपरक, वस्तुपरक र मिश्रितलाई निबन्धका प्रमुख वर्गमा राख्ने गरिन्छ । कार्ल मार्क्सको दर्शनको प्रभावमा आधृत विचार प्रधान निबन्धलाई प्रगतिवादी र त्यसभन्दा इतर विचारमा लिखित निबन्धलाई गैर प्रगतिवादी भन्ने पनि चलन छ । जीवन चरित्र प्रधान, समीक्षात्मक, व्याख्यात्मक, मनोविनोदात्मक लगायतका अनेक भेदमा पनि निबन्धलाई विभक्त गरिएको पाइन्छ (शर्मा, २०७० : ५-२४) ।

निबन्ध आत्मप्रकाशन गर्ने एक प्रकारको कला हो । साहित्यिक प्रतिभाको प्रकाशन यसले गर्दछ । रोचक विषयवस्तु, आकर्षक प्रस्तुति, प्रभावोत्पादक र विषयानुकूल शीर्षक, काव्यात्मक शैली, सरल भाषा, अनौपचारिक तरिकाको वस्तु विन्यास, स्वतन्त्र भाव, निजत्वको प्रस्फुटन जस्ता कुरा यस विधाको रचनाका प्रमुख सर्त मानिन्छन् । निबन्धकार स्पष्ट रूपमा प्रकट हुने भएकोले यसलाई गद्य शैलीमा रचनाकारको व्यक्तित्व प्रकाशित गर्ने कविता भनेर पनि कतिपय समीक्षकले चिनाउन खोजेको देखिन्छ ।

प्रा. रिसालले अनेकौं शैली र प्रकारका निबन्ध लेखेका छन् । यिनका निबन्ध प्रायः विचार प्रधान हुन्छन् । निबन्धकारका वैचारिक अवधारणा तिनले प्रस्तुत गरेको पाइन्छ । यिनका निबन्धहरू पनि मूलतः वेदान्त दर्शनका भावभूमिकै सेरोफेरोभित्र समेटिएका देखिन्छन् । शैक्षिक विषयलाई आधार बनाएर पनि यिनले निबन्ध लेखेको पाइन्छ ।

३.२.१.२ प्रबन्धको सिद्धान्त

प्रबन्ध निबन्ध जातिकै रचना र एउटा भेद हो । निबन्ध र प्रबन्धमा धेरै ठुलो भिन्नता देखिँदैन । गहिरिएर विचार गर्दा आत्मपरकता बढी भएको गद्य रचनालाई निबन्ध र वस्तुपरकतामा संरचित निबन्धकै हाराहारीको कृतिलाई प्रबन्ध भनेर छुट्याउने गरिन्छ । संस्कृतको प्रबन्ध शब्दको अर्थ र साहित्य सिर्जनाको निबन्ध वर्गमा पर्ने प्रबन्धको अर्थ परस्परमा मेल खाँदैन तापनि यही शब्द प्रयोगमा आएको पाइन्छ । सामान्यतया विचार प्रधान लेखलाई प्रबन्ध भन्ने चलन छ । रवीन्द्रनाथ ठाकुरले आफ्ना केही रचनालाई निबन्ध नभनेर प्रबन्ध भनेका छन् । त्यसै गरी लक्ष्मीप्रसाद देवकोटाले *लक्ष्मी निबन्ध संग्रह*मा समेटिएका कृतिलाई निबन्ध नभनेर प्रबन्ध भनेका छन् जब कि पुस्तकको नाम *लक्ष्मी निबन्ध संग्रह* राखिएको छ ।

संस्कृतको **नि** र **प्र** उपसर्गको भिन्नता निबन्ध र प्रबन्धमा देखिन्छ तर यी दुई उपसर्गले बुझाउने अर्थगत भिन्नताभन्दा पनि प्रयोगगत भिन्नता निबन्ध र प्रबन्धका बिच रहेको देखिन्छ । प्रबन्ध शब्द संस्कृत वाङ्मयमा पर्याप्त मात्रामा प्रयुक्त छ । प्रबन्ध शब्दले *महाभारत*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता आख्यान प्रधान काव्य कृतिलाई बुझाउँछ । सुसंगठित कथानकयुक्त संस्कृत काव्यलाई पनि प्रबन्ध काव्य भनिएको पाइन्छ । यसले अनुसन्धानमा आधृत प्रतिवेदन वा ग्रन्थलाई पनि बुझाउँछ । संस्कृत साहित्यमा साहित्यिक रचनालाई निबन्ध र आख्यानयुक्त साहित्यिक कृतिलाई प्रबन्ध भनिएको पाइन्छ ।

निबन्धकै वर्गभित्रको उपवर्ग छुट्याउनका लागि प्रयोगमा ल्याइएको शब्द प्रबन्ध हो । निबन्धमा लेखकको व्यक्तित्व बढी झल्किएको हुन्छ भने प्रबन्धमा वर्ण्य विषयलाई स्पष्ट पार्ने तथ्यको विस्तार प्रकट भएको हुन्छ । आफूलाई व्यक्त गर्नुभन्दा पनि बाह्य सन्दर्भ, ऐतिहासिक तथ्य र प्रामाणिक आधार जुटाएर विषयलाई तर्कसङ्गत, आधारयुक्त, प्रामाणिक र खुलस्त पार्ने काम प्रबन्धकारले गरेको हुन्छ । प्रबुद्ध, तुलनात्मक रूपमा अधिक शिक्षित र सम्बद्ध विषयका जिज्ञासु पाठकका निम्ति बौद्धिक खुराक थप्ने काम प्रबन्धले गरेको हुन्छ । यसरी निबन्ध भनेको लेखकका मस्तिष्कको छिपछिपे ज्ञान मिसिएको हृदय पक्षको उद्घाटन गर्ने रचना हो भने प्रबन्ध भनेको बुद्धि पक्षको व्यायामबाट प्रस्तुत गरिने आलेख हो भन्ने कुरा थाहा हुन्छ ।

प्रा. रिसालले निबन्धभन्दा ज्यादा प्रबन्ध लेखेको देखिन्छ । विचार प्रधान यिनका लेखहरू आत्म प्रकाशनलाई भन्दा वर्ण्य विषयको पुस्टिलाई महत्त्व दिने खालका छन् । त्यसमा पनि वेदान्त दर्शन नै केन्द्रीय विषय बनाइएको पाइन्छ । हृदय पक्षभन्दा ज्यादा बुद्धि पक्षको प्रकाशन यिनका रचनाले गरेको देखिन्छ । त्यसो भए तापनि अधिकतर समीक्षकहरूले यिनलाई कविपछि निबन्धकार भनेका छन् । प्रबन्धकारका रूपमा यिनको परिचय दिइएको देखिँदैन जब कि यिनी निबन्ध विधामा प्रबन्धकार नै बनेका पाइन्छन् ।

३.२.१.३ पत्र साहित्यको सिद्धान्त

निबन्ध वर्गको अर्को रचना चिठी पत्र हो । यसको लेखन शैली निबन्धसित मिल्दोजुल्दो हुने भएकोले यसलाई यहाँ यस क्रममा राखी चिनाउने काम गरिएको हो । बदरीनाथ भट्टराईको पत्र शैलीमा लिखित **चिठी** शीर्षकको निबन्ध निकै प्रसिद्ध छ । दुर्गाप्रसाद भण्डारी, अभि सुवेदी जस्ता केही अन्य निबन्धकारका रचना पनि यस शैलीमा प्रस्तुत गरिएका देखिन्छन् ।

चिठीपत्रको शैलीका निबन्धमा प्रबन्धात्मक गुण ज्यादा पाइन्छन् । कुनै व्यक्ति आफन्त, प्रेमी वा प्रेमिका, सन्तति, शिष्य, जन समुदाय, नेता, विशिष्ट व्यक्ति वा उपयुक्त पात्रलाई सम्बोधन गरेर समसामयिक अथवा उल्लेख्य जुनसुकै विषयमा जानकारी दिने वा तत्सम्बन्धका अनुभूति प्रकट गर्ने तरिकाले लेखिने रचना यो हो । समाचार पत्रमा प्रकाशित हुने खुला पत्र पनि यसकै उदाहरण हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिठीपत्रको शैलीका निबन्धमा पर्याप्त तार्किक, प्रामाणिक, अनुभवात्मक र संज्ञानात्मक कुरा राखेर वर्ण्य विषयको विश्लेषण गरिएको हुन्छ । सामान्यतया १००० शब्दको आकार यस प्रकारका रचनाको हुन्छ । अचेल समाचार पत्र वा साहित्यिक रचनामा छाप्नका लागि प्रकाशित विज्ञापनमा समेत आकारगत सीमा तोकिएको देखिन्छ । विषय, अवस्था, आवश्यकता अनुसार विस्तृत आकारमा जाने प्रवृत्ति पनि यसमा देखिन्छ । संवेदनशील विषय समातेर त्यसका माध्यमबाट सल्लाह, सुझाव, दायित्व संवहन, उपदेश, मार्ग निर्देशन, आज्ञा, विचार, धारणा, अनुभव, ज्ञान र चिन्तन प्रवाह गर्ने काम यसमा हुन्छ । भाषिक सरलता, वैचारिक स्पष्टता, प्रस्तुतिगत प्रभावकारिता जस्ता कुरा यसमा पाइन्छन् । लेखकको सहमति वा विमति प्रकट गर्ने माध्यम पनि यो बनेको हुन्छ ।

आवेशमा नआएका समय, मानसिक स्थिति स्वस्थ नभएका बेला, उपयुक्त अवस्थामा रहेको स्थिति र पात्रको योग्यताको सही अध्ययन जस्ता कुराको ख्याल नगरिएमा यस्तो रचना प्रत्युत्पादक पनि बन्न सक्तछ । बोलेको कुराभन्दा लेखेको कुरा टिकाउ हुने भएकोले परिणामको विचार गर्नु यस्तो रचनाका सर्जकका निम्ति आवश्यक हुन्छ । निकै प्रभावकारी र उपयुक्त मानिने हुँदा यस्तो रचना पठनीय र मननीय हुन्छ ।

प्रा. रिसालका यस प्रकृतिका रचना प्रत्यक्ष र अप्रत्यक्ष, निबन्धात्मक र काव्यात्मक दुवै किसिमबाट प्रकाशमा आएका देखिन्छन् । दार्शनिक प्रवक्ता तथा अध्यात्म चिन्तक भएकाले पनि यस्तो सिर्जनामा यिनले सफलता प्राप्त गरेका छन् । वेदान्त दर्शनले यिनलाई यस शैलीका रचनामा पनि साथ दिएको देखिन्छ ।

३.२.१.४ गोष्ठीपत्रको सिद्धान्त

गोष्ठीपत्रलाई निबन्ध रचनाकै कोटिमा राखेर हेर्ने गरिन्छ । ज्ञान विज्ञान र जीवन जगत्सित सम्बद्ध जुनसुकै विषयमा गोष्ठी गर्न सकिन्छ र गरिएको पनि पाइन्छ । विषय विज्ञहरूले अध्ययन, अनुसन्धान, अनुभव, साधना र परीक्षणबाट जाने बुझेका कुराको उल्लेख एवं व्याख्या यस प्रकारका रचनामा गर्दछन् । अचेल क्षेत्रीय, राष्ट्रिय, अन्तरराष्ट्रिय जस्ता विभिन्न स्तरका गोष्ठी गर्ने चलन बढ्दै गएको दखिन्छ । यस प्रकारका कार्यले समान विषयका विज्ञहरूका बिचको परिचय, सम्बन्ध, सहयोग र अनुभव आदानप्रदान गर्ने उपयुक्त वातावरण तयार हुन्छ ।

गोष्ठीको परम्परा वैदिक कालदेखि नै चल्दै आएको देखिन्छ । प्राचीन कालमा एउटै थलोमा गोठ राख्नेहरूले गर्ने सल्लाह, सभा, भेला, नाचगान, भलाकुसारी, खानपान जस्ता विशेष क्रियाकलापलाई गोष्ठी भन्ने चलन रहेको पाइन्छ । बिस्तारै बौद्धिक क्षेत्रमा गरिने विमर्श, सभा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मेलनहरूलाई गोष्ठी भन्न थालियो । अचेल विश्व स्तरमै आवश्यक भएका विभिन्न विषयमा अनेक प्रकारका गोष्ठी गर्ने चलन व्यापक हुँदै गएको देखिन्छ । यस प्रकारका गोष्ठीमा निश्चित समयभित्र प्रस्तुत गरिने विषयगत आलेखलाई गोष्ठीपत्र भनिन्छ । कतिपय सन्दर्भमा यसलाई कार्यपत्र तथा सम्मेलनपत्र पनि भनिन्छ ।

विषय र उद्देश्यको घेराभित्र रहेर उपयुक्त तथ्य, तर्क, प्रमाण, आधार, प्रयोग, अवस्था अघि सार्दै आफूले जाने बुझेका कुरा प्रस्तुत गर्ने माध्यमको रचना गोष्ठीपत्र हो । यसको आयाम सामान्यतया ३००० शब्दसम्मको भए उपयुक्त मानिए पनि विषय र परिस्थिति हेरेर यसलाई पचास हजार शब्दको विस्तारसम्म पुऱ्याइएको पनि देखिन्छ । विशेष अवस्थामा बाहेक यसको अधिक लमाइ उपयुक्त मानिँदैन । सम्बद्ध विषयका समस्या, तिनका समाधानका उपाय, त्यस सम्बन्धमा भई रहेका काम, त्यसको प्रभाव, महत्त्व र उपयोगिता जस्ता कुराको परिचय, विवेचना र निदान यस प्रकारका पत्रमा दिइएको हुन्छ ।

निबन्धभन्दा पनि प्रबन्ध रचनासित गोष्ठीपत्रको निकट सम्बन्ध रहेको देखिन्छ किनभने यसमा वैचारिक धरातलमा वस्तुनिष्ठ कुरा गरिएको हुन्छ । वस्तुपरकता यसको गुण मानिन्छ । प्रा. रिसालले विभिन्न तह र क्षेत्रका संघ संस्थाहरूबाट आयोजित अनेकौं गोष्ठीमा यस प्रकारका रचना प्रस्तुत गरेको देखिन्छ । यिनका यस प्रकृतिका रचनाले पनि कुनै न कुनै रूप र तवरबाट वेदान्त दर्शनलाई महत्त्व दिएको बुझिन्छ ।

३.२.१.५ लेख रचनाको सिद्धान्त

जुनसुकै विषयमा तयार पारिएका लेख वा रचनासित पनि निबन्धको नजिकको नाता रहेको देखिन्छ । निबन्ध आफैमा एक प्रकारको लेख नै हो । यसको आकार यस्तै र यत्ति नै हुनु पर्दछ भन्ने वैधानिक मान्यता स्थापित भएको त देखिँदैन तर सामान्यतया ३००० शब्दसम्मको आयाममा अटाएको लेख उपयुक्त मानिन्छ ।

वर्ण्य विषयलाई स्पष्ट पार्ने तथ्यको विस्तार, बाह्य सन्दर्भ, ऐतिहासिक तथ्य र प्रामाणिक आधार जुटाएर तर्कसङ्गत विचार व्यक्त गर्ने प्रयास लेखमा गरिन्छ । प्रबुद्ध वर्गका निम्ति बौद्धिक खुराक थप्ने काम यसले गरेको हुन्छ । प्रबन्धमा जस्तै यसमा पनि बुद्धि पक्षको व्यायामबाट प्रमाण, तर्क, विचार तथा निष्कर्ष दिने कोसिस गरिन्छ ।

प्रा. रिसालका अनेकौं लेख विभिन्न पत्रपत्रिकामा प्रकाशित पाइन्छन् । विचार प्रधान हुनु यिनका लेखहरूको विशेषता हो । वेदान्त दर्शनको केन्द्रीयता यिनका लेखहरूमा पनि रहेको देखिन्छ । हृदय पक्षभन्दा ज्यादा बुद्धि पक्षको प्रयोग यिनले आफ्ना लेखहरूमा गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनको प्रबन्धकारिताको परिचय र स्थापना यिनका लेखहरूबाट पनि भएको छ । लेखहरूका माध्यमबाट पाठकलाई वेदान्तका सारभूत पक्षको जानकारी दिने र तिनको महत्त्व स्पष्ट पार्ने काम यिनले गरेको देखिन्छ । प्रवचनमा जस्तै लेख रचनाहरूमा पनि भन्न खोजेका कुरालाई यथेष्ट रोचक बनाउने काम यिनले गरेको पाइन्छ ।

३.२.१.६ यात्रा साहित्यको सिद्धान्त

यात्रा भनेको एक ठाउँबाट अर्को ठाउँमा जानु वा एउटा चरणबाट अर्को चरणमा प्रवेश गर्नु हो । सञ्चरणशील बन्नु नै यात्रा गर्नु हो । भ्रमण गर्नु वा पर्यटन गर्नु भन्ने अर्थ यात्रा शब्दले जनाउँछ । विभिन्न उद्देश्य राखेर मानव जातिले अनादि कालदेखि यात्रा गर्दै एक ठाउँबाट अर्को ठाउँमा पुगेको कुरा इतिहास प्रमाणको अध्ययनबाट थाहा हुन्छ । यात्रा गर्न पाउँदा रमाउनु अथवा यात्राशील बन्नु मानवीय स्वभाव मानिन्छ । मानवलाई सभ्य र विचारवान् बनाउनमा यात्राले पनि निकै ठुलो काम गरेको बुझिन्छ । व्यापार, व्यवसाय, तीर्थाटन, धर्म प्रचार, ज्ञानार्जन, शिक्षा, राजनीति, मनोरञ्जन, सांस्कृतिक पक्षका कुराको अवलोकन, समय यापन, स्वास्थ्य लाभ जस्ता विभिन्न उद्देश्यले गरिने भ्रमणलाई यात्रा भनिन्छ । भ्रमण वा घुमाइका क्रममा देखिने नयाँ नयाँ ठाउँ, प्रकृति, लोक जीवन, घटना, अवस्था, परिदृश्य जस्ता कुरालाई समेटेर तयार पारिने साहित्यिक रचना नै यात्रा साहित्य हो । *ऐतरेय ब्राह्मण*को तेस्रो खण्डका पाँच वटा ऋचामा यात्रा वा गतिशीलताको महत्त्वका बारेमा यस्तो कुरा बताइएको छ :

नानाश्रान्ताय श्रीरस्तीति रोहित शुश्रुम ।
पापो नृषद्वरो जन इन्द्र इच्चरतः सखा चरैवेति ।।
पुष्पिण्यौ चरतो जङ्घे भूष्णुरात्माफलग्रहिः ।
शेरेस्य पाप्मानः श्रमेण प्रपथे हतश्चरैवेति ।।
आस्ते भग आसीनोर्ध्वस्तिष्ठति तिष्ठतः ।
शेते निपद्यमानस्य चरातिचरतो भगश्चरैवेति
कलिः शयानो भवति सञ्जिहानस्तु द्वापरः ।
उत्तिष्ठस्त्रेता भवति कृतं सम्पद्यते चरश्चरैवेति ।।
चरन्वै मधु विन्दन्ति चरन्स्वादुमुदम्बरम् ।
सूर्यस्य पश्य श्रेमाणं यो न तन्द्रयते चरंश्चरैवेति (मालवीय, २०४० : ११५१-११५३) ।।

अर्थात् थकान अनुभव नगरी हिंडी रहने व्यक्तिलाई नै लक्ष्मी अर्थात् सम्पत्ति प्राप्त हुन्छ । एकै ठाउँमा बसी रहेमा जस्तोसुकै ज्ञानी, तपस्वी, त्यागी र महान् मानिने व्यक्ति पनि अपमानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पात्र बन्दछ । आफूलाई कमजोर, असहाय, लाचार, एक्लो र निरुपाय न ठानेर सधैं गतिशील बनी रहनु पर्दछ, हिंडी रहनु पर्दछ । गतिशील भएमा ठुलाभन्दा ठुला शक्ति अर्थात् देवता पनि सहयोगी बन्दछन् । हिंडी रहने व्यक्तिका तिघ्रा बलिया, पुष्ट र गठिला बन्नका साथै त्यस्तो अभ्यासबाट हुने पुण्य लाभका कारण पापहरू नष्ट हुन्छन् । तसर्थ सधैं गतिशील बनी रहनु पर्दछ, हिंडी रहनु पर्दछ । भाग्य वा अवसर बसेमा बस्ने, सुतेमा सुत्ने, हिंडेमा हिंड्ने हुंदा कुनै पनि कुराको प्राप्तिका लागि सधैं गतिशील बनी रहनु पर्दछ, हिंडी रहनु पर्दछ । कलि सुतेको हुन्छ, द्वापर ब्युंझेको हुन्छ, त्रेता उठेको हुन्छ र सत्य सधैं गतिशील बनेको हुन्छ । त्यसैले सत्य अग्रणी देखिन्छ र चर्चित बनेको हुन्छ । गतिशील व्यक्तिले नै मह र उदुम्बर जस्ता स्वादिला खाने कुरा प्राप्त गर्दछ । दिनरात लगातार गतिशील भएकाले नै सूर्यलाई सबैले वन्दना गर्दछन् । तिनले कहिल्यै कसैबाट पनि तिरस्कृत हुनु पर्दैन । त्यसैले सधैं गतिशील बनी रहनु पर्दछ, हिंडी रहनु पर्दछ ।

यात्रा साहित्यमा पनि प्रा. रिसालको प्रतिभा स्पष्ट र अस्पष्ट, प्रत्यक्ष र अप्रत्यक्ष रूपबाट प्रकाशमा आएको देखिन्छ । विभिन्न ठाउंको यात्रा गरेपछि मौन बस्न नसकी आर्जन गरेका अनुभूति साहित्यिक रचनाका माध्यमबाट सार्वजनिक तुल्याउने काम यिनले गरेका छन् । त्यस्तो काम काव्यभित्रको प्रसङ्गबाट होस् वा चरित्र चित्रणको सन्दर्भबाट होस् अथवा प्रत्यक्ष रूपको संस्मरणात्मक सिर्जनाबाट होस् जसरी भए पनि यिनले गरेको देखिन्छ ।

यात्राको अनुभवकै कारण शंकराचार्यले कस्मिरदेखि कन्याकुमारीसम्मको भ्रमणलाई देशाटनका साथै तीर्थाटनमा ढालेर चार धामको परम्परा स्थापित गरेका हुन् । यात्राकै क्रममा कोलम्बसले अमेरिका पत्ता लगाएका हुन् । अरनिकोको ख्याति यात्राले बढाएको हो । व्यापार वृद्धि, ज्ञान वृद्धि, अनुभव वृद्धि, परिचय वृद्धि, आत्मविश्वासको वृद्धि, विचारको वृद्धि, व्यक्तित्व वृद्धि, प्रभाव वृद्धि र चिन्तन वृद्धि यात्राका माध्यमबाट हुन्छ । यसको निकै ठुलो महत्त्व छ । विविध दृष्टिले मूल्यवान् मानिने हुंदा यसलाई साहित्यमा ढालेर रोचक, प्रभावोत्पादक तथा लाभदायक बनाउने अभियान विकसित भएको हो र यसको व्याख्या विश्लेषणलाई सैद्धान्तिक वा शास्त्रीय स्तरमा राखिएको हो ।

यात्रा साहित्यका साथै यात्रा वृत्तान्त, भ्रमण वृत्तान्त, यात्रा वृत्त, यात्रा विवरण, यात्रा संस्मरण, यात्रा निबन्ध, यात्रा आलेख जस्ता अनेकौं नाम यसका देखिन्छन् । अंग्रेजीमा यसका लागि ट्र्याभल लिटरेचर, ट्र्याभल एकाउन्ट, ट्र्याभल एस्से, मोनोलग, ट्र्याभलग शब्द प्रयोग गरिएको देखिन्छ । नेपालीमा यात्रा साहित्य र अंग्रेजीमा ट्र्याभलग बढी प्रचलित एवं उपयुक्त शब्द मानिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न भाषाका विषय विज्ञहरूले यात्रा साहित्यलाई चिनाउने क्रममा आआफ्ना अभिमत प्रकट गरेका छन् ।

*माइक्रोसफ्ट इन्कार्टा वर्ल्ड इङलिस डिक्सनेरी*मा यात्रा विषयक त्यस्तो लेख रचनालाई यात्रा वृत्तान्त भनिन्छ जसमा यात्रा गरिएका ठाउँका तस्बिर तथा दृश्य चित्र पनि अंकित हुन्छन् भनिएको छ ।

हिन्दी साहित्यका समीक्षक ओमप्रकाश सिंहलका विचारमा कुनै व्यक्ति विशेषको जीवनमा घटेको घटनाको साहित्यिक चित्रण यात्रा वृत्तान्त हो ।

आचार्य उमेश शास्त्रीले जीवनमा भोगेका घटना वा अवस्थाको आत्मानुभूतिपरक अभिव्यञ्जना यात्रा वृत्त हो भनेका छन् ।

ईश्वर बरालको धारणा अनुसार भ्रमणका अनुभवको बयानलाई यात्रा वृत्तान्त भनिन्छ ।

मोहनराज शर्मा र दयाराम संभवका विचारमा कुनै भू खण्डको स्थल रूप, लोक जीवन, रीति, परम्परा आदिसँग साक्षात्कार गराउने र तद्विषयक अनुभव तथा ज्ञान व्यक्त गर्ने अभिप्रायले मूलतः तथ्य र अंशतः भावनाको आनुपातिक संयोजन गरी चित्रमय शैलीमा अनुभूत र स्मरण स्वरूप लेखिएको गद्य कृति यात्रा वृत्तान्त हो ।

भिक्टर प्रधानले यात्रा साहित्य कुनै व्यक्तिको यात्रा कालिक भुक्त भोगजन्य स्वानुभूत भावना मिश्रित वस्तुगत अभिव्यक्ति हो भनेका छन् ।

यी सबै भनाइ र विभिन्न व्यक्तिले रचना गरेका यात्रा साहित्यको अध्ययन गर्दा यात्राका क्रममा देखेका, भोगेका, अनुभव गरिएका, सम्पर्कमा आएका कुराको सम्झनामा गरिएको साहित्यिक बयानलाई यात्रा वृत्तान्त भन्न सकिन्छ । यसलाई निबन्धको भेद मान्नेहरू एकातिर पाइन्छन् भने स्वतन्त्र साहित्यिक विधा मान्नेहरू अर्कातिर देखिन्छन् । निबन्ध रचनाका यथेष्ट गुण पाइने हुनाले यहाँ यसलाई निबन्धकै वर्गमा राखिएको छ ।

यात्रा वृत्तान्तमा गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, कल्पनात्मकता, चित्रात्मकता जस्ता विभिन्न तत्त्व समेटिएका हुन्छन् । युगीन चेतना, सरल तथा प्रभावकारी भाषा, कौतूहल, रोचकता, रागात्मकता, भावप्रवणता र स्वच्छन्दता यसका निजत्व हुन् (व्यास, २०७०, ९२-९८) । एक बसाइमा पढिने खालको अर्थात् ३००० देखि ५००० शब्द सीमामा अटाएको आकार, नवीन विषयको प्रयोग, प्राकृतिक सौन्दर्यको बखान, शब्दमा दृश्य भर्ने सिप, संगठित संरचना, विशिष्ट अनुभूति जस्ता कुराको अपेक्षा यसमा गरिन्छ । भ्रमण गर्दाको रोचक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभव बताई पाठकलाई त्यस ठाउँमा घुम्न अभिप्रेरित गर्ने र नवीन ज्ञान प्रदान गर्ने सामर्थ्य यसमा हुनु पर्दछ भनिन्छ ।

३.२.१.७ नियात्राको सिद्धान्त

यात्राको अनुभवलाई साहित्य सिर्जनामा रूपान्तर गरियो र त्यो रूपान्तर विधिसम्मत हिसाबबाट साहित्य बन्न सक्यो भने मात्र त्यसको महत्त्व हुन्छ । यात्रा गर्नु भनेको एक ठाउँबाट अर्को ठाउँमा जानु हो । एकै ठाउँमा बसेर चिन्तन गरी रह्यो भने पनि यात्रा गरिएको मानिन्छ । एउटै आसनमा स्थिर भई शास्त्राध्ययन गर्नु पनि यात्रा नै हो । पाइला चाल्नुको अर्थ गतिशील बन्नु हो । त्यो चिन्तन मनन, अध्ययन अनुसन्धान, योग साधना, व्याख्या विश्लेषण, निर्माण वा संरचना जस्ता विविध कार्यमा प्रयोग गर्न सकिन्छ । *अमरकोश* पढ्ने विद्यार्थीले हिजो मंगलाचरण पढ्दै थियो आज स्वर्ग वर्ग पढ्दै छ भने त्यो एकै ठाउँमा रहेको अवस्था हुँदा समेत त्यसले एक प्रकारको यात्रा गरेको ठहरिन्छ । सानो पिपलको बिरुवा निकै समयपछि विशाल वृक्षका रूपमा खडा हुनु पनि यात्रा हो । चलायमान बन्नु, प्रगतिशील हुनु, जीवन्त रहनु, पहिलेको भन्दा भिन्न, परिष्कृत, विकसित, गुणात्मक र रूप भिन्नपरक हिसाबमा प्रकट हुनु पनि यात्रा हो । यसरी यात्रा शब्दले अनेक अर्थ जनाउँछ । साहित्यिक दृष्टिले पनि ती सबै अर्थ ग्राह्य बनेका देखिन्छन् ।

नियात्रा यात्रा साहित्यकै एउटा रूप हो । कुनै पनि यात्रा, गति, प्रवाह, सञ्चरण, जीवन्तता र कार्यगत निरन्तरतालाई यात्रा भनिन्छ । भ्रमण वा घुमाइ, रण प्रयाण, तीर्थाटन, उत्सव, समय यापन, आजीविका, चलन, परम्परा, प्रथा, सवारी, जुलुसलाई यात्रा शब्दले जनाउँछ । जात्रा शब्द यात्राकै कथ्य भेद हो । गति भन्ने अर्थ जनाउने **या** धातुमा **ष्ट्रन्+टाप्** प्रत्यय लाग्दा बन्ने **यात्रा** शब्दमा **नि** उपसर्ग जोडिएर बनेको संस्कृत तत्सम शब्द नियात्रा हो । यात्रा मात्र भन्दा पनि काम चल्ने अवस्थामा विस्तृत शास्त्रीय विवेचना गर्ने सन्दर्भमा नियात्रा शब्द प्रयोगमा ल्याइएको देखिन्छ ।

नियात्रा शब्द नेपाली साहित्यमा २०२५ सालबाट प्रयोगमा आउन थालेको हो । तारानाथ शर्माको *बेलाइततिर बरालिँदा* भन्ने यात्रा साहित्यिक कृतिको भूमिका लेख्दा बाल कृष्ण पोखरेलले यो शब्द प्रयोग गरेका हुन् । त्यस भूमिकामा पोखरेलले निबन्धात्मक शैलीमा प्रस्तुत, लेखकीय निजात्मक भावले पर्याप्त मात्रामा रञ्जित, एवं हार्दिकताले ओतप्रोत, कल्पनासिक्त र अनुभूति प्रबल रचनाहरूलाई नियात्रा भनेका छन् । यसमा पोखरेलले थप व्याख्या गर्दै सत्यको निस्तो वर्णन भए यात्रा विवरण र रमरमको आनन्द मुछिएको भए नियात्रा हुने कुरा पनि बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*नेपाली बृहत् शब्दकोश*मा यात्रा निबन्धको औपन्यासिक रूप वा यात्रा वर्णन बारे कलात्मक शैलीमा लेखिएको निबन्धलाई नियात्रा भनिएको छ ।

नरेन्द्र चापागाईंका विचारमा आत्मपरक निबन्धको उपयोगी उपविधाका रूपमा लिन सकिने त्यस्तो रचना नियात्रा हो जसमा वस्तु तथ्यको रेखाङ्कनलाई व्यक्ति तथ्यको रङ्गले रँगाएर सजीव कला सिर्जनाका रूपमा प्रस्तुत गरिन्छ र सन्तुलित भाव तथ्य एवं यथार्थ वस्तु तथ्यको सबल समन्वयका कारणबाट सामाजिक जीवनको ऐतिहासिक साक्ष्यका दृष्टिले जुन सर्वाधिक महत्त्वपूर्ण हुन्छ ।

तारानाथ शर्माका विचारमा यात्रा वर्णनमा निजात्मक अनुभूतिको सफल समावेश भएको निबन्ध नियात्रा हो । यसै गरी यिनले म लाई प्रधानता दिएर यात्राका भौतिकतासँगै संस्मरण, ज्ञान, विवेक र कल्पनासँग तरङ्गित हुनु नै नियात्रा हो भनेका छन् ।

गङ्गाप्रसाद उप्रेतीका अनुसार नवीन भूगोलप्रति यात्राकारको निजात्मकताले निकालेको निचोड नै नियात्रा हो ।

राजेन्द्रप्रसाद सुवेदीका अभिमतमा यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखे भोगेका र अनुभवमा समेटेका अनुभूति पुञ्जमा पाइने तथ्यलाई निबन्धको रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा भनिन्छ ।

रामलाल अधिकारीले सोझो यात्रा विवरणलाई लेखकले निजी रंगमा रँगाएर साहित्यिक अभिव्यक्ति दिंदा नियात्राको जन्म हुन्छ भनेका छन् ।

निर्मोही व्यासका अनुसार नियात्रा एक स्वच्छन्द प्रकृतिको अनुभूति प्रधान र रससिक्त त्यस्तो सिर्जनात्मक गद्य लेखन हो जसमा सृजनशील यात्रीद्वारा आफ्नो अनुभवलाई प्रगाढ निजात्मक रंगले रँगाएर उन्मुक्त, आकर्षक र आह्लादक शैलीमा आत्मपरक ढंगबाट निबन्धात्मक रूपमा जीवन्त पाराले प्रस्तुत गरिएको हुन्छ ।

यस प्रकारका विभिन्न परिभाषा तथा सम्बद्ध रचनाको अध्ययन गर्दा के कुरा थाहा हुन्छ भने साहित्यिक प्रतिभा भएको कुनै व्यक्तिले गरेको यात्राका क्रममा देखे भोगेका र अनुभवमा बटुलेका अनेकौं घटना, दृश्य, अवस्था, प्रसंग जस्ता कुरालाई निजात्मक शैलीमा रचना गरेको अनुभूतिमूलक र भाव प्रधान मनोहारी लेखलाई नियात्रा भन्न सकिन्छ (व्यास, २०७०, ७०-७२) ।

यातायातको सुविधा, सहज रूपमा एक ठाउँबाट अर्को ठाउँमा थोरै समयभित्र पुग्न सकिने अवस्था, भ्रमणप्रतिको बढ्दो आकर्षण, ट्राभल एजेन्सीहरू विभिन्न प्रकारका आवधिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा सुपथ भ्रमण योजनाको व्यवस्था जस्ता कारणबाट आज विश्व साहित्यमा नियात्रा लेखन निकै ज्यादा फस्टाएको देखिन्छ । प्रविधिगत विकासले पनि यस विषयलाई आकर्षक बनाएको पाइन्छ ।

३.२.१.८ संस्मरणको सिद्धान्त

सम्झन लायक व्यक्ति, ठाउँ, वस्तु, दृश्य, घटना, अनुभूति, कल्पना, प्रभाव, अवस्था, प्रकृति, समाज, संस्कृति, चलन, मान्यता, परम्परा, व्यवहार, बोली, आचरण, कार्य जस्ता विविध पक्षका व्यक्तिगत अनुभवलाई विषय बनाएर आत्मपरक शैलीमा लेखिने लेख, रचना वा निबन्धलाई संस्मरण भनिन्छ । यसमा स्मृति वा सम्झना पक्षको निकै ठुलो भूमिका रहन्छ । वर्णन गरिने विषयमा लेखक यसका माध्यमबाट पूर्ण रूपमा मिसिएको हुन्छ । अनुभूति मिश्रित भावना पर्याप्त मात्रामा प्रयोग गरिने हुंदा यो कविताका हाराहारीमा आउँछ ।

विशेष गरी परदेशी प्रेमी, मृत्यु भएका आफन्त, हराएको बहुमूल्य वस्तु, सान्निध्यको अपेक्षा हुंदा पनि कसैबाट छुट्टिनु पर्ने बाध्यता, परदेशमा रहँदा बस्दा मन मस्तिष्कमा हर घडी आई रहने स्वदेश वा जन्मभूमि, रहर लाग्दो उमेरमा घटेका बिर्सनै नसकिने घटना, जीवनमा प्रभाव पार्ने कसैका उपदेश वा सल्लाह सुझाव लगायतका विषयमा संस्मरण लेखिएको पाइन्छ । जति ज्यादा स्मरणीय विषय प्रयोग गरियो यो साहित्य त्यत्ति नै आकर्षक बन्दछ ।

मनभित्र गहिरो छाप परेर रहेका घटना, भाव, अवस्था, अनुभव, चिन्तन जस्ता कुरालाई साहित्यिक ढाँचामा टिप्नु वा लेख्नु संस्मरण हो । सम्झना अर्थ जनाउने **स्मृ** धातुमा **ल्युट्** प्रत्यय तथा **सम्** उपसर्ग लागेर बनेको संस्कृत भाषाको तत्सम शब्द संस्मरण हो । अंग्रेजीमा यसलाई **मेमोर** वा **मेमोरी** अथवा **कन्फेसन** भनिन्छ । सम्झेका कुरा लेख्नु, सम्झनु, याद गर्नु, आफूले देखे भोगेका र अनुभव गरेका कुरा मनमा खेलाउनुलाई संस्मरण भनिन्छ । स्मृति भण्डारमा रहेका कुरालाई कल्पना, लेखन वा कथनका माध्यमबाट बाहिर ल्याउने काम संस्मरणमा गरिन्छ । यसलाई स्मृति, याद, संस्मृति, झल्को, झझल्को, ख्याल, सम्झना जस्ता अन्य शब्दबाट पनि जनाइन्छ ।

संस्मरणलाईबितेकाघटना,विषय,प्रसङ्ग,वस्तुरमहत्त्वपूर्णकुराकोउल्लेख,भनाइवालेखाइ भनिन्छ । यस्तै आशय प्रस्तुत लेखनको चिनारीका सन्दर्भमा मार्टिन ग्रेले व्यक्त गरेका छन् । उनका अनुसार लेखकको मनभित्र सञ्चित विगतमा घटेका घटना र तिनका प्रभाव लेखनका माध्यमबाट इमान्दारीपूर्वक पाठक समक्ष राख्नु नै संस्मरण हो । आत्मकथनात्मक गद्य शैलीको प्रयोग गरी लघु आकारमा यो लेखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वासुदेव त्रिपाठीले भने बमोजिम आफ्नै जीवनका केही क्षण, सन्दर्भ, प्रसङ्ग वा पक्षलाई लघु आकारको गद्यमा रचनामा प्रस्तुत गर्नु संस्मरण हो ।

संस्मरणमा पूर्व घटना वा अवस्थाको सम्झना, कसैका भनाइ, सुनेका कुरा, कल्पनामा आएका विभिन्न विचार, मानसिक द्वन्द्व, उद्देश्य, सन्देश, भाव वा विचार, परिवेश, दृष्टिबिन्दु, भाषा शैली जस्ता अनेक तत्त्व रहेका हुन्छन् । यिनै कच्चा सामग्री प्रयोग गरेर परिपक्व, अनुभवी, सिपयुक्त, प्रतिभाशाली लेखकले कालजयी र चर्चित संस्मरण लेखेको पाइन्छ ।

कमला नेहरूको अन्त्येष्टि गरी विदेशबाट घर फर्केका जवाहरलाल नेहरूले त्यस घटनाको उल्लेख गरेको एउटा लेखमा *म बेघर भएर घर फर्के* भन्ने कुरा व्यक्त गरेका कारण पाठकमा परेको त्यस लेखको प्रभाव बेजोड मानिन्छ । घटनाको मार्मिकता र भनाइको चमत्कारले यस साहित्यलाई जीवन्त बनाउँछ । यस्तो लेख ऐतिहासिक दृष्टिले पनि मूल्यवान् मानिन्छ किनभने यसमा अतीतमा घटेका घटनाको चित्रण हुन्छ । यसले तात्कालिक अवस्थाको बोध गराउने हुँदा यसलाई स्थिति बोधक रचना भनिन्छ । बितेको समयका कुरा बताउने साहित्य भएकोले यसलाई बासी विषयवस्तु चयन गर्ने वा बासी कुरा चित्रण गर्ने साहित्य पनि भनिन्छ । वस्तु तथ्यमा भावनाका तरङ्ग मिसाएर साहित्यिक काम गरिने हुँदा विगतका कुराको उत्खनन गर्ने विषयपरक आलेख भनेर समेत यसलाई चिनाइन्छ ।

मनभित्र अटेसमटेस गरेर बसेका स्मतिहरूलाई साहित्यिक आकार दिने रचना यो हो । यसमा स्थानीयता, तथ्यात्मकता, कल्पनात्मकता, ऐतिहासिकता, संवेदनशीलता जस्ता कुराको सन्निवेश पाइन्छ । सजिलो भाषा, मार्मिक विषय, विशिष्ट परिवेश र प्रभावकारी शैली यसका आवश्यक तत्त्व मानिन्छन् । साहित्यका जुनसुकै विधा कुनै न कुनै मार्मिक भावले हृदय पगाल्दा प्रकट हुने रचनात्मक कृति हुन् । संस्मरणमा मार्मिक भाव र हृदयको वाष्पीकरण तुलनात्मक रूपमा ज्यादा हुन्छ ।

प्रा. रिसालले विभिन्न शैलीमा यस्तो साहित्यमा आफ्नो सिर्जना शक्ति देखाएका छन् । डा. चक्रवर्ती, बदरीनाथ भट्टराई, मस्तराम बाबा, खप्तड बाबा, जीवनमा घटेका विभिन्न घटना सहितका अनेकौं विषयमा यिनका संस्मरण साहित्य प्रकाशित पाइन्छन् । वेदान्त दर्शनको प्रयोग यिनले यस प्रकारका रचनामा पनि गरेको देखिन्छ ।

३.२.१.९ जीवनीको सिद्धान्त

जिन्दगीमा घटेका घटना र गरिएका कामको विवरणका साथै कमी, कमजोरी तथा उपलब्धिहरूको समीक्षामा आधृत साहित्यिक रचना जीवनी हो । जीवनका समस्त पक्षको साहित्यिक प्रस्तुति पनि यसलाई भन्न सकिन्छ । यसलाई जीवन चरित्र वा जीवन चरित पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । व्यक्ति विशेषको जीवनको आरम्भदेखि अन्त्यसम्मको बयान जीवनीमा गरिएको हुन्छ । त्यसैले वर्ण्य व्यक्तिको मृत्यु जीवनीको समाप्ति मानिन्छ ।

बयान गरिने व्यक्तिका व्यवहार, काम, विचार, घटना, संगत, रचना, सोच, योजना, विद्‌वता, सिर्जनशीलता, योग्यता जस्ता कुराको कलात्मक संयोजनबाट यो साहित्य निर्माण गरिन्छ । सामान्यतया चरित्र नायकका राम्रा कुरा बढाई चढाई गर्ने तर नराम्रा कुरा चाहिँ नभन्ने प्रवृत्ति जीवनीका रचनाकारमा देखिन्छ । त्यस्तो हुनु उचित मानिँदैन । जे जस्तो कुरा हो र जे जस्तो कुरा देखिन्छ त्यस्तै उल्लेख गर्नु र समस्त विवरण प्रस्तुत गरी व्यक्तित्वको मूल्याङ्‌कन गर्ने जिम्मा पाठकलाई सुम्पनु उत्तम जीवनी साहित्यको गुण मानिन्छ ।

विशेष आस्था वा अनास्था, सम्मान वा तिरस्कार, भक्ति वा घृणा, वैचारिक सामीप्य वा वैचारिक दूरी, निकट सम्बन्ध वा अत्यधिक दूरी, प्रत्युपकार वा प्रतिशोध, प्रेम वा क्रोध, समर्थन वा विरोध, सम्मान वा निषेध जस्ता अनुकूल वा प्रतिकूल भावनाबाट मुक्त रही जीवनी लेख्नु राम्रो हो तर प्रायः निकटस्थ वा विशेष आग्रहयुक्त व्यक्तिको जीवनी लेख्ने चलन पाइने हुँदा यस्तो साहित्यमा लेखक तटस्थ रहेको अवस्था न्यून देखिन्छ ।

जीवनी लेख्नुभन्दा पहिले आवश्यक तथ्यको संकलन पूर्ण रूपमा गर्नु पर्दछ । अपूर्ण, असत्य, अनुपयुक्त, अतिरञ्जित, आपत्तिजनक, कपोलकल्पित कुरा जीवनीमा राख्नु हुँदैन । यस्तो चित्रण प्रभावका दृष्टिले प्रतिकूल बन्ने र लेखकीय धर्मका दृष्टिले गलत मानिने अवस्थामा पुग्दछ । यस कुराको उदाहरणका लागि कतिपय लेखकले अत्यधिक आस्था र स्वार्थका कारण केही व्यक्तिलाई महामानव भनेको र क्रोध, ईर्ष्या, बदला, प्रतिरोध जस्ता भावनाले अभिप्रेरित भई केही व्यक्तिलाई कपोलकल्पित आरोप लगाएको कुरा समीक्षकहरू अघि सार्दछन् । अतिप्रशंसा र अतितिरस्कारलाई जीवनीमा ठाउँ दिनु हुँदैन भनिन्छ । सामान्य व्यवहारमा पनि कसैप्रति ज्यादै मोहत हुनु र कसैलाई देख्दै निषेध गर्नु राम्रो मानिँदैन । कुनै पनि दर्शनले कसैलाई पनि घृणा र निषेध गर्ने अनुमति दिँदैन । यस प्रकारका दोषबाट मुक्ति पाइने उपायका लागि पनि सत्य तथ्यको संकलनमा सतर्क भएर यथार्थ कुरा जान्नु जरुरी हुन्छ ।

उच्च सम्मानित स्थितिमा स्थापित भएका शक्ति वा व्यक्तिको मर्यादामा आघात नपर्ने गरी देखिएका, प्रमाण सिद्ध भएका, जानिएका, बुझिएका र अनुभव गरेका कुरा शिष्ट भाषामा राख्नु जीवनीकारको अनुशासन हो । आफूले विश्वास नगर्दैमा ईश्वरका लागि र आफूलाई आस्था नहुँदैमा राजा महाराजा वा सम्मानित पदासीन व्यक्तिका लागि अनादरसूचक शब्द प्रयोग गर्नु लेखककै कमजोरी मानिन्छ । अशिष्ट शब्दको प्रयोग वर्ण्य पात्रका लागि भन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि लेखककै लागि प्रत्युत्पादक हुन्छ । त्यस्तो प्रयोगले लेखकको शिक्षाको स्तर, पारिवारिक पृष्ठभूमि, ज्ञानको मात्रा, मर्यादाको मात्रा, संस्कारको अवस्था, संगत र व्यक्तित्वको स्थिति जस्ता विभिन्न पक्षको परिचय प्राप्त हुन्छ । उत्ताउलोपन जीवनीमा सुहाउँदैन । जीवनीकारले ख्याल गर्नु पर्ने कुरा के पनि हो भने जस्तोसुकै अनुकूल भए पनि अत्यधिक प्रिय पात्र र जस्तोसुकै प्रतिकूल भए पनि वर्ण्य चरित्रलाई निषिद्ध पात्र मान्नु हुँदैन । निष्पक्ष भएर मर्यादामा रहेर, प्रमाणलाई आधार बनाएर भन्नु पर्ने कुरा आकर्षक शैलीमा र साहित्यिक ढाँचामा व्यक्त गर्नु दक्ष जीवनीकारको विशेषता मानिन्छ । जीवनी इतिहास हुँदाहुँदै पनि साहित्यिक लेखन भएकोले यसमा कलात्मकता, काव्यात्मक जलप र केही हदसम्म कल्पनाशीलता त आएकै हुन्छ तर पनि कल्पनातीत र वर्णनातीतको अवस्था यसमा स्वीकार्य हुँदैन (प्रधान, २०४४ : २८-३८) ।

महानायक फलाना, कविवर फलाना, महान् त्यागी फलाना, उदारमना फलाना, महादानी फलाना, कुख्यात वा विख्यात फलाना जस्ता विशेषणले चरित्र नायकप्रति लेखकको ज्यादा झुकाव देखिने हुँदा यस प्रकारका विशेषणको प्रयोग जीवनीमा उपयुक्त मानिँदैन । सामान्य आदरार्थी भाषा तथा त्यस्तै खालको विशेषणबाट चरित्र नायकलाई चित्रित गर्नु उचित हुन्छ । जीवनी विशिष्ट व्यक्ति वा चोरी, डकैती, हत्या, हिंसा, बलात्कार, क्रूरता, अन्याय, अत्याचार जस्ता निन्दित काममा चर्चित बनेका व्यक्तिको लेख्ने चलन छ । समाजमा प्रभाव पनि त्यस्तै व्यक्तिको हुने भएकोले प्रायः चरित्र नायक तिनैलाई बनाइएको पाइन्छ । वास्तवमा सामान्य वा अतिसामान्य व्यक्तिको पनि जीवनी लेख्न सकिन्छ र तिनको जीवनबाट समेत अनेकौं ज्ञानवर्द्धक कुरा प्रकाशमा आउन सक्तछन् । दत्तात्रेयले आफ्नो जीवनमा चौबिस गुरु प्राप्त गरेको कुरा *श्रीमद्भागवतमहापुराण*को एघारौं स्कन्धमा बताइएको छ । मौरी, परेवा र माकुरा पनि तिनका गुरु बनेका कुरा त्यहाँ भनिएको छ । यसरी हेर्दा मौरी पनि चरित्र नायक बन्ने प्राणी वा पात्र हुन सक्तछ भन्ने कुरा थाहा हुन्छ । त्यसैले सामान्य व्यवहारमा मौरीभन्दा ज्यादा महत्त्व राख्ने कुनै साधारण व्यक्ति चरित्र नायक बन्न न सक्ने त कुरै हुँदैन । अचेल टेलिभिजनमा देखाइने जङ्गली प्राणीको रहन सहन र व्यवहार पनि जीवनी नै हो । ती शृंखलालाई जीवनी साहित्यको भेदका रूपमा प्रस्तुत गर्नु आवश्यक हुन्छ ।

जीवनी लेखनमा जन्म र बाल्य कालका साथै किशोर, युवा, प्रौढ, वार्द्धक्य जस्ता विभिन्न उमेरका कुरा समानुपातिक रूपमा राख्नु उचित हुन्छ । जन्म र मृत्युलाई ज्यादा महत्त्व दिनु अनुपयुक्त हुँदैन । तुलसीकृत रामायणमा भगवान् रामको जन्मको बयान गर्दा दिइएको *भए प्रकट कृपाला दीन दयाला कौशल्या हितकारी* भन्ने जुन अंश छ त्यो ज्यादै प्रभावकारी मानिन्छ । यस्तो शैली साहित्यिक कला र गुण पनि हो । ज्यादा संवेदनशील र आवश्यक भएका अवस्थामा बाहेक सामान्यतया जीवनका सबै पक्ष र अंशलाई उत्तिकै महत्त्व दिनु लेखकीय न्याय पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्र नायकले भोगेको वातावरण तथा अवस्थाको यथार्थ चित्रणले तात्कालिक अप्ठेरा कुरा र तिनले उब्जाएका समस्या वा सरलताका बारेमा थाहा हुन्छ । यसबाट सम्बद्ध व्यक्तिका बाध्यता बुझ्न पनि मद्दत पुग्दछ । वर्ण्य व्यक्तिको आन्तरिक ऊर्जा वा प्रतिभा तथा त्यसको प्रयोग हुन सकेको वा नसकेको अवस्थाको लेखाजोखा गर्नु जीवनीमा राम्रो मानिन्छ । धेरैजसो व्यक्तिले गरेका भन्दा गर्न नभ्याएका वा चाहेर पनि विविध कारणले गर्न नसकेका कुरा ज्यादै मूल्यवान् हुन्छन् । त्यस्तो अवस्थाले सम्बद्ध व्यक्तिका साथै समाजलाई निकै ज्यादा हानि पुऱ्याएको हुन्छ ।

इमान्दार भएर जम्मा पारिएका तथ्य र भएका यथार्थ घटनाको साहित्यिक प्रस्तुतिपछि अन्त्यमा अस्पष्ट कुरा स्पष्ट गर्ने र निष्कर्ष दिने काम गर्नु जीवनी लेखनको आवश्यक पक्ष हो । यस्तो अंशमा न्याय दिने र समष्टि मूल्याङ्कन गर्ने प्रशंसा वा निन्दा जे गर्ने हो त्यसको जिम्मेवारी पाठकलाई नै सुम्पनु उचित हुन्छ । यस्तो अंश कृतिको उपसंहार मानिन्छ ।

प्रा. रिसालले जीवनी लेखनमा पनि आफ्नो प्रतिभा खर्चेका छन् । आफूलाई प्रिय लाग्ने पात्रकै जीवनी यिनले लेखेका छन् । निष्पक्ष समीक्षाभन्दा ज्यादा प्रशंसाको प्रस्तुत तिनमा पाइन्छ । सम्बद्ध व्यक्तिको व्यक्तित्वका विविध पाटाको उद्घाटन गर्नमा यस प्रकृतिका कृति सफल रहेका देखिन्छन् । वेदान्तको उपयोगिता र महत्त्व दर्साउनमा यिनका जीवनीपरक कृतिको पनि निकै ठुलो भूमिका रहेको पाइन्छ ।

जीवनीलाई निबन्ध वर्गमै राख्ने गरिन्छ तापनि आकारगत दृष्टिले यसको आयाम ठुलो हुने र विषय प्रस्तुतिका दृष्टिले समेत यसको व्याप्ति निबन्धका तुलनामा ज्यादा हुने भएकोले यसलाई केही समीक्षकहरूले स्वतन्त्र विधा भनेको पाइन्छ । निबन्धभन्दा पनि उपन्यास र *कादम्बरी* जस्तो गद्य काव्यका श्रेणीमा यसलाई राख्नु उचित हुने तर्क तिनीहरू प्रस्तुत गर्दछन् ।

प्रस्तुत पुस्तक जीवनीपरक सिद्धान्तमा आधृत भएर तयार पारिएको छ । यो सिद्धान्त यस पुस्तकका कमी कमजोरी तथा प्राप्तिको समीक्षा गर्नका लागि पनि उपयोगी हुने देखिन्छ । यस कृतिमा प्रा. रिसाललाई कति हदसम्म वास्तविक रूपमा परिचित गराउन सकियो र कति सकिएन भन्ने कुराको लेखाजोखा गर्ने तत्त्वको उल्लेख पनि यस क्रममा भएकोले जीवनी साहित्यको सिद्धान्तको कुरा यसका अध्येताहरूका लागि सहयोगी बन्ने देखिन्छ ।

३.२.१.१० आलोचनाको सिद्धान्त

आलोचना सिर्जनात्मकभन्दा सर्वेक्षण, अध्ययन, मनन, व्याख्या, विश्लेषण जस्ता कुरामा आधृत गवेषणात्मक गद्य विधामा पर्ने साहित्य हो । कल्पनशील नभएर वस्तुपरक प्रयोग यसमा गरिन्छ । साहित्यिक सिर्जनाको निरीक्षण, विवेचन र मूल्याङ्कन यसमा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य व्यवहारमा आलोचना शब्दले कसैको उपहास, खिसी, अपहेलना, निन्दा, अवमूल्यन र तिरस्कार गर्ने आशयको अर्थ व्यक्त गरेको पाइन्छ तर साहित्यिक र शास्त्रीय दृष्टिले यसको यस्तो अर्थ अर्थ नभएर अनर्थ लगाएको मानिन्छ । कुनै पनि कुरालाई राम्ररी हेर्नु र त्यसका सबै पक्षको उचित, प्रामाणिक, तर्कसंगत र आधारयुक्त विवेचना सहित लेखाजोखा गर्नु सही अर्थमा आलोचना हो । अचेल आलोचनाभन्दा समालोचना शब्द ज्यादा लोकप्रिय बनेको पाइन्छ । यी दुई शब्दमा धेरै ठुलो तात्त्विक भिन्नता देखिँदैन ।

आलोचनालाई निबन्ध वर्गको रचना मानिन्छ तापनि केही आधारभूत कुरामा यी दुईका बिच अन्तर देखिन्छ । यसभित्र पनि **समालोचना, समीक्षा, टिप्पणी, पुस्तक परिचय** र **भूमिका** गरी विभिन्न भेद पाइन्छन् । यहाँ यी सबैको सामान्य सैद्धान्तिक चिनारी दिइएको छ ।

क. समालोचना सिद्धान्त

समालोचना भनेको कुनै पनि विषयको गम्भीर अध्ययन, परीक्षण र बोध गरेर आफूलाई लागेका कुरा सन्तुलित, वस्तुपरक, प्रामाणिक, तर्कपूर्ण र निष्पक्ष तवरले व्यक्त गर्ने साहित्यिक लेखन हो । यसलाई आलोच्य विषयको सन्तुलित र संयमित व्याख्या पनि भनिन्छ । समीक्ष्य पाठको सही मूल्याङ्कन तथा त्यस पाठका आधारमा गरिने सम्बद्ध रचनाकारका योगदान, प्राप्ति र कमजोरीको प्रामाणिक लेखाजोखा समालोचना हो । सही समालोचकले कुनै पनि प्रकारको आग्रह न राखी कृति र कृतिकारलाई न्याय दिने काम गर्दछ र भविष्यका लागि थप उपलब्धिपूर्ण तथा परिष्कृत बन्ने अभिप्रेरणा प्रदान गर्दछ । भए नभएका दोष बटुलेर रचनाकारलाई मूर्ख र आफूलाई विद्वान् बनाउने चेष्टा समालोचकले गर्नु हुँदैन भनिन्छ ।

लोच् धातुमा **ल्युट्** (**अन्**) प्रत्यय लागेर बन्ने **लोचन** शब्दमा **सम्** र **आ** उपसर्ग तथा **आ** प्रत्यय जोडिई निर्माण हुने संस्कृत तत्सम शब्द समालोचना हो । यसले सम्यक् अर्थात् राम्ररी वा व्यवस्थित तरिकाले सबै पक्षमा ध्यान दिई सम्बद्ध विषयका बारेमा आधारयुक्त र वास्तविक कुरा बताउने सिप वा शक्ति भन्ने अर्थ जनाउँछ । आलोचना गरिने विषयको सम्यक् अध्ययनमा आधृत मूल्याङ्कन समालोचनामा हुने भएकोले सामान्यतया आलोचना र समालोचना शब्दमा धेरै ठुलो अन्तर देखिँदैन । कुनै पनि विषयको आन्तरिक र बाह्य स्थिति गम्भीर रूपमा बुझेर त्यसका विविध पक्षमा विवेचना गरी प्राप्त प्रमाणका आधारमा मूल्याङ्कन गर्ने साहित्यिक आलेखलाई समालोचना भनिन्छ । आलोचना, समीक्षा, मूल्याङ्कन, विश्लेषण, टिप्पणी, विवेचन जस्ता विभिन्न शब्द यसका लागि प्रयोग गरिएका पाइन्छन् । अंग्रेजीमा यसलाई क्रिटिसिज्म भनिन्छ ।

कुनै पनि विषयको अध्ययन र बोध गरेपछि त्यसका बारेमा आफूलाई लागेका कुरा बताउने प्रवृत्ति मानवीय स्वभाव हो । राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्नु उचित काम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यस्तो भनाइ वा क्रियाकलापबाट राम्रो काम गर्नेलाई प्रोत्साहन र नराम्रो काम गर्नेलाई निरुत्साह मिल्दछ । आदर्श यस्तो भए पनि व्यवहारमा भने य्रो कुरा पूर्ण रूपमा लागू भएको देखिँदैन । कतिपय समालोचकले कुनै न कुनै स्वार्थ, लोभ, लालच, आग्रह, रिस, डाह, समर्थन वा विरोध जस्ता भाव बोकेर समीक्षा गरेको देखिन्छ । यस प्रकारको समीक्षाले सिर्जनात्मक वातावरणलाई अस्वस्थ बनाउँछ । यस्तो काम गर्नु अन्याय पनि हो । त्यसैले बहकिने र आग्रह राख्ने अवस्थाबाट मुक्त भएर समालोचकले सन्तुलित, गम्भीर, वस्तुपरक, वास्तविक, विवेकयुक्त र सत्यवादी बन्नु आवश्यक हुन्छ । सत्य बोल्दा पनि कतिपय अवस्थामा गलत परिणाम प्राप्त हुने भएकोले मर्यादापूर्ण, शिष्ट र पाच्य भाषा एवं भावको प्रस्तुति समालोचनामा चाहिन्छ ।

समालोचनालाई साहित्यको दोस्रो पाठ भनिन्छ किनभने यसले सम्बद्ध पाठमा रहेका प्रत्यक्ष अप्रत्यक्ष सबै पक्षको उद्घाटन गरी दिन्छ । **पिंजराको सुगा** कविताको रचना गर्दा लेखनाथ पौडेलका मनमा त्यति ज्यादा अर्थ उत्पन्न भएको थिएन जति ज्यादा यसको समालोचनाहरूले लगाएको देखिन्छ । मूल पाठ नभई समालोचना आउँदेन । त्यसैले समालोचनालाई मूल पाठको पुनर्जन्म पनि भनिन्छ र यी दुईका बिच निकटतम सम्बन्ध हुने कुरा बताइन्छ ।

संस्कृत साहित्यका समालोचक राजशेखरले *काव्यमीमांसा*मा कविता, कथा जस्ता साहित्यको रचना गर्ने सिर्जनात्मक प्रतिभालाई **कारयित्री** प्रतिभा र तिनले रचेको साहित्यको मूल्याङ्कन गर्नेलाई **भावयित्री** प्रतिभा भनेका छन् । साहित्य भएकोले धेरै हदसम्म वस्तुपरक हुँदा हुँदै पनि पाठको धरातलमा रहेर त्यसभित्रका भाव स्पष्ट गर्न केही न केही हदसम्म समालोचनामा पनि कल्पनाको मात्रा प्रयोग गरिएकै हुन्छ । तसर्थ समालोचनामा कल्पनाले ठाउँ पाउँदैन भन्ने कुरा सम्पूर्ण सत्य होइन । मूल पाठमा रहेका गुण, दोष, हित, अहित, उचित, अनुचित, प्रतिभा शक्ति, कमजोरी लगायतका विविध पक्षको विवेचना गरी आवश्यक संशोधन, परिमार्जन, पुनर्विचार र सतर्कताको सिफारिस गर्ने हुँदा साहित्यिक विकास तथा समुन्नतिका लागि यो ज्यादै सहयोगी बनेको पाइन्छ । यसलाई साहित्यको पुनर्निर्माण भन्नको कारण पनि यही हो ।

समालोचनाको परिचय दिने क्रममा प्राप्त विचारहरूको अध्ययन गर्दा यसको पनि सार्वकालिक, सार्वदेशीय र सर्वमान्य परिभाषा पाउन गारो परेको देखिन्छ । समय, परिस्थिति, वातावरण, प्रयोग, आवश्यकता, प्रभाव, प्रविधि जस्ता अनेक कुराको परिवर्तनका कारण यस्तो अवस्था देखिएको हो । त्यसो भए तापनि यस विषयका कतिपय विज्ञले प्रस्तुत गरेका विचार यहाँ दिइएको छ ।

*इन्साइक्लोपेडिया ब्रिटानिका*मा लेखिए अनुसार समालोचना भनेको कुनै पनि कुराका गुण दोषको विवेचना र मूल्याङ्कन गर्नु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्टर ह्युगोका अभिमतमा कृतिको राम्रा वा न राम्रा पक्ष पत्ता लगाउने काम समालोचना हो ।

संसारमा जानिएका र विचार गरिएका राम्रा कुरा ग्रहण गरी तिनको प्रचार गर्नु समालोचना हो भनेर म्याथ्यु अर्नोल्डले बताएका छन् ।

आई. ए. रिचर्ड्सका अनुसार मूल्य निर्धारण नै आलोचनाको मुख्य विशेषता हो ।

विलियम हेनरी हड्सनले सिर्जनात्मक साहित्य जीवनको व्याख्या हो भने साहित्यका विविध रूपको व्याख्या समालोचना हो भनेका छन् ।

कार्लाइलका विचारमा रचनाप्रतिको आलोचकको मानसिक प्रतिक्रिया समालोचना हो ।

चक्रपाणि चालिसेका भनाइ अनुसार समालोचना भनेको कुनै पदार्थका गुण र दोषहरूको गम्भीर, निष्पक्ष र यथार्थ विवेचना हो ।

यदुनाथ खनालका धारणामा पानीको प्रवाहलाई नदी भन्नु साहित्य हो भने त्यस नदीका विशेष कुरा जान्नु र त्यसका मूलको खोजी गर्नु समालोचना हो ।

बालकृष्ण पोखरेलले मस्तिष्कमा हुने सुख दुःख, राम्रो नराम्रो मन पर्दो नपर्दो इत्यादि कुराको विवेचना नै समालोचना हो भनेका छन् ।

कमलमणि दीक्षितका अनुसार कुनै पूर्वराग नलिई राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्नु नै समालोचना हो ।

इन्द्रबहादुर राईका विचारमा समालोचना भनेको कुरा जोखाइ नभई सिर्जनात्मक पुनर्परिचय हो ।

यसरी पाइने विभिन्न व्यक्तिका अवधारणा र प्रचलनमा पाइने लेखन प्रवृत्ति एवं पद्धतिको विचार गर्दा संक्षेपमा कुनै पनि विषय वा कुराका राम्रा नराम्रा पक्षको निष्पक्ष विवेचना र मूल्याङ्कन गर्नु समालोचना हो भन्न सकिन्छ ।

समालोचनामा सम्बद्ध कृतिको विषयवस्तु, स्रष्टाका विचार, सन्देश, शैली शिल्प, विधागत तत्त्व र संरचना जस्ता कुराको अध्ययन गहिरिएर गर्नु आवश्यक हुन्छ । आधारभूत प्रमाण जुटाउन पनि यस प्रकारका विविध पक्षको गहिराइमा जानु पर्दछ । त्यसै गरी रचनाको व्यवस्थापकीय पक्ष, भाव, कथ्य शैली, प्रस्तुति सिप, सूक्ष्म दृष्टि, मनोवैज्ञानिक प्रयोग लगायतका समालोचकीय विभिन्न तत्त्वका आधारमा कृतिको परीक्षण गर्नु समालोचकको कर्तव्य मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गम्भीर तथा विस्तृत अध्ययन, रचनाको प्रतिभाको परख, निर्णय दिने साहस, निर्भीकता, वैज्ञानिक आधारका प्रमाणको प्रस्तुति, भाव संप्रेषण सामर्थ्य, तटस्थता र निष्पक्षता, सत्य कुराको खोजी जस्ता कुरा समालोचकमा हुनु पर्ने गुणमा पर्दछन् । यस प्रकारका योग्यताको प्रयोग गरी समालोचकहरूले विभिन्न विधि र पद्धतिमा आधृत समालोचना गरेको पाइन्छ । प्राज्ञिक वा शास्त्रीय समालोचना, व्याख्यात्मक समालोचना, निर्णयात्मक समालोचना, तुलनात्मक समालोचना, ऐतिहासिक समालोचना, प्रभाववादी समालोचना, परिचयात्मक वा वर्णनात्मक समालोचना, जीवनीपरक समालोचना, नीतिपरक समालोचना, समाजपरक समालोचना, मनोविज्ञानपरक समालोचना, आदिमतापरक समालोचना, भाषा वैज्ञानिक समालोचना, रूपपरक समालोचना समेतका विभिन्न समालोचना चलनचल्तीमा रहेका पाइन्छन् । पौरस्त्य काव्य जगत्मा आचार्य विधि, टीका वा भाष्य विधि, शास्त्रार्थ विधि, निर्णय विधि र लोचन विधि समालोचनाका क्षेत्रमा प्रचलित देखिन्छन् । यसै गरी पाश्चात्य काव्य जगत्मा संरचनावादी समालोचना, विसंरचनावादी समालोचना, शैली वैज्ञानिक समालोचना, नारीवादी समालोचना, पाठकाभिमुख समालोचना, विधापरक समालोचना, मिथकीय समालोचना, प्रारम्भिक समालोचना, शोधपरक समालोचना, सौन्दर्य शास्त्रीय समालोचना, उत्तर आधुनिक समालोचना, समकालिक समालोचना जस्ता अनेकौं विधि प्रचलित देखिन्छन् । आज साहित्यिक समालोचनाले विज्ञानको दर्जा पाएको छ । ज्ञान विज्ञानको एउटा शाखाका रूपमा यो स्थापित भई सकेको छ । अझ समाजशास्त्र, मानवशास्त्र, प्रतीकशास्त्र, सौन्दर्यशास्त्र, मनोविज्ञान लगायतका विविध शास्त्रीय चिन्तनसित यसको सम्बन्ध प्रगाढ बन्दै गएको पनि देखिन्छ (अधिकारी, २०६१ : ६-१५) ।

प्रा. रिसालका समालोचकीय लेखहरू प्रशस्त मात्रामा पाइन्छन् । पौरस्त्य काव्यशास्त्रीय मान्यता, विधाशास्त्रीय मान्यता र कृतिपरक अध्ययन र प्रभाववादी अध्ययनलाई यिनले महत्त्व दिएको देखिन्छ । विभिन्न साहित्यिक पत्रपत्रिकामा यिनका समालोचना प्रकाशित भएका छन् ।

ख. समीक्षा सिद्धान्त

कुनै पनि विषयको अध्ययनमा आधृत तर्कपूर्ण, प्रामाणिक, विवेचनात्मक र निष्कर्षयुक्त तटस्थ एवं निष्पक्ष लेखाजोखा भएको रचना समीक्षा हो । समालोचना र समीक्षा भनेको मिल्दोजुल्दो कुरा हो र एउटै वर्गमा पर्ने रचना हो । त्यसो भए तापनि विषयगत गहिराइ र प्राप्त तथ्यमा आश्रित तर्कपूर्ण विश्लेषण जति ज्यादा समालोचनामा हुन्छ त्यति समीक्षामा हुँदैन । त्यसैले आलोचनाको विस्तार समालोचना हो भने आलोचनाको संकुचन समीक्षा हो भन्न सकिन्छ ।

हेर्नु भन्ने अर्थ जनाउने **ईक्ष्** धातुमा **अङ्** र **टाप्** प्रत्यय तथा **सम्** उपसर्ग जोडिएर बनेको संस्कृत भाषाको तत्सम शब्द समीक्षा हो । यसले अनुसन्धान, खोज, व्यवस्थित एवं सन्तुलित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरीक्षण, समालोचना, कुनै पनि कुराका बारेमा दिइने तार्किक मन्तव्य, टिप्पणी जस्ता विविध आशय व्यक्त गर्दछ । साहित्यिक दृष्टिले हेर्दा यस शब्दले कुनै कृति वा रचनाका गुण दोष छुट्याएर निष्पक्ष एवं गम्भीर भई विवेचना गर्ने अर्थ जनाएको देखिन्छ । सम्यक् परीक्षण वा सम्यक् अध्ययन भन्ने अर्थ यसले जनाउँछ ।

प्रा. रिसालका समीक्षाहरू अनेकौं पत्रपत्रिकामा प्रकाशित देखिन्छन् । तिनमा वेदान्त दर्शनको व्याख्या, कृतिपरक विश्लेषण, शास्त्रीय विवेचना जस्ता विशेषता पाइन्छन् । भाषिक सरलता र अभिव्यक्तिगत स्पष्टता यिनका समीक्षाहरूको विशेषता हो ।

ग. टिप्पणी सिद्धान्त

कुनै विषयका विशेषता, कमजोरी, उपयोगिता, समयसापेक्ष परिवर्तनका अवस्था लगायतका विविध पक्षमाथि प्रकाश पार्दै परिचयात्मक शैलीमा त्यस बारे प्रामाणिक र निष्पक्ष विवेचना गर्नु टिप्पणी हो । समीक्षा र टिप्पणीमा पनि मिल्दोजुल्दो स्वभाव पाइन्छ । यी दुवै आलोचना साहित्यका वर्गमा पर्ने रचना हुन् । त्यसो हुँदाहुँदै पनि विषयगत गहिराइ र तर्कपूर्ण विश्लेषण समीक्षामा जति टिप्पणीमा पाइँदैन ।

टिप् धातुमा **पन्** र **अच्**का साथै **ङीष्** प्रत्यय लागेर बन्ने शब्द टिप्पणी हो । यसले व्यवस्थित एवं सन्तुलित प्रतिक्रिया, टीका, भाष्य, समालोचना, व्याख्या, स्पष्टीकरण जस्ता विविध अर्थ व्यक्त गर्दछ । साहित्यिक दृष्टिले हेर्दा यस शब्दले कुनै कृति वा रचनाका गुण दोष छुट्याएर निष्पक्ष एवं गम्भीर भई गरिने विवेचना भन्ने अर्थ जनाएको पाइन्छ । कुनै कुराको अध्ययन, सर्वेक्षण, मनन र बोधबाट प्राप्त भएको अनुभूति टिप्पणीमा प्रस्तुत गरिन्छ ।

प्रा. रिसालले विविध विषयमा गरेका टिप्पणी पनि कुनै न कुनै रूपमा प्रकाशित देखिन्छन् । विशेषतः वेदान्त दर्शनका सारभूत पक्षको व्याख्याका क्रममा यिनले गरेका टिप्पणी बढी पाइन्छन् । टिप्पणीहरूले पनि यिनमा रहेको दार्शनिक चिन्तन तथा विवेचना कौशलको परिचय दिएका छन् ।

घ. पुस्तक परिचयको सिद्धान्त

पुस्तक परिचय भनेको कुनै पनि पुस्तक वा कृतिमा रहेका विधागत, विषयगत, भावगत, प्राज्ञिक सामर्थ्यगत, शैलीगत, संरचनागत, भाषागत र प्रस्तुतिगत, कौशल एवं कमजोरी संक्षेपमा औंल्याई त्यस कृतिको सही चिनारी दिनु हो । यो कुरा व्यवहारमा त्यति ज्यादा लागू भएको भने देखिँदैन । आफै अग्रसर भएर कुनै कृतिको परिचय दिने प्रयास निकै कम मात्रामा गरिने र लेखकले गर्ने आग्रह, निकट सम्बन्धको प्रभाव, कुनै न कुनै लाभ र लोभको आकांक्षा लगायतका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विविध कारणबाट पुस्तक परिचयमा निष्पक्षताको प्रयोग भएको पाउनु गारो पर्दछ । निष्पक्ष हिसाबबाट देखिएका कुरा भनेमा लेखक रिसाउने र सम्बन्ध बिग्रने डर पुस्तक परिचय लेख्नेका मनमा रहेको पाइन्छ । सम्मान दिनका लागि पुस्तक परिचय लेखाउने चलन भएका कारण समेत यस कार्यमा सत्य कुरा बाहिर आउन नसकेको देखिन्छ । यो पनि आलोचना र निबन्ध वर्गमा पर्ने रचना हो ।

प्रा. रिसालका पुस्तक परिचय पनि यथेष्ट मात्रामा प्रकाशित पाइन्छन् । सकेसम्म निष्पक्ष हुने प्रयास तिनमा यिनले गरेको देखिन्छ तर यस कार्यमा सफल हुन भने यिनलाई गारो परेको बुझिन्छ । यिनको समालोचक व्यक्तित्व यस प्रकारका रचनामा प्रकाशित भएको देखिन्छ । यिनी पुस्तक परिचयका लेखक पनि हुन् ।

ङ. भूमिका सिद्धान्त

भूमिका भनेको कुनै पनि किताप, लेख, रचना, प्रतिवेदन, प्रबन्ध जस्ता कृति तथा त्यसका लेखकको चिनारी दिई दुवैको महत्त्व र उपयोगिताका बारेमा जानकारी गराउनु हो । पुस्तक परिचय र भूमिका परस्पर मिल्दाजुल्दा विषय हुन् तापनि यिनका बिच केही कुरामा भिन्नता पाइन्छ । यी दुवै आलोचना र आख्यानेतर वर्गका साथै निबन्धको प्रबन्ध शाखामा पर्ने साहित्यिक रचना मानिन्छन् । गद्य र पद्य दुवैमा भूमिका लेखिएको पाइन्छ तापनि मूलतः यसमा गद्यकै प्राधान्य रहेको हुन्छ । सम्बद्ध कृति तथा कृतिकारका विशेषताको उल्लेख गरिने यस साहित्यमा निष्पक्षता भने पुस्तक परिचयको जस्तै अप्ठेरो स्थितिका रहेको पाइन्छ । अचेल यसलाई विधिसम्मत तुल्याउने प्रयास हुँदै गएको देखिन्छ । पुस्तक परिचय र भूमिकामा सामान्यतः समालोचकीय दृष्टिभन्दा पनि प्रशंसात्मक एवं प्रचारात्मक दृष्टि राखिएको पाइन्छ । निष्पक्ष भएर लेखिएका भूमिका पाउन गारो पर्दछ ।

भूमि+क+टाप्को मेलबाट बनेको संस्कृत तत्सम शब्द भूमिका हो । कुनै कृतिको प्रस्तावना वा परिचय भन्ने अर्थ यसले प्रकट गर्दछ । सन्दर्भ अनुसार यसका विभिन्न अर्थ प्रचलित छन् । यसलाई साहित्य मान्ने र नमान्ने दुई थरी समीक्षकहरू देखिन्छन् । यसको प्रकृति समीक्षा, टिप्पणी र पुस्तक परिचयसित मिल्ने हुंदा ती रचनालाई साहित्य मान्ने परिप्रेक्ष्यमा यसलाई पनि साहित्य भन्नु पर्ने कुरा जानकारहरू व्यक्त गर्दछन् । आमुख, वक्तव्य, मन्तव्य, प्राक्कथन, प्रस्तावना, मुखबन्ध, उपोद्घात, पूर्व कथन, मुख वाक्य जस्ता विभिन्न नाम यसका प्रचलित पाइन्छन् । बढी मात्रामा प्रयोग गरिने शब्द भूमिका नै हो । प्रकाशकीय, सम्पादकीय, लेखकीय, शुभकामना लगायतका विविध रूपमा पनि यसको प्रयोग भएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापित र चर्चित बन्ने लेखकीय आकांक्षा, गरेका कामको मूल्याङ्कन तथा यशको अपेक्षा, कृतिको सही परिचय गराउने र कमी कमजोरी सुधार्ने विचार, योग्य र सम्मान्य व्यक्तिप्रति कदर गर्ने चाहना, प्रशंसित बन्ने उत्कण्ठा, लाभको अभिलाषा जस्ता विविध उद्देश्यले भूमिका लेखाउने काम गरिएको हुन्छ । त्यसो हुँदाहुँदै पनि साराका सारा भूमिकाका उद्देश्यलाई केही सीमित कुराका सामान्यीकरणमा आबद्ध गर्न सकिँदैन र सुहाउँदैन पनि ।

योग्य, आदरणीय, विज्ञ, अनुभवी, चर्चित, निकटस्थ, स्नेही, सहयोगी, उच्च पदासीन, ज्येष्ठ, श्रेष्ठ व्यक्तिबाट भूमिका लेखाई सम्बद्ध कृतिको महत्त्व, उपयोगिता, ख्याति, वैशिष्ट्य प्रदर्शन गर्ने चलन जताततै पाइन्छ । मध्यम र निम्न स्तरका लेखकहरूमा प्रायः यस्तो प्रवृत्ति देखिन्छ । ज्यादै माथिल्लो चिन्तन र वैचारिक तहमा पुगेका व्यक्ति सकेसम्म पुस्तक लेख्ने काम गर्दैनन् । तिनीहरू पुस्तकका माध्यमबाट सम्भव हुने काम व्यवहारबाट गर्दछन् । प्रचार प्रसार, सस्तो ख्याति, चर्चा परिचर्चाबाट टाढा रहने प्रयास पनि तिनको हुन्छ । देवकोटाले *लक्ष्मी निबन्ध संग्रह*मा आफूलाई चिनाउन खुर्सानीको माला लगाई रहनु पर्दैन भनेका छन् । वास्तवमा कसैले ठुलो, राम्रो, महान्, ज्ञानी, प्रतिभाशाली, उदार, त्यागी जस्ता विशेषण गुथाउँदैमा कोही पनि त्यस्तो बन्दैन हुँदेन । कुनै न कुनै मुलाहिजाबाट यस प्रकारको प्रशंसा बढी मात्रामा गरिएको पाइन्छ । त्यसो भन्दैमा प्रशंसा लायक कोही हुँदैन भन्न खोजेको चाहिँ होइन । जे भए पनि भूमिकामा यथार्थभन्दा ज्यादा प्रशंसा गर्ने प्रवृत्ति लगभग स्थापित नै भई सकेको देखिन्छ ।

ज्ञाननिष्ठ ज्ञवालीको *भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका* भन्ने पुस्तकमा प्रस्तुत गरिएका भूमिकाको परिचय सम्बन्धी केही भनाइ यहाँ दिइएको छ ।

लेखकले सामान्य परिचय दिँदै विषयगत संक्षिप्तता र अति छोटो व्याख्या एवं कृतिका विशेषताहरूको बयान गरिएको तर दोहोरो व्याख्या नभएको छोटो लेख नै भूमिका हो भन्ने कुरा तारानाथ शर्माले गरेका छन् ।

कमल दीक्षितका विचारमा पाठकलाई सजिलो पार्ने गरी संक्षेपमा कितापलाई चिनाउनु भूमिका हो ।

वासुदेव त्रिपाठीका भनाइमा कुनै ग्रन्थको अग्र भागमा रहने त्यस ग्रन्थ सम्बन्धी लेखकप्रतिको संक्षिप्त शुभकामनादेखि त्यस ग्रन्थको संरचना, स्वरूप, विशेषता र सूक्ष्म रूपमा त्यसका कमी बारे पनि उल्लेख गरिने र कहिलेकाहीं चाहिँ त्यस ग्रन्थले छोएको विषयमा थप आधिकारिक र विस्तृत उपोद्घातका रूपमा समेत लेखिने रचनालाई भूमिका भन्न सकिन्छ । भूमिका शुभकामना पनि हो र ग्रन्थको पठनका निम्ति अरूलाई प्रेरित गर्ने प्रशंसा मात्र पनि हुन सक्तछ । भूमिकामा सम्बद्ध कृतिका गुणदोषको निरूपण पनि गरिएको हुन सक्तछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेकाहीं सम्बद्ध विषयवस्तुको पूरक वा आधिकारिक विद्वतापूर्ण थप अभिव्यक्ति पनि भूमिकामा प्रयोग हुन सक्तछ । यसको आयाम केही पंक्ति र केही पृष्ठदेखि लिएर सम्बद्ध कृतिकै समानान्तरको वा त्यसभन्दा गहकिलो विषयको प्रस्तुति समेत हुन सक्तछ । यो भूमिका लेख्ने र भूमिका लेखाई माग्ने व्यक्तिको पारस्परिक समझदारीमा भर पर्दछ । यसरी भूमिका के हो भन्ने कुरा भूमिकाकै विविध स्वरूपको विवेचनाबाट थाहा हुन्छ ।

प्रा. शिवगोपाल रिसालका अनुसार भूमिका अलिकति शुभारम्भ, अलिकति ग्रन्थको परिचय, त्यसको विवृति र त्यसबाट हुने प्राप्ति हो । भूमिकाले ग्रन्थको परिचय मात्र दिँदैन अपितु त्यसको उपयोगिता र उपादेयता पनि बखानी दिन्छ । ग्रन्थको महिमा र महत्तालाई अझ उजागर गर्न भूमिकाको ठुलो भूमिका हुन्छ ।

चूडामणि बन्धुले भने बमोजिम भूमिका भनेको ग्रन्थको संक्षिप्त परिचय, पृष्ठभूमि, इतिहास, विषयवस्तु र उद्देश्य बोकेको कथन हो, जुन कृति लेखकले आफूलाई लागेको कुरा लेखी दिने अनुरोधमा समेत लेखिन सक्छ ।

कृतिभित्र के छ र त्यसलाई कुन स्थान दिन सकिन्छ भनेर मूल्याङ्कन गरी पाठक वा संस्थालाई सिफारिस गर्नु नै भूमिका हो भनी ठाकुर पराजुलीले बताएका छन् ।

कृति विशेषका सौन्दर्य तत्त्व अथवा विशेषताहरूमा प्रकाश पार्दै देखिएका कमजोरीहरूलाई समेत दृष्टिगत गरेर लेखकलाई भावी लेखनका लागि अभिप्रेरित गर्नुका साथै सजग तुल्याउनु नै भूमिका लेखन हो भनी दयाराम सम्भवले बताएका छन् ।

मोहनराज शर्माले भने अनुसार भूमिका साहित्यको विधा न भएर खास ठाउँमा रही लेखक र पुस्तक बारे प्रकाश पारिएको मन्तव्य हो । समीक्षात्मक ढङ्गबाट लेखिने यो एउटा चलन हो ।

गोपीकृष्ण शर्माका अनुसार भूमिका कृतिको आधार भूमि हो । रचनाको परिवेश र लेखकीय जीवन दृष्टिको प्रक्षेपणका आलोकमा कृतिको मूल्य प्रस्तुत गर्ने चासो समेत भूमिकामा रहन्छ । कृतिकार र कृतिको सहसम्बन्धलाई पनि भूमिकाले स्पस्ट्याएको हुन्छ ।

घनश्याम कँडेलका विचारमा कृतिमा दिन खोजिएको कुरा बारे थोरै शब्दमा मिठो तरिकाले भनेर पाठकलाई प्रभावित पार्ने रचना भूमिका हो ।

समग्रमा हेर्दा भूमिका अराजक विधा हो जसले लेखकको भौतिकतालाई न निचोरी वस्तुपरक ढङ्गले संक्षेपमा विषयवस्तुको आधारभूमि प्रस्तुत गर्नु पर्दछ भन्ने कुरा राजेन्द्र सुवेदीले व्यक्त गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्ण गौतमका भनाइ अनुसार कृतिका आधारभूत कुराहरूमा प्रकाश पार्ने उद्देश्यले लेखिएको अभिव्यक्ति भूमिका हो ।

कृष्णप्रसाद पराजुलीको अभिमत अनुसार कृतिलाई राम्ररी बुझ्न सक्ने गरी लेखिएको छोटो लेखलाई भूमिका भनिन्छ ।

माथि दिइएका भूमिका सम्बन्धी परिचयात्मक अभिव्यक्ति र प्रचलनमा पाइने अनेक प्रकारका भूमिकाको अध्ययन गर्दा के कुरा भन्न सकिन्छ भने भूमिका लेख्ने व्यक्तिले लेखक र कृतिको सामान्य चिनारी, कृतिमा प्रयोग गरिएको विषयवस्तु, भाव, भाषा, शैली, शिल्प, सन्देश, संरचना जस्ता विधागत र साहित्यिक कौशलगत पक्ष तथा र प्राप्तिका बारेमा प्रोत्साहनपूर्ण समीक्षा संक्षेपमा गर्नु उपयुक्त हुन्छ । विस्तृत भनाइ, अनावश्यक विद्वता प्रदर्शन र कृति तथा कृतिकारको अवमूल्यन गर्न भूमिका लेखकलाई सुहाउँदैन । सबै कुरा बताउंदा पाठकले त्यो कृति पढ्न रुचि न देखाउने हुंदा त्यसलाई पढ्नै पर्ने बनाउने आशयका अभिव्यक्ति भूमिकामा राखिनु उचित हुन्छ । अनावश्यक प्रशंसा र अतिरञ्जनात्मक टिप्पणी पनि गर्नु भूमिका लेख्ने व्यक्तिको धर्म होइन । भूमिका वस्तुपरक, आधारयुक्त, तर्कसङ्गत र निष्पक्ष नै हुनु पर्दछ (ज्ञवाली, २०६३ : २-६) ।

प्रा. रिसालले भूमिका लेखनमा पनि आफ्नो योग्यता र सिप देखाएका छन् । विभिन्न व्यक्तिका पुस्तकमा यिनका भूमिका प्रकाशित देखिन्छन् । स्वामी रामानन्द गिरी, खप्तड स्वामी लगायतका विशिष्ट व्यक्तिका कृतिमा पनि यिनले भूमिका लेखेका छन् । भूमिका लेख्न सिपालु व्यक्तिका रूपमा यिनको चर्चा गरिएको पाइन्छ ।

३.२.१.११ प्रवचनको सिद्धान्त

कुनै पनि विषयका शास्त्रीय र व्यावहारिक पक्षका विविध कुराका बारेमा जानकारी दिनु, व्याख्या गर्नु, बोल्नु वा भाषण गर्नु प्रवचन हो । यस्तो काम सैद्धान्तिक र प्रायोगिक क्षेत्रसित सम्बद्ध विषयमा गरिएको पाइन्छ । शिक्षकले पढाउनु, धर्म गुरुले उपदेश दिनु, नेताले जनतालाई सम्झाउनु, ज्ञाताले सम्बद्ध विषय थाहा नभएका व्यक्तिलाई यथार्थ कुरा अवगत गराउनु जस्ता क्रियाकलापलाई प्रवचन भनिन्छ । यो लेख्य रूपमा भन्दा कथ्य रूपमा प्रस्तुत हुन्छ तापनि कतिपय व्यक्तिले लेखेर ल्याएका सामग्रीका आधारमा प्रवचन गरेको देखिने र त्यस्तो सामग्री प्रायः साहित्यिक लेखका रूपमा सम्बद्ध संस्थाका मुख पत्रमा प्रकाशित हुने भएकोले यसलाई साहित्य भनिएको हो ।

वच् धातुमा **ल्युट्** प्रत्यय र **प्र** उपसर्ग लागेर बनेको संस्कृत भाषाको तत्सम शब्द प्रवचन हो । यसलाई व्याख्यान, भाषण र वाग्मिता पनि भनिन्छ । यसमा बोलिने श्रोताको स्तर, अवस्था,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकता, समय, परिस्थिति जस्ता कुराको ख्याल गरेर सम्बद्ध विषयको परिचय दिने, त्यसको मूल तत्त्व वा सार बुझाउने र शंकास्पद वा विवादास्पद पक्ष सुल्झ्याउँदै जिज्ञासाको समाधान गर्ने काम हुन्छ । अनेक प्रकारका उपाख्यानलाई उदाहरणका रूपमा प्रस्तुत गरी भनाइलाई रोचक बनाउने प्रयास यसमा गरिन्छ । कुशल प्रवक्ताको प्रवचन सुन्न लालायित हुने प्रवृत्ति बारे टेलिभिजनका कार्यक्रम हेर्दा थाहा हुन्छ । विशेष गरी धार्मिक विषयमा प्रवचन अधिक मात्रामा आयोजित भएका देखिए पनि जुनसुकै विषयमा यस्तो आयोजन गर्न सकिन्छ र गरिएको पनि देखिन्छ ।

प्रा. रिसाल धार्मिक शैक्षिक विषयमा प्रवचन गर्न योग्य र सिपालु व्यक्तिका रूपमा सुपरिचित छन् । विभिन्न ठाउँमा यिनका प्रवचन हुँदे आएका छन् । यिनले दिएका व्याख्यान लिपिबद्ध गरी अनेक पत्रपत्रिकामा छापिएका पनि देखिन्छन् । वेदान्त दर्शन यिनका प्रवचनको मुख्य विषय बनेको पाइन्छ । हालका दिनमा यिनी यस कार्यमा अधिक सक्रिय बन्दै गएका छन् ।

यसरी यहाँ **३.२.१ अनुक्रम** अन्तर्गत दिइएका साहित्य निबन्ध विधाकै भेद मानिन्छन् । निबन्ध मूल घरका सदस्य भए पनि संस्मरण, दैनिकी, शब्दचित्र वा रेखाचित्र, आत्मकथा, पत्र साहित्य, भूमिका, समीक्षा, समालोचना, टिप्पणी, जीवनी, रिपोर्ट, अन्तरवार्ता, व्याख्यान जस्ता रचना केही न केही भिन्न बनोटमा देखिन्छन् । त्यसो हुँदा हुँदै पनि यी सबैको आधारभूत धरातल चाहिँ निबन्ध नै हो भनिन्छ ।

३.२.२ कथाको सिद्धान्त

कथा आख्यानात्मक गद्य विधामा पर्ने साहित्य हो । यसले गतिशील समय, ठाउँ, परिस्थिति र वातावरण अनुसार आफूलाई बदल्दै लगेको देखिने हुनाले यसलाई सम्पूर्ण रूपमा यही हो र यस्तै हो भनेर चिनाउन गारो छ । भाषाका माध्यमबाट गद्य शैलीमा प्रस्तुत गरिने आख्यानात्मक कला यो हो । लोक साहित्यमा पाइने कथा, किंवदन्ती, उपाख्यान, किस्सा, कहानी, बात जस्ता विविध नामका रचना लिखित कथाका पूर्वज हुन् । तिनकै परम्पराको विकसित रूप यो हो । प्रा. रिसालले आंशिक रूपमा कथा भन्न सुहाउने केही साहित्यको रचना गरेकाले यहाँ यस विधाको सैद्धान्तिक पक्षमाथि संक्षेपमा प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

कथा आफ्नै किसिमको ढपढङ्गमा रचना गरिने सिर्जनात्मक साहित्यिक स्वतन्त्र विधा हो । विश्वमै यो धेरै समय पहलेदेखि चलनचल्तीमा रहँदै आएको विधा हो । लोक कथासित यसको आमाको नाता पर्दछ । यसको नस्ल, रगत समूह वा जातीय पुर्खा लोककथा नै हो । आज पनि लोककथाका आधारभूत पक्षबाट यो पृथक् रहेको देखिँदैन । इस्वीको उन्नाइसौं शताब्दीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य जगत्‌बाट यसले गद्य साहित्यको एउटा स्वतन्त्र विधाको नाममा स्थायित्वको निस्सा पाएको हो । गद्यमा संरचित किस्सा र कथायुक्त तथा पात्र प्रधान निबन्धको समीकरणबाट आज लिखित साहित्यमा कथा भनिने विधाको आधुनिक शास्त्रीय मान्यता अनुसारको जन्म भएको हो । यसै संरचनाभित्र विकसित भएर आज विश्वभरि नै यसले आफ्नो परिचय तथा प्रभाव स्थापित गरेको छ । यो लचिलो र गतिशील आख्यानात्मक साहित्यिक गद्य सिर्जना र स्वतन्त्र एवं उन्मुक्त रूपले हुर्कंदै व्यापक बनेको विधा हो । समयको परिवर्तनका साथ हातेमालो गरी बदलिने स्वभाव हुनाले यो स्थिर रहेको पाइँदैन । त्यसैले पनि निश्चित साँचामा राखेर उहिलेदेखि अहिलेसम्मका यसका समस्त भेदको समष्टि परिचय दिन अप्ठेरो पर्दछ । त्यसो भए पनि केही व्यक्तिले यसलाई चिनाउने प्रयास गरेको देखिन्छ ।

एडगर एलेन पोका विचारमा कथा भनेको एकै बसाइमा पढ्न सकिने छोटो आकारको आफैमा पूर्ण त्यस्तो रचना हो जसले पाठकमा प्रभाव जमाउँछ ।

ब्रेन्डर म्याथ्युजका भनाइ अनुसार कथाले एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट उत्पन्न विभिन्न संवेगहरूको शृंखलासित मात्र सरोकार राख्दछ । यसमा अङ्गगत समन्विति हुन्छ ।

आर. के. लगूले आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो र चलाखीपूर्वक गरिएको योजनाको कलात्मक उपलब्धि हो भनेका छन् ।

समरसेट ममका विचारमा कथा आदि, मध्य र अन्त्ययुक्त विशिष्ट ढाँचा हो ।

भारतीय कथाकार प्रेमचन्दले भने बमोजिम कथा त्यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथाविन्यास सबैले एउटै भावको पुस्टि गर्दछन् । उपन्यासमा जस्तै यसमा मानव जीवनका सम्पूर्ण तथा बृदत् रूप देखाउने प्रयास गरिंदैन न त यसमा उपन्यासमा झैं सबै रसहरूको सम्मिश्रण रहेको हुन्छ । यो त्यस्तो रमणीय बगैंचा होइन जसमा थरी थरीका फुलहरू र बेलबुट्टा सजिएको हुन्छ तर यो त्यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्दछ ।

लक्ष्मीप्रसाद देवकोटाका भनाइमा छोटो किस्सा एउटा सानो आँखी झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ 'थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो' यो जत्तिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी कुरा अरू छँदै छैन कि भन्ने जस्तो लाग्छ । यसमा सबै रस निकाल्न सकिन्छ 'यसमा कला छ' यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर बरालले एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवन सम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ भनेका छन् ।

रत्नध्वज जोशीका अनुसार कथामा मानिसको त्यस्तो अवस्था विशेषको अभिव्यञ्जना हुन्छ जसबाट त्यस पात्रको स्वभाव अथवा कुनै एक प्रवृत्ति विशेषको परिचय पाठकले पाउँछन् ।

यहाँ प्रस्तुत कथालाई चिनाउनका लागि भनिएका विभिन्न व्यक्तिका धारणा र प्रचलनमा पाइने अनेक प्रकारका कथाको अध्ययन गर्दा के कुरा भन्न सकिन्छ भने कथा भनेको सशक्त आख्यानको गद्य रूप हो र यो निश्चित प्रकारको संरचनामा आबद्ध भई पूर्ण एवं स्वतन्त्र हुन्छ । यसको आफ्नै स्थापत्य कला र मूल्य छ । यसमा प्रभावान्विति मूल मेरुदण्डका रूपमा रहेको हुन्छ । सानो आयतनमा रहेर कलात्मक शैलीमा कथाले भावना तथा विचार गरी जीवन र समाजको सजीव चित्र प्रस्तुत गर्दछ (श्रेष्ठ, २०५७ : ६-१७) ।

कथावस्तु, चरित्र, संवाद, परिवेश, भाषा शैली, उद्देश्य कथाका तत्त्व हुन् । यिनका बिच समन्वय र सन्तुलन कायम गरेर कथाको निर्माण हुन्छ । अचेल नवीन समालोचना पद्धति अनुसार संरचना र रूप विन्यास गरी कथाका तत्त्वलाई दुई भागमा राखेर समीक्षा गर्ने परम्परा स्थापित भएको छ । नेपाली साहित्यमा सामाजिक, मनोवैज्ञानिक, प्रगतिवादी, अस्तित्ववादी, यथार्थवादी, स्वच्छन्दतावादी गरी विभिन्न प्रकारका कथाहरू पाइन्छन् । घटनाप्रधान, चरित्रप्रधान, विचारप्रधान र प्रयोगवादी गरी प्रस्तुतिगत शैलीका आधारमा कथाका विभिन्न भेदहरू प्रचलित देखिन्छन् । अचेल प्रयोग र प्रविधिको विकासका कारण ध्वनि कथा, गीति कथा, दृश्य कथा, शृङ्खलाबद्ध कथा जस्ता विविध प्रकारका कथाको चलन पनि व्यवहारमा देखिन्छ ।

प्रा. रिसालले लेखेका कथा निकै कम छन् । यिनले केही सामान्य कथा र बाल कथाको रचना गरेको देखिन्छ । नैतिक मूल्य, सामाजिक शान्ति र सुव्यवस्था, मानवीय विकास, आध्यात्मिक चेतना, देश प्रेम, प्राकृतिक सौन्दर्य लगायत विविध पक्ष यिनले आफ्ना रचनामा समेटेका छन् । सरल भाषा र स्पष्ट भनाइ यिनका कथाको विशेषता हो ।

३.२.३ सम्पादनको सिद्धान्त

प्रकाशन गरिने सामग्रीलाई व्यवस्थित, शुद्ध, आकर्षक, विधिसम्मत र सिद्धान्तनिष्ठ बनाउनु सम्पादन हो । यसलाई प्रकाशन गरिने कृतिको पुनः संरचना पनि भनिन्छ । यसमा छापिने वा प्रस्तुत गरिने सामग्रीलाई परिष्कृत तुल्याउने काम गरिन्छ । कतिपय व्यक्तिले छपाइ शुद्धिलाई नै सम्पादन ठानेको पाइन्छ तर त्यो काम मात्र सम्पादनमा पर्दैन । त्यसका साथै विषयानुकूल शीर्षक भए नभएको, लेखाइ र त्यसको सज्जामा अपनाउनु पर्ने उपयुक्त विधिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग भए नभएको, वाक्य गठनदेखि सम्पूर्ण भाषिक संरचना मिले नमिलेको, प्रामाणिक कुरा समावेश गरे नगरेको, प्रसङ्ग वा सन्दर्भ सुहाउँदो विषयवस्तु दिए नदिएको जस्ता विभिन्न पक्षमा ध्यान दिई पाण्डुलिपिमा आवश्यक सुधार गरिन्छ । निकै सतर्कतापूर्वक गरिने काम यो हो । समसायिक परम्परा अनुसार चलेका र नवीन प्रयोगमा आएका सम्पादनका मान्यताको ख्याल पनि यसमा गरिन्छ । पाठकले पुस्तक पढ्दा लेखकलाई त चिन्दछ तर सम्पादकलाई भने चिन्दैन । त्यस पुस्तकको प्रकाशनगत व्यवस्था तथा सज्जामा सम्पादकको निकै ठुलो भूमिका रहेको हुन्छ । चलचित्रको निर्माणमा नायक, नायिका, खलनायक, सहायक पात्रहरू, निर्माता, निर्देशक, पटकथा लेखक, सम्पादक, भिडियोग्राफर, सज्जा सम्बन्धी काम गर्ने, गायक, वाद्य वादक, नर्तक लगायतका अनेकौं व्यक्तिको योगदान रहेको हुन्छ । कृति प्रकाशनमा पनि यसै गरी विभिन्न व्यक्तिले आआफ्ना सिप र सामर्थ्यका काम गरेका हुन्छन् । सम्पादन त्यसमध्येको एउटा काम हो ।

सम्पादन भनेको लेखिएको सामग्रीलाई प्रकाशन योग्य बनाउनका निम्ति अपनाइने सतर्कतापूर्ण विविध कार्यको समष्टि रूप हो । कुनै पनि लेखको लेखन जति नै सम्पादन पनि महत्त्वपूर्ण हुने भएकोले विज्ञहरू यसलाई लेखन कार्यको पुनर्जन्म भन्दछन् । कारखानामा प्रयोग गरिने कच्चा पदार्थ जस्तै लेखन हो भने उपयुक्त काटछाँट गरेर जुन कामका लागि र जे उद्देश्य पुरा गर्नका लागि त्यसबाट जे सामग्री बनाइएको हो त्यसलाई आकर्षक सज्जामा उजिल्याउने काम अथवा पत्थरलाई हीरा बनाउने काम सम्पादन हो । यसलाई कृति सजाउने कला पनि भन्न सकिन्छ ।

पद् धातुमा **णिच्** र **ल्युट्** प्रत्यय तथा **सम्** उपसर्ग लागेर बनेको संस्कृत तत्सम शब्द सम्पादन हो । यसले कुनै पनि योजना वा उद्देश्य कार्यान्वयन गर्नु, स्वच्छ तुल्याउनु, परिष्कार गर्नु, सफा पार्नु, तयार गर्नु, आकर्षक बनाउनु र व्यवस्थित तरिकाले सजाउनु जस्ता विभिन्न अर्थ जनाउँछ । यो एक प्रकारको प्रविधि हो । आगोमा पोलेर, घनले कुटेर, उपयुक्त रसायनले माझेर टल्काइएको सुन जस्तै भाषिक शुद्धि, संरचनात्मक शुद्धि, सज्जात्मक परिष्कार लगायतका आवश्यक व्यवस्थापनगत शुद्धिबाट रचनालाई पठनीय, संग्रहणीय, शुद्ध, व्यवस्थित, गुणात्मक, आकर्षक, अनुकूल र मूल्यवान् बनाउनु सम्पादन हो । यसलाई अचेल प्रकाशनगत व्यवस्थापन पनि भनिन्छ ।

महाकवि देवकोटाले जे *आयो तर वर्षियो घनघटा कालो निलोबाट* यो भने जस्तै लेखकले साहित्य रचना गर्दा मनमा उर्लेका भावना जस्ताको तस्तै टिपेर राख्ने काम गर्दछ । त्यसरी आएका तत्त्वबाट आवश्यकता अनुसार चाहिनेलाई राख्ने न चाहिनेलाई फाल्ने र राखिएकालाई सजाएर शुद्ध र चम्किलो बनाएर प्रस्तुत गर्ने काम सम्पादकले गर्दछ । रचनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कच्चा सामग्री निफनेर, ताछेर, कुटेर, बताएर, पोलेर, फलेर, पालिस लगाएर बिकाउ बनाई बजारमा अत्यधिक मात्रामा बिक्ने बनाउने शिल्पकार सम्पादक हो । रचनालाई पुनः आकार तथा पुनः जन्म दिने काम सम्पादकले गर्दछ । अन्डा दिने लेखकले कोरल्ने सम्पादकले गरेपछि मात्र कृतिरूपी चल्ला चिर्बिराउन थाल्दछ ।

सामान्यतया सम्पादनको काम लेखकले नै गरेको देखिन्छ । लेखक सम्पादनमा प्रवीण नभएमा छुट्टै सम्पादकको आवश्यकता पर्दछ । लेखक स्वयं वा छुट्टै सम्पादकले सम्पादन गरे पनि सम्पादित सामग्रीको निरीक्षण र परीक्षण अनेक पटक गर्नु उपयुक्त हुन्छ किनभने जत्ति नै ध्यान दिएर वा सतर्क भएर सच्याए वा मिलाए पनि कहीं न कहीं केही न केही कुरा छुटेकै हुन्छ । एकै जनाबाट गरिएको सम्पादनमा ज्यादा त्रुटि बाँकी रहने भएकाले दुई वा त्यसभन्दा ज्यादाले यो काम गर्नु राम्रो मानिन्छ । यो ज्यादै संवेदनशील र प्राविधिक काम भएकोले यसमा संलग्न हुने व्यक्तिले एकाग्र चित्त बनाउनु जरुरी हुन्छ । स्वनामधन्य विभिन्न सम्पादकबाट बेला बखत हुने गल्ती सार्वजनिक टिप्पणीको विषय बनेको देखिन्छ । त्यसैले यसलाई अपजसे काम पनि भनिन्छ ।

अचेल भाषिक शुद्धि हेर्ने, टङ्कणगत सज्जा मिलाउने, विषयगत सामग्री संशोधन गर्ने, गाताको डिजाइन र सजावट गर्ने, छाप्ने क्रममा चाहिने कागज, मसी, चित्रको स्तर, अक्षरको स्पष्टता जस्ता विभिन्न पक्षका कुरा हेर्ने व्यक्ति अलग अलग राख्ने गरिएको पनि ठुला छापाखानामा देखिन्छ । सम्पादन प्रविधि र कला दुवै भएकोले यसलाई संवेदनशील काम मानिन्छ । यो काम लेखक स्वयंले गरेको खण्डमा ज्यादा राम्रो हुन्छ किनभने लेखिएको पाठको विषय र भावको गहिराइ जति लेखकलाई थाहा हुन्छ त्यति अन्य व्यक्तिलाई हुँदैन ।

पुस्तक, लेख, पर्चा, विज्ञप्ति, सन्देश, आमन्त्रण, अनुरोध पत्र, निवेदन, धन्यवाद वा कृतज्ञता ज्ञापन जस्ता रचनागत वैविध्य अनुसार सम्पादनका अवस्था पनि भिन्न भिन्न हुन्छन् । यसको सबभन्दा महत्त्वपूर्ण पक्ष भनेको भाषिक शुद्धि, मर्यादित तथा स्पष्ट भनाइ र सज्जा हो । सिपालु सम्पादकले गरेको काम ती सम्पादकको नामबाट पनि चर्चित बनेको पाइन्छ । त्यस्तो ख्याति पाउनका लागि र स्थापित हुनका निम्ति ती सम्पादकले लगातार लामो समय कठोर परिश्रम तथा ज्यादै सावधानीपूर्वक काम गरेको हुन्छ । जुनसुकै क्षेत्रमा स्थापित हुनका लागि निरन्तर लामो साधना त चाहिन्छ नै । यस काममा त्यसको मात्रा झनै बढी अपेक्षित हुन्छ ।

आधारभूत तहको सम्पादन, गुणात्मक सम्पादन र विकासात्मक सम्पादन गरी सम्पादन कार्यका तिन वटा तह हुने कुरा जानकारहरू बताउँछन् । आधारभूत तहको सम्पादन भनेको भाषा शुद्ध पार्नु र तथ्यमा देखिएका गल्ती सच्याउनु हो । यसलाई प्रारम्भिक सम्पादन पनि भनिन्छ । गुणात्मक सम्पादनमा पाण्डुलिपिका अनुच्छेद, लामा वाक्य भएमा छोट्याउने, पृष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संज्जा, टङ्कणगत ढाँचा, पाठकको स्तर अनुसारको भाषाको व्यवस्था जस्ता कुरा पर्दछन् । यसै गरी विकासात्मक सम्पादनमा लेखमा अभिव्यक्त वा चित्रित विचार, घटना, पात्र, शैली, सन्देश लगायतका कुरामा सूक्ष्म निरीक्षण एवं परिमार्जन गरिन्छ । सम्पादनको अन्तिम चरण यो हो । कृतिका सामान्यदेखि विशिष्टसम्मका सबै पक्षमाथि गम्भीर ध्यान पुऱ्याएर आवश्यक शुद्धि, परिष्कार एवं सज्जा सहित छाप्न अनुमति दिने काम यस चरणमा गरिन्छ (बन्धु, २०६८ : ५३-५७) ।

सम्पादक ज्यादै व्यस्त रहने व्यक्ति मानिन्छ किनभने उसले पर्याप्त मात्रामा सतर्क भएर कृतिका सबै पक्षमा रहेका दोष हटाई शुद्ध, प्रिय, आकर्षक र स्वीकार्य बनाउने काम गर्नु पर्दछ । यो निकै ठुलो जिम्मेवारीको काम मानिन्छ । यसमा सफलता पाउन कठोर परिश्रम गर्नु पर्दछ ।

प्रा. रिसालले सम्पादन कार्यमा पनि आफ्नो प्रतिभाको प्रयोग गरेका छन् । खप्तड स्वामीका पुस्तक तथा डा.स्वामी रामानन्द गिरीका पुस्तकदेखि लिएर विभिन्न कृतिको सम्पादन यिनले गरेको देखिन्छ । आफ्ना लगभग सबैजसो कृतिको सम्पादन यिनले आफै गरेका छन् । साहित्यिक, धार्मिक पत्रपत्रिकाको सम्पादनमा पनि यिनले काम गरेको देखिन्छ ।

३.२.४ वंशावलीको सिद्धान्त

वंशावली भनेको कुनै पनि परिवार, कुल, कुटुम्ब, खानदान वा बान्धव समूहको पैतृक अनुक्रम हो । कुलको गरिमा र महत्ताको प्रभाव सन्ततिमा पर्ने हुँदा उत्तम कुलका सन्ततिले गलत काम गर्दैनन् भन्ने कुरामा विश्वास गरिन्छ । *कुलकी छोरी मूलको पानी* भन्ने उखान नेपाली समाजमा प्रचलित छ । त्यसो भए पनि यो कुरा पूर्ण सत्य चाहिँ होइन । महाकवि देवकोटाले *मुनामदनमा मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन* भन्नको आधार पनि यही हो ।

संसारमा प्राचीन कालदेखि उच्च कुल भनिने परिवारमा जन्मेका व्यक्तिको प्रभाव ज्यादा हुने परम्परा चल्दै आएको देखिन्छ । एउटै परिवारका व्यक्ति वंशानुगत रूपमा चर्चित राजनीतिज्ञ, कलाकर्मी, दार्शनिक, साहित्यकार, वैज्ञानिक, चिकित्सक, ज्योतिषी, त्यागी, समाज सुधारक, विद्वान् बनेका पाइनाले वंश वा कुलको मान्यता स्थापित भएको देखिन्छ । महाकवि कालिदासले *रघुवंशमहाकाव्यम्* नामक काव्यमा रघुकुलको बयान गर्न थाल्दा *क्व सूर्यवंशप्रभवो वंशः क्व चाल्पविषयामति* अर्थात् कहाँ त्यो सूर्यको वंश कहाँ अल्पज्ञ यो कवि भनेका छन् । त्यसै गरी *हितोपदेशमा स जातो येन जातेन याति वंश समुद्भवम्* अर्थात् त्यो जन्म्यो जसले गर्दा कुलको हुन्छ उन्नति भनिएको छ । वंशको मनोवैज्ञानिक प्रभाव पनि निकै ज्यादा हुने कुरा शास्त्रदेखि लोक व्यवहारसम्मका विभिन्न तहको अध्ययन गर्दा थाहा हुन्छ । वंशावलीले कुलका गुण गौरवको ज्ञान पुस्तान्तरण गर्ने हुनाले यसलाई महत्त्वका साथ हेर्ने गरिन्छ । प्रा. रिसालले गर्ग गोत्रीय आफ्नो कुलको संक्षिप्त इतिहास, कुल र इष्ट देवता तथा तिनका पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्पराको उल्लेख गर्दै वंशावली निर्माण गरेका हुनाले त्यसको समीक्षाका लागि यहाँ वंशावलीको सैद्धान्तिक चर्चा गरिएको हो ।

वम् र **श** को योगबाट निर्मित **वंश** शब्दमा पंक्ति वा समूह अर्थ जनाउने शब्द **आवली** पद जोडिंदा बनेको संस्कृत तत्सम शब्द वंशावली हो । जाति, परिवार, कुल, परम्परा, बन्धु वर्ग, सवर्ण, कुल समुच्चय जस्ता विभिन्न अर्थको संवहन यसले गर्दछ । बाँसका आँख्ला भन्ने अर्थ पनि यस शब्दले बुझाउँछ । बाँसका आँख्ला जस्ता पारिवारिक पुस्ताका क्रमको भाव बोधक शब्द पनि यो हो । गोत्र प्रवर्तक तथा प्रवर पुरुष र कुल वृद्धहरूको शुभाशीर्वाद आन्तरिक उर्वरताको स्रोतका साथै गौरववर्द्धक हुने कुरामा विश्वास गरिने स्वाभिमानपूर्वक आत्मविकासको पथमा अघि बढ्न गौरवमय इतिहास बोकेका यशस्वी पुर्खाहरूको स्मरणले उत्प्रेरित गर्ने हुँदा वंशावली लेखनप्रति समाजमा अभिरुचि देखिन्छ ।

अचेल विभिन्न वंशका सन्ततिहरू आफ्नो धर्म संस्कृतिको सुरक्षालाई केन्द्रबिन्दुमा राखेर वंशावली लेख्ने काममा अग्रसर बनेका देखिन्छन् । वंशावलीमा गोत्र र प्रवर सम्बन्धी पुरुषहरूको मूलबाट विकसित भएका शाखा प्रशाखाका विशिष्ट कार्यका चर्चाले कुलको गौरवपूर्ण अस्मिता बढाउनमा मद्दत गर्दछ । गोत्र र प्रवरसित सम्बद्ध व्यक्तित्वहरूले वैदिक युगदेखि नै प्रतिष्ठापूर्ण छवि प्राप्त गरेको देखिन्छ । तिनीहरू विद्या र त्याग तपस्याद्वारा माथि उठेका महान् ऋषिहरूमध्येकै व्यक्ति हुन्छन् । तिनका विद्या, त्याग, तपस्या र सच्चरित्रका कथाबाट सम्पूर्ण कुल गौरवान्वित बनी रहेको हुन्छ । तिनको नामबाट सिङ्गो गोत्र स्थापित र प्रतिष्ठित बनेको हुन्छ । आआफ्ना कुलका वंश पुरुष अथवा गोत्र पुरुषहरूका साथै प्रवर पुरुषहरूका गौरव गाथाहरूको चर्चा परिचर्चा गर्ने गराउने परिपाटीले धार्मिक आध्यात्मिक पृष्ठभूमि प्रकाशित हुन्छ र मानवीय जीवन मूल्यहरूको महत्त्व बढ्दछ ।

गोत्र शब्दको अर्थ गाईको पालन, पृथिवीको पालन, वेदको पालन, किरणहरूको पालन र इन्द्रियहरूको पालन हो । गाईको रक्षा गर्ने आदर्श परम्परालाई **गोत्र** शब्दले बुझाउँछ । गोत्रहरूका अनुयायीका नाताले सबै धर्महरू ध्रुवीकृत हुँदै गएर विभिन्न गोत्रहरू स्थापित र प्रचलित हुँदै गएको मानिन्छ । वेद र गाईमा श्रद्धा राख्ने एक गोत्रका व्यक्तिहरू मिलेर वेद तथा रुद्रीको पाठ गर्ने र गोठ पूजा गर्ने चलन बिस्तारै विकसित भएको कुरा थाहा हुन्छ ।

प्रवर पुरुष मानिने अतिविशिष्ट व्यक्तित्वहरूबाट स्थापित यस प्रकारका व्यवहारले सदाचार, त्याग, तपस्या एवं शास्त्रहरूको आधिकारिक ज्ञान आर्जन गर्न उत्प्रेरणा दिएको बुझिन्छ । प्राचीन कालमा समय समयमा हुने विराट् यज्ञहरूमा वरण भएका होता र अध्वर्युहरूद्वारा तिनको नाम उच्चारण गरेर ससम्मान आह्वान गरिन्थ्यो । आचरण, व्यवहार, सामाजिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनमा पुऱ्याएको योगदानद्वारा माथि उठेका श्रेष्ठ पुरुषहरूलाई नै वर तथा तिनीहरूभन्दा पनि माथिल्लो तहमा पुगेकालाई प्रवर भनिन्थ्यो ।

वंशावली महत्त्वपूर्ण किन मानिन्छ भने त्यसमा पुर्खाहरूको नालीबेली पाइन्छ र त्यसभित्र अनेकौं यशस्वी व्यक्तित्वहरू अन्तर्निहित हुन्छन् । तिनका सुकीर्तिका सन्दर्भहरूले वंशहरूमा स्वाभिमानको सञ्चार हुन्छ । वंशका पछिल्ला पुस्ताहरूमा आफ्नो कुलमा मानवीय मूल्यको जगेर्ना गर्ने प्रेरणा यसले दिन्छ । पूर्वजहरूको गौरवमय प्रशस्तिले स्वाभिमानको अखण्ड स्रोत उपलब्ध गराउँछ । जागरुक वंशका सन्ततिहरूमा आफ्नो वंशावलीको अनुसन्धान र प्रकाशन गर्ने रहर यिनै कारणले जागृत हुन्छ ।

स्वार्थ केन्द्रित राजनीति र प्रलोभनमा फसाएर धर्मच्युत गराई पशु समान बनाउने विधर्मीहरूको अभियानलाई वंशावली जागरणले सफल हुन दिँदैन र आफ्नै संस्कृतिले मान्यता दिएका चिन्तन र व्यवहारलाई प्रश्रय दिँदै अघि बढ्न प्रेरित गर्दछ । गोत्र पुरुष र प्रवर पुरुष सर्वाधिक गौरव एवं श्रद्धाका पात्र हुन्छन् । तिनको त्याग, तपस्या र सच्चरित्रतासँगै तिनीहरूबाट भएका लोक कल्याणकारी कार्यहरू वंशधरहरूका लागि आदर्शका आधार बन्दछन् । त्यस्तो कुलमा जन्मनु आत्मसम्मानको स्रोत मानिन्छ ।

पुर्खाहरूका गुणगान मात्र गरी निष्क्रिय भयो भने नाक ठाडो हुन सक्तैन र आफ्नो वर्चस्व कायम गर्न तथा समाजको हित गर्न सकिँदैन । त्यसका लागि इतिहासबाट पाठ सिकी समयसापेक्ष रूपमा आफूलाई परिवर्तित गरेर जनहितमा समर्पित हुनु आवश्यक हुन्छ । पूर्वजहरूले गरेका सत्कार्यको निरन्तरता नयाँ सन्ततिबाट भएन भने सार्थक उपलब्धि हासिल गर्न सकिँदैन । वंशावलीमा उल्लिखित हुने कुलको मर्यादा ज्ञानको प्रतीक हो, मानको प्रतीक हो, न्याय, अनुशासन र संयमको प्रतीक पनि हो । तिनै प्रतीकहरूको जगेर्ना गर्न र परिवारलाई सङ्गठित तुल्याएर समाजमा अतीतदेखि चल्दै आएको गौरवशाली परम्परा कायम गर्नका साथै रचनात्मक तथा उदाहरणीय काम गरेर लोक कल्याणमा संलग्न हुन वंशावलीले प्रेरणा दिन्छ ।

आफूलाई आफैले राम्रो भ्रु र आफ्ना कुरा आफैले गरेर बडप्पन देखाउन खोज्नु राम्रो होइन । जनहितकारी कार्यमा सिन्को पनि न भाँच्ने तर पुर्खाका मनगढन्त कथा जोडेर आफूलाई महान्, खानदानी, विशेष, असामान्य, जन्मजात विशिष्ट र प्रत्युत्पोमति ठान्ने प्रवृत्ति दिवा स्वप्न देख्नु जस्तै हो । सूर्य, चन्द्रमा, नदी, वनस्पति, हावा, धर्ती, पहाड, ग्रह, नक्षत्र, अग्नि जस्ता लोक कल्याणकारी तत्त्वले कहिल्यै आफूलाई कुलीन भन्दैनन् । आफूलाई बिना कारण महान् ठान्ने चिन्तन सङ्कुचित, न्यून, सीमित, क्षुद्र र दयनीय विचारको नमुना हो । वंशावलीको अर्थ भ्रम सिर्जना गर्नु होइन । भ्रमपूर्ण अर्थ लगाउनु त मूर्खता हो र वंशावलीको महत्तालाई घटाउने चेष्टा गर्नु हो । व्यक्ति, परिवार र समाजमा कसैको हित, विकास, उन्नति, समृद्धि, शान्ति, सुख,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्रता जस्ता कुरामा व्यवधान न पार्ने गरी सम्बद्ध कुलका सन्ततिलाई जागरुक, परिश्रमी, सहयोगी, उन्नतिशील, ज्ञानी, ध्यानी, त्यागी, अध्यवसायी, चिन्तक, विद्वान्, सहनशील, धैर्यशाली, दानशील, समझदार, परोपकारी, गुणी, नम्र, शिष्ट, मृदुभाषी, स्वस्थ, स्वच्छ, निपुण, योग्य, दक्ष बनाउन अभिप्रेरित गर्ने वंशावली लेखन कुनै पनि दृष्टिले अनुपयुक्त, संकुचित, आपत्तिजनक र गलत ठहरिँदैन । यसलाई गलत दृष्टिले हेर्नु र गलत अर्थमा लिनु भनेको यसको महत्त्व न जान्नु ठहरिन्छ । यसबाट कसैको पनि हानि हुँदैन ।

राम्रा काम गर्ने, राम्रो मान्छे बौ प्रयास गर्ने र राम्रो सोच्ने प्रवृत्ति निश्चय नै राम्रो बानी हो । अर्को कुरा के पनि हो भने कतिपय अनुभव, ज्ञान, सूचना, जानकारी, चिन्तन, नीति, उपदेश, परम्परा र मार्ग निर्देशन मुखान्तरण वा हस्तान्तरण न गर्ने हो भने व्यक्ति, परिवार, समाज, राष्ट्र र दुनियाँकै लागि हानि पनि हुन सक्तछ । विशेष गरी गोत्र, प्रवर, गण, पुर्खा, परिवार र परम्पराका कुरा नभौं नसुनाउने हो भने व्यक्ति, परिवार, समाज, राष्ट्र र दुनियाँले टेक्नु पर्ने आदर्शको धरातल भासिन सक्तछ । जानेका र बुझेका कुरा न भौं हो भने पछिका पुस्ता त्यस्तो अनुभवाश्रित ज्ञान वा पाठ जाँबाट वञ्चित हुन सक्तछन् । ऐतिहासिक, सांस्कृतिक, सामाजिक र पारिवारिक पृष्ठभूमि हरायो भने टेक्ने र समाउने आधार समाप्त हुने र परिचय लोप हुने खतरा बढ्दछ । पुर्खाले गरेका सत्कार्यको निरन्तरता र गर्न नसकेका सपनाहरू साकार पार्न सकियो भने इतिहासका जगमा सुन्दर वर्तमान बनाउन सकिन्छ । असल र कुलीन सन्तानको कर्तव्य पनि त्यही हो । इतिहास बिर्सेर वर्तमानको मात्र भोग गर्ने व्यक्ति, परिवार, समाज र जाति भोग त गर्दछ तर इतिहास निर्माण गर्न सक्तैन । सच्चा परिवार, समाज र जातिले चिन्तनमा ब्युँझेर चरित्रमा यात्रा गर्ने काम गर्दछ । भावी पुस्ताको जरामा यस्तै आनीबानीको अवलम्बनबाट मलजल पर्दछ । वंशावलीबाट प्राप्त हुने लाभ यिनै हुन् । यस्तै संवेदनशील कुराको चर्चा महाकवि लक्ष्मी प्रसाद देवकोटाले शाकुन्तल महाकाव्यमा यसरी गरेका छन् :

बिर्सेका पुरुखा रुखा हृदयका सुख्खा झिना सन्तति
हामी दुर्बल रुग्ण खाडल खनी हाल्दा सबै सम्पति
फालेका कलिकालकल्मष बली गर्दा सबै खल्बली
श्रद्धाभक्तिविहीन भै मुटु जली लाग्यौं नि ! जानै ढली (देवकोटा, २०२५ : ८) ।।१।४।।

महानतम व्यक्ति जन्मेको परिवारमा जन्म लिने प्रत्येक सन्तति महान् हुँदैन र अतिसामान्य भनिने परिवारमा जन्मेको कुनै सन्तान असामान्य पनि हुन सक्तछ । समय खेर फाल्ने र कुनै पनि रचनात्मक चिन्तन वा क्रियाकलापमा संलग्न नहुने पुस्ता बुढो मानिन्छ । त्यस पुस्ताले सुन्दर तत्त्वलाई न त देख्न सक्तछ, न रचना नै गर्न सक्तछ । भ्रममा बाँचेर भ्रममै मर्ने पुस्ता त्यो हो । कुलको पृष्ठभूमि बनेका गोत्र प्रवर्तक ऋषि, प्रवरमा पर्ने महर्षि, गण परिवारका सदस्य आफ्नो समयको प्रतिनिधित्व गर्ने विख्यात युग पुरुष भएका कुरा इतिहास प्रमाणहरू बताउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनको पृष्ठभूमि पाएका नयाँ पुस्ताले आफूलाई चिनेर पुर्खाप्रति कृतज्ञ बनी उनीहरूले जस्तै सुकार्यद्वारा कीर्ति कमाउने प्रेरणा प्राप्त गर्न सक्तछन् । पृष्ठभूमिबाट पाइने बिरासत पैतृक सम्पत्तिबाट पाइने भौतिक सामग्रीभन्दा कैयौं गुना ज्यादा मूल्यवान् हुन्छ । यसबाट अन्य कुलका सन्ततिले पनि सामाजिक चर्चा पारिवारिक पृष्ठभूमिले मात्र न भएर सत्कार्यले दिलाउने कुरा बुझ्दै तदनुरूपका काम गर्न थाल्दछन् । प्रतिभा मुखरित हुने र राम्रो काम गर्ने पुर्खाप्रति सम्मान जनाइने जस्ता सकारात्मक परिणतिको जन्म पनि यस्ता क्रियाकलापले दिन्छन् । मौलिकताको संरक्षण पनि यस्तै प्रयासबाट हुन्छ । वंशावलीबाट यिनै र यस्तै कुरा प्राप्त हुन्छन् ।

प्राचीन ऋषि महर्षिका कथा र ज्ञान विज्ञानका कुरा जीवनमा विशेष महत्त्व राख्दछन् । यसबाट सम्बद्ध व्यक्तिले आत्मबोध र कर्तव्यबोध जस्ता दुवै पक्षका स्वपहिचान प्राप्त गर्दछन् । आफ्ना विषयमा जति आफूलाई थाहा हुन्छ त्यति अरूलाई हुँदैन र आफ्नो मूल्याङ्कन आफूबाट जति सही हिसाबमा हुन्छ त्यति अरूबाट हुन गारो पर्दछ । आफूले सबभन्दा ज्यादा आफूलाई चिनिएको हुन्छ । आफूमा रहेका राम्रा नराम्रा आनीबानी र आफूले गरेका क्रियाकलापका सारा गुणदोष आफूलाई बराबर अरूलाई थाहा हुँदैन । त्यस दृष्टिले पनि वंशावली विश्वासिलो र प्रामाणिक दस्तावेज बन्दछ ।

आत्मजीवनी लेखे जस्तो काम यो हो । यसबाट परिवार जन तथा इष्टमित्रहरूलाई आत्म पहिचान दिलाई कुटुम्ब, समाज, क्षेत्र र राष्ट्रप्रति जिम्मेवार बनाउन सकिन्छ । भविष्यका पुस्तालाई पृष्ठभूमि सहितको पहिचान दिलाउन पनि यसले मद्दत गर्दछ । पारिवारिक संरचना बलियो हुने, भावनात्मक सम्बन्ध बढ्ने, सामाजिक इतिहासको संरक्षण हुने र परिवार तथा समाजलाई आत्मबोधप्रति जागरुक तुल्याउने जस्ता विविध सकारात्मक परिणति यसबाट प्राप्त हुन्छन् ।

वंशावली लेख्ने काम निकै झन्झटिलो र दुरूह हुन्छ । परम्परागत शैलीका वंशावलीहरूमा आमा र छोरीको विवरण लेखिएको पाइँदैन । कुन परिवारबाट कसकी छोरीसित विवाह गरिएको हो, दुलही बनेर आउने ती व्यक्तिको नाम के हो र कससित विवाह गरेर आफ्नी छोरी दिइएकी हो भौं कुराको विवरण खोज्न नेपाली सामाजिक परिवेशमा ज्यादै अप्ठेरो पर्दछ । त्यसो भए तापनि अबका दिनमा लेखिने वंशावलीहरूमा महिला वर्गको नाउँ र ठाउँ छुटाउनु हुँदैन । पुरुषको मात्र नाममा चलाइने वा लेखिने वंशावली संकुचित, एकाङ्गी, अपूर्ण, अन्यायपूर्ण, असन्तुलित र दोषयुक्त मानिन्छ ।

हाल वंशावली लेखनका नयाँ नयाँ पद्धति र प्रविधिहरू विकसित भएका छन् । छोराका साथै छोरीका परिवारको लामो शृङ्खला समेट्ने, ऐतिहासिक पृष्ठभूमि दिने, जातीय वैशिट्य र पारिवारिक गौरवका कुरा लेख्ने, कुल र इष्ट देवता तथा स्थान देवताको उल्लेख विस्तारपूर्वक गर्ने, आवश्यक चित्र दिने लगायतका काम वंशावलीका आधारभूत पक्ष मानिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.३ अध्यायगत निष्कर्ष

काव्यात्मक सौन्दर्यले युक्त हितकारी अभिव्यक्ति नै साहित्य हो भनिन्छ । वास्तवमा मानव हृदयका प्रेम, करुणा, आनन्द, कष्ट, आशा, भरोसा, विरह, वेदना र लोक जीवनका दुःखसुख, हर्षबिस्मात, चालचलन, विधिव्यवहार र आस्था मान्यताको चित्रण गरी जीवनको सम्पूर्ण तस्बिर झल्काउने भाषिक अभिव्यक्ति साहित्य हो । यसको निकै ठुलो महत्त्व र उपयोगिता छ । लोकको मङ्गलको कामना, मानवीय मूल्यको जगेर्ना, सूचना जानकारी प्रदान जस्ता विविध उद्देश्यले यसको रचना गरिन्छ । धार्मिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, भौगोलिक, आर्थिक, राजनीतिक, भाषा वैज्ञानिक र मनोवैज्ञानिक अनेकौं दृष्टिले महत्त्वपूर्ण यो महत्त्वपूर्ण मानिन्छ ।

प्रा. रिसाल बारेको प्रस्तुत कृति जीवनीपरक, विधापरक, प्रभावपरक र शास्त्रीय समालोचनाका आधारभूत मान्यतामा आबद्ध गरेर तयार पार्ने प्रयत्न गरिएकोले यस अध्यायमा यिनले प्रयोग गरेका साहित्यिक सिर्जनात्मक, समीक्षात्मक, प्रयोगात्मक र अन्य विविध प्रकारका रचनाका सैद्धान्तिक पक्षमा प्रकाश पारिएको हो । यसका पाठकलाई पनि सम्बद्ध कृतिको समीक्षा बुझ्न र त्यसको परीक्षण गर्न सजिलो होओस् भन्ने विचारले पनि सैद्धान्तिक कुरालाई स्वतन्त्र अध्यायमा राखिएको हो । त्यसैले गद्य र पद्य दुई प्रमुख साहित्यिक विधाका विभाजनमा सिद्धान्तका कुरा यसमा दिइएको हो ।

पद्य साहित्यका रचनामा लघु आकारका रचना, मध्यम आकारका रचना र बृहत् आकारका रचना गरी तिन वटामा लघु आकारका रचनामा कविताको सिद्धान्त, गीतको सिद्धान्त, भजनको सिद्धान्त, कीर्तनको सिद्धान्त र आरतीको सिद्धान्त दिइएको छ भने मध्यम आकारका रचनामा खण्डकाव्यको सिद्धान्त र बृहत् आकारका रचनामा महाकाव्यको सिद्धान्त प्रस्तुत गरिएको छ ।

गद्य साहित्यका रचनामा निबन्ध, आलोचना, प्रवचन, कथा, सम्पादन र वंशावली गरी विभिन्न विधाको सैद्धान्तिक परिचय दिइएको छ । त्यस क्रममा निबन्धमा निबन्धको सिद्धान्त, प्रबन्धको सिद्धान्त, पत्र साहित्यको सिद्धान्त, गोष्ठी पत्रको सिद्धान्त, लेख रचनाको सिद्धान्त, यात्रा साहित्यको सिद्धान्त, नियात्राको सिद्धान्त, संस्मरणको सिद्धान्त र जीवनीको सिद्धान्त समावेश गरिएको छ भने आलोचनामा समालोचना, समीक्षा, टिप्पणी, पुस्तक परिचय र भूमिकाका सिद्धान्तहरू दिइएका छन् । यसै गरी प्रवचनमा प्रवचनको सिद्धान्त, कथामा कथाको सिद्धान्त सम्पादनमा सम्पादनको सिद्धान्त र वंशावलीमा वंशावलीको सिद्धान्त दिई तिनका पनि सैद्धान्तिक पक्षमाथि प्रकाश पार्ने काम भएको छ । अन्त्यमा अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ । प्रा. रिसालले रचना र प्रयोग गरेका विधागत सिद्धान्तको परिचयमा आधृत अध्याय यो हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्याय

प्रा. शिवगोपाल रिसालका प्रकाशित पुस्तक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्याय

प्रा. शिवगोपाल रिसालका प्रकाशित पुस्तक

यस अध्यायमा प्रा. रिसालले प्रकाशमा ल्याएका कृतिको समीक्षा गर्नका निमित्त चाहिने कुरा राखिएको छ । त्यसका लागि क्रमशः **प्रा. रिसालको लेखकीय पृष्ठभूमि, प्रा. रिसालका प्रकाशित पुस्तक** र **अध्यायगत निष्कर्ष** उपशीर्षक दिइएको छ ।

४.१ प्रा. रिसालको लेखकीय पृष्ठभूमि

प्रा. रिसाल आनुवंशिक हिसाबबाट नै लेखकीय प्रतिभा आर्जन गरेका व्यक्ति देखिन्छन् । कुनै पनि व्यक्ति चाहेर मात्र साहित्यकार बन्न सक्तैन । त्यसका लागि ईश्वरीय आशीर्वाद चाहिने कुरा विज्ञहरू बताउँछन् । सिर्जनशील शक्तिको आधार पनि साहित्यिक प्रतिभा हो । यसलाई गड गिफ्ट अर्थात् ईश्वरीय वरदान भनिन्छ । प्रा. रिसालले पाएको आनुवंशिक र ईश्वरीय यो वर यिनले आफ्ना अनेक कृतिबाट बाहिर देखिने गरी प्रकट गरेका छन् ।

४.२ प्रा. रिसालका प्रकाशित पुस्तक

प्रा. रिसालका प्रकाशित विभिन्न पुस्तकहरूको परिचयका साथै तिनमा प्रयोग गरिएका विषयवस्तु बारे सामान्य विश्लेषण यस अंशमा गरिएको छ । त्यसका निम्ति पुस्तकको नामलाई नै थप उपशीर्षकका रूपमा प्रस्तुत गरिएको छ । प्रकाशनोन्मुख केही कृतिका बारेमा पनि यसै अनुक्रममा संक्षिप्त जानकारी दिइएको छ ।

४.२.१ इस्ट एन्ड वेस्ट टुवाईस म्युचुयल अन्डरस्ट्यान्डिङ

अंग्रेजी भाषामा लेखिएको प्रस्तुत पुस्तक युनेस्कोले निर्धारण गरेको शैक्षिक परियोजनाको कार्यान्वयनका निमित्त विशेष कार्यक्रम अन्तर्गत नेपालीमा अनुवाद गर्न लगाइएको हो । प्रा. रिसालले त्यस कार्यमा सहयोग गरेका हुन् । २०२६ सालमा तात्कालिक श्री ५ को सरकार शिक्षा मन्त्रालय मार्फत युनेस्कोको परियोजना यो पुस्तक हो । यो अचेल अप्राप्य छ । प्रा. रिसालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो प्रकाशित कृति भएकोले यिनको सिर्जनशील पक्षको अध्ययन गर्न चाहनेका लागि यसले ऐतिहासिक महत्त्व राख्दछ । यसका मध्यमबाट त्यस बखतको नेपालको शैक्षिक अवस्थाको जानकारी केही मात्रामा पाउन सकिन्छ । साथै यसले प्रा. रिसालभित्रको रचानात्मक शक्ति र सामर्थ्यको प्रारम्भिक निकासको अवस्था समेत यसले झल्काउँछ ।

अचेल आध्यात्मिक र दार्शनिक विषयका कृति बाहेक अन्य प्रकृतिका रचनालाई प्रा. रिसाल गणना गर्न रुचाउँदैनन् । त्यस क्रममा यो पुस्तक पनि पर्दछ । त्यसो हुंदाहुँदै पनि यसले त्यस समयका प्रा. रिसालको भाषा, शैली, लेखनगत मौलिकता, विषयवस्तु प्रस्तुत गर्ने सिप, वर्ण्य विषयको परिचय दिने र व्याख्या गर्ने ढङ्गका साथै यिनका लेखन क्षेत्रका सम्भावना जस्ता अनेकौं पक्षका चित्र प्रस्तुत गर्ने हुनाले यसको निकै ठुलो महत्त्व छ । यसले अंग्रेजी भाषाको उचित ज्ञान पनि प्रा. रिसालमा रहेको कुरा अवगत गराउँछ ।

४.२.२ नेपाली भाषा र व्याकरण

नेपाली भाषा र व्याकरण साझा प्रकाशन, ललितपुरद्वारा २०२७ मा पहिलो, २०३० मा दोस्रो, २०३५ मा तेस्रो, २०३९ मा चौथो, २०४१ मा पाँचौं र २०४७ मा छैटौं संस्करणसम्म प्रकाशित विष्णुगोपाल रिसाल र शिवगोपाल रिसालबाट संयुक्त रूपमा लेखिएको पुस्तक हो । प्रा. रिसालको प्रकाशित दोस्रो कृति यो हो । तिन वटा परिच्छेदमा विभाजित डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश १६ तथा पाठको अंश १११ गरी जम्मा १२७ पृष्ठ छन् । आवरणको हरियो रंगको पहिलो पृष्ठको सिरानीभन्दा केही तल कालो र हरियो धर्काले घेरिएको सेतो रंगको पट्टीमा कालो रंगमा पुस्तकको नाम *नेपाली भाषा र व्याकरण* तथा मुनिको बिच भागमा कालो रंगमा लेखक द्वय विष्णुगोपाल रिसाल र शिवगोपाल रिसालको नाम लेखिएको छ । आवरणको पछिल्लो पृष्ठमा पुस्तकको मुद्रकको नाम र ठेगाना दिइएको छ । आवरणको भित्री दुवैतिरका पृष्ठ र त्यसपछिका पनि दुई पृष्ठ खाली राखिएका छन् ।

दुई पृष्ठको पुस्तकको परिचयपछि समर्पण दिइएको छ । समर्पणका पछाडिको पृष्ठ खाली राखिएको छ । त्यसपछि तिन पृष्ठको बालकृष्ण पोखरेलको **यस कितापबारे** शीर्षकको भूमिका, तिन पृष्ठको पहिलेका संस्करणहरूको लेखक द्वयको हाम्रो विचार तथा एक पृष्ठको छैटौं संस्करणको **छैटौ संस्करण : हाम्रो भनाइ** शीर्षकको भूमिका दिइएको छ । यी सबै अनुक्रमपछि पाँच पृष्ठको विषयसूची दिई वर्ण्य विषय प्रस्तुत गरिएको छ ।

यस पुस्तकको पहिलो परिच्छेदमा **नेपाली भाषा**, दोस्रो परिच्छेदमा **नेपाली व्याकरण** र तेस्रो परिच्छेदमा **शुद्धीकरणका नियम** शीर्षक दिइएको छ । यसको पहिलो परिच्छेदमा नेपाली भाषा अन्तर्गत **नेपाली भाषा : सामान्य परिचय**, **नेपाली भाषाको संक्षिप्त इतिहास**,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषा-विकासको लागि लिपि र **भाषा-विकासका लागि व्याकरण** शीर्षकका पाठ राखिएका छन् ।

दोस्रो परिच्छेदमा नेपाली व्याकरण अन्तर्गत **परिभाषा** शीर्षक दिई क्रमशः **वर्ण-विभाग, शब्द-विभाग** र **वाक्य-विभाग** राखिएको छ । वर्ण-विभाग क.ख.ग.को क्रममा विभाजन गरी **स्वर-वर्ण, व्यञ्जन-वर्ण** र **वर्णको स्थान** शीर्षक दिइएको छ । शब्द-विभाग पनि क.ख.ग.को क्रममा विभाजन गरी **उत्पत्तिअनुसार शब्दको किसिम, कामअनुसार शब्दको किसिम, बनौटअनुसार शब्दको किसिम** र **प्रयोगअनुसार शब्दको किसिम** शीर्षक दिइएको छ । उत्पत्तिअनुसार शब्दको किसिममा १.२.३.को क्रममा थप विभाजन गरी **तत्सम शब्द, तद्भव शब्द** र **झर्रो स्वदेशी (देशज) शब्द** शीर्षक दिइएको छ । यी शीर्षकमा अनुक्रममा नराखी **उत्पत्तिअनुसार शब्दको वर्णविन्यास (ह्रस्व-दीर्घ)** शीर्षकको थप पाठ दिइएको छ । कामअनुसार शब्दको किसिममा पनि १.२.३.को क्रममा थप विभाजन गरी **नाम (नाउँ), सर्वनाम (सट्टे नाम), क्रियापद, विशेषण** र **अव्यय** शीर्षक दिइएको छ । यसमा पनि क.ख.ग.को क्रममा उपविभाजन गरी नाम (नाउँ) अन्तर्गत **परिभाषा, किसिम, लिंग, वचन, कारक** र **विभक्ति** शीर्षक दिइएको छ । यी शीर्षकमा अनुक्रममा नराखी **नामको ह्रस्व-दीर्घ** भन्ने थप पाठ दिइएको छ । यसै गरी सर्वनाम (सट्टे नाम) अन्तर्गत **परिभाषा, किसिम, वचन** तथा **कारक** र **विभक्ति** शीर्षक दिइएको छ । यी शीर्षकमा समेत अनुक्रममा नराखी **सर्वनामको ह्रस्व-दीर्घ** शीर्षकको थप पाठ दिइएको छ । अझ क्रियापद अन्तर्गत **परिभाषा, किसिम, समय (बेला), अवस्था, काम, रूप, वाच्य, अर्थ** र **प्रयोग** शीर्षक दिइएको छ । यी शीर्षकमा पनि अनुक्रममा नराखी **क्रियापदको ह्रस्व-दीर्घ (हिज्जे)** भन्ने थप पाठ दिइएको छ । विशेषण अन्तर्गत **परिभाषा** र **किसिम** शीर्षक दिइएको छ । यी शीर्षकमा अनुक्रममा नराखी **अव्ययको ह्रस्व-दीर्घ (हिज्जे)** भन्ने थप पाठ दिइएको छ । बनौटअनुसार शब्दको किसिममा पनि १.२.३.को क्रममा थप विभाजन गरी **कृदन्त, तद्धितान्त** र **समास** शीर्षक दिइएको छ । यसमा कृदन्तको थप व्याख्या गरिएको देखिँदैन भने तद्धितान्तमा क. ख. ग. को क्रममा उपविभाजन गरी **नामबाट तद्धितान्त, नामबाट क्रिया, नामबाट विशेषण, नामबाट अव्यय, नामबाट नाम र विशेषण, नामबाट विशेषण र क्रिया, सर्वनामबाट सर्वनाम, सर्वनामबाट नाम, सर्वनामबाट विशेषण र अव्यय, विशेषणबाट विशेषण, विशेषणबाट नाम, विशेषणबाट क्रिया, विशेषणबाट अव्यय, अव्ययबाट अव्यय, अव्ययबाट नाम र क्रिया, अव्ययबाट विशेषण** र **ठूलो चीजबाट सानो चीज बताउने शब्द** शीर्षक दिइएको छ । समासमा पनि क. ख. ग. को क्रममा उपविभाजन गरी **तत्पुरुष, कर्मधारय, द्विगु, द्वन्द्व, अव्ययीभाव** र **बहुव्रीहि** शीर्षक दिइएको छ । प्रयोगअनुसार शब्दको किसिममा पनि १.२.३.को क्रममा थप विभाजन गरी **उही अर्थमा प्रयोग हुने शब्द, विपरीत (उल्टो) अर्थ दिने शब्द, अनेकार्थी (धेरै अर्थ लाग्ने) शब्द, व्याख्या खोज्ने संक्षिप्त शब्द,**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ह्रस्व र दीर्घमा अर्थ फरक हुने शब्द, खुट्टो काट्दा र नकाट्दा फरक हुने शब्द, उच्चारणगत उस्तै-उस्तै भएर पनि रूप र अर्थमा फरक हुने शब्द, अनुकरणात्मक शब्द र अनुरणनात्मक शब्द शीर्षक दिइएको छ । वाक्य-विभागमा पनि क. ख. ग. को क्रममा विभाजन गरी **वाक्यका अंगहरू– कर्ता, कर्म, क्रिया, उद्देश्य र विधेय, रचना, कर्तृवाच्य र कर्मवाच्यको प्रयोग र वाक्यका प्रकार** शीर्षक दिइएको छ ।

तेस्रो परिच्छेदमा शुद्धीकरणका नियम अन्तर्गत १. २. ३. को क्रममा थप विभाजन गरी **ह्रस्व-दीर्घका सामान्य नियमहरू, खुट्टो काट्ने नकाट्ने नियम, चन्द्रबिन्दु, शिरबिन्दु र ङ, ञ, ण, न, म को प्रयोग, विसर्ग, मकार र तल थोप्लो, इ ई र यि यी, उ ऊ र वु वू, ऋ र रि, ए र ये आदिको प्रयोग, सामान्य रकार, रेफ र खुट्टा फर्काएको रकारको प्रयोग, ब र व को प्रयोग, श, ष, स को प्रयोग, क्ष, त्र, ज्ञ को प्रयोग, वर्ण, शब्द र वाक्यका अघि-पछि आउने चिह्नहरू र शुद्ध गर्ने (प्रुफ पढ्ने) चिह्नहरू** शीर्षक दिइएको छ । यी शीर्षकका विसर्ग, मकार र तल थोप्लो, इ ई र यि यी, उ ऊ र वु वू, ऋ र रि, ए र ये आदिको प्रयोग, श, ष, स को प्रयोग, क्ष, त्र, ज्ञ को प्रयोग र वर्ण, शब्द र वाक्यका अघि-पछि आउने चिह्नहरू शीर्षकका पाठमा क.ख.ग.को क्रममा थप विभाजन गरी विसर्ग, मकार र तल थोप्लो अन्तर्गत **विसर्ग, मकार र तल थोप्लो**, इ ई र यि यी, उ ऊ र वु वू, ऋ र रि, ए र ये आदिको प्रयोग अन्तर्गत **इ ई र यि यी, उ ऊ र वु वू, ऋ र रि** तथा **ए र ये**, श, ष, स को प्रयोग अन्तर्गत **श को प्रयोग, ष को प्रयोग, र स को प्रयोग**, क्ष, त्र, ज्ञ को प्रयोग अन्तर्गत **क्ष को प्रयोग, त्र को प्रयोग र ज्ञ को प्रयोग** तथा वर्ण, शब्द र वाक्यका अघि-पछि आउने चिह्नहरू अन्तर्गत **शिरको शुभ चिह्न, डिको, कच, कोष्ठ, धन, रिन, गुणन, भागार, बराबर, आधा अडान, पूरा अडान, शब्द अडान, उदाहरण चिह्न, प्रश्न चिह्न, उद्गार चिह्न, भरुवा चिह्न, उद्धरण चिह्न, कागखुट्टे चिह्न र थोप्लो** शीर्षक दिइएको छ । पुस्तकको अन्त्यमा दुई पृष्ठमा सहायता लिइएका पुस्तकहरूको सूची दिइएको छ ।

भाषा र साहित्यको अध्ययन, अध्यापन तथा अनुसन्धान गर्नेहरूले व्याकरण जान्नु जरुरी हुन्छ । व्याकरणको ज्ञान विनाको भाषिक प्रयोग सम्प्रेष्य त हुन सक्तछ तर मर्यादित, अनुशासित, व्यवस्थित र नियमबद्ध चाहिँ हुँदैन । अर्कातिर सिद्धान्त र शास्त्रकै भनाइमा लाग्दा पनि व्याकरणका आचार्य नाविकले बोलेको भाषामा शुद्धिको सल्लाह दिँदादिँदै नदीमा डुबेको कथा जस्तो अवस्था पनि आउने डर हुन्छ । चलनचल्तीको बोली र आधारभूत भाषिक व्यवस्थाका बिच तालमेल हुनु पर्ने कुरामा विज्ञहरूले जोड दिने कारण यही हो । मन परी प्रयोग गर्न थालियो भने कुन हदसम्म मन परी गर्ने र शास्त्रीय अनुशासनमा पूर्ण आबद्ध हुने हो भने कति हदसम्म कुँजिने भन्ने प्रश्न उठ्दछ । यस प्रकारका बहसलाई ध्यानमा राखी समीक्ष्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकका लेखकहरूले मध्यम मार्ग अपनाएका छन् । यस कुराको उल्लेख छैटौं संस्करणको भूमिकामा यसरी भएको छ :

जनजिब्रोको पछि लाग्दै जाँदा मर्यादा भंग हुने वा अव्यवस्थित हुने डर, सिद्धान्त र परम्पराकै पदचिह्न पछ्याउँदा पनि पुच्छरै मात्र हात लाग्ने हो कि भन्ने त्रास । त्यसैले मध्यम मार्ग समात्नु नै कल्याण देखी हामीले त्यसै गर्‍यौं । यो अभियान वा आन्दोलन होइन, अभाव र आवश्यकताले जन्माएको आधुनिक उपज । व्याकरण न त पुरानो हुन्छ न त नयाँ नै । भाषालाई शिष्ट, सरल, सुबोध, शुद्ध र नियमित बनाउने अनुक्रममा कहिले पुरानो हुनुपर्ला, कहिले नयाँ । त्यस्तै-त्यस्तै केही पुराना, केही नयाँ, केही सिद्धान्त, केही व्यवहार, केही नियम, केही दृष्टान्त, केही धन, केही शोधन र केही संशोधनसहित आएको यो हो...।

प्रमाणपत्र तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम अनुसार तयार पारिएको कृति यो हो । पाठ्यक्रममा राखिएको हुनाले यसका छ वटा संस्करण प्रकाशित भएका र थुप्रै प्रतिहरू विक्री भएका देखिन्छन् । २०४८ सालसम्म यस पुस्तकको माग निकै ज्यादा थियो । वर्तमान अवस्थामा समेत यो उत्तिकै उपयोगी छ । नेपाली भाषा र व्याकरणको अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी, शासक, कर्मचारी, जिज्ञासु, अनुसन्धाता, नेपाली भाषाका प्रयोक्ता, भाषा विषयका तालिमे आदि विभिन्न क्षेत्रका व्यक्तिहरूका लागि यो कृति पठनीय छ । सम्बद्ध विषयको अध्यापन गर्नु पर्ने भएकोले पनि प्रा. शिवगोपाल रिसालका अग्रसरतामा यो पुस्तक लेखिएको हो । नेपाली भाषाको सामान्य जानकारी लिन चाहने र नेपाली व्याकरण तथा छपाइ शुद्धिका नियमको ज्ञान प्राप्त गर्न चाहनेहरूका लागि जहिले पनि आवश्यक पर्ने भएकोले यस पुस्तकको उपयोगिता सधैंभरि रही रहने छ । आकारमा सानो भए पनि उपयोगितामा विशाल रूपको यस पुस्तकका माध्यमबाट लेखक द्वय सम्बद्ध क्षेत्रमा चर्चित बनेका छन् । प्रा. रिसालमा को छिपछिपे प्रभाव बढ्दै जान लागेको समयमा यो पुस्तक लेखिएको हो ।

नेपाली भाषा र व्याकरणमा केन्द्रित रहनु परेको र विषय बोध गराउनका लागि भिन्न कुराको उदाहरण दिन नपर्ने भएकोले यसमा को प्रयोग नदेखिएको हो । बुझ्नका लागि भाषा र व्याकरण जान्नु पर्ने प्रारम्भिक आवश्यकताका दृष्टिले यसको व्याख्या गर्न त सकिन्छ तर त्यस्तो व्याख्या वस्तुपरक र आधारयुक्त भने हुँदैन । त्यसैले यसलाई आध्यात्मिक र दार्शनिक विषयबाट केही भिन्न रहेर लेखिएको लेखकको कृति यो हो । प्रा. रिसालको जीवनमा सुरुदेखि नै आध्यात्मिक र दार्शनिक विषयको गहिरो रेखा कोरिएको भए पनि त्यस क्षेत्रको बाटो पछि मात्र फराकिलो राजमार्ग बनेको देखिन्छ । त्यस बाटोमा यात्रा गर्नुभन्दा पहिले यिनी भाषा र व्याकरण क्षेत्रमा स्थापित भई सकेका लेखक, व्याख्याता, अध्येता तथा अनुसन्धाता थिए भन्ने कुराको उदाहरण पनि यो पुस्तक हो । तात्कालिक कतिपय विद्यार्थीहरू आज पनि यिनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आध्यात्मिक चिन्तकभन्दा पनि नेपाली भाषा र व्याकरणका लेखककै रूपमा चिन्दछन् । व्याकरणको ज्ञान तथा साहित्य सिर्जना दुवैतिर सशक्त रूपमा कलम चलाउन सक्ने प्रतिभा प्रा. रिसाल हुन् भन्ने कुराको परिचय यस पुस्तकले दिएको छ । जुनसुकै विषयमा पनि गहिराइमा जाने यिनको स्वभावको परिचय समेत प्रस्तुत पुस्तकले दिएको छ ।

४.२.३ नेपाली भाषाको पाठ्यक्रम

शिक्षा मन्त्रालयको परियोजना अन्तर्गत सहलेखनमा तयार पारिएको प्रा. रिसालको अर्को पुस्तक **नेपाली भाषाको पाठ्यक्रम** हो । व्यावसायिक र प्राविधिक क्षेत्रमा रहेर तात्कालिक सरकारका नीति अनुरूप निर्माण गरिएको नियमबद्ध कृतिका रूपमा यसको परिचय दिनु जाती हुन्छ । यसमा लेखकको मौलिक सिर्जनशीलता मुखरित भएको अवस्थाभन्दा ज्यादा त्यस बेलाको शिक्षामा अङ्गीकार गरिएको विषय र ज्ञानको अवस्था प्रकट हुन्छ । निश्चित नियम र परिधिभित्र रहेर गरिएको काम भएकोले प्रा. रिसाल यसबाट उचित मात्रामा सन्तुष्ट देखिँदैनन् । यिनको उपस्थिति, सक्रियता तथा संलग्नतामा भएको यस कामले यिनी त्यस समयमा नेपालको शिक्षा क्षेत्रमा ज्यादै प्रभावशाली एवं प्रसिद्ध व्यक्ति थिए भन्ने कुरा चाहिँ स्पष्ट हुन्छ ।

नेपालको शैक्षिक इतिहासमा २०२८ साल निकै महत्त्व राख्ने समय हो । त्यसै बेलाबाट नेपालमा नयाँ शिक्षा योजना लागू भएको थियो । देशभरिका सामुदायिक विद्यालयलाई राष्ट्रियकरण गर्ने अभियानको थालनी भएको कालखण्ड त्यो हो । त्यस बखत विद्यालयीय पाठ्यक्रम निर्माणमा संलग्न व्यक्ति हुनु भनेको निकै लामो समय देशको शैक्षिक जगत्मा प्रभाव कायम गर्ने कार्यक्रममा सहभागी भएको व्यक्तिका रूपमा चर्चित हुनु हो । आजको अवस्था हेर्दा पर्याप्त समय पहिलेदेखि शैक्षिक क्षेत्रका महत्त्वपूर्ण काममा संलग्न एवं सक्रिय रहेका व्यक्ति भन्ने कुरा पनि थाहा हुन्छ ।

२०२८ अर्थात् आजभन्दा निकै पहिलेको समयमा मुलुकको शैक्षिक क्षेत्रमा स्थापित विज्ञका रूपमा यस कृतिले यिनको परिचय दिन्छ तापनि हालको परिपक्व एवं अनुभवी अवस्थामा जुन मुकाममा यिनी पुगेका छन् त्यस परिवेशमा प्रस्तुत कृतिलाई यिनले आफ्ना रचनामा गणना गर्ने काम समेत परित्याग गरेको देखिन्छ ।

कुनै बखत जिम्मेवार ठाउँमा काम गर्दा वहन गर्नु पर्ने दायित्वका क्रममा गरिएका काम तत्कालका लागि महत्त्वपूर्ण मानिए पनि परन्तुसम्मका लागि सन्तोषप्रद नहुन पनि सक्तछन् भन्ने कुराको उदाहरण यो पुस्तक हो भन्ने विचार प्रा. रिसाल व्यक्त गर्दछन् । यसले आफूलाई सुम्पिएको काम पूर्ण इमानदार भएर सम्पन्न गर्ने व्यक्ति प्रा. रिसाल हुन् भन्ने कुराको परिचय पनि दिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.४ महेन्द्रमाला भाग-५

२०२९ सालमा शिक्षा मन्त्रालयले निर्धारण गरेको विद्यालयीय स्तरका नेपाली विषयका पाठ्य पुस्तक निर्माण गर्ने क्रममा तयार पारिएको कृति **महेन्द्रमाला भाग-५** हो । सहलेखनमा यसको निर्माण भएको हो । जति अङ्कको भाग भयो त्यति नै अङ्कको कक्षाको पाठ्य क्रममा राख्ने चलन त्यस बखत थियो । प्रस्तुत पुस्तक कक्षा ५ को नेपाली विषयका निमित्त तयार पारिएको हो । यो पुस्तक निश्चित आधारमा छानिएका लेखकका निर्दिष्ट रचनाको संकलन तथा पढाउनु पर्ने विषयको परिचय, व्याख्या र निर्देशनलाई महत्त्व दिएर लेखिएको हो । पाठ्य वस्तुको व्यवस्थापनसित सम्बद्ध परियोजना र नीति अन्तर्गत यो लेखिएको हो । त्यसैले स्वतन्त्र लेखकभन्दा पनि यसमा प्रा. रिसाल सम्पादकको भूमिकामा रहेका देखिन्छन् । **नेपाली भाषाको पाठ्यक्रम**को समीक्षाका क्रममा भनिएका कुरा नै प्रस्तुत पुस्तकको समीक्षा गर्दा दोहोऱ्याउने पर्ने अवस्था उपस्थित हुन्छ । यसप्रतिको लेखकीय अवधारणा पनि पूर्ववत् नै रहेको छ ।

४.२.५ महेन्द्रमाला भाग-८

शिक्षा मन्त्रालयले निर्धारण गरेको विद्यालयीय स्तरका नेपाली विषयका पाठ्य पुस्तक निर्माण गर्ने क्रममा २०२९ सालमा प्रकाशित कृति **महेन्द्रमाला भाग-८** हो । सहलेखनमा यो तयार पारिएको हो । अङ्कको संख्या अनुसार यो किताप कक्षा ८ को नेपाली विषयका निमित्त निर्माण गरिएको कुरा थाहा हुन्छ । निकै वर्ष यो पुस्तक पाठ्य क्रममा रहेको देखिन्छ । **महेन्द्रमाला भाग-५** जस्तै यो पुस्तक पनि निश्चित आधारमा छानिएका लेखकका निर्दिष्ट रचनाको संकलन तथा पढाउनु पर्ने विषयको परिचय, व्याख्या र निर्देशनलाई महत्त्व दिई लेखिएको हो । पाठ्य वस्तुको व्यवस्थापनसित सम्बद्ध परियोजना र नीति अन्तर्गत नै यो निर्माण गरिएको हो । यसमा पनि प्रा. रिसाल सम्पादकको भूमिकामा रहेका देखिन्छन् । **नेपाली भाषाको पाठ्यक्रम**को समीक्षाका क्रममा भनिएका कुरा नै प्रस्तुत पुस्तकको समीक्षामा दोहोऱ्याउने पर्ने हुन्छ । यसप्रतिको लेखकीय अवधारणा पनि पूर्ववत् नै रहेको छ ।

४.२.६ म को हुँ ?

२०४४ सालको हरिबोधिनी एकादशीमा पहिलो र २०६० चैत्र शुक्ल चतुर्थीमा संशोधन र परिवर्द्धन सहितको दोस्रो संस्करण प्रकाशनमा आएको प्रा. शिवगोपाल रिसालको दार्शनिक काव्य *म को हुँ* हो । यो यिनको पाँचौं प्रकाशित कृति हो । यसका माध्यमबाट प्रा. रिसालको वैचारिक पहिचान बनेको अद्वैत वेदान्तको दार्शनिक रहस्य र सारपक्ष सरल भाषामा पाठक सामु आएको छ । यस पुस्तकको गाताको प्रथम पृष्ठमा विविध रङको पृष्ठभूमिमा सबभन्दा माथि सुनौलो रङमा अङ्कित गजुर लगाइएको प्यागोडा शैलीको छाना र सेतो रङमा **म को हुं ?** भन्ने पुस्तकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम, त्यसका मुनि बायाँतिर श्री मस्तराम बाबा र दायाँतिर खप्तड बाबा, बिचमा अध्यात्मज्योतिको चिह्न, त्यसका पनि मध्य भागमा ज्ञानको प्रकाशसूचक बत्ती, त्यसका मुनि दुवै छेउमा ॐ चिह्न र बिचमा मन्दिरको चित्र, त्यसपछि लहरै माथिबाट तलसम्म क्रमशः महेश्वर, विष्णु र ब्रह्माका चित्र, पुछारको बायाँतिर भक्त ध्रुवलाई उपदेश दिँदै गरेका नारायण भगवान् र दायाँतिर गणेशलाई काखमा लिएका भगवान् शङ्कर तथा देवी पार्वतीको सुन्दर चित्र राखिएको छ । गाताको अंश छुट्याउने पहेंलो रङ सिधा रेखाभन्दा मुनिको बायाँतिरको भागमा कलात्मक मोटाइ भएको वर्णचित्र (फन्ट) मा लेखक प्रा. शिवगोपाल रिसालको नाम राखिएको छ । त्यसै गरी गाताको पछिल्लो पृष्ठमा निलो रङ्को पृष्ठभूमिमा बिचमा योगी भेषमा प्रा. शिवगोपाल रिसालको बहुरङ्गी चित्र, सो चित्रका दुवै काँधभन्दा केही तलको भागमा सेतो रङ्मा लेखकका प्रकाशित कृतिहरूको विवरण र छातीको भागमा ॐ चिह्न अनि मुनिको दायाँपट्टि पुस्तक पाइने स्थानको ठेगाना र सम्पर्क फोन नम्बर दिइएको छ । बहुरङ्गी कलात्मक सुन्दर गाताले सजिएको डिमाई आकारको यो कृति २ (पुस्तक परिचय) + १ (समर्पण), + १ प्रा. शिवगोपाल रिसालको **त्वदीयं वस्तु गोविन्द...** शीर्षकको भूमिका + १ (लेखक प्रा. शिवगोपाल रिसालको क्यामेराबाट खिँचिएको बहुरङ्गी कलात्मक सुन्दर चित्र) + ७ (प्रकाशक रविप्रसाद पराजुलीको भूमिका) + २ (अनुक्रमणिका) र + २०४ (विषयवस्तु प्रस्तुतिमा आधृत पुस्तकको लमाइ) गरी जम्मा २१८ पृष्ठको छ ।

तिन वटा षट्क र पुछारका छ वटा शृङ्खला गरी १६७२ श्लोक भएको यो काव्य मूलतः शास्त्रीय छन्दमा रचिएको छ । **धर्म-कर्म सम्पादन** नामक प्रथम र **चित्त-शोधन** नामक द्वितीय षट्कमा ६/६ वटा र **आत्मज्ञान विवेचन** नामक तृतीय षट्कमा सात वटा गरी यसमा जम्मा उन्नाइस वटा विश्राम छन् । यसको प्रथम विश्राममा **मङ्गलाचरण, आत्म-निवेदन, जिज्ञासा र प्रबोधन** सहितका तिन वटा उपशीर्षक दिइएका छन् । **मङ्गलाचरण** मा अ आ को अनुक्रममा राखेर क्रमशः **गणेश-प्रार्थना, सरस्वती-अर्चना, गुरु-वन्दना, विराट्रूप-आराधना, आत्म-भावना, सगुण-निर्गुण-उपासना, शिव-सम्झना** र **राष्ट्रिय कामना** गरी आठ वटा थप शीर्षकको विभाजन गरिएको छ । द्वितीय विश्राममा **वेद-सार**, तृतीय विश्राममा **कर्म-सम्पादन**, चतुर्थ विश्राममा **धर्म-मर्म**, पञ्चम विश्राममा **धर्म-सुधार** र षष्ठ विश्राममा **सेवा-धर्म** शीर्षकमा काव्य सिर्जना गरिएको छ । द्वितीय षट्कका छ वटा विश्राममा क्रमशः **गुरु-महिमा, विषय-विराग, आत्मोद्धार, भक्ति-मुक्ति-विचार, चित्त-शुद्धि** र **ब्रह्मजिज्ञासा** शीर्षक छन् । यसै गरी तृतीय षट्कका सात वटा विश्राममा क्रमशः **जगत् मिथ्यात्व निर्णय, माया परिहार, आत्म-स्मृति, चिन्ता-त्याग, ज्ञानोदय, अजातवाद** र **श्रुति-सिद्धान्त** शीर्षक र पुछारका छ वटा शृङ्खलामा क्रमशः **ॐ पूर्ण विश्राम, उपसंहार, अन्तिम उपदेश, कृतज्ञता निवेदन, आशीर्वाद** र **फलागम** शीर्षक छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम षट्कको प्रथम विश्रामका **मङ्गलाचरण** र **आत्म-निवेदन**मा रचनाकारका र पुछारको शृङ्खलाका **अन्तिम उपदेश** तथा **आशीर्वाद**मा गुरु र **कृतज्ञता निवेदन** तथा **फलागम**मा शिष्यका भावना मात्र कवितामा उतारिएका छन् । बाँकी पुरै ग्रन्थमा शिष्यका प्रश्न र गुरुका उत्तर राखी भन्न खोजेका कुरा सजिलो भाषा र शैलीमा प्रस्तुत गरिएको

छ । प्रश्नोत्तरात्मक शैलीमा रचना गरिएको दार्शनिक विषयवस्तुमा आधृत गम्भीर काव्यकृति यो हो । सरल भाषामा गहन विषय प्रस्तुत गर्नु र सवालजवाफको कुरा गराइमा रौंचिरा कठिन दर्शनका तत्त्वको सहज विश्लेषण गर्नु यस कृतिको विशेषता हो । संस्कृत वाङ्मयका खजाना मानिने वैदिक पौराणिक ग्रन्थ, रामायण, महाभारत तथा विभिन्न उपनिषद्को सारभूत ज्ञान यसमा राखिएको छ । प्राध्यापक शिवगोपाल रिसालको अध्ययन, बोध, अभिरुचि, अनुभव र व्याख्यान सामर्थ्यको परिचय पनि यस पुस्तकले दिएको छ । गुरु बनेर यसमा प्रा. रिसाल स्वयं प्रकट भएका छन् ।

परमात्मा ब्रह्म, आमा, बाबु, गुरु, राष्ट्र र आत्मरूप ईश्वरमा समर्पित यस कृतिको भूमिकामा बार वर्षको लामो साधनाको परिणामबाट आकार लिएको २०४४ को पहिलो संस्करणमा परिवर्द्धन र परिमार्जन गरी २०६० को दोस्रो संस्करण जन समक्ष ल्याइएको र त्यसमा तेस्रो षट्कको अजातवाद नामक छैटौं विश्राम थपिएको कुरा रचनाकारले भूमिकामा बताएका छन् । यस कृतिमा भनिएको कुरा हिजो जति उपयोगी र आवश्यक थियो आज पनि त्यत्तिकै उपयोगी र आवश्यक भएको धारणा लेखकले व्यक्त गरेका छन् । यस कुरामा थप जोड दिँदै आध्यात्मिक साधक तथा प्रबल शिवभक्त प्रकाशक रविप्रसाद पराजुलीले लोक कल्याण, कर्तव्य बोध तथा आत्मसन्तुष्टिका निमित्त यसको दोस्रो संस्करण प्रकाशमा ल्याइएको कुरा बताएका छन् ।

विघ्नहर्ता भगवान् गणेश, वाणीकी देवी सरस्वती, आमा, बाबु, शङ्कराचार्य, विष्णु, योगेश, होम, केशव, श्याम, दाताराम, तीर्थ, बदरी, पुरुषोत्तम, गोविन्दानन्द, खप्तड बाबा, मस्तराम बाबा समेतका गुरुवृन्दको स्तुतिभक्तिमा अट्ठाइस, विराट् रूप परमेश्वरको स्तुतिभक्तिमा एक, आत्म-भावनामा सात, सगुण-निर्गुणरूप समस्त देवीदेवताको उपासनामा एक्काइस, भगवान् शङ्करको भक्तिमा तिन र नेपाल राष्ट्रलाई नमन गरेर कार्य सिद्धिको कामनामा छ वटा श्लोकको रचना गरी काव्य लेखनरूपी अनुष्ठानको थालनी यस कृतिका माध्यमबाट प्रा. रिसालले गरेका छन् । यो कृति तयार पार्नको उद्देश्य स्पष्ट गर्दै रचनाकार **आत्म-निवेदन** शीर्षकमा यस्तो भन्दछन्:

आफ्नो परिचय हुनु र तदनुरूपका कार्य गर्नु जरुरी छ । जीवनमा आत्मज्ञान भएन भने जतिसुकै ठूला भनिने र मानिने उपलब्धि हासिल गरे पनि त्यसको अर्थ रहँदैन । त्यसैले म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को हुँ, मेरो कर्तव्य के हो, म कुन रूपमा किन छु भन्ने अनेक थरी कुराको ज्ञान हुनु आवश्यक छ । त्यो भएन भने मनुष्य भएर जन्मनको सार हुँदैन ।

सम्पूर्ण विश्वको ज्ञान भयो रे लाभ के भयो ?
यदि मैले मलाई नै चिन्नु ता शेष नै रह्यो ।।४।।
अथवा मनमा शान्ति, सन्तोष यदि शून्य छ ।
भने विश्व भए मेरै, लाभ ता अझ भिन्न छ ।।५।।
मेरै विषयमा मैले नजान्नु लाजमर्नु भो ।
त्यसैले भित्रबाटै नै 'म को हुँ' जान्नु जान्नु हो ।।६।।
जिज्ञासा आत्मका बारे शास्त्रको अनुकूल छ ।
खोजे अवश्य पाइन्छ आफू नै परिपूर्ण छ ।।११।। (रिसाल, २०६० क : १४-१५) ।

यस कृतिका लेखक **आत्म-निवेदन** शीर्षकमा शिष्यले सोधेका म के हुँ, ब्रह्म र ईश्वर भनेको के हो, ज्ञान के हो, कर्तव्य के हो, प्रारब्ध र पुरुषार्थ भनेको के हो भन्ने प्रश्नको उत्तर गुरु बनेर दिँदै भन्दछन् :

म, ब्रह्म र ईश्वर भनेको एउटै कुरा हो । त्यसलाई परमात्मा पनि भनिन्छ । ब्रह्मलाई जान्नु नै सच्चा ज्ञान हो । मोक्ष प्राप्तिका लागि साधना गर्नु कर्तव्य हो र आज भोग गरिँदै गरेको सुखदुःखादि भोग नै प्रारब्ध हो ।

म मर्त्य जीव हैन है, परात्म आत्म-बोध हुँ ।
म आत्म, नित्य, तत्त्व हुँ म हुँ कृपा, दया, क्षमा ।।
म सत्य हुँ, म पूर्ण हुँ, अखण्ड आत्म-दीप हुँ ।।१६।।
म हुँ सबै, सबै म हुँ, सबै कुरा म जान्दछु ।
म मूर्त हुँ, अमूर्त हुँ, म मात्र जान्न सक्तछु ।।
म सत्य हुँ, म पूर्ण हुँ, अखण्ड आत्म-दीप हुँ ।।२२।।
सबै त हुन् नि कल्पना र खेल हो, अनित्य हो ।
विशाल नाट्य योजना, झिलिक्क स्वप्नतुल्य हो ।
म सत्य हुँ, म पूर्ण हुँ, अखण्ड आत्म-दीप हुँ ।।२६।।
अखण्ड चित्तमा सदा प्रकाशमान हुन्छु म ।
नदेखिने, नछोइने,विशुद्ध बोध, नित्य म ।
म सत्य हुँ, म पूर्ण हुँ, अखण्ड आत्म-दीप हुँ ।।३३।। (रिसाल, २०६० क : १८-२०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्यले वेदशास्त्रादिको मर्म बुझ्न खोज्दा आफ्नो वास्तविक उद्धार हुने बाटो खोज्ने, समस्त कर्म परेमश्वरमा अर्पण गर्ने र ईश्वरमा विश्वास र आस्था राख्ने उपदेश वेदशास्त्रादिले दिन्छन् भन्ने कुरा गुरुले बताएपछि शिष्य थप जिज्ञासु बन्दै ब्रह्मज्ञानको उपाय बताई दिन गुरुसित अनुरोध गर्दछन् । शिष्यमा स्नेह राख्दै गुरु द्वितीय विश्रामको **वेद-सार** शीर्षक अन्तर्गत वेदको सार र ब्रह्मज्ञान भनेको एउटै कुरा हो । गुरुका विचारमा वेदको सार र ब्रह्मज्ञानको स्पष्ट पहिचान गर्न त बोल्न नसकिने भाषा, सुन्न नसकिने ध्वनि, देख्न नसकिने रूप, शेष नरहने आकारभन्दा परको तत्त्व बुझ्न सक्ने सामर्थ्य राख्नु पर्दछ :

यो छैन, उ त झन् हैन, हैन, छैन कुनै कुरा ।
छैन, हैन, त्यहाँ छैन, बाँकी ब्रह्म भयो पुरा ।।१२।।
सबै हो ब्रह्मको रूप, तरङ्ग जल एक हो ।
लुगा, धागो सबै एक, जीव नै ब्रह्मरूप हो ।।१३।।
आफू हो दृश्यको द्रष्टा, साक्षी, क्षेत्रज्ञ, ईश्वर ।
त्यही नित्य, चिदानन्द, ब्रह्मा, विष्णु, महेश्वर ।।५४।।
आत्मा र ब्रह्म एकै हो, वेदको सार हो यही ।
'ब्रह्मसत्यं जगन्मिथ्या' 'जीव नै ब्रह्म हो' उही ।।६१।।
आफूले आत्मलाई नै चिन्नु नै ब्रह्मसत्य हो ।
यो कस्तो सजिलो सोझो बाटो शास्त्र त यत्ति हो ।।७०।।
नमाने, नबुझे, बाझे, शास्त्र यो किन चाहियो ?
माने, बुझे, नबाझेमा शास्त्र यो किन चाहियो ??७१??
आफ्नै आत्मा ज्योतिमा ध्यान लाउ ।
आफूमा नै भित्रभित्रै रमाऊ ।।
झुट्टा मायामोहलाई हटाऊ ।
बस्दा, हिंड्दा रामकै नाम गाऊ ।।७८।। (रिसाल, २०६० क : २६-३३) ।

समाधि, भक्ति, कर्म, विराग, विचार, भोग र भवरोगका बारेमा प्रश्न गर्ने शिष्यलाई सम्झाउँदै गुरु **कर्म-सम्पादन** नामक तृतीय विश्राममा के भन्दछन् भने समाधि भनेको ध्यान हो । यसका सविकल्प र निर्विकल्प गरी दुई भेद छन् । सविकल्प समाधिमा साधकले आत्मअस्तित्वको बोधका साथ आनन्द प्राप्त गर्दछन् भने निर्विकल्प समाधिमा पुगेपछि बाहिरी अनुभूति समाप्त भई ब्रह्मानन्द प्राप्त हुन्छ । समाधिको ज्ञान भएमा वासना समाप्त भई मोक्ष प्राप्ति हुन्छ । भक्ति भनेको परमेश्वरमा अटल विश्वास र आस्था हो । यसका पनि सकाम र निष्काम गरी दुई भेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । कामना राखेर गरिने भक्ति सकाम र कुनै पनि कामना नराखी गरिने भक्ति निष्काम हो । सकामभन्दा निष्काम भक्तिलाई उत्तम मानिन्छ किनभने सकाम भक्तिको फल जन्ममृत्युका फेरमा परी भोग्नै पर्दछ भने निष्काम भक्ति गरिएमा मोक्ष मिल्दछ र ब्रह्ममय भइन्छ । शास्त्रहरूले निष्काम भक्तिलाई ज्यादै महत्त्व दिएका छन् । कर्म भनेको वर्णाश्रम धर्म अनुसरण गर्दै कर्तव्य पालन गर्नु हो । यसका पनि सकर्म र अकर्म गरी दुई भेद छन् । सकाम भक्तिको समकक्षमा आउने सकर्म हो भने निष्काम भक्तिको समानान्तरमा आउने कर्म अकर्म हो । फलको आशा वा कामना नराखेर अकर्ता बनी कर्म गर्नु अकर्म हो । विराग भनेको विषयभोगतिर आकर्षित नहुनु हो । सांसारिक जन्जालप्रति वितृष्णा र ब्रह्मज्ञानको प्रबल चाहना नै विराग हो । ब्रह्मज्ञान प्राप्त गर्ने अठोट र त्यस क्रममा आई लाग्ने बाधाव्यवधानसितको निरन्तर सङ्घर्ष विचार हो :

आकाश ओर्लियोस् चाहे, चाहे पाताल उक्लियोस् ।
धरती पल्टियोस् आजै, ज्ञानी अटल भै रहोस् ।।५१।। (रिसाल, २०६० क : ३९) ।

साधुका लागि भोग भनेको ब्रह्मज्ञानको अखण्ड आनन्द हो भने मूर्खका निम्ति सांसारिक सुखभोग हो । ज्ञानीहरू पहिलोलाई स्वागत र दोस्रो भोगलाई तिरस्कार गर्दछन् । अझ दोस्रो भोग नै उनीहरूका दृष्टिमा भवरोग हो :

आफै जीवित ज्योति हो झिलिमिली, साक्षी अरू को छ र ?
अर्काको कसले गरे, कति, कहाँ, आफैं बने हुन्न र ?
सारा शास्त्र निचोड सार छ यही सम्पत्ति, आफू यही ।
आफैं पुग्नु छ पूर्ण शान्त सुखमा कर्तव्य हाम्रो यही ।।६५।।
आँटेमा सहजै मनुष्य अहिले इन्द्रासनै पाउँछ ।
ब्रह्माण्डै पनि जित्न सक्छ सहजै संसार हल्लाउँछ ।
त्यस्ता तुच्छ कुरा त के, क्षणिक हुन् आफूकहाँ छैन के ?
ब्रह्मै ज्ञानसमेत हुन्छ सहजै खोजे नमिल्ने छ के ??६६??
म आत्मा, त्यो आत्मा, वरपर सबै आत्मगरिमा ।
न तेरो, मेरो यो फगत मनको मोह महिमा ।।
न हो आगो मेरो जल, पवन, आकाश, धरती ।
उसैको हो सारा म पनि उसको विश्व नियति ।।७०।। (रिसाल, २०६० क : ४१) ।

असी वटा श्लोकको **धर्म-मर्म** नामक चतुर्थ विश्राममा धर्म र कर्मको वास्तविक अर्थ बुझ्न चाहने शिष्यलाई सारभूत ज्ञान दिँदै गुरु के भन्दछन् भने धर्म भनेको मानवीय कर्तव्य र आत्मचिन्तन हो भने कर्म भनेको धर्मबाट निर्दिष्ट कर्तव्य पालन चाहिँ कर्म हो । कर्मलाई अन्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगभन्दा उत्तम मानिन्छ । धर्मलाई कर्मका माध्यमबाट कार्य रूपमा उतारेर सांसारिक मोहका जन्जाल फाँड्दै आत्मज्ञान प्राप्त गर्नु नै धर्म र कर्मको मर्म बुझ्नु हो :

धर्मको फल खोज्नेले, धर्म मात्र सदा गरोस् ।
पापको कल्पनासम्म त्यसका मनमा नहोस् ।।७।।
कुनै पेशा, कुनै वर्ण, कुनै होस् जात, वर्ग रे ।
कल्याण सबको हुन्छ धर्मको पालना गरे ।।१४।।
धर्मको लक्ष्य हो मोक्ष, धर्म हो ज्ञान साधन ।
रक्षादि धर्मले गर्छ, धर्मले चित्त-शोधन ।।४६।। (रिसाल, २०६० क : ४४ र ४८) ।

धर्म-सुधार नाम गरिएको बयासी श्लोकको पञ्चम विश्राममा चित्तको निरोध तथा धर्म हुने र कल्याण पनि हुने कर्तव्यको बोध गर्न चाहने शिष्यलाई उपदेश दिने क्रममा गुरु के विचार व्यक्त गर्दछन् भने चित्त पवित्र, शुद्ध र सत्य छ भने मनको निरोध हुन्छ तर चित्तमा विकार भएमा मन स्थिर हुन सक्तैन । अस्थिर मनबाट न त योग हुन्छ न आत्मज्ञान नै । मनका वृत्तिलाई विषय सुखतिर भौंतारिन नदिई ज्ञान मार्गमा डोऱ्याउनु नै चित्तवृत्तिको निरोध गर्नु हो । यसै गरी धर्म र कल्याण हुने काम भनेको ज्ञानको खोजी गर्नु हो :

धर्मको लक्ष्य हो ज्ञान, ज्ञानको लक्ष्य मोक्ष हो ।
सुरु अन्त्य सबै धर्म, धर्म नै पुरुषार्थ हो ।।१८।।
ताराहरु अडेकामा, सूर्यका उदयास्तमा ।
धर्मले फूलमा बास्ना, हिमवर्षा हिमालमा ।।२७।।
सूर्यादि ग्रह, तारादि, अवतारादि धर्ममा ।
अडेका छन् सदा काल सृष्टि आदि र अन्त्यमा ।।५८।। (रिसाल, २०६० क : ५४, ५५ र ५८) ।

चौरासी श्लोकको **सेवा-धर्म** नामको षष्ठ विश्राममा शिष्यले गुरुसित सेवाको अर्थ सोधेका छन् । सेवा किन गरिन्छ, कहाँ गरिन्छ, कसरी गरिन्छ, कसको गरिन्छ, कसले गर्दछ, त्यसबाट के फल प्राप्त हुन्छ, त्यसको विधि के हो, त्यो कुन धर्ममा पर्दछ, त्यसको मर्म के हो, त्यसबाट केको रक्षा हुन्छ भन्ने प्रश्न सेवालाई केन्द्रबिन्दुमा राखेर शिष्यले जिज्ञासा राख्दा गुरु के भन्दछन् भने सेवा पनि धर्म र मोक्षको साधन हो । आवश्यक भएकाको सेवा प्रतिफलको आशा नराखी गर्नु पर्दछ । जुनसुकै ठाउँमा सेवा गर्न सकिन्छ र यश र स्वार्थ प्रेरित भएर गरिएको सेवा सेवा होइन । सेवा र धर्ममा आडम्बर वा देखावटीपना हुनु हुँदैन । सेवाबाट धर्मको रक्षा हुन्छ र सन्तोष र आनन्दको अनुभूति हुन्छ । यस बाटोबाट पनि ज्ञान प्राप्त हुन्छ । ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त भयो भने मोक्ष मिल्नु र मोक्ष प्राप्त भयो भने अखण्ड आनन्द मिल्नु सामान्य कुरा हो। त्यसैले सच्चा सेवाका निमित्त सधैं तत्पर रहनु पर्दछ :

आफू बिर्सेर सेवामा लाग्यो कि शान्ति मिल्दछ ।
स्वार्थका गन्धले छोए सेवा गल्दछ, ढल्दछ ।।१७।।
बाटाको वृक्ष होस् सेवा, नदी, पृथ्वी, हिमालय ।
घामझैं शुद्ध साझा होस्, सेवालय, शिवालय ।।१८।।
तिम्रो सेवा कतैबाट थाहैसम्म नहोस् कतै ।
सेवा चल्दै गरोस् लाखौं लाभान्वित बनून् सबै ।।१९
सेवाले बन्छ धर्मात्मा, महात्मा, साधु, सेवक ।
सेवा हुन्छ क्रमैले नै भुक्ति-मुक्ति प्रदायक ।।७४।। (रिसाल, २०६० क : ६३ र ६८) ।

सप्तम विश्राम अर्थात् द्वितीय षट्कको पहिलो विश्राममा पचासी श्लोकको **गुरु-महिमा** शीर्षकको अध्याय छ । यसमा शिष्यले गुरुसित कसलाई गुरु मान्नु पर्दछ र कस्तो व्यक्ति गुरु बन्न योग्य हुन्छ भन्ने प्रश्न सोधेका छन् । शिष्यले सोधेको सवालको जवाफ दिंदै गुरु के बताउँछन् भने ज्ञानी र शास्त्र निष्णात व्यक्तिलाई गुरु बनाउनु पर्दछ । सच्चरित्र भएको र गुरुको दायित्व वहन गर्न सक्ने शास्त्रज्ञलाई गुरु बनाउनु उपयुक्त हुन्छ । यस प्रकारका आधारको ख्याल नगरी जसलाई पायो त्यसलाई गुरु बनाउनु हुँदैन । यसै गरी शिष्यले रोग भनेको के हो र त्यसलाई कसरी निर्मूल गर्न सकिन्छ भन्ने प्रश्न गर्दा गुरु के भन्दछन् भने चिन्ता एउटा रोग हो । यसले जिउँदै जलाउँछ । त्यसभन्दा पनि डर लाग्दो रोग त सांसारिक विषय सुखप्रतिको लिप्सा हो । त्यो रोग ज्यादै खतरनाक हुन्छ । ज्ञान प्राप्त गरी ब्रह्मविद् हुनु नै त्यस रोगबाट बच्ने र त्यसको असर निर्मूल गर्नु हो । यसरी नै इच्छा तथा आशा कहाँसम्म रहन्छन् र साक्षी, समाधि एवं ध्यान भनेको के हो र यी कुरा कहाँबाट सुरु भई कहाँ अन्त्य हुन्छन् र यिनले के गर्दछन् भनी शिष्यले सोध्दा गुरु वासना र विषयासक्ति नै इच्छा हो, यस प्रकारका भोगको आकांक्षा आशा हो, ज्ञान मार्गीतिर नलाग्ने हो भने यिनले कहिल्यै छोड्दैनन् । साक्षी भनेको उज्यालोका लागि दैलामा बालेको बत्ती जस्तै हो, समाधि भनेको ज्ञानका निम्ति एकाग्र भएर साधना गर्नु हो । यो सविकल्प र निर्विकल्प गरी दुई प्रकारको हुन्छ । सविकल्पमा आफ्नो अस्तित्वको बोध हुन्छ भने निर्विकल्पमा परमात्माको मात्र चिन्तन र परमात्मामा नै समर्पणको अवस्था हुन्छ । ध्यान पनि विषयी र निर्विषयी गरी दुई प्रकारको हुन्छ । सांसारिक विषयप्रतिको आकर्षण विषयी र ब्रह्मज्ञानको चिन्तन निर्विषयी ध्यान हो । निर्विषयी ध्यानलाई विज्ञहरू उत्तम ध्यान मान्दछन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुष्ट रोग त के रोग शरीरसम्म गाल्दछ ।
भवरोग महारोग चौरासीभित्र फाल्दछ ।।२८।।
वासना विषयासक्ति भोगेर सिद्धिँदैन लौ ।
आगामा घिउ हालेमा दन्कन्छ किन निभ्छ लौ ।।३६।।
त्यसैले भोगन छोडेर विराग विषयादिमा ।
शान्ति, आनन्द पाइन्छ कर्ममा, भक्ति, ज्ञानमा ।।३८।। (रिसाल, २०६० क : ७४ र ७५) ।

उनान्सय श्लोकको अष्टम विश्राम अर्थात् द्वितीय षट्कको दोस्रो विश्रामको नाम **विषय-विराग** हो । आत्मानन्द कसरी प्राप्त हुन्छ र के गर्दा सुख पाइन्छ भन्ने प्रश्न शिष्यले गर्दा गुरु के भन्दछन् भने मन, वचन र कर्मले सम्पूर्ण रूपमा ईश्वरलाई सम्भेर हरबखत उनकै ध्यान र उनकै चिन्तन गर्ने हो भने आत्मानन्द प्राप्त हुन्छ । आत्मानन्द हुनु नै सच्चा सुख हो । त्यो सुख कहिल्यै नासिँदैन । त्यो पाइएपछि अन्य कुनै पनि सुख पाउने आकांक्षा बाँकी रहँदैन

मान्छे हो सुखकै खानी थाहा पाएन मूर्खले ।
आफूभित्रै छ आनन्द, हेर्नु है भित्र बोधले ।।३१।।
जे जे गर्छौं कर्म सारा चढाऊ ।
वाणी मीठो ईशको नाम गाऊ ।।
पारी तार्ने ब्रह्मको ज्ञान नाउ
उँभो लाग्ने मार्ग आफैं समाऊ ।।९८।।
यस्तो जान्नु छ त्यो अभै नरहने, बाँकी कुनै जान्न रे ।
यस्तो भोग्नु छ त्यो सदा सुख दिने, आनन्दकै रूप रे ।।
यस्तो वस्तु त नित्य भित्र छ सदा आफू त्यही रूप हो
सत्, चित्, अद्वय आत्म, एक रस हो, आनन्द हो, ब्रह्म हो ।।९९।।
(रिसाल, २०६० क : ८४ र ९३) ।

चौरासी श्लोक भएको नवम विश्राम अर्थात् द्वितीय षट्कको तेस्रो विश्रामको नाम **आत्मोद्धार** हो । यो संसार कसको हो, आफू को हो, आफ्नो, समाजको र विश्वको उद्धार कसरी हुन्छ र मायाको अस्तित्व छ कि छैन भन्ने प्रश्नको जवाफ दिँदै गुरु शिष्यलाई के सुनाउँछन् भने यो संसार कसैको पनि होइन । हो भने सबै प्राणीका साभा घर हो । यो नाशवान् छ र स्वप्नमा देखिने घटना जस्तै क्षणिक पनि छ । जान्यो भने आफू सर्वज्ञ र शक्तिशाली ईश्वर नै हो तर जानेन भने चाहिं मरणशील, संसारी, विषयभोगी, दुःखको सागरमा डुब्दै उत्रँदै गरेको प्राणी हो । त्यसो हुँदाहुँदै पनि ज्ञानी बनेर आफ्ना शक्ति, सामर्थ्य र सम्भावनाको प्रयोग गर्ने हो भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो, समाजको र विश्वको उद्धार मनुष्यले गर्न सक्तछ । त्यसका लागि अन्तमुखी दृष्टि हुनु आवश्यक छ र ब्रह्मज्ञान हुनु जरुरी छ । सपनाको संसार जस्तै दृश्य संसार माया हो । मन र मस्तिष्कमा छाएको भ्रमका कारण यसको अस्तित्व रहेको भान पर्दछ तर वास्तवमा माया भनेको माया नै हो, भ्रमजाल हो, दृष्टिदोष हो यसको अस्तित्व हुँदैन :

वास बस्न भनी आयौं, जान्छौं भोग सकेपछि ।
आजै जीवनमा शान्ति खोजौं खोज्नै परेपछि ।।९।।
तत्त्वज्ञानी बनेकाको स्वार्थ नै परमार्थ हो ।
ज्ञानीमा स्वार्थको लेश रहँदैन यथार्थ हो ।।३०।।
शरीरादि सबै मिथ्या, स्वप्न साम्राज्य हो सब ।
मन, बुद्धि जहाँ छैन अखण्ड आत्म-वैभव ।।४३।। (रिसाल, २०६० क : ९५, ९७ र ९८) ।

भुक्ति-मुक्ति-विचार नामक दशम विश्राम अर्थात् द्वितीय षट्कको चौथो विश्राममा बयासी श्लोक छन् । यस विश्राममा सम्झना, वासना, विश्व, मोक्ष, बन्धन र भक्तिका बारेमा बताउन शिष्यले अनुरोध गर्दा गुरु के भन्दछन् भने सम्झना भनेको सांसारिक र पारमार्थिक दुवै जगत्को हुन्छ । सांसारिक सम्झनाले जन्जाल र बन्धनमा जेल्दछ भने पारमार्थिक सम्झनाले बन्धनबाट मुक्ति दिलाउन मद्दत गर्दछ । वासना पनि सांसारिक र पारमार्थिक गरी दुई प्रकारको हुन्छ । सांसारिक वासना भनेको विषयप्रतिको अनुराग हो । यसले मनलाई बाहिरी दुनियाँतिर मोडेर क्षणिक सुखलाई सर्वोपरि ठान्दछ । पारमार्थिक वासना भनेको मनका भित्री तहबाट मूल फुट्ने अखण्ड आनन्दप्रतिको आकर्षण हो । त्यसले सन्मार्गतिर डोऱ्याउँछ । विश्वलाई पनि सांसारिक र पारमार्थिक भेदकै आधारमा दुई अर्थमा बुझ्नु पर्दछ । ज्ञानीहरू सांसारिक विश्वको उपेक्षा र पारमार्थिक विश्वको अपेक्षा गर्दछन् । मोक्ष भनेको परमतत्त्वको ज्ञान भएर उसमै एकाकार हुनु हो । बन्धन भनेको सांसारिक जन्जालप्रतिको लिप्साबाट उत्पन्न हुने बाधाव्यवधान हो । भक्ति भनेको समस्त ईश्वरीय शक्तिलाई एउटै मानेर उसप्रति अगाध आस्था एवं विश्वास गर्नु हो ।

यस विश्राममा शिष्य थप प्रश्न गर्दै गुरुबाट ज्ञानीको विश्व, ईश्वर, सर्वोच्च पुरुषार्थ, वैराग्य र धर्मका बारेमा जान्न खोज्दछन् । शिष्यका जिज्ञासा शान्त पार्दै गुरु के भन्दछन् भने ज्ञानीका लागि विश्व भनेको पारमार्थिक विश्व नै हो । ईश्वरलाई ज्ञानीहरू ब्रह्म र परमात्मा ठान्दछन् । मोक्ष प्राप्त गर्नु ज्ञानीको विचारमा सर्वोच्च पुरुषार्थ प्राप्त गर्नु हो । वैराग्यलाई ज्ञानीहरू सांसारिक वासनाबाट विमुक्त र ईश कामनामा संयुक्त मनोभाव मान्दछन् । ज्ञानीका लागि धर्म भनेको शास्त्रले बताएका सन्मार्गको अवलम्बन गरेर ब्रह्मज्ञान प्राप्त गर्नु र जीवनलाई सार्थक तुल्याउनु हो :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णको पाउ हो नाउ, भवसागर तारने ।
सारा विषय हुन् घाउ विषयीलाइ मारने ।।२६।।
परायण भए ज्ञान, निष्ठा नित्य, निरन्तर ।
अन्धकार हटाएर उदायो ज्ञान-भास्कर ।।४३।।
पूजा, पाठ र ध्यानादि, मन्त्र, यज्ञादि जे गर ।
अनन्य भक्तिले मात्रै, भेटिन्छ परमेश्वर ।।७७।। (रिसाल, २०६० क : १०६, १०७ र १११) ।

चित्त-शुद्धि नामक एकादश विश्राम अर्थात् द्वितीय षट्कको पाँचौं विश्राममा सत्तरी श्लोक छन् । यस विश्राममा आफू, आनन्द र सङ्कल्पका बारेमा प्रश्न गर्ने शिष्यलाई गुरु के भन्दछन् भने आफू भनेको सामान्य संसारी नभएर तत्त्वज्ञानी, आनन्द भनेको कहिल्यै ननासिने र कहिल्यै समाप्त नहुने अखण्ड आनन्द अर्थात् परमार्थ प्राप्ति हो । यसै गरी सङ्कल्प भनेको सबै प्रकारका जटिलतामाथि विजय प्राप्त गरेर परमात्मामा लीन हुने वा ब्रह्मज्ञानी बन्ने अठोट गर्नु हो :

ब्रह्मज्ञान हुँदा साथै जान्न बाँकी रहन्न है ।
ज्ञानी आनन्दले बाँच्छ अथवा मर्छ मुक्त भै ।।३७।।
खोज्नु मात्र परेको छ, पाइन्छन् भित्र जे पनि ।
भुक्ति, मुक्ति, पराशान्ति, म ता ब्रह्माण्डकै धनी ।।४८।।
सङ्कल्प मात्र हो सारा नभए ब्रह्म मात्र छ ।
धागो सङ्कल्पको काटे जीव नै शिव बन्दछ ।।४९।। (रिसाल, २०६० क : ११७ र ११८) ।

द्वादश विश्राम अर्थात् द्वितीय षट्कको छैटौं वा अन्तिम विश्राममा १०६ श्लोक छन् । यस विश्रामको नाम **ब्रह्मज्ञान** राखिएको छ । संसारप्रतिको आसक्ति वा इच्छा कसरी हटाउने, सृष्टि कसरी हुन्छ र सृष्टिको सार के हो, ब्रह्ममा सृष्टिको भान हुन्छ भन्नु ठिक हो कि होइन भन्ने शिष्यका जिज्ञासा शान्त पार्दै गुरु के कुरा अघि सार्दछन् भने संसार सत्य होइन, यो त भ्रम हो र क्षणिक छ भन्ने कुरा बुझेर आसक्ति हटाउनु पर्दछ । सृष्टि भनेको पाञ्चभौतिक तत्त्वको रूप परिवर्तन मात्र हो । यसको सार भनेको यसलाई ब्रह्मज्ञानका लागि उपलब्ध हुने अवसर हो । ब्रह्ममा सृष्टिको भान हुनु भनेको डोरीलाई सर्प ठानेर तर्सनु जस्तै दृष्टिदोष हुनु हो ।

यस विश्राममा शिष्यले अचेल अनेक थरी गुरु देखिन्छन् तिनमा कसलाई असली गुरु मान्ने, ज्ञानीको कर्तव्य के हो, अवतारहरूले के गर्दछन् र के गरेमा ब्रह्मबोध हुन्छ भनी सोधेका थप प्रश्नको जवाफ दिंदै गुरु के कुरा व्यक्त गर्दछन् भने ब्रह्मज्ञानी नै असली गुरु हुन् । तिनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्ति पूर्व जन्मका ठूला पुण्यबाट हुन्छ । ज्ञानीको कर्तव्य ब्रह्मज्ञानप्रति आकर्षित भएर आफ्नो र सम्पूर्ण लोकको उद्धार गर्नु हो । अवतारहरूले साधुको रक्षा र दुष्टको नाश गर्दछन् । ईश्वरमाथि विश्वास, परमार्थको चिन्तन, संसारप्रति वितृष्णा र आत्मज्ञान भएमा ब्रह्मबोध हुन्छः

ब्रह्म देखे, सुने, खाए, कस्तो आनन्द भन्दछौ ।
ब्रह्ममा नै हिंडे, बोले, ज्ञानी भै ब्रह्म बन्दछौ ।।८।।
जति सक्छौं गरौं पुण्य, पुण्य जम्मा भयो भने ।
अवश्य गुरु ज्ञानीको दर्शनैले भलो हुने ।।४८।।
तिमी हौ कोटिमा एक सृष्टि-सौभाग्य-सुन्दर ।
सर्वोच्च ब्रह्मको बोध गर्न सक्छौ तिमी गर ।।१०३

(रिसाल, २०६० क : ११२, १२६ र १३१) ।

त्रयोदश विश्राम अर्थात् तृतीय षट्कको पहिलो वा क्रमिक हिसाबको तेरौं विश्राममा सतहत्तर श्लोक छन् । **जगत् मिथ्यात्व निर्णय** नामक यस विश्राममा योगी र ज्ञानी दुवै थरीलाई मायाबाट मुक्ति दिलाउने ज्ञान वा योग के हो, प्रमाण र प्रमेयमा के भिन्नता छ, दैवको खेल के हो र त्यसले कसरी खेलाउँछ भन्ने प्रश्न शिष्यले गुरुसित गर्दछन् । यी प्रश्नको जवाफमा शिष्यलाई गुरु के बताउँछन् भने जानेर, बुझेर, मर्म पत्ता लगाएर ब्रह्मविद्या बुझ्नु ज्ञान हो कठोर योग वा हठ योग गर्नु योग हो । प्रमाण भनेको शास्त्र र प्रमेय भनेको ब्रह्म हो । दैवको खेल भनेको लीला हो । त्यसले अनेकौं अभिलाषा उत्पन्न गरेर जीवलाई कठपुतली खेलाए जस्तै खेलाउँछः

बोधपूर्वक ज्ञानीको, योगीको हठपूर्वक ।
समाधि स्थिति हो एकै, पूर्व-उत्तर भिन्न छ ।।११।।
प्रमाण-शास्त्रले ब्रह्मबोध बाटो, लगाउँछ ।
प्रमेय-शास्त्रले ब्रह्म, मात्रलाई बताउँछ ।।१८।।
खेल साँचो हुँदै हैन, लीला हो हेर मात्र लौ ।
खेल्ने खेलाउने अर्कै, तिमी ता खेलभिन्न छौ ।।५०।।

(रिसाल, २०६० क : १३४, १३५ र १३८) ।

चतुर्दश विश्राम अर्थात् तृतीय षट्कको दोस्रो वा क्रमिक हिसाबको चौधौं विश्राममा एकासी श्लोक छन् । यस विश्रामको नाम **माया परिहार** हो । यसमा ज्ञानी र तपस्वीको वृत्ति र स्थितिका बारेमा शिष्यले गुरुलाई सोधेका छन् । शिष्यका प्रश्नको उत्तर दिंदै गुरु के भन्दछन् भने ज्ञानी र तपस्वीको वृत्ति अनेक थरी हुन्छ तर स्थिति भने समान हुन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजै छोड अहङ्कार, यही हो दुःखको घर ।
विचार गर आफैंमा, ब्रह्म भिन्न रहन्छ र ??३४??
शास्त्र, सज्जनको सङ्ग, कृपा ईश्वरको मिले ।
धन्य धन्य भयो जन्म, ज्ञानका द्वार ती खुले ।।५३।।

(रिसाल, २०६० क : १४५ र १४७) ।

आत्म-स्मृति नाम गरिएको तृतीय षट्कको तेस्रो वा क्रमिक हिसाबको पन्ध्रौं विश्राममा चौहत्तर श्लोक छन् । यसमा कर्म, ब्रह्मज्ञान, समाधि, राग तथा त्यागको ज्ञान कसरी गर्ने र अविद्यामा चित्त लाग्ने परिप्रेक्ष्यमा ज्ञान कसरी प्राप्त गर्ने भन्ने प्रश्न गुरुका सामु शिष्यले राखेका छन् । शिष्यलाई यथार्थ कुरा बताउँदै गुरु के भन्दछन् भने कर्म, ब्रह्मज्ञान, समाधि, राग तथा त्यागको ज्ञान गर्नका लागि आफू र आफ्ना शक्ति तथा सामर्थ्यको ज्ञान हुनु जरुरी छ । आफूलाई जान्यो आफ्ना सीमा र सम्भावनालाई जान्यो भने सबै प्रकारका ज्ञान स्वतः खुल्दछन् । यो कुरा जानिएन भने सबै प्रकारका अज्ञानको भुमरीमा परिन्छ :

देख्नसक्नु परेको छ, ब्रह्माण्ड निज पेटमा ।
बुझ्नसक्नु परेको छ, विश्व हो मात्र वासना ।।२६।।
म रागी न त हुँ त्यागी, राग, त्याग छ बाहिर ।
राग, त्याग त दृश्यै हुन्, म त शुद्ध परात्पर ।।४५।।

(रिसाल, २०६० क : १५४ र १५५) ।

यसै अंशमा शिष्यले सुषुप्ति ब्राह्मी स्थिति भए पनि चित्त अविद्यामा लीन भएका कारण यस्तो ज्ञान कसरी प्राप्त गर्ने भनेर सोध्दा गुरु के भनेर सम्झाउँछन् भने एकोहोरो भएर ब्रह्ममा ध्यान लगाई चित्तलाई चैतन्यमा पुऱ्याउन सकियो भने सबै अविद्या स्वतः समाप्त भएर ब्राह्मी स्थितिमा पुग्न सकिन्छ :

निर्विकल्प भए ध्यान, चित्त चैतन्य बन्दछ ।
देखिन्छ त्यसमा आफू, ब्रह्मको ज्ञान खुल्दछ ।।५२।। (रिसाल, २०६० क : १५६) ।

कस्तो संस्कार, संस्कृति र शिक्षा तथा कसको सेवा भएमा जीवन सार्थक हुन्छ भनी शिष्यले प्रश्न गर्दा गुरु के भन्दछन् भने सानैदेखि बालबालिकाहरूमा परम्परागत सुसंस्कार, नैतिक र धार्मिक शिक्षा तथा देवीदेवता, आमाबाबु, गुरु, देश, जनता, अतिथिको सम्मान गर्ने र आचरण शुद्ध राख्ने स्वभावको विकास हुनु आवश्यक छ । शान्ति, सहयोग, स्वाभिमान, आत्मविश्वास, सन्तोष, स्वावलम्बन, ब्रह्मज्ञानप्रतिको आकर्षण हुनु पनि त्यत्तिकै जरुरी छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफैंमा नवसिर्जना भरिदिने शास्त्रादि छन् सज्जन ।
आफैंभित्र अनन्त शक्ति-सरिता केको कमी लौ भन ??
आफू दीन बनेर हिंड्न अब ता खुल्दैन, खुल्दैन रे
आफू आँट गरे त मोक्ष पथ त्यो भुल्दैन, भुल्दैन रे ।।७४।। (रिसाल, २०६० क : १५८) ।

चिन्ता-त्याग नाम गरिएको तृतीय षट्कको चौथो वा क्रमिक हिसाबको सोरौं विश्राममा त्रिहत्तर श्लोक छन् । यसमा चिन्तामुक्त हुने उपायका बारेमा शिष्यले सोध्दा गुरु चिन्ता गर्न नहुने, पापकर्मबाट चिन्ता बढ्ने, कर्ता नठानी द्रष्टा बनेर कर्मयोगमा संलग्न रहेमा चिन्ताबाट मुक्ति पाइने, अनेक थरी दुःखकष्ट भोगिरहेका हुनाले कुनै पनि प्राणी चिन्तारहित नहुने कुरा जान्नु पर्ने, ब्रह्मको चिन्तन गरेमा चिन्ता स्वभावतः हट्ने र आफूलाई चिन्न सकेमा पनि चिन्ता समाप्त हुने कुरा सुनाउँछन् :

चिन्ता गर्ने भए भित्र, ब्रह्मको चिन्तना गर ।
बाँचुन्जेल सदा काल, सोच नित्य निरन्तर ।।२०।। (रिसाल, २०६० क : १६१) ।

जिज्ञासु शिष्यले गुरुलाई मान्छेको जिन्दगीको परिचय, त्यसबाट पार पाउने उपाय र अहंका बारेमा सोध्दा गुरु के भनेर जवाफ दिन्छन् भने आत्मचिन्तन र ब्रह्मज्ञान गरेर प्राणीजन्य जन्ममरणका चक्रव्यूहबाट मुक्त गर्नका लागि ईश्वरले मनुष्यको सृष्टि गरेका हुन् । ईश्वरको त्यस उद्देश्यको परिपूर्ति गर्न सकेमा नै मनुष्य जीवनबाट मात्र नभएर सांसारिक तथा जैविक जन्जालबाट पार पाइन्छ । यस प्रकारको असामान्य शक्ति आफूमा रहेको कुरा जान्नु नै अहं हो । अहं भनेको अहंकार होइन आत्मबोध हो :

भित्र दृष्टि दिएदेखि, सबै अद्वैत ब्रह्म हुन् ।
व्यवहार त्यहीं मिल्छ, जीव नै शिव-ब्रह्म हुन् ।।४६।। (रिसाल, २०६० क : १६१) ।

यसै पाठमा शिष्यले धर्माचरण गरेर आत्मोद्धार र जीवनको सुधार हुने कुरा सत्य हो भने वासनाको समाप्ति हुने र समाधि लाग्ने उपाय के हो भनी प्रश्न गर्दा गुरु जवाफमा संसारी कर्म गर्दा गर्दै पनि संसार तथा व्यवहारलाई मिथ्या ठानेर भित्री मनबाट सधैं आत्मचिन्तनमा लीन हुने हो भने स्वभावतः वासनाको समाप्ति र समाधिको प्राप्ति हुन्छ भन्दछन् :

भित्रबाट सबै त्याग, परेमा भोग बाहिर ।
गरेझैं गर संसार, तर भित्र दिगम्बर ।।७१।। (रिसाल, २०६० क : १६६) ।

ज्ञानोदय नामको तृतीय षट्कको पाँचौं वा क्रमिक हिसाबको सत्रौं विश्राममा उनासी श्लोक छन् । यसमा मिथ्या के हो, सत्य के हो, वासना, मन र मोहको नाश गर्ने कसरी गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ भन्ने प्रश्न गर्ने शिष्यलाई सम्झाउँदै गुरु सांसारिक जति पनि दृश्य देखिन्छन् ती सबै मिथ्या हुन्, परमार्थ नै सत्य हो, यस्तो गूढ तत्वको ज्ञान भएमा वासना, मन र मोहको नाश हुन्छ भन्दछन् :

वेद- शास्त्रादि, साराको सार एक छ ।
'ब्रह्मसत्यं जगन्मिथ्या' यत्ति नै बुझ्नु मात्र छ ।।५४।। (रिसाल, २०६० क : १७२) ।

यसै विश्राममा शिष्यले भक्तिका भेद कति छन्, भक्तिबाट प्राप्त कसरी मुक्ति प्राप्त हुन्छ र सत्सङ्ग र मोक्ष भनेको के हो भनेर सोध्दा गुरु के भनेर जवाफ दिन्छन् भने सामान्यतः भक्तिका अनेकौं भेद देखिए पनि परब्रह्मको भक्ति नै मूल भक्ति हो । त्यसले चित्तशुद्धि र वासनामुक्ति गराई मुक्ति दिलाउनमा मद्दत गर्दछ । सत्सङ्ग भनेको मनको मैला हटाउने र चित्त चम्काउने बाटो हो । मोक्ष भनेको जीवको लक्ष्य र पुरुषार्थ हो । आत्मज्ञानबाट प्राप्त हुने उपलब्धि पनि मोक्ष नै हो :

आफू सर्वत्र नै आफू, आफू नै भित्र बाहिर ।
आफू नै ब्रह्म हो व्याप्त, त्यही हो जगदीश्वर ।।६९।। (रिसाल, २०६० क : १७४) ।

अजातवाद भन्ने तृतीय षट्कको छैटौं वा क्रमिक हिसाबको अठारौं विश्राममा सतहत्तर श्लोक छन् । यसमा सृष्टि के हो, दृष्टि के हो र अजातवाद के हो भन्ने प्रश्न गर्ने शिष्यलाई सम्झाउँदै गुरु दृश्यमान् जगत् र सृष्टि भ्रम मात्र हो, यथार्थमा यो पहिले पनि थिएन र अहिले पनि छैन । यस्तो कुरा बुझेर तत्त्वज्ञानको खाजी गर्नु नै बुद्धिमानी हो र सच्चा दृष्टि पनि त्यही हो । अजातवाद भनेको वेदान्तको पराकाष्टा, उत्तम दर्शन र अद्वैत ब्रह्मलाई सिकाउने विद्या हो भन्दछन् :

मान्यता मात्र हो सृष्टि, देऊ दृष्टि परात्ममा ।
अद्वैतमा भए पक्का, दृष्टि बन्दैन सृष्टिमा ।।५८।। (रिसाल, २०६० क : १८३) ।

श्रुति-सिद्धान्त नामको तृतीय षट्कको सातौं वा क्रमिक हिसाबको उन्नाइसौं विश्राममा अठसट्ठी श्लोक छन् । यसमा वेदको सार के हो र समाधि भनेको के हो भन्ने शिष्यका प्रश्नको उत्तर दिंदै गुरु के भन्दछन् भने प्रज्ञा ब्रह्म हो, यो आत्मा ब्रह्म हो, तिमी ब्रह्म हौ, म ब्रह्म हुँ, समस्त जीव ब्रह्म हुन् भन्ने कुराको बोध गराउने विद्या वेद हो र सारा कल्मष, अज्ञान, भ्रम, विकार तथा वासना पखालिएर मन चोखो बनी आत्मा र ब्रह्मको एकत्वमा पुग्नु नै समाधि हो । त्यस स्थितिमा पुगेपछि परमानन्द प्राप्त हुन्छ । जीवको अन्तिम गन्तव्य पनि त्यही हो :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म आदिमा एक अनेक मध्यमा ।
अनन्तमा एक म मात्र अन्त्यमा ।
म एक हुँ सृष्टि-समष्टि, व्यष्टिमा
थिएँ, छु, हुन्छु, म त कल्प, कल्पमा ।।६०।। (रिसाल, २०६० क : १९४) ।

पूर्ण विश्राम नामक अनुक्रममा उपसंहार, अन्तिम उपदेश, कृतज्ञता निवेदन, आशीर्वाद र फलागम शीर्षकका कविताका गुच्छा राखिएका छन् । यसको पहिलो शृङ्खला **उपसंहार**मा उन्नाइस वटा श्लोक छन् । यसमा सोधिएका समस्त प्रश्नको उत्तर गुरुबाट सुनी सकेपछि शिष्यले आर्जन गरेको ज्ञानको परीक्षा लिँदै गुरुले 'म को हुँ' भन्ने कुराको बोध भए नभएको अवस्था बुझ्न खोज्दा शिष्यले सही उत्तर दिई गुरुलाई प्रसन्न तुल्याएको र शिष्य गुरुप्रति कृतज्ञ बनेको सन्दर्भको चर्चा छ :

स्याबास् धन्य हौ शिष्य् तिमी ब्रह्म छँदै थियौ ।
फेरि ब्रह्म बन्यौ आज, जीवन्मुक्त तिमी भयौ ।।११।। (रिसाल, २०६० क : १९७) ।

पूर्ण विश्राम अन्तर्गतकै दोस्रो अनुक्रममा **अन्तिम उपदेश** शीर्षक छ । यसका सत्र वटा श्लोकमा ब्रह्मज्ञान आफ्नै आनन्द र हितका लागि भएको र कल्याण तथा जीवनको उच्चतम प्राप्ति चाहने हो भने यसलाई प्राप्त गर्ने प्रयत्न गर्नु पर्ने कुराको उपदेश गुरुले शिष्यलाई गरेका छन् :

ब्रह्मबोध त आफैँले, आफूमा गर्नुपर्दछ ।
अरूका लागि यो हैन, आफ्नै उद्धार गर्नु छ ।।१७।। (रिसाल, २०६० क : २००) ।

पूर्ण विश्राम अन्तर्गतको तेस्रो अनुक्रममा **कृतज्ञता निवेदन** शीर्षक छ । यसका सात वटा श्लोक छन् । ती श्लोकमा शिष्यले गुरुप्रति कृतज्ञता प्रकट गरेको कुराको चित्रण छ :

प्रभु कृतार्थ पारेर, ठुलो उद्धार गर्नुभो ।
गुरुको ऋण यो मैले, कसोरी अब तिर्नु हो ।।७।। (रिसाल, २०६० क : २००) ।

पूर्ण विश्रामकै चौथो अनुक्रममा चार वटा श्लोकको **आशीर्वाद** शीर्षक छ । यसमा गुरुले जीव, ब्रह्म र ज्ञानका बारेमा बताएका कुराको जानकारी दिँदै शिष्यलाई ज्ञानका परोक्ष र अपरोक्ष गरी दुई भेद भएको यथार्थ अघि सार्नका साथै शास्त्र, धर्मकर्म र ज्ञानको मर्यादा राखेमा ज्ञानी बनिने र गुरु, देवता तथा पितृको ऋण चुक्ता हुने बेहोरा अवगत गराएका छन् :

मर्यादा राख शास्त्रीय, धर्म, कर्मादि ज्ञानको ।
सम्पूर्ण ऋण चुक्ता भो, गुरु, देव र पितृको ।।३।। (रिसाल, २०६० क : २०१) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण विश्रामको पाँचौं शृङ्खलाको नाम **फलागम** राखिएको छ । यसमा पन्ध्र वटा श्लोक छन् । यसलाई **पूर्ण ब्रह्मानुभव : कृतकृत्यता** पनि भनिएको छ । यसमा शिष्यले गुरुप्रति थप अनुगृहीत बन्दै उपदेश प्राप्त भएपछि आफूमा पहिलेको तुलनामा निकै ठूलो परिवर्तन आएको र ज्ञान प्राप्त भएपछि आफ्ना अनेकौं तिर्सना मेटिएका कुरा व्यक्त गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ :

देखें मैले विनाशी, चहलपहलको जीवनीरूप छाया ।
मीठो हो हो भने झैं, सकल भुवनको मोहको बन्ध माया ।।
आत्मा आफू त एकै, अमर रस दिने ब्रह्मको बोध जाग्यो ।
सारा शङ्का समाप्तै अब त झिलिमिली पूर्ण भो घाम लाग्यो ।।१५।।

(रिसाल, २०६० क : २०१) ।

नेपाली काव्यको इतिहासमा यस काव्यको महत्त्वपूर्ण स्थान रहेको छ । सूक्ष्म कथानक, गम्भीर विषयवस्तु, इन्द्रबज्रा, अनुष्टुप, वंशस्थ, पञ्चचामर, स्रग्धरा, शार्दूलविक्रीडित, अपरान्तिका, उपजाति जस्ता शास्त्रीय छन्दमा निष्णात रचनाकारको दार्शनिक चिन्तनमा आधृत परिपक्व विचारको प्रस्तुति र कठिन एवं दुर्बोध्य ज्ञानलाई सरल, सहज तथा सुबोध्य भाषामा व्यक्त गर्न सकेको खुबीको समन्वय भएको सुन्दर काव्य यो हो । यो महाकाव्य नै हो । वेदान्त दर्शनको गहनतम पक्ष प्रस्तुत गरी सबैका लागि उपयोगी र व्यावहारिक बनाउने प्रयत्न यसमा गरिएको छ । दार्शनिक प्रा. शिवगोपाल रिसालको काव्य साधना तथा दार्शनिक चिन्तनको थालनीमा रचना गरी परिपक्व बेलामा परिमार्जन गरिएको कृति पनि यो हो । यसमा रचनाकार आफूलाई मन पर्ने वेदान्त दर्शनका आधारभूत विचार व्यक्त गर्ने सिलसिलामा स्वयं प्रकट भएका छन् । सफल कवि र उच्च काव्यको लक्षण पनि त्यही हो । नेपाली साहित्यमा यस कृतिले उच्चासन प्राप्त गरेको कुराको चर्चा इन्द्रपुरन्दर *यात्रा महाकाव्य* को भूमिकामा पनि गरिएको छ ।

४.२.७ दुर्गापूजा र बलिको रहस्य

सेतो रङ्गको सादा गाताको बिचमा राखिएको सिंहारूढ चतुर्भुज देवी भगवतीको चित्रको माथिल्लो भागमा पुस्तकको नाम *दुर्गापूजा र बलिको रहस्य* र मुनि रचनाकार शिवगोपाल रिसालको नाम दिइएको डिमाई आकारको यस पुस्तकको गाताको पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको चित्र सहितको परिचय प्रस्तुत गरिएको छ । गाताको दुवैतिरको सामग्री रातो मसीमा छापिएको छ । गाताको अघिल्लो भित्री पृष्ठमा लेखकको नाम र ठेगाना, पुस्तकको प्रकाशक, प्रकाशन मिति, प्रकाशित संख्या, सर्वाधिकारको संकेत, संस्करण, लेखन आरम्भ र अन्त्य गरिएको मिति तथा मूल्य समेतका कुरा समेटी पुस्तकको परिचय दिइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यो अंश चाहिँ कालो मसीमा छापिएको छ । गाताको पछिल्लो पृष्ठको भित्री भाग भने खाली छ ।

यस कृतिमा समर्पण, भूमिका, विषय सूची जस्ता सामान्य कितापहरूमा पाइने कुनै पनि प्रारम्भिक अंश राखिएको देखिँदैन । एकै चोटि देवी भगवतीको आराधना गरी काव्यको थालनी गरिएको यस काव्यमा बलि प्रथाप्रतिको कविको आक्रोश पोखिएको छ । अत्यन्त प्रताडित कुनै व्यक्तिले पोख्न पाएको पीडा, ज्यादै कठोर नियन्त्रण राखिएको जनावरले फुत्कन पाउनका साथै प्रतिक्रिया जनाउन पाउँदा देखाउने बदलाको भाव र मार्नका लागि बाँधिएको बिरालोले उम्कन पाउँदा चिथोर्ने स्वभाव जस्तै कवि सुरुदेखि नै यस कृतिमा बलिका निम्ति चढाइने बोकाको पक्षमा अकाट्य, मार्मिक, प्रभावकारी तर्क खडा गर्दछन् र विपक्षीप्रति आक्रामक रूपमा खनिन्छन् । यस्तै आवेशका कारण मनमा उर्लेका भावनाहरूलाई व्यवस्थित गर्न न भ्याउँदा कविको यसमा न अध्याय विभाजनको ख्याल हुन्छ न त अन्य संरचनागत संगठनतिर नै ध्यान हुन्छ । नाटककार बालकृष्ण समले नियमित आकस्मिकतामा विकासवादी दार्शनिक डार्बिनको मत अनुसार आवश्यक नभएकोले मान्छेको पुच्छर र सिङ लोप भए जस्तै हालका चराचुरुङ्गी र पशुहरू बिस्तारै चेतनशील बन्दै आजको मान्छे जस्तै बोल्ने र साहित्य सिर्जना गर्न सक्ने भए भने तिनले रचेको मान्छेबाट पाएको पीडाको चित्रणमा आधृत कविता कति मार्मिक र हृदयग्राही होला भन्ने कुरा लेखेका छन् । ठिक यसरी नै बलि दिइने बोकाको पीडा स्वयं कविले भोग्नु परेको अनुभूतिमा यो काव्य रचिएको छ ।

शास्त्रीय छन्दका विभिन्न भेदमा ३०८ वटा कविताहरू समेटिएको यो कृति ३६ पृष्ठको छ । यो प्रा. रिसालको छैटौं प्रकाशित कृति हो । मनमा ज्यादै उकुसमुकुस भएर रहेका भाव एकै सासमा पोख्ने क्रममा सृष्टिको फुल र चेतनशील प्राणी भनेर गौरव गर्ने मनुष्य जाति ज्यादै निर्दयी, अविवेकी, आडम्बरी र अन्ध भएको कुरा कवि यस काव्यका माध्यमबाट बताउँछन् । अनेक नाम भए पनि देवी वा देवता अर्थात् ईश्वर र शक्ति भनेको एउटै कुरा हो । सत्कार्य गर्नु नै तिनको अर्चना गर्नु हो । पवित्र मनले लोकको कल्याण हुने काम गर्नु नै तिनको भक्ति गर्नु हो । सारा जीव तिनकै सन्तान हुन् । कुनै जीवलाई पनि कष्ट पुग्यो भने तिनी दुःखी हुन्छन् । प्रत्येक आमाबाबुलाई आफ्ना सन्तान प्यारा भए जस्तै तिनी पनि सन्तान भएकै कारण साराका सारा जीवलाई असाध्यै माया गर्दछन् । कुनै पनि सन्तानलाई कष्ट भयो भने त्यसको आघात ईश्वरमा पनि पर्दछ । त्यसैले कुनै पनि जीवलाई कष्ट पुऱ्याउने काम गर्नु हुँदैन । हिंसा त कसैको पनि गर्नु हुँदैन । त्यसो गर्नु भनेको महापाप गर्नु हो र कठोर नरकमा जाने काम गर्नु हो ।

सनातन परम्परामा निकै लामो समयदेखि अनेक थरी प्राणीको बलि दिने चलन चल्दै आएको छ । ईश्वरको भक्तिभन्दा पनि आफ्नै जिब्रोको स्वादका लागि त्यस्तो कुप्रथा समाजमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलेको हो । सन्तानलाई बलि चढाएर सुख र सन्तोष कुनै पनि अवस्थामा प्राप्त हुन सक्तैन । मान्छेले पुस्तौँपुस्तादेखि कमजोर, निरीह, लाटो, सोझो बोकालाई बलि दिँदै आएको छ । बर्सेनि लाखौं बोकाहरू बलिमा चढाइन्छन् तर यस गम्भीर चिन्तनप्रति कसैको ध्यान जाँदैन । यो सारै आपत्तिजनक कुरा हो र निकै ठुलो चिन्ताको विषय पनि हो । त्यसैले कवि देवी भगवतीप्रति पुकारा गर्दै मान्छेमा रहेको यस्तो अज्ञान समाप्त पारी दिन अनुरोध गर्दछन् । देवी शक्ति व्यापक रूपमा रहेको परिप्रेक्ष्यमा लोकमा दुर्व्यवहार, भ्रम र विसङ्गति फैलनु सुहाउने कुरा होइन । मान्छेले चलाएका गलत चलनको अन्त्य हुनु पर्दछ । यो संसार सबैको साझा थलो हो । मान्छेले जस्तै यहाँ सबै प्राणीले निर्भय भएर बाँच्न पाउनु पर्दछ । कसैको पनि ज्यान लिने काम गर्नु भनेको अन्याय र अत्याचार हो । त्यसमा पनि मान्छेले त झनै त्यस्तो काम गर्नु हुँदैन । मान्छे भनेको सबै प्राणीको दाजु हो, संरक्षक हो र अगुवा पनि हो । आफै अगुवा अनि आफै बाटो फोहोर पार्ने काम गऱ्यो भने अगुवा हुनुको अर्थ नै के रह्यो र ? घरको मुली अर्थात् बाबु बन्नको सार्थकता त्यहाँ हुन्छ जहाँ सबै सन्तानले उचित संरक्षण र उचित अवसर प्राप्त गर्दछन् । संरक्षण दिन नसक्नेले बाबुको सम्मान खोज्नु हुँदैन । मान्छेले वहन गर्नु पर्ने जिम्मेवारी बिर्सेर कमजोर प्राणीको हिंसा गरेर तिनको मासु खान थाल्यो भने उसलाई कसरी चेतनशील, ज्ञानी, विवेकी र संरक्षक भन्ने ? कवि बलि प्रथाबाट व्यथित बन्दै यस्तै प्रश्न अघि सार्दछन् ।

मान्छे मांसाहारी प्राणी पनि होइन । बाघले बाच्छो खाएको घटनाका बारेमा कविको कुनै टिप्पणी छैन किनभने त्यो त प्रकृति हो र प्रवृत्ति पनि हो तर प्रकृतिले नै निषेध गरेको कुरालाई जबर्जस्ती व्यवहारमा ल्याउनु र सुधो प्राणीको हिंसा गरेर रमाउनु कुनै हालतमा पनि सुहाउने काम भएन भन्ने आशय कवि व्यक्त गर्दछन् । मान्छेभित्रको वासनाले भरिएको मानसिकता, लोभरूपी बिरालो, क्रोधरूपी महिषासुर, म र मेरो भन्ने मद वा घमण्ड, उँटरूपी मात्सर्यलाई बलि बनाउनु पर्ने कुरामा कवि जोड दिन्छन् :

कामको वासनारूपी, छागको बलि खानुहोस् ।
निर्मूल वासना पारी, निर्वास वास लानुहोस् ।।५७।।
लोभरूपी बिरालाको, महिष क्रोधरूपको ।
बलि स्वीकार्नुहोस् आमा ! मोह मेष स्वरूपको ।।५८।।

बलि दिनु नै पर्ने भए कुभिन्डो, मुला, उखु, नरिवल, हलेदो जस्ता फल निवेदन गर्नु उपयुक्त हुन्छ भन्ने धारणा पनि कविको छ :

राँगो कूष्माण्डको दिन्छु, बोको मूला त भैगयो ।
उखु चुस्नोस् त्यही हाँस, भेडो नरिवलै भयो ।।६५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुखुरो हो हलेदो नै, बलि पाँचवटा भयो ।
यस्तै बलि दिए मात्रै पापबाट विमुक्त भो ।।६६।।

कुलको परम्परा र मान्यता मान्ने हो भने विवेकीहरूले सारा प्राणीलाई सजाति र सहोदर मान्दै सबैको सुरक्षा र पालन पोषणका निमित्त सक्दो सहयोग गरेको पाइन्छ । त्यस्तो व्यवहार गर्नु नै मनुष्यको अनुकूल आचरण गर्नु हो । सजिलैसित पन्जामा पार्न सकिने कमजोर प्राणीलाई समातेर बलियाले बलि दिनु भनेको त जङ्गली राज हो, माछाले माछालाई नै खाने प्रवृत्ति हो र घोर अन्याय हो । कालले कुन बेला मुठीभित्रको माखा मारे जस्तै गरी मान्छेलाई मार्ने हो थाहा छैन । पाएको समयको सदुपयोगबाट सबैको हित हुने काम गर्न छोडेर धर्मका नाममा कमजोर प्राणीको हिंसालाई महत्त्व दिनु र तिनको मासु खानु जस्तो अक्षम्य अपराध अर्को हुन सक्तैन :

कालका मुखमा आफू, परेको याद छैन है ।
बोकाका काल बन्दैछौ, बदला तिर्नु पर्छ है ।।७१।।
सोझो र साधु बोकाको, अगाडि फुर्ति गर्दछौ ।
भालु, गोमन, अर्नाको, सिंहको बलि देउ लौ ।।७२।।

संस्कृतिको नाममा चलेका कुरीति र दुराचारप्रति कविको तीव्र विरोध छ । संस्कृति भनेको त राम्रो काम हो । कसैलाई पनि मार्नु राम्रो काम हुन सक्तैन । त्यो त निर्विवाद रूपमा निन्दनीय काम हो । त्यस्ता क्रियाकलापप्रति जति धारे हात लगाए पनि कम हुन्छः

जिब्राका स्वादले गर्दा, नाना नाटक रच्दछौ ।
दुहाई संस्कृति भन्दै, रक्तपात रुचाउँछौ ।।७३।।
मार्नु संस्कृतिमा छैन, धर्ममा, शास्त्रमा पनि ।
निर्धो मार्नु र खानु ता, धर्म, संस्कृति हैन नि ।।७४।।

बलि दिनका लागि तयार पारिएको बोकाको अवस्था कस्तो हुन्छ भन्ने कुरा आफैले भोग्ने हो भने थाहा हुन्छ । बाँच्न त जसले पनि चाहन्छ । आफू बाँच्न चाहनेले अरूले पनि बाँच्न चाहेको हुन्छ भन्ने यथार्थ नबुझ्नु लाज मर्दो कुरा हो । अलिकति पनि दया र करुणा मनमा नराखी दाजु बनेको मान्छेले साख्खै भाइ समानका प्राणीलाई मार्नु जस्तो पाप अर्को केही हुन सक्तैन :

सिङ उम्रन पाएको, पनि छैन कठैबरी ।
'आमा ! गर दया' भन्छ रुन्छ बेसरी धर्धरी ।।९६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलिन्द्र आँसुका धारा, आँखाबाट खसाउँदै ।
म्याँ म्याँ कराउँदै रुन्छ, कठै नि भक्भकाउँदै ।।९७।।

आफूलाई अलिकति मात्र अप्ठेरो पर्दा संघर्ष, विद्रोह, क्रान्ति गर्ने र पीडाबाट मुक्त हुन खोज्ने मान्छेको मानसिकता अरूलाई गारो पर्दा किन ठेगानमा आउँदैन भनी कवि प्रश्न गर्दछन् :

भाषा छैन कठै बाबा, नत्र भाषण गर्दथ्यो ।
हतियार कठै छैन, नत्र कत्तल गर्दथ्यो ।।९८।।
छोराको रक्तको धारा, आमाका मुखमा परे ।
कालीका भक्त ठान्ने रे 'म ता वैतरणी तरें' ।।१३३।।

कुनै पनि शास्त्र, धर्म, संस्कृति, सम्प्रदाय, पद्धति र परम्परामा प्राणीको बलि दिनु पर्ने विधान पाइँदैन । मान्छेले देवीदेवताको पूजाका नाममा प्राणीको बलि दिने चलन आफ्नै भुँडी भर्ने उद्देश्यले चलाएको हो । यसलाई उचित मान्न सकिँदेन किनभने कुनै पनि प्राणीलाई मारेर ईश्वर खुसी हुँदैनन् । सात्त्विक पूजा नै सही अर्थमा पूजा हो :

बत्ती, ब्राह्मण, अग्निलाइ कहिल्यै, मांसादिले पूजन ।
गर्नुहुन्न त लौ गऱ्यो यदि भने, मांसादिको भक्षण ।।
ठूलो पाप गऱ्यो अवश्य त्यसले, भोग्नै त पर्ने भयो
त्यस्तो वेद निषिद्ध कर्म नगरे, डग्नै नपर्ने भयो ।।१८१।।
पुर्खालाइ मुछेर मासु लुछने, तिम्रो ठुलो कामना ।
'देवीका मनका कुरा सब बुझें', भन्छौ यही वञ्चना ।
कत्रो ब्रह्म विचारने मगज ता, बोके र च्याँग्रे अरे ।
साँच्चे नै बगरे मिजास गरने, ती कालिका भक्त रे ।।२२९।।

बोका काट्नाले धर्म हुने भए बगरे सबभन्दा ठुला धार्मिक हुने थिए । अचम्भको चलन त त्यहाँ देखिन्छ जहाँ मुसो र बिरालोले भान्सा छोए जुठो हुन्छ तर बोकाको मासु पकाए चोखो मानिन्छ । तर्कहीन, विचारहीन, आधारहीन कुरा गरेर आफू मूर्ख बन्ने र आफूपछिका पुस्तालाई पनि मूर्ख बनाउने काम समाजमा सयौं वर्षदेखि चल्दै आएको छ :

बोका, खसी र च्याँग्रादि, बिरालो पनि हैन रे ।
मुसोसम्म पुगे भान्सा, छोइयो अपवित्र रे ।।२६४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काटियो जब त्यो बोको, पुण्यात्मा भो ! पवित्र भो !
भान्सामा उक्लियो मासु, के यो वैदिक धर्म हो ?? २६५??

देवताहरू पूजाका विवरणभन्दा पनि मानसिक पवित्रता रुचाउँछन् । मन र व्यवहार चोखो भएको व्यक्तिले केही नचढाएर भावनले मात्र भक्ति गऱ्यो भने पनि ईश्वर प्रसन्न हुन्छन् । त्यति सजिलो आराधनाबाट खुसी पार्न सकिने बाटो छँदाछँदै हुँदै नभएका विधि जोडेर बलि दिने चलन चलाउनु भनेको विवेक गुमाएर विचारशून्य अवस्थामा पुग्नु हो । कसैलाई मारेर शान्ति र प्रसन्नता प्राप्त गर्न सकिँदैन । शान्ति खोज्ने हो भने मनमा, व्यवहारमा, घरमा, वनमा, भित्र, बाहिर जताततै शान्त वातावरण बनाउनु आवश्यक हुन्छ । त्यसका लागि त सबैसित भ्रातृत्व भाव कायं गर्नु जरुरी हुन्छ :

आजको सृष्टिको नारा, विश्व व्यापक घन्कियो ।
शान्ति ! सर्वत्र शान्ति रे ! शान्तिको चाह देखियो ।।२७१।।
अवश्य शान्ति पाइन्छ, घरमा मनमा पनि ।
मासु, रगतका लोभी, नहुन् कोही, कहीं पनि ।।२७२।।

संसारमा सबभन्दा ठुलो खराबी भनेको अज्ञान नै हो । अलिकति पनि तर्क नगरी जसले जे भन्यो त्यसकै पछि लाग्नाले अनेक थरी विकृति जन्मन्छन् । बलि प्रथा त्यसको एउटा उदाहरण हो । आफू सुरक्षित बन्न खोज्नेले अर्काको सुरक्षाको पनि ख्याल गर्नु पर्दछ । धर्म गर्ने धारणा राख्नेले सही धर्मको विचार गर्नु पर्दछ । संस्कृतिको अनुयायी बन्न चाहनेले सत्कार्यको संस्कृतिलाई बिर्सनु हुँदैन । ईश्वरको भक्ति गर्न चाहनेले भक्ति मार्गको सार बुझ्नु आवश्यक हुन्छ :

सोझा शोषित रे कठै ! बलि हुने, ती भक्ष्य रे ! भोग्य रे !
कस्तो प्राकृत न्याय हो ! जननि लौ निर्धा बरा ता मरे !
दुर्गाका निहुँमा बगे रगतका, खोला हरे ! धर्म रे !
यस्तै नै थिति रे ! चल्यो चलन रे ! शास्त्रीय ता हैन रे ।।३००।।

सोझासादा जन समुदायलाई भ्रममा पारेर आफ्नो धर्मप्रति आकर्षित गर्ने उद्देश्यले आज विधर्मीहरूले सनातन परम्पराका खराबी औंल्याउने क्रममा बलि दिने चलनको कुरा पनि अघि सार्दछन् । वास्तवमा यस्तो चलन रूढि र अन्धविश्वास हो । यो सनातनीहरूको पुरानो चलन होइन । यस्तो गलत प्रथा समाजबाट तुरुन्त हट्नु पर्दछ । हुँदै नभएको प्रथा धर्म र संस्कृतिमा जोड्नु र त्यसलाई परम्परा बनाउनु सुहाउने काम होइन । त्यसैले यस्ता चलनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्य तत्काल हुनु पर्दछ र धर्म र संस्कृतिको विशाल वटवृक्षमा पलाएका ऐंजेरू तुरुन्त हटाउनु पर्दछ । बढ्दै गयो भने त्यस्तो ऐंजेरूले मूल वृक्षलाई नै सुकाउन सक्तछ । कवि यिनै मूलभूत सन्देशमा केन्द्रित रहेर यस काव्यको रचनामा एकोहोरिएर लागेका देखिन्छन् । समष्टिमा भन्ने हो भने बलि प्रथाप्रति कविको घोर आपत्ति रहेको छ ।

२०७१ सालमा यस पुस्तकलाई खण्डकाव्यका रूपमा परिवर्तन परिवर्द्धन गर्नका साथै पर्याप्त मात्रामा व्यवस्थित गरी पुनः प्रकाशमा ल्याउने काम प्रा. रिसालले गरेका छन् । शंकर पौडेलको आवरण सज्जा र शान्ता के.सी. को आर्थिक सहयोगमा स्वाध्याय परिवार जावलाखेलले यो पुस्तक प्रकाशित गरेको हो । भगवती दुर्गाको रङ्गीन चित्र अंकित आवरणको माथिल्लो भागमा **दुर्गापूजा र बलिको रहस्य** तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम प्रस्तुत कृतिमा राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण दिइएको छ । पितामातामा समर्पण गरिएको यस पुस्तकमा **शब्दले पनि पूजा हुन्छ** भन्ने शीर्षकमा लेखकीय भूमिका राखिएको छ । यस काव्यमा भगवती दुर्गाका नौ वटा नामलाई आधार बनाएर प्रथम पुष्प, द्वितीय पुष्पको क्रममा नौ वटा पुष्पका नौ वटा शृंखला दिइएको छ । प्रथम पुष्पलाई **मंगलाचरण**, द्वितीय पुष्पलाई **दुर्गापूजा र सामग्री**, तृतीय पुष्पलाई **मनुष्यको पुकार**, चतुर्थ पुष्पलाई **दुर्गाको महिमा**, पञ्चम पुष्पलाई **बलिको रहस्य**, षष्ठ पुष्पलाई **पशुको पुकार**, सप्तम पुष्पलाई **अहिंसात्मक सन्देश**, अष्टम पुष्पलाई **बलिनिषेधात्मक पूजा** र नवम पुष्पलाई **दुर्गा र बलि** नाम दिइएको छ । प्रत्येक शृंखलाका सुरुमा गुलाफको फुलको चित्र र अन्त्यमा क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री भगवतीका चित्र श्यामश्वेत रंगमा यस कृतिमा प्रस्तुत गरिएको छ । यसको पहिलो शंखलामा २०, दोस्रोमा ४१, तेस्रोमा ४९, चौथोमा ५५, पाँचौंमा ८१, छैटौंमा २८, सातौंमा ९५, आठौंमा ५१ र नवौंमा ५७ गरी जम्मा ४७७ श्लोक राखिएको छ ।

पहिलेको काव्यमा १६९ श्लोक थप गरिएको र पहिलेकै कतिपय श्लोकलाई परिमार्जन पनि यसमा गरिएको छ । शास्त्रीय छन्दमा रचना गरिएको यस काव्यमा अनुष्टुप छन्दलाई अधिक महत्त्व दिइएको छ । प्रसङ्गलाई उपशीर्षकमा राख्ने, ठाउँ ठाउँमा छन्द परिवर्तन गर्ने, वर्ण्य विषयलाई प्रभावकारी भाव र शैलीमा व्यक्त गर्ने, पशुबलिको अर्थ मान्छेभित्रका खराबीको अन्त्य गर्नु हो भन्ने कुरा बताउने, बलि प्रथा सर्वथा त्याज्य कर्म हो भन्ने र यो काम अविवेकपूर्ण र अशोभनीय हो भन्ने विचारलाई महत्त्व दिने प्रयत्न काव्यकारले यस रचनामा गरेका छन् ।

मान्छे मारेर प्रगति हुन्छ भन्नु र पशु मारेर धर्म हुन्छ भन्नु उस्तै-उस्तै हो, कलियुगमा यी दुवै न त शुभकर्म हुन् न त धर्म नै भन्ने विचार व्यक्त गर्दै रचनाकारले यस काव्यमा बलि प्रथा निन्द्य कर्म हो, पाप हो, आपत्तिजनक क्रियाकलाप हो, नसुहाउने र गर्न नहुने काम हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेका छन् । यस्तो कृत्य मान्छेले गर्नु हुँदैन र यो चलन तुरुन्त समाप्त हुनु पर्दछ भन्ने धारणा पनि रचनाकारले यसमा राखेका छन् । पूजा गर्नु सात्त्विक कर्म भएकोले पूजाको सामग्री पनि सात्त्विक नै हुनु पर्दछ भन्ने मान्यता काव्यकारले यस पुस्तकमा प्रस्तुत गरेका छन् :

आमाको यो शब्दपुष्पाञ्जलीले ।
पूजा गर्ने भोक यो भित्र जाग्यो ।।
पूजा ता होस् शुद्ध आत्मीय खाले ।
कामी क्रोधी चित्तको वृत्ति भाग्यो ।। (प्रथम पुष्प, २०) ।

धर्मका नाममा कुनै पनि प्राणीको हत्या गर्ने काम अन्धविश्वास हो, रूढि हो, आडम्बर हो र अज्ञान हो । यस्तो काम गरेर देवता खुसी हुँदैनन् । आफ्नै सन्तानको हत्या गरेर प्रसन्न हुने प्रवृत्ति कहीं कतै देखिँदेन । सारा प्राणी जसका सन्तान हुन् तिनलाई रिझाउन तिनकै सन्तानको घाँटी काट्ने सोच कुनै पनि अर्थमा उचित हुन सक्तैन । त्यसैले काव्यकार पूजामा पशु बलि दिने चलन अविलम्ब अन्त्य हुनु पर्दछ भन्दछन् :

देऊ दृष्टि समष्टिमा त जननी ! निर्धा, सिधा सन्तति ।
लाखौं-लाख मरे, प्रसन्न जननी हुन्छिन् अरे ! संस्कृति ??
तिम्रै घोर घृणा गरे सरि भयो त्यो चित्त मार्नैतिर ।
लागेको छ, सुधार गर्नु परिगो, सत्कर्म, धर्मै छर ।। (द्वितीय पुष्प, २९) ।

मर्न त कोही पनि चाहँदैन । ज्यान जसलाई पनि प्यारो हुन्छ । आफू बाँच्न चाहने तर अरूलाई चाहिँ मार्ने सोच कसरी राम्रो हुन सक्तछ ? मान्छेलाई विवेकशील प्राणी भनिन्छ तर बलि दिंदा त्यही मानिस आफूभित्रको विवेकको प्रयोग किन गर्दैन ? मनुष्य जाति क्रूर, निर्दयी र अन्याय त हुँदै हो यो मूर्ख र विवेकहीन पनि बन्नु भनेको दुर्भाग्य हो :

कोही छैनन् त्रिभुवन कतै मर्नलाई तयार ।
धेरै नै छन् घर-घर हरे मार्नलाई तयार ।।
मुक्तात्मा छन् सरल मनका तार्नलाई तयार ।
कोही छैनन् समर मनका हार्नलाई तयार ।। (तृतीय पुष्प, ३०) ।

निरीह र कमजोर प्राणीको हत्या गरेर खुसी मनाउने प्रवृत्तिलाई उचित ठान्न कुनै पनि तर्कले दिँदैन । मनुष्यले त यस्तो काम गर्नै हुँदैन । ईश्वरबाट सृष्टिको संरक्षक बन्ने सामर्थ्य पाए बापत सृष्टिकै संरचना भत्काउन र सिर्जना समाप्त गर्न थालियो भने कसरी संसारमा शान्ति छाउँछ ? शान्ति कायम गर्नका लागि शान्त हुनु जरुरी छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रगत्का धाराले उभय पथ नै कण्टकमय ।
भयो बोके मार्दा किन त नदिने दान अभय ?
जबर्जस्ती गर्दै रगतमय पार्ने चलन रे ।
कठै आमा रोइन् ! धुरु ! धुरु ! हरे ! छोड अब रे ।। (चतुर्थ पुष्प, ५५) ।

शास्त्रमा कसैको ज्यान लिएर धर्म हुने कुरा कहीं कतै बताइएको छैन । अशास्त्रीय काम गरेर शास्त्रीय मान्यता प्रस्तुत गर्नु सुहाउने काम होइन । शास्त्रले लोकमा अनुशासन, संयम, शान्ति, प्रेम, मित्रता, सहयोग, विश्वास जस्ता सद्भाव कायम गर्ने बाटो बताएको छ तर त्यसलाई आधार बनाएर गलत कामलाई सही तुल्याउने प्रयत्न मान्छेले गर्दै आएको छ । त्यस कुराको प्रत्यक्ष प्रमाण बलि प्रथा हो :

आमाले दृष्टि पक्का, मकन जब दिइन् ज्ञान आजै उदायो ।
पूजाको मर्म के हो ? क्रम, विधि कसरी ? शास्त्रको सार आयो ।।
बोको मार्ने प्रथा यो, जड, विचलन हो, धर्म, शास्त्रीय हैन ।
स्वार्थी, संसार भोगी ! नियत सब बुझौं, रक्तमा शान्ति छैन ।। (पञ्चम पुष्प, ६२) ।

समस्त प्राणी ईश्वरका सन्तान हुन् । तिनको रक्षा र पूर्ण जीवन जहाँ हुन्छ त्यहाँ ईश्वर प्रसन्न हुन्छन् । आफ्ना सन्तानलाई कहीं पनि कुनै पनि दृष्टिबाट पीडा भएको देख्न सुन्न ईश्वर चाहँदैनन् । यो कुरा अन्य प्राणीले भन्दा मनुष्यले बुझ्नु आवश्यक छ :

आमाका जति सन्तान, प्राणी सारा समान हुन् ।
बाँच्ने हक सबैको छ, मार्ने दानव, दुष्ट हुन् ।। (षष्ठ पुष्प, ७३) ।

अचानोको पीडा बन्चरोलाई थाहा हुँदैन भन्ने उखान नेपाली समाजमा प्रचलित छ । बलिमा चढाइने प्राणीको घाँटी रेट्दा हुने अनुभूति बलि दिनेलाई भई दिएको भए पनि बलि दिने चलनमा कमी आउने थियो भन्ने कल्पना कवि गर्दछन् । पीडकलाई पीडितले भोग्ने अवस्थाको बोध हुनु आवश्यक छ भन्ने सन्देश पनि काव्यकार प्रवाह गर्दछन् :

संसार हिंसारहितै भएमा ।
लाखौं, करोडौं पनि जीव बाँच्थे ।
प्राणी हितैमा मन यो गएमा ।
हर्षोत्सवैले सब जीव नाच्थे ।। (सप्तम पुष्प, २५) ।

भगवद्भक्ति, इष्ट देवताको पूजा अर्चना, परम्पराको अनुसरण, पुर्ख्यौली चलन, संकट मुक्तिका निमित्त गरिएको भाकल बमोजिमका उपचार, देवाली अथवा अन्य कुनै पनि बहानामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलि दिनु भनेको अबोध र कमजोर प्राणीको हिंसा गरेर मासु खाने उपायको खोजी गर्नु हो । जुनसुकै बहानामा भए पनि हिंसा भनेको पाप हो र कुकर्म हो । मान्छेले यसबाट मुक्त हुनु जरुरी छ । मान्छेका निमित्त यो सुहाउने काम होइन :

पुर्खालाई मुछेर मासु लुछने, तिम्रो ठुलो कामना ।
'देवीका मनका कुरा सब बुझें', भन्छौ यही वञ्चना ।।
कत्रो ब्रह्म विचारने मगज ता, च्याङ्ग्रे र बोके भरे ।
साँच्चै नै बगरे निसाफ गरने, ती कालिका-भक्त रे ।। (अष्टम पुष्प, ७३) ।

सारा प्राणीमा ईश्वरको निवास हुन्छ । कसैलाई पनि दुःखकष्ट भयो भने ईश्वर दुःखी हुन्छन् । **अयमात्मा ब्रह्म** अर्थात् यो आत्मा नै ब्रह्म हो भन्ने वैदिक मन्त्रको व्याख्या गर्ने मनुष्य जातिले कसैलाई पनि बलि दिनु सुहाउने कुरा होइन । आफू बाँच्न चाहनेले अरूलाई पनि बाँच्न दिनु पर्दछ :

तिम्रो बाँचने हक यदि भए जीव सारा बचाऊ ।
खाऊ लाऊ सुख सयलमा जीव आफ्नै बनाऊ ।।
दुर्गा, देवी मन, वचनले पूज सर्वात्म भाव ।
ज्ञानी बन्छौं शरण शिव परे फालिहालौं कुभाव ।। (नवम पुष्प, १०) ।

प्रा. रिसाल मनभित्रका भावना व्यक्त गरी काव्य रचना गर्नमा मात्र नभएर व्यवहारमा पनि शाकाहारी देखिन्छन् । चाडबाड मनाउने, देवताको पूजा गर्ने, परम्पराको अनुसरण गर्ने लगायतका जति पनि बहाना बलि दिने क्रममा प्रस्तुत गरिन्छन् ती सबै मूर्खता, अज्ञान, अन्धविश्वास, रूढि, आडम्बर, क्रूरता, अविवेक र अन्यायका नमुना हुन् भन्ने स्पष्ट विचार यसमा कवि व्यक्त गर्दछन् । बलि प्रथाको समाप्ति आजको आवश्यकता हो भन्ने बारे विभिन्न सभा समारोहमा जसरी पर्याप्त तर्क तथा आधार प्रस्तुत गरेर प्रा. रिसाल प्रवचन दिन्छन् त्यसै गरी प्रस्तुत काव्यका माध्यमबाट पनि यिनले उक्त प्रथाको समाप्तिको माग सशक्त रूपमा समस्त मानव समुदायमा गरेका छन् । चेतनामूलक सन्देश बोकेको उत्तम दर्जाको काव्य यो हो ।

४.२.८ श्रीराम-नाम

श्रीराम-नाम (अध्यात्म काव्य) प्रा. शिवगोपाल रिसालको सातौं प्रकाशित कृति हो । यो नेपाली भाषाको नौलो ढङ्गको रामायण हो । भगवान् रामलाई नायक बनाई यो काव्य सिर्जिएको छ । पर्याप्त व्यस्त रहे पनि सकेसम्म समय उबारी २०४५ को घटस्थापनाको दिनदेखि २०४७ लक्ष्मीपूजाको दिनसम्म गरी लगभग दुई वर्षको अवधिमा यस कृतिको रचना गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा सात वटा काण्डहरू छन् । **मङ्गलाचरण** सहित **श्रीराम-नाम महिमा** शीर्षकको प्रथम काण्डमा ६०, **श्रीरामको व्यापकता** शीर्षकको द्वितीय काण्डमा ५९, **श्रीराम प्राप्ति** शीर्षकको तृतीय काण्डमा ६०, **श्रीराम राज्य** शीर्षकको चतुर्थ काण्डमा ५९, **श्रीराम : नेपाल र नेपालीका साथमा** शीर्षकको पञ्चम काण्डमा ५२, **श्रीरामायण स र र** शीर्षकको षष्ठ काण्डमा ५७ र **श्रीराममा अन्तिम शरणागति र ब्रह्मात्मबोध** शीर्षकको सप्तम काण्डमा ६१ गरी शास्त्रीय छन्दका जम्मा ४०८ वटा श्लोकको विस्तारमा यस काव्यको सिर्जना गरिएको छ ।

सेतो रङ्गको सादा गाताको बिचमा राखिएको गोलाकार ज्योतिर्मय सूर्यको जस्तो रेखाचित्रका मध्य भागमा रातो मसीले ॐ र त्यसको माथिल्लो भागमा निलो मसीले पुस्तकको नाम *श्रीराम-नाम* (अध्यात्म-काव्य) र मुनि निलै मसीले रचनाकार शिवगोपाल रिसालको नाम दिइएको डिमाईभन्दा सानो आकारको यस पुस्तकको गाताको पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको चित्र सहितको परिचय प्रस्तुत गरिएको छ । गाताको भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन् । त्यसपछिको पहिलो पृष्ठमा पुस्तक र रचनाकारको नाम दिइएको छ । त्यस पृष्ठको पछाडि लेखकको नाम र ठेगाना, पुस्तकको प्रकाशक, प्रकाशन मिति, प्रकाशित संख्या, सर्वाधिकारको संकेत, संस्करण, लेखन आरम्भ र अन्त्य गरिएको मिति, मूल्य तथा मुद्रकको नाम र ठेगाना समेतका कुरा समेटी पुस्तकको परिचय दिइएको छ । त्यसपछिको पृष्ठमा रचनाकारले आफ्ना पितामातामा कृति समर्पण गरिएको कुरा राखिएको छ र त्यसको पछाडिको पृष्ठ खाली छोडिएको छ । त्यसपछि लगभग दुई पृष्ठमा सत्सङ्ग परिवारका अध्यक्ष हरिप्रसाद पौडेलको प्रकाशकीय मन्तव्य प्रस्तुत गरिएको छ । विषय सूचीलाई त्यस पछाडिको पृष्ठमा राखी त्यसको अर्का पट्टि अनुष्टुप छन्दका चार वटा श्लोकमा जगन्नाथ त्रिपाठीको शुभकामना दिइएको छ । यी सबै अनुक्रम पार गरेपछि मात्र यस कृतिको वर्ण्य विषयको थालनी भएको छ । सत्संग परिवार जावलाखेलले यसलाई प्रकाशनमा ल्याएको हो ।

सनातन परम्पराका शैव, शाक्त, वैष्णव, सौर्य आदि जुनसुकै सम्प्रदायको अनुसरण गरे पनि भगवान् रामको नाम संकीर्तनबाट भक्तिभाव प्रकट गर्ने प्रवृत्ति सबैमा रहेको पाइन्छ । शिव मार्गका ठाउँमा शक्ति मार्ग, शक्ति मार्गका ठाउँमा विष्णु मार्ग र विष्णु मार्गका ठाउँमा सूर्य मार्गको अपेक्षा गरिए पनि राम मार्ग चाहिँ सबैका निम्ति ग्राह्य हुनु भगवान् रामको चरित्रकै विशेषता हो । मर्यादा र आदर्शको नमुनाका निम्ति कुनै पनि ईश्वरीय चरित्र कम छैन तर तिनमा पनि सर्वोच्च पद प्राप्त गरेका भगवान् शङ्करले समेत देवी पार्वतीलाई श्री रामको कथा चारित्रिक उच्चता तथा पाप नाश गर्ने उपायका सन्दर्भमा विशेष महत्त्व दिएर सुनाउनु भनेको यस नामको महत्ता र उपादेयताको प्रमाण हो । भगवान् शंकरका साथै वाल्मीकि, व्यास, भास, कालिदास,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुलसीदास, भानुभक्त समेतका अनेकौंले गाएको रामनाम कवि प्रा. शिवगोपाल रिसालले नौलो तरिकाले यस काव्यमा गाएका छन् ।

आत्माका रूपमा रहेका भगवान् रामका साथै गणेश, सूर्य, शिव, सिद्धि, भगवती दुर्गा, लक्ष्मी, सरस्वती, विभिन्न अवतारधारी विष्णु, हनुमान्, ब्रह्मा, गुरु आदिको स्तुति गरेर यो काव्य थालिएको छ । रामको नाम जप्नाले अज्ञानरूपी अन्धकार हट्ने, वासनाको समाप्ति हुने, तत्त्वबोध हुने, चित्त शुद्ध बन्ने, अनादि कालको पाप नासिन र आनन्द पाइने हुनाले ज्ञानीहरू यो नाम सधैं जप्दछन् । विद्यार्थीले राम नामको जप सहित अध्ययन गरेमा ज्ञान खुल्ने, शिक्षक, कर्मचारी, न्याय कर्मी, उद्योगी, व्यापारी, कृषक, नेता, रक्षक, सैनिक जसले पनि रामको नाम सम्झेर कर्तव्य पालन गरेमा सफलता पाउने कुरा यसमा बताइएको छ :

भक्तिमा, ज्ञानमा राम, दृष्टान्त शुभकर्ममा ।
रामको नाम सर्वोच्च, प्रजापालन धर्ममा ।।४९।। (प्रथम काण्ड) ।
रामको तुलना छैन, दया, दमन, दानमा ।
एकनास सदाकाल, मानमा अपमानमा ।।५०।। (प्रथम काण्ड) ।

रामको नाम जप्नु भनेको अर्थ नबुझी राम राम मात्र भन्नु होइन । भगवान् रामले जीवनमा आदर्श राजा, आदर्श नागरिक, आदर्श बाबु, आदर्श छोरा, आदर्श दाइ, आदर्श पति आदर्श जेठाजु, आदर्श शिष्य, आदर्श नातेदार आदि आदर्श नै आदर्शको चरित्र जसरी कायं गरे त्यसै गरी जीवनलाई आदर्शयुक्त बनाउनु पर्दछ भन्नु नै यसको सन्देश हो । यसको अर्को तात्पर्य के हो भने आदर्श बिनाको जीवन उच्च बन्न सक्तैन । जे व्यवसाय गरे पनि आदर्श व्यवहारमा रहेर काम गरेमा अवश्य नै सुख, सन्तोष र आनन्द प्राप्त हुन्छ । सफल हुनु भनेको पनि यिनै कुरा पाउनु हो । त्यसैले बालकदेखि वृद्धसम्मका सबै उमेर समूहका नरनारीहरूले रामको नाम जप्नु पर्दछ अर्थात् रामको जस्तो चरित्र बनाउनु पर्दछ । सच्चरित्रता सबभन्दा ठुलो धन हो । यो कमाउन ज्यादै गारो हुन्छ तापनि यस कमाइबाट हुने सन्तुष्टि अन्य कुनै कमाइबाट हुँदैन । राम नामको अर्थ पनि यही हो :

बुढेस कालमा एकै, आधार राम मात्र हुन् ।
मृत्युको डर नै छैन, जो राम भर पर्दछन् ।।५६।। (प्रथम काण्ड) ।

पुण्य कमाउनका लागि तीर्थ, व्रत, दान, धर्म लगायतका अनेक थरी काम गरिन्छ । अवश्य पनि त्यस प्रकारका काम सत्कर्म हुन् तर ती सबै कृत्यमा चारित्रिक शुद्धता चाहिँ चाहिन्छ । चरित्र पवित्र भएन, मन मैलो भयो, धन कालो भयो, व्यवहार आडम्बरी बन्यो, बोलीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूषण मिसियो, भनाइ र गराइमा भिन्नता आयो भने रामको नाम जपेर गर्न खोजको काम पूर्ण बन्दैन । कथं कदाचित् त्यस्तो काम पूर्ण भई हाल्यो भने पनि त्यसले फल चाहिँ राम्रो दिँदैन । त्यसैले रामको नाम जपेको नाताले जति दुराचार गर्न पनि छुट पाइने भन्ने कुरा सत्य होइन :

जनता, समता, न्याय, नीति, कर्तव्य धर्म हो ।
अनुशासन, आचार, रामको कर्म मर्म हो ।।५९।। (प्रथम काण्ड) ।
श्रीरामको नाम जपी-जपीकन ।
श्रीराममा जीवन नै समर्पण ।।
अशुद्ध यो चित्त विशुद्ध पार है ।
संसारको सागर पार तार है ।।६०।। (प्रथम काण्ड) ।

भगवान् राम जतातत्तै व्याप्त छन् । व्यापक हुनु भनेको फैलनु हो । जीवन र जगत्का जति पनि फाँटहरू छन् । ती सबैमा रामको उपस्थिति रहेको मानिन्छ र रामबाट नै सारा कार्यहरू निर्दिष्ट हुने कुरामा विश्वास गरिन्छ । यसको अर्थ के हो भने जहाँ पनि रामको आदर्श बोकेर व्यवहार गरिनु पर्दछ । रामलाई बिर्सनासाथ विराम हुन्छ । विराम हुनु भनेको गल्ती हुनु हो र गर्न नहुने काम गर्नु हो । त्यसो भयो भने समाजको शान्ति, परिवारको स्नेह, व्यक्तिको स्वतन्त्रता र मानवीय जीवनको संरचना खल्बलिन्छ :

कर्ममा, भक्तिमा राम, सर्वत्र राम मङ्गल ।
अन्त्यमा रामकै नाम, घर वा घाट जङ्गल ।।१४।। (द्वितीय काण्ड) ।
पढाऊ, पढ वा जे जे, गर्दछौ जिन्दगीभर ।
रामकै नामको माला, घुमोस् नित्य निरन्तर ।।१५।। (द्वितीय काण्ड) ।

जति दिन र जति छिन बाँचे पनि रामको नाम जपेर समय बिताउनु राम्रो हो । प्रयास गरियो भने भगवान् रामलाई पाउन सकिन्छ । त्यो पाउनु भनेको सबै प्राणीमा प्रेम गर्नु र एक अर्का जीवका बिच मितेरी लगाउनु हो । श्री रामले बाँदरका राजा सुग्रीवसित मितेरी लगाएको र देवी सीताको खोजीमा बाँदरहरूले सहयोग गरेको कथा यसको प्रमाण हो । श्री रामलाई पाउनको अर्थ तत्त्व ज्ञान प्राप्त गर्नु पनि हो । ठुलाठुला तपस्वीहरूले लामो समय ध्यान र समाधि लगाएर प्राप्त गर्ने सिद्धि पनि श्रीरामकै सान्निध्य प्राप्ति हो । राममय बन्नु नै सही अर्थमा तत्त्व ज्ञान हो:

रामलीला, कथा, ध्यान, चुर्लुम्म राममा भए ।
समाधि, राममा योग, सम्पूर्ण वासना गए ।।४३।। (तृतीय काण्ड) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाउ राम आफूमा, किंवा आफू त राममा ।
भक्तिको यो पराकाष्टा, पुगिन्छ अब ज्ञानमा ।।४४।। (तृतीय काण्ड) ।

रामराज्यको उखान र बखान जतातत्तै प्रसिद्ध रहेको पाइन्छ । रामको राज्य भनेको देशमा कसैले पनि दुःखकष्ट नपाउनु, अन्याय अत्याचार नहुनु, विषाद र विरोध नहुनु, वैरभाव नपाइनु, सर्वत्र शान्ति छाउनु, गरिबी र अभाव कहीं नरहनु, सेना र वकिलको आवश्यकता नरहनु, सबै सुखी र खुसी हुनु, सत्य नै सत्यको व्यवहार हुनु, धर्माचरण हुनु, पक्षपात नहुनु, सेवा र त्यागमा रमाउनु, दान लिने व्यक्ति नपाइनु जस्ता कुराको योग हो :

त्यागीका, तपसी, राम, तपस्या, त्याग नै तिमी ।
सबका सब हौ राम ! सर्वत्र तिमी नै तिमी ।।५२।। (चतुर्थ काण्ड) ।
राम्राका राम सौन्दर्य, गुणीका गुण राम हुन् ।
ज्ञानीका ज्ञान हौ राम ! साझा सर्वस्व राम हुन् ।।५३।। (चतुर्थ काण्ड) ।

श्री राम नेपाल र नेपालीका साथमा रहने चरित्र हुन् । उनकी पत्नी सीता नेपालकी छोरी भएको नाताले मात्र होइन उनको प्रकृति र प्रवृत्तिका अनुयायीहरूको बस्ती भएको ठाउँ भएकोले नेपाल र नेपालीमा उनी प्रिय पात्र बनेका हुन् । जहाँ भक्तहरू बस्दछन्, गाउँछन्, रमाउँछन् त्यहाँ राम प्रसन्न हुन्छन् । त्यसैले पनि उनी नेपाल र नेपालीलाई आफ्नो हृदयमा टाँस्न चाहन्छन् । नेपाली आहान, बोली र व्यवहारमा राम निकै भिजेका छन् । *मुखमा राम राम बगलीमा छुरा, भिरबाट खस्न लागेको गोरुलाई राम राम भन्न सकिन्छ काँध थाप्न सकिन्न, चाडबाडको राम रमिता, प्राण छुट्ने वेलामा राम जप्नू* भन्ने उखानलाई यस कुराको नमुनाका रूपमा प्रस्तुत गर्न सकिन्छ । ज्यादै प्रिय चरित्र भएकै हुनाले सबै जाति, क्षेत्र, समुदाय, धर्म, सम्प्रदाय र वर्गका नेपालीहरूको नाममा सुरुमा वा बिचमा अथवा अन्त्यमा राम जोडिएको हुन्छ । अझ फलफुल र सागतरकारी पनि रामकै नामबाट पुकारिनु नेपालीपनको विशेषता हो :

भिजेका राम हाम्रामा, नजिकै छन् यतैतिर ।
गाउँ, घर र पाखामा, भाखामा भाव-मन्दिर ।।३१।। (पञ्चम काण्ड) ।
'भिँडामा रामको' नाम, 'तोरियाँ पनि राम' रे ।
कस्तो 'रस मिठो राम', साधु, सन्त प्रसन्न रे ।।३३।। (पञ्चम काण्ड) ।

रामायणको कथाको मर्म बुझेर राममा चित्त एकाग्र गर्न सक्यो भने जीवन सफल हुन्छ । कथा पढेर मात्र जीवन सफल हुने सोझो अर्थ यसको होइन । जीवनमा व्यक्तिले अनेकौं कथा पढेको हुन्छ र अनेकौं व्यथा भोगेको हुन्छ तर उल्लेख्य सफलता पाएको हुँदैन । रामको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथाले मात्र त्यस्तो अद्‌भुत परिणम कसरी ल्याउन सक्तछ भन्ने प्रश्न मनमा स्वाभाविक रूपमा उत्पन्न हुन्छ । यसको आशय रामको कथा पढ्नु र निदाउनु होइन । रामको कथा पढ्ने, त्यसमा भनिएको भाव बुझ्ने, तदनुरूप आचरण गर्ने र राम जस्तै बन्ने प्रयास भयो भने जीवन सफल हुन्छ भनेको हो । जीवनलाई रामको जस्तो आदर्शमय बनाउन भनिएको कुरा यो हो । भित्री मनले रामको चरित्रप्रति श्रद्धा गर्नु र आफूलाई पनि त्यस्तै बानीबेहोरमा ढाल्नु नै राममा मन लगाउनु हो :

विश्व ब्रह्माण्डमा कोही, मन माग्दैन सज्जन ।
राम ता मनले पुग्ने, गरौं मन समर्पण ।।३७।। (षष्ठ काण्ड) ।
हिजो आज यतै राम, हिंड्दै छन् मन खोजमा ।
भेटिन्छन् मनमा राम, चढाए मन राममा ।।४४।। (षष्ठ काण्ड) ।

जीवनको लक्ष्य श्री रामलाई चिन्नु र उनमै आफूलाई समर्पण गर्नु हो । ईश्वरले मान्छेलाई मूलतः यही उद्देश्यले रचना गरेका हुन् तर मनुष्य भने रामतिर आकर्षित हुनको सट्टा विरामतिर आकर्षित हुन्छ । राम नामको सट्टा माम मामकै रटना लगाई ऊ जीवन बिताउँछ । कल्पना मात्र गरेर त केही हुँदैन । राममा आफूलाई पूर्ण रूपमा समाहित गर्न सक्यो भने पाउनु पर्ने बाँकी तत्त्व शेष रहँदैन । ज्ञानीहरूले बारम्बार यो कुरा सुनाउँछन् तर मान्छेको ध्यान यतातिर जाँदैन । रामलाई पाउने र राम नै कमाउने लक्ष्य न राखेसम्म मान्छेको कल्याण हुँदैन

जहाँ होस् । जहिले होस् । वा जेले होस् 'राम राम' होस् ।
प्रारब्ध पिण्ड यो गात्र, 'राम राम' भनी छुटोस् ।। ३७ ।। (सप्तम काण्ड) ।
चाहे योग, समाधि, याग, तप वा ध्यानादि, संकीर्तन ।
ज्ञानाभ्यास विराग, तीर्थ, जप वा पूजार्चना वन्दन ।।
जे होस्, होस्, जसरी, जहाँ, नियमले, श्रद्धा र शास्त्रीय होस् ।
आत्मा, राम ममा विभेद नहुने, ब्रह्मात्मको बोध होस् ।।६०।। (सप्तम काण्ड) ।

भगवान् रामको पुराकथालाई जे जसरी प्रस्तुत गरेर जे जति र जे जस्ता रामायण रचना गरिए पनि ती सबैले राम जस्तो बन्ने सन्देश नै प्रवाह गरेको पाइन्छ । यस कृतिले गर्न खोजेको काम र दिन चाहेको सन्देश पनि मूलतः त्यही हो । त्यसो हुँदाहुँदै पनि यसको भन्ने शैली चाहिं अरूको भन्दा भिन्न देखिन्छ । यसमा पनि रामायणमा जस्तै सात वटा काण्डको शृंखला निर्माण गरिएको छ । ती सबैमा भगवान् रामकै चर्चा गरिएको छ । बालकाण्डदेखि उत्तरकाण्डसम्मका चरणमा अरू रामायणमा श्री रामको जन्मदेखि व्यक्तित्व विकासको चरमसम्मका घटना जसरी तह लगाएर राखिएको पाइन्छ यसमा त्यस्तो पाइँदैन । यसमा श्री राम जन्मँदैनन् न त अश्वमेध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ नै गर्दछन् । यसमा त वैचारिक राम, गुणातीत राम, आदर्शमय राम, ब्रह्ममय राम, तत्त्वमय राम, सर्वात्ममय राम, ज्ञानमय राम, भावातीत राम, अनन्त राम र परमानन्द रामको चर्चा गरिएको छ । सुनको लङ्कामा बस्न नरुचाउने तर भक्तको मनरूपी फ्याँग्लो गुन्द्रीबाट उठ्न नमान्ने रामलाई यसमा सार्वजनिक गरिएको छ । यो रचनाकारको निजत्व मात्र नभएर काव्य कौशल पनि हो । एकोहोरो रट लगाएर कवि यसमा सर्वत्र राम जस्तै बन्न आग्रह गर्दछन् :

प्रबोध राममा देख्ने, प्रमोद पनि राममा ।
खोज्नेले जे पनि पाए, योग वा त्याग राममा ।।२१।। (पञ्चम काण्ड) ।

२०७१ कोजाग्रत पूर्णिमाका दिन लोकार्पित यस पुस्तकको परिवर्तित, परिवर्द्धित, परिमार्जित र समयानुकूल यथेष्ट मात्रामा व्यवस्थित दोस्रो संस्करणलाई महाकाव्यका रूपमा प्रस्तुत गरी **श्रीराम महाकाव्य** भनिएको छ । शंकर पौडेल र कमला थापाको आवरण सज्जा तथा प्राध्यापक सुशीला रेग्मीको आर्थिक सहयोगमा स्वाध्याय परिवार तफालोँह ललितपुरले यो पुस्तक प्रकाशित गरेको हो । भगवान् रामको रङ्गीन चित्र अंकित आवरणको माथिल्लो भागमा **श्रीराम महाकाव्य** तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम प्रस्तुत कृतिमा राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण दिइएको छ । पितामातामा समर्पण गरिएको यस पुस्तकमा **श्रीराम भेटिनुहुन्छ** भन्ने शीर्षकमा लेखकीय भूमिका राखिएको छ । त्यसमा भगवान् श्री रामको महिमा गानका साथै रामायणको महत्त्व दर्साउने काम भएको छ । त्यसपछि प्राध्यापक कोशलराज रेग्मीको रङ्गीन चित्र अंकित समर्पण पृष्ठ दिइएको छ । प्रकाशन कार्यमा आर्थिक सहयोग गर्ने प्राध्यापक सुशीला रेग्मीको **श्रीगुरवे नमः** भन्ने शीर्षकमा महत्त्वपूर्ण र मार्मिक भूमिका प्रस्तुत गरिएको छ । त्यसमा प्राध्यापक सुशीला रेग्मीले आफ्ना स्वर्गवासी पतिदेव प्राध्यापक कोशलराज रेग्मीका राजनीतिक, प्राज्ञिक, व्यावहारिक र सांस्कारिक पक्षका विविध पाटा समेटिएको व्यक्तित्वमाथि प्रकाश पारेकी छन् । साथै रचनाकारप्रतिको आस्था एवं अध्यात्म चिन्तनसितको सम्मोहको उल्लेख पनि गरेकी छन् । आकर्षक प्रस्तुतिले सजिएको यस कृतिको उक्त अंशपछि प्रा. जगन्नाथ त्रिपाठीको रामायण काव्यका सर्जकहरूको चर्चामा आधृत अनुष्टुप छन्दका चार वटा श्लोक सन्दर्भ सुहाउँदो गरी दिइएको छ ।

श्रीराम-नाममा सर्गको सट्टा काण्ड भनिएको थियो भने यसमा सोपान भनिएको छ । **श्रीराम-नाम**मा रामायणमा जस्तै सात वटा काण्डको विभाजन थियो भने यसमा १४ वटा सोपानको व्यवस्था गरिएको छ । **श्रीराम-नाम**मा ४०८ वटा श्लोक थिए भने यसमा ८५८ थप गरी १२६६ पुऱ्याइएको छ । २१२ पृष्ठको डिमाई आकारको यस पुस्तकमा प्रथम सोपानलाई **मंगलाचरण** (श्रीरामनाम महिमा), द्वितीय सोपानलाई **रामको व्यापकता** (यहाँ के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ र ?), तृतीय सोपानलाई **संक्षिप्त रामायण** (हनुमान्, सीता, श्रीराम), चतुर्थ सोपानलाई **रामको वनवास**, पञ्चम सोपानलाई **रामबाट भूभारहरण** (तपोवन, कैकेयी, राम रावणको युद्ध, दुर्गाको अनुष्ठान), षष्ठ सोपानलाई **रामराज्य**, सप्तम सोपानलाई **रामकी जानकी**, अष्टम सोपानलाई **रामरहस्य**, नवम सोपानलाई **रामगीता** (पृष्ठभूमि, रामगीता, सुमित्रापुत्रले सोधे, श्रीरामले उत्तर दिनुभयो, उपसंहार), दशम सोपानलाई **रामका शिव शिवका राम**, एकादश सोपानलाई **स्वाध्याय-सत्सङ्ग**, द्वादश सोपानलाई **राम र रामभक्त हनुमान्**, त्रयोदश सोपानलाई **श्रीराम-रामायणी परम्परा** र चतुर्दश सोपानलाई **श्रीराम प्राप्ति** नाम दिइएको छ । प्रत्येक शृंखलाका अन्त्यमा शिवमस्तु लेखिएको छ । प्रथम सोपानमा ७४, द्वितीय सोपानमा ८६, तृतीय सोपानमा ७८, चतुर्थ सोपानमा ७१, पञ्चम सोपानमा ८६, षष्ठ सोपानमा ८६, सप्तम सोपानमा ७९, अष्टम सोपानमा १०१, नवम सोपानमा २०८, दशम सोपानमा ८४, एकादश सोपानमा ८१, द्वादश सोपानमा ७५, त्रयोदश सोपानमा ८५ र चतुर्दश सोपानमा ७२ गरी यसमा जम्मा १२६६ श्लोक राखिएका छन् ।

शास्त्रीय छन्दमा रचना गरिएको यस काव्यमा पौरस्त्य काव्य सिद्धान्तले निर्देश गरेका महाकाव्य रचनाका सिद्धान्तहरूको परिपालन यथेष्ट मात्रामा गरिएको छ । प्रसङ्गलाई उपशीर्षकमा राख्ने, ठाउँ ठाउँमा छन्द परिवर्तन गर्ने, वर्ण्य विषयलाई प्रभावकारी भाव र शैलीमा व्यक्त गर्ने, भगवान् रामका चरित्रगत आदर्शमाथि प्रचुर मात्रामा प्रकाश पार्ने, रामायण कथाको महत्त्व दर्साउने, रामायणका महत्त्वपूर्ण पात्रको परिचय विस्तारपूर्वक दिने, वेदान्त दर्शनका मूलभूत मान्यतामाथि विमर्श गर्ने र यावत् दृष्टिले जीवनलाई आदर्शमय तुल्याउनु पर्ने कुरा सन्देशका रूपमा प्रवाह गर्ने काम काव्यकारले यस कृतिमा गरेका छन् ।

सनातन परम्पराको अनुसरण गर्ने समाजमा रामकथालाई जीवनको आदर्श मानेर भगवान् रामका विशिष्ट चरित्र अनुरूप व्यवहार गर्ने उद्देश्य राखिन्छ । यस कृतिका माध्यमबाट रचनाकारले त्यही कुरा व्यक्त गर्न खोजेको देखिन्छ । भगवान् रामको भक्त हुनु भनेको जीवनलाई सत्कर्ममय र परमात्ममय बनाउनु हो :

गरौं कर्म राम्रो सबैको भलाइ ।
बनोस् चित्त यो शुद्ध आत्मा चिताई ।।
अनासक्त योगी बनाऊ विरक्त ।
मिठो नाम भज्ने अहा ! रामभक्त ।। (प्रथम सोपान, १९) ।

जुन शक्ति र विश्व ब्रह्माण्डका नियन्ताको नाम संकीर्तनमा महायोगीहरू रमाउँछन् राम भनेका तिनै हुन् । यस जगत्मा जताततै रामको उपस्थिति छ । उनको अस्तित्व नभएको वस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइँदैन । विश्वमय बनेका ती शक्ति सदा वन्द्य छन् र सदा श्रद्धेय छन् । रामको नाम जप्दा मनमस्तिष्क पवित्र बन्दछ । राम नै आनन्दघन परमात्मा हुन् :

यौटा राम रमाउने मन दिए छाती र पोल्टाभरि ।
यौटा प्रेम मलाई राम दिनुहोस्, सद्भावना माधुरी ।।
मेरो 'मे' र 'म'-लाइ धोइ दिनुहोस्, पारेर निष्कामना ।
धोएका मनले, विशुद्ध धनले पूजार्चना, वन्दना ।। (द्वितीय सोपान, ८३) ।

महान् चरित्रका व्यक्तिमा दुःख पर्दा अतालिने र सुख हुँदा मात्तिने स्वभाव हुँदैन । जहिले पनि जुनसुकै स्थितिमा पनि ती समुद्र जस्तै गम्भीर तथा समान रहन्छन् । भगवान् रामको कथा लोकमा अत्यधिक प्रिय हुनको कारण पनि चारित्रिक विशिष्टता भरिएका पात्रको जीवनीको चित्रणसित सम्बद्ध हुनु नै हो । राज्याभिषेक हुन लाग्दा र चौध वर्षका लागि वनवास जानु पर्दा भगवान् राममा कुनै पनि किसिमको भिन्नता नपाइनु आफैमा उनको उच्चतम चरित्रको नमुना हो :

हर्ष, विस्मात नै छैन, लाभ, हानि बराबर ।
धर्मसंस्थापनार्थाय, जनपालन तत्पर ।। (तृतीय सोपान, ३४) ।

राम भनेका बाजा बजाई नाचगान, ठट्टा, मनोरञ्जन गर्ने विषय होइनन् । यिनी त मनन गर्ने, चिन्तन गर्ने र अवलम्बन गर्ने विषय हुन् । यिनकै परिधिमा संसार अटाएको छ । यिनको अभावमा कुनै कुरा पनि रहँदेन । संसारका सारथि यिनी हुन् । यिनले अयोध्या छोड्दा लोकमा छाएको निराशा र अन्धकारले त्यो कुरा स्पष्ट गर्दछ । मन शुद्ध पार्ने शक्ति राम हुन् :

रामका नामले चित्त, शुद्ध हुन्छ, विशुद्ध होस् ।
ब्रह्मका बोधले चित्त, चैतन्य वा अचित्त होस् ।। (चतुर्थ सोपान, ५४) ।

देवी सीता साक्षात् आद्या भगवतीकी अवतार मानिन्छिन् । मातृ शक्तिको सञ्चारबाट लोक कल्याण गर्नका निमित्त उनी पृथ्वीमा मनुष्य रूपमा प्रस्तुत भएकी हुन् । उनको सही स्वरूपको ज्ञान महान् सिद्धहरूलाई मात्र हुन्छ :

पालेका सब शत्रुमा विजय होस्, कामादिको होस् बलि ।
तातो रक्त पिएर धर्म भुकने कोही नबन्नोस् छली ।।
भित्रैदेखि त भक्ति होस् जननिमा नित्यै गरौं अर्चना ।
आफू चिन्न सकौं, चिनाउन सकौं कल्याणको कामना ।। (पञ्चम सोपान, ८५) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम राज्य भनेको धनदौलतको सम्पन्नता अर्थात् भौतिक समृद्धि भन्दा पनि धरतीमा चारित्रिक बलको संग्रह भएको मजबुत संरचना र व्यवस्थापन हो । आदर्श राजा, आदर्श पुत्र, आदर्श पति, आदर्श भाइ, आदर्श शासक, आदर्श संरक्षक, आदर्श नागरिक बन्न सक्नु पनि राम राज्यको अनुभूति दिलाउनु हो :

न भोक, शोक, वासना, अशान्ति कत्ति छैन है ।
अभाव, भावको कथा, व्यथा पटक्क छैन है ।।
समान धर्म नीतिमा, कदापि भेद हुन्न है ।
मरेर बाँच्छ औषधि भने नि पाप छैन है ।। (षष्ठ सोपान, ४) ।

सत्यको बाटोमा हिंड्न खोज्नेले अनेकौं कष्ट, पीडा, चिन्ता, अभाव, दुःख, अशान्ति जस्ता विसङ्गतिको सामना गर्नु पर्ने हुन्छ । त्यसो हुनको अर्थ ईश्वरले ती व्यक्तिको हिम्मत र इमानदारीको परीक्षा लिनु हो । ज्ञानीहरू यो कुरा बुझ्दछन् र जतिसुकै बाधा व्यवधान आए पनि कहिल्यै विचलित हुँदैनन् । चारित्रिक परीक्षामा सफल भएकाले नै रावणभन्दा रामको स्थान उच्च भएको हो :

राम जस्तै कुनै छोरा, न राजा, न त छन् पति ।
दाइ, भाइ न ता मित्र, राम हुन् पतिका पति ।। (अष्टम सोपान, ५४) ।

नवम सोपानमा रामगीताको प्रसङ्ग प्रस्तुत गरिएको छ । भगवान् रामले लक्ष्मणलाई दिएको दार्शनिक उपदेश यसमा राखिएको छ । वेदान्त दर्शनका आधारभूत पक्षको विवेचनामा आधृत यो सोपान कविलाई मन पर्ने विषयसित सम्बद्ध भएकोले यसको आयाम अन्य सोपानका तुलनामा निकै विस्तृत बनेको छ । रामगीतालाई रामायणको दार्शनिक सन्देशको अंश र सर्वस्व पनि भनिन्छ । रामायणको ज्ञानकाण्ड भनेर पनि यसको समीक्षा गरिएको पाइन्छ :

सारा साधन छोडेर आत्माको मात्र चिन्तन ।
आत्माको साधना गर्ने, अब हुन्छ निरञ्जन ।। (नवम सोपान, ४६ आ) ।

राम, कृष्ण, नारायण, शिव, शक्ति, गणेश आदिमा कुनै भिन्नता छैन । राम नामको महिमा सर्व प्रथम भगवान् शङ्करले देवी पार्वतीलाई सुनाएका हुन्, देवी पार्वतीबाट सुनेको सोही कथा ब्रह्माले नारद र नारदले ऋषि महर्षिलाई सुनाएपछि बिस्तारै लोकमा प्रचलित भएको हो । रामले शिव र शिवले रामको भक्ति गर्दछन् । पारखीहरू आफ्नो जीवन राममय बनाउँछन् र राम नाम संकीर्तनमा आफूलाई पूर्ण रूपमा समर्पित गर्दछन् किनभने त्यस कार्यमा जीवनको सार अन्तर्निहित छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोटो चोला कर्कला पात पानी ।
आजै हो वा भोलि पक्कै छ जानी ।
ख्याल्ख्यालैमा आयु ता सक्किएला ।
भज्दै घुम्नू रामको नामलीला ।। (एकादश सोपान, ७०) ।

जीवनमा चिन्नु भनेको रामलाई नै हो र जान्नु भनेका पनि राम नै हुन् । राम जहाँ हुन्छन् र रामको भाव जहाँ हुन्छ सच्चा रमाइलो पनि त्यहीँ हुन्छ । राम बिनाको जीवनलाई ज्ञानीहरू हराम भन्दछन् :

म जाने बेलामा वरिपरि कुनै सज्जन भए ।
कि सम्बन्धी कोही, परम हितका चिन्तक भए ।।
'मलाई चिन्नु भो ?' नभनिदिनुहोस् चिन्दिन म ता ।
म ता चिन्छु, सुन्छु प्रथम कविको 'राम' कविता ।। (चतुर्दश सोपान, ५३) ।

यस काव्यमा अनुष्टुपलाई अन्य छन्दका तुलनामा अधिक महत्त्व दिइएको छ । चर्चा गर्नु पर्ने विशेष सन्दर्भलाई उपशीर्षकमा राख्ने काम पनि यसका गरिएको छ । महाकाव्यीय सिद्धान्त अनुसार उपयुक्त ठाउँमा छन्द परिवर्तन गर्ने र वर्ण्य विषयलाई प्रभावकारी भाव तथा शैलीमा प्रस्तुत गर्ने अनुशासनको पालना पनि यसमा भएको छ । बृहत्तर महाकाव्यको संरचना ओगट्न सक्ने विषय यसमा छानिएको छ । भगवान् रामको चरित्र काव्यमा उतार्ने अनेकौं साधकमा प्रा. रिसालको नाम सम्मिलित गर्न सफल महाकाव्यका रूपमा पनि यसको समीक्षा गर्नु आवश्यक हुन्छ ।

४.२.९ श्रीविष्णुसहस्रनामस्तोत्रम्

*श्रीविष्णुसहस्रनामस्तोत्रम्*को गद्य र पद्यमा अनुवाद, शब्दकोश, चतुर्थ्यन्त सहितको क्रमिक नामको विवरण, *महाभारत, स्कन्दपुराण* तथा *पद्मपुराण*मा प्रस्तुत तिन वटै पाठको संकलनलाई राखेर तयार पारिएको प्रा. शिवगोपाल रिसालको आठौं अनुक्रमको प्रकाशित कृति *श्रीविष्णुसहस्रनामस्तोत्रम्* हो । यस पुस्तकका परिवर्तित, परिवर्द्धित र परिष्कृत रूपमा हालसम्म तिन वटा संस्करण प्रकाशित भई सकेका छन् । सर्व प्रथम २०४९ सालमा प्रकाशित यस कृतिको पहिलो, २०६४ सालमा दोस्रो र २०६७ सालमा तेस्रो संस्करण छापिएको छ । यसको पहिलो संस्करण प्रा. रिसालले २०४९ सालमा स्वयं प्रकाशित गरेका हुन् भने दोस्रो र तेस्रो संस्करण प्रेमप्रसाद काफ्लेबाट प्रकाशित गरिएको हो । पहिलो र दोस्रो संस्करणभन्दा तेस्रो संस्करण पर्याप्त परिष्कृत र परिवर्द्धित रूपमा प्रकाशमा ल्याइएको छ । यो प्रा. रिसालको आठौं प्रकाशित कृति हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो कृति पहेंलो रङ्गको गातामा सजाइएको छ । गाताको अघिल्लो पृष्ठको माथिल्लो भागमा पुस्तकको नाम, त्यसको मुनि ॐकारको चिह्नभित्र कमलको फुलमा उभिएका र शंख, चक्र, गदा र पद्म धारण गरेका चतुर्भुज भगवान् विष्णुको रङ्गीन चित्र तथा त्यसको पनि मुनि प्रा. शिवगोपाल रिसाल लेखिएको छ । गाताका भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन् । आवरणपछिको पहिलो पृष्ठमा मूल रचनाकार तथा पुस्तकको नामका साथै अनुवादक एवं सम्पादकको नाम दिइएको छ । त्यसको पछाडि अनुवादक एवं सम्पादकको नाम र ठेगाना, संस्करण संख्या र प्रकाशन मिति, पुस्तकको प्रकाशक, सर्वाधिकारको संकेत, प्रकाशित संख्या, कम्प्युटर सेटिङ मिलाउनेको परिचय, मूल्य, ISBN, मुद्रकको नाम, ठेगाना तथा सम्पर्क फोन र अंग्रेजीका पुस्तकको नाम समेतका कुरा समेटी पुस्तकको परिचय दिइएको छ । त्यसपछिको पृष्ठमा रचनाकारले रंगीन चित्र सहितको आफ्ना पितामातामा कृति समर्पण गरेको कुरा राखिएको छ र त्यसको पछाडिको पृष्ठ खाली छोडिएको छ । त्यसपछि पुस्तकका प्रकाशक प्रेमप्रसाद काफ्लेको चित्र र उनले आफै *श्रीविष्णुसहस्रनामस्तोत्रम्*को पाठ गरी तयार पारेको सिडीको संकेत प्रस्तुत गरिएको छ । त्यसको पछिल्लो पृष्ठको माथिल्लो भागमा प्रकाशकका पिता लक्ष्मीप्रसाद काफ्लेको चित्र र त्यसको मुनि प्रकाशक प्रेमप्रसाद काफ्लेको चित्र राखिएको छ । त्यस पछाडिको पृष्ठको अघिल्लो भागमा **खण्ड : १ भूमिका खण्ड** लेखिएको छ भने पछिल्लो पृष्ठ खाली छोडिएको छ । त्यसपछि क्रमशः अनुवादक तथा सम्पादकको पहिलो र दोस्रो संस्करणको भूमिका, दोस्रो र तेस्रो संस्करणका प्रकाशक प्रेमप्रसाद काफ्लेको प्रकाशकीय, प्रा. डा. माधवप्रसाद भट्टराईको तेस्रो संस्करणको शुभकामना मन्तव्य र अनुवादक तथा सम्पादकको तेस्रो संस्करणको भूमिका तथा विषय सूची दिइएको छ ।

दोस्रो खण्डमा सुरुको पृष्ठमा **खण्ड : २ मूल खण्ड** शीर्षक दिई पछिल्लो पृष्ठ खाली राखिएको छ । यी सबै क्रमपछि मात्र पुस्तकको् विषयवस्तु सुरु गरिएको छ । मूल खण्डमा महाभारतको *श्रीविष्णुसहस्रनामस्तोत्रम्*को मूलपाठ र गद्यमा नेपाली अर्थ दिइएको छ ।

खण्ड : ३ कोश खण्डमा अकारादि वर्णानुक्रममा राखेर महाभारतको *श्रीविष्णुसहस्रनामस्तोत्रम्*को मूलपाठका श्लोक संख्याको संकेत सहित भगवान् विष्णुका एक हजार नामको नेपाली गद्यमा अर्थ प्रस्तुत गरिएको छ ।

चौथो खण्डको नाम **खण्ड : ४ चतुर्थ्यन्त खण्ड** भनिएको छ । चतुर्थ्यन्त भनेको महाभारतको *श्रीविष्णुसहस्रनामस्तोत्रम्*मा दिइएको क्रमानुसार भगवान् विष्णुका नामको अन्त्यमा सम्प्रदान कारक र तदनुसारको चतुर्थी विभक्तिको प्रत्यय लगाउनु हो । यसमा भगवान् विष्णुका प्रत्येक नाम चतुर्थ्यन्तमा राख्नका साथै सुरुमा **ॐ** र चतुर्थ्यन्तपछि **नमः** पनि जोडिएको छ । नामोच्चारका आधारमा जप र हवन गर्ने विधिका लागि पनि यस्तो प्रस्तुति निकै उपयोगी मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस कृतिको अन्तिम अर्थात् पाँचौं खण्डको नाम **खण्ड : ५ पद्यानुवाद खण्ड** राखिएको छ । यस खण्डमा माहात्म्यको पद्यानुवाद सहित महाभारतको *श्रीविष्णुसहस्रनामस्तोत्रम्*मा दिइएको क्रमानुसार भगवान् विष्णुका प्रत्येक नामको अर्थ स्पष्ट हुने गरी अनुष्टुप छन्दमा नेपाली पद्य दिइएको छ । भगवान् विष्णुका एक हजार नामको अर्थ दिनका लागि एक हजार नेपाली श्लोकको रचना गरी प्रा. रिसालले अनूदित भन्दाभन्दै पनि यस कृतिलाई मौलिक ढङ्गको बनाएका छन् । यस खण्डको अन्त्यमा **कृतज्ञता निवेदन** शीर्षक दिएर थप पद्य पनि प्रस्तुत गरिएको छ ।

परिशिष्ट 'क' मा *स्कन्दपुराण*को **आवन्त्य खण्ड** र 'ख' *पद्मपुराण*को **षष्ठमुत्तरखण्ड**को *श्रीविष्णुसहस्रनामस्तोत्रम्* पनि दिइएको छ । यी दुई *श्रीविष्णुसहस्रनामस्तोत्रम्* यस कृतिको दोस्रो संस्करणमा राखिएका थिएनन् । यस किताबको अन्तिम अंशमा सन्दर्भ सामग्रीको सूची दिइएको छ । डिमाई आकारको यो कृति गाता बाहेक पुस्तक परिचय तथा भूमिका खण्डका ६६ र विषय प्रस्तुतिको भागका ३४० पृष्ठ गरी जम्मा ४०६ पृष्ठको छ । गाताको पछिल्लो पृष्ठमा प्रा. रिसालको रङ्गीन चित्रका साथै २०६८ सम्म प्रकाशित पुस्तकहरूको सूची र पुस्तकको ISBN दिइएको छ ।

महाभारत अनुशासन पर्वको १४९ औं अध्यायमा वर्णित भीष्म-युधिष्ठिर संवादका क्रममा युधिष्ठिरले *किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात्* अर्थात् के जप गरेमा प्राणीहरू जन्म र मृत्युको चक्ररूपी सांसारिक बन्धनबाट मुक्त हुन सक्तछन् भन्ने प्रश्न गर्दा भीष्म पितामहले भगवान् विष्णुका एक हजार नाम जपेमा त्यस्तो उपलब्धि हासिल हुन सक्तछ भन्ने जवाफ दिएका थिए । तिनै नाम राखेर तयार पारिएको कृतिलाई *श्रीविष्णुसहस्रनामस्तोत्रम्* भनिन्छ । भगवान् विष्णुका ती नाम निम्न लिखित हुन्:

१. विश्वम्, २. विष्णुः, ३. वषट्कारः, ४. भूतभव्यभवत्प्रभुः, ५. भूतकृत्, ६. भूतभृत्, ७. भावः, ८. भूतात्मा, ९. भूतभावनः, १०. पूतात्मा, ११. परमात्मा, १२. मुक्तानां परमा गतिः, १३. अव्ययः, १४. पुरुषः, १५. साक्षी, १६. क्षेत्रज्ञः, १७. अक्षरः, १८. योगः, १९. योगविदां नेता, २०. प्रधानपुरुषेश्वरः, २१. नारसिंहवपुः, २२. श्रीमान्, २३. केशवः, २४. पुरुषोत्तमः, २५. सर्वः, २६. शर्वः, २७. शिवः, २८. स्थाणुः, २९. भूतादि, ३०. निधि अव्ययः, ३१. सम्भवः, ३२. भावनः, ३३. भर्ता, ३४. प्रभवः, ३५. प्रभुः, ३६. ईश्वरः, ३७. स्वयम्भूः, ३८. शम्भरः, ३९. आदित्यः, ४०. पुष्कराक्षः, ४१. महास्वनः, ४२. अनादिनिधनः, ४३. धाता, ४४. विधाता, ४५. धातुरुत्तमः, ४६. अप्रमेयः, ४७. हृषीकेशः, ४८. पद्मनाभः, ४९. अमरप्रभुः, ५०. विश्वकर्मा, ५१. मनुः, ५२. त्वटा, ५३. स्थविष्ठः, ५४. स्थविरः ध्रुवः, ५५. अग्राह्यः, ५६. शाश्वतः, ५७. कृष्णः, ५८. लोहिताक्षः, ५९. प्रतर्दनः, ६०. प्रभूतः, ६१. त्रिककुब्धाम, ६२. पवित्रम्, ६३. मंगलम् परम्, ६४. ईशानः, ६५. प्राणदः, ६६. प्राणः,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६७. ज्येष्ठः, ६८. श्रेष्ठः, ६९. प्रजापतिः, ७०. हिरण्यगर्भः, ७१. भूगर्भः, ७२. माधवः, ७३. मधुसूदनः, ७४. ईश्वरः, ७५. विक्रमी, ७६. धन्वी, ७७. मेधावी, ७८. विक्रमः, ७९. क्रमः, ८०. अनुत्तमः, ८१. दुराधर्षः, ८२. कृतज्ञः, ८३. कृतिः, ८४. आत्मवान्, ८५. सुरेशः, ८६. शरणम्, ८७. शर्म, ८८. विश्वरेताः, ८९. प्रजाभवः, ९०. अहः, ९१. संवत्सरः, ९२. व्यालः, ९३. प्रत्ययः, ९४. सर्वदर्शनः, ९५. अजः, ९६. सर्वेश्वरः, ९७. सिद्धः, ९८. सिद्धिः, ९९. सर्वादिः, १००. अच्युतः, १०१. वृषाकपिः, १०२. अमेयात्मा, १०३. सर्वयोगविनिःसृतः, १०४. वसु, १०५. वसुमनाः, १०६. सत्यः, १०७. समात्मा, १०८. सम्मितः, १०९. समः, ११०. अमोघः, १११. पुण्डरीकाक्षः, ११२. वृषकर्मा, ११३. वृषाकृतिः, ११४. रुद्रः, ११५. बहुशिराः, ११६. बभ्रुः, ११७. विश्वयोनिः, ११८. शुचिश्रवाः, ११९. अमृतः, १२०. शाश्वतस्थाणुः, १२१. वरारोहः, १२२. महातपाः, १२३. सर्वगः, १२४. सर्वविद्भानुः, १२५. विष्वक्सेनः, १२६. जनार्दनः, १२७. वेदः, १२८. वेदवित्, १२९. अव्यङ्ग, १३०. वेदाङ्गः, १३१. वेदविद्, १३२. कविः, १३३. लोकाध्यक्षः, १३४. सुराध्यक्षः, १३५. धर्माध्यक्षः, १३६. कृताकृतः, १३७. चतुरात्मा, १३८. चतुर्व्यूहः, १३९. चतुरर्दंष्ट्र, १४०. चतुर्भुजः, १४१. भ्राजिष्णुः, १४२. भोजनम्, १४३. भोक्ता, १४४. सहिष्णुः, १४५. जगदादिजः, १४६. अनघः, १४७. विजयः, १४८. जेता, १४९. विश्वयोनिः, १५०. पुनर्वसुः, १५१. उपेन्द्रः, १५२. वामनः, १५३. प्रांशुः, १५४. अमोघः, १५५. शुचिः, १५६. ऊर्जितः, १५७. अतीन्द्रः, १५८. संग्रहः, १५९. सर्गः, १६०. धृतात्मा, १६१. नियमः, १६२. यमः, १६३. वेद्यः, १६४. वैद्यः, १६५. सदायोगी, १६६. वीरहा, १६७. माधवः, १६८. मधुः, १६९. अतीन्द्रियः, १७०. महामायः, १७१. महोत्साहः, १७२. महाबलः, १७३. महाबुद्धि, १७४. महावीर्यः, १७५. महाशक्तिः, १७६. महाद्युतिः, १७७. अनिर्देश्यवपुः, १७८. श्रीमान्, १७९. अमेयात्मा, १८०. महाद्रिधृक्, १८१. महेष्वासः, १८२. महीभर्ता, १८३. श्रीनिवासः, १८४. सतां गतिः, १८५. अनिरुद्धः, १८६. सुरानन्दः, १८७. गोविन्दः १८८. गोविदां पतिः, १८९. मरीचिः, १९०. दमनः, १९१. हंसः, १९२. सुपर्णः, १९३. भुजगोत्तमः, १९४. हिरण्यनाभः, १९५. सुतपाः, १९६. पद्मनाभः, १९७. प्रजापतिः, १९८. अमृत्युः, १९९. सर्वदृक्, २००. सिंहः, २०१. सन्धाता, २०२. सन्धिमान्, २०३. स्थिरः, २०४. अजः, २०५. दुर्मर्षणः, २०६. शास्ता, २०७. विश्रुतात्मा, २०८. सुरारिहा, २०९. गुरुः, २१०. गुरुतमः, २११. धाम, २१२. सत्यः, २१३. सत्यपराक्रमः, २१४. निमिषः, २१५. अनिमिषः, २१६. स्रग्वी, २१७. वाचस्पतिरुदारधीः, २१८. अग्रणी, २१९. ग्रामणी, २२०. श्रीमान्, २२१. न्यायः, २२२. नेता, २२३. समीरणः, २२४. सहस्रमूर्धा, २२५. विश्वात्मा, २२६. सहस्राक्षः, २२७. सहस्रपात्, २२८. आवर्तनः, २२९. निवृत्तात्मा, २३०. संवृतः, २३१. सम्प्रमर्दनः, २३२. अहः संवर्तकः, २३३. वह्निः, २३४. अनिलः, २३५. धरणीधरः, २३६. सुप्रसादः, २३७. प्रसन्नात्मा, २३८. विश्वधृक्, २३९. विश्वभुक्, २४०. विभुः, २४१. सत्कर्ता, २४२. सत्कृतः, २४३. साधुः, २४४. जह्नुः, २४५. नारायणः, २४६. नरः, २४७. असंख्येयः, २४८. अप्रमेयात्माः, २४९. विशिष्टः, २५०. शिष्टकृत्, २५१. शुचिः, २५२. सिद्धार्थः, २५३. सिद्धसंकल्पः, २५४. सिद्धिदः, २५५.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धिसाधनः, २५६. वृषाही, २५७. वृषभः, २५८. विष्णुः, २५९. वृषपर्वा, २६०. वृषोदरः, २६१. वर्धनः, २६२. वर्धमानः, २६३. विक्तिः, २६४. श्रुतिसागरः, २६५. सुभुजः, २६६. दुर्धरः, २६७. वाग्मी, २६८. महेन्द्रः, २६९. वसुदः, २७०. वसुः, २७१. नैकरूपः, २७२. बृहद्रूपः, २७३. शिपिविष्टः, २७४. प्रकाशनः, २७५. ओजस्तेजोद्युतिधरः, २७६. प्रकाशात्मा, २७७. प्रतापनः, २७८. ऋद्धः, २७९. स्पष्टाक्षरः, २८०. मन्त्रः, २८१. चन्द्रांशुः, २८२. भास्करद्युतिः, २८३. अमृतांशूद्भवः, २८४. भानुः, २८५. शशबिन्दुः, २८६. सुरेश्वरः, २८७. औषधम्, २८८. जगतः सेतुः, २८९. सत्यधर्मपराक्रमः, २९०. भूतभव्यभवन्नाथः, २९१. पवनः, २९२. पावनः, २९३. अनलः, २९४. कामहा, २९५. कामकृत्, २९६. कान्तः, २९७. कामः, २९८. कामप्रदः, २९९. प्रभुः, ३००. युगादिकृत्, ३०१. युगावर्तः, ३०२. नैकमायः, ३०३. महाशनः, ३०४. अदृश्यः, ३०५. व्यक्तरूपः, ३०६. सहस्रजित्, ३०७. अनन्तजित्, ३०८. इष्टः, ३०९. अविशिष्टः, ३१०. शिष्टेष्टः, ३११. शिखण्डी, ३१२. नहुषः, ३१३. वृषः, ३१४. क्रोधहा, ३१५. क्रोधकृत्कर्ता, ३१६. विश्वबाहुः, ३१७. महीधरः, ३१८. अच्युतः, ३१९. प्रथितः, ३२०. प्राणः, ३२१. प्राणदः, ३२२. वासवानुजः, ३२३. अपां निधिः, ३२४. अधिष्ठानम्, ३२५. अप्रमत्तः, ३२६. प्रतिष्ठितः, ३२७. स्कन्दः, ३२८. स्कन्दधरः, ३२९. धुर्यः, ३३०. वरदः, ३३१. वायुवाहनः, ३३२. वासुदेवः, ३३३. बृहद्भानुः, ३३४. आदिदेवः, ३३५. पुरन्दरः, ३३६. अशोकः, ३३७. तारणः, ३३८. तारः, ३३९. शूरः, ३४०. शौरिः, ३४१. जनेश्वरः, ३४२. अनुकूलः, ३४३. शतावर्तः, ३४४. पद्मी, ३४५. पद्मनिभेक्षणः, ३४६. पद्मनाभः, ३४७. अरविन्दाक्षः, ३४८. पद्मगर्भः, ३४९. शरीरभृत्, ३५०. महर्द्धिः, ३५१. ऋद्धः, ३५२. वृद्धात्मा, ३५३. महाक्षः, ३५४. गरुडध्वजः, ३५५. अतुलः, ३५६. शरभः, ३५७. भीमः (अभीमः), ३५८. समयज्ञः, ३५९. हविर्हरिः, ३६०. सर्वलक्षणलक्षण्यः, ३६१. लक्ष्मीवान्, ३६२. समितिञ्जयः, ३६३. विक्षरः, ३६४. रोहितः, ३६५. मार्गः, ३६६. हेतुः, ३६७. दामोदरः, ३६८. सहः, ३६९. महीधरः, ३७०. महाभागः, ३७१. वेगवान्, ३७२. अमिताशनः, ३७३. उद्भवः, ३७४. क्षोभणः, ३७५. देवः, ३७६. श्रीगर्भः, ३७७. परमेश्वरः, ३७८. करणम्, ३७९. कारणम्, ३८०. कर्ता, ३८१. विकर्ता, ३८२. गहनः, ३८३. गुहः, ३८४. व्यवसायः, ३८५. व्यवस्थापनः, ३८६. संस्थानः, ३८७. स्थानदः, ३८८. ध्रुवः, ३८९. परर्द्धिः, ३९०. परमस्पष्टः, ३९१. तुष्टः, ३९२. पुष्टः, ३९३. शुभेक्षणः, ३९४. रामः, ३९५. विरामः, ३९६. विरतः, ३९७. मार्गः, ३९८. नेयः, ३९९. नयः, ४००. अनयः, ४०१. वीरः, ४०२. शक्तिमतां श्रेष्ठः, ४०३. धर्मः, ४०४. धर्मविदुत्तमः, ४०५. वैकुण्ठः, ४०६. पुरुषः, ४०७. प्राणः, ४०८. प्राणदः, ४०९. प्रणवः, ४१०. पृथुः, ४११. हिरण्यगर्भः, ४१२. शत्रुघ्नः, ४१३. व्याप्तः, ४१४. वायुः, ४१५. अधोक्षजः, ४१६. ऋतुः, ४१७. सुदर्शनः, ४१८. कालः, ४१९. परमेष्ठी, ४२०. परिग्रहः, ४२१. उग्रः, ४२२. संवत्सरः, ४२३. दक्षः, ४२४. विश्रामः, ४२५. विश्वदक्षिणः, ४२६. विस्तारः, ४२७. स्थावरस्थाणुः, ४२८. प्रमाणम्, ४२९. बीजमव्ययम्, ४३०. अर्थः, ४३१. अनर्थः ४३२. महाकोशः, ४३३. महाभोगः, ४३४. महाधनः, ४३५. अनिर्विण्णः, ४३६. स्थविष्ठः, ४३७. अभूः (भूः), ४३८. धर्मयूपः, ४३९.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महामखः, ४४०. नक्षत्रनेमिः, ४४१. नक्षत्री, ४४२. क्षमः ४४३. क्षमः ४४४. समीहनः, ४४५. यज्ञः, ४४६. इज्यः, ४४७. महेज्यः ४४८. क्रतुः, ४४९. सत्रम्, ४५०. सतां गतिः, ४५१. सर्व दर्शी, ४५२. विमुक्तात्मा, ४५३. सर्वज्ञः, ४५४. ज्ञानमुत्तमम्, ४५५. सुव्रतः, ४५६. सुमुखः, ४५७. सूक्ष्मः, ४५८. सुघोषः, ४५९. सुखदः, ४६०. सुहृत्, ४६१. मनोहरः, ४६२. जितक्रोधः, ४६३. वीरवाहुः, ४६४. विदारणः, ४६५. स्वापनः, ४६६. स्ववशः, ४६७. व्यापी, ४६८. नैकात्मा, ४६९. नैककर्मकृत्, ४७०. वत्सरः, ४७१. वत्सलः, ४७२. वत्सी, ४७३. रत्नगर्भः, ४७४. धनेश्वरः, ४७५. धर्मगुप्, ४७६. धर्मकृत्, ४७७. धर्मी, ४७८. सत्, ४७९. असत्, ४८०. क्षरम्, ४८१. अक्षरम्, ४८२. अविज्ञात्मा, ४८३. सहस्रांशु, ४८४. विधाता, ४८५. कृतलक्षणः, ४८६. गभस्तिनेमिः, ४८७. सत्त्वस्थः, ४८८. सिंहः, ४८९. भूतमहेश्वरः, ४९०. आदिदेवः, ४९१. महादेवः, ४९२. देवेशः, ४९३. देवभृद्गुरुः, ४९४. उत्तरः, ४९५. गोपतिः, ४९६. गोप्ता, ४९७. ज्ञानगम्यः, ४९८. पुरातनः, ४९९. शरीरभूतभृत्, ५००. भोक्ता, ५०१. कपीन्द्रः, ५०२. भूरिदक्षिणः, ५०३. सोमपः, ५०४. अमृतपः, ५०५. सोमः, ५०६. पुरुजित्, ५०७. पुरुसत्तमः, ५०८. विनयः, ५०९. जयः, ५१०. सत्यसन्धः, ५११. दाशार्हः, ५१२. सात्वतां पतिः, ५१३. जीवः, ५१४. विनयितासाक्षी (असाक्षी), ५१५. मुकुन्दः, ५१६. अमितविक्रमः, ५१७. अम्भोनिधिः, ५१८. अनन्तात्मा, ५१९. महोदधिशयः, ५२०. अन्तकः, ५२१. अजः, ५२२. महार्हः, ५२३. स्वाभाव्यः, ५२४. जितामित्रः, ५२५. प्रमोदनः, ५२६. आनन्दः, ५२७. नन्दनः, ५२८. नन्दः (अनन्दः), ५२९. सत्यधर्मा, ५३०. त्रिविक्रमः, ५३१. महर्षि कपिलाचार्यः, ५३२. कृतज्ञः, ५३३. मेदिनीपतिः, ५३४. त्रिपदः, ५३५. त्रिदशाध्यक्षः, ५३६. महाशृङ्गः, ५३७. कृतान्तकृत्, ५३८. महावराहः, ५३९. गोविन्दः, ५४०. सुषेणः, ५४१. कनकाङ्गदी, ५४२. गुह्यः, ५४३. गभीरः, ५४४. गहनः, ५४५. गूप्तः, ५४६. चक्रगदाधरः, ५४७. वेधाः, ५४८. स्वाङ्गः, ५४९. अजितः, ५५०. कृष्णः, ५५१. दृढः, ५५२. संकर्षणोऽच्युतः, ५५३. वरुणः, ५५४. वारुणः, ५५५. वृक्षः, ५५६. पुष्कराक्षः, ५५७. महामनाः, ५५८. भगवान्, ५५९. भगहा, ५६०. आनन्दी, ५६१. वनमाली, ५६२. हलायुधः, ५६३. आदित्यः, ५६४. ज्योतिरादित्यः, ५६५. सहिष्णुः, ५६६. गतिसत्तमः, ५६७. सुधन्वा, ५६८. खण्डपरशुः (अखण्डपरशुः), ५६९. दारुणः, ५७०. द्रविणप्रदः, ५७१. दिवः स्पृक्, ५७२. सर्वदृग्व्यासः, ५७३. वाचस्पतिरयोनिजः, ५७४. त्रिसामा, ५७५. सामगः, ५७६. साम, ५७७. निर्वाणम्, ५७८. भेषजम्, ५७९. भिषक्, ५८०. सन्न्यासकृत्, ५८१. शमः, ५८२. शान्तः, ५८३. निष्ठा, ५८४. शान्तिः, ५८५. परायणम्, ५८६. शुभाङ्गः, ५८७. शान्तिदः, ५८८. स्रष्टा, ५८९. कुमुदः, ५९०. कुवलेशयः, ५९१. गोहितः, ५९२. गोपतिः, ५९३. गोप्ता, ५९४. वृषभाक्षः, ५९५. वृषप्रियः, ५९६. अनिवर्ती, ५९७. निवृतात्मा, ५९८. संक्षेप्ता, ५९९. क्षेमकृत्, ६००. शिवः, ६०१. श्रीवत्सवक्षाः, ६०२. श्रीवासः, ६०३. श्रीपतिः, ६०४. श्रीमतां वरः, ६०५. श्रीदः, ६०६. श्रीशः, ६०७. श्रीनिवासः, ६०८. श्रीनिधिः, ६०९. श्रीविभावनः, ६१०. श्रीधरः, ६११. श्रीकरः, ६१२. श्रेयः, ६१३. श्रीमान्, ६१४. लोकत्रयाध्यक्षः, ६१५. स्वक्षः, ६१६. स्वाङ्गः, ६१७. शतानन्दः, ६१८. नन्दिः, ६१९.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिर्गणेश्वरः, ६२०. विजितात्मा, ६२१. अविधेयात्मा, ६२२. सत्कीर्तिः, ६२३. छिन्नसंशयः, ६२४. उदीर्णः, ६२५. सर्वतश्चक्षुः, ६२६. अनीशः, ६२७. शाश्वतस्थिरः, ६२८. भूशयः, ६२९. भूषणः, ६३०. भूतिः, ६३१. विशोकः, ६३२. शोकनाशनः, ६३३. अर्चिष्मान्, ६३४. अर्चितः, ६३५. कुम्भः, ६३६. विशुद्धात्मा, ६३७. विशोधनः, ६३८. अनिरुद्धः, ६३९. अप्रतिरथः, ६४०. प्रद्युम्नः, ६४१. अमितविक्रमः, ६४२. कालनेमिनिहा, ६४३. वीरः, ६४४. शौरिः, ६४५. शूरजनेश्वरः, ६४६. त्रिलोकात्मा, ६४७. त्रिलोकेशः, ६४८. केशवः, ६४९. केशिहा, ६५०. हरिः, ६५१. कामदेवः, ६५२. कामपालः, ६५३. कामी, ६५४. कान्तः, ६५५. कृतागमः, ६५६. अनिर्देश्यवपुः, ६५७. विष्णुः, ६५८. वीरः, ६५९. अनन्तः, ६६०. धनञ्जयः, ६६१. ब्रह्माण्य, ६६२. ब्रह्मकृत्, ६६३. ब्रह्मा, ६६४. ब्रह्म, ६६५. ब्रह्मविवर्धनः, ६६६. ब्रह्मवित्, ६६७. ब्राह्मणः, ६६८. ब्रह्मी, ६६९. ब्रह्मज्ञः, ६७०. ब्राह्मणप्रियः, ६७१. महाक्रमः, ६७२. महाकर्मा, ६७३. महातेजाः, ६७४. महोरगः, ६७५. महाक्रतुः, ६७६. महायज्वा, ६७७. महायज्ञः, ६७८. महाहविः, ६७९. स्तव्यः, ६८०. स्तवप्रियः, ६८१. स्तोत्रम्, ६८२. स्तुतिः, ६८३. स्तोता, ६८४. रणप्रियः, ६८५. पूर्णः, ६८६. पूरयिता, ६८७. पुण्यः, ६८८. पुण्यकीर्तिः, ६८९. अनामयः, ६९०. मनोजवः, ६९१. तीर्थकरः, ६९२. वसुरेताः, ६९३. वसुप्रदः, ६९४. वसुप्रदः, ६९५. वासुदेवः, ६९६. वसुः, ६९७. वसुमनाः, ६९८. हविः, ६९९. सद्गतिः, ७००. सत्कृतिः, ७०१. सत्ता, ७०२. सद्भूतिः, ७०३. सत्परायणः, ७०४. शूरसेनः, ७०५. यदुश्रेष्ठः, ७०६. सन्निवासः, ७०७. सुयामुनः, ७०८. भूतावासः, ७०९. वासुदेवः, ७१०. सर्वासुनिलयः, ७११. अनलः, ७१२. दर्पहा, ७१३. दर्पदः, ७१४. दृप्तः, ७१५. दुर्धरः, ७१६. अपराजितः, ७१७. विश्वमूर्तिः, ७१८. महामूर्तिः, ७१९. दीप्तमूर्तिः, ७२०. अमूर्तिमान्, ७२१. अनेकमूर्तिः, ७२२. अव्यक्तः, ७२३. शतमूर्तिः, ७२४. शताननः, ७२५. एकः, ७२६. नैकः, ७२७. सव, ७२८. कः, ७२९. किम्, ७३०. यत्, ७३१. तत्, ७३२. पदमनुत्तमम्, ७३३. लोकबन्धुः, ७३४. लोकनाथः, ७३५. माभवः, ७३६. भक्तवत्सलः, ७३७. सुवर्णवर्णः, ७३८. हेमाङ्गः, ७३९. वराङ्गः, ७४०. चन्दनाङ्गदी, ७४१. वीरहा, ७४२. विषमः, ७४३. शून्यः, ७४४. घृताशीः, ७४५. अचलः, ७४६. चलः, ७४७. अमानी, ७४८. मानदः, ७४९. मान्यः, ७५०. लोकस्वामी, ७५१. त्रिलोकधृक्, ७५२. सुमेधाः, ७५३. मेधजः, ७५४. धन्यः, ७५५. सत्यमेधाः, ७५६. धराधरः, ७५७. तेजोवृषः, ७५८. द्युतिधरः, ७५९. सर्वशस्त्रभृतां वरः, ७६०. प्रग्रहः, ७६१. निग्रहः, ७६२. व्यग्रः, ७६३. नैकशृङ्गः, ७६४. गदाग्रजः, ७६५. चतुर्मूर्तिः, ७६६. चतुर्बाहुः, ७६७. चतुर्व्यूहः, ७६८. चतुर्गतिः, ७६९. चतुरात्मा, ७७०. चतुर्भावः, ७७१. चतुर्वेदवित्, ७७२. एकपात्, ७७३. समावर्तः, ७७४. अनिवृत्तात्मा (निवृत्तात्मा), ७७५. दुर्जयः, ७७६. दुरतिक्रमः, ७७७. दुर्लभः, ७७८. दुर्गमः, ७७९. दुर्गः, ७८०. दुरावासः, ७८१. दुरारिहा, ७८२. शुभाङ्गः, ७८३. लोकसारङ्गः, ७८४. सुतन्तुः, ७८५. तन्तुवर्धनः, ७८६. इन्द्रकर्मा, ७८७. महाकर्मा, ७८८. कृतकर्मा, ७८९. कृतागमः, ७९०. उद्भवः, ७९१. सुन्दरः, ७९२. सुन्दः, ७९३. रत्ननाभः, ७९४. सुलोचनः, ७९५. अर्कः, ७९६. वाजसनः, ७९७. शृङ्गी, ७९८. जयन्तः, ७९९. सर्वविज्जयी, ८००. सुवर्णबिन्दुः, ८०१.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षोभ्यः, ८०२. सर्ववागीश्वरेश्वरः, ८०३. महाह्रदः, ८०४. महागर्तः, ८०५. महाभूतः, ८०६. महानिधिः, ८०७. कुमुदः, ८०८. कुन्दरः, ८०९. कुन्दः, ८१०. पर्जन्यः, ८११. पावनः, ८१२. अनिलः, ८१३. अमृताशः, ८१४. अमृतवपुः, ८१५. सर्वज्ञः, ८१६. सर्वतोमुखः, ८१७. सुलभः, ८१८. सुव्रतः, ८१९. सिद्धः, ८२०. शत्रुजित्, ८२१. शत्रुतापनः, ८२२. न्यग्रोधः, ८२३. उदुम्बरः, ८२४. अश्वत्थः, ८२५. चाणूरान्ध्रनिषूदनः, ८२६. सहस्रार्चिः, ८२७. सप्तजिह्वः, ८२८. सप्तैधाः, ८२९. सप्तवाहनः, ८३०. अमूर्तिः, ८३१. अनघः, ८३२. अचिन्त्यः, ८३३. भयकृत्, ८३४. भयनाशनः, ८३५. अणुः, ८३६. बृहत्, ८३७. कृशः, ८३८. स्थूलः, ८३९. गुणभृत्, ८४०. निर्गुणः, ८४१. महान्, ८४२. अधृतः, ८४३. स्वधृतः, ८४४. स्वास्यः, ८४५. प्राग्वंशः, ८४६. वंशवर्धनः, ८४७. भारभृत्, ८४८. कथितः, ८४९. योगी, ८५०. योगीशः, ८५१. सर्वकामदः, ८५२. आश्रयः, ८५३. श्रवणः, ८५४. क्षामः, ८५५. सुपर्णः, ८५६. वायुवाहनः, ८५७. धनुर्धरः, ८५८. धनुर्वेदः, ८५९. दण्डः, ८६०. दमयिता, ८६१. दमः, ८६२. अपराजितः, ८६३. सर्वसहः, ८६४. नियन्ता, ८६५. अ-नियमः (नियमः), ८६६. अ-यमः (यमः), ८६७. सत्त्ववान्, ८६८. सात्त्विकः, ८६९. सत्यः, ८७०. सत्यधर्मपरायणः, ८७१. अभिप्रायः, ८७२. प्रियार्हः, ८७३. अर्हः, ८७४. प्रियकृत्, ८७५. प्रीतिवर्धनः, ८७६. विहायसगतिः, ८७७. ज्योतिः, ८७८. सुरुचिः, ८७९. हुतभुक्, ८८०. विभुः, ८८१. रविः, ८८२. विरोचनः, ८८३. सूर्यः, ८८४. सविता, ८८५. रविलोचनः, ८८६. अनन्तः, ८८७. हुतभुक्, ८८८. भोक्ता, ८८९. सुखदः (असुखदः), ८९०. नैकजः, ८९१. अग्रजः, ८९२. अनिर्विण्णः, ८९३. सदामर्षी, ८९४. लोकाधिष्ठानम्, ८९५. अद्भुत, ८९६. सनात्, ८९७. सनातमतमः, ८९८. कपिलः, ८९९. कपिः, ९००. अप्ययः, ९०१. स्वस्तिदः, ९०२. स्वस्तिकृत्, ९०३. स्वस्ति, ९०४. स्वस्तिभुक्, ९०५. स्वस्तिदक्षिणः, ९०६. अरौद्रः, ९०७. कुण्डली, ९०८ चक्री, ९०९. विक्रमी, ९१०. ऊर्जितशासनः, ९११. शब्दातिगः, ९१२. शब्दसहः, ९१३. शिशिरः, ९१४. शर्वरीकरः, ९१५. अक्रूरः, ९१६. पेशलः, ९१७. दक्षः, ९१८. दक्षिणः, ९१९. क्षमिणां वरः, ९२०. विद्वत्तमः, ९२१. वीतभयः, ९२२. पुण्यश्रवणकीर्तनः, ९२३. उत्तारणः, ९२४. दुष्कृतिहा, ९२५. पुण्यः, ९२६. दुःस्वप्ननाशनः, ९२७. वीरहा, ९२८. रक्षणः, ९२९. सन्तः, ९३०. जीवनः, ९३१. पर्यवस्थितः, ९३२. अनन्तरूपः, ९३३. अनन्तश्रीः, ९३४. जितमन्युः, ९३५. भयापहः, ९३६. चतुरसः, ९३७. गभीरात्मा, ९३८. विदिशः, ९३९. व्यादिशः, ९४०. दिशः, ९४१. अनादिः, ९४२. भुर्भूवः, ९४३. लक्ष्मीः, ९४४. सुवीरः, ९४५. रुचिराङ्गदः, ९४६. जननः, ९४७. जनजन्मादिः, ९४८. भीमः, ९४९. भीमपराक्रमः, ९५०. आधारनिलयः, ९५१. अधाता (धाता), ९५२. पुष्पहासः, ९५३. प्रजागरः, ९५४. ऊर्ध्वगः, ९५५. सत्पथाचारः, ९५६. प्राणदः, ९५७. प्रणवः, ९५८. पणः, ९५९. प्रमाणम्, ९६०. प्राणनिलयः, ९६१. प्राणभृत्, ९६२. प्राणजीवनः, ९६३. तत्त्वम्, ९६४. तत्त्ववित्, ९६५. एकात्मा, ९६६. जन्ममृत्युजरातिगः, ९६७. भूर्भुवःस्वस्तरुः ९६८. तारः, ९६९. सविता, ९७०. प्रपितामहः, ९७१. यज्ञः, ९७२. यज्ञपतिः, ९७३. यज्वा, ९७४. यजाङ्गः, ९७५. यज्ञवाहनः, ९७६. यज्ञभृत्, ९७७. यज्ञकृत्, ९७८. यज्ञी, ९७९. यज्ञभुक्, ९८०. यज्ञसाधनः, ९८१.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञान्तकृत्, ९८२. यज्ञगुह्यम्, ९८३. अन्नम्, ९८४. अन्नादः, ९८५. आत्मयोनिः, ९८६. स्वयंजातः, ९८७. वैखानः, ९८८. सामगायनः, ९८९. देवकीनन्दनः, ९९०. स्रष्टा, ९९१. क्षितीशः, ९९२. पापनाशनः, ९९३. शंखभृत्, ९९४. नन्दकी, ९९५. चक्री, ९९६. शाङ्‍र्गधन्वा, ९९७. गदाधरः, ९९८. रथाङ्गपाणिः, ९९९. अक्षोभ्यः र १०००. सर्वप्रहरणायुधः ।

यी नाममा अक्षरः, अक्षोभ्यः, अच्युतः, अनघः, अनलः, अनिर्देश्यवपुः, अनिरुद्धः, अनिलः, अनिर्विण्णः, अपराजितः, अमितविक्रमः, अमेयात्मा, अमोघः, आदित्यः, आदिदेवः, ईश्वरः, उद्भवः, ऋद्धः, कान्तः, कुमुदः, कृतज्ञः, कृतागमः, कृष्णः, केशवः, क्षामः, गहनः, गोपतिः, गोप्ता, गोविन्दः, चक्री, चतुरात्मा, चतुर्व्यूहः, तारः, दक्षः, दुर्धरः, निवृतात्मा, पावनः, पुण्यः, पुरुषः, पुष्कराक्षः, प्रजापतिः, प्रणवः, प्रभुः, प्रमाणम्, भीमः, महाकर्मा, महीधरः, मार्गः, यज्ञः, वसुः, वसुप्रदः, वसुमनाः, वायुवाहनः, विक्रमी, विधाता, विभुः, विश्वयोनिः, वेदवित्, शिवः, शुचिः, शुभाङ्ग, शौरि, श्रीनिवास, संवत्सरः, सतांगतिः, सर्वज्ञः, सविता, सहिष्णुः, सिंह, सिद्ध, सुखदः, सुपर्णः, सुव्रतः, स्थविष्ठः, स्रष्टा, हिरण्यगर्भः, हुतभुक् नाम दुई पल्ट, अजः, पद्मनाभः, प्राणः, भोक्ता, माधवः, वसुः, वासुदेवः, विष्णुः, वीरः, वीरहा, सत्यः नाम तिन पल्ट र प्राणदः, श्रीमान् नाम चार पल्ट दोहोरिएको छ । यस कुराको विवरण पनि प्रस्तुत पुस्तकमा दिइएको छ ।

*श्रीविष्णुसहस्रनामस्तोत्रम्*मा उल्लिखित भगवान् विष्णुका एक हजार नाम नदिएर सामान्य समीक्षा पनि गर्न नसकिने होइन तर ती नामको पाठ यो पुस्तकबाट पनि सम्भव होओस् भन्ने धारणा राखी यहाँ यसो गरिएको हो । भगवान् विष्णुका लाखौं नाम छन् । ती सबैका आआफ्ना विशेषता पनि छन् । भगवान्का नाम जप्नाले पुण्य लाभ त हुन्छ तर त्यत्ति कुरा मात्र ती नामको उपादेयता होइन । नारायण भगवान् वा अन्य कुनै पनि देवी देवताको नाम जप्नु भनेको ती नामले संवहन गरेको इतिहास वा कथा बुझेर जीवनलाई सत्कार्यमा लगाउनु हो । भगवान् नारायणका हजार नाम जप्न नसके पनि एउटै मात्र नामले समेत उत्तिकै पुण्य लाभ हुन्छ । भन्नको तात्पर्य के हो भने हजारौं सत्कार्य गरेका नाताले हजारौं नामबाट ख्याति कमाएका भगवान्को जस्तो अद्भुत योगदान दिन गारो हुने भएकोले एउटै नामको इतिहास वा कथा राम्ररी थाहा पाई तदनुरूपको सत्कार्यबाट आफ्नो जीवन धन्य बनाउनु र समाजको सेवा गर्नु नै बुद्धिमानी हो । निश्चय नै भगवान् विष्णुले गरे जस्तै कुनै एक जना व्यक्तिले अग्रसर बनेर जीवन र जगत्को कल्याण हुने हजारौं क्षेत्रमा काम गर्न सम्भव हुँदैन । संसारमा रहेका करोडौं व्यक्तिले एकेक वटा क्षेत्रमा समर्पित भएर समाजसेवा गरे भने यो लोक स्वतः समुन्नत बन्न सक्तछ । त्यसैले विष्णु भगवान्लाई नमुना बनाएर जीवनको उच्चता र सार्थकताको खोजी गर्ने अवधारणा अनुरूप *श्रीविष्णुसहस्रनामस्तोत्रम्*को रचना गरिएको हो । अर्थ बुझेर, कथा जानेर, नामको महिमा थाहा पाएर यो स्तोत्र पढी सम्बद्ध नामले बताएका बाटोमा हिँड्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवश्य नै कल्याण हुन्छ किनभने लोक कल्याण गर्ने उद्देश्यले नै यी नाम प्रयोगमा ल्याइएका हुन् । यसरी सार बुझेर नाम जपेमा मात्र उद्धार हुन्छ । जीवले हासिल गर्नु पर्ने ज्ञान यही हो । यसैलाई पुरुषार्थ भनिन्छ ।

यस कृतिका सर्जक प्रा. रिसालले पहिलो संस्करणको भूमिकामा *मूल कुरो अनुभव हो अनुवाद होइन, अनुवाद त बुद्धि, वृत्ति, मेधा, व्यवसाय, सीप, कला, कौशल, भाषा, शैली आदि अनुसार भिन्न-भिन्न हुन्छ तर यथार्थ अनुभव वा अनुभवको मूल, अनुभवको स्वरूप, अनुभवको आधार, अनुभवको फल अवश्य पनि एउटै हुन्छ* भनेका छन् । वास्तवमा प्रयोगमा ल्याइएन, अभ्यास गरिएन, मनन गरिएन, ध्यान दिइएन भने अनुवाद वा मूलपाठ स्वयंले त कुनै चमत्कार गर्न सक्तैन । कृतिको काम भनेको बाटो देखाउने हो । त्यसले देखाएको बाटोमा हिंड्नु वा नहिंड्नु अध्येताको हातको र विचारको कुरा हो । यस बाटोमा हिंड्न चाहनेहरूका लागि प्रा. रिसालले कठिन शब्दरूपी बाधक बन्ने काँडालाई सरल भाषामा व्यक्त गर्नुरूपी पन्छाउने र गहन अर्थरूपी बाटो छोप्ने र टोपी तान्ने वनस्पतिलाई बुझिने गरी व्याख्या गर्नुरूपी फाँड्ने काम गरेका छन् । यो बाटो जीवनमा यात्रा गर्ने पर्ने तीर्थ स्थलमा जाने बाटो जस्तै हो । यसमा हिंड्न सजिलो पार्ने काम अनुवादक तथा व्याख्याताले गरेका छन् ।

ईश्वरको नाम संकीर्तन भयो भने सांसारिक बन्धनबाट मुक्ति मिल्दछ भनिन्छ । सांसारिक बन्धन भनेको अनेक जुनी लिएर जन्मनु, मर्नु र प्राणीका प्रमुख शत्रु मानिने लोभ, मोह, ईर्ष्या, डाह, क्रोध र मदका पन्जामा परी रहनु हो । यस्तो अवस्थाबाट छुट्कारा पाउनका लागि भित्री मनदेखि नै ईश्वरको ध्यान गर्नु र उनको कुनै न कुनै नाम जप्नु आवश्यक हुन्छ । सन्तानको नाम ईश्वरको नामबाट राख्ने परम्परा पनि यस्तै मान्यताका कारण विकसित भएको हो । ईश्वरलाई नै न सम्झे पनि मर्ने वेलामा वा संकट परेका वेलामा सहयोगी र प्यारो पात्र सन्तानकै नाम उच्चारण गरे पनि ईश्वरको नाम बोलिने भएकोले यस्तो चलन चलाइएको हो । त्यसरी नाम जप्दा पनि ख्याल गर्नु पर्ने कुरा के हो भने मनोयोग लगाएर आँखा चिम्ली हृदयको सिंहासनमा ईश्वरलाई विराजमान गराउनका साथै तिनको दिव्य मूर्ति र विशिष्ट लीलाको कल्पना गर्नु पर्दछ । त्यस्तो जपले मनमा ईश्वरको कार्य परिकल्पित गराई जप गर्ने व्यक्तिलाई सन्मार्गतिर लाग्न अभिप्रेरित गर्दछ । जप र ध्यानको विशेषता नै यस्तो अवस्थाको सिर्जना गर्नु हो । विधि पुऱ्याएर *श्रीविष्णुसहस्रनामस्तोत्रम्*मा दिइएका भगवान् विष्णुका जुनसुकै नामको जप गरे पनि पुण्य प्राप्त हुन्छ । पुण्य लाभ हुनु भनेको मानसिक शान्ति पाइनु र ईश्वरीय चरित्रको ज्योतिबाट आफूलाई आलोकित तुल्याउनु हो । यसरी विचार गर्ने हो भने प्रस्तुत कृतिको उपादेयता कति ज्यादा छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौराणिक कथाहरूमा भनिएका कुरा प्रतीकात्मक दृष्टिकोणबाट बुझ्नु पर्ने हुन्छ किनभने तिनको रचना नै प्रतीकात्मक ढङ्गबाट गरिएको हुन्छ । प्रतीकात्मक दृष्टिकोण भनेको समाजका सांस्कृतिक सामाजिक पक्षका कुनै पनि क्रियाकलापले दिन खोजेको सन्देश तिनमा प्रयोग हुने प्रतीकहरूको अध्ययनबाट बुझ्नु हो । जस्तै सामान्यतया नेपाली महिलाले सउँदोमा सिंदुर लगाउनु शृङ्गार तथा सज्जा त हुँदै हो त्यसले सौभाग्य, रातो वर्णप्रतिको अधिक मोह, निश्चित धार्मिक परम्पराको अनुसरण जस्ता थुप्रै अर्थ पनि जनाएको हुन्छ । त्यसै गरी सबै देशको राष्ट्रिय झन्डा भए जस्तै नेपालको पनि राष्ट्रिय झन्डा आफ्नै शैलीशिल्पमा बनाइएको र प्रचलनमा रहेको कुरा बुझ्नु भनेको सामान्य बुझाइ हो । गहिरिएर यसका बारेमा जानकारी लिने हो भने यसमा प्रयुक्त निलो, रातो र सेतो रङ, सूर्यचन्द्रको चित्र, आलमका आकारको स्वरूप जस्ता कुराको अर्थ जान्नु आवश्यक हुन्छ । त्यस्तो अर्थ तब मात्र जानिन्छ जब ती सबै प्रतीकहरूको अर्थ जानिन्छ । प्रतीकात्मक दृष्टिकोणले संस्कृतिका यस्तै निश्चित चिह्न, व्यवहार, कार्य, विश्वास, तत्त्व र आधारलाई गहिरिएर हेर्दै तिनमा रहेका सङ्केत बुझ्न र सही अर्थ भेट्टाउन अभिप्रेरित गर्दछ । समाजका सदस्यहरूले मान्यता, नैतिकता, आचार, व्यवहार, क्रियाकलाप जस्ता कुरालाई प्रतीकहरूकै सहायताबाट आदानप्रदान गर्दछन् । त्यसैले प्रतीकहरूले संस्कृति बोकेका हुन्छन् । संस्कृति र सामाजिक व्यवहारका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । तिनलाई छुटयाएर अध्ययन गर्न मिल्दैन । संस्कृति सघन रूपले रहेका प्रतीकहरूमा समेटिएको हुन्छ । ती प्रतीक मनुष्यका व्यवहारभित्र लुकेका हुन्छन् । तिनको उपस्थिति प्रकट र अप्रकट दुवै रूपमा रहन्छ । प्रतीकलाई आधार बनाएर संस्कृतिको अध्ययन गर्ने चलन हालका दिनमा निकै बढेको छ । यसरी अध्ययन गर्नेहरू प्रतीक नबुझी संस्कृति बुझिँदैन भन्दछन् ।

*श्रीविष्णुसहस्रनामस्तोत्रम्*मा पनि प्रतीक नै प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । यस स्तोत्रमा दिइएका भगवान् विष्णुका एक हजार नाम र तिनको जप, ध्यान, मनन, अवलम्बन जस्ता विविध पक्षको माहात्म्य समेतका सबैलाई प्रतीकात्मक शैलीमा प्रस्तुत गरिएको छ । तिनको अध्ययन गर्नु भनेको सामान्य हिसाबबाट पढ्नका साथै तिनले जनाउने इतिहास, पुरातत्त्व, भावार्थ, साधारण र विशिष्ट अर्थ बुझी तदनुरूप आचरण गर्नु हो । यी सबैको गहिराइमा जान खोज्ने हो भने यिनले व्यक्त गर्ने मूलभूत अर्थ भनेको ब्रह्मज्ञान नै हो । त्यो अर्थ जान्नका लागि शब्दका प्रत्येक तन्तुले जनाउने भावको आशय बुझ्नु जरुरी हुन्छ । प्रतीकात्मक अर्थ भनेको त्यही हो । यस पुस्तकले पाठकलाई त्यस तहसम्म पुऱ्याउन सहयोग गर्न सक्तछ ।

यो कृति सामान्य अनुवाद र सम्बद्ध सामग्रीको उपयोगी तथा रुचिकर व्यवस्थापनमा आधृत उत्तम सम्पादन त हुँदै हो । त्यसका अतिरिक्त यो अनुसन्धानात्मक शैलीमा गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचना र ज्यादै परिश्रमपूर्वक तयार पारिएका आवश्यक विवरणको तालिका भएको उत्कृष्ट रचना पनि हो । वर्तमानमा चलनचल्तीमा रहेका अनुसन्धानका विधि अनुसार सन्दर्भ सामग्री राख्ने र विषयवस्तु मिलाउने केही पद्धतिमा सुधार अपेक्षित भए पनि यसमा अनुवाद र सम्पादनका साथै पर्याप्त मात्रामा मौलिकता पनि पाइन्छ । टिप्पणी गर्नै पर्ने अवस्थामा गल्ती खोज्नु अर्कै कुरा हो । यसको अध्ययन गर्ने जो कोहीले पनि प्रा. रिसालको व्याख्याता व्यक्तित्वका साथै कवि, अनुसन्धाता, सम्पादक, कोशकार, व्यवस्थापक, भगवान् विष्णुका परम भक्त अर्थात् विष्णुविज्ञ, सरल भाषाका प्रयोक्ता, अध्यात्म विद्याका ज्ञाता जस्ता अनेकौं व्यक्तित्वको परिचय प्राप्त गर्न सक्तछन् । यी सबै विशेषता बोकेको यो कृति ज्यादै उपयोगी, पठनीय, संग्रहणीय, मननीय र अवलम्बनीय देखिन्छ ।

भगवान् विष्णुको महिमा फैलाएर सत्कार्य गर्ने रचनाकार, अनुवादक, सम्पादक प्रा. रिसालको प्राज्ञिक उचाइ यस पुस्तकले निकै माथि पुऱ्याएको छ । ज्यादै महत्त्वपूर्ण यस पुस्तकको दोस्रो र तेस्रो संस्करण प्रकाशित गर्ने, *श्रीविष्णुसहस्रनामस्तोत्रम्*को सस्वर पाठ गरी क्यासेट र सिडी बनाउने र आफ्ना सन्तानहरूलाई यस्तो कार्यमा संलग्न हुनका साथै सक्दो सहयोग गर्न उपदेश दिने प्रकाशक प्रेमप्रसाद काफ्लेको योगदानको प्रशंसा गर्नु पनि समीक्षाका क्रममा आवश्यक देखिन्छ । अझ उल्लेख्य कुरा के पनि हो भने समीक्ष्य कृतिका प्रकाशक काफ्ले महोदयले यो पुस्तकको अभाव हुन नदिई आफू पछाडिका सन्ततिहरूले पनि आगामी संस्करणहरूको प्रकाशनको कार्य गरी रहने छन् भनेका छन् ।

४.२.१० चर्पटपञ्जरिकास्तोत्रम्

चर्पटपञ्जरिकास्तोत्रम् २०३९ सालमा प्रकाशित रचना हो । प्रा. शिवगोगाल रिसालको नवौं प्रकाशित कृति यो हो । यसको प्रकाशन पनि स्वयं प्रा. रिसालबाट भएको हो । आद्य शंकराचार्यको संस्कृत भाषामा रचना गरिएको सत्र वटा श्लोकको गीति रचना *चर्पटपञ्जरिकास्तोत्रम्* हो । सरल नेपाली गद्यमा अनुवाद र व्याख्या गरी चौबिस पृष्ठमा यो कृति प्रा. रिसालले तयार पार्नु भएको छ । लघु आकारको कृति यो हो । अनुवाद तथा व्याख्याता प्रा. रिसालको मात्र भूमिका यसमा छ । थालनी गरिएको तिथि मिति नभए पनि २०४४ सालको शंकराचार्य जयन्तीका दिन यस कृतिको रचना पूर्ण भएको कुरा भने पुस्तक परिचय अंशमा उल्लेख गरिएको छ ।

आद्य शंकराचार्यले यस स्तोत्रको रचना विशेष घटनाबाट प्रभावित भएर गरेका कुरा धेरै ठाउँमा चर्चा गरिएको पाइन्छ । अनुवादक प्रा. रिसालले पनि यसको भूमिकाको सो घटना प्रस्तुत गरेका छन् । त्यस घटनामा के भएको थियो भने काशीमा प्रातः कालिक भ्रमणका क्रममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भागीरथी नदीका किनारतिर डुल्दै गर्दा एक जना वयोवृद्ध व्यक्तिलाई आद्य शंकराचार्यले कौमुदी अर्थात् संस्कृत व्याकरणको 'डुकृङ्करणे' भन्ने सूत्र निकै बेरसम्म ज्यादै परिश्रम गरेर रटी रहेको देखे । शारीरिक अवस्था हेर्दा ती व्यक्ति संसारका केही दिनका मात्र पाहुना देखिन्थे । त्यस्तो जर्जर स्थितिमा पुग्दा पनि तिनले जीवनमा व्याकरण क्षेत्रको प्रकाण्ड विद्वान् बन्ने सपना देखेको र त्यसका लागि दिलोज्यान लगाएर उक्त सूत्र रटेको कुरा थाहा पाएपछि जगद्गुरु शंकराचार्यका मनमा तिनका प्रति दया लाग्यो । तिनी र उमेरको पर्वाह नगरी एकोहोरिएर जीवनका सपना र जपना पुरा गर्नका लागि ज्यान फाल्ने संसारी व्यक्तिको सही कल्याण हुने उपाय बताउने क्रममा शंकराचार्यले यो स्तोत्र रचना गरेका हुन् । पछि गएर यसको ख्याति सन्न्यासी सम्प्रदायका मठ, मन्दिर, आश्रम र घरघरमा निकै फैलियो । यसलाई मोक्षार्थी तथा वैरागीहरूका लागि पठनीय र अवलम्बनीय रचना पनि मानियो । आज पनि उक्त सम्प्रदायमा यो कृति निकै चर्चित रहेको पाइन्छ । कतिपय ठाउँमा बिहान उठ्दा, साँझबिहानको भोजन गर्नुभन्दा र राती सुत्नुभन्दा पहिले यसको पाठ गर्ने चलन छ । यसमा भगवान् नारायणको नाम संकीर्तनलाई सर्वोपरि महत्त्व दिइएको छ ।

शंकराचार्यले रचना गरेको यस स्तोत्रलाई पछिल्ला आचार्यहरूले बढाएर बत्तिस श्लोकसम्मको आकारमा पुर्‍याएको पनि पाइन्छ तर यसको मूल रचना चाहिँ सत्र श्लोकको हो । सोही रचनालाई प्रा. रिसालले नेपालीमा अनुवाद र व्याख्या गरी यस कृतिका रूपमा प्रस्तुत गरेका छन् । प्राज्ञहरूले आफूलाई एकातिर कहिल्यै बुढो नहुने र कहिल्यै नमर्ने ठानी विद्या तथा धन आर्जन गर्ने उद्देश्य राख्नु पर्दछ भने अर्कातिर टुपी समातेर अहिले नै काल लग्दै छ भन्ने अवस्थाको कल्पना गरी धर्मको काम तुरुन्त गरी हाल्नु पर्दछ भनेर पञ्चतन्त्रमा बताइएको छ । ठिक यसै गरी आद्य शंकराचार्यले पनि बुढो भई सकेपछि सांसारिक तृष्णामा रुमलिनुभन्दा हरि नाम संकीर्तन गरी सदाचारमा बस्नु बुद्धिमानी हुने कुरा बताएका छन् । सोही कुराको प्रस्तुति *चर्पटपञ्जरिकास्तोत्रम्* हो । सांसारिक पिँजराको बन्धन वा चपेटामा परेकाहरूको कल्याण गर्नका लागि रचना गरिएको स्तोत्र भन्ने अर्थमा यसको नाम *चर्पटपञ्जरिकास्तोत्रम्* राखिएको हो । *चर्पट* भनेको चपेटा वा बन्धन, *पञ्जरिका* भनेको पिँजरा र *स्तोत्रम्* भनेको स्तोत्र वा भजन अथवा ईश्वरीय भक्तिमा आधृत स्तुति वा गीति रचना हो । संसाररूपी पिँजराको चपेटामा पर्दा हुने छटपटीमा गाइने भक्ति गीत भनेर पनि यसलाई अर्थ्याउन सकिन्छ । नाथ सम्प्रदायका एक जना प्रसिद्ध योगीको नाम पनि चर्पटनाथ हो ।

यस कृतिको आवरण रातो रङ्गको सादा गाताले सजाइएको छ । यसको अघिल्लो पृष्ठमा माथिल्लो भागमा मूल रचनाकारको नाम र त्यसको मुनि पुस्तकको नाम दिई तिन धर्के विभाजन रेखा कोरेर मुनितिर अनुवादक तथा त्यसको पनि मुनि प्रा. शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको छ । गाताको पछिल्लो पृष्ठमा भगवद्भक्तिका संस्कृतका चार वटा प्रसिद्ध श्लोक राखिएको छ । गाताको सुरुको भित्रपट्टिको पृष्ठ खाली राखिएको छ भने पुछारको भित्रपट्टिको पृष्ठमा काशीको माहात्म्य बताउने *काशी-पंचकम्*का संस्कृतका पाँच वटा श्लोक प्रस्तुत गरिएको छ । आवरणपछिको पहिलो पृष्ठमा मूल रचनाकार तथा पुस्तकको नामका साथै अनुवादकको नाम दिइएको छ । त्यसको पछाडिका चार वटा पृष्ठमा अनुवादकको भूमिका छ । त्यसपछि मात्र पुस्तकको विषयवस्तु सुरु गरिएको छ ।

भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते अर्थात् विचार पुऱ्याउन नसक्नेहरू हो, गोविन्द नाम भज भन्ने उक्तिलाई थेगो बनाएर यसका प्रत्येक पाठका अन्त्यमा प्रस्तुत गरिएको छ । यस पुस्तकमा भनिए अनुसार मृत्युको नजिक पुग्दा कौमुदीको 'डुकृङ्करणे' सूत्रको रटाइले पार लाउन सक्तैन । त्यस्तो समयमा त गोविन्दकै नाम संकीर्तन आवश्यक हुन्छ ।

कालले बिहान, दिउँसो, साँझ, राती, दिन, महिना, वसन्तदेखि शिशिरसम्मका ऋतुहरू र वर्षलाई खेलाई राख्दछ । त्यस क्रममा उमेर बित्दै जान्छ तर मान्छेमा रहेको आशाको त्यान्द्रोले भने छोड्दैन । अगाडिबाट आगो र पछाडिबाट घाम ताप्दै दुइटा घुँडाका बिचमा टाउको राखी बस्नु पर्ने अवस्था आओस् वा हातलाई नै भाँडो बनाएर भिक्षा मागी खानु पर्ने स्थितिमा पुगियोस् अथवा रुखको छहारीमा वास बस्नु पर्ने होओस् अर्थात् जस्तोसुकै सम्पन्न वा विपन्न हुनु परे पनि आशाको पासोले बन्धनमा पार्न भने छोड्दैन ।

कमाउन सक्ने हुँदासम्म घरका सदस्यले मानमनितो गर्दछन् तर बुढ्याइँ वा रोग लागेर अशक्त थला परेमा घरकै सदस्यले समेत उपेक्षा र घृणा गर्दछन् । त्यस्तो अवस्थामा कसैले पनि सोधपुछ गर्दैनन् । जटा पालेका, मुण्डन गरेका, कपाल लुछिएका, गेरू वस्त्र लगाएका, अनेक प्रकारका लुगा धारण गरेका जोगीहरू पेट पाल्नका लागि विभिन्न रूपमा प्रस्तुत हुन्छन् तर तिनीहरू आँखा देख्ने भएर पनि जीवनको सही तत्त्व देख्दैनन् ।

अलिकति पनि श्रीमद्भगवद्गीताको अध्ययन गरेको, गंगाजलका छिटा शरीरमा छर्केको र मुखमा हालेको र एक पटक पनि भगवान् मुरारिको नाम जपेको छ भने यमका दूतहरूले सम्मान गर्दछन् । त्यस्ता व्यक्तिलाई कालले पनि सताउँदैन । गलेको शरीर, फुलेको कपाल, दाँत झरेको चेहरा लिई लट्ठी टेकेर हिँड्नु पर्ने अवस्थामा पनि मनको तिर्सना छोड्न नसक्नु भनेको आफूलाई नचिन्नु नै हो ।

बाल्यावस्था खेलकुदमा र युवावस्था जवानीको रमाइलोमा बित्दछ । बुढेस काल लागेपछि अनेक प्रकारका चिन्ताले सताउन थाल्दछ । पाएको समयको सदुपयोग गरी परमात्माको चिन्तनमा लागेको कोही पनि देखिँदैन । फेरिफेरि जन्मनु, मर्नु र आमाको पेटको ज्वालामा सुत्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने यस संसाररूपी सागरबाट पार पाउन गारो छ । हे भगवन् यस्तो अवस्थाबाट तपाईं नै पार लाउनु होस् ।

दिनपछि रात र रातपछि दिन बित्दै जाँदा कृष्ण र शुक्ल पक्षका साथै महिना, छ छ महिनामा आउने अयन र वर्ष पनि व्यतीत हुँदै जान्छन् । जति नै उमेर बिताए पनि, जति नै अनुभव र परिपक्वता हासिल गरे पनि मान्छेले आशा र क्रोध भने छोड्न सक्तैन । तलाउको पानी सुकेपछि पोखरी नरहे जस्तै जवानी गएपछि कामक्रीडाको विचार पनि शिथिल बन्दै जान्छ । त्यसै गरी धन सम्पत्ति नरहेपछि परिवारकै सदस्यले पनि ख्याल गर्न छोड्दछन् । यसरी नै तत्त्वको ज्ञान भएपछि संसार बाँकी रहँदैन ।

शारीरिक सौन्दर्यमा लोभिने जवानीका बेलाको मानसिकता झुटा कुरामा मोहित हुन्छ । त्यस्तो सौन्दर्य भनेको भ्रम मात्र हो । त्यसमा सार हुँदैन । यस विषयमा गम्भीर बनेर सोच्नु पर्दछ । झुटा कुरामा पर्नु हुँदैन । यस संसारमा जन्मेपछि बनेका आमा, बाबु, आफू, अर्को, कहाँबाट आइएको र कहाँ जाने भन्ने सबै कुराका साथै यो संसार नै सपना जस्तै सार विहीन भएको कुरा बुझ्नु जरुरी छ ।

श्रीमद्‌भगवद्‌गीता र *विष्णुसहस्रनाम*को पाठ, भगवान् विष्णुको ध्यान, सज्जनको संगत, दीनदुःखीको सेवा गर्नु नै उत्तम काम गर्नु हो । त्यसैले सांसारिक मोहमा नअल्झेर यस प्रकारका सत्कार्यतिर आकर्षित हुनु पर्दछ । शरीरमा प्राण रहँदासम्म सबै आफ्ना हुन्छन् । प्राणले छोडेपछि ज्यादै माया गर्ने पति वा पत्नी पनि त्यस शरीरलाई देख्दा डराउँछन् । त्यसैले शरीरलाई माया कसैले गर्दैन । माया त आत्माकै हो । सुख र आनन्दका लागि भोग विलास गरिन्छ । भोग विलासबाट नै अनेक प्रकारका रोग लाग्दछन् । ती रोगबाट मुक्ति दिलाउने काम मृत्युले गर्दछ । यी कुरा जान्दा जान्दै पनि मनुष्यले पाप गर्न छोड्दैन ।

राम्रा नराम्रा लुगा, पाप, धर्म, आफू, अर्को जस्ता सांसारिक झन्झटका कुरा मनकै कल्पना हुन् । यस प्रकारका विचार हृदयमा खेलाएर चिन्ता गर्नु व्यर्थ छ । सत्कार्य भनेको गोविन्दकै नाम जप्नु वा गोविन्दको जस्तो आचरण गर्नु हो । त्यही काम गर्नु नै बुद्धिमानी हो । गोविन्दको नाम जप्नु भनेको अर्थ न बुझी गोविन्द गोविन्द मात्र भन्नु होइन । नेपाली समाजमा *अर्थ नपाई गोविन्द गाई* अर्थात् अर्थ नबुझेरै गोविन्दको नाम जप्नुको केही उपलब्धि हुँदैन भन्ने उखान प्रचलित छ । भगवान् गोविन्दले जीवनमा गरेका जति पनि विशिष्ट काम छन् तिनको गहिरो अध्ययन गरी आफ्नो जीवन पनि तदनुकूल बनाउनु पर्दछ भन्ने सन्देश थाहा पाउनु नै गोविन्दको नाम जप्नु हो । आफूलाई लोकको हितका लागि, समाजको शान्तिका लागि, समस्त प्राणीको कल्याणका लागि र परमार्थको प्राप्तिका लागि समर्पित गर्नु भनेको गोविन्दको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम जप्नु हो । त्यसो नगरेर सांसारिक लोभ, मोह, तृष्णा, पाप, अन्याय, स्वार्थ लाभ, परपीडा, अत्याचार, घृणा, द्वेष, ईर्ष्या, डाह, क्रोध जस्ता गलत व्यवहारमा लिप्त भएर बाहिरी आडम्बर देखाउन गोविन्दको नाम जप्नाले कुनै लाभ हुँदैन । जीवनलाई आदर्शयुक्त बनाउनु पर्दछ भन्नु नै यसको सन्देश हो । बुढेस कालमा गोविन्दको नाम जप्नु पर्दछ भन्नको अर्थ जीवनभरि सकेसम्म र जानेसम्म दुराचार गर तर वृद्धावस्थामा चाहिँ माला समातेर गोविन्द गोविन्द भन्दै जप गर भन्ने सल्लाह दिन खोजेको होइन । यथार्थ कुरा के हो भने आदर्श विनाको जीवन उच्च बन्न सक्तैन । जे व्यवसाय गरे पनि आदर्श व्यवहारमा रहेर काम गरेमा अवश्य नै सुख, सन्तोष र आनन्द प्राप्त हुन्छ । सफल हुनु भनेको पनि यिनै कुरा पाउनु हो । त्यसैले बालकदेखि वृद्धसम्मका सबै उमेर समूहका नरनारीहरूले गोविन्दको नाम जप्नु पर्दछ अर्थात् गोविन्दको जस्तो चरित्र बनाउनु पर्दछ । शिक्षाको अन्तिम लक्ष्य पनि चरित्र निर्माण नै हो । सच्चरित्रता सबभन्दा ठुलो धन हो । यो कमाउन ज्यादै गारो हुन्छ तापनि यस कमाइबाट हुने सन्तुष्टि अन्य कुनै कमाइबाट हुँदैन । गोविन्द नामको अर्थ पनि यही हो ।

गंगाको किनारमा बिहानै संस्कृत व्याकरणको पुस्तक कौमुदीको 'डुकृङ्करणे' भन्ने सूत्र रट्नु भनेको सामान्य अवस्थामा त उत्तम र गर्नै पर्ने काम गर्नु हो । जुन विषयमा प्रवीण बन्नु पर्ने हो त्यसमा दिलोज्यान लगाएर समर्पित नभएसम्म त वाञ्छित उपलब्धि हासिल हुन सक्तैन । संगीतका साधकहरू रातरातभरि नसुतेर, भोजनको पर्वाह नगरेर, घरगृहस्थीको जिम्मेवारी बिर्सेर, आफूलाई समेत पन्छाएर साधनामा जुटेका हुन्छन् । त्यसो नगरेसम्म संगीतमा प्रभुत्व कायं गर्न पनि सकिँदैन । व्यावसायिक दृष्टिले प्रवीण बन्न जान्नु पर्ने सिपका सम्बद्ध पक्षको ज्ञान हुनै पर्दछ । अचेल मनले रुचाएको विषय सिक्न उमेर ढल्कँदा पनि कतिपय व्यक्ति समर्पित भएर लागेका देखिन्छन् । तिनलाई त्यसरी परिश्रम गरेर सिकेको ज्ञानको उपादेयता, प्रयोग, परिणाम र अर्थसित परवाह हुँदैन । त्यसरी लाग्नु पनि गोविन्दको नाम जप्नु नै हो । त्यसो हुँदाहुँदै पनि मरणासन्न अवस्थामा पुगेको वेलामा अपनाउनु पर्ने बाटो भनेको लोकको कल्याणमा सधैंभरि लागी परेका गोविन्द भगवान्ले जस्तै सत्कार्य गर्नु हो भन्ने विचार आद्य शंकराचार्यले व्यक्त गरेका हुन् । त्यसैले 'डुकृङ्करणे' को पाठ गर्ने वृद्धको कथा यथार्थभन्दा पनि आधार स्थापनाका लागि परिकल्पित भएको हुनु सम्भव देखिन्छ ।

आद्य शंकराचार्यले भन्न खोजेको मूलभूत कुरा के हो भने ईश्वरले समयको सदुपयोग गरे जस्तै जीवनमा पाइएको समयको सदुपयोग गर्नु पर्दछ । दिनहुं देखिने सूर्यले कहिल्यै आराम गर्दैनन्, आफ्नो कर्तव्यबाट कहिल्यै विमुख हुँदैनन्, ग्रहण लाग्ने कुरा थाहा पाउँदा पनि धर्तीमा आउन छोड्दैनन्, कसले के भन्छ भन्ने कुराको ख्याल नगरी प्रकाश फैलाउने काम गरी रहन्छन् । भगवान् गोविन्दले जहिले पनि लोककै हित हुने काम गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिका समस्त प्राणीलाई साख्खै सन्तानका रूपमा स्वीकार गरी तिनको पालन पोषण तथा संरक्षणको जिम्मा पनि गोविन्दले लिन्छन् । त्यो जिम्मेवारी वहन गर्दा उनले के कति दुःखकष्टको सामना गर्नु पर्दछ भन्ने कुरा चारो ल्याउने माउले कहाँबाट के कसरी चारो ल्याएकी हो भन्ने विषयमा बचराको ख्याल न गरे जस्तै कुनै पनि प्राणीले ख्याल गर्दैन । गोविन्दले लगातार पाल्ने र आफूले लगातार पालिने नै धर्म हो भने जस्तो व्यवहार तिनीहरूले गर्दछन् । यस प्रकारका वर्णनातीत वैशिष्ट्य बोकेका गोविन्दको चिन्तन गर्नु भनेको उनले गर्ने काम र उनको योगदानलाई राम्ररी बुझेर आफूले पनि तदनुरूप आचरण तथा व्यवहार गर्नु हो । यही कुरा भन्नका लागि शंकराचार्यले समीक्ष्य कृतिमा अनेक उदाहरण प्रस्तुत गरेका छन् ।

यस पुस्तकको विशेषता भनेको सरल भाषाको प्रयोग गर्नु हो । साथै शंकराचार्यले मूलपाठमा भनेका कुराको भाव न बिग्रने गरी आशयका सबै पक्षमा प्रकाश पार्नु पनि यसको वैशिष्ट्य हो । अन्वय मिलाएर विवेच्य पाठमा प्रयुक्त शब्दको अर्थ सजिलो नेपाली भाषामा बताउनका साथै विस्तारपूर्वक जान्नु पर्ने कुराको व्याख्या स्पष्ट रूपमा गर्नु पनि यसको अर्को निजत्व हो । यसका माध्यमबाट प्रा. रिसालमा रहेको अनुवाद क्षमता र व्याख्याता व्यक्तित्वको परिचय पनि मिलेको छ । कुनै पनि पाठको सामान्य भावानुवाद त गर्न सकिन्छ तर भाषानुवाद गर्न गारो हुन्छ किनभने मूल पाठमा प्रयोग गरिएका शब्दले अर्थका साथै संस्कृति, परम्परा, इतिहास, स्थान, रचनाकार, परिवेश र पृष्ठभूमि पनि बोकेको हुन्छ । यी सबै कुरा खुल्ने गरी यो अनुवाद गरिएको छ ।

व्याख्या गर्ने सन्दर्भमा पनि यसमा प्रा. रिसालको क्षमता प्रकट भएको छ । व्याख्याता स्वयं यस कृतिमा व्यक्त गरिएको भाव वा विचारका सशक्त अनुयायी भएकाले पनि यसको व्याख्या प्रभावकारी बनेको हो । वेदान्त दर्शनलाई जीवनका प्रत्येक पक्षमा प्रयोगमा ल्याउन सकिने कुरामा बलियो तर्क दिने प्रवृत्ति व्याख्यातामा रहँदै आएको छ । यो रचना सोही विचारको संवाहक भएकोले पनि यसप्रति व्याख्याता आकर्षित बनेको हुनु पर्दछ । सोही आकर्षणले नै यस कृतिको अनुवाद र व्याख्यामा प्रा. रिसाल उत्साहित बन्नु सम्भव छ । आफूले रुचाएको र जानेको विषयमा बोल्न पाउँदा जो पनि खुसी हुनु र खुलस्त बन्नु स्वाभाविक कुरा हो । त्यसै पनि भन्नु पर्ने कुरा स्पष्ट बुझिने गरी व्यक्त गर्नु प्रा. रिसालको विशेषता हो । गद्यमा भन्दा पद्यमा साहित्य सिर्जना गर्न बढी रमाउने प्रवृत्ति यस कृतिका व्याख्यातामा देखिन्छ तर यसमा भने गद्यको प्रयोग गरिएको छ र उत्तम स्तरको गद्य देखिएको छ । यसलाई उदाहरण बनाएर प्रा. रिसाल गद्यमा पनि उत्तिकै प्रवीण रचनाकार भएको कुरा व्यक्त गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.११ श्रीखप्तडबाबा

श्रीखप्तडबाबा (अध्यात्म काव्य) डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रतिष्ठान, काठमाडौँद्वारा २०५३ साल पुस २७ गते राष्टिय एकता दिवसको अवसर पारेर प्रकाशमा ल्याइएको कृति हो । प्रा. शिवगोपाल रिसालको दसौं प्रकाशित कृति यो हो । यसमा श्री १००८ सच्चिदानन्द सरस्वती (खप्तड बाबा) को चरित्र चित्रण गरिएको छ । त्यसैले यो चरित्र काव्य हो । यसमा वेदान्त दर्शनका सारभूत पक्षमाथि प्रकाश पार्ने काम गरिएको हुनाले यो अध्यात्म काव्य र काव्य पनि हो । रचनाकार स्वयंले यसलाई अध्यात्म काव्य भनेका छन् ।

खप्तड बाबा जहिले पनि प्रसन्न आकृतिमा देखिने योगी हुन् तर यस कृतिको आवरण पृष्ठको अघिल्लो भागमा रेखाङ्कन गरिएको उनको चित्र केही भिन्न प्रकृतिको बनाइएको छ । त्यो चित्र खप्तड बाबाकै प्रतीक हो भने यथार्थभन्दा भिन्न किसिमको देखिएको छ । अन्य दृश्य भने खप्तड सुहाउँदो नै बनाइएको छ । रेखाचित्रको सट्टा यथार्थ चित्र नै आवरणमा राख्दा पनि सुहाउँदो नै हुन्छ । प्रा. रिसालका अधिकतर पुस्तकहरूमा पाइने सांगठनिक व्यवस्था यसमा पनि प्रयोग गरिएको छ । सुरुको पृष्ठमा पुस्तक र रचनाकारको नाम, त्यसको पछाडिको पृष्ठमा पुस्तकको परिचय, त्यसपछिको पृष्ठमा खप्तड बाबाको रंगीन चित्र, त्यसपछि क्रमशः **समर्पण** शीर्षकमा रचनाकारको भूमिका, प्रकाशन गर्ने संस्थाका अध्यक्ष अंगुरबाबा जोशीको प्रकाशकीय र विषयसूची प्रस्तुत गरिएको छ ।

डिमाईभन्दा पनि सानो १४२ पृष्ठको दस वटा विश्राममा विभक्त यो काव्य जम्मा ७४७ वटा श्लोकमा संरचित छ । शास्त्रीय विभिन्न छन्दको प्रयोग यसमा गरिएको छ । यसको अध्ययनबाट शास्त्रीय छन्द प्रयोग गर्न रुचाउने र त्यसमा प्रभुत्व कायं गर्न सक्षम प्रतिभाका रूपमा रचनाकारको परिचय मिल्दछ । छन्दका कारण काव्यकार अल्मलमा परेको अवस्था सामान्यतया यसमा देखिँदैन । अर्को कुरा यसका सर्जक वेदान्त दर्शन भनेपछि हुरुक्क बन्ने परिप्रेक्ष्यमा सोही दर्शनका मर्मज्ञ खप्तड बाबाको बयान गर्न पाउँदा रचनाकार ज्यादै प्रसन्न बनेको अवस्थाको बोध पनि यसको अध्ययनबाट हुन्छ ।

यस काव्यको प्रथम विश्राममा एक श्लोकको **मङ्गलाचरण**, दस श्लोकको **बाबाको व्यापकता**, बिस श्लोकको **नेपाल माहात्म्य**, बार श्लोकको **नेपाल-भारत सम्बन्ध** र बार श्लोकको **बाबाका मातापिता** गरी पाँच वटा शृंखला छन् । द्वितीय विश्राममा चौध श्लोकको **अध्ययनार्थ बेलायत यात्रा**, छ श्लोकको **सन्न्यास दीक्षा**, एघार श्लोकको **नेपाल प्रवेश** र बार श्लोकको **खप्तडमा विश्राम** गरी चार वटा शृंखला छन् । तृतीय विश्राममा एउटा मात्र शृंखला उनन्चालिस श्लोकको **तपोभूमि नेपाल** छ । चतुर्थ विश्राममा दस श्लोकको **भौतिक र आध्यात्मिक चिकित्सक**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबा, बाइस श्लोकको **बाबाबाट विभिन्न रोगको उपचार** र बाइस श्लोकको **बाबाको वाणी र शैली** नाम गरेका तिन वटा शृंखला छन् । पञ्चम विश्राममा चौध श्लोकको **शिवपुरी आश्रममा सत्संग**, छ श्लोकको **मुक्तात्मा महात्मा** र दस श्लोकको **केही झलक** गरी तिन वटा शृंखला छन् । **बाबाका आश्रममा ब्रह्मसभा** नामको षष्ठ विश्राममा पचपन्न श्लोकको **भक्ति सत्र**, बयालिस श्लोकको **वेदान्त सत्र** र बार श्लोकको **ब्रह्मात्मज्ञान सत्र** गरी तिन वटा शृंखला छन् । सप्तम विश्राममा एक सय पन्ध्र श्लोकको **सृष्टिदृष्टिवाद सत्र** नाम गरिएको एउटा मात्र शृंखला छ । अष्टम विश्राममा एक सय बार श्लोकको **दृष्टिसृष्टिवाद सत्र** नामको र नवम विश्राममा एक सय बार श्लोकको **अजातवाद सत्र** शीर्षकको एउटा मात्र शृंखला राखिएको छ । दशम विश्राममा सैंतिस श्लोकको **बाबाका केही उपदेश**, दस श्लोकको **खप्तड आश्रममा बाबा र बाघ**, बिस श्लोकको **बाबासाग बिदाइ** तथा एघार श्लोकको **ब्रह्मलीन र अन्त्येष्टि** गरी चार वटा शृंखला छन् ।

पहिलो विश्रामको **मङ्गलाचरण**मा दुर्गा, दक्षिणकाली, सूर्य, गणेशको स्तुति गरी सेवा, धर्म, विचार, योग, तप, र का ज्ञाता खप्तड बाबाको विषयमा लेखिने यो काव्यानुष्ठान पूर्ण गरी दिन भनिएको छ । सोही विश्रामको अर्को शृंखला **बाबाको व्यापकता**मा खप्तड बाबा शिवपुरी, मानसरोवर, बझाङ, डोटी, बैतडी, दोलखाको कालिन्चोक, जुम्लाको चन्दननाथका साथै कोसी, सेती, महाकाली, गण्डकी, ध्रुवस्थली, वनस्थली, भक्तहरूका मनस्थली, गोसाइँकुण्ड, दामोदरकुण्ड, विभिन्न तीर्थधाम जस्ता स्थानमा, विचार विज्ञानमा, स्वास्थ्य विज्ञानमा, धर्म विज्ञानमा, म र मेरो कर्तव्यमा, नारी धर्म र पुरुष धर्म लगायतका कृतिमा, सत्संगमा, सेवामा, तपस्यामा, ईश्वरको आराधनामा, विभिन्न कुटीमा, श्रद्धालुहरूका घरबारमा, दरबारमा, सबैका निष्ठामा, पाखापखेरामा, धनगढीमा, वेदवेदांगका चर्चामा, जडिबुटीमा, आयुर्वेदमा फैलिएका कुराको बयान गरिएको छ ।

नेपाल माहात्म्यमा नेपालका विशेषताको चर्चा गरिएको छ । यस क्रममा कविमा रहेका राष्ट्रिय भावना, नेपालप्रतिको माया, नेपाली माटोसितको मोह, नेपालको प्राकृतिक सौन्दर्यसितको आकर्षण जस्ता कुराका उल्लेख्य पक्षको उद्घाटन पनि भएको छ । हिमालै हिमाल, पहाडै पहाड, मन्दिरै मंदिर, धाम नै धाम, पीठ नै पीठ, पर्वतका चुचुरा, वन, फराकिला फाँट, खोलानाला, देवीदेवताका थान, हिन्दूहरूको आधिक्य, प्राकृतिक सुन्दरताको खानी, शालग्राम, ताल, कुण्ड, मातृ शक्तिप्रतिको सम्मान, ऋषिमुनिहरूको साधना स्थल, शैव, शाक्त, वैष्णव, बौद्ध, सौर्य सम्प्रदायको साझा भूमि, कोट, किल्ला जस्ता अनेकौं तत्त्वले सम्पन्न नेपाल संसारमा सांस्कृतिक वैभवले भरिएको मुलुकमा गनिने कुरा कविले यस अंशमा बताएका छन् । अझ अनेक जातजातिको साझा कर्म भूमि, कौशिक, व्यास, बुद्ध, जनक, सीताको तपस्थली र जन्मस्थली, वाराह क्षेत्र, देवघाट, मुक्तिक्षेत्र, पुरुषोत्तम क्षेत्र, आर्यघाट, सूर्यचन्द्रांकित झन्डा, कहिल्यै पराधीन नबनेको देश,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीरहरूको उर्वर भूमि, मालदेखि हिमालसम्मको विविधताले युक्त ठाउँ, शान्तिको केन्द्र, सिर्जनाको थलो, ऋषि वृत्तिको जीवन, न्यायको केन्द्र, अध्यात्मको सदरमुकाम, ज्ञान, योग, सन्तोष, दान, मान, सान र सच्चरित्रताको गढ यो विशाल देश ज्यादै सुन्दर भएको कुरा पनि रचनाकारले एक सासमै बताए जस्तै गरी व्यक्त गरेका छन् ।

नेपाल-भारत सम्बन्ध भन्ने अर्को शृंखलामा वैदिक कालदेखि नै नेपाल र भारत ज्यादै घनिष्ट छिमेकी बनेर रहेका मुलुक हुन् भन्दै यी दुई देशमा धर्म, कर्म, सभ्यता, संस्कृति, आचार, विचार, सामाजिक परम्परा समान किसिमको रही आएको कुरा बताइएको छ । यस अंशमा भनिए अनुसार लाखौं भारतीयहरू प्रति वर्ष मुक्तिनाथ, पशुपतिनाथ जस्ता तीर्थ धामको यात्रा जसरी गर्दछन् त्यसरी नै नेपालीहरू काशी, गया आदि भारतीय भूभागमा रहेका तीर्थ धाममा जान्छन् । अझ अध्यात्म साधनाका लागि यताका उता जाने उताका यता आउने चलन निकै पुरानो हो । यी दुई देश धेरै पछि मात्र स्वतन्त्र मुलुक भएका हुन् । यी दुवै भारतवर्षीय संस्कृतिका केन्द्र हुन् । अध्यात्म विद्याका गढ बनेर यिनले संसारमा ख्याति कमाएका छन् ।

पहिलो विश्रामको अन्तिम शृंखला **बाबाका मातापिता**मा कास्मिरका वैदिक ब्राह्मण परिवार तथा धार्मिक आचार व्यवहारका मातापिताका कोखबाट यिनको जन्म भएको हो भनिएको छ । यिनको बयान गर्ने क्रममा कविले बताए अनुसार सानैदेखि मेधावी यिनले वेद, धर्मशास्त्रको अध्ययन गरेका थिए । औपचारिक शिक्षा आर्जन गर्ने क्रममा विज्ञानका विद्यार्थी बनेका यिनी चिकित्साशास्त्रको अध्ययन गर्न बेलायत गए किनभने त्यस विषयको अध्ययन अनुसन्धान गर्ने उचित व्यवस्था बेलायतमा थियो । त्यो समयमा भारतमा अंग्रेजहरूको राज थियो । विज्ञान विषयको पढाइको महत्त्व बढ्दै जान लागेको समय त्यो थियो ।

दोस्रो विश्रामको पहिलो शंखला **अध्ययनार्थ बेलायत यात्रा**मा निम्न लिखित घटनाको बयान गरिएको छ । कास्मिरमा जन्मे हुर्केका र भारतीय बोली व्यवहारमा रमेका खप्तड बाबा चिकित्साशास्त्र अध्ययन गर्नका लागि निकै टाढाको ठाउँ बेलायत पानी जहाज चढेर गए । त्यस बखत हवाइ जहाज उपलब्ध थिएन । भारतबाट बेलायत जानेहरू त्यस समयमा महिनौं लगातार पानी जहाजको यात्रा गर्दथे । खानपान, सुताइ, मनोरञ्जन पानी जहाजमै हुन्थ्यो । पानी जहाज कतै विश्राम न गरी चौबिसै घण्टा समुद्रमाथि कुद्ने गर्दथ्यो । हिन्द महासागर, लाल सागर, भूमध्य सागर, प्रशान्त महासागर पार गर्ने क्रममा पानी जहाजमै सूर्योदय र सूर्यास्त हुन्थ्यो । त्यस्तो यात्रामा कहीं पनि माटो, धर्ती, बस्ती, वृक्ष, वनस्पति देखिँदैनथ्यो । त्यसैले यात्रीहरूलाई अत्यास लाग्दथ्यो । यस प्रकारका अनेकौं अप्ठेरा सहेर खप्तड बाबाले चिकित्साशास्त्रको अध्ययन भिन्न बोली, भाषा, सभ्यता र संस्कृतिको मुलुकमा बसेर गरे । पढाइ सिध्याएर उनी सैनिक अस्पतालमा चिकित्सक बनेर सेवा गर्न थाले । काम गर्दै जाँदा एक पटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरणासन्न अवस्थाका बिरामी एक जना बालकको उपचार गर्नु पर्ने अवस्था आयो । बाबाले अनेक उपाय गर्दा पनि बिरामीलाई सन्चो भएन । उल्टै रोग बढ्न थाल्यो । त्यस्तो समयमा अस्पतालमा आएका एक जना योगीले दिएको औषधिबाट बिरामी बालकको रोग निको भयो । त्यसपछि बाबालाई वैज्ञानिकहरूले स्वीकार गरेको र व्यवहारमा ल्याएको उपचार पद्धतिभन्दा ज्यादा प्रभावकारी उपचारको बाटो त अर्को पनि रहेछ भन्ने कुरा बाबालाई बोध भयो । सोही अनुभूतिबाट विरक्तिएका बाबा आध्यात्मिक बाटोलाई जीवनको असली गन्तव्य ठानी बाबा बन्न हिंडे ।

सन्न्यास दीक्षा भन्ने अंशमा बताइए अनुसार रोग लाग्ने र उपचार गर्ने अवस्थाबाट पार पाउने बाटोको चयन बाबाले गरे । त्यो चयन भनेको योगको बाटो हो । चिकित्सक व्यवसाय छोडी अनेक तीर्थ, आश्रम र पीठहरू घुम्दै योग्य गुरुको खोजी बाबाले गरे । त्यस क्रममा बाबाले स्वामी ज्ञानाश्रमीबाट भागीरथी नदीको तटमा दीक्षा ग्रहण गरे । त्यसपछि पनि कुनै निश्चित ठाउँमा नबसेर बाबा तीर्थाटन र देशाटन गर्दै हिंडे । त्यस क्रममा बाबाले नेपाल प्रवेश गरी अनेकौं धामको भ्रमण गरे । नेपालको प्रकृति र शान्त स्वच्छ वातावरण बाबालाई मन पऱ्यो । बाबा यतै रमाउन थाले ।

अर्को शृंखला **नेपाल प्रवेश**मा बयान गरिए बमोजिम नेपाल प्रवेश गरेपछि अनेक ठाउँ घुम्ने क्रममा बाबा खप्तडको लेकमा पुगे । निकै ज्यादा उँचाइमा रहेको खप्तड बाबालाई असाध्यै मन पऱ्यो । कास्मिरमा जन्मे हुर्केकाले पनि उच्च पर्वतीय भूभागमा अवस्थित खप्तडप्रतिको आकर्षण बढेको हुनु पर्दछ । श्यामचेतन बाबा र त्रिवेणी पुरी जस्ता महान् योगीले पनि नेपालको पर्वतीय क्षेत्र तपस्याका लागि चयन गरेका छन् ।

खप्तडमा विश्राम दोस्रो विश्रामको चौथो अर्थात् अन्तिम शृंखला हो । यसमा वर्णित घटना के हो भने छ महिना चिसो हुने खप्तड घना जङ्गल, एकान्त, तपको साधनाका लागि उपयुक्त, शान्त वातावरण, भौतिक घच्चाघमासानभन्दा टाढा, हराभरा, सुन्दर, ज्ञानभूमिका रूपमा चर्चित रहँदै आएको परिप्रेक्ष्यमा बाबाले पनि अध्यात्म साधनाका लागि यसै ठाउँलाई चयन गरे । यो ठाउँ शिव र शक्ति तथा तिनका सेवक मानिने स्थानीय देवता मस्टाको प्रिय भूमि, प्राकृतिक सौन्दर्यको खानी, सुदूर पश्चिमाञ्चल क्षेत्रका विभिन्न जिल्लाको सेतु, अनेक ताल तथा पाटनले युक्त र बहुमूल्य एवं दुर्लभ जडीबुटी पाइने हुनाले पनि बाबालाई प्यारो लाग्यो । त्यसैले बाबाले यहीं बसेर कठोर साधना गरे ।

तृतीय विश्रामको नाम **तपोभूमि नेपाल** हो । यसमा कवि ज्यादै भावुक बनेका छन् । नेपालको सरलता, प्राकृतिक सुन्दरता, शान्त वातावरण, उपयुक्त तापक्रम र अकृत्रिम जीवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसलाई पनि मन पर्दछ । कवि हृदय भएकाहरूलाई त यो देश झनै प्यारो लाग्दछ । त्यसैले संसारका जुनसुकै ठाउँमा जन्मे हुर्के पनि नेपाल बस्न पाउँदा जोसुकै व्यक्ति रमाउँछ र प्रसन्न बन्दछ । खप्तड बाबा तिनैमध्येका एक हुन् । नेपालमै जन्मेर जीवनको लामो समय बिताएका प्रा. रिसाल खप्तड बाबाको बयान गर्ने सन्दर्भमा मनभित्र उर्लेका नेपालप्रतिको मोहका भावना यस अंशमा विसाउँदै के भन्दछन् भने गोसाइँकुण्ड, स्वर्गद्वारी, रेसुङ्गा, सहस्रलिङ्ग, बैजनाथ, स्वयम्भु, लुम्बिनी, दन्तकाली, हलेसी, तलेजु, गोखकाली, चुरिया, मनकामना, गुह्येश्वरी, दक्षिणकाली, पशुपतिनाथ, जानकी मन्दिर, महाविद्याहरू, मच्छिन्द्रनाथ, गुम्बाहरू, बगलामुखी आदि अनेक थरी देवीदेवताको भूमिका रूपमा प्रसिद्ध यो देश सबैको साझा हो :

किरातको यो, मगरातको यो ।
थकाली नेवार, सतारको यो ।।
तामाङ् र शेर्पा, परियारको यो ।
बाजे र काजी र मिजारको यो ।।१९।। (तृतीय विश्राम) ।
थारू, प्रजा, मैथिल, राजवंशी ।
हिमाल, मैदान, पहाडवासी ।।
यो फूलबारी, सब वर्ण जात ।
ल्याए मिलेरै सबले प्रभात ।।२०।। (तृतीय विश्राम)

निश्चय नै यति ज्यादा सुन्दर देश संसारमा अर्को छैन । नेपाल अध्यात्म, संस्कृति, कला, ज्ञान, सामाजिक मूल्य, विशेष प्रकारका चालचलन, उर्वरा भूमि, प्राकृतिक बनोट, अन्तर्जातीय मेलमिलाप, शान्ति, सहिष्णुता जस्ता विभिन्न कुरामा नमुनाको देश बनेर आफ्नो परिचय कायं गर्न सफल हुँदै आएको देश हो । नेपालको यथार्थ प्रस्तुत गर्दागर्दै यस अंशमा काव्यकार आफूभित्रको देशप्रेमको भावना अभिव्यक्त गर्न सफल भएका छन् ।

भौतिक र आध्यात्मिक चिकित्सक बाबा भन्ने चतुर्थ विश्रामको पहिलो शृंखलामा आधुनिक उपचार पद्धतिमा प्रवीण हुँदाहुँदै पनि खप्तड बाबा आयुर्वेद पद्धति र आध्यात्मिक उपचार पद्धतिमा पनि उत्तिकै सिद्धहस्त भएको कुरा व्यक्त गरिएको छ । यसमा नेपाल र भारतका अनेक तीर्थधाम घुमी स्वयं विशिष्ट तीर्थ बनेका यी बाबाले पूर्व र पश्चिम दुवै जगत्मा प्रचलित उपचार पद्धतिको ज्ञान प्राप्त गरी शरीर र मनको रोग धर्म, योग, विचार, जडीबुटीको प्रयोगबाट निको पार्दथे भनिएको छ :

जडीबुटी होस् कि त एलप्याथी ।
रोगी निको होस् भन हेर माथि ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबा तिमी धन्य र धन्य छौ है

सेवा महायज्ञमहाँ जुट्यौ है ।।९।। (चतुर्थ विश्राम) ।

चतुर्थ विश्रामको दोस्रो शृंखला **बाबाबाट विभिन्न रोगको उपचार**मा संसारका रोगी, तनका रोगी, मनका रोगी, धनका रोगीको उपचार धर्म, नीति, कर्म, वेदान्तको उपदेश, भगवद्भक्ति, ब्रह्म ज्ञान, जडीबुटी आदि विभिन्न उपाय अपनाएर बाबाबाट हुन्थ्यो र सबै प्रकृतिका रोग निको पार्ने काम बाबा गर्दथे भनिएको छ :

महिमा ज्ञानको हो वा योगको वा तपोबल ।

अनुभूति र शास्त्रोक्ति, मुक्तिले मन झल्मल ।।२३।। (चतुर्थ विश्राम) ।

धर्मको, ज्ञानको चर्चा, नीति, रीति र प्रीतिको ।

युवा, बालकको चिन्ता, शिक्षा, राष्ट्र, भविष्यको ।।२४।। (चतुर्थ विश्राम) ।

चतुर्थ विश्रामको तेस्रो वा अन्तिम शृंखला **बाबाको वाणी र शैली** हो । यसमा बाबाको प्रभावशाली व्यक्तित्वको शब्दचित्र प्रस्तुत गर्दै कविले उदार चरित्र भएका, मिठो बोल्ने, अकाट्य तर्कमा आधृत विचार व्यक्त गर्ने, डोटेली बोलीको प्रयोग गर्ने, सधैँ हँसिलो बन्ने, निरभिमानी, सरल, सोझो कुरा गर्ने, बनावटी व्यवहार नदेखाउने, बोलेको कुरा पुऱ्याउने, पुऱ्याउन सकिने कुरा मात्र बोल्ने, विचारलाई सर्वोपरि ठान्ने, वेदान्तको सार जीवनमा उतार्न प्रेरित गर्ने बानी उनमा पाइने कुराको चर्चा गरिएको छ :

सर्वस्व हाम्रो त विचार नै हो ।

विचार गर्ने अधिकार नै हो ।।

विचार जस्तै व्यवहार बन्छ ।

विचारले ज्ञान र मुक्ति मिल्छ ।।४३।। (चतुर्थ विश्राम) ।

जस्तो चितायो त्यहि पाइने छ ।

पाएर नै जीवन धन्य बन्छ ।।

ब्रह्मात्मको चिन्तन भावनाले ।

अवश्य मिल्ने शिव साधनाले ।।५१।। (चतुर्थ विश्राम) ।

शिवपुरी आश्रममा सत्संग पञ्चम विश्रामको पहिलो शृंखला हो । बाबाको चर्चित कृति *धर्म-विज्ञान*का विषयमा शिवपुरी आश्रममा चलेको विचारविमर्श र प्रश्नोत्तरको प्रसंग यसमा प्रस्तुत गरिएको छ । निकै ठुलो जमघटमा उक्त विषयमा केन्द्रित भएर सत्संग चलेको कुरा काव्यकारले बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चम विश्रामको दोस्रो शृंखला **मुक्तात्मा महात्मा** हो । मस्तराम बाबा र श्यामचैतन्य बाबा जस्तै खप्तड बाबा सांसारिक मोहमायाबाट विमुक्त महायोगी भएको कुरा यस अंशमा बताइएको छ :

लोकेषणा छैन, विनाश हुन्छ ।
वित्तेषणाले शिर यो नुहुन्छ ।।
पुत्रेषणा ता उहिल्यै थिएन ।
सर्वेषणामुक्त स्वनाम धन्य ।।१९।। (पञ्चम विश्राम) ।

पञ्चम विश्रामकै अर्को शृंखला **केही झलक** हो । यसमा बाबाको जीवनका केही महत्त्वपूर्ण पक्षमाथि प्रकाश पारिएको छ । वेदान्त दर्शनका चारित्रिक नमुना बाबा थिए भन्ने कुरा कविले सप्रमाण यसमा प्रस्तुत गरेका छन् :

म आत्मा यो आत्मा, वरपर सबै आत्म-रुपमा ।
न तेरो, मेरो यो फगत मनको मोह महिमा ।।
न हो आगो मेरो जल, पवन, आकाश, धरती ।
उसैको हो सारा म पनि उसको ईश नियति ।।३०।। (पञ्चम विश्राम) ।

बाबाका आश्रममा ब्रह्मसभा नामको छैटौं विश्रामको पहिलो शृंखला **भक्ति सत्र** हो । ब्रह्मज्ञानको तहमा उक्लने विभिन्न मार्गमध्येको एउटा मार्ग भक्ति योग हो । यो काम गृहस्थ, सन्न्यासी, ब्रह्मचारी जसले पनि गर्न सक्तछ । राम, गणेश, श्याम, राधा, शिव, सूर्य आदिको भक्ति र प्रेमले कालको डर नाश हुन्छ, मोह जाल फाट्छ र अज्ञानको समाप्ति हुन्छ । यिनै कुरामा आधृत भएर यो अंश प्रस्तुत गरिएको छ :

यही हो कालको ढाल, ज्ञानले मोह फाल न ।
मृत्युको डर नै हुन्न, धन्य ! धन्य ! सबै बन ।।२४।। (षष्ठ विश्राम) ।
अयोध्या, मथुरा, काशी, नेपाल जुन देश होस् ।
ईशमा प्रेम होस् सत्य, शक्ति, सम्पत्ति होस् न होस् ।।३१।। (षष्ठ विश्राम) ।

वेदान्त सत्र षष्ठ विश्रामको दोस्रो शृंखला हो । यसमा वेदान्त दर्शनका बारेमा बाबाले दिएको व्याख्यानको चर्चा गरिएको छ । खप्तड बाबा र प्रस्तुत काव्यका सर्जकलाई ज्यादै आकर्षित गर्ने अध्यात्म दर्शनको चर्चा गर्ने क्रममा के भनिएको छ भने *अहं ब्रह्माऽस्मि* अर्थात् म नै ब्रह्म हुँ, *तत्त्वमसि* अर्थात् त्यो (परमेश्वर भनेको) तिमी हौ, *अयमात्मा ब्रह्म* अर्थात् यो आत्मा नै ब्रह्म हो, *सोऽहम्* अर्थात् त्यो (परमेश्वर भनेको) म हुँ भन्ने महावाक्य वेदान्त दर्शनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारभूत सूत्र हुन् । प्रत्येक व्यक्ति आफैमा परमात्मा हो । यो कुरा बुझेर व्यवहार गरियो भने संसार सागरबाट मुक्ति मिल्दछ । यसका लागि जोगी नै बन्नु पर्दैन । गृहस्थ भएर पनि यो उपलब्धि हासिल गर्न सकिन्छ :

ज्ञानै विना मोक्ष असम्भवै छ है ।
को सार विचार जान है ।
जीवात्म ब्रह्मात्म बनाइ एकता
चारै महावाक्य बुझे समानता ।।७९।। (षष्ठ विश्राम) ।

ब्रह्मात्मज्ञान सत्र षष्ठ विश्रामको तेस्रो शृंखला हो । ब्रह्मज्ञान नै आत्म ज्ञान हो र मनुष्य जीवनमा प्राप्त गर्नु पर्ने ज्ञान पनि यही हो भन्ने विचार यस अंशमा व्यक्त गरिएको छ । यो पनि वेदान्त दर्शनकै चिन्तन हो । बाबाले ब्रह्मात्मज्ञान विषयमा दिएको व्याख्यानको स्मरण र सारमा आधृत अंश यो हो :

छोडे म मेरो अभिमान भान ।
रोजे म ता ब्रह्म अखण्ड ज्ञान ।।
जीवात्म नै हो परिपूर्ण ब्रह्म ।
अद्वैतको बोध भए अचम्म ।।१०५।। (षष्ठ विश्राम) ।

खप्तड बाबाले सृष्टिदृष्टिवादमा केन्द्रित भएर दिएको दार्शनिक व्याख्यानलाई वर्ण्य विषय बनाई तयार पारिएको सातौं विश्रामको नाम **सृष्टिदृष्टिवाद सत्र** हो । सृष्टिका जति पनि नाटक मञ्चन हुन्छन् त्यसमा बुद्धिमान् तथा ज्ञानीहरू तटस्थ दर्शक बनेर सरिक हुन्छन् भन्ने मूलभाव प्रस्तुत गर्दै यस अंशमा कविले यो देखिने संसार यथार्थमा संसार होइन, यो त भ्रम हो र चटकीको जादू जस्तै एउटा चमत्कार मात्र हो भनेका छन् :

म, मेरो, सृष्टि यो हैन, बुझेमा भव योग हो ।
कर्ता, भोक्ता म हुँ, मेरो, भनेमा भव रोग भो ।।६६।। (सप्तम विश्राम) ।

सृष्टिदृष्टिवाद सत्रमा जस्तै **दृष्टिसृष्टिवाद** विषयलाई महत्त्व दिएर छुट्टै व्याख्यान माला अन्तर्गत खप्तड बाबाले दिएको प्रवचनको बयानमा आधृत आठौं विश्राम **दृष्टिसृष्टिवाद सत्र** हो । हेराइको भ्रम नै सृष्टिको अस्तित्व मान्ने प्रवृत्ति हो भन्दै यसमा पनि कै सिद्धान्तको विश्लेषण गरिएको छ :

ज्ञानाग्नि दन्दनाएमा, चित्त शान्त र निर्मल ।
अज्ञान भस्म, निर्मूल, आफू मात्र समुज्ज्वल ।।२६।। (अष्टम विश्राम) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस कृतिको नवौं विश्राम **अजातवाद सत्र** हो । यसमा बाबाले अजातवाद विषयमा केन्द्रित भएर दिएको प्रवचनको चर्चा गरिएको छ । आत्माको जन्म र मृत्यु हुँदैन भन्ने चिन्तन नै **अजातवाद** हो । प्राणीको जन्म र मृत्यु भएको देख्नु भनेको पाञ्चभौतिक शरीर जन्मेको र मरेको देख्नु हो । शरीर जन्मन्छ र मर्दछ तर आत्मा चाहिं अजन्मा छ र अमरणशील छ । यही कुराको विस्तृत व्याख्या **अजातवाद सत्र**मा गरेको कुरा उल्लेख गर्दै यो अंश रचिएको छ :

शास्त्र भन्छन् जगत् छैन, ज्ञानी गर्छन् समर्थन ।
सृष्टि, पालन, संहार, छैन, ब्रह्म सनातन ।।२०।। (नवम विश्राम)

यस पुस्तकको अन्तिम अर्थात् दसौं विश्रामको पहिलो शृंखला **बाबाका केही उपदेश** हो । विभिन्न सन्दर्भमा बाबाले दिएका उपदेश, सल्लाह र सुझावमा अभिव्यक्त विचारलाई समेटेर यो अंश तयार पारिएको छ :

सुख, सम्मान, सम्पत्ति, मान्छे खोज्छ यथामति ।
वस्तुको प्राप्ति ता होला, तृप्ति हुन्न भने जति ।।८।।
सुख खोज्छन् सबै प्राणी, दुःखका भोगमा बसी ।
आफू आनन्द भण्डार, बुझ्दैनन् मोहमा फसी ।।९।। (दशम विश्राम) ।

सप्तङ आश्रममा बाबा र बाघ भन्ने शृंखला बाबाले काँडा बिझेर हिंड्न नसक्ने भएको बाघको खुट्टाको काँडा झिकी निको गराएको अद्भुत घटनाको वर्णनमा आधृत प्रसंग हो । यो कुरा सत्य हो :

बाबा कुनै एक बिहान घाम ।
आफ्नै कुटी आँगनमा विराम ।।
आयो कुनै बाघ सहाय खोजी ।
आधार एकै मुनिराज रोजी ।।३८।। (दशम विश्राम) ।
खोच्याउँदै आश्रमछेउ धायो ।
निर्भीक, निर्वैर भएर आयो ।।
दोस्रो नदेखे डर त्यो कहाँ छ ?
आत्मीयता ता परप्रेममा छ ।।३९।। (दशम विश्राम) ।

यस विश्रामको तेस्रो शृंखला **बाबासँग बिदाइ** हो । यसमा प्रारब्धका कारण ज्ञानीको पनि जन्म र मृत्यु त हुन्छ तर त्यस्तो स्थितिमा हर्ष र शोक ज्ञानीहरू गर्दैनन् भनिएको छ । खुसीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्तिने र दुःखमा आँत्तिने काम ज्ञानीबाट हुँदैन भन्दै खप्तड बाबा जस्ता महायोगीले पनि मृत्यु भोग्नु पर्ने कुराको चर्चा यस अंशमा गरिएको छ :

देह छुट्छ कहाँ ? कैले ? कुन कारणले गरी ?
सकिन्न भन्न है आज, हुन्छ त्यो, त्यो त्यसै गरी ।।४९।। (दशम विश्राम) ।

ब्रह्मलीन र अन्त्येष्टि अन्तिम विश्रामको अन्तिम शृंखला हो । बाबाको देहान्त भएपछि देशभरि छाएको शोक र अन्त्येष्टि कर्ममा उपस्थित विशिष्टदेखि सामान्यसम्मका सबै तह र तप्काका भक्त जनको वर्णन यस अंशमा गरिएको छ । बाबाको भौतिक जीवनको समाप्ति भनेको अध्यात्म क्षेत्रमा भएको एउटा स्वर्णिम युगको समाप्ति हो भन्ने धारणा पनि कविले यस अंशमा व्यक्त गरेका छन् :

प्रधानमन्त्री र प्रधान भक्त ।
सम्मान भो सैनिक आदि, अन्त्य ।।
सबै थिए विह्वल शोक तप्त ।
सत्संगको यो युगको युगान्त ।।७२।। (दशम विश्राम) ।
आयो कतैबाट उडेर जीव ।
गयो कतै जे छ भयो अजीव ।।
लीला तमासा जगको यही हो
बुझेर यो तत्त्व गए, बसे भो ।।७६।। (दशम विश्राम) ।

यसरी खप्तड बाबाप्रतिको भक्तिका साथै उनका योगदान र कीर्तिको बयानलाई कवितामा ढालेर महाकाव्यको समानान्तरको यो कृति प्रा. रिसालले तयार पारेका छन् । महान् व्यक्तिका चरित्रको ज्ञानले वर्तमान र भावी पुस्तामा सच्चा जीवन भोग्ने अभिप्रेरणा उत्पन्न हुन्छ र तिनका योगदानको आभाबाट जीवनको बाटो आलोकित बन्दछ । चरित्र काव्यको औचित्य र आवश्यकता यही हो । यही आवश्यकताको परिपूर्ति लामो समयसम्म प्रस्तुत काव्यले गरी रहने छ । कविता भनेको कोरा भावनाको रखाइ मात्र होइन । यो त सन्देशको पुञ्ज पनि हो । खप्तड बाबालाई नजिकबाट नचिनेका र उनको त्याग, तपस्या, सेवा, साधना र योगदानका वारेमा थाहा नपाएका पाठकहरूका निम्ति यो कृति सामान्य कविता मात्र नभएर खप्तड बाबाको चरित्र चित्रणमा केन्द्रित ज्ञानपुञ्ज हो र उनको व्यक्तित्वको सारपुञ्ज पनि हो ।

कतिपय योगीहरू जीवनभरि संघर्ष गरेर प्राप्त भएको ज्ञान र अनुभव आफैमा सीमित राखी संसारबाट बिदा हुन्छन् । प्रचार नचाहने, पाइएको ज्ञानलाई ठुलो नठान्ने र आफूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य ठान्ने प्रवृत्तिका कारण पनि उनीहरू त्यसो गर्दछन् । खप्तड बाबाले जाने बुझेका कुरा प्रयोगमा ल्याएर पुस्तकमा समावेश गरेर, व्याख्यानमा सुनाएर उपदेशमा बताएर लोक कल्याणका निम्ति सार्वजनिक गरे । उनका *विचारविज्ञान, स्वास्थ्यविज्ञान, धर्मविज्ञान* जस्ता कृतिमा यस्तै कुराको उल्लेख पाइन्छ । स्वास्थ्य र अध्यात्म बाबाको ज्ञान र अनुभवको विषय हो । यी दुवै क्षेत्रमा बाबाले गरेका काम अद्वितीय छन् । यिनमा पनि अध्यात्मकै सिद्धिका लागि बाबाले स्वास्थ्य क्षेत्रप्रति त्यति ज्यादा ध्यान दिएनन् । मानसिक, शारीरिक र सांसारिक रोगको उपचारमा अध्यात्म नै सर्वोपरि उपचार पद्धति हो भन्ने निष्कर्ष आफ्नै जीवनलाई उदाहरण बनाएर बाबाले दिए । लोकको हितका निमित्त यसरी सम्पूर्ण रूपमा जीवन समर्पण गर्नु आफैमा उच्चतम कविता रचना गर्नु हो । धेरै ठुला कविहरू कविता लेख्दैनन् बरु आचरणमा कविता उतारेर जीवन बिताउँछन् । यस दृष्टिले हेर्दा खप्तड बाबा चिकित्सक, ध्यानी, योगी, सन्न्यासी, त्यागी, ज्ञानीभन्दा ज्यादा महान् कवि देखिन्छन् । व्यवहारमा कविता उतार्ने सर्जकका बारेमा रचना गरिएको यो काव्य त्यसैले पनि महत्त्वपूर्ण छ ।

हृदय नपग्ली कविता बन्दैन । मन जति जति पोखिन्छ कविता त्यति त्यति मार्मिक र प्रभावकारी हुन्छ । पानी जहाजको यात्रा वर्णनमा होस् कि नेपालको वैशिष्ट्यको चर्चामा होस्, बाघको खुट्टामा बिजेको काँडा झिकेको सन्दर्भमा होस् कि जीवनको असली गन्तव्यको खोजीका निमित्त छटपटिएका अवस्थाको वर्णनमा प्रस्तुत कृतिमा प्रा. रिसालको कवित्व सशक्त रूपमा पोखिएको देखिन्छ ।

२०७१ चैत्र शुक्ल चतुर्थी अर्थात् रचनाकारको शुभ जन्म दिवसका अवसरमा लोकार्पित यस पुस्तकको परिवर्तित, परिवर्द्धित, परिमार्जित र समयानुकूल यथेष्ट मात्रामा व्यवस्थित दोस्रो संस्करणलाई महाकाव्यका रूपमा प्रस्तुत गरी **श्रीखप्तडबाबा महाकाव्य** भनिएको छ । शंकर पौडेल र कमला थापाको आवरण सज्जायुक्त यस पुस्तकको प्रकाशन लेखक स्वयंले गरेका हुन् । खप्तड बाबाको रङ्गीन चित्र अंकित आवरणको माथिल्लो भागमा **श्रीखप्तडबाबा महाकाव्य** तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम प्रस्तुत कृतिमा राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण दिइएको छ । पितामातामा समर्पण गरिएको यस पुस्तकमा **आत्मनिवेदन** भन्ने शीर्षकमा प्रस्तुत संस्करण र **भूमिका** भन्ने शीर्षकमा पहिलो संस्करणको भूमिका राखिएको छ ।

श्रीखप्तडबाबामा सर्गको सट्टा विश्राम भनिएको थियो भने यसमा सोपान भनिएको छ । **श्रीखप्तडबाबा**मा दस वटा विश्रामको विभाजन थियो भने यसमा पनि दस वटै सोपानको व्यवस्था गरिएको छ । १४२ पृष्ठको डिमाईभन्दा केही सानो आकारको **श्रीखप्तडबाबा**मा ७४७ वटा श्लोक थिए भने २०४ पृष्ठको डिमाई आकारको यसमा ४७१ थप गरी १२१८ श्लोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या पुऱ्याइएको छ । यस पुस्तकको प्रथम सोपानलाई **मंगलाचरण**, द्वितीय सोपानलाई **खप्तडबाबाको आध्यात्मिक जीवन**, तृतीय सोपानलाई **खप्तडबाबा : ज्ञानका भण्डार**, चतुर्थ सोपानलाई **खप्तडबाबाद्वारा लोकोपकार**, पञ्चम सोपानलाई **बाबाको आश्रममा ब्रह्मसभा**, षष्ठ सोपानलाई **बाबाको आश्रममा सृष्टिचर्चा-१**, सप्तम सोपानलाई **बाबाको आश्रममा सृष्टिचर्चा-२**, अष्टम सोपानलाई **बाबाको आश्रममा सृष्टिचर्चा-३**, नवम सोपानलाई **बाबाको आश्रममा शंका समाधान** र दशम सोपानलाई **बाबाका अन्तिम उपदेश** नाम दिइएको छ । प्रत्येक सोपानका अन्त्यमा शिवमस्तु भन्ने उक्ति राखिएको छ । प्रथम सोपानमा ११९, द्वितीय सोपानमा १३२, तृतीय सोपानमा १३६, चतुर्थ सोपानमा ११२, पञ्चम सोपानमा ११३, षष्ठ सोपानमा ११५, सप्तम सोपानमा ११३, अष्टम सोपानमा ११४, नवम सोपानमा १४७ र दशम सोपानमा ११७ गरी यसमा जम्मा १२१८ श्लोक राखिएका छन् ।

प्रथम सोपानको **मंगलाचरण**मा नेपाल माहात्म्य, नेपाल-भारत सम्बन्ध, बाबाको व्यापकता, जन्मभूमिबाट कर्मभूमितिर र त्यागमूर्ति बाबा उपशीर्षक दिइएको छ । द्वितीय सोपानको **खप्तडबाबाको आध्यात्मिक जीवन**मा महावाक्य विचार तथा बाबाको स्वभाव र व्यवहार नामक दुइटा उपशीर्षक दिइएका छन् । तृतीय सोपानको **खप्तडबाबा : ज्ञानका भण्डार**मा तीर्थयात्रा, अध्ययनार्थ बेलायत यात्रा, सन्न्यास दीक्षा, पस्नु, बस्नु तर फस्नु हुँदैन र म सक्तछु भन्ने उपशीर्षक राखिएका छन् । चतुर्थ सोपानको **खप्तडबाबाद्वारा लोकोपकार**मा खप्तडमा विश्राम, तपोभूमि नेपाल, हाम्रो विशेषता, भौतिक र आध्यात्मिक चिकित्सक बाबा, बाबाबाट विभिन्न रोगको उपचार र बाबाको वाणी र शैली नामक उपशीर्षक राखिएका छन् । पञ्चम सोपानको **बाबाको आश्रममा ब्रह्मसभा**मा बुढानीलकण्ठ आश्रममा सत्सङ्ग, मुक्तात्मा महात्मा, केही झलक, बाबाको आश्रममा शास्त्रचर्चा, वेदान्त सत्र, ब्रह्मात्मज्ञान सत्र र स्वाध्याय नामक उपशीर्षक दिइएका छन् । षष्ठ सोपानको **बाबाको आश्रममा सृष्टिचर्चा-१** मा सृष्टिदृष्टिवाद सत्र नामक एउटा मात्र उपशीर्षक राखिएको छ । सप्तम सोपानलाई **बाबाको आश्रममा सृष्टिचर्चा-२** मा पनि एउटा मात्र उपशीर्षक दृष्टिसृष्टिवाद सत्र राखिएको छ । अष्टम सोपानको **बाबाको आश्रममा सृष्टिचर्चा-३** मा समेत अजादवाद सत्र नामक एउटा मात्र उपशीर्षक दिइएको छ । नवम सोपानको **बाबाको आश्रममा शंका समाधान**मा पनि प्रार्थना नामक एउटै मात्र उपशीर्षक राखिएको छ । दशम सोपानको **बाबाका अन्तिम उपदेश**मा अभिन्न श्रीराममा, खप्तड आश्रममा बाबा र बाघ, बाबासँगको बिदाइ र ब्रह्मलीन र अन्त्येष्टि नामक तिन वटा उपशीर्षक दिइएको छ ।

शास्त्रीय छन्दमा रचना गरिएको यस काव्यमा पौरस्त्य काव्य सिद्धान्तले निर्देश गरेका महाकाव्य रचनाका सिद्धान्तहरूको परिपालन भएको छ । प्रसङ्गलाई उपशीर्षकमा राख्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँ ठाउँमा छन्द परिवर्तन गर्ने, वर्ण्य विषयलाई प्रभावकारी भाव र शैलीमा व्यक्त गर्ने, खप्तड बाबाका चरित्रगत आदर्श तथा विशिष्ट प्राज्ञिक साधनामाथि प्रचुर मात्रामा प्रकाश पार्ने, खप्तड क्षेत्रको महत्त्व दर्साउने, वेदान्त दर्शनका मूलभूत मान्यतामाथि विमर्श गर्ने र यावत् दृष्टिले जीवनलाई अध्यात्ममय तुल्याई सफल बनाउनु पर्ने कुरा सन्देशका रूपमा प्रवाह गर्ने काम काव्यकारले यस कृतिमा गरेका छन् ।

नेपाल प्राकृतिक दृष्टिले ज्यादै सुन्दर भएकोले नै सबैतिरका ऋषिमहर्षिहरू यहाँ तपस्या गर्न आउँछन् । यस देशको परम्परा ज्यादै गौरवशाली छ र ऐतिहासिक दृष्टिले पनि यो भूमि पवित्र मानिन्छ । पुर्खाहरूले जतन गरेर बचाएको यस राष्ट्रलाई सुरक्षित राख्नु आजका पुस्ताको जिम्मेवारी हो :

सन्तोष, शान्ति, शिव सिक्न जानौँ ।
पुर्खाहरूको शुभ कीर्ति धानौँ ।।
अध्यात्मको पावन मार्ग छानौँ ।
यो जिन्दगी हो अनमोल मानौँ ।। (प्रथम सोपान, २८) ।

खप्तड बाबाको चरित्र तथा उनको बहुमुखी व्यक्तित्वमाथि काव्यात्मक चित्र उतारेर निर्माण गरिएको यो महाकाव्य नेपाली साहित्यमा आध्यात्मिक चिन्तन र वेदान्त दर्शनको विवेचनलाई आधार बनाएर तयार पारिएको रत्नका रूपमा चर्चित हुने कुरा निश्चित छ । कविको खप्तड बाबाप्रतिको श्रद्धा तथा वेदान्त दर्शनप्रतिको प्रगाढ अभिरुचिले पनि यस काव्यको शोभा बढाउने काम गरेको छ ।

४.२.१२ अभेद दर्शन

अभेद दर्शन (दार्शनिक निबन्ध सङ्ग्रह) अनादिगोपाल रिसालद्वारा २०५६ सालमा प्रकाशित प्रा. शिवगोपाल रिसालको एघारौँ कृति हो । प्रा. रिसालका समय समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित र केही अप्रकाशित समेत गरी चौवन्न वटा निबन्धहरूको सँगालो यो हो । गाता बाहेक दुई पृष्ठको पुस्तक परिचय, दुई पृष्ठकै लेखकको भूमिका, दुई नै पृष्ठको विषयसूची र १९९ पृष्ठको पाठ समेत गरी जम्मा २०५ पृष्ठको डिमाई आकारको गद्य रचना यो कृति हो । यो प्रा. रिसालको निबन्ध संग्रह हो । यसको गातामा दिइएको तिन रंगको गोलाकार घेरा र पुस्तकको नामका अक्षरलाई अलग अलग वृत्त तथा रंगमा राख्नको तात्पर्य सत्त्व रज र तम तिन वटा गुणको संकेत देखाउनु हो ।

ज्ञानबाट हुने आनन्द, वासना त्याग्ने उपाय, मानव जीवनको सार्थकता, पूजा के हो र कसरी गर्ने ?, ब्रह्मविद्याका लागि गुरु-शिष्यपरम्परा, भगवान्को लीला, श्रीमद्भगवद्गीताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सार, कर्मको कर्ता को हो ?, संकल्पत्यागबाट आत्मलाभ, ब्रह्मविद्याको आदिस्रोत उपनिषद्, शोक र मोहबाट कसरी पार लाग्ने ?, आत्माको अमरता र शरीरको नश्वरता, डर के हो र निडर कसरी हुने ?, परमात्मा कस्तो हुनुहुन्छ र उहाँलाई कसरी पाउने ?, मानव जीवनको महत्ता र यसको सर्वोच्च उपलब्धि, आनन्द केमा छ ?, अध्यात्मतिर लागे व्यवहार कसरी चल्ला ?, सारा दुःखको कारण हो अज्ञान, चित्तको चिकित्सा कसरी गर्ने ?, भक्ति हो भुक्तिको साधन, सुषुप्ति र समाधिमा के अन्तर छ ?, मनको अद्भुत शक्ति, श्रीमद्भगवद्गीतामा जतातातै भक्ति-भक्ति, ईश्वरको अनुग्रह कसरी प्राप्त गर्ने ?, जीवात्मा र परमात्माको एकता, ईश्वरको स्वरूप, अहंकार छुट्यो कि आनन्दै आनन्द !, आत्मा हो स्वप्रकाश, जीव र ईश्वर, भक्तितत्त्वको रहस्य, विद्याहरूमा सर्वोत्तम हो ब्रह्मविद्या, सारा ब्रह्माण्ड मनको कल्पना मात्र हो, योगाभ्यासबाट मोक्षलाभ, मोक्षप्राप्तिको उपाय, त्यागबाट मात्र लाभ संभव छ, दुःखको कारण हो अज्ञान, वेदान्त-दर्शनको विलक्षणता, चित्त-विश्रान्ति, भगवत्प्राप्तिको उपाय, ईश्वरावतारको रहस्य, आत्मालाई कसरी भेट्टाउन सकिएला ?, आफ्नो उद्धार आफैँले गर्नुपर्छ, भक्ति र ज्ञानको एकता, दान गरे ज्ञान गर्न सजिलो हुन्छ, मानवताको रक्षाका लागि धर्मको आवश्यकता, दुःखनाशको उपाय, विचार र व्यवहार, मुक्त पुरुषको जन्म र मृत्यु हुँदैन, निर्गुण ब्रह्म, आत्मज्ञान नै शास्त्रको सार हो, अभेद-दर्शन, ज्ञानीको अनुभव र व्यवहार कस्तो हुन्छ ?, उपनिषद्अनुसार उपासनाको रहस्य र ब्रह्मको अवर्णनीयता समेतका चौवन्न वटा निबन्धहरू यस कृतिमा समेटिएका छन् । ब्रह्मज्ञानका विषयमा आधृत निबन्धहरू यसमा छन् । त्यसैले यसलाई अध्यात्म विषयको निबन्ध संग्रह भन्न सकिन्छ । प्रा. रिसालबाट २०३५ कार्त्तिकदेखि २०३६ पुससम्म लेखिएका निबन्धहरू यी हुन् ।

ज्ञानबाट हुने आनन्द नामक यस कृतिको पहिलो निबन्धमा ज्ञान पवित्र वस्तु हो किनभने यसले सबभन्दा उत्कृष्ट, अविनाशी, शाश्वत र अखण्ड आनन्द दिलाउँछ भनिएको छ । यसमा बताइए अनुसार ज्ञान भनेको अध्यात्म विद्या हो । यसले सांसारिक बन्धनरूपी समस्त भ्रम समाप्त गरेर परम तत्त्वसित साक्षात्कार गर्न सकिने बाटो देखाउँछ । अज्ञानको अन्धकारबाट बाहिर निकालेर मन मस्तिष्क प्रकाशित गर्ने र व्यक्तिलाई प्रकाशमय बनाउने काममा ज्ञानले नै मद्दत गर्दछ । त्यसैले आनन्दको खोजी गर्न चाहनेले ज्ञानको मार्ग अवलम्बन गर्नु आवश्यक हुन्छ ।

यस पुस्तकको अर्को पाठ **वासना त्याग्ने उपाय** हो । यसमा भनिए बमोजम वासना शुद्ध र मलिन गरी दुई प्रकारका हुन्छन् । ब्रह्मविद्या आर्जन गर्न चाहने सिलसिलामा सत्संग गर्नु, ईश्वरको भक्ति गर्नु, अध्ययन अनुसन्धान गर्नु, चिन्तन मनन गर्नु, मोक्ष प्राप्त गर्ने उपाय अपनाउनु, सांसारिक बन्धनमा नजेलिनु जस्ता काम शुद्ध वासना हुन् । त्यसै गरी सुख भोगको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामना गर्नु, भौतिक सुविधामा मोहत हुनु, छोराछोरी, पतिपत्नी, घरबार, धनसम्पत्ति, मोहमायामा लिप्त हुनु चाहिँ मलिन वासना हो । यस पाठका लेखक मलिन वासनालाई परित्याग गरेर शुद्ध वासनामा लाग्न पाठक समक्ष अनुरोध गर्दछन् ।

अर्को अनुक्रमको निबन्ध **मानव जीवनको सार्थकता**मा के भनिएको छ भने मान्छेको जुनीको निकै ठुलो महत्त्व छ । देवताहरू पनि यो जुनी प्राप्त गर्न लालायित हुन्छन् किनभने ब्रह्मज्ञान वा मुक्ति पाउनका लागि यो जुनी सहायक बन्दछ । सामान्यतया भोजन, निद्रा, डर, शारीरिक सम्बन्ध जस्ता प्राणीजन्य व्यवहार जुनसुकै जीवले पनि गर्दछ तर बुद्धिको सदुपयोग गरेर जीवनको सत्यका बारेमा चिन्तन गरी तदनुरूप व्यवहार बनाउने सामर्थ्य मनुष्यमा मात्र हुन्छ । भोगलाई भन्दा योगलाई महत्त्व दिने धारणा मनुष्यले मात्र राख्न सक्तछ । त्यस्तो विशेष शक्तिको पहिचान गरी मान्छे भएर जन्मनुको सार्थकता सिद्ध गर्न सकिन्छ ।

पूजा के हो र कसरी गर्ने ? भन्ने पाठमा परमात्मामा सम्पूर्ण हिसाबबाट समर्पित हुनु नै असली पूजा हो भन्दै सामान्य व्यक्तिले धनसम्पत्ति, पतिपत्नी, छोराछोरी, सुखसुविधा जस्ता इच्छा, आसक्ति, कामना वा वासना राखेर ईश्वरको उपासना गर्नुलाई पूजा भने पनि सही अर्थमा त्यस्तो कर्मलाई पूजा भन्न सकिँदैन भनिएको छ । अझ यसमा के पनि बताइएको छ भने ईश्वरको पूजा गर्नु भनेको निष्काम भावले भक्ति र आराधना गर्नु हो । त्यो पूजाका कुनै पनि पद्धतिका विवरणमा नलागी मनोयोगबाट पनि गर्न सकिन्छ । त्यस्तो पूजालाई सात्त्विक पूजा भनिन्छ । ईश्वर सात्त्विक पूजा नै मन पराउँछन् ।

ज्ञान प्राप्त गर्न गुरुको आवश्यकता पर्दछ । गुरुले शिष्यलाई सिकाउने असली विद्या भनेको ब्रह्म ज्ञान नै हो । **ब्रह्मविद्याका लागि गुरु-शिष्यपरम्परा** भन्ने निबन्धमा यही कुरा बताइएको छ । गौडपादाचार्यबाट प्राप्त गरेको यस्तै ब्रह्मज्ञान गोविन्दभगवद्पादाचार्यले पद्मपादाचार्य, सुरेश्वराचार्य, तोटकाचार्य र हस्तामलकाचार्य जस्ता शिष्यलाई दिएको इतिहासको निरन्तरता नै गुरु-शिष्य परम्परा हो भनेर पनि यसमा बयान गरिएको छ ।

भगवान्को लीलामा अनेक अवतार लिएर पृथ्वीमा भगवान्को अवतरण भएको कथाका जति पनि भेद छन् ती सबै लीला मात्र हुन् वास्तविकता होइनन् भनिएको छ । यसमा भनिए अनुसार वास्तविकता भनेको त अवतारको वास्तविक स्वरूप मात्र हो । वामनले पुड्को बन्नु, नरसिंहले मान्छे र सिंहको संयुक्त रूपमा प्रकट हुनु, परशुरामले बन्चरो लिनु, रामले धनुष चलाउनु, कृष्णले मुरली बजाउनु, बुद्धले दरबार छोड्नु जस्ता क्रियाकलाप ईश्वरका लीला मात्र हुन् । यी अवतारमा देखिएका वामनमय, नृसिंहमय, परशुराममय, राममय, कृष्णमय, बुद्धमय चिन्तन र ज्ञान मात्र सत्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछिको अर्को निबन्ध **श्रीमद्भगवद्गीताको सार**मा गीतालाई ज्ञानको शास्त्र भनिएको छ । त्यसो त गीतालाई कर्मयोग, भक्तियोग र ज्ञान योगको त्रिवेणी भनिन्छ । सारभूत रूपमा हेर्ने हो भने यो ग्रन्थ ज्ञानको भण्डार हो र ज्ञान ग्रन्थ नै हो । धर्म, राजनीति, कूटनीति जस्ता ज्ञानको भण्डार पनि गीतालाई भनिन्छ । कतिपयले त यसलाई सर्वशास्त्रमयी गीता अर्थात् सबै शास्त्रको ज्ञान निचोरेर राखिएको रचना गीता हो पनि भनेका छन् तर ती सबै कुरा हुँदाहुँदै पनि यो मूलतः ज्ञानशास्त्र नै हो । ज्ञान नै यसको सार हो ।

अध्यात्म चिन्तनकै विषयमा आधृत **कर्मको कर्ता को हो ?** भन्ने निबन्धमा मोटामोटी रूपमा हेर्दा कर्म गर्ने त हात, खुट्टा नाक, मुख, कान, छाला जस्ता शारीरिक अवयव नै देखिन्छन् तर ती अवयवहरूलाई कर्म गर्न अराउने काम मनले गर्दछ भनिएको छ । यसमा भनिए अनुसार मनले कर्म गराउने हुँदा मनलाई सत्तिर उन्मुख गरायो भने सत्कर्म र असत्तिर गरायो भने असत् कर्म सम्पन्न हुन्छ । ज्ञानीहरू यो कुरा बुझेर मनलाई सधैं सद्वृत्तितिर केन्द्रित तुल्याउँछन् । त्यसैले जीवन्मुक्त ज्ञानीहरू कर्म त गर्दछन् तर त्यो कर्म ब्रह्म कर्म हुन्छ । जसलाई सम्पन्न गर्न सद्वृत्ति भएको मनले अभिप्रेरित गर्दछ ।

संकल्पत्यागबाट आत्मलाभमा के भनिएको छ भने संकल्प भनेको वासनाका परिणामले निस्केको चित्तको चञ्चलता हो । अज्ञान रहेसम्म चित्तको चञ्चलता रही रहन्छ । त्यसैले संकल्पको त्याग नगरेसम्म अज्ञान हट्दैन । अज्ञान नहटेसम्म ज्ञान प्राप्त हुँदैन । वासनाको परित्याग गरी आत्म लाभका लागि ज्ञानीहरू सधैंभरि प्रयत्न गर्दछन् । लगातारको प्रयासपछि तिनीहरू संकल्प त्याग्न सफल भई आत्मलाभ प्राप्त गर्दछन् । आत्मलाभ भन्नु नै उत्तम ज्ञान हो । ब्रह्मज्ञान भनेको पनि त्यही हो ।

शीर्षकमै भनाइको सार बताइएको निबन्ध **ब्रह्मविद्याको आदिस्रोत उपनिषद्** हो । यसमा उपनिषद्हरूमा ईश्वरभन्दा भिन्न कुनै पनि वस्तु न भएको कुरा जनाइएको छ । अझ अगाडि यस निबन्धमा के पनि भनिएको छ भने ईश्वर बाहेकका वस्तुको अस्तित्व स्वीकार नगर्नु नै ब्रह्म ज्ञान हो । आफू र यो भानमान् जगत्लाई ईश्वरमय देख्ने दृष्टि वा चिन्तन नै ब्रह्मविद्या हो भन्ने कुरा उपनिषद्हरूले बताएका छन् । त्यसैले उपनिषद्हरू ब्रह्म विद्याका आदि स्रोत हुन् ।

शोक र मोहबाट कसरी पार लाग्ने ? शीर्षकको निबन्धमा भनिए अनुसार मानसिक ताप तथा चिन्तालाई शोक र सच्चिदानन्द स्वरूप परमात्माको विस्मरणलाई मोह भनिने परिप्रेक्ष्यमा यी दुवैको जालमा फस्नु भनेको शोक र मोहमा पर्नु हो । साथै यिनका पन्जाबाट उम्केर आत्मसाक्षात्कार सहित अविनाशी परमतत्त्व जान्नु भनेको अखण्ड आनन्द प्राप्त गर्नु हो । ब्रह्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आफूमा भिन्नता नरहेको कुरा बोध गर्नु नै शोक र मोहबाट पार पाउनु हो । त्यसैले आफूलाई परमात्मस्वरूप मान्नु र जान्नु पर्दछ ।

आत्मा कहिल्यै मर्दैन । आत्माको उपस्थिति रहँदासम्म जीवत रहने शरीर मर्नासाथ आत्मा पनि मर्दछ भन्ने कुरामा विश्वास गर्नु भुल हो र गल्ती पनि हो । आत्मा शरीरसित जोडिए पनि भिन्न रहे पनि शरीर र आत्मा भिन्न भिन्न कुरा हुन् । शरीर नाशवान् तत्त्व हो तर आत्मा चाहिँ अविनाशी, अजन्मा र अमरणशील छ । तसर्थ आत्मा अमर तथा शरीर नश्वर हुन्छ । यही कुरा **आत्माको अमरता र शरीरको नश्वरता** भन्ने निबन्धमा व्यक्त गरिएको छ ।

डर भनेको मानसिक कमजोरी हो र मृत्युको त्रास हो । यसलाई अज्ञान पनि भनिन्छ । जन्म लिएपछि एक न एक दिन अवश्य पनि मर्नु पर्दछ । प्राणीको जन्म हुनु जति सत्य हो मृत्यु हुनु पनि त्यत्ति नै सत्य हो । यो त अकाट्य नियम हो । अर्को कुरा प्राणीमा जीवन दिने तत्त्व आत्मा चाहिँ न त जन्मन्छ न मर्दछ । आफूलाई शरीर ठान्दा डर हुन्छ भने आत्मा ठान्दा निडर भइन्छ । त्यसैले डर भनेको अज्ञान हो र आफूलाई देह ठान्नु हो । निडर हुनु भनेको ज्ञान हो र आफूलाई परमात्मा मान्नु हो । **डर के हो र निडर कसरी हुने** ? शीर्षकको निबन्धमा भनिएको कुरा यही हो ।

परमात्मा कस्तो हुनुहुन्छ र उहालाई कसरी पाउने ? भन्ने पाठमा परमात्मा भनेको चैतन्य स्वरूप, ज्ञान रूप, प्रकाशमय, आनन्दमय अविनाशी शक्ति हो भन्दै शब्द, मन, इन्द्रिय, उपाधिभन्दा धेरै पर रहने त्यस्तो तत्त्व प्राप्त गर्न आफूभित्रको आफ्नै स्वरूप चिन्नु पर्दछ भनिएको छ । यसमा अझ अगाडि के पनि भनिएको छ भने बाहिरी आँखामा देखिने जगत्मा खोजेर परमात्मा प्राप्त हुँदैन । त्यसलाई पाउनका लागि आत्म चिन्तन, परमात्म चिन्तन र ब्रह्म चिन्तन गर्नु पर्दछ । त्यो तत्त्व जीवको सबभन्दा नजिकमा रहन्छ र शरीर रहँदासम्म जीवमय बनेको हुन्छ । त्यसलाई पाउन आँखाको हेराई आफैभित्र केन्द्रित गर्नु पर्दछ ।

मान्छेलाई सृष्टिको शिरफुल भनिन्छ । अन्य प्राणीमा भन्दा ज्यादा चेतना र विवेक भएकोले मात्र मान्छे महान् कहलाइएको होइन । उसको महत्ता तब मात्र प्रमाणित हुन्छ जब उसले मान्छे हुनुको तात्पर्य सार्थक तुल्याउँछ । आफूलाई परमात्मा ठान्नु र आफ्नो व्यवहार परमात्ममय बनाउन सक्नु नै मान्छे हुनुको सार्थकता हो । मानव जीवनको सर्वोच्च उपलब्धि पनि त्यही हो । त्यसैलाई ब्रह्म ज्ञान भनिन्छ । **मानव जीवनको महत्ता र यसको सर्वोच्च उपलब्धि** भन्ने निबन्धमा यही कुरा व्यक्त गरिएको छ ।

आनन्द केमा छ ? शीर्षकको निबन्धमा आफूलाई बुझ्नु, आफ्नो क्षमता, शक्ति, स्वरूप थाहा पाउनु, त्यस्तो कुरा थाहा पाएर आफूले गर्नु पर्ने कर्तव्य पालन गर्नु नै आनन्द प्राप्त गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो भनिएको छ । यसमा अझ अगाडि ज्ञानमय बन्नु, आनन्दघन परमात्मालाई चिन्नु, शरीर मरणशील भए पनि आत्माका स्वरूपमा रहेको आफूलाई अमर ठान्नु, सांसारिक बन्धनमा नटाँसिनु, जीवनको वास्तविक अर्थ बुझेर प्रसन्न रहनुमा नै आनन्द छ भनिएको छ ।

अध्यात्मतिर लागे व्यवहार कसरी चल्ला ? भन्ने निबन्धमा सामान्यतया अध्यात्म ज्ञानका विषयमा गरिने प्रश्नलाई आधार बनाइएको छ । यसमा बताइए अनुसार अध्यात्मको बाटोमा हिंड्नु भनेको घर, गृहस्थी, सांसारिक दायित्व, नागरिक कर्तव्य जस्ता विविध पक्षको उपेक्षा गरी जोगी नै बन्नु हो भन्ने अर्थमा पनि कतिपय व्यक्तिले लिन्छन् । वास्तवमा त्यो कुरा सत्य होइन । अध्यात्म ज्ञानतिर लाग्न गृहस्थ जीवनले बाधा पार्दैन र अन्य सांसारिक जिम्मेवारीले पनि अवरोध गर्दैनन् । अझ गृहस्थहरूले बढी मात्रामा संलग्न हुनु पर्ने क्षेत्र यो हो । यसलाई जीवनमा उतार्न सके व्यक्ति, परिवार, समाज, जाति, देश उन्नत बन्दछ र व्यवहारको स्तर पनि बढ्दछ ।

सारा दुःखको कारण हो अज्ञान शीर्षकको अर्को पाठमा भनिए अनुसार मान्छेले आफूलाई नजान्नु र आफ्नो सामर्थ्य नबुझ्नु अज्ञान हो भनिएको छ । परमात्माको अंशका रूपमा रहेको प्राणीले आफूलाई मरणशील, सांसारिक जन्जालमा जेलिन बाध्य भएको जीव, शक्तिहीन, खानकै लागि मात्र जन्मेको ठान्यो भने जहिले पनि दुःख हुन्छ । अज्ञान भनेको पनि त्यही हो । आफूलाई परमात्मा त कहाँ हो कहाँ शरीर ठान्यो भने शरीरले भोग्नु पर्ने अवस्थाको चिन्ताले दुःखी हुनु त स्वाभाविक कुरा हो । त्यसैले ज्ञानीहरू आफूलाई परमानन्दघन परमेश्वरको अंश र अजरामर ठानी सदा प्रसन्न रहन्छन् । त्यो नै बुद्धिमानी हो र वास्तविक कुरा पनि हो ।

मोहमा फस्नु, मायामा बाँधिनु, लोभ गर्नु, क्रोधले रन्थनिनु, ईर्ष्यामा पोलिनु जस्ता कुरा चित्तमा लाग्ने रोग हुन् । यस्तो रोग सांसारिक झमेलामा फसेको व्यक्तिलाई लाग्दछ । यस प्रकारको रोगको उपचार कुनै औषधि खाएर, शल्य क्रिया गरेर, शारीरिक अवयव फालेर वा जोडेर, झारफुक गरेर सम्भव हुँदैन । यो लाग्न नदिने उपाय भनेको अध्यात्म ज्ञान हासिल गर्नु हो । त्यसले चित्तमा लागेका साराका सारा लेउ वा कल्मष फालेर सफा गर्दछ र चित्तलाई चम्किलो पारी दिन्छ । सोही उपायले मात्र चित्तको रोग निको पार्न सक्तछ । यही कुरा **चित्तको चिकित्सा कसरी गर्ने ?** भन्ने निबन्धमा बताइएको छ ।

भक्ति हो भुक्तिको साधनमा परमेश्वरको भक्तिमा सक्रिय रहेर जीवन व्यवहार चलाउन जानियो भने जीवनको उच्चताको उपभोग गर्न सकिन्छ भन्दै भक्ति बिनाको जीवन रसिलो र सन्तोषयुक्त नहुने भएकोले परमेश्वरप्रतिको आस्था र विश्वास कमजोर हुन नदिई सांसारिक जिम्मेवारी पुरा गर्नु पर्दछ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सांसारिक मायामा रमाएर दायाँबायाँ कतै केही नदेख्नु सुषुप्ति हो । मस्त निद्रा परेको समयमा केही कुराको ज्ञान नभएको जस्तो अवस्था यो हो । यसैलाई गाढान्धकार वा प्रगाढ अज्ञान भनिन्छ । त्यसैले संसारमय बन्नु सुषुप्ति हो । परमेश्वरको चिन्तनमा लीन भएर अखण्ड आनन्दको स्थितिमा पुग्नु समाधि हो । यस्तो अवस्थामा संसार शून्य हुन्छ र आत्म चिन्तन अर्थात् ब्रह्म ज्ञानको ज्योति जताततै फैलिएको अनुभव हुन्छ । सुषुप्तिको अवस्था छोडेर समाधिको स्थितिमा पुग्ने काम गर्नु पर्दछ । **सुषुप्ति र समाधिमा के अन्तर छ ?** भन्ने पाठमा निबन्धकारले यिनै कुरामाथि प्रकाश पारेका छन् ।

मनको अद्भुत शक्ति नामक निबन्धमा मनलाई अज्ञानतिर लगायो भने अज्ञानी र ज्ञानतिर लगायो भने ज्ञानी भइन्छ भनिएको छ । संसार नै सर्वस्व हो भन्ने ठान्नेहरू मन संसारतिर लगाउँछन् र दुःखको भुमरीमा फस्दछन् भने परमार्थ नै सबै कुरा हो भन्ने ठान्नेहरू परमार्थीतिर लाग्दछन् र अखण्ड सुखको अनुभव गर्दछन् भन्दै यसमा मनलाई जता लगायो उतै जाने भएकोले परमार्थीतिर लगाउनु नै उत्तम हुन्छ भनिएको छ ।

श्रीमद्भगवद्गीतामा जताततै भक्ति-भक्ति शीर्षकको निबन्धमा *श्रीमद्भगवद्गीता*मा जताततै भक्तिको चर्चा गरिएको कुरा अघि सारिएको छ । यसमा भनिए अनुसार गीताले भक्तिलाई ज्ञान प्राप्त गर्ने एउटा उपाय बताएको छ । साथै ज्ञानबाट नै मुक्ति मिल्न सम्भव हुन्छ । मुक्तिको बाटोमा हिंड्नेहरूका लागि भक्ति एउटा उत्तम साधन हो । भक्ति मात्रले मुक्ति पाउन भने सकिँदैन । यसले कठिन भनिने मुक्तिको यात्रालाई सरल र रोचक बनाउनमा मद्दत गर्दछ । मुक्तिलाई महत्त्व दिने क्रममा गीतामा भक्तिको चर्चा प्रचुर मात्रामा गरिएको पाइन्छ ।

ईश्वरको अनुग्रह कसरी प्राप्त गर्ने ? भन्ने पाठमा जान्यो भने ईश्वरको अनुग्रह प्राप्त गर्न ज्यादै सजिलो छ र जानेन भने यो जस्तो गारो काम नै केही छैन भनिएको छ । साथै यस पाठमा ईश्वरलाई आफूदेखि भिन्न नमानी अन्तरात्मादेखि ध्यान उपासना गर्ने हो भने पाउन नसकिने कुनै वस्तु हुँदैन भन्दै त्यस्तो व्यक्तिले ईश्वरसित साक्षात्कार पनि गर्न सक्तछ भनिएको छ ।

जीवात्मा र परमात्मामा भिन्नता नै छैन । यिनका बिच उहिले पनि एकता थियो आज पनि छ किनभने यी दुई भिन्न तत्त्व नै होइनन् । जीवले अज्ञानका कारण आफूलाई परमात्माभन्दा भिन्न अनुभव गरी मरणशील, नाशवान्, शरीरी र संसारी ठानेर लोभ, मोह, मद, मात्सर्य, क्रोध जस्ता शत्रुका फन्दामा परेर निरीह ठानेकोले फरक देखिएको वा भ्रम परेको मात्र हो । यथार्थमा जीवात्मा र परमात्मामा भिन्नता कहिल्यै रहेन । यिनै कुरा **जीवात्मा र परमात्माको एकता**मा बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर अखण्ड, स्वतन्त्र, स्वप्रकाश, परिपूर्ण, नित्य, अरूप, अनाम, अजर, अमर, परमानन्द, निराकार, निर्मल छन् । नाम, रूप, आकार जहाँ पुग्दा हराउँछन् त्यहीं सच्चिदानन्दघन ईश्वरको साक्षात्कार हुन्छ । ईश्वर सबैका हृदय देशमा सर्वत्र बस्दछन् । सारा विश्व ब्रह्माण्डको रचना गर्ने भएर पनि उनी अकर्ता बनी तटस्थ रहेर बस्दछन् । कुनै निश्चित आकारमा उनी देखिँदैनन् । उनको स्वरूप मनोमय, आनन्दमय, निराकारमय, ज्ञानमय र चिन्मय अवस्थामा देखिन्छ । **ईश्वरको स्वरूप** भन्ने निबन्धमा यिनै कुरा बताइएको छ ।

अहंकार छुट्यो कि आनन्दै आनन्द ! मा भनिए बमोजिम अहंकार भनेको आफूलाई खानदानी, ज्ञाता, शक्तिशाली, मेधावी, अरूभन्दा विशेष, सुन्दर, स्वस्थ ठान्नु हो । यस प्रकारका गलत सोच हट्नु नै अहंकार छुट्नु हो । विवेकशील व्यक्ति यस्ता सारहीन कुरामा लाग्दैनन् । उनीहरू त आफूलाई परमात्माको अंश ठान्दछन् । सच्चिदानन्दमय परमात्माको अंशका रूपमा आफूलाई शून्यमा विलीन गर्नेले परमात्मा जस्तै आनन्दमय बन्नु स्वाभाविक कुरा हो । त्यसैले ज्ञानीहरू अहंकार छोडेर ब्रह्मविद्या सिक्दछन् र आनन्दै आनन्दको सागरमा डुबुल्की मारी सधैं प्रसन्न रहन्छन् ।

आत्मा हो स्वप्रकाश नामक निबन्धका अनुसार प्राणीलाई प्रकाशित गर्ने तत्त्व आत्मा हो । आफूलाई देह ठान्दा अन्धकार, अज्ञान, दुःख, वेदना, कष्ट, चिन्ताको ओइरो लाग्ने र आत्मा ठान्दा प्रकाश, ज्ञान, सुख, खुसी, आनन्द, प्रसन्नता फैलने हुन्छ । परमात्माको अंश ठानेर आफूलाई आनन्दमय बनाउनु नै बुद्धिमानी हुन्छ । जसले पनि सुख चाहन्छ र दुःखबाट टाढा रहने प्रयास गर्दछ । त्यस्तो चाहनाको परिपूर्तिका लागि पनि आत्म ज्ञानबाट स्वप्रकाश खोज्नु आवश्यक हुन्छ ।

जीव र ईश्वर भन्ने निबन्धमा जीव र ईश्वरमा भेद नभएको कुरामाथि प्रकाश पारिएको छ । यसमा के भनिएको छ भने जीव नै ईश्वर हो तापनि स्वयं जीवलाई यो कुरा थाहा हुँदैन किनभने उसलाई अज्ञानले घेरेको हुन्छ । जीवले शास्त्र र शास्त्रीको ब्रह्मवाणी स्वीकार गरेर आफ्नो स्वरूप थाहा पाउनासाथ उपाधि विनिर्मुक्त ब्रह्म बन्न सफल हुन्छ । जीवमा अविद्या भएकोले नै ऊ ईश्वरभन्दा भिन्न बुझिएको हो । ब्रह्म भनेको उपाधि रहित शक्ति हो । जीव र ईश्वर पनि जब निरुपाधिको तहमा पुग्दछन् तब तिनमा अन्तर रहँदैन ।

भक्ति भनेको परमात्मामा अत्यधिक अनुराग हुनु हो । संसारी वस्तुमा अनुराग भए माया मोहका जन्जालमा फसिन्छ भने परमात्मामा अनुराग भए भक्ति भावमा पुगिन्छ । भक्तिले ज्ञान प्राप्त हुन्छ र ज्ञानबाट मुक्ति मिल्दछ । भक्तिले ज्ञानको शक्ति दिलाउने हुँदा मुमुक्षुहरू यसप्रति आकर्षित बन्दछन् । आफ्नो कल्याण चाहने हो भने भक्तिको रहस्य बुझ्नु आवश्यक छ । **भक्तितत्त्वको रहस्य** भन्ने निबन्धमा यिनै कुरा भनिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म विद्या, ब्रह्म विद्या, तत्त्व ज्ञान, परमार्थ ज्ञान, विशिष्ट विद्या भन्नु एउटै कुरा हो। भगवान् श्री कृष्णले अर्जुनलाई विद्याहरूमा सर्वोत्तम विद्या अध्यात्म हो भनेका छन्। सोही विद्या नै परमतत्त्व हो र ब्रह्मविद्या पनि हो। यस विद्याले मुक्ति दिलाउन मद्दत गर्दछ। **विद्याहरूमा सर्वोत्तम हो ब्रह्मविद्या** भन्ने निबन्धमा पनि ब्रह्मविद्याको यही महत्ता प्रकाशित गरिएको छ।

सारा ब्रह्माण्ड मनको कल्पना मात्र हो भन्ने पाठ वेदान्त दर्शनको व्याख्या हो। *ब्रह्म सत्यं जगन्मिथ्या* अर्थात् ब्रह्म नै सत्य हो बाहिरी आँखामा देखिने संसार झुटा हो भन्ने विचारलाई यसमा विस्तृत तुल्याइएको छ। सपनाको संसार जस्तै नाटकको दृश्य जस्तै, भ्रम पर्दा हुने अनुभव जस्तै वास्तविकता नभएको चित्र संसार हो भनेको छ। कल्पनाको यो लड्डू खान नसकिने हुँदा ज्ञानीहरू यसप्रति मोहित हुँदैनन्। यस निबन्धको मूलभाव यही हो।

बाहिरी कुरा केही नचिताई एकोहोरो भएर परमात्मामा चित्त लगाउनु योग हो। योगबाट चित्त शुद्ध भई ज्ञानोदय हुन्छ र ज्ञानबाट मोक्ष प्राप्त हुन्छ। त्यसैले मोक्षलाई गन्तव्य बनाउने एउटा माध्यम योग पनि हो। योगीहरू यस बाटोमा लगातार हिंडेर मोक्ष प्राप्त गर्न सफल हुन्छन्। **योगाभ्यासबाट मोक्षलाभ** नामक निबन्धमा व्यक्त गरिएको आशय यही हो।

मोक्षप्राप्तिको उपाय भन्ने पाठमा मोक्षको चाहना राख्ने हो भने सांसारिक विषयादिबाट हटाएर मनलाई ब्रह्म ज्ञानतिरको लगाउनु पर्दछ भनिएको छ। यसमा थप के पनि भनिएको छ भने माया मोहका बन्धनबाट मुक्त हुनु पनि यसका लागि आवश्यक हुन्छ। शरीरादिको आसक्ति छोडेर तत्त्व ज्ञान हासिल नगर्दासम्म मोक्ष प्राप्त हुन सक्तैन।

त्यागबाट मात्र लाभ संभव छ शीर्षकको निबन्धमा ठुलो लाभ लिन चाहनेले ठुलै मानिने कुराको त्याग गर्नु पर्दछ भन्दै संसारलाई सर्वस्व ठान्ने मानसिकता बोकेका व्यक्तिहरूले परम तत्त्वको ज्ञान र मुक्तिको कामना गर्ने हो भने सांसारिक मोह छोड्नै पर्दछ भनिएको छ। यसमा थप के कुरा पनि बताइएको छ भने सात्त्विक त्याग, राजसिक त्याग र तामसिक त्याग न गरेसम्म ब्रह्म ज्ञानको लाभ हुन सक्तैन। केही पाउनका लागि केही गुमाउनु पर्दछ।

अज्ञानीहरू सुखको लालसामा भौतिक वस्तुको जगेर्ना गर्दछन् र आफ्नै सुरक्षाका निम्ति आफैले बनाएको जालोमा परेर रेसमी किरा अल्झे झैं दुःखको भुमरीमा रुमलिन बाध्य हुन्छन्। अन्य, मृत्यु, बुढ्यौली, रोगव्याधि जस्ता दुःखहरूको कारण पनि अज्ञान नै हो। **दुःखको कारण हो अज्ञान**मा यिनै कुरा भनिएको छ।

वेदान्त दर्शनको विलक्षणतामा निबन्धकारले दर्शनको वैशिष्ट्यको चर्चा गरेका छन्। यस पाठमा बताइए अनुसार वेदान्त दर्शनमा आध्यात्मिक जगत्का सम्पूर्ण सत्यको समावेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको पाइन्छ । यसमा सर्वदा मुक्त रहेको तर अनेक थरी बन्धनमा परेको अनुभव गर्ने जीवलाई यस दर्शनले सप्रमाण मुक्त, आनन्द स्वरूप, ब्रह्म स्वरूप, अखण्ड, एक रस ब्रह्म वस्तु घोषणा गर्नु नै विलक्षणताको लक्षण हो भनिएको छ ।

चित्त नै संसार हो । चित्तको चञ्चलता रहेसम्म सांसारिक बन्धन पनि रही रहन्छ । ब्रह्म ज्ञानको खोजी गर्नेहरूले चित्तको चञ्चलतामाथि नियन्त्रण गर्नै पर्दछ र त्यसलाई विश्राम गर्न लगाउनु पर्दछ । मुक्तिको मार्गमा वासनाको क्षय आवश्यक सर्त भएकोले चित्तलाई विश्राम दिनु अनिवार्य सर्त बन्दछ । **चित्त-विश्रान्ति** निबन्धको मूल भाव यही हो ।

भगवान् सबभन्दा नजिकका आफन्त हुन् भन्ने ठानेर आफ्नो स्वरूप नै उनीमा आरोपित नगरेसम्म भगवान्को प्राप्ति हुँदैन । अर्को कुरा भगवान्लाई आमा, बाबु, साथी, भाइ, बन्धु, इष्टमित्र आदि जुन रूपमा चिन्तन गर्‍यो त्यही रूपमा प्रकाशित हुन्छन् । अर्को कुनै उपाय बाँकी नरहे जस्तै गरी भगवान्लाई भित्री मनबाट अनन्य रूपमा सम्झ्यो भने पनि उनलाई प्राप्त गर्न सकिन्छ । यिनै कुरा **भगवत्प्राप्तिको उपाय** भन्ने पाठमा बताइएको छ ।

ईश्वरावतारको रहस्य नामक निबन्धमा ईश्वरले धर्म, सत्य, न्याय र सज्जनको संरक्षणका लागि अनेक रूपमा समय समयमा अवतार लिने गरेको कुरा प्रस्तुत गरिएको छ । यसमा भनिए अनुसार लोकमा संकट छाउनासाथ ईश्वर अवतार लिन्छन् । उनको संरक्षण र नियन्त्रण आवश्यक पर्दा उनी प्रकट हुन्छन् । उनको प्रतीक्षा गर्न युग कुर्नु पर्दैन ।

आत्मालाई कसरी भेट्टाउन सकिएला ? भन्ने निबन्धमा आत्मालाई भेटाउन आफूभित्रै रहेको आत्माको अस्तित्व, स्वरूप, शक्ति र सामर्थ्य चिन्नु पर्दछ भनिएको छ । बाहिरी संसारमा खोजेर आत्मा भेटिँदैन भन्दै आत्मा खोज्नका लागि अन्तर्मुखी दृष्टि आवश्यक हुने कुरा व्यक्त गरिएको छ । आत्मा भनेको परमात्माको अंश हो भन्ने कुरा पनि यसमा बताइएको छ ।

ज्ञान प्राप्त गर्नका लागि आफैले प्रयास गर्नु पर्दछ । आफूलाई जस्तो बनायो त्यस्तै भइन्छ । भगवान् श्री कृष्णले अर्जुनलाई दिएको उपदेश पनि यो हो । आफ्नो भाग्य, आफ्नो सुखदुःख, आफ्नो भक्ति र आफ्नो मुक्ति आफैले नगरे अरूले गर्ने त कुरै हुँदैन । आफ्नो हित गर्न चाहने हो भने आफै अग्रसर हुनु पर्दछ । **आफ्नो उद्धार आफैले गर्नुपर्छ** भन्ने निबन्धमा यिनै कुरा प्रस्तुत गरिएको छ ।

भक्ति र ज्ञानको एकता भन्ने निबन्धमा भक्ति ज्ञानका लागि सहायक बन्दछ भनिएको छ । यसमा थप के कुरा पनि भनिएको छ भने भक्तिको विस्तार तथा निरन्तरताबाट ज्ञान प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न सजिलो हुन्छ । ज्ञान प्राप्त भयो भने मुक्ति प्राप्त गर्न सकिन्छ । भक्ति र ज्ञानको एकताबाट मुक्ति हासिल गर्न सजिलो हुन्छ । त्यसैले भक्ति र ज्ञानको एकता आवश्यक हुन्छ ।

दान गरे ज्ञान गर्न सजिलो हुन्छ भन्ने पाठमा भौतिक वस्तुको दानलाई भन्दा पनि आध्यात्मिक चिन्तनको उपदेश तथा प्रचार प्रसारलाई महत्त्व दिइएको छ । यसमा भनिए अनुसार यस्तो दानले ज्ञान प्राप्त हुन्छ र ज्ञानबाट परमतत्त्व हासिल हुन्छ । त्यसैले अध्यात्म ज्ञानको दान गर्नु पुण्य कार्य हो ।

मानवताको रक्षाका लागि धर्मको आवश्यकता भन्ने निबन्धमा धर्मले समाजमा शान्ति, एकता, प्रेम, मित्रता र समभदारी बढाउनका साथै मानवीय सम्बन्धको संरक्षण पनि गर्दछ भनिएको छ । धार्मिक अनुशासन कायं रहेमा समाज अनुशासित र संयमित बन्दछ र समाजमा बस्ने सबैले सुरक्षा प्राप्त गर्दछन् भन्दै मानवीय मूल्य र मान्यताको रक्षा पनि त्यसबाट हुन्छ भन्ने कुरा पनि यसमा बताइएको छ ।

दुःख भनेको अज्ञान हो । दुःख मानेमा मात्र दुःख हुने भएकोले यो कुरा सोचाइमा भर पर्दछ । दुःखको निजी कुनै अस्तित्व हुँदैन । अज्ञान तथा कमजोर मनको उपज दुःख हो । ब्रह्म बोधमा आधिभौतिक, आधिदैविक, आध्यात्मिक तिन वटै दुःखको अभाव हुन्छ । अज्ञानी सधैं दुःखी हुन्छ भने ज्ञानी सर्वदा सुखी हुन्छ । **दुःखनाशको उपाय** निबन्धमा बताइएका कुरा यिनै हुन् ।

विचार र व्यवहार एकरूपको हुनुपर्दछ । विचार एउटा र व्यवहार अर्को भयो भने कुनै पनि काम बन्दैन । विचारले मान्छेलाई सही अर्थमा मान्छे बनाउँछ । मान्छे भनेको विचारको खानी हो । विचार शून्य व्यक्तिले केही काम गर्न सक्तैन । विचार भनेको व्यवहारको बीज हो । विचारबाट नै उत्प्रेरित भएर मान्छेले व्यवहार गर्दछ । विचारले मतिलाई निर्दिष्ट गर्दछ र मतिले कार्यको गति अघि बढाउँछ । तसर्थ विचार र व्यवहारका बिच गहिरो सम्बन्ध रहेको हुन्छ । **विचार र व्यवहार** निबन्धको आशय यही हो ।

मुक्त हुनु भनेको जन्मनु तथा मर्नुको चक्करबाट पार पाउनु हो र परम तत्त्व हासिल गर्नु हो । यसलाई मानव जीवनको महत्तम प्राप्ति मानिन्छ । मान्छे भएर जन्मेपछि जन्म र मृत्युको बन्धनबाट मुक्त हुने काम गर्नु पर्दछ । मोक्ष भनेको पनि त्यही हो । ब्रह्मज्ञान प्राप्त गरेको व्यक्तिले मोक्ष पाउँछ । त्यस्तो व्यक्तिलाई नै मुक्त पुरुष भनिन्छ । **मुक्त पुरुषको जन्म र मृत्यु हुँदैन** भन्ने पाठमा यही कुरा व्यक्त गरिएको छ ।

निर्गुण ब्रह्म भन्ने शीर्षकको निबन्धमा ब्रह्म निराकार, अनन्त, अखण्ड, परमानन्दमय, ज्ञानमय, प्रकाशमय र चिन्मय हुन्छ भन्दै कुनै स्वरूपमा त्यो प्रकट हुँदैन भनिएको छ । यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताइए अनुसार ब्रह्म भन्ने कुरा अनुभव गरिन्छ तर व्यक्त गर्न सकिँदैन । यसको परिचय दिने क्रममा दार्शनिकहरू 'नेति' 'नेति' अर्थात् यो पनि होइन त्यो पनि होइन तर केही न केही त हो भन्दछन् ।

आत्मज्ञान नै शास्त्रको सार हो भन्ने रचनामा साराका सारा शास्त्रहरूले बयान गरेका तत्त्वको अन्तिम निष्कर्ष आत्म ज्ञान भएकोले त्यो हासिल गर्ने प्रयत्न गर्नु पर्दछ भनिएको छ । यसमा आत्म ज्ञान भनेको ब्रह्मविद्या हो भन्दै सबभन्दा उत्तम ज्ञान पनि त्यही हो भन्ने कुरा पनि व्यक्त गरिएको छ ।

अभेद-दर्शनमा जीव र परमात्मामा भिन्नता न देख्नु नै ब्रह्मज्ञान हो भन्दै तत्त्व ज्ञान भनेर चिनिने शास्त्र पनि यही हो भनिएको छ । प्रस्तुत कृतिको नाम यस पाठकै नामबाट राखिएको हुनाले निबन्धकारलाई अधिक मन परेको शीर्षक र विषय पनि यो हो भन्ने कुरा थाहा हुन्छ ।

ज्ञानीको अनुभव र व्यवहार कस्तो हुन्छ ? भन्ने निबन्धमा ज्ञानी बन्नका लागि लामो समयसम्म लगातार साधना गर्नु पर्दछ भन्दै ज्ञानीका अनुभव र व्यवहारबाट ज्ञान, सत्य, भगवद्भक्ति, त्याग, तपस्या, शिष्टता, सदाचार, संयम, अनुशासन, प्रेम, शान्ति, समझदारी, क्षमा, धैर्य सिक्नु पर्दछ र स्वयं पनि ज्ञानी बन्ने प्रयत्न गर्नु पर्दछ भनिएको छ ।

ईश्वरदेखि आफूलाई अभिन्न ठानेर उनलाई प्राप्त गर्नका लागि गरिने उपाय नै उपासना हो । उपनिषद्हरूले भिन्न वस्तु चिन्तन न गरी ईश्वरकै चिन्तन गर्नु नै उपासना हो भनेका छन् । ब्रह्मज्ञानको बाटो उपासना नै हो । **उपनिषद्अनुसार उपासनाको रहस्य** भन्ने निबन्धको आशय यही हो ।

ब्रह्मको अवर्णनीयता यस निबन्धको अन्तिम पाठ हो । यसमा ब्रह्मको बयान गर्न कसैले नसकेको कुरा अघि सार्दै अवर्णनीय महत्तत्त्वका रूपमा यसलाई चिनाउन खोजिएको छ ।

यसरी प्रस्तुत निबन्ध संग्रहका सबै पाठहरूमा रचनाकारले वेदान्त दर्शन र ब्रह्म तत्त्वको सेरोफेरोका विषयवस्तुलाई समेटेका छन् । एउटै विषयको विस्तारमा जाँदा पुनरुक्ति पनि यसमा उत्तिकै ज्यादा हुन गएको छ । यो कुरा निबन्धकार स्वयंले स्वीकार पनि गरेका छन् । एउटै विषयमा केन्द्रित बन्दा यस्तो हुनु स्वाभाविकै हो । व्याख्याता, शिक्षक, दार्शनिक, उपदेशक, साहित्यकारमा यस्तो प्रवृत्ति बढी देखिन्छ । विभिन्न ज्ञान सत्रका प्रवचनको सार प्रस्तुतिमा यस काव्यमा रचनाकार खप्तड बाबाको बहानामा प्रा. रिसाल स्वयं पग्लेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले ती सन्दर्भ भावनाको अतलस्पर्शी शक्ति बनेका छन् । यस्तो सफलता थोरै साहित्यकारले मात्र प्राप्त गर्दछन् । यस पुस्तकका सारभूत केही उक्ति यहाँ बुँदागत हिसाबबाट प्रस्तुत गरिएको छ ।

४.२.१३ ब्रह्मजिज्ञासा

ब्रह्मजिज्ञासा (दार्शनिक निबन्ध सङ्ग्रह) राजर्षिजनकस्मृतिकोष काठमाडौंद्वारा २०५७ सालमा पहिलो संस्करण र सरस्वती पन्तको आर्थिक सहयोग तथा स्वाध्याय परिवार जावलाखेलद्वारा २०७० सालमा दोस्रो संस्करणका रूपमा प्रकाशित प्रा. शिवगोपाल रिसालको बारौँ कृति हो । २०२४ सालदेखि २०४१ सालका अन्तरालमा लेखिएका र अत्यन्त गहन दार्शनिक चिन्तनले ओतप्रोत निबन्ध यी हुन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित पहिलो संस्करणमा ६२ र दोस्रो संस्करणमा ६३ वटा निबन्धहरूको सँगालो यो हो । डिमाई आकारमै भए पनि प्रारम्भिक अंश १२ तथा पाठको अंश २४१ गरी जम्मा २५३ पृष्ठको पहिलोभन्दा प्रारम्भिक अंश १८ तथा पाठको अंश ३२२ गरी जम्मा ३४० पृष्ठको दोस्रो संस्करणको गाताको मोटाइ, चित्र, मसी र कागजको स्तरका साथै संयोजनमा पनि परिवर्तन तथा परिवर्द्धन गरिएको छ ।

हेमराज ज्ञवालीको प्रकाशकीय, शरदकुमार भट्टराईको शुभकामना मन्तव्य र लेखकको भूमिका पहिलोमा जस्तै दोस्रो संस्करणमा यथावत् राखिएको छ । दोस्रो संस्करणको लेखकीय भूमिका थपिएको छ । पहिलोमा नभएको समर्पण दोस्रो संस्करणमा थपी लेखकका मातापितामा पुस्तक समर्पण गर्नका साथै तिनको संयुक्त चित्र समेत दोस्रो संस्करणमा थपिएको छ । पहिलो संस्करणमा यो अंश राखिएको थिएन । त्यसै गरी पहलो संस्करणमा नभएको अर्थ सहयोगी सरस्वती पन्तका स्वर्गीय पति राधेश्याम पन्तको रंगीन चित्र पनि दोस्रो संस्करणमा राखिएको छ । पहिलो संस्करण प्रकाशनमा अर्कै संस्थाको सहयोग रहेकोले यसो भएको हुनु पर्दछ । पहिलोमा नभएको **शाश्वत शान्ति** भन्ने पाठ दोस्रो संस्करणमा थपिएको छ । साथै पहिलोको भन्दा दोस्रो संस्करणको पाठको अनुक्रम समेत परिवर्तन गरिएको छ । यहाँ पहिलो र दोस्रो संस्करणमा दिइएको पाठको अनुक्रम प्रस्तुत गरिएको छ ।

पहिलो संस्करणमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

शक्ति-तत्त्व, श्रीमद्भगवद्गीतामा कर्म, उपासना र, प्रारब्ध र पुरुषार्थ, मोक्षका लागि एक मात्र साक्षात् साधन हो-ज्ञान, चित्त र चैतन्यको यथार्थ निरूपण, मेरो यथार्थ परिचय, मेरो आफ्नै दृष्टिमा म, गुरु-महिमा, मेरो म, शिव-पूजा, भक्तियोग : एक अध्ययन, चित्तनाशका दुई उपाय-योग र ज्ञान, योग र ज्ञानको तुलनात्मक अध्ययन, मोक्ष-मन्दिरका चार द्वारपाल, वेदान्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र व्यवहार, मनोनाश, वासनाक्षय र तत्त्वसाक्षात्कार, 'तमसो मा ज्योतिर्गमय', अद्वैत-वेदान्त दर्शन र शङ्कराचार्यको मायावाद, गीता-दर्शन र अर्जुनको व्यवहार, वैराग्य : एक अनुशीलन, साक्षीको सिद्धिः सुषुप्तिकालीन अनुभव, ज्ञानसाधन र योगसाधन : एक विवेचना, आध्यात्मिक चिन्तनः एक अनुशीलन, परमानन्द, ज्ञानमार्गमा गुरुको स्थान, वेदान्त-विज्ञान, आध्यात्मिक शान्ति, वैज्ञानिक युगमा वेदान्तको महिमा, सुषुप्ति र तुरीय अवस्था : एक विवेचना, बन्धन-मोक्ष निरूपण, संसार हो संकल्प मात्र, म माने ब्रह्म, समाधि-निरूपण, ज्ञान : एक विवेचना, आत्माराम : एक चिन्तन, ईश्वरचिन्तन : युगको माग, अध्यात्मवाद र भौतिकवाद, चिन्तन : एक चिन्तन, आत्मा हो स्वतः सिद्ध, विदेह, त्रिविध आकाश, जगत्लाई केलाउँदा, अध्यात्मविद्या : एक अनुशीलन, ज्ञान कसरी प्राप्त हुन्छ ?, मानव मात्रको लक्ष्य हो ज्ञान, प्रारब्ध, निर्गुण उपासना, ध्यान र ज्ञान, सम्पूर्ण त्रिपुटीलाई परित्याग गर्नु हो ब्रह्मज्ञान, समाधियोग, प्रज्ञा : एक अनुशीलन, आनन्द के हो ? कहाँ छ ?, चित्त-शुद्धि, शक्ति, भक्ति र मुक्ति, ज्ञान, गीतामा साम्यवाद, हाम्रो आफ्नै आँखा, आध्यात्मिक शान्ति, पशुपतिनाथको तेस्रो नेत्र, जिज्ञासा, पूर्णावतार भगवान् श्रीकृष्ण, ब्रह्मजिज्ञासा ।

दोस्रो संस्करणमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

वेदान्तजिज्ञासा, ब्रह्मजिज्ञासा, ज्ञान, ज्ञान कसरी प्राप्त हुन्छ ?, ज्ञानमार्गमा गुरुको स्थान, गुरु-महिमा, चित्त-शुद्धि, शाश्वत शान्ति, आध्यात्मिक शान्ति, आध्यात्मिक चिन्तन : एक अनुशीलन, अध्यात्मविद्या : एक अनुशीलन, अध्यात्मवाद र भौतिकवाद, मानवमात्रको लक्ष्य हो ज्ञान, ज्ञान : एक विवेचना, चिन्तन : एक चिन्तन, ईश्वरचिन्तन : युगको माग, आत्माराम : एक चिन्तन, प्रारब्ध, प्रारब्ध र पुरुषार्थ, मेरो म, मेरो यथार्थ परिचय, मेरो आफ्नै दृष्टिमा म, म माने ब्रह्म, आनन्द के हो ? कहाँ छ ?, समाधियोग, समाधि-निरूपण, बन्धन-मोक्ष निरूपण, जगत्लाई केलाउँदा, संसार हो संकल्प मात्र, त्रिविध आकाश, सम्पूर्ण त्रिपुटीलाई परित्याग गर्नु हो ब्रह्मज्ञान, आत्मा हो स्वतःसिद्ध, विदेह, प्रज्ञा : एक अनुशीलन, शक्ति-तत्त्व, शक्ति, भक्ति र मुक्ति, श्रीपशुपतिनाथको तेस्रो नेत्र, हाम्रो आफ्नै आँखा, गीतामा साम्यवाद, पूर्णावतार भगवान् श्रीकृष्ण, श्रीमद्भगवद्गीतामा कर्म, उपासना र वेदान्त ज्ञान, मोक्षका लागि एक मात्र साक्षात् साधन हो-ज्ञान, ध्यान र ज्ञान, चित्तनाशका दुई उपाय-योग र ज्ञान, योग र ज्ञानको तुलनात्मक अध्ययन, ज्ञानसाधन र योगसाधन : एक विवेचना, सुषुप्ति र तुरीय अवस्था : एक विवेचना, शिव-पूजा, भक्तियोग : एक अध्ययन, निर्गुण उपासना, वेदान्त र व्यवहार, मोक्ष-मन्दिरका चार द्वारपाल, गीता-दर्शन र अर्जुनको व्यवहार, वैज्ञानिक युगमा वेदान्तको महिमा, वेदान्त-विज्ञान, वैराग्य : एक अनुशीलन, अद्वैत-वेदान्त दर्शन र शङ्कराचार्यको मायावाद, 'तमसो मा ज्योतिर्गमय', साक्षीको सिद्धि : सुषुप्तिकालीन अनुभव, चित्त र चैतन्यको यथार्थ निरूपण, मनोनाश, वासनाक्षय र तत्त्वसाक्षात्कार, परमानन्द ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम संस्करणको प्रकाशकीयमा हेमराज ज्ञवालीले भने जस्तै यस पुस्तकमा **शिवपूजा, गुरुमहिमा, भक्तियोग, पूर्णावतार भगवान् श्रीकृष्ण, हाम्रो आफ्नै आखा** जस्ता विभिन्न पर्व र विषय बारे लेखिएका केही लेखलाई छाडेर बाँकी सबै लेखले वेदान्त दर्शनको सारतत्त्व ब्रह्मचिन्तन र तत्त्वज्ञानसँग सम्बद्ध विविध पक्षलाई विस्तृत रूपमा सरल भाषामा व्याख्या गरेका छन् ।

जिज्ञासा भनेको कुनै पनि कुरा जान्न चाहनु हो । नजानेका कुरा जान्ने इच्छा सामान्यतया सबैमा हुन्छ । जान्न खोज्नु भनेको मानसिक भोकको स्थिति हो । जिज्ञासा भनेको पनि त्यही हो । जान्ने इच्छालाई संस्कृतमा जिज्ञासा भनिन्छ । ईश्वरदेखि र ब्रह्माण्डसम्मका जीवनदेखि जगत्सम्मका, जन्मदेखि मृत्युसम्मका, कर्मदेखि ज्ञानसम्मका, सगुणदेखि निर्गुणसम्मका, भौतिकदेखि आध्यात्मिकसम्मका, शान्तिदेखि ब्रह्मसितको साक्षात्कारसम्मका सम्पूर्ण कुराहरू जान्न खोज्नु जिज्ञासा हो । जान्ने इच्छा राख्नु राम्रो कुरा हो तापनि चाहिने नचाहिने जे पनि जान्ने चाहना राख्नु राम्रो होइन । *नजाने गाउँको बाटै नसोध्नू* भन्ने उखान नेपाली समाजमा प्रचलित हुनको कारण यही सन्देश प्रवाह गर्नु हो । जे कुरा जानेर सन्तुष्टि, शान्ति र तृप्ति पाइँदैन त्यो नजान्नु नै बेस हुन्छ । निबन्धकार खरायोको सिङ, बाँझीको छोरो, आकाशको फुल जान्न खोज्नु भनेको परिश्रम खेर फाल्नु र अनाहकमा बुद्धि खियाउनु हो, यस्तो प्रवृत्तिबाट कुनै लाभ हुँदैन भन्दछन् । ईश्वर, जन्म, मरण, ज्ञान, अज्ञान, विज्ञान, सृष्टि, ब्रह्मविद्या, धर्म, संस्कृति, परम्परा जस्ता आध्यात्मिक, दार्शनिक, सांस्कृतिक, सामाजिक कुराको खोजी हुनु र तिनको जानकारीमा लाग्नु जिज्ञासा हो । विवेकपूर्वक गुरुबाट यस प्रकारका विषयमा ज्ञान आर्जन गर्नु साधक, तपस्वी, बुद्धिमान्, योग्य, अधिकारी शिष्यको कर्तव्य हो । त्यो नै जिज्ञासा हो ।

सबभन्दा माथिल्लो तहको जिज्ञासा **ब्रह्मजिज्ञासा** हो । समीक्ष्य निबन्ध संग्रहको नाम नै यस पाठको नामबाट राखिएको हुनाले निबन्धकार शीर्षक तथा विषयवस्तु दुवै हिसाबले यसप्रति ज्यादा आकर्षित बनेका देखिन्छन् । यसमा के भनिएको छ भने ब्रह्मजिज्ञासाका लागि जोसुकै व्यक्ति योग्य मानिँदैन । यसका निमित्त विवेक, वैराग्य, षट्सम्पत्ति र मुमुक्षा प्राप्त भई सकेपछि मात्र व्यक्ति यस जिज्ञासाका लागि योग्य मानिन्छ । कर्म जिज्ञासा, धर्म जिज्ञासा र ब्रह्म जिज्ञासा समेत गरी जिज्ञासाहरू अनेक प्रकारका हुन्छन् । तिनमा सबभन्दा उच्च तहको जिज्ञासा ब्रह्म जिज्ञासा हो तापनि बाँकी जिज्ञासालाई अयोग्य चाहिँ भनिँदैन । सुरुमा कर्म तथा धर्म र त्यसपछि ब्रह्मको जिज्ञासा राख्नु बुद्धिमानी नै हो । ब्रह्म जिज्ञासु अवश्य पनि कुनै न कुनै दिन ब्रह्मको ज्ञान प्राप्त गर्न समर्थ हुन्छ । कृष्णद्वैपायन वादरायणले *ब्रह्मसूत्र* भनेर ५५५ सूत्र भएको बृहद् ग्रन्थ रचना गरेका छन् । त्यसको पहिलो पाठ ब्रह्मजिज्ञासा हो । जान्न लायक, जाने कल्याण हुने, नजानी नहुने, जानेन भने सारै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठुलो नोक्सान हुने भएकोले विश्व ब्रह्माण्डको ज्ञानमा ब्रह्मविद्या जान्नै पर्ने शास्त्र हो । ब्रह्मसूत्र नै वेदान्त दर्शनको प्रामाणिक शास्त्र भएको र वादरायणले मुमुक्षुको उद्धारका लागि यस सूत्रको प्रणयन गरेकाले जगत्मा यसको निकै ठुलो भूमिका छ । प्रस्थान त्रयीमा न्याय प्रस्थान भनेको ब्रह्मसूत्र नै हो । ब्रह्मका विषयमा न्याय प्रस्थानले राम्रो विवेचना गरेको छ । मोक्षको मात्र इच्छा भएपछि नै क्रमशः ब्रह्म जिज्ञासापूर्वक सन्तुष्टि, उपलब्धि, प्राप्तिको बाटो फेला पर्न सक्तछ । पहिले ब्रह्म जिज्ञासाका लागि अधिकारी बन्नु पर्दछ अनि ब्रह्मको जिज्ञासापूर्वक खोज गर्नु पर्दछ । त्यसपछि आफ्नै स्वरूप ब्रह्मको साक्षात्कार गर्नु पर्दछ । त्यसो गरिएमा सम्पूर्ण दुःखको निवृत्तिपूर्वक अखण्ड शान्ति र आनन्दको अनुभूति हुन्छ । ब्रह्म जिज्ञासु, ब्रह्म बोध भएपछि ब्रह्म नै बन्दछ । **सुषुप्ति र तुरीय अवस्था : एक विवेचना** भन्ने निबन्धमा पनि यस विषयमा चर्चा गरिएको छ ।

वेदान्त ज्ञान भन्ने निबन्धमा जान्नु र बुझ्नुलाई ज्ञान भनिएको छ । यसमा भनिए अनुसार संसारमा जान्नु पर्ने, बुझ्नु पर्ने कुराहरू अनन्त छन् ती सबैलाई जान्नु पनि ज्ञान हो । त्यस प्रकारका विषयमा ज्ञान भएका व्यक्ति ज्ञाता हुन् ज्ञानी चाहिँ होइनन् । स्पष्ट, शंका रहित भएर, प्रत्यक्ष रूपमा जान्नु वा थाहा पाउनु नै ज्ञान हो । आफूलाई आत्म रूपमा, ब्रह्म रूपमा, अविनाशी रूपमा, अखण्ड रूपमा, सदानन्द रूपमा जान्ने, बुझ्ने व्यक्तिलाई नै **ज्ञानी** भनिन्छ । अध्यात्म विद्याले जीवलाई शरीरादि रहित, दुःखशोकादि शून्य, जाग्रत्, स्वप्नादि अवस्था वर्जित शुद्ध चैतन्य आनन्द रूप मानेको छ । जीव भनेको संसारी, विकारी, नाशवान् शरीरादि सहितको मासुको डल्लो होइन । त्यो त शुद्ध, बुद्ध, निर्विकार, चैतन्य, दुःखको न्यूनतम अंश पनि नभएको शक्ति हो भन्ने कुरा स्पष्टसित बुझ्नु ज्ञान प्राप्त हुनु हो । यसैलाई आत्म साक्षात्कार, ब्रह्म साक्षात्कार तथा तत्त्व बोध पनि भनिन्छ । ज्ञानी सदा सुखी हुन्छ । अज्ञानी जतिसुकै सम्पन्न र वैभवशाली, शक्तिशाली भए पनि सुखी हुन सक्तैन । आफूमा भएको कर्ता र भोक्ताको भाव तथा संसार साँचो हो भन्ने भावलाई पूर्ण रूपमा त्यागे मात्र ज्ञानको उदय हुन्छ । जानेमा ब्रह्म ज्ञानी बन्नु ज्यादै सजिलो छ । जानेन भने यो जस्तो गारो काम कुनै छैन । यही आशय प्रकारान्तरले **ज्ञान कसरी प्राप्त हुन्छ, आध्यात्मिक चिन्तन : एक अनुशीलन, अध्यात्म विद्या : एक अनुशीलन, मानवमात्रको लक्ष्य हो ज्ञान, ज्ञान : एक विवेचना, आनन्द के हो ? कहा छ ?, जगत्लाई केलाउदा, संसार हो संकल्प मात्र, सम्पूर्ण त्रिपुटीलाई परित्याग गर्नु हो ब्रह्मज्ञान, प्रज्ञा : एक अनुशीलन, श्रीमद्भगवद्गीतामा कर्म, उपासना र ज्ञान, मोक्षका लागि एक मात्र साक्षात् साधन हो-ज्ञान, चित्तनाशका दुई उपाय-योग र ज्ञान, ध्यान र ज्ञान, ज्ञानसाधन र योगसाधन : एक विवेचना, योग : व्यापक दृष्टिमा, परमानन्द** जस्ता विविध शीर्षकका निबन्धमा पनि व्यक्त गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानमार्गमा गुरुको स्थान भन्ने निबन्धमा बताइए अनुसार अज्ञानरूपी अन्धकारबाट ज्ञानालोकमा पुऱ्याउने, अज्ञानलाई नाश गर्ने नै गुरु हो । मानिसहरू दुःख, असन्तोष, अतृप्ति, अभाव र मूलतः आत्म स्वरूपको अज्ञानले छटपटाई रहेका छन् । त्यसो हुनको एक मात्र कारण हो सच्चा ज्ञानवान्, जीवनमुक्त गुरु नपाउनु । ज्ञानवान् गुरु नपाएका व्यक्ति बसेको ठाउँ पनि अपवित्र मानिन्छ । आत्म स्वरूपको साक्षात्कार नभएका बेला संसार तथा चित्तलाई साँचो मानेर प्रपञ्चमा भट्की रहेको अवस्थामा अन्धकार, अज्ञान नाश गरी ज्ञानको प्रकाश छर्ने र सत्य मार्गको प्रदर्शन गराउने जीवनमुक्त ज्ञानीलाई नै वास्तविक गुरु भनिन्छ । गुरुले ज्ञान चक्षु दिएर, ज्ञान प्रकाश बालेर जीवन मुक्तिको बाटो देखाई दिन्छन् र आफू पनि ब्रह्मनिष्ठ हुन्छन् । माया, चित्त, संसार, भ्रम, विस्मरण, मोह आदिको कारण अज्ञान हो । माया आदि सारालाई जरैदेखि नष्ट गरी दिने र शुद्ध निर्विकार, निरञ्जन स्वरूपलाई देखाई ज्ञानरूपी बत्ती बाली दिने काम गुरुले गर्दछन् । अज्ञान र त्यसका सारा कार्यहरूलाई नाश गरेर ज्ञानको वर्षा गराउने हुनाले गुरु सदा वन्दनीय हुन्छन् । शास्त्रहरूमा गुरुका महिमाको अविरल गायन भएको छ । गुरुलाई बोल्ने ईश्वर नै मानिन्छ । त्रिविध ताप, भवरोग, जन्म र मृत्युको चक्कर, अज्ञानान्धकार, दुःखको खाल्डो, चिन्ताको समुद्र, अशान्ति, असन्तोष, अतृप्ति, अभाव र अविद्या, डर, शंका र उल्टो समझबाट पार लगाई आनन्द, ज्ञान, उज्यालो, शान्तिमा पुऱ्याउने र नयाँ जीवन दिने काम गुरुले गर्दछन् । जन्म दिने आमाबाबुको जुन स्थान छ ज्ञान दिने गुरुको पनि त्यही स्थान छ । आमाबाबुको र गुरुको असल चरित्रबाट प्रेरणा लिएर नै सन्तान र शिष्यको कल्याण हुन्छ । श्रुतिको साङ्गोपाङ्ग ज्ञान भएको, सो ज्ञान बताउने सामर्थ्य भएको र आफू पनि ब्रह्मभूत भई सकेको योग्यता गुरुमा हुनु पर्दछ । अनुभवमा परिपक्व ज्ञानवान् गुरुबाट शिष्यले सारा शंकाहरूको समाधान पाउँछ । गुरु पाउन ज्यादै कठिन छ । सारै भाग्यवान्, अत्यन्त पुण्यात्मा, उच्च कोटिका भक्त र तीव्र मुमुक्षुहरू मात्र यस्ता गुरु पाउँछन् र तिनको उपदेशबाट जीवनमुक्त बन्दछन् । गुरुका उपदेशमा कहिल्यै शंका गर्नु हुँदैन । गुरुको सेवाबाट पनि चित्त शुद्ध हुन्छ र उपदेश ग्रहण गर्न सक्ने क्षमता प्राप्त हुन्छ । एकलव्यले द्रोणाचार्यको माटाको मूर्तिलाई, दत्तात्रेयले पृथ्वी, आकाश, चन्द्रमा, मौरी आदि चौबिस जीवलाई, परीक्षितले शुकदेवलाई, शुकदेवले जनकलाई, जनकले अष्टावक्रलाई, रामले वसिष्ठलाई, लक्ष्मणले रामलाई, अर्जुन र उद्धवले श्रीकृष्णलाई, नचिकेताले यमराजलाई, पार्वतीले शिवलाई गुरु मानेका कथा प्रसिद्ध छन् । भगवान् शंकरलाई त गुरुका पनि गुरु भनिन्छ । *कृष्णं वन्दे जगद्गुरुम्* अर्थात् संसारका गुरु श्रीकृष्णलाई वन्दना छ भन्ने उक्ति त निकै चर्चित रहँदै आएको छ । यस निबन्धमा भनिएका कुराकै व्याख्या **गुरु-महिमा, गीता-दर्शन** र **अर्जुनको व्यवहार** शीर्षकका निबन्धमा पनि भएको पाइन्छ ।

चित्तशुद्धि नामक निबन्धमा चित्तलाई अखण्ड चैतन्य वस्तु भनिएको छ । यसमा बताइए अनुसार चित्त अशुद्ध पनि हुन्छ र शुद्ध पनि हुन्छ । अनेक प्रकारका दुःख, चिन्ता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदना, छट्पटी, शंका, डाह, राग, द्वेष आदिका साथै मृत्युसम्मको पनि सिकार बन्नु पर्ने अवस्था आउनु चित्त अशुद्ध हुनु हो । चित्त शुद्ध भयो भने मानिस सुखी, सन्तोषी र आनन्दी हुन्छ । संकल्प-विकल्प गरी अल्मलिने मन, चिताउने चित्त, निर्णय गर्ने बुद्धि र म भन्ने अहंकार चित्तकै रूप हुन् । सुख वा दुःख चित्तकै स्थिति हो । शुद्ध चित्त भएकाहरू उदार, सज्जन, सहृदयी हुन्छन् भने अशुद्ध चित्त भएकाहरू दुष्ट, पापी, निर्दयी, मूर्ख हुन्छन् । सत् साहित्य पढ्ने पढाउने, अनुसन्धान गर्ने जस्ता कार्यबाट चित्त शुद्ध पार्न सकिन्छ । वास्तवमा चित्तको अशुद्धि भनेको अज्ञान नै हो ।

मल दोष, आवरण दोष र विक्षेप दोष गरी तिन प्रकारका चित्त दोष हुने कुरा बताइएको छ । विषयमा ज्यादा लम्पट हुनु, भोग वासनाले आक्रान्त हुनु, पापले भरिभराउ हुनु भनेको चित्तको मल दोष हो । निष्काम कर्म र भक्तिका माध्यमबाट यस्तो दोष हटाउन सकिन्छ । चित्तको चंचलता विक्षेप दोष हो । चित्तको अस्थिरता नहट्नु विक्षेप हो । चित्तलाई स्थिर गर्नका लागि निर्गुण उपासना अथवा निष्काम भक्ति आवश्यक हुन्छ । भक्तिद्वारा विक्षेप गएपछि चित्त आफूभित्र स्थिर हुन्छ । नित्य, निरन्तर चित्तलाई आत्म स्वरूपमा स्थित राख्न सक्यो भने विक्षेप दोष हट्दछ । यसका लागि रातदिन आत्मचिन्तनमा लाग्नु पर्दछ । यसैलाई निदिध्यासन पनि भनिन्छ । यसै गरी आफूलाई ब्रह्म नठान्नु वा सांसारिक सुखदुःखको भागी सामान्य जीव ठान्नु आवरण दोष हो । ढाक्नु, छोप्नु वा पर्दा लगाउनु, गाता राख्नु नै आवरण हो । आफू नढाकिएको, नछेकिएको र परमात्मा स्वरूप मान्नु आवरण दोष हट्नु हो । वृत्तिरहित चित्तलाई चैतन्य भनिन्छ । ज्ञानवान्हरूको चित्त चैतन्य स्वरूप हुन्छ । चित्तको उपचार गरी चैतन्य मात्र बाँकी रहेका ज्ञानवान्लाई जीवनमुक्त महात्मा भनिन्छ । चित्त शुद्ध हुनु पर्दछ । चित्तलाई पूर्ण रूपमा शुद्ध बनाउनु नै जीवनको अन्तिम पुरुषार्थ हो । योगबाट चित्तलाई निरोध गरिने पद्धतिलाई निरोध समाधि वा लयमुख समाधि भनिन्छ । ज्ञान प्रक्रिया वा विचारबाट चित्तलाई निरोध गरिने पद्धतिलाई ज्ञान समाधि वा बोधमुख समाधि भनिन्छ । जगदाकार चित्त, भगवदाकार चित्त, अखण्डाकार चित्त, चैतन्यरूप चित्त वा डढेको चित्त वा ब्रह्माकार चित्त गरी चित्तका चार वटा अवस्था हुन्छन् । शास्त्रले चित्तलाई चिद् रूपमा परिणत गरी बुद्धिपूर्वक ब्रह्माकार बन्नु नै पुरुषार्थ हो भनेको छ । प्रकारान्तरले यही कुरा **समाधियोग, समाधि-निरूपण, बन्धन-मोक्ष निरूपण, सम्पूर्ण त्रिपुटीलाई परित्याग गर्नु हो ब्रह्मज्ञान, चित्तनाशका दुई उपाय-योग र ज्ञान, योग र ज्ञानको तुलनात्मक अध्ययन, ज्ञानसाधन र योगसाधन : एक विवेचना, भक्तियोग : एक अध्ययन, निर्गुण उपासना, 'तमसो मा ज्योतिर्गमय', साक्षीको सिद्धि सुषुप्तिकालीन अनुभव, चित्त र चैतन्यको यथार्थ निरूपण, त्रिविध आकाश, मनोनाश, वासनाक्षय र तत्त्वसाक्षात्कार** शीर्षकका निबन्धमा पनि बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाश्वत शान्ति पहिलो संस्करणमा नभएको र दोस्रो संस्करणमा थपिएको निबन्ध हो । यसमा शान्तिका भेद अनेक भए पनि मूलभूत शान्ति भनेको आध्यात्मिक नै हो भनिएको छ । अझ अगाडि यसमा के पनि भनिएको छ भने जसले पनि शान्ति खोज्दछ तर पाउँदैन । नपाउनको कारण भनेको त्यसको खोजी जहाँ त्यो छ त्यहाँ नभएर अन्यत्रै गर्नु हो । दार्चुलामा हराएको सामान ताप्लेजुङ गएर खोजे जस्तो वृथा प्रयास शान्ति खोज्नेहरू गर्दछन् । शान्तिका लागि बाहिर जानु नै पर्दैन । त्यो त आफूभित्रै छ । आफूभित्रको शान्ति बुझ्ने प्रयास नगरिंदा जतिसुकै टाउको दुखाए पनि शान्ति पाइँदैन । मोटर, बङ्गला, खेत, बारी, धन, सम्पत्ति, भौतिक सम्पन्नता जस्ता कुराको प्राप्तिबाट कहिल्यै शान्ति हुँदैन । त्यो बाटो भनेको दुःख बेसाउने बाटो हो । आफूलाई अखण्ड आनन्दको केन्द्रबिन्दु मानेर आफैभित्रको परमात्मासित साक्षात्कार गर्ने हो भने शान्ति आजै होइन अहिले नै प्राप्त हुन्छ । त्यो नै आध्यात्मिक शान्ति हो । त्यो शान्ति पाई सकेपछि दरबारका अट्टालिकाको शान्ति खोज्ने कल्पना गरी रहनु पर्दैन । महिना दिन भोकै रहनु परे पनि, नाङ्गै खुट्टा संसार धाउनु परे पनि, पानी खान नपाएर छटपटाए पनि शान्ति नै शान्ति प्राप्त हुन्छ । ब्रह्म शान्ति, अनन्त शान्ति, पारमार्थिक शान्ति, सर्व शान्ति, अनन्त शान्ति, शाश्वत शान्ति भनेको त्यही हो । **आध्यात्मिक शान्ति, अध्यात्मवाद र भौतिकवाद, आनन्द के हो ? कहाँ छ ?, बन्धन-मोक्ष निरूपण, आत्मा हो स्वतःसिद्ध, विदेह, तत्त्वसाक्षात्कार** जस्ता निबन्धमा पनि प्रस्तुत विषयलाई भिन्न तरिकाले राखिएको छ ।

वेदान्त चिन्तन : एक चिन्तन नामक निबन्धमा बताइए अनुसार मान्छे चिन्तनशील प्राणी हो । चिन्तनरहित मान्छे कि जीवनमुक्त ब्रह्मनिष्ठ आत्मा हो कि त दुई खुट्टे पशु हो । जानी बुझी चिताउनु र निदाउनुदेखि मुक्त मान्छे ब्रह्म हो । निर्विकल्प समाधिमा चिन्तन हुँदैन । ध्यान र सविकल्प समाधिसम्ममा पनि साधक परमात्माका चिन्तनमा तल्लीन हुन्छ । जाग्रत् र स्वप्नमा चिन्तन भई रहन्छ । पूर्व जन्मको संस्कारले गर्दा मान्छे कुनै नकुनै कुरा चिताई रहेको हुन्छ । चित्त भनेको चैतन्य हो तर यो कुरा नबुझेर अज्ञानी, मूर्ख, संसारी मान्छे चित्तलाई संसारतिर, विषय वासनातिर, क्षणिक नाशवान् कुरातिर ढल्काएर सदा चिन्तित भई रहन्छ । भगवान्को चिन्तन गर्ने व्यक्ति भक्त र संसारको चिन्तन गर्ने व्यक्ति पागल र आत्मचिन्तन गर्ने व्यक्ति ज्ञानी बन्दछ । आत्मचिन्तन, आत्मानुसन्धान, आत्मचर्चा, आत्मव्याख्या जस्ता सत् चिन्तनमा समय बिताउनु बुद्धिमानी हो । अन्यथा जीवनको महान् उपलब्धि बुद्धिको दुरूपयोग सिवाय केही हुँदैन । बुद्धिबाट प्राप्त हुने सर्वोच्च लाभ आत्मानन्द वा अखण्डानन्द हो । चिन्तनको पराकाष्ठा पनि यसैलाई भन्दछन् । यस्तै कुरा भिन्न तरिकाले **ईश्वरचिन्तन : युगको माग र आत्माराम : एक चिन्तन**मा पनि प्रस्तुत गरिएको छ ।

प्रारब्ध र पुरुषार्थ भन्ने निबन्धमा भनिए अनुसार प्रारब्ध भन्ने कुरा वर्तमानको प्रयत्न नभएर जन्मजन्मान्तरका कर्महरूको फलबाट बन्दछ । प्रारब्ध पूर्व कर्मको परिणाम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिजो राखेको आज पाइन्छ । आज राखेको भोलि पाइन्छ । मकैको गेडा रोपेर गेडै पाउन पनि कम्तीमा साठी दिन पर्खनु पर्दछ । त्यस्तै धानका लागि कम्तीमा एक सय बिस दिन प्रतीक्षा गर्नु पर्ने हुन्छ । यसैलाई पूर्व जन्मको भाग, नियति र प्रारब्ध भनिन्छ । प्रारब्धको भोग नभोगी सुख पाइँदैन । अर्थ र कामका लागि यस जन्ममा कुनै प्रयत्न गर्ने पर्दैन किनभने ती प्रारब्धका अधीन हुन्छन् । धर्म र मोक्षका लागि मात्र प्रयत्न गर्नु पर्दछ । यसलाई ब्रह्मा, विष्णु, रुद्रादिले पनि काट्न सक्तैनन् । प्रारब्ध नभोगुन्जेल शरीर रहन्छ । प्रारब्धमा नभए जतिसुकै प्रयत्न गरे पनि, टाउकै फोरे पनि पाइँदैन । प्रारब्धमा भए जसरी पनि प्राप्त हुन्छ । धर्म र मोक्ष यही जीवनमा प्रयत्न गरे पाउन सकिन्छ । सम्पूर्ण शक्ति, प्रयत्न र प्रयास धर्म र मोक्षका लागि नित्य, निरन्तर चली रहे सदा सुखस्वरूप बन्न सकिन्छ । त्यस्तो प्रयासबाट जीवनमुक्तिको सुख पनि सजिलैसित पाउन सकिन्छ । वेदान्त दर्शनको आधाभन्दा बढी खण्ड केवल प्रारब्ध निर्भरताको चर्चामा आधृत छ । वास्तवमा गर्ने गराउने त ईश्वर नै हुन् तापनि मूर्खहरू सबै कुरा आफूले गरेको ठानी अभिमान गर्दछन् । भक्तहरू र मुमुक्षुहरू आफूले केही नगरेको ठानी आफूलाई समेत ईश्वरमा समर्पण गरी दिन्छन् । परमपुरुषार्थ यही हो । फल भोग्नकै लागि प्राणीले जन्म लिन्छ र प्रारब्ध कर्म समाप्त नहुन्जेल रही रहन्छ । जन्मजन्मको शुभाशुभ कर्मको फलोन्मुख खण्ड मात्र प्रारब्ध हो । फलोन्मुख भएर बाँकी रहेका कर्मलाई संचित र ज्ञानपूर्व वा ज्ञानोत्तर कालमा सञ्चित गरिएको कर्मलाई क्रियमाण वा आगामी कर्म भनिन्छ । कर्म रहित, भोग रहित, वासना रहति र जन्म तथा मृत्युको भव रोगबाट रहित हुनका लागि एक मात्र परमसाधन ज्ञान हो । प्रारब्धवादले अकर्मण्य नबनाई निश्चिन्त, शान्त, शीतल, आनन्दी र निष्काम कर्म योगी बनाउँछ । संसारी मान, प्रतिष्ठा, लोग्ने, स्वास्नी, छोरा, शरीर सदा काल रहँदैनन् । सुखको साथै दुःख पनि छ । हाँसोभित्र आँसु लुकेको हुन्छ । जीवन रहुन्जेल सुख, दुःख रही रहन्छ । त्यसैले सुखमा मात्तिनु र दुःखमा आत्तिनु हुँदैन ।

मेरो म शीर्षकको रचनामा भनिए बमोजम अनुभव र युक्तिले सिद्ध गरिएको अद्वैत परमार्थ सत्, चित्, आनन्द स्वरूप शुद्ध चैतन्य ब्रह्म नै मेरो म हो । बाहिर देखिने, अर्काले अन्दाज गरिने, विकारी, परिणामी, कर्ता, भोक्ता 'म' र 'मेरो' भन्ने अहंकारको साक्षी स्वरूप ममा कुनै विकार छैन, कुनै संसर्ग छैन । म शुद्ध, बुद्ध, निर्मल, प्रकाश रूप वस्तु हो । म जन्मने, मर्ने, आउने, जाने शरीर, इन्द्रिय, मन, बुद्धि, अहंकारले युक्त प्राणी होइन । म भनेको त सदा एक नास, एक रस, अद्वितीय, ज्ञान ज्योति, प्रकाश रूप सत्य, नित्य र आनन्दघन आत्मा हो । ममा जगत् भन्ने द्वैत पदार्थको सम्भावना छैन । अरूले हेरिएको म म होइन, म त केवल शिव स्वरूप हो । त्यसैले मेरो म ज्ञान स्वरूप, आत्म स्वरूप वा ब्रह्म स्वरूप हो । **मेरो यथार्थ परिचय, मेरो आफ्नै दृष्टिमा म, म माने ब्रह्म, प्रज्ञा : एक अनुशीलन, हाम्रो आफ्नै आखा** भन्ने पाठमा पनि यस कुराको चर्चा फरक ढङ्गले गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति-तत्त्व भन्ने निबन्धमा बताइए बमोजिम प्रगतिको मूल आधार शक्ति तत्त्व नै हो । कल्पान्तर, युगान्तर, देशान्तर तथा कालान्तरसम्म रहने एवं सधैँभरि रहेको तत्त्व शक्ति हो । दैवी, मानवी र आसुरी गरी शक्ति तिन प्रकारका हुन्छन् । सात्त्विक, राजसिक र तामसिक वर्गमा यिनलाई क्रमिक रूपमा राख्न सकिन्छ । कसैमा कुनै शक्ति त कसैमा कुनै शक्ति प्रधान रहेको हुन्छ । आधिभौतिक, आधिदैविक र आध्यात्मिक शक्ति पनि यसै सन्दर्भमा आउँछन् । विश्वास, शक्ति, बल, फुर्ती, तेज, सामर्थ्य, सत्ता, योग्यता, दक्षता आदि सबै ईश्वरीय शक्ति तत्त्वकै भेद हुन् । शक्ति सञ्चालन गर्ने मायालाई प्रकृति भन्ने गरिन्छ । सबै प्रकारको शक्ति अखण्ड, अविनाशी, चित्शक्तिबाट प्रस्फुटित भएको हो । अणु शक्ति, अर्थ शक्ति, जीव शक्ति, ज्ञान शक्ति, विद्या शक्ति योग शक्ति, संचय शक्ति वा शासन शक्ति लगायतका सबै शक्तिको स्रोत चित्शक्ति नै हो । आगाले पोल्ने, सूर्यले प्रकाश दिने, चराले उड्ने, बाँदरले उफ्रने, माछाले पौडने शक्ति, जलचर, थलचर, नभचर आदि सारा चराचर प्राणीहरूको जो जे जति शक्ति छ र कर्म योगी वा ज्ञान योगीसम्मको वाञ्छित वस्तुको प्राप्तिका लागि चाहिने जति पनि पुरुषार्थ शक्ति तथा वैज्ञानिकहरूको अनुसन्धान गर्नेदेखि लिएर पत्ता लगाएको शक्ति समेतमा पनि मूल रूपले उही एक मात्र शक्ति तत्त्व उपस्थित रहेको छ । ठुलो वा सानो, थोरै वा धेरै, लामो वा छोटो, क्षणिक वा नित्य जस्तो भए पनि शक्ति तत्त्व उही एकै अनादि र अनन्त शक्ति नै छ । विश्वमा देखिएका, अनुभव गरिएका र शास्त्रमा बताइएका जति पनि शक्ति छन् भने तिनको निचोडमा शक्ति एउटा मात्र छ भन्न सकिन्छ । त्यो शक्ति व्यापक, चिरन्तन, सदा एक रस, एक रूप छ । त्यस शक्तिभन्दा टाढा अर्को शक्ति छैन । त्यसलाई जानेपछि अर्को जान्नु पर्ने तत्त्व बाँकी रहँदैन । संसार सुरु हुनुभन्दा पनि अगाडि त्यो थियो, महाप्रलयभन्दा पछि पनि त्यो रही रहने छ । त्यस्तो अनादि, अनन्त, सर्वज्ञ, सर्व शक्तिवान्, अविनाशी, व्यापक, नित्य चित् शक्ति नै शक्ति तत्त्व हो । शरीरले खोजेको सर्वोच्च शारीरिक तत्त्व, मनले खोजेको सबभन्दा माथिल्लो मानसिक वा मनोवैज्ञानिक तत्त्व, बुद्धिले खोजेको माथिल्लो तहको बौद्धिक तत्त्व र ब्रह्म जिज्ञासुले खोजेको सर्व श्रेष्ठ तत्त्व त्यही शक्ति हो । **शक्ति, भक्ति र मुक्ति, श्रीपशुपतिनाथको तेस्रो नेत्र, पूर्णावतार भगवान् श्रीकृष्ण, शिवपूजा, भक्तियोग : एक विवेचना** शीर्षकका निबन्धको प्रतिपाद्य मूल विषय पनि यही हो ।

गीतामा साम्यवाद भन्ने रचनामा के भनिएको छ भने धन, सम्पत्ति, विधि, व्यवहारमा समता हुनु पर्दछ । साम्यवाद भनेको पनि त्यही हो । जतिसुकै नारा लगाए पनि व्यवहारमा वा स्वभावमा संसारका कुनै राष्ट्रमा पनि साम्यवाद छैन । यस सृष्टिमा यस प्रकारको समताको सम्भावना नै छैन । सबैको अनुहार, बल, बुद्धि, स्वभाव, गुण, आयु, धन, कर्म, रुचि आदि समान हुन सक्तैन । त्यस कारण असत्य साम्यवाद कल्याणकारी हुन सक्तैन । वेद, उपनिषद्, गीता आदि पूर्वीय मोक्षपरक शास्त्रहरूमा समता वा साम्यवादका विषयमा प्रशस्त प्रकाश पारिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । वास्तविक र पारमार्थिक साम्यवाद आध्यात्मिक जीवनमा साम्यवाद मूर्त रूपमा रहेको पाइन्छ । ज्ञानवान्, जीवनमुक्त महात्माहरू, गृहस्थी, सन्न्यासी, ब्रह्मचारी वा वानप्रस्थी जे भए पनि समतापूर्ण भावना र व्यवहारमा बाँच्दछन् । *श्रीमद्भगवद्गीता*मा भगवान् श्रीकृष्णले जीवनमुक्त महापुरुषका विभिन्न लक्षणहरूमध्ये सबभन्दा महत्त्वपूर्ण लक्षण समता हो भनेका छन् । व्यवहारमा समता ल्याउन खोज्नु त आडम्बर मात्र हो । त्यो सम्भवै छैन । विचार तथा भावनामा समता चाहिएको छ । सच्चा पण्डित वा ज्ञानीहरू नै साँचो अर्थमा साम्यवादी हुन् किनभने तिनीहरू सबैमा समान दृष्टि राख्दछन् तर समान रूपमा व्यवहार चाहिं गर्दैनन् । भन्नको तात्पर्य के हो भने पण्डित वा जीवनमुक्त ज्ञानीहरू ब्राह्मण घरमा आए भने अगाडि घाँस हाली दिएर स्वागत गर्ने र कुकुर आई पुग्यो भने पायस खुवाएर स्वागत गर्ने गर्दैनन् । समदर्शी हुनु पण्डितको गुण हो, समवर्ती हुनु होइन । गाईलाई गाई नै भन्नु पर्दछ र कुकुरलाई कुकुर नै भन्नु पर्दछ । गीताको साम्यवाद यही हो । समतामा नै परमेश्वरको स्वरूप छ । भित्र मनमा नाना भाँतीका पाप, कपट र वैमनस्य राखी बाहिर देखावटी समता देखाउनु शत्रुताभन्दा पनि डर लाग्दो हुन्छ । गीताको समता आन्तरिक, हार्दिक, वैचारिक, बौद्धिक र दार्शनिक समता हो । गीतामा वर्णन गरिए अनुसार गुणातीत, स्थित प्रज्ञ, साम्यवादी सज्जनहरू नै पक्का भक्त, ज्ञानी, जीवनमुक्त महापुरुषमा गणना गरिएका छन् । धनमा समता खोज्नु मूर्खता हो तर मनमा समताको सम्भावना छ । जहाँ समता छ त्यहाँ सत्यता छ, न्याय छ, धर्म छ, अनि शान्ति, सद्भाव, एकता र विशुद्ध मानवता पनि छ । समता अमृत र विषमता विष हो । शत्रु र मित्र, मान र अपमान, जाडो र गर्मी, सुख र दुःख आदिमा समान भाव राख्ने व्यक्ति नै साँचो अर्थमा भक्त हो, ज्ञानी हो र समदर्शी हो । यसरी सबैमा समान दृष्टि राख्ने व्यक्ति श्रेष्ठ योगी र महापुरुष हो । सर्वत्र समान दृष्टि राख्ने, व्यवहारमा अहंता र ममतादेखि रहित, सबैमा समबुद्धि राख्ने विश्वका सम्पूर्ण मानव एवं प्राणी मात्रमा आत्म भावले व्यवहार गर्ने व्यक्ति नै साँचो अर्थमा साम्यवादी हो ।

निर्गुण उपासना शीर्षकको निबन्धमा भनिए मुताबिक परमेश्वरको नजिकै बस्नुलाई उपासना भनिन्छ । परमात्मालाई आफूदेखि भिन्न ठानुन्जेल गरिएको उपासना सगुण हो र परमात्मा मदेखि अभिन्न छन् भन्ने भावना र धारणा हुनु निर्गुण उपासना हो । परमात्मामा उपास्य र उपासकको भेद हुँदैन । विविध प्रकारका भक्तहरूका धारणा, मान्यता र विश्वास अनुरूप भ्रान्त अनुभवलाई अनुवाद गरेर शास्त्रमा सगुण, निर्गुण आदि भिन्नभिन्न प्रकारका भक्तिको विवेचना गरिएको छ । सगुण उपासकहरू परमात्मालाई सगुण मान्दछन् र त्यसकै दृढ परिपाकबाट ईश्वरको निर्गुणतामा आस्था गर्न पुग्दछन् । आर्त, जिज्ञासु र अर्थार्थी भक्त सगुण उपासक हुन् । ज्ञानी भक्त चाहिं निर्गुण उपासक हुन् । रोग, गरिबी, आपत्विपत् आदिबाट छुट्नका लागि एक मात्र आधार परमात्मालाई मान्ने भक्तलाई आर्त भक्त भनिन्छ । द्रौपदी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुन्ती, गजेन्द्र आदि यस वर्गका भक्तमा पर्दछन् । संसारी वैभव आदिको इच्छा पूर्ण गर्ने एक मात्र दाता नै परमात्मा हो भन्ने भक्त अर्थार्थी हो । भगवत् तत्त्व जान्ने जिज्ञासा भएका भक्त जिज्ञासु हुन् । जिज्ञासु भक्तको संसारप्रतिको आसक्ति शिथिल हुँदै जान्छ । अन्तिम भक्त ज्ञानी भक्त हो । निर्गुण उपासक, अद्वैतोपासक वा मुमुक्षुलाई ज्ञानी भक्त भनिन्छ । चित्त जगत्सम्बन्धी सम्पूर्ण प्रकारका विषयवस्तुबाट समाहित हुन्छ अनि आन्तर जगत्का सुखदुःखादि वृत्तिहरूबाट पनि पर अद्वैत आत्मस्वरूपको मात्र अनुसन्धानमा तल्लीन हुन्छ त्यसपछि चित्तको एकाग्रताबाट निदिध्यासन सम्पादन हुन्छ । यही निदिध्यासन अर्थात् समाधिका अभ्यासले मुमुक्षु तत्त्वको ज्ञान गर्दछ । उपासनामा सगुणभन्दा निर्गुण र समाधिमा सविकल्पभन्दा निर्विकल्प उत्कृष्ट हो । चित्तलाई एकाग्र, निरुद्ध र समाहित गर्नका लागि निर्गुण भक्ति नभई हुँदैन । मनको चञ्चलता हटाउने एक मात्र उपाय निर्गुण उपासना हो । पुरुषार्थ निर्गुण उपासनामा गएर टुङ्गिन्छ । निर्गुण उपासनाको परिपाक भयो कि ज्ञान प्राप्त हुन बेर लाग्दैन । यसर्थ मोक्ष लाभ नै सनातनी, मुमुक्षु, भक्तहरूको एक मात्र कर्तव्य र पुरुषार्थ हो ।

वेदान्त र व्यवहार नामक पाठमा के बताइएको छ भने वेदको सार, ज्ञानको निचोड, जीवनको परमपुरुषार्थ प्राप्तिको साधन, सम्पूर्ण शास्त्रको मूल सिद्धान्त, दर्शन शिरोमणि, अध्यात्म ज्ञानको पराकाष्ठा नै वेदान्त हो । वेदका कर्म, उपासना र ज्ञानमध्येको अन्तिम काण्ड अर्थात् ज्ञान काण्डलाई नै वेदान्त भनिन्छ । वेदका एक लाख मन्त्रहरूमा ८०,००० कर्म काण्ड, १६,००० उपासना काण्ड र ४,००० मात्र ज्ञान काण्डमा विभाजित छन् । ज्ञान काण्डको सार नै वेदान्त हो जसलाई उपनिषद् आदिले प्रतिपादन गरेका छन् । वेदान्त दर्शन, वेदान्त सिद्धान्त, वेदान्त धर्म नै सम्पूर्ण वेदको र यावत् आस्तिक संप्रदायको आधार एवं परम लक्ष्य हो । वेदान्तको भनाइ अनुसार अखण्ड, परिपूर्ण, शाश्वत, सत्य, नित्य भएकाले ब्रह्मदेखि भिन्न केही पनि छैन । द्वैत, अद्वैत, विशिष्टाद्वैत, शुद्धाद्वैत, द्वैताद्वैत आदि वेदान्तका अनेक भेद भए पनि प्रमुख चाहिँ अद्वैत वेदान्त नै हो । अद्वैत वेदान्तले यो सारा सृष्टिलाई कल्पना र परमात्माको लीला मान्दछ । अझ सृष्टि कुनै कालमा पनि भएको छैन भन्ने कुरा पनि सप्रमाण वेदान्तले बताउँछ । सृष्टिलाई परमात्माको लीला मान्नु, कल्पना मात्र मान्नु र कुनै कालमा पनि सृष्टि नभएको कुरा गर्नु वेदान्तका क्रमशः सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद र अजातवाद सिद्धान्तका मान्यता हुन् । अत्यन्त उदार, मानवतावादी, विश्वात्मवादी, समन्वयवादी, सर्वदेशीय, सार्वभौम दर्शन वेदान्त हो । पूर्वीय षड् दर्शनहरूमा वेदान्तलाई शिरोमणि र सर्वश्रेष्ठ दर्शन मानिन्छ । वेदान्त दर्शनले व्यवहारलाई अत्यन्त उदार दृष्टिले हेरेको छ । व्यवहार भनेको विशेष प्रकारले लिनुदिनु हो । लेनदेन, खानपान, धर्मअर्थ, लाभहानि, जितहार आदि क्रियाकलापलाई नै व्यवहार भनिन्छ । व्यवहारसँग वेदान्तको कत्ति पनि विरोध छैन । वेदान्त र व्यवहारका बिच संघर्ष र वैर भाव छैन बरु मिल्ती र समन्वय छ । पारमार्थिक दृष्टिले व्यवहारलाई वेदान्तले साँचो मान्दैन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि ब्रह्म रूपले व्यवहार गर्ने विश्वलाई ब्रह्ममय भएको देख्दछ । वेदान्त तर्क मात्रका लागि होइन । यो त अनुभवका लागि हो । अझ सिद्धान्तका लागि मात्र यो होइन बरु व्यवहारका लागि हो । सदा सुखी रहनु, सन्तोषी हुनु, दुःखले छुँदै नछुने बन्नु, शान्तिको आत्यन्तिक अनुभव हुनु कसैसँग कुनै कुरामा पनि नडराउने हुनु, कतिसम्म भने कालदेखि पनि नडराउने बन्न सक्नु वेदान्तको ज्ञानबाट पाइने मुख्य उपलब्धि हो । आफूलाई चिनी साक्षात्कारपूर्वक जीवनमुक्त हुनु वेदान्तको लक्ष्य हो र व्यवहारले खोजेको पनि यही जीवन्मुक्ति र अखण्ड आनन्दानुभूति हो । वेदान्त र व्यवहारको अन्तिम लक्ष्य अद्वितीय, अखण्ड, परिपूर्ण, शाश्वत, नित्य आनन्दानुभूति र दुःखको सर्वथा निवृत्ति हो । त्यसैले वेदान्त र व्यवहारमा विरोध नभएर समन्वय रहेको पाइन्छ । साधारणतया वेदान्तले व्यवहारको विरोध गर्दछ र जीवनमा अकर्मण्यता ल्याउँछ भनिन्छ । वास्तवमा यो कुरा लाञ्छना मात्र हो सत्य होइन । अर्जुनले वेदान्तको सार बुझेपछि टुपी काटेर जङ्गल पसेनन् बरु लडाइँ लडे । रामले वेदान्त जानेर मर्यादाका नमुना मानिने व्यवहार गरे । जनक महाराजले निर्लिप्त भएर राजकाज गरे । ज्ञानी भएर पनि महर्षि वसिष्ठले पुरोहित्याइँ गर्न छोडेनन् । यी उदाहरणहरूले पनि वेदान्तले पलायनवादी बनाउँछ, समाजबाट भगाउँछ र टुपी कटाउँछ भन्ने भ्रमको निवारण गर्दछन् । वेदान्त दर्शनको वैचारिक उच्चतामाथि गलत आक्षेप लगाउनु भनेको नजानेका व्यक्तिले अनर्गल प्रलाप गर्नु हो । वेदान्त ज्ञान हो । व्यवहारको बाधक नभएर यो साधकै हो । संसारी, विकारी, सुखी, दुःखी, अभिमानी बनेर व्यवहार गऱ्यो भने परिणाम राम्रो हुँदैन र कर्मयोगी बनेर, निष्काम भावले, अनासक्त भएर व्यवहार गरे लाभ नै लाभ हुन्छ । अझ लाभ र हानिको तहभन्दा निकै माथि उचालेर कहिल्यै हानि नहुने व्यवहार गर्न वेदान्तले अभिप्रेरित गर्दछ । त्यसैले वेदान्त वैज्ञानिक र व्यावहारिक दर्शन हो । समाज, राष्ट्र तथा विश्वको कल्याण गर्न र विश्वमा शान्ति कायं गर्न आज वेदान्त सिद्धान्तको व्यापक प्रचार एवं त्यसको यथार्थ प्रयोग चाहिएको छ । त्यसो भएमा आजको रक्तपात र नरसंहार संसारबाट हट्ने छ र यो धरती शान्ति भूमि, भूमि र ब्रह्म भूमि बन्ने छ । **मोक्ष मन्दिरका चार द्वारपाल, गीता दर्शन र अर्जुनको व्यवहार, वैज्ञानिक युगमा वेदान्तको महिमा, वेदान्त विज्ञान, अद्वैत वेदान्त दर्शन र शंकराचार्यको मायावाद** भन्ने निबन्धमा पनि यस्तै कुराको चर्चा गरिएको छ ।

वैराग्य : एक अनुशीलन नामक निबन्धमा के कुरा बताइएको छ भने दुःखको सर्वथा निवृत्ति र निरतिशय, आत्यन्तिक, अखण्ड, परिपूर्ण, अविनाशी, सुखानुभूति नै वैराग्य हो । यसैलाई वेद, उपनिषद्, गीता आदि मोक्षपरक शास्त्रहरूले जीवनमुक्ति, पराशान्ति वा ब्रह्मानुभूति भनेका छन् । नित्य र अनित्य वस्तुलाई छुट्याउने विवेक र जगत् झुट्टा हो भन्ने मान्यतालाई सत्य मान्नु र मोक्ष प्राप्त गर्नका लागि तीव्र इच्छा हुनुलाई वैराग्य भनिन्छ । सांसारिक सबै प्रकारका विषयसँगको रागबाट वैरागी निवृत्त बनेको हुन्छ । बाँच्नका लागि चाहिने अत्यन्त आवश्यकीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तु बाहेक सांसारिक कुनै पनि विषयमा इच्छा वा आसक्ति नहुनु र भोगका वासनाले रहित हुनु नै वैराग्य हो । आफ्नै आन्तरिक आनन्द स्वरूपमा रही रहनु वैराग्य हो । सामान्यतः पहेंलो वा गेरू वर्णको लुगा लगाएर हिंड्ने व्यक्तिलाई वैरागी भनिन्छ । त्यसो भए तापनि वैरागी भएपछि घरबार छोडेर, टुपी कटाएर सन्न्यासी बन्नु पर्दछ वा पहेंलो वा गेरू रङ्गको लुगा लगाउनु पर्दछ भन्ने धारणा शास्त्रीय दृष्टिले हेर्दा चाहिँ सत्य देखिँदैन । यथार्थ वैराग्यसँग लुगाको खासै सम्बन्ध हुँदैन । घर वा तीर्थ, वन वा सहर जहाँ बसे पनि सेतो वा पहेंलो जस्तो लुगा लगाए पनि ब्रह्मचर्याश्रम वा सन्न्यासाश्रम जहाँ जसरी रहे पनि लालसा रहित, कामना शून्य, रागविहीन, इच्छा मुक्त हुनु नै वैराग्य भएकोले साँचो वैरागीलाई वनमा आसक्ति, घरमा अनिच्छा, सेतोमा विराग र पहेंलोमा अनुराग हुँदैन । गृहस्थी, संन्यासी, वानप्रस्थी, ब्राह्मण, क्षत्रिय, राजा, रंक, बालक, वृद्ध जो कोही पनि वैरागी हुन सक्तछन् । शुकदेव स्वामी सालनाल सहित संसारबाट विरक्त भएर परमात्म चिन्तन र आत्मानुसन्धानमा लागेको कुरा पुराणादिले बताएका छन् । मदालसाका छोराहरू आमाका काखमा नै वैरागी मात्र होइन ज्ञानी भई सकेका थिए । वैराग्यका लागि वर्ण, जात, लिंग, पेसा, उमेर, देश, काल, परिस्थिति आदिको व्यवधान हुँदैन । महात्मा बुद्धलाई राजदरबारका लाखौं सुखले पनि फसाउन सकेन । विदेह जनक महाराज राजा थिए तर वैरागी बनेर राज्य गरे । वैरागी हुनका लागि कुनै खास उमेर, आश्रम आदिको आवश्यकता हुँदैन । यसका लागि कुनै विधान वा व्यवधान पनि छैन । अध्यात्म मार्गका पथिकहरूका लागि सबभन्दा बलियो, सजिलो सामल वैराग्य नै हो । वैराग्यको उदय भयो कि विवेक, समाधि, षट् सम्पत्ति, मुमुक्षा जस्ता अन्य सामलहरू उत्पन्न भई हाल्दछन् । वैराग्य विना कुनै पनि साधना पूर्ण हुँदैन । विद्यामा प्रवेश गर्नका लागि वैराग्य पहिलो खुड्किलो हो । वैराग्य नभए आध्यात्मिक कुनै साधनामा पनि सफलता पाइँदैन । पाटी, पौवा, देवालय, कुवा, अस्पताल, पाठशाला आदि बनाउनुलाई इष्ट कर्म भनिन्छ । यस्ता कर्म छोड्नु अपरवैराग्य हो । संसारको अनित्यताको बोधका साथै स्त्री, पुत्र, बन्धु, बान्धव, देवता, पितृ आदिमा पनि विराग हुनु परवैराग्य हो । यस्तो वैराग्यबाट ज्ञानको उदय हुन्छ । वैराग्यको यथार्थ विवेचना, वास्तव रहस्य *योगवाशिष्ठ महारामायण, जावालोपनिषद्, गर्भोपनिषद्, अष्टावक्रगीता* आदि ग्रन्थहरूमा पाइन्छ । सपनामा देखिने राम्रा मिठा फलमा आसक्ति नभए जस्तै संसार मिथ्या हो भन्ने कुरामा दृढ ज्ञान भएमा वैराग्य उत्पन्न हुन्छ । वैराग्यबाट बोध हुन्छ । बोधबाट बन्धन मुक्ति मिल्दछ । वैराग्यको परिपाक बोध हो, बोधको परिपाक परमार्थ ज्ञान हो र परमार्थ ज्ञानको परिपाक अखण्ड आनन्द वा मुक्ति हो ।

शीर्षक भिन्नाभिन्नै भए पनि लगभग सबैमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले उनै कुरा सोझै वा प्रकारान्तरले यस कृतिमा आएका छन् । बारम्बार उनै कुरा आई रहनुलाई शास्त्रीय विवेचनका भाषामा पुनरुक्ति भनिँदैन । ब्रह्मज्ञान जस्तो अत्यन्त कठिन मानिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयलाई एक पटक मात्र भनेर बुझ्न नसकिने हुँदा वेद, उपनिषद्, गीता र पुराण आदिमा पनि उनै कुरा बारम्बार भनिएको पाइन्छ । जान्नु भन्ने कुरा बुझाउनका लागि वेदका चार वटा भेदका साथै ब्राह्मण, सूत्र, उपनिषद् आदि अनेकौं ग्रन्थको विस्तार बढेको हो । यस कृतिमा पुनरुक्ति रहेको कुरा निबन्धकार स्वयंले पनि स्वीकार गरेका छन् । उही र उस्तै विषयको उल्लेख वा चर्चा भएको निबन्धको अलग्गै समीक्षा आवश्यक नदेखिएकोले यसमा प्रतिनिधि केही निबन्धको मात्र चर्चा गरिएको हो ।

४.२.१४ सुख कहाँ छ ?

सुख कहाँ छ ? (दार्शनिक निबन्ध सङ्ग्रह) गीता समुदय प्रकाशन, काठमाडौंबाट २०५७ सालमा पहिलो र सरस्वती पन्तको आर्थिक सहयोग तथा स्वाध्याय परिवार जावलाखेलद्वारा २०७० सालमा दोस्रो संस्करणका रूपमा प्रकाशित प्रा. शिवगोपाल रिसालको तेरौं कृति हो । २०२७ चैतदेखि २०३७ जेठसम्म *हिमाली सन्देश* साप्ताहिक पत्रिकामा र केही अन्यत्र पनि प्रकाशित आत्मपरक र अध्यात्मपरक दार्शनिक निबन्धहरूको सँगालो यो हो । पहिलो संस्करणमा ८१ र दोस्रो संस्करणमा ८३ वटा निबन्धहरू समावेश गरिएका देखिन्छन् । डिमाई आकारमै भए पनि प्रारम्भिक अंश १० तथा पाठको अंश १४० गरी जम्मा १५० पृष्ठको पहिलो पुस्तकभन्दा प्रारम्भिक अंश १४, पाठको अंश १९६ र परिशिष्ट ५० गरी जम्मा २६० पृष्ठको दोस्रो संस्करणको गाताको मोटाइ, चित्र, मसी र कागजको स्तरका साथै संयोजनमा पनि परिवर्तन तथा परिवर्द्धन गरिएको छ ।

गीता समुदय प्रकाशन, काठमाडौंको प्रकाशकीय तथा संस्था परिचय र लेखकको भूमिका पहिलोमा जस्तै दोस्रो संस्करणमा यथावत् राखिएको छ । दोस्रो संस्करणको लेखकीय भूमिका थपिएको छ । पहिलोमा नभएको समर्पण दोस्रो संस्करणमा थपी लेखकका मातापितामा पुस्तक समर्पण गर्नका साथै तिनको संयुक्त चित्र समेत दोस्रो संस्करणमा थपिएको छ । पहिलो संस्करणमा यो अंश राखिएको थिएन । त्यसै गरी पहलो संस्करणमा नभएको अर्थ सहयोगी सरस्वती पन्तका स्वर्गीय पति राधेश्याम पन्तको रंगीन चित्र पनि दोस्रो संस्करणमा राखिएको छ । पहिलो संस्करण प्रकाशनमा अर्कै संस्थाको सहयोग रहेकोले यसो भएको हुनु पर्दछ । पहिलोमा भएको **भक्ति : एक विवेचना** भन्ने पाठ दोस्रो संस्करणमा हटाइएको र पहिलोमा नभएको **इच्छा र आसक्तिमा अन्तर, स्वतन्त्रता र सुरक्षा : आध्यात्मिक दृष्टिमा वेदान्त र मन** भन्ने पाठ दोस्रोमा थपिएको छ । साथै पहिलोको भन्दा दोस्रो संस्करणको पाठको अनुक्रम समेत परिवर्तन गरिएको छ । अझ पहिलो संस्करणमा नभएको केही पारिभाषिक शब्द तथा तिनको अर्थ प्रस्तुत गरिएको परिशिष्ट अंश दोस्रो संस्करणमा जोडिएको छ । यसैले पनि पहिलोभन्दा दोस्रो संस्करणको पुस्तक मोटो देखिएको हो । पाटन संयुक्त क्याम्पसका नेपाली विषयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नातकोत्तर तहका विद्यार्थी निरन के.सी.ले यस कृतिको अध्ययन र विवेचनामा शोधपत्र तयार पारेका छन् ।

यस निबन्ध संग्रहको पहिलो संस्करणमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

आत्म-दर्शन, चरित्र-निर्माण र आत्मनिर्भरता, जीवन र दर्शन, शिक्षाको लक्ष्य, शान्तिको खोजमा, चित्तशुद्धिको सन्दर्भमा, चिन्तारहित हुने उपाय, सत्संगको महिमा, पुरुषार्थ के हो ?, जगत्को वास्तव स्वरूप, सुखको बाटो, आत्मविचारबाट आत्मज्ञान, जस्तो मति उस्तै गति, यो सारा हो ब्रह्मै-ब्रह्म मात्र, अभय-मार्ग, मृत्युलाई जित्ने उपाय, आनन्द र यसको अनुभव, गीताको लक्ष्य, जाग्रत्, स्वप्न र सुषुप्ति-विचार, भक्ति : एक विवेचना, व्यवहार र परमार्थ, म को हुा ?, वेदान्तका दृष्टिमा सृष्टि, आत्मामा बन्धन र मोक्ष छैन, स्वतन्त्रता : एक अनुशीलन, त्यागबाट नै लाभ, ईश्वर : एक चिन्तन, जीवन्मुक्ति, हाम्रा चार अवस्थाहरू, बुद्धिको सदुपयोग, चरित्र-निर्माण, इच्छा हो संसार, गीतामा तीन योग, ज्ञान-विज्ञान, ज्ञानी गरेर पनि गर्दैन, जगत्-निरसन उपाय, नवधा भक्ति, वेदान्त केका लागि ?, सारा हो सपना, आनन्द हो आफ्नो स्वरूप, भक्तिबाट मुक्ति, विषयको चिन्तन, ज्ञानीको घर : नौ ढोके सहर, सुख कहा छ ?, म नै सृष्टि हुा, विचार-मार्ग, विश्वशान्ति, जीवको स्वरूप के हो ?, जगत् हो ख्याल-ख्याल, यहााको स्वास्थ्य ठीक छ ?, विश्व वासनारूप हो, सनातन धर्म र शंकराचार्य, सारा हो परमात्मा, म हुा चैतन्य, विषयसुखमा पनि आत्मसुख, बुद्धिलाई केलाएर हेर्दा, जस्तो दृष्टि उस्तै सृष्टि, देशभक्तिबाट चित्तशुद्धि, मुक्ति, निष्कामदेखि निर्वाणसम्म, शोक र मोह, महावाक्य, आफ्नै विषयमा, जगत्को स्वभाव, अनासक्त कर्मयोग, आफूभित्र आफूलाई खोज्दा, जगत् कहा छ ?, मृत्युलाई जित्ने उपाय, ईश्वर कसरी चिन्ने ?, जीवनको सर्वोच्च लक्ष्य : जीवनमुक्ति, परमात्मा पाउने उपाय, चित्तशान्तिको उपाय, विश्वासलाई केलाएर हेर्दा, ईश्वरको दर्शन, अभिमानको त्याग, उत्तम शिष्यको लक्षण, जीवनलाई सुखी बनाउने उपाय, आनन्द बाहिर छैन, ज्ञाननिष्ठा, चित्तको प्रसन्नता, मन के हो यसलाई कसरी जित्ने ?

यस निबन्ध संग्रहको दोस्रो संस्करणमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

सुख कहा छ ?, वेदान्त केका लागि ?, वेदान्तका दृष्टिमा सृष्टि, म नै सृष्टि हुँ, सारा हो सपना, जगत् हो ख्याल-ख्याल, जगत् कहा छ ?, जगत्को स्वभाव, जस्तो दृष्टि, उस्तै सृष्टि, जस्तो मति उस्तै गति, जगत्को वास्तव स्वरूप, जगत्-निरसन गर्ने उपाय, यो सारा हो ब्रह्मै-ब्रह्म मात्र, सुखको बाटो, सत्संगको महिमा, जीवनको सर्वोच्च लक्ष्य : जीवनमुक्ति, नवधा भक्ति, भक्तिबाट मुक्ति, निष्कामदेखि निर्वाणसम्म, मुक्ति, महावाक्य, विषयको चिन्तन, इच्छा हो संसार, इच्छा र आसक्तिमा अन्तर, शोक र मोह, आफ्नै विषयमा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिलाई केलाएर हेर्दा, बुद्धिको सदुपयोग, विचार-मार्ग, चित्तशुद्धिको सन्दर्भमा, चिन्तारहित हुने उपाय, गीताको लक्ष्य, आत्म-दर्शन, जीवन र दर्शन, म को हुँ ?, पुरुषार्थ के हो ?, अभय-मार्ग, शिक्षाको लक्ष्य, शान्तिको खोजमा, चरित्र-निर्माण र आत्मनिर्भरता, भक्ति : एक विवेचना, जीवनको स्वरूप के हो ?, म हुँ चैतन्य, सारा हो परमात्मा, परमात्मा पाउने उपाय, अभिमानको त्याग, विश्वासलाई केलाएर हेर्दा, विश्व वासनारूप हो, विश्वशान्ति, जाग्रत्, स्वप्न र सुषुप्ति-विचार, आत्मविचारबाट आत्मज्ञान, आनन्द र यसको अनुभव, व्यवहार र परमार्थ, आत्मामा बन्धन र मोक्ष छैन, आनन्द हो आफ्नो स्वरूप, सनातन धर्म र शंकराचार्य, चरित्र-निर्माण, स्वतन्त्रता : एक अनुशीलन, स्वतन्त्रता र सुरक्षा : आध्यात्मिक दृष्टिमा, ईश्वर : एक चिन्तन, त्यागबाट नै लाभ, हाम्रा चार अवस्थाहरू, गीतामा तीन योग, ज्ञान-विज्ञान, ज्ञानी गरेर पनि गर्दैन, ज्ञानीको घर : नौ ढोके सहर, यहाँको स्वास्थ्य ठीक छ ?, उत्तम शिष्यको लक्षण, चित्तको प्रसन्नता, जीवनलाई सुखी बनाउने उपाय, आनन्द बाहिर छैन, मन के हो यसलाई कसरी जित्ने ?, अनासक्त कर्मयोग, आफूभित्र आफूलाई खोज्दा, मृत्युलाई जित्ने उपाय, ईश्वर कसरी चिन्ने ?, चित्तशान्तिको उपाय, ईश्वरको दर्शन, देशभक्तिबाट चित्तशुद्धि, विषयसुखमा पनि आत्मसुख, ज्ञाननिष्ठा, जीवन्मुक्ति र मन ।

सुख कहाँ छ ? भन्ने निबन्ध पहिलो संस्करणमा चौवालिसौं अनुक्रममा राखिएको थियो भने दोस्रो संस्करणमा सुरुमै राखिएको छ । पुस्तकको नाम पनि यसै निबन्धको नामबाट राखिएको हुनाले यो नाम र यसमा प्रस्तुत गरिएको विषयवस्तुप्रति रचनाकारको विशेष अभिरुचि, लगाव, आकर्षण, सन्तोष र मोह भएको कुरा थाहा हुन्छ । यसमा बताइए अनुसार सृष्टिको प्रत्येक प्राणी सुख स्वरूप र सुखको भण्डार हो । आफू नभए सुख हुँदैन । अरू नभए आफू मात्र बाँकी रहे पनि सुखको अनुभव हुन्छ । अरू भनेको जगत्‌का कामना आदि चित्तका वृत्तिहरू हुन् । आफू भनेको चैतन्य, आत्मा वा ब्रह्म वस्तु हो । शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, अहङ्कार आदिलाई आफू भनिँदैन । यिनीहरू अरूहरू हुन् । सुख खोज्नेले यिनै अरूहरूलाई छोडेर नितान्त आफ्नो भित्री हृदयको शक्तितिर आस्था गर्नु पर्दछ । अरूहरूमा सम्मान, आस्था र विश्वास रहुन्जेल दुःख मात्र हात लाग्दछ आनन्द वा सुख पाउनै सकिँदैन । सुख बाहिरका पद र पदार्थमा छैन । ती कुरामा दुःख मात्र छ । विषयासक्ति जति बढ्दै जान्छ उति दुःखको अनुभूति ज्यादा हुँदै जान्छ । कसैले विषयमा सुख अनुभव गरी हाल्यो भने पनि त्यो सुख विषय रहँदासम्म मात्र रहन्छ । संसारमा विषय सुखबाट अघाएको मान्छे आजसम्म भेटिएको छैन । त्यसैले पूर्ण मात्रामा सुखी मानिस पाउन गारो छ । संसारी र विषयी जसरी सुखी हुन सक्तैनन् त्यसरी नै असंसारी, निर्विषयी दुःखी हुन सक्तैनन् । अतः ज्ञानवान् जीवनमुक्त महात्माहरूले दुःख भोग्नु पर्दैन । जसरी भए पनि साराले .सुख नै खोज्दछन् तर पूर्ण सुख कसैले पाउन सकेका छैनन् । वास्तवमा सुखको खोजी जहाँ गर्नु पर्ने थियो त्यहाँ नगरिएकोले यसो भएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त दर्शनले बताए अनुसार आफू को हो, जगत् के हो, ईश्वर को हो, भन्ने कुरामा ध्यान दिई आत्मानुसन्धानमा लागे आफू मात्र पूर्ण रूपमा फेला पर्दछ । यही कुरा पूर्ण सुखानुभूति हो । त्यसैले वास्तवमा सुख यसै ठाउँमा र आफूभित्रै रहेको छ । सुखको स्वरूप त आफू नै हो । आफूभित्र भएको सुखको प्राप्तिका लागि चित्त शान्त हुनै पर्दछ । चित्तलाई शान्त पार्न त्याग, तपस्या, परोपकार, सेवा, इन्द्रिय निग्रह, एकान्त साधना, आत्मानुसन्धान, भगवद्भक्ति, निष्काम कर्म योग, तीव्र वैराग्य र तीव्र मुमुक्षा हुनु पर्दछ । चित्त शान्त भएमा सुख जहाँ पनि छ । त्यसको खोजीमा बाहिर भौंतारी रहनु पर्दैन । **सुखको बाटो, चित्तको प्रसन्नता, जीवनलाई सुखी बनाउने उपाय, आनन्द बाहिर छैन, चित्तशान्तिको उपाय, विषयसुखमा पनि आत्मसुख** जस्ता अन्य निबन्धमा पनि यही कुरा भिन्न तरिकाले प्रस्तुत गरिएको छ ।

यस पुस्तकको दोस्रो संस्करणको दोस्रो निबन्धमा के भनिएको छ भने भाषण, पाण्डित्य प्रदर्शन, जागिर खाने उद्देश्य, कसैलाई उपदेश दिने धारणा आदिका लागि नभएर वेदान्त ज्ञान र जीवनमुक्तिका लागि हो । दुःख, चिन्ता र समस्याबाट मुक्त भएर अखण्ड आनन्द पाउनका लागि दर्शनको अध्ययन, बोध र आचरण गरिन्छ । वेदान्तमा कर्म र भक्तिको विवेचना पनि गरेको छ तर यसको मूल लक्ष्य भने ज्ञान नै हो । वेद भनेकै ज्ञान हो । मोक्ष दिलाउने साधन यो हो । अवश्य नै जीवनको सर्वोच्च लाभ मोक्ष हो । त्यही उपलब्धि हासिल गर्नका लागि चाहिने साधनहरूको विस्तृत विवेचना गरी जीवनलाई सार्थक बनाउन सिकाउनु नै को मुख्य लक्ष्य हो । स्वयं प्रकाश, अखण्ड, शुद्ध, चैतन्य वस्तुको ज्ञान गर्नका लागि चित्त शुद्ध हुनु पर्दछ । संसारी नाशवान् पदार्थमा नलागेका चित्तमा सफा ऐनामा अनुहार छर्लङ्ग देखिए जस्तै आफ्नो वास्तविक स्वरूपको ज्ञान हुन्छ । व्यवहारका लागि चिन्तित हुनु बुद्धिमानी होइन । व्यवहार त प्रारब्ध अनुसार चल्दछ । नहुने कुरा हुँदैन हुने कुरा नभई छाड्दैन । ज्ञानीहरू व्यवहार, धन र मानका लागि चिन्तन गर्नु हास्यास्पद कुरा ठान्दछन् । जगत् बनाउनका लागि चाहिँदैन । ज्ञानीको काम जगत् बनाउनु होइन । सृष्टिलाई परमात्माको लीला मान्नु, कल्पना मात्र मान्नु र कुनै कालमा पनि सृष्टि नभएको कुरा गर्नु वेदान्तका क्रमशः सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद र अजातवाद सिद्धान्तका मान्यता हुन् । वेदान्त अत्यन्त उदार, मानवतावादी, विश्वात्मवादी, समन्वयवादी, सर्वदेशीय र सार्वभौम दर्शन हो । जीवनमुक्तिको सुख अनुभव गराउनका लागि वेदान्तको चिन्तन गरिएको हो । **म नै सृष्टि हु, सारा हो सपना, जगत् हो ख्याल-ख्याल, जगत् कहा छ, जगत्को स्वभाव, जस्तो दृष्टि उस्तै सृष्टि, जस्तो मति उस्तै गति, जगत्को वास्तव स्वरूप, जगत्-निरसन गर्ने उपाय, यो सारा हो ब्रह्मै-ब्रह्म मात्र, जीवनको सर्वोच्च लक्ष्य : जीवनमुक्ति, महावाक्य, इच्छा हो संसार, शोक र मोह, विचार-मार्ग, आत्म-दर्शन, जीवन र दर्शन, पुरुषार्थ के हो ?, अभय-मार्ग, शान्तिको खोजमा, जीवनको स्वरूप के हो ?, म हु चैतन्य, सारा हो परमात्मा, परमात्मा पाउने उपाय, विश्व वासनारूप हो, विश्वशान्ति, आत्मविचारबाट**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मज्ञान, आनन्द र यसको अनुभव, व्यवहार र परमार्थ, आत्मामा बन्धन र मोक्ष छैन, आनन्द हो आफ्नो स्वरूप, ज्ञान-विज्ञान, ज्ञानी गरेर पनि गर्दैन, ज्ञानीको घर : नौ ढोके सहर, अनासक्त कर्मयोग, आफूभित्र आफूलाई खोज्दा, मृत्युलाई जित्ने उपाय, ईश्वर कसरी चिन्ने ?, ईश्वरको दर्शन, जीवन्मुक्ति जस्ता निबन्धमा पनि वेदान्त दर्शनमा भनिएका यिनै कुराको चर्चा गरिएको छ ।

सत्संगको महिमा नामक निबन्धमा बताइए बमोजम कुनै पनि सत् विषयमा गरिने चिन्तन, ध्यान, मनन र चर्चालाई सत्संग भनिन्छ । अनात्म जगत्, द्वैत प्रपंच, भौतिक वस्तुको चिन्तन र इच्छालाई असत्संग भनिन्छ । अखण्ड सुख, अनन्त आनन्द र शाश्वत शान्ति अथवा मोक्षको मात्र इच्छा भएकाहरूको एक मात्र काम सत्संग गर्नु हो । शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, चित्त, अहंकार जस्ता कुराको चिन्तन असत्संग हो । त्यस्तो विषयमा चिन्ता गर्नु निरर्थक काम गर्नु र मूर्ख बन्नु हो । आत्यन्तिक कल्याणको इच्छा राख्ने हो भने सधैं सत्संगमा जुट्नु पर्दछ । गृहस्थ वा अन्य कुनै आश्रममा रहँदा पनि संसारमा मन नराखी आत्माकै चिन्तन गर्न सकिन्छ । चित्त बाहिरी पदार्थमा नगएमा सत्संग त स्वतः भई हाल्दछ । चित्त विषयतिर लाग्यो भने असत्सँग हुन्छ । सत्संगलाई गीता आदि शास्त्रमा ज्ञान निष्ठा र वेदान्त दर्शनमा निदिध्यासन भनिएको छ । ध्यान वा समाधि भन्नु पनि त्यही कुरा हो । सत्संग गर्नेको व्यावहारिक जीवन पनि सुखी र सन्तोषी हुन्छ । विश्वामित्रको हजारौं वर्षको तपस्याभन्दा पनि वसिष्ठको एकै छिनको सत्संग धेरै गुणा शक्तिशाली र फलदायी भएको कुरा पुराणहरूले बताएका छन् । सत्संग भनेको परमकल्याण प्राप्तिको अत्यन्त सुगम मार्ग हो । सामान्य व्यवहारमा पनि सत्संगको अभ्यास गर्न सकिन्छ । बाह्य गतिविधिसँग सम्बन्ध नराख्ने आन्तरिक विषय भएकोले सत्संगका लागि देश, काल, परिस्थिति अनुकूल हुनु पर्दछ भन्ने छैन । सत्संगबाट आफू शुद्ध चैतन्य अखण्ड आनन्द एवं प्रकाश रूप भएको कुरा थाहा हुन्छ । सत्संगको अभ्यास भएमा आफूले आफूलाई चिनिन्छ र जीवनमुक्त बनिन्छ । यही विचारको व्याख्या **चरित्र-निर्माण, त्यागबाट नै लाभ र ज्ञाननिष्ठा** भन्ने निबन्धमा पनि गरिएको छ ।

नवधा भक्ति भन्ने शीर्षकको निबन्धमा भनिए अनुसार भक्ति भनेको आफ्नो सही स्वरूपको अनुसन्धान हो । यो निर्गुण हुन्छ । सामान्यतया सगुण र निर्गुण गरी भक्ति दुई तथा आर्त, जिज्ञासु, अर्थार्थी र ज्ञानी गरी भक्त चार प्रकारका हुन्छन् । भागवतमा चाहिँ श्रवण, कीर्तन, स्मरण, पादसेवन, अर्चन, वन्दन, दास्य, सख्य र आत्म निवेदन गरी नौ प्रकारका भक्तिको विवेचना गरिएको छ । श्रवण भनेको सज्जन वा महात्माबाट परमात्माको गुणावली सुन्नु हो । कीर्तन भनेको परमात्माका विषयमा सुनेका कुरालाई राम्ररी मनन गर्नु र सम्झनु हो । स्मरण भनेको परमात्माको कीर्तन गर्दागर्दा सदा काल उनलाई मात्र सम्झनु हो । पादसेवन भनेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्माको स्मरण निरन्तर गर्दै तिनको सगुण वा निर्गुण स्वरूपको पूजा वा सेवा गर्नु हो । अर्चन भनेको अन्तरात्मामा स्थित परमात्माको र बाहिरी मूर्तिको अर्चना गर्नु हो । वन्दन भनेको भगवान्लाई सदा हृदयमा धारण गरेर वन्दना गर्नु र चित्तवृत्तिलाई अरूतिर नलगाउनु हो । दास्य भनेको परमात्माको दास भएर सेवा गर्नु हो । दास र दास्यको स्वरूप एकै हो । त्यसैले भक्तले आफूलाई सेवक र परमेश्वरलाई सेव्य मानी निरन्तर सेवा गर्दछ । सख्य भनेको परमात्मालाई ज्यादै मिल्ने साथीका रूपमा सन्निकटमा राख्नु हो । आत्म निवेदन भनेको आफूलाई परमात्मा र आफूमा भिन्नता नदेख्नु वा परमात्मामा एकाकार हुनु हो । आत्म निवेदन नवधा भक्तिको चरम प्राप्ति हो । यस्तै कुराको चर्चा **भक्तिबाट मुक्ति, निष्कामदेखि निर्वाणसम्म, मुक्ति, भक्ति : एक विवेचना, गीतामा तीन योग** जस्ता प्रस्तुत कृतिका अन्य निबन्धमा पनि पाइन्छ ।

विषयको चिन्तन भन्ने रचनामा के कुरा व्यक्त गरिएको छ भने विषयको चिन्तन भनेको संसारी भोग विलासका वारेमा कल्पना गर्नु हो । वास्तवमा विषयको प्राप्ति चिन्तनको फल होइन । नचिताए पनि जे, जति, जुन बेला प्राप्त हुनु छ त्यो प्राप्त भएरै छोड्छ । चिताउँदैमा त पाइँदैन । आजसम्मको इतिहासमा कसैले पनि चिताए जति पाएका छैनन् । चिताएर पनि नपाउँदा *आकाशको फल आँखा तरी मर* भन्ने उखानको भनाइ जस्तै अवस्था आउँछ । वेदान्त दर्शनले विषय चिन्तनबाट मुक्त हुने सल्लाह दिन्छ । वेदान्तीहरू कहिल्यै विषयको चिन्तन गर्दैनन् । विषयादिसँगको संयोग वा वियोग प्रारब्धद्वारा सञ्चालित हुन्छ । नचिताउनु जत्तिको आनन्दको कुरा अर्को छैन । विषयको चिन्तन भएन कि आत्म चिन्तन, ईश्वर चिन्तन वा ब्रह्म चिन्तन स्वतः भई हाल्दछ र आत्मप्राप्ति वा ब्रह्म बोध हुन्छ । विषय चिन्तन गर्नु भनेको त मूर्खताको परिचय दिनु हो । ईश्वरलाई पालन गर्ने मानेपछि विषयको चिन्तन निरर्थक हुन्छ । विषयको चिन्तन ज्यादै डर लाग्दो हुन्छ । नचिताए पनि व्यवहार जसरी चल्नु छ त्यस्तै गरी चली नै रहन्छ । गर्भमा बसेको बालक जन्मेपछि के खाने होला भनी चिताउँदैन तापनि ऊ जन्मनासाथ आमाका स्तनमा स्वतः दुध भरिन्छ । त्यही दुध खाएर ऊ बाँच्दछ । चिताएर इष्ट कुरा थपिने र अनिष्ट कुरा घट्ने होइन । शुभाशुभको चिन्तना रहित भएर निमित्त मात्र बनेमा सुखपूर्वक व्यवहार चल्दछ किनभने ईश्वरले सारा व्यवहार चल्ने व्यवस्था मिलाएका हुन्छन् ।

आफ्नै विषयमा नामक निबन्धमा बताइए अनुसार कुनै पनि व्यक्ति कर्ता, भोक्ता, मोटो, दुब्लो, धनी, गरिब, विद्वान्, मूर्ख आदि होइन बरु ऊ त परमात्मा वा अद्वैत चैतन्य वस्तु हो । आफूलाई यो साराबाट झिकी दिने हो भने हात लाग्यो सुन्ना हुन्छ । आफू भनेको ब्रह्म हो । आफूलाई बुद्धिले त देख्न सकिन्न भने इन्द्रियले देख्न सक्ने त कुरै भएन । अखण्डाकार चित्तमा आफ्नो सही स्वरूपको यथार्थ अनुभव हुन्छ । बुद्धि अखण्ड नहुन्जेल आफूलाई शरीर, प्राण, इन्द्रिय, मन, बुद्धि आदि नाना रूपले अनुभव हुन्छ । यस्तो अनुभवबाट दुःख, चिन्ता, पिर, वेदना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिले छट्पटाई रहनु पर्दछ । बुद्धिलाई शुद्ध गर्नु र अखण्ड अचल बनाउनु यस्तै दुःखबाट सर्वथा मुक्ति पाउनका लागि हो । शास्त्रले बताएको यस्तो सल्लाह स्वीकार गरी जो मानिस प्रारब्धको भर पर्दछ र ईश्वरमा भक्ति गर्दछ ऊ आफूलाई शुद्ध पार्न सफल हुन्छ र उसमा ज्ञानको उदय पनि भई हाल्दछ । आफू भनेको सत्य, नित्य, शुद्ध, ब्रह्म वस्तु हो । यही विषय **म को हुँ ?** र **विश्वासलाई केलाएर हेर्दा** भन्ने निबन्धमा पनि प्रकारान्तरले प्रस्तुत गरिएको छ ।

बुद्धिलाई केलाएर हेर्दा भन्ने नाम दिइएको निबन्धमा के भनिएको छ भने मान्छेको सर्वस्व बुद्धि हो । बुद्धि सप्रे मान्छे सप्रन्छ र बुद्धि बिग्रे मान्छे बिग्रन्छ । धेरै पढ्दै र धेरै जान्दैमा बुद्धि सप्रँदैन । आधुनिक विद्या जति जाने पनि त्यसमा आफूलाई जान्ने प्रयास गरिँदैन । जान्नु भनेको आफूलाई जान्नु नै हो । जगत्लाई जति जाने पनि आफूलाई जानेका छैन भने आत्यन्तिक लाभ हुँदैन । बुद्धि संसारी पदार्थमा फसी रह्यो भने शान्ति हुँदेन । त्यसैले आत्यन्तिक अखण्ड शान्ति पाउनलाई नै प्रयत्न गर्नु पर्दछ । त्यसका लागि बुद्धि शुद्ध पार्नु आवश्यक हुन्छ । शुद्ध बुद्धिमा मात्र आत्म स्वरूप, शान्ति र आनन्द रूप ब्रह्मको साक्षात् प्रतिबिम्ब पर्दछ । अनि मात्र शान्ति र सुखको अनुभव हुन्छ । ब्रह्म वासना बढाउनमा लागेको बुद्धिले नै उद्धार गर्दछ । बुद्धि ब्रह्म हो । ब्रह्मदेखि भिन्न बुद्धिको स्वतन्त्र अस्तित्व छैन । आफू आनन्द र ज्ञान रूप भए पनि बुद्धिको मालिन्यले गर्दा वास्तविक आनन्दको अनुभव हुन पाउँदैन । शास्त्रीय मर्यादा अनुरूप निष्काम कर्म र निर्गुण उपासना बिना चित्त शुद्धि हुँदैन । आफू र परमात्मालाई अभिन्न मान्नु निर्गुण भक्ति हो भने आफूलाई अखण्ड, ब्रह्म भनेर बुझ्नु ज्ञान हो । बुद्धिको अन्तिम स्थिति यही हो । बुद्धि शुद्ध भएपछि मनमा आनन्दै आनन्दको मात्र अनुभव हुन्छ । यही कुरा भिन्न शैलीमा **बुद्धिको सदुपयोग** भन्ने निबन्धमा पनि प्रस्तुत गरिएको छ ।

गीताको लक्ष्य नामक निबन्धमा व्यक्त गरिएको विचार अनुसार गीता मोक्ष शास्त्र, ज्ञान शास्त्र र योगशास्त्र हो । यो उपनिषद्को सार तथा ब्रह्मविद्या हो । प्रस्थानत्रयीका श्रुति प्रस्थान अर्थात् उपनिषद्, स्मृति प्रस्थान अर्थात् श्रीमद्भगवद्गीता र न्याय प्रस्थान अर्थात् ब्रह्मसूत्रमा गीता स्मृति प्रस्थान हो । उत्तम अधिकारीका लागि श्रुति प्रस्थान, मध्यम अधिकारीका लागि स्मृति प्रस्थान र अरूका लागि न्याय प्रस्थानको विधान गरिएको पाइन्छ । गीताको लक्ष्य बुझ्नका लागि यसका वक्ता, श्रोता र संयोजन कर्तालाई चिन्नु पर्दछ । साथै यसको उपक्रम, उपसंहार र फल प्राप्तिमा पनि विशेष ध्यान दिनु पर्दछ । गीताका वक्ता भगवान् श्रीकृष्ण, श्रोता अर्जुन र संयोजन कर्ता वेदव्यास हुन् । गीताको लक्ष्य ज्ञानको प्रतिपादन हो । यसमा कर्म, भक्ति र ज्ञान पाइन्छ । मुख्य रूपमा यसको लक्ष्य शोक र मोहबाट मुक्त गराई परमार्थ स्वरूप ब्रह्मको बोध गराउनु हो । सम्पूर्ण प्रकारका चिन्तालाई छाडेर अद्वैत आत्मस्वरूप आफूमा अवस्थित भएमा कल्याण हुन्छ । गीताको उपसंहार शोक र मोहको निवारण हो भने परिणाम वा फल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्ति आत्मबोध हो । गीताले सम्पूर्ण मानवलाई अद्वैत आत्मवस्तुको ज्ञान दिएको छ । यसरी ज्ञान योग नै गीताको लक्ष्य हो । श्रुतिको सिद्धान्त पनि यही हो । यही भाव **चरित्र-निर्माण र आत्मनिर्भरता, अभिमानको त्याग, जाग्रत्, स्वप्न र सुषुप्ति-विचार, हाम्रा चार अवस्थाहरू, उत्तम शिष्यको लक्षण** जस्ता निबन्धमा पनि व्यक्त गरिएको पाइन्छ ।

शिक्षाको लक्ष्य भन्ने निबन्धमा भनिएको कुरा अनुसार शिक्षा भनेको आफूलाई चिनाउने, चरित्र बनाउने, आनन्द प्राप्त गर्ने, सन्तोष दिलाउने, ज्ञान दिने र संसारको यथार्थ रूपको परिचय गराउने खालको हुनु पर्दछ । शिक्षितहरूमा कहिल्यै पनि लघुताभास हुनु हुँदैन । पढेलेखेकाहरूले सबभन्दा पहिले देश, समाज, परिवार तथा आफूसित राम्ररी परिचित हुनु पर्दछ । आफ्ना शक्ति र सीमाका वारेमा थाहा न भएसम्म अरू कुरा जानेर पनि जान्नुको अर्थ रहँदैन । आत्मनिर्भर हुनु, आत्मविश्वासी बन्नु, आत्मगौरवको अनुभूति भई रहनु, आत्मलाभ गर्नु, अन्तर्मुखी बनेर आफूभित्रको ईश्वरसित साक्षात्कार गर्नु शिक्षित व्यक्तिमा पाइनु पर्ने लक्षण हुन् । आत्मग्लानि, ध्वंसात्मक विचार, असन्तोष, हीनता बोध, संकुचित धारणा शिक्षा प्राप्त गरेकाहरूका मनमा आउनु हुँदैन । देशको भूगोल, इतिहास, अर्थ व्यवस्था, सभ्यता, संस्कृति, परम्परा, रहनसहन, सामाजिक संरचना, खानपान, कला जस्ता आधारभूत कुराको ज्ञान शिक्षित व्यक्तिमा हुनै पर्दछ । अझ समसामयिक दुनियाँमा भई रहेका गतिविधि, विकास र हलचलहरूसित पनि उसले परिचित हुनु जरुरी छ । औपचारिक शिक्षाका विभिन्न तहका प्रमाणपत्र पाउनु भनेको सम्बद्ध विषयमा सिप, ज्ञान, व्यवहार, चिन्तन, विवेचन आदि सबै दृष्टिले आधिकारिक हिसाबबाट प्रवीण हुनु हो । पढेको व्यक्ति जान्ने बुझ्ने त हुनै पर्दछ । साथै अर्काको भरोसा गर्ने, बहिर्मुखी, स्वार्थी, कमजोर, चरित्रहीन, अकर्मण्य, निरुत्साही हुनु हुँदैन । जे गर्न सकिन्छ त्यो बोल्ने र जे बोलिन्छ त्यो गर्ने व्यवहार पठित र पण्डितको हुनु आवश्यक छ । पढेको मान्छे दुष्ट भएको सुहाउँदैन । शास्त्र पढेको छ तर चोर, डाँका, ठग, दुराचारी, अल्छी, फोहोरी, अपशब्दवादी, परपीडक छ भने पढेको के अर्थ भयो ? अरूबाट जस्तो व्यवहारको अपेक्षा गरिन्छ आफूबाट पहिले त्यस्तो व्यवहार हुनु पर्दछ र जीवनलाई सकेसम्म सरल, स्वाभाविक, सहज बनाई विचारको उच्चतामा बाँच्नु पर्दछ । भौतिक कुरामा तिर्सना बढाउनु हुँदैन किनभने त्यस्तो तिर्सनाको अन्त्य कहिल्यै हुँदैन । अरूका कुरा काट्नुभन्दा आत्मालोचना गर्नु बुद्धिमानी हो भन्ने विचारबाट शिक्षित व्यक्ति ओतप्रोत हुनु जरुरी छ । कहीं कतै गल्ती भई हाल्यो भने तुरुन्त सम्बद्ध पक्षसित क्षमा माग्नु नै निरपराध मानसिकताको लक्षण हो । गल्ती गर्नु तर स्वीकार नगर्नु भनेको महाअपराधी हुनु हो । कितापी ज्ञानभन्दा सिपमूलक ज्ञान, सिपमूलक ज्ञानभन्दा व्यावहारिक ज्ञान र व्यावहारिक ज्ञानभन्दा चरित्रमूलक ज्ञान उच्च मानिन्छ । चरित्र कमजोर छ भने जतिसुकै शास्त्रको अध्ययन गरेको भए पनि निरर्थ हुन्छ । वेदान्त दर्शनले आफू र आफूभित्रको ईश्वरलाई चिनेर निर्लोभ तथा निर्लिप्त भई संसारमा आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका सक्रियताका साथ निर्वाह गर्न सिकाएको छ । त्यो कुरा शिक्षित व्यक्तिले बुझेकै हुनु पर्दछ । प्राणी भनेको ईश्वरको अंश हो । उसमा ईश्वरको जस्तै शक्ति र सामर्थ्य हुन्छ । पढेको व्यक्तिले त्यो कुरा जानेर चारित्रिक उचाइ कायं गर्न सक्यो भने सही अर्थमा पढेको ठहरिन्छ । नीति निर्माणका तहमा बस्नेहरूले शिक्षा किन चाहिन्छ, यसको लक्ष्य के हो, सम्बद्ध समाज र परिवेश सुहाउँदो गरी उपयुक्त शिक्षा पद्धति कसरी लागू गर्न सकिन्छ र शिक्षित जन समुदायको ध्यान देशको उन्नति तथा चारित्रिक विकासमा कसरी आकृष्ट गर्न सकिन्छ भन्ने कुरा बुझेको हुनु पर्दछ । आजका विद्यार्थी, शिक्षक, अभिभावक, प्रशासक, नेता, कार्यकर्ता, जागरुक नागरिक, नीति निर्माता सबैले शिक्षाको लक्ष्य र उपयोगिताका विविध पक्षमा गहिरिएर वास्तविक कुरा थाहा पाउनु जरुरी छ ।

सनातन धर्म र शंकराचार्य भन्ने पाठमा भनिए अनुसार शंकराचार्यले सनातन धर्मको मर्म बुझ्नका साथै आफू साक्षात् जीवनमुक्त ज्ञानवान् बनी ज्ञानको महिमा बताएका हुन् । अझ उनले ज्ञानका लागि चाहिने साधनहरूमध्ये कर्म र भक्तिको पनि वास्तविक तत्त्व प्रदर्शन गरेका हुन् । मोक्षरूप परमपद प्राप्ति सनातन धर्मको सार हो, वेद नै सनातन परम्पराको आधार एवं प्रमाण शास्त्र हो, धर्मको मर्म बुझेर व्यवहार गरेमा धर्मको मर्यादा रहन्छ भन्ने कुरा शंकराचार्यले बताएका हुन् । उनलाई अनुभवी, महात्मा, विद्वान्, पण्डितहरू साक्षात् भगवान् शंकरका अवतार मान्दछन् । सोर वर्षकै उमेरमा उनले सम्पूर्ण शास्त्रको अध्ययन र अनुसन्धान गरी शास्त्रार्थको प्रक्रियाबाट द्वैत मतावलम्बीहरूलाई परास्त गर्नका साथै वैदिक सिद्धान्त अद्वैतवादको प्रशस्त प्रचारप्रसार गरेका थिए । गीतादेखि लिएर प्रमुख उपनिषद्हरू, विष्णुसहस्रनाम, ब्रह्मसूत्र आदि ग्रन्थहरूको भाष्य लेख्ने काम पनि उनले गरे । शास्त्रीय मर्यादा अनुरूप कर्मानुष्ठानपूर्वक चित्तशुद्ध गरी उपासनाका माध्यमबाट परमात्मामा स्थिर भएको चित्तद्वारा आत्मसाक्षात्कार गर्न सकिन्छ भन्ने कुराको व्याख्या पनि उनले गरे । उनले जीवनभरि यही सिद्धान्त व्यवहारमा उतारे । त्याग बिना लाभ हुँदैन भन्दै सन्न्यास धर्मको यथार्थ मर्म प्रस्तुत गर्न उनले कलिलै उमेरमा सन्न्यास ग्रहण गरे । *विवेकचूडामणि, आत्मबोध, अपरोक्षानुभूति* जस्ता असंख्य प्रकरण ग्रन्थहरूको निर्माण पनि उनले गरे । सम्पूर्ण भारतवर्षको पैदल भ्रमण गरी द्वैत, पाखण्ड, बौद्ध (शून्य) वाद, नास्तिक, कापालिक, मीमांसा, न्याय आदि मतको खण्डन गर्नका साथै भारतका चार धाममा चार मठहरू स्थापना गरी पद्मपादाचार्य, सुरेश्वराचार्य, हस्तामलकाचार्य र तोटकाचार्यलाई मठाधीश बनाए । नेपालमा आई पशुपतिनाथ तथा गुह्येश्वरीको दर्शन र गुह्येश्वरीको स्तोत्रको रचना गरे । गोसाइँकुण्ड पुगी शिवलिंग स्थापना पनि उनले गरे । नेपालीहरू जगद्गुरु आद्य शंकराचार्य तथा उनका अनुयायीलाई अत्यन्त श्रद्धाका दृष्टिले वन्दना गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्रता : एक अनुशीलन शीर्षकको निबन्धमा के कुरा बताइएको छ भने संस्कृतमा **स्व** अर्थात् आफूलाई आत्मा भनिन्छ । ईश्वर, सच्चिदानन्द आदि विभिन्न नामले आफूलाई जनाउँछन् । आफूलाई पन्छाएर परमार्थमा कुनै प्रकारको काम कुरा गर्न मिल्दैन । त्यसैले आफूलाई उत्तम पुरुष मानिन्छ । अर्को कुरा आफू जत्तिको प्यारो, उद्धार गर्न योग्य, सुखको भण्डार अरू कुनै छैन । आफ्नो साम्राज्यमा विचरण गर्नु नै वेदान्त दर्शन अनुसारको स्वतन्त्रता हो । **तन्त्र** भनेको हुकुम दिनु, हैकममा बस्नु, नियन्त्रणमा राख्नु, प्रशासन गर्नु र पालनपोषण गर्नु हो । आफ्नै हैकममा चल्नु, आफूलाई नियन्त्रण गर्नु, आफूले नै आफ्नो प्रशासन गर्नु र आफ्नो पालनपोषण आफैले गर्नु नै स्वतन्त्रता हो । आत्मतन्त्र वा ब्रह्मतन्त्र, सर्वतन्त्र र स्वतन्त्र भनेको यही हो । शारीरिक स्वतन्त्रता मामुली कुरा हो । त्यसभन्दा माथि ऐन्द्रिक स्वतन्त्रता पर्दछ । त्यसभन्दा पनि माथिल्लो तहको स्वतन्त्रता मानसिक स्वतन्त्रता हो । त्यसपछि बौद्धिक स्वतन्त्रता आउँछ । यसलाई नै सूक्ष्म एवं मूल्यवान् स्वतन्त्रता मानिन्छ । आत्माको स्वतन्त्रता चाहिँ स्वतन्त्रताको पराकाष्टा वा सर्वोच्चता हो । स्वतन्त्रताको वास्तविक अर्थ यहीं पुगेर टुङ्गिन्छ । आत्मा अर्थात् आफू नै परतन्त्र भएमा शरीरादिले जतिसुकै स्वतन्त्रता पाए पनि निरर्थक हुन्छ । शारीरिक, ऐन्द्रिक र मानसिक स्वतन्त्रता त सडकमा निर्भीकतापूर्वक हिंड्ने साँढेले पनि पाएको हुन्छ । पशु, चराचुरुङ्गी आदिका साम्राज्यमा पाइने स्वतन्त्रता मूल्यवान् होइन । विकसित मुलुकहरूमा बौद्धिक स्वतन्त्रता पनि पाइन्छ तर आत्मिक स्वतन्त्रता त आफैबाट उब्जने, आफैसँग भएको र आफैले खोजे मात्र पाइने हुनाले वेदान्त दर्शनले त्यही स्वतन्त्रताको अपेक्षा गर्दछ । वेदान्तले कसैको नियन्त्रण स्वीकार गर्दैन । त्यसैले त यो विश्वको सर्वोच्च दर्शन हो । यसैबाट आत्यन्तिक कल्याण र सुखको समेत अनुभव हुन्छ । शरीरलाई जहाँ पनि लैजानु, इन्द्रियले निस्फिक्री भोग गर्नु, मनले मन परी गर्नु र बुद्धिको पछि लाग्नुलाई व्यवहारमा वाक् स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, लेखन स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता र आर्थिक आदि स्वतन्त्रता भनिन्छ । आध्यात्मिक चिन्तकहरू आत्माको स्वतन्त्रतासम्म पुगेका छन् ।

यहाँको स्वास्थ्य ठीक छ ? भन्ने निबन्धमा बताइए अनुसार चैतन्य स्वरूपमा, अविचल रूपमा रहेको मानिसको स्वास्थ्य ठिक भएको मानिन्छ । सत्संग, को अनुशीलन र ईश्वरको चिन्तनमा चित्तको चिकित्सा हुन्छ । आफू अविकारी, सुखदुःखले रहित ब्रह्मवस्तु हो । कल्पित अस्वस्थतालाई त्याग्नु नै स्वास्थ्य हो । सामान्य व्यवहारमा 'यहाँको स्वास्थ्य ठीक छ ?' भनी सोध्ने गरिन्छ । यस प्रश्नको वास्तविक आशय शरीरसँग नभएर आत्मासँग सम्बद्ध छ । यस्तो प्रश्नको जवाफ संसारी मानिस 'रुगाखोकी लागेको छ' भनी दिन्छन् । प्रश्नको आशय 'ब्रह्म स्वरूपमा स्थित हुनु हुन्छ कि संसारमा नै अल्मलिनु भएको छ ?' भन्ने कुरा सोध्नु हो । सत्यता, चेतना र आनन्द सही अर्थमा स्वभाव हो तर त्यसलाई छोडेर मान्छेहरू जडता, मृत्यु र दुःखमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अल्मलिएका हुन्छन् । दर्शनले आफूलाई आफू बनेर बाँच्न सिकाएको छ । जाग्रत् र स्वप्न कालमा स्वास्थ्यमा विकार उत्पन्न भए पनि सुषुप्त अर्थात् गाढा निद्राका बखत स्वमहिमामा बसिएको हुन्छ । उज्यालो, सत्, आनन्द, अमरता र स्वस्थता भनेको सही अर्थमा स्वभाव हो । अज्ञानी, दुःखी, मरणशील हुन कोही पनि खोज्दैन । आफू अर्थात् आत्मा बनेर बसेको मानिसको स्वास्थ्य नै राम्रो मानिन्छ । बाँकी सारा रोगी हुन् । शारीरिक रोग त चानचुने हो । भवरोग अर्थात् अज्ञानबाट पार लाग्नु नै पुरुषार्थ हो ।

मन के हो ? यसलाई कसरी जित्ने ? भन्ने पाठमा व्यक्त भएको निबन्धकारको विचार अनुसार मनको उक्साइमा पर्दा नाना भाँतीका दुःख हुने र मन शान्त हुँदा आनन्दको अनुभव हुने कुरा सबैलाई थाहा छ । जति मात्रामा मनलाई जित्न सक्यो उति मात्रामा शान्ति, सन्तोष र आनन्दको अनुभव गर्न सकिन्छ भन्ने कुरा अनुभवी, ज्ञानी, महात्माका उपदेश र शास्त्रको अनुशीलनबाट थाहा हुन्छ । यति हुँदाहुँदै पनि मनलाई वास्तविक रूपमा चिन्न सक्ने व्यक्ति थोरै हुन्छन् । मनलाई जित्यो भने परमसुख प्राप्त हुन्छ । शास्त्र र सज्जनहरूले मनलाई नियन्त्रणमा राख्न र मनको पछिपछि न दगुर्न भनेका छन् । मनको दास बन्दा धोका पाइन्छ । मन चञ्चल भए चिन्ता, दुःख र छटपटी हुने र शान्त भए शान्ति र आनन्द अनुभव हुने भएकोले मनलाई आत्मनियन्त्रणमा राख्न आवश्यक हुन्छ । मनले जन्म र मृत्युका चक्करमा घुमाई रहन्छ । *योगवासिष्ठ महारामायण*मा वर्णित प्रसंग अनुसार महर्षि वसिष्ठ भगवान् रामलाई के भन्दछन् भने मन भनेको संकल्प हो । जब संकल्प विकल्प हुँदा मन र संकल्प निश्चय भयो भने बुद्धि हुन्छ । चिताउने काम चित्तले गर्दछ । म भनी अभिमान गर्ने अहंकार हो । काम अनुसार एकै वस्तुको नाम वा स्वरूप फरक भए तापनि वास्तवमा मन, बुद्धि, चित्त, अहंकार आत्माकै स्वरूप हुन्, आत्मादेखि भिन्न होइनन् । चिताए चित्त, नचिताए चैतन्य वा चिन्मात्र ब्रह्मवस्तु । आत्मचैतन्यमा विषयको उदय हुनु मन हो । त्यसैले मन नै बन्धन र मोक्षको कारण हो । मनलाई नियन्त्रणमा राखेर अमन बनाइएको छ भने बन्धनबाट छुटकारा पाइन्छ । मनको अमन अवस्थाबाट ब्रह्मको अनुभव विकसित हुन्छ । मनमा ब्रह्मकै मात्र अनुभव भई रहनु नै मोक्ष हो । मनले पदार्थ पाउन खोजेको होइन । ऊ त निश्चल एवं प्रशान्त भएर बस्न चाहन्छ तर नाना प्रकारका वासना र संस्कारका दृढताले अखण्ड आनन्दरूप भएर बस्न छाडी मनलाई उठाएर विषय सागरतिर धकेल्ने प्रवृत्तिका कारण मनको दोष देखिएको हो । चित्तको अशुद्धि पापको परिणाम हो । योगीहरू मनलाई नाना प्रकारका उपायबाट रोक्न र तह लगाउन खोज्दछन् । प्रयत्नपूर्वक क्रियाद्वारा रोकिएको मन फेरि संकल्प विकल्पतिर लागी हाल्दछ । मनको स्वतन्त्र सत्ता छैन । यो त आत्माको प्रकाशबाट प्रकाशित भएको हो । त्यसैले म अर्थात् ब्रह्मवस्तु र मनमा भेद छैन भनी मनलाई ब्रह्मरूप बनाएमा मन समाहित हुन्छ । यस्तो स्थितिलाई ज्ञान समाधि भनिन्छ । शास्त्र र सज्जनका उपदेश स्वीकार गरी मनको शुद्धि गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमन हुनु र ब्रह्मस्वरूपको साक्षात्कार गर्नु नै यथार्थ रूपमा मनमाथि विजय प्राप्त गर्नु हो । यही नै मानव जीवनको परम पुरुषार्थ हो । नयाँ थपिएको **मन** भन्ने निबन्धमा पनि यस्तै आशय प्रकट गरिएको छ ।

देशभक्तिबाट चित्तशुद्धि नामक निबन्धमा भनिए अनुसार शास्त्रले विधान गरे बमोजिमको निष्काम कर्म र भक्ति सम्पादन गरे चित्त शुद्ध हुन्छ । चित्तलाई शुद्ध गर्ने अर्को उपाय देशको भक्ति पनि हो । सच्चा देशसेवकको चित्त शुद्ध हुन्छ । जसरी चित्तलाई शुद्ध गर्ने उपायहरूमध्ये आमाबाबुको भक्ति, गुरुको भक्ति, ईश्वरको भक्ति, देशको भक्ति आदि उत्कृष्ट मानिन्छन् त्यसरी नै पवित्र भावनाले राष्ट्रको हितका लागि जनताको कल्याणका लागि र सुखका लागि गरिने देशभक्तिले पनि चित्तमा रहेका मालिन्य नासिँदै र मासिँदै जान्छन् । *वाल्मीकिरामायण*मा आमा र जन्म दिने ठाउँ स्वर्गभन्दा पनि ठुला हुने कुरा बताइएको छ । स्वर्गभन्दा पनि श्रेष्ठ मानिने आमा र जन्मभूमिको सेवा तथा भक्तिले अवश्य पनि स्वर्गीय सुखभन्दा पनि माथिको सुख पाइन्छ । देशभक्तिमा समष्टिको कल्याण हुन्छ । अचेल सच्चा देशभक्त पाउन गारो छ । देशको उच्च ओहदामा बसेका अधिकारीहरू त व्यक्तिगत स्वार्थमा रुमली रहेका देखिन्छन् । देशभक्तिको पाठ पढाउनेहरू पनि आफ्नै हित गर्नमा मस्त छन् । यस्तो अवस्थामा देशभक्ति अनिकालको बिउ जस्तो भई सकेको छ । त्यसो हुँदाहुँदै पनि देशभक्तिको महिमा भने निकै ठुलो छ । प्रत्येक नागरिकले जन्मभूमिको हितका लागि र सार्वभौम सत्ताको अक्षुण्णताका लागि समर्पित हुनु आवश्यक छ । देशका लागि प्राण त्याग्न समेत तत्पर हुने व्यक्तिका निमित्त धन, परिवार, मान, घरबार आदि त्याग्नु त मामुली कुरा हो । देशप्रेमभित्र महान् त्याग लुकेको हुन्छ । त्याग बिना प्रेमको सम्भावना हुँदैन । स्वार्थको त्याग नगरी देशको भक्ति हुँदैन । त्यागको माध्यमबाट चित्त शुद्ध हुने कुरा पनि निश्चित छ । शरीर, पुत्र, वित्त, कलत्र आदिमा लिप्तहरूका अपेक्षा लोभ मोह, आसक्ति र स्वार्थ त्याग्नेहरू सच्चा देश भक्त हुन्छन् । त्यस्तो देश भक्त नै आत्मज्ञानी हुन्छ । देशप्रेमबाट सुरु गरी विश्वप्रेममा चित्तलाई संस्थापन गर्नु अझै ज्यादा बुद्धिमानी हो । देशको अन्न र जलले शरीर, मन, बुद्धि, विद्या र वैभव प्राप्त भएको हुन्छ । देशप्रति अखण्ड श्रद्धा र भक्ति गर्नु प्रत्येक नागरिकको कर्तव्य हो । त्यसैले देश नै सर्वस्व र यथार्थ हो । सपनाको झिलिमिलीमा नभएर विपनामै देखिने निष्ठा, इमानदारी र एवं समर्पणमा नै देशको उन्नति हुन्छ । यस्तो उन्नति आत्मोन्नति पनि हो । व्यावहारिक सुख, समृद्धि, सम्पन्नता आदिका लागि देशप्रेमको अद्वितीय भूमिका रहे झैँ पारलौकिक आनन्द, शान्ति आदिका लागि पनि देशभक्तिको त्यत्तिकै आवश्यकता शास्त्रहरूले बताएका छन् । देशभक्ति त्यागको ज्वलन्त दृष्टान्त हो । त्यागबाट नै अमृतत्त्व पाइने श्रुतिको वचन भएकोले पनि यसबाट चित्त शुद्ध हुन्छ भन्ने कुरामा शंका छैन । देशभक्ति शास्त्रीय निष्काम कर्म भएकोले चित्तशुद्ध गर्न चाहने मुमुक्षु, भक्त र कर्मयोगीहरूले अवश्य पनि देशभक्ति गर्नु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्षक भिन्नाभिन्नै भए पनि लगभग सबैमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले उनै कुरा सोभै वा प्रकारान्तरले यस कृतिमा आएका छन् । यहाँ समीक्षा गरिएको पछिल्लो निबन्ध **देशभक्तिबाट चित्तशुद्धि**मा रचनाकारले समय सापेक्ष आवश्यकतालाई शास्त्रीय चिन्तनमा ढालेर पर्याप्त तर्क तथा आधार दिई प्रस्तुत गरेका छन् । आज नेपालमा देखिएको सबभन्दा ठुलो संकट भनेको देशभक्तिमा आएको स्खलन हो । निकै ज्यादा राजनीतिक दल, पर्याप्त राजनेता, लाखौं राजनीतिक कार्यकर्ता, यथेष्ट मात्रामा पढेलेखेका जन समूह जस्ता आधार हुँदाहुँदै पनि अस्तिभन्दा हिजो र हिजोभन्दा आज देश भनभनै पछाडि धकेलिएको अवस्थाले निबन्धकारलाई वेदान्त चिन्तनमा देशभक्ति विषय जोड्न आवश्यक लागेको हुन सक्तछ । त्यसो त कुनै पनि दर्शन शून्यमा आधृत हुँदैन । त्यसको चिन्तन गर्ने थलो र विषय जीवन र जगत् नै हो । शास्त्रहरूले पनि देशको उपेक्षा गरेर विचार प्रवाह गरेको पाइँदैन । त्यही प्रमाणलाई समातेर आफूलाई अराजनीतिक भन्दाभन्दै पनि निबन्धकार यस पाठमा राजनीतिका नजिक देखिएका छन् ।

बारम्बार उनै कुरा दोहोरिनु सामान्यतया राम्रो मानिँदैन तापनि ज्ञान, गहन कुराको व्याख्या, भनाइको स्पष्टता जस्ता विविध सन्दर्भमा हेर्दा शास्त्रले त्यस्तो पुनरुक्तिलाई दोष मान्दैन । ब्रह्मज्ञान जस्तो अत्यन्त कठिन मानिने विषयलाई एक पटक मात्र भनेर बुझ्न नसकिने हुँदा शास्त्रमा पनि उनै कुरा बारम्बार भनिएको पाइन्छ । यस्तो विषय र अवस्थामा पुनरुक्ति भएको कुरा निबन्धकार स्वयंले पनि स्वीकार गरेका छन् । उही र उस्तै कुराको उल्लेख वा चर्चा भएको निबन्धको अलग्गै समीक्षा आवश्यक नदेखिएकोले यसमा प्रतिनिधि केही निबन्धको मात्र चर्चा गरिएको हो । पर्याप्त गहन दार्शनिक विचार संवहन गरेका निबन्धहरूको सँगालो यो हो ।

४.२.१५ पद्मकन्या महाकाव्य

पद्मकन्या महाकाव्य त्रिभुवन विश्वविद्यालय पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंद्वारा २०५७ सालमा प्रकाशमा ल्याइएको कृति हो । प्रा. शिवगोपाल रिसालको चौधौं प्रकाशित कृति यो हो । काठमाडौंको बागबजारमा रहेको पद्मकन्या बहुमुखी क्याम्पसको चित्रण यसमा गरिएको छ । वेदान्त दर्शनका सारभूत पक्षमाथि प्रकाश पार्ने काम पनि यसमा गरिएको छ । त्यसैले शैक्षिक संस्थाका वारेमा बताउँदा बताउँदै पनि अध्यात्म र वेदान्तका कुराको चर्चा गरिएको हुनाले यसलाई अध्यात्म काव्य र वेदान्त काव्य पनि भन्न सकिन्छ ।

यस काव्यको गाताको सुरुको पृष्ठमा हिमालको काखमा रहेको सुन्दर पर्वतीय भूभागको चित्रका बिच पद्मकन्या बहुमुखी क्याम्पसको चिह्न (लोगो) राखी माथि *पद्मकन्या महाकाव्य* भन्ने कृतिको नाम र मुनि महाकाव्यकार प्रा. शिवगोगाल रिसालको नाम अंकन गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । गाताको पछाडिको पृष्ठमा रचनाकारको योगी रूपको रंगीन चित्र सहित परिचय र त्यस समयसम्म प्रकाशित रचनाहरूको नाम तथा प्रकाशन वर्षको उल्लेख गरिएको छ । पुस्तकको भित्री पहिलो र दोस्रो पृष्ठ खाली राखी त्यसपछिको पृष्ठका दुवै भागमा कृतिको परिचय दिइएको छ । पद्मकन्या बहुमुखी क्याम्पसका तात्कालिक क्याम्पस प्रमुख चिरिकशोभा ताम्राकारको एक पृष्ठको प्रकाशकीय मन्तव्य र रचनाकारको **आफ्नै विषयमा** भन्ने शीर्षकको दुई पृष्ठको भूमिकापछि काव्यको थालनी गरिएको छ । अनेकौं उपशीर्षक काव्यमा राखिएका भए पनि यसमा विषय सूची चाहिँ दिइएको छैन । महाकाव्यीय संरचनाको ढाँचामा तयार पारिएको शास्त्रीय विभिन्न छन्द र फाटफुट रूपमा झ्याउरे छन्दको प्रयोगमा आधृत चौध सर्ग तथा १७७ पृष्ठको डिमाई आकारको कृति यो हो । यसको अध्ययन गर्दा शास्त्रीय छन्द प्रयोग गर्न रुचाउने र त्यसमा प्रभुत्व कायं गर्न सक्षम प्रतिभाका रूपमा रचनाकारको परिचय मिल्दछ । छन्दका कारण काव्यकार अल्मलमा परेको अवस्था सामान्यतया यसमा देखिँदैन । अर्को कुरा यस कृतिका रचयिता वेदान्त दर्शन भनेपछि हुरुक्क हुने परिप्रेक्ष्यमा ठाउँठाउँमा प्रसंग मिलाएर वा प्रसंग थपेर भए पनि तत्सम्बन्धी विचारमा बग्न पाउँदा ज्यादै प्रसन्न बनेको अवस्थाको बोध पनि यसको अध्ययनबाट हुन्छ ।

यस काव्यको नब्बे श्लोकको प्रथम सर्गमा एक्काइस श्लोकको **मङ्गलाचरण**, सात श्लोकको **यात्राको आरम्भ**, एघार श्लोकको **अलिकति इतिहास**, सात श्लोकको **केही प्राप्ति**, दुई श्लोकको **पद्मकन्याको आदर्श वाक्य**, छ श्लोकको **आत्मप्रसङ्ग**, सात श्लोकको **साहित्य र वेदान्त**, पाँच श्लोकको **बिदाइका बेला**, तिन श्लोकको **पद्मकन्यासँग**, छ श्लोकको **बिदाइमा व्यापकता**, चार श्लोकको **शुभकामना**, पाँच श्लोकको **अझै शुभकामना** र छ श्लोकको **पद्मकन्यामा के गरो** समेतका तेर वटा शृंखला छन् ।

चौहत्तर श्लोकको द्वितीय सर्गमा पाँच श्लोकको **आउने र जाने क्रम**, पाँच श्लोकको **कोसाग बिदाइ**, चार श्लोकको **सरस्वतीका मन्दिरमा राजनीतिको प्रवेश**, छ श्लोकको **राष्ट्रको अवस्था**, पाँच श्लोकको **हाम्रा नेता**, पाँच श्लोकको **हाम्रो देश**, छ श्लोकको **आवागमनको मेला**, तिन श्लोकको **गुनासो**, तिन श्लोकको **आह्वान**, नौ श्लोकको **बिदाइबाट मुक्ति**, छ श्लोकको **नारीशिक्षा र पद्मकन्या**, चार श्लोकको **समाजको वर्तमान स्थिति** र तेर श्लोकको **पद्मकन्या विकासका क्रममा** गरी जम्मा तेर वटा शृंखला छन् ।

त्रिपन्न श्लोकको तृतीय सर्गमा आठ श्लोकको **अवकाश लिएपछि**, आठ श्लोकको **आउादादेखि नै जाने तयारी**, पाँच श्लोकको **जाने क्रम**, एघार श्लोकको **मेरो परिचय**, पाँच श्लोकको **मेरो ठेगाना**, आठ श्लोकको **को जाने ? कहा जाने ?** र आठ श्लोकको **न आएको न गएको** गरी जम्मा आठ वटा शृंखला छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्न श्लोकको चतुर्थ सर्गमा सात श्लोकको **पद्मकन्या इतिहासका पानामा**, सात श्लोकको **पद्मकन्याको प्रगति**, चौध श्लोकको **पद्मकन्या : भौतिक दृष्टिमा**, दस श्लोकको **ज्ञानको भोक**, पाँच श्लोकको **न पढ्ने र न पढाउने प्रवृत्ति** र आठ श्लोकको **शिक्षामा ह्रास** गरी जम्मा छ वटा शृंखला छन् ।

एकाउन्न श्लोकको पञ्चम सर्गमा आठ श्लोकको **पद्मकन्या : इतिहास बनाउने क्रममा**, सात श्लोकको **पद्मकन्याको विस्तार**, सात श्लोकको **राजनैतिक अवस्था**, सात श्लोकको **कन्या सदा पूजनीया**, बार श्लोकको **नारीका विविध रूप** र बिस श्लोकको **श्री ५ को सवारी** गरी जम्मा छ वटा शृंखला छन् ।

एक सय पाँच श्लोकको षष्ठ सर्गमा चार श्लोकको **वर्तमान समाज**, नौ श्लोकको **चारैतिर दयनीय अवस्था**, पन्ध्र श्लोकको **फुटाऊ र शासन गर**, बार श्लोकको **वेदान्त वार्ता**, चार श्लोकको **शरीर र संसार**, बार श्लोकको **मायाको राज्य**, तेर श्लोकको **वैदिक चिन्तनपरम्परा**, तिन श्लोकको **अध्यास**, चार श्लोकको **एकान्त साधना**, चार श्लोकको **देशको गिर्दो स्थिति**, सोर श्लोकको **ज्ञानसाधना र भोगकामना** र नौ श्लोकको **तत्त्वविचार** गरी जम्मा बार वटा शृंखला छन् ।

बाउन्न श्लोकको सप्तम सर्गमा चार श्लोकको **वेदान्त-चर्चा**, सोर श्लोकको **मान्छेको चर्चा**, आठ श्लोकको **संसारबाट शान्ति छैन**, बिस श्लोकको **अध्यात्म साधक** र चार श्लोकको **आत्मबोध** गरी जम्मा पाँच वटा शृंखला छन् ।

सतसट्ठी श्लोकको अष्टम सर्गमा सात श्लोकको **जीवनयात्राकै क्रम : अद्वैत मय**, सात श्लोकको **साधु-महात्माहरूको दर्शन**, चार श्लोकको **वेदान्त श्रवण-मनन**, चौबिस श्लोकको **तीर्थाटन** र पच्चिस श्लोकको **वेदान्त सत्सङ्ग** गरी जम्मा पाँच वटा शृंखला छन् ।

एक सय अठहत्तर श्लोकको नवम सर्गमा सात श्लोकको **पद्मकन्यामा काव्यगोष्ठी : काव्यको प्रयोजन**, पाँच श्लोकको **काव्यमा रस**, नौ श्लोकको **अध्यात्ममय काव्य**, एघार श्लोकको **काव्य र अकाव्य**, दस श्लोकको **योग र भोग**, आठ श्लोकको **गोष्ठी आरम्भ**, बाइस श्लोकको **राष्ट्रवादी कविता**, नौ श्लोकको **अध्यात्मपरक कविता**, एघार श्लोकको **आफ्नै चिन्तन**, दस श्लोकको **आध्यात्मिक क्रान्ति**, एघार श्लोकको **अवधूत**, सत्र श्लोकको **वसन्त**, तेइस श्लोकको **ठूलो मान्छे**, पन्ध्र श्लोकको **समस्यापूर्ति– 'यो देश हाम्रो भनी'**, आठ श्लोकको **राम्रै राम्रो** र दुई श्लोकको **पद्मकन्याको आरम्भ** गरी जम्मा सोर वटा शृंखला छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौवन्न श्लोकको दशम सर्गमा बार श्लोकको **पद्मकन्याको स्थापनाकाल**, उनन्तीस श्लोकको **पद्मकन्याको विकासकाल** र तेर श्लोकको **पद्मकन्याको व्यापकता** गरी जम्मा तिन वटा शृंखला छन् ।

एक सय छ श्लोकको एकादश सर्गमा चौध श्लोकको **पद्मकन्याको वर्तमानकाल**, तेर श्लोकको **त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर नेपाली**, आठ श्लोकको **पद्मकन्यामा प्रवेश**, आठ श्लोकको **केही पुराना, केही नयाँ**, छ श्लोकको **आजका केही प्राध्यापकहरू**, पन्ध्र श्लोकको **पद्मकन्यामा प्राध्यापक एकाइ**, पन्ध्र श्लोकको **केही नेतृ केही छात्रीहरू**, आठ श्लोकको **पद्मकन्याबाट अन्यत्र** र उन्नाइस श्लोकको **आफ्नै खोजी गर्दा** गरी जम्मा नौ वटा शृंखला छन् ।

अठासी श्लोकको द्वादश सर्गमा छ श्लोकको **पद्मकन्यामा सत्सङ्ग समारोह**, सतचालिस श्लोकको **वेदान्त प्रवचन**, चौध श्लोकको **वेदान्तमा राष्ट्रवादी स्वर** र एक्काइस श्लोकको **ब्रह्मचिन्तन** गरी जम्मा चार वटा शृंखला छन् ।

एक सय तिस श्लोकको त्रयोदश सर्गमा चार श्लोकको **आत्मचिन्तन**, छ श्लोकको **आत्माको अमरता**, दस श्लोकको **शरीर त बोक्रो**, पाँच श्लोकको **जान्नु र नजान्नु**, उन्नाइस श्लोकको **अद्वैत ब्रह्म आफू नै**, छ श्लोकको **माया र जीव**, तिन श्लोकको **विवेक र वैराग्य**, एघार श्लोकको **जाग्रदादि तीन अवस्था**, चार श्लोकको **सृष्टि**, दुई श्लोकको **सुषुप्ति**, सात श्लोकको **महावाक्य**, चार श्लोकको **पूर्णता**, सात श्लोकको **ज्ञानीको विशेषता**, सात श्लोकको **गुरुको खोजी**, सात श्लोकको **अध्यास**, चौध श्लोकको **बेलामा नै आत्माको खोज** र चौध श्लोकको **समाधिका बाधा** गरी जम्मा सत्र वटा शृंखला छन् ।

एक सय सोर श्लोकको चतुर्दश सर्गमा चार श्लोकको **आफूप्रतिको निष्ठा**, बार श्लोकको **पद्मकन्याको आधा शताब्दी**, छ श्लोकको **भक्तिबाट मुक्ति (ज्ञानप्रतिको निष्ठा)**, तिन श्लोकको **भक्तिको व्यापकता**, दस श्लोकको **व्यवहारमा भक्ति**, चार श्लोकको **नवधा भक्ति**, आठ श्लोकको **हामीले विश्वलाई दिन सक्ने भक्ति**, नौ श्लोकको **भक्ति : ज्ञानका लागि**, चार श्लोकको **चित्तका वृत्तिहरू**, आठ श्लोकको **नारद भक्तिसूत्रका आधारमा भक्ति**, दस श्लोकको **शाण्डिल्यभक्तिसूत्रका आधारमा भक्ति**, चौध श्लोकको **भक्ति, भगवान् र भक्त**, बार श्लोकको **भक्ति र श्रीमद्भागवत**, आठ श्लोकको **पद्मकन्या : सरस्वतीको मन्दिर**, तिन श्लोकको **उपसंहार** र एक श्लोकको **मुक्तिको द्वार** गरी जम्मा सोर वटा शृंखला छन् ।

प्रथम सर्गको **मङ्गलाचरणमा** ॐकार, ब्रह्मा, विष्णु, महेश्वर, परमेश्वर, परमात्मा रूप स्वयं, गणेश, सूर्य, ब्रह्माण्ड, महाकाश, पराम्बा दुर्गा, सरस्वती, रमा, राधा, उमा, पञ्च तन्मात्रा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चराचर जगत् आदिको स्तुति गरी काव्यानुष्ठान पूर्ण गरी दिन भनिएको छ । संसारमा आउने जाने क्रम निरन्तर चली रहन्छ भन्दै आफू पनि सोही क्रममा आएको र पाएको जिम्मेवारी पुरा गरी सेवा निवृत्त भएको कुरा कविले **यात्राको आरम्भ** भन्ने अंशमा बताएका छन् । पद्मकन्या क्याम्पसमा शिक्षक बनेर २०१८ साल फागुन २६ गते शुक्रवारदेखि प्रवेश गर्दा स्नातक तहसम्मको पढाइ हुने, अनिवार्य विषयमा सयभन्दा ज्यादा विद्यार्थी एउटै कक्षामा पढ्ने, विषय ज्ञान भएका जाँगरिला शिक्षक र नेपालका कुनाकाप्चाबाट आएका पढाइमा उत्साह भएका विनयी एवं लज्जालु विद्यार्थी हुने गरेको कुरा **अलिकति इतिहास** शीर्षकको अंशमा भनिएको छ । **केही प्राप्ति** नाम दिइएको अंशमा सैंतिस वर्ष पढाएर सेवा निवृत्त नहुँदासम्म पद्मकन्या क्याम्पसको परिवेश र सम्पर्कबाट साहित्य, वेदान्त तथा कलाको ज्ञान हासिल गरेको र प्रतिष्ठा पनि पाइएको कुरा कविले बताएका छन् । कतिपय अप्ठेरो अवस्था आई पर्दा संयम र धैर्य गरिएको हुनाले बचिएको अनुभव पनि कविले यस अंशमा सुनाएका छन् । पद्मकन्या क्याम्पसको आदर्श वाक्य *प्रज्ञा नेत्रो लोकः प्रज्ञा प्रतिष्ठा प्रज्ञानं ब्रह्म* अर्थात् प्रज्ञा नै लोकको आँखा हो, प्रज्ञा प्रतिष्ठा हो र प्रज्ञा नै ब्रह्म हो भन्ने उक्तिको अनुशीलन, निरन्तरको सत्संग, गुरु डा. क्षितीशचन्द्र चक्रवर्ती तथा मस्तराम बाबाका उपदेश, आफ्नै निरन्तर साधनाबाट साहित्य तथा वेदान्तप्रति अभिरुचि बढेको कुरा पनि कविले अगाडि गएर व्यक्त गरेका छन् । जीवनको नाटकीय लीला थाहा पाएका भए पनि लामो समय बिताएको संस्थाबाट बिदा लिएर हिँड्नु पर्दा कविलाई नराम्रो अनुभूति भएको कुरा बिदाइका बेला भन्ने अंशको अध्ययन गर्दा बुझिन्छ । एक रात वास बस्न आएको यात्री जस्तै बनेर केही समय बसिएको पद्मकन्या क्याम्पस परिवार सही गन्तव्यमा अघि बढोस् भन्ने शुभकामना कविले बिदाइ हुने अवस्थामा व्यक्त गरेका छन् :

ब्रह्मचारी पसें भित्र, गृहस्थीमा विकास भो ।
वानप्रस्थी बनाएर, सन्न्यास अवकाश भो ।।८८।। (प्रथम सर्ग) ।
चिरकाल म आभारी, कृतज्ञ, धन्यवाद छ ।
तिम्रै हो देन यो सारा, पद्मकन्या प्रणाम छ ।।८९।। (प्रथम सर्ग) ।

द्वितीय सर्गमा के भनिएको छ भने संसारमा नै आउने र जाने क्रम निरन्तर चली रहने प्रक्रिया भएको सन्दर्भमा संस्थामा सेवा गर्नका लागि प्रवेश गर्नु र निश्चित समयपछि निवृत्त हुनु भनेको सामान्य कुरा हो । वर्तमानमा सेवारत जति पनि व्यक्ति छन् ती सबैले कुनै न कुनै दिन छोड्नु पर्ने हो । त्यसैले कसले कसलाई बिदा गर्ने हो भन्ने कुरा बुझ्न गारो छ । चिन्ताको विषय त के हो भने क्याम्पस जस्तो पवित्र संस्थामा प्रवेश गरेको विषाक्त राजनीतिले विद्यालाई निस्तेज पार्दै अशान्ति र व्यापारलाई महत्त्व दिने स्वभाव सिकाएको छ । देशमा चलेको अस्वस्थ राजनीतिको सिकार क्याम्पस पनि भएको छ । राजनीतिक नेताहरूले यस्तो वातावरणबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिको दिन कस्तो आउने हो भन्ने कुरामा ख्याल गरेका छैनन् । उनीहरू त तत्कालको लाभ मात्र हेर्दछन् । जताततै अन्याय, अशान्ति, उपद्रव मच्चिनु र क्याम्पस त्यस्तो प्रवृत्तिको अखाडा बन्नु राम्रो होइन । यस्तो अवस्था लम्बिनु हुँदैन । यो रोकिनु पर्दछ । सेवा अवधि पुरा गरी प्रत्यक्ष रूपमा आफूले व्यक्तिगत तवरबाट यस्तो संकटसित जुध्नु नपरे पनि देशकै इतिहासमा नारी शिक्षा र महिला जागरणका क्षेत्रमा अग्रणी रूपमा रहेको पद्मकन्या क्याम्पसको गरिमा बच्नु पर्दछ । आज समाजबाट शालीनता, स्वतन्त्रता, नैतिकता, सदाचार जस्ता कुरा हराउने क्रममा रहेका छन् । अरू ठाउँमा जे भए पनि पद्मकन्याले भने गौरवशाली अतीत जस्तै वर्तमान र भविष्यमा पनि उत्तम दर्जाको शिक्षण संस्थाका रूपमा प्रख्यात बनी रहनु पर्दछ किनभने यस संस्थाको स्थापना र विकासमा थुप्रै शिक्षक, अभिभावक, महात्मा, समाजसेवी, देशभक्त, शिक्षा प्रेमी, सज्जनहरूको पसिना बगेको छ । यसको निरन्तर उन्नति हुनु पर्दछ :

गेरुले पद्मकन्याको, मर्यादा स्थापना भयो ।
स्वदेशी कपडाधारी, कन्याको शिष्टता बढ्यो ।।७१।। (द्वितीय सर्ग) ।
सादा जीवन बाँचेर, विचार उच्च-उच्च होस् ।
आफ्नो राष्ट्रिय वर्चस्व, विश्वमा झलमल्ल होस् ।।७२।। (द्वितीय सर्ग) ।

तृतीय सर्गमा त्रिभुवन विश्वविद्यालयको सेवाबाट अवकाश लिएपछि आफू एकोहोरिएर वेदान्तको साधनामा लागेको कुरा कविले बताएका छन् । सांसारिक बन्धनको झमेला, कुनै पनि वस्तुप्रतिको प्रवृत्ति, समयमा कक्षा लिनु पर्ने बाध्यता नभएपछि स्वभावतः चिन्तनको स्वतन्त्र संसारमा विचरण गर्ने अवसर प्राप्त हुने नै भयो । कवि त्यस साम्राज्यमा अखण्ड आनन्द लिएर रम्न थाले । त्यहाँ रम्नका लागि घर गृहस्थी छोड्नु र सन्यासलाई जोड्नुका सीमाको अर्थ पनि नरहने भएकोले जो कोही पनि बिना सर्त प्रवेश पाउन सक्तछ । त्यही मौकाको सदुपयोग गरी अघोषित योगीले परमानन्दघन त्यस साम्राज्यको नागरिक बन्ने निर्णय गरे । त्यहाँ बसाइ सरेपछि धनसम्पत्ति, मानमर्यादा, पदप्रतिष्ठा, सानसौकत, भोगविलासको सम्पन्नतामा अजेय किल्ला काबुमा राख्नेहरू निरुपाय भई कालका गाँस बनेको कविले देखे :

गए लोभी, रागी, अरबपति वा निन्दित गए ।
गए योगी, त्यागी, अभयगतिका पूजित भए ।।
गए माग्ने थाङ्ने, घरपति धनी, पालक गए ।
गए नेता, जेता मुलुकभरका चालक गए ।।१९।। (तृतीय सर्ग) ।

कोही नरहने नाट्यशालामा आफू मात्र रहने त कुरै भएन । अझ यस रंगमंचमा अभिनय गर्दा कसैको पनि परिचयसम्म नरहने कुरा पनि कविले थाहा पाए । आफ्नो परिचय छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्माको अंश हुनुमा छ नत्र अन्य कुनै कुरामा छैन भन्ने रहस्य बुझेपछि कवि आफूलाई बेनाम र बेठेगानको प्राणी भन्न थाले :

शरीरै भए पो म जाने र बस्ने ।
म आत्मा न बस्ने, न जाने, न खस्ने ।।
म ता व्यापकै विश्वब्रह्माण्ड नै हुँ
महाकाश जस्तै न ता नासिने हुँ ।।४२।। (तृतीय सर्ग) ।

तृतीय सर्गभरि चिन्तनमा लीन भएपछि कवि चतुर्थ सर्गमा पद्मकन्यामा फर्कन्छन् । यस सर्गमा पद्मकन्याको इतिहास बताउँदै के भन्दछन् भने यस क्याम्पसबाट शिक्षा ग्रहण गरेका नारीहरू राजनीति, शिक्षा, अर्थ, उद्योग, व्यवसाय, साहित्य, कला, संस्कृति, संगीत, खेलकुद आदि अनेक क्षेत्रमा देश विदेशमा प्रख्यात बनेका छन् । नारी शिक्षा र महिला जागरणका लागि यस संस्थाले देशमा दिएको देन ज्यादै मूल्यवान् छ । भौतिक हिसाबबाट पनि यो संस्था सम्पन्न नै मानिन्थ्यो तर समयको परिवर्तनसँगै आएको लहरका कारण दूषित राजनीति पस्दा यो मन्दिर अपवित्र बन्दै गएको छ । यसप्रति स्नेह गर्नेहरू आज ज्यादै चिन्तित छन् । ज्ञानको भोकले सताउन छोडेको र पढाइप्रति रुचि नराख्ने विद्यार्थी तथा पढाउने काममा उत्साह नदेखाउने गुरुको संख्या बढ्न थालेकोले शिक्षाको स्तर गिर्दै जान लागेकोमा कवि चिन्तित बनेका देखिन्छन्

वेदादि शिक्षा अब ता कता गो ?
अध्यात्मको भाव त बेपता भो ।।
चरित्र निर्माण त कल्पना रे
पैसा भए पुग्छ सबै कुरा रे ।।४६।। (चतुर्थ सर्ग) ।

पञ्चम सर्गमा बताइए अनुसार उत्तम ज्ञान, उत्तम पोसाक, उत्तम वातावरण, उत्तम व्यवस्थाका कारण पद्मकन्याको पढाइ पनि उत्तम स्तरको रह्यो । यहाँबाट शिक्षा लिएका महिलाहरू घर, कार्यालय, सामाजिक संघसंस्था, राजनीति, उद्योग, समाजसेवा, शिक्षा जता संलग्न भए पनि सफल रहे, चर्चित बने । त्यसै पनि नेपाली घरबारदेखि दरबारसम्मका सबैतिर नारीको स्थान उच्च रहेको छ । महिलाहरूको मनोबल बढाउन र शिक्षाप्रतिको अभिरुचि जगाउन प्रत्येक वर्ष असौज १ गते हुने क्याम्पसको वार्षिकोत्सवमा राजारानीदेखि प्रधान मन्त्री, मन्त्रीहरू, उपकुलपति आदि उच्च पदस्थ व्यक्तिको उपस्थिति हुने चलन निकै पहिलेदेखि चल्दै आएको हो । हालका दिनमा आएको राजनीतिक परिवर्तनबाट यो परम्परा शिथिल बन्दै गएको छ । यति हुँदाहुँदै पनि जापान, निदरल्यान्ड जस्ता मुलुकका केही विश्वविद्यालयसितको भगिनी सम्बन्ध र ज्ञान विज्ञानका प्रत्येक क्षेत्रमा रहेको यस क्याम्पसको विशिष्टताले देशका साथै विदेशमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो संस्था चर्चित बनेको छ । यहाँ सुविधा सम्पन्न पुस्तकालय, छात्रावास, फराकिलो चौर तथा शैक्षिक उपकरण उपलब्ध हुने भएकोले पनि यो क्याम्पस प्रसिद्ध बनेको हो :

कुनै बेला थियो यस्तो, जे-जति प्रतियोगिता ।
पहिला पद्मकन्याकै, नामले नै विशेषता ।।५५।। (पञ्चम सर्ग) ।
पुरस्कार र तक्मा र, सिल्ड पाएर थुप्रिए ।
प्रतिभा पद्मकन्याको, देखेर अरु कुप्रिए ।।५६।। (पञ्चम सर्ग) ।

षष्ठ सर्गमा कवि देशको समसामयिक दुर्दशा, राजनीतिक दुरवस्था, शैक्षिक अस्तव्यस्तता, सामाजिक विकृति आदिबाट विरक्त भई यस प्रकारका समस्याबाट उत्पन्न हुने मानसिक पीडा न्यून गर्न वेदान्त चिन्तनमै फर्केका देखिन्छन् । त्यस क्रममा **वेदान्त वार्ता, शरीर र संसार, मायाको राज्य, वैदिक चिन्तनपरम्परा, अध्यास, एकान्त साधना, ज्ञानसाधना र भोगकामना तथा तत्त्वविचार** जस्ता शीर्षक प्रस्तुत गर्दछन् :

उभय गति बिगार्‍यो भौतिकी सभ्यताले ।
तन, मन, धन खायो, तामसी भव्यताले ।।
कति दिन अब बाँच्ने ? जान तैयार होऊ
शरण पर शिवैको, पाप सम्पूर्ण धोऊ ।।९०।। (षष्ठ सर्ग) ।
न धर्म, अर्थ, काम रे न मोक्षको छ वासना ।
म मात्र भै बसें भने म मात्रमा छ धारणा ।।
न ईश सृष्टि हो कुनै, न जीव दृष्टि हो ममा
स्वरूप देख्न पाइने, सुषुप्तिमा, समाधिमा ।।९९।। (षष्ठ सर्ग) ।

षष्ठ सर्गको केही अंशमा देश, समाज, राजनीति, शिक्षा जस्ता क्षेत्रमा दृष्टि दिन खोज्दा पीडा नै पीडाको अनुभूति भएपछि कवि सप्तम सर्गमा त्यस्तो पीडा बिर्सन र मानसिक शान्ति प्राप्त गर्न पुनः वेदान्ततिरै फर्केका देखिन्छन् । सुख खोज्नका लागि भौतिक तृष्णा बढाउने प्रवृत्ति, आफूलाई नै नचिनेर अन्तहीन र अर्थहीन गन्तव्यतिर दौड्ने प्रवृत्ति, शान्तिका नाममा अशान्ति फैलने काम गर्ने प्रवृत्ति, उज्यालो खोज्ने बहानामा झनै ज्यादा गाढान्तकारमा डुब्ने प्रवृत्ति बढ्नको कारण अज्ञान नै हो भन्ने ठहर कविको छ । यस्तो विचार सबैमा आई दिए समाज नै स्वस्थ र स्वच्छ हुने थियो भन्ने धारणा कविको देखिन्छ :

आफूलाई गर्न सक्ने अधीन ।
सारा इच्छा योगमा नै विलीन ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माजीको कीर्ति थाम्ने सपूत
मान्छे नै हो विष्णुको राजदूत ।।१०।। (सप्तम सर्ग) ।
मान्छे नै हो ज्ञान-विज्ञान रागी ।
योगी, त्यागी, भक्त, बाबा, विरागी ।।
ध्यानी, ज्ञानी, सिद्ध वा वानप्रस्थी
सन्यासी वा ब्रह्मचारी, गृहस्थी ।।१२।। (सप्तम सर्ग) ।

अष्टम सर्गमा पनि कवि वेदान्तमै रमाएका छन् । यस क्रममा जीवन यात्राकै बयानमा क्रमशः अद्वैत वेदान्तमय, साधु-महात्माहरूको दर्शन, वेदान्त श्रवण-मनन, तीर्थाटन र वेदान्त सत्सङ्ग शीर्षक राखेर जानेबुझेका र सुनाउन आवश्यक ठानिएका दार्शनिक अनुभवलाई कविले सार्वजनिक गरेका छन् । आफ्नो जीवनको अधिकतर समय वेदान्तको अध्ययन, चिन्तन, श्रवण र व्याख्यानमा बितेकोमा कवि गौरवका साथ सन्तोष व्यक्त गर्दछन् :

ब्रह्मचर्य, अहिंसा होस्, संग्रही, विग्रही नहोस् ।
सदा अमर त्यो हुन्छ, तन वा धन होसु, नहोस् ।।४४।। (अष्टम सर्ग) ।
जानै पर्ने कुरा सम्झी, लागौं सत्कर्म, धर्ममा ।
पैसाले, पदले खिँच्ला, न फसे है कुकर्ममा ।।४५।। (अष्टम सर्ग) ।

भित्री मनको चाहना जस्तो छ बाहिरी संसारको वातावरण सधैंभरि त्यस्तै बनी रहोस् भन्ने कामना गर्नु जसको पनि मनोवैज्ञानिक प्रवृत्ति हो । साहित्य रुचाउने, काव्यात्मक वातावरण मन पराउने, अध्यात्म चिन्तन र साहित्य साधनामा लागी रहन खोज्ने कवि पद्मकन्यामा दार्शनिक गोष्ठी र साहित्यिक कार्यक्रम हुँदा सारै प्रसन्न बनेका देखिन्छन् । पद्मकन्याले आयोजना गरेका दार्शनिक तथा साहित्यिक गोष्ठीको चर्चालाई कविले ज्यादा महत्त्व दिनु यसको उदाहरण हो :

कवि र कवयित्रीका, कविता-काव्यका कथा ।
सुन्दा भन्दा परै जाने, भित्रका मनका व्यथा ।।१६६।। (नवम सर्ग) ।

दशम सर्गमा कवि पूर्णतया पद्मकन्यामा केन्द्रित भएका छन् । पञ्चम सर्गभन्दा ज्यादा पद्मकन्याकेन्द्री सर्ग यो हो । समीक्ष्य महाकाव्यको नामसित सम्बद्ध विषयलाई नै महत्त्व दिइएकोले यसलाई मूल सर्गका रूपमा प्रस्तुत गर्न सकिन्छ । यसमा बताइए अनुसार प्रजातन्त्रको उदय भएपछि राजा त्रिभुवनको राज्य कालमा २००८ सालमा बार जना विद्यार्थीलाई पढाउने क्रमबाट थालिएको यो क्याम्पस विद्यार्थीको संख्या बढ्दै गएपछि विस्तृत हुँदै गएको हो । यसको नेतृत्व क्रमशः कमला सिन्हा, बोधविक्रम, देवीप्रसाद, मित्रलाल जस्ता प्रसिद्ध विद्वान्ले लिएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि गएर अंगुरबाबा जोशीले नेतृत्व सह्मालिन् । उनको समयमा यस क्याम्पसको निकै उन्नति भयो । उनीपछि राज्यश्री पोखरेल, अम्बिकाप्रसाद अधिकारी, इन्द्रराज, शिवगोपाल रिसाल, बलराम दास, साम्बभक्त पन्त, लीला के. सी., चेतोनाथ गौतम, चिरिकशोभा ताम्राकारले नेतृत्व लिई यस संस्थाको हित हुने काम गरे । देशभरि नै नारी शिक्षाका क्षेत्रको निकै प्रभावशाली संस्थाका रूपमा पद्मकन्याले ख्याति कमायो । नेपाली नारीको गुण, गरिमा, आत्मबल, साहस, योग्यता, सिप, सामर्थ्य, चेतना, ज्ञान र स्वाभिमान बढाउने काममा यस संस्थाले निकै ठुलो ऐतिहासिक काम गऱ्यो । परिवार, समाज, देश र विश्वमा नारी शिक्षाले ल्याउने परिणाम तथा संसारमा नारी जातिको महत्त्वका विषयमा पनि कविले यस सर्गमा चर्चा गरेका छन् :

जहाँ नारी गर्छन् सकल जगतै हुन्छ रसिलो ।
जहाँ नारी डर्छन् सकल भव नै हुन्छ धमिलो ।।
जहाँ नारी रम्छन् घर घर बन्यो नत्र बगर ।
त्यसैले नारीमा प्रणयरसको अमृत छर ।।४५।। (दशम सर्ग) ।
महारानी, मन्त्री, वकिल, विदुषी, संगित कला ।
चिकित्साविज्ञानी, मृदुल कविता-काव्य विपुला ।।
गृहस्थी, तेजस्वी परतिर पुगेका न अबला ।
हिमाली नेपाली करम धरमी शान्त सरला ।।४६।। (दशम सर्ग) ।

एकादश सर्गमा पद्मकन्यामा यथेष्ट मात्रामा केन्द्रित रहँदा रहँदै पनि कवि वेदान्ततिर ढल्की हाल्दछन् । गौरवशाली इतिहास भएको यो क्याम्पस राजनीति गर्ने थलोका रूपमा परिणत भएकोले गलत बाटोतिर उन्मुख बनेको देख्दा कवि चिन्तित बनेका देखिन्छन् । निकै ठुलो संघर्ष गरेर त्रिभुवन विश्वविद्यालयमा स्थापना गरिएको नेपाली विषयको स्नातकोत्तरको कार्यक्रमले राम्रै परिणाम ल्याएकोमा कविलाई सन्तोषको अनुभूति हुन्छ । नेपालीमा स्नातकोत्तर तह प्रथम श्रेणीमा प्रथम भई उत्तीर्ण गरेपछि कविले पद्मकन्यामा पढाउन थालेका हुन् । समय बित्दै जाँदा पुरानाहरू निवृत्त र नयाँहरू प्रवृत्त हुने क्रम चल्दै रहेको कविले देखे । आजका प्राध्यापकमा परिश्रम गर्ने, विद्वता हासिल गर्ने, अध्यापनलाई महत्त्व दिनेभन्दा पनि धन कमाउने प्रवृत्ति हाबी भएकोमा कविलाई दुःख लागेको छ । विद्या नै सबैभन्दा ठुलो धन हो । यो यथार्थ आजका पढेलेखेका भनिने व्यक्तिले किन बुझ्न नसकेको होला भन्ने प्रश्न पनि कविका मनमा उब्जेको छ । अच्युतरमण अधिकारी, राम रिसाल, सावित्री मैनाली, हरिप्रसाद नेपाल, नूतन थपलिया, शंकरलाल जोशी, पीताम्बर दाहाल, कमला मास्के, इरेन श्रेष्ठ प्राध्यापक संघ एकाइ समितिको र गौरी, रमा, शैलजा आचार्य, बिन्दु कोइराला, मीना खड्का, शशी श्रेष्ठ, समा शाही, किरण पन्थी, महालक्ष्मी, कमला पन्त, अञ्जली श्रेष्ठ, नानू न्यौपाने, प्रतिमा शर्मा आदिले विद्यार्थी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युनियनको नेतृत्व लिएको पनि कविले देखे । विद्यार्थी नेता मीना खड्का र कमला पन्त पछि गएर मन्त्री पनि भए । पद्मकन्या परिवारका केही सदस्य विश्वविद्यालयका पदाधिकारी, सचिव, राजदूत, बडाहाकिम, नेता, मन्त्री भएको दृश्य पनि कविका दृष्टिमा पऱ्यो । यस प्रकारका उपलब्धिभन्दा आफूलाई चिन्नु ठुलो कुरा हो तर त्यतातिर लागेका व्यक्ति भने न्यून मात्रामा देखिए । कविले सबै सुमार्गमा लागेको हेर्न चाहेका छन् :

सत् हो ब्रह्मस्वरूप चित् पनि उही, आनन्द हो ब्रह्म नै ।
ब्रह्मै मात्र बुझेर चिन्तन गरे, सुन्ने र भन्ने उनै ।।
आफू ब्रह्म अभेद-दर्शन गरी स्वाध्याय वेदान्तको ।
यो मात्रै पुरुषार्थ स्वार्थ सबको लक्ष्यार्थ हो मोक्षको ।।१०६।। (एकादश सर्ग) ।

पद्मकन्याको चर्चा लगातार निकै समय गर्न कविलाई गारो परेको देखिन्छ । कुनै सर्गमा केही बेर पद्मकन्यामा केन्द्रित भएपछि तुरुन्तै साहित्यतिर मोडिनु यसको प्रमाण हो । पुरै दुई वा सोभन्दा बढी सर्गमा वेदान्त र साहित्यसित रम्न पाउँदा पद्मकन्याको ख्याल नहुनु पनि यसको अर्को प्रमाण हो । यस काव्यको नाम वेदान्त वा साहित्यसित सम्बद्ध कुनै विषय भएको खण्डमा त्यसो गर्नु स्वाभाविक हुन्थ्यो । कविको अत्यधिक प्रिय विषय वेदान्त र साहित्य भएकोले पनि यस्तो अवस्था आएको हो । पद्मकन्यामा वेदान्त विषयमा प्रवचन कार्यक्रमको सन्दर्भ उठाई द्वादश सर्गमा कवि पुनः वेदान्ततिरै फर्केका छन् । प्राज्ञिक क्षेत्रमा वेदान्तमाथि विचार विमर्श हुनु र सो विषयको ज्ञान शिक्षक विद्यार्थी सबैलाई हुनु जरुरी भएकोले पनि कविले यसो गरेको हुनु पर्दछ :

भगवान्का बनुन् भक्त, सर्वत्र ईश दर्शन ।
बनुन् प्रसन्न सेवामा, जनता हुन् जनार्दन ।।६४।। (द्वादश सर्ग) ।
राष्ट्र सर्वस्व मानेर नेता र जनताहरू ।
सेवा-यज्ञ गरुन् साझा, पूजा नै कर्म होस् बरु ।।६५।। (द्वादश सर्ग) ।

वेदान्ती कविले त्रयोदश सर्गमा पनि वेदान्तको ज्ञानलाई नै वर्ण्य विषय बनाएका छन् । यस सर्गमा बताइए अनुसार वेदले बताएको सार मनन गरेर जीवनको सत्य समात्न सकिएन भने मनुष्य जिन्दगी पाएको, बाँचेको, पढेलेखेको र ज्ञानी भएको अर्थ हुँदैन । ब्रह्मतत्त्व वा परमतत्त्व जानेर परमात्मामा लीन हुन सक्नु नै जीवनको उपलब्धि हो । प्रत्येक विवेकी व्यक्तिले यस कुरामा ध्यान दिनु पर्दछ :

ज्ञानकै लागि यो चोला, नभए बरबाद भो ।
ज्ञानद्वारा बनौं मुक्त, कृपा यो चरितार्थ भो ।।११०।। (त्रयोदश सर्ग) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदको सार हो ज्ञान, ज्ञानको लक्ष्य मोक्ष हो ।
मान्छे सर्वोच्च प्राणीको, मोक्ष नै पुरुषार्थ हो ।।१११।। (त्रयोदश सर्ग) ।

चतुर्दश सर्गमा ज्यादै निष्ठापूर्वक आफूले शिक्षा क्षेत्रमा देशको सेवा गरेको कुरा कविले बताएका छन् । सेवाप्रतिको सम्मान भनेको आफैप्रतिको र परमेश्वरप्रतिको सम्मान हो भन्ने धारणा कविको छ । पद्मकन्याले आधा शताब्दीभन्दा ज्यादा समय देशमा शिक्षा फैलाएको हुनाले नेपालमा जागरुक महिला बढेका हुन् भन्ने धारणा कविले व्यक्त गरेका छन् । पूर्वीय वाङ्मयमा पाइने नवधा भक्तिका साथै *नारदभक्तिसूत्र, शाण्डिल्यभक्तिसूत्र* लगायतका कृतिको उपदेश व्यवहारमा उतार्नु आवश्यक भएको कुरा कविले अनुभव गरेका छन् । भक्तिबाट ज्ञान पाइने र ज्ञानबाट मुक्ति मिल्ने हुनाले जीवनमा भक्तिको निकै ठुलो महत्त्व रहेको कुरा *श्रीमद्भागवत महापुराण*ले बताएको प्रसंग पनि कविले यस सर्गमा प्रस्तुत गरेका छन् । पद्मकन्या सरस्वतीको मन्दिर हो । जीवनको लामो समय यस मन्दिरमा पुजारी बनेर सरस्वतीको उपासना गरी विद्या सिक्न पाएकोमा कविले आफूलाई भाग्यमानी ठानेका छन् । परमेश्वरकै कृपाबाट सबै कुरा पाइन्छ । पद्मकन्या क्याम्पस कविको जीवनका बहुविध उपलब्धि हासिल गराउनमा निमित्त बनेकोमा कविले त्यसप्रति हार्दिक कृतज्ञता व्यक्त गरेका छन् :

अनार फल्दैन जुनार रोपी ।
निरोग लुक्दैन मुहार छोपी ।।
संस्कार आफ्नो सब नै गुमाए ।
पाइन्न आत्मा परदेश धाए ।।१११।। चतुर्दश सर्ग
जन्में म पद्मकन्यामै, बढें, हुर्के, बुढो भएँ ।
तिम्रो दिन्छु तिमीलाई, म ता मुक्त भएँ, गएँ ।।११४।। चतुर्दश सर्ग ।

पद्मकन्या क्याम्पसलाई विषयवस्तु बनाई आफ्ना दार्शनिक मान्यतामाथि वा आफ्ना दार्शनिक मान्यतालाई विषयवस्तु बनाई पद्मकन्या क्याम्पसमाथि काव्य रचना गर्ने काम कविले यस कृतिका माध्यमबाट गरेका छन् । महाकाव्य बन्नका लागि चाहिने सर्तको परिपालना भए नभएको वारे बहस गर्ने ठाउँ यसमा पर्याप्त मात्रामा रहेको छ । पूर्वीय मान्यता अनुसार महाकाव्यमा सर्गबन्ध, देवता, राजा वा कुलीन क्षत्रिय नायक, प्रारम्भमा मङ्गलाचरण, आशीष, नमस्क्रिया, वस्तुनिर्देश तथा भरतवाक्य, शुभाशंसा वा मङ्गलवाचक अभिव्यक्तिबाट समापन, सर्गान्तमा छन्द परिवर्तन, विषयवस्तु अनुसार वन, शैल, नदी, बगैंचा जस्ता प्राकृतिक स्थितिको वर्णन, सर्गनाम, सामान्यतया प्रमुख पात्रका नामबाट काव्यको नामकरण हुनु पर्ने कुरामा जोड दिइन्छ । यी सबै कोणबाट हेर्दा यसमा प्रयोग गरिएका कुरा पूर्णतया मिल्ने किसिमका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिँदैनन् । त्यसो भए तापनि महाकाव्यको मूलभूत परिचय भनेको निश्चित समय, युग, धारणा, चिन्तन, परिपाटी, प्रवृत्ति, वैयक्तिक वा सामाजिक चरित्रको प्रयोग हो । यसका लागि पात्रको ठाउँमा संस्था र संस्थाको ठाउँमा पात्र चयन गर्न सकिन्छ । *लीग लीग पर गाडी चले लीग चले कुपूत, खुद ही अपना लीग चुने सायर, सिंह, सपूत* अर्थात् गाडी र कुपुत अर्काले बनाई दिएको बाटोमा हिंड्छन् तर कवि, सिंह र सपुत चाहिँ आफैले बनाएको बाटोमा हिंड्न रुचाउँछन् भने जस्तै महाकाव्य रचनाका कतिपय पक्षमा कविले स्वतन्त्र विधिको बाटो फाँडेको पनि देखिन्छ । महाकाव्य रचनाका केही पूर्वीय मान्यता, केही पश्चिमी पद्धति र केही चाहिँ आफू खुसी प्रयोग गरी नौलो मान्यताको स्थापना गर्ने काम यसमा भएको देखिन्छ । त्यसो हुँदा हुँदै पनि पूर्वीय काव्य शैलीको मोहबाट विमुक्त हुन सकेको अवस्था भने यसमा देखिँदैन ।

पद्मकन्या क्याम्पससित जोडिएका भावना र भावनामा रहेको पद्मकन्या क्याम्पसप्रतिको अगाध आस्थालाई कवितामा ढालेर महाकाव्यका रूपमा यो कृति प्रा. रिसालले तयार पारेका छन् । महान् संस्थाले समाज र देशमा पार्ने प्रभावको ज्ञानले सच्चा जीवन भोग्ने अभिप्रेरणा प्रदान गर्दछ । त्यसैले यो काव्य ज्ञानपुञ्ज पनि हो । कवितामा हृदय व्यक्त भएको हुन्छ । त्यस्तो काव्य उत्तम मानिन्छ जसमा काव्यकार स्वयं शब्दका माध्यमबाट प्रकट भएको हुन्छ । यस काव्यको अध्ययन गर्ने पारखी पाठकले देख्दै नदेखेको वा सुन्दै नसुनेको भए पनि प्रा. शिवगोपाल रिसालको परिचय प्राप्त गर्न सक्तछ । पारसमणि प्रधानले उत्तम कविता रचनाकार जस्तै हुनु पर्दछ भनेका छन् :

कवि कविता होस् कविता कवि होस्
तब पो कविता बन्छ ।
शब्द थुपारीकन के हुन्छ ?
भाव भए पो हुन्छ ।।

यसरी हेर्दा वेदान्ती र भावुक हृदयका कवि रिसाल यसमा जताततै फैलिएका देखिने हुँदा पनि यस काव्यलाई उत्तम दर्जाको रचना मान्न सकिन्छ त्यसैले यस कृतिलाई शिवगोपालमय काव्य भन्न सकिन्छ । ज्यादै प्रतिबद्ध भएर पद्मकन्या क्याम्पसको सेवामा जीवन समर्पण गरेका कतिपय व्यक्तिले आफ्नो योगदानको चर्चा नभएको कुरालाई आधार बनाई उल्लेख गर्नु पर्ने कुरा छुटाएको भनी यस काव्यको समीक्षा गर्न पनि सक्तछन् । यो इतिहास विषयको कृति भएको भए त्यस्तो टिप्पणी सत्य पनि हो । इतिहास नभएर काव्य भएको र काव्यमा कविलाई स्वतन्त्र रूपमा भावनामा विचरण गर्न पाइने अधिकार हुने भएकोले त्यस्तो कमीलाई कमजोरी भन्न चाहिँ मिल्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्मकन्या क्याम्पसको परिवारका सदस्य बनेका कैयौं प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक सेवा अवधिको पूर्णता, जिम्मेवारी वहन गर्ने दायित्वको अवधिको समाप्ति, अध्ययनको पूर्णता आदि कारणबाट बाहिरिएका छन् तर तिनमा अधिकतर व्यक्तिहरूले च्याउनका लागि पनि फर्केर कहिल्यै पद्मकन्यामा प्रवेश गरेको देखिँदैन । प्रा. रिसालले मन मस्तिष्कमा पद्मकन्यालाई विशेष स्थान दिएर राखेका छन् । यिनमा पाइने भावुकता, कृतज्ञता, सौहार्द र आत्मीयताको नमुना पनि यो काव्य हो । पद्मकन्यामा प्रत्यक्ष रूपमा देखिए पनि नदेखिए पनि भावनात्मक हिसाबले यिनी पद्मकन्याबाट पृथक् रहेका देखिँदैनन् । यस कुराको प्रमाण पनि यो कृति हो । यसो भन्नको तात्पर्य प्रा. रिसाल बाहेकका पद्मकन्या परिवारसित सम्बद्ध सबै निठुरी हुन् भन्न खोजेको चाहिं होइन । तुलनात्मक रूपमा सबैभन्दा अधिक मात्रामा पद्मकन्याका प्रेमी देखाउन सफल भएका व्यक्ति भनेर यिनको नाम लिने आधार पनि यो काव्य बनेको छ ।

४.२.१६ श्रीपशुपतिनाथको सेरोफेरो

श्रीपशुपतिनाथको सेरोफेरो राजर्षिजनकस्मृतिकोष, काठमाडौंद्वारा २०५९ सालमा प्रकाशमा ल्याइएको काव्य हो । प्रा. शिवगोपाल रिसालको पन्ध्रौं प्रकाशित कृति यो हो । काठमाडौंको देवपत्तनमा रहेको श्री पशुपतिनाथ मन्दिरको चित्रण यसमा गरिएको छ । वेदान्त दर्शनका सारभूत पक्षमाथि प्रकाश पार्ने काम पनि यसमा भएको छ । त्यसैले भगवान् शंकर, उनको पशुपति स्वरूप तथा काठमाडौंमा रहेको सोको प्रसिद्ध मन्दिरका वारेमा बताउँदा बताउँदै अध्यात्म र वेदान्तका कुराको चर्चा गरिएको हुनाले यसलाई अध्यात्म काव्य र वेदान्त काव्य पनि भन्न सकिन्छ ।

यस काव्यको गाताको सुरुको पृष्ठको बिच भागमा हातले रेखाङ्कन गरेको सुन्दर पशुपतिनाथ मन्दिरको चित्र राखिएको छ । त्यसको माथिल्लो भागमा ॐ र त्यसभन्दा मुनि अर्ध अण्डाकार शैलीमा **श्रीपशुपतिनाथको सेरोफेरो** भन्ने कृतिको नाम र त्यसको पनि मुनि कोष्ठ चिह्नमा अध्यात्म-काव्य लेखिएको छ । उक्त चित्रभन्दा मुनको बिच भागमा काव्यकार **प्रा. शिवगोगाल रिसाल**को नाम अंकन गरिएको छ । गाताको पछाडिको पृष्ठमा रचनाकारको चित्र सहित परिचय र त्यस समयसम्म प्रकाशित तथा प्रकाशनोन्मुख रचनाहरूको नाम उल्लेख गरिएको छ । पुस्तकको भित्री पहिलो र दोस्रो पृष्ठमा कृतिको परिचय दिइएको छ । कृतिका प्रकाशक राजर्षिजनकस्मृतिकोष, काठमाडौंका प्रतिनिधि शरदकुमार भट्टराईको एक पृष्ठको प्रकाशकीय मन्तव्य त्यसपछि दिइएको छ । सो पृष्ठको पछिल्लो भाग खाली राखी त्यसभन्दा पछाडिका दुई पृष्ठमा विषयसूची प्रस्तुत गरिएको छ । रचनाकारको भूमिका यसमा देखिँदैन । विषयसूचीपछि काव्यको थालनी गरिएको छ । लगभग महाकाव्यको संरचनाको ढाँचामा तयार पारिएको शास्त्रीय विभिन्न छन्दको प्रयोगमा आधृत एघार सोपान तथा ८९ पृष्ठको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डिमाई आकारको कृति यो हो । यसको अध्ययन गर्दा शास्त्रीय वर्णमात्रिक छन्द मन पराउने र त्यसमा प्रभुत्व कायं गर्ने क्षमता भएको प्रतिभाका रूपमा रचनाकार देखिन्छन् । छन्द प्रयोगमा अल्मलिएको अवस्था सामान्यतया यसमा देखिँदैन । वेदान्त दर्शनप्रति सारै आकर्षित यस कृतिका सर्जकले ठाउँ ठाउँमा प्रसंग मिलाएर वा थप प्रसंग जोडेर भए पनि तत्सम्बन्धी विचार व्यक्त गरेका छन् ।

यस काव्यको सन्ताउन्न श्लोकको प्रथम सोपानमा दस श्लोकको **मङ्गलाचरण** तथा सतचालिस श्लोकको **मन्दिर र परिसर** गरी दुइटा शृंखला छन् । चौवन्न श्लोकको द्वितीय सोपानमा चौवालिस श्लोकको **शिव-सान्निध्य** र दस श्लोकको **केही प्रसिद्ध घाटहरू** गरी दुइटा शृंखला छन् । पचास श्लोकको तृतीय सोपानमा बिस श्लोकको **शिव-गौरी वियोग**, आठ श्लोकको **किरातेश्वर**, तेर श्लोकको **वियोगिनी गौरी** र नौ श्लोकको **गुह्येश्वरी** गरी जम्मा चार वटा शृंखला छन् । बाउन्न श्लोकको चतुर्थ सोपानमा सोर श्लोकको **शिवको कैलासत्याग र श्लेष्मान्तक विहार**, पाँच श्लोकको **ज्योतिर्लिङ्गको प्राकट्य**, आठ श्लोकको **मुखलिङ्ग** र तेइस श्लोकको **शैवपरम्परा** गरी जम्मा चार वटा शृंखला छन् । एकसट्ठी श्लोकको पञ्चम सोपानमा छब्बिस श्लोकको **धर्म समन्वय : अनेकतामा एकता** र पैतिस श्लोकको **केही कृति केही विकृति** गरी जम्मा दुइटा शृंखला छन् । चौवन्न श्लोकको षष्ठ सोपानमा उनन्तिस श्लोकको **मेला-पर्वहरू**, तेर श्लोकको **शिवरात्रि**, नौ श्लोकको **सामाजिक सेवा** र सोर श्लोकको **यस क्षेत्रका अन्य देव-देवीहरू** गरी जम्मा चार वटा शृंखला छन् । उनान्साठी श्लोकको सप्तम सोपानमा पन्ध्र श्लोकको **धर्म-रक्षा**, अठार श्लोकको **श्रीपशुपतिक्षेत्र विकास कोष** र छब्बिस श्लोकको **शिव सगुण-निर्गुण** गरी जम्मा तिन वटा शृंखला छन् । पैसट्ठी श्लोकको अष्टम सोपानमा तेर श्लोकको **राष्ट्र र राष्ट्रदेव**, उन्नाइस श्लोकको **शिव-भक्ति र त्यसको फल** र तेत्तिस श्लोकको **देह र गेहको परिचय** गरी जम्मा तिन वटा शृंखला छन् । एकसट्ठी श्लोकको नवम सोपानमा **सत्सङ्ग-समागम** (स्वतन्त्र सत्र) नामक एउटा मात्र शृंखला छ । बाउन्न श्लोकको दशम सोपानमा **सत्सङ्ग-प्रवचन** (राम-सत्र) नामक एउटा मात्र शृंखला छ र पचास श्लोकको एकादश सोपानमा **शिव-विश्रान्ति** (पशुपनिाथको मन्दिरमा) नामक एउटा मात्र शृंखला छ ।

एघार वटा सोपान, सत्ताइस वटा शृंखला र छ सय पाँच श्लोकको योगबाट रचना गरिएको यस काव्यको प्रथम सोपानको **मङ्गलाचरण**मा भगवान् शंकरलाई आत्मास्वरूप, शम्भु, पशुपति, पतिका पति, सर्वेश, नाथका पनि नाथ, भूतनाथ, उमानाथ, गणनाथ, दिगम्बर, आशुतोष, त्रिलोकेश, चन्द्रशेखर, भास्कर, नेपालका साथै विश्वकै ईश्वर, ईशका ईश, विश्वेश, जगदीश्वर, ॐकार, चन्द्रका बिन्दु, बिन्दुका पनि बिन्दु, धूर्जटी, भालचन्द्रेश, ज्ञान, वैराग्यका सिन्धु आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी वन्दना गरिएको छ । यसै गरी देवी पार्वतीलाई गिरिजा, शक्ति, शक्तिका पनि शक्ति, कर्म र ज्ञानका दाता, भक्तिका पनि भक्ति भनी नमन गरिएको छ :

संन्यास, त्यागका मूर्ति ! हिमाल र मसानमा ।
पाइने हृदयाकाश, ध्यानमा ब्रह्मज्ञानमा ।।८।। प्रथम सोपान ।
रामका, कृष्णका नाथ, ब्रह्माका पनि नाथ हे !
गणेश, सूर्यका नाथ, उमाका पति नाथ हे ।।९।। प्रथम सोपान ।

प्रथम सोपानकै **मन्दिर र परिसर** नामक अंशमा सुनले छाएको चार पाखे छाना, चार वटा मूल ढोका, मन्दिर अगाडि बसाहा, बसाहाका नजिकै हनुमान्, विशाल चोक, ईशान कोणमा वासुकी नागको मन्दिर, पूर्वमा गणेश बागमती नदी, आग्नेय कोणमा भैरव र शीतला माई, उन्मत्त भैरव, ब्रह्माभ्यासी सन्तहरूको जमघट, बिहान चार बजेदेखि हुने दर्शन, दिनभरि भजन, कीर्तन, पूजा, पाठ, ध्यान, साँझ आरती, साधनाका लागि ज्यादै पवित्र मानिने ठाउँ, वासुकी बाबा, श्यामचेतन बाबा, खप्तड स्वामी, सिलवाल पण्डित, उमाकुण्ड अगाडि बस्ने मुनि, ब्रह्मचारी, गृहस्थी, सिद्ध, नागा, योगी, सन्न्यासी, धर्माधिकारीले बस्ने गरेका भूमि, सत्संग, वेदान्त चर्चा आदि अनेक कारणले ज्यादै प्रसिद्ध र पवित्र मन्दिर पशुपतिनाथ हो भनिएको छ :

यो हो पशुपति क्षेत्र, शिवका गण धेर छन् ।
सजिलो छैन है चिन्न, को ? के ? कस्ता ? प्रसिद्ध झन् ।।२४।। प्रथम सोपान ।
महात्मा, सिद्ध, संन्यासी, ज्ञानी, योगी र साधुको ।
पवित्र साधना क्षेत्र, कल्पवृक्ष समानको ।।२५ ।। प्रथम सोपान ।

द्वितीय सोपानको **शिव-सान्निध्य** भन्ने पाठमा नेपाली संस्कृतिको मौलिकता झल्काउने पशुपतिनाथ मन्दिरको उत्तरमा गाडेश्वर रुद्र र विभिन्न पर्वहरूमा भजन कीर्तन हुने विशाल चौर, दक्षिणमा चौसट्ठी शिवलिङ्ग, चारैतिर अनेकौं देवल, विभिन्न भक्तजनले निर्माण गरेका देवालय, थुप्रै घाट, नित्य निरन्तर पूजापाठ तथा जपध्यान, लाख बत्ती बाल्ने, विवाह, व्रतबन्ध गर्ने, यज्ञअनुष्ठान गर्ने, साँढे, कुकुर, बाँदर, चराचुरुङ्गी, दान दिने र लिनेको घुइँचो, हालका दिनमा नासिँदै र मासिँदै गई रहेको पशुपति गुठीको जग्गाले शोभायमान यो तीर्थ दिनानुदिन उपेक्षित बन्न लागेको र यसप्रतिको चासो कम हुँदै गएको कुरा बताइएको छ । साथै विभिन्न विकृतिजन्य क्रियाकलाप गर्नका लागि यस ठाउँको प्रयोग हुन लागेको कुरा पनि यस अंशमा भनिएको छ :

यत्र-तत्र हजारौं छन्, देवालय, शिवालय ।
शिवको पुण्य यो क्षेत्र, सम्पूर्ण हिन्दु आलय ।।५।। द्वितीय सोपान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुका पतिको क्षेत्र, हजारौं तीर्थ घाटले ।
महातीर्थ, महाधाम, स्नान, दान र पाठले ।।६।। द्वितीय सोपान ।

राजराजेश्वरी घाट, भस्मेश्वर घाट, आर्यघाट, ब्रह्मनाल, सूर्यघाट, रामघाट, शान्तिघाट लगायतका सानाठुला गरी अनेकौं घाटहरू पनि पशुपतिनाथ मन्दिर क्षेत्रमा रहेको कुरा **केही प्रसिद्ध घाटहरू** शीर्षकमा बताइएको छ :

ठूला, साना, धनी जो हुन्, सबैले जानुपर्दछ ।
राजा, रंक, ढिलो, चाँडो कालले किन छोड्दछ ??४८।। द्वितीय सोपान ।

तृतीय सोपानको **शिव-गौरी वियोग** भन्ने अंशमा बताइए अनुसार देवी पार्वतीलाई एक्लै छोडेर बेपत्ता भएका महादेव न देख्दा कैलास तथा वरपरका क्षेत्रमा निकै तिनको खोजी गरियो। कैलास परिवारका सदस्य गणेश, कार्तिकेय, सिंह, नन्दी, भूतगण, भृंगीगण, क्षेत्रपाल, पिशाच आदिले व्यापक रूपमा खोजी गर्दा पनि महादेवको अत्तोपत्तो लागेन । पछि ध्यान दृष्टि लगाउँदा महादेव किरातका रूपमा अनेक थरी लीला गर्नमा लागेका कुरा पार्वतीले थाहा पाइन् । तिनले किरातिनी बनेर महादेवलाई फसाउन खोजिन् तर महादेव फुत्की हाले ।

अर्को शीर्षक **किरातेश्वर**मा भनिए बमोजिम हाल पशुपतिनाथ परिसरको कैलासेश्वर महादेवको मन्दिर भएको ठाउँमा महादेवले ध्यान गरेका हुन् । पार्वती नित्य बागमतीमा स्नान गरी महादेवको दर्शन र पूजा गर्दीथिन् । पार्वती स्नान गर्ने सो ठाउँलाई अचेल गौरीकुण्ड भनिन्छ । शिव र पार्वती भनेका प्रकृति र पुरुष हुन् । यी दुई एक अर्काबाट भिन्न भएर बस्न सक्तैनन् र अलग रहँदा तिनको अस्तित्व नै रहँदैन :

पार्वती, प्रकृति, माया, ईशका वशमा हुने ।
अस्तित्व यिनको छैन, शिव टाढा भए भने ।।२८।। तृतीय सोपान ।

वियोगिनी गौरीमा कवि के कुराको बयान गर्दछन् भने पार्वतीले पशुपति क्षेत्रमा तपस्या गर्दा निकै समय व्यतीत भयो । गुह्येश्वरीमा तिनले तपस्या गरेकी हुन् । यी दुईको गुण र गरिमा बुझ्न निकै गारो छ । विभिन्न प्रतीकहरूको ज्ञानबाट मात्र यी बुझिन्छन् । भावहरूबाट पनि यिनलाई बुझ्ने गरिन्छ :

श्रीयन्त्र शिरमा लेखी, ईशान पशुका पति ।
पार्वतीरूपमा पूजा, हुन्छ यस्तै चल्यो स्थिति ।।४०।।
शिव ता सच्चिदानन्द, स्वयं शान्त प्रसन्न छन् ।
अर्धनारी शिवाशक्ति, पाई अझ प्रसन्न छिन् ।।४१।। तृतीय सोपान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय सोपानको अन्तिम पाठ **गुह्येश्वरी**मा भनिए अनुसार पशुपतिनाथ परिसरको पूवोत्तर कोणमा गुह्येश्वरीको मन्दिर छ । गौरी घाटमा स्नान गरी किरातेश्वरको दर्शन गरेपछि मात्र गुह्येश्वरीको दर्शन गर्ने चलन छ । शक्तिको गुह्य पतन भएको यस ठाउँमा स्थापना गरिएको देवीको मन्दिर भएकोले गुह्येश्वरी नाम राखिएको हो । यो ठाउँ ज्यादै सुन्दर छ । नागको रक्षा मण्डप तयार गरी बनाइएको यस पीठमा कर्माचार्य थरका पुजारीले नित्य पूजा गर्दछन् । यहाँ वैदिक र तान्त्रिक दुवै विधिले पूजा गरिन्छ :

चारैतिर ठुला नाग, रक्षा मण्डपको गर ।
गुह्येश्वरी यसैभित्र, न मूर्ति न त मन्दिर ।।४५।। तृतीय सोपान ।

चतुर्थ सोपानको पहिलो पाठ **शिवको कैलासत्याग र श्लेष्मान्तक विहार**मा वर्णन गरिए अनुसार सुनको मृग बनेर भगवान् शंकरले श्लेष्मान्तक वनमा विचरण गर्दा आवश्यक परेका बखत तिनी नभेटिएपछि ब्रह्मलोकमा चिन्ता भयो । कसैसित केही नभनी बेपत्ता हुने तिनको बानी नैं विचित्रको छ । ब्रह्मा, विष्णु, इन्द्र लगायतका देवता श्लेष्मान्तक वनमा आएर मृग रूप तिनको खोजी गर्न लागे । मृगहरूको बथानमा उफ्रँदै नाच्दै गरेको सुनको मृगलाई ब्रह्मा, विष्णु र इन्द्रले संयुक्त रूपमा समाते तर सिङ मात्र हात लाग्यो । मृग त बेपत्ता भयो । इन्द्रको हातमा आएको सिङको टुक्रा इन्द्रलोकमा, विष्णुको हातमा परेको सिङको टुक्रा पातालमा र ब्रह्माको हातमा परेको सिङको टुक्रा गोकर्णेश्वर पुग्यो । त्यही गोकर्णेश्वर क्षेत्रलाई उत्तर गया भनेर तीर्थ मान्ने गरिन्छ ।

ज्योतिर्लिङ्गको प्राकट्य शीर्षकमा के बयान गरिएको छ भने देवताबाट फुत्केको सुनको मृग बागमती पारि पुग्यो । यता भगवान् शंकरको आकारको शिवलिङ्ग प्रकट भयो । त्यस ठाउँमा कामधेनुले नित्य दुधका धारा बगाएर शिवलिङ्गको पूजा गर्दीथिन् । पशुपतिनाथमा बाहेक विश्वमा कतै पनि मुखलिङ्ग पाइँदैन । पछि गएर सोही लिङ्गको स्थापना गरेर भगवान् शंकरको पूजा गर्ने चलन चल्यो ।

मुखलिङ्ग नामक अर्को पाठमा बताइए बमोजम चारैतिर चार मुख र शिरको भागमा रहेको महान् योगीहरूले मात्र देख्ने पाँचौं मुख शिरमुख भएको शिला लिङ्ग नै पशुपतिनाथको मूर्ति हो । यस्तो दिव्य मूर्तिमा नित्य विधिवत् रुद्राभिषेक हुन्छ । कुनै गोप्य र कुनै खुला गरी वैदिक तथा तान्त्रिक विधिले यस लिङ्गको पूजा गर्ने चलन छ । भारतको दक्षिण क्षेत्रका भट्ट यहाँ पूजा गर्दछन् । निष्काम भावले पशुपतिनाथको पूजा गरेमा कल्याण हुने कुरा निश्चित छ ।

चतुर्थ सोपानको अन्तिम पाठ **शैवपरम्परा** हो । यसमा भनिए अनुसार नेपाल शैव भूमि हो । यहाँका गोपाल, किरात, लिच्छवि, मल्ल, शाह आदि जति पनि शासक भए ती सबै शैव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्पराका अनुयायी थिए । यस विश्वब्रह्माण्डका नियन्ता भगवान् शंकर नै हुन् । शाक्त, वैष्णव, सौर्य आदि विविध धार्मिक सम्प्रदायको एकताका मियो पनि उनै हुन् । सारा ज्ञानका खानी पनि शिव नै हुन् :

श्रीशम्भुको शक्ति कृपा दयाको ।
दृष्टान्त नै छैन स्वयं उदाको ।।
वाणीविना ज्ञान सदा समाधि ।
अनन्त शान्ति शिव हौ अनादि ।।४९।। चतुर्थ सोपान ।

पञ्चम सोपानको पहिलो पाठ **धर्म समन्वय : अनेकतामा एकता** हो । यसमा के कुराको बयान गरिएको छ भने नेपालमा बौद्ध र शैव सम्प्रदायमा एकता रहेको छ र ॐ परिवारका अनुयायी यहाँका हिन्दूका साथै बौद्ध, किरात, जैन, सिखहरूमा पनि पारस्परिक विश्वास, सद्भाव एवं श्रद्धा रही आएको छ । यी सबै भगवान् शंकरको भक्ति गर्दछन् । भगवान् शंकरको लीला थलीका रूपमा पवित्र मानिने यो देश प्राचीन इतिहास, धर्म, संस्कृतिको खुला संग्रहालय हो । यहाँ धर्मका नाममा झगडा र असमान व्यवहार गरिँदैन :

यो हो पशुपति क्षेत्र, यहाँ सब समान छन् ।
शिवका दृष्टिमा भेद, छैन है शास्त्र भन्दछन् ।।७।। पञ्चम सोपान ।

पञ्चम सोपानको पछिल्लो पाठ **केही कृति केही विकृति**मा पशुपतिनाथ परिसर विश्व सम्पदा सूचीमा परेको ठाउँ हो भन्दै निकै राम्रा काम हुँदाहुँदै पनि यो परिसर तथा यससित सम्बद्ध संघसंस्थाहरूमा अनुशासन, निष्ठा, इमान्दारी, सेवा जस्ता सद्भावभन्दा पनि राजनीति, दुराचार, व्यापार, भट्टी, नसालु पदार्थको ओसारपसार जस्ता क्रियाकलाप हुने गरेका कुरा चर्चामा आउनु राम्रो होइन भनिएको छ । यस प्रकारका समस्याको समाधानतिर सम्बद्ध सबैको ध्यान जानु पर्ने र विकृतिहरू हटाउनु पर्ने कुरामा कवि जोडदार माग गर्दछन् :

व्यभिचार यहीं हुन्छ, धनमा, तन, मानमा ।
सुविचार यतै हुन्छ, शिव-भक्ति सुधारमा ।।५४।। पञ्चम सोपान ।

षष्ठ सोपानको पहिलो पाठ **मेला-पर्वहरू**मा बताइए अनुसार प्रत्येक शनिवार, सोमवार, एकादशी, हरितालिका, बाला चतुर्दशी, शिवरात्रिमा पशुपतिनाथमा मेला लाग्दछ । ती अवसरमा देश विदेशका सनातन परम्परानुयायी असंख्य भक्तहरू मेला भर्नका साथै भगवान् शंकरको पूजा तथा दर्शन गर्न आउँछन् । आर्य घाटमा दाह संस्कार गर्नेहरूको ताँती पनि कहिलेकाहीं लाग्दछ । यहाँ अन्तिम संस्कार गर्न पाए तारण हुन्छ भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ मन्दिरमा सबभन्दा ठुलो मेला शिवरात्रिमा लाग्दछ । भगवान् शंकरको दर्शन गर्न यस दिन लाखौं तीर्थ यात्री देशदेशान्तरबाट आउने हुँदा राज्यले र विभिन्न संघसंस्थाले शान्ति, सुरक्षा तथा अन्य आवश्यक व्यवस्था मिलाउने काम गरेको हुन्छ । त्यस अवसरमा जोगीहरूका धुनी, पसल थाप्नेहरूको ओइरो, टोलटोल र घरघरमा दाउरा माग्दै राती आगो बाल्नेहरूको जमातले पशुपतिनाथ परिसरका साथै पुरै काठमाडौं सहरमा चहलपहल छाएको हुन्छ । **शिवरात्रि** शीर्षकको पाठमा यिनै कुरा भनिएका छन् :

देऊ रे दाउरा भन्छन्, जाडो भो शिवलाइ रे ।
दाउरा गर्दछन् जम्मा, केटाकेटी रमाइ रे ।।२४।। षष्ठ सोपान ।
साँझदेखि धुनी दन्क्यो, जाडो र तम फालियो ।
प्रसाद हलुवा खाई, पाप सारा पखालियो ।।२५।। षष्ठ सोपान ।

सामाजिक सेवा भन्ने पाठमा शिवरात्रिको मेला लाग्दा गौशालादेखि नै भक्तहरूको पंक्ति भगवान् शंकरको दर्शनका लागि लाग्ने हुँदा पानी ख्वाउने, औषधोपचार गर्ने, सुरक्षा दिने, हराएकाको खोजी गर्ने, अशक्तहरूको सेवा गर्ने, आवश्यक जानकारी दिने जस्ता कार्य गर्न अनेक संघसंस्थाहरू अग्रसर बनेका हुन्छन् भनिएको छ । साथै यस्तो अवसरमा सेवा गर्न पाउँदा पुण्य लाभ हुने कुरामा विश्वास गरिने भएकोले अधिकतम व्यक्तिहरू लागेका हुन्छन् भन्ने कुरा पनि यसमा बताइएको छ :

पशुका पति छन् व्याप्त, प्राणी प्रत्येकमा ममा ।
आफू जस्तै अरूलाई, देख्नै पर्दछ सृष्टिमा ।।३३।। षष्ठ सोपान ।
लेख, भाषणमा ईश, छैन रे मात्र मूर्तिमा ।
निष्काम भाव, सेवामा, छ है मूर्त अमूर्तमा ।।३४।। षष्ठ सोपान ।

षष्ठ सोपानको अन्तिम पाठ **यस क्षेत्रका अन्य देव-देवीहरू** हो । यसमा कविले के कुरा व्यक्त गरेका छन् भने पशुपतिनाथ क्षेत्रमा जयवागीश्वरी, भुवनेश्वरी, दक्षिणामूर्ति, ईश्वर, ईश्वरी, विष्णु, सूर्य, रक्त विनायक, भूतगण, गंगा, यमुना, वत्सलेश्वरी, राजराजेश्वरी, गुह्येश्वरी, ब्रजेश्वरी, वनकाली, उमा, गौरी, दुर्गा, दक्षिणकाली, शक्ति, भक्तिमालिका, मंगला, वत्सला, बाला, शीतला, श्री, शैलजा, विश्वरूपा, छिन्नमस्ता, लक्ष्मी, वाणी, मोक्षदा, किरातेश्वर, रुद्रेश, भस्मेश्वर, गुप्तेश्वर, मृगेश्वर, गोरक्षेश्वर, यज्ञेश, चौसठ्ठी लिंग, ईश्वर, ढुण्डीराज, गणाधीश, कीर्ति, उन्मत्त भैरव, वासुकी, हनुमान्, नन्दी, मातृगण, नव ग्रह, नीलकण्ठ, ज्योतिर्लिंग आदि अनेकौं देवीदेवताको स्थापना गरिएको छ । भगवान् शंकरलाई एकान्तमा बस्न रुचाउने भनिए पनि उनी जहाँतहीं अनेकौं देवीदेवताका साथमा रहन्छन् । पशुपतिनाथ क्षेत्र यस कुराको प्रमाण हो :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यता लिङ्ग उता तीर्थ, त्यता मूर्ति जता-तता ।
शिव-मन्दिरको देश, तेत्तीसकोटि देवता ।।५०।। षष्ठ सोपान ।
शिव-मन्दिर यो साझा, शैव, वैष्णव, बौद्ध ता ।
सहिष्णुता छ ॐकार, परिवार छ एकता ।।५१।। षष्ठ सोपान ।

सप्तम सोपानमा **धर्म-रक्षा** भन्ने अंशमा धर्मको रक्षा भनेको आफ्नो कला, संस्कृति, मूल्य, परिचय, परम्परा, ज्ञान, सिप, प्रविधि, चाडबाड, यज्ञअनुष्ठान लगायतका अनेकौं पक्षको जगेर्ना, पाटीपौवा जस्ता सार्वजनिक स्थलको निर्माण तथा सुरक्षा, त्याग, सेवा, सदाचार, सहयोग, दान आदि विभिन्न सद्व्यवहारको अनुसरण हो भनिएको छ । यस प्रकारका क्रियाकलाप कमजोर हुन थाले भने पारिवारिक र सामाजिक संरचना खल्बलिन्छ र अशान्ति पैदा हुन्छ भन्दै धर्मको रक्षा गर्नु सबैको कर्तव्य हो भन्ने कुरा पनि यसमा व्यक्त गरिएको छ :

हामीले धर्मको रक्षा गरेमा धर्म रक्षक ।
धर्म लोप नहोस् बाबा ! पाप हुन्छ भयानक ।।२।। सप्तम सोपान ।
धर्म जागृतिका लागि, पूजा, मेला र पर्वको ।
सेवा, रक्षा हुनै पर्छ, रोगीको, असहायको ।।३।। सप्तम सोपान ।

श्रीपशुपतिक्षेत्र विकास कोषमा के भनिएको छ भने पशुपतिनाथ मन्दिरको संरक्षण तथा शैव परम्पराको संवर्द्धनका लागि श्रीपशुपतिक्षेत्र विकास कोषको स्थापना गरिएको हो । सबैतिरबाट शक्ति, स्रोत, साधन जुटाएर भगवान् शंकरको सेवा तथा धार्मिक सांस्कृतिक समुन्नति गर्ने उद्देश्य यस कोषको हो । यसको सक्रियताबाट केही सकारात्मक काम भएका पनि छन् । त्यसो हुँदाहुँदै पनि यस संस्थाले गर्नु पर्ने काम प्रकट रूपमा सबैको आँखामा पर्ने गरी भएको देखिँदैन । त्यसैले यसको औचित्यप्रति प्रश्न उठाइएको पाइन्छ । यो संस्था बलियो र प्रभावकारी हुनु आवश्यक छ । यो अकर्मण्य हुनु हुँदैन :

अगाडि कोष राखेर, आफ्नै पालन, पोषण ।
सुविधा, भोगको लिप्सा, गर्छन् सेवक शोषण ।।२६।। सप्तम सोपान ।
सर्वाङ्गीण विकासार्थ, बनेको गुरुयोजना ।
दीर्घ-सूत्री, शुभाकांक्षी, लागू होसु शुभकामना ।।२७।। सप्तम सोपान ।

शिव सगुण-निर्गुण भन्ने अंशमा कवि वेदान्त दर्शनको मान्यताका वारेमा बताउँदै के कुरा व्यक्त गर्दछन् भने सारा जीव भगवान् शंकरकै शक्ति हुन् । शिव भनेको ब्रह्म हो, परमेश्वर हो र परमात्मा हो । ज्ञानको ज्ञान अर्थात् अन्तिम ज्ञान भनेको पनि शिव नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । वेदको सार, जीवनको सार, बोधको सार शिव हो र अन्तिम गन्तव्य पनि शिव नै हो । शिवभन्दा भिन्न कुनै शक्ति छैन । त्यसैले शिवलाई शक्तिका पनि शक्ति भनिन्छ । शिवभन्दा ठुलो अर्को कुनै ज्ञान छैन । तसर्थ शिवलाई ज्ञानको पनि ज्ञान भनिन्छ । शिवभन्दा अर्को गुरु कोही नभएकोले उनलाई गुरुका पनि गुरु भनिन्छ । यी सबै कुरा विचार गर्दा अन्तिम शरणागति भनेका शिव नै हुन् । वेदको निर्णय यही हो । शिवको दर्शन पाउन ज्ञानको आँखा वा भित्री नेत्र खोल्नु पर्दछ :

शिव कल्याणका मूर्ति, स्वभावैले प्रसन्नता ।
शिवभक्त बनौं हामी, शान्ति, कान्ति जतातता ।।५७।। सप्तम सोपान ।

अष्टम सोपानको **राष्ट्र र राष्ट्रदेव** शीर्षकको कवितामा बताइए अनुसार नेपाल र नेपालीको पहिचान एवं अखण्डता सधैंभरि रही रहोस् । भगवान् शंकरलाई देशका प्रमुख आराध्य देवता मान्ने परम्परा जीवित रही रहोस् । यस देशमा शान्ति छाई रहोस् । यहाँका जनता रोगी नहोउन् । कुनै पनि कुराको संकट यस राष्ट्रमा नपरोस् । भगवान् शंकरका भक्त र नेपाल देशका भक्त बनेर कविले यस अंशमा मनभित्रका भावना सार्वजनिक गरेका छन् :

समस्त देव, धर्मको, कृपा अखण्ड बर्सियोस् ।
विवेक, बुद्धि, ज्ञानले, स्वदेशकै भलो गरोस् ।।१२।। अष्टम सोपान ।

भगवान् शंकरको भक्तिले सांसारिक वासनाको नाश हुन्छ र काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य जस्ता शत्रुहरू नासिन्छन् । त्यस्तो उपलब्धि भएपछि स्वभावतः ज्ञान प्राप्त हुन्छ र जीवनको परम सुख र अन्तिम पुरुषार्थ मानिने तत्त्व हात लाग्दछ । सारा मनोकामनाको पूर्णता पनि भगवान् शिवको भक्तिबाट हुन्छ । **शिव-भक्ति र त्यसको फल** भन्ने पाठमा बताइएका सारभूत कुरा यिनै हुन् :

दातामा शिव दृष्टान्त, आशुतोष खुशी भए ।
सृष्टिमा नहुने केही, छैन है, शिवले दिए ।।२३।। अष्टम सोपान ।

अष्टम सोपानको अन्तिम पाठ **देह र गेहको परिचय** पनि वेदान्त दर्शनको व्याख्यामा केन्द्रित छ । यसमा कविले के भनेका छन् भने सांसारिक मायामोह भ्रम हो । यसमा वास्तविकता छैन । यसको तृष्णामा अल्मलिनु हुँदैन । यो शरीर, यो घर, यो सम्पत्ति भन्ने भावना अज्ञान हो । यस्तो अज्ञानबाट मुक्त भई आफूलाई सही अर्थमा चिन्नु र परमार्थ हासिल गर्नु नै बुद्धिमानी हो । ज्ञानीहरू संसारमा रहेर पनि देह र गेहको बन्धनबाट मुक्त बन्दछन् किनभने उनीहरूले आफ्नो वास्तविक परिचय प्राप्त गरेका हुन्छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुसाले भन्दछन् 'मेरो', लाम्खुट्टे, माकुराहरू ।
कमिला पनि 'मेरो' रे, परेवादि चराहरू ।।५४।। अष्टम सोपान ।
गाई, कुकुर 'मेरो' हो, भन्दैछन् पाहुनातक ।
आजै निणृय लौ देऊ, तिम्रो के यसमा हक ??५५।। अष्टम सोपान ।

नवम सोपानको **सत्सङ्ग-समागम** (स्वतन्त्र सत्र) भन्ने एउटा मात्र काव्यांशमा निर्गुणानन्द स्वामीले पशुपति क्षेत्रमा जीवको स्वतन्त्रताका विषयमा दिएको व्याख्यानको बयान गरिएको छ । यसमा भनिए अनुसार जीवले आफूलाई संसारी मान्नका साथै बन्धनमा परेको ठाने पनि यथार्थमा जीव कुनै पनि बन्धनमा परेको हुँदैन । ऊ त स्वतन्त्र हुन्छ । दिनभरि दाईंमा जोतिएको गोरुले बेलुकीतिर मियोबाट मुक्त हुंदा दाईंमै बाँधिएको ठाने जस्तै संसारी मोहमा फसेको जीवले आफूमा रहेको स्वतन्त्रता थाहा पाउँदैन । यो नै भ्रम हो र अज्ञान हो । जीव त परमात्माको अंश हो । हिजो ऊ त्यही थियो, आज त्यही छ र भोलि पनि त्यही रहने छ । यो कुरा नजानेसम्म उसले आफूलाई संसारमा बाँधिएको ठान्दछ । यस्तो बन्धन रहेसम्म दुःख नै दुःख हुन्छ । ज्ञानीहरू यो कुरा बुझेर संसारमा रहेरै पनि आफूलाई उन्मुक्त ठान्दछन् र सुखी हुन्छन् । वेदान्त दर्शनको सार पनि यही कुरा हो :

देह तिम्रो, तिमी हैनौ, कर्ता, भोक्ता न हौ तिमी ।
इच्छारहित चैतन्य, साक्षी, शान्त सदा तिमी ।।७।। नवम सोपान ।

दशम सोपानको **सत्सङ्ग-प्रवचन** (राम-सत्र) मा पशुपतिनाथ परिसरको राम मन्दिरमा राघवानन्द स्वामीले दिएको प्रवचनको चर्चा गरिएको छ । यसमा कवि के कुरा बताउँछन् भने भगवान् राम परमेश्वर हुन् । उनैका अंश सारा प्राणीहरू हुन् । रामले जे जस्ता आदर्शको स्थापना गरे सबैबाट त्यस्तै आदर्श व्यवहार होओस् भन्ने कामना गरिएको हो । रामका कथाको मूलभूत सन्देश भनेको राममय हुनु हो । ती कथा सुने पनि वास्तविक कुराको मर्म बुझ्ने व्यक्ति भने थोरै हुन्छन् । राम कथा भनेको मनोरञ्जनभन्दा पनि ज्ञान हो र आत्मलाभको अभिप्रेरणा हो । यो रहस्य जान्नु जरुरी छ :

अग्नि शीतल हुने अभिराम ।
शीतले पनि दिने सुखधाम ।।
काम, माम जसरी पनि चल्छ
राममा भर परे, सब फल्छ ।।१४।। दशम सोपान ।
ज्ञान, सीप, सुख, शान्ति, सुरक्षा
न्याय, धर्म, सुविधा र सुशिक्षा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँछन् जब जनार्दन चैन
रामराज्यभरमा दुःख छैन ।।३५।। दशम सोपान ।

एकादश सोपानको एक मात्र पाठ **शिव-विश्रान्ति** (पशुपनिाथको मन्दिरमा) यस काव्यको उपसंहार हो । यसमा कविले श्री पशुपतिनाथ मन्दिरको परिचय दिँदै भगवान् शंकरका वैशिष्ट्यको चर्चा गरेका छन् । कविले यस अंशमा थप के कुरा बताएका छन् भने नेपालका सबै कालका शासक र जनताहरूले पशुपतिको सेवा र अर्चना गरेका हुन् । यसको गरिमा र महिमा निकै ज्यादा छ । नेपालीहरूको धार्मिक सांस्कृतिक पहिचानसित यो मन्दिर जोडिएको छ । यो त विश्वकै सम्पदा हो । हालका दिनमा भएका कार्य भने सन्तोषजनक देखिँदैनन् । अनेक प्रकारका आपत्तिजनक क्रियाकलाप यस मन्दिरको परिसरमा भएका देखिन्छन् । यसको गुठी हिनामिना गरेको कुरा चर्चामा आएको छ । यसो हुनु राम्रो होइन । सम्बद्ध निकायको ध्यान यस्ता कार्यको रोकथामतिर आकर्षित हुनु पर्दछ :

पवित्र छन् सबै साँढे, गाई, कुकुर वानर ।
परेवा, जल, वृक्षादि, पञ्चभूतादि सादर ।।३६।। एकादश सोपान ।
मान्छे मात्र भए लोभी, पापी, काम प्रशासक ।
शिवस्व खान पल्केका, मोआन्ध धर्म-शोषक ।।३७।। एकादश सोपान ।

भगवान् शंकरको भक्ति र उपासनाका साथै पशुपतिनाथ मन्दिरको परिचय तथा वैशिष्ट्यमा आधृत यस काव्यमा वेदान्त दर्शनको मर्म सरल भाषामा प्रस्तुत गरिएको छ । भगवान् शंकरलाई देवाधिदेव भनिन्छ । सारा ज्ञानका खानी मानेर उनको पूजा गर्ने परिपाटी सनातन परम्परा मान्नेहरूको समाजमा कायं छ । नेपालमा त उनलाई राष्ट्रिय देवता मानेर पुज्ने गरिन्छ । पशुपतिनाथको गुण र गरिमालाई कवितामा ढालेर प्रा. रिसालले महाकाव्यको समानान्तरमा यो कृति तयार पारेका छन् । देवीदेवताप्रतिको श्रद्धा तथा तिनका महत्तासित सम्बद्ध विषयको ज्ञानले वर्तमान र भावी पुस्तामा सच्चा जीवन भोग्ने अभिप्रेरणा उत्पन्न हुन्छ । यस्तो काममा प्रस्तुत पुस्तक सहायक बन्ने कुरा निश्चित छ । त्यसैले यो कृति सामान्य काव्य मात्र नभएर ज्ञान दिने रचना पनि हो :

आत्मा शुद्ध बनोस्, विशाल मन होस्, भोला बनुन् दाहिना ।
प्राणीमा समभाव, शान्ति, सुख होस्, बाँकी नहुन् चाहना ।।
नेपाली सब साधनारत भई विज्ञानको ज्ञानको ।
साक्षात्कार गरौं सदा मिलिजुली एकात्मको भावको ।।५२।। चतुर्थ सोपान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को रोज्ने ? शिव, राम, कृष्ण, रवि वा गौरी, उमाबालक ।
मेरो राम म रामकै शिव उनै कल्याण सञ्चालक ।।
आत्मा, राम र चन्द्रशेखर भजुन्, कोही नहुन् रावण ।
के सुन्छौ ? यदि सोधनी अब भए भन्ने म 'रामायण' ।।६१।। नवम सोपान ।

४.२.१७ श्रीमस्तराम बाबा

२०६० पुसमा श्रीमती मीनाकुमारी रिसालबाट प्रकाशमा ल्याइएको प्रा. शिवगोपाल रिसालको अध्यात्म काव्य *श्रीमस्तराम बाबा* हो । यस कृतिको गाताको अघिल्लो पृष्ठमा रातो पृष्ठभूमिको माथिल्लो भागमा काव्यको नाम, बिच भागमा मस्तराम बाबाको चित्र र पुछारमा रचनाकार प्रा. शिवगोपाल रिसालको नाम राखिएको छ । यसै गरी यसको पछिल्लो पृष्ठमा सादा सेतो रङको पृष्ठभूमिमा माथिल्लो भागको बायाँपट्टि योगी भेषमा काव्यकार शिवगोपाल रिसालको बहुरङ्गी चित्र, बायाँपट्टि उनकै सामान्य परिचय र तल्लो भागमा लेखकका तात्कालिक प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरूको विवरण दिइएको छ । कलात्मक गाताले सजिएको डिमाईभन्दा सानो साइजको यो कृति २ (पुस्तक परिचय) + २ (भूमिका) + ३५ (काव्य) गरी जम्मा ३९ पृष्ठको छ । यो प्रा. रिसालको सोरौँ प्रकाशित कृति हो ।

भारतको ऋषिकेशको भागीरथी नदीको पारिपट्टि अर्थात् स्वर्गाश्रम र परमार्थ निकेतनपट्टिको पर्वतीय क्षेत्रमा निर्मित आश्रमका संस्थापक महर्षि मस्तराम बाबाको सान्निध्यमा रहँदा र उनको विषयमा लेखिएका साहित्यको अध्ययन गर्दा प्राप्त भएको ज्ञान तथा अनुभवलाई काव्यमा ढालेर प्रा. रिसालले यो रचना तयार पारेका छन् । रचनाकारले आफ्ना अनेकौँ कृतिमा मस्तराम बाबा प्रेरणाका प्रतिमूर्ति, सादा जीवन र उच्च विचारका प्रत्यक्ष नमुना, अध्यात्म ज्ञानका धरोहर, महान् चिन्तक, सुयोग्य गुरु र सदाचारका धनी भनेर बयान गरेका छन् । यो रचना त पुरै मस्तराम बाबाको चर्चामा केन्द्रित छ । यसको भूमिकामा रचनाकार यसो लेख्दछन् :

श्रीमस्तराम बाबा वीतराग, त्यागमूर्ति, ज्ञानभण्डार, तपोधन, अलौकिक, विमलात्मा, मुक्तात्मा, महात्मा, अवधूत हुनुहुन्थ्यो ।

माथि भनिएका विशेषणले युक्त भएको जुनसुकै व्यक्ति सामान्य मनुष्य मात्र नबनेर संस्था, विचार, चिन्तन, ज्ञान, धारणा, पीठ, पथ, सिद्धि, मुक्ति, गन्तव्य र प्राप्तव्य बन्दछ । त्यस्तो व्यक्ति स्वयंमा काव्य हो र उच्चतम चरित्र पनि हो । आचरणमा बाँच्ने र चरित्र स्थापित गरेर मर्ने व्यक्तिले जीवनमा जतिसुकै हन्डर खानु परे पनि अन्त्यमा संसार विजय गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो उँचाइमा आसन जमाउनेका विषयमा जति बखान गरे पनि भन्नु पर्ने कुरा अवशेष नै रहन्छ । महाशून्यको विराट् लोकका अविजित सम्राट् त्यस्ता व्यक्ति हुन्छन् । तिनका चरित्रको सम्पूर्णता पुस्तकभित्र समेटन सकिँदैन । त्यसो भए तापनि प्रा. रिसालले प्रयाससम्म गरेका छन् । यसमा प्रयोग गरिएको पात्र तथा विषयवस्तुको विस्तार पर्याप्त मात्रामा लम्ब्याउन सकिने सम्भावना देखिन्छ ।

तिन वटा विश्रामका शृङ्खलामध्ये **स्वर्गाश्रम हनुमान शिलाका परिसरमा परमपूजनीय मस्तराम बाबा** शीर्षकको प्रथम विश्राममा बयानब्बे, **श्रीपूजनीय मस्तराम बाबाका आश्रममा २०३९ को नवरात्र** शीर्षकको द्वितीय विश्राममा चौसट्ठी र **श्रीपरमपूजनीय बाबाका जन्मोत्सवका उपलक्ष्यमा** शीर्षकको तृतीय विश्राममा एकसट्ठी गरी जम्मा दुई सय सत्र श्लोक संख्याको विस्तार यस काव्यले पाएको छ । प्रसिद्ध महर्षि मस्तराम बाबाको जीवन चित्रको संक्षिप्त झाँकी यस काव्यमा शब्दका माध्यमबाट देखाउने प्रयास गरिएको छ ।

यो शास्त्रीय छन्दमा रचिएको काव्य हो । यसको प्रथम विश्राममा बालकदेखि वृद्धसम्मका सबै उमेर समूहका नरनारीसित सहजै घुलमिल हुन सक्ने खुबी भएका मस्तराम बाबा जति सरल देखिन्थे त्यत्ति नै गहन विचार, पवित्र चरित्र, सेवाको भाव, त्याग, ईशभक्त, लोकका हितकारी, एक वस्त्रधारी दिगम्बर, परम ज्ञानी र शास्त्रज्ञ देखिन्थे भनिएको छ :

गंगाका तटमा सुरम्य स्थलमा ओढार ॐकारको ।
क्या राम्रो ! कति बान्किलो ! कति सफा ! बुट्टा छ गार्हस्थ्यको ।।
बाबा दिव्य, दिगम्बरी हर घडी चर्चा हुने शास्त्रको ।
ढुङ्गामा कि त बालुवा-भवनमा बाबा अहा ! मस्तको ।।१२।।
जति प्रश्न गऱ्यो उति प्रेम गरी ।
कति सुन्दर उत्तरका लहरी ।।

गाई, गीता र गङ्गाको महिमा गाउन कहिल्यै नथाक्ने, ओडारमा बस्ने, भक्तहरूको मनोकामना पूर्ण गर्ने, सबैप्रति समान व्यवहार गर्ने, ब्रह्मज्ञ, वेदान्तको ज्ञानलाई व्यवहारमा उतार्ने र सबैलाई त्यसप्रति आकर्षित हुन अभिप्रेरित गर्ने, समस्त जीवजन्तुमा स्नेह गर्ने, मर्यादित बनेर प्रस्तुत हुने, दुःखकष्टमा परेकाहरूको उद्धार गर्ने र आफ्नो अतीत बारे केही नबोल्ने यी बाबा साक्षात् अध्यात्म विद्याका प्रतिमूर्ति भएको कुरा पनि प्रस्तुत विश्राममा बताइएको छ । कविको भावना अनुसार बाबा यस्ता देखिन्छन् :

मर्यादामा यिनी राम, आनन्दी, मगनमस्तता ।
त्यसैले मस्त हुन् राम, प्रशान्त, परिपूर्णता ।।४१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी ता हुन् शिवका अर्का, मूर्तरूप दिगम्बर ।
आमा, बाबु कता को हुन् ? थर, गोत्र अगोचर ।।४२।।

यायावर बन्दा यी बाबा नाङ्गो खुट्टा हिँडी भोकभोकै एक ठाउँबाट अर्को ठाउँ पुगे, यिनले कुनै तीर्थधामको यात्रा बाँकी राखेनन्, क्षेत्र क्षेत्रमा पुगेर यथार्थ जनजीवनको अध्ययन गरेकाले यिनलाई सबैतिरको सभ्यता, संस्कृति, चालचलन तथा परम्पराको ज्ञान छ, यिनी सबतिरकै भाषा, बोली, रिवाज र लोक जीवनप्रति समान श्रद्धा गर्दछन् भन्ने कुरा पनि समीक्ष्य विश्राममा व्यक्त गरिएको छ । अध्यात्म विद्याको व्याख्यानमा यिनी जति आधिकारिक र शास्त्रीय प्रमाण जुटाउँछन् त्यत्ति नै आधार सहितका तर्क राखेर यिनले *बदरीस्तव, गङ्गालहरी, गीतागुह्यम्, आत्मचिन्तन, स्थितप्रज्ञस्तदोच्यते, गीताभाष्यम्, नैवनाशो विनाशो* जस्ता अनेकौं प्राज्ञिक रचना प्रकाशित गरेका छन् भन्ने जानकारी पनि यस अंशमा दिइएको छ । यस खण्डको अन्त्यका दुई श्लोकमा रचनाकारबाट बाबाको यस्तो व्यक्तित्व खडा गरिएको छ :

कर्तव्य, ज्ञातव्य अशेष पारी ।
सद्धर्मको मर्म बताइदिन्छन् ।।
यी भक्तका पाप सबै बढारी
विशुद्ध निष्काम बनाइदिन्छन् ।।९१।।
प्राणी सबैमा समभाव एक ।
पुऱ्याउँछन् यी सबमा विवेक ।।
खानी दयाका समदृष्टि ज्ञानी
पुग्छन् त्यहाँ केवल भाग्यमानी ।।९२।।

२०३९ सालको शारदीय नवरात्रमा रचनाकार सदम्पती केही आफन्तहरूका साथ मस्तराम बाबाको आश्रममा बस्दा अनुभव गरिएका कुराको बयानलाई महत्त्व दिएर यस विश्रामका श्लोक सिर्जिएका छन् । उपासनाका नियमको पालन गर्दै सहभागी बनिएको त्यस अनुष्ठानमा सबै जनाको रोग, शोक र चिन्ता हटेको कुरा काव्यकारले यस अंशमा बताएका छन् । दिनहुँ गङ्गामा स्नान गर्दा पाप पखालिएको, निराहार तथा ध्यान गर्दा पुण्यको वृद्धि भएको, बाबाको प्रवचन सुन्दा चित्तशुद्धि र शान्ति प्राप्त भएको र प्रकृतिको पवित्र काखमा रहँदा शरीरमा प्रसन्नता छाएको अनुभूति कविले गरेका छन् । जीवनमा तप, स्वाध्याय, सत्सङ्गति, ध्यान, अध्यात्म साधना, ईशभक्ति, वैराग्य, त्याग, सेवा जस्ता व्यवहार गरेर शान्ति लाभ गर्नु नै मानवको धर्म हो भन्दै कविको धारणा के कुरामा स्पष्ट छ भने सेवा, कीर्तन, भजन, तपस्या, अध्यात्म साधना जस्ता कार्य गर्नका लागि सन्यासीहरूले झैं गृहस्थहरू पनि समान रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्रिय हुन सक्तछन् । शिव, विष्णु, राम, कृष्ण जसको आराधना गरे पनि ईश्वरकै उपासना हो । यस्तो बाटोमा हिंड्ने व्यक्तिको कल्याण अवश्य हुन्छ :

गरे तपस्या र त्यहीं बसेमा ।
अवश्य भेटिन्छ घुँडा धसेमा ।।
बराबरै आउ र जाउ गर्दा ।
कल्याण पक्कै शिव पाउ पर्दा ।।६०।।
यो तीर्थ हो तीर्थ-स्वरूप बाबा ।
यो भक्ति भण्डार र जीव-सेवा ।।
सत्सङ्गको सत्र अखण्ड चल्छ ।
संसारको मोह र मान गल्छ ।।६१।।

प्रत्येक वर्ष पौष २५ गते भक्तहरू श्री मस्तराम बाबाको जन्मोत्सव मनाउँछन् । काव्य रचनाका माध्यमबाट बाबाप्रति श्रद्धाञ्जली अर्पण गर्न र उनको जन्मोत्सवको खुसी मनाउन कविले यस कृतिको तेस्रो विश्राम तयार गरेका छन् । बाबाको आश्रममै बसेर जन्मोत्सव मनाउँदा बाबालाई सम्झँदै कवि आफ्ना भावना शब्दहरूमा यसरी उन्दछन् :

महाज्ञानी, महाकर्मी, महात्यागी, यतीश्वर ।
मस्तानन्द महात्मा छन् , मस्तरामै मनोहर ।।४।।
समदर्शी, महायोगी, अवधूत, जितेन्द्रिय ।
भोले, एकाम्बरी बाबा,ब्रह्मनिष्ठ, तपोमय ।।५।।

सन्त, महात्मा, तपस्वी र ज्ञानीहरूको संगतले सधैं लाभ हुन्छ । त्यसबाट कहिल्यै कसैको अहित हुँदैन । अनुभवी र पारखीहरू जहिले पनि सत्संग गर्नु पर्दछ भन्दछन् । यस कुरामा कविको पनि पूर्ण सहमति छ । मस्तराम बाबाको संगतबाट भएका लाभको चर्चा गर्दै कवि यसो भन्दछन् :

बाबाकहाँ पुगे जो-जो, जसले संगतै गरे ।
ती फेरी जान चाहन्छन्, अहिले भोलि वा भरे ।।५०।।
जति संगत बाबाको, जति सान्निध्य पाउको ।
उत्ति नै लाभ नै लाभ, बन्यो जीवन धन्यको ।।५१।।

समय त जसरी पनि बित्छ तर बुद्धिमानी त्यहाँ हुन्छ जहाँ पाएको समयको अत्यधिक सदुपयोग गरी सार्थक काम गरिन्छ । समयको सदुपयोग गर्न जानिएन भने मान्छे हुनु र पशु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुमा धेरै ठुलो अन्तर रहँदैन । खानु, पिउनु, सुत्नु र घमफिर गर्नु मात्र मान्छेले गर्ने काम होइन । जीवनको बहुमूल्य लामो समय खेर गएकोमा कवि चिन्ता व्यक्त गर्दै यसो भन्दछन् :

अबोध भै बाल्य त खेल-खालमा ।
गयो जवानी रस-रंग-रागमा ।।
यसो-उसैमा दिन ता गएछ लौ ।
शरीर अस्ताचलमा पुगेछ लौ ।।५६।।
चौथाइ अज्ञान र खेलमा गयो ।
चौथाइ ता मोज र भोजमा गयो ।।
धेरै गरें कर्म-अकर्मका कुरा ।
हेर्दै डुबें मोह र जाल-मा-कुरा ।।५८।।

जीवन र मरणको चक्रभन्दा धेरै परको उचाइ प्राप्त गरेका महात्माहरू आफूलाई परमार्थका लागि समर्पण गर्दछन् । तत्त्ववेत्ताका विचारमा जन्म पनि नहुने र मृत्यु पनि नहुने भएकोले ज्ञानीहरू कसैको पनि जन्म हुँदा खुसी र मृत्यु हुँदा दुःखको अनुभूति गर्दैनन् । मस्तराम बाबा पनि यस्तै ज्ञानी थिए । महान् व्यक्तिको जन्मोत्सव मनाउँदा चर्चामा आउने तिनका चारित्रिक विशेषताको आभाले त्यस्तो कार्यक्रममा संलग्न व्यक्ति आलोकित बन्ने कुरा अघि सार्दै कवि यसो भन्दछन् :

न जन्मे यिनी ता न मर्छन् भरे नै ।
यिनैको अहा आज जन्मोत्सवै रे ।।
त्यसैले सबै हर्ष उल्लाससाथ ।
परौं है चरण्मा नुगाएर माथ ।।६०।।

अवश्य पनि कुनै पनि व्यक्तिको महत्ता रङ्गीन लुगा लगाएर, ठुलो महलमा बसेर, मिठा खाने कुरा खाएर, ठुलो पद पाएर, उच्च भनिने कुलमा जन्मेर मात्र कायं हुन सक्तैन । महान् बन्नका लागि महान् चित्त, महान् व्यवहार तथा महान् आचरण हुनु पर्दछ । सूर्यलाई हत्केलाले छेक्न न सकिए जस्तै महान् व्यक्तिका महान् व्यवहार र महान् आचरणको ज्योतिलाई कसैले लुकाउन खोजे पनि लुक्न सक्तैन । त्यो ज्योति प्रकाशित भई हाल्दछ । मस्तराम बाबा पनि कविका दृष्टिमा यस्तै विविध महत्ताका राशि हुन् । उनले ओढारमा बसे पनि, सधैंभरि एकसरो लुगा मात्र लगाए पनि, खानपानको ख्याल नगरे पनि, निर्जन स्थानमा बस्ने प्रयास गरे पनि उनको चारित्रिक महत्ताको प्रकाशबाट टाढा टाढाको क्षेत्र पनि उज्यालिएको देखिन्छ । सोही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उज्यालो पछ्याउँदै यस काव्यका रचनाकार तथा उहाँको समूह काठमाडौँबाट ऋषिकेश जस्तो टाढाको ठाउँमा पुग्दछ र बाबाको जन्म दिनको विशेष कार्यक्रममा सक्रिय सहभागिता जनाउँछ ।

ज्ञानीको घरका बस्तुभाउ पनि ज्ञानी हुन्छन् भने जस्तै मस्तराम बाबाको सान्निध्यमा रहँदै गर्दा भागीरथी नदीको किनारका ढुङ्गा तथा बालुवा पनि वेदान्त दर्शनका अनुयायी भएको कुरा कविको कल्पनामा फुर्दछः

बोल्दछन् ढुङ्गा, बालुवा भक्ति गर्दछन् ।
गंगाजी कर्ममा मस्त, बाबा ब्रह्मात्म भज्दछन् ।।३४।।

यसरी मस्तराम बाबाप्रतिको भक्ति र प्रभावका कारण कविका मनको अतल गहिराइबाट उत्पन्न भएका भावनाको प्रतिकृति यो रचना देखिन्छ । वेदान्तवादी दृष्टिले कविको सिङ्गो व्यक्तित्वलाई जताततै पछ्याए झैं यसमा पनि साथ छोडेको छैन । वेदान्त दर्शनको आवरणमा रचना गरिएको महान् सन्तको शब्दचित्र भनेर यस कृतिको संक्षिप्त परिचय दिन सकिन्छ ।

४.२.१८ रिसाल वंशावली

रिसाल वंशावली प्रकाशन समूहद्वारा २०६० सालमा प्रकाशित प्रा. शिवगोपाल रिसालको सत्रौं कृति *रिसाल वंशावली* हो । डिमाई आकारको यस पुस्तकको मोटाइ प्रारम्भिक अंश ६ तथा पाठको अंश १२३, परिशिष्ट ९ र दोब्ब्याएर राखिएको A4 आकारको वंशावली खण्ड १५ पृष्ठ गरी जम्मा १४७ पृष्ठको छ । रिसाल वंशावली प्रकाशन समूहको प्रकाशकीय भूमिका रहेको यस कृतिको बाहिरी गातामा सर्व प्रथम काठमाडौँमा बसाइ सरेका रिसाल वंशका शिवदासको गाउँ ठिकस्पा रिसाल थुम्कोको चित्र राखिएको छ । सो कुराको उल्लेख पुस्तकको भित्री पहिलो पृष्ठमा गरिएको छ । यस चित्रको व्यवस्थापन मोहन पौडेलले गरेका हुन् । ज्यादै परिश्रम गरेर यो वंशावली तयार पार्ने प्रा. शिवगोपाल रिसालको नाम लेखकका रूपमा यस कृतिमा दिइएको देखिँदैन । यिनको नाम रिसाल वंशावली प्रकाशन समूहका संयोजक भनेर दिइएको छ । सो समूहमा सदस्यहरू भैरव रिसाल, प्रा. राममणि रिसाल, भरतमणि रिसाल, पुरु रिसाल र इन्द्रप्रसाद रिसाल रहेको कुरा पनि गाताको भित्री पहिलो पृष्ठमा उल्लेख गरिएको छ ।

यस पुस्तकका प्रतिपाद्य विषय रिसाल थरको परिचय र सो थरको गोत्र, प्रवर, देवाली अर्थात् कुल देवता, इष्ट देवता, तिनका पूजा पद्धति, रैथानका नाम, इतिहास, संस्कृति, परम्परा लगायतका विभिन्न कुरा हुन् । यसमा चार वटा खण्ड छन् । यसको पहिलो खण्डमा छ वटा अनुक्रम विभाजन गरिएको छ । त्यसको पहिलो अनुक्रममा **गर्गदेखि सैत्यससम्मको गोत्र, प्रवर र कुलदेवताको परिचय**, दोस्रो अनुक्रममा **दुर्गदेखि गैडूसम्मका कुलदेवता**, तेस्रो अनुक्रममा **हाम्रो**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवपरम्परा, चौथो अनुक्रममा **नेपाली परम्परा**, पाँचौं अनुक्रममा **कुलदेवताको पूजा गर्ने समय, विधि आदि**, छैटौं अनुक्रममा **देवाली प्रथाको उपादेयता** राखिएको छ । दोस्रो खण्डमा **हाम्रा पुर्खा र ह्रामीहरू**, तेस्रो खण्डमा **केही अभिलेख र केही टिपोट** भन्ने नाम दिइएको परिशिष्ट र चौथो खण्डमा **रिसाल वंश तालिका** दिई स्थानगत विभिन्न हाँगाहरूको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा पहिलोमा **चुनखेल, स्युचाटार, कुपन्डोल हाँगो**, दोस्रोमा **सैबू भैंसीपाटी, कालीदेवी हाँगो**, तेस्रोमा **सैंबू भैंसीपाटी, पञ्चकन्या हाँगो**, चौथोमा दुइटा थप उपशीर्षक दिई **ढिकस्पा रिसाल थुम्को हाँगो**, पाँचौंमा **दधिकोट, तर्खागाल र तिथली हाँगो**, छैटौंमा **साँगा हाँगो**, सातौंमा **छालिङ हाँगो**, आठौंमा **तर्खागाल हाँगो**, नवौंमा **गोकर्ण आरुबारी हाँगो**, दसौंमा **नुवाकोट, थानसिं हाँगो**, एघारौंमा **सिन्धुपाल्चोक, डडुवा हाँगो**, बारौंमा **सिन्धुपाल्चोक, बतासे, कटुन्जे हाँगो**, तेरौंमा **सिन्धुपाल्चोक, चनौटे हाँगो**, चौधौंमा **रामेछाप, बेताली, बन्चरे हाँगो**, पन्ध्रौंमा **इलाम, झापा हाँगो**,सोरौंमा **इलाम हाँगो**, र सत्रौंमा **झापा हाँगो**, उपशीर्षक दिइएको छ ।

अचेल वंशावली निर्माण गर्ने र विभिन्न ठाउँमा छरिएर रहेका थर मिल्दा र गोत्र मिल्दा व्यक्ति तथा परिवारसित भाइबन्धुको नाता कायं गरी भावनात्मक एकता बढाउने प्रयास जतातते गरिएको पाइन्छ । यस्तो कामलाई सामान्यतया संकुचित र एकाकी भन्नेहरू पनि पाइन्छन् । वंशावलीमा प्रायः आफूलाई राम्रो भनिने र आफ्ना कुरा आफैले गरेर बडप्पन देखाइने हुंदा यो काम राम्रो होइन भन्ने सोचाइ कतिपयको हुन्छ । आत्मपरिचयलाई ज्यादा प्रश्रय दिनु हास्यास्पद कुरा पनि हो । महान् भनिने व्यक्तिले महान् कार्य गर्दछन् तर आत्मश्लाघा, आत्मपरिचय र गरेका काम भजाई नाम र दामको व्यापार गर्दैनन् । सूर्य, चन्द्रमा, नदी, वनस्पति, हावा, धर्ती, पहाड, ग्रह, नक्षत्र, अग्नि जस्ता लोक कल्याणकारी अनेकौं तत्त्वले कहिल्यै आफूलाई महान् भन्दैनन् र आफ्नो वंशावली तथा इतिहासको बखान गर्दैनन् । जनताको हित हुने कार्यमा सिन्को पनि नभाँच्नेहरूले पुर्खाका मनगढन्त कथा जोडेर आफूलाई महान्, खानदानी, विशेष, असामान्य, जन्मजात विशिष्ट र प्रत्युत्पोमति ठान्नु राम्रो होइन । यस किसिमको सोच केही मात्रामा ठिक पनि हो । राम्रा काम गर्ने, राम्रो मान्छे बौं प्रयास गर्ने र राम्रो सोच्ने तर चर्चामा नआउने र प्रचारप्रसारबाट टाढा रहने प्रवृत्ति निश्चय नै राम्रो बानी हो । त्यसो हुंदाहुंदै पनि कतिपय अनुभव, ज्ञान, सूचना, जानकारी, चिन्तन, नीति, उपदेश, परम्परा र मार्ग निर्देशन मुखान्तरण वा हस्तान्तरण नगर्ने हो भने निकै ठुलो हानि हुंदो रहेछ । विशेष गरी गोत्र, प्रवर, गण, पुर्खा, परिवार र परम्पराका कुरा नभौं नसुनाउने हो भने व्यक्ति, परिवार, समाज, राष्ट्र र दुनियाँले टेक्नु पर्ने आदर्शको धर्ती दोलायमान हुने रहेछ । जानेका र बुझेका कुरा नभौं हो भने पछिका पुस्ता त्यस्तो अनुभवाश्रित ज्ञान वा पाठ जोबाट वञ्चित हुने रहेछन् । फलस्वरूप, ऐतिहासिक, सांस्कृतिक, सामाजिक र पारिवारिक पृष्ठभूमि हराउने खतरा बढ्दो रहेछ । धर्ती बिर्सियो, इतिहास बिर्सियो, पुर्खा बिर्सियो र समाज बिर्सियो भने टेक्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र समाउने आधार समाप्त हुने रहेछ र व्यक्ति सम्पूर्ण हिसाबले नासिने रहेछ । आमाबाबुको आनीबानी, रोगव्याधि, चेहराको रूपरेखा र समष्टि प्रतिच्छाया सन्तानमा सरे जस्तै वंशावलीले पनि सन्ततिमा रचनात्मक सोचको विकास गर्दछ । पुर्खाले गरेका सत्कार्यको निरन्तरता र गर्न नसकेका सपनाहरू साकार पार्न सकियो भने इतिहासका जगमा सुन्दर वर्तमान बनाउन सकिन्छ । असल र कुलीन सन्तानको कर्तव्य पनि त्यही हो । इतिहास बिर्सेर वर्तमानको मात्र भोग गर्ने व्यक्ति, परिवार, समाज र जाति भोग त गर्दछ तर पहिचान कायं गर्न सक्तैन । भावी पुस्ताको कार्यबाट मलजल पर्दछ ।

अरूलाई बाधा पारेको छैन, समाजको उन्नतिमा सहायक बनेको छ, सामाजिक संरचना बिगारेको छैन र धेरै जनाको हित हुने क्रियाकलाप गरिएको छ भने त्यस्तो प्रयासलाई संकुचित र एकाकी भन्न मिल्दैन । अचेल थर, कुल, परिवार, समाज, सम्प्रदाय, वर्ग, जाति, क्षेत्र र जिल्लाका आधारमा सङ्घ सङ्गठन स्थापना गरी स्व पहिचानको प्रयास गर्ने चलन जतातते व्यापक बनेको देखिन्छ । अवसर, सम्मान, अस्तित्व, अधिकार र दायित्वको खोजीका लागि यस किसिमका काम गरिन्छन् । कसैप्रति द्वेष, घृणा, अपहेलना, असन्तुष्टि, आग्रह, डाह र क्रोधको भाव न राखेर पारस्परिक स्नेह, सद्भाव, रचनात्मक कार्य, सेवा, विकास, निर्माण, सहयोग र शान्तिका लागि यस प्रकृतिका सङ्घ सङ्गठनको स्थापना हुनु राम्रो कुरा हो । आआफ्नो पहिचान खोजी देशको सेवा गर्ने, समाजलाई उन्नत बनाउने, परिवारलाई जागरुक तुल्याउने र व्यक्तिव्यक्तिलाई भावनात्मक एकताको सूत्रमा गाँस्ने काम गर्नु प्रशंसनीय र अनुकरणीय कार्य हो । यस्तो काम कल्याणकारी र रचनात्मक नै हुन्छ । वंशावली निर्माण गर्ने चेतनाले कुलको प्रतिष्ठा त्यसका गौरवशाली पुर्खाहरूले गरेका राम्रा कामप्रतिको सम्मानबाट स्वाभिमान बढाउने र जिम्मेवार बन्ने प्रेरणा मिल्दछ । भारतको राजस्थानी, सौराष्ट्री तथा मैथिल घरानाका हिन्दू परिवारमा श्राद्ध, जन्मोत्सव, व्रतबन्ध, विवाह जस्ता विशेष अवसरमा एकाउन्न पुस्ता अघिसम्मका पुर्खाको स्मरण गर्ने चलन छ । बदलिंदो समय र साँगुरिँदै गएको पारिवारिक संरचनाका सन्दर्भमा आजको समाज अघि बढी रहेको भए पनि पुर्खा सम्झने र उनीहरूबाट अभिप्ररित भई रहने चलनलाई नराम्रो भन्न सकिँदैन । नेपाली समाजमा खाँडो जगाउने प्रचलन पनि पुर्खा सम्झने परम्पराको अनुसरण हो ।

यसरी प्रस्तुत पुस्तकमा सांगठनिक हिसाबबाट रिसाल वंशको खोजी गर्ने काम गरिएको पाइन्छ । कुल र परिवारको परम्परा भनेको शास्त्रीय मान्यता हो । यसभित्र अनेकौं पक्ष रहेका हुन्छन् । कुलका सन्ततिले ती सबै कुरा जानेर मर्यादामा रही जीवन उच्च र सफल बनाउने काम गर्नु पर्दछ । तब मात्र कुलीन बन्न सकिन्छ । नेपाली समाजमा निकै ख्याति पाएको गर्ग गोत्रीय रिसाल परिवारको सामान्य चिनारी यस पुस्तकमा दिइएको छ । वंशावली लेखनका सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्धति र अंग यसमा पुग्न नसकेका भए पनि त्यसका लागि आधार तयार पार्ने र रूपरेखा कोर्ने काम भने भएको छ । यो कुरा रिसाल वंशावली प्रकाशन समूहका सदस्यहरूले पनि स्वीकार गरेका छन् । यसबाट प्रेरणा र सहयोग लिई आवश्यक परिमार्जन र परिवर्द्धन गरेर व्यापक रूपमा रिसाल वंशावली बनाउन सकिने अवस्थाको सिर्जना गर्नु नै यस कृतिको विशेषता हो । आउन नसकेका कुराको गुनासो गर्नुभन्दा खोजबिन गरेर यसमा थप गर्न समस्त रिसाल तथा गार्ग्य बन्धुका साथै सम्बद्ध सबैसित यस पुस्तकले गरेको आग्रह छ ।

४.२.१९ वैदिक संस्कृति

वैदिक संस्कृति (दार्शनिक निबन्ध सङ्ग्रह) साझा प्रकाशनद्वारा २०६१ सालमा प्रकाशित प्रा. शिवगोपाल रिसालको अठारौँ कृति हो । २०४२ देखि २०५६ सालका अन्तरालमा लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भई सकेका अत्यन्त गहन दार्शनिक चिन्तनले ओतप्रोत निबन्ध यी हुन् । प्रारम्भिक अंश ८ तथा पाठको अंश १९६ गरी जम्मा २०४ पृष्ठको डिमाई आकारको पुस्तक यो हो । रातो रङको यसको गाताको पहिलो पृष्ठमा हातले बनाएको मन्त्रद्रष्टा तथा वैदिक दर्शनका चिन्तक ऋषिको चित्र र सोको माथि वैदिक संस्कृति भन्ने पुस्तकको नाम र मुनि निबन्धकार प्रा. शिवगोपाल रिसालको नाम राखिएको छ । गाताको पछिल्लो पृष्ठमा लेखकको चित्र, परिचय तथा सो अवधिसम्म प्रकाशित कृतिहरूको नामका साथै पुस्तकको ISBN र प्रकाशक संस्था साझा प्रकाशनको संकेत (लोगो) तथा ठेगाना दिइएको छ । गाताको भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन् । त्यसपछिको भित्री पहिलो र दोस्रो पृष्ठमा पुस्तकको परिचय, तेस्रो र चौथो पृष्ठमा साझा प्रकाशनको प्रकाशकीय भूमिका, पाँचौँ र छैटौँ पृष्ठमा लेखकको मन्तव्य र त्यसपछिका दुई पृष्ठमा विषय सूची दिएपछि मात्र पुस्तकको विषयवस्तु सुरु गरिएको छ ।

शुभ र अशुभ वासना, एक 'द' को तीन अर्थ, भगवत्प्राप्ति, सर्वत्याग, पाँच भेदको निराकरण, ज्ञानवान् गाडावान्, श्रीगणेशगीतासार, शिवतत्त्व, आध्यात्मिक अक्षयकोष, धर्मदेखि मोक्षसम्म, अन्तरात्माको खोजमा, सत्, जगत् र आनन्द, वेद : हाम्रो आत्मा हाम्रो सर्वस्व, उपनिषद्अनुसार परलोक चिन्तन, शिवलिङ्गरहस्य, सबभन्दा प्यारो आत्मा, वैदिक परम्परामा आमाको महिमा, आत्मानुसन्धान, उपनिषद्हरूमा शक्तितत्त्व, कैवल्यमुक्तिको स्वरूप, हाम्रो जीवनको उद्देश्य ब्रह्मप्राप्ति, शिवतत्त्वविचार, शिवरात्रि र शिवसाधना, पशुपक्षीहरूको महत्त्व, शिवतत्त्व र ब्रह्मतत्त्व : एक अनुशीलन, शिवसाधना, ज्ञानमिच्छेन्महेश्वरात्, वैदिक संस्कृति, निष्कामता नै सुखको मूल, वैदिक साहित्यलाई हेर्दा, भगवान् श्रीकृष्ण र भक्तितत्त्व, हिन्दुत्वको सार ब्रह्मत्त्व, ब्रह्मको विषयमा दुई पक्ष, वेदान्त दर्शन र यसको सार, निर्गुण ब्रह्मको उपासना, पशुपतिनाथ र मुखलिङ्गोपासना, ध्येयचिन्तन, शक्तिका रूपमा ब्रह्मको उपासना,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृद्धलाई व्यापक दृष्टिले हेर्दा समेतका उनन्चालिस निबन्धहरू यस पुस्तकमा संग्रह गरिएका छन् ।

शुभ र अशुभ वासना यस पुस्तकको पहिलो निबन्ध हो । यसमा भनिए अनुसार मान्छे भनेको हाड, छाला, मासु, रगत आदिको डल्लोभन्दा पनि वासनाको पुञ्ज हो । वासनाको पुञ्ज हुनु भनेको मन, संस्कार र निर्णयको त्रिवेणी हुनु हो । जस्तो मन त्यस्तै संस्कार, जस्तो संस्कार त्यस्तै काम, जस्तो निर्णय त्यस्तै वासना वा क्रियाकलाप मान्छेका हुन्छन् । वासनाहरू शुभ र अशुभ गरी दुई प्रकारका हुन्छन् । शुभ वासना भनेको सांसारिक भोग विलासभन्दा टाढा रहेर ब्रह्म चिन्तन गर्नु, ज्ञान हासिल गर्ने प्रयत्न गर्नु र आफूलाई परमेश्वरको अंश ठानी शुभ कार्य गर्नु हो । अशुभ वासना भनेको भौतिक सुखसुविधा र इन्द्रियजन्य आनन्दलाई सर्वोपरि महत्त्व दिएर जीवन बिताउनु हो । ज्ञानीहरू अशुभ वासनाबाट मुक्त भएर शुभ वासनातिर आकर्षित हुन्छन् । अशुभ वासनाले भरिपूर्ण मन भए पनि बिस्तारै शुभ वासनातिर उन्मुख गराउन सकिन्छ । त्यसका लागि खानपान तथा व्यवहारमा तामसी छोडेर राजसी, राजसी छोडेर सात्त्विक र सात्त्विकलाई पनि छोडेर गुणातीत स्थितिमा पुग्ने प्रयत्न गर्नु पर्दछ । कतिपय चरित्र भ्रष्ट भनिने व्यक्तिहरू ब्रह्मज्ञानी बनेका देखिन्छन् । त्यसो हुन सक्ने अवस्थाको बाटो पनि अशुभ वासनालाई छोड्नु र शुभ वासनालाई अपनाउनु हो । शुभ वासनाको बाटोबाट परम तत्त्व प्राप्त गर्ने गन्तव्यसम्म पुग्न सकिन्छ । ब्रह्मज्ञानीहरू अशुभ र शुभ दुवै प्रकारका वासनाभन्दा निकै पर वासनातीत अवस्थामा पुग्दछन् र ब्रह्ममय बन्दछन् । जीवनमा पुग्नु पर्ने ठाउँ भनेको त्यही हो र बन्नु पर्ने भनेको पनि त्यही हो । शुभ वासना बढाई बिस्तारै त्यसलाई पनि उछिनेर वासनाको अस्तित्वभन्दा माथि पुग्नु मनुष्यको कर्तव्य हो ।

यस पुस्तकको अर्को निबन्ध **एक 'द' को तीन अर्थ** हो । यसमा बताइए अनुसार वेद ज्ञानको भण्डार हो भने उपनिषद् वेदको भण्डार हो । वेदमा रहेको ज्ञान सजिलो तरिकाले बुझाउनका लागि रचना गरिएको हुनाले उपनिषद्लाई वेदाङ्ग भनिन्छ । उपनिषद्हरूमा आकारका दृष्टिले सबैभन्दा ठुलो मानिने *वृहदारण्यक*को एउटा कथामा बयान गरिएको घटना बमोजिम एक पटक ज्ञान आर्जन गर्ने उद्देश्यले ब्रह्मा कहाँ देवता, मनुष्य र असुरहरू गए । ब्रह्माले सत्कार्यको सूत्र भन्दै 'द' अक्षरको दीक्षा दिए । पछि गएर आफूले दिएको दीक्षाको रहस्य सोध्ने क्रममा इन्द्रिय दमन गरेर देवत्व प्राप्त गरेका हुनाले 'द' को रहस्य दमन अर्थात् वासनाको दमन हो भन्ने जवाफ देवताहरूले दिए । सांसारिक लोभबाट ग्रस्त भएर जीवन बिताउने प्राणी भएकाले 'द' को रहस्य दान अर्थात् लोभरूपी शत्रुबाट मुक्ति पाइने साधन हो भन्ने जवाफ मनुष्यहरूले दिए । त्यसै गरी बलिया, क्रोधी, विद्वेषी मानिने असुरहरूले आफ्ना बानीबेहोरमा गर्नु पर्ने सुधारको अपेक्षा बुझेर 'द' को रहस्य दया अर्थात् कमजोरलाई संरक्षण र स्नेह दिनु हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने । ती सबैले दिएका उत्तर ठिक थिए । संकेत मात्र दिँदा पनि अर्थ बुझ्ने देखिएकाले देवता, मनुष्य र असुरहरूसित ब्रह्मा प्रसन्न भए । ब्रह्मा र देवता, मनुष्य र असुरको प्रसंग जोडिएको भए पनि यस कथाले जीवन व्यवहार सिकाउने काम गरेको छ ।

एक 'द' को तीन अर्थपछिको अर्को निबन्ध **भगवत्प्राप्ति** हो । यसमा निबन्धकार के भन्दछन् भने सबैले सत्यकै चाहना गर्दछन् । असत्यको बाटो कसैले पनि रोज्न चाहँदैन । भगवान् भनेको पनि सत्य नै हो । भगवान्लाई सच्चिदानन्द स्वरूप भनिन्छ । असत् भनेको जड हो । जड हुन कोही चाहँदैन चेतन हुन नै सबैले चाहन्छन् । चेतन भनेको सत्य हो । सारा ज्ञान, आध्यात्मिक उपदेश, ब्रह्म साधकको मार्ग निर्देशनले चैतन्य स्वरूप ईश्वरको उपासना वा आराधना गर्ने सल्लाह दिन्छन् । चैतन्य र अखण्ड आनन्दघन बन्नु नै जीवनको लक्ष्य हुनु पर्दछ भन्ने कुरा तिनको अध्ययन गर्दा थाहा हुन्छ । अर्को कुरा विषय सुखको चाहना नभएर भगवत् सुखको चाहना सबैले गर्दछन् । सोही चाहनाबाट कल्याण पनि हुन्छ । सुखको वास्तविक आधार पनि त्यही हो । भगवान् बाहिर छैनन् । उनी सबै प्राणीका हृदयाकाशमा विराजमान छन् । उनको खोजीमा जिज्ञासा राख्नु राम्रो कुरा हो तर त्यो खोजी आफूभित्रैबाट हुनु पर्दछ । भगवान् बाहिर हुँदैनन् । प्राणीको मनभित्रको भावनात्मक तातो उनलाई मन पर्दछ । भगवान् पाउने विभिन्न उपाय छन् । गीतामा निष्काम कर्म योग, शरणागति योग र सर्व कर्म फल त्याग योग गरी भगवान्लाई पाउन सकिने तिन वटा उपाय बताइएको छ । संसारका भोगविलासबाट भगवान् पाइँदैनन् । उनको खोजी गर्न उनमै लीन हुनु पर्दछ । बुद्धि, बर्गत, सोच, विचार, शक्ति, स्रोत सबै कुरा भगवान्मा समर्पण नगरेसम्म उनलाई पाउन सकिँदैन । उनलाई पाउनु भनेको अज्ञान हट्नु र ज्ञान हासिल हुनु हो । यस पाठमा भनिएका कुरा प्रस्तुत कृतिका **श्रीगणेशगीतासार, शिवतत्त्व, शिवलिङ्गरहस्य, आत्मानुसन्धान, शिवतत्त्वविचार, शिवरात्रि र शिवसाधना, शिवतत्त्व र ब्रह्मतत्त्व : एक अनुशीलन, शिवसाधना, ज्ञानमिच्छेन्महेश्वरात्, हिन्दुत्वको सार ब्रह्मत्त्व, ब्रह्मको विषयमा दुई पक्ष** शीर्षकका निबन्धमा पनि प्रत्यक्ष र अप्रत्यक्ष हिसाबबाट दिइएको छ ।

सर्वत्याग भन्ने पाठमा भनिए अनुसार बृहस्पतिका छोरा कचले एक दिन जीवनको सच्चा सुख पाउन के गर्नु पर्दछ भनी आफ्ना पितासित सोध्दा उनले सारा पदार्थको त्याग गर्नु नै त्यस्तो सुख पाउनु हो भने । बाबुको उपदेश सुनेर सुख खोज्नका लागि कच घर छोडी वनमा गएर तपस्या गर्न थाले । उनले लुगा, खाना र गृहस्थी जीवनको मोह त्याग गरे । ती सबै कुरा छोडेर घोर तपस्या गर्दा पनि कचले आफूलाई जस्ताको त्यस्तै पाए । आखिर बृहस्पतिले भनेका कुरा पनि झुटै रहेछन् भन्ने विचार गरी कच घर फर्के । उनले बाबुसित ढागभेट गरी बडो विनम्र भावमा ज्यादै कठोर तपस्या तथा सबै कुराको परित्याग गर्दा पनि सुख र सन्तोष प्राप्त न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको कुरा सुनाए । छोराको परिश्रम खेर गएकोमा चिन्ता व्यक्त गर्दै बृहस्पतिले सर्व त्यागको अर्थ कचले न बुझेको अवस्था थाहा पाए । केही दिन शान्त हुन र थकाइ मार्न दिएपछि बृहस्पतिले कचलाई सही अर्थमा सर्व त्याग भनेको सांसारिक भोग विलासको त्याग मात्र न भएर मन, चित्त, अहंकार जस्ता सारा कुराको परित्याग गरी सम्पूर्ण रूपमा आफूलाई परमात्मामा लीन गराउनु र उनमै सम्मिलित भएको वा एकाकार भएको स्थितिमा पुग्नु हो भने । कचले त्यसपछि मन, बुद्धि तथा अहंकार पनि छोडेर ब्रह्म ज्ञान प्राप्त गरे । जीवनमा पाउनु पर्ने सच्चा ज्ञान भनेको ब्रह्मज्ञान नै हो । यही विचार फरक शैलीमा **उपनिषद्अनुसार परलोक चिन्तन, सबभन्दा प्यारो आत्मा, कैवल्यमुक्तिको स्वरूप, हाम्रो जीवनको उद्देश्य ब्रह्मप्राप्ति, ध्येयचिन्तन** भन्ने पाठमा पनि प्रस्तुत गरिएको छ ।

पाच भेदको निराकरण नामक निबन्धमा के कुरा बताइएको छ भने अज्ञानका कारण कहिलेकाहीं संसारमा हुँदै न भएको कुरा पनि छ भनेर कल्पना गर्दै अनधिकृत प्रमाण बताएर त्यसलाई सिद्ध गर्ने प्रयास कतिपय व्यक्तिले गर्दछन् । वास्तवमा जे छ त्यो छ र जे छैन त्यो छँदै छैन । यसरी भेद भएको कल्पना गरिएका कुरामध्ये ईश्वर र जीवमा भेद देख्नु, जीव र जीवमा भेद देख्नु, जीव र जडमा भेद देख्नु, ईश्वर र जडमा भेद देख्नु, जड र जडमा भेद देख्नु हो । सही कुरा त के हो भने ईश्वर र जीवमा भिन्नता छैन । जीवलाई नश्वर, क्षणिक, व्यष्टि, मरणशील ठानेर ईश्वरभन्दा भिन्न मान्नु अज्ञान हो र यथार्थ कुरा न बुझ्नु हो । चैतन्य दृष्टिमा ईश्वर र जीवमा अन्तर छैन । यसै गरी जीव र जडमा पनि भेद छैन । यिनमा भेद देख्नेहरू मान्छे र सर्पमा भिन्नता पाइन्छ भन्दै जस्तै सतही कुरा प्रमाणका रूपमा अघि सार्दछन् । चैतन्य शक्ति मान्छेमा जस्तै सर्पमा पनि रहेका कुरा तिनीहरू थाहा पाउँदैनन् । यो कुरा बुझेकाहरूले हात्ती, घोडा, बाघ, चरा, मुसा, बिराला, गाई, बाख्रा आदिमा भेद देख्दैनन् । ज्ञान चक्षु भएका तिनीहरू सबैमा परमेश्वर देख्दछन् । जीव र जडमा पनि भेद छैन । जीव भनेको चेतन हो र जीवकै कल्पना जड हो । जड भनेको जीवकै कल्पना हो । जड हुनु नै जीव हुनु हो । जड र जीवमा भेद न भएपछि ईश्वरकै रूप जीवको कल्पित रूप जड र ईश्वरमा पनि भेद हुने कुरै भएन । जड भनेको जगत् हो । यो अरूबाट प्रकाशित हुने तत्त्व हो । जड र जीव तथा जड र ईश्वरमा भेद न हुने भएपछि जड र जडमा भेद हुने त कुरै भएन । यस प्रकारका भावना वा विचार मनमा तब आउँछन् जब बुद्धि अज्ञानले भरिएको हुन्छ । सत्संग, आत्मानुसन्धान, शास्त्रको अध्ययन, गुरुका उपदेशको श्रवण र मनन, परमात्माको ज्ञान भयो भने यस प्रकारका भेद दृष्टि हट्दै गई ज्ञान दृष्टि खुल्दछ । त्यसैले वास्तविक तत्त्वको खोजी गरी ब्रह्म बोध हुनु आवश्यक छ ।

ज्ञानवान् गाडावान् शीर्षकको पाठमा निबन्धकार *छान्दोग्योपनिषद्*मा प्रस्तुत गरिएको एउटा कथा उद्धृत गर्दै के कुरा व्यक्त गर्दछन् भने हाँसको रूप धारण गरेर आपसी कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै आकाशमा उडी रहेका एक जना ऋषि र देवताका बिच चलेको कुरा छानामा टहल्दै गरेका महात्यागी र जनसेवी राजा जानश्रुतिले सुने । तिनमा एकले जानश्रुतिलाई दानी, परोपकारी, त्यागी र उदार भनेकोमा अर्कोले अझ ज्यादा दानी, परोपकारी, त्यागी र उदार रैक्व नाम गरेका मुनि भएको कुरा सुनाए । राजालाई ती मुनिको दर्शन गर्ने इच्छा भयो । उनले तिनको खोजी गर्नका लागि गुप्तचर तथा सिपाही पठाए । चारैतिर खोजी गर्दा पनि ती भेटिएनन् । अन्त्यमा एउटा गाडामुनि तिनले बस्ने गरेको कुरा राजाका दूतहरूले पत्ता लगाए । त्यो कुरा तिनीहरूले राजालाई सुनाए । राजा दगुर्दै मुनिको दर्शन गर्न गए । लुतो लागेका, फोहोरी, फाटेको लुगा लगाएका र गाडामुनि बसेर शरीरको लुतो लागेको ठाउँमा कन्याई रहेका मुनिलाई राजाले देखे । भित्री मनमा श्रद्धा न भए पनि आकाशमा उड्दै गरेका हाँसमा चलेको कुराका पात्र सम्झेर राजाले सामान्य अभिवादन गर्दै सुनको सिक्री र केही धन तिनलाई दिन खोजे । तिनले राजालाई अज्ञानी मानेर शूद्र शब्दले सम्बोधन गर्नका साथै निर्भीक भई डाँट्दै त्यस्तो कुनै पनि सहयोग आफूले न लिने कुरा बताए । राजालाई तिनले गरेको व्यवहार राम्रो लागेन । त्यसो भए तापनि तिनीबाट ज्ञान प्राप्त गर्ने इच्छा मनमा सञ्चित गर्दै राजा दरबार फर्के । केही दिनपछि राजा दरबारमा भएको सारा धनसम्पत्ति, हात्ती, घोडा, सेवक, सिपाही र छोरी समेत लगेर गाडावान् मुनिको शरणमा गए । मुनिले राजाले दिएको कुनै कुरा लिएनन् तर राजामा आएको परिवर्तन, ज्ञान प्राप्त गर्न चाहने उत्प्रेरणा र विनम्रता देखेर खुसी भए । योग्य पात्र ठानेर मुनिले राजालाई ब्रह्मतत्त्वको ज्ञान दिए । पछि गएर दानी र ज्ञानी राजाका नाममा जानश्रुतिले लोकमा निकै ठुलो ख्याति कमाए । त्यसैले भौतिक धनभन्दा ज्ञानको धन निकै माथिल्लो तहको हुन्छ । ज्ञानको धन भनेको परमात्माको बोध हो र परमात्मामय बन्नु हो ।

आध्यात्मिक अक्षयकोष भन्ने पाठमा के कुरा अघि सारिएको छ भने अर्थ र काम प्रारब्धानुसार आफै प्राप्त हुन्छन् । तिनलाई पाउन प्रयत्न गरी रहनु पर्दैन । पाउनु छ भने नचाहेर पनि ती पाइन्छन् र नपाउनु छ भने तिनको प्राप्ति हुँदैन । तिनका निमित्त हुने नहुने काम गर्नु आवश्यक छैन । यो कुरा सत्य हो । त्यस्तो प्राप्ति क्षणिक हुन्छ र मूल्यवान् मानिँदैन । सही अर्थमा राख्नु पर्ने अक्षयकोष भनेको त आध्यात्मिक ज्ञान हो । धर्म सम्पादनपूर्वक चित्त शुद्ध गरी ज्ञानको अभ्यासबाट हात पारिएको ब्रह्मबोध नै कहिल्यै ननासिने कोष हो । सही धन भनेको पनि यही हो । यसलाई पाउनु जीवनको अन्तिम पुरुषार्थ हो । यस्तो पुरुषार्थ प्राप्त गर्ने ज्ञानीहरू पराशान्तिको अनुभव गर्दछन् । यस्तो कोष भनेको धर्म र सदाचारको, नैतिकता र सच्चरित्रताको, श्रद्धा र भक्तिको, आत्मबल र आत्मविश्वासको, सेवा र उपकारको, कर्तव्य र जिम्मेवारीको, ज्ञान र ब्रह्म विद्याको कहिल्यै न नासिने कोष हो । भौतिक धन नासिन्छ, मासिन्छ, चोरिन्छ, लुटिन्छ, पोलिन्छ, गल्छ, कुहिन्छ, ढुसी पर्छ, सिद्धिन्छ, रित्तिन्छ, टुक्रिन्छ र भुत्रिन्छ । यो पाइँदा सुरक्षाको डर हुन्छ र असन्तोषले घेर्दछ । आध्यात्मिक धन भने कहिल्यै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नासिँदैन, कहिल्यै मासिँदैन । यसको प्राप्तिबाट अखण्ड आनन्द मिल्दछ र कुनै पनि कुराको डर हुँदैन । त्यसैले अविनाशी, शाश्वत, सनातन, कल्याणकारी, अखण्ड, आनन्ददायक अक्षयकोष आध्यात्मिक अक्षयकोष नै हो । यस्तो कोष स्थापना गर्नु नै बुद्धिमानी हो । यसमा भनिएको यही भाव **धर्मदेखि मोक्षसम्म र अन्तरात्माको खोजमा** भन्ने निबन्धमा पनि प्रकारान्तरले प्रस्तुत गरिएको छ ।

सत्, जगत् र आनन्द शीर्षकको निबन्धमा भनिए बमोजम सत् भनेको सत्य हो, सार हो, सूक्ष्म तत्त्व हो, शक्ति हो, अनन्त हो र व्यापकता हो । यो नाशवान् हुँदैन र देखिँदैन पनि । वायु देखिँदैन । त्यसको शक्तिको आभास मात्र हुन्छ । सत् तत्त्व सूक्ष्मतम, ज्ञानमय, शक्तिशाली, सारभूत, अनादि, अनन्त र अविनाशी हुन्छ । स्थूल शरीर नाशवान् छ तर सूक्ष्म शरीर कहिल्यै नासिँदैन । सूक्ष्म हुनु भनेको अदृश्य बन्नु हो । सत् त्यस्तै अदृश्य शक्ति हो । त्यसलाई परमेश्वर पनि भनिन्छ । कतिपय व्यक्ति आँखा अगाडि प्रत्यक्ष देखिने जगत्को अस्तित्व रहेको र नदेखिने तत्त्व सत्को अस्तित्व नरहेको कुरा बताउँछन् । तराजुमा तौल्न नसकिने र प्रयोगशालामा लगेर परीक्षण गर्न नसकिने भएकोले सत् भन्ने कुरा हुँदै नभएको र केवल कल्पना मात्र भएको भनी तिनीहरू ढिपी गर्दछन् । यथार्थ कुरा त के हो भने ती व्यक्तिहरूले भन्ने गरेको अस्तित्वशाली जगत् भ्रम हो, असत्य हो, अज्ञान हो, अप्रमाण हो र कल्पना हो । दृश्यमान् भनिने यो जगत् वेदान्त दर्शनका दृष्टिमा न हिजो थियो, न आज छ र न भोलि रहने छ । यो त सपनाको संसार जस्तै हो । एक छिनका लागि आँखाको चमत्कार एक छिनपछि केही छैन भने जस्तै यो हो । जगत्को मूल कारण अज्ञान नै हो । जबसम्म अज्ञान रहन्छ तबसम्म जगत् पनि रहन्छ । अज्ञान जहाँ हुन्छ जगत् त्यहीं रहन्छ । अज्ञान नासिएर ज्ञानको उदय हुनासाथ जगत् नासिएर ब्रह्म मात्र देखिन्छ । त्यसैले ज्ञानीहरू ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या भन्दछन् । यसै गरी आनन्द भनेको भौतिक सुविधा होइन । सामान्यतया कतिपय व्यक्ति महङ्गो गाडी चढ्नु, ठुलो महलमा बस्नु, किमती लुगा र गहना लगाउनु, सानसौकतले भरिएको रहनसहनमा बस्नु, स्वादिलो खाना खानु, प्रशस्त खर्च गर्नु, डान्स बारमा गएर रमाइलो गर्नु जस्ता कुरालाई आनन्द भन्दछन् । त्यस्तो आनन्द सही अर्थमा आनन्द न भएर अज्ञान हो, भ्रम हो, आनन्दका नामको रोग हो र गलत चिन्तनको पराकाष्टा हो । सच्चा आनन्द पाउने हो भने शास्त्रले बताएको बाटो अवलम्बन गर्नु पर्दछ । त्यस्तो आनन्द स्थायी हुन्छ । त्यसका लागि खर्च गर्नु पनि पर्दैन । त्यो त मूलबाट पानीको भुल्का फुटे जस्तै एकोहोरो प्रस्फुटित हुन्छ र कहिल्यै रोकिँदैन । त्यो पाएपछि पाउनु पर्ने अन्य कुनै पनि आनन्द बाँकी रहँदैन । निबन्धकार सोही आनन्द प्राप्त गर्ने प्रयत्न हुनु पर्ने कुरामा जोड दिन्छन् । यस्तै विचार **निष्कामता नै सुखको मूल** भन्ने पाठमा पनि व्यक्त गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद : हाम्रो आत्मा हाम्रो सर्वस्व शीर्षकको निबन्धमा भनिएको कुरा के हो भने वेद समस्त प्राणीको कल्याणकारक शास्त्र भएकोले सबैको साझा सम्पत्ति हो र स्वयंमा अकाट्य प्रमाण पनि हो । कुनै व्यक्ति विशेषबाट रचना न गरिएकोले यसलाई अपौरुषेय भनिन्छ । वेदको व्याख्यामा आधृत आरण्यक र उपनिषद्हरूलाई वेदाङ्ग भनिन्छ । वेद भनेको ज्ञान, पराज्ञान, परब्रह्म, परमात्मा, अक्षरभन्दा पनि परको ब्रह्मज्ञान हो । ज्ञानको पर्यायका रूपमा लिइने हुनाले यसलाई पवित्र, स्तुत्य, सम्मान्य र सर्वोच्च कृति मानिन्छ । वेदमा धर्मको व्यापक चर्चा गरिएको छ । धर्म भनेको शुद्ध आचरणमा रहनु र ब्रह्मज्ञानद्वारा परमपद रूप मोक्ष प्राप्त गर्नु हो । शान्ति, अखण्ड आनन्द, ज्ञान र समस्त प्राणीमा समभावको व्यवहारलाई वेदले धर्म भनेको छ । संसारले चाहेको मानवीय आचार पनि यही हो । त्यसैले वेदको रक्षा हुनु पर्दछ । वेदलाई बचाउन सकियो भने मानवीय मूल्य र मान्यता पनि बच्न सक्तछ । आजको संसारले जतिसुकै भौतिक सुविधाको विकास गरे पनि वेदले भनेको जस्तो प्राप्ति हासिल गर्न सकेको छैन । वेदले विशेष जोड दिएको विषय भनेको ब्रह्मज्ञान नै हो । यो पाइएपछि पाउनु पर्ने केही शेष रहँदैन । त्यसैले हवाइ जहाज उडाए पनि पानी जहाज पौडाए पनि ब्रह्मज्ञानलाई चाहिं बिर्सनु हुँदैन भनेर वेदले बारम्बार बताएको छ । वेद नै संसारकै अमूल्य वैभव हो । यसको रक्षा हुनु पर्दछ र यसले बताएको बाटोमा हिंड्नु आवश्यक छ । यस्तै भाव **वैदिक संस्कृति, वैदिक साहित्यलाई हेर्दा, दर्शन र यसको सार, निर्गुण ब्रह्मको उपासना** नामक निबन्धमा पनि प्रस्तुत गरिएको छ ।

वैदिक परम्परामा आमाको महिमा भन्ने पाठमा आमाको महिमा गाएर काव्य रचना गर्ने प्रा. रिसालले आमाका वारेमा वैदिक वाङ्मयमा पनि यथेष्ट मात्रामा प्रकाश पारिएको कुरा बताएका छन् । यसमा भनिए मुताबिक आमाको उदारता, सहिष्णुता, विशालता, आत्मीयता, पवित्रता, त्याग, तपस्याको बखान जति गरे पनि कम हुन्छ । आमा ज्ञान दिने पहिला गुरु हुन् । ज्ञानको भण्डार मानिने वेदलाई आमा भन्नको कारण पनि त्यही हो । वेदको सार मानिने गायत्रीलाई त आमाकै रूप मानिन्छ । दस धारा दुध ख्वाउँदै काखमा राखेर आमाले सन्तानलाई जे जस्ता कुरा सिकाउँछिन् त्यसको प्रभाव जीवनभरि रहन्छ । त्यसैले आमा बराबरको गुरु अर्को हुन सक्तैन । आमा महाकाली, महालक्ष्मी र महासरस्वतीकी प्रत्यक्ष मूर्ति हुन् । शास्त्रहरूले पनि आमालाई निकै सम्मान दिएका छन् । सारा शक्तिको केन्द्रबिन्दु नारी नै हो भन्ने उद्घोष शास्त्रले गरेको पाइन्छ । व्यवहारमा पनि मातृ शक्तिलाई प्राथमिकतामा राख्ने गरिएको छ । सीताराम, राधाकृष्ण, गौरीशंकर, लक्ष्मीनारायण, प्रकृतिपुरुष, पार्वतीपरमेश्वर आदि प्रयोग त्यस्तो परम्पराका उदाहरण हुन् । ब्रह्मचारीले पहिलो भिक्षा आमाबाट लिनु पर्ने विधान छ । आमालाई कष्ट पुऱ्याउने र उपेक्षा गर्ने सन्ततिको भलो हुँदैन । आमाको सेवामा जति समर्पित हुन सक्यो त्यति सन्तोष, धर्म र कल्याण हुन्छ । यस्तै धारणा **उपनिषद्हरूमा शक्तितत्त्व र शक्तिका रूपमा ब्रह्मको उपासना** भन्ने पाठमा पनि व्यक्त गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपक्षीहरूको महत्त्वमा के भनिएको छ भने मानव जाति पनि पशु नै हो । सामान्य अर्थमा पशु भनेको प्राणी हो । जनावर, चराचुरुङ्गी, सर्प, भ्यागुता, रुख, लहरा आदि प्राणधारी सबैलाई पशु नै भनिन्छ । चेतनाको मात्रा बढी हुने भएकोले मान्छेले आफूलाई विशेष शक्तिशाली प्राणीका अर्थमा मनुष्य र अरूहरूलाई जनावर, चरा, वनस्पति, सर्प आदि भनेको हो । चेतनशील प्राणी भएको नाताले अरूको भन्दा ज्यादा जिम्मेवारी स्वभावतः मान्छेको हुन्छ । मान्छेले सबै प्राणीको रक्षा गर्नु आवश्यक छ । *त्यस्तो व्यवहार गर जस्तो व्यवहार तिमी अरूले गरोस् भन्ने चाहन्छौ* भनेर गीतामा बताइएको छ । कुनै प्रतिक्रिया जनाउँदैन, जे गरे पनि सहन्छ भन्दैमा कुनै पनि प्राणीलाई मार्नु हुँदैन । त्यस्तो काम पाप हो, अपराध हो, अन्याय हो, क्रूरता हो र अविवेक हो । मान्छेले अन्य प्राणीलाई मारेको सुहाउँदैन । बाघ, भालु, हात्ती, मृग, गाई, बाख्रा, घोडा, बाँदर, कुकुर, गैंडा, सर्प, कछुवा, भ्यागुतो आदि कसैले पनि मान्छेको अहित हुने काम गर्दैनन् । त्यसै गरी चराहरूमा पनि सुगा, गिद्ध, मयुर, काग, गरुड, हाँस, कुखुरा, परेवा, डाँफे, मुनाल, तित्रो, सारुङ; ढुकुर, काकातुवा, जुरेली, कोइली, भँगेरा आदि कसैले मान्छेलाई बाधा पुऱ्याएको देखिँदैन । शास्त्रहरूले अनेक थरी किंवदन्ती बनाएर पशुपक्षीले मनुष्यलाई सहयोग गर्ने कुरा प्रतीकात्मक रूपले बताएका छन् । भँगेराको मासु खाएर मान्छेको पेट कति दिन भरिन सक्तछ ? त्यो कुरा जान्दाजान्दै पनि गुलेली प्रयोग गरेर भँगेरा मार्नु चेतनशील भनिने मान्छेले गर्न सुहाउने काम हो र ? यिनै कुरा बलि प्रथाका सन्दर्भमा पनि जोड्न सकिन्छ । पशुको बलि दिनु कुनै पनि तर्क, आधार ,न्याय, विचार, धारणा र अर्थले उपयुक्त देखिँदैन । प्रकृतिलाई स्वचछ पार्न र मान्छेका लागि बस्न सुहाउने वातावरण बनाउन पशुपक्षीहरूले मद्दत गर्दछन् । यो कुरा न बुझेर मान्छे चाहिँ उनीहरूकै हत्यारा बन्न अग्रसर हुन्छ । मनुष्य जातिले पशुहरूको महत्त्व बुझ्नु जरुरी छ ।

भगवान् श्रीकृष्ण र भक्तितत्त्व शीर्षकको रचनामा निबन्धकार के कुरा व्यक्त गर्दछन् भने साक्षात् परब्रह्म, परमात्मा, यज्ञपुरुष, वेदपुरुष, अनादि, अनन्त, सच्चिदानन्द स्वरूप नारायण भनेर शास्त्रहरूले भगवान् श्री कृष्णको परिचय दिएका छन् । यिनी भक्ति र वेदान्तका मूर्त रूप, लीलाका दिव्य रूप, अवतारीका भव्य रूप, सौन्दर्यका असाधारण स्वरूप, करुणाका जीवन्त रूप, धर्मका मर्म रूप, त्याग र निर्लिप्तताका प्रत्यक्ष रूप, कर्मयोगका ज्वलन्त रूप, प्रेम र प्रेरणाका परम स्वरूप, रस रूप, अमृत स्वरूप, सच्चिदानन्दघन, अखण्ड, परिपूर्ण ब्रह्म स्वरूप मानिन्छन् । यिनलाई प्राप्त गर्ने सरल उपाय भनेको भक्ति हो । भक्तहरूले यिनलाई बोलाई रहनु पर्दैन । भक्तहरू भएका ठाउँमा यिनी जसरी पनि पुग्दछन् । माथि भनिएका यिनका सबै विशेषण भक्तहरूमा बाँड्ने काम यिनी गर्दछन् । सांसारिक बन्धनबाट सदाका लागि मुक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहने र परम पदमा पुग्ने हो भने यिनको भक्ति नै सबभन्दा ज्यादा प्रभावकारी उपाय हो । त्यसैले ज्ञानीहरू सधैं यिनको भक्ति गर्दछन् । भक्तिबाट ज्ञान पाइने र ज्ञानबाट मुक्ति मिल्ने कुरा त छँदै छ ।

पशुपतिनाथ र मुखलिङ्गोपासना भन्ने पाठमा बताइए अनुसार पशुपतिनाथ स्वयं परमात्मा हुन् । तत्त्वका पनि तत्त्व र ज्ञानका पनि ज्ञान यिनी हुन् । यिनलाई जान्नु भनेको तत्त्व जान्नु हो र परमार्थको बोध हुनु हो । लिङ्गका रूपमा पशुपतिनाथको पूजा र उपासना गरिन्छ । लिङ्ग भनेको प्रतीक हो । चारैतिर चार मुख र शिरको भागमा रहेको महान् योगीहरूले मात्र देख्ने पाँचौं मुख शिरमुख भएको शिला लिङ्ग नै पशुपतिनाथको मूर्ति हो । यस्तो दिव्य मूर्तिमा नित्य विधिवत् रुद्राभिषेक हुन्छ । निष्काम भावले पशुपतिनाथको मुख लिङ्ग पूजा गरेमा कल्याण हुने कुरा निश्चित छ । शास्त्रीय दृष्टिले पनि यिनको मुख लिङ्गको उपासना अर्थपूर्ण मानिन्छ । वास्तवमा ईश्वर कुनै आकारमा भन्दा पनि भावमा निवास गर्दछन् । भावको प्रतीक पनि मुख लिङ्ग हो । मुख लिङ्गका प्रत्येक मुखको अर्थ छ र उपासनाको माहात्म्य पनि निकै ठुलो छ । यिनको पश्चिम मुखलाई सद्योजात, उत्तर मुखलाई वामदेव, दक्षिण मुखलाई अघोर, पूर्व मुखलाई तत्पुरुष, ऊर्ध्व मुखलाई ईशान र अधो भागलाई कालाग्नि रुद्र भनिन्छ । यी सबैका छुट्टाछुट्टै बीज, वर्ण, तत्त्व, प्राण, देवता, वाहन, अधिपति, वेद, मुद्रा, तन्मात्रा, ज्ञान, मूर्ति, इन्द्रिय, अवस्था, शक्ति र ध्यान छन् । ज्ञान, कैवल्य, परब्रह्म प्राप्तिका लागि यिनको उपासना गर्ने चलन छ । सांसारिक कामनाको परिपूर्तिको अपेक्षा पनि यिनका कतिपय उपासक गर्दछन् । संसारमा कतै नपाइने मुख लिङ्ग पशुपतिनाथमा मात्र रहेको छ ।

वृद्धलाई व्यापक दृष्टिले हेर्दा यस कृतिको अन्तिम निबन्ध हो । यसमा के कुरा बताइएको छ भने वृद्ध शब्दले एकातिर पाको, बुढो, पूर्ण रूपमा विकसित, बढी उमेरको भन्ने अर्थ जनाउँछ भने अर्कातिर पण्डित, विज्ञ, बुज्रुग, ज्ञाता, अनुभवी भन्ने अर्थको बोध गराउँछ । सामान्यतया कपाल फुलेको मान्छेलाई पनि बुढो भनिन्छ तर यो कुरा सबैमा लागू हुँदैन । विचारवान् र आदरणीय व्यक्तिलाई पनि बुढो भन्ने चलन छ । शास्त्रको अध्ययन गरेको छैन भने जतिसुकै उमेर खाएको भए पनि बुढो नमान्ने पनि परम्परा छ । जहाँ बुढाहरू हुँदैनन् त्यहाँ सभाको शोभा हुँदैन भन्ने गरिन्छ । बुढो मान्छे न भएको घरमा अनुशासन नहुने वा कम हुने कुरा सबैले अनुभव गर्दछन् । घरको शोभा शिशु भए जस्तै बुढो पनि हो । हाँस्दै गरेको बालक र खोक्दै गरेको बुढोलाई नेपाली समाजमा घरको सौन्दर्य भनिएको छ । बुढो कसलाई मान्ने भन्ने कुरामा पनि समय अनुसार परिवर्तन आएको देखिन्छ । पहिलेपहिले पचास वर्षलाई पूर्ण आयु मानिन्थ्यो भने अचेल सत्तरी वर्षका व्यक्तिलाई पनि बुढो भन्न अन्कनाउने गरिन्छ । यी सबै कुरा हुंदाहुंदै पनि अनुभवी, परिपक्व, विचारवान्, चरित्रवान्, संरक्षक, ज्ञानवान्, उपदेशक,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञ, पण्डित भन्ने अर्थमा वृद्धको परिचय प्राप्त हुन्छ । वृद्धले कसैको अहित गर्दैन र गलत काम पनि गर्दैन भन्ने कुरामा विश्वास गरिन्छ । त्यसो हुँदाहुँदै पनि असी वर्षका कतिपय वृद्धले समेत आपत्तिजनक काम गरेको कुरा यदाकदा सुनिन्छ । केही अपवादका घटना घट्नु अर्कै कुरा हो । वृद्धलाई उमेर, ज्ञान, उपयोगिता, औचित्य, उदारता, अनुभवका दृष्टिले हेरी परिवार, समाज, देश र विश्वकै लागि लाभदायक विचार लिन सकियो भने उनीहरूलाई सम्मान गरेको ठहरिन्छ । शास्त्रले पनि वृद्धको मर्यादा तथा सम्मानमा जोड दिएको छ ।

शीर्षक भिन्नाभिन्नै भए पनि लगभग सबैमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले उनै कुरा सोझै वा प्रकारान्तरले यस कृतिमा दोहोरिएका छन् । ज्ञान, गहन कुराको व्याख्यान तथा भनाइको स्पष्टताका लागि त्यसो गर्नु अस्वाभाविक हुँदैन । शास्त्रले पनि त्यस्तो पुनरुक्तिलाई दोष मानेको छैन । ब्रह्मज्ञान जस्तो अत्यन्त कठिन मानिने विषयलाई एक पटक मात्र भनेर बुझाउन गारो पर्दछ । उस्तै कुराको चर्चा भएको निबन्धको अलग्गै समीक्षा आवश्यक नदेखिएकोले यसमा प्रतिनिधि केही निबन्धको मात्र समीक्षा गरिएको हो । यो कृति पर्याप्त गहन दार्शनिक विचार संवहन गरेका निबन्धहरूको सँगालो हो ।

२०७१ सालमा लोकार्पित यस पुस्तकको परिवर्तित, परिवर्द्धित, परिमार्जित र समयानुकूल यथेष्ट मात्रामा व्यवस्थित दोस्रो संस्करण प्रकाशित भएको छ । शंकर पौडेल र कमला थापाको आवरण सज्जायुक्त यस पुस्तकको प्रकाशन लेखक स्वयंले गरेका हुन् । वैदिक ऋषिको आश्रमको संकेत गर्ने हस्त निर्मित रङ्गीन चित्र अंकित आवरणको माथिल्लो भागमा **वैदिक संस्कृति** तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम प्रस्तुत कृतिमा राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण दिइएको छ । पितामातामा समर्पण गरिएको यस पुस्तकमा **आफ्नै कृति 'वैदिक संस्कृति'** भन्ने शीर्षकमा लेखकीय भूमिका राखिएको छ । यस संस्करणमा देखिएको नौलोपन पाठहरूलाई वर्णानुक्रममा राख्नु हो । त्यसैले पहिलो संस्करणमा दिइएका पाठ यसमा खज्मजिएका छन् । यसमा ६ वटा नयाँ निबन्ध पनि थपिएका छन् । अझ पहिलेको संस्करणमा दिइएका कतिपय पाठको शीर्षक यस संस्करणमा हेरफेर गरिएको पनि देखिन्छ ।

३१५ पृष्ठको डिमाई आकारको यस संस्करणमा ४६ वटा निबन्ध छन् । पहिलेको संस्करणमा राखिएका **अन्तरात्माको खोज**लाई **अन्तरात्माको खोजमा, आत्माको अनुन्धान**लाई **आत्मानुसन्धान, जीवनको उद्देश्य ब्रह्मप्राप्ति**लाई **हाम्रो जीवनको उद्देश्य ब्रह्मप्राप्ति, गणेशगीतासार**लाई **श्रीगणेशगीतासार, ब्रह्मका विषयमा दुई पक्ष**लाई **ब्रह्मको विषयमा दुई पक्ष, शिवतत्त्व र ब्रह्मतत्त्व**लाई **शिवतत्त्व र ब्रह्मतत्त्व एक अनुशीलन, शिवलिङ्गको रहस्य**लाई **शिवलिङ्गरहस्य** र **सर्वस्वको त्याग**लाई **सर्वत्याग** गरिएको छ । **आत्माको अनुसन्धान, देवघाटधाम**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र शालग्राम महिमा, पशुपतिनाथको रहस्य, विज्ञानसहितको ज्ञान, सन्तोष र तुष्टि र स्वाध्यायमा प्रमाद नगर्नु यस संस्करणमा थपिएका निबन्ध हुन् ।

वैदिक साहित्यमा उल्लिखित ज्ञानलाई महत्त्व दिई लेखिएका निबन्ध भएकाले यसमा समाविष्ट पाठको विषयवस्तु अनुसार यसलाई **वैदिक संस्कृति** नाम दिइएको कुरा थाहा हुन्छ । अद्वैत वेदान्त दर्शनका मान्यतालाई आधार बनाएर तयार पारिएका निबन्धहरू पनि यसमा निकै छन् । लेखकीय अभिरुचिको संवहन गर्दै जीवनमा जान्नु पर्ने ज्ञान र अवलम्बन गर्नु पर्ने व्यवहारका बारेमा यथेष्ट मात्रामा विमर्श गर्ने रचनाहरूको संग्रह भनेर पनि यस कृतिको परिचय दिन सकिन्छ ।

४.२.२० शिव-गायत्री स्तोत्रावली

शिव-गायत्री स्तोत्रावली (१०८ स्तोत्र-सङ्ग्रह) अनन्तगोपाल रिसाल, न्यू जर्सी अमेरिकाद्वारा २०६२ सालमा प्रकाशमा ल्याइएको कृति हो । प्रा. शिवगोपाल रिसालको उन्नाइसौं प्रकाशित कृति यो हो । भगवान् शंकरको स्तुतिभक्ति यसमा गरिएको छ । वेदान्त दर्शनका सारभूत पक्षमाथि प्रकाश पार्ने काम पनि यसमा भएको छ । यस पुस्तकको गाताको सुरुको पृष्ठमा हिमालको काखमा रहेको सुन्दर पर्वतीय भूभागको चित्र माथि ॐ, त्यसका मुनि **शिव-गायत्री स्तोत्रावली** भन्ने कृतिको नाम र सबभन्दा मुनि **प्रा. शिवगोगाल रिसाल**को नाम अंकन गरिएको छ । शिव गायत्री भन्ने नाम राख्नको कारण भगवान् शिव तथा गायत्री माताका भजनलाई र रचनाकार तथा उनकी धर्मपत्नीको नामलाई महत्त्व दिनु हो । गाताको पछाडिको पृष्ठमा रचनाकारको स्वाध्यायरत रंगीन चित्र सहित परिचय र त्यस समयसम्म प्रकाशित रचनाहरूको नाम तथा प्रकाशन वर्षको उल्लेख गरिएको छ । गाताको दोस्रो र तेस्रो तथा पुस्तकको भित्री पहिलो र दोस्रो पृष्ठ खाली राखी त्यसपछिको पृष्ठका दुवै भागमा कृतिको परिचय दिइएको छ । त्यसपछाडि रचनाकारको **श्रीपरमात्मामा प्रार्थना** भन्ने शीर्षकको दुई पृष्ठको भूमिका र चार पृष्ठको विषय सूचीपछि पुस्तकको थालनी गरिएको छ । शास्त्रीय वर्णमात्रिक केही छन्द, गद्य तथा गीति शैलीका रचना र फाटफुट रूपमा भ्याउरे छन्दको प्रयोगमा आधृत प्रा. रिसालका २०२१ देखि २०६१ सालसम्मका चालिस वर्षको अन्तरालमा रचना गरिएका १०८ स्तोत्रको १४१ पृष्ठको डिमाई आकारको कृति यो हो । यसको अध्ययन गर्दा शास्त्रीय छन्दका कविताका साथै अनेकौं ढाँचाका गीत रचना गर्न रुचाउने र त्यसमा प्रभुत्व कायं गर्न सक्षम भगवान् शंकरका भक्तका रूपमा रचनाकारको परिचय मिल्दछ । अर्को कुरा ठाउँ ठाउँमा प्रसंग मिलाएर वा प्रसंग थपेर भए पनि वेदान्त दर्शन सम्बन्धी भावनामा बग्न पाउँदा प्रा. रिसाल ज्यादै प्रसन्न बनेका कुराको ज्ञान पनि यसको अध्ययनबाट हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस काव्यमा चार वटा गीति गुच्छाको **शिवकै कीर्तन शिवकै ध्यान**, बार वटा गीति गुच्छाको **शिवपूजा**, एक्काइस वटा गीति गुच्छाको **के पूजा लाऊँ शिव ! के पूजा लाऊँ !**, चार वटा गीति गुच्छाको **गणपति-वन्दना**, आठ वटा गीति गुच्छाको **दुर्गाष्टक**, नौ वटा गीति गुच्छाको **श्रीकृष्ण ! कृण ! जप्दै**, सोर वटा गीति गुच्छाको **श्रीसूर्यषोडशी**, आठ वटा गीति गुच्छाको **गुरुवन्दना**, आठ वटा गीति गुच्छाको **श्रीक्षितीश गुरुदेवमा कोटि-कोटि नमस्कार !**, आठ वटा गीति गुच्छाको **श्रीगुरुदेव मस्तराम बाबाष्टक**, सात वटा गीति गुच्छाको **पशुपति-आराधना**, छ वटा गीति गुच्छाको **सरस्वती माता**, छ वटा गीति गुच्छाको **मेरो परिचय**, बार वटा गीति गुच्छाको **दश महाविद्या**, दस वटा गीति गुच्छाको **सृष्टि सुन्दर ईश्वर रचना**, आठ वटा गीति गुच्छाको **चारै धाम**, पाँच वटा गीति गुच्छाको **दुई दिने चोला**, चार वटा गीति गुच्छाको **विश्वबन्धुत्व**, एघार वटा गीति गुच्छाको **ज्ञानी बनौं**, सात वटा गीति गुच्छाको **रामामृत**, आठ वटा गीति गुच्छाको **ईश्वर को हो ?**, सोर वटा गीति गुच्छाको **शिवपञ्चदशी**, पाँच वटा गीति गुच्छाको **हे जगदम्बे !**, पाँच वटा गीति गुच्छाको **सेवा नै हो मानव धर्म**, तिन वटा गीति गुच्छाको **महालक्ष्मी**, पाँच वटा गीति गुच्छाको **बम भोला**, तिन वटा गीति गुच्छाको **आफ्नै बाटो**, नौ वटा गीति गुच्छाको **श्मशानवासी शम्भो !**, बार वटा गीति गुच्छाको **सीताराम**, चार वटा गीति गुच्छाको **गुरु हुन् ज्ञानका दाता**, पाँच वटा गीति गुच्छाको **दीन दयालु**, तिन वटा गीति गुच्छाको **प्रातः प्रार्थना**, पाँच वटा गीति गुच्छाको **विश्वरूप**, पन्ध्र वटा गीति गुच्छाको **देवाधिदेव**, तिन वटा गीति गुच्छाको **तत्त्व-विचार**, तिन वटा गीति गुच्छाको **प्रभुका पदमा ध्यान लगाऔं**, पाँच वटा गीति गुच्छाको **ईश्वर एक**, पाँच वटा गीति गुच्छाको **तनले, मनले**, चार वटा गीति गुच्छाको **आऊ कृष्ण**, नौ वटा गीति गुच्छाको **जलमा, थलमा**, सत्र वटा गीति गुच्छाको **ईश-वन्दना**, पाँच वटा गीति गुच्छाको **श्रीगणेश-प्रार्थना**, आठ वटा गीति गुच्छाको **रामको खोज**, पाँच वटा गीति गुच्छाको **शिवको पावन पाउ समाऊ**, पाँच वटा गीति गुच्छाको **सरस्वती-प्रार्थना**, छ वटा गीति गुच्छाको **ब्रह्म मात्र हो**, आठ वटा गीति गुच्छाको **तिमी को हौ ?**, पाँच वटा गीति गुच्छाको **हे शिव-शङ्कर !**, चार वटा गीति गुच्छाको **तिमी नै तिमी**, चार वटा गीति गुच्छाको **पार्वती आमा**, आठ वटा गीति गुच्छाको **आत्मोद्धार**, तिन वटा गीति गुच्छाको **रामकी जानकी**, छ वटा गीति गुच्छाको **अनेकमा एक**, छ वटा गीति गुच्छाको **बाच्नु यो जिन्दगी**, बार वटा गीति गुच्छाको **शारदाद्वादशी**, छ वटा गीति गुच्छाको **म प्रेम गर्छु**, चार वटा गीति गुच्छाको **जय दुर्गे**, चार वटा गीति गुच्छाको **धरामा सबै नै**, आठ वटा गीति गुच्छाको **आत्मानन्दमा बस्नुपर्‍यो**, पाँच वटा गीति गुच्छाको **हे प्रभु !**, छ वटा गीति गुच्छाको **आमाको करुणा**, चार वटा गीति गुच्छाको **रामै-राम भज्नुहोस्**, चौध वटा गीति गुच्छाको **दीपावली**, छ वटा गीति गुच्छाको **सर्वत्र तिमी नै तिमी**, आठ वटा गीति गुच्छाको **मलाई नै नमोनमः**, छ वटा गीति गुच्छाको **तिम्रो माया अपरंपार**, तिन वटा गीति गुच्छाको **पार लगाऊ**, नौ वटा गीति गुच्छाको **आरति गाऔ**, छ वटा गीति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुच्छाको **दुर्गामाता**, छ वटा गीति गुच्छाको **अभेद-दर्शन**, छ वटा गीति गुच्छाको **विशाल सृष्टि**, पाँच वटा गीति गुच्छाको **पुगौ दिव्य धाम**, पाँच वटा गीति गुच्छाको **तनले सबको सेवा गर्दै**, छ वटा गीति गुच्छाको **तिम्रो यात्रा त पूर्ण भो**, सात वटा गीति गुच्छाको **महालक्ष्मी, ईश्वरी हौ**, सात वटा गीति गुच्छाको **देह, गेह सफा गर**, सात वटा गीति गुच्छाको **राम-दर्शन**, तिन वटा गीति गुच्छाको **पारौ झिलीमिली**, चार वटा गीति गुच्छाको **तन तिम्रै हो**, चार वटा गीति गुच्छाको **राम रमाऊ**, दस वटा गीति गुच्छाको **देह-महिमा**, दस वटा गीति गुच्छाको **गणपति गुरु हुन्**, छ वटा गीति गुच्छाको **कृष्णजीको बानी नराम्रो** !, एघार वटा गीति गुच्छाको **विन्ध्यवासिनी स्तुति**, चार वटा गीति गुच्छाको **धरती हो धर्मशाला**, नौ वटा गीति गुच्छाको **कुलदेवता स्तुति**, चार वटा गीति गुच्छाको **लौ न लगाऊ प्रभु पार**, नौ वटा गीति गुच्छाको **हर्ने-भर्ने, लीला गर्ने**, दस वटा गीति गुच्छाको **श्रीकृष्ण**, दस वटा गीति गुच्छाको **गुह्येश्वरी**, आठ वटा गीति गुच्छाको **दक्षिणकाली**, आठ वटा गीति गुच्छाको **जीव ता शिवरूप हो**, चार वटा गीति गुच्छाको **दशावतार मत्स्यावतार**, आठ वटा गीति गुच्छाको **कूर्मावतार**, आठ वटा गीति गुच्छाको **वराहावतार**, आठ वटा गीति गुच्छाको **नृसिंहावतार**, आठ वटा गीति गुच्छाको **वामनावतार**, आठ वटा गीति गुच्छाको **परशुरामावतार**, पाँच वटा गीति गुच्छाको **रामावतार**, चार वटा गीति गुच्छाको **कृष्णावतार**, आठ वटा गीति गुच्छाको **बुद्धावतार**, आठ वटा गीति गुच्छाको **कल्कि अवतार**, नौ वटा गीति गुच्छाको **वज्रवाराही**, आठ वटा गीति गुच्छाको **वनकाली**, चार वटा गीति गुच्छाको **नवदुर्गा**, आठ वटा गीति गुच्छाको **जपेर ध्यान गर्दछौं**, आठ वटा गीति गुच्छाको **गायत्र्याष्टकम्** र नौ वटा गीति गुच्छाको **गायत्री** गरी जम्मा १०८ वटा स्तोत्रहरूको संकलन छ ।

स्तोत्र भनेको परमात्माको स्तुति, प्रशंसा, भक्ति, आराधना, वन्दना, उपासना र प्रार्थना हो । जीव परमात्माकै रूप हो । त्यसैले ईश्वरको स्तुति गर्नु भनेको जीवको पनि स्तुति गर्नु हो । शंकरले रामको र रामले शंकरको भजन गरेका कथा बताउने पूर्वीय वाङ्मयको तात्पर्य पनि यही हो । परमात्मा स्वयंले परमात्माको सम्पूर्ण स्वरूपको प्रशस्ति गाउन सक्तैनन् । पुष्पदन्ताचार्यले भगवान् शंकरका गुणको बयान गर्ने काम भनेको पार पाउन नसकिने काम हो भन्नको कारण पनि यही हो । शब्द, वाणी, मन आदि निश्चित भाँडामा राख्न नसकिने महिमा परमात्माको भए पनि आत्मसन्तुष्टि, भक्ति, सत्कर्मको अनुभूति, परमेश्वरप्रतिको श्रद्धा र विश्वासको प्रस्तुति, ज्ञान मार्गको अवलम्बन र परम तत्त्वको प्राप्तिका लागि गरिने प्रारम्भिक अभ्यास जस्ता विभिन्न कारणबाट ईश्वरको स्तोत्र रच्ने, गाउने, सुन्ने र सुनाउने गरिन्छ । तुलसीदासले रामायणको रचना आत्मसन्तुष्टिका लागि गरेका हुन् । उनले स्वयं *स्वान्तःसुखाय तुलसी रघुनाथगाथा* अर्थात् आफ्नो भित्री मनको सुखका लागि तुलसीदासले रघुनाथको गाथा रचेको हो भनेका छन् । प्रा. रिसालले पनि यो स्तोत्रावली भगवद्भक्ति र अन्तस्करणको आनन्दका लागि रचना गरेका हुन् । वेदान्त दर्शनले बताए जस्तै प्रा. रिसाल परमेश्वरको भक्तिलाई ज्ञान मार्गको खुट्किलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्दछन् । यसबाट रचनाकारको स्तोत्र रचना गर्ने, गीत रचना गर्ने, वेदान्त दर्शन मन पराउने, ईश्वर तथा ईश्वरीका विविध रूपप्रति आस्था राख्ने, अध्यात्म साधना रुचाउने भावुक हृदययुक्त स्वभावको चिनारी मिल्दछ । यहाँ पात्र, विषय र विचारका प्रतिनिधि केही स्तोत्रको विवेचना गरी समष्टि रूपमा यस पुस्तकको परिचय दिने काम गरिएको छ ।

शिवकै कीर्तन शिवकै ध्यान भन्ने स्तोत्र यस कृतिको पहिलो पाठ हो । यसमा भगवान् शंकरको भक्ति गरिएको छ । शम्भु, शिव, आत्मरूप भगवान्, ज्ञान, ऐश्वर्य, भोला, शशिशेखर, भव, हर, कैलासका कान्ति, योगेश, दिगम्बर, पशुपति, गौरीपति, शंकर, वेदान्त विचारका प्रवर्तक, संसार वैद्य, प्रभु, पालक, उद्धारक, कर्ता, हर्ता, व्यापक, निर्गुण, नित्य, नियन्ता, सगुण, जगका प्रेरक, जगत्का धारक, जगत्का कारक, जगत्का उद्धारक, भावका विस्तारक, भवसागरका तारक आदि अनेक नामबाट यसमा महादेवको पुकारा गरिएको छ । सबै प्राणीको रक्षा र उद्धार गर्ने हे ईश्वर भन्दै सधैँ भज्न, नाम संकीर्तन गर्न, ध्यानमा राख्न र सेवा गर्न पाइयोस् र आशीर्वाद मिली रहोस् भन्ने कामना पनि यसमा गरिएको छ । भगवान् शंकरकै स्तुतिभक्तिलाई आधार बनाएर रचना गरिएका थप स्तोत्रहरू पनि यसमा समावेश गरिएका छन् । ती हुन् :

शिवपूजा, के पूजा लाऊ शिव ! के पूजा लाऊ !, पशुपति-आराधना, शिवपञ्चदशी, बम भोला, श्मशानवासी शम्भो !, दीन दयालु, देवाधिदेव, ईश्वर एक, शिवको पावन पाउ समाऊ, हे शिव-शङ्कर !, तिमी नै तिमी, अनेकमा एक, हे प्रभु !, सर्वत्र तिमी नै तिमी, तिम्रो माया अपरंपार र जीव ता शिवरूप हौ ।

प्रा. रिसाल अन्य देवीदेवताका तुलनामा भगवान् शंकरप्रति अधिक श्रद्धा र विश्वास राख्दछन् भन्ने कुरा पनि यस स्तोत्रावलीको अध्ययन गर्दा थाहा पाउन सकिन्छ । पाठ संख्याको आधिक्य तथा भक्तिभावको विस्तार पनि यस कुराको प्रमाण हो । सबैभन्दा उच्च पदका देवता वा देवाधिदेव मानिने हुनाले रचनाकारले पनि त्यस कुरामा समर्थन जनाएको हुन सक्तछ ।

गणपति-वन्दना भन्ने स्तोत्र भगवान् गणेशको स्तुति हो । यसमा भगवान् गणेशलाई गुरु, गणपति, मङ्गलकारी, ज्ञान प्रदाता, भवभयहारी, हात्तीको जस्तो अनुहार भएका, शिवको कुलका शोभा, गणनायक, रातो फुलको माला लगाउने, रातो चन्दन धारण गर्ने, सिँदुरको वर्ण जस्तो राता गाला भएका, हरियो दुबो रुचाउने, मुसालाई वाहन बनाउने, अग्रपूजाका अधिकारी, मान र अपमानमा समान देखिने अविकारी, लड्डू र मुला मन पराउने, विद्या दिने, बुद्धि दिने, शक्ति दिने, ऋद्धि दिने, सिद्धि दिने, भुँडे र सुँडे भनिएको छ । यसमा मुला मन पराउने देवता भनेर गणेशमा मुला चढाउने चलनको संकेत दिइएको छ । त्यो काठमाडौँ उपत्यकाको परम्परा हो । अन्यत्र गणेशमा मुला चढाइँदैन । अझ कतिसम्म भने कुनै पनि देवीदेवताको उपासना गर्दा मुला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवन गर्नु हुँदैन भनिन्छ । जे होस् भगवान् गणेशको स्तुतिमा आधृत स्तोत्र **श्रीगणेश-प्रार्थना** र **गणपति गुरु** हुन् पनि हुन् ।

दश महाविद्या भनका अनेकौं कृतिमा उल्लेख भए अनुसार पिता दक्ष प्रजापतिले गरेको भगवान् शङ्करको अपमान सहन न सकेर क्रोधित भई विभिन्न रूपमा दसै दिशातिर भौंतारिएर हिंडेकी देवी सतीकै दस रूप हुन् । महाकाली, तारा वा उग्रतारा, षोडशी, भुवनेश्वरी, छिन्नमस्ता, भैरवी, धूमावती, बगलामुखी, मातङ्गी र कमलालाई दस महाविद्या भनिएको छ । यी नामका थपघट गरी दस महाविद्या भनिएको पनि देखिन्छ । दक्षिण र वाम दुवै मार्गका अनुयायीहरू यी सबै दस महाविद्याको पूजा गर्दछन् । महाविद्या भन्ने शब्दको प्रयोग विशेषतः तन्त्रशास्त्रहरूमा पाइन्छ । देवीका महाकाली, महालक्ष्मी, महासरस्वती आदि विभिन्न रूपका भेदहरू नै महाविद्याहरू हुन् । मातृ शक्तिमा भावना वा हार्दिकता ज्यादा हुने भएकोले स्वभावतः करुणा बढी पाइन्छ । त्यसैले अन्य उपासनाहरूभन्दा मातृ शक्तिको उपासना सरल मानिन्छ । शक्ति शब्दले जडशक्तिलाई न भएर चिद् रूपा शक्तिलाई जनाउँछ । माया रूपा शक्ति अचिन्त्य तथा दुर्घटक कार्य सम्पन्न गर्दछिन् । ब्रह्मतत्त्व बहुरूपमा परिणत हुनु पनि क्रिया शक्ति हो । त्यो शक्ति भनेको परमेश्वरको अचिन्त्य महिमा अथवा स्वतन्त्रता हो । परमेश्वर परम शिव र परम स्वतन्त्र हुन् । परमेश्वरको परम स्वतन्त्रता नै चिद् रूपा शक्ति हो । वेदले पनि परमेश्वरी शक्तिलाई मानेको छ । सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह समेतका पाँच शक्ति शिवका विशेष शक्ति मानिएका छन् । यो विश्व प्रपञ्च क्रिया शक्तिको विस्तार वा विकास हो । यिनै कुरा ध्यानमा राखेर प्रा. रिसालले दस महाविद्याका स्तोत्रको रचना गरेका छन् । यसमा महाकाली, उग्रतारा, षोडशी, भुवनेश्वरी, धूमावती, छिन्नमस्ता, भैरवी, बगलामुखी, मातङ्गी र कमलालाई दस महाविद्या भनिएको छ । यसमा बताइए अनुसार महाकाली भनेकी महामाया, विद्या, निरूपमा, आमा र कल्याणकारी शक्ति हुन् । उग्रतारा उग्र बन्ने, तामसी र राक्षसी वृत्तिको अन्त्य गर्ने, पापीको नाश गर्ने शक्ति हुन् । षोडशी सृष्टिकी सौन्दर्य, शीलवती, निरोग दिने, संसारमा शान्ति छर्ने मातृ शक्ति हुन् । भुवनेश्वरी बुद्धिदात्री र तपस्याकी अभिप्रेरक तथा छिन्नमस्ता अभिमान विनाशक, अज्ञान हरण गर्ने, आमा र पालक हुन् । भैरवी डर हटाउने, सत्संग दिलाउने, अनात्मको भाव नाश गर्ने, विश्वात्मको भाव जगाउने नारी शक्ति हुन् । धूमावती अज्ञान नाश गर्ने, तेज दिने, ज्ञानको उज्यालो भर्ने, आमाको माया दिने र बगलामुखी सारा प्राणीमा वात्सल्यको व्यवहार गर्ने, तिन वटै दुःखको नाश गन नारी शक्ति हुन् । मातङ्गी सद्बुद्धि दिने, सत्संगमा अभिप्रेरित गर्ने, दानवी वृत्ति हटाउने, अनुशासित तथा मर्यादित बनाउने शक्ति हुन् । यसै गरी कमला लक्ष्मीका रूपमा बस्ने, ज्ञान दिने, मोक्ष दिने, सत्यको बाटोमा हिंडाउने मातृ शक्ति हुन् । मातृ शक्तिप्रतिको सम्मान र भक्तिलाई महत्त्व दिएर रचना गरिएको स्तोत्र **दुर्गाष्टक, हे जगदम्बे !, महालक्ष्मी, पार्वती आमा, जय दुर्गे,**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आमाको करुणा, दीपावली, दुर्गामाता, महालक्ष्मी, ईश्वरी हौ, विन्ध्यवासिनी स्तुति, गुह्येश्वरी, दक्षिणकाली, वज्रवाराही, वनकाली, नवदुर्गा, गायत्र्याष्टकम् र **गायत्री** पनि हुन् ।

सरस्वती माता भन्ने स्तोत्रमा सरस्वतीलाई आमा, अज्ञान नाश गर्ने, सांसारिक मायामोहको जालमा पर्नबाट बचाउने, भक्ति दिने, ज्ञान दिने, आनन्द दिने, आमाको माया दिने, बीणा तथा पुस्तक धारण गर्ने, सेतो लुगा लगाउने, ज्ञान, विज्ञान तथा शान्ति फैलाएर धरतीलाई उज्ज्वल पार्ने, महासरस्वती, माता, शरणमा परेकाको उद्धार गर्ने, दिव्य दृष्टि दिने, मन, मस्तिष्क र वाणीमा बस्ने, आत्माको खोजीमा लाग्न अभिप्रेरित गर्ने, ज्ञानमा बास्ना छर्ने, कलममा बस्ने, ब्रह्मबोध गराउने र अज्ञानको नाश गर्ने मातृ शक्ति भनिएको छ । सरस्वतीको वन्दनामा आधृत स्तोत्र **सरस्वती-प्रार्थना** र **शारदाद्वादशी** पनि हुन् ।

भगवान् विष्णुका दस वटै अवतारको स्तुतिका आधारमा रचना गरिएका स्तोत्र पनि यस कृतिमा समावेश गरिएका छन् । छुट्टाछुट्टै शीर्षकमा **मत्स्यावतार, कूर्मावतार, वराहावतार, नृसिंहावतार, वामनावतार, परशुरामावतार, रामावतार, कृष्णावतार, बुद्धावतार** तथा **कल्कि अवतार**को भक्ति ती स्तोत्रहरूमा गरिएको छ । ब्रह्माण्डका स्वामी भएर पनि लोकको हित गर्न कहिले माछो त कहिले कछुवा, कहिले वराह त कहिले नृसिंह, कहिले परशुराम त कहिले राम, कहिले कृष्ण त कहिले बुद्धको रूप धारण गरी पृथिवीमा छाएको अन्याय, अत्याचार, अधर्म, विकृति र व्यावहारिक विसंगति हटाउनमा भगवान्ले प्रत्यक्ष सहयोग गरेको कुरा ती स्तोत्रहरूमा बताइएको छ । जब जब धर्मको क्षति र अधर्मको उन्नति हुन्छ तब तब ईश्वरले लोकको कल्याण गर्न अवतार लिन्छन् भन्ने कुराको उल्लेख पनि तिनमा गरिएको छ ।

रामामृत नामक स्तोत्रमा अमृत भएकोले सबैलाई रामको नाम भज्न अनुरोध गरिएको छ । राम नाम भजेमा स्वादिलो भोजन, दिव्य धाम, भुक्ति र मुक्ति मिल्दछ भन्दै यस पाठमा यो नाम दुःख भगाउन, चिन्ताको नाश गर्न, क्लेश समाप्त गर्न, पाप पखाल्न, शंकाको गाँठो फुकाल्न र ब्रह्म बनाउन सघाउने साधन हो भनिएको छ । यसमा के पनि बताइएको छ भने रामले नै खटाएका हुन् भन्ने ठानेर जीवनमा सत्कार्य गर्नु पर्दछ । रामको नाम सम्झेर काम गरेमा मनभित्र दिव्य ज्योति बल्दछ र व्यवहार पवित्र बन्छ । रामको भक्ति गर्नु, रामकै भरमा पर्नु, रामको जप गर्नु, रामकै प्राप्तिका लागि तपस्या गर्नु बुद्धिमानी हो । त्यसो गर्नेहरूका दुःखकष्ट हर्ने र तिनलाई आवश्यक सुखसुविधा दिने काम स्वयं रामले गर्दछन् । आफूलाई निमित्त मात्र मानेर रामको भर परी धर्म गर्नु र कर्म गर्नु सबैको कर्तव्य हो । मनमा रामलाई राखेर पाखुरा चलाई काम गर्नु पर्दछ । अझ रामकै चिन्तन गरी सबै तीर्थधामको दर्शन गर्नु पनि त्यत्तिकै जरुरी छ । हृदयमा राम र बोलीमा रामलाई राखेर रामका कथा सुन्नु, रामायण पढ्नु, रामको चरित्र लेख्नु, रामलीला गाउनु, रामको काम गर्नु नै रामरूपी अमृतको पान गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यस्तै भाव **सीताराम, रामको खोज, रामकी जानकी, रामै-राम भज्नुहोस्, राम-दर्शन, राम रमाऊ** भन्ने स्तोत्रमा पनि प्रस्तुत गरिएको छ ।

श्रीकृष्ण ! कृण ! जप्दै भन्ने पाठमा भगवान् कृष्णको भक्ति गरिएको छ । श्री कृष्णको जप गर्दै कर्कलाका पातमा रहेको शीतको थोपा जस्तो क्षणिक चार दिने जिन्दगीको सदुपयोग गर्न भनिएको छ । यसमा रचनाकार के कुरा व्यक्त गर्दछन् भने कृष्ण नै सृष्टिका स्वामी भएकाले उनको शरणमा पर्नु र उनकै खोजी गर्नु आवश्यक छ । उनमा बुद्धि र विवेक लगाएर आफूसित भएको सबै कुरा उनमै अर्पण गर्नु पर्दछ । उनी निर्गुण हुन् र गुणी पनि हुन् । भगवान् विष्णुका नृसिंह, राम, बुद्ध आदि अवतार पनि उनै हुन् । उनले सद्धर्म र साधुको रक्षा एवं अन्याय तथा पापको नाश गर्दछन् । धरतीमा लीलामय अनेक रूप धारण गर्ने उनी नै सबै कुरा हुन् मनुष्य त निमित्त मात्र हो । भक्त भएमा जस्तासुकै पापीको पनि उद्धार उनले गर्दछन् । ज्ञान, भक्ति नभएकाहरूलाई समेत उनले तारण गर्दछन् । शरीर, इन्द्रिय, सर्वस्व अर्पण गरी उनका नामको जप गर्ने हो भने कल्याण नै कल्याण हुन्छ । उनी अद्वैत आत्मा हुन्, ब्रह्म भनेका उनै हुन् र सही तत्त्व पनि उनै हुन् । सजिलैसित गर्न सकिने उनको भक्ति छोडेर बाहिरतिर भौंतारिनु राम्रो होइन । त्यसैले बुद्धिमान्हरू कतै मन न लगाई उनकै आराधना गर्दछन् र उनमा नै लीन भएर बस्दछन् । भगवान् कृष्णको गुणगानलाई नै विषयवस्तु बनाएर रचना गरिएका **कृष्णजीको बानी नराम्रो !, श्रीकृष्ण र कृष्णावतार, आऊ कृष्ण** जस्ता स्तोत्रको संकलन पनि यस कृतिमा पाइन्छ ।

श्रीसूर्यषोडशी नामक स्तोत्रमा सोर वटा गुच्छा राखी भगवान् सूर्यको उपासना गरिएको हुनाले यो नाम राखिएको हो । यसमा सूर्यलाई आदित्य, साक्षात् देवता, दिवाकर, ब्रह्माण्डका नेत्र, भुवनेश्वर, भास्कर, सृष्टि र प्रलय गर्ने, सर्वदेवमय, रवि, ब्रह्मतेज, स्वयं ज्योति, स्रष्टा, कालाध्यक्ष, कृतान्तक, आयु, विद्या प्रदाता, प्राणधारक, पोषक, ब्रह्मा, विष्णु, महेश्वर, परब्रह्म, परात्पर, प्रभाकर, धाता, इन्द्र, गभस्ति, भानु, वेदाङ्ग, मित्र, नक्षत्रराज, पूषा, मोक्षका द्वार, भित्र बाहिरका ज्ञाता, स्रष्टा, सर्वज्ञ, ईश्वर, कर्माध्यक्ष, प्रजाध्यक्ष, हेतुसर्व, चराचर, आदिदेव, भुक्ति र मुक्ति दिने, निरोगी पार्ने, विश्ववन्द्य, युगान्तक, गायत्री, कर्म र ज्ञानका आधार, वृष्टि दिने, सृष्टि गर्ने, सुधा छर्ने, वैदिक देवता, भर्ग, वेद र वेदाङ्गबाट स्तुति गरिने, त्रिदेव, सगुण, साकार, विश्वका उपकारी, निर्गुण, ब्रह्मवर्चस, ब्रह्मज्ञान दिने, विराट्, ब्रह्मका चक्षु, ब्रह्माण्डका मार्तण्ड, ज्योतिका ज्योति, तिनै लोकका प्रकाश, हजारौं नाम भएका देवता, प्रसिद्ध, द्वादशादित्य, अनन्त गुणले विभूषित, अँध्यारो नष्ट गर्ने, ज्ञानका आलोक, सृष्टिका पालक तथा पोषक, सच्चिदानन्द, ब्रह्म, ब्रह्माण्डका रक्षक, श्रौत तथा स्मार्तका साथै सबै प्रकारका कर्मका प्रेरक, विश्वात्मा, वेद तथा पुराणका पूज्य, योगाक्षर, प्रकाशक, करोडौं किरणका धारक, सर्वाधार, गुणागार एवं भव सागरका तारक भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रातः प्रार्थना भन्ने पाठ अनुष्टुप छन्दमा रचना गरिएको छ । जगद्गुरु आद्य शंकराचार्यको *प्रातः स्मरणम्* नामक स्तोत्रको भावानुवाद यो हो । यसमा बताइए अनुसार बिहानै उठेर आत्मतत्त्वको संस्मरण गर्दा ज्ञान प्राप्त हुन्छ र त्यसबाट सच्चिदानन्दघन ईश्वरको प्राप्ति हुन्छ । जाग्रत्, स्वप्न र समाधि तिन वटै अवस्थामा व्याप्त आत्मतत्त्व नित्य र निर्गुण छ । त्यसको शुद्ध र ज्योति रूप ब्रह्म नै जीव हो । वाणी र मनमा अटाउन नसक्ने त्यस्तो महान् शक्तिको भजन बिहानै गर्नु पर्दछ । त्यस शक्तिको कृपा भयो भने वाणी सार्थक हुन्छ । त्यसभन्दा भिन्न जति पनि कुरा छन् ती सबै मिथ्या हुन् । वेदले पनि ती कुरालाई निषेध गरेको छ । त्यो शक्ति नै देवताका पनि देवता महादेव, अजन्मा, अच्युत आदि हुन् । सूर्यको तेजमा रहेका तिनलाई बिहान वन्दना गर्नु पर्दछ । ती नित्य छन्, पुरुषोत्तम, अनादि र पूर्ण ब्रह्म तिनै हुन् । तिनमै यो संसार देखिन्छ र तिनमै हराउँछ । डोरीलाई सर्प ठाने जस्तै हुने भ्रम यो संसार हो । सत्य भनेको त ब्रह्म मात्र हो । वेदान्त दर्शनको चिन्तनलाई स्तोत्र बनाएर प्रस्तुत गरिएका यस कृतिका अन्य पाठहरू **विश्वरूप, तत्त्व-विचार, जलमा थलमा, ईश-वन्दना, ब्रह्म मात्र हो, पार लगाऊ, अभेद-दर्शन, तन तिम्रै हो, देह-महिमा, लौ न लगाऊ प्रभु पार, हर्ने-भर्ने, लीला गर्ने** हुन् ।

सृष्टि सुन्दर ईश्वर रचना शीर्षकको स्तोत्रमा सृष्टिलाई ईश्वरको अद्भुत रचना भनिएको छ । यसमा अगाडि के पनि भनिएको छ भने कहिले विपना र कहिले सपना जस्तो देखिने यो सृष्टि भनेको ईश्वरकै लीला हो । सुन्दर यस सिर्जनामा सूर्य, चन्द्रमा तथा तारागणले धरती र आकाशलाई उज्यालो बनाउँछन् । बादल, हावा र बिजुलीको नृत्य पनि निकै मोहक लाग्दछ । छहरा, पहरा, हिमालय, मैदान आदि सबै ईश्वरको मन्दिरका परिसर हुन् । फुलेका फुल, झुलेका धान, साँझ र बिहानको शोभा ईश्वरका मुस्कान हुन् । धरतीले सुन फलाउँछ । धरतीभित्र पनि सुनकै खानी छ । ज्ञानीहरू आकाश, धरती, भित्र, बाहिर जताततै ईश्वरलाई देख्दछन् । ईश्वरको दृष्टिमा जलचर, थलचर, नभचर समस्त प्राणी समान छन् । ईश्वरका सन्तान मनुष्यले निर्लिप्त भई संसारको भोग गर्नु र ईश्वरको उपासना गर्नु पर्दछ । यो सृष्टि क्षणक्षणमा नयाँ देखिन्छ । भगवान् शंकरको सत्य र सुन्दर रूप यहाँको माटो हो । धर्म गरी आफ्नो कल्याण हुने काम गरेर मोक्ष लिने काम मनुष्यबाट हुनु पर्दछ । हरिया वन, सेता हिम चुचुरा, सुन्दर पर्वत, समुद्र, नदी, मैदान सबै सुन्दर सृष्टिका सुन्दर रचना हुन् । ईश्वरको इच्छाबाट यस सृष्टिले निरन्तरता पाएको छ । ईश्वरको कृपा भयो भने लाटो बोल्दछ र अन्धो आँखा देख्दछ । ईश्वरका भक्तहरू जहिले पनि सुख र शान्ति पाउँछन् तर पापीहरू भने हर बखत तर्सी रहन्छन् । ईश्वर सबैका घटघटमा वास गर्दछन् । प्राणीको शरीर नाशवान् छ तर ईश्वर चाहिँ अविनाशी छन् । ईश्वरले हरण गर्ने, भरण गर्ने, दया गर्ने, करुणा गर्ने जस्ता अनेक थरी लीला गर्दछन् । यस सृष्टिरूपी बगैंचाका स्वामी, माली, फुल, बास्ना, बिरुवा, बीज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल, जल, हावा, सूर्य, प्रकाश, श्रम, माटो आदि सबै कुरा ईश्वर नै हुन् । उनीभन्दा भिन्न यहाँ केही पनि छैन । वेदान्त दर्शनको चिन्तनलाई स्तुति बनाएर पेस गरिएका अन्य रचनाहरू **चारै धाम, विशाल सृष्टि, पुगौं दिव्य धाम, पारौ झिलीमिली, धरती हो धर्मशाला** पनि हुन् ।

कुलदेवता स्तुतिमा शास्त्रीय विभिन्न वर्णमात्रिक छन्दमा ढालेर दुर्गा, शक्ति, मस्टा, पार्वती, मन्न्हा, सूर्य, ऐड, कुवेर, महाकाल, महारुद्र र गैडूलाई कुल देवता मानी गर्ग गोत्रीय रिसाल कुलले पुज्ने गरेको कुरा बताइएको छ । कुलीन बन्नका लागि कुल धर्मको संवहन आवश्यक हुन्छ । कुल धर्ममा कुलमा परम्परादेखि चली आएका मर्यादा, मूल्य, मान्यता, धर्म, संस्कृति, पूजाआजा जस्ता आचार विचार पर्दछन् । कुलले गर्ने कर्म पनि कुल धर्म हो । शास्त्रीय मान्यता अनुसार कुलीन हुनुको अर्थ वेद तथा वेदाङ्गको अध्ययन, अनुसन्धान र विमर्शलाई निरन्तर रूपमा कायं गर्नु पनि हो । कुलीन सन्तति वंशको महान् परम्पराको प्रभाव र प्रयोगका कारण अवसर पाउँदा चारित्रिक उच्चता कायं गरी सामाजिक ख्याति र पहिचान सजिलैसित प्राप्त गर्दछन् । कुल भनेको पहिचानको आधार पनि हो । यसले व्यक्ति र परिवारका लागि स्वाभिमानपूर्वक आत्मविकासको पथमा अग्रसर हुन मद्दत गर्दछ । कुल पूजा भनेको कुलको परम्परा अनुसार गरिने प्रख्यात पुर्खा, कुलका संरक्षक मानिने देवता तथा स्थानीय विशेष शक्तिको परम्परागत विधि अपनाई निश्चित तिथि वा मितिमा गरिने पूजा हो । बाबुतिरको सात र आमातिरको सात पुस्ताका सन्तानलाई कुल मानेर निश्चित अवसर तथा एकोद्दिष्ट र पार्वण श्राद्धका अवसरमा तर्पण तथा पिण्ड दिने चलन कुल पूजाकै प्रक्रिया हो । अचेल यसलाई छोट्याएर बाबु र आमातिरका तिन तिन पुस्ताका व्यक्तिमा मात्र यस्तो पूजा सीमित गरिएको पाइन्छ । दैनिक रूपमा गर्नु पर्ने मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ, प्रचेता, भृगु र नारद ऋषिका साथै सोम, यम, अर्यमा, अग्निष्वाता, सोमपा, बर्हिषद, यमराज, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षयी, औदुम्बर, दध्न, नील, परमेष्ठी, वृकोदर, चित्र, चित्रगुप्तलाई गरिने तर्पण कुल पूजा नै हो । यसरी नै बाबुआमा, बाजेबज्यै, बुढा बाजे बुढी बज्यै, बराजु परबज्यै, आमाका बाबुआमा, बाजेबज्यै तथा बुढा बाजे बुढी बज्यै, सम्बद्ध व्यक्तिका काकाकाकी, फुपू, दिदीबहिनी, पत्नी, मामामाइजू, ठुली र सानी आमा, गायत्री गुरु लगायतका परिवारका सदस्य रहेका पितृहरूका नामको तर्पण पनि कुल पूजा हो । श्रद्धाभक्ति राखेर पितृगणको सम्मान तथा पूजाअर्चना गरेमा मनोकामना पूर्ण हुने र परिवारले सधैं सद्गति प्राप्त गर्ने कुरामा नेपाली समाज गहिरो विश्वास राख्दछ । त्यसैले त्यस्तो कार्यमा कहिल्यै त्रुटि हुन नदिने प्रयत्न गरिन्छ । कतिपय ठाउँमा कुलका प्रसिद्ध व्यक्तिलाई देवता मानेर निश्चित तिथि, मिति र समय निर्धारण गरी वार्षिक, षाण्मासिक, त्रैमासिक र दैनिक रूपमा पूजा गर्ने पनि चलन छ । लायक सन्तान भयो भने त्यसले कुलका एक्काइस पुस्ताको तारण गर्ने कुरा प्राचीन अभिलेखहरूको अध्ययनबाट पनि थाहा हुन्छ । अझ पाप कर्म गर्नेका १२१ पुस्ता घोर नरकमा पर्ने कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गरिएको पनि पाइन्छ । कुल देवताको उपासनाले पनि यिनै र यस्तै परिणाम प्राप्त हुने कुरामा विश्वास गरिन्छ । त्यसैले कुलीन परिवारमा कुल देवताको पूजामा त्रुटि र विच्छेद हुन दिइँदैन । प्रा. रिसालले यस्तै धारणा राखेर यो स्तोत्र रचना गरेका छन् ।

गुरुवन्दनामा गुरुको गरिमा र महिमाको चर्चालाई वर्ण्य विषय बनाइएको छ । रचनाकारका अनुसार गुरु साक्षात् ब्रह्मा, विष्णु, महेश्वर, ज्ञानरूप, परब्रह्म, परात्पर, ज्ञानका सिन्धु हुन् । देवी शक्ति, भगवान् विष्णु, गणेश, शंकर, पिता, माता, साथी, बन्धु, विद्या, सूर्य पनि गुरु हुन् । यिनलाई सधैँ अभिवादन गर्नु पर्दछ । यिनको कृपा भयो भने सारा अज्ञान नाश हुन्छ, मनको अशान्ति हट्‌दछ, भय नासिन्छ, चिन्ता हराउँछ, दुःखको समाप्ति हुन्छ, संसार सागरबाट पार पाइन्छ र सम्पूर्ण हिसाबले उद्धार हुन्छ । गुरुको सम्मान, श्रद्धा, भक्ति र पूजा गरेमा शिष्यको कल्याण हुन्छ । त्यसैले गुरुको नित्य वन्दना गर्नु पर्दछ । यस्तै भाव **श्रीक्षितीश गुरुदेवमा कोटि-कोटि नमस्कार !**, **श्रीगुरुदेव मस्तराम बाबाष्टक**, **गुरु हुन् ज्ञानका दाता** भन्ने स्तोत्रमा पनि व्यक्त गरिएको छ ।

मेरो परिचय भन्ने स्तोत्रमा रचनाकारले जीवलाई परमेश्वरको अंश भनेका छन् । यसमा बताइए बमोजम जगदम्बा आमा, भगवान् शंकर बाबु, सबै प्राणी नै बान्धव, चेतन शक्ति नै चोला, धरती र आकाश नै घर, तारागण नै छाना, सृष्टि नै संसार, ब्रह्म नै जाति, मानव जीवन नै आश्रम, ईश्वरको लीला नै क्रियाकलाप, कर्म नै सेवा, चित्त नै चारै धाम, चिन्तन नै जागिर, ध्यान, कीर्तन, समाधि र ईश्वरको चर्चा नै काम, सत्संग गर्नु नै खेती, हरिको नाम संकीर्तन गर्नु नै बिउ छर्ने काम, अनाम नै नाम, अजन्मा हुनु नै जन्म, अमरता नै रूप, सच्चिदानन्द नै स्वरूप, आत्मा नै निजी परिचय हो । वेदान्त दर्शनको विचारलाई स्तोत्रमा रूपान्तर गर्ने काम यसमा भएको छ । यस कृतिमा समावेश गरिएका यस्तै विचारको प्रस्तुतिमा आधृत स्तोत्रहरू **दुई दिने चोला**, **विश्वबन्धुत्व**, **ज्ञानी बनौं**, **ईश्वर को हो ?**, **सेवा नै हो मानव धर्म**, **आफ्नै बाटो**, **प्रभुका पदमा ध्यान लगाऔं**, **तनले मनले**, **तिमी को हौ ?**, **आत्मोद्धार**, **बाच्नु यो जिन्दगी**, **म प्रेम गर्छु**, **धरामा सबै नै**, **आत्मानन्दमा बस्नुपर्‍यो**, **मलाई नै नमोनमः**, **आरति गाऔं**, **तनले सबको सेवा गर्दै**, **तिम्रो यात्रा त पूर्ण भो**, **देह, गेह सफा गर**, **जपेर ध्यान गरौं** हुन् ।

यस पुस्तकले प्रा. रिसालमा रहेको सिर्जनशीलता, भगवद्‌भक्ति, भावनात्मक उँचाइ, विभिन्न लय र छन्दमा मनका कुरा पोख्न सक्ने खुबी, दार्शनिक चिन्तन, ज्ञान, कर्तव्य बोध, जागरुकता, धार्मिक सांस्कृतिक चेतना जस्ता विविध पक्षको जानकारी दिएको छ । यसमा देखिएको अर्को सकारात्मक पक्ष के हो भने भावना र विचारको गहिराइ भएको यो कृति रचनाकारका सुपुत्रले नै प्रकाशमा ल्याएका छन् । सन्तानहरूमा यस्तो भाव सञ्चरण हुनु राम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा हो । असली बिरासत भनेको भौतिक सम्पत्ति नभएर आध्यात्मिक वैभव नै हो । पुर्खाहरूमा रहेको आध्यात्मिक चेतनाको सञ्चार सन्तानमा नभई दिंदा समाज आजको विशृंखलित अवस्थामा पुगेको हो । प्रा. रिसालले गरेको यो काम सन्तान तथा परिवारको हितमा मात्र केन्द्रित नभएर सिङ्गो समाज एवं देशकै लागि महत्त्वपूर्ण छ तापनि अरूका तुलनामा उनका सन्ततिलाई यस्ता कार्यबाट ज्यादा लाभ प्राप्त हुन्छ । यस्तै कार्यले कुलीनता बढ्दछ, पहिचान कायं हुन्छ र कीर्ति मिल्दछ । आत्मामा भगवान् रामको वास भएको कुरा थाहा पाई सकेपछि आत्मातिरै ध्यान दिइन्छ र आत्ममय, ईश्वरमय, राममय, ज्ञानमय, ब्रह्ममय, अखण्ड आनन्दमय र परम तत्त्वमय बनिन्छ । त्यसपछि सुविधा सम्पन्न बसाइ, घरखेत आदि कुनै पनि भौतिक सम्पत्तिको अर्थ अनर्थमा परिणत हुन्छ । परिवारका सदस्य र वंशमा यस्तो ज्ञान व्याप्त भयो भने खोजी रहनु पर्ने केही कुरा शेष रहँदैन । जीवन र जगत्को मर्म बुझ्नेहरू राम बटुल्नु भनेको सार तत्त्व बटुल्नु हो भने भौतिक सम्पत्ति संग्रह गर्नु भनेको फोहर संग्रह गर्नु हो भन्दछन् । त्यसैले उनीहरू जीवनभरि राम जम्मा पार्दछन्, कृष्णको संकलन गर्दछन्, शिव बटुल्दछन्, विष्णुलाई साँच्दछन्, परमात्माको खोजी गर्दछन्, ज्ञान सोहोर्दछन् र तृप्तिको अनुभव गर्दछन् । मान मिलोस् कि अपमान उनीहरूलाई परवाह हुँदैन । राजसी ठाँटलाई ढाँट भन्दै दिगम्बर भोला उनका आदर्श बन्दछन् । यही बाटो राम्रो हो भन्ने उद्घोष समीक्ष्य कृतिले पनि गरेको छ ।

४.२.२१ अखण्ड आनन्द

२०६२ सालको गुरुपूर्णिमामा मीनाकुमारी (गायत्री) रिसालद्वारा प्रकाशमा ल्याइएको प्रा. शिवगोपाल रिसालको १०१ वटा कविताको संग्रहको पुस्तक *अखण्ड आनन्द* हो । यो प्रा. रिसालको बिसौं प्रकाशित कृति हो । यसका माध्यमबाट प्रा. रिसालको वैचारिक पहिचान बनेको अद्वैत को दार्शनिक चिन्तनको सार पक्ष, ईश्वरप्रतिको आस्था, देशभक्ति, सामाजिक चेतना, प्रकृति प्रेम, नागरिक जिम्मेवारी जस्ता अनेकौं कुराको परिचय मिल्दछ । रचनाकारमा रहेको सरल तथा सुबोध्य भाषामा भन्न खोजेका कुरा व्यक्त गर्ने सिपको परिचय पनि यसको अध्ययनबाट प्राप्त हुन्छ ।

यस पुस्तकको गाताको प्रथम पृष्ठमा फिक्का पहेँलो रङको पृष्ठभूमिमा सबभन्दा माथि हरियो रङमा **अखण्ड आनन्द** भन्ने पुस्तकको नाम, त्यसका मुनि ठुलो आकारको ॐ चिह्न र त्यसका पनि मुनि गाढा प्याजी रङमा रचनाकार **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ । त्यसै गरी गाताको पछिल्लो पृष्ठमा पहेँलो रङको पृष्ठभूमिमा सबभन्दा माथि अण्डाकार घेरामा हँसिलो मुद्राको प्रा. शिवगोपाल रिसालको बहुरङ्गी चित्र, सो चित्रको मुनि गाढा प्याजी रङमा लेखकका प्रकाशित तथा प्रकाशनोन्मुख कृतिहरूको विवरण र दायाँ छेउमा ISBN दिइएको छ । कलात्मक सुन्दर गाताले सजिएको डिमाई साइजको यस कृतिमा पुस्तक परिचयका दुई पृष्ठ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड आनन्द किन र कसरी ? शीर्षकको भूमिकाका दुई पृष्ठ र विषयसूचीका चार पृष्ठ गरी ८ पृष्ठको पूर्व भाग र २१३ पृष्ठको विषयवस्तु प्रस्तुति गरी जम्मा २२१ पृष्ठ छन् ।

यस काव्यमा समावेश गरिएका १०१ कवितामा पन्ध्र वटा गद्य छन्दका कविताका गुच्छाको **शान्ति आउने थियो कि !**, सात वटा गीति छन्दका गुच्छाको **नेपालका सपुत हो !**, आठ वटा गद्य छन्दका कविता गुच्छाको **यो त कलियुग हो**, एघार वटा गद्य छन्दका कविता गुच्छाको **रानीपोखरी**, चार वटा गीति छन्दका गुच्छाको **नेपाल- अब फुल्छ ! फुल्छ !**, आठ वटा गद्य छन्दका कविता गुच्छाको **म, एक कवि हुँ**, आठ वटा गद्य छन्दका कविता गुच्छाको **ए बादल !**, पाँच वटा गद्य छन्दका कविता गुच्छाको **सपना**, चार वटा गीति छन्दका गुच्छाको **श्रीसूर्य-चन्द्र अङ्कित**, तिन वटा झ्याउरे छन्दका गुच्छाको **आजको समस्या**, छ वटा झ्याउरे छन्दका गुच्छाको **नेपाली नैतिकता**, छ वटा गद्य छन्दका कविता गुच्छाको **स्वेजनहरको सम्झनामा**, तिन वटा गीति छन्दका गुच्छाको **तीन टुक्रा**, एघार वटा गद्य छन्दका कविता गुच्छाको **इतिहास**, छ वटा अनुष्टुप छन्दका कविता गुच्छाको **परीक्षाको बेला**, बाइस वटा गीति छन्दका गुच्छाको **जय गान**, बार वटा गीति छन्दका गुच्छाको **हाम्रो देश नेपाल**, दस वटा अनुष्टुप छन्दका कविता गुच्छाको **म र मेरो कविता**, सात वटा गीति छन्दका गुच्छाको **नेपाल आमा र हामी नेपाली**, बार वटा इन्द्रवज्रा छन्दका कविता गुच्छाको **नेपाल बोकेर म स्वर्ग छुन्छु**, आठ वटा झ्याउरे छन्दका गुच्छाको **सूर्य र चन्द्र आँखा हुन्**, आठ वटा अनुष्टुप छन्दका कविता गुच्छाको **मातृवन्दना**, चार वटा शार्दूलविक्रीडित छन्दका कविता गुच्छाको **माटाको माया**, बार वटा कविता गुच्छाको **उचाल दिव्य पाखुरा**, पन्ध्र वटा गीति छन्दका गुच्छाको **मेरो देश**, आठ वटा झ्याउरे छन्दका गुच्छाको **म एकभित्र**, पाँच वटा कविता गुच्छाको **चार वर्णको फूलबारीमा**, चार वटा गीति छन्दका गुच्छाको **नेपाल र नेपाली**, तिन वटा झ्याउरे छन्दका गुच्छाको **हाँसी-हाँसी हामी बाँचछौं**, आठ वटा झ्याउरे छन्दका गुच्छाको **सबैको जय होस्**, छ वटा गीति छन्दका गुच्छाको **उठ, उठ, उठ रे**, छ वटा अनुष्टुप छन्दका कविता गुच्छाको **जननी जन्मभूमि**, एघार वटा गीति छन्दका गुच्छाको **अमरावती**, पाँच वटा कविता गुच्छाको **ईश्वर**, आठ वटा अनुष्टुप छन्दका कविता गुच्छाको **परात्पर**, चौध वटा कविता गुच्छाको **राम्रै-राम्रो**, तिन वटा कविता गुच्छाको **प्रभात भो**, नौ वटा गीति छन्दका गुच्छाको **नेपाल गाथा**, बार वटा गीति छन्दका गुच्छाको **मान्छे जस्तै मान्छे भए...**, एघार वटा कविता गुच्छाको **म**, पाँच वटा गीति छन्दका गुच्छाको **वसन्त आयो**, आठ वटा गीति छन्दका गुच्छाको **सदा सुखी**, आठ वटा कविता गुच्छाको **खिचेर लिन्छन्**, आठ वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **गर्भमा वास बस्तामा**, सोर वटा अनुष्टुप छन्दका कविता गुच्छाको **ब्रह्म-विवेचना**, शास्त्रीय छन्दका नौ वटा कविताका गुच्छाको **ठुला रे !**, नौ वटा अनुष्टुप छन्दका कविता गुच्छाको **दुःखको अवसान भो !**, गुच्छा विहीन गद्य कविता **नाटकभित्रको नाटक**, तेर वटा गद्य छन्दका कविता गुच्छाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टुक्रै-टुक्रा, आठ वटा गद्य छन्दका कविता गुच्छाको **विन्ध्यवासिनीबाट माछापुच्छ्रेलाई हेर्दा**, सात वटा गद्य छन्दका कविता गुच्छाको **यौवन**, शास्त्रीय छन्दका चार वटा कविता गुच्छाको **समर्पण**, शास्त्रीय छन्दका पाँच वटा कविता गुच्छाको **नक्कली मान्छे**, आठ वटा गद्य छन्दका कविताका गुच्छाको **मृत्यु पनि मुक्ति हुन्छ**, शास्त्रीय छन्दका पाँच वटा कविता गुच्छाको **केही चिन्तन**, दस वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **मान्छे : आत्मा**, शास्त्रीय छन्दका दस वटा कविता गुच्छाको **बेला छँदैमा**, शास्त्रीय छन्दका पन्ध्र वटा कविता गुच्छाको **प्रारब्ध**, आठ वटा शिखरिणी छन्दका कविता गुच्छाको **शान्त सरणी**, भ्याउरे र शास्त्रीय छन्दका गरी जम्मा बार वटा गुच्छाको **सज्जनको सूक्ति**, शास्त्रीय छन्दका दस वटा कविता गुच्छाको **शिव कि शव ?**, शास्त्रीय विविध छन्दका पचपन्न वटा कविता गुच्छाको **मृत्यु**, पचास वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **सम्मान**, अट्ठाइस वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **साक्षी**, शास्त्रीय विविध छन्दका चौवन्न वटा कविता गुच्छाको **भगवान् र भक्त**, शास्त्रीय छन्दका एघार वटा कविता गुच्छाको **आनन्द**, शास्त्रीय विविध छन्दका आठ वटा कविता गुच्छाको **महात्मा**, सत्र वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **म को हुँ ?**, चौवन्न वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **प्रश्नै-प्रश्न**, सोर वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **प्रेमानन्द**, बार वटा अनुष्टुप छन्दका कविताका गुच्छाको **संसार**, नौ वटा शिखरिणी छन्दका कविताका गुच्छाको **बचाऊ हे शम्भो !**, शास्त्रीय विविध छन्दका सत्ताइस वटा कविता गुच्छाको **हाम्रा पुर्खा र हामी**, शास्त्रीय छन्दका छ वटा कविता गुच्छाको **ज्ञान र अज्ञान**, शास्त्रीय छन्दका आठ वटा कविता गुच्छाको **आत्मा**, शास्त्रीय छन्दका पैतिस वटा कविता गुच्छाको **सुषुप्ति**, शास्त्रीय छन्दका अट्ठाइस वटा कविता गुच्छाको **कर्मको जञ्जाल**, अनुष्टुप छन्दका चौध वटा कविता गुच्छाको **बुढेसकाल**, सात वटा गीति लयका गुच्छाको **ख्याल-ख्याल**, उन्नाइस वटा गद्य छन्दका गुच्छाको **नाङ्गो दर्शन**, नौ वटा मुक्त छन्दका कविता गुच्छाको **सत्संग**, तेइस वटा भ्याउरे लयका गुच्छाको **मृत्युदेखि मुक्तिसम्म**, शास्त्रीय छन्दका सत्ताइस वटा कविता गुच्छाको **के भो ?**, अनुष्टुप छन्दका तेइस वटा कविता गुच्छाको **समाधिको भाषा**, अनुष्टुप छन्दका पन्ध्र वटा कविता गुच्छाको **किन आएको ?**, शास्त्रीय छन्दका नौ वटा कविता गुच्छाको **सुषुप्तिदेखि समाधिसम्म**, शास्त्रीय विविध छन्दका एघार वटा कविता गुच्छाको **सुषुप्ति र जाग्रतका अन्तरालमा**, शास्त्रीय छन्दका दस वटा कविता गुच्छाको **विवेक**, सवाई छन्दका तिस वटा गीति गुच्छाको **धर्म र मान्छे**, सवाई छन्दका एघार वटा गीति गुच्छाको **सृष्टितिर दृष्टि दिँदा**, मुक्त छन्दका सत्ताइस वटा कविताका गुच्छाको **यो घर कसको ?**, आठ वटा भ्याउरे लयका गुच्छाको **जस्तो**, शास्त्रीय छन्दका चार वटा कविता गुच्छाको **हिजो र आज**, शास्त्रीय छन्दका बार वटा कविता गुच्छाको **अखण्ड आनन्द**, शास्त्रीय विविध छन्दका अठार वटा कविता गुच्छाको **मनुष्य देह**, शास्त्रीय छन्दका बार वटा कविता गुच्छाको **देह-निन्दा**, मन्दाक्रान्ता छन्दका आठ वटा कविता गुच्छाको **शङ्कराचार्य**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी, सवाई छन्दका पन्ध्र वटा गीति गुच्छाको **तेस्रो आखा खोल**, अनुष्टुप छन्दका आठ वटा कविता गुच्छाको **सर्वत्र राम नै राम**, नौ वटा भ्याउरे लयका गुच्छाको **ब्रह्मज्ञान खुल्ने**, शास्त्रीय छन्दका बार वटा कविता गुच्छाको **निज धाम** हुन् ।

शान्ति आउने थियो कि ! भन्ने कविता यस कृतिको पहिलो पाठ हो । यसमा भनिए अनुसार शान्ति त सबैले चाहन्छन् तर त्यसका लागि गर्नु पर्ने तयारी, अपनाउनु पर्ने सतर्कता, मिलाउनु पर्ने व्यवस्था, अवलम्बन गर्नु पर्ने अनुशासन, राख्नु पर्ने धैर्य, जान्नु पर्ने ज्ञान, जुट्नु पर्ने एकता, लिनु पर्ने जिम्मेवारी, बटुल्नु पर्ने साहस जस्ता कुराको ख्याल भने कसैले गर्दैन । चाहँदैमा शान्ति प्राप्त हुँदैन । त्यो पाउन धेरै कुरा जुटाउनु पर्दछ । दाजुभाइमा मेल, सच्चा हृदयले शान्ति प्राप्त गर्ने अठोट, खाना र लुगाको उपलब्धता, बस्ने ठाउँको व्यवस्था, अर्काले कमाएको धनमा निर्लोभ, सिर्जनशीलताको विकास, सुशिक्षा, सत्यको सञ्चार, भेदभावको अन्त्य, ईर्ष्याको अभाव र प्रेमपूर्ण व्यवहार भएमा शान्ति प्राप्त हुन सक्तछ । नारामा मात्र सीमित शान्तिले शान्ति प्राप्त हुँदैन । त्यसलाई पाउने आधारहरू पूर्ण भएमा शान्ति स्वतः आउँछ । दुर्भाग्यको कुरा त्यतातिर कसैले ध्यान दिँदैनन् :

इच्छा अलिकति कम्ती भए
नैतिकताको वृद्धि भए
सुशिक्षाको प्रचार भए
सत्यताको सञ्चार भए
शान्ति आउने थियो कि ! ।।६।।

२०१६ सालमा छापिएको यस कवितामा गरिएको शान्तिको कामनाले तात्कालिक परिवेशमा पनि सामाजिक शान्ति न भएको कुराको संकेत दिएको छ । यस कविताको मुख्य चाहना भनेको बाहिरी अर्थात् सांसारिक शान्तिभन्दा पनि भित्री अर्थात् आध्यात्मिक शान्ति हो । *शान्ति आउने थियो कि !* भन्ने प्रत्येक कवितांशका अन्तिम चरणमा दिइएको थेगोलाई नै यसमा शीर्षक बनाइएको छ । कविमा २०१६ सालतिरै वेदान्त दर्शनको प्रभाव परेको कुरा पनि यस कविताको अध्ययनबाट थाहा हुन्छ ।

सामाजिक विसंगति, मानसिक गरिबी, मान्छेमा कमजोर बन्दै गएको वैचारिक, नैतिक, चारित्रिक बल, ह्रास हुँदै गएका सामाजिक मूल्य र मान्यता जूता कुरालाई वर्ण्य विषय बनाएर कविले रचना गरेका कविता **यो त कलियुग हो, आजको समस्या, नेपाली नैतिकता, अमरावती** पनि हुन् । सामाजिक चेतना भएका कविका रूपमा यी कविताहरूले रचनाकारको परिचय दिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका सपुत हो ! भन्ने शीर्षकको कवितामा सारा नेपालीहरूलाई आह्वान गर्दै देशको हित हुने काममा लाग्न भनिएको छ । देशको विकास गर्न, सबैमा सुधारको भावना जगाउन, परिश्रमी बन्न, धार्मिक, सांस्कृतिक, सामाजिक, चारित्रिक सन्दभएमा देदिने जति पनि कुरीतिहरू छन् ती सबैलाई फाल्न, रोई रहेकी मातृभूमिको आँसु पुछ्न, धनी र गरिब, ठुलो र सानो, उँच र निच, जात र भात जस्ता भेदहरू हटाउन, भोकरोगको अन्त्य गर्न, उद्योगी बन्न, भाग्यका भरमा नभएर कर्मका भरमा बाँच्न, निरन्तर सिर्जनशील बन्न, अज्ञानरूपी अन्धकार हटाउन, ज्ञानको प्रकाश छर्न, स्वार्थी स्वभाव समाप्त गर्न, देशप्रेममा समर्पित हुन, अन्याय नास्न र सम्पूर्ण हिसाबले देशको विकास गर्न सबैले अग्रसर हुनु पर्ने कुरा कविले यस रचनामा बताएका छन् :

दूषित अन्ध स्वार्थता, आगो बनी डढाइदेऊ
निःस्वार्थ देशप्रेमको, राँको तिमी जगाइदेऊ
नेपालका सपुत हो ।।६।।

नेपालका सपुत हो भन्ने प्रत्येक कवितांशका अन्तिम चरणमा दिइएको थेगोलाई नै यसमा शीर्षक बनाइएको छ । **श्रीसूर्य-चन्द्र अङ्कित, इतिहास, जय गान, हाम्रो देश नेपाल, नेपाल आमा र हामी नेपाली, नेपाल बोकेर म स्वर्ग छुन्छु, सूर्य र चन्द्र आँखा हुन्, मातृवन्दना, माटाको माया, म एकभित्र, चार वर्णको फूलबारीमा, नेपाल र नेपाली, हाँसी-हाँसी हामी बाँचछौं, सबैको जय होस्, उठ, उठ, उठ रे, जननी जन्मभूमि, प्रभात भो, नेपाल गाथा, हाम्रा पुर्खा र हामी** भन्ने गीत तथा कविताहरूमा पनि देहप्रेमका भावनाको यथेष्ट प्रस्तुति पाइन्छ ।

रानीपोखरी भन्ने कवितामा कविले ऐतिहासिक महत्त्व बोकेको काठमाडौंमा रहेको रानीपोखरीले सांस्कृतिक सामाजिक जीवनमा राम्रो छाप छोड्न न सकेको कुरा बताएका छन् । राजा प्रताप मल्लको परिश्रमबाट बनेको पोखरी यो हो र यसको इतिहास निकै लामो छ भन्दै कवि प्रेमबाट धोखा पाएका, गरिबीबाट पीडित भएका र जीवनबाट निराश भएकाहरूले आत्महत्या गर्ने यो जलाशय पवित्र हुन सकेन । यो त मसान पो बन्न गयो । यसको छेउबाट हिँड्दा बटुवाहरू जिउँदाको सास र मरेकाको लासको गन्ध आउने कुरा बताउँछन् । यो दरबारियाहरूको फोहर फाल्ने ठाउँ बन्यो । यसको गौरव र गरिमा कायं हुन सकेन :

यो प्रकृतिको सराप हैन, प्रतापको वरदान हो
कीर्तिको गहिराइमा मान्छेको ज्यान छ
विकास र सुन्दरताको नक्कली घेराभित्र
नेपालीको आर्तनाद छ !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको वरिपरि जानुहुन्न
जिउँदाको सास र मरेकाको लास गन्हाउँछ
त्यसैले यहाँको पानी खानुहुन्न
लासै-लासको झोल हो ।
पितृलाई तर्पण हुन्न दरबारी फोहरको ढल हो ।।८।।

प्राकृतिक सौन्दर्यप्रति मुग्ध हुने कविको स्वभाव उजागर गर्ने कविता **वसन्त आयो** हो । वसन्त ॠतु आउँदा वृक्ष, वनस्पति, जीवजन्तु, मनुष्य जगत् सबैतिर प्रसन्नता छाउँछ भन्दै यस रचनामा शिशिरको चिसोले जर्जर तुल्याएका प्राणी जगत्मा जीवन सञ्चार गर्ने काम वसन्तबाट हुन्छ भनिएको छ । वसन्त ॠतुहरूको राजा किन हो भने यसको उपस्थितिमा कसैलाई पनि दुःखकष्ट हुँदैन । धरतीमा यसको पदार्पण हुँदा अनेक थरी फुल फुल्दछन्, कोयली गाउन थाल्दछे र सबै प्राणी प्रसन्न हुन्छन् । सबैलाई हाँसो र खुसीमा राख्न सक्ने यो ॠतु सामान्य ॠतु मात्र न भएर ॠतुहरूको राजा हो :

बाग बगैंचा, वन-उपवनमा
फूल फुले अब तनमा मनमा ।
ॠतुका राजा सजधज साथ
रङ्गी-विरङ्गी फूलको माथ ।।३।।

प्रकृतिको सुन्दरता जसलाई पनि मन पर्दछ । जीवनमा जस्तोसुकै अवस्था आए पनि मुस्कुराउन छोड्नु हुँदैन भन्ने पाठ प्रकृतिले सिकाउँछ तर त्यस्तो पाठ बुझ्ने क्षमता भने प्रकृतिप्रेमी केही पारखीहरूमा मात्र हुन्छन् । तिनै पारखीहरूभित्र यस कविताका कवि पनि पर्दछन् । यस कृतिमा संकलित प्राकृतिक सौन्दर्यप्रति मोहित हुने भावमा आधृत रचनाहरू **विन्ध्यवासिनीबाट माछापुच्छ्रेलाई हेर्दा, सपना र यौवन** पनि हुन् । प्रकृतिको चित्रणसँगै प्रत्यक्ष वा अप्रत्यक्ष हिसाबबाट वेदान्त दर्शनको ज्ञान दिलाउने काम पनि कविले गरेका छन् ।

नेपाल- अब फुल्छ ! फुल्छ ! भन्ने कविता २०२७ सालमा प्रकाशित भएको हो । त्यस बखत नेपालमा पूर्व पश्चिम राजमार्ग बन्ने तयारीमा थियो । नेपालको एक ठाउँबाट अर्को ठाउँ जानु पर्दा भारतीय भूभाग हुँदै यात्रा गर्नु पर्ने अवस्था त्यस बेला थियो । अझै पनि यस्तो समस्याबाट कतिपय ठाउँका नेपालीहरूले मुक्ति पाउन सकेका छैनन् । पूर्व पश्चिम राजमार्ग बन्न लाग्दा नेपालले सयौं वर्षदेखि भोग्दै आएको पीडाबाट मुक्ति मिल्ने कुराको कल्पना गरी कविले यो कविता रचना गरेका हुन् । यसमा के भनिएको छ भने नेपालको हिमालबाट बगेका मेची महाकाली नदीरूपी दिदीबहिनीको भेट समुद्रमा पुगेर मात्र हुने गरेकोमा अब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमै हुने दिन आएका छन् । यसरी भेट हुँदा यी दिदीबहिनी मन खोलेर आपसी कुराकानी गर्ने छन् । इलामका मान्छे महाकाली र महाकालीका मान्छे इलाम पुग्दा, भद्रपुरको ठिटोले जुम्ली ठिटीसित प्रेम गर्न पाउँदा, बैतडीको ताजा घ्यू खाएर नवलपुरको युवक स्वस्थ हुँदा, दाङका जिल्ला सभापतिले नेपालगन्जमा इलामको चिया खाँदा, विराटनगरको सलाई कोरेर जनकपुरको धूप मुस्ताङ र हुम्लामा सल्काउन पाउँदा नेपालीहरूको जमघट, सम्पर्क, औद्योगिक विकास, भलाकुसारी नौलो युगमा प्रवेश गर्ने छ । त्यस्तो अवस्थामा नेपाल विकसित बन्ने छ र नेपालीहरूका सयौं वर्षदेखिका सपना साकार हुने छन् :

यी दुई दिदी र बहिनीले परस्परमा चिनाजानी कुराकानी गर्दै
युगौंदेखिका मनका गुनासा निस्फिक्रीसँग पोख्न पाएका छन् र
आफ्ना वर्षौंदेखिका बासी आकांक्षा र अभिलाषा
परस्परमा व्यक्त गर्ने ठुलो मौका पाएका छन् ।
त्यसैले–
पूर्व पश्चिम राजमार्ग छिटै अब खुल्छ ! खुल्छ !
यसमा कत्ति शंका छैन, नेपाल अब फुल्छ ! फुल्छ !!३।।

प्रत्येक कविताांशका अन्त्यमा *पूर्व पश्चिम राजमार्ग छिटै अब खुल्छ ! खुल्छ ! यसमा कत्ति शंका छैन, नेपाल अब फुल्छ ! फुल्छ* भन्ने थेगो प्रयोग गरिएको यस कवितामा पूर्व पश्चिम राजमार्ग नबन्दा नेपालले भोग्नु परेको सास्तीको बयान केही मात्रामा गरिएको छ । निश्चय नै सो राजमार्गको निर्माण भएपछि धेरै कुरामा सुविधा र सजिलो भएको छ । आजको परिप्रेक्ष्यमा यस कवितालाई अतीतका अप्ठेरा दिन सम्झाउने ऐतिहासिक रचना भन्न सकिन्छ ।

म, एक कवि हुँ भन्ने कवितामा कवि हुनु भनेको कलमजीवी बन्नु हो र कलमजीवी बन्नु भनेको सरस्वतीको उपासक हुनु हो भनिएको छ । यसमा थप के पनि भनिएको छ भने सरस्वतीको उपासकले कहिल्यै पनि अन्याय गर्दैन र अन्याय सहन पनि सक्तैन । त्यस्तो व्यक्ति भावुक हुन्छ, देशभक्त हुन्छ र विवेकी हुन्छ । समाज, देश र विश्वको सेवा गर्नु नै त्यस्तो व्यक्तिको धर्म हुन्छ । कवि सामान्य मान्छे हुँदैन । नेपालमा कविलाई जिउँदो रहँदासम्म चिन्ने परिपाटी हालसम्म स्थापित हुन सकेको देखिँदैन । यहाँका कविहरू दयनीय जीवन बिताउन बाध्य छन् :

म, बाँचुन्जेल आँसु प्युँछु
मरेपछि मात्रै ज्युँछु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माला लाउँछु, पूजित हुन्छु, शोक-भाषणमा प्रशंसा गरिन्छु
प्रतिमा राख्ने निधो गरिन्छु
त्यसपछि– जन्मजयन्तीको भाग पाउँछु
सिन्किएका रचना छापिन्छन्
मेरा कविता अनि राम्ररी पढिन्छन् ।
तब मात्र म चिनिन्छु, दुई थोपा आँसु साँच्चै पाउँछु
किनभने
म कवि हुँ–
मेरो हातमा कलम छ, अन्यायको मलम छ ।।६।।

प्रत्येक कवितांशका अन्त्यमा *म कवि हुँ– मेरो हातमा कलम छ, अन्यायको मलम छ* भन्ने थेगो राखिएको यस रचनामा कविले भोग्नु पर्ने वास्तविकताको चित्रण गरिएको छ । यस्तै भावसित समता राख्ने अभिव्यक्ति **तीन टुक्रा, म र मेरो कविता, सम्मान** जस्ता रचनामा पनि पाइन्छ ।

स्वेजनहरको सम्झनामा शीर्षकको कवितामा विश्व परिवेश, आशावादिता, समर्पित भएर लाग्यो भने जस्तोसुकै कठिन काम पनि गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गरिएको छ । विकसित मुलुकले भोगेको ऐश्वर्य हेर्दा उनीहरूले गरेको परिश्रमलाई पनि ख्यालमा राख्नु पर्ने कुरा यसमा बताइएको छ :

स्वेज-नहर देखें आज मान्छेको बुद्धिको तीव्रता
पार पाउन गाह्रो छ है विज्ञानको ज्ञान कता-कता !
यो फ्रान्सेली कलाकारको आधुनिक कला हो
कागजमा होइन माटो र पानीमा कोरिएको
यो उही अमर कविको सुन्दर कविता हो
भाषा विना नै भाव पोखिएको अनि
यो धुरन्धर संगीतकारको सबभन्दा मीठो संगीतको लय हो
जो कहिल्यै लय हुँदैन
भूमध्य-सागर र लाल-सागरको मितेरी लाउने
प्रेमको डोरी हो, जो कहिल्यै चुँडिदैन
त्यत्तिमात्र होइन यो अफ्रिकाको मरुभूमिको प्राण हो
निर्जीवलाई जीवन दिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमानको सौन्दर्य, भविष्यको आशा
अनि भूतको सपना हो जो आज साकार बन्छ ।।४।।

ए बादल ! नामक कविता २०२० सालमा प्रकाशित भएको हो । यसमा सांसारिक मायामोह, मनको मैलो, अज्ञानको अन्धकार तथा पुऱ्याउन न सकिएको विवेकबाट सन्तप्त प्राणीको पीडा समाप्त गर्न घामले पोलिएकाहरूलाई छहारी दिने बादल जस्तै बनेर ज्ञानको उदय हुनु पर्ने कुरा व्यक्त गरिएको छ । वेदान्त दर्शनको मर्मलाई कवितामा ढाल्ने काम यसमा भएको छ :

ए बादल !
तँ कति भाग्यमानी छस्, कति मर्मज्ञानी छस्
यो तातो उराठिलो मरुभूमिको–
सुस्केरा र निश्वासलाई बुझिदेन
हर...र...र पानी वर्षाएर
यो धरालाई सस्यश्यामला
हरा–भरा, उर्वरा पारिदेन
नवजीवनको सञ्चार गराइदेन ।।६।।

यस कवितामा सुरुको अंशमा *ए बादल !* भन्ने थेगो बादललाई सम्बोधन गर्नका लागि प्रयोग गरिएको छ । प्रस्तुत कविता संग्रहभित्र समेटिएका साठीभन्दा ज्यादा रचनाहरूमा वेदान्त दर्शनकै मर्म अन्तर्निहित छ । समान वा असमान, ज्यादै मिल्दा वा नितान्त फरक विषयवस्तु भए पनि कुनै न कुनै तरिकाले का कुरा नगरेसम्म कविको धित मर्दैन । रचनाकार यसमा कविभन्दा पनि देशभक्त र देशभक्तभन्दा पनि वेदान्ती बनेका देखिन्छन् । युवावस्थादेखि नै अझ विद्यार्थी कालदेखि नै कवि प्रेमी बनेका देखिन्छन् । रचनात्मकता मुखरित हुने समयमै यिनमा प्रतिको निष्ठा पाइन्छ । यस्तो विचारलाई प्रश्रय दिएर रचिएका पाठ **ईश्वर, परात्पर, राम्रै–राम्रो, मान्छे जस्तै मान्छे भए..., म, सदा सुखी, खिचेर लिन्छन्, गर्भमा वास बस्तामा, ब्रह्म–विवेचना, ठुला रे !, दुःखको अवसान भो !, नाटकभित्रको नाटक, समर्पण, नक्कली मान्छे, मृत्यु पनि मुक्ति हुन्छ, केही चिन्तन, मान्छे : आत्मा, बेला छादैमा, प्रारब्ध, शान्त सरणी, सज्जनको सूक्ति, शिव कि शव ?, मृत्यु, साक्षी, भगवान् र भक्त, आनन्द, महात्मा, म को हुँ ?, प्रश्नै–प्रश्न, प्रेमानन्द, संसार, बचाऊ हे शम्भो !, ज्ञान र अज्ञान, आत्मा, सुषुप्ति, कर्मको जञ्जाल, बुढेसकाल, ख्याल–ख्याल, नाङ्गो दर्शन, सत्संग, मृत्युदेखि मुक्तिसम्म, के भो ?, समाधिको भाषा, किन आएको ?, सुषुप्तिदेखि समाधिसम्म, सुषुप्ति र जाग्रतका अन्तरालमा, विवेक, धर्म र मान्छे, सृष्टितिर दृष्टि दिंदा, यो घर कसको ?, जस्तो, हिजो र आज** हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड आनन्द यस पुस्तकको नाम र एउटा कविताको शीर्षक हो । यसमा ले बताएको बाटोमा हिंड्न सक्यो भने कहिल्यै न घट्ने, न सकिने, न छुट्ने, न मासिने र न नासिने आनन्द प्राप्त हुन्छ भनिएको छ । साथै सोही आनन्द प्राप्त गर्नु नै मानव जीवनको पुरुषार्थ हो भन्ने कुरा पनि यसमा बताइएको छ :

संसार हो कल्पित सार छैन ।
ज्ञानी भएमा डर नै हुँदैन ।।
विवेक उच्चा उपहार पायौ ।
देहादि भोगेर त्यसै गुमायौ ।।३।।
बेला छँदैमा अब होस राख ।
त्यागेर भोक्ता न बनेर चाख ।।
चोला मिल्यो सिर्जनको सिरानी ।
भोला भजेमा रसिलो बिहानी ।।४।।

अखण्ड आनन्द पाउनु भनेको जीवनको सर्वोच्च उपलब्धि हासिल गर्नु हो र मुक्ति वा कैवल्य भनेको पनि त्यही हो भन्दै त्यो पाई सकेपछि पाउन बाँकी केही रहँदैन भन्ने कुरा पनि यसमा बताइएको छ । यो कुरा कविलाई सबभन्दा ज्यादा मन पर्ने, सुनाउन इच्छा लाग्ने र भन्नै पर्ने ठानिने हुँदा यस शीर्षकलाई पाठमा र पुस्तकमा गरी दुवैतिर ठाउँ दिने काम गरिएको छ । **मनुष्य देह, देह-निन्दा, शङ्कराचार्य स्वामी, तेस्रो आँखा खोल, सर्वत्र राम नै राम, ब्रह्मज्ञान खुल्ने, निज धाम** जस्ता अन्य रचनामा पनि यस्तै भावका कुरा राखिएका छन् ।

सरल भाषा, गहन विषयवस्तु, प्रभावकारी प्रस्तुति र रौंचिरा भनिने कठिन दर्शनका तत्त्वको सहज विश्लेषण यस कृतिका विशेषता हुन् । संस्कृत वाङ्मयका खजाना मानिने वैदिक पौराणिक ग्रन्थ, रामायण, महाभारत तथा विभिन्न उपनिषद्को सारभूत ज्ञान यसमा राखिएको छ । प्राध्यापक शिवगोपाल रिसालको अध्ययन, बोध, अभिरुचि, अनुभव र व्याख्यान सामर्थ्यको परिचय पनि यस पुस्तकले दिएको छ । वेदान्ती र राष्ट्रभक्त बनेर यसमा प्रा. रिसाल प्रकट भएका छन् ।

४.२.२२ ईश्वरको अनुग्रह

ईश्वरको अनुग्रह (दार्शनिक निबन्ध सङ्ग्रह) २०६२ सालमा चन्द्रकुमार के.सी. र श्रीमती पुनम के.सी.द्वारा प्रकाशमा ल्याइएको प्रा. शिवगोपाल रिसालको एक्काइसौं कृति हो । विभिन्न पत्रपत्रिकामा प्रकाशित रेडियो र टेलिभिजनका कार्यक्रमहरूमा प्रसारित तथा कतिपय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ अत्यन्त गहन दार्शनिक चिन्तनले ओतप्रोत सन्ताउन्न वटा निबन्धहरूको सँगालो यो हो। प्रारम्भिक अंश ८ तथा पाठको अंश २८४ गरी जम्मा २९२ पृष्ठको यो कृति डिमाई आकारमा तयार पारिएको छ।

बहुरङ्गी गाताको पहिलो पृष्ठको बिच भागमा अण्डाकार घेराभित्र स्वाध्यायरत यस कृतिका रचनाकारलाई भगवान् शंकरले वरद हात प्रदान गरेको रङ्गीन चित्र राखिएको छ। त्यसको माथिल्लो भागमा पुस्तकको नाम **ईश्वरको अनुग्रह** र त्यसभन्दा मुनि गाढा निलो रङ्ग र कोष्ठ चिह्नमा दार्शनिक निबन्ध सङ्ग्रह लेखिएको छ। आवरण पृष्ठको तल्लो भागमा निबन्धकार **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ। गाताको पछिल्लो पृष्ठमा सो अवधिसम्म प्रकाशित र प्रकाशनोन्मुख प्रा. शिवगोपाल रिसालका कृतिहरूको नामका साथै पुस्तकको ISBN दिइएको छ। गाताको भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन्। त्यसपछिको भित्री पहिलो र दोस्रो पृष्ठमा पुस्तकको परिचय, तेस्रो र चौथो पृष्ठमा लेखकको **आफ्नै मन्तव्य** शीर्षकको भूमिका, पाँचौं र छैटौं पृष्ठमा चन्द्रकुमार के.सी. र श्रीमती पुनम के.सी.को प्रकाशकीय मन्तव्य, सातौं र आठौं पृष्ठमा विषयसूची दिएपछि मात्र पुस्तकको विषयवस्तु सुरु गरिएको छ।

यस पुस्तकमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

ईश्वरको अनुग्रह, आमाको महिमा, साहित्य र दर्शन, चरित्र नै जीवन हो, हिमालय चढ्ने हाम्रो आफ्नै परम्परा, पराविद्याबाट मात्र पराशान्ति, सिद्ध सिलवाल, साक्षरता किन र कसरी ?, हिन्दू नारीहरूको आदर्श र सामाजिक मर्यादा, गाईको महिमा, मानवता र अतिथि सेवा, नैतिकता र चारित्रिक शिक्षा : आजको आवश्यकता, शान्ति ! : भौतिक खोजी, आध्यात्मिक उपलब्धि, हिन्दू परम्परामा नारीको स्थान, हामी मान्छे बनौं, इच्छा : एक चिन्तन, अष्टावक्रगीता, आमा !, बाहिर दीपावली, भित्र ज्ञानालोक, चरित्र-निर्माणमा आमाको भूमिका, हामी सनातनी हौं, मातृदेवो भव, धर्म : हाम्रो सर्वस्व, हाम्रो धर्ममा अपाङ्गहरूको स्थान, शिक्षा : प्राचीन मान्यता, अर्वाचीन विचार, राष्ट्रिय शिक्षा, आत्मज्ञानको महिमा, शक्तिका रूपमा ब्रह्मको उपासना, सप्तशती चण्डीको उद्देश्यः मोहको नाश, आनन्द के हो ? र कहाँ छ ?, ज्ञान नै मोक्षको साक्षात् साधन हो, म र मेरो मन, आहारशुद्धिबाट अन्तःकरणको शुद्धि, आत्माको खोज, आजको विश्वको माग : शान्ति, ईश्वरको पूजा, जीवनमा दर्शनको भूमिका, जीव र शिवमा भेद छैन, औपनिषद् सिद्धान्त, नवरात्रिमा रात छैन, मनमाथि विजय, दशैंमा चण्डीपाठ, विजया दशमी, बन्धन र मोक्ष, मेरो वास्तव स्वरूप, चित्त र चैतन्य, हाम्रो संस्कृति, चित्तको प्रसन्नता, आनन्द बाहिर छैन, संकल्पको अर्को नाम हो संसार, उपनिषद्, जीवनको सार, वेदको महावाक्य र यसको एकता, विद्याको फल विनय, मातृस्वरूपिणी दुर्गाको पूजा, शान्तिः र दुःख-निवृत्तिको उपाय।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको अनुग्रह यस पुस्तकको पहिलो पाठ हो । यसै पाठको नामबाट पुस्तकको नाम राखिएको छ । निबन्धकारले यस कृतिमा राख्न खोजेको भावको सार प्रस्तुत शीर्षकमा रहेको र विचार, विषय तथा उद्देश्यको प्रतिनिधित्व पनि यसले गरेको कुरा नाम चयनबाट थाहा हुन्छ । ईश्वरमाथि अगाध आस्था र विश्वास राख्दै रचनाकारले यस पाठमा ईश्वर सर्वशक्ति सम्पन्न, सर्वगुण सम्पन्न, सर्वज्ञ, सर्व व्यापक, सर्वान्तरयामी, निर्गुण, निराकार, नित्य, निरञ्जन, शुद्ध, बुद्ध, स्वयं प्रकाश, सच्चिदानन्द, ब्रह्मवस्तु हुन् भनेका छन् । ईश्वरको इच्छा नभई पात पनि हल्लँदैन भन्ने धारणा निबन्धकार राख्दछन् । ईश्वरकै अनुग्रह भयो भने मात्र जन्म र मृत्यु जस्तो सबभन्दा ठुलो डरबाट सदाका लागि मुक्ति मिल्दछ भन्ने कुरामा पनि निबन्धकार विश्वास व्यक्त गर्दछन् । यस पाठमा थप के कुरा पनि भनिएको छ भने ईश्वरभन्दा भिन्न कोही पनि छैन । ईश्वरमाथि श्रद्धा र भक्ति भयो भने सांसारिक मायामोहबाट मन टाढिँदै जान्छ र ज्ञान प्राप्त हुन्छ । ज्ञानको साधना हुँदै जाने क्रमको अन्तिम बिसौनीमा पुगेपछि ज्ञानमय भइन्छ । त्यो हुनु भनेको अखण्ड आनन्द प्राप्त गर्नु र ईश्वरको अनुग्रह हासिल गर्नु हो । जीवनको सर्वोच्च मुकाम त्यही हो । परमात्ममय बन्नु, ईश्वरमय बन्नु, सच्चा ज्ञान प्राप्त हुनु, परमपुरुषार्थ लाभ हुनु, मोक्ष मिल्नु र ब्रह्ममय हुन भनेको पनि त्यही हो । ईश्वरको भर नपरेसम्म, सर्वाधार परमेश्वर नै हुन् भन्ने कुरा बोध नभएसम्म, ईश्वरमा आफूलाई सम्पूर्ण रूपले समर्पण नगरेसम्म यस्तो उपलब्धि हासिल हुन सक्तैन । कतिपयको भनाइ के पनि छ भने ईश्वरको विश्वास आफूले मात्र गरेर कहाँ हुन्छ र उनले पनि दृष्टि लगाई दिए पो विश्वास गरेको सार्थक हुन्छ । यो कुरा सतही रूपमा हेर्दा सत्य जस्तो लाग्दछ तापनि वास्तविकता के हो भने भक्तले भन्दा ज्यादा ध्यान ईश्वरले लगाएका हुन्छन् । ईश्वरले भक्तबाट मान पनि खोज्दैनन् । उनी त जसरी होस् भक्तको कल्याण गर्न चाहन्छन् । सन्तान राम्रो बाटोमा लागी दिए हुन्थ्यो भन्ने धारणा आमाबाबुले राखेर माया गरे जस्तै ईश्वर पनि सारा प्राणीमाथि असाध्यै माया गर्दछन् । आफ्नो कल्याण हुने काम त आफैले न गरी हुँदैन । त्यसैले कल्याणको बाटो भनेको ईश्वरप्रति आस्था र भक्ति हो । त्यत्ति गरियो भने ईश्वरका अनुग्रहको वर्षा निरन्तर भई रहन्छ । यो कुरा वेदान्त दर्शनको सार पनि हो । यस्तै विचारको संग्रह शास्त्र हो । सारा शास्त्रहरूले भन्न खोजेको संक्षिप्त कुरा पनि यही हो । यस्तै भाव समीक्ष्य कृतिका अधिकतर पाठहरूमा फरकफरक शैलीमा व्यक्त गरिएको पाइन्छ । ती पाठ **हिमालय चढ्ने हाम्रो आफ्नै परम्परा, पराविद्याबाट मात्र पराशान्ति, शान्ति ! : भौतिक खोजी, आध्यात्मिक उपलब्धि, इच्छाः एक चिन्तन, अष्टावक्रगीता, बाहिर दीपावली, भित्र ज्ञानालोक, आत्मज्ञानको महिमा, शक्तिका रूपमा ब्रह्मको उपासना, सप्तशती चण्डीको उद्देश्य : मोहको नाश, आनन्द के हो ? र कहाँ छ ?, ज्ञान नै मोक्षको साक्षात् साधन हो, म र मेरो मन, आहारशुद्धिबाट अन्तःकरणको शुद्धि, आत्माको खोज, आजको विश्वको माग : शान्ति, ईश्वरको पूजा, जीवनमा दर्शनको भूमिका, जीव र शिवमा भेद छैन, औपनिषद् सिद्धान्त, मनमाथि विजय,**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धन र मोक्ष, मेरो वास्तव स्वरूप, चित्त र चैतन्य, चित्तको प्रसन्नता, आनन्द बाहिर छैन, संकल्पको अर्को नाम हो संसार, उपनिषद्, जीवनको सार, वेदको महावाक्य र यसको एकता, शान्तिः र दुःख-निवृत्तिको उपाय हुन् ।

आमाको महिमा भन्ने निबन्धमा के कुरा बताइएको छ भने वैदिक साहित्यमा आमालाई देवताको स्थानमा राखिएको पाइन्छ । यसबाट आमाको महत्ता कति छ भन्ने कुरा स्वतः थाहा हुन्छ । विश्वका सबै धर्म, सम्प्रदाय, संस्कृति, परम्परा, देश, क्षेत्र, भाषा, जातिमा आमालाई महान् र पहिलो गुरु मानिन्छ । आमाले सिकाएको संस्कार, व्यवहार र ज्ञानले जीवनभरि प्रभाव पार्दछ । त्यसैले ज्ञान दिने, संस्कार सिकाउने, जीवन व्यवहारको बोध गराउने र आदर्शका कुरा बताउने गायत्री, गाई, गंगा, गीता, वेद जस्ता तत्त्वलाई आमा भनिन्छ । जन्म दिने आमा र ठाउँ दिने भूमि वा मातृभूमिलाई स्वर्गभन्दा पनि ठुला मानिन्छ । नेपोलियनले असल आमाबाट असल नागरिक र असल देश बन्ने कुरा बताएका छन् । शंकराचार्यले सन्तान जतिसुकै दुष्ट भए पनि आमा दुष्ट नहुने कुरा लेखेका छन् । कहीं पनि कसैलाई गारोसाँगुरो पऱ्यो भने सबभन्दा पहिले आमालाई नै पुकारिन्छ किनभने आमाबाट पाइने पालनपोषण, संरक्षण, माया, ममता, ज्ञानगुन, हेरविचार अरू कसैबाट पनि पाइँदैन । अरूहरूबाट यस प्रकारका सद्भाव पाई हाल्यो भने पनि कहीं न कहीं कुनै न कुनै प्रकारको स्वार्थ रहेकै हुन्छ । *दुर्गासप्तशती*मा मातृशक्तिलाई देवी, महादेवी, शिवा, प्रकृति, भद्रा, नियता, रौद्रा, नित्या, गौरी, धात्री, ज्योत्स्ना, इन्दु, सुखा, कल्याणी, वृद्धि, सिद्धि, नैर्ऋति, भूभृता, लक्ष्मी, शर्वाणी, दुर्गा, दुर्गपारा, सारा, सर्वकारणी, ख्याति, कृष्णा, धूम्रा, अतिसौम्या, अतिरौद्रा, नता, जगत् प्रतिष्ठा, देवी, कृता, विष्णुमाया, चेतना, बुद्धि, निद्रा, क्षुधा, छाया, शक्ति, तृष्णा, क्षान्ति, जाति, लज्जा, शान्ति, श्रद्धा, कान्ति, वृत्ति, स्मृति, दया, तुष्टा, मातृ, भ्रान्ति, अधिष्ठात्री, व्याप्ति, ईश्वरी, भक्ति आदि अनेक नामबाट पुकारिएको छ । यिनमा अधिकतर नाम माताकै रूपका बोधक हुन् । *अरूको लाख आमाको काख* भन्ने उखान नै छ । अरूहरूले लाखौं उपाय अपनाएर गरेको सहयोगभन्दा ज्यादा प्रभावकारी र उपयोगी आमाको काख हुन्छ । आमा रहेसम्म संरक्षण र माया खोज्न कतै धाउनु पर्दैन । आमाले ख्वाएको दुधको मूल्य तिर्न सकिँदैन । त्यस्तो मूल्यलाई सधैं कृतज्ञताका साथ सम्झने, आदर गर्ने, श्रद्धाभक्ति गर्ने र हृदयमा राखेर नमन गर्न भने सधैं सम्झनु पर्दछ । आमा सदा वन्दनीय हुन्छन् । जन्म दिने आमा, आश्रय दिने धरती, पोषण दिने अन्न तथा वनस्पति, संरक्षण दिने बाबु, ज्ञान दिने गुरु, आदर्शको पाठ सिकाउने वेद अर्थात् आर्ष कुललाई साक्षात् देवता मानिन्छ । सनातन परम्परा अनुसार यिनको पूजा गर्न र यिनका प्रति श्रद्धा व्यक्त गर्न नित्य तर्पण गर्नु पर्ने चलन छ । आफूप्रति सहयोगी बन्ने जसलाई पनि देवता मान्ने सोचबाट अनुप्राणित परम्पराको नाम नै सनातन धर्म हो । तिनमा पनि आमाको स्थान सर्वोपरि राखिएको छ । जीवनका महत्तम प्राप्ति मानिने शक्ति, धन र ज्ञानका प्रतीकका रूपमा महाकाली, महालक्ष्मी, महासरस्वतीलाई मान्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि आमाकै भक्ति गर्नु हो, आमाकै पूजा गर्नु हो । यी सबै कारणबाट आमाको महिमा अपरंपार छ । आमाप्रति ज्यादै सम्मानको भाव राख्ने मान्यतामा आधृत यस संकलनका अन्य निबन्धहरू **आमा !, चरित्र-निर्माणमा आमाको भूमिका र मातृदेवो भव** हुन् । आमालाई ज्यादै श्रद्धा गर्ने व्यक्ति अर्थात् मातृभक्त साहित्यकारका रूपमा यस पाठका लेखक देखिएका छन् ।

साहित्य र दर्शनमा निबन्धकारले भन्न खोजेका कुरा के हुन् भने कुनै पनि लेखन, चिन्तन, प्रवचन र सिर्जनका लागि आधार चाहिन्छ । शून्यमा केही पनि रचिँदैन । त्यस्तो आधार भनेको जीवन र जगत् हो । जीवन र जगत्का पनि भौतिक र अभौतिक गरी दुई रूप छन् । भौतिक रूप भनेको देखिने आकार हो भने अभौतिक रूप भनेको नदेखिने तर अनुभव गरिने तत्त्व हो । नदेखिने तर अनुभव गरिने तत्त्व नै जीवनको वास्तविकता हो । देखिने जगत् र अनुभव गरिने ज्ञानप्रतिको धारणा नै दर्शन हो । सामान्यतया साहित्यमा जीवनका कुराकै व्याख्या गरिएको हुन्छ तर त्यसको गहिराइमा भने दर्शन रहेको हुन्छ । दर्शन बिनाको साहित्य हुँदैन । आत्मवादी वा पारमापर्थक अथवा अध्यात्मवादी दर्शन त्यो हो । कतिपय व्यक्ति दर्शन नराखेर पनि साहित्य रचना गर्न सकिन्छ भन्दछन् । गहिरिएर विचार गर्ने हो भने साहित्यमा कुनै न कुनै रूपमा दर्शन आएकै देखिन्छ । आस्तिक वा नास्तिक जुन भए पनि एक न एक दर्शन कुनै न कुनै रूपमा प्रयोगमा आएकै हुन्छ । त्यसैले साहित्य र दर्शनको निकै गहिरो सम्बन्ध हुन्छ । पूर्वीय साहित्यमा योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तलाई आस्तिक र चार्वाक्, बौद्ध र जैनलाई नास्तिक दर्शन भनिन्छ । सांख्यलाई आस्तिक र नास्तिक दुवैका बिचको दर्शन भन्ने गरिन्छ । दृश्य त उही र उस्तै हुन्छ तर हेर्ने प्रवृत्तिको भिन्नता भयो भने देखिने कुरा पनि भिन्नभिन्न बन्न जान्छन् । कुनै नाटक हेर्दा कसैले कथाको मार्मिक घटनामा ध्यान दिन्छ भने कसैले नायकको चरित्रमा ध्यान दिन्छ । अझ कसैले नायिकाको साजसज्जा र सौन्दर्यमाथि ज्यादा ध्यान दिएको हुन्छ भने कसैले खलनायकका बदमासीलाई महत्त्व दिएको हुन्छ । त्यसै गरी कसैले समष्टि सन्देशतिर त कसैले सम्वादतिर मन डुलाएको हुन्छ । यसरी दर्शकको रुचि र विचार अनुसार एउटै नाटकका अनेक पक्ष प्रमुख बन्न जान्छन् । साहित्यमा प्रयोग गरिने दर्शनको अध्ययनका क्रममा पनि यस्तै प्रवृत्ति देखिन्छ । सार कुरा के हो भने दर्शन बिनाको साहित्य हुँदैन । साहित्यमा वेदान्त दर्शन नै प्रयोग गरिएको हुन्छ अथवा निश्चित कुनै एक दर्शन मात्र रहेको हुन्छ भन्न खोजिएको होइन । जुनसुकै घटना, चरित्र, अवस्था, परिवेश र सन्देशको प्रस्तुति भए पनि कुनै न कुनै विचार, चिन्तन, धारणा वा ध्येय साहित्यमा रहेकै हुन्छ । दर्शन भनेको पनि त्यही हो । दर्शन भनेको संविधान हो भने साहित्य भनेको ऐन वा कानुन हो । संविधानको घेराभन्दा बाहिर कुनै पनि कानुन नरहे जस्तै दर्शनबाट भिन्न रहेर कुनै पनि साहित्य बन्दैन । नेपाली साहित्यका भानुभक्त, इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, रघुनाथ, यदुनाथ, मोतीराम, शम्भुप्रसाद, सोमनाथ, धरणीधर, लेखनाथ, चक्रपाणि, बालकृष्ण, लक्ष्मीप्रसाद,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धिचरण, भीमनिधि, माधवप्रसाद आदि जति पनि साहित्यकार छन् ती सबैका प्रत्येक रचनामा कुनै नकुनै दर्शनको प्रयोग भएकै देखिन्छ । तिनका जुनसुकै कृतिको समीक्षा गर्दा दार्शनिक आधारको उपेक्षा गर्ने हो भने समीक्षाको महत्त्वपूर्ण पाटो छुट्न जान्छ । यसरी साहित्य र दर्शनमा गहिरो अन्तर्सम्बन्ध रहेको हुन्छ ।

चरित्र नै जीवन हो शीर्षकको निबन्धमा भनिएको कुरा के हो भने मनुष्य जीवनको सबभन्दा मूल्यवान् धन चरित्र हो । चरित्र त पशुपक्षी, कीटपतंग आदिको पनि हुन्छ तर मनुष्य र तिनको चरित्रमा निकै ठुलो अन्तर पाइन्छ । त्यसो अन्तर पाइएन भने मान्छेको जुनी मिलेको अर्थ रहँदैन । सामान्य आहार, निद्रा, भय जस्ता कुरा सबैमा पाइन्छन् । मनुष्यमा ती सबैभन्दा परको विशिष्ट आचार हुनु आवश्यक मानिन्छ । अरूलाई बाधा नपारी विधिपूर्वक, न्यायपूर्वक, शान्तिपूर्वक बाँच्ने र बचाउने व्यवहार मनुष्यले अपनाउनै पर्दछ । मनुष्य हुनुको पहिलो लक्षण त्यो हो । त्यस्तो व्यवहार नगर्ने मान्छे सामाजिक दृष्टिले आदर्श बन्न सक्तैन । दैनिक जीवनमा चाहिने खाद्य वस्तु, इन्धन, पानी जस्ता कुराभन्दा ज्यादा जरुरी चरित्र नै हुन्छ । चरित्र नभएको व्यक्ति, परिवार र समाजमा एक छिन पनि बस्न सकिँदैन । सुनचाँदी, हीरामोति, माणिमाणिक्य, खेतबारी, पैसा आदिभन्दा निकै ज्यादा मूल्यवान् चरित्र धन नै हो । जतिसुकै धनी भए पनि, जतिसुकै सुखसुविधाका साधनले सम्पन्न भए पनि चरित्र छैन भने केही पनि नभएको कंगाल सरह मानिन्छ । चरित्रहीन व्यक्ति समाजमा निन्दाको पात्र बनेको हुन्छ । त्यसैले धन नासियो भने केही नासिएन, स्वास्थ्य नासियो भने केही नासियो, चरित्र नासियो भने सबै नासियो भन्ने उक्ति समाजमा चलेको पाइन्छ । सीमित स्वार्थ पुरा हुने लोभमा केही व्यक्ति जे गर्न पनि तयार हुन्छन् । त्यस्तो स्वार्थको पूर्ति भई सकेपछि जिन्दगीभरि पछुतो बाहेक केही कुरा पनि हात लाग्दैन । एक छिनको लाभका लागि सधैँभरिको मानसिक पीडा खप्नु कुनै पनि दृष्टिले राम्रो होइन । ज्यादै लामो समयको संयम, अनुशासन, साधना, परिश्रम, निरन्तर समर्पणबाट मुस्किलले चरित्र बन्दछ । त्यो समाप्त हुन निमेषभरको समय पनि लाग्दैन । ठुलाठुला ऋषि, तपस्वी, साधक चारित्रिक कमजोरीकै कारण क्षणभरमै ज्यादै तल्लो तहमा गिरेका देखिन्छन् । महर्षि विश्वामित्रको व्यक्तित्व मेनकासितको सम्पर्कका कारण कहाँबाट कहाँ पुग्यो भन्ने कुरामा मनन गर्दा यो कुरा स्पष्ट हुन्छ । लोभ्याउने प्रकृतिका घटनाहरू जीवनमा बारम्बार घट्दछन् । तिनले अनेक थरी परीक्षा लिन्छन् । चारित्रिक धन कमाउन चाहने हो भने ती परीक्षाहरूमा अब्बल दर्जामा उत्तीर्ण हुनु आवश्यक हुन्छ । भौतिक आवश्यकता जति बढाउँदै लग्यो सुविधाको खोजी त्यति नै ज्यादा हुन्छ । जति ज्यादा सुविधा खोज्यो त्यति ज्यादा आर्थिक स्रोतको व्यवस्था गर्नु पर्ने हुन्छ । आर्थिक क्षेत्र फराकिलो पार्न खोज्दा चारित्रिक धन लोप हुने डर बढ्दै जान्छ । चरित्र बचाउन चाहनेले अर्थ चलाउने काम न्यून गर्नु र चरित्र बढाउन चाहनेले अर्थ घटाउनु आवश्यक हुन्छ । जीवनलाई जति सादा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचारलाई जति उच्च बनायो चरित्र त्यति नै उक्सँदै जान्छ । त्यसैले चरित्र र अर्थ सामान्यतया एक अर्काका प्रतिस्पर्द्धी बनेका देखिन्छन् । चरित्रभ्रष्ट, स्वेच्छाचारी, अनैतिक व्यक्तिको हातमा घर, परिवार, समाज र देशको नेतृत्व परेमा सबैतिर हानि नै हानि हुन्छ, कतैतिरबाट पनि उँभो लाग्ने सम्भावना हुँदैन । अर्को कुरा के पनि हो भने अर्थको बाटोमा हिँड्ने प्रत्येक व्यक्ति चरित्रभ्रष्ट भएको हुँदैन । चारित्रिक उँचाइ कायं गरेर पनि अर्थोपार्जन गर्न सकिन्छ । इमान्दार भएर अर्थोपार्जन गर्नु न राम्रो होइन तर चरित्रलाई दाउमा लगाएर अर्थप्रति आकर्षित हुनु चाहिँ राम्रो मानिँदैन । पढेलेखेको व्यक्ति कहिल्यै गलत काम गर्दैन भन्ने पनि गरिन्छ । यस प्रकारका मान्यताले पढाइलेखाइ, उत्तम वातावरण, गतिलो पारिवारिक परिवेश, राम्रो संस्कार, उपयुक्त संगत जस्ता कारणबाट कुनै पनि व्यक्तिलाई सच्चरित्रवान् तुल्याउन सकिन्छ भन्ने कुरा स्पष्ट गर्दछन् । गतिलो गुरुकुलबाट दीक्षित शिष्य कहिल्यै अगतिलो हुन सक्तैन भनिन्छ । सामान्यतया अक्सफोर्ड वा हरभर्ड विश्वविद्यालयमा पढेको विद्यार्थी योग्य हुन्छ भनिन्छ । उत्तम संस्था तथा उत्तम गुरुबाट पाइएको शिक्षाले उत्तम चरित्र बनाउँछ भन्न खोज्नु नै यस्तो कथनको उद्देश्य हो । अचेल राजनीतिक संस्कार नभएका व्यक्तिको हातमा शासन परेकोले अनेक प्रकारका विसंगति मौलाएका कुरा गरिन्छ । यस्तो भनाइले पनि सच्चरित्रकै अपेक्षा गरेको हो । जतिसुकै गरिबी र अभाव भोग्नु परे पनि चरित्र बचाइएको छ भने धनी नै भइन्छ । चरित्रवान् व्यक्तिको शिर सदा ठाडो हुन्छ । उसले कसैका अगाडि शिर निहुराउनु पर्दैन । ऊ जोसित पनि आँखामा आँखा जुधाएर स्पष्ट कुरा गर्न सक्तछ । उसको व्यक्तित्वका सामु सबै जना नतमस्तक हुन्छन् । ऊ कुनै पदमा रहे वा नरहे पनि उसले पाउने मान मर्यादा कसैको भन्दा कम हुँदैन । यी सबै कारणबाट उच्च जीवन भनेको उच्च चरित्र हो र चरित्र भएकै व्यक्तिको जीवन नै साँचो अर्थमा जीवन हो ।

सिद्ध सिलवाल नामक निबन्ध मनोरथ सिलवाल, सिलवाल पण्डित, पशुपतिका सिद्ध, वेदान्ती सिलवाल, कालु पण्डित, कालो बोके आदि नामले चर्चित पशुपतिनाथमा बस्ने एक जना पण्डितको परिचयमा आधृत रचना हो । यसमा भनिए अनुसार १९४० सालतिर खोटाङको सानो लिच्कीमा आमा हीरादेवी र बाबु कुसुमाकर सिलवालबाट जन्मेका मनोरथ पण्डितले घरमै सामान्य शिक्षा प्राप्त गरेका थिए । पछि गएर स्वाध्याय बढाउँदै यिनले योग्यता वृद्धि गर्दै गए । ठुलो भएपछि यिनी अदालतमा जागिरे पनि भए । आफूभन्दा अयोग्य व्यक्तिले ठुलो पद पाएको र आफ्नो क्षमताको कदर न भएकोले यिनले जागिर छोडी दिए । स्वाभिमानी, चिन्तनशील, भावुक हृदयका धनी भएकाले सामान्य व्यक्तिले देख्ने दृश्यभन्दा भिन्न दृश्य यिनी आफ्नो परिवेश वरिपरि देख्दथे । पैसाको सार्थकता नदेख्दा मागेर जम्मा पारिएको पैसा यिनी बागमती वा रानीपोखरीमा फाली दिन्थे अथवा गरिबहरूमा बाँडी दिन्थे । वेदान्त दर्शनका मर्मज्ञ यिनको व्यवहार सामान्य व्यक्तिका दृष्टिमा असामान्य लाग्दथ्यो । यस्तै बानीका कारण यिनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घरगृहस्थी पनि लथालिङ्ग भयो । निरन्तर श्रीमद्भागवतको चिन्तन गरी रहने, समाधिमा बस्ने, कसैसित पनि न डराउने, लोभ नगर्ने, परोपकार गर्ने, वैदिक साहित्यको ज्ञान भएका, वाक्‌सिद्धि भएका र परमात्मामा निर्भर यिनी थिए । यिनी जस्ता त्यागीले पनि जीवनमा मुद्दामामिला समेत भेल्नु पऱ्यो । प्रतिभा, ज्ञान, अनुभव पर्याप्त मात्रामा रहे पनि ती कुरा यिनले कतै उल्लेख गरेनन् । केही पत्रिकाका फाटफुट लेख पढ्दा र पशुपति क्षेत्रमा व्याप्त कतिपय कथा सुन्दा यिनका बारेमा सामान्य जानकारी मिल्दछ । २००२ सालतिर पशुपतिनाथ मन्दिर परिसरमा पद्मासन बाँधेर समाधि लिई यिनी ब्रह्मलीन भए । यिनको त्याग, तपस्या, ज्ञान, सिद्धि र योग्यताको चर्चा आज पनि पशुपतिनाथ मन्दिरमा विज्ञहरू गर्दछन् । वेदान्त दर्शनकै कुरामा केन्द्रित भए पनि व्यक्ति र व्यक्तित्वको चर्चालाई महत्त्व दिई भिन्न तरिकाबाट यो निबन्ध लेखिएकोले यसको छुट्टै समीक्षा गरिएको हो ।

साक्षरता किन र कसरी ? भन्ने निबन्ध पनि वेदान्त दर्शनलाई आधार बनाएर लेखिएको छ । यसमा के कुरा बताइएको छ भने गीता, उपनिषद् आदि ग्रन्थहरूमा नाश हुने जीव, वस्तु र तत्त्वलाई क्षर तथा नाश नहुने चैतन्य, अविनाशी ब्रह्मवस्तुलाई अक्षर भनिन्छ । अक्षर पढ्नु भनेको नाश नहुने तत्त्व पढ्नु हो । अहिले रहे पनि केही बेरपछि नरहने अर्थात् नाशवान् पदार्थ पढ्नु, जान्नु र बुझ्नुभन्दा कहिल्यै समाप्त नहुने पदार्थ पढ्नु, जान्नु र बुझ्नु बुद्धिमानी हुन्छ । यस्तो कुरा जान्नु नै जीवनको सार पक्ष जान्नु हो । निरक्षर हुनु भनेको अज्ञानबाट छोपिनु हो । सामान्य व्यवहारमा पनि निरक्षर व्यक्ति ठगिएको, झुक्किएको, अप्ठेरोमा परेको देखिन्छ । थोरै पैसा दिएर धेरै पैसा दिएको तमसुक लेखी गाउँघरमा टाठाबाठाहरूले गरिब जनतालाई दिनसम्म सास्ती दिने गरेको कुरा सुनिन्छ । साक्षर भयो भने यस्तो अवस्था आउँदैन । साक्षर नहुँदा परदेशमा गएको आफन्तलाई अरूबाट चिठी लेखाउनु पर्ने अवस्था आउँछ । त्यसैले व्यक्तिदेखि विश्वसम्मका सबैले साक्षर हुनु आवश्यक छ । साक्षर हुनु भनेको क, ख, ग, घ जस्ता अक्षर चिन्नु मात्र होइन । साक्षर भएपछि ज्ञान आर्जन गर्न सजिलो हुन्छ र अनेक थरी आवश्यक विद्या जानिन्छ । ज्ञानवान् बन्ने पहिलो आधार साक्षर हुनु हो । निरक्षरता व्याप्त भएको नेपाल जस्तो देशमा साक्षरता बढाउनु ज्यादै आवश्यक छ । देशको उन्नतिमा पनि साक्षरताले निकै ठुलो सहयोग गर्दछ । प्रत्येक साक्षरले एक जना निरक्षरलाई साक्षर बनाउनमा सहयोग गरेमा थोरै समयभित्र देशबाट निरक्षरता समाप्त हुन सक्तछ । शिक्षालाई वर्ण्य विषय बनाई लेखिएका यस केतिका अन्य निबन्धहरू **नैतिकता र चारित्रिक शिक्षा : आजको आवश्यकता, शिक्षा : प्राचीन मान्यता, अर्वाचीन विचार, राष्ट्रिय शिक्षा, विद्याको फल विनय** हुन् ।

हिन्दू नारीहरूको आदर्श र सामाजिक मर्यादा नामक निबन्धमा मातृ शक्तिको महिमा गानका साथै हिन्दू धर्ममा नारीको स्थान तथा हिन्दू नारीले कायं गर्दै आएको चारित्रिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैशिट्यको चर्चा गरिएको छ । यसमा पनि निबन्धकारको दार्शनिक धरातल वेदान्त नै रहेको छ । यसमा भनिए अनुसार हिन्दू नारीहरू शक्तिका रूपमा पुजिँदै आएका छन् । महाकाली, महालक्ष्मी, महासरस्वती, अष्टमातृका, चौसट्ठी योगिनी आदिको मान्यता त्यसको प्रमाण हो । अझ सीता, सावित्री, अनुसूया, अहल्या, अरुन्धती, द्रौपदी, कुन्ती, गान्धारी, तारा, शवरी, मन्दोदरी, त्रिजटा लगायतका प्रसिद्ध मातृ शक्तिका चरित्रले यस कुरामा थप बल मिल्दछ । नारीको हँसिलो उज्यालो अनुहार, प्रसन्न हृदय, उदार चरित्र, त्यागमय जीवन, धैर्यशील व्यवहार, वात्सल्यपूर्ण भाव, शान्त र सौहार्दयुक्त आचरणले सारा विश्व नै प्रभावित भएको पाइन्छ । यस्तो व्यवहारमा हिन्दू नारीहरू अझै अगाडि देखिन्छन् । त्यसैले मनुले जहाँ नारीको सम्मान हुन्छ त्यहाँ देवताहरू प्रसन्न हुन्छन् भनेका छन् । गीता, गंगा र गाईलाई ज्ञान, दया, अध्यात्म, सेवा, त्याग र पोषणका प्रतीक मानिन्छ । वैदिकका साथै तान्त्रिक दुवै उपासना पद्धतिमा मातृ शक्तिलाई निकै ठुलो स्थान दिइएको छ । नारी शक्तिप्रति सम्मान गर्ने प्रवृत्तिका यी निबन्धकारले यस्तै भावलाई आधार बनाएर लेखिएको **हिन्दू परम्परामा नारीको स्थान** भन्ने अर्को निबन्ध पनि समीक्ष्य पुस्तकमा समावेश गरेका छन् ।

गाईको महिमा शीर्षकको निबन्धमा रचनाकारले गाईलाई सनातन परम्परामा निकै ज्यादा धार्मिक र सांस्कृतिक महत्त्व दिइएको कुरा प्रस्तुत गरेका छन् । यसमा बताइए अनुसार गाईको शरीरमा समस्त देवीदेवताको वास हुन्छ । गाईको प्रदक्षिणा गरेमा पृथिवीका सम्पूर्ण देवता तथा तीर्थको प्रदक्षिणा गरेको फल पाइन्छ । गाईका रौंरौंमा ऋषिहरूको वास भएको मानिन्छ । गाई पाल्ने चलन वैदिक कालदेखि आजसम्म हिन्दू समाजमा कायं रहेको छ । राजा, महाराजा, ऋषि, महर्षि, गृहस्थ सबैले गाई पाल्ने र गाईको सेवा गर्ने काममा त्रुटि हुन न दिएको कुरा धर्म र संस्कृतिसित सम्बद्ध साहित्यको अध्ययन गर्दा थाहा हुन्छ । गौदान विनाको कुनै पनि अनुष्ठान पूर्ण नहुने चलन गाईलाई पुज्ने परम्पराको द्योतक हो । बल, विद्या, बुद्धि, गौरव, धन, शक्तिका लागि गोधन आवश्यक मानिन्छ । दुध खानका लागि मात्र नभएर पौष्टिकता तथा धार्मिक आस्थाका निमित्त गाईलाई सर्वोपरि महत्त्व दिने गरिन्छ । दुध त भैंसी, बाख्री, गधा, घोडा, उँट आदि जनावरको पनि खाने चलन छ तर तिनलाई गाईको स्थानमा राखिँदैन । गाईलाई देवीका रूपमा मान्ने पौरस्त्य दर्शनको मान्यतालाई मत्थर तुल्याउन पश्चिमाहरूले गलत पाठ पढाएका छन् । गाई भनेको चार खुट्टे जनावर हो भनेर निबन्ध लेखाउन लगाउने चलन त्यसको प्रमाण हो । वास्तवमा गाई भनेको अध्यात्मको प्रतीक हो, ज्ञानको प्रतीक हो र आस्थाको प्रतीक हो । अबको शिक्षामा यस प्रकारका कुरामा पनि सुधार गर्नु आवश्यक छ । गाईका वारेमा छाएका भ्रम हटाउँदै पूर्वीय सभ्यताको प्राचीन परम्परा गोत्र, गोष्ठी जस्ता कुराको वास्तविकता बुझ्नु र बुझाउनु पनि आज आवश्यक भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानवता र अतिथि सेवा भन्ने निबन्धमा सदाचार, परोपकार, दया, अहिंसा, सेवा, त्याग, अक्रोध, परमात्मामा भक्ति जस्ता भाव र व्यवहारको अर्को नाम नै मानवता हो भनिएको छ । अर्कातिर पूर्व सूचना नदिई वा निश्चित तिथिमितिको जानकारी नदिई विशेष कारणवश अथवा आत्मीय सम्बन्धको विकासका लागि भेट्न आउने व्यक्ति अतिथि हो भन्ने कुरा पनि यसमा व्यक्त गरिएको छ । यसमा पनि वेदान्त दर्शनलाई नै पृष्ठभूमिमा राखेर मानवता र अतिथि सेवाका विषयमा चर्चा गरिएको छ । निबन्धकार यसमा मानवतावादी बनेर प्रकट भएका छन् । यस रचनामा के कुरा बताइएको छ भने सृष्टिकर्ता ब्रह्माले ज्यादै परिश्रम गरेर मान्छे बनाएका हुन् । बुद्धिमान् र चेतनशील प्राणीका रूपमा ब्रह्माबाट मान्छे बनाइएको हो । बुद्धि र चेतना भएको हुनाले नै मान्छे अन्य प्राणीका तुलनामा श्रेष्ठ मानिएको हो । सदाचार, तप, त्याग, क्षमा, सहनशीलता, धर्म, प्रेम, परोपकार, सेवा, विवेकपूर्ण व्यवहार मान्छेले गर्नु जरुरी छ । त्यो भएन भने मनुष्य हुनुको अर्थ पनि रहँदैन । यी सबै कुरा चरित्र तथा व्यवहारमा उतारेर समस्त प्राणीका साथै अतिथिको सेवा गर्नु मनुष्यको कर्तव्य हो । यस्तै भावमा आधृत भएर लेखिएको **हामी मान्छे बनौं** भन्ने निबन्ध पनि प्रस्तुत कृतिमा समावेश गरिएको छ ।

हामी सनातनी हौं भन्ने पाठमा आत्मा, ईश्वर तथा ब्रह्म मान्नु नै सनातन हुनु हो भन्दै प्रत्यक्ष वा परोक्ष जुन रूपले भए पनि संसारमा ब्रह्म नमान्ने कोही नभएकोले समस्त मानव समुदायलाई सनातनी हो भनिएको छ । यसै सन्दर्भमा प्रस्तुत रचनामा के पनि भनिएको छ भने संसारमा जहाँ रहे जहाँ बसे पनि सबै मनुष्यले सुख, आरोग्य र शान्ति चाहन्छन् । सनातन परम्पराको मूलभूत उद्देश्य पनि तिनै उपलब्धि हासिल गर्नु हो । आफू जस्तै अन्य प्राणीलाई पनि सम्झनु, सबैप्रति समभाव राख्नु, आफू बाँच्नु र अरूलाई बचाउनु, दुःखकष्टमा परेकाको उद्धार गर्नु, आफूलाई मन नपर्ने व्यवहार अरूप्रति नगर्नु, अज्ञानरूपी अन्धकार हटाउनु र सर्वत्र ज्ञानको ज्योति फैलाउनु नै सनातनी हुनु हो । संसारका सबै मनुष्यले यस प्रकारका सद्व्यवहारलाई नै जीवनमा उतार्ने प्रयास गर्दछन् । सनातन परम्पराको पहिचान भनेकै यस्तै सद्गुणको अनुसरण गर्नु हो । त्यसैले निबन्धकार समस्त मानव जातिलाई सनातनी देख्दछन् । यस्तै सोचलाई निबन्धमा ढालेर रचनाकारले अन्य सिर्जना पनि गरेका छन् । समीक्ष्य कृतिमा समावेश गरिएका **धर्म : हाम्रो सर्वस्व, हाम्रो धर्ममा अपाङ्गहरूको स्थान, नवरात्रिमा रात छैन, दशैंमा चण्डीपाठ, विजया दशमी, हाम्रो संस्कृति, मातृस्वरूपिणी दुर्गाको पूजा** शीर्षकका निबन्धहरू त्यसका उदाहरण हुन् ।

शीर्षक भिन्नाभिन्नै भए पनि लगभग सबैमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले उनै कुरा सोझै वा प्रकारान्तरले यस कृतिमा पनि आएका छन् । ब्रह्मज्ञान जस्तो अत्यन्त कठिन मानिने विषयलाई बारम्बार भनेर बुझ्न सकिने बनाउनु पर्ने कुरा विज्ञहरू बताउँछन् । उही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र उस्तै विषयको उल्लेख वा चर्चा भएको निबन्धको अलगगै समीक्षा आवश्यक न देखिएकोले यसमा प्रतिनिधि केही निबन्धको मात्र चर्चा गरिएको हो ।

४.२.२३ दशश्लोकी र मृत्यु-माहात्म्य

दशश्लोकी र मृत्यु-माहात्म्य (अध्यात्म-काव्य) २०६४ सालमा श्रीमती रुक्मिणी श्रेष्ठ र श्रीमती कदमकुमारी श्रेष्ठद्वारा प्रकाशमा ल्याइएको प्रा. शिवगोपाल रिसालको बाइसौँ कृति हो । आद्य शंकराचार्यको परक *दशश्लोकी* लघु काव्यका दस वटा श्लोकको व्याख्या सहित नेपाली रूपान्तरमा *मृत्युमाहात्म्य* पनि थपेर तयार पारिएको कृति यो हो । प्रारम्भिक अंश ४ तथा पाठको अंश ९१ गरी जम्मा ९५ पृष्ठको यो कृति डिमाईभन्दा पनि सानो आकारको छ ।

पहेँलो रङ्गको गाताको पहिलो पृष्ठको बिच भागमा चार कुने घेराभित्र आद्य शंकराचार्यको हस्त निर्मित श्यामश्वेत चित्र राखिएको छ । त्यसको माथिल्लो भागमा ॐ त्यसको मुनि तिन वटा लहरमा पुस्तकको नाम **दशश्लोकी र मृत्यु-माहात्म्य** लेखिएको छ । आवरण पृष्ठको तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ । गाताको पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको श्यामश्वेत चित्र तथा सो अवधिसम्म प्रकाशित र प्रकाशोन्मुख कृतिहरूको नाम दिइएको छ । गाताको भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन् । त्यसपछिको भित्री पहिलो र दोस्रो पृष्ठमा पुस्तकको परिचय, तेस्रो पृष्ठमा लेखकको *दशश्लोकी* वारेको र चौथो पृष्ठमा लेखकको *मृत्यु-माहात्म्य* बारेको भूमिका दिएपछि पुस्तकको विषयवस्तु सुरु गरिएको छ । यसमा विषय सूची दिइएको देखिँदैन ।

यस पुस्तकमा *दशश्लोकी* र *मृत्यु-माहात्म्य* शीर्षकका दुई खण्ड छन् । पहिलो खण्ड **दशश्लोकी**मा आद्य शंकराचार्यले रचना गरेका वेदान्त दर्शनको चिन्तनमा आधृत दस वटा श्लोकको मूलपाठ दिई प्रत्येक श्लोकको सार शास्त्रीय विभिन्न छन्दका एघार वटा नेपाली श्लोक तथा गद्यानुवादमा ढालेर राख्ने काम गरिएको छ । दशश्लोकीको नेपाली रूपान्तरपछि दुई पृष्ठमा **अन्त्यमा** शीर्षकका शास्त्रीय छन्दका आठ वटा र थप दुई पृष्ठमा **कृतज्ञता** शीर्षकका शास्त्रीय छन्दकै नौ वटा श्लोक दिइएको छ । त्यसै गरी दोस्रो खण्डमा वेदान्त दर्शनको मृत्यु सम्बन्धी मान्यतालाई आधार बनाएर शास्त्रीय विभिन्न छन्दमा रचिएका २६७ श्लोकको *मृत्यु-माहात्म्य* राखिएको छ । मूलपाठ, अनुवाद र भावार्थ गरी पहिलो खण्डमा १३७ र दोस्रो खण्डमा २६७ गरी जम्मा ४०४ श्लोक भएको रचना यो हो । यो कृति दुइटा पुस्तकको समीकरणबाट बनाइएको छ ।

श्री आद्य जगद्गुरु शंकराचार्यद्वारा दस वटा श्लोकमा रचित *दशश्लोकी* परक प्रसिद्ध कृति हो । यसमा **त्वम्** तथा **तत्** पदको शोधन र तिनको एकताका बारेमा बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मधुसूदन सरस्वतीले गरेको यसको टीका प्रामाणिक मानिन्छ । बदरीनाथ भट्टराईले नेपालीमा गरेको यस रचनाको टीका पनि ज्यादै चर्चित छ । मूलपाठका साथै उपर्युक्त दुवै टीकाको अध्ययन गरी प्रा. रिसालले *दशश्लोकी* तयार पारेका छन् । यसमा मूलपाठ जस्ताको तस्तै राखी प्रत्येक श्लोकको भाव एउटा प्रमुख श्लोकमा र व्याख्या चाहिँ दस वटा थप शास्त्रीय छन्दका श्लोकमा नेपाली भाषामा प्रस्तुत गरिएको छ । अझ प्रत्येक श्लोकको रूपान्तर गद्यमा समेत गरिएको छ । आद्य शंकराचार्यले विवेच्य रचनामा भनेका कुराको अधिकतम स्पष्टीकरणमा आधृत रचना प्रा. रिसालको *दशश्लोकी* हो ।

पृथिवी, जल, तेज, वायु, आकाश, इन्द्रिय समूह आदि कुनै पनि कुरा नभएर केवल चैतन्यरूपी शिव नै परमात्मा हो भन्दै वर्ण्य विषयको थालनी गरी यसमा के कुरा बताइएको छ भने वर्णाश्रम धर्मले देखाएका बाटाहरूभन्दा धेरै परको र योग, ध्यान तथा धारणाभन्दा पनि निकै परको म, मेरो, यो, त्यो जस्ता कुराको सीमाभन्दा पारिको एउटा मात्र तत्त्वका रूपमा रहेको चैतन्यरूपी शिव नै परमात्मा हो । ब्रह्म भनेको आमा, बाबु, देवता, लोकादि जगत्, वेद, यज्ञ, तीर्थ आदि कुनै पनि कुरा होइन । सुषुप्तिमा रहेका बखत व्याप्त हुने आफू भन्ने भावको अन्त्य तथा शून्यावस्थामा अन्तर्निहित चैतन्यरूपी शिव नै परमात्मा अर्थात् ब्रह्म हो । दार्शनिकहरूले विवाद र बहस गर्ने सांख्य, शैव, पाञ्चरात्र, जैन, मीमांसा आदि कुनै पनि दर्शन परमात्मा होइन । निकै लामो समयसम्म साधना गरी प्राप्त हुने सिद्धिका अवस्थामा देखिने शुद्धात्मचैतन्य रूप सत्य नै परमात्मा अर्थात् ब्रह्म हो । माथि, तल, भित्र, बाहिर, तेर्सो, सिधा, बिच, पूर्वपश्चिम जस्ता दिशा आदि पनि परमात्मा होइन । पूर्णात्माका रूपमा आकाश जस्तै व्यापक हुँदा शेष रहने एक मात्र शुद्धात्मचैतन्य रूप सत्य नै परमात्मा अर्थात् ब्रह्म हो । परमात्मा सेतो, कालो, रातो, पहेंलो, मोटो, छोटो, कुँजो, लामो आदि आकार प्रकारमा नापिन सकिने खालको हुँदैन । सच्चा ज्ञानमय प्रकाशमा उज्यालिने तथा कुनै पनि रूपमा प्रकट नहुने एक मात्र शुद्धात्मचैतन्य रूप सत्य नै परमात्मा अर्थात् ब्रह्म हो । परमात्मामा शिक्षा हुँदैन र शास्त्र पनि हुँदैन । अझ यसमा गुरु र शिष्य पनि हुँदैनन् । त्यति मात्र नभएर तिमी र म जस्ता सांसारिक प्रपञ्चहरू पनि यसमा हुँदैनन् । म र मेरो भन्ने कुराको अनुभूति नहुने द्वैत संसारका कुरा पनि यसमा हुँदैनन् । एक मात्र शुद्धात्मचैतन्य रूप सत्य नै परमात्मा अर्थात् ब्रह्म हो । परमात्मा जाग्रत्, स्वप्न, सुषुप्ति, सपना, संसार, तेज, बुद्धिका साथै अज्ञानताका कारण उत्पन्न हुने म र मेरो भन्ने भावना पनि होइन । एक मात्र शुद्धात्मचैतन्य रूप सत्य नै परमात्मा अर्थात् ब्रह्म हो । आनन्दमय, व्यापक, प्रकाशक, सिद्ध रूप, अरू कुनै कुरा नदेखिने, सर्वत्र हित गर्ने, शिवको स्वरूप, आश्रय नभएको, सारा जगत्को अस्तित्व नदेखिने एक मात्र शुद्धात्मचैतन्य रूप सत्य नै परमात्मा अर्थात् ब्रह्म हो । एउटाभन्दा भिन्न अर्को कुनै पनि कुरा नदेखिने, केवल र अकेवल नभएको, शून्य र अशून्य पनि नदेखिने एक मात्र अद्वैत शुद्धात्मचैतन्य रूप त्यस वस्तुलाई स्पष्ट शब्दमा यही हो भन्न गारो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*दशश्लोकी*को नेपाली भाषामा अनुवाद, रूपान्तर तथा व्याख्या गरेपछि दिइएको **अन्त्यमा** भन्ने शीर्षकमा प्रा. रिसाल आफू भौतिक वस्तुको थुप्रो नभएर ब्रह्मको अंश भएको कुरा व्यक्त गर्दछन् :

म पञ्चभूत हैन है न ता म सूक्ष्म भूत हुँ ।
म देखिने नदेखिने, प्रपञ्चदेखि भिन्न हुँ ।।
म जाग्रदादिको परै, म कोषदेखि दूर छु ।
ममा सबै समाहित, म नित्य, बुद्ध, एक छु ।।१०४।।
अवस्था वा आस्था गुणमय सबै कल्पित कला ।
बुझी मिथ्या सारा मन-वचनको शेष रहला ।।
म यौटै सत्यात्मा अमर-पदको शेखर-मणि ।
अखण्डै, आनन्दै म त शिव भएँ शान्त तरणि ।।१०७।।

कृतज्ञता शीर्षकको अंशमा *दशश्लोकी*का मूल रचयिता श्री आद्य जगद्‌गुरु शंकराचार्यले गरेका असामान्य कार्यको प्रशंसाका साथ उनका प्रति कृतज्ञता व्यक्त गरिएको छ :

अद्वैत वेदान्त गरे प्रचार ।
प्रख्यात चारैतिर भाष्यकार ।।
मठादि, पीठादि र मन्दिरादि ।
गरे व्यवस्था शिव-पूजनादि ।।११३।।
श्रीशंकराचार्य उदाउनाले ।
अद्वैतको डिंडिम गर्जनाले ।।
नवीन आलोक सनातनीमा ।
सत्प्रेरणा ज्ञान र साधनामा ।।११६।।

वेदान्तलाई दर्शन शिरोमणि अर्थात् दर्शनहरूको पनि दर्शन भनिन्छ । यो दर्शन ज्ञानको पराकाष्ठा पनि हो । यसलाई सहज रूपमा जान्न बुझ्न गारो पर्ने कुरा अनुभवीहरू बताउँछन् । प्रा. रिसालले सूत्रात्मक ढङ्गबाट शंकराचार्यले गाउँ खाने कथाको शैलीमा बताएका वेदान्त चिन्तनका कुरालाई सजिलो नेपाली गद्यपद्य दुवैमा उतारेर अनुवाद र व्याख्या गरेका छन् । यसले सिर्जना र अनुवाद दुवैमा पारंगत प्रतिभा प्रा. रिसाल हुन् भन्ने कुराको परिचय पनि दिएको छ ।

मृत्यु-माहात्म्य प्रस्तुत कृतिको उत्तरार्द्ध अर्थात् पछिल्लो खण्ड हो । *दशश्लोकी* र *मृत्यु-माहात्म्य* दुवैलाई समान महत्त्व दिइएको हुनाले यस पुस्तकको नाम *दशश्लोकी* र *मृत्यु-माहात्म्य* राखिएको छ । मृत्युका विषयमा दर्शनमा गरिएको चिन्तनलाई नेपाली पद्यमा उतारेर यो अंश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तयार पारिएको छ । यसमा मृत्युसित डराउन नहुने कुरा बताइएको छ । यसमा रचनाकारले के कुरा व्यक्त गरेका छन् भने जन्मेपछि मृत्यु त अवश्य हुन्छ । जन्मनु र मर्नु भनेको प्रारब्धका कारण भोग्नु पर्ने विधान हो । मूल कुरा त परमात्माको ज्ञान हो । प्रत्येक प्राणीमा परमात्माको वास हुन्छ । आत्मा अमर छ । प्राणी शरीर नभएर आत्मा हो । अमर, अजर आत्मासँग मर्ने, बुढो हुने, रोगाउने, घट्ने, बढ्ने, शरीरलाई जोड्नु हुँदैन । आत्मरूप भएकोले शरीर मरे पनि आत्मा त मर्दैन । मर्ने शरीर पाएर नमर्ने आत्माको वा ब्रह्मको साक्षात्कारपूर्वक मोक्ष लाभ गर्नु नै जीवनको परमपुरुषार्थ हो । शरीर मर्नु प्रतिकूल कुरा नभएर अनुकूल नै हो । म शरीर होइन आत्मा हुँ ब्रह्म हुँ भन्ने कुराको बोध भयो भने मर्ने शरीरमा रहेर पनि न मर्ने ब्रह्मको ज्ञान हुन्छ । अमर आत्मा भएर मर्ने शरीरलाई हेर्नु नै वेदान्त दर्शनको सार हो ।

मृत्यु जीवनको शत्रु नभएर मित्र हो । जीव भएर जन्मेपछि अवश्यंभावी मृत्युसित डराउनको सट्टा मित्रता गाँस्नु नै बुद्धिमानी हुन्छ । सुतेको समयमा जीवन र जगत्सित मात्र नभएर आफूसित सम्बद्ध कुराको पनि थाहा हुँदैन । यो देखिने संसार तथा भौतिक प्रपञ्च पनि त्यस्तै हो । यो त आँखाको चमत्कार मात्र हो र एक प्रकारको जादू हो । सुतेको अवस्था पार गरेपछि जसरी जाग्रत् स्थितिमा फर्किनु पर्दछ त्यसै गरी जीवको जुनीको मृत्युरूपी निद्राबाट ब्युँझेपछि परमात्मामा फर्कनु पर्दछ । परमात्मामा फर्कनु भनेको आफ्नो सही स्वरूप प्राप्त हुनु हो । त्यसैले मृत्युसित डराउनु पर्ने कुनै कारण देखिँदैन । अर्को कुरा के पनि हो भने प्राणीको स्वभाव भनेको सच्चिदानन्द स्वरूप हुनु हो । त्यो कुरा जान्यो भने जन्मको खुसी र मृत्युको डर हुँदैन । जन्म मृत्युको घेराभन्दा परको अजन्मा तथा अमरशील आत्मा आफू हो भन्ने कुरा जान्नु जरुरी छ । यस्तो ज्ञान भएको मान्छे कहिल्यै दुःखी हुँदैन । आफूलाई ब्रह्म ठान्ने हो भने जस्तोसुकै विकराल काल मार्नका लागि सामुन्ने उपस्थित भए पनि डर लाग्दैन । ब्रह्म भनेको कालको पनि काल, महाकाल, मृत्युञ्जय, शिव, विशुद्धात्मा र महाज्ञान हो । काल स्वयं त्यससित डराउँछ । आफूसित डराउँदै हिंड्नेको डरले थर्कमान हुनु भनेको त कायरता हो, अज्ञान हो र मूर्खता हो । आफूमा रहेको त्यस्तो कायरता, अज्ञान र मूर्खता हटाएमा कालजयी भइन्छ र ज्ञानी बनिन्छ । काल त सबैको आउँछ । निकै ठुलो सुरक्षा सञ्जालमा बस्ने राजा महाराजा र नेताहरूलाई पनि कालले टिपेर लगदछ । काल आई हालेमा कसैले रोकेर रोकिँदैन । काल आउनु अनिवार्य नियम हो तर उसले ज्यान लिन सक्तछ प्राण लिन सक्तैन । ज्यान आफ्नो होइन प्राण बिरानो होइन भने फाटेको लुगा जस्तो ज्यान लैजाने दरिद्र कालसित डराउनु पर्ने त कुनै कारण हुँदैन ।

मृत्यु आओस् भन्दैमा पनि आउँदैन । आउनु पर्ने दिनमा नआओस् भन्दा पनि त्यो आउँछ, आएरै छोड्छ र लगेरै छोड्छ । सांसारिक विषयसित लुटपुटिने स्वभावका कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काल आउने र मरिने कुराको डर लाग्दछ । यो शरीर पृथिवी, जल, तेज, वायु, आकाश जस्ता पञ्च महाभूतको योग हो र मृत्युपछि यो तिनै तत्त्वहरूमा विलीन हुने हो भन्ने कुरा बुझ्ने ज्ञानी अहिले, भरे वा भोलि जहिले काल आए पनि त्यसको स्वागत गर्न तयार रहेको हुन्छ । उसलाई मृत्युपछिको अवस्थाका बारेमा जानकारी हुन्छ । प्रारब्धवश जति जन्म भए पनि ऊ अत्तालिँदैन किनभने त्यस्तो चक्रमा नफसी धरै हुँदैन भन्ने कुरा उसले बुझेको हुन्छ र मनुष्य योनिमा रहेर जन्म एवं मृत्युको चक्रबाट सदाका लागि मुक्त हुने प्रयत्न उसले गरेको हुन्छ । नजन्मने गरी मर्ने तयारी गरिएको छ भने मृत्युलाई खुसीको अवसर मानिन्छ । अहिलेको भन्दा भरेको अवस्था राम्रो हुने कुरा बुझियो भने भरे कहिले होला भनी प्रतीक्षा गरिन्छ र सो समय आउँदा प्रसन्न भइन्छ । यसरी नै जन्म र मृत्युको चक्रबाट मुक्ति पाइने काम गरिएको छ भने काल आउँदा त गलैंचा ओछ्याएर स्वागत गरिन्छ । कालभन्दा पनि ज्यादा डर लाग्दो कुरा त सांसारिक जन्जाल हो । अज्ञानले घेरिएर त्यसमा फसिएको छ भने चाहिं आगामी दिन झनै कठोर, दयनीय, घातक र कष्टप्रद हुने भएकाले डराउनु पर्ने अवस्था आउँछ । त्यसैले आफ्नो स्वरूपबाट च्युत हुनु हुँदैन । समय छँदै आफ्नो स्वरूप चिनेर ज्ञान प्राप्त गर्नु र मनुष्य भएर जन्मनुको अर्थ सार्थक बनाउनु बुद्धिमानी हो :

मृत्यु नै हो महामित्र, मृत्यु नै हो महाधन ।
मृत्युञ्जय तिमी हुन्छौ, आज नै ज्ञानवान् बन ।।१६६।।
वेदको सार हो आत्मा, अनात्मा त असार हो ।
स्वीकार म त आत्मा हुँ, मृत्युको मुख बन्द भो ।।२४९।।

मृत्यु जीवनको अनिवार्य अङ्ग र सहयात्री हो तापनि लोकमा त्यस्तो सहयात्रीसित डराउने काम प्रचुर मात्रामा हुँदै आएको छ । यस्तो प्रवृत्ति तत्काल रोकिने अवस्था देखिँदैन । यो त अनन्त समयसम्म चली रहने सम्भावना देखिन्छ । मान्छे मात्र नभएर जुनसुकै प्राणीमा मृत्युको डर हुन्छ । वेद, पुराण, उपनिषद्, रामायण, महाभारत लगायतका पूर्वीय सभ्यताका प्रतिनिधि ज्ञानका ग्रन्थ मानिने रचनाहरूले मृत्युसित डराउनु हुँदैन भनेर लामो समयदेखि बताउँदै आए पनि लोकमा मृत्युसित नडराउने अवस्था आएको देखिँदैन । मृत्युसित डराउन छोडेर मित्रता गाँस्नु र नचिकेताको जस्तो व्यवहार अपनाउनु नै असली कुरा जान्नु हो । जन्मसँगै मृत्यु पनि जन्मने भएकोले मृत्युलाई कहिल्यै साथ नछोड्ने र घनिष्ट सम्बन्ध गाँसेर छाया जस्तो बन्ने निकटतम साथी मान्नासाथ जीवनमा छाउने अनेकौं दुःखकष्ट स्वतः निर्मूल हुन्छन् । बिजुलीको आविष्कार नहुँदासम्म आकाशमा चम्कने र कहिलेकाहीं उल्कापात भएर खस्ने बिजुली देख्दा डराउने मान्छे बिजुलीबाट हुने लाभका विषयमा थाहा पाएपछि आज घरमा, कोठामा, आँगनमा, पटाङ्गिनीमा, हातमा, पातमा जताततै जडान गरेर बिजुलीलाई साथी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र नभएर जीवनको अभिन्न अङ्ग बनाई रहन बस्न थालेको छ । त्यसरी मित्रता गाँस्दा बिजुलीले पनि मान्छेलाई सबैतिरबाट सक्दो सहयोग गरी रहेको छ । मृत्युसित पनि डराउन छोडेर नजिकिने, साथमा रहने, मितेरी गाँस्ने, घनिष्ट सम्बन्ध राख्ने, आफ्नोपन बढाउने गऱ्यो भने त्यसले मानवलाई अनेकौं उपहार दिन सक्तछ । 'मरिन्छ' भनेर डराउने होइन बरु 'मर्नु त निश्चित छ' भन्ने ठानेर सत्कार्य, सत्चिन्तन, सन्मार्गको अवलम्बन, जीवनका सुन्दर पक्षको अनुसन्धान र समयको सदुपयोग गर्न सक्नु पर्दछ । जीवन बोधबाट जीवन सकारात्मकभन्दा नकारात्मक र मृत्यु बोधबाट जीवन नकारात्मकभन्दा सकारात्मक बाटोमा अग्रसर बन्दछ । मृत्युका विषयमा चर्चा, चिन्तन, बहस, अध्ययन, अनुसन्धान, परीक्षण, प्रयोग, शास्त्रार्थ, खोजिनिती, चासो, शैक्षिक क्षेत्रका पाठ्य पुस्तक निर्माण गर्ने कामको थालनी हुनु आवश्यक छ :

बुझ्नै न सक्ने महिमा अपार ।
हो मृत्युको सार-असार पार ।।
म मृत्युलाई अब हेर्न सक्ने ।
बनाउनोस् हे शिव ! काल छेक्ने ।।२६६।।

४.२.२४ प्रेमदेखि परमात्मासम्म

प्रेमदेखि परमात्मासम्म (दार्शनिक निबन्ध सङ्ग्रह) स्वाध्याय परिवार जावलाखेल, ललितपुरद्वारा २०६५ मा पहिलो र २०६७ सालमा दोस्रो संस्करणका रूपमा प्रकाशित प्रा. शिवगोपाल रिसालको तेइसौं कृति हो । *समुदय* त्रैमासिक, *जनक* वार्षिक, *सत्यदर्पण* वार्षिक, *अनन्तधारा* त्रैमासिक, *पशुपति क्षेत्र, सत्संग, प्रतिबोध* जस्ता विविध पत्रपत्रिकामा प्रकाशित आध्यात्मिक निबन्धहरूको संशोधित, सम्पादित र परिमार्जित ६६ वटा निबन्धहरूको सँगालो यो पुस्तक हो । डिमाईभन्दा केही ठुलो आकारको यस कृतिमा प्रारम्भिक अंश ६२ तथा पाठको अंश ४१० गरी जम्मा ४७२ पृष्ठ छन् । पहिलोभन्दा दोस्रो संस्करणको गाताको मोटाइ, चित्र, मसी र कागजको स्तरका साथै संयोजनमा पनि परिवर्तन तथा परिवर्द्धन गरिएको छ । आवरणको पहिलो पृष्ठमा पैतलामा विभिन्न देवताका चिह्न भएका बाल गोविन्द भगवान् श्री कृष्णलाई काखमा लिएकी यशोदाको हस्त निर्मित रंगीन चित्रको माथि पुस्तकको नाम **प्रेमदेखि परमात्मासम्म** र मुनि निबन्धकार **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ भने पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको रंगीन चित्र, त्यस बखतसम्म प्रकाशित कृतिहरूको नाम र प्रकाशन वर्षको विवरण तथा ISBN दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठहरू खाली राखिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको परिचय, स्वाध्याय परिवारको ३९ पृष्ठ लामो दोस्रो संस्करणको र दुई पृष्ठ लामो पहिलो संस्करणको प्रकाशकीय, श्री १००८ स्वामी रामानन्द गिरिको **प्राध्यापक शिवगोपाल रिसाल र प्रेमदेखि परमात्मासम्म** शीर्षकको दोस्रो संस्करणको भूमिका, शरदकुमार भट्टराईको **'प्रेमदेखि परमात्मासम्म्ह विचरण गर्दा** भन्ने शुभकामना मन्तव्य, दुवै संस्करणका लेखकका भूमिका र विषयसूचीपछि पाठ प्रस्तुत गरिएको छ ।

समीक्ष्य पुस्तकमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

वैदिक धर्म र ऋग्वेद, वैदिक वाङ्मय र यजुर्वेद, वैदिक वाङ्मय र सामवेद र अथर्ववेद, नासदीय सूक्त, उपनिषद्, वेदाङ्ग र पुराण, अद्वैत (सिद्धान्त र व्यवहार), धार्मिक, सांस्कृतिक सम्पदा र त्यसको संरक्षण, अनुसन्धान, समत्व योग, चरित्रनिर्माणमा हाम्रो दायित्व, आहारशुद्धि, श्रीमद्आद्यजगद्गुरु शंकराचार्यको जीवन र दर्शन, प्रेमदेखि परमात्मासम्म, अभयदर्शन, सनातनधर्ममा नारीको महिमा, मैले मलाई खोज्दा, आनन्द, महावाक्य, धर्मरक्षा : हाम्रो परमकर्तव्य, 'म' र 'मेरो' को विश्लेषण, सुखको खोज, सुषुप्तिबाट बिउँझेपछि, ईश्वरस्मरण : भवरोगको औषधि, मन पनि भगवान् नै हो, विषयको वासना त्याग, ब्रह्मविचार, ब्रह्मबिन्दूपनिषद्, ज्ञानका सात भूमिका, ब्रह्मप्राप्तिका साधनहरू, स्थितप्रज्ञको लक्षण, वेदान्तमा विचारको भूमिका, ब्रह्मका दुई रूप : मूर्त र अमूत, यौटा रुखका दोटा चरा, जान्नुपर्ने चार कुरा, मोक्षका लागि ज्ञानसाधन कि कर्मसाधन ?, स्वास्थ्यका लागि शाकाहारी भोजन, ऋषिमुनि, अविद्याबाट अविद्याको नाश, गीतामा अनन्यभक्ति र अनन्यभक्त, ज्ञानप्राप्तिको प्रक्रिया, वैदिक परम्परामा शान्तिको चाहना, गीतोक्त ज्ञानसाधन, सत्य र मिथ्याको निरूपण, ब्रह्मज्ञानको सोपानक्रम, गीताअनुसारको बुद्धियोग, धर्म नै न्याय हो , अध्यात्ममा उत्प्रेरणाको आवश्यकता, कल्याणको मार्ग, अध्यात्मचिन्तन, मनुष्य शरीरबाट परमात्मप्राप्ति, आत्मा मर्दैन जगत् रहँदैन, कर्म कसले गर्छ, ईशावास्योपनिषद, आत्माको स्वरूप, अज्ञानका सात भूमिका, सुषुप्ति : एक अनुभव, ब्रह्मज्ञानको साक्षात् साधन ज्ञानयोग, श्रीमद्भागवतमहापुराण र यसको प्रतिपाद्य विषय, भक्तिर्ज्ञानाय कल्पते, सत्संग, समाधिका विघ्नहरू, गणपत्युपनिषद्, चित्तका अवस्थाहरू, श्रीपरमात्माको व्यापकता र सर्वविस्मरणयोग ।

पाठको संख्या ६६ भए पनि विषय क्षेत्रका आधारमा वर्गीकृत गरी यहाँ प्रतिनिधि केही निबन्धको मात्र समीक्षा गरिएको छ । वेद, सूक्त, उपनिषद्, वेदाङ्ग र पुराण, वेदान्त दर्शन, धार्मिक तथा सांस्कृतिक मान्यता, अनुसन्धान, योग, आहारशुद्धि, प्रेमको प्रभाव, नारीको महिमा, शाकाहारी भोजन, गीतोक्त ज्ञानसाधन र अध्यात्ममा उत्प्रेरणा जस्ता विषय यसमा प्रतिनिधि बनाइएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक धर्म र ऋग्वेद यस पुस्तकको पहिलो पाठ हो । यसमा वैदिक धर्म भनेको वेदबाट आएको, वेदले अनुमोदन गरेको वैदिक दर्शनबाट अनुप्रेरित, कहिल्यै परिवर्तन नहुने, अनादि, अनन्त तथा शाश्वत धर्म हो र धर्म भनेको धारण गर्ने, व्यवस्था मिलाउने, अनुशासनमा राख्ने नियम हो भनिएको छ । यस पाठमा भनिए अनुसार वैदिक धर्मले मानव जीवनलाई शान्ति र आनन्दसित बाँच्न सिकाउने हुनाले यो धर्म नै मानव जीवनको अन्तिम, कल्याणकारी र उद्धारक हो । यसबाट मनुष्यले परमेश्वर, दिव्य शक्ति र परब्रह्म परमात्माको रसास्वाद गर्दछ । यस धर्मले आत्मा, ईश्वर, ज्ञान, जगत्, आफू, ब्रह्म, मोक्ष आदि प्राप्त गर्ने उपाय बताएको छ । यसको प्रमुख लक्ष्य नै मोक्ष हो । मनुष्य जीवनका महत्त्वपूर्ण चार पुरुषार्थमध्येको सबभन्दा उत्तम र अन्तिम पुरुषार्थ मोक्ष हो । वैदिक धर्मले धर्म गरे सुख र पाप गरे दुःख पाइन्छ भन्दछ । वैदिक धर्मको मुख्य प्रवक्ता ऋग्वेद हो । यो वेद संसारको सबभन्दा पुरानो ग्रन्थ मानिन्छ । सनातन परम्परा अनुसरण गर्ने समाजको धर्म, दर्शन, ज्ञान, विज्ञान, कला, साहित्य, संस्कृति, आचारविचार, राजनीति, समाजनीति आदिको मूल स्रोत नै ऋग्वेद हो । यसका शाकल, वास्कल, आश्वलायन, शाखायन र माण्डूक्य नामका पाँच शाखा प्रसिद्ध छन् । यिनमा हाल शाकल शाखा मात्र उपलब्ध छ । यस वेदका मन्त्रद्रष्टा ऋषिहरू विश्वामित्र, वामदेव, अग्नि, भारद्वाज, वसिष्ठ, कण्व, अंगिरस र मन्त्रद्रष्टा नारीहरू जुहू, शची, घोषा, लोमशा, लोपामुद्रा आदि हुन् । चित्तशुद्धि र ब्रह्म प्राप्तिका उपाय बताउनका साथै पतिपत्नीको सम्बन्ध, राजा र जनताको सम्बन्ध, गुरु र शिष्यको सम्बन्ध, सामाजिक जीवन, आचारविचार, रहनसहन, नीति, सदाचार, सांस्कृतिक परम्परा, स्त्री शिक्षा, विविध व्यवसाय जस्ता जीवन र जगत्सित सम्बद्ध ज्ञान र व्यवहार सिकाउने काममा यस कृतिको अग्रणी भूमिका रहेको छ । काव्यात्मक दृष्टिले पनि यो कृति ज्यादै उच्च स्तरको मानिन्छ । यो विश्वकै मानवका लागि पठनीय, अवलम्बनीय र संरक्षणीय कृति हो । वैदिक वाङ्मयका यजुर्वेद, सामवेद, अथर्ववेद जस्ता अन्य कृतिको परिचयमा आधृत निबन्धहरू पनि यस पुस्तकमा समावेश गरिएका छन् । अझ तत्सम्बन्धी ज्ञानका विविध पक्षमा प्रकाश पारी तयार पारिएको निबन्ध पनि यसमा संकलित देखिन्छ । **वैदिक वाङ्मय र यजुर्वेद, वैदिक वाङ्मय र सामवेद र अथर्ववेद, महावाक्य, वैदिक परम्परामा शान्तिको चाहना** ती निबन्ध हुन् ।

नासदीय सूक्त भन्ने निबन्धमा ऋग्वेदको दसौं मण्डलको १२९औं सूक्त नासदीय सूक्त हो भनिएको छ । यसमा थप के कुरा बताइएको छ भने नासदीय सूक्तको प्रतिपाद्य विषय देवता वा परमात्मा हो । यस सूक्तलाई वैदिक मन्त्रद्रष्टा ऋषिहरूको सर्वश्रेष्ठ स्वाधीन चिन्तनको मूर्त रूप भनिन्छ । यसमा प्रस्तुत मन्त्रहरूबाट नै पूर्वीय षड् दर्शन अर्थात् सांख्य, योग, पूर्वमीमांसा, उत्तरमीमांसा वा वेदान्त, न्याय, र वैशेषिक दर्शनको उत्पत्ति भएको हो । सबभन्दा पहिले परमात्मालाई सृष्टि गर्ने इच्छा भयो । कल्पनाबाट थालिएको हुनाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिको मूल सम्बन्ध अदृश्यमान् असत् तत्त्वसित रहेको छ । यो सृष्टि कहाँबाट कसरी उत्पन्न भयो भन्ने विषयमा कसैले पनि बताउन सक्तैन । यो कुरा चेतना, प्रकाश र आनन्दमा मग्न जगत्का अध्यक्षले नै जानेको हुनु पर्दछ । जगत् र सृष्टिको रहस्य जान्न निकै गारो छ । सृष्टिको आरम्भमा सत्, असत्, दिन, रात, मृत्यु, अमरता आदि केही थिएन । त्यस बखत अज्ञान, अन्धकार तथा शून्य मात्र थियो । त्यस्तो स्थितिमा पनि सृष्टि हुनु भनेको रहस्यको कुरा हो । यो रहस्य परमात्माले मात्र जान्न सक्तछन् । यसरी ज्यादै उच्च स्तरीय अध्यात्म चिन्तनको नमुना नासदीय सूक्त मानिन्छ ।

उपनिषद् भन्ने निबन्धमा भनिए अनुसार उपनिषद् भनेको अध्यात्म विद्या, ब्रह्मविद्या, आत्मविद्या, मोक्षपरक विद्या, परमार्थ विद्या र महत्तम विद्या हो । वेद अर्थात् ज्ञानरूपी पुरुषको शिरोभाग मानिने यो विद्या ज्ञानको शास्त्र हो । यसलाई वेदको मर्म तथा वेदको रहस्य पनि भनिन्छ । उपनिषद्मा ज्ञान नै ज्ञान राखिएको छ । त्यसैले यसलाई वेदको ज्ञान खण्ड भन्ने पनि गरिन्छ । ज्ञानका उपाय र फलको चर्चा पनि यसमा गरिएको छ । प्रसिद्ध उपनिषद्हरू ११२ भए पनि अत्यन्त प्रसिद्ध उपनिषद्हरू चाहिँ *ईशावास्योपनिषद्*, *केनोपनिषद्*, *कठोपनिषद्*, *प्रश्नोपनिषद्*, *मुण्डकोपनिषद्*, *माण्डूक्योपनिषद्*, *तैत्तरीयोपनिषद्*, *ऐतरेयोपनिषद्*, *छान्दोग्योपनिषद्* र *बृहदारण्यकोपनिषद्* गरी जम्मा दस मात्र छन् । विश्व साहित्यमा उपनिषद्को निकै ठुलो महत्त्व छ । जीवात्मा, परमात्मा, प्राणी, जगत् र ईश्वर, आत्मा र ब्रह्म, कर्म, उपासना, ज्ञान, मुमुक्षु र मोक्ष, जीवनमुक्ति र विदेहमुक्ति, सगुण ईश्वर र निर्गुण ईश्वर, चार साधन, षट् सम्पत्ति, त्याग र तपस्या, ध्यान र ज्ञान, सृष्टि र लय, जाग्रदादि तिन अवस्था, अवस्थातीत, गुणातीत, कालातीत अवस्था, आत्मज्ञान, ईश्वरको ज्ञान, ब्रह्मज्ञान आदि सूक्ष्मभन्दा सूक्ष्म विषयमा उपनिषद्हरूमा चिन्तन गरिएको पाइन्छ । ब्रह्म मात्र सत्य हो जगत् मिथ्या हो, जीव नै ब्रह्म हो अर्को कुनै होइन अर्थात् ब्रह्मभन्दा भिन्न केही पनि छैन, यो सारा चराचर जगत् ब्रह्म हो भन्ने कुरा उपनिषद्ले बताएका छन् । धर्मपूर्वक कर्म गरेमा ज्ञान प्राप्त हुन्छ र ज्ञानबाट नै मोक्ष प्राप्त हुन्छ भन्ने सन्देश उपनिषद्ले दिएको छ । अध्यात्म, आत्मा, ब्रह्म, ईश्वरतिर उन्मुख भएर परोपकार तथा सबै प्राणीमा समभावको व्यवहार गरेमा, सत्य बोलेमा, कुनै पनि किसिमको हिंसा नगरेमा, धर्म गरेमा, आमा, बाबु र गुरुलाई देवता मानेमा, चोरी नगरेमा, स्वधर्मको पालन गरेमा, आफूलाई सच्चिदानन्द स्वरूप ब्रह्म ठानेर कर्तव्य पथमा सक्रिय रहेमा धर्माचरण गरेको ठहरिने कुरा पनि उपनिषद्ले बताएको छ । सबभन्दा सानो अर्थात् *माण्डूक्योपनिषद्*देखि सबभन्दा ठुलो अर्थात् *बृहदारण्यकोपनिषद्*सम्मका सबै उपनिषद्मा बताइएको कुरा मनन गरेर मानव जीवन सार्थक तुल्याउन सके कल्याण नै कल्याण हुन्छ । यस्तै कुराको थप व्याख्या प्रस्तुत कृतिका **ब्रह्मबिन्दूपनिषद्, ईशावास्योपनिषद् र गणपत्युपनिषद्** भन्ने पाठमा पनि गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाङ्ग र पुराण भन्ने निबन्धमा वेदका श्रुति शाखामा सबै वेद र उपनिषद् तथा स्मृति शाखामा छ वटै वेदांग, धर्मशास्त्र, इतिहास, पुराण र नीतिका ग्रन्थ पर्दछन् भनिएको छ । यसमा भनिए अनुसार वेदांग भनेको शिक्षा शास्त्र, कल्प शास्त्र, व्याकरण, निरुक्त, छन्द र ज्यौतिष शास्त्र हो भने पुराण भनेको ब्रह्म, पद्म, विष्णु, वायु, भागवत, नारद, मार्कण्डेय, अग्नि, भविष्य, ब्रह्मवैवर्त, लिंग, वराह, स्कन्द, वामन, कूर्म, मत्स्य, गरुड र ब्रह्माण्ड पुराण सहितका सबै पुराणको योग हो । पुराणको गणना गर्दा माथि दिइएका नामभन्दा भिन्न कृतिको नाम पनि दिने गरिन्छ । वेदांग र पुराण ज्ञानका शास्त्र हुँदाहुँदै पनि धर्मका शास्त्र पनि हुन् । धर्म भनेको सदाचार हो । त्यसकै अपेक्षा यी ग्रन्थहरूले पनि गरेका छन् । कर्मकाण्ड, संस्कार, धर्म, नीति, व्यवहार, दर्शन, न्याय व्यवस्था, भक्ति, योग, ज्ञान लगायतका सबै शास्त्र यिनमा समाविष्ट छन् । ज्ञानदेखि मोक्षसम्मका चार वटै पुरुषार्थको निर्देश यिनले गरेका छन् । यस्तै चिन्तनको चर्चा **श्रीमद्भागवतमहापुराण र यसको प्रतिपाद्य विषय** भन्ने निबन्धमा पनि गरिएको छ ।

अद्वैत (सिद्धान्त र व्यवहार), नामक निबन्ध समीक्ष्य कृतिको मुख्य विषय वेदान्त दर्शनको प्रतिनिधि पाठ हो । यस पुस्तकमा समावेश गरिएका अधिकतर निबन्धहरूले वेदान्त दर्शनलाई नै प्रतिपाद्य विषय बनाएका छन् । वेदान्त दर्शन वेद र उपनिषद्हरूको सार हो । उपनिषद्लाई **श्रुतिप्रस्थान**, श्रीमद्भगवद्गीतालाई **स्मृतिप्रस्थान** र ब्रह्मसूत्रलाई **न्यायप्रस्थान** भनिन्छ । यी तिन वटै प्रस्थानको सार मा राखिएकोले यसलाई **प्रस्थानत्रयी** भनिन्छ । जीव र ब्रह्मको एकतापरक ज्ञान अर्थात् ब्रह्म तथा आफूलाई एउटै शक्ति मानेर परमपद मोक्ष प्राप्त गर्न अभिप्रेरित गर्नु नै को लक्ष्य हो । त्यसैले यसलाई ज्ञानको दर्शन, दर्शनको पनि दर्शन र मूल दर्शन पनि भनिन्छ । वैदिक ग्रन्थबाट सारभूत तत्त्व लिएर ब्रह्मर्षि वसिष्ठ, महामुनि अष्टावक्र, गौडपादाचार्य, आद्य शंकराचार्य आदिद्वारा प्रवर्तित अद्वैत ज्ञानपरक दर्शनलाई वेदान्त दर्शन भनिन्छ । देखिने जगत् जतिसुकै राम्रो र वास्तविक लागे पनि यथार्थमा यो डोरीलाई सर्प ठाने जस्तै भ्रम मात्र हो । वेदान्त दर्शनको प्रामाणिक चिन्तन अनुसार दृश्यमान जगत् मिथ्या र ब्रह्म नै सत्य हो । शमदमादि षट्सम्पत्ति र विवेकादि साधनचतुष्टयले सम्पन्न मुमुक्षु नै ज्ञानको अधिकारी हुन्छ । त्यस्तो अधिकारीले नै ब्रह्मसाक्षात्कारद्वारा मोक्ष वा परमार्थ प्राप्त गर्दछ । वेदका चार वटा महावाक्यले प्रज्ञान स्वरूप परमात्मा नै ब्रह्म हो, म अर्थात् जीव नै ब्रह्म हो, तिमी नै ब्रह्म हौ र यो आत्मा नै ब्रह्म हो भनेका छन् । वेदान्त दर्शनको सार पनि यही हो । वेदान्तलाई व्यावहारिक दर्शन भनिन्छ । यसले बताएको उपाय अवलम्बन गरेमा ज्ञान र मोक्ष अहिले नै आज नै प्राप्त हुन सक्तछ । ब्रह्म जानियो भने ब्रह्ममय भइन्छ । वेदान्ती सुखी हुन्छ र ज्ञानी हुन्छ । यो तर्क मात्र गर्ने, अरूका विचारको खण्डन मात्र गर्ने, विवाद मात्र उठाउने दर्शन होइन । यसले प्रतिपादन गरेको मान्यता व्यवहारमा लागू हुने, प्रयोगमा ल्याउन सकिने, गरेर देखाउन सकिने काम हो । त्यसैले यो व्यावहारिक दर्शन हो । यसलाई प्रयोगमा ल्याउन ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्न्यासी, हिन्दू, अहिन्दू, भारतीय, अभारतीय जसले पनि सक्तछ । त्यसैले यो सार्वजनिक र सार्वभौमिक दर्शन हो र व्यावहारिक चिन्तन हो । यिनै कुरा प्रस्तुत कृतिका **अभयदर्शन, मैले मलाई खोज्दा, आनन्द, 'म' र 'मेरो' को विश्लेषण, सुखको खोज, सुषुप्तिबाट बिउँझेपछि, ईश्वरस्मरण : भवरोगको औषधि, मन पनि भगवान् नै हो , विषयको वासना त्याग, ब्रह्मविचार, ज्ञानका सात भूमिका, ब्रह्मप्राप्तिका साधनहरू, स्थितप्रज्ञको लक्षण, वेदान्तमा विचारको भूमिका, ब्रह्मका दुई रूप : मूर्त र अमूत, यौटा रुखका दोटा चरा, जान्नुपर्ने चार कुरा, मोक्षका लागि ज्ञानसाधन कि कर्मसाधन ?, अविद्याबाट अविद्याको नाश, गीतामा अनन्यभक्ति र अनन्यभक्त, ज्ञानप्राप्तिको प्रक्रिया, सत्य र मिथ्याको निरूपण, ब्रह्मज्ञानको सोपानक्रम, मनुष्यशरीरबाट परमात्मप्राप्ति, आत्मा मर्दैन जगत् रहँदैन, कर्म कसले गर्छ, आत्माको स्वरूप, अज्ञानका सात भूमिका, सुषुप्ति : एक अनुभव, ब्रह्मज्ञानको साक्षात् साधन ज्ञानयोग, सत्संग, समाधिका विघ्नहरू, चित्तका अवस्थाहरू, श्रीपरमात्माको व्यापकता र सर्वविस्मरणयोग** नामक पाठहरूमा पनि प्रकारान्तरले व्यक्त गरिएको छ ।

धार्मिक, सांस्कृतिक सम्पदा र त्यसको संरक्षणमा निबन्धकार के कुरा व्यक्त गर्दछन् भने धर्म र संस्कृति भनेको त्यस्तो वैभव हो जो भौतिक सम्पत्तिभन्दा निकै ज्याद मूल्यवान् हुन्छ । धर्म र संस्कृति भनेको देश र जनताको पहिचान हो । यसको अभावमा परिचय नासिन्छ, मौलिकता समाप्त हुन्छ, निजत्व बाँकी रहँदैन र सम्पूर्ण हिसाबबाट अस्तित्वहीन भइन्छ । यो साहित्य, कला, चिन्तन, व्यवहार, भाषा, भेष, खानपान, साजसज्जा जस्ता अनेकौं कुरासित सम्बद्ध हुन्छ । देश भौतिक रूपमा देखिने ढुंगा, माटो, खोलानाला, पहाड, भौगालिक सीमा जस्ता आकारमा मात्र अटाएको हुँदैन । यसको पोषण तथा संवर्द्धन धर्म र संस्कृतिबाट नै हुन्छ । धर्म र संस्कृतिको गूढ अर्थप्रतिको उदासीनताका कारण नेपालमा हालका दिनमा जातीय विद्वेष, सामाजिक अशान्ति र अस्थिरता बढेको देखिन्छ । यस्तो हुनु शुभ संकेत होइन । धर्म र संस्कृतिले कहिल्यै पनि कसैसित विद्वेष, झगडा, निषेध, बहिष्कार, घृणाको व्यवहार गर्दैन । यसले त विश्वलाई नै एउटा परिवार मान्दछ र सारा प्राणीलाई एउटै परिवारका सदस्य ठान्दछ । पैसाको लालच देखाएर धर्म परिवर्तन गराउने रोग नेपाली समाजमा पसेको छ । यस रोगले कसैको पनि हित गर्दैन । त्यसै गरी देशको शान्ति भाँड्ने कुत्सित मनसाय बोकेका केही व्यक्तिले हिन्दू र बौद्ध, हिन्दू र जैन, हिन्दू र सिख, शैव र वैष्णवका बिच फाटो हालेर समाजमा वितण्डा मच्चाउन खोजेको पनि देखिन्छ । यी सबै कुरा निराधार आक्षेप हुन् । देशमा अशान्ति उत्पन्न गरेर राजनीतिक स्वार्थ पुरा गर्न चाहनेहरूबाट समयमै सतर्क भएर धर्म र संस्कृतिको रक्षा गर्नु आवश्यक छ । यस्तै भाव **धर्मरक्षा : हाम्रो परमकर्तव्य र धर्म नै न्याय हो** भन्ने शीर्षकका निबन्धमा पनि व्यक्त गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसन्धान भन्ने निबन्धमा भनिए अनुसार अचेल विश्वविद्यालय, उद्योग तथा वाणिज्यका विविध क्षेत्र, सरकारी कार्यालय, विभाग, मन्त्रालय, निजी र सामुदायिक स्तरका संघसंस्था आदिमा अनुसन्धान गर्ने लहर नै चलेको छ । भौतिक क्षेत्रमा गरिने अनुसन्धानहरूले तृष्णा बढाउने, सांसारिक प्रपञ्चमा अल्झने र दुःखको वृद्धि गर्ने काममा समय र श्रम बर्बाद गर्दछन् । असली अनुसन्धान भनेको आत्मानुसन्धान हो । म के हुँ, मेरो कर्तव्य के हो, मेरो शक्ति के हो, म के गर्न सक्तछु, मैले धरतीमा जन्मनुको कारण के हो, मैले जीवनमा के गर्नु पर्दछ, मैले लिनु पर्ने लाभ के हो भन्ने अनेक प्रकारका प्रश्नको खोजी प्रभावकारी अनुसन्धान पद्धतिको प्रयोगबाट गर्ने काम अनुसन्धाताहरूबाट भएको देखिँदैन । यस प्रकारका.असली अनुसन्धानबाट टाढा रहेर गरिने जति पनि खोजी छन् तिनले त लगातार दुःख बढाउने काम नै गर्दछन् । त्यसैले विषयाकार वृत्तिभन्दा पनि आत्माकार वृत्तिको अनुसन्धान गर्नु आवश्यक छ । सही अनुसन्धान पनि त्यही हो । वेदान्त दर्शनका साथै पूर्वीय वाङ्मयका अधिकतर विधाले सोही अनुसन्धानलाई जोड दिएका छन् ।

समत्व योगमा गीताको प्रमुख विषय योग भएको कुरा अघि सार्दै जीव र ब्रह्मलाई समान देख्नु नै समत्व हो भनिएको छ । पण्डितहरू सबैमा समता देख्दछन् । सबैतिर समता देख्नु भनेको जताततै ब्रह्म देख्नु हो । गीतामा प्रत्येक अध्यायलाई योग नामबाट प्रस्तुत गरिएको छ । अनेक थरी योगको चर्चा गीतामा पाइन्छ । समभावमा स्थित हुनु नै वास्तविक योग हो । गीतामा यही समभावको स्थितिमा आधृत योगलाई अर्को अर्थमा निष्काम कर्मयोग भनिएको छ । संग छोडेर, सिद्धि र असिद्धिमा समान दृष्टि राखेर, योगमा स्थिर भएर, कर्तव्यनिष्ठ बनेर कर्म गर्नु नै योगी बन्नु हो । वेदान्त योगबाट ज्ञान र ज्ञानबाट मुक्तिको बाटो बताउने क्रममा आएको योग समत्व हो । यसमा भनिएको भाव भिन्न तरिकाले **गीतोक्त ज्ञानसाधन, गीताअनुसारको बुद्धियोग र भक्तिर्ज्ञानाय कल्पते** भन्ने निबन्धमा पनि व्यक्त गरिएको छ ।

चरित्रनिर्माणमा हाम्रो दायित्वमा बताइए अनुसार चरित्र निर्माण गर्नु भनेको सच्चरित्र अपनाउनु हो । सच्चरित्रता त्यहाँ हुन्छ जहाँ सत्य बोलिन्छ, हिंसा गरिँदैन, चोरी गरिँदैन, काम, क्रोध, लोभ, मोहादि दुर्गुणबाट टाढा बसिन्छ, समस्त प्राणीको हित हुने काम गरिन्छ, निष्कपट भावले व्यवहार गरिन्छ, परोपकारी भइँछ, परमात्माप्रति भक्ति र श्रद्धा राखिन्छ, शास्त्रहरूले बताएको धर्मको अनुसरण गरिन्छ, अनुशासित भइन्छ, संयम अपनाइन्छ, विनम्र बनिन्छ र इमानदार भइन्छ । यिनै कुरा बोली, व्यवहार तथा मनमा राख्नु नै चरित्रवान् हुनु हो । याज्ञवल्क्य, व्यास, मनु आदिले यस्तै व्यवहारको अपेक्षा प्रत्येक मनुष्यबाट गरेका छन् र त्यसलाई नै आचार भनेका छन् । पढ्नु, लेख्नु, शास्त्राभ्यास गर्नु, योग गर्नु, अनुसन्धान गर्नुको लक्ष्य चरित्र निर्माण नै हो । अर्को कुरा के पनि हो भने नेतृत्व लिने, शासनसत्तामा बस्ने र अभिभावकत्व ग्रहण गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तित्वको चरित्रमा खोट लगाउन सकिने ठाउँ रहनु हुँदैन । लोभ र पाप नभएको व्यक्ति नै निर्भीक र स्वाभिमानी हुन सक्तछ । चरित्रमा दाग लाग्यो भने अरू सबै कुरा स्वतः समाप्त हुन्छन् । चरित्र वनाउन निकै समय लाग्दछ तर चरित्र भ्रष्ट हुन अलिकति पनि समय लाग्दैन । देशभक्त, इमानदार, चरित्रवान् व्यक्तिको सम्मान राष्ट्रिय स्तरबाट हुनु पर्दछ किनभने त्यस्तै चरित्रबाट देशको उन्नति हुन्छ । चारित्रिक उँचाइ बढ्नमा आहारको शुद्धताको पनि निकै ठुलो भूमिका रहन्छ । यस्तै भावको व्याख्या **आहारशुद्धि, श्रीमद्आद्यजगद्गुरु शंकराचार्यको जीवन र दर्शन** र **ऋषिमुनि** निबन्धमा पनि गरिएको छ ।

प्रेमदेखि परमात्मासम्म भन्ने निबन्ध यस कृतिको चौधौं र प्रमुख प्रतिनिधि रचना हो । यही नामबाट समीक्ष्य पुस्तकको नाम राखिएकोले रचनाकार प्रस्तुत पाठमा भनिएका कुरालाई विशेष महत्त्व दिन्छन् भन्ने कुरा थाहा हुन्छ । यसमा भनिए अनुसार अचेल प्रेमलाई शरीर, इन्द्रिय, मन, बुद्धि, धन, पद जस्ता कुराप्रतिको मोहका अर्थमा बुझ्ने गरिन्छ । वास्तवमा त्यस्तो प्रेम लिप्सा हो । असली प्रेमको पात्र त परमात्मा नै हो । आमा, बाबु, पति, पत्नी, छोरा, छोरी, इष्टमित्र, नातेदार, धनसम्पत्ति, नाम, कीर्ति, पद, प्रतिष्ठाप्रतिको प्रेमले व्यक्तिलाई निकै प्रभाव पार्दछ । त्यस्तो प्रेमले मनमस्तिष्कलाई हर बखत रन्थनाएको हुन्छ । वास्तवमा त्यस्तो प्रेम वासना हो प्रेम होइन । त्यसलाई प्रेम नै मान्ने हो भने पनि त्यो क्षणिक हुन्छ । असली प्रेम त शाश्वत, सनातन, अनिवार्य, आधारभूत र आवश्यक हुन्छ । ब्रह्मतत्त्वमा प्रेम गर्न थाल्यो भने परमार्थको आसिक बनियो भने, सच्चिदानन्द स्वरूप ज्ञानको भक्त भइयो भने कहिल्यै नघट्ने प्रेम प्राप्त हुन्छ । त्यस्तो प्रेम बढ्यो भने प्रेमी र प्रियतममा अनन्य भाव, अद्वैत भाव, सेवाको भाव र समर्पणको भाव दिनानुदिन बढ्दै जान्छ कहिल्यै घट्दैन । *नारदभक्तिसूत्र*का अनुसार परमात्माप्रति गरिने प्रेम गुण रहित, कामना रहित, अनिर्वचनीय र अपरिभाषित हुन्छ । त्यसैले नाशवान् र क्षणिक प्रेममा अल्झनु भनेको सांसारिक बन्धनमा बाँधिनु र भौतिक भासमा भासिनु हो । बुद्धिमान्हरू यसैलाई विषयासक्ति भन्दछन् । असली प्रेम गाँस्ने ठाउँ निकै साँगुरो हुन्छ । त्यहाँ आफू बाहेक अर्को कुनै पनि कुरा अटाउन सक्तैन । आफूलाई एकाकार तुल्याएर राख्ने तत्त्व भनेको परमात्मा नै हो । परमात्मासितको प्रेम मात्र त्यहाँ अटाउँछ । वास्तविक प्रेमी पनि परमात्मा नै हो । प्रेम गर्ने त जसले पनि आफूलाई नै हो । सबैभन्दा बढी प्रेम गर्ने पति वा पत्नीले पनि आफूलाई नै प्रेम गरेको हुन्छ । प्रेमीसित कतै विछोड भयो भने विछोडिएको प्रेमीको अवस्था के भयो होला भन्ने चिन्ताभन्दा पनि आफूले एक्लै कसरी जीविका गर्ने होला भन्ने चिन्तामा पीडा बोध हुन्छ । प्रेम गर्ने आफैलाई हो भन्ने कुरा निश्चित भएपछि आफू भनेको पनि परमात्मा नै हो । यसरी प्रेमको थालनी परमात्माबाट भएर परमात्मामा नै टुङ्गिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सनातनधर्ममा नारीको महिमा नामक निबन्धमा नारी जातिको महिमा गानका साथै सनातन धर्ममा मातृ शक्तिको स्थान तथा तिनले कायं गर्दै आएको चारित्रिक वैशिट्यको चर्चा गरिएको छ । यसमा पनि निबन्धकारले दर्शनलाई आधार बनाएका छन् । रचनाकारले यस पाठमा बताए अनुसार सनातन धर्ममा नारीहरू शक्तिका रूपमा पुजिँदै आएका छन् । महाकाली, महालक्ष्मी, महासरस्वती, अष्टमातृका, चौसट्ठी योगिनी आदिको मान्यता त्यसको प्रमाण हो । उक्त धर्मका पवित्र ग्रन्थहरूमा भएका सीता, सावित्री, अनुसूया, अहल्या, अरुन्धती, द्रौपदी, कुन्ती, गान्धारी, तारा, शवरी, मन्दोदरी, त्रिजटा लगायतका प्रसिद्ध नारीको चर्चाले यस कुरामा थप बल मिल्दछ । नारीको हँसिलो उज्यालो अनुहार, प्रसन्न हृदय, उदार चरित्र, त्यागमय जीवन, धैर्यशील व्यवहार, वात्सल्यपूर्ण भाव, शान्त र सौहार्दयुक्त आचरणले सारा विश्व नै प्रभावित भएको पाइन्छ । सनातन परम्पराका आदर्श नारीहरू यस्तो व्यवहारमा अझै अगाडि देखिन्छन् । मनुले नारीको सम्मान जहाँ हुन्छ त्यहाँ देवताहरू प्रसन्न हुन्छन् भनेका छन् । सनातन धर्ममा गीता, गंगा र गाईलाई ज्ञान, दया, अध्यात्म, सेवा, त्याग र पोषणका प्रतीक मानिन्छ । नारी शक्तिप्रति सम्मान गर्ने प्रवृत्ति निबन्धकारमा रहेको कुरा यस पाठले बताएको छ ।

स्वास्थ्यका लागि शाकाहारी भोजन शीर्षकको पाठमा स्वस्थ वा आरोग्य रहनु नै स्वस्थ्य हो भन्दै आरोग्य भन्ने कुरा तन, बुद्धि र आत्माको स्वस्थताबाट प्राप्त हुन्छ भनिएको छ । यसमा बताइएको थप कुरा के हो भने स्वास्थ्य भन्नाले सामान्यतया शारीरिक स्वस्थतालाई लिने गरिन्छ तापनि बौद्धिक र आध्यात्मिक स्वास्थ्य त्योभन्दा ज्यादा आवश्यक हुन्छ । यी तिन वटै स्वास्थ्यका लागि शाकाहारी भोजन उत्तम मानिन्छ । मान्छे मांसाहारी प्राणी होइन । मासुको आहारबाट मान्छेलाई हानि हुन्छ । मासु खाने प्राणीले लामो जीवन पाउँदैन । अर्को कुरा मान्छेको शरीरका कोशहरू अन्नको रसबाट पोसिने हुनाले शरीरलाई अन्नमय कोश भनिएको हो । भोज्य पदार्थ मुख, आँखा, नाक, कान, छाला र मनबाट पनि शुद्ध मानिएका खण्डमा मात्र अन्तःकरणको शुद्धि हुन्छ । हिंसाबाट उपलब्ध हुने मांसाहारमा मुख, आँखा, नाक, कान, छाला र मनमध्ये केहीले मात्र रुचि राखेका हुन्छन् सबैले रुचि राखेका हुँदैनन् । त्यसैले त्यस्तो भोजन शरीरका लागि घातक हुन्छ । अर्को कुरा के पनि हो भने मासु खाइने जनावर वा प्राणीको शरीरमा रहेको रोग पनि मांसाहारबाट सर्न सक्तछ । अचेल यस प्रकारका रोगका वारेमा सञ्चार माध्यममा व्यापक चर्चा गरिएको देखिन्छ । ज्ञानी, सहृदयी र स्वास्थ्यविद्हरूले अचेल मांसाहार छोड्दै गएका छन् । युरोप र अमेरिका जस्ता मांसाहार गर्ने क्षेत्रका विभिन्न देशमा शाकाहारप्रतिको आकर्षण बढ्दै गएको कुरा पनि सञ्चार माध्यमबाट थाहा हुन्छ । स्वस्थ रहनका लागि शाकाहार नै उत्तम भोजन हो ।

अध्यात्ममा उत्प्रेरणाको आवश्यकता भन्ने वेदान्त दर्शनकै चिन्तनमा आधृत निबन्धमा के कुरा बताइएको छ भने सामान्यतया आध्यात्मिक साधनाका लागि कठोर तपस्या गर्नु पर्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरलाई अत्यधिक कष्ट दिएर योग साधना गर्नु पर्ने र मनलाई नियन्त्रण राखेर बस्नु पर्ने कुरा आवश्यक हुने विषयमा जताततै चर्चा गरिएको पाइन्छ । यस प्रकारका अतिवादी चिन्तनका कारण अध्यात्मप्रति आस्था राख्ने व्यक्ति डराउन थाल्दछ । वास्तवमा कुरो त्यसो होइन । भित्री मनबाट अध्यात्म क्षेत्रमा समर्पित हुन चाहने हो भने साधकले आफूमा रहेको शक्ति चिन्नु आवश्यक हुन्छ । गुरु बन्ने, मार्ग निर्देशन गर्ने, उपाय बताउने र रुचि जगाउने व्यक्तिले प्रेरणा पनि जगाउनु पर्दछ । रामायणमा वर्णित कथामा के भनिएको छ भने समुद्र तरेर लंका जान सक्ने हिम्मत हनुमान्मा थिएन । आफूले त्यस्तो काम गर्न सक्ने कुरा हनुमान् कल्पना पनि गर्दैनथे । जाम्बवान्को अभिप्रेरणा पाएपछि हनुमान्ले कल्पना मात्र होइन त्यो काम फत्ते गरे । कसैले पनि आफूलाई असमर्थ र कमजोर ठान्नु हुँदैन । लाग्ने नै हो भने नसकिने भन्ने कुरा केही छैन । अध्यात्म साधना वास्तवमा भन्ने गरिए जस्तो कठोर त होइन । आफूलाई मानसिक रूपले तयार पारेर लाग्यो भने जसले पनि यो काम गर्न सक्तछ । यसमा लाग्न अभिप्रेरणा दिने काम विज्ञ र अनुभवीहरूले गर्नु चाहिँ आवश्यक छ । यस्तै भाव अघि सारेर रचना गरिएका निबन्धहरू **कल्याणको मार्ग** र **अध्यात्मचिन्तन** पनि हुन् ।

यस पुस्तकका लगभग सबै निबन्धमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले सोभै वा प्रकारान्तरले मिल्दाजुल्दा कुरा प्रकाशमा आएका देखिन्छन् । परमार्थको ज्ञान जस्तो ज्यादै कठिन मानिने विषय स्पष्टसित बुझाउन उदाहरणबाट बारम्बार भन्नु पर्ने हुँदा यसो भएको हो । उस्तै विषयको उल्लेख वा चर्चा भएको निबन्धको अलग्गै समीक्षा आवश्यक न देखिएकोले यसमा प्रतिनिधि केही निबन्धको मात्र चर्चा गरिएको हो । वेदान्त दर्शनका विविध पक्षमाथि प्रकाश पार्दै सरल भाषाको प्रयोगबाट ब्रह्मतत्त्वको ज्ञान दिने काममा यस कृतिले निकै ठुलो भूमिका निर्वाह गरेको छ । यो नै यस पुस्तकको मूलभूत उपलब्धि हो ।

४.२.२५ सन्तमहिमा

सन्तमहिमा (जीवनीपरक निबन्ध-सङ्ग्रह) श्रीराजर्षिजनकस्मृतिकोष, काठमाडौँद्वारा २०६५ फागुन ७ गते प्रकाशित प्रा. शिवगोपाल रिसालको चौबिसौँ कृति हो । विविध पत्रपत्रिकामा प्रकाशित सन्तहरूको जीवनीपरक निबन्धहरूको संशोधित, सम्पादित, परिमार्जित सोर वटा निबन्धहरूको सँगालो यो पुस्तक हो । डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश ७ तथा पाठको अंश १५२ गरी जम्मा १५९ पृष्ठ छन् । हलुका गेरू रंगको आवरणको पहिलो पृष्ठमा माथि पुस्तकको नाम **सन्तमहिमा** र मुनि निबन्धकार **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ भने पछिल्लो पृष्ठमा श्रीराजर्षिजनकस्मृतिकोषबाट प्रकाशित कृतिहरूको नाम र प्रकाशन वर्षका साथै तिनको प्राप्ति स्थानको विवरण दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई पृष्ठको पुस्तकको परिचय, श्रीराजर्षिजनकस्मृतिकोषको दुई पृष्ठ लामो प्रकाशकीय, दुई पृष्ठकै लेखकको भूमिका र एक पृष्ठको विषयसूचीपछि यस पुस्तकमा वर्ण्य विषय प्रस्तुत गरिएको छ । यसमा **भगवान् श्रीराम, भगवान् श्रीकृष्ण, त्रिदेवी, वसिष्ठ, ज्ञानी आमाका ज्ञानी छोराहरू, अष्टावक्र र जनक, तीन गुरुका तीन शिष्य, श्रीहनुमान्, भक्त प्रह्लाद, श्रीशंकराचार्य, स्वर्गद्वारी महाप्रभु, श्रीमस्तरामबाबा, श्रीखप्तडबाबा, डा. क्षितीशचन्द्र चक्रवर्ती, श्रीश्यामचैतन्यबाबा, पं. बदरीनाथ भट्टराई** शीर्षकका निबन्धहरू संकलित छन् ।

भगवान् श्रीराम यस पुस्तकको पहिलो निबन्ध हो । भगवान् रामको परिचय यस पाठमा दिइएको छ । यसमा बताइए अनुसार भगवान् राम नारायण भगवान्का सातौं अवतारमा पर्ने शक्ति हुन् । वेदव्यासले वेदको धर्म, मर्म, दर्शन र सिद्धान्तलाई सरल भाषामा बुझिने गरी पुराणहरूमा ढाल्ने काम गरेका हुन् । अठार पुराण, अठारै उपपुराण र ब्रह्मसूत्र जस्ता ज्यादै महत्त्वपूर्ण ग्रन्थको रचना वेदव्यासले गरेका हुन् । यी सबै ग्रन्थहरूको उद्देश्य तिन वटै दुःखको निवारण तथा जीवात्मा र परमात्माको एकताबोधपूर्वक जीवात्मालाई मुक्तात्मा बनाउनु हो । संसारतिर अभिमुख भएको मनुष्यलाई परमात्मातिर अभिमुख गराउनका लागि यी ग्रन्थ रचिएका हुन् । यसै क्रममा वेदव्यासले भगवान् रामलाई नायक बनाएर उनको जीवनी, लीला, कथा र अवतारका रहस्यको पनि उल्लेख गरी *अध्यात्मरामायण* रचना गरेका हुन् । यो कथा सर्वप्रथम भगवान् शंकरले देवी पार्वती तथा सृष्टिकर्ता ब्रह्मालाई सुनाएका हुन् । पछि गएर ब्रह्माले नारदलाई, नारदले शौनकादि अठासी हजार ऋषिहरूलाई यो कथा सुनाए । त्रेता युग, चैत शुक्ल नवमी तिथि, दिनको मध्याह्ण समय, सूर्य वंशी राज परिवारमा मर्यादा पुरुषोत्तम रामको जन्म भएको हो । आदर्शका प्रतिमूर्ति यिनले एक पत्नी व्रतमा रहेर पृथ्वीको भार बनेका रावणादि दुष्टहरूको नाश गरेका थिए । 'र' भनेको समस्त पाप नाश गर्ने अग्नि र 'म' भनेको पृथिवीलाई उज्यालो पार्ने सूर्य हो । यसले अज्ञानको नाश तथा ब्रह्मज्ञानको प्रकाश भन्ने अर्थ पनि जनाउँछ । 'म' अक्षर शान्ति, आनन्द र शीतल अर्थको बोधक चन्द्रमाको रूप पनि हो । योगी, सज्जन, ज्ञानी, महात्मा, भक्तहरू रमाउने मन्त्र तथा ठाउँलाई **राम** भनिन्छ । नेपाली भाषामा पनि रमाइलो वा आनन्दको अर्थमा राम रमिता भनेर राम शब्द प्रयोग गरिन्छ । योगीका रूपमा वन जानु पर्दा वा राजा बनेर सिंहासनमा विराजमान हुन पाउँदा समान अनुभव गर्ने भगवान् राम पूर्ण काम, आप्त काम, परमनिष्काम महापुरुष हुन् । न्यायी, सदाचारी, धर्मात्मा, परोपकारी, प्रजावत्सल, प्रजातन्त्रवादी, आदर्श राजा, आदर्श पुत्र, आदर्श पति, आदर्श मित्र, आदर्श योद्धा भएकाले यिनलाई मर्यादा पुरुषोत्तम भनिन्छ । *वासिष्ठरामायण, वाल्मीकिरामायण, अध्यात्मरामायण, तुलसीकृत रामायण, आनन्दरामायण, अद्भुतरामायण* आदि अनेकौं रामायण संसारका विभिन्न भाषामा लेखिएका छन् । राम नामको स्मरण मात्र गरियो भने पनि पाप नाश हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीकृष्ण यस निबन्ध संग्रहको दोस्रो पाठ हो । भगवान् कृष्णको परिचय यस पाठमा दिइएको छ । यसमा भनिएको कुरा के हो भने भगवान् कृष्ण नारायण भगवान्का आठौं अवतारमा पर्ने शक्ति हुन् । साक्षात् परब्रह्म परमात्मा नै कृष्ण हुन् । अजन्मा, अकर्ता, अभोक्ता, अद्वैत, मन र वाणीबाट अगोचर भएर पनि लीलाका रूपमा कृष्ण भगवान् कर्ता बनेर देखा परेका हुन् । भक्तहरूका समस्त पाप, अविद्या र क्लेश हरण गर्ने यिनी सोर वटै कलाले युक्त साक्षात् भगवान् हुन् । यिनी सधैं छन् र सबैमा छन् । भक्तहरूका समस्त इच्छा पूर्ण गर्ने, अनेकौं गुणले युक्त, करुणाका खानी, कृपाका सागर, दीनहरूका बन्धु यिनी लीलावतारी भगवान् हुन् । शिशु लीला, देव लीला, अध्यात्म लीला, परमात्म लीला, दिव्य लीला, रास लीला गर्ने यिनी महान् योद्धा, सारथि, योगाध्यक्ष, शास्त्रमय, सच्चिदानन्दमय पूर्ण परब्रह्म परमात्मा हुन् । धर्मको संस्थापन तथा भक्तको रक्षाका लागि लीलामय असाधारण चमत्कार देखाई यिनले शक्ति, कुशलता, वीरता, पराक्रम प्रदर्शन गरे । यिनका कथाको चर्चा अनेकौं पुस्तकमा गरिएको पाइन्छ । जीवनको यथार्थ प्रस्तुत गर्ने चरित्रका रूपमा पनि यिनको परिचय दिने गरिन्छ ।

त्रिदेवी भन्ने निबन्धमा देवी शक्ति एउटै छ तापनि लीलाका भेद, अवतारका भेद, कार्यका भेद, प्रकृतिका भेद, प्रवृत्तिका भेदले भिन्नभिन्न रूपमा देखिएंका मात्र हुन् भनिएको छ । यसमा व्यक्त गरिएको कुरा के हो भने उमा, महाकाली, पार्वती, हैमवती जे भने पनि देवीमा अनेकता छैन । महाकाली, महालक्ष्मी, महासरस्वती भनेका पनि एकै हुन् । समस्त देवीदेवता भिन्न नभएर एउटै शक्ति हुन् । भगवान् शंकरको अर्द्धनारीश्वरको रूप त्यसकै प्रतीक हो । अनेकौं ग्रन्थहरूमा देवीलाई कहिले ब्रह्मात्मिका, ब्रह्मस्वरूपिणी, सर्व शक्तिमयी, सर्व व्यापिका, सर्वान्तरयामिनी, जगत्की सृष्टिकारिणी, जगत्की स्थितिकारिणी, जगत्की संहारकारिणी, सगुण र निर्गुण, साकार र निराकार, सविशेष र निर्विशेष, सावयव र निरवयव, वैष्णवी, माया, चेतना, बुद्धि, निद्रा, क्षुधा, छाया, शक्ति, तृष्णा, क्षान्ति, जाति, शान्ति, कान्ति, श्रद्धा, लक्ष्मी, बुद्धि, वृत्ति, स्मृति, दया, तुष्टि, मातृ, भ्रान्ति आदि रूपमा त कहिले महाकाली, कहिले महालक्ष्मी र कहिले महासरस्वतीका रूपमा वर्णन गरिएको पाइन्छ । देवी भनेको प्रकाश स्वरूपा, ज्ञान स्वरूपा र ब्रह्ममयी मातृ शक्ति हुन् । देवी नै ब्रह्मविद्या, पराविद्या र आत्मप्रकाशिका हुन् । महाकाली, महालक्ष्मी र महासरस्वती एकत्रित भएर ज्योतिस्वरूपमा उदाएपछि देहाभिमानका प्रतीक महिषासुर, मान र अपमानका प्रतीक चण्डमुण्ड, कामका प्रतीक रक्तबीज, महामोहका प्रतीक शुम्भ र निशुम्भ तथा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि अनेक रूपका प्रतीक असुरहरूलाई समाप्त पारेर ज्ञानालोक फिंजाई परमानन्द प्रकाशित गराउँछन् । सत्त्व गुणप्रधान विष्णु, रजो गुणप्रधान ब्रह्मा र तमो गुणप्रधान महेश्वरका क्रमशः महालक्ष्मी, महासरस्वती र महाकाली ज्ञान शक्ति, क्रिया शक्ति र इच्छा शक्तिका रूपमा सृष्टि, स्थिति र लय गराउँछन् । त्यसैले त्रिदेव र त्रिदेवीमा कुनै अन्तर छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मर्षि वसिष्ठ भन्ने निबन्धमा महर्षि वसिष्ठको परिचय दिइएको छ । यसमा बताइए अनुसार हाल चली रहेको सातौं वैवश्वत मन्वन्तरका प्रमुख सप्तर्षि वसिष्ठ हुन् । ब्रह्मविद्याको गुरु परम्परा नारायणबाट ब्रह्मा र ब्रह्माबाट वसिष्ठ हुँदै आजसम्म चल्दै आएको छ । वसिष्ठ वैदिक मन्त्रद्रष्टादेखि पौराणिक, कर्मकाण्डी र ब्रह्मविद्याको उपदेश दिने गृहस्थ, त्यागी महात्माका रूपमा प्रसिद्ध मानिन्छन् । ऋग्वेदको सातौं मण्डलका मन्त्रद्रष्टा यिनी सूर्य वंशी राजाहरूका कुल गुरु र पुरोहित हुन् । *वसिष्ठस्मृति* यिनको प्रसिद्ध रचना हो । अरुन्धतीका पति यिनी श्रोत्रिय ब्रह्मनिष्ठ तपोमूर्ति ब्रह्मर्षि हुन् । कर्मकाण्डप्रति रुचि नभए पनि ब्रह्माबाट सूर्य वंशी राज परिवारमा रामका रूपमा भगवान् विष्णुले जन्म लिने कुरा थाहा पाएपछि यिनी कुल गुरु बन्न र पुरोहित्याइँ गर्न राजी भएका थिए । यिनले भगवान् रामलाई अजातवादपरक ब्रह्मविद्या सिकाएका थिए । यिनको *योगवासिष्ठ महारामायण* अध्यात्म जगत्को बहुमूल्य निधि मानिन्छ । विश्वामित्र तथा यिनका बिच चलेको तपस्या ठुलो कि सत्संग ठुलो भन्ने विवादमा शेष नागले पृथिवीको भार थाम्न लगाउँदा तपस्याको सम्पूर्ण शक्ति प्रयोग गरे पनि विश्वामित्रले नसकेको र वसिष्ठले सत्संगको शक्ति प्रयोग गर्दा पृथिवी उठाउन सकेको घटना प्रसिद्ध छ । त्यसपछि तपस्याभन्दा ठुलो सत्संग हो भन्ने कुरा सत्य सिद्ध भएको थियो । ब्रह्मर्षि वसिष्ठको आश्रममा बाघ पनि शाकाहारी भएर मृगका साथ रहन्थे । यिनले वरुणबाट सबै प्राणीको कल्याण हुने वर पाएका थिए । विश्वामित्रले यिनको आश्रमबाट कामधेनु गाई चोरेर लैजान खोज्दा ब्रह्मतेज प्रयोग गरी यिनले लुटेराहरूलाई नष्ट गरेको र गाई फिर्ता ल्याएको कथा पनि निकै प्रसिद्ध छ । देवी पार्वतीको भगवान् शंकरप्रतिको भक्तिको परीक्षण गर्न यिनी खटाइएका थिए । पुष्कर तीर्थको महिमा, धन सञ्चयको औचित्य, ज्ञानको आवश्यकता जस्ता विविध विषयमा यिनले दिएका उपदेश ब्रह्मविद्याका रत्न मानिन्छन् । अनेकौं पुराणहरूमा यिनको चर्चा गरिएको छ ।

ज्ञानी आमाका ज्ञानी छोराहरू भन्ने निबन्धमा त्रेता र द्वापर युगमा आमा कौसल्या, देवकी र देवहूतिले क्रमशः राम, कृष्ण र कपिलदेवलाई छोराका रूपमा प्राप्त गरेको कुरा उल्लेख गरिएको छ । यस पाठमा भनिए अनुसार कौसल्यामा पूर्व जन्मको पवित्र संस्कार थियो । भगवान् विष्णुलाई पुत्रका रूपमा प्राप्त गर्नका लागि ईश्वरको प्रार्थना गर्दा यिनले उनीबाट तथास्तु भन्ने वर पाएकी थिइन् । देवकीले पनि यस्तै वर पाएकीले कृष्णका रूपमा भगवान्लाई प्राप्त गरेकी हुन् । मनुकी छोरी तथा कर्दम ऋषिकी पत्नी देवहूतिको तपस्या पनि कौसल्या र देवकीको जस्तै थियो । तिनले महर्षि कपिलका रूपमा भगवान्लाई पुत्र बनाउन सफलता पाएकी हुन् । कौसल्या, देवकी र देवहूति शक्तिका, ब्रह्मात्मिका, बुद्धिका, अखण्डाकार वृत्तिका प्रतीक तथा राम, कृष्ण र कपिलदेव साक्षात् ब्रह्म स्वरूप परमात्माका अवतार हुन् । अवतारवादको रहस्य पनि यही हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टावक्र र जनक शीर्षकको निबन्धमा गरिएको चर्चा अनुसार बाबुले गलत उच्चारण गर्दा गर्भस्थ शिशुले सच्याउन खोजेको र रिसको झोंकमा बाबुले गर्भमै रहँदा टिप्पणी गर्नेले जन्म लिएपछि के मात्र बाँकी राख्ला भन्ने सोची बाङ्गोटिङ्गो भएर जन्मनु परोस् भनी श्राप दिएका कारण शरीरको आठ ठाउँमा बाङ्गोटिङ्गो भई अपाङ्ग बनेर जन्मेका बालक अष्टावक्र हुन् । यिनी ब्रह्मज्ञ थिए । राजा जनकलाई यिनले ब्रह्मविद्या सिकाएका थिए । ब्रह्मको सिद्धि प्राप्त गरेका यिनको अपाङ्गता निको भएको थियो । यिनको *अष्टावक्रगीता* ज्यादै चर्चित छ । यिनलाई वेदान्त दर्शनका मूर्धन्य व्याख्याता मानिन्छ । राजा जनकले सोधका र अष्टावक्रले जवाफ दिएका ब्रह्मज्ञान सम्बन्धी प्रश्नोत्तरको कृति *अष्टावक्रगीता* हो । यो पुस्तक यिनको र शास्त्रको प्रतिनिधि रचना मानिन्छ । अष्टावक्र तथा राजा जनकका बिचको ब्रह्मज्ञान सम्बन्धी प्रश्नोत्तरको सार ग्रहण गरेर जीवनलाई सार्थक तुल्याउने प्रेरणा प्राप्त हुन्छ ।

तीन गुरुका तीन शिष्य भन्ने निबन्धमा ब्रह्मज्ञान, ब्रह्मबोध, जीवात्मा र परमात्माको ऐक्य ज्ञान, दृढ अपरोक्ष ब्रह्मसाक्षात्कार, स्वरूपस्थिति, मोहको विनाश, आत्मस्मृति, अज्ञानको सर्वथा अभाव, मनोनाश, वासनाक्षय र तत्त्वसाक्षात्कारको एकाकार, विज्ञान सहितको ज्ञानको प्राप्ति, आत्मज्ञानका विषयमा पूर्वीय वाङ्मयमा ज्यादै चर्चित तिन जना गुरु र तिनै जना शिष्यका जोडीका कुरा बताइएको छ । यसका बताइए अनुसार भगवान् कृष्ण र अर्जुन, अष्टावक्र मुनि र राजा जनक तथा शुकदेव स्वामी र राजा परीक्षित् ती तिन गुरुचेला हुन् जसका बिच चलेका प्रश्नोत्तरले वेदान्त विज्ञानका अनेकौं गूढ रहस्यको उद्घाटन भएको छ । भगवान् कृष्ण र अर्जुनका बिचको वार्ताको विवरण र निष्कर्ष *श्रीमद्भगवद्गीता*मा दिइएको छ भने अष्टावक्र मुनि र राजा जनकका बिचको प्रश्नोत्तरको उल्लेख तथा सार *अष्टावक्रगीता*मा प्रस्तुत गरिएको छ । यसै गरी शुकदेव स्वामी र राजा परीक्षित्का बिचको सम्वाद एवं सोको निचोड *श्रीमद्भागवतमहापुराण*मा दिइएको छ । यी तिन वटै ग्रन्थ वेदान्त दर्शनका पारसमणि हुन् । यिनको अध्ययन र मननबाट जीवनको परमपुरुषार्थ हासिल गर्न सक्नु बुद्धिमानी हो । आचरणमा उतार्नु पर्ने ज्ञान र व्यवहार यी तिन वटै ग्रन्थले प्रस्तुत गरेका छन् ।

श्रीहनुमान् भन्ने निबन्धमा हनुमान्को परिचय दिइएको छ । यसमा भनिए अनुसार हनुमान् रुद्रका साक्षात् अवतार हुन् । आध्यात्मिकता यिनको चरित्र, लीला र समष्टि जीवन हो । चैत शुक्ल पूर्णिमा तिथिमा भगवान् शंकरले अञ्जनीका गर्भबाट हनुमान्का रूपमा जन्म लिएका हुन् । भगवान् रामको भक्तिमा समर्पित भई यिनले दास्य भक्तिको नमुना व्यवहारमा उतारेर देखाएका हुन् । समुद्र नाघेर लंका गई सीताको खोजी गर्ने र हिमालयबाट मृत्युञ्जय बुटी ल्याई लक्ष्मणलाई बचाउने जस्ता अद्भुत काम यिनले गरेका हुन् । जन्मँदै मायाका बन्धनबाट सर्वथा मुक्त भएका यिनले बाल्य कालमा भगवान् रामको कथा सुनेका थिए । सूर्यबाट वेद, वेदांग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र वेदान्त अध्ययन गरेका यिनी बुद्धि, ज्ञान, पराक्रम, सदाचार, भक्ति, ब्रह्मचर्यमा उदाहरणीय बन्नका साथै व्याकरणका ज्ञाता, विचारशील, तीक्ष्ण बुद्धि, संगीतज्ञ, गायक थिए । यिनले आफूलाई शरीरका दृष्टिले भगवान् रामको दास, आत्माका दृष्टिले राममय, परमार्थका दृष्टिले परमार्थमय भएको कुरा अघि सार्दै राम र आफूमा भिन्नता नभएको कुरा बताएका थिए । दास्य भावबाट भक्तिको पराकाष्टामा पुगिने, त्यसबाट ज्ञान प्राप्त हुने र ज्ञानबाट परमार्थ लाभ हुने कुरा यिनले गरेर देखाएका थिए । ब्रह्मज्ञानको एउटा बाटो दास्य भक्ति पनि हो भन्ने मान्यताका उदाहरण यिनी हुन् ।

भक्त प्रह्लाद शीर्षकको निबन्धमा प्रह्लादले गरेको असामान्य भक्तिको बयान गरिएको छ । *योगवासिष्ठ महारामायण*मा ब्रह्मर्षि वसिष्ठले भगवान् रामलाई बताएको दैत्य कुलका रत्न प्रह्लादले गरेको भगवद्भक्तिको कथा सुनाएको प्रसंग प्रस्तुत गरिएको छ । सोही प्रसंगलाई यस पाठमा वर्ण्य विषय बनाइएको छ । यसमा भनिए अनुसार प्रह्लादले भक्तिमा लगातार समर्पित भएपछि भगवान् विष्णुले प्रत्यक्ष दर्शन दिंदै वर माग्न भने । प्रह्लादले ब्रह्मज्ञान मागे । भगवान् विष्णुले सांसारिक भोगविलासका जुनसुकै कुरा दिन सकिने तर ब्रह्मज्ञान चाहिं दिन नसकिने कुरा बताए । त्यसपछि ब्रह्मज्ञान प्राप्त हुने उपाय बताई दिन प्रह्लादले अनुरोध गर्दा भगवान् विष्णुले नित्य निरन्तर आत्मविचारमा लाग्न भने । त्यसपछि सारा भौतिक दृश्य पदार्थलाई अनात्म मानी प्रह्लाद शरीर, इन्द्रिय, मन, बुद्धि, प्राण, अहंकार आदिलाई पन्छाउँदै स्वयंप्रकाश परमात्माको अनुसन्धानमा लागे । त्यस मार्गमा निरन्तर अग्रसर हुंदै गएपछि उनलाई अत्यन्त शान्ति र आनन्दको अनुभव हुन थाल्यो । उनी आफूलाई चैतन्य सत्ताका रूपमा देख्न थाले । आकाशबाट वायु, फुलबाट सुगन्धि, तिलबाट तेल, रसबाट माधुर्य, आगोबाट तातो, चन्द्रमाबाट शीतल अलग हुन नसके जस्तै परमात्माबाट प्राणी अलग हुन नसक्ने कुराको बोध उनलाई भयो । आफूबाट अभिन्न ठानेर विचार गर्दा नारायण र आफूमा भिन्नता नभएको कुरा पनि उनले बुझे । आत्मचिन्तनको अभ्यास गर्दै जाँदा प्रह्लादमा परमतत्त्वको ज्ञान भयो । पातालका राजा हुँदा पनि उनी हजारौं वर्षसम्म समाधि लगाएर बसे । पछि भगवान् नारायणले उनलाई शंख बजाएर जीवनमुक्त भएको कुरा सुनाए । राज्यको उपेक्षा गर्दा लथालिंग भएको व्यवस्था सुधारी लोकको सेवा गर्न भगवान् विष्णुले प्रह्लादलाई आदेश दिए । ब्रह्मज्ञानी, जीवनमुक्त, अनासक्त, परमात्म स्वरूप भएकाले प्रह्लादले गरेको राज्यमा जताततै शान्ति र समृद्धि बढ्दै गयो । राजा वा शासक बन्ने व्यक्ति सांसारिक मोह र बन्धनबाट मुक्त हुनु पर्ने कुरा त्यसपछि आदर्शका रूपमा स्वीकार गरियो । राज्य मोहमा निर्लिप्त भई हजारौं वर्षसम्म प्रह्लादले राज्य गरे । शासनाधिकारीले ब्रह्मको चिन्तन गर्नु सामान्य व्यक्तिले भन्दा ज्यादा जरुरी हुन्छ । लोभ, लालच, तृष्णा, इच्छा, आकांक्षा जस्ता सीमित कुराबाट मुक्त भई गरिएको जुनसुकै काम सफल हुन्छ, स्तरीय बन्दछ र प्रभावकारी हुन्छ । प्रह्लादको राज्य व्यवस्था यस कुराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरण हो । त्यसैले प्रह्लाद भक्तिका लागि मात्र उदाहरणीय न भएर ज्ञान र व्यवहारका लागि पनि उदाहरणीय व्यक्ति हुन् । यिनले तपस्या गर्दा जसरी नारायण स्वरूप परमात्माको चिन्तन गरे राज्य गर्दा पनि त्यस चिन्तनलाई निरन्तरता दिए । तपस्या गर्दा होस् कि समाधिमा बस्दा होस् अथवा राजगद्दीमा आसीन हुँदा होस् उनले परमात्म चिन्तन कहिल्यै छोडेनन् । उनी आदर्श भक्त, आदर्श तपस्वी, आदर्श योगी, आदर्श चिन्तक, आदर्श राजाका रूपमा चर्चित बन्नको मूल रहस्य यही हो । जहाँ जुन रूपमा रहे बसे पनि आत्मचिन्तन गरी परमात्ममय बन्ने काममा लागी रहनु पर्दछ ।

श्रीशंकराचार्य भन्ने निबन्धमा रचनाकार के भन्दछन् भने धर्म संस्थापनका लागि धराधाममा स्वयं अवतरित हुने कुरा पार्वतीलाई बताए अनुसार भगवान् शंकर शंकराचार्यका रूपमा प्रकट भएका हुन् । ब्राह्मण शिव गुरु तथा अम्बिकाका सन्ततिका रूपमा शंकराचार्य ८४५ मा जन्मी ८७७ सालमा ब्रह्मलीन भएका हुन् । सानै उमेरमा बाबुको देहान्त भए पनि ज्यादै प्रतिभाशाली यिनले अध्ययनमा असामान्य सफलता हासिल गरे । आमाले नचाहँदा पनि यिनले गोविन्द भगवद्पादाचार्यलाई गुरु बनाएर सन्न्यास ग्रहण गरे । त्यसपछि यिनी दिग्विजय गर्न निस्किए । अर्कोतिर फुर्सदको समयमा विभिन्न ग्रन्थ लेख्ने काम पनि यिनले सुरु गरे । योग्य शिष्यलाई वेदान्त दर्शन पढाउने काम पनि यिनी गर्दै गए । यिनले *श्रीमद्भगवद्गीता* तथा *ब्रह्मसूत्र*को भाष्य लेखे । त्यस वेला विद्वतामा प्रसिद्धि पाएका मण्डन मिश्रसित यिनले गरेको शास्त्रार्थ निकै चर्चित बन्यो । ब्रह्मज्ञानबाट मोक्ष लाभ हुन्छ भन्ने यिनी र कर्मबाट मुक्ति पाइन्छ भन्ने मण्डन मिश्रसितको लामो बहसमा यिनी विजयी भए । मण्डन मिश्र हारे पनि उनकी पत्नी उभय भारतीले शास्त्रार्थमा जित्न आफूसित पनि प्रतिस्पर्द्धा गर्न चुनौती दिइन् । शंकराचार्यले तिनको चुनौती स्वीकार गरे । तिनले कामशास्त्रसित सम्बद्ध विषयमा प्रश्न गरिन् । बाल ब्रह्मचारी शंकराचार्यलाई त्यस वारे केही थाहा न भएकोले उत्तर दिन केही समय चाहिने कुरा अघि सारियो । त्यसपछि एक जना मरेका राजाको शरीरमा प्रवेश गरी शंकराचार्यले कामशास्त्रको ज्ञान प्राप्त गरे । पछि तोकिएको समयमै फर्केर आई यिनले उभय भारतीलाई पनि शास्त्रार्थमा हराए । मीमांसा दर्शनका असाधारण विद्वान् मण्डन मिश्रलाई दीक्षा दिएर सुरेश्वराचार्य बनाए । यिनी नै सबै शिष्यहरूमा प्रमुख बनाइए । त्यस अघि बदरीनाथको दर्शन गर्न जाँदा सनन्दन नामका एक जना शिष्यलाई पद्मपादाचार्य नाम दिएर यिनले शिष्य बनाएका थिए । धेरै उमेरसम्म नबोलेका एक जना बालकले शंकराचार्यले सोधको प्रश्नको जवाफ वेदान्त दर्शनको सारमा दिएकाले हस्तामलकाचार्य नाम दिएर तिनलाई पनि दीक्षा दिइयो । यिनका अर्का एक जना शिष्य त्रोटकाचार्य नामले पनि चर्चित भए । पछि चारै जना शिष्यलाई भारतका विभिन्न क्षेत्रमा निर्माण गरिएका पीठहरूमा प्रमुख बनाएर वैदिक सनातन धर्मको प्रचार प्रसार गर्ने जिम्मेवारी यिनले दिए । ती चार वटा पीठहरूमा प्रत्येक बार वर्षमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण र छ वर्षमा अर्द्ध कुम्भको मेला लाग्दछ । अनेक ग्रन्थ लेखेर, व्याख्यान दिएर, शास्त्रार्थ गरेर, देशाटन गरेर, शिष्य बनाएर यिनले वैदिक परम्पराको पुनरुत्थान गरे । समस्त सनातनीहरू आज पनि यिनका प्रति असीम श्रद्धा गर्दछन् । केवल ३२ वर्षको आयु पाएका यिनले जीवनको अत्यधिक सदुपयोग गरी अद्‌भुत काम गरेर देखाए । यिनको जीवनीले समयको सदुपयोग गर्न र वेदान्त दर्शनको मर्म बुझ्न अभिप्रेरित गर्दछ ।

स्वर्गद्वारी महाप्रभु नामक निबन्धमा भनिएको कुरा के हो भने आवश्यकता अनुसार परमेश्वरले धरतीमा अनेक रूपमा अवतार लिने गर्दछन् । परिपूर्णावतार, पूर्णावतार, आवेशावतार, अंशावतार, अंशअंशावतार, लीलावतार, कलावतार आदि अनेक रूपमा धर्म तथा साधुको रक्षा तथा अधर्म एवं दुर्जनको विनाशका लागि परमेश्वर धरतीमा समय समयमा अवतरित हुन्छन् । यस्तै अवतार स्वर्गद्वारी महाप्रभु पनि हुन् । १९१६ साल साउन शुक्ल एकादशीमा रोल्पाको रुमटी गाउँमा अनिरुद्र गौतम खत्री तथा श्वेताकुमारी (तुलसा) का सन्तानका रूपमा यिनको जन्म भएको हो । जन्मेको छैटौं दिनदेखि आमाको दुध खान छोडेका यिनले सपनामा आमालाई छैटीका दिन मासु खाएकीले तिनको दुध नखाएको कुरा भने । यिनको नाम नारायण राखियो । पैंतिस वर्षको उमेरसम्म गाउँमै बसेका यिनी समय समयमा गाउँलेहरूलाई आज अमुक ठाउँमा बस्तुभाउ चराउन नलैजानू भनेर पहिले नै बताउँथे । अटेर गरी सो ठाउँमा बस्तुभाउ चराउन लगेमा बाघ लाग्ने, बाढी लाग्ने वा कुनै न कुनै अनिष्ट हुने गर्दथ्यो । यिनले भनेको कुरा सत्य हुन थालेपछि यिनलाई सिद्ध महापुरुषका रूपमा मान्न थालियो । पछि यिनले प्युठानको स्वर्गद्वारी लेकमा प्राचीन कालमा यज्ञ गरिएको ठाउँ भन्दै शिवलिंग स्थापना गरे । पछि गएर त्यहाँ यज्ञमा प्रयोग गरिने सामानहरू भेटिन लागे । यिनले सो ठाउँमा प्राचीन कालमा ठुलाठुला ऋषिहरूका आश्रम थिए भन्ने कुरा बताए । हुंदाहुंदा त्यहाँ ठुलो तीर्थधाम नै खडा गरियो । करिब ८००० फिटको उचाइमा रहेको सो ठाउँमा १९५२ वैशाख पूर्णिमादेखि विश्व कल्याण अखण्ड महायज्ञ गरियो । त्यो कार्य आजसम्म पनि चलेकै छ । स्वर्गद्वारी महाप्रभुले अनेकौं अद्‌भुत कार्य गरेको कुरा सो क्षेत्रका बासिन्दा बताउँछन् । यस ठाउँमा वेद विद्याश्रमको स्थापना गरिएको छ । यस आश्रमका नाममा एघार हजार बिगाह जमिन आज पनि दाङ र देउखरीमा रहेको छ । सोही जमिनको आम्दानीबाट आवश्यक खर्च गर्ने व्यवस्था मिलाइएको छ । नेपाल र भारतका विभिन्न ठाउँबाट तीर्थ यात्रीहरू यहाँ आउँछन् । सयौं सन्त महन्तहरूका लागि भोजन र आवासको व्यवस्था पनि यहाँ गरिएको छ । यस धामका उत्तराधिकारी मठाधीशहरूलाई पनि स्वर्गद्वारी महाप्रभु भन्ने गरिन्छ । सनातन परम्पराको संरक्षणका लागि स्वर्गद्वारी महाप्रभुले बसालेको दैनिक यज्ञ कार्यको चलन आज पनि यस ठाउँमा चल्दै आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमस्तरामबाबा र **श्रीखप्तडबाबा** समीक्ष्य पुस्तकका बारौं र तेरौं निबन्ध हुन् । यी दुवै बाबाका विषयमा प्रा. रिसालले छुट्टाछुट्टै काव्य रचना गरेका छन् । ती काव्यमा भनिएकै कुराको सार प्रस्तुत निबन्धहरूमा व्यक्त गरिएको छ । त्यसैले यी दुई पाठको अलग्गै समीक्षा आवश्यक देखिँदैन । यिनमा पनि रचनाकारले वेदान्त दर्शनलाई आधार बनाएको कुरा उल्लेख गर्नु भने जरुरी हुन्छ ।

डा. क्षितीशचन्द्र चक्रवर्ती भन्ने निबन्धमा वेदान्त दर्शनका मर्मज्ञ तथा प्रा. रिसालले गुरु मानेर सम्मान गरिएका विद्वान् डा. क्षितीशचन्द्र चक्रवर्तीको चरित्र चित्रण गरिएको छ । यसमा बताइए अनुसार नेपालमा धार्मिक सांस्कृतिक विषयमा प्रवचन, सत्संग, भजनकीर्तन गर्ने चलन जतातते रहेको पाइन्छ । यसै क्रममा १९५६ वैशाख शुक्ल पञ्चमीमा बंगालमा जन्मेका र १९८१ सालदेखि त्रिचन्द्र कलेजमा अंग्रेजी विषयका प्राध्यापक भएर सेवा दिन थालेका डा. क्षितीशचन्द्र चक्रवर्तीले पनि वेदान्त दर्शनमाथि लामो समय व्याख्यान दिई सयौं जनालाई वेदान्ती बनाउने काम गरेका हुन् । पशुपतिनाथ मन्दिरको वासुकि आश्रममा बस्ने योगीश्वर शंकरानन्द महाराजका संगतमा रहँदा बस्दा यिनी अद्वैत का अनुयायी बनेका हुन् । यिनी जीवनमा गड अर्थात् ईश्वर, गीता र ग्रामर अर्थात् व्याकरण जान्नु आवश्यक छ भन्दथे । नेपाल, नेपाली जनता र नेपाली भाषाप्रति ज्यादै सम्मान गर्ने यिनले वेदान्त विषयमा १५० वटा पुस्तक लेखेका छन् । १९८१ देखि २००७ सालसम्म त्रिचन्द्र कलेजका अंग्रेजी विषयका विभागाध्यक्ष रहेका यिनले अद्वैत संस्था तथा अद्वैत विश्वविद्यालयका पाठ्यक्रमका माध्यमबाट अद्वैतको व्यापक प्रचार प्रसार गरे । यिनको डी.फिल.उपाधिको शोधप्रबन्ध "आत्मसाक्षात्कार" योगवासिष्ठको सारसंक्षेपको बेजोड अनुसन्धानात्मक कृति हो । विद्यालयदेखि विश्वविद्यालयका विभिन्न तहमा वेदान्त दर्शनको ज्ञान सिकाउने काममा यिनले गरेको योगदान ज्यादै महत्त्वपूर्ण छ । अद्वैत संस्थाको सांगठनिक व्यवस्थाको प्रयोगद्वारा यिनले नेपालमा ब्रह्मविद्याको जग मजबुत तुल्याउने काम गरे । मनुष्यमा अज्ञानका कारण व्याप्त जीवभाव र संसारी भाव हटाई शिवभाव, ब्रह्मभाव, परमात्मभाव स्थापित गर्नमा यिनले जीवन नै उत्सर्ग गरी दिए । श्रोत्रिय ब्रह्मनिष्ठ महान् साधक यिनी वन्दनीय छन् ।

श्रीश्यामचैतन्यबाबा नामक निबन्धमा के भनिएको छ भने १९५० मा भारतको हिमाञ्चल प्रदेशको उस्तेड गाउँमा उपाध्याय ब्राह्मण कुलमा जन्मेका श्यामचैतन्यले व्याकरण, साहित्य, वेद, उपनिषद् आदि पूर्वीय वाङ्मयको अध्ययन गरेका थिए । सांसारिक जीवनप्रतिको वितृष्णाका कारण वैराग्य उत्पन्न भएपछि यिनले घरद्वार छोडेर बाहिरिंदा आफू जस्तै छ जना साथी भेटाए । १९८६ सालमा तिनीहरू सबै जना पशुपतिनाथको दर्शन गर्न काठमाडौं आए । ती छ जनामध्येका एक बेलायतबाट चिकित्साशास्त्र पढेर आएका खप्तड बाबा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । श्यामचैतन्य अग्नि अखाडाबाट दीक्षित भएका योगी थिए । १९८८ देखि यिनी मैपीको गुरु नानक मठमा जप, ध्यान, योग, व्रत आदि गर्दै परमात्म चिन्तनतिर लागे । गोरा, उज्याला, तेजिला, फुर्तिला यिनी निकै आकर्षक देखिन्थे । यिनी नित्य गायत्रीको जप गर्दथे । जप, यज्ञ, हवन, साधुसन्तको सेवा गर्ने यिनी एक छाक मात्र खाना खान्थे । २००७ देखि २०५६ सालसम्म यिनी पशुपतिनाथको वासुकि मन्दिर नजिकैको सत्तलमा बसे । भक्तहरूले भेटी चढाएका पैसाबाट भण्डारा गराउने र साधुसन्तहरूलाई ख्वाउने काम यिनी गरी रहन्थे । वेदान्त दर्शनको राम्रो ज्ञान भएका यिनले २०४९ को अर्द्धकुम्भमा हरिद्वारमा श्री १००८ स्वामी त्रिवेणी पुरीबाट सन्न्यासको विधिवत् दीक्षा ग्रहण गरे । निष्काम कर्मका योगी, अन्न दान गर्न रुचाउने, गायत्रीका उपासक, ब्रह्मविद्याका ज्ञाता यिनी २०५६ असार २६ गते काठमाडौं छोडेर बनारस गई दक्षिणामूर्ति मठमा बस्न थाले । २०५६ भदौ ९ गते सोही मठमै यिनी ब्रह्मलीन भए । यिनी तपोमूर्ति र ब्रह्मज्ञानी थिए । ब्रह्मलीन हुनकै लागि यिनी बनारस गएका थिए ।

पं. बदरीनाथ भट्टराई यस कृतिको अन्तिम निबन्ध हो । शीर्षक अनुसार यसमा पं. बदरीनाथ भट्टराईको परिचय दिने काम गरिएको छ । यसमा भनिए अनुसार नेपाली साहित्यमा अनेकौं कथा, निबन्ध, कविता, समालोचना लेखेर ख्याति कमाएका पं. बदरीनाथ भट्टराईले अध्यात्म विषयलाई आधार बनाएर दजैनौं पुस्तक लेखेका छन् । यिनका जम्मा २७ वटा पुस्तक प्रकाशित छन् । वेदान्त दर्शनका गूढ तत्त्वको व्याख्या गर्ने काममा पनि यिनले निकै समय व्यतीत गरेका हुन् । १९६५ कार्त्तिक कृष्ण अष्टमीका दिन काठमाडौंको इन्द्रचोकमा जन्मेका यिनको २०५२ माघ शुक्ल नवमीमा ८७ वर्षको उमेरमा देहावसान भयो । समयको सदुपयोग गर्नमा जोड दिने यिनी कर्मयोगी, निर्गुणका उपासक, ज्ञाननिष्ठ साधक, तपस्वी, आदर्श गृहस्थ, अध्यात्मका चिन्तक, अनुसन्धाता र ब्रह्मवित् महात्मा थिए । धर्मशास्त्रले बताएको बाटोमा हिंड्दै बोली र व्यवहारमा एकता कायं गर्न यिनी जोड दिन्थे । खप्तड बाबा, श्यामचैतन्य बाबा, मस्तराम बाबा जस्ता सिद्ध पुरुषले पनि यिनको प्रशंसा गर्दथे । विभिन्न पुरस्कार, विभूषण र सम्मानबाट विभूषित यिनी अनुकरणीय चरित्र भएका अध्यात्मविद्या तथा साहित्यका साधक थिए । वनारसबाट साहित्यमा शास्त्री र इलाहाबादबाट धर्मशास्त्रमा आचार्य उत्तीर्ण गरेका यिनले काठमाडौंका विभिन्न महाविद्यालयहरूमा प्राध्यापन गरेका थिए । खप्तड बाबा, मस्तराम बाबाका रचनाको नेपालीमा अनुवाद गर्ने, मौलिक रचनाको सिर्जना गर्ने, सत्संग गर्ने, वेदान्त दर्शनको चिन्तन गर्ने, सत्कार्यमा समय व्यतीत गर्ने र ध्यान गर्ने यिनी मनुष्य जीवनलाई परमात्माकै रूप भन्दथे ।

प्रा. रिसालले असाध्यै श्रद्धा गर्ने देवता तथा व्यक्तिको चित्रण यस पुस्तकमा गरिएको छ । यसमा दिइएका शीर्षकसित सम्बद्ध विषयमा पुस्तक नै तयार पार्ने वा कविता रच्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम पनि प्रा. रिसालले गरेका छन् । यस पुस्तकका लगभग सबै निबन्धमा आधारभूत रूपमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएको छ वेदान्त र परमार्थको ज्ञान जस्तो ज्यादै कठिन मानिने विषयलाई सन्तहरूको चरित्र चित्रणका माध्यमबाट स्पष्टसित बुझाउने प्रयास गरिएको छ । वेदान्त दर्शनका विविध पक्षमाथि प्रकाश पार्दै सरल भाषाको प्रयोगबाट ब्रह्मज्ञानी अनेकौं व्यक्तिको परिचय दिने काम यसमा भएको छ । वेदान्तवादी दृष्टिले कविको सिङ्गो व्यक्तित्वलाई जताततै पछ्याए झैं यसमा पनि साथ छोडेको देखिँदैन । वेदान्त दर्शनको आवरणमा रचना गरिएको महान् सन्तको शब्दचित्र भनेर यस कृतिको संक्षिप्त परिचय दिन सकिन्छ ।

४.२.२६ श्रीशिवसहस्रनामस्तोत्रम्

श्रीशिवसहस्रनामस्तोत्रम् (अनुवाद एवं चतुर्थ्यन्तसहित) स्वाध्याय परिवार, जावलाखेल, ललितपुरद्वारा २०६५ सालको महाशिवरात्रिका दिन प्रकाशित प्रा. शिवगोपाल रिसालको पच्चिसौं कृति हो । गाताको अघिल्लो पृष्ठमा भगवान् शंकरको बाघाम्बरमा आसीन हस्तनिर्मित रंगीन चित्र, सो चित्रका जघन स्थलमा पुस्तकको नाम **श्रीशिवसहस्रनामस्तोत्रम्** र त्यसको मुनि रचनाकार **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ । गाताका भित्री दुवैतिरका पृष्ठ खाली राखिएका छन् । आवरणको पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको हँसिलो अनुहारको रंगीन चित्र तथा सो अवधिसम्म प्रकाशित पुस्तकहरूको सूची र प्रकाशन वर्षको विवरण दिइएको छ । भित्री पहिलो र दोस्रो पृष्ठमा पुस्तकको परिचय र तेस्रो पृष्ठमा चित्र सहितको रचनाकारका पितामातामा कृति समर्पण गरेको कुरा राखिएको छ र त्यसको पछाडिको पृष्ठ खाली छोडिएको छ । त्यस पछाडिको पृष्ठको अघिल्लो भागमा **खण्ड : १ भूमिका खण्ड** लेखिएको छ भने पछिल्लो पृष्ठ खाली छोडिएको छ । त्यसपछि क्रमशः अनुवादक तथा सम्पादकको चौध पृष्ठ लामो भूमिका र तेर पृष्ठ लामो *श्रीशिवसहस्रनामस्तोत्रम्*को रचनामा प्रयोग गरिएको वर्ण व्यवस्था तथा पुनरावृत्तिको विवरण, तिन पृष्ठ लामो स्वामी ज्ञानानन्द सरस्वतीको शुभकामना, पाँच पृष्ठ लामो पं. विष्णुप्रसाद न्यौपानेको मन्तव्य र तिन पृष्ठ लामो स्वाध्याय परिवार, जावलाखेलको प्रकाशकीय दिइएको छ । यसमा विषयसूची राखिएको देखिँदैन । दोस्रो खण्डमा सुरुको पृष्ठमा **खण्ड : २ मूल खण्ड** शीर्षक दिई पछिल्लो पृष्ठ खाली राखिएको छ । यी सबै क्रमपछि मात्र पुस्तकको विषयवस्तु सुरु गरिएको छ । मूल खण्डमा श्रीशिवमहापुराणम्-कोटिरुद्रसंहिताको *श्रीशिवसहस्रनामस्तोत्रम्*को मूलपाठ र गद्यमा नेपाली अर्थ दिइएको छ । **खण्ड : ३ कोश खण्ड**मा अकारादि वर्णानुक्रममा राखेर *श्रीशिवसहस्रनामस्तोत्रम्*को मूलपाठका श्लोक संख्याको संकेत सहित भगवान् शंकरका एक हजार नामको नेपाली गद्यमा अर्थ प्रस्तुत गरिएको छ । चौथो खण्डको नाम **खण्ड : ४ चतुर्थ्यन्त खण्ड** भनिएको छ । चतुर्थ्यन्त भनेको श्रीशिवमहापुराणम्-कोटिरुद्रसंहिताको *श्रीशिवसहस्रनामस्तोत्रम्*मा दिइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमानुसार भगवान् शंकरका नामको अन्त्यमा सम्प्रदान कारक र तदनुसारको चतुर्थी विभक्तिको प्रत्यय लगाउनु हो । यसमा भगवान् शंकरका प्रत्येक नाम चतुर्थ्यन्तमा राख्नका साथै सुरुमा ॐ र चतुर्थ्यन्तपछि **नमः** पनि जोडिएको छ । नामोच्चारका आधारमा जप र हवन गर्ने विधिका लागि पनि यस्तो प्रस्तुति निकै उपयोगी मानिन्छ । डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश ४४ तथा पाठको अंश १२७ गरी जम्मा १७१ पृष्ठ छन् ।

श्रीशिवमहापुराणम्-कोटिरुद्रसंहितामा उल्लिखित भगवान् शंकरका नाम निम्न लिखित हुन् :

१. शिवः, २. हरः, ३. मृडः, ४. रुद्रः, ५. पुष्करः, ६. पुष्पलोचनः, ७. अर्थिगम्य, ८. सदाचारः, ९. शर्वः, १०. शम्भुः, ११. महेश्वरः, १२. चन्द्रपीडः, १३. चन्द्रमौलिः, १४. विश्वः, १५.विश्वम्भरेश्वरः, १६. सारसन्दोहः, १७. कपालिः, १८. नीललोहितः, १९. ध्यानधारा, २०. अपरिच्छेद्य, २१. गौरीभर्ता, २२. गणेश्वरः, २३. अष्टमूर्तिः, २४. विश्वमूर्तिः, २५. त्रिवर्गस्वर्गसाधनः, २६. ज्ञानगम्य, २७. दृढप्रज्ञा, २८. देवदेवः, २९. त्रिलोचन, ३०. वामदेवः, ३१. महादेवः, ३२. पटवः, ३३. परिवृढः, ३४. दृढः, ३५. विश्वरूपः, ३६. विरूपाक्षः, ३७. वागीशः, ३८. शुचिसत्तम, ३९. सर्वप्रमाणसंवादिनः, ४०. वृषांकः, ४१. वृषवाहनः, ४२. ईशः, ४३. पिनाकि, ४४. खट्वांगी, ४५. चित्रवेषः, ४६. चिरन्तनः, ४७. तमोहरः, ४८. महायोगी, ४९. गोप्त्री, ५०. ब्रह्मणः, ५१. धूर्जटि, ५२. कालकालः, ५३. कृत्तिवासः, ५४. सुभगः, ५५. प्रणवात्मकः, ५६. उन्नध्रः, ५७. पुरुषः, ५८. जुष्यः, ५९. दुर्वासा, ६०. पुरशासनः, ६१. दिव्यायुधः, ६२. स्कन्दगुरुः, ६३. परमेष्ठि, ६४. परात्परः, ६५. अनादिमध्यनिधनः, ६६. गिरीशः, ६७. गिरिजाधवः, ६८. कुवेरबन्धुः, ६९. श्रीकण्ठः, ७०. लोकवर्णोत्तम, ७१. गृदवः, ७२. समाधिवेद्य, ७३. कोदण्डी, ७४. नीलकण्ठः, ७५. परश्वधी, ७६. विशालाक्षः, ७७. मृगव्याधा, ७८. सुरेशः, ७९. सूर्यतापनः, ८०. धर्मधाम्नः, ८१. क्षमाक्षेत्रः, ८२. भगवतः, ८३. भगनेत्रभिद्, ८४. उग्रः, ८५. पशुपति, ८६. तार्क्ष्यः, ८७. प्रियभक्तः, ८८. परन्तपः, ८९. दात्री, ९०. दयाकरः, ९१. दक्षः, ९२. कपर्दिनः, ९३. कामशासनः, ९४. श्मशाननिलयः, ९५. सूक्ष्मः, ९६. श्मशानस्थ, ९७. महेश्वरः, ९८. लोककर्ता, ९९. मृगपतिः, १००. महाकर्ता, १०१. महौषधः, १०२. उत्तरः, १०३. गोपतिः, १०४. गोप्त्रि, १०५. ज्ञानगम्य, १०६. पुरातनः, १०७. नीति, १०८. सुनीति, १०९. शुद्धात्मा, ११०. सोमः, १११. सोमरत, ११२. सुखी, ११३. सोमपा, ११४. अमृतपा, ११५. सौम्य, ११६. महातेजः, ११७. महाद्युति, ११८. तेजोमय, ११९. अमृतमय, १२०. अन्नमय, १२१. सुधापतिः, १२२. अजातशत्रु, १२३. आलोकः, १२४. सम्भाव्य, १२५. हव्यवाहनः, १२६. लोककर, १२७. वेदकर, १२८. सूत्रकारः, १२९. सनातनः, १३०. महर्षिकपिलाचार्यः, १३१. विश्वदीप्ति, १३२. त्रिलोचनः, १३३. पिनाकपाणि, १३४. भूदेवः, १३५. स्वस्तिद, १३६. स्वस्तिकृत्, १३७. सुधी, १३८. धातृधामः, १३९. धामकर, १४०. सर्वगः, १४१. सर्वगोचरः, १४२. ब्रह्मसृज्, १४३. विश्वसृज्, १४४. सर्गः,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४५. कर्णिकारप्रियः, १४६. कविः, १४७. शाखः, १४८. विशाखः, १४९. गोशाखः, १५०. शिवः, १५१. भिषगनुत्तम, १५२. गंगाप्लवोदकः, १५३. भव्यः, १५४. पुष्कलः, १५५. स्थपतिः, १५६. स्थिरः, १५७. विजितात्मनः, १५८. विधेयात्मनः, १५९. भूतवाहनसारथि, १६०. सगणः, १६१. गणकायः, १६२.सुकीर्ति, १६३. छिन्नसंशयः, १६४. कामदेवः, १६५. कामपालः, १६६. भस्मोद्धूलितविग्रहः, १६७. भस्मप्रियः, १६८. भस्मशायी, १६९. कामी, १७०. कान्तः, १७१. कृतागम, १७२. समावर्तः, १७३. अनिवृत्तात्मनः, १७४. धर्मपुञ्ज, १७५. सदाशिवः, १७६. अकल्मषः, १७७. पुण्यात्मा, १७८. चतुर्बाहु, १७९. दुरासदः, १८०. दुर्लभः, १८१. दुर्गम, १८२. दुर्गः, १८३. सर्वायुधविशारदः, १८४. अध्यात्मयोगनिलयः, १८५. सुतन्तु, १८६. तन्तुवर्धनः, १८७. शुभांगः १८८. लोकसारंगः, १८९. जगदीशः, १९०. जनार्दनः, १९१. भस्मशुद्धिकर, १९२. मेरुः, १९३. ओजस्वी, १९४. शुद्धविग्रहः, १९५. असाध्य, १९६. साधुसाध्य, १९७. भृत्यमर्कटरूपधृषः, १९८. हिरण्यरेतसः, १९९. पुराणः, २००. रिपुजीवहर, २०१. बली, २०२. महाह्रदः, २०३. महागर्तः, २०४. सिद्धवृन्दारवन्दित, २०५. व्याघ्रचर्माम्बरः, २०६. व्याली, २०७. महाभूतः, २०८. महानिधिः, २०९. अमृताशः, २१०. अमृतवपुः, २११. पाञ्चजन्यः, २१२. प्रभञ्जनः, २१३. पञ्चविंशतितत्त्वस्थ, २१४. पारिजातः, २१५. परावरः, २१६. सुलभः, २१७. सुव्रतः, २१८. शूरः, २१९. ब्रह्मवेदनिधिः, २२०. निधिः, २२१. वर्णाश्रमगुरुः, २२२. वर्णी, २२३. शत्रुजित्, २२४. शत्रुतापनः, २२५. आश्रमः, २२६. क्षपणः, २२७. क्षामः, २२८. ज्ञानवतः, २२९. अचलेश्वरः, २३०. प्रमाणभूत, २३१. दुर्ज्ञेय, २३२. सुपर्णः, २३३. वायुवाहनः, २३४. धनुर्धरः, २३५. धनुर्वेदः, २३६. गुणराशि, २३७. गुणकरः, २३८. सत्यः, २३९. सत्यपरः, २४०. अदीनः, २४१. धर्मांगः, २४२. धर्मसाधनः, २४३. अनन्तदृष्टि, २४४. आनन्दः, २४५. दण्डः, २४६. दमयित्री, २४७. दमः, २४८. अभिवाद्य, २४९. महामाया, २५०. विश्वकर्मविशारद, २५१. वीतरागः, २५२. विनीतात्मनः, २५३. तपस्वी, २५४. भूतभावनः, २५५. उन्मत्तवेषः, २५६. प्रच्छन्नः, २५७. जितकामः, २५८. अजितप्रियः, २५९. कल्याणप्रकृति, २६०. कल्पः, २६१. सर्वलोकप्रजापतिः, २६२. तरस्वी, २६३. तारकः, २६४. धीमान्, २६५. प्रधानः, २६६. प्रभवः, २६७. अव्ययः, २६८. लोकपालः, २६९. अन्तर्हितात्मनः, २७०. कल्पादि, २७१. कमलेक्षणः, २७२. वेदशास्त्रतत्त्वज्ञ, २७३. अनियमः, २७४. नियताश्रयः, २७५. चन्द्रः, २७६. सूर्यः, २७७. शनिः, २७८. केतुः, २७९. वरांगः, २८०. विद्रुमच्छवि, २८१. भक्तवश्य, २८२. परब्रह्म, २८३. मृगवाणार्पण, २८४. अनघः, २८५. अद्रिः, २८६. अद्र्यालयः, २८७. कान्तः, २८८. परमात्मा, २८९. जगद्गुरुः, २९०. सर्वकर्मालयः, २९१. तुष्टः, २९२. मंगल्य, २९३. मंगलावृत, २९४. महातपः, २९५. दीर्घतपः, २९६. स्थविष्ठः, २९७. स्थविरध्रुवः, २९८. अहःसंवत्सरः, २९९. व्याप्ति, ३००. प्रमाणः, ३०१. परमतपसी, ३०२. संवत्सरकरः, ३०३. मन्त्रप्रत्ययः, ३०४. सर्वदर्शनः, ३०५. अजः, ३०६. सर्वेश्वरः, ३०७. सिद्धः, ३०८. महारेतसीः, ३०९. महाबलः, ३१०. योगियोग्यः, ३११. महातेजः, ३१२. सिद्धिः, ३१३. सर्वादि, ३१४. अनुग्रहः, ३१५. वसुः, ३१६. वसुमनसः, ३१७. सत्यः,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१८. सर्वपापहरः, ३१९. सुकीर्तिशोभनः, ३२०. श्रीमान्, ३२१. वेदांगः, ३२२. वेदविन्मुनिः, ३२३. भ्राजिष्णुः, ३२४. भोजनः, ३२५. भोक्त्री, ३२६. लोकनाथः, ३२७. दुराधरः, ३२८. अमृतशाश्वतः, ३२९. शान्तः, ३३०. बाणहस्तप्रतापवान्, ३३१. कमण्डलुधरः, ३३२. धन्वी, ३३३. अवाङ्मनसगोचरः, ३३४. अतीन्द्रियमहामाया, ३३५. सर्वावासः, ३३६. चतुष्पथः, ३३७. कालयोगी, ३३८. महानादः, ३३९. महोत्साहमहाबलः, ३४०. महाबुद्धिः, ३४१. महावीर्य, ३४२. भूतचारी, ३४३. पुरन्दरः, ३४४. निशाचरः, ३४५. प्रेतचारी, ३४६. महाशक्तिमहाद्युति, ३४७. अनिर्देश्यवपुः, ३४८. श्रीमान्, ३४९. सर्वाचार्यमनोगति, ३५०. बहुश्रुत, ३५१. अमहामाया, ३५२. नियतात्मा, ३५३. ध्रुवाध्रुवः, ३५४. ओजस्तेजोद्युतिधरः, ३५५. जनकः, ३५६. सर्वशासनः, ३५७. नृत्यप्रियः, ३५८. नित्यनृत्यः, ३५९. प्रकाशात्मा, ३६०. प्रकाशकः, ३६१. स्पष्टाक्षरः, ३६२. बुधः, ३६३. मन्त्रः, ३६४. समानः, ३६५. सारसंप्लवः, ३६६. युगादिकृद्युगावर्तः, ३६७. गम्भीरः, ३६८. वृषवाहनः, ३६९. इष्टः, ३७०. अविशिष्टः, ३७१. शिष्टेष्टः, ३७२. सुलभः, ३७३. सारशोधनः, ३७४. तीर्थरूपः, ३७५. तीर्थनामी, ३७६. तीर्थदृश्य, ३७७. तीर्थद, ३७८. अपान्निधिः, ३७९. अधिष्ठानः, ३८०. दुर्जयः, ३८१. जयकालविद्, ३८२. प्रतिष्ठित, ३८३. प्रमाणज्ञ, ३८४. हिरण्यकवचः, ३८५. हरिः, ३८६. विमोचनः, ३८७. सुरगणः, ३८८. विद्येशः, ३८९. बिन्दुसंश्रयः, ३९०. बालरूपः, ३९१. अबलोन्मत्त, ३९२. अविकर्ता, ३९३. गहनः, ३९४. गुहः, ३९५. करणः, ३९६. कारणः, ३९७. कर्ता, ३९८. सर्वबन्धविमोचन, ३९९. व्यवसायः, ४००. व्यवस्थानः, ४०१. स्थानद, ४०२. जगदादिजः, ४०३. गुरुद, ४०४. ललितः, ४०५. अभेदः, ४०६. भावनात्मनिर्संस्थितः, ४०७. वीरेश्वरः, ४०८. वीरभद्रः, ४०९. वीरासनविधि, ४१०. विराजः, ४११. वीरचूडामणि, ४१२. वेत्रः, ४१३. चिदानन्दः, ४१४. नदीधरः, ४१५. आज्ञाधरः, ४१६. त्रिशूली, ४१७. शिपिविष्टः, ४१८. शिवालयः, ४१९. बालखिल्यः, ४२०. महाचापः, ४२१. तिग्मांशुः, ४२२. वधिरः, ४२३. खगः, ४२४. अभिरामः, ४२५. सुशरणः, ४२६. सुब्रह्मण्य, ४२७. सुधापति, ४२८. मघवत्कौशिकः, ४२९. गोमति ४३०. विरामः, ४३१. सर्वसाधनः ४३२. ललाटाक्षः, ४३३. विश्वदेहः, ४३४. सारः, ४३५. संसारचक्रभृत्, ४३६. अमोघदण्डः, ४३७. मध्यस्थ, ४३८. हिरण्य, ४३९. ब्रह्मवर्चसः, ४४०. परमार्थः, ४४१. परमायिन्, ४४२. शम्बरः ४४३. व्याघ्रलोचनः ४४४. रुचिः, ४४५. विरञ्चि, ४४६. स्वर्बन्धुः, ४४७. वाचस्पतिः ४४८. अहर्पतिः, ४४९. रविः, ४५०. विरोचनः, ४५१. स्कन्दः, ४५२. शास्तृवैवस्वतयमः, ४५३. युक्त्युन्नतकीर्तिः,४५४. सानुरागः, ४५५. परञ्जयः, ४५६. कैलासाधिपतिः, ४५७. कान्तः, ४५८. सविता, ४५९. रविलोचनः, ४६०. विद्वत्तम, ४६१. वीतभय, ४६२. विश्वभर्ता, ४६३. अनिवारित, ४६४. नृत्यः, ४६५. नियतकल्याणः, ४६६. पुण्यश्रवणकीर्तन, ४६७. दूरश्रवसः, ४६८. विश्वसह, ४६९. ध्येयः, ४७०. दुःस्वप्ननाशनः, ४७१. उत्तारणः, ४७२. दुष्कृतिघ्नः, ४७३. विज्ञेय, ४७४. दुस्सह, ४७५. अभव, ४७६. अनादि, ४७७. भूर्भुवोलक्ष्मी, ४७८. किरीटिः, ४७९. त्रिदशाधिपः, ४८०. विश्वगोप्त्री, ४८१. विश्वकर्ता, ४८२. सुवीरः, ४८३. रुचिरांगदः, ४८४. जननः, ४८५.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनजन्मादि, ४८६. प्रीतिमान्, ४८७. नीतिवान्, ४८८. धवः, ४८९. वसिष्ठः, ४९०. कश्यपः, ४९१. भानुः, ४९२. भीमः, ४९३. भीमपराक्रमः, ४९४.प्रणवः, ४९५. सत्पथाचारः, ४९६. महाकोशः, ४९७. महाधनः, ४९८. जन्माधिपः, ४९९. महादेवः, ५००. सकलागमपारग, ५०१. तत्त्व, ५०२. तत्त्वविद्, ५०३. एकात्मन्, ५०४. विभव, ५०५. विश्वविभूषण, ५०६. ऋषिः, ५०७. ब्राह्मणः, ५०८. ऐश्वर्यजन्ममृत्युजरातिग, ५०९. पञ्चयज्ञसमुत्पत्ति, ५१०. विश्वेशः, ५११. विमलोदयः, ५१२. आत्मयोनिः, ५१३. अनाद्यन्तः, ५१४. वत्सलः, ५१५. भक्तलनेकधृष्, ५१६. गायत्रीवल्लभः, ५१७. प्रांशु, ५१८. विश्वावासः, ५१९. प्रभाकर, ५२०. शिशु, ५२१. गिरिरत, ५२२. सम्राज्, ५२३. सुषेणसुरशत्रुघ्नः, ५२४. अमोरिष्टनेमि, ५२५. कुमुदः, ५२६. विगतज्वरः, ५२७. स्वयंज्योतिस्तनुज्योतिः, ५२८. आत्मज्योतिः, ५२९. अचञ्चलः, ५३०. पिंगलः, ५३१. कपिलश्मश्रु, ५३२. भालनेत्रः, ५३३. त्रयीतनु, ५३४. ज्ञानस्कन्दमहानीति, ५३५. विश्वोत्पत्ति, ५३६. उपप्लव, ५३७. भगविवस्वदादित्यः, ५३८. योगपारः, ५३९. दिवस्पतिः, ५४०. कल्याणगुणनाम्न, ५४१. पापघ्नः, ५४२. पुण्यदर्शनः, ५४३. उदारकीर्ति, ५४४. उद्योगी, ५४५. सद्योगी, ५४६. सदसन्मय, ५४७. नक्षत्रमौलि, ५४८. नाकेशः, ५४९. स्वाधिष्ठानपदाश्रयः, ५५०. पवित्रपापहारिणः, ५५१. मणिपूरः, ५५२. नभोगति, ५५३. हृत्पुण्डरीकासीन, ५५४. शक्रः, ५५५. शान्तः, ५५६. वृषाकपिः, ५५७. उष्णः, ५५८. गृहपतिः, ५५९. कृष्णः, ५६०. समर्थः, ५६१. अनर्थनाशनः, ५६२. अधर्मशत्रु, ५६३. अज्ञेय, ५६४. पुरुहूतपुरुश्रुतः, ५६५. ब्रह्मगर्भः, ५६६. बृहद्‌गर्भः, ५६७. धर्मधेनु, ५६८. धनागम, ५६९. जगद्धितैषी, ५७०. सुगत, ५७१. कुमारः, ५७२. कुशलागम, ५७३. हिरण्यवर्णज्योतिष्मान्, ५७४. नानाभूतरत, ५७५. ध्वनि, ५७६. अरागः, ५७७. नयनाध्यक्षः, ५७८. विश्वामित्र, ५७९. धनेश्वरः, ५८०. ब्रह्मज्योतिषी, ५८१. वसुधाम्नः, ५८२. महाज्योतिरनुत्तमः, ५८३. मातामह, ५८४. मातरिश्वनभस्वान्, ५८५. नागहारधृषः, ५८६. पुलस्त्यः, ५८७. पुलहः, ५८८. अगस्त्यः, ५८९. जातुकर्णी, ५९०. पराशरः, ५९१. निरावरणनिर्वारः, ५९२. विरञ्चिः, ५९३. विष्टरश्रवः, ५९४. आत्मभू, ५९५.अनिरुद्धः, ५९६. अत्रिः, ५९७. ज्ञानमूर्ति, ५९८. महायशः, ५९९. लोकवीराग्रणी, ६००. वीरः, ६०१. चण्डः, ६०२. सत्यपराक्रम, ६०३. व्यालाकल्प, ६०४. महाकल्प, ६०५. कल्पवृक्षः, ६०६. कलाधरः, ६०७. अलंकरिष्णु, ६०८. अचलः, ६०९. रुचिष्णुः, ६१०. विक्रमोन्नत, ६११. आयुःशब्दपतिः, ६१२. वेगिप्लवनः, ६१३. शिखिसारथि, ६१४. असन्तुष्टः, ६१५. अतिथि, ६१६. शक्रप्रमाथिन्, ६१७. पादपासनः, ६१८. वसुश्रवः, ६१९. हव्यवाहः, ६२०. प्रतप्त, ६२१. विश्वभोजनः, ६२२. जप्यः, ६२३. जरादिशमन, ६२४. लोहितात्मतनूनपाती, ६२५. बृहदश्वः, ६२६. नभोयोनि, ६२७. सुप्रतीकः, ६२८. तमिस्रघ्नः, ६२९. निदाघस्तपनः, ६३०. मेघः, ६३१. स्वक्षः, ६३२. परपुरञ्जयः, ६३३. सुखानिलः, ६३४. सुनिष्पन्न, ६३५. सुरभिशिशिरात्मकः, ६३६. वसन्तमाधवः, ६३७. ग्रीष्मः, ६३८. नभस्यः, ६३९. बीजवाहनः, ६४०. अँगिरागुरुः, ६४१. आत्रेयः, ६४२. विमलः, ६४३. विश्ववाहनः, ६४४. पावन, ६४५. सुमतिविदुषः, ६४६. त्रैविद्य, ६४७.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरवाहनः, ६४८. मनोबुद्धयहङ्कारः, ६४९. क्षेत्रज्ञ, ६५०. क्षेत्रपालः, ६५१. जमदग्नि, ६५२. बलनिधिः, ६५३. विगालः, ६५४. विश्वगालवः, ६५५. अघोरः, ६५६. अनुत्तरः, ६५७. यज्ञश्रेष्ठः, ६५८. निःश्रेयसप्रद, ६५९. शैलः, ६६०. गगनकुन्दाभ, ६६१. दानवारि, ६६२. अरिन्दमः, ६६३. रजनीजनकश्चारु, ६६४. निःशल्यः, ६६५. लोकशल्यधृषः, ६६६. चतुर्वेदः, ६६७. चतुर्भाव, ६६८. चतुरचतुरप्रियः, ६६९. आम्नाय, ६७०. समाम्नाय, ६७१. तीर्थदेवशिवालय, ६७२. बहुरूपः, ६७३. महारूपः, ६७४. सर्वरूपचराचरः, ६७५. न्यायनिर्मायिकन्यायी, ६७६. न्यायगम्य, ६७७. निरञ्जनः, ६७८. सहस्रमूर्ध्निः, ६७९. देवेन्द्रः, ६८०. सर्वशस्त्रप्रभञ्जनः, ६८१. मुण्डः, ६८२. विरूपः, ६८३. विक्रान्तः, ६८४. दण्डी, ६८५. दान्तः, ६८६. गुणोत्तम, ६८७. पिंगलाक्षः, ६८८. जनाध्यक्षः, ६८९. नीलग्रीवः, ६९०. निरामय, ६९१. सहस्रबाहु, ६९२. सर्वेशः, ६९३. शरण्य, ६९४. सर्वलोकधृष्, ६९५. पद्मासन, ६९६. परञ्ज्योतिषः, ६९७. पारम्प र्यफलप्रद, ६९८. पद्मगर्भः, ६९९. महागर्भः, ७००. विश्वगर्भः, ७०१. विचक्षण, ७०२. परावरज्ञ, ७०३. वरद, ७०४. वरेण्य, ७०५. महास्वनः, ७०६. देवासुरगुरुदेवः, ७०७. देवासुरनमस्कृत, ७०८. देवासुरमहामित्रः, ७०९. देवासुरमहेश्वरः, ७१०. देवासुरेश्वरः, ७११. दिव्य, ७१२. देवासुरमहाश्रय, ७१३. देवदेवमय, ७१४. अचिन्त्य, ७१५. देवदेवात्मसम्भवः, ७१६. सद्ययोनिः, ७१७. असुरव्याघ्रः, ७१८. देवसिंहः, ७१९. दिवाकरः, ७२०. विवुधाग्रचरश्रेष्ठः, ७२१. सर्वदेवोत्तमोत्तम, ७२२. शिवज्ञानरत, ७२३. श्रीमान्, ७२४. शिखिश्रीपर्वतप्रियः, ७२५. वज्रहस्त, ७२६. सिद्धखड्गः, ७२७. नरसिंहनिपातन, ७२८. ब्रह्मचारी, ७२९. लोकचारी, ७३०. धर्मचारी, ७३१. धनाधिपः, ७३२. नन्दी, ७३३. नन्दीश्वरः, ७३४. अनन्त, ७३५. नग्नव्रतधरः, ७३६. शुचिः, ७३७. लिंगाध्यक्षः, ७३८. सुराध्यक्षः, ७३९. योगाध्यक्षः, ७४०. युगावह, ७४१. स्वधर्मी, ७४२. स्वर्गत, ७४३. स्वर्गस्वरः, ७४४. स्वरमयस्वनः, ७४५. बाणाध्यक्षः, ७४६. बीजकर्ता, ७४७. धर्मकृद्धर्मसंभवः, ७४८. दम्भः, ७४९. अलोभः, ७५०. अर्थविच्छम्भव, ७५१. सर्वभूतमहेश्वरः, ७५२. श्मशाननिलय, ७५३. त्र्यक्षः, ७५४. सेतुः, ७५५. अप्रतिमाकृति, ७५६. लोकोत्तरस्फुटालोकः, ७५७. त्र्यम्बकः, ७५८. नागभूषणः, ७५९. अन्धकारी, ७६०. मुखद्वेषी, ७६१. विष्णुकन्धरपातन, ७६२. हीनदोषः, ७६३. अक्षयगुणः, ७६४. दक्षारि, ७६५. पूषदन्तभिद्, ७६६. धूर्जटि, ७६७. खण्डपरशुः, ७६८. सकलनिष्कलः, ७६९. अनघः, ७७०. अकालः, ७७१. सकलाधारः, ७७२. पाण्डुराभ, ७७३. मृडनटः, ७७४. पूर्णः, ७७५. पुरयित्री, ७७६. पुण्यः, ७७७. सुकुमारः, ७७८. सुलोचनः, ७७९. सामगेयप्रियः, ७८०. अक्रूरः, ७८१. पुण्यकीर्तिः, ७८२. अनामय, ७८३. मनोजवः, ७८४. तीर्थकर, ७८५. जटिलः, ७८६. जीवितेश्वरः, ७८७. जीवितान्तकर, ७८८. नित्यः, ७८९. वसुरेतस्, ७९०. वसुप्रद, ७९१. सद्गति, ७९२. सत्कृति, ७९३. सिद्धिः, ७९४. सजातिः, ७९५. खलकण्टकः, ७९६. कलाधरः, ७९७. महाकालभूत, ७९८. सत्यपरायण, ७९९. लोकलावण्यकर्ता, ८००. लोकोत्तरसुखालयः, ८०१. चन्द्रसञ्जीवनः, ८०२. शास्त्री, ८०३. लोकगूढः, ८०४. महाधिपः, ८०५. लोकबन्धुर्लोकनाथः, ८०६. कृतज्ञ, ८०७. कीर्तिभूषणः, ८०८. अनपायाक्षरः, ८०९. कान्तः, ८१०.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वशस्त्रभृतांवरः, ८११. तेजोमयद्युतिधरः, ८१२. लोकानामग्रणी, ८१३. अणुः, ८१४. शुचिस्मित, ८१५. प्रसन्नात्मनः, ८१६. दुर्जेय, ८१७. दुरतिक्रमः, ८१८. ज्योतिर्मय, ८१९. जगन्नाथः, ८२०. निराकारः, ८२१. जलेश्वरः, ८२२. तुम्बवीणः, ८२३. महाकोपः, ८२४. विशोकः, ८२५. शोकनाशनः, ८२६. त्रिलोकपा, ८२७. त्रिलोकेशः, ८२८. सर्वशुद्धिः, ८२९. अधोक्षज, ८३०. अव्यक्तलक्षणदेवः, ८३१. व्यक्ताव्यक्तः, ८३२. विशाम्पतिः, ८३३. वरशीलः, ८३४. वरगुणः, ८३५. सारः, ८३६. मानधनः, ८३७. मयः, ८३८. ब्रह्मणः, ८३९. प्रजापालविष्णुः, ८४०. हंसः, ८४१. हंसगतिः, ८४२. वयसी, ८४३. वेधोविधातृधाता, ८४४. स्रष्टा, ८४५. हर्ता, ८४६. चतुर्मुखः, ८४७. कैलासशिखरवासी, ८४८. सर्वावासी, ८४९. सदागतिः, ८५०. हिरण्यगर्भद्रुहिण, ८५१. भूतपालः, ८५२. भूपतिः, ८५३. सद्योगी, ८५४. योगविद्योगी, ८५५. वरद, ८५६. ब्राह्मणप्रियः, ८५७. देवप्रियदेवनाथः, ८५८. देवज्ञ, ८५९. देवचिन्तकः, ८६०. विसमाक्षः, ८६१. विशालाक्षः, ८६२. वृषदवृषवर्द्धन, ८६३. निर्मम, ८६४. निरहंकारः, ८६५. निर्मोहः, ८६६. निरुपद्रवः, ८६७. दर्पहन्तर्पदः, ८६८. दृप्तः, ८६९. सर्वर्तुपरिवर्तकः, ८७०. सहस्रजित्, ८७१. सहस्रार्चि, ८७२. स्निग्धप्रकृतिदक्षिणः, ८७३. भूतभव्यभवन्नाथः, ८७४. प्रभवः, ८७५. भूतिनाशनः, ८७६. अर्थः, ८७७. अनर्थः, ८७८. महाकोशः, ८७९. परकार्यैकपण्डितः, ८८०. निष्कण्टकः, ८८१. कृतानन्दः, ८८२. निर्व्याजव्याजमर्दनः, ८८३. सत्त्ववत्, ८८४. सात्त्विकः ८८५. सत्यकीर्तिः, ८८६. स्नेहकृतागम, ८८७. अकम्पित, ८८८. गुणग्राही, ८८९. नैकात्मनैककर्मकृति, ८९०. सुप्रीत, ८९१. सुमुखः, ८९२. सूक्ष्मः, ८९३. सुकर, ८९४. दक्षिणानिलः, ८९५. नन्दिस्कन्धधरः, ८९६. धूर्यः, ८९७. प्रकटः, ८९८. प्रीतिवर्द्धनः, ८९९. अपराजित, ९००. सर्वसत्त्व, ९०१. गोविन्दः, ९०२. सत्त्ववाहनः, ९०३. अधृत, ९०४. स्वधृत, ९०५. सिद्धः, ९०६. पूतमूर्ति, ९०७. यशोधनः, ९०८ वाराहशृंगधृक्शृंगी, ९०९. बलवान्, ९१०. एकनायकः, ९११. श्रुतिप्रकाशः, ९१२.श्रुतिमान्, ९१३. एकबन्धुः, ९१४. अनेककृति, ९१५. श्रीवत्सलशिवारम्भ, ९१६. शान्तभद्रः, ९१७. समः, ९१८. यशस्वी, ९१९. भूशय, ९२०. भूषणः, ९२१. भूति, ९२२. भूतकृत्, ९२३. भूतभावनः, ९२४. अकम्प, ९२५. भक्तिकायः, ९२६. कालघ्न, ९२७. नीललोहितः, ९२८. सत्यव्रतमहात्यागी, ९२९. नित्यशान्तिपरायणः, ९३०. परार्थवृत्तिवरद, ९३१. विरक्तः, ९३२. विशारदः, ९३३. शुभदशुभकर्ता, ९३४. शुभनामस्वयंशुभद, ९३५. अनर्थितः, ९३६. अगुणः, ९३७. साक्ष्यकर्ता, ९३८. कनकप्रभा, ९३९. स्वभावभद्रा, ९४०. मध्यस्थ, ९४१. शत्रुघ्न, ९४२. विघ्ननाशनः, ९४३. शिखण्डिकवचिशूली, ९४४. जटिमुण्डीकुण्डली, ९४५. अमृत्यु, ९४६. सर्वदृक्सिंहः, ९४७. तेजोराशिमहामणि, ९४८. असंख्येयाप्रमेयात्मा, ९४९. वीर्यवद्वीर्यकोविद्, ९५०. वेद्य, ९५१. वियोगात्मा, ९५२. परावरमुनीश्वरः, ९५३. अनुत्तमदुराधर्षः, ९५४. मधुरप्रियदर्शनः, ९५५. सुरेशः, ९५६. शरणः, ९५७. सर्वः, ९५८. शब्दब्रह्मसतांगति, ९५९. कालपक्षः, ९६०. कालकालः, ९६१. कंकणीकृतवासुकी, ९६२. महेष्वासः, ९६३. महीभर्ता, ९६४. निष्कलंकः, ९६५. विशृंखलः, ९६६. द्युमणितरणि, ९६७. धन्यः ९६८. सिद्धिदसिद्धिसाधनः, ९६९. विश्वतःसंप्रवृत्त,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९७०. स्तुत्य, ९७१. व्यूढोरस्कः, ९७२. महाभुजः, ९७३. सर्वयोनि, ९७४. निरातंकः, ९७५. नरनारायणप्रियः, ९७६. निर्लेपनिष्प्रपञ्चात्मन्, ९७७. निर्व्यंगः, ९७८. व्यंगनाशनः, ९७९. स्तव्य, ९८०. स्तवप्रियः, ९८१. स्तोत्री, ९८२. व्यासमूर्ति, ९८३. निरंकुशः, ९८४. निरवद्यमयोपायः, ९८५. विद्याराशिः, ९८६. रसप्रियः, ९८७. प्रशान्तबुद्धिः, ९८८. अक्षुण्णः, ९८९. संग्रहिण, ९९०. नित्यसुन्दरः, ९९१. वैयाघ्रधूर्यः, ९९२. धात्रीशः, ९९३. शाकल्यः, ९९४. शर्वरीपतिः, ९९५. परमार्थगुरुदत्तसूरि, ९९६. आश्रितवत्सलः, ९९७. सोमः, ९९८. रसज्ञ, ९९९. रसद, १०००. सर्वसत्त्वावलम्बन ।

*शिवसहस्रनामस्तोत्रम्*मा **अनघ, कलाधर, कालकाल, गोप्ता, ज्ञानगम्य, त्रिलोचन, दुर्जेय, धूर्जटि, नित्य, नीललोहित, बृहद्गर्भ, ब्रह्मा, भूतभावन, मध्यस्थ, महाकोश, महातेज, महादेव, महेश्वर, वरद, विशालाक्ष, वृषवाहन, शान्त, शिव, सद्योगी, सत्य, सार, सिद्ध, सिद्धि, सुधापति, सुरेश, सुलभ, सूक्ष्म, सोम** समेतका तेत्तिस वटा नाम दुई **श्रीमान्** नाम तिन र **कान्त** नाम चार पटक दोहोरिएको देखिन्छ । यस कुराको विवरण पनि प्रस्तुत पुस्तकको भूमिका खण्डमा दिइएको छ ।

*श्रीशिवसहस्रनामस्तोत्रम्*मा उल्लिखित भगवान् शंकरका एक हजार नाम यहाँ उद्धृत गर्नु जरुरी नभए पनि ती नामको पाठ यो पुस्तकबाट पनि सम्भव होओस् भन्ने धारणा राखी यसो गरिएको हो । नाम मात्रकै हिसाबले हेर्ने हो भने भगवान् शंकरका लाखौं नाम छन् । ती सबै नामले कुनै न कुनै महत्त्वपूर्ण कार्यको संकेत दिन्छन् र तिनका आआफ्ना विशेषता पनि छन् । भगवान्को नाम जपेमा पुण्य लाभ हुन्छ । भगवान् शंकरको नाम जप्नु भनेको ती नामले संवहन गरेको इतिहास वा कथा बुझेर जीवनलाई सत्कार्यमा लगाउनु र सत्कार्यमा संलग्न भएर जीवनमा पाइएको समयको अधिकतम सदुपयोग गर्नु हो । महादेव भगवान्का हजार नाम जप्न सके बृहद्धर्म हुन्छ । नाम संकीर्तनभन्दा ज्यादा लोकोपयोगी काममा व्यस्त भएका कारण एउटै मात्र नामको जप गर्न सकियो भने पनि निकै ठुलो पुण्य प्राप्त हुन्छ । हजारौं सत्कार्य गरेका नाताले हजारौं नामबाट ख्याति कमाएका भगवान्को जस्तो अद्भुत योगदान दिन गारो हुने भएकोले एउटै नामको इतिहास वा कथा राम्ररी थाहा पाई तदनुरूपको सत्कार्यबाट आफ्नो जीवन धन्य बनाउनु र समाजको सेवा गर्नु नै धर्म गर्नु हो । भगवान् शंकरले गरे जस्तै जीवन र जगत्को कल्याण हुने हजारौं क्षेत्रमा काम गर्न कुनै एक जना व्यक्तिले मात्र अग्रसर बनेर सम्भव हुँदैन । संसारमा रहेका करोडौं व्यक्तिले एकेक वटा क्षेत्रमा समर्पित भएर समाज सेवा गरे भने यो लोक स्वतः समुन्नत बन्न सक्तछ । त्यसैले शंकर भगवान्लाई आदर्श चरित्र बनाएर जीवनको उच्चता र सार्थकताको खोजी गर्ने अवधारणा अनुरूप *श्रीशिवसहस्रनामस्तोत्रम्*को रचना गरिएको हो । अर्थ बुझेर, कथा जानेर, नामको महिमा थाहा पाएर यो स्तोत्र पढी सम्बद्ध नामले बताएका बाटोमा हिँड्दा अवश्य नै कल्याण हुन्छ । काव्य रचना गर्ने मात्र उद्देश्य,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मसुखको मात्र ध्येय, भगवद्भक्तिको चाहनाको परिपूर्तिको मात्र आकांक्षा, यश कमाउने मात्र उत्कण्ठाले यो स्तोत्र रचना गरिएको होइन । यी सबै चाहनाको परिपूर्तिका साथै लोक कल्याण गर्ने उद्देश्य पनि राखेर भगवान् शंकरका यी नाम संकलन गरिएका हुन् । यसरी सार बुझेर नाम जपेमा अधिक लाभ हुन्छ । जीवले हासिल गर्नु पर्ने ज्ञान यही हो । यसैलाई जीवनको पुरुषार्थ भनिन्छ ।

ईश्वरका नामको महिमा निकै ठुलो छ । त्यसो भए तापनि यथार्थ कुरा बुझेर ती नामको प्रयोग गर्नको कारण थाहा भएन वा जहाँ, जसरी तिनको प्रयोग व्यवहारमा गर्नु पर्ने हो त्यो गरिएन, अभ्यास गरिएन, मनन गरिएन, ध्यान दिइएन भने अनुवाद वा मूलपाठ स्वयंले त कुनै चमत्कार गर्न सक्तैन । कृतिको काम भनेको बाटो देखाउने हो । त्यसले देखाएको बाटोमा हिंड्नु वा नहिंड्नु अध्येताको हातको र विचारको कुरा हो । यस बाटोमा हिंड्न चाहनेहरूका लागि प्रा. रिसालले कठिन शब्दरूपी बाधक बन्ने काँडालाई पन्छाएर सरल भाषामा गहन अर्थ स्पष्ट गरेका छन् । यसको अध्ययन र मनन जीवनमा यात्रा गर्ने पर्ने तीर्थ स्थलमा जाने बाटो जस्तै हो ।

ईश्वरको नाम संकीर्तन भयो भने सांसारिक बन्धनबाट मुक्ति मिल्दछ । सांसारिक बन्धन भनेको अनेक जुनी लिएर जन्मनु, मर्नु र प्राणीका प्रमुख शत्रु मानिने लोभ, मोह, ईर्ष्या, डाह, क्रोध र मदका पन्जामा परी रहनु हो । यस्तो अवस्थाबाट छुट्कारा पाउनका लागि भित्री मनदेखि नै ईश्वरको ध्यान गर्नु र उनको कुनै न कुनै नाम जप्नु आवश्यक हुन्छ । सन्तानको नाम ईश्वरको नामबाट राख्ने परम्परा पनि यस्तै मान्यताका कारण विकसित भएको हो । ईश्वरलाई नै न सम्झे पनि मर्ने वेलामा वा संकट परेका बेलामा सहयोगी र प्यारो पात्र सन्तानकै नाम उच्चारण गरे पनि ईश्वरको नाम बोलिने भएकोले यस्तो चलन चलाइएको हो । त्यसरी नाम जप्दा ख्याल गर्नु पर्ने कुरा के हो भने मनोयोग लगाएर आँखा चिम्ली हृदयको सिंहासनमा ईश्वरलाई विराजमान गराउनका साथै तिनको दिव्य मूर्ति र विशिष्ट लीलाको कल्पना गर्नु पर्दछ । त्यस्तो जपले मनमा ईश्वरको स्वरूप तथा योगदान परिकल्पित गराई जप गर्ने व्यक्तिलाई सन्मार्गतिर लाग्न अभिप्रेरित गर्दछ । जप र ध्यानको विशेषता नै यस्तो अवस्थाको सिर्जना गर्नु हो । विधि पुऱ्याएर *श्रीशिवसहस्रनामस्तोत्रम्*मा दिइएका भगवान् शंकरका जुनसुकै नामको जप गरे पनि पुण्य प्राप्त हुन्छ । पुण्य लाभ हुनु भनेको मानसिक शान्ति पाइनु र ईश्वरीय चरित्रको ज्योतिबाट आफूलाई आलोकित तुल्याउनु हो । यसरी विचार गर्दा प्रस्तुत कृति निकै उपयोगी भएको कुरा स्वतः स्पष्ट हुन्छ । आजको बिग्रँदो धार्मिक, सांस्कृतिक र सामाजिक परिवेशमा यस्तो काम झनै ज्यादा आवश्यक देखिन्छ ।

पौराणिक कथाहरूमा भनिएका कुरा प्रतीकात्मक दृष्टिकोणबाट बुझ्नु पर्ने हुन्छ किनभने तिनको रचना नै प्रतीकात्मक ढङ्गबाट गरिएको हुन्छ । प्रतीकात्मक दृष्टिकोण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको समाजका सांस्कृतिक सामाजिक पक्षका कुनै पनि क्रियाकलापले दिन खोजेको सन्देश तिनमा प्रयोग हुने प्रतीकहरूको अध्ययनबाट बुझ्नु हो । जस्तै सामान्यतया पूजा गर्दा बत्ती बाल्ने गरिन्छ । ईश्वरको उपासना भित्री मनदेखि नै गर्ने हो भने बत्ती बाल्नु, गणेश र कलशको स्थापना गरी पूजाको प्रक्रिया सुरु गर्नु आवश्यक हुँदैन । बत्ती बाल्नु भनेको ज्ञानको ज्योति फैलाउनु हो र दिव्य प्रकाशबाट वातावरणलाई आकर्षक बनाउनु हो । त्यसैले कर्मकाण्डीय विधानमा दीप प्रज्ज्वलन कुनै पनि अनुष्ठानमा अनिवार्य विधान अन्तर्गत पर्दछ । पूजा गर्नेहरूले वा ईश्वरको उपासनामा लाग्न चाहनेहरूले परम्परादेखि चली आएका चलनका पछाडि रहेको प्रतीकात्मक अर्थ जान्नु आवश्यक हुन्छ । त्यस्तो अर्थ तब मात्र जानिन्छ जब ती सबै प्रतीकहरूको भाव जानिन्छ । प्रतीकात्मक दृष्टिकोणले संस्कृतिका यस्तै निश्चित चिह्न, व्यवहार, कार्य, विश्वास, तत्त्व र आधारलाई गहिरिएर हेर्दै तिनमा रहेका सङ्केत बुझ्न र सही अर्थ भेट्टाउन अभिप्रेरित गर्दछ । समाजका सदस्यहरूले मान्यता, नैतिकता, आचार, व्यवहार, क्रियाकलाप जस्ता कुरालाई प्रतीकहरूकै सहायताबाट आदानप्रदान गर्दछन् । त्यसैले प्रतीकहरूले संस्कृति बोकेका हुन्छन् । संस्कृति र सामाजिक व्यवहारका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । तिनलाई छुटयाएर अध्ययन गर्न मिल्दैन । संस्कृति सघन रूपले रहेका प्रतीकहरूमा समेटिएको हुन्छ । ती प्रतीक मनुष्यका व्यवहारभित्र लुकेका हुन्छन् । तिनको उपस्थिति प्रकट र अप्रकट दुवै रूपमा रहन्छ । प्रतीक नबुझी संस्कृति बुझिँदैन ।

*श्रीशिवसहस्रनामस्तोत्रम्*मा पनि प्रतीक नै प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । यस स्तोत्रमा दिइएका भगवान् शंकरका एक हजार नाम र तिनको जप, ध्यान, मनन, अवलम्बन जस्ता विविध पक्षको माहात्म्य समेतका सबैलाई प्रतीकात्मक शैलीमा प्रस्तुत गरिएको छ । तिनको अध्ययन गर्नु भनेको सामान्य हिसाबबाट पढ्नका साथै तिनले जनाउने इतिहास, पुरातत्त्व, भाव, साधारण र विशिष्ट अर्थ बुझी तदनुरूप आचरण गर्नु हो । यी सबैको गहिराइमा जान खोज्ने हो भने यिनले व्यक्त गर्ने मूलभूत अर्थ भनेको ब्रह्मज्ञान नै हो भन्ने कुरा थाहा हुन्छ । त्यस्तो अर्थ जान्नका लागि शब्दका प्रत्येक तन्तुले जनाउने भावको आशय बुझ्नु जरुरी हुन्छ । प्रतीकात्मक अर्थ भनेको त्यही हो ।

यस कृतिमा सामान्य अनुवाद र सम्बद्ध सामग्रीको उपयोगी तथा रुचिकर व्यवस्थापनमा आधृत उत्तम सम्पादन रहेको छ । त्यसका अतिरिक्त यो अनुसन्धानात्मक शैलीमा गरिएको विवेचना र ज्यादै परिश्रमपूर्वक तयार पारिएका आवश्यक विवरणको तालिका भएको उत्कृष्ट रचना पनि हो । वर्तमानमा चलनचल्तीमा रहेका अनुसन्धानका विधि अनुसार सन्दर्भ सामग्री राख्ने र विषयवस्तु मिलाउने केही पद्धतिमा सुधार अपेक्षित भए पनि यसमा अनुवाद र सम्पादनका साथै पर्याप्त मात्रामा मौलिकता पनि पाइन्छ । टिप्पणी गर्नै पर्ने अवस्थामा गल्ती खोज्नु अर्कै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा हो । यसको अध्ययन गर्ने जो कोहीले पनि प्रा. रिसालको व्याख्याता व्यक्तित्वका साथै कवि, अनुसन्धाता, सम्पादक, कोशकार, व्यवस्थापक, भगवान् शंकरका परमभक्त, सरल भाषाका प्रयोक्ता, अध्यात्म विद्याका ज्ञाता जस्ता अनेकौं व्यक्तित्वको परिचय प्राप्त गर्न सक्तछन् । यी सबै विशेषता बोकेको यो कृति ज्यादै उपयोगी, पठनीय, संग्रहणीय, मननीय र अवलम्बनीय देखिन्छ । भगवान् शंकरको महिमा फैलाएर सत्कार्य गर्ने रचनाकार, अनुवादक, सम्पादक प्रा. रिसालको प्राज्ञिक उँचाइ पनि यस कृतिले देखाएको छ ।

सामान्यदेखि विशिष्ट तहसम्मका पाठकहरूलाई यस कृतिले सरल भाषामा शिवतत्त्व स्पष्ट पार्ने प्रयास गरेको छ । वास्तवमा प्रपञ्चातीत ब्रह्मतत्त्व भन्नु र शिवतत्त्व भन्नु एउटै कुरा हो । प्रा. रिसालले बारम्बार जीव र शिवको ऐक्य वा अभिन्नताका वारेमा बताएका छन् । समीक्ष्य पुस्तक जस्ता आध्यात्मिक साहित्यले चित्तवृत्तिलाई सांसारिक बन्धनबाट टाढा राखी चैतन्यसित साक्षात्कार गराउनमा अभिप्रेरित गर्दछन् । बुद्धिलाई शिवमा अर्पण गर्नु भनेको ज्ञानको ढोका खोल्नु र जीवनको अन्तिम पुरुषार्थ प्राप्त गर्ने बाटोमा अघि बढ्नु हो । भगवद्भक्तिको अभ्यास बढाउँदै गएमा द्वैत वासना गल्दै जान्छ र अद्वैत वृत्तिको उदय हुन्छ । त्यही वृत्ति अखण्ड आनन्दघन ब्रह्मतवमा पुर्‍याउने साधन हो ।

४.२.२७ नीतिका कुरा

नीतिका कुरा (नैतिक कोश-काव्य) शब्दार्थ प्रकाशन, काठमाडौंद्वारा २०६५ चैतमा प्रकाशित सहभागितामूलक कृति हो । अशोककुमार लामिछाने, एस. पी. आशा अर्थात् श्रीप्रसाद घिमिरे, खगेन्द्र 'खोल्साघरे', गुणराज काफ्ले 'शाण्डिल्य', गोविन्दप्रसाद घिमिरे 'वेदमणि', बालकृष्ण भट्टराई, माधव घिमिरे, मुकुन्द शर्मा चालिसे, वसन्तकुमार शर्मा 'नेपाल', विष्णु प्रभात अर्थात् विष्णुप्रसाद अर्याल र शिवगोपाल रिसाल सहितका एघार जना कविका अनुष्टुप छन्दमा रचित नैतिक कविताको संग्रह यो हो । वसन्तकुमार शर्मा 'नेपाल' को संयोजकत्वमा यो पुस्तक तयार पारिएको हो । यसमा रचनाकारहरूको नाम वर्णानुक्रममा राखिएकोले प्रा. रिसालको नाम अन्तिम अर्थात् एघारौं अनुक्रममा परेको छ । यस कृतिका एघार नम्बरका कवि प्रा. रिसाल हुन् । यसमा कविहरूको अनुक्रम निर्धारण गरी सोही अंक दिएर तिनका कविता संकलन गरिएको छ । जस्तै प्रा. रिसालले रचना गरेको कविता पत्ता लगाउनु पर्‍यो भने कविताको संख्याभन्दा पहिले दिएको कविको अनुक्रम अनुसारको एघारौं अंक हेर्नु पर्ने हुन्छ । अनेक कविहरूका नैतिक कविता बटुलेर पुस्तक प्रस्तुत गर्ने शब्दार्थ प्रकाशनको यो कार्य दोस्रो हो । यस अघि २०६३ सालमा विभिन्न कविका जम्मा ११३९ वटा कविता बटुलेर *तीतामीठा कुरा-1* भन्ने पुस्तक प्रकाशित गरिएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्ष्य पुस्तकमा उपर्युक्त कविहरूका ११११ कविता संकलित छन् । तिनमा प्रा. रिसालका मात्र १०८ वटा कविता परेका छन् । अनुपातका हिसाबले हेर्दा प्रत्येकका १०१ कविता हुनु पर्नेमा प्रा. रिसालका सात वटा कविता बढी राखिएका छन् ।

डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश १४ तथा पाठको अंश ११४ गरी जम्मा १२६ पृष्ठ छन् । अनेक अर्थ लगाउन सकिने सुकेको मुढोका रूपमा रहेको रुखको चित्र अंकित बहुरंगी आवरणको पहिलो पृष्ठमा माथि पुस्तकको नाम **नीतिका कुरा** र मुनि प्रकाशक **शब्दार्थ प्रकाशन**को नाम लेखिएको छ भने पछिल्लो पृष्ठमा बिच भागमा वर्णानुक्रमका आधारमा रचनाकारका रंगीन चित्र अण्डाकार घेरामा क्रमशः दायाँबाट बायाँ भागमा दिई मुनितिरको बायाँ भागमा लोगो सहित प्रकाशकको नाम र दायाँ भागमा पुस्तकको ISBN संकेत दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठहरू खाली राखिएका छन् । दुई पृष्ठको पुस्तकको परिचय, आठ पृष्ठ लामो **नैतिकी कोशकाव्यको यथार्थ : आफ्नो दृष्टि** शीर्षकको ठाकुर शर्माको प्रकाशकीय भूमिका र चार पृष्ठ लामो **नीतिका कुराका स्रष्टाहरू** नामक गोपीकृष्ण शर्माको समीक्ष्य कृतिका रचनाकारको परिचय प्रारम्भिक अंशमा प्रस्तुत गरिएको छ । त्यसपछि विषयसूची पनि न दिई पुस्तकको वर्ण्य विषय अघि सारिएको छ । सहलेखनबाट तयार पारिएको प्रा. रिसालको यो कृति चौथो र एकल तथा सहलेखको मिश्रित संख्या अनुसार छब्बिसौँ हो ।

यस पुस्तकको श्लोक संख्या ४५, ४६, ७१, ११७, १२०, १३०, १३३, १४५, १६०, १६२, १६७, १७८, १८०, १८१, १८६, २२८, २४२, २८७, ३०२, ३०३, ३०४, ३१८, ३३६, ३४७, ३७४, ३९३, ४०५, ४०९, ४१९, ४२२, ४२४, ४२६, ४४२, ४५१, ४५९, ४६३, ४६४, ४७२, ४७४, ४७५, ४७६, ४९६, ५०४, ५०६, ५१९, ५२६, ५३०, ५३५, ५३७, ५४९, ५५७, ५७९, ५८०, ५९०, ५९८, ६००, ६०६, ६१४, ६६३, ६६७, ६७०, ६७६, ६८२, ६८९, ६९९, ७०१, ७०३, ७१३, ७१८, ७१९, ७३५, ७४२, ७४९, ७५७, ७६२, ७७०, ७९७, ८३७, ८३८, ८४३, ८५४, ८६३, ८७०, ८८९, ९२३, ९२६, ९३२, ९३३, ९३५, ९३६, ९५०, ९७४, ९९५, १००४, १००७, १०१३, १०२१, १०४१, १०४९, १०५०, १०५१, १०५२, १०५३, १०६४, १०७१, १०७९, १०८३ र १०९५ मा प्रा. रिसालका कविता परेका छन् । यी कवितामा बताइए अनुसार अभिमान गरिएन भने सबैको प्रिय बन्न सकिन्छ । शिशुहरूका शत्रु र मित्र हुँदैनन् । तिनका लागि सबै समान हुन्छन् । सौन्दर्य र जवानीका आधारमा घमण्ड गर्नु हुँदैन भन्ने कुरा फुलबाट सिक्नु पर्दछ । अहिंसा नै सबैभन्दा ठुलो धर्म हो । बुद्ध जन्मेको देश नेपालको ख्याति संसारमा फैलनको कारण अहिंसाको प्रचार नै हो । आफूभित्रको शक्ति थाहा भयो भने मात्र आफ्नो उद्धार हुन्छ । कस्तूरी मृगले आफूभित्रको बास्ना खोज्न बाहिरतिर भौँतारिए जस्तै आफ्नो उद्धारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधार बाहिरतिर खोज्नु मूर्खता हो । आमा र जन्मभूमि बराबर अपनत्व पाइने ठाउँ अन्यत्र कहीं छैन । नदीहरूको दौड सागरमा मिल्नका लागि भए जस्तै जीव जहाँबाट आएको हो त्यहीं जाने हो ।

ब्रजका गोपिनीहरूले आफूलाई भगवान् श्री कृष्णमा समर्पित गरे जस्तै सबै कुरा ईश्वरमा समर्पण गरेमा नै कल्याण हुन्छ । चन्द्र, सूर्य, नदी, फुल जस्तै उपकारी, गुणी र ज्ञानीहरू सबैतिर पूजित हुन्छन् । उल्लूले अँधेरोमा देख्न सके जस्तै शास्त्र जान्ने मात्र नभएर ब्रह्मात्मैक्यको प्रबोध सिकाउने गुरु खोज्नु पर्दछ । पानीबाट बिजुली निकाल्न र घट्ट चलाउन सकिए जस्तै शक्तिलाई संयमित र एकत्रित पार्न सकियो भने महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ । बल्दो चितामा परेको व्यक्तिको अवस्था हेर्दा ग्रह र दैवको दृष्टि सधैं समान न हुने कुरा थाहा हुन्छ । खेलको मैदानमा जित र हार जे पनि हुने सम्भावना रहे जस्तै शक्ति र सम्पत्ति पनि सधैं समान रहँदैन । राम्रोले राम्रो र न राम्रोले न राम्रो देख्ने यो संसार ऐना जस्तै छ । दुष्ट राक्षस रावणको वंश नै समाप्त भएको कुरा बुझेर काम र क्रोधको वशलाई शत्रु ठानी तिनको वशमा पर्नु हुँदैन । हात्तीका देखाउने र लुकाउने दुइटा दाँत जस्तै यस संसारले निर्धालाई छकाउने कूटनीति खेल्दछ । शरद् ऋतुको पूर्णिमाका चन्द्रमाले अमृतको वर्षा गरे जस्तै गीतामा भगवान् कृष्णले ज्ञानको धारा बर्साएका छन् । गीता ज्ञानको मणि र सीता सतीहरूकी शिरोमणि भए जस्तै अहंको नाश गरिएका व्यक्ति चिन्ता विहीन बन्दछन् । गीता भगवान् कृष्णको उपदेश हो । यसको अध्ययन राम्ररी गरियो भने अर्जुन जस्तै ज्ञानी बन्न सकिन्छ । आत्मकल्याण गर्ने हो भने भीष्म र रावण जस्ता चरित्रको अध्ययन गरेर गुणग्राही बन्न सक्नु पर्दछ ।

फुलहरूले आफ्नो सौन्दर्य र बास्नाको प्रचार नगरे जस्तै गुणीहरू आफूलाई कहिल्यै पनि गुणी भन्दैनन् । संसारको भोग नै रोग हो । यसबाट कुनै लाभ हुँदैन । देवताहरू पनि पुण्य समाप्त भएपछि स्वर्गबाट झर्दछन् । संसारप्रति निर्लिप्त भएर चैतन्य स्वरूप परमात्माको ध्यान गरियो भने भोगविलासजन्य सुखदुःखले छुँदैन । पानी शीतल हुनु, आगो तातो हुनु र फुलमा सौन्दर्य हुनु त प्राकृतिक स्वभाव नै हो । बलेको बत्तीको शक्ति नजान्दा पुतली जलेर मरेको र सो शक्तिको प्रभाव जान्दा विद्यार्थीले पुस्तक पढी ज्ञान आर्जन गरेको अवस्था जस्तै कुनै पनि कुराको शक्ति जानियो भने ज्ञान पाइने र जानिएन भने ज्यान जाने स्थिति उत्पन्न हुन सक्तछ ।

नचलाएसम्म कम्प्युटर आफैले केही गर्न नसके जस्तै ईश्वरको शक्ति थाहा नभएसम्म जीव भनेको जड हो चेतन होइन । मान्छे मार्नेले असल मान्छे बन्न सिकाउनु भनेको बलियाले गरेका जस्तासुकै न राम्रा कामलाई पनि ठिक भन्नु जस्तै हो । ज्ञान, रूप र अनुभवमा भिन्नता भए पनि तोते बालक र थोते वृद्ध समान हुन्छन् । सूर्यको उज्यालो न देख्ने उल्लू जस्तै ज्ञानीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घरमा बस्ने भएर पनि मूर्खहरू ज्ञानी बन्न सक्तैनन् । पानी तलतिर र धुवाँ मास्तिर जाने प्राकृतिक स्वभाव भए जस्तै ज्ञान मोक्षतिर उन्मुख हुन्छ भन्ने सिद्धान्त प्रसिद्ध छ । शंकराचार्य प्रसिद्ध भए जस्तै ज्ञानीहरू स्वभावतः सर्वत्र ख्याति प्राप्त गर्दछन् । फुल खाने किरा पनि भगवान् शंकरको शिरमा पुगे जस्तै महान् व्यक्तिको संगत गर्नेहरू ठुलो ठाउँमा पुग्दछन् ।

शत्रुता नास्ने मुख्य औषधि अहिंसा नै हो । ऋषिहरूका आश्रममा सिंह र मृग घनिष्ट मित्र बनेर एकसाथ रहन्छन् । आँटी व्यक्ति सगरमाथामा पुग्न सफल भए जस्तै उद्योग गर्ने व्यक्तिको बुद्धि र वैभव स्वाभाविक रूपमा बढ्दछ । यान जस्तै जीव त निमित्त मात्रै हो । उसलाई चलाउने चालक त ईश्वर नै हुन् । आफ्नो दाँतले आफ्नै जिब्रो टोके जस्तै आफ्नो शत्रु आफै हो । दधीचि र शिविको ख्याति त्यागकै कारण फैलिए जस्तै त्यागबाट हुने लाभ त्याग गरेपछि मात्र प्राप्त हुन्छ । त्यागबाट नै लोकलोकान्तरमा लाभ मिल्दछ । बुद्ध र गान्धीको कीर्ति दिगन्तसम्म फैलिएको छ । सिद्धार्थ राजकुमार बुद्ध बने जस्तै त्याग र तपस्याबाट नै मान्छे देवता बन्न सक्तछ । राजा राम मर्यादा पुरुषोत्तम बने जस्तै त्याग, सद्भाव र सेवाबाट नै मान्छेले उत्तम स्थान प्राप्त गर्दछ । कुन्ती र पाण्डवले जस्तै दुःखलाई पनि ईश्वरकै अनुकम्पा ठानेमा कहिल्यै दुःख हुँदेन । रक्षक नै भक्षक तथा शासक नै शोषक भएमा देशको दुर्भाग्य मात्र होइन सृष्टि नै समाप्त हुन्छ । दुष्टले दुष्टता जस्तै सन्तहरूले उपकार गर्न कहिल्यै छोड्दैनन् । सृष्टिको स्वभाव विचित्रको छ ।

सन्तोषपूर्वक खाइएको सिस्नुको साग पनि स्वादिलो लागे जस्तै दृष्टि राम्रो भएमा सारा सृष्टि सुन्दर देखिन्छ । राजा हुने राम वनवासी भए जस्तै दैव लाग्यो भने सोच्दै न सोचेको दुर्घटना पनि घट्दछ । पशु, पक्षी र माछालाई सोध्यो भने धरती, आकाश र समुद्र सबैको साझा हो भन्ने कुरा थाहा हुन्छ । समुद्रको शान्ति, गाम्भीर्य र सेंचन धर्म भए जस्तै पृथिवीको धर्म जीवको सिर्जन, धारण र पालन हो । जस्तासुकै र जतिसुकै घटना घटे पनि आकाश सधैं समान रहे जस्तै सम्पत्ति जुटे वा छुटे जे भए पनि धीरहरू आफ्नो धर्म छोड्दैनन् । स्वार्थको त्याग नगरेसम्म शान्ति र मंगल हुँदैन । रुख काट्दै गयो भने जंगल बच्न सक्तैन । उनै नेता कुनै समय मन्त्री बनेका र कुनै समय जेलमा थुनिएका देखिए जस्तै सधैंभरि घाम लागी रहँदैन र बादल पनि छाई रहँदैन ।

सुन गहनाका रूपमा बदलिंदा बाली, हार, ढुंग्री, बुलाँकी, फुली आदि अनेक नाममा परिचित भए जस्तै विचार गरेर सृष्टिको अध्ययन गर्ने हो भने एउटै परमात्मा अनेक प्राणीका रूपमा फैलिएका देखिन्छन् । दुधबाट दही, नौनी, खुवा, तर आदि बने जस्तै नारी र पुरुष पनि एउटै परमेश्वरको शक्तिका भिन्न रूप मात्र हुन् । राजकाजमा निःस्वार्थ, शुद्धता र सेवा चाहिन्छ । राम राज्यमा यस्तै कुरा भएकाले जनताहरू नीरोगी, शान्त र पुण्यात्मा थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोजगारी पाएकाले खानपानको व्यवस्था जुट्न सकेको हो भन्ने विचार गलत हो किनभने परमेश्वर सबैका दाता भएकाले पक्षी, अजिंगर आदि प्राणी नोकरी नगरेर पनि मोटाघाटा हुन्छन् । रित्तो मन लिएर आकाश हेर्ने हो भने चन्द्रमा वा सूर्य देखिन्छन् तर मनको मैलो फालेर हेर्ने हो भने सृष्टि नै मुस्कुराएको देखिन्छ । अष्टावक्र मुनि गर्भावस्थामा नै ज्ञानी थिए भन्ने कुरा बुझ्ने हो भने पढेर मात्र ज्ञान प्राप्त हुन्छ भन्नु उचित हुँदैन । लोक कल्याणका लागि महर्षि दधीचिले हाड दिए जस्तै परोपकारका लागि निरन्तर त्याग गर्नु पर्दछ । गुरुको शरणमा परेमा ज्ञान प्राप्त हुन्छ । सत्संग गरेमा आज वा भरे अथवा भोलि नै किन नहोस् अवश्य शान्ति पाइन्छ ।

भगवान् शंकरले विश्वको हितका लागि हलाहल विष पिए जस्तै सबै प्राणीमाथि दया गर्नु पर्दछ । सूर्य र चन्द्रमा पनि राहुबाट पीडित भए जस्तै राम्रो वा नराम्रो जस्तो भए पनि प्रारब्धको फल सबैले भोग्नु नै पर्दछ । सर्प, सिस्नु र वनमारा फाले पनि फैलिए जस्तै ईश्वरले संरक्षण दिएको छ भने कसैलाई पनि फाल्दैमा फाल्न सकिँदैन । हातमा फोहोर लागेमा सो हात धोएर सफा गरिए जस्तै आफ्नो अज्ञानको गाँठो आफैले फुनु पर्दछ । काम वासनाको परिणाम स्वरूप रावण नष्ट भए जस्तै इन्द्रियको दास भएमा अवश्य सर्वनाश हुन्छ । आफ्नो अस्तित्व राख्न पिपलले ढुंगा फोरेर जरा फैलाए जस्तै बाँच्नका लागि कठोर काम पनि गर्नु पर्दछ । बाठाको पिठो बिक्ने तर लाटाको चामल पनि नबिके जस्तै धूर्तहरूले गर्ने राजनीतिमा छल र भ्रम बाहेक केही हुँदैन ।

प्रह्लाद, नचिकेता र ध्रुवले जस्तै बाल्य कालदेखि नै ज्ञान प्राप्त गर्न सक्यो भने जीवन धन्य र उपलब्धिमूलक बन्दछ । घाम र पानीको सन्तुलन बराबर प्राप्त हुँदा बिरुवाहरू सप्रे जस्तै राग र विरागबाट मुक्त भएर ज्ञान प्राप्त गरेमा जीवनको उच्चता प्राप्त हुन्छ । बुझेमा वेद ज्ञान र नबुझेमा कोरा कागज वा सामान्य कुरा ठानिए जस्तै जान्नेले भगवान् कृष्णलाई बालगोपाल र नजान्नेले गोठालो ठान्दछन् । विभीषण राजा र रावणको मृत्यु भए जस्तै बुद्धि बिग्रेमा सबै कुरा नाश हुन्छ र बुद्धि सप्रेमा कल्याण हुन्छ । भक्तिबाट ज्ञान र ज्ञानबाट मोक्ष प्राप्त हुन्छ । शंकराचार्यले यस्तै उपायले प्रबोध हासिल गरे । भाइ भएमा भरोसा हुन्छ र व्यवहार मिलाउन सजिलो पर्दछ । आफन्तमा प्रेम र सहयोग भएमा कसैसित डराउनु पर्दैन । धरती धर्ममा अडेको हुन्छ भन्ने कुरा वसन्त ऋतुको धर्मले वन सप्रेको अवस्थाबाट थाहा हुन्छ । कुकुरको धर्म भुक्नु भए जस्तै साधु तथा सन्तको धर्म झुक्नु हो । स्वार्थरूपी लड्डू देखाएर राजनीति गरे जस्तै भोगीहरू खोक्रो भाषण गरेर विषय भोगकै लागि अनेक षड्यन्त्र गर्दछन् । रावणको पापले लंकाको सर्वनाश भए जस्तै नेताहरू भ्रष्ट भएमा देश कुवास बन्दछ । गरुडले आकाशको व्यापकता नजाने जस्तै सामान्य मान्छेले ईश्वरको गति र शक्ति थाहा पाउँदैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाल बुन्नमा मान्छे र माकुरा सिपालु भए पनि माकुरा जालबाट उम्कन जान्दछन् तर मान्छे भने जान्दैनन् । कालो चिम लगाएमा बत्तीको उज्यालो कालो देखिए जस्तै रगतको बिउ रोपिएमा रगतकै फल फल्दछ । महाभारतको सार सत्य एवं धर्म हो र धर्मले सधैं रक्षा गर्दछ । राम र कृष्णका लागि कोही पनि शत्रु र मित्र भएनन् भन्ने कुरा मारेर पनि तिनले रावण र कंसको कल्याण गरेबाट प्रमाणित हुन्छ । मैनबत्तीले उज्यालो दिंदै आफूलाई समाप्त गरे जस्तै देशको कल्याण गर्नेहरूले स्वार्थलाई तुच्छ ठान्दछन् । हिउंमा पैदल हिंडेर वा बसमा चढेर पुगे पनि मुक्तिनाथ पुग्नु नै गन्तव्य भए जस्तै योग र ज्ञान त मोक्ष प्राप्त गर्ने साधन मात्र हुन् ।

ज्ञान लिन जानेमा पृथिवी, आकाश, सूर्य, बालक, वृद्ध आदि सबै गुरु हुन सक्तछन् । चन्द्रमा र सूर्यले आफूसित भएको चिसो र तातो लिन कसैलाई नबोलाए जस्तै गुणी व्यक्तिले अभिमान र विज्ञापन गर्नु हुंदैन । समताको भाव भएमा शत्रु पक्ष पनि मित्र पक्ष बन्दछ भन्ने कुरा रामका मित्र सुग्रीव र शत्रु रावण भएको घटनाबाट बुझ्न सकिन्छ । शक्तिका साथमा शिव हुनु आवश्यक भए जस्तै अर्जुनका साथ कृष्ण नहुंदा हुन् त गीताको ज्ञान सुन्न र पढ्न पाइने थिएन । निःस्वार्थ भावले गरियो भने वार्ता भनेको शान्तिको मार्ग हो । वार्ताबाट नै देवता र दानवको मेल सागर मन्थनमा भएको थियो । जो कोही पनि शास्त्र पढेर ज्ञानी बन्न सक्तछ तर शास्त्र जानेर केही हुंदैन, जान्नु पर्ने त ब्रह्म नै हो । शिव र शक्तिको मेल भयो भने मात्र सृष्टिको चक्र चल्दछ । आगोमा इन्धन भंयो भने पोल्न पनि सक्तछ र बल्न पनि सक्तछ ।

धानका खेतमा बस्ने मुसा भोकले नमरे जस्तै कृष्णको शरणमा पर्नेहरू शोक र मोहमा पर्दैनन् । राजा हरिश्चन्द्र सत्यमा पृथिवीभरि प्रख्यात भए जस्तै विघ्न पन्छाउंदै गएमा सत्यको जित हुन्छ । विभीषण र प्रह्लादले जस्तै आत्मकल्याण गर्न र पूज्य बन्नका लागि सबै कुरा त्याग्न सक्नु पर्दछ । सर्वोच्च चुचुरोमा पुग्न चाहने विश्वका सबै पर्वतारोही नेपालमा आए जस्तै जीवहरूमा श्रेष्ठ मान्छे श्रेष्ठ बन्न नै रुचाउंछ । भगवान् शंकरले सामान्य रूपमा रहेर ज्ञानको साधन मानिने कठोर तपस्या गरे जस्तै जीवनलाई सादा र ज्ञान तथा चिन्तनलाई उच्च राख्नु पर्दछ । लटरम्म फलेका वृक्षका हांगा झुके जस्तै शान्त र शीतल स्वभाव भएका सज्जनहरू सदा विनम्र हुन्छन् । जस्तो बीज छ त्यस्तै फल फले झैं सानैदेखि परमेश्वरमा भक्ति भएमा ज्ञानको ज्योति बल्दछ । ईश्वरको सृष्टिमा कोही पनि सानो वा ठुलो छैन । त्यसैले सबै प्राणीलाई समान दृष्टिले हेर्नु पर्दछ ।

सुखदुःखादिको भोग कर्मको गति अनुसार हुन्छ भन्ने कुरा राजा नहुषले स्वर्गमा पनि खेदिएको घटनाबाट थाहा हुन्छ । फुलले बास्ना दिन्छ तर प्रशंसाको खोजी भने गर्दैन । व्यापक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले हेर्दा सृष्टि पनि सुवास दिने तर विज्ञापन न गर्ने फुल जस्तै देखिन्छ । आकाशमा नौ लाख तारा घुम्दा पनि कसैसित नठोक्किए जस्तै सुशासन भएमा देशमा झैझगडा नभई शान्ति कायं हुन सक्तछ । सूर्य घाम ताप्दैनन् र हिमालयले शीतल खोज्न ओत बस्दैनन् । बादल भनेको पानी र जीव भनेको शिवको रूप हो । सेवा भनेको शीतल दिने धर्म र पवित्र मानिने कर्म हो । वृक्ष र नदीको जीवन नै दिव्य र सेवामय छ । सेवा जुनसुकै नाम र रूपबाट गर्न सकिन्छ । शीतको वर्षा गर्ने हुनाले चन्द्रमा उपकारी मानिन्छन् ।

संसार रातभरि बसेर बिहानै उठेर हिंड्ने ठाउँ अर्थात् वास बस्ने धर्मशाला जस्तै हो । अनासक्त भएर ज्ञानीहरू संसारमा रहँदा रहँदै पनि निर्लिप्त बनेर बस्दछन् । देवर्षि नारद तथा प्रह्लाद भक्त शिरोमणि बने जस्तै बाल्य कालदेखि नै असल संस्कार पाएमा मान्छे सज्जन र सद्गुणी बन्दछ । स्वार्थीले स्वार्थ नछोडे जस्तै सन्तले सत्यता छोड्दैनन् । दधीचिले एकोहोरो भएर प्राणको बाजी लगाई रहे, देवताहरूले तिनका हाड समेत लिन खोजे । हनुमान्ले लंका गएर दिइएको जिम्मेवारी पुरा गरे । सक्नेलाई जिम्मा दिएमा काम पूर्ण हुन्छ । शीतल दिनु, स्थिर रहनु र उच्चता कायं गर्नु हिमालयको स्वभाव हो । जन्मभूमिको गरिमा स्पष्ट गर्ने अर्को दृष्टान्त नै पाइँदैन ।

संसार नीतिमा नै अडेको छ । कसैले पनि अनीतिमा हिंड्न थाल्यो भने सृष्टिकै सारा व्यवस्थामा गडबडी पैदा हुन्छ । हालका दिनमा व्यक्ति, समाज र राष्ट्रमा अनीति अवलम्बन गर्ने प्रवृत्ति जसरी बढ्दै गएको छ त्यसले अस्थिरता, अन्यौल, अशान्ति, अविश्वास जस्ता कुरा बढाएको छ । प्रकृतिसित अनीति हुन थाल्यो र प्रकृतिले पनि अनीति अपनायो भने जीवको अवस्था के हुन्छ भन्ने कुराको कल्पना गर्न पनि डर लाग्दो हुन्छ । त्यस्तो अवस्था कुनै हालतमा पनि नआओस् भन्ने कामना समीक्ष्य कृतिका नीतिकारहरूले गरेका छन् । तिनैमध्ये प्रा. रिसाल पनि पर्दछन् ।

यसमा दिइएका प्रा. रिसालका कवितामा पनि आधारभूत रूपमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएको छ र परमार्थको ज्ञान जस्तो ज्यादै कठिन मानिने विषयलाई विभिन्न दृष्टान्तका माध्यमबाट स्पष्टसित बुझाउने प्रयास गरिएको छ । सरल भाषामा वेदान्त दर्शनका विविध पक्षमाथि प्रकाश पार्ने काम यसमा भएको छ । वेदान्त दर्शनको आवरणमा रचना गरिएका नैतिक उपदेशका कविता भनेर यस कृतिका प्रा. रिसालका रचनाको परिचय दिन सकिन्छ । परिवर्तनका नाममा पुराना मूल्य र मान्यता भत्कँदै जान लागेको आजको सामाजिक, सांस्कृतिक र चारित्रिक सन्दर्भमा यस प्रकारका नीतिपरक सिर्जनाको आवश्यकता निकै ज्यादा देखिन्छ । सो आवश्यकता न्यून मात्रामा नै भए पनि यस कृतिबाट पुरा भएको छ । त्यसैले यसका सबै लेखक र प्रकाशक प्रशंसाका पात्र बनेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.२८ आमा

आमा (आध्यात्मिक शोक-काव्य) अनन्तगोपाल रिसाल, न्यू जर्सी, अमेरिकाद्वारा २०६५ सालमा प्रकाशित कृति हो । प्रा. शिवगोपाल रिसालको शास्त्रीय विविध छन्दमा रचित आध्यात्मिक शोककाव्य यो हो । डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश १० तथा पाठको अंश ५१ गरी जम्मा ६१ पृष्ठ छन् । वर्ण्य विषयकी नायिका आमा अर्थात् रचनाकारकी आमा जनककुमारी रिसालको रंगीन चित्र अंकित गाढा आकासे निलो पृष्ठभूमि भएको आवरणको पहिलो पृष्ठमा माथि सेतो रंगमा ॐ, त्यसका मुनि पहेंलो केसर रंगमा पुस्तकको नाम **आमा** र मुनि गाढा पहेंलो पट्टीको दायाँ कुनामा रचनाकार **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ । आवरणको पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको हँसिलो अनुहारको रंगीन चित्र तथा सो अवधिसम्म प्रकाशित पुस्तकहरूको सूची र प्रकाशन वर्षको विवरण दिइएको छ । भित्री पहिलो र दोस्रो पृष्ठ खाली राखी तेस्रो र चौथो पृष्ठमा पुस्तकको परिचय र त्यसको पछाडिका आठ पृष्ठमा रचनाकारको भूमिका दिएपछि मात्र काव्य सुरु गरिएको छ । यसमा विषय सूची दिइएको छैन । काव्य पूर्ण भएपछि परिशिष्ट अंश थप गरी पहिलो अनुक्रममा आमा जनककुमारी रिसालको जीवनको अन्त्यतिरका केही प्रमुख घटनाको उल्लेख गरिएको छ भने दोस्रो अनुक्रममा रचनाकारको वंश रेखा दिइएको छ । प्रा. रिसालको सत्ताइसौं प्रकाशित कृति यो हो ।

शास्त्रीय विविध छन्दका पाँच वटा श्लोकको **मंगलाचरण**, अनुष्टुप छन्दका तेर वटा श्लोकको **पूर्व प्रसंग**, अनुष्टुप छन्दका चार वटा श्लोकको **आमाको 'विप्रकुटी' बाट 'शिव-मन्दिरह मा आगमन**, अनुष्टुप छन्दका दस वटा श्लोकको **आमा अस्पतालमा**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **पाटन अस्पतालमा शल्य चिकित्सा**, शास्त्रीय विविध छन्दका अट्ठाइस वटा श्लोकको **अन्धकार रातमा घरबाट अस्पताल जादा**, अनुष्टुप छन्दका दस वटा श्लोकको **अस्पतालमा पुगेपछि**, अनुष्टुप छन्दका एघार वटा श्लोकको **अस्पतालमा गरेको सेवा**, अनुष्टुप छन्दका एघार वटा श्लोकको **अस्पतालबाट घर ल्याएपछि शिव-मन्दिरमा**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **शान्ति-स्वस्ति**, अनुष्टुप छन्दका सात वटा श्लोकको **आमाको स्थिति बिग्रादै गयो : सेवामा अझ तीव्रता**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **उपचारमा अझ तीव्रता**, अनुष्टुप छन्दका सत्र वटा श्लोकको **घरमा बिरामी भएपछि परिवारको अवस्था**, अनुष्टुप छन्दका सात वटा श्लोकको **आमाको अवस्थामा क्रमिक सुधार**, अनुष्टुप छन्दका सात वटा श्लोकको **भगवान्साग प्रार्थना**, अनुष्टुप छन्दका छ वटा श्लोकको **आमाको महिमा**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **आमाको सेवा**, अनुष्टुप छन्दका एघार वटा श्लोकको **बिरामी नेपाल आमा र उनका सन्तति**, शास्त्रीय विविध छन्दका बिसवटा श्लोकको **देश-सेवा**, शास्त्रीय विविध छन्दका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नौ वटा श्लोकको **आमाको स्वास्थ्यमा राम्रै सुधार**, अनुष्टुप छन्दका तिन वटा श्लोकको **दाइभाउज्यू अमेरिकातिर**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **श्रीराम भरोसा**, अनुष्टुप छन्दका दुइटा श्लोकको **दाइको अमेरिकाबाट प्रत्यावर्तन**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **अब आमा विप्रकुटीमा**, अनुष्टुप छन्दका तिन वटा श्लोकको **जाने अघिल्लो दिन**, अनुष्टुप छन्दका चार वटा श्लोकको **अन्तिम दिन**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **श्रीपशुपति आर्यघाटमा**, शास्त्रीय विविध छन्दका एक्काइस वटा श्लोकको **दाहसंस्कार (अन्त्येष्टि) र दशगात्र क्रिया**, शास्त्रीय विविध छन्दका सात वटा श्लोकको **बरखी**, शास्त्रीय विविध छन्दका तिस वटा श्लोकको **अन्तिम श्रद्धाञ्जली**, शास्त्रीय उपजाति छन्दका तेर वटा श्लोकको **आमाको बरखी सकिएपछि** र शास्त्रीय विविध छन्दका तेर वटा श्लोकको **मृत्यु र मुक्ति (उपसंहार)** गरी जम्मा ३२९ श्लोक यस काव्यमा छन् । मंगलाचरण र पूर्व प्रसंग शीर्षकका सुरुका दुइटा पाठ बाहेकका यस कृतिका अन्य तिस वटा अंशलाई अनुक्रममा राखिएको छ ।

मंगलाचरण यस कृतिको पहिलो पाठ हो । काव्यानुष्ठानको सफल परिपूर्णताका लागि देवीदेवता तथा आराध्य शक्तिको प्रार्थना गर्ने परिपाटी अनुसार यस अंशमा कविले आत्मा, ब्रह्म, महेश, ईश, रवि, चैतन्य शक्ति, दुर्गा, राम, गणेश, विष्णु, ओंकार, उमा, आमा जनककुमारी तथा पिता विश्वनाथ रिसाललाई अभिवादन गर्दै आमाको दुधको मूल्य कहिल्यै तिर्न नसकिने भए पनि श्रद्धाका शब्दपुष्प चढाएर कृतज्ञ बन्दा केही मात्रामा सन्तोष पाइने कुरा बताएका छन् । यस काव्यको दोस्रो पाठ **पूर्व प्रसंग**मा दाइ विष्णुगोपाल, भाइ शिवगोपाल, बहिनीहरू क्रमशः सुभद्रा, जाह्नवी र अम्बिका सहितका जनककुमारी र विश्वनाथ रिसालका सबै सन्तति आध्यात्मिक, सांस्कारिक, भौतिक आदि सबै दृष्टिले अनुकूल परिस्थितिमा रहेको बेहोरा प्रस्तुत गर्दै दाजुभाइ दुवैले पालैपालो त्रियानब्बे वर्षकी आमाको सेवा गरेको र आमाको आशीर्वाद पाएको कुरा व्यक्त गरिएको छ । आमामा सधैं पूजा तथा गीता, गजेन्द्रमोक्ष, विष्णुसहस्रनामस्तोत्रको पाठ गर्ने, कान कम सुन्ने, कुनै पनि कुराको इच्छा नगर्ने र सामान्य अवस्थाको बोलीचाली, आहारविहार तथा निद्रा देखिने कुरा पनि कविले यस अंशमा बताएका छन् । यस्तै स्थितिमा २०६३ साल कार्त्तिक पूर्णिमाका दिन दाजु विष्णुगोपालको घर विप्रकुटीबाट भाइ शिवगोपालको घर शिवकुटीमा आमा आएको र अर्को दिन तुलसी पूजाको समापन तथा हवन गरी परिवारका सबै सदस्य भेला भएर एकसाथ खानपान गरेको कुरा यस कृतिको पहिलो अनुक्रमको पाठ **आमाको 'विप्रकुटी' बाट 'शिव-मन्दिर' मा आगमन**मा प्रस्तुत गरिएको छ । शिवकुटीमा भऱ्याँगबाट लडेर आमाको गोडा भाँचिएकोले परिवारका सबै सदस्यको सहमतिमा पाटन अस्पतालमा शल्यक्रिया गराइएको कुरा **आमा अस्पतालमा** भन्ने शीर्षकमा व्यक्त गरिएको छ । **पाटन अस्पतालमा शल्य चिकित्सा** शीर्षक पाठमा शल्यक्रिया भएपछि निमोनियाले सताएकोले आमाको स्वास्थ्य बिग्रिएको खवर रातमा भान्जी अञ्जना घिमिरेले दिंदा रचनाकार तथा कमजोर खुट्टाका कारण हिंड्न न सक्ने उनकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मपत्नी गायत्री अँधेरोमा मसानघाटको अप्ठेरो बाटो हुँदै घरबाट अस्पताल गएको कुरा **अन्धकार रातमा घरबाट अस्पताल जाँदा** भन्ने अंशमा प्रस्तुत गरिएको छ :

न शब्द वा दृश्य न ता विचार ।
नितान्त एकान्त र अन्धकार ।।
सुनिन्छ ढुक्ढुक् मुटु यो चलेको ।
हतासमा सास निकै बढेको ।।२६।।

अस्पतालमा पुगेपछि भन्ने पाठमा सामान्य अवस्थामा पनि आत्तिने बानी भएकी आमाले सेता लुगा लगाएका देवताहरूले बोलाएको कुरा सुनाउँदै हताश भएको र जीवनको माया मारेकोले दान गर्ने इच्छा व्यक्त गरेको घटनाको बयान गरिएको छ । अस्पतालमा परिवारका सबै सदस्य, इष्टमित्र, साथीभाइ, हितैषीले सक्दो सहयोग र सेवा गरेको कुरा **अस्पतालमा गरेको सेवा** नामक अंशमा व्यक्त गरिएको छ ।

अस्पतालबाट घर ल्याएपछि शिव-मन्दिरमा भन्ने प्रसंगमा गोडाको शल्यक्रियापछि निको भएर शिव मन्दिर निवासमा ल्याएपछि घरका सदस्य, स्वाध्याय परिवारका सदस्य, इष्टमित्र, साथीभाइ, हितैषीको सहयोग र सेवा पाएर आमाको स्वास्थ्यमा निकै सुधार आएको कुरा बताइएको छ । २०६३ सालमा खड्गो भएको कुरा आमाले भन्ने गरेकोले अस्पतालबाट घर फर्की बिस्तारै स्वास्थ्यमा सुधार आउन थालेपछि शान्ति स्वस्ति र भैरवको पूजा गरिएको कुरा **शान्ति-स्वस्ति** भन्ने शीर्षकको पाठमा बताइएको छ । **आमाको स्थिति बिग्रादै गयो : सेवामा अझ तीव्रता** भन्ने अंशमा शान्ति स्वस्ति गरेको केही दिनपछि आमाको स्वास्थ्य बिग्रन थालेको र **उपचारमा अझ तीव्रता** भन्ने अंशमा झारफुकदेखि, आयुर्वेद, एलोपेथीसम्मका सबै पद्धति अनुसारका उपचार पाँच महिनासम्म गराइए पनि स्वास्थ्यमा सुधार न आएको कुरा भनिएको छ । **घरमा बिरामी भएपछि परिवारको अवस्था**मा व्यावहारिक यथार्थको चित्रण गर्दै परिवारको सदस्य बिरामी भएमा जसको घरमा पनि चिन्ता हुने र जान्ने बुझ्ने तथा अनुभवीहरूसित उचित सल्लाह लिनु सामान्य कुरा हो भन्दै त्यस्तो स्थितिमा घरमा अशान्ति बढ्ने र साधारण अवस्थामा गरिने दैनिक क्रियाकलाप खल्बलिने कुरा पनि बताइएको छ । **आमाको अवस्थामा क्रमिक सुधार**मा सबैतिरबाट सेवा, सहयोग र सक्रियता बढेपछि आमाको स्वास्थ्यमा बिस्तारै सुधार आउन थालेको र **भगवान्साग प्रार्थना**मा आमाको स्वास्थ्य पूर्णतया राम्रो होओस् भन्ने कामना राखेर भगवान्सित प्रार्थना गरिएको कुरा प्रस्तुत गरिएको छ ।

आमाको महिमा भन्ने पाठमा बताइए अनुसार आमाबाट नै सृष्टि चल्दछ । साक्षात् जगदम्बिका आमा नै हुन् । बाबुलाई आमाले नै चिनाउँछिन् । दस धारा दुध ख्वाएर सन्तानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालन पोषण गर्ने आमा स्नेह र सद्भावकी खानी हुन् । वैदिक मान्यता अनुसार आमाको तुलना कसैसित गर्न सकिँदैन । आमा, जन्मभूमि, गाई, गीता, धरती, वेद, भगवान् शिव, राम र कृष्ण सदा पूज्य हुन्छन् । आफ्नो रक्षा चाहने हो भने यी सबैप्रति श्रद्धा गर्नु पर्दछ । वैदिक धर्म पनि यही हो । यो धर्म अपनाइएन भने मानव न भएर दानव भइन्छ । आमाको दुधको मूल्य तिर्न सकिँदैन तापनि सधैं प्रसन्न राख्न सकियो भने आमाको आशीर्वाद मिली रहन्छ :

आमाको दूधको भारा, तिर्न ता सकिँदैन है ।
सदा प्रसन्न राखेमा, आशीर्वाद त मिल्छ नै ।।६।।

आमाको सेवामा आफैले श्रद्धापूर्वक गरिएको आमाबाबुको सेवा सात्त्विक, देखावटी सेवा राजसी तथा अरूबाट गराइएको वा अनिच्छाले अथवा हेलापूर्वक गरिएको सेवा तामसी हुने र माता तथा मातृभूमिले सधैं सेवाको अपेक्षा गर्ने हुँदा सन्ततिले तिनको सेवामा सदा तत्पर हुनु पर्ने कुरा बताउँदे सेवाबाट नै ज्ञान प्राप्त हुने र ज्ञानबाट ब्रह्म साक्षात्कार हुने कुरा व्यक्त गरिएको छ :

सेवा सन्तानको खोज्छन्, जननी-जन्मभूमि नै ।
आत्मकल्याणका लागि, गरौं सेवा त नित्य नै ।।५।।

बिरामी नेपाल आमा र उनका सन्तति भन्ने पाठमा बताइएको कुरा के हो भने नेताहरूको मति बिग्रेकोले नेपाल आमा बिरामी परेकी छन् । ज्यादै दयनीय अवस्थामा पुगेकी नेपाल आमाका गरगहना लुट्नमै नेता नामका राजनीतिक धूर्तहरू व्यस्त देखिन्छन् । देश लुट्ने धेरै छन् तर देश बनाउन चाहने ज्यादै कम मात्र छन् । त्यसैले नेपाल आमाको स्वास्थ्य बिग्रेको छः

बिरामी हेर्न आएका, थैली पो छाम्न थाल्दछन् ।
गलाको हार ता कोही, कोही बाला फुकाल्दछन् ।।४।।
देशबाट लिनै खोज्ने, स्वार्थी सन्तान धेर छन् ।
मैले पनि दिनै पर्छ, थोरैले मात्र भन्दछन् ।।११।।

देश-सेवा भन्ने अंशमा बताइए अनुसार देशको सेवा गरेमा आफ्नै कल्याण हुन्छ । आजको पुस्ता देशप्रति इमानदार नहुने हो भने भविष्यको पुस्ता इमानदार बन्न सक्तैन । अधिकतर नागरिक तथा नेतृत्व तहका व्यक्तिमा बोलीमा सेवा र कर्तव्य पालन तर व्यवहारमा भने बदमासी देखिएकोले नेपालको अवस्था नाजुक बन्दै गएको छ । शास्त्रले पनि देशको सेवालाई धर्म मानेको छ । देशको उन्नति हुने आध्यात्मिक मार्गको अवलम्बन ज्यादै आवश्यक हुन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजेर गर्नुहोस् सेवा, रोजेर ज्ञान गर्नुहोस् ।
बाँच्नुहुन्छ जतिन्जेल, सेवामा अघि सर्नुहोस् ।।१९।।

आमाको स्वास्थ्यमा राम्रै सुधार शीर्षकको कवितामा भनिए बमोजिम सबैको सेवा, सहयोग र संलग्नता पाएर आमाको स्वास्थ्यमा सुधार आयो र सामान्य अवस्थामा गर्ने पूजापाठमा संलग्न हुने क्रम चल्यो । आमाप्रतिको माया, श्रद्धा र भक्ति झनै बढ्न गयो । कहिल्यै पनि आमासितको विछोड भोग्नु नपरोस् :

आशीर्वाद दिनोस् आमा होओस् आन्तर शुद्धता ।
सेवा गर्न सकौं आमा आमा जीवित देवता ।।६।।
आमाको दूधको भारा, तिर्न सक्ने बनूँ म ता ।
चित्त शुद्ध बनोस् आमा ज्ञानका लागि योग्यता ।।७।।

दाइभाउज्यू अमेरिकातिर भन्ने अंशमा बताइएको कुरा के हो भने आमालाई सन्चो भएपछि दाजुभाउजू अमेरिका गए । आमासित आशीर्वाद तथा आज्ञा लिएर दाजुभाउजू अमेरिका गएपछि कविलाई एक्लो भएको अनुभव भयो :

आमाबाट बिदा पाई, प्रस्थान दाइको भयो ।
सहयोग हुने आशा, भाइको अब ता गयो ।।३।।

श्रीराम भरोसामा बताइए अनुसार दाजुभाउजू घरभन्दा बाहिर गएपछि निकै ज्यादा उमेरकी आमाको चिन्ता बढी हुन थाल्यो । त्यस्तो स्थितिमा भगवान् रामको भरोसा बाहेक अरू कुनै उपाय थिएन । प्रारब्धमा जे लेखिएको छ त्यही हुने हो भन्ने सोचले पनि धैर्य धारण गर्न मद्दत गर्दछ :

आफ्नो कर्तव्य गर्दैछौं, भर ईश्वरको परी ।
जे हुने छ, त्यही हुन्छ, यही हो सृष्टि माधुरी ।।२।।
प्रारब्ध सबको आफ्नै, भोगेरै पूर्ण गर्नु छ ।
तल-माथि हुँदैहुन्न, उनैको भर पर्नु छ ।।३।।

दाइको अमेरिकाबाट प्रत्यावर्तन भन्ने अंशमा आमाको स्वास्थ्य ध्यानमा राखेर दाइ अमेरिकाबाट चाँडै फर्केको र आमालाई आफू कहाँ लगेको कुरा प्रस्तुत गरिएको छ :

अम्रिकाबाट फर्केको, दुई हप्ता उता गयो ।
उता जाने भयो इच्छा, दाइले घर लानुभो ।।१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब आमा विप्रकुटीमा शीर्षकको पाठमा भनिए अनुसार आमा दाजु कहाँ गएपछि सत्संग परिवारका केही सदस्यहरूका साथ आमाको आज्ञा लिई कवि ऋषिकेश गए । तीर्थबाट फर्केपछि प्रसाद लगेर कवि आमाको दर्शन गर्न दाइको घरमा गए । त्यसपछि आमाको दर्शन गर्न र स्वास्थ्य स्थिति बुझ्न कविले दिनहुँ दाइको घरमा जाने काम गरे :

भन्नुभो दाइले सारा, घटना, स्वास्थ्यको स्थिति ।
होसियार हुनैपर्ने, देखिएको परिस्थिति ।।५।।
भाउज्यू, दाइले सेवा, सकेसम्म त गर्नुभो ।
वैद्य, डाक्टर आएको, यथार्थ स्थिति भन्नुभो ।।६।।

जाने अघिल्लो दिन नामक अंशमा आमाले कविसित २०६५ साल माघ २० गतेको तिथि सोधेको र त्यस दिनको तिथि कविले बताएको बेहोरा प्रस्तुत गर्दै माघ महिना नकाट्ने र दक्षिणायनमा संसार नछोड्ने कुरा आमाले सुनाएको कुरा व्यक्त गरिएको छ :

'दक्षिणायनमा जान्न, माघ मैना म काट्दिन ।'
भन्नुहुन्थ्यो अगाडि नै, खोज्नुहुन्थ्यो शुभै दिन ।।२।।

अन्तिम दिन भन्ने कवितामा भनिए अनुसार बिहान सबेरै अचानक भाउजूको फोन आएपछि दगुर्दै कवि दाइको घरमा जाँदा आमालाई तुलसी मठनेर राखिएको देखे । परिवारका सबै सदस्य केही वेरमै जम्मा भएपछि आमालाई पशुपति घाटमा लैजाने निर्णय गरियो :

भाइ-बन्धु सबै आए, सबैको मत एक भो ।
सकेसम्म छिटो घाट, पुऱ्याऔँ, त्यही लक्ष्य हो ।।४।।

श्रीपशुपति आर्यघाटमा नामक अंशमा के भनिएको छ भने पशुपतिमा लगेर आमालाई घाटका वैद्यको सल्लाह अनुसार ब्रह्मनालमा राखियो । त्यहीं उनको देहान्त भयो । चौरानब्बे वर्षको उमेरमा आमाको देहावसान भयो । धादिङ गजुरीका लक्ष्मीनाथ गौतमकी छोरी, काठमाडौं उपत्यकाका निवासी विश्वनाथ रिसालकी धर्मपत्नी, दस सन्तानकी आमा तिनले सांसारिक जिम्मेवारी पुरा गरी धराधामबाट बिदा लिइन् ।

दाह संस्कार (अन्त्येष्टि) र दशगात्र क्रिया भन्ने पाठमा आमाको देहावसान भएपछि पशुपतिनाथको भस्मेश्वर घाटमा विधिवत् दाह संस्कार तथा दाइका साथ विप्रकुटीमा दशगात्र क्रिया भयो । परिवारका सबै सदस्य, इष्टमित्र, बन्धुबान्धव, साथीभाइ, सत्संग परिवारका सदस्य, हितैषी सहित थुप्रै व्यक्ति आमालाई श्रद्धाञ्जली र किरियापुत्रीहरूलाई समवेदना दिन आए । सबैले आआफ्ना तर्फबाट सक्दो सहयोग गरे :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याउने दृष्टि दिवाकरैले ।
ज्वाइँ हजुर्को गुण ता सबैले ।।
मान्यौं नि सेवा अति नै ठुलो भो ।
कि घाटको वा घरकै कुरो भो ।।७।।
यता, उता, जे, जति गर्नुपर्छ ।
गर्ने भए राजन भन्नुपर्छ ।।
कि घाटमा वा घरमा मनैले ।
सेवा भयो राजनको तनैले ।।८।।

बरखी शीर्षकको कवितामा बताइए अनुसार एक दिन दुई दिन भन्दाभन्दै आमाको देहावसान भएको वर्ष दिन बित्दा बरखीमा गरिने कार्य दाजुभाइ मिलेर विधिवत् सम्पन्न गरियो तर आमाको सम्भना मनबाट गएन । आमाप्रतिको श्रद्धा भनै तीव्र भयो । जीव भनेको शिव हो भन्ने कुरा बुझेर परमात्माको सेवा र ब्रह्मज्ञानमा लाग्नु पर्दछ । त्यसो गरेमा पितृहरूको पनि तारण हुन्छ :

ज्ञानी भए जन्म समाप्त हुन्छन् ।
आमा र बाबा पनि मुक्त बन्छन् ।।
कर्तव्य यै हो अब पितृ तार्ने ।
जीवात्मलाई परमात्म पार्ने ।।९।।

अन्तिम श्रद्धाञ्जली भन्ने अंशमा कविले वेदान्त दर्शनका विचार प्रस्तुत गरेका छन् । परमात्माको अंश आमा परमात्मामा लीन भएको र तिनका प्रति निवेदन गरिएको श्रद्धाञ्जली परमात्माको भक्ति हुने कुरा पनि सो अंशमा व्यक्त गरिएको छ । आमाबाबु साक्षात् देवताका रूप भएकाले तिनका प्रति सदा भक्ति गर्नु पर्दछ भन्ने कुरा पनि यसमा बताइएको छ :

जो छौ तिमी ता उनकै कृपाले ।
गरेर सेवा ऋण तिर्न थाले ।।
कृतज्ञता ज्ञापन गर्नुपर्छ ।
प्रसन्न पारेर त मर्नुपर्छ ।।१०।।

आमाको बरखी सकिएपछि नामक शीर्षक कवितामा वेदान्त दर्शनको पृष्ठभूमिमा आमाको महिमा बताउँदै आमाबाबुको सेवा तथा सम्मानमा सन्तानले कहिल्यै कमी गर्नु हुँदैन भनिएको छ । बरखीपछिका दिनमा आमाको भनै स्मरण हुने र मनका भाव शब्दमा व्यक्त गर्न नसकिने कुरा पनि यसमा भनिएको छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी शब्दले भाव त पोखिँदैन ।
छातीभरी जो छ त जोखिँदैन ।।
श्रद्धा र आस्था जति सक्छु पोख्छु ।
त्यो दूधभारा जननी म बोक्छु ।।८।।
आमा बुझे जत्ति त लेखिँदैन ।
आँखा त छन् भौतिक देखिँदैन ।।
छाती छ मेरो सब देख्न सक्ने ।
शब्दै भए सीमित लेख्न सक्ने ।।९।।

मृत्यु र मुक्ति (उपसंहार) भन्ने अंश यस पुस्तकको अन्तिम पाठ हो । यसमा कविले बताए अनुसार मृत्यु भन्ने कुरा जन्मेको दिनमै निश्चित गरिएको विधान हो । मृत्यु भनेको ज्ञानीहरूले पाउने सायुज्य मुक्ति हो र प्रारब्धबाट अर्जित सुखदुःखको भोग पूर्ण भएको संकेत पनि हो । ज्ञानी तथा धर्मात्माहरू मृत्युसित डराउँदैनन् किनभने तिनीहरू त्यसपछि परमानन्दघन लोक प्राप्त गर्दछन् र कहिल्यै दुःख नपाइने स्थितिमा पुग्दछन् । त्यसैले मृत्युसित डराउनको साटो कहिल्यै मर्न नपर्ने अवस्थाको सिर्जना गर्ने अभियानमा लाग्नु पर्दछ । मनुष्यको जुनी पाएपछि हासिल गर्नु पर्ने उपलब्धि पनि त्यही हो :

गए बाजे, बाबा वरपर हरे, बान्धव गए ।
धनी, मोटा, राम्रा, तरुण वयका, धार्मिक गए ।।
क्रमैले जाँदैछन् अगणित कठै भोजन बने ।
नमर्नेमा पर्ने तन, मन म ता हैन नि भने ।।८।।
यो देह ता मर्त्य र नश्वरै हो ।
देही म ता शाश्वत ईश्वरै हो ।।
शरीर हो दृश्य म आत्मरूप
साक्षी म द्रष्टा शिव सत्स्वरूप ।।९।।

आमाको जीवनको अन्तिम समयलाई टिपेर दार्शनिक धरातलमा रहेर पनि शोकको अनुभूति गर्ने ज्ञानी र वेदान्ती कविका भावनाको शब्दपुष्पको माला यो कृति बनेको छ । संसारमा लगभग सबैले आमाप्रति श्रद्धा गर्दछन् र सबभन्दा ज्यादा माया पनि आमालाई नै गर्दछन् । आमाबाट आशीर्वाद बाहेक केही पाउन न सकिने र लगातार सेवामा खट्नु पर्ने अवस्थामा पनि यस काव्यका रचनाकार सत्तरी वर्षका भई सक्ता समेत आमाकै मायाको अपेक्षा गर्दछन् । आमाको निधन हुंदा सत्तरी वर्षका बुढा मातृविहीन छ महिनाको कुनै अभागी बालक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै टुहुरो बनेको अनुभव गर्दछन् । सच्चा मातृभक्त र देशभक्त कविका रूपमा यस पुस्तकका सर्जक देखिएका छन् । कवि का मर्मज्ञ हुँदाहुँदै पनि आमाबाट छुटिनु पर्दा वेदान्त दर्शन बिर्सन्छन् र सांसारिक मोहमा परेर छटपटाउँछन् । भगवान् कृष्णले अर्जुनलाई दिएको उपदेश र अष्टावक्र मुनिले राजा जनकलाई दिएको उपदेशको सार कवि त्यस बखत बिर्सन्छन् । त्यस समय त आमाको काखमै रहेर हुर्की रहेको कुनै बालक जस्तो अवस्थामा कवि देखिन्छन् । काव्यको शोभा र भावनाको मर्म पनि कविको सोही आत्मविस्मरणबाट प्रकट भएको छ । यस कृतिले सोही कारणबाट शोक काव्यको उत्तम दर्जा प्राप्त गरेको छ ।

प्रसंगवश चौरानब्बे वर्षकी आमाको बुढ्याइँका कारण उत्पन्न भएको दयनीय अवस्थाभन्दा पनि ज्यादा कारुणिक देशको अवस्था देख्दा कविमा झनै खिन्नता बढेको कुरा यस काव्यले बताएको छ । विशेष गरी **बिरामी नेपाल आमा र उनका सन्तति** र **देश-सेवा** भन्ने पाठमा यस्तो भावना ज्यादा मुखरित भएको छ । आमालाई जस्तै देशलाई पनि कवि ज्यादै माया गर्दछन् भन्ने कुराका प्रमाण यी दुई शीर्षकका कविता हुन् । यस काव्यको मूल वर्ण्य विषय भने आमा नै हो । आमाको जीवनको ज्यादै पछिल्लो अवस्थाको चित्रण मात्र यस काव्यमा भएको छ ।

प्रा. रिसालले यस काव्यमा बताए अनुसार आमाबाबु, गुरु र ईश्वर सदा वन्द्य हुन्छन् । तिनमा पनि आमाको तुलनामा आउने गुरु पाउन गारो हुन्छ । स्वयं गुणवान् भई शिष्यलाई आफू जस्तै गुणवान् बनाउने काम गुरुले गर्दछन् । ईश्वरले दिने आशीर्वाद गुरुबाट पाइने र ईश्वरको अस्तित्वको ज्ञान गुरुले नै सिकाउने हुँदा गुरुलाई ईश्वर नै मान्ने गरिएको पाइन्छ । घरको जग जस्तै र वनस्पतिका जरा जस्तै ज्ञानका धरातल गुरु मानिन्छन् । त्यसैले गुरुप्रति कहिल्यै अनास्था गर्नु हुँदैन भनिन्छ । कुमालेले काँचो माटोलाई आफूले चाहे जस्तो आकारमा ढाली भाँडाकुँडा बनाए जस्तै योग्य शिक्षकले शिष्यलाई आफूले चाहे अनुसार योग्य बनाउँछन् । शिष्यको ज्ञान बढाउने, उसलाई योग्य नागरिक बनाउने, व्यवसायमा पोख्त तुल्याउने, उसभित्रको सिर्जनशीलता मुखरित हुने गरी दक्ष तुल्याउनका निमित्त पाठ दिने, गलत काम गर्न लागेको देखेमा डाँट्ने, सही बाटोमा लैजाने र सदा डर त्रास देखाई रहने खालका काम गुरुले गर्दछन् । बाहिर देखिने गरी नराम्रो तथा कष्टप्रद व्यवहार प्रकट भए पनि गुरुले भित्री हिसाबबाट शिष्यको दक्षता बढाउने काम गर्दछन् । गुरु, बाबु, आमा, बाजे, बज्यै लगायतका अभिभावक तहका कतिपय व्यक्ति निश्चय नै पूज्य, सम्मान्य र महान् हुन्छन् । तिनलाई महान् नमान्ने हो भने दुनयाँमा महान् भन्न मिल्ने हर्को व्यक्ति पाउन गारो हुन्छ । त्यस्तो सोच अनुशासन, सुसंस्कार तथा मर्यादाको प्रतीक पनि हो । तिनमा पनि आमाको गुरुत्व सबैभन्दा उच्च छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति र समाजमा आमा र देशप्रति अवलम्बन गर्ने धर्मको ह्रास हुँदा अस्थिरता, अन्यौल, अशान्ति, अविश्वास जस्ता कुराको वृद्धि हुन्छ । त्यस्तो अवस्था कुनै हालतमा राम्रो नभएको कुरा समीक्ष्य कृतिमा बताइएको छ । ब्रह्मलाई नै प्रतिपाद्य विषयमा मिसाउने कविको प्रवृत्ति यस पुस्तकमा पनि देखिएको छ । परमार्थ ज्ञानका कुरा सरल भाषामा भन्ने काम पनि यसमा भएको छ । वेदान्त दर्शनको आवरणमा रचना गरिएका मातृ शोकका कविताको संग्रह भनेर यस कृतिको परिचय दिन सकिन्छ । आकारमा सानो भए पनि भावनाको गहिराइ प्रस्तुत गर्नमा भने यो कृति ज्यादै सक्षम बनेको छ । सहज कविले रचना गरेको काव्य यो हो किनभने यसमा छन्दको जन्जाल र भावको सञ्जालमा कवि कतै पनि अल्झेका देखिँदैनन् । शोकको प्रस्तुति स्वभावतः कविता बन्दछ भन्दै हिन्दी साहित्यका कवि डा. हरिवंश राय बच्चनले *मधुबाला*मा कवि रुँदा गीत वा कविता बन्ने र कवि पीडाले छटपटाउँदा छन्द निर्माण हुने कुरा बताएका छन् । संस्कृत साहित्यका आदिकवि वाल्मीकिको पहिलो कविता पनि यस्तै उक्तिको उदाहरण मानिन्छ । शोकमा जो पनि भावुक वा हार्दिक बन्दछ । प्रा. रिसालका उत्तम दर्जाका काव्यको गणनामा आउने कृति यो हो । पम्फा पौडेलले यस काव्यको अध्ययनमा आधृत नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्र तयार पारेकी छन् ।

४.२.२९ संसार कस्तो छ ?

संसार कस्तो छ ? (दार्शनिक निबन्ध सङ्ग्रह) स्वाध्याय परिवार भैरवस्थान, ललितपुरद्वारा २०६६ सालमा प्रकाशित प्रा. शिवगोपाल रिसालको अट्ठाइसौं कृति हो । *समुदय* त्रैमासिक, *जनक* वार्षिक, *कस्तूरी, वैश्वानरवार्ता, कुसुन्ती स्मारिका, प्रणव आशिष, ग्लोबल डाइजेष्ट, जमर्को, सत्संग स्मारिका, परमहंस योगविद्या, सर्वोत्तम, जिज्ञासा, सत्यदर्पण* वार्षिक, *अनन्तधारा, गौरी, नेपाली दर्पण, चम्पक, ध्येय-चिन्तन, गोरक्ष निखिल वाणी, पशुपति क्षेत्र* जस्ता विविध पत्रपत्रिकामा प्रकाशित र केही नयाँ समेत गरी जम्मा ६६ वटा दार्शनिक निबन्धहरूको सँगालो यो पुस्तक हो । डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश १८ तथा पाठको अंश ४३० गरी जम्मा ४४८ पृष्ठ छन् । आवरणको पहिलो पृष्ठमा ध्यानमग्न भगवान् शंकर तथा दायाँबायाँ रेखात्मक मानवाकृति भएको हस्त निर्मित रंगीन चित्रको माथि बिच भागमा सेतो रंगको पृष्ठभूमिभित्र रातो रंगमा पुस्तकको नाम **संसार कस्तो छ ?** र मुनिको दायाँ कुनामा कालो रंगमा निबन्धकार **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ । पछिल्लो पृष्ठमा प्रा. शिवगोपाल रिसालको रंगीन चित्र, त्यस बखतसम्म प्रकाशित कृतिहरूको नाम र प्रकाशन वर्षको विवरण तथा ISBN दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठ र त्यसपछिका पनि दुई पृष्ठ खाली राखिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई पृष्ठको पुस्तकको परिचयपछि एक पृष्ठको माधवप्रसाद उपाध्याय नेपालको परिचय र एक पृष्ठको आफ्ना पतिदेव माधवप्रसाद उपाध्याय नेपालको पुण्य स्मृतिमा पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग गर्ने इन्दिरा नेपालको **त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये** नामक भूमिका यस कृतिको प्रारम्भिक अंशमा राखिएको छ । त्यस पछाडि एकेक पृष्ठका मातृपितृ तथा भगवद्भक्त विमल नेपालको **भगवान्मा समर्पित** शीर्षकको र कृष्णा (ज्योत्स्ना नेपाल) अधिकारीको **दुई शब्द** शीर्षकको तीव्र भावनात्मक शैलीमा प्रस्तुत भूमिका दिइएको छ । यसै गरी तिन पृष्ठको विनीता भण्डारी तथा एक पृष्ठको **आत्माको शान्तिको कामना** नामक सुनीता दवाडीको भूमिकापछि तिन पृष्ठको स्वाध्याय परिवारको **प्रकाशकीय** र दुई पृष्ठको **आफ्नै भूमिका** शीर्षकको निबन्धकार प्राध्यापक शिवगोपाल रिसालको भूमिका राखिएको छ । यी सबै भूमिकापछि विषयसूची दिई त्यसपछि मात्र निबन्धहरू प्रस्तुत गरिएका छन् ।

समीक्ष्य पुस्तकमा पाठको अनुक्रम निम्नानुसार मिलाइएको छ :

ब्रह्मचिन्तन, सत्यको खोज, म शरीर होइन, परमानन्द प्राप्तिको उपाय, द्रष्टा र दृश्य, एकै मनका अनेक नाम, अनेक रूप, भक्तिविना मुक्ति हुँदैन, भगवान् नै भक्तलाई बुद्धियोग दिनुहुन्छ, उपनिषद् र ब्रह्मज्ञान, निर्गुण भक्ति, ब्रह्मविद्या र गुरुपरम्परा, चतुश्लोकी भागवत (अनुवाद र व्याख्या), चित्तको एकाग्रता, मोक्षप्राप्तिको साधन, ध्यानबाट ज्ञान, म को हुँ ?, चित्त नचले सुख पाइन्छ, आग्रहको त्याग, विद्या र शिक्षा, गीताको भूमिका (सङ्क्षेपमा), गीताले दिने शान्ति, माया, आध्यामिक ज्ञान : युवालाई वरदान, दर्पण, त्याग, शक्ति, कर्म, उपासना र ज्ञान, त्यागबाट अमृततत्त्व प्राप्ति, सत्य, भक्ति, गीताको महानता, श्रद्धा र विश्वास, श्रीकृष्णतत्त्व-विचार, अद्वैत (सार सङ्क्षेप), अनन्य भक्ति, उषासूक्त, शब्दद्वारा ब्रह्मज्ञान, वेदान्तको विवर्तवाद, आत्मचिन्तन, अद्वैततत्त्व, स्वाध्यायमा प्रमाद नगर्नू, वृत्तिव्याप्ति र फलव्याप्ति, गुरूविना ज्ञान हुँदैन, संस्कार : व्यापक दृष्टिले हेर्दा, परमात्मा, सनातनधर्म, गीता, ब्रह्मज्ञानबाट मोक्ष प्राप्ति, आध्यात्मिक जागरण: आजको आवश्यकता, वैदिक संस्कृतिमा 'त्रि' (तीन) को महत्त्व, स्वास्थ्यको खोज, शान्ति, शरीर, ब्रह्मगायत्री : हाम्रो सर्वस्व, सत् के हो ?, मानसिक शान्ति, हाम्रो धर्म र आचरण, चार प्रकारका भक्त, आत्मा र अनात्मा, प्रलय, सुखको खोज, ज्ञानका लागि शिक्षा, भ्रमज्ञान, दुःख, खोजेको के र पाएको के ? र संसार कस्तो छ ? ।

वेदान्त दर्शन नै यस पुस्तकमा समावेश गरिएका निबन्धहरूको वर्ण्य विषय हो । समान वा प्रकारान्तर जुन ढंगमा र जुन रूपमा भए पनि को चर्चा यसको ध्येय रहेको देखिन्छ । त्यसो हुँदाहुँदै पनि सामान्यतया भिन्न प्रकृति र प्रवृत्तिलाई आधार बनाएर तयार पारिएका जस्ता देखिने पाठहरूको विषयलाई छुट्याएर गरिएको अध्ययन यहाँ अघि सारिएको छ । प्रतिनिधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही निबन्धको अध्ययनका आधारमा प्रस्तुत कृतिको समीक्षा गरिएको छ ।

ब्रह्मचिन्तन यस पुस्तकको पहिलो निबन्ध हो । वेदान्त दर्शन अर्थात् ब्रह्मविद्यालाई सर्वोपरि महत्त्व दिने निबन्धकार प्रा. रिसालको प्रतिनिधि रचना पनि यो हो । यसमा ब्रह्मज्ञान भएन, परमात्म लाभ गर्न सकिएन, जन्म र मृत्युको अनन्त लामो चक्रबाट मुक्त हुने प्रयत्न गरिएन भने मनुष्य भएर जन्मेको कुनै अर्थ हुँदैन भनिएको छ । निबन्धकार यसमा के कुरा व्यक्त गर्दछन् भने महात्मा दत्तात्रेयले बनाएका चौबिस गुरुमा कुमालकोटी पनि पर्दछ । यसले माकुरा, झिँगा वा अन्य कुनैलाई टिपेर ल्याई आफ्नो गुँडमा राखेर भूँ भूँको ध्वनि सुनाउँदै गर्ने क्रममा ती जीवलाई त्यस्तै ध्वनि प्रकट गर्ने बनाउँछ । पिँजरामा राखिएको सुगाले बिस्तारै मान्छेकै बोली बोल्ने गरेको घटना सबैले देखेकै र भोगेकै कुरा हो । जे काममा समर्पित भएर लागी रह्यो, जे सुनी रह्यो, जे सुनाई रह्यो आफू पनि त्यही भइन्छ । चोरी गर्ने विचार बनाउँदा चोर भइन्छ भने ज्ञान आर्जन गर्ने धारणा अनुरूप साधना गर्दा ज्ञानी भइन्छ । मर्ने वेला जुन कुराको विचार गऱ्यो अर्को जुनीमा त्यही भइन्छ भन्ने मान्यताले पनि यही तथ्य प्रमाणित गर्दछ । ईश्वरको नाम जप्ने, सत्संग गर्ने, शास्त्राध्ययन गर्ने, सद्‌गुरुका उपदेशको पालना गर्ने र ब्रह्म चिन्तन गर्ने व्यक्ति ब्रह्मविद् हुन्छ र ब्रह्म नै बन्न सफल हुन्छ । ब्रह्माभ्यास गर्ने व्यक्ति ब्रह्म नै हुन्छ भन्ने उक्ति यिनै कारणले महावाणी बनेको हो । यस्तै चिन्तनको व्याख्या प्रस्तुत पुस्तकका **सत्यको खोज, म शरीर होइन, परमानन्द प्राप्तिको उपाय, द्रष्टा र दृश्य, एकै मनका अनेक नाम, अनेक रूप, उपनिषद् र ब्रह्मज्ञान, ब्रह्मविद्या र गुरुपरम्परा, चित्तको एकाग्रता, मोक्षप्राप्तिको साधन, ध्यानबाट ज्ञान, म को हुँ ?, चित्त नचले सुख पाइन्छ, आग्रहको त्याग, माया, दर्पण, सत्य, अद्वैत (सार सङ्क्षेप), वेदान्तको विवर्तवाद, आत्मचिन्तन, अद्वैततत्त्व, वृत्तिव्याप्ति र फलव्याप्ति, गुरुविना ज्ञान हुँदैन, परमात्मा, ब्रह्मज्ञानबाट मोक्ष प्राप्ति, ब्रह्मगायत्रीः हाम्रो सर्वस्व, सत् के हो ?, मानसिक शान्ति, आत्मा र अनात्मा, प्रलय, सुखको खोज, भ्रमज्ञान र खोजेको के र पाएको के ?** भन्ने निबन्धमा पनि गरिएको छ ।

भक्तिविना मुक्ति हुँदैन भन्ने निबन्धमा भनिएको कुरा के हो भने सगुण र निर्गुण गरी भक्ति सामान्यतः दुई प्रकारको हुन्छ । सांसारिक बन्धनमा रहेर पनि भक्ति गर्न सकिन्छ । द्रौपदी, गजेन्द्र, ध्रुव, प्रह्लाद आदिले गरेको भक्ति सगुण नै हो । यस्तो भक्तिबाट तत्कालका संकट हट्नका साथै ईश्वरमा आस्था बढ्दै गई निर्गुण भक्तितिर उन्मुख भइन्छ र बिस्तारै ज्ञान प्राप्त हुन्छ । ज्ञान प्राप्त भएपछि ब्रह्मलाभ हुन्छ । जीवनको लक्ष्य पनि त्यही हो । यिनै कुराको स्पष्टीकरण दिँदै शंकराचार्यले आत्मानुसन्धान गर्नु अथवा आफूलाई चिन्नु नै असली भक्ति हो भनेका छन् । भक्तिले चित्त शुद्ध हुन्छ । शुद्ध चित्तबाट लगातार गर्ने आत्मानुसन्धानले ब्रह्म साक्षात्कार हुन्छ । चित्तको शुद्धिपछि आत्मानुसन्धानमा लाग्ने विचार प्रबल हुनु भनेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान प्राप्त हुनु हो । त्यसपछिको अर्को चरणमा ब्रह्मज्ञान मिल्दछ र साधक ब्रह्म नै बन्दछ । प्रकारान्तरबाट यस्तै विचारको प्रस्तुति **भगवान् नै भक्तलाई बुद्धियोग दिनुहुन्छ, निर्गुण भक्ति, भक्ति, अनन्य भक्ति, चार प्रकारका भक्त** भन्ने निबन्धहरूमा पनि पाइन्छ ।

चतुश्लोकी भागवत (अनुवाद र व्याख्या) भन्ने निबन्धमा ब्रह्मालाई भगवान् विष्णुले भनेका महत्त्वपूर्ण कुरा राखेर रचना गरिएका *श्रीमद्भावगतमहापुराण*को दोस्रो स्कन्ध नवौं अध्यायका बत्तिसदेख पैतिससम्मका चार वटा श्लोकको तत्त्व प्रस्तुत गरिएको छ । दिव्य दस हजार वर्ष तपस्या गरेका ब्रह्माको भक्तिबाट प्रसन्न भएर भगवान् विष्णुले सार रूपमा ब्रह्मालाई भनेका कुरा के हुन् भने सृष्टिभन्दा पहिले म मात्र थिएँ । सृष्टिमा देखिने जति पनि कुरा छन् ती सबै म हुँ । सत्, असत्मा र तीभन्दा पर देखिने तत्त्व पनि म नै हुँ । सृष्टिको अन्त्य भएपछि म मात्र बाँकी रहन्छु । कहिले नभए पनि भएको जस्तो र कहिले भए पनि नभएको जस्तो लाग्ने वस्तुरूपी तत्त्व म नै हुं । त्यस्तो अनुभूति गराउने लीला मेरै हो । त्यो तत्त्व बुझ्नु नै ज्ञान प्राप्त गर्नु हो । म सारा प्राणीहरूमा छु । तिनीहरूमा म छैन पनि किनभने तिनीहरू पञ्चमहाभूतको योगबाट बनेका छन् । जान्न चाहनेहरूका लागि परमात्मा जताततै छन् र सधैं वर्तमान छन् तर एकेक कुरा केलाएर हेर्दा ती देखिँदैनन् । उनकै अस्तित्व यावत् पदार्थको अस्तित्व हो । भागवतको सार, गीताको निष्कर्ष, पुराणको मर्म, को तत्त्व भनेको पनि यही कुरा हो । यसलाई चार श्लोकमा अटाएको यस पाठलाई **चतुश्लोकी भागवत** भनिन्छ । परमेश्वर जताततै छन् र उनीभन्दा भिन्न यस विश्वब्रह्माण्डमा केही पनि छैन भन्नु नै यसको आशय हो ।

विद्या र शिक्षा भन्ने निबन्ध लामो समय विद्या र शिक्षा क्षेत्रमा लागेका अनुभवी व्यक्तिको आत्मानुभूतिको रचना हो । यसमा निबन्धकार पारमार्थिक ज्ञानलाई विद्या र सांसारिक विषय बोधलाई शिक्षा भन्दछन् । यसमा बताइए अनुसार प्राचीन कालमा थोरै व्यवहार, थोरै खाँचो, थोरै मात्र सांसारिक चासो हुने भएकोले शिक्षामा कम र व्यापक धार्मिक परिधि, फराकिलो आध्यात्मिक परिवेश, परमार्थप्रतिको प्रचुर आकांक्षाका कारण विद्यामा अत्यधिक चासो लिइन्थ्यो । मूल विद्या परमार्थ अर्थात् वेदका सहायक हाँगाका रूपमा त्यस बखत शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्यौतिषलाई लिइन्थ्यो । त्यसैले वेद विद्या हो भने वेदांग भनेर चिनिने शिक्षा, कल्प, व्याकरणादि षड् शास्त्र शिक्षा हुन् । वस्तुपरक, सांसारिक, भौतिक, परिवर्तनशील, क्षणिक, बाह्य विषयपरक प्रविधिलाई प्रेय शास्त्र वा अपराविद्या भनिन्छ भने आत्मपरक, पारमार्थिक, सनातन, शाश्वत, आन्तरिक ज्ञानलाई श्रेय शास्त्र वा पराविद्या भनिन्छ । पराविद्या नै सही अर्थमा विद्या हो र अपरा विद्या चाहिं प्रविधि सिकाउने शिक्षा हो । शिक्षालाई प्रविधि र विद्यालाई ज्ञान भन्दा पनि हुन्छ । पराविद्याबाट आत्यन्तिक कल्याण हुने भएकोले पढाइ र सिकाइका प्रत्येक पक्षमा प्रविधिको ज्ञानका साथै परमार्थको ज्ञान पनि समावेश गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका नीति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माताहरूले यो कुरा बुझ्नु जरुरी छ । **ज्ञानका लागि शिक्षा** भन्ने निबन्धमा पनि यही कुरा भिन्न ढंगबाट प्रस्तुत गरिएको छ ।

गीताको भूमिका (सङ्क्षेपमा) शीर्षकको निबन्धमा श्रीमद्भगवद्गीताको पहिलो अध्याय भूमिकाका रूपमा रहेको र यसमा गीताको सन्देश सुनाउनका लागि चाहिने पृष्ठभूमि तयार पार्ने काम गरिएको कुरा अघि सारिएको छ । महाभारतको युद्ध सुरु हुँदा शत्रु पक्ष बनेर लड्नका लागि आएका आफन्तहरूलाई देख्दा अर्जुनमा उत्पन्न भएको मोहले भगवान् कृष्णलाई परमार्थको ज्ञान दिनमा पृष्ठभूमिको काम गरेको कुरा यसमा बताइएको छ । निबन्धकारले व्यक्त गर्न खोजेको आशय के हो भने डोरीलाई सर्प ठानेर तर्सनु भ्रम हो तर सर्पलाई डोरी मानेर हिँड्नु अज्ञान हो । अर्जुनमा भ्रम पनि थियो र अज्ञान पनि थियो । उत्तम स्तरको गुरुकुल शिक्षा आर्जन गरेका, धनुर्विद्यामा सिद्धि प्राप्त गरेका, जीवनका अनेकौं दुःखकष्ट भोगेर आर्जन गर्नु पर्ने अनुभव हासिल गरेका भए पनि उनले जीव के हो, घर तथा परिवार के हो, संसार के हो र परमार्थ के हो भन्ने कुरा अर्थात् पराविद्या चाहिँ नजानेकाले मोह उत्पन्न भएको थियो । त्यही मोह परा विद्याको ज्ञान दिने पृष्ठभूमि बनेकोले निबन्धकारले त्यसलाई गीताको भूमिका भनेका छन् । गीतामा बताइएको उपदेश अर्थात् आत्मज्ञानको व्याख्यामा आधृत यस पुस्तकका निबन्धहरू **गीताले दिने शान्ति, गीताको महानता** र **गीता** पनि हुन् ।

आध्यामिक ज्ञान : युवालाई वरदान नामक निबन्धमा बताइएको कुरा के हो भने आध्यात्मिक ज्ञान भनेको आफूलाई चिनाउने र आफूलाई चिनेर बाँच्ने कला सिकाउने शास्त्र, सिद्धान्त, विद्या, बोध र चिन्तन हो । यस्तो ज्ञान संसारभरिका सबै उमेर समूहका पुरुष र महिलामा हुनु आवश्यक छ किनभने यसले रचनात्मक, शान्ति प्रदायक, कल्याणकारक सोच र व्यवहारतिर उन्मुख गराउँछ र व्यक्ति, परिवार, समाज, देश तथा विश्वमा सुख, एकता, समृद्धि, सन्तोष र खुसी फैलाउनमा मद्दत गर्दछ । जतातत्तै अस्तव्यस्तता, उच्छृंखलता, अन्याय, अशान्ति, अविश्वास, हिंसा र आतंक फैलिएको आजको परिवेशमा यो निकै आवश्यक भएको छ । अझ देशको जिम्मेवारी वहन गर्ने युवा पुस्तामा यसका आधारभूत पक्षको जानकारी हुनु झनै जरुरी छ । मान्छेको रगतका धाराले लतपतिएको आजको समाजमा परिवर्तन ल्याई शान्ति, एकता, प्रेम, सहानुभूति, समझदारी कायं गर्न र त्यस्तो व्यवहारलाई समाजको चरित्र बनाउन पनि युवा शक्ति नै चाहिन्छ । त्यसैले युवा जमातमा आत्मज्ञान अर्थात् आध्यात्मिक ज्ञानको प्रचार प्रसार गर्नु पर्दछ । यस ज्ञानले आफू शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, अहंकार, चित्त, धन, सम्पत्ति, जगा, जमिन, घर, गाडी, मान, प्रतिष्ठा, पद, पगरी, जन्मने, मर्ने तत्त्व न भएर सुखमय, शान्तिमय, कल्याणमय परमेश्वरको रूप र अझ साक्षात् परमेश्वर नै भएको कुरा अवगत गराउँछ । साहित्य, संगीत, कला, संस्कृति, विज्ञान आदि जे पढे पनि ज्ञानमय, अध्यात्ममय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविद्यामय, सच्चित्सुखमय, अखण्ड आनन्दमय विद्या जान्नु जरुरी छ । यस्तै विचार भिन्न शैलीमा यस पुस्तकका **कर्म, उपासना र ज्ञान, शब्दद्वारा ब्रह्मज्ञान र आध्यात्मिक जागरण : आजको आवश्यकता** भन्ने पाठमा पनि प्रस्तुत गरिएको छ ।

त्याग भन्ने पाठमा बताइएको कुरा के हो भने आफ्नो स्वामित्वको वस्तु प्रेमपूर्वक, श्रद्धापूर्वक, स्वेच्छाले अरूलाई दिनु र दिएको वस्तुमा कहिल्यै आसक्त नहुनु नै त्याग हो । यसको आशय आफ्नो अधीनको, आफ्नो आर्जनको र आफ्नो शक्ति तथा योग्यताबाट कमाइएको वस्तु वा धन आवश्यक भएका व्यक्तिलाई दिनु पर्दछ । कन्यादान, विद्यादान, भूमिदान, गौदान, अन्नदान, दशदान, ज्ञानदान, प्राणदान आदि विभिन्न दानको चलनका कुरा पनि यस क्रममा आउँछन् । वास्तवमा ती सबैलाई दान र त्याग भन्न सकिँदैन । कन्या, विद्या, भूमि, गाई, अन्न, ज्ञान, प्राण आदिमा आफ्नो अधिकार हुँदैन । आफ्नो अधिकार नभएको वस्तु दान गर्ने र त्याग गर्ने त कुरै आउँदैन । असली त्याग भनेको आफूले गरेको कर्मको फल नै हो । गीतामा यसलाई अनासक्तियोग भनिएको छ । त्यागबाट नै अमृतत्व प्राप्त हुन्छ । शास्त्रले बताएको यस प्रकारको त्यागबाट यस लोकमा शान्ति प्राप्त हुनका साथै ब्रह्मबोध भई जन्म र मृत्युको चक्रबाट समेत पार पाइन्छ । सांसारिक वासनाको त्यागलाई अझ ठुलो त्याग भनिएको छ । यो कुरा व्याख्या, प्रवचन, उपदेशको विषय न भएर आचरणमा ढाल्ने र व्यवहारमा उतार्ने विषय हो । त्यागबाट नै शान्ति, सुख र आनन्दको वर्षा हुन्छ । **त्यागबाट अमृततत्त्व प्राप्ति** भन्ने पाठमा पनि यस्तै विचार भिन्न तरिकाले प्रस्तुत गरिएको छ ।

शक्ति शीर्षकको निबन्धमा सारा विश्व ब्रह्माण्डकी सञ्चालिका शक्ति भनेको मातृ शक्ति हो र क्रिया शक्ति, इच्छा शक्ति र ज्ञान शक्ति भनेको पनि मातृ शक्ति नै हो भनिएको छ । यसमा भनिए अनुसार महाकाली, महालक्ष्मी, महासरस्वती पनि शक्तिकै रूप हुन् । पुरुष भनेको ईश्वर र प्रकृति भनेको शक्ति हो । ऋण र धन शक्तिको सम्मिलन नभई बिजुलीको उज्यालो उत्पन्न नभए जस्तै ईश्वर र प्रकृति अर्थात् ईश्वरीको मिलन नभई मूल शक्ति प्रकट हुन सक्तैन र सृष्टि पनि सञ्चालन हुन सक्तैन । नवदुर्गा, दश महाविद्या, चौसट्ठी योगिनी, पराविद्या, पार्वती, लक्ष्मी, ब्रह्मायणी, ईश्वरी आदि सबै मातृ शक्ति मूलतः शक्ति नै हुन् र एउटै शक्ति हुन् । शक्तिको उपासनाबाट निरापद जीवन बिताउन सकिन्छ । पुराकथा अनुसार शिव स्वरूपा र ब्रह्म रूपा शक्तिकै भक्तिबाट ब्रह्मबोधपूर्वक मुक्ति प्राप्त हुन्छ । शक्तिको उपासना भनेको ज्ञान वा पराविद्याको साधना हो ।

श्रद्धा र विश्वास शीर्षकको निबन्धमा भनिए अनुसार श्रद्धेय, माननीय, पूजनीय व्यक्ति, देवता वा ईश्वरमा गरिने भित्री मनदेखिको पवित्र धारणा श्रद्धा हो भने स्वाभाविक, प्राकृतिक र स्वतः प्राप्त हुने वृत्ति विश्वास हो । आमा, बाबु, गुरु, देवतामा श्रद्धा गरिन्छ । विश्वासको तहभन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै माथिल्लो दर्जा श्रद्धा हो । जसमाथि श्रद्धा गरिन्छ त्यसमाथि विश्वास त स्वाभाविक रूपमा हुन्छ । श्रद्धा गरिने व्यक्ति वा तत्त्वमा विश्वास त आँखा चिम्लेर गरिन्छ तर विश्वास गरिनेमाथि श्रद्धा हुन पनि सक्तछ नहुन पनि सक्तछ । विश्वास त हजाम, बस चालक, खाद्यान्न विक्रेता, चिकित्सक, बैंकका कर्मचारी आदि जीवनका प्रत्येक कार्यसित सम्बद्ध व्यक्तिमा गरिन्छ । विश्वास नगरेर गुजारा पनि चल्दैन तर आमा, बाबु, गुरु, देवतामा गरिने श्रद्धा भने तिनका प्रति हुँदैन । विशिष्ट श्रद्धा गरिने तत्त्व परमात्मा हो किनभने जीवनको सही गन्तव्य र प्राप्तव्य त्यो हो । अत्यन्त श्रद्धा गरिने आमा, बाबु, गुरु जस्ता व्यक्तिले पनि त्यसलाई नै श्रद्धापूर्वक गन्तव्य र प्राप्तव्य ठान्दछन् । अर्जुनले भगवान् कृष्णमा, राजा परीक्षित्‌ले शुकदेव स्वामीमा श्रद्धा गर्नको कारण पनि त्यही हो । **श्रीकृष्णतत्त्व-विचार** भन्ने निबन्धमा पनि फरक ढंगबाट यही भाव प्रस्तुत गरिएको छ ।

उषःसूक्त भन्ने पाठमा उषाको वर्णनमा आधृत ऋग्वेदको एउटा सूक्तमा बताइएका कुराको चर्चा गरिएको छ । बिहान उज्यालो हुँदा छाउने लालीलाई परम सुन्दरी नायिकाको रूपमा ढालेर कविका मनमा उब्जेका भावना यस सूक्तमा प्रस्तुत गरिएको छ । उषाको उपासना गर्ने अर्थात् बिहान सबेरै उठ्ने व्यक्तिले आरोग्य, धनसम्पत्ति, सन्तान लाभ, यश, तेज, कीर्ति, गति, फुर्ती, शक्ति, ज्ञान, बुद्धि, बल, प्रतिभा, पुष्टि, कार्य कौशल, धन आदि प्राप्त गर्ने कुरा पनि यसमा भनिएको छ । यस सूक्तमा कतै सूर्यकी प्रेमिका र कतै सूर्य जन्माउने आमाका रूपमा चित्रण गर्दै उषालाई जीवन सञ्चालिका शक्ति भनिएको छ । पर्याप्त काव्यात्मक शैलीमा नायिका उषाको उज्यालोको बयान गर्दै यस सूक्तमा त्यो ज्योति भौतिक प्रकाश मात्र नभएर आध्यात्मिक, प्रज्ञानमय र सच्चिदानन्दमय प्रकाश पनि हो भनिएको छ । चिन्तनको जलप यसमा पनि लगाइएको पाइन्छ ।

स्वाध्यायमा प्रमाद नगर्नू भन्ने पाठमा बताइए अनुसार स्वाध्याय भनेको आत्मलाभका लागि गरिने ऋग्वेद, यजुर्वेद आदि वैदिक तथा पारमार्थिक ग्रन्थको अध्ययन हो । यस प्रकारका शास्त्रको अध्यापन पनि स्वाध्याय नै हो । सांसारिक वस्तुको भोगप्रति वैराग्य भाव उत्पन्न गराउने, आत्मस्वरूपको साक्षात्कार गराउन सहयोगी बन्ने, ईश्वरको गुण, प्रभाव, लीला, स्वरूप, तत्त्व आदि विविध रहस्यको बोध गराउने ग्रन्थ वेदको अर्थ बुझेर वा बुझाएर अध्ययन अध्यापन गर्नु तपस्या हो । सत्य, धर्म, स्वाध्यायमा प्रमाद न गर्नु नै वैदिक मर्यादा र अनुशासन हो । स्वाध्याय ब्रह्मयज्ञ, जपयज्ञ, नित्य कर्म, धर्माचरण, आत्मानुसन्धान, परमात्माको उपासना भएकोले यस्तो काममा कहिल्यै आलस्य र उपेक्षा गर्नु हुँदैन । स्वाध्यायबाट अज्ञानको नाश, स्वरूप ज्ञानको प्राप्ति, सांसारिक बन्धनबाट मुक्ति, मोहको अन्त्य र ब्रह्म साक्षात्कार हुने भएकोले नित्य निरन्तर स्वाध्यायमा लाग्नु पर्दछ । यसमा प्रमाद गर्नु हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कार : व्यापक दृष्टिले हेर्दा नामक निबन्धमा रचनाकारले के भनेका छन् भने पहाडका ढुंगा, नदीका पत्थर, समुद्रका किराका हाडलाई अनेक तरिकाले चम्काएर बहुमूल्य हीरा, मोती र मणि बनाए जस्तै सामान्य भौतिक शरीरको मान्छेलाई विविध विधि तथा प्रक्रिया अर्थात् योग, ध्यान, स्वाध्याय, जप, यज्ञ, त्याग, तपस्या, सत्संग, उपासना, पूजा आदिमा घोटेर सज्जन, साधु, सन्त, महात्मा, महान् बनाउने काम संस्कारले गर्दछ । सम् अर्थात् राम्रो र कार अर्थात् गर्नु भन्ने अर्थमा संस्कार शब्दको प्रयोग हुन्छ । संस्कारले नै आचार शुद्ध पार्दछ । ध्वाँसो पोतिएको भाँडालाई अनेक थरी उपायबाट माझेर टल्काउनु र मैलो लुगा प्रभावकारी रसायन प्रयोग गरेर सफा पार्नु जस्तै मानव जीवनलाई उच्च तहका क्रियाकलापले युक्त तथा सच्चरित्रले सम्पन्न बनाउनु संस्कारको काम हो । त्यसैले संस्कारबाट नै सही अर्थमा मनुष्य बन्न सकिन्छ भनिएको छ । सनातन परम्परानुसार गरिने जीवन संस्कारको उद्देश्य पनि यस्तै उपलब्धि हासिल गर्नु हो ।

सनातनधर्म भन्ने पाठमा बताइए बमोजिम वेदले प्रतिपादन गरेको धर्म नै सनातन धर्म हो । कर्म, उपासना र मोक्षलाई यसले महत्त्व दिएको छ । धर्म नै जगत्को आधार हो । यो रहेन भने जगत्को अस्तित्व पनि रहँदैन । धर्मको अनुपालन गरियो भने त्यसले रक्षा गर्दछ । प्राणीहरूको उपकार, कल्याण र सेवा गर्नु नै धर्म हो भने तिनलाई कष्ट दिनु, सताउनु, पीडित बनाउनु अधर्म वा पाप हो । अझ धैर्य, क्षमा, इन्द्रिय निग्रह, अर्काको सम्पत्ति हरण न गर्नु, शारीरिक र मानसिक पवित्रता, सत्य, अक्रोध, विद्याध्ययन आदि पनि धर्म हो । धर्म भनेको शब्द, रमाइलो प्रवचन, व्याख्या, उपदेश, लेख्ने र कुरा गर्ने विषय मात्र न भएर निरन्तर व्यवहारमा उतार्नु पर्ने आचार हो । धर्माचरण नगर्ने मान्छेलाई दुई खुट्टे पशु भनिन्छ । धर्मले ब्रह्मसायुज्य मिल्दछ । यस्तै भावको भिन्न शैलीको प्रस्तुति **हाम्रो धर्म र आचरण** भन्ने निबन्धमा पनि पाइन्छ ।

वैदिक संस्कृतिमा 'त्रि' (तीन) को महत्त्व नामक पाठमा वैदिक परम्परामा प्रचलित तिन वटा तत्त्वको विवरण दिइएको छ । तिनको ज्ञान आवश्यक हुने भएकोले यहाँ पनि प्रस्तुत गरिएको छ ।

१. त्रिदेव : ब्रह्मा, विष्णु र महेश । अग्नि, वायु र आदित्य । सूर्य, चन्द्रमा र अग्नि ।

२. त्रिलोचन : सूर्य, चन्द्रमा र अग्नि । सत्य, शिव र सुन्दर ।

३. त्रिशूल : सृष्टि, स्थिति र प्रलय ।

४. त्रिताप : आधिभौतिक अर्थात् सर्प, बाघ आदिबाट हुने, आधिदैविक अर्थात् भूकम्प, बाढी आदिबाट हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आध्यात्मिक अर्थात् आफ्नै मनबाट हुने दुःख ।

५. त्रिसर्ग : तमो गुण, रजो गुण र सत्त्व गुण ।

६. त्रिगुण : सत्त्व, रज र तम ।

७. त्रिकोण : सत्त्व, रज र तम ।

८. त्रिलिङ्ग :पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग ।

९. त्रिकाण्ड : कर्म, उपासना र ज्ञान ।

१०. त्रिवेद : ऋक्, यजुः र साम ।

११. त्रिन्यास : उत्पत्ति, स्थिति र संहार । करन्यास, देहन्यास र अङ्गन्यास ।

१२. त्रिमात्रा : अ, उ र म ।

१३. त्रिलोक : भूः, भुवः र स्वः ।

१४. त्रि अवस्था : जन्म, मरण र मुक्ति । जाग्रत्, स्वप्न र सुषुप्ति । आदि, मध्य र अन्त्य । मन, कर्म र वचन ।

१५. पूजाका तीन अंग : आवाहन, पूजन र विसर्जन ।

१६. रुद्रीपाठका तीन भेद : लघुरुद्री, महारुद्री र अतिरुद्री ।

१७. तीन पुस्ता : बाबु, बाजे र बराजु ।

१८. तीन भेद : सजातीय, विजातीय र स्वगत ।

१९. त्रिपुटी : ध्याता, ध्यान र ध्येय ।

२०. सृष्टिका तीन वाद : सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद र अजातवाद ।

२१. तीन प्रकारका भक्ति : सगुण साकार, सगुण निराकार र निर्गुण निराकार ।

२२. ब्रह्मका तीन लक्षण : सत्, चित् र आनन्द ।

२३. ब्रह्मका तीन रूप : कारणब्रह्म, कार्यब्रह्म र कार्य-कारणब्रह्म ।

२४. तीन प्रकारका उच्चारण : ह्रस्व, दीर्घ र प्लुत ।

२५. तीन साधन : तन्त्र, मन्त्र र यन्त्र ।

२६. तीन धाम : पूर्वमा जगन्नाथ, पश्चिममा द्वारका र दक्षिणमा रामेश्वर ।.

२७. तीन शान्ति : अधिभौतिक शान्ति, आधिदैविक शान्ति र आध्यात्मिक शान्ति ।

२८. ब्रह्मका तीन रूप : जगत्, जीव र ईश्वर ।

२९. तीन दुःख : जन्म, जरा र मृत्यु ।

३०. गीताका तीन षट्क : कर्म (१-६), भक्ति (७-१२) र ज्ञान (१३-१८) ।

३१. प्रस्थानत्रयी : श्रुतिप्रस्थान (उपनिषद्), स्मृतिप्रस्थान (गीता) र न्यायप्रस्थान (ब्रह्मसूत्र) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३२. तीन शरीर : स्थूल, सूक्ष्म र मनोमय ।

३३. तीन काल : भूत, वर्तमान र भविष्यत् ।

३४. तीन देवी : महाकाली, महालक्ष्मी र महासरस्वती ।

३५. तीन साधन : भक्ति, वैराग्य र ज्ञान ।

३६. त्रिकाल सन्ध्या : रात्रि र दिनको सन्ध्या, दिनको मध्य भाग र दिन र रातको सन्ध्या ।

३७. त्रिकाल स्नान : सूर्योदयभन्दा अगाडि, मध्याह्ण र सूर्यास्तभन्दा अगाडिको स्नान ।

३८. सन्ध्याका तीन भेद : उत्तम (प्रातः सन्ध्या), मध्यम (मध्याह्ण सन्ध्या) र अधम (सायं सन्ध्या) ।

३९. त्रि ऋतु : ग्रीष्म (चैत्र, वैशाख, ज्येष्ठ, आषाढ), वर्षा (श्रावण, भाद्र आश्विन, कार्त्तिक) र हेमन्त (मार्ग, पौष, माघ, फाल्गुन) ।

४०. तीन लोक : मनुष्य, पितृ र देव । शिव, विष्णु र ब्रह्म ।

४१. त्रिव्याहृति : भूः, भुवः र स्वः ।

४२. त्रिस्वर : उदात्त, अनुदात्त र स्वरित ।

४३. तीन साधन : श्रवण, मनन र निदिध्यासन ।

४४. त्रिशक्ति : सृष्टि, स्थिति र संहार ।

४५. त्रिशेष : ऋण, अग्नि र शत्रु ।

४६. त्रिविध गुरु : माता, पिता र आचार्य ।

४७. तीन रोग : कफ, बात र पित्त ।

४८. त्रिएषणा : पुत्रेषणा, वित्तेषणा र लोकेषणा ।

४९. त्रिकर्म : आमाबाबुको आज्ञापालन तथा पालनपोषण, श्राद्ध र गयामा पिण्डदान ।

५०. त्रिकुल : माता, पिता र पत्नीको कुल ।

५१. त्रिदण्ड : वाक्दण्ड (मौनव्रत), मनोदण्ड (प्राणायाम) र कायदण्ड (तपस्या) ।

५२. त्रिद्वन्द्व : जन्म र मृत्यु, सुख र दुःख तथा भोक र प्यास ।

५३. धनका तीन गति : दान, भोग र नाश ।

५४. अन्नादि (भोजन) का तीन गति : स्थूल भाग, सूक्ष्म भाग र अत्यन्त सूक्ष्म भाग ।
अन्नको गति : विष्ठा, मासु र मन ।
जलको : मूत्र, रगत र प्राण ।
तेजोमय घिउ, तेल : हाड, मज्जा र वाक् वा वाणी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५५. त्रिफला : हर्रो, .बर्रो र. अमला ।

५६. त्रिपिण्ड : यव (जौ), ब्रीहि (चामल) र तिल ।

५७. त्रिविधि जप : वाचिक (स्पष्ट उच्चरित), उपांशु (ओठ खोलेर वा चलाएर) र मानस (मनले मात्र) ।.

५८. त्रिविध पाप : कायिक, वाचिक र मानसिक । यो धर्म पनि हो ।

५९. त्रिविध पुण्य : तप, दान र यज्ञ ।

६०. त्रिविध प्राणायाम : पूरक, कुम्भक र रेचक ।

६१. तीन शत्रु : काम, क्रोध र लोभ ।

स्वास्थ्यको खोज भन्ने निबन्धमा भनिए अनुसार स्वास्थ्य भौतिक र आध्यात्मिक गरी दुई प्रकारको हुन्छ । आहार, योग, व्यायाम, आसन, प्राणायाम आदिबाट भौतिक र श्रवण, मनन, निदिध्यासन, त्याग, तपस्या, वैराग्य, साधु सेवा, सत्संग आदिबाट आध्यात्मिक स्वस्थता प्राप्त हुन्छ । पञ्चम वेद मानिने आयुर्वेदका आधारमा चरक, शुश्रुत, अश्विनीकुमार, धन्वन्तरी आदिले अनेक ग्रन्थ निर्माण गरेका छन् । शारीरिक स्वस्थताबाट नै आध्यात्मिक साधना गर्न सकिन्छ । त्यसो भए पनि आध्यात्मिक स्वास्थ्यप्रति सचेत हुनु राम्रो मानिन्छ । आत्मचिन्तन, आत्मानुसन्धान, निर्गुण ब्रह्मको उपासना, संयमित जीवन, इन्द्रिय दमन, सात्त्विक परिमित भोजन आदिबाट आध्यात्मिक स्वास्थ्यलाई स्वस्थ तुल्याउन सकिन्छ । यसैबाट ब्रह्मलाभ हुन्छ । आध्यात्मिक स्वास्थ्यको बढी ख्याल राख्नु पर्दछ भन्नको तात्पर्य भौतिक स्वास्थ्यको उपेक्षा गर्नु पर्दछ भनेको चाहिं होइन । पराशान्ति र पराविद्याको प्राप्तिका लागि उत्तम स्वास्थ्यको अपेक्षा पूर्वीय दार्शनिकहरूले गरेका छन् ।

शान्ति नामक निबन्धमा बताइए बमोजिम शान्ति भनेको प्रशमन, निराकरण, धैर्य, प्रशान्तता, निःशब्दता, विश्राम, सम्पूर्ण प्रकारका सांसारिक भोगादिबाट पूर्ण उदासीनता, दोषमार्जन, कलंकबाट मुक्ति, वैरनिरोध, आवेशको अभाव र निश्चिन्तता हो । आज विश्वमा शान्तिका लागि खरबौं धन खर्च गरिएको र बन्दुकबाट शान्ति खोज्ने प्रयत्न गरिएको देखिन्छ । अझ भौतिक सुविधाको विस्तारबाट पनि शान्ति खोज्ने प्रयत्न गरिएको पाइन्छ तर यस प्रकारका प्रयत्नबाट शान्ति प्राप्त हुन सक्तैन । वैदिक चिन्तन परम्परा अनुसार भौतिक शान्तिभन्दा आध्यात्मिक शान्तिको प्राप्तिलाई ज्यादा महत्त्व दिइन्छ । वैदिक ऋषिहरूले यस्तै शान्ति पाउनका लागि कठोर तपस्या गरेका थिए । अन्तःकरणको शान्ति र मोक्षलाई सनातन परम्पराले सही अर्थमा शान्ति मानेको छ । वैदिक ऋषिहरूले अवलम्बन गरेको उपायबाट नै वास्तविक शान्ति सम्भव छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीर भन्ने निबन्धमा के कुरा प्रस्तुत गरिएको छ भने पञ्च महाभूतको योगबाट भौतिक शरीर बन्दछ र त्यसलाई जीवन्त तुल्याउने काम सूक्ष्म शरीरले गर्दछ । सूक्ष्म शरीर भनेको परमात्माको स्वरूप हो । त्यसलाई प्रत्यक्ष परमात्मा भन्ने पनि गरिन्छ । स्थूल शरीर जन्मन्छ र मर्दछ । यो हुर्कन्छ, मोटाउँछ, दुब्लाउँछ, जवान हुन्छ, बुढो हुन्छ र खिइन्छ । सूक्ष्म शरीरमा भने परिवर्तन आउँदैन । भौतिक देह जन्मँदा त्यो जस्तो थियो मर्दा पनि त्यस्तै रहन्छ । त्यो अजर छ र अमर पनि छ । शरीरभन्दा पनि मूल्यवान् सम्पत्ति आत्मा हो । नाशवान् शरीरलाई चिनेर ब्रह्मत्व प्राप्तिका लागि प्रयत्न गर्नु र मनुष्य जीवनको सार्थकता खोज्नु बुद्धिमानी हो ।

दुःख शीर्षकको निबन्धमा बताइए अनसार दुःख भनेको पीडा, कष्ट, शारीरिक वा मानसिक क्लेश, वेदना, छटपटी, बाधा, व्याधि हो । शत्रु, मानच्युति, कुभार्या वा कुपति, कुग्रामवास, कुस्वामी, बहुकन्या, वृद्धत्व, परगृहवास, वर्षाप्रवास, बहुभार्या, कुभृत्य आदि विविध कारणबाट पनि दुःख हुन्छ । अझ विस्मृति वा भ्रम, प्रमाद, आगतको चिन्ता आदिले पनि दुःख पैदा हुन्छ । आधिभौतिक, आधिदैविक र आध्यात्मिक गरी तिन प्रकारका दुःख बताइएको छ । यसैलाई त्रय ताप भनिन्छ । यी सबै प्रकारका दुःखबाट आत्यन्तिक मुक्तिका लागि प्रयत्न गर्नु पर्दछ । त्यस्तो प्रयत्न गर्नु भनेको ज्ञानको बाटोमा हिंड्नु र परमात्माको चिन्तन गर्नु हो । ब्रह्ममय, राममय, कृष्णमय, ज्ञानमय, परमात्ममय, आनन्दमय, निर्गुण निराकारमय बन्नु नै दुःखबाट सर्वथा उन्मुक्ति पाउनु हो । वेदान्त दर्शनले बताएको बाटो पनि यही हो ।

संसार कस्तो छ ? यस पुस्तकको अन्तिम निबन्ध हो । यसकै नामबाट विवेच्य कृतिको नाम राखिएको छ । निबन्धकार यस नाम र पाठप्रति आकर्षित देखिन्छन् । यसमा बताइए अनुसार आफ्नो दृष्टि वा धारणा जस्तो छ संसार पनि त्यस्तै देखिन्छ । सज्जनले सारा संसारलाई सज्जनै देख्दछ भने दुष्टले दुष्ट देख्दछ । भगवान् कृष्णले जुन रूपमा हेरियो वा उपासना गरियो त्यस्तै सिद्धि प्राप्त हुने कुरा गीतामा बताएका छन् । वेदान्त दर्शनले संसारको अस्तित्व स्वीकार गर्दैन । यो हिजो थिएन, आज छैन र भोलि हुने छैन भन्दै डोरीलाई सर्प ठाने जस्तै अज्ञानीहरू जादू जस्तो र सपना जस्तो यस संसाररूपी भ्रमलाई सत्य ठान्दछन् भन्ने कुरा सप्रमाण वेदान्त दर्शन बताउँछ ।

वेदान्त चिन्तनका आधारभूत पक्षलाई यस पुस्तकमा निकै ज्यादा बौद्धिक तरिकाले प्रस्तुत गरिएको छ । मानव जीवनलाई शान्ति र आनन्दसित बाँच्न सिकाउने र मानव जीवनको अन्तिम, कल्याणकारी तथा उद्धारक बाटो देखाउने काम यसमा भएको छ । यस पुस्तकका सबैजसो निबन्धमा ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले सोझै वा प्रकारान्तरले लगभग उस्तै कुरा नै प्रकाशमा आएका छन् । वेदान्त दर्शनका विविध पक्षमाथि प्रकाश पार्दै सरल भाषाको प्रयोगबाट ब्रह्मतत्त्वको ज्ञान दिने काम यस कृतिले गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.३० ज्ञानको चमत्कार

यस पुस्तकको गाताको प्रथम पृष्ठमा गाढा निलो रङको पृष्ठभूमिमा पहेंलो रङमा **ज्ञानको चमत्कार** भन्ने नाम, त्यसका मुनि सेतो रङमा प्रा. शिवगोपाल रिसालज्यूसँगको जीवनोपयोगी अन्तर्वार्ता, बीचमा दीपक महर्जनद्वारा तयार पारिएको पुस्तकको विषयसङ्केतक अमूर्त चित्र र सबभन्दा तल लेखकको नाम उल्लेख गरिएको छ । त्यसै गरी गाताको पछिल्लो पृष्ठमा निलो र हरियो रङको सम्मिश्रित पृष्ठभूमिमा माथि अन्तर्वार्ता लिने र दिने दुवै जनाको संयुक्त रङ्गीन चित्र, बीचमा डा. स्वामी प्रपन्नाचार्य, डा.गोविन्द टण्डन तथा प्रकाशक केशव रेग्मी, सीताराम खत्री र रविप्रसाद पराजुलीले भूमिकामा भनेका कुराभित्रका महत्त्वपूर्ण अंशको टिपोट र मुनिको बायाँ भागमा पुस्तकको अनुक्रमाङ्क (ISBN) अङ्कित छ । बहुरङ्गी कलात्मक सुन्दर गाताले सजिएको डिमाई साइजको यो कृति २ (पुस्तक परिचय) + २४ (शुभेच्छु डा.स्वामी प्रपन्नाचार्यको भूमिका, लेखक डा. गोविन्द टण्डनको भूमिका, अन्तर्वार्ता दिने प्रा. शिवगोपाल रिसालको भूमिका तथा प्रकाशक केशव रेग्मी, सीताराम खत्री र रविप्रसाद पराजुलीको संयुक्त भूमिका) + ४ (विषयसूची) र + १४६ (विषयवस्तु प्रस्तुतिमा आधृत पुस्तकको लमाइ) गरी जम्मा १७६ पृष्ठको आकारमा मोटाएको छ । ८५ वटा शीर्षकका जम्मा २१८ वटा प्रश्न र तिनका उत्तरको प्रस्तुति यस ग्रन्थमा पाइन्छ ।

जन्म, दाजु-भाइ, दिदी-बहिनी, प्रेरणा, बाबा र विचार, आमा र आचार, शिक्षा, शिक्षा पहिलेको र अहिलेको, कलेजस्तरको शिक्षा र पढ्दाका प्राध्यापकहरू , त्रिभुवन विश्वविद्यालयको पढाइ, विद्यार्थी जीवन, कमलबाबुको योगदान, सैंबूको बसाइ पढाइको कठिनाइ, सरस्वतीको आराधना, बाल्यकालका केही रोचक घटना, सैंबू हिजो र आज, आमा-बाबाप्रतिको दृष्टि, संयुक्त परिवार, सन्तान छोराहरू, विदेशको बसाइ, घरमा त श्रीमान् र श्रीमतीमात्र ?, वर्तमान जीवनको व्यस्तता, श्रीमतीको अध्यात्मसाधना, ग्रन्थनिर्माण-आध्यात्मिक, ज्ञानमार्गको पहिचान, अद्वैत वेदान्तलाई आत्मसात् गरेको, गुरुदेव डा.क्षितीशचन्द्र चक्रवती, गुरुदेवका विशेषता : अद्वैत संस्थासँगको संलग्नता, दीक्षाको महत्त्व, भक्ति ज्ञान र कर्म, आत्मसाक्षात्कार, छुवाछूत, धर्मान्तरण कस्तो लाग्छ ?, विश्वका विभिन्न धर्म, मानवधर्म, धर्मनिरपेक्ष के ठीक छ ?, धार्मिक चर्चा, ईश्वरविषयक चर्चा, वेदान्तका अधिकारी, जीवन्मुक्त महापुरुषहरू, दिनचर्या : व्यापक दृष्टिमा, अद्वैत वेदान्त : विश्व परिवेशमा, आत्मवत् सर्वभूतेषु, मानव जीवन र मन, पूजा, धार्मिक चरित्र : विश्वशान्ति, शान्ति कहाँ छ ?, अद्वैत, नाङ्गो दर्शन, पशुबलि कहाँ धर्म ?, स्वधर्म, राष्ट्रियता, जात-जाति, सर्वोत्कृष्ट व्यक्ति, पशुबलि निषेध गरे कत्ति राम्रो हुन्थ्यो !, चरित्र, सुख र आनन्द, भौतिक शिक्षा र पद-प्रतिष्ठा, सम्पत्तिको सदुपयोग, सन्न्यस्त जीवन, सात्त्विक पूजा, जीवन सँगिनीको भूमिका, फुपू तेज माइ, जीवनमा अध्यात्मको भूमिका, जीवनमा दान र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यागको महत्त्व, स्वाध्याय, ज्ञानीको पहिचान, सादा जीवन सर्वोत्कृष्ट विचार, ज्ञानको चमत्कार, आजको पुस्तालाई सन्देश, ज्ञानीको विश्व र गौतम बुद्ध, शिक्षा र दीक्षा, वर्तमान जीवनचया, स्वाध्याय परिवार, जन्म के हो ? मृत्यु के हो ?, वासनाक्षय मनोनाश र तत्त्वसाक्षात्कार, सार्थक मृत्यु, कस्तो शिक्षा चाहिन्छ ?, ज्ञानी कस्तो हुन्छ ?, ज्ञान र त्यसको चमत्कार, समाज राष्ट्र र विश्वलाई सन्देश, सर्वोत्कृष्ट व्यक्ति कस्तो हुन्छ ?, शान्ति नै शान्ति आनन्द नै आनन्द, केही बाँकी छ ?, विभूषणद्वारा विभूषित र कृतज्ञताज्ञापन शीर्षकमा केन्द्रित भएर प्रत्येक शीर्षकका एक वा एकभन्दा अधिक प्रश्न सोधी जम्मा प्रश्नसङ्ख्या २१८ पुऱ्याइएको छ ।

प्रा. शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व, कृतित्व, चिन्तन, अभिरुचि र योगदानका विविध पक्षलाई अनेक थरी प्रश्नका माध्यमबाट थुतेर सार्वजनिक गर्ने काम यसमा भएको छ । संस्कृत वाङ्मयका खजाना मानिने वैदिक पौराणिक ग्रन्थ, रामायण, महाभारत तथा विभिन्न उपनिषद्का साथै अङ्ग्रेजी, नेपाली र हिन्दी भाषा तथा साहित्यको अध्ययन गरेका विद्वान् प्राध्यापक शिवगोपाल रिसालको समष्टि व्यक्तित्वको परिचय यस पुस्तकको अध्ययनबाट मिल्दछ ।

प्रश्नोत्तरात्मक शैलीमा तयार पारिएको यस कृतिमा आफ्नै ढङ्गको प्रस्तुति छ । गुरुको ज्ञान, चरित्र, चिन्तन, आस्था, त्याग, तपस्या, महत्ता र समष्टि उँचाइ चेलाको आचारव्यवहार तथा कार्य कौशलबाट प्रकट हुने कुरा विज्ञहरू बताउँछन् । यसरी नै उत्तरको गुणात्मकता, सार, गहनता र विषयगत सूक्ष्मतामा प्रश्नको स्तरले काम गर्ने कुरा पनि पारखीहरू बताउँछन् । यस पुस्तकको गुणवत्ता प्राध्यापक रिसालका अनुभव, परिपक्वता, गम्भीर अध्ययन, अनवरत साधना र पाण्डित्यपूर्ण विचारका कारणबाट जति अकासिएको छ त्यति नै डा.टण्डनका ओजस्वी, विषयगत परख र बोध, समान मार्गको यात्रा गर्दा लागेका ठेसको अनुभव र नीरक्षीरविवेकमा आधृत प्रश्नले अग्लिएको छ । धेरै ठूला अध्येता, साधक, अनुभवी, यात्री, ज्ञानी, चिन्तक, साहित्यकार, योगी, व्यावहारिक जीवनका सुदूर क्षेत्रदेखि केन्द्रीय मेरुदण्डसम्मको अनन्त यात्रा गर्नेहरू लेख्न, बोल्न, अनुभव सुनाउन, अर्जित ज्ञान सिकाउन र असली कुरा यही हो भन्ने निष्कर्ष दिन डराउँछन् । भगवान् रामका बारेमा लेखिएका अनेकौं रचना देखिन्छन् तर स्वयं रामले लेखेको एउटा रचना पनि पाइँदैन । रामले लेख्नु पर्ने कुरा चरित्र र व्यवहारबाट देखाए, बोल्नु पर्ने कुरा क्रियाकलापबाट देखाए । उनी बोलीबाट नभएर कामबाट र शब्दबाट नभएर अर्थबाट प्रकट भए । त्यसैले उनले लेख्नु पर्ने आवश्यकता नै अनुभव गरेनन् । देवी सीतालाई उनी कति माया गर्दथे भन्ने कुरा अश्वमेध यज्ञ गर्दा उनले आफूसित राखेको सीताको निर्जीव स्वर्णमूर्तिले बताउँछ भने उनले किन मुख खोलिरहनु पऱ्यो ? नबोलेर, नलेखेर, उपदेश नदिएर चरित्रबाट बोल्नेहरूमा भगवान् शङ्कर, भगवान् कृष्ण, राजा बलि, भक्त ध्रुव, भगवान् बुद्ध, भगवान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महावीर लगायतका अनेकौं पात्र पर्दछन् । गौतम बुद्ध वेदना, पीडा, गहन अनुभूति र गम्भीर विचार व्यक्त गर्न भाषा चाहिँदैन भन्दछन् । यसरी बुझ्ने हो भने आज भाषाका लागि हुने झगडा अनर्गल प्रलापका लागि गरिने झगडा हो । यो मान्यता समीक्ष्य पुस्तकमा घटाउने हो भने प्रश्नकर्ता र उत्तरदाता दुवैले कुराको थालनी विचारको उठानबाट गरेर सोध्न र जवाफ दिन बन्द गरेको अवस्था देखिन्छ किनभने जे जति र जे जस्ता प्रश्नको प्रस्तुति र उत्तरको प्रवाह यसमा भएको छ त्यसले विचार र व्याख्याको विस्तार खोज्ने हो भने मानसरोवरदेखि बङ्गालको खाडीसम्मको यात्रा गर्ने ब्रह्मपुत्र नदीको रूप धारण गर्न सक्तछ । त्यस्तो व्यास धान्न सक्ने सामर्थ्य सामान्य शक्तिबाट प्राप्त हुँदैन । यो कुरा बुझेर विचारको खोलो फर्काई दुवै जनाले गतिशील प्रवाहको भेलबाट जोगिने काम गरेका छन् । ज्ञानका कुरा, दानका कुरा, भानका कुरा, मानका कुरा, सानका कुरा, निदानका कुरा, प्रमाणका कुराको साँच्चिकै भेउ खोज्ने हो भने सजिलैसित भित्ता भेटाउन गारो पर्दछ । *जाना तो यह जाना कि नजाना कुछ* अर्थात् लामो समयसम्म लगातार पर्याप्त पढेगुनेपछि थाहा त पाएँ तर के थाहा पाएँ भने म केही जान्दो रहेनछु भन्ने उक्ति चरितार्थ गर्दै ज्यादै गहन विषय र विचारका कुरा पस्केर यो पुस्तक पाठकका हातमा थमाई भन्न खोजिएका कुरा बुझ्नका लागि मनोयोग लगाएर चिन्तन गर्नु पर्ने गरी प्रश्नकर्ता र उत्तरदाता दुवै जना नेपथ्यमा प्रवेश गरेका छन् । लेखक डा.गोविन्द टण्डन भए पनि यस पुस्तकमा प्रा. शिवगोपाल रिसालको हिस्सेदारी उत्तिकै हक लाग्दो देखिन्छ ।

यस कृतिको भूमिकामा डा. स्वामी प्रपन्नाचार्य के भन्दछन् भने यो पुस्तक विज्ञ, जिज्ञासु पाठकवृन्दका लागि पठनीय मननीय छ । यसमा निदिध्यासनका सामग्री पर्याप्त मात्रामा छन् । सूक्ष्मेक्षिकाको गोडिमेली गरेर हेर्दा यसमा नपाइने कुनै पदार्थ छैन । मात्र हृद्सम्पत्तिमा समादिषट्क सम्पत्तिका साधना र लगनशीलताको आवश्यकता भने अवश्य चाहिन्छ र हुनैपर्छ (टण्डन, २०६७ : शुभकामना, पृष्ठ-२) ।

यस कृतिका प्रश्नकर्ता र रचनाकार डा. गोविन्द टण्डन गरेको परिश्रम सार्थक बनेको अनुभूति व्यक्त गर्दै के भन्दछन् भने यस पुस्तकभित्र के के कुरा छन् भनेर कसैले सोध्यो भने मनुष्यको जीवन असल र सर्वोत्कृष्ट बनाउन चाहिने सबै गाँठी कुरा छन् भनेमा फरक पर्दैन । ईश्वरको कृपाबाट प्राप्त हुने ज्ञानको भण्डार यसमा छ । मनुष्यले बिर्सन नहुने तर बिर्सँदै गएका धेरै कुरा यसमा छन् । यहाँ वेदान्तको सार छ, भक्तिको पराकाष्ठा छ, उपासनाको गूढ रहस्य छ, कर्मको सारतत्त्व छ, संसारमा रहेर पनि सांसारिक नबन्ने सूत्रहरू छन् । आदरणीय प्राध्यापक शिवगोपाल रिसाललाई कतिले प्राध्यापक, कतिले नातेदार, कतिले इष्टमित्र, कतिले साथीभाइ, कतिले सांसारिक सामान्य व्यक्तिका रूपमा चिनेका होलान् तर यी सबै घेराभन्दा परको उहाँमा रहेको धार्मिक, आध्यात्मिक र वैचारिक महत्ता, सादा जीवन, उच्च विचार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महात्माको जीवनशैली, प्रखर व्याख्यानसामर्थ्य र अपार ज्ञानका बारेमा थाहा पाउने व्यक्ति थोरै छन् । उहाँको वर्तमान जीवनचरित्र हेर्दा गृहस्थ साधु, सन्त वा महात्मा जे भने पनि फरक नपर्ने देखिन्छ । उहाँका चिन्तन, वाणी र आचरण विपरीत छैनन् । यस्तो पाइनु नै साधुता र सज्जनताको लक्षण हो (टण्डन, २०६७ : मेरो भन्नु, पृष्ठ-५) ।

गहन प्रश्नको सटीक उत्तर दिन सक्ने क्षमताका स्रोतको सङ्केत प्रस्तुत गर्दै यस कृतिको सन्देशका प्रवक्ता प्रा. शिवगोपाल रिसाल भूमिकामा के लेख्दछन् भने कुसङ्गतमा पर्दै परिएन । परमात्माका कृपाले एकपछि अर्को गरी सत्सङ्ग छुट्दै छुटेन । धेरै प्रारब्ध बाँकी पुरुषार्थले साथ दियो । पेसा पनि अध्ययन अध्यापन गर्ने रोजियो । आध्यात्मिक लेख, निबन्ध, कविता, काव्य आदिको लेखन एवं प्रकाशनले पनि आध्यात्मिक क्षेत्रमा प्रबोधन र परिमार्जन गराउँदो रहेछ । त्यसबाट शक्तिशाली ऊर्जा र असामान्य प्रेरणा प्राप्त हुँदो रहेछ । गृहस्थ र सन्न्यासी महात्माहरूको विशेष शुभाशीर्वाद र सत्सङ्ग बालककालदेखि नै पाइयो । आजसम्म पनि यसले निरन्तरता पाइरहेकै छ (टण्डन, २०६७ : यो मेरो होइन, पृष्ठ-३) ।

गरिबी, अभाव, सङ्घर्ष, अत्यधिक परिश्रम जस्ता कुरा जसका लागि पनि अप्ठेरा हुन्छन् तर सुनलाई चमक दिन आगोको राप आवश्यक भए जस्तै व्यक्तिलाई व्यक्तित्वमा परिणत गर्न गारो लाग्ने तिनै कुरा सहयोगी तत्त्व बन्दछन् । सुनको कचौरामा राखिएको पुरीको जाली र दुधको तर जबर्जस्ती ख्वाएर ज्यादै लोलोपोतोमा हुर्काइएका सन्तति उँभो लागेका घटना विरलै सुन्न पाइन्छ । असली व्यक्तित्व बन्नका लागि बारम्बार ठेस र अनवरत काँडा बिजाइको अनुभव बटुल्दै अविश्रान्त अघि बढेर गन्तव्य भेटाउने प्रयत्न आवश्यक सर्त मानिन्छ । आज जताततै मञ्चका उच्च वा व्यासासनमा असङ्ख्य श्रोता र दर्शकका आँखाअगाडि देखिने असाधारण व्याख्याता प्रा. शिवगोपाल रिसालको व्यक्तित्वले यिनै अनुभव र यस्तै यात्राको परिणतिबाट चर्चा र अग्लाइ पाएको हो । अध्ययन यात्राका प्रारम्भिक दिनका अनुभूति सुनाउँदै प्रा. रिसाल के भन्दछन् भने ललितपुर सैंबू भैंसेपाटीको घरबाट मङ्गलबजार नागबहाल र पाटन हाइस्कुलमा पढ्न आउँदा जाँदा हिँडेर आउनुबाहेक अरू विकल्प थिएन । बाटामा नख्खु खोलो तर्नुपर्थ्यो । पुल थिएन, आजसम्म पनि छैन । खोलो तर्दा सुरुवाल फुकाली काँधमा हाली, पुस्तकको झोला टाउकामा बाँधी हातले जुत्ता समातेर चिप्लो माटो, चिप्ला ढुङ्गा र पानीको धार पार गर्नुपर्दा अत्यन्त कष्टको अनुभव हुन्थ्यो । खेतको बाटो, वर्षाको समय कति पटक चिप्लेर लडेको हुनाले लुगाहरू हिलाम्मे भएपछि रुँदै घर फर्केको सम्झना छ । दिनभरि पढ्यो । घरमा गएर चार बजे मकै भटमास खाजा खाँदा असाध्य खुसी लाग्थ्यो । दिनको दुई पटक खोला तरेर पढ्न आउन जान पर्ने । एक घण्टा आउन र त्यत्ति नै समय जान लाग्थ्यो । चाहिने जति पुस्तक, कापी, कलम पनि समयमा जुटाउन असाध्य गारो थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाइले पढेको पुस्तक भाइलाई, भाइले बहिनीलाई पुऱ्याउनु पर्थ्यो । कति ठाउँमा टालटुल पारेर पढ्नुपर्थ्यो । नजानेका र नबुझिएका कुरा नजानिकनै बित्दथे । ट्युसन पढ्न सक्ने आर्थिक अवस्था थिएन । टुकीको उज्यालोमा पढ्नुपर्थ्यो । बाटोघाटो, पानी, बत्ती आदि कारणले सैंबू दुर्गम गाउँजस्तो थियो ।

यति दुःखसँग पढ्दा पनि हामी माथिल्लै तहका लाउने-खानेमा गनिन्थ्यौं भने गाउँको आर्थिक स्थिति कस्तो थियो होला अन्दाज गर्न सकिन्छ (टण्डन, २०६७ : ७, ८, १४ र १५) ।

कुनै पनि व्यक्ति अनुकूल पारिवारिक परिवेश, आमाबाबुका गतिला सोच, चरित्र र गतिविधि, राम्रो सङ्गत, योग्य मित्र, बाहिरी अनुकूल वातावरण, उपयुक्त अवसर, आनुवंशिक संस्कार, स्वस्थ समाज, असल गुरु, उत्साहप्रद अभिप्रेरणा र अनवरत साधनाका योगबाट जीवनमा सफलता पाउँछ । यस दृष्टिबाट हेर्दा प्रा. रिसाल आफूले पाएको पृष्ठभूमि राम्रो रहेको निष्कर्ष निकाल्दै के भन्दछन् भने पहिलो प्रेरणा त पितामहबाट, अनि पिताबाट, त्यसपछि अवधूत महात्मा श्रीगोविन्दानन्दबाट अनि दाजुका ससुरा केशवराज पौडेलबाट, त्यसपछि आदरणीय गुरु श्रोत्रिय ब्रह्मनिष्ठ डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूबाट, अनि परमपूजनीय गुरुदेव जीवन्मुक्त अवधूत महात्मा श्रीमस्तराम बाबाबाट, त्यसपछि श्रोत्रिय ब्रह्मनिष्ठ योगीराज श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती (खप्तड बाबा) बाट । त्यस्तै गृहस्थ महात्मा पं. प्रा. बदरीनाथ भट्टराईबाट । घरमा त आध्यात्मिक, धार्मिक वातावरण सदाकाल थियो र छ नै । जीवनलाई असल बनाउनका लागि घरमा संस्कार नितान्त आवश्यक हुन्छ । यसमा विकल्प छैन । अध्यात्म, दया, त्याग, तपस्या आदि आफ्नै घरबाट सुरु हुनुपर्छ । मेरा घरमा धार्मिक आध्यात्मिक वातावरण अत्यन्त अनुकूल भएकै हुनाले र आफ्नो पूर्वजन्मको तपस्याकै फलले होला ममा यो संस्कारको प्रादुर्भाव भयो । संस्कार, वातावरण, प्रेरणा आदिले साकार रूप लिएपछि मात्र कुनै एक व्यक्तिमा धार्मिक आध्यात्मिक धारणा र विश्वासले मूर्तरूप लिने मौका पाउँछ । यस्तो संस्कार भएन भने हामीले र हाम्रा धर्म एवं अध्यात्ममूलक शास्त्रले उल्लेख गरेझैं असल जीवन बनाउन सकिन्न । यो कुरा पूर्ण मात्रामा सत्य हो । व्यक्तिको जीवनले पूर्ण मात्रामा अपेक्षा गरिए झैं प्रतिफल पाउन परिवारको ठुलो भूमिका रहन्छ (टण्डन, २०६७ : ४) ।

आमाबाबु, गुरु र मान्य जनबाट प्रेरणा लिएर जीवनको बाटोमा निरन्तर हिंड्नेहरूले सफलता प्राप्त गर्नु सामान्य कुरा हो तर त्यस्तो सफलता पाएपछि कसैले पनि आमाबाबु, गुरु र मान्य जनप्रतिको कृतज्ञताबाट पन्छन खोज्नु भने हुंदैन । प्रा. रिसाल मुकाम भेटाउनै लागेको आफ्नो जीवनको यात्राका सुरुको उकालोको चौतारी सम्झँदै के भन्दछन् भने आमा-बुवालाई देवता सरह नै मानें । देवताकै दृष्टिकोणले, गुरुका दृष्टिकोणले, आदरणीय, माननीय,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजनीय, प्रातः स्मरणीय महान् आत्माका दृष्टिकोणले हेरें । तिनको शरीर अहिले छैन तापनि उहाँहरूप्रतिको श्रद्धामा कमी आएको छैन । आज म जहाँ छु, जे छु त्यो सारा मेरा पूज्यपाद बाबा-आमाकै योगदान हो, आशीर्वाद हो, कृपाप्रसाद हो । आमा-बाबा मलाई असाध्यै माया गर्नुहुन्थ्यो (टण्डन, २०६७ : १७) ।

मनुष्य ईश्वरको अंश हो । प्रयास गरेमा मान्छे ईश्वरका सन्निकट पुग्न सक्तछ । असम्भव लागे पनि ईश्वरको दर्शन मनुष्यका लागि सम्भव छ । प्रा. रिसालका अनुसार ईश्वर सजिलो वस्तु पनि होइन । ईश्वरलाई टाढा, असजिलो, असम्भव, मान्नु पनि हुँदैन । सडकमा हात थापेर माग्नेका लागि लाख रुपैयाँ कमाउन असाध्य गारो छ तर टाटा, बिडला, रकफेलर, बिलग्रेट आदिलाई यो काम बायाँ हातको खेल हो । त्यस्तै साधक, तपस्वी, त्यागी, धर्मपरायण, वेदादि शास्त्रका मान्यताको अक्षरशः पालन गरी रातदिन नित्यनिरन्तर लाग्नेले ईश्वरसित साक्षात्कार गर्दछन् । तुलसीदास, सुरदास, मीराले ईश्वरको दर्शन पाएका कथा हामीले पढेका छौं । रामकृष्ण परमहंस त रातदिन काली मातासँग कुराकानी गर्दथे । ईश्वर, भगवान्, भगवती आफ्ना भएपछि त्यही रूपमा परिणत हुन कत्ति गारो छैन (टण्डन, २०६७ : ३१) ।

अद्वैत वेदान्त र जीवन व्यवहारका बीच सन्तुलन वा तालमेल मिलाउन सकिने कुरा प्रा. रिसाल बताउँछन् । उनका विचारमा व्यवहार शरीर, इन्द्रिय, मनले गर्ने कुरा हो । प्रारब्ध, संस्कार तथा वर्णाश्रमानुसार स्वाभाविक रूपमा व्यवहार गर्नै पर्दछ । व्यवहार चल्ने चलाउने भनेको त मायावी परमेश्वरको इच्छामा भर पर्ने कुरा हो । उनको इच्छा नभए पात पनि हल्लँदैन । शरीरलाई शरीर, मनलाई मन र इन्द्रियलाई इन्द्रिय नै रहन दिएर जीवलाई मात्र शिव बनाउने प्रयत्न गर्ने हो भने अद्वैत र जीवन व्यवहार घनिष्ट मित्र बन्दछन् । उदाहरणका लागि चालकले बस हाँक्दा गीत गाएको, मोबाइलमा कुरा गरेको, साथमा बसेका व्यक्तिसित कुरा गरेको, क्यासेटमा बजेको गीत सुनेर आनन्द लिएको, बसलाई नियन्त्रणमा राखी यात्रीलाई सकुशल गन्तव्यमा पुऱ्याएको त सबैले देखेकै कुरा हो । व्यवहार भनेको गन्तव्यमा पुग्नु र व्यवहार भनेको गीत गाउनु, मोबाइलमा कुरा गर्नु, साथमा बसेका व्यक्तिसित कुरा गर्नु, क्यासेटमा बजेको गीत सुन्नु र नियन्त्रणमा राखेर बस हाक्नु जस्तै हो भने अद्वैत को ज्ञान भनेको बस, यात्री र आफूलाई चालकले गन्तव्यमा पुऱ्याउनु जस्तै हो । गहिरिएर बुझ्ने हो भने अद्वैत वेदान्तले व्यवहारलाई बिथोल्ने नभएर असली गन्तव्यतिर डोऱ्याउने काम गरेको कुरा थाहा हुन्छ । यसले व्यवहारबाट विमुख गराएर जोगी नै बनाउँछ भन्ने कुरा सत्य होइन । यसले त व्यवहारलाई ज्ञानोन्मुख तुल्याउँछ र व्यक्तिलाई शक्तिमा परिणत गर्दछ (टण्डन, २०६७ : ५५) ।

सगुण साकार, सगुण निराकार र निर्गुण निराकार गरी ईश्वरका तिन वटा भेद भएको कुरा अद्वैत वेदान्तले बताउने कुराको उदाहरण जमेको पानी हिउँ बने जस्तै सगुण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साकार अवस्था, हिउँ पग्लेर पानी बनेको सगुण निराकार अवस्था र तताएको पानी बाफ बनेर उडी स्वरूपमा नदेखिएको निराकार अवस्थाबाट दिन सकिने कुरा प्रा. रिसाल बताउँछन् । ब्रह्मज्ञानीहरू ईश्वरका उपर्युक्त तिन वटै रूपको दर्शन प्राप्त गर्दछन् । त्यस्ता व्यक्तिहरू अकर्ता भएर काम गर्दछन्, अभोक्ता भएर भोग गर्दछन्, अगन्ता भएर यात्रा गर्दछन् र गुणातीत भएर विधि र निषेधको तहभन्दा पर पुग्दछन् । बाहिरी दुनियाँतिर दौड्नेहरूका दृष्टिमा भोगी र विलासी देखिने भगवान् कृष्ण यथार्थमा आबाल ब्रह्मचारी थिए । त्यसै गरी भिक्षा माग्दै हिंड्ने र भन्नासाथ भिक्षा नदिएमा श्राप दिने रिसालु भनिएका दुर्वासा ऋषि यथार्थमा निराहार बस्ने महान् साधक थिए । यस्तो वास्तविकता तबमात्र जानिन्छ जब संसारी पर्दा, भ्रमको बिर्को, अज्ञानको कालो बादल खुल्दछ । ज्ञानका गहिराइमा डुबेर लामो साधना गरेपछि मात्र भ्रमका सारा पर्दा खुल्दछन् र वर्षा कालपछि देखिने सफा आकाश जस्तै यथार्थ स्थितिको बोध हुन्छ । त्यस्तो ज्ञान ब्रह्मविद्या वा विद्याबाट प्राप्त हुन्छ । यस्तो साधनाका लागि भावना र मनोयोग भए पुग्छ । यसका लागि धूप, बत्ती, फूल, अक्षता, नैवेद्य, दक्षिणा, भेटी, विधिवत् गरिने कर्मकाण्ड र शुभमुहूर्त जस्ता कुरा चाहिंदैनन् । यो काम कुनै धर्म, जाति, वर्ग, क्षेत्र, कुल, गोत्र, व्यक्ति, परिवार आदिको पेवा हुँदैन । सबैका लागि यो खुला छ । यसमा निषेध हुँदैन तर आधारभूत अनुशासन र योगयता भने चाहिन्छ । यो कुरा नबुझेर मनुष्यहरू ईश्वरप्राप्ति र उनको प्रसन्नताका लागि बाख्राका पाठालाई मन्दिरमा लगेर रेट्दछन्, चिचिला परेवा, कुखुरा, राँगा मार्दछन् । त्यस्तो आपत्तिजनक कार्य गर्ने हात चोखो पार्ने जल आजसम्म कुनै पनि गङ्गा, जमुना, सरस्वती, काबेरी, कोसी, गण्डकी, कर्णाली वा अन्य जलाशयमा बगेको छैन र बग्ने पनि छैन भन्ने कुरा प्रा. रिसाल सुनाउँछन् (टण्डन, २०६७ : ७१) ।

डा. टण्डनको सच्चिदानन्द, शान्ति र मुक्तिका उपाय सम्बन्धी प्रश्नको उत्तर दिंदै प्रा. रिसाल के भन्दछन् भने यी सबै उपलब्धि हासिल गर्न सक्ने प्राणी मनुष्य नै हो । चेतना, बुद्धि र विवेक हुने भएकोले अन्य प्राणीभन्दा मान्छे फरक देखिन्छ । यिनै विशेषताको सदुपयोग गरी कल्याण मार्गमा लाग्न सके मनुष्य सच्चिदानन्दस्वरूप हुन सक्तछ । जहाँ जड भौतिकवादी वा संसारी तत्त्वबाट विमुख भएर सच्चिदानन्दस्वरूप परमात्मामा विलीन बन्न सक्यो त्यहीं मोक्ष र अखण्ड आनन्द प्राप्त हुन्छ । त्यस अवस्थामा पुगेपछि दुःख, कष्ट, मृत्यु, भोक, तिर्खा, अभाव, गरिबी, तृष्णा, लोभ, ईर्ष्या, डाह जस्ता सबै जन्जाल स्वतः समाप्त हुन्छन् र मुक्ति मिल्दछ । त्यस्तो मुक्ति पाउन अर्को जुनी कुर्नु पर्दैन । यसै जीवनमा पाइन्छ । धर्तीमै पाइन्छ, । यही धर्ती स्वर्ग बन्दछ । वेदान्तले यही बाटो बताएको छ । संसारमा शान्ति ल्याउन खोज्ने हो भने आफूबाट प्रयासको थालनी गर्नु पर्दछ । त्यसको बाटो पनि माथि भनिएको अखण्ड आनन्द खोज्ने बाटो हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसालका अनुसार ज्ञान र विज्ञानमा भिन्नता छ । शास्त्रको ज्ञान, विषयवस्तुको ज्ञान, सुनेको र सुनाएको ज्ञान, बुझेको र बुझाएको ज्ञानलाई ज्ञान र अनुभवमा ल्याएको, आत्मसात् गरेको, परोक्षलाई अपरोक्ष बनाएको, जीवनमा उतारेको, प्रयोगबाट सिद्ध गरिएको ज्ञानलाई विज्ञान भन्दै असली ज्ञान भनेको आत्मज्ञान नै हो र ब्रह्मविद्या, आत्मविद्या, अध्यात्मविद्या, वेदविद्या, श्रेयविद्या, सर्वोत्कृष्ट विद्या, मधुर विद्या र महत्तम विद्या भनेको पनि त्यही हो । प्रत्यक्ष जगत्मा विज्ञानले जतिसुकै चमत्कार देखाए पनि उपर्युक्त विभिन्न प्रकारका विद्या भनिने विद्या अर्थात् ज्ञानका तुलनामा विज्ञान पछाडि नै रहेको पाइन्छ (टण्डन, २०६७ : ७६-७७) ।

अद्वैत वेदान्तलाई प्रा. रिसाल नाङ्गो दर्शन भन्दछन् । यिनका विचारमा कुनै पनि आवरणले नछेकिएको, आफू वा ब्रह्ममात्र भएको र जगत्रूप अनेक थरी प्रपञ्च नभएको हुनाले यसलाई नाङ्गो भनिएको हो । खुकुरीको असली रूप दापभित्र नरहेर आवरणविहीन स्थितिमा देखिनु भए जस्तै वेदान्त दर्शन ढाकछोपविहीन सिद्धान्त भएकोले यसलाई नाङ्गो दर्शन भनिएको हो (टण्डन, २०६७ : ८३) ।

व्यक्तिमा रहेको ज्ञान, विद्या, सिप, शक्ति, महत्ता, वैशिष्ट्य जस्ता सत् पक्ष जाँच्ने प्रमुख आधार चरित्र नै हो । ज्ञान, ध्यान, त्याग, तपस्या, अध्ययन, अनुसन्धान, अनुभव, विचार, व्याख्याविश्लेषण, प्रतिभा, पद, प्रतिष्ठा जस्ता कुरामा उच्च मानिने व्यक्ति आचार व्यवहारमा कमजोर भएमा सम्पूर्ण हिराबबाट कमजोर ठहरिन्छ । चरित्र नै समाप्त भयो भने गुणवत्ताको मापन गर्ने ढकले व्यक्तिको उचाइ शून्यमा झरेको देखाउँछ । सर्वोत्कृट मानिने व्यक्ति गुण, आचारविचार तथा आहारविहार सबै कुरामा सर्वोत्कृष्ट हुनु पर्दछ भन्दै चरित्रको महत्त्व सधैं सर्वोपरि रहेको कुरामा प्रा. रिसाल जोड दिन्छन् (टण्डन, २०६७ : ९६) ।

साधु, सन्त, महात्माको परिचय दिने क्रममा प्रा. रिसाल के भन्दछन् भने सात्विक गुणले युक्त, भगवान्का परम भक्त, सदाचारी, आदर्श र अनुकरणीय आचारविचार तथा आहारविहार भएका व्यक्ति नै साधु, सन्त, महात्मा हुन् । त्यस्ता व्यक्ति जुनसुकै आश्रम, वर्ण, उमेर, लिङ्ग, समाज, समुदाय, धर्म, सम्प्रदाय, व्यवसायमा पनि हुन सक्तछन् । साधु, सन्त, महात्मा बन्नका लागि गेरुवा वस्त्र धारण गर्नै पर्ने र त्यस्तो वस्त्र धारण गर्दैमा साधु, सन्त, महात्मा भइने कुरा सत्य होइन । यद्यपि वस्त्रका आधारमा पनि सतही रूपबाट साधु, सन्त, महात्माको परिचय प्राप्त हुन सक्तछ । गृहस्थ पनि महात्मा हुन्छन् । वाल्मीकि, वसिष्ठ लगायतका अनेकौं ऋषिहरू गृहस्थ थिए । टीका, डामिएको र खरानी घसेको शरीर, चिरिएका कान, गृहत्याग, कमण्डलु र त्रिशूल धारण जस्ता कुराबाट मात्र साधु, सन्त, महात्माको पहिचान हुन सक्तैन । ज्ञानसित लुगा, घर, पेसा, जातको सम्बन्ध हुँदैन (टण्डन, २०६७ : ९७-९८) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान शिक्षा पद्धतिको समीक्षा गर्नका साथै शिक्षासेवाबाट आर्जन गरेको लामो अनुभव सारांशमा बताउँदै प्रा. रिसालको के भन्दछन् भने भौतिक शिक्षाले सुख दिन सक्तैन । प्रारम्भदेखि नै चारित्रिक समुत्थान हुने, ईश्वरमा आस्था जगाउने, नैतिक मूल्य र मान्यतालाई प्रोत्साहन दिने, धर्ममा निष्ठा उत्पन्न गराउने, राम, कृष्ण, बुद्ध आदि महापुरुषका जीवनी र चरित्रको आध्यात्मिक रूपले व्याख्या गर्ने खालको पाठ्यक्रम बनाइनु पर्दछ । सबै तहमा त्यस्तो किसिमको ज्ञान दिने शिक्षक नैतिक, धार्मिक, आध्यात्मिक, दार्शनिक, चिन्तक र अनुभवी हुनु पर्दछ । जीवनमा आध्यात्मिक र आन्तरिक सुख दिने दिलाउने शिक्षाको व्यवस्था गर्ने हो भने आध्यात्मिक र जीवनोपयोगी पुस्तक पढ्ने पढाउने गर्नुको विकल्प छैन । आजको जड भौतिकवादी शिक्षाले आध्यात्मिक ज्ञान दिन सक्तैन र शाश्वत शान्ति पनि दिन सक्तैन । यस्तो पाठ्यक्रम तल्लो तहदेखि नै निर्दिष्ट हुनु पर्दछ । नैतिक, चरित्रवान्, धार्मिक, दार्शनिक, अनुभवी, श्रद्धेय व्यक्तिबाट लेखिएका र सम्पादन गरिएका नैतिक, धार्मिक, चारित्रिक समुत्थान गर्ने खालका कविता, जीवनी, कथा, निबन्ध, नाटक आदि विविध विधाका सामग्री रोचक ढङ्गले प्रस्तुत गरेका सचित्र पुस्तकहरू प्रकाशित गर्नु पर्दछ । जो पायो त्यस व्यक्तिले लेखेका पुस्तक जसले पायो त्यसले पढाएर विद्यार्थीलाई नैतिक र चारित्रिक दृष्टिले शक्तिशाली बनाउन सकिँदैन । त्यसैले पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक र वातावरण आदिको उपयुक्त व्यवस्था भएमा मात्र नैतिक बल भएका र चारित्रिक उज्ज्वल छविले सम्पन्न जनशक्ति तयार गर्न सकिन्छ । परिवार, समाज र राष्ट्रको कल्याण त्यस्तै योग्य जनशक्तिबाट सम्भव हुन्छ । आज सबैको कल्याण गर्ने शिक्षाको आवश्यकता छ । विध्वंसकारी विज्ञानबाट पनि मान्छे वाक्क भइसकेको छ । कुशिक्षाकै परिणामबाट आज जताततै रक्तपात, विध्वंस, आतङ्क, बलात्कार, डकैती, मारकाट, बम विस्फोट, अपहरण, हत्या, हिंसाका घटना दिनका दिनमात्र नभएर छिनका छिन सुनिन र देखिन थालेका छन् । त्यसैले अबका शिक्षाविद्हरूले नैतिक, चारित्रिक र आध्यात्मिक शिक्षाको पनि व्यवस्था गर्नु जरुरी छ (टण्डन, २०६७ : ९८-१००) ।

सन्न्यासी बन्नका लागि घर छोड्नु पर्ने, पारिवारिक नाता वा सम्बन्ध तोड्नु पर्ने, गेरुवा लुगाको जोहो गर्नु पर्ने, भिक्षाटन गरेर गुजारा चलाउनु पर्ने कुरा आवश्यक सर्त होइनन् भन्ने धारणा व्यक्त गर्दै प्रा. रिसाल के भन्दछन् भने घरमा नै बसेर सन्न्यस्त जीवन आनन्दसँग, आरामसँग बिताउन सकिने कुराको अनुभव आफैले गरिएको छ । आफूले पनि भावनाबाट सन्न्यासी जीवन बिताइएको छ । घरमै बसे पनि सांसारिक मायामोह र जन्जालमा नटाँसिएर अनासक्त भई नबस्ने भएर बस्ने, नखाने भएर खाने, नगर्ने बनेर गर्ने र अकर्ता बन्ने हो भने सन्न्यस्त जीवन बिताउन सकिन्छ । देहत अर्थात् मनबाट र गेहत अर्थात् गृहत्यागबाट हुने दुई प्रकारका सन्न्यासमा गृहस्थले लिन सक्ने र उच्च तहको मानिने सन्न्यास देहत हो । गेहत सन्न्यास लिनेहरूले घर छाडे पनि सुविधायुक्त आश्रम जोड्ने, पत्नी र छोराछोरी छाडे पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेलाचेली जोड्ने र सांसारिक बन्धनमा झनै जेलिने काम गरेकाले त्यस्तो सन्न्यास सार्थक बन्न सकेको अवस्था कमै मात्र देखिन्छ । त्यसैले गेहतभन्दा देहत सन्न्यासलाई उत्तम मान्ने गरिन्छ । अध्यात्म साधनाका लागि सन्न्यास लिनु पर्ने हो तर यो काम गृहस्थ जीवनमा रहेर पनि गर्न सकिन्छ । वसिष्ठ, विश्वामित्र, याज्ञवल्क्य, भारद्वाज, वाल्मीकि, वेदव्यास, पराशर आदि ऋषिहरूले गृहस्थ जीवनमा रहेरै ब्रह्मसाक्षात्कार गरेका हुन् । चलाउन जान्यो भने गृहस्थलाई आध्यात्मिक साधनामा बाधा पुग्दैन र जानेन भने सन्न्यासीलाई पनि संसारले अल्मल्याई दिन्छ । अनासक्त कर्मयोग गर्न सकिएमा गृहस्थ जीवनले अध्यात्म साधनालाई सहयोग गर्दछ । गृहस्थमा बसेर खेतीपाती, बन्दव्यापार, उद्योगधन्दा, जागिर, सेवा, राजनीति आदि जे गरे पनि भित्री मनमा श्रद्धा, भक्ति, विश्वासका साथ परब्रह्म परमात्मालाई विराजमान गर्न सकियो भने घर भगवान्को मन्दिर बन्दछ र गरिएका घरायसी र व्यावसायिक काम परमात्माका पूजा बन्दछन् । यसरी गृहस्थ जीवनलाई अध्यात्मका लागि उपयोगी र सहयोगी बनाउन सकिन्छ । त्यस्ता गृहस्थ वन्दनीय, आदरणीय र अनुकरणीय हुन्छन् । तिनको जीवन धन्य बन्दछ । ती बाँचेको धरती पवित्र हुन्छ । असल पति, असल पत्नी, असल पुत्र, असल बुहारी, असल नागरिक, असल मन्त्री, असल सचिव, असल न्यायाधीश, असल प्रहरी, असल व्यापारी, असल उद्योगपति बन्नका लागि असल भगवद्भक्त र असल अध्यात्म साधक बन्नु पर्दछ । वेदान्त दर्शनले दिन खोजेको सारभूत सन्देश यही हो (टण्डन, २०६७ : ११२-११३) ।

सच्चा साधु, सन्त, महात्मा शुद्धात्मा विमलात्मा हुन्छन् र तिनले अध्यात्म साधनाबाट आफ्नो र समाजसेवाबाट लोकको कल्याण गर्दछन् भन्दै सदा आदरणीय त्यस्ता व्यक्तिका त्याग, तपस्या, परोपकार, ध्यान, ज्ञान, अनवरत साधना आदि व्यवहारबाट सिकेर जीवन धन्य बनाउन सक्नु पर्दछ भन्ने कुरामा प्रा. रिसाल जोड दिन्छन् । यस क्रममा यिनी के पनि भन्दछन् भने सन्न्यासी, साधु, महात्मा दृष्टान्त र अनुकरणीय व्यक्ति हुन् । तिनले तपोमय, त्यागमय, ज्ञानमय जीवन बिताएर धरतीमा आदर्श चरित्रको संस्थापन गरेका हुन्छन् । समाजको समुत्थानका लागि पाठशाला, गौशाला, धर्मशाला निर्माण गर्ने काम सन्न्यासीहरूले गरेका छन् । मस्तराम बाबा, देवरिया बाबा, गलेश्वर बाबा, खप्तड बाबा, श्यामचेतन बाबा जस्ता अनेकौं बाबाहरूको नाम यस सन्दर्भमा लिन सकिन्छ (टण्डन, २०६७ : ११४-११५) ।

प्रा. रिसाल सबभन्दा ठूलो विद्या वा ज्ञान आत्मज्ञान भएको कुरा स्पष्ट शब्दमा व्यक्त गर्दछन् । यिनका विचारमा मोक्ष र ब्रह्मज्ञानको तीव्र इच्छा हुने साधक, तपस्वी, मुमुक्षुहरू ब्रह्मा, शनक, शुकदेवले जस्तै एक निमेषको आधा समय पनि ब्रह्मचिन्तन नगरी बिताउँदैनन् । जसरी भए पनि वृत्ति ब्रह्मात्मिका भएमा ब्रह्मज्ञान गर्न गारो हुँदैन । ब्रह्मचिन्तन तथा ब्रह्मज्ञानीको सङ्गत र सेवाबाट ब्रह्मज्ञानको भोक जाग्दछ । यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोक जाग्यो भने विषयरागको रोग हट्दै जान्छ । आत्माकै चिन्तन, आत्माकै कथन, आत्माकै अध्ययन, आत्माकै अध्यापन, आत्माकै अनुसन्धानमा रातदिन लाग्ने प्रेरणा पनि ब्रह्मज्ञानको भोकबाट मिल्दछ (टण्डन, २०६७ : १२०-१२१) ।

ब्रह्मज्ञान पाएका व्यक्ति दुःखमा नआँत्तिने, सुखमा नमात्तिने, राग, भय र क्रोधलाई काबूमा राख्न सक्ने, जगत्लाई साँचो नमान्ने, शरीरलाई आफ्नो नठान्ने, संसारी नाशवान् प्रपञ्चमा नअल्मलिने, व्यवहार गरे पनि अकर्ता बन्ने, भोग गरे पनि अभोक्ता हुने, कसैको प्रशंसा वा निन्दा नगर्ने, कसैले गरेको प्रशंसाबाट प्रसन्न र निन्दाबाट चिन्तित नहुने, आफूलाई आत्मस्वरूप ठान्ने, मानसिक धरातलमा बाँच्ने, ज्ञानको आनन्द उपभोग गरेर जिउने, कर्महरू डढाएर गुणातीत, अवस्थातीत, भावातीत, कल्पनातीत, कोशातीत स्थितिमा रहने सिद्धि प्राप्त गर्दछन् । शुभेच्छा, विचारणा, तनुमानसा र सत्त्वापत्ति पार गरेका व्यक्तिलाई ज्ञानी भनिन्छ । ज्ञानीहरू जीवनन्मुक्तिको सुख प्राप्त गर्दछन् । असंसक्ति, पदार्थाभाविनी र तुर्यगाका भूमिका पार गर्ने ज्ञानीले शरीरमा आगो लागेमा पनि थाहा पाउँदैनन् किनभने शरीरका समस्त अनुभूतिभन्दा धेरै पर ती पुगिसकेका हुन्छन् भन्ने कुरा प्रा. रिसाल ज्ञानीको परिचय दिँदै व्यक्त गर्दछन् (टण्डन, २०६७ : १२२-१२३) ।

डा. टण्डनको ब्रह्मज्ञानको चमत्कारबारेको प्रश्नको जवाफ दिँदै प्रा. रिसाल के कुरा बताउँछन् भने भौतिक ज्ञानमा देखिए जस्तै चमत्कार आध्यात्मिक ज्ञानमा पनि देखिन्छ । त्यसको चमत्कार त झनै अद्भुत हुन्छ । आज मानव जीवनलाई अत्यधिक सरल र सुविधा सम्पन्न बनाउने प्रयासका क्रममा टेलिफोन, टेलिभिजन, कम्प्युटर, बिजुली, घडी, रेडियो, विद्युतीय सामग्री, चिकित्सा पद्धति, शरीरको भित्र र बाहिरका रोगको निदान र उपचार, खगोलको अध्ययन, भूगर्भका खोजीसम्बन्धी जति पनि काम भएका छन् ती सबै मानव बुद्धिले गरेका आश्चर्यजनक कार्य हुन् । आकाशमा उड्ने जहाज, पानीमा तैरने जहाज, जमिनमा गुड्ने सवारीका साधनले संसारमा निकै ठूलो हलचल पैदा गरेका छन् । आज विश्वमा आणविक अस्त्र शस्त्रको रूप त्यत्तिकै डर लाग्दो छ । पृथ्वीलाई सात पटक खरानी पार्न सक्ने बमहरूको आविष्कार भई सकेको कुरा सुनिन्छ । आश्चर्यजनक, कहाली लाग्दा र डर लाग्दा परिणाम भौतिक ज्ञानले देखाई सकेको छ र विश्वलाई मानव मस्तिष्कको खेलौना बनाई सकेको छ । अध्यात्मको ज्ञानबाट ऋषिमुनिहरूले भौतिक ज्ञानले आजसम्म भेउ पाउन नसकेको ब्रह्माण्डको अवस्था निकै समय पहिले पत्ता लगाईसकेका थिए र त्रिकाल अर्थात् अतीत, वर्तमान र भविष्यको बोध गरी सकेका थिए । अणिमा, गरिमा, लघिमा, महिमाजस्ता अष्टसिद्धि र नवनिधि पनि उनीहरूले हासिल गरी सकेका थिए । मनोमय शरीरले विश्वब्रह्माण्डको यात्रा गर्न सक्ने सामर्थ्य उनीहरूमा थियो । त्यति ठूलो उपलब्धि हुँदा पनि उनीहरू चमत्कार देखाउन चाहँदैनथे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने ज्ञानीहरू चमत्कार देखाउने कामलाई बुद्धिमानी ठान्दैनथे । ब्रह्मज्ञानबाट जीव शिव बन्दछ, जन्म र मृत्यु समाप्त हुन्छ, ज्ञानीका एक्काइस कुल तर्दछन् भने अर्को थप चमत्कारको प्रतीक्षा गर्नु पर्ने आवश्यकता नै देखिँदैन । ब्रह्मज्ञानीका लागि जान्नु पर्ने कुरा, पुग्नु पर्ने स्थान, पाउनु पर्ने उपलब्धि केही बाँकी रहँदैन । योभन्दा ठुलो चमत्कार के नै हुन सक्तछ ? यथार्थ कुरा के हो भने बाहिर देखाउने चमत्कारतिर ध्यान नदिने हुनाले ज्ञानीहरू चमत्कारी हुँदैनन् । आजका वैज्ञानिकहरूले जस्तै ब्रह्मज्ञानीहरूले देखाउन सक्ने चमत्कार सर्वसुलभ तुल्याए भने चमत्कारको मूल्य नै नरहन सक्तछ । उनीहरूका अद्‌भुत कार्य आन्तरिक, भावनात्मक, बौद्धिक, नैतिक र चारित्रिक परिवर्तनमा सीमित रही सुदूर भविष्यसम्म प्रभाव पार्ने हुनाले तत्काल बाहिर देखिँदैनन् । अर्को कुरा ब्रह्मज्ञानीले अनुभव गर्ने शान्ति, आनन्द, सन्तोष, सरलता, रागद्वेषरहित कर्तृत्व, भोक्तृत्व, भाव विवर्जित स्थिति र नित्य निरन्तरको प्रसन्नता, आत्यन्तिक सन्तुष्टि र तृप्ति नै असली चमत्कार हुन् । बाहिरबाट हेर्दा रागीजस्तो देखिए पनि ब्रह्मज्ञानी भित्रदेखि नै त्यागी वा विरागी हुन्छ र बाहिरबाट हेर्दा शरीरधारी जस्तो देखिए पनि ऊ शरीरबाट छुट्टी सकेको हुन्छ । यस्तो स्थितिमा सामान्य दृष्टिले उसको चमत्कार कसरी देख्न सक्तछ ? चमत्कार त मिथ्या हो ज्ञानमात्र सत्य हो भन्ने सोच राख्नेले मिथ्यामार्ग अवलम्बन गर्दैन ।

यो प्रश्नोत्तर यस पुस्तकको ज्यादै गम्भीर अंश हो । यसलाई लेखकले सर्वोपरि महत्त्व दिएका छन् । यसकै आधारमा पुस्तकको नाम *ज्ञानको चमत्कार* राखिएको छ । ज्ञानको चमत्कार आँखाबाट नदेखिने, कानबाट नसुनिने, छालाबाट नछामिने, जिब्रोबाट नस्वादिने र नाकबाट नसुँघिने पनि हुन सक्तछ । त्यो त वर्णनातीत पनि हुन्छ । *हुन पनि हो छँदा पनि छ, खोज्दा पाइँदैन पाइँदा चाहिँदैन* भन्ने गाउँ खाने कथाको उक्तिजस्तै हुन्छ ज्ञानको चमत्कार । यो कुनै जादू होइन र टुनामुना पनि होइन तर यसको प्रभावका अगाडि जादू, टुना, वैज्ञानिक चमत्कार महत्त्वहीन बन्दछन् । यिनै कुराको सन्देश प्रवाह गर्न शीर्षक नै *ज्ञानको चमत्कार* दिएर प्रश्नकर्ता र उत्तरदाताले सन्तोष अनुभव गरेका छन् ।

प्रा. रिसालका अनुसार जीवन व्यवहार जति सादा भयो त्यत्ति नै सरल, सुखद, प्राकृतिक र उपलब्धिपूर्ण हुन्छ भने चिन्तन, विचार, सोच र लक्ष्य जति उच्च बनाउन सक्यो व्यक्ति त्यत्ति नै महान् हुन्छ । व्यवहाररूपी भवनको उँचाइ जति कम भयो त्यति राम्रो र विचाररूपी भवनको अग्लाइ जति बढी भयो त्यति नै राम्रो मानिन्छ । अझ विचारको छाना नराख्नु नै बेस हुन्छ । खुला आकाशलाई पनि विचाररूपी भवनको छाना बनाउनु हुँदैन । महाकवि देवकोटाको *उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक* भन्ने भावले व्यक्त गर्न खोजेको कुरा पनि यही हो । त्यसैले विज्ञहरू सादा जीवन उच्च विचारको सन्देश जतातत‍ै फैलाउन चाहन्छन् (टण्डन, २०६७ : १२३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारब्धका कार्यको भोग र जीवनका उपलब्धिको अवसरलाई जन्म र अज्ञानलाई मृत्यु भन्ने निष्कर्ष प्रा. रिसालको छ । यिनका अनुसार जन्म भनेको उत्सव र असामान्य उपलब्धि हो किनभने यसबाट ज्ञान प्राप्त गरी मोक्षको अधिकारी बन्ने अवसर मिल्दछ । त्यसै गरी मृत्यु भनेको जीवको स्वभाव वा प्रकृति हो । जन्म भएपछि मृत्यु हुनु त निश्चित छ । यो त शाश्वत सत्य हो र अवश्यम्भावी घटना हो । मृत्युबाट बच्नका लागि लुक्ने ठाउँ पाइँदैन । त्यसैले यससित डराउने, तर्सने, शत्रुको व्यवहार गर्ने र भाग्ने प्रयास गर्नु भनेको निरर्थ काम गर्नु हो । यसबाट बच्ने उपाय भनेको यसलाई स्वीकार गर्ने, यससित मित्रता कायम गरी घनिष्ट सम्बन्ध स्थापित गर्ने, परब्रह्म परमात्मामा सर्वात्म भावले समर्पित हुने, ब्रह्मज्ञान प्राप्त गर्ने, नडराई ढुक्क भएर बस्ने, पाहुना मानेर यसको सदैव सम्मान र स्वागत गर्ने, विचलित नहुने र राजा परीक्षित्ले जस्तै प्राप्त एकेक निमेषको अत्यधिक सदुपयोग गरी ज्ञानी बन्ने काममा सक्रिय भएर लाग्नु हो । त्यसो गर्न सक्यो भने मृत्युले पराजय स्वीकार गरी व्यक्तिलाई मार्नको सट्टा अजर अमर बनाउँछ । त्यसैले मृत्युसित डराउनु हुँदैन (टण्डन, २०६७ : १२३) ।

सोधिएका सम्पूर्ण प्रश्नको उत्तर दिँदै अन्त्यमा प्रा. रिसाल समाज, राष्ट्र र विश्वलाई ज्ञानी बन्ने बनाउने, गुणी बन्ने बनाउने, परोपकारी बन्ने बनाउने, कसैलाई कुनै पनि प्रकारको दुःखकष्ट नपुऱ्याउने, जीव हुँदाहुँदै पनि शिव बन्ने प्रयत्न गर्ने, सांसारिक विषयभोगबाट हटेर मोक्षमार्गमा लाग्ने र सबैको कल्याण गर्ने काममा संलग्न हुने सन्देश दिन्छन् (टण्डन, २०६७ : १४२-१४३) ।

आदर्श व्यक्तिले सोधेका आदर्श प्रश्नको आदर्श व्यक्तिले दिएका आदर्श उत्तरको पोको यो पुस्तक हो । यसमा भनिएका सम्पूर्ण कुरा बुझ्न र एकेक तत्त्वको अध्ययन गर्न त पुस्तक नै गहिरिएर पढ्नु पर्दछ तर आधारभूत केही बुँदाको व्याख्याबाट ठुलाठुला ग्रन्थ तयार पारिने परिप्रेक्ष्यमा यस कृतिको अध्ययन गर्ने हो भने यसमा निम्न लिखित बुँदाको विस्तृतीकरण पाइन्छः

१. प्रा. शिवगोपाल रिसालको जीवनी र व्यक्तित्व ।
२ प्रा. शिवगोपाल रिसालले प्राप्त गरेका प्रेरणा ।
३. प्रा. शिवगोपाल रिसालको शिक्षा र योग्यता ।
४. प्रा. शिवगोपाल रिसालले गरेका सङ्घर्ष ।
५. प्रा. शिवगोपाल रिसालले गरेका कार्य ।
६. प्रा. शिवगोपाल रिसालका विचार, चिन्तन र दर्शन ।
७. अद्वैत को अध्ययन, विवेचन, व्याख्यान र व्यावहारिक कार्यान्वियनमा प्रा. शिवगोपाल रिसाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. प्रा. शिवगोपाल रिसालको वर्तमान जीवन ।

९. प्रा. शिवगोपाल रिसालको सन्देश ।

१०. प्रा. शिवगोपाल रिसालले प्राप्त गरेका मानपदवी र अलङ्कार ।

११. धन्यवाद ज्ञापन ।

पुस्तकको परिचय दिँदा र प्रा. शिवगोपाल रिसालको व्यक्तित्व बारे चर्चा गर्दा डा. स्वामी प्रपन्नाचार्य, डा. गोविन्द टण्डन तथा प्रकाशक केशव रेग्मी, सीताराम खत्री र रविप्रसाद पराजुलीले व्यक्त गरेका धारणा र स्वयं प्रा. शिवगोपाल रिसालले भूमिका खण्डमा भनेका कुराको योगले यो कृति आकारमा भन्दा विचारमा र विचारमा भन्दा सन्देश प्रवाहमा गुणात्मकताको उत्तम स्थान प्राप्त गर्न सफल भएको छ ।

४.२.३१ मृत्युविज्ञान

चार कुने पहेंलो रङको घेराभित्र हरियो पृष्ठभूमिमा रातो रङ्मा ॐ, पहेंलो रङ्मा ॐ को आभा, शिरमा पुस्तकको नाम र पुछारमा लेखकको नाम राखी सुन्दर गातामा सजिएको डिमाई साइजको २३२+८+३=२४३ पृष्ठको **मृत्युविज्ञान** नामको दार्शनिक चिन्तनमा आधृत पुस्तक अध्ययन गर्ने अवसर प्राप्त भएपछि त्यस विषयमा लागेका केही कुरा यस लेखका माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ । नेपाली साहित्यमा सुपरिचित काव्यकार, निबन्धकार, आध्यात्मिक चिन्तक र विशेष गरी वादी दार्शनिक, अनुवादक, सम्पादक, समालोचक, धार्मिक व्याख्याता, वरिष्ठ प्राध्यापक र समाजसेवी शिवगोपाल रिसालबाट रचना गरिएको कृति यो हो । यस कृतिले प्राध्यापक रिसालको व्यक्तित्वको नौलो पाटो प्रकाशित गरेको छ ।

चार वटा प्रमुख उपशीर्षकका पुलाभित्रका १०८ थप शीर्षकका मुठा सङ्गठित तुल्याएर तयार पारिएको पुस्तकरूप चिन्तनको यो बिटो आकारमा ठुलो, गुणात्मकतामा भारी र लमाइ, चौडाइ, गोलाइ तथा गहिराइका आयाममा निकै फराकिलो स्वरूपमा उपस्थित छ । भारतीय उपमहाद्वीपका प्राचीन धार्मिक, सांस्कृतिक, सामाजिक, जातीय, भाषिक र भौगोलिक निजत्वका प्रतीक मानिने वैदिक पौराणिक ग्रन्थका साथै रामायण, महाभारत तथा विभिन्न उपनिषद्का प्रमाण जुटाएर मृत्युका विषयमा वैज्ञानिक ढङ्गले व्यापक चर्चा यसमा गरिएको छ । यसका प्रमुख चार वटा उपशीर्षक **वेद, उपनिषद् आदिका दृष्टिमा मृत्यु, श्रीमद्भगवद्गीता आदिका दृष्टिमा मृत्यु, श्रीमद्भागवत, रामायण, पुराण आदिका दृष्टिमा मृत्यु** र **आधुनिक दृष्टिमा मृत्यु** हुन् । यिनमा पहिलो उपशीर्षकमा तेइस, दोस्रोमा अठार, तेस्रोमा एकतिस र चौथोमा छत्तिस थप शीर्षकका चिन्तनपरक निबन्ध शैलीका प्रश्नोत्तरात्मक रचना राखिएका छन् । आधुनिक दृष्टिमा मृत्यु उपशीर्षकभित्रको पछिल्लो अनुक्रमको रचना **केही उक्ति : केही सूक्ति : केही स्तुतिमा**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अम्बिका पाण्डे, केशवप्रसाद रेग्मी, रविप्रसाद पराजुली, सीताराम खत्री र दीपक रिमालले लेखेका अनुभवाश्रित घटना र अन्तरराष्ट्रिय स्तरका बहुचर्चित व्यक्तित्वका मृत्यु सम्बन्धी उक्तिका उद्धरणबाट लेखकले प्रतिपादन गर्न खोजेका सत्यतथ्य र विचारलाई प्रामाणिक तुल्याउन निकै सहयोग पुगेको छ । लेखक यसमा आफै गुरु र आफै चेला बनेर प्रतिपाद्य विषयको व्याख्यामा संलग्न भएका छन् ।

जीवनको अनिवार्य अङ्ग र सहयात्री मृत्युसित डराउने काम त प्रचुर मात्रामा हुँदै आएको छ र अनन्त समयसम्म भई रहने सम्भावना पनि छ । मान्छे मात्र नभएर जुनसुकै प्राणीमा मृत्युको डर हुन्छ । यस कृतिका लेखकले वेद, पुराण, उपनिषद्, रामायण, महाभारत लगायतका पूर्वी र पश्चिमी धार्मिक, सांस्कृतिक, दार्शनिक जगत्का अनेकौं स्रोतको व्यापक परिचालन, अध्ययन, अनुसन्धान, चिन्तन, मनन गरेर ठोस निर्णय निकाल्दै मृत्युसित डराउन छोडेर मित्रता गाँस्नु पर्ने र नचिकेताको जस्तो व्यवहार अपनाउनु पर्ने कुरामा जोड दिएका छन् । लेखक जन्मसँगै मृत्यु पनि जन्मने भएकोले कहिल्यै साथ न छोड्ने र घनिष्ट सम्बन्ध गाँसेर छाया जस्तो बन्ने त्यसलाई साथी मान्नासाथ जीवनमा छाउने अनेकौं दुःखकष्ट स्वतः निर्मूल हुने कुरा बताउँछन् । बिजुलीको आविष्कार नहुँदासम्म आकाशमा चम्कने र कहिलेकाहीं उल्कापात भएर खस्ने बिजुलीसित मान्छे डराउँथ्यो । त्यसको कल्पनाले पनि मान्छेको सातोपुत्लो उड्थ्यो । जब मान्छेले बिजुलीबाट हुने लाभका विषयमा चिन्तन गरी घरमा, कोठामा, आँगनमा, पटाङ्गिनीमा, हातमा, पातमा जताततै जडान गरेर बिजुलीलाई साथी मात्र नभएर जीवनको अभिन्न अङ्ग बनाई रहन बस्न थाल्यो तब बिजुलीले मान्छेलाई के मात्र सहयोग गरेन ? 'मृत्युसित पनि डराउन छोडेर नजिकिने, साथमा रहने, मितेरी गाँस्ने, घनिष्ट सम्बन्ध राख्ने, आफ्नोपन कायम गर्ने बानी बसाल्ने हो भने त्यसले मानवलाई अनेकौं उपहार दिन सक्तछ' भन्ने निष्कर्ष लेखकले निकाल्नु भएको छ । 'मरिन्छ' भनेर डराउने होइन बरु 'मर्नु त निश्चित छ' भन्ने ठानेर सत्कार्य, सत्चिन्तन, सन्मार्गको अवलम्बन, जीवनका सुन्दर पक्षको अनुसन्धान र समयको सदुपयोग गर्न सकिन्छ । जीवनबोधबाट जीवन सकारात्मकभन्दा नकारात्मक र मृत्युबोधबाट जीवन नकारात्मकभन्दा सकारात्मक बाटोमा अग्रसर बन्ने परिप्रेक्ष्यमा किन मृत्युका विषयमा चर्चा, परिचर्चा, चिन्तन, मनन, बहस, छलफल, अध्ययन, अनुसन्धान, परीक्षण, प्रयोग, शास्त्रार्थ, खोजिनिती, चासो, शैक्षिक क्षेत्रका पाठ्य पुस्तक निर्माण गर्न पट्टि नलाग्ने भनी लेखक प्रश्न गर्दछन् ।

ऋग्वेद,अथर्ववेद,अक्ष्युपनिषद्,अध्यात्मोपनिषद्,ईशावास्योपनिषद्,ऐतरेयोपनिषद्,कठोपनिषद्, केनोपनिषद्, कैवल्योपनिषद्, छान्दोग्योपनिषद्, तैत्तरीयोपनिषद्, नृसिंहपूर्वतापिन्युपनिषद्, प्रश्नोपनिषद्, बृहदारण्यकोपनिषद्, मुण्डकोपनिषद्, श्वेताश्वतरोपनिषद्, गरुडपुराण, पद्मपुराण, विष्णुपुराण, शिवमहापुराण, श्रीमद्भागवतमहापुराण, श्रीमद्देवीभागवतमहापुराण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवमहिम्नस्तोत्रम्, शनिमृत्युञ्जयस्तोत्रम्, दुर्गासप्तशती, अध्यात्मरामायण, आनन्दरामायण, योगवासिष्ठमहारामायण, रघुवंशमहाकाव्यम्, रामगीता, रामचरितमानस, सुश्रुत, पातञ्जलयोगसूत्र, ब्रह्मसूत्र, सांख्यसूत्र, मनुस्मृति, भक्तिसूत्र, माण्डूक्यकारिका, महाभारत, विष्णुसहस्रनामस्तोत्रम्, सनत्सुजतीयदर्शन, विवेकचूडामणि, श्रीमद्भगवद्गीता, अष्टावक्रगीता, अवधूतगीता, गीतागुह्यम्, अनुगीता, चाणक्यनीति, हितोपदेश, कथासरित्सागर, शिशुपालवध, अमरकोश, सिद्धान्तबिन्दु, शार्ङ्गधरपद्धति, प्रश्नोत्तरी, प्रश्नोत्तरमालिका, आत्मषट्कम्, कबिरदास, गुरुमहिमा, गीताञ्जलि, कालमहिमा, उसैको लागि, मृत्युदर्शन : एक अनुचिन्तन, परम सखा मृत्यु, लाइफ आफ्टर डेथ : ए भिजन अफ द वर्ल्ड आफ्टर डेथ, द टिबेटियन बुक अफ लिभिङ एन्ड डाइङ, जीवन के प्रति नया दृष्टिकोण देने वाले प्रेरक विचार, जन्ममरणको निरसन, कल्याण, पद्मकन्या महाकाव्य, प्रेमदेखि परमात्मासम्म, ज्ञानको चमत्कार, विभिन्न शब्दकोश, ज्ञानकोश, पर्यायकोश समेतका लगभग एक सय पुस्तकको अध्ययन, स्रोत प्रयोग र सारबोधबाट तत्त्व समातेर आवश्यक तथ्य बटुली यो किताप तयार पारिएको छ । स्वाद केही फरक भए पनि, पोषक तत्त्वको सम्मिश्रणमा अन्तर भए पनि, स्वच्छताको मात्रा फरक भए पनि, प्रवाहको गति न्यून वा अधिक भए पनि जुनसुकै ठाउँ वा मूलको पानी त पानी नै हो । यस कृतिमा प्रयोग गरिएको स्रोतको अवस्था पनि त्यस्तै देखिएको छ । सतही नजरले हेर्दा एउटै प्रकृतिको पानी जस्तो देखिएकोले उही कुरा बारम्बार दोहारिएको जस्तो लाग्ने अनुभूति यसको अध्ययनमा हुन्छ । गहिरिएर विचार गर्ने हो भने उही कुरा जस्तो देखिएर पनि मृत्युका विषयमा भिन्न ढङ्गको प्रमाण र भिन्न किसिमको प्रस्तुति पाइन्छ । शिक्षक, दार्शनिक, व्याख्याता, उपदेशक, साहित्यकारमा उही कुरा प्रकारान्तरले दोहोऱ्याउने प्रवृत्ति चर्को रूपमा पाइन्छ । माथि भनिएका सबै विशेषणले अलङ्कृत लेखकका रचनामा पुनरावृत्ति पाइनु स्वाभाविक पनि हो तर त्यस्तो अनुभूति हुनको कारण फरक फरक स्रोतको उपयोग हो भन्ने कुरा बुझेमा पुनरावृत्ति देखिँदैन । मृत्यु त जसले भने पनि मृत्यु नै हो र त्यसको पहिचान गराउँदा शब्द भिन्न भए पनि आशय त उही नै आउने भयो । यसमा भनिएका केही मननीय पक्षहरूको विवरण यहाँ प्रस्तुत गर्ने हो भने पुस्तक पढ्ने अवसरबाट विविध कारणले वञ्चित पाठकहरूले पनि सार ग्रहण गर्न सक्तछन् र अधिक जिज्ञासा राख्ने पाठकले जसरी भए पनि खोजेर यो पुस्तक पढ्ने प्रयास गर्न सक्तछन् । त्यसैले यसमा लेखकले भनेका तात्त्विक कुराको विवरण दिनु आवश्यक ठानिएको छ ।

१. जन्मसँगै मृत्यु पनि जन्मेको हुन्छ । जन्म र मृत्यु एउटै सिक्काका दुइटा पाटा जस्ता तत्त्व हुन् । त्यसैले जहाँ जन्म छ त्यहाँ मृत्यु पनि छ । जन्मबाट खुसी र मृत्युबाट डर मान्नु त जीवन न बुझेको जस्तो ठहरिन्छ । ज्ञानीहरू मृत्यु नजिक आउँदा पनि विचलित हुँदैनन्, डराउँदैनन् र अप्रसन्न बन्दैनन् । मृत्युसित डराउनु भनेको त शरीरलाई आत्मा ठान्नु हो, अज्ञान हो, मूर्खता हो, विषयासक्ति हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. मान्छेको जुनी पाउनु देवताहरूका लागि पनि दुर्लभ छ किनभने पुण्यका कारण स्वर्गको आनन्द प्राप्त गरेका देवताहरू पुण्य न सकिँदासम्म स्वर्गबाट मुक्त हुन सक्तैनन् र निर्वाणका लागि साधना गर्न पनि सक्तैनन् । त्यस्तो साधना त मान्छेको जुनीमा मात्र गर्न सकिन्छ । जन्म र मृत्युबाट पार पाउन सकिने अवसर उपलब्ध हुँदा मौकाको फाइदा उठाउन छोडेर मृत्युबाट भाग्न खोज्नु बुद्धिमानी होइन । जन्मलाई जत्तिकै माया मृत्युलाई पनि गर्न सक्नु पर्दछ । मृत्युबाट भागेर पार पाउन त सम्भव नै छैन । अवश्यम्भावी त्यस अवस्थाको चेतनाबाट जागृत भएर वासनामुक्त हुन सक्यो भने ज्ञानी बनिन्छ । ज्ञानी हुन सक्यो भने न जन्मनु पर्दछ न त मर्नु नै पर्दछ ।

३. दृश्य प्रपञ्च साँचो होइन । यो त सपनाको संसार हो । बाँच्न जान्नु भनेको मर्न जान्नु पनि हो । प्रसन्नतापूर्वक मर्न जान्ने मान्छेले आनन्दपूर्वक बाँच्न पनि जान्दछ । त्यसरी बाँच्नु भनेको पवर्गबाट मुक्ति हो । पतनबाट मुक्ति, फलाशाबाट मुक्ति, बन्धनबाट मुक्ति, भयबाट मुक्ति र मृत्युबाट मुक्ति हो । यिनमा पछिल्ला दुई पक्ष भनै खतरनाक मानिन्छन् । बाँच्न जान्नु भनेको पवर्गका खतराबाट मुक्त भई ब्रह्मविद्या, आत्मविद्या, मधुविद्या, दहरविद्या, श्रेयविद्या, ब्रह्मात्मैकत्वविद्या प्राप्त गरेर अमर बन्नु हो र मृत्युका जन्जालबाट सर्वथा पार पाउनु हो ।

४. मृत्यु भनेको मर्नु मात्र न भएर वृद्धावस्थाको दुःख, रुग्णावस्थाको दुःख, दरिद्रावस्थाको दुःख, अज्ञानावस्थाको दुःख, पराजितावस्थाको दुःख, पद प्रतिष्ठा आदिबाट च्युत हुँदाका अवस्थाको दुःख, शत्रुका घेरामा परेका अवस्थाको दुःख र शारीरिक, आर्थिक, मानसिक, नैतिक, धार्मिक आदि विविध कारणले हुने चिन्ताका अवस्थाको दुःख पनि हो । जुनसुकै दुःखलाई मृत्यु भन्न सकिन्छ र जुनसुकै अवस्थाको अन्त्यलाई पनि मृत्यु नै भन्न सकिन्छ । जन्म गर्भावस्थाको मृत्यु हो, किशोरावस्था बाल्यावस्थाको मृत्यु हो, युवावस्था किशोरावस्थाको मृत्यु हो, प्रौढावस्था युवावस्थाको मृत्यु हो र वृद्धावस्था प्रौढावस्थाको मृत्यु हो । जीवनमा मृत्यु त दिनहुं आई रहन्छ । आज भनेको हिजोको मृत्यु हो भने भोलि भनेको आजका दिनको मृत्यु हुने समय हो । मृत्युलाई जित्ने सरल र सहज उपाय भनेको त ब्रह्मसाक्षात्कार नै हो । यो तपस्या, साधना, चिन्तन र ईशभक्तिबाट प्राप्त हुन्छ र मनुष्यका लागि मात्र यो सम्भव छ । त्यसैले मनुष्यको चोला भनेको जीवनमरणका चक्रबाट मुक्ति प्राप्त गर्ने विशेष अवसरले युक्त चोला हो ।

५. आत्मालाई जान्न सक्यो भने जीवनमा जान्नु पर्ने केही कुरा बाँकी रहँदैन । आत्माकै श्रवण, आत्माकै मनन, आत्माकै साक्षात्कार, आत्माकै चिन्तन र आत्माकै बोध भयो भने आत्मज्ञानी वनिन्छ । नमर्ने वा मृत्युलाई जित्ने उपायमा आत्मज्ञानभन्दा सरल अर्को कुनै उपाय छैन । आत्मसाक्षात्कार भयो भने परमपद मोक्ष भेटाइन्छ । त्यहाँ पुगी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकेपछि न त जन्मनु पर्दछ न मर्नु पर्ने हुन्छ । त्यहाँ जीवनमा हुने कुनै पनि अँधेरो बाँकी रहँदैन । प्रतिपल उज्यालै उज्यालो, आनन्दै आनन्द र खुसी नै खुसी त्यहाँ हुन्छ । त्यो पाई सकेपछि पाउनु पर्ने उपलब्धि केही बाँकी रहँदैन । ब्रह्मज्ञान भनेको त्यही हो । असली सुख भनेको पनि त्यो नै हो । त्यहाँ मृत्युको मृत्यु त हुन्छ हुन्छ अल्प, अज्ञान, वासना, इच्छा, कामना, राग, द्वेष आदि साराका सारा असली शत्रुको पनि मृत्यु हुन्छ र व्यक्तिले परमपद पाउँछ, साँचो व्यक्तित्व पाउँछ ।

६. 'म शरीर न भएर आत्मा हुँ' भन्ने कुरा बुझ्नु ज्ञान हो भने 'म हात हुँ, म खुट्टा हुँ, म आँखा हुँ, म कान हुँ, म नाक हुँ, म शिर हुँ, म पेट हुँ' भन्ने भावले शरीरलाई नै आफू ठान्नु अज्ञान हो । वास्तवमा प्राणी परमात्माको अंश हो र परमात्मा नै हो । ऊ न जन्मँदा पनि परमात्मामा उसको अस्तित्व थियो र जन्मेपछि पनि परमात्माका रूपको अंश बनेर ऊ रहेकै छ । शरीर त ऊ हुँदै होइन र शारीरिक आनन्दको प्राप्ति उसका लागि आनन्दको विषय पनि होइन । न जन्मदा ऊ जे थियो र मरेपछि पनि जे भई रहने छ त्यो नै उसको असली पहिचान हो । मान्छेको जुनी पाई सकेपछि आफूलाई चिनेर ज्ञानी बन्न सक्नु उसको बुद्धिमानी हो । शरीरको आनन्दलाई नै सर्वोपरि आनन्दको अनुभूति गर्नु उसको मूर्खता हो । मान्छेले बुद्धिमान् बन्ने प्रयास गर्नु पर्दछ, मूर्ख बन्नु हुँदैन । बाँच्न जान्नु कला भए जस्तै मर्न जान्नु पनि कला हो । असली जीवन त्यसले भोगदछ जसले मर्ने कला राम्ररी सिकेको हुन्छ । जन्म र मृत्युको पासोबाट मुक्त हुन त ज्ञानबाट मात्र सम्भव छ ।

७. विषयसुखबाट क्षणिक आनन्द प्राप्त हुन्छ भने ब्रह्मानन्दबाट अखण्ड आनन्द प्राप्त हुन्छ । परमात्माको चिन्तन गर्नु, आफूलाई परमात्माको अंश ठान्नु, परमात्माको कल्पनामा लीन हुनु नै सच्चा आनन्दमा डुब्नु हो । परमात्मा रसस्वरूप छन्, आनन्दमय छन्, सारा आनन्दका भण्डार उनै हुन्, त्यो आनन्द पाई सकेपछि अर्को कुनै आनन्दको खोजी गरी रहनु आवश्यक हुँदैन । त्यस्तो आनन्दको सागरमा डुबेपछि सबैतिर आनन्द, सबै कुरामा खुसी, सबै कुरा प्रसन्नताले भरिपूर्ण र आनन्दै आनन्द हुन्छ । त्यहाँ जन्मको चिन्ता हुँदैन । जन्म नै न भएपछि मृत्युको कष्ट हुने त कुरै भएन । सधैं हरियो, सधैं वसन्त, सधैं फुल फुलाइ, सधैं रमाइलो, सधैं दसैं, सधैं तिहार । न डर, न चिन्ता, न रिस, न डाह, न छटपटी, न ईर्ष्या, न द्वेष । जतातत्तै आनन्द !

८. मृत्युबाट भाग्नु हुँदैन । यसले प्राणीलाई जताबाट भए पनि तानेर ल्याउन सक्तछ । यसबाट उम्कन त सकिँदै सकिँदैन । अर्को कुरा लग्नु छैन भने यसका काखैमा बसे पनि यसले लग्दैन । लग्ने बेला लगेरै छोड्ने र नलग्ने वेला लग्दै नलैजाने इमान्दार यस शक्तिसित डराउनु पर्ने त कारणै छैन । भोक नलागेका बखत आँखै अघि चरी रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृगलाई मार्नुभन्दा उससित खेल्न, ठट्टा गर्न र जिस्कन बढी रुचाउने बाघको मनोदशा जस्तो हुन्छ काल र प्राणीको गति । अफ्रिकाका जङ्गलमा मृग र बाघ एकै पोखरीको पानी एकसाथ खाई रहेका दृश्य टेलिभिजनका च्यानलले पनि वेलाबखत देखाउँछन् । अर्कातिर भोक लागेका बखत त्यही बाघ तिनै मृगलाई लखेटी लखेटी थकाएर मार्दछ । मृत्यु पनि त्यस्तै हो । जुनसुकै बखत मृत्युले जसलाई पनि मार्दै हिंड्ने होइन । यस दृष्टिले पनि मृत्युसित डराउनु बुद्धिमानी होइन । नचिकेताले स्वयं यमराजलाई गुरु थापेर ब्रह्मज्ञान प्राप्त गरेका थिए । चोरलाई नै ढुकुटीको साँचो दिएर इमान्दार, साधु, जिम्मेवार, चौकीदार, रक्षक बनाई दिनु पनि सुरक्षाको एउटा उपाय भए जस्तै त्वं शरणं भई दिने हो भने पनि मृत्युको डर हराएर जान्छ । *वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ* भने जस्तै मृत्यु, काल, मरण, अन्त्य, जीवन समाप्ति भन्नासाथ सातोपुत्लो उड्नुको कारण त मृत्युलाई गहिरिएर नबुझ्नु नै हो । त्यसैले मृत्युबाट भाग्न छोडौं, जीवनलाई जस्तै मृत्युसित प्रेम गर्न थालौं । त्यसपछि मर्नको डर त त्यसै त्यसै हराउँछ ।

९. मर्ने वेलामा सयौं बिच्छीले टोकेको जस्तो असह्य पीडा हुन्छ भनिन्छ । यस भनाइका पछाडि प्रतीकात्मक आशय पनि रहेको देखिन्छ । तात्पर्य के हो भने जीवनभरि नाना थरी दुःखकष्ट, जालझेल, प्रपञ्च, तिगडम, षडयन्त्र, छक्कापन्जा र गर्न हुने नहुने उपाय अपनाएर जोरजाम पारेको सम्पत्ति, मायाको परिवेश र आफ्नोपनलाई सधैंका लागि छोड्नु त शारीरिक रोगको पीडाभन्दा ज्यादा कष्टकर मानिने मानसिक पीडा हो । 'ब्रह्म झुटो हो सांसारिक आनन्द नै सबै थोक हो' भन्ने विश्वासमा बाँची रहेको स्थितिमा अचानक संसार छोड्नु पर्ने अवस्था आउनु ज्यादै दुःखको विषय हो । पैसा राख्ने सेफमा अँगालो मारेका अवस्थामा मृत भेटिएका, आफन्तलाई अङ्कमाल गर्दा गर्दै र रुँदा रुँदै मृत्यु वरण गरेका र मृत्युपछि पनि धनसम्पत्तिकै तिर्सनामा प्रेत बनेका मृतकहरू देखिनु यसको उदाहरण हो । विषय वासनाका जन्जालबाट मुक्त भएका, ज्ञानी, ब्रह्मविद्याभ्यासी, भगवत्प्रेमी, तपस्वी, ध्यानी र तत्त्ववेत्ताहरूलाई मर्ने वेलामा सामान्य व्यक्तिलाई जस्तै पीडा त हुन्छ तर तिनीहरू त्यसलाई पीडा भन्दैनन्, पीडा मान्दैनन्, कष्टको विषय बनाउँदैनन् किनभने त्यस अवस्थाबाट पार भएपछि उपलब्ध हुने अपार आनन्दको अनुभूतिका आलोकमा तिनलाई त्यो कष्ट तुच्छ, सहजग्राह्य र नगण्य लाग्दछ । 'कर्मको अनुष्ठानले मृत्युलाई पार गर्न र ज्ञानका अभ्यासले अमृतत्व प्राप्त गर्न सकिन्छ' भन्ने कुरा तिनले राम्ररी बुझी सकेका हुन्छन् ।

१०. आत्मा न त जन्मन्छ न त मर्छ । यो अजन्मा, नित्य, पुरातन, स्थायी र अजरामर छ । प्राणी आत्माकै अंश हो । शरीर मरे पनि उसभित्रको आत्मा कहिल्यै मर्दैन । शरीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त दिनानुदिन मरी रहेको हुन्छ तर आत्मा सधैं जस्ताको त्यस्तै रहन्छ । राती हिंड्दा बाटोमा फालिएको डोरीलाई सर्प ठानेर यात्री तर्से जस्तै शरीरलाई नै आत्मा र सर्वस्व ठानेर त्यसलाई बचाउनमा समस्त शक्ति र सामर्थ्य खर्च गर्नेहरू सांसारिक बन्धनमा बाँधिएका प्राणी हुन् । सोचको त्यही बन्धन जन्म र मृत्यु हो । त्यसैबाट क्लेश, दुःख, चिन्ता, अज्ञान उत्पन्न हुन्छ । रेसमको किराले आफ्नो सुरक्षाका लागि चारैतिरबाट धागो निकालेर आफैलाई घेर्दछ र पछि गएर त्यहाँबाट उम्कन न सकी आफ्नै कृत्यका कारणबाट मृत्यु वरण गर्न बाध्य हुन्छ । ठिक त्यसै गरी संसारबन्धनमा जेलिएका अज्ञानीहरू शरीर बचाउनु नै सर्वोच्च प्राथमिकताको विषय ठान्दछन् र विषयभोग गर्न बाँच्नका लागि हर सम्भव प्रयत्न गर्दछन् । वास्तवमा शरीर आफू होइन र आफ्नो पनि होइन । त्यसो ठानेपछि आफू न भएको वस्तु रहोस् वा न रहोस् केको चिन्ता ? यो कुरा थाहा न पाउनेहरू मृत्युसित डराउँछन् भने थाहा पाउनेहरू सहर्ष मृत्यु वरण गर्दछन् । ज्ञानीहरूका लागि मृत्यु अखण्ड आनन्द दिलाउने माध्यम हुन्छ किनभने उनीहरूले मृत्युपछि जन्मनु र मर्नुको चक्रमा पिल्सनु पर्दैन ।

११. अध्यात्म साधक नित्य निरन्तर परब्रह्म परमात्माको चिन्तन गर्दछन् । परमात्माको चिन्तनको ठाउँमा सांसारिक विषयवासनाको संकल्प मनमा छायो भने देवताहरूका निम्ति पनि दुर्लभ मनुष्य जुनीबाट फेरि चौरासी लाख जुनीको चक्करमा जन्ममरणका क्रमभित्र घुम्नै पर्ने हुन्छ । यो कुरा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका छात्रछात्राले प्रमाणपत्र तहमा अध्ययन गर्दा दुई वर्ष परिश्रम गर्दा र न गर्दाको परिणाम जस्तो हो । प्रवेशिका परीक्षा उत्तीर्ण गरेका छात्रछात्राले प्रमाणपत्र तहमा अध्ययन गर्दा दुई वर्ष कम सुत्ने, कम घुम्ने, कम मोजमज्जा गर्ने र पढाइमा बढी सतर्क भएर परिश्रम गर्ने हो भने चाहेको जस्तो विद्या आर्जन गरी सोचेको जस्तो जीवन भोगन सफल हुन्छन् तर त्यो समय सुतेर, घुमफिर गरेर, मोजमज्जा गरेर, ऐसआरामलाई महत्त्व दिएर गुजाऱ्यो भने जिन्दगीभरि दुःख भोग्नु पर्दछ । दुई वर्षको परिश्रमले जीवनलाई असामान्य किसिमबाट प्रभाव पारे जस्तै मान्छेको जुनीको अमूल्य समय आध्यात्मिक चिन्तनमा, ब्रह्मविद्याको साधनामा, भगवद्भक्तिमा, सत्सङ्गमा र आत्मबोधमा लगाउने हो भने प्रमाणपत्र तहमा परिश्रम गर्ने विद्यार्थी डाक्टर, इन्जिनियर, विविध विषयको विज्ञ र सफल व्यक्ति भए जस्तै संसार सागरबाट मुक्त भई जन्म र मृत्युका भय तथा क्लेश पार गरी मान्छे परमब्रह्म परमात्मामा लीन हुन सक्तछ ।

१२. शरीरदेखि छुट्टिएर ज्ञानीहरू मर्दछन् भने शरीरमा टाँसिएर अज्ञानीहरू मर्दछन् । शरीरदेखि छुट्टिएर मर्ने भएकाले ज्ञानीले फेरि फेरि शरीर धारण गरी रहनु पर्दैन । शरीरमा टाँसिएर मर्ने भएकाले अज्ञानीहरू बारम्बर शरीर धारण गरी जन्मी रहन्छन् र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरी रहन्छन् । शरीरसितको लिप्सा राख्न र न राख्नको परिणाममा ठुलो अन्तर छ । संसारतिर फर्कनु अज्ञान हो परमात्मातिर उन्मुख हुनु ज्ञान हो । शास्त्रहरूले जिन्दगीभरि जे गरे पनि मर्ने वेलामा मात्र भए पनि परमात्माको चिन्तन गरिएमा मुक्ति पाइने, सायुज्य धाम मिल्ने र परमब्रह्म परमात्मामा लीन हुन सकिने कुरा बताएका छन् । यति सजिलो मुक्तिको उपाय हुँदा हुँदै पनि संसारीहरू शरीरकै माया गर्दछन्, विनाशशील भौतिक वस्तुप्रति नै मोह गर्दछन् र फोहरमै लुटपुटिन रुचाउँछन् । त्यसैबाट मृत्युको डर उत्पन्न हुन्छ ।

१४. बाल्यावस्थादेखि नै मृत्युविज्ञान सिकाउने, मृत्युसित न डराउने पाठ सिकाउने, राज्यले मृत्यु चिन्तनका लागि उपयुक्त व्यवस्था गर्ने र विद्वान्हरूमा मृत्युका वारेमा शास्त्रार्थ तथा गम्भीर चिन्तन मनन हुने हो भने संसारमा भई रहेका लडाइँ, झगडा, तँ तँ म म, द्वन्द्व, चोरी, डकैती, हत्या, हिंसा, बलात्कार, ठगी, शोषण, अन्याय, अत्याचार, अर्थहीन उद्देश्यका तथाकथित क्रान्ति, विप्लव, आतङ्क, हतियार उत्पादन लगायतका समस्त विसङ्गति मत्थर हुन सक्तछन् । बम, बन्दुक, खुकुरीले मान्छे मार्न त सकिन्छ तर मृत्युलाई मार्न सकिँदैन । मृत्युलाई जित्ने हतियार त अध्यात्मविद्या, ब्रह्मविद्या, पराविद्या र श्रेयविद्या नै हो । यी विद्याको साधनामा वा उपार्जनमा लाग्ने हो भने मृत्युको परिवार नियोजन गर्न सकिन्छ । मृत्युलाई पनि फेरि फेरि प्राण हरण गर्ने जिम्मेवारीबाट मुक्त तुल्याउन सकिन्छ र आफूसितै परमात्मामा लीन गराएर एकाकार पार्न सकिन्छ । अध्यात्मविद्यामा यति ठुलो शक्ति भएको कुरा गीताले पनि *अध्यात्मविद्या विद्यानाम्* भनेर प्रकाशित गरेको छ । दुःखको सर्वथा अभाव र परम शान्ति दिई मृत्युको भयबाट मुक्त बनाई दिने अध्यात्मविद्यालाई ओझेलमा पार्न खोज्नाले मृत्युको डर दिन दुगुना रात चौगुना बढ्नु त स्वाभाविकै हो ।

१५. मृत्युलाई जहिले पनि डर लाग्दा काल अर्थात् यमराज मात्र ठान्ने गरिन्छ । आश्रय, ज्ञान, संरक्षण, पुण्यफल दिने र लोकको कल्याण गर्ने शक्ति पनि मृत्यु अर्थात् धर्मराज नै हुन् । मृत्युलाई धर्मराजका भावबाट हेरिनु पर्दछ । विज्ञानको बाटोमा हिंड्ने बानी विकसित गरेको हुनाले मान्छेले भोग गर्ने लालसा मात्र बढायो । तृप्त हुन कहिल्यै जानेन । विषयभोग, वैज्ञानिक उपकरण, नवीन आविष्कारले तृष्णा बढाएको छ तृप्ति बढाएको छैन । तृप्ति बढाउने विद्या न बुझ्दासम्म मृत्युको डर तथा वस्तुको तिर्सना कम हुँदैन । घरजग्गा, धनसम्पत्ति, भौतिक भोगविलास, ऐसआराम, स्वार्थलाभ जस्ता कुरामा सिपालु मनुष्यले दशांश मात्रै आफूभित्रको खुबी अध्यात्म क्षेत्रतिर प्रयोग गर्ने हो भने मृत्युको भय लगभग समाप्त नै हुने थियो । मान्छे त एकोहोरो भएर बाँच्न मात्र चाहन्छ । त्यसैले ऊ लगातार मरी रहेको छ । महाभारतमा महाराज युधिष्ठिरले दिएको यक्षप्रश्नको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जबाफमध्येको एउटा जबाफ यही कुरा थियो । दिनहुँ हजारौं मान्छे मरी रहेको देख्दा देख्दै पनि बाँच्नेले चाहिँ आफूलाई कहिल्यै न मर्ने ठान्नु नै ठुलो आश्चर्य हो ।

१६. सुत्नु भनेको मर्नुकै छोटो रूप हो । सुताइमा त मान्छेको आकर्षण हुन्छ । राम्रो निद्रा पऱ्यो भने 'अहा राम्ररी सुतियो' भन्दै आनन्दको अनुभव गर्ने गरिन्छ तर निद्राकै दाजु मृत्युबाट भने भाग्न खोजिन्छ । निद्रामा केही समयका लागि मात्र सारा दुखबाट मुक्ति मिल्दछ तर महानिद्रा अर्थात् मृत्युबाट त सदाका लागि दुःख नाश हुन्छ । त्यसो भएर पनि अज्ञानी मनुष्य निद्रा चाहन्छ महानिद्रा चाहँदैन र निद्रासित मोहित हुन्छ महानिद्रासित त्रस्त बन्दछ । मृत्यु वा महानिद्राका सान्निध्यमा रहने, उसलाई सम्मान दिएर गुरु बनाउने हो भने आध्यात्मिक, आधिभौतिक र आधिदैविक सबै प्रकारका दुःखबाट सधैंका लागि निवृत्ति प्राप्त हुन्छ । मान्छेले हासिल गर्नु पर्ने पुरुषार्थ पनि त्यही हो र मृत्युविज्ञानले दिन खोजेको सन्देश पनि त्यही हो ।

१७. राजा जनक, गार्गी, मैत्रेयी, याज्ञवल्क्य, वसिष्ठ, राम, कृष्ण, अर्जुन, परीक्षित, सत्यकाम, जावाल, शौनक, नचिकेता जस्ता अनेकौं व्यक्ति जुन बाटो अवलम्बन गरेर जीवनमरणका सांसारिक चक्रबाट मुक्त बने त्यस बाटोको उपाय, विधि, तरिका र नमुनाका वारेमा वेद, पुराण, रामायण, महाभारत, उपनिषद् आदिले व्यापक र विस्तृत चर्चा गरी सजिलो ढङ्गबाट सारतत्त्व बुझाउने काम गरेका छन् । रोग पत्ता लागी सकेको र उपचार पनि पत्ता लागी सकेको अवस्थामा समेत यस प्रकारको गम्भीर विषयमा चासो नहुनु र उपेक्षा गरिनु दुःखद कुरा हो ।

१८. मान्छे मर्दैन, मान्छेको मृत्यु हुँदैन किनभने मृत्यु आफ्नो सत्ताबाट प्रकाशित भएको वस्तु होइन । त्यो त प्राणीका सत्ताबाट प्रकाशित हुन्छ । मृत्यु त जड हो, नाशवान् हो, अरूबाट प्रकाशित हुने तत्त्व हो, दृश्य हो र क्षणिक हो । आत्माको जन्म हुँदैन र मरण पनि हुँदैन । आत्मा शरीर होइन । त्यसो हो भने जन्मने, बढ्ने, मर्ने, सड्ने, गल्ने, विलीन हुने तत्त्व शरीरलाई आत्मा ठानेर मृत्युसित डराउनु पर्ने त कुनै कारण छैन । मृत्यु डर लाग्दो घटना हुँदै होइन । डर त अज्ञानको हो, भ्रमको हो र मूर्खताको मात्र हो ।

१९. नमरिने उपाय खोज्ने हो भने 'मृत्यु छैन, न भएका कुराको डर हुँदैन, शरीर नाशवान् भए पनि त्यसभित्रको प्राणदायी शक्तिरूपी आत्मा अजरामर भएकोले परब्रह्मरूप म कहिल्यै मर्दिनँ, मैले ब्रह्मसाक्षात्कार गरेको छु, म जीव होइन म त शिव हुँ, मेरा मित मृत्यु हुन्, मेरा गुरु धर्मराज हुन्' भन्ने किसिमका चिन्तनमा आफूलाई डुबाउनु पर्दछ । मृत्युसित डराउनु पर्ने कारण बुद्धिमान्हरूका दृष्टिमा कुनै छैन । रवीन्द्रनाथ ठाकुर 'मृत्यु भनेको त अनन्त आनन्द हो, हे ईश्वर, मलाई त्यो आनन्द लगातार दिई राख' भन्दछन् र त्यसैमा लुटपुटिन चाहन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै बुँदाहरूको विस्तारमा यो कृति तयार पारिएको छ । यसमा छानिएको विषय मनुष्य मात्रका लागि ज्यादै उपयोगी, संवेदनशील र मननीय छ । विषय छनोटको वैशिष्ट्य एकातिर प्रतिपादनको कौशल अर्कातिर सँगसँगै लगेर लेखकले आफ्नो रुचि, ज्ञान, अनुभव, योग्यता र साधनालाई एकसाथ यसमा मुछेर राख्नु भएको छ । अझ अर्को विवेच्य पक्ष के देखिन्छ भने भन्न खोजेका कुरालाई प्रामाणिक, तार्किक र तात्त्विक बनाउन वेद, पुराण, उपनिषद्, रामायण, महाभारतदेखि पश्चिमी सभ्यताको जगत्का विज्ञ मानिने व्यक्तिका भनाइलाई समेत लेखकले अघि सारेका छन् । लेखकले आफू बोल्नुभन्दा प्रमाणलाई बोल्न लगाएका छन् र कहीं कतै कुनै कुरामा ढिपी नै कस्न चाहेका अवस्थामा पनि प्रमाणलाई नै ढिपी गर्न उक्साएका छन् । यसलाई लेखकमा पाइने विशेष योग्यता नै भन्नु पर्दछ । प्रामाणिक ग्रन्थ बनाउनमा कुनै कसर बाँकी न राखी मृत्युलाई विज्ञानमा स्थापित गर्न लेखकले सफलता प्राप्त गरेको अवस्था यसमा देखिन्छ ।

साहित्यको अध्ययनबाट पनि आनन्द प्राप्त हुन्छ । पारखीहरूले त्यस्तो आनन्दलाई ब्रह्मानन्द नै नभने पनि ब्रह्मानन्दसहोदर अर्थात् परमानन्दको भाइ चाहिं भनेका छन् । जर्मनेली कवि गेटेले कालिदासको अभिज्ञानशाकुन्तल नाटक बुझेर वा गहिरिएर पढ्ने हो भने पृथ्वी र स्वर्गका आनन्दको एकीकृत ऐश्वर्य प्राप्त हुने कुरा बताउँदै *ऐश्वर्यं यदि वाञ्छसि प्रियसखे, शाकुन्तलम् सेव्यताम्* भनेका छन् । उनी के पनि भन्दछन् भने तिम्रो जीवनको अभिलाषा के हो भनेर कसैले मसित सोध्यो भने मेरो सहज उत्तर के हुन्छ भने परालले छाएको सानो झोपडीभित्र परालकै गुन्द्री र तकिया अनि त्यस तकियामुनि कालिदासको अभिज्ञानशाकुन्तलम्को किताप, बस त्यति भए मलाई सबै सुख प्राप्त हुन्छ र मेरा समस्त अभिलाषाको परिपूर्ति हुन्छ । लेखकका विचारमा यस्तो सोच पनि ब्रह्मानन्द प्राप्तिका यात्राको एउटा बिसौनी त हो तर अन्तिम गन्तव्य चाहिं होइन । अन्तिम गन्तव्य त राजा जनक, गार्गी, मैत्रेयी, याज्ञवल्क्य, वसिष्ठ, राम, कृष्ण, अर्जुन, परीक्षित, सत्यकाम, जावाल, शौनकले गरेको महायात्राको पछिल्लो बिसौनी नै हो । कविशिरोमणि लेखनाथ पौडेलको *बुद्धिविनोद* कवितामा भनिएको निम्नलिखित भाव बुझ्न आफ्ना पाठकहरूसित अनुरोध गर्दै लेखक मृत्युमाथि विजयी बन्न अभिप्रेरित गर्दछन् :

शरीर कच्चा छ उमेर अस्थिर ।
नपर्खने काल सधैँ छ धर्मर ।।
हिरिक्क व्यर्थै सुखमा हुनु किन ?
तँलाइ मालुम छ कि यो कुरा मन ??

वास्तवमा मनुष्य जीवनको पुरुषार्थ वा उपलब्धि भनेको भोगविलास वा भौतिक ऐश्वर्य नभएर आध्यात्मिक आनन्दको प्राप्ति नै हो । लेखकले यस कुरामा बारम्बार जोड दिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुति विधि भनेको त कर्मकाण्ड जस्तो हो । त्यो त्यति महत्त्वपूर्ण कुरा होइन । त्यसो भए तापनि अचेल अनुसन्धानात्मक शैली अपनाएर पुस्तक लेख्ने र प्रतिवेदन तयार गर्नेले पुस्तकभित्र उद्धरण गरिएको सामग्रीको विधिवत् सन्दर्भ विवरण दिनु पर्ने कुरामा जोड दिने गरिन्छ । साथै सन्दर्भ सामग्रीलाई वर्णानुक्रममा राख्न सकिएमा स्रोत खोज्न सजिलो हुने तर्क अघि सार्ने गरिन्छ । पुस्तकको टङ्कण व्यवस्थापन, फन्ट परिवर्तन, प्रिन्टिङ अर्डरको असावधानी र यी सबै कुरा जान्ने विज्ञ वा अनुभवी व्यक्तिको अभाव जस्ता प्राविधिक कारणबाट यस प्रकारका कमी रहन सक्तछन्। लेखक प्रविधि पक्षमा भन्दा ज्ञान पक्षमा अधिक जोड दिने विद्वान् हुनु भएकोले पनि यस्तो भएको हुन सक्तछ । 'भई दिए राम्रो' भन्ने कुरा मात्र हो । यो नै कृतिको गुणात्मक पक्ष चाहिँ होइन । गुणात्मक पक्ष त ज्ञानको प्रस्तुति नै हो जो यसमा लबालब भरिएको छ ।

४.२.३२ सत्य-दर्शन

सत्य-दर्शन (आध्यात्मिक कविता सङ्ग्रह) श्रीमती ज्योति अधिकारीको आर्थिक सहयोगमा स्वाध्याय परिवार भैरवस्थान, ललितपुरद्वारा २०६८ सालमा प्रकाशित प्रा. शिवगोपाल रिसालको एकतिसौं कृति हो । डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश १२ तथा पाठको अंश ३२४ गरी जम्मा ३३६ पृष्ठ छन् । आवरणको पहिलो पृष्ठमा गोलाकार घेराभित्रको विश्वको नक्साभन्दा बाहिर पद्मासनमा बसी ध्यानमग्न कुनै तपसीको रेखाचित्रभन्दा माथि बिच भागमा सेतो रंगमा पुस्तकको नाम **सत्य-दर्शन** र मुनिको बिच भागमा पहेँलो रंगमा **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ । पछिल्लो पृष्ठको माथिल्लो भागको बायाँतिर प्रा. शिवगोपाल रिसालको रंगीन चित्र तथा दायाँतिर आवरणको पहिलो पृष्ठकै गोलाकार घेराभित्रको विश्वको नक्साभन्दा बाहिर पद्मासनमा बसी ध्यानमग्न कुनै तपसीको रेखाचित्र राखिएको छ । सोभन्दा मुनि त्यस बखतसम्म प्रकाशित प्रा. रिसालका कृतिहरूको नाम र प्रकाशन वर्षको विवरण तथा तल्लो भागको दायाँ कुनामा ISBN दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठ र त्यसपछिका पनि दुई पृष्ठ खाली राखिएका छन् ।

दुई पृष्ठको पुस्तकको परिचयपछिको पृष्ठमा रचनाकारका मातापिताको उभिएको पूर्ण कदको श्यामश्वेत चित्र तथा त्यसका मुनि समर्पण दिइएको छ । त्यसपछि तिन पृष्ठको स्वाध्याय परिवारका प्रतिनिधि रविप्रसाद पराजुलीको प्रकाशकीय र दुई पृष्ठको **म त नाङ्गो मान्छे** शीर्षकको प्राध्यापक शिवगोपाल रिसालको भूमिका दिई विषय सूची राखिएको छ । यी सबै अनुक्रम पछाडि मात्र कविताहरू प्रस्तुत गरिएका छन् ।

समीक्ष्य पुस्तकमा पाँच वटा भाग छन् । **शुभकामना खण्ड** नाम दिइएको पहिलो भागमा अठार, **प्रार्थना खण्ड** शीर्षकको दोस्रो भागमा तेइस, **स्वाध्याय खण्ड** नाम दिइएको तेस्रो भागमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिचालिस, **मुक्ति-मार्ग खण्ड** नामक चौथो भागमा पैतालिस र **विविध खण्ड** भन्ने अन्तिम अर्थात् पाँचौं भागमा अठचालिस गरी जम्मा १७७ कविता यस कृतिमा समावेश गरिएका छन् ।

पहिलो भाग शुभकामना खण्डमा नववर्ष, विजया दशमी, दीपावली, स्वाध्याय संस्थाको वार्षिकोत्सव, जन्मोत्सव आदिमा दिइएका शुभकामनाहरू राखिएका छन् । ती कविताहरू *जय जय जगदीश हरे, जय जय गुरुदेव हरे* भन्ने थेगो राखी बार वटा आरती लयका गुच्छाको **श्रीगुरुदेवको आरती**, शास्त्रीय छन्दका चार वटा श्लोकको **नया वर्ष**, शास्त्रीय छन्दका छ वटा श्लोकको **नवीन हर्ष**, शास्त्रीय छन्दका चार वटा श्लोकको **शुभ-दृष्टि**, शास्त्रीय छन्दका दस वटा श्लोकको **अखण्ड भक्ति**, अनुष्टुप छन्दका सत्र वटा श्लोकको **एकता बोध**, शिखरिणी छन्दका चार वटा श्लोकको **दुर्गापूजा**, शार्दूलविक्रीडित छन्दका चार वटा श्लोकको **शान्तिको स्थापना**, अनुष्टुप छन्दका छब्बिस वटा श्लोकको **शुभैशुभ सदाकाल**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **ज्ञानकी लक्ष्मीपूजा**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **भलैभलो**, अनुष्टुप छन्दका दस वटा श्लोकको **स्वाध्याय परिवार**, शास्त्रीय विविध छन्दका पाँच वटा श्लोकको **श्रीकृष्ण**, शास्त्रीय विविध छन्दका नौ वटा श्लोकको **बाँचेको धन्य धन्य नि**, शास्त्रीय विविध छन्दका चार वटा श्लोकको **ब्रह्मात्मकै बोध**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **छोटो बाटो** र शास्त्रीय विविध छन्दका दस वटा श्लोकको **जन्मोत्सव**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **सत्तरीमा लाग्दा** हुन् ।

दोस्रो भाग प्रार्थना खण्डमा शास्त्रीय छन्दका चार वटा श्लोकको **म के गरू ?**, भ्याउरे लयका आठ वटा गीति गुच्छाको **शरणमा लेऊ गणेश**, *शिव, शक्ति, सूर्य बोल, गणपति बोल* भन्ने थेगो भएको भ्याउरे लयका आठ वटा गीति गुच्छाको **शिव बोल**, भ्याउरे लयका चार वटा गीति गुच्छाको **कृष्ण तिम्रो पाउ पर्छु**, *शिव तिम्रो पाउ पर्छु शरणमा लेऊ, मोक्ष-मन्दिर कता होला बाटो देखाइ देऊ* भन्ने थेगो भएको भ्याउरे लयका आठ वटा गीति गुच्छाको **शिव तिम्रो पाउ पर्छु**, अनुष्टुप छन्दका छ वटा श्लोकको **सरस्वती**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **शिवमा शरणागति**, उपजाति छन्दका दस वटा श्लोकको **शिव भज्न थालौं**, उपजाति छन्दका आठ वटा श्लोकको **शिवतर्फ मोड**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **भक्ति**, भ्याउरे लयका बार वटा गीति गुच्छाको **कृष्ण ! कृष्ण ! नाम जप्दै**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **ईश्वर कृपा**, शिखरिणी छन्दका चार वटा श्लोकको **कृपा होस् दुर्गाको !**, भ्याउरे लयका चौध वटा गीति गुच्छाको **मेरा कृष्ण,** अनुष्टुप छन्दका पन्ध्र वटा श्लोकको **झलमल्ल भो !**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **श्रीसरस्वती माता**, अनुष्टुप छन्दका उन्नाइस वटा श्लोकको **गाई**, *जय जय आमा, जय नेपाल, हिमनदी धमनी, भाल हिमाल* भन्ने थेगो भएको मुक्त लयका तिन वटा गीति गुच्छाको **राष्ट्रिय गान**, उपजाति छन्दका एघार वटा श्लोकको **उपासना**, भ्याउरे लयका नौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वटा गीति गुच्छाको **ईश्वरले सुन्छ**, अनुष्टुप छन्दका छ वटा श्लोकको **महान् लाभ**, अनुष्टुप छन्दका चौध वटा श्लोकको **ईश्वरको लीला** र *कृष्णजीको बानी राम्रो* छ भन्ने थेगो भएको र भजन लयका दस वटा गुच्छाको **कृष्णजीको बानी राम्रो छ** शीर्षकका कविताहरू राखिएका छन् ।

तेस्रो भाग स्वाध्याय खण्डमा शास्त्रीय विविध छन्दका आठ वटा श्लोकको **स्वाध्याय**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **सत्सङ्गले के दिन्छ ?**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **सारै दुर्लभ यो जन्म**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **शरीर दिव्य साधन !**, उपजाति छन्दका आठ वटा श्लोकको **सदुपदेश**, अनुष्टुप छन्दका चौवन्न वटा श्लोकको **विचार**, मुक्त छन्दका चार वटा श्लोकको **वेद भन्दछन्**, शास्त्रीय छन्दका चार वटा श्लोकको **शब्द-नेता**, शास्त्रीय विविध छन्दका बार वटा श्लोकको **संक्षिप्त प्रश्नोत्तरी**, *मलाई मन लाग्यो* भन्ने थेगो भएको झ्याउरे लयका सात वटा गीति गुच्छाको **मन लाग्यो**, झ्याउरे लयका आठ वटा गीति गुच्छाको **ईश्वरका सिर्जनामा**, झ्याउरे लयका आठ वटा गीति गुच्छाको **खोज**, उपजाति छन्दका आठ वटा श्लोकको **मान्छे उही हो**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **आज**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **केही चिन्तन**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **शान्तिको बाटो**, उपजाति छन्दका सोर वटा श्लोकको **आशा**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **अन्वय र व्यतिरेक**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **गुरु र शिष्य**, अनुष्टुप छन्दका चौध वटा श्लोकको **ज्ञानी**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **समस्या**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **विद्या र अविद्या**, शार्दूलविक्रीडित छन्दका चार वटा श्लोकको **यात्रा पूर्ण भयो**, शिखरिणी छन्दका चार वटा श्लोकको **शेखर छुने**, स्रग्धरा छन्दका चार वटा श्लोकको **ब्रह्मज्ञानी भएर**, शार्दूलविक्रीडित छन्दका चार वटा श्लोकको **आनन्दमै झुल्दछ**, शास्त्रीय छन्दका चार वटा श्लोकको **आनन्द वर्षा**, शार्दूलविक्रीडित छन्दका चार वटा श्लोकको **सत्य-सन्देश**, शिखरिणी छन्दका चार वटा श्लोकको **तिमी को हौ ?**, शास्त्रीय छन्दका दस वटा श्लोकको **आफू**, अनुष्टुप छन्दका चालिस वटा श्लोकको **ज्ञान र ज्ञानी**, शार्दूलविक्रीडित छन्दका पाँच वटा श्लोकको **स्वर्णिम जीवन**, उपजाति छन्दका सत्र वटा श्लोकको **प्रारब्ध र पुरुषार्थ**, शास्त्रीय छन्दका सत्र वटा श्लोकको **गुरु र शास्त्र**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **आफ्नै प्रश्न, आफ्नै उत्तर**, मालिनी छन्दका पाँच वटा श्लोकको **ब्रह्मकै चिन्तनाले**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **कुन ठिक ?**, शास्त्रीय छन्दका चार वटा श्लोकको **मेरो परिचय**, शास्त्रीय छन्दका दस वटा श्लोकको **अद्वैत आफू**, अनुष्टुप छन्दका अठार वटा श्लोकको **सन्धिको अनुसन्धान**, शास्त्रीय छन्दका सोर वटा श्लोकको **सुषुप्ति षोडशी** र शास्त्रीय छन्दका सोर वटा श्लोकको **सत्य-दर्शन** शीर्षकका कविताहरूको संकलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो भाग मुक्ति-मार्ग खण्डमा शास्त्रीय छन्दका चार वटा श्लोकको **मोक्ष नै लक्ष्य**, झ्याउरे लयका सोर वटा गीति गुच्छाको **मुक्त हुन्छन्**, अनुष्टुप छन्दका चौतिस वटा श्लोकको **उस्तै उस्तै**, मुक्त छन्दका आठ वटा कविताको **अष्टावक्रगीतासार**, अनुष्टुप छन्दका दस वटा श्लोकको **मुक्त भो, मुक्त नै थियो**, झ्याउरे लयका नौ वटा गीति गुच्छाको **ब्रह्म मेरो नाउँ**, झ्याउरे लयका नौ वटा गीति गुच्छाको **तिम्रो महिमा**, झ्याउरे लयका नौ वटा गीति गुच्छाको **ज्ञानबाट मुक्ति**, उपजाति छन्दका पन्ध्र वटा श्लोकको **सच्चरित्र**, मुक्त छन्दका पाँच वटा कविताको **बाटो बिरायौ कि ?**, शास्त्रीय छन्दका आठ वटा श्लोकको **ब्रह्म-साक्षी**, मुक्त छन्दका आठ वटा कविताको **बटुवा**, शिखरिणी छन्दका आठ वटा कविताको **मरे !**, उपजाति छन्दका दस वटा श्लोकको **खेल**, मन्दाक्रान्ता छन्दका चार वटा श्लोकको **आत्मबोध**, शास्त्रीय छन्दका पाँच वटा श्लोकको **दृश्यादि मिथ्या**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **यात्री**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **जाग्नु, माग्नु र भाग्नु**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **अध्यात्म**, शिखरिणी छन्दका दस वटा कविताको **गयो खाने बेला**, शिखरिणी छन्दका चार वटा कविताको **चेतनशिला**, अनुष्टुप छन्दका उन्नाइस वटा श्लोकको **मृत्युलाई कसरी जित्ने ?**, अनुष्टुप छन्दका बत्तिस वटा श्लोकको **आएर मर्त्यलोकमा**, शास्त्रीय छन्दका एक्काइस वटा श्लोकको **बुढ्याइँ**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **अधुरो योजना**, शास्त्रीय छन्दका दस वटा श्लोकको **एकान्त**, शिखरिणी छन्दका नौ वटा कविताको **अन्तिम घडी**, अनुष्टुप छन्दका अठचालिस वटा कविताको **ब्रह्मको खोज**, शास्त्रीय छन्दका दस वटा श्लोकको **बन्ध र मोक्ष**, अनुष्टुप छन्दका तिस वटा श्लोकको, शास्त्रीय छन्दका सत्र वटा श्लोकको **अन्तिम यात्रा**, स्रग्धरा छन्दका पाँच वटा श्लोकको **ब्रह्म हुँ**, अनुष्टुप छन्दका उन्नाइस वटा श्लोकको **मिथ्या**, शास्त्रीय छन्दका बत्तीस वटा श्लोकको **वैराग्यका चार ढोका**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **जगत् मिथ्या**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **संसारमा हराएमा**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **छोड त आउजाउ**, शास्त्रीय छन्दका एघार वटा श्लोकको **अन्तिम जन्म**, शास्त्रीय छन्दका तेइस वटा श्लोकको **चतुर्थ आश्रम**, अनुष्टुप छन्दका अठार वटा श्लोकको **मेरो घर**, शास्त्रीय छन्दका तेइस वटा श्लोकको **आज मुक्त**, शास्त्रीय विविध छन्दका तेर वटा श्लोकको **स्वरूपको ज्ञान**, मुक्त छन्दका दस वटा श्लोकको **नौ ढोके पिंजरा**, अनुष्टुप छन्दका सत्र वटा श्लोकको **शारदी पूर्णिमा** र अनुष्टुप छन्दका उनन्तिस वटा श्लोकको **बिदाइ कसरी हुने ?** भन्ने कविताहरू दिइएका छन् ।

पाँचौं भाग विविध खण्डमा *जय जगदीश्वर जय अविनाशी, जय जय बाबा करुणाराशि, लीला तिम्रो अपरम्पार, मस्तबाबा गर उद्धार* भन्ने थेगो राखी आरती लयमा संरचित पाँच वटा गुच्छाको **बाबा मस्तराम (आरती)**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **रोग र आरोग्य**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **सृष्टि**, शास्त्रीय छन्दका तेर वटा श्लोकको **नेपाल आमाको माया**, अनुष्टुप छन्दका सोर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वटा श्लोकको **चाड-पर्व**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **बेलामा नै सोच**, शार्दूलविक्रीडित छन्दका पाँच वटा श्लोकको **धरती**, शिखरिणी छन्दका बार वटा श्लोकको **चिता**, भजन लयका आठ वटा गुच्छाको **राम राम्रा देखिन्छन्**, गीति लयका आठ वटा गुच्छाको **राष्ट्र-प्रेम**, शार्दूलविक्रीडित छन्दका पाँच वटा श्लोकको **आँखा**, शार्दूलविक्रीडित छन्दका चार वटा श्लोकको **गार्हस्थ्य**, शार्दूलविक्रीडित छन्दका आठ वटा श्लोकको **यन्त्र-यन्त्री**, शार्दूलविक्रीडित छन्दका पाँच वटा श्लोकको **लक्ष्यार्थको भेदन**, शास्त्रीय छन्दका दस वटा श्लोकको **माटै-माटो**, शास्त्रीय छन्दका पाँच वटा श्लोकको **जाग**, शिखरिणी छन्दका पाँच वटा श्लोकको **शान्ति**, शास्त्रीय छन्दका एघार वटा श्लोकको **कविता-काव्य**, शास्त्रीय छन्दका तेइस वटा श्लोकको **बूढा-बूढी**, शास्त्रीय छन्दका सत्र वटा श्लोकको **निमन्त्रणा**, शास्त्रीय छन्दका एघार वटा श्लोकको **रोग र भोग**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **पिलो**, अनुष्टुप छन्दका उनन्तिस वटा श्लोकको **आजको विश्व**, अनुष्टुप छन्दका उन्नाइस वटा श्लोकको **मस्तराम बाबाजीको गुफा**, शिखरिणी छन्दका नौ वटा श्लोकको **दशम पुरुष**, अनुष्टुप छन्दका चौवालिस वटा श्लोकको **धर्मको रक्षा**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **पैसा**, शास्त्रीय विविध छन्दका पाँच वटा श्लोकको **प्रायश्चित्त**, शार्दूलविक्रीडित छन्दका छ वटा श्लोकको **सस्तो दीक्षा**, शास्त्रीय छन्दका पाँच वटा श्लोकको **सजिलो छ**, शास्त्रीय छन्दका पाँच वटा श्लोकको **म महात्मा**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **म भन्ने चरो**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **कर्फ्यु**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **देवता र मान्छे**, शास्त्रीय विविध छन्दका पाँच वटा श्लोकको **लोक कल्याण गर्ने**, मुक्त छन्दका नौ वटा कविताको **पानी दिन सक्छु म ता**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **ईश्वरका व्यापकता**, शास्त्रीय विविध छन्दका चार वटा श्लोकको **समस्यापूर्ति** (नेपाल हाम्रो घर), शास्त्रीय विविध छन्दका सोर वटा श्लोकको **श्रीकृष्ण षोडशी**, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **विवेक गर्दा**, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **मेरो देश र हाम्रा नेता**, शास्त्रीय छन्दका एघार वटा श्लोकको **हतारिएर लाग**, मुक्त छन्दका सात वटा कविताको **धरतीमा नाच्ने**, शार्दूलविक्रीडित छन्दका सोर वटा श्लोकको **श्रीपरमपूजनीय मस्तराम बाबाका चरणकमलमा**, अनुष्टुप छन्दका एघार वटा श्लोकको **श्रीपरमपूजनीय गुरुदेव अभिराम श्रीमस्तराम बाबाबाट विरचित 'गीतागुह्यम्' को भावानुवाद**, *मिथिलेशकी किशोरी सीता हरे कहाँ छिन् ?, रघुवंशकी कुमारी धरा सुता कता छिन् ?* भन्ने थेगो भएको र भजन शैलीका बार वटा गुच्छाको **मिथिलेशकी किशोरी** (वियोगी श्रीरामको बिलौना), शास्त्रीय विविध छन्दका सोर वटा श्लोकको **नाङ्गो म** र शास्त्रीय विविध छन्दका तेर वटा श्लोकको **कृतज्ञता-ज्ञापन** शीर्षकका कविता समावेश गरिएका छन् ।

मूलतः वेदान्त दर्शनलाई वर्ण्य विषय बनाइएका कविताहरू नै यस पुस्तकमा रहेका छन् । त्यसो भए तापनि गुरु मस्तराम बाबाप्रतिको श्रद्धा, विविध शुभ अवसरका शुभकामना,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड आनन्दघन परब्रह्म परमात्माप्रतिको भक्ति, शास्त्रीय उपदेश, देवी दुर्गा, लक्ष्मी, स्वाध्याय परिवार, भगवान् कृष्ण, भगवान् गणेश, भगवान् शंकर, देवी सरस्वती, गाई, देशभक्ति, ईश्वरप्रतिको श्रद्धा, प्रकृतिप्रेम, चाड-पर्व, भगवान् राम, कविताप्रतिको मोह, विश्व परिवेश, विविध क्षेत्रका सहयोगीप्रतिको कृतज्ञता जस्ता अनेक विषयलाई कवितामा ढाल्ने यसमा काम गरिएको छ । तिनै विषयलाई प्रतिनिधिका रूपमा राखेर प्रस्तुत कृतिको अध्ययन गरिएको छ ।

श्रीगुरुदेवको आरती मस्तराम बाबाको भक्तिमा आधृत आरती हो । विवेच्य कृतिको पहिलो पाठ यो हो । यसमा बाबालाई ज्ञानको ज्योति बाल्ने, मनका शंका निवारण गर्ने, जीवनमुक्त, ज्ञानवान्, देवताका स्वरूप, विवेकी, दानी, त्यागी, बुद्धि शुद्ध गरी दिने, तिन वटै पाप नाश गर्ने, शिष्यको कल्याण गर्ने, शास्त्रहरूको सार बताउने, अनुभवजन्य ज्ञान दिने, जीव नै ब्रह्म हो भन्ने कुरा स्पष्ट गर्ने, जीवनको लक्ष्य बताउने, भुक्ति र मुक्तिको उपदेश दिने सिद्ध पुरुष भनिएको छ :

प्रपन्न शिष्यहरूका लागि, शास्त्रहरूको सार दिने ।
भक्तहरूको भार उतारी, भुक्ति-मुक्तिको हार दिने ।।१०।।
जय जय जगदीश हरे, जय जय गुरुदेव हरे

गुरु तथा सिद्ध पुरुषप्रतिको भक्तिमा आधृत यस्तै रचना **बाबा मस्तराम** (आरती), **मस्तराम बाबाजीको गुफा** र **श्रीपरमपूजनीय मस्तराम बाबाका चरणकमलमा** पनि हुन् । **नयाँ वर्ष** शीर्षकको कवितामा नयाँ वर्षले जताततै आशा, भरोसा, उज्यालो, शान्ति, हर्ष, उन्नति, समृद्धि ल्याओस् र आफू ब्रह्म भएको ज्ञान सबैमा छाओस् भनी शुभकामना दिइएको छ :

सबैले चिताउन् सबैको भलाइ,
गरुन् भक्ति चोखो सदा देशलाई,
'म' छोडुन् त 'हाम्रो' भलो नै भलो छ ।
'म ता ब्रह्म' भन्दा अरू को ठुलो छ ??४।।

शुभकामनाको भाव **नवीन हर्ष, शुभ-दृष्टि, शान्तिको स्थापना, शुभैशुभ सदाकाल** र **भलैभलो** शीर्षकका कवितामा पनि प्रस्तुत गरिएको छ ।

अखण्ड भक्ति शुभकामना सूचक कविता हो तापनि यसमा वेदान्त दर्शनको सन्देश राखिएको छ । भगवान् राम तथा शिवमा अखण्ड भक्ति, विश्वास र श्रद्धा होओस्, स्वाध्याय सधैंभरि चलोस्, सत्संगमा प्रेम होस्, सच्चिदानन्द छाओस्, सांसारिक मोहबाट मन परमात्मतिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागोस्, सद्धर्म गरियोस्, मनमा शान्ति रहोस्, प्रेम, अहिंसा, सन्तोष र समताले युक्त व्यवहार होओस् भन्ने आशय यसमा व्यक्त गरिएको छ :

अध्यात्म शैली अब बाँच्न थालौं ।
क्षणार्ध नै अमृत हो नफालौं ।।
उत्कर्ष, ऊर्जा शिव चित्त लागोस् ।
गीता बुझौं मोह समूल भागोस् ।।९।।

वेदान्तको ज्ञान नै प्रा. रिसालको धन, दौलत, विद्या, वैभव, आचार, विचार, कार्य, व्यवहार, खानपान, रहनसहन, बोलीचाली आदि सबै कुरा हो । वेदान्त प्रयोग नगरी यिनको कलम नै चल्दैन । यिनका रचना मय बनेका हुन्छन् । यहाँ समेटिएका **एकता बोध, बाँचेको धन्य धन्य नि, ब्रह्मात्मकै बोध, छोटो बाटो, जन्मोत्सव, सत्तरीमा लाग्दा, म के गरूँ ?, भक्ति, ईश्वर कृपा, झलमल्ल भो !, उपासना, महान् लाभ, सारै दुर्लभ यो जन्म, शरीर दिव्य साधन !, विचार, शब्द-नेता, संक्षिप्त प्रश्नोत्तरी, मन लाग्यो, ईश्वरका सिर्जनामा, खोज, मान्छे उही हो, केही चिन्तन, शान्तिको बाटो, आशा, अन्वय र व्यतिरेक, ज्ञानी, विद्या र अविद्या, यात्रा पूर्ण भयो, शेखर छुने, ब्रह्मज्ञानी भएर, आनन्दमै झुल्दछ, आनन्द वर्षा, सत्य-सन्देश, तिमी को हौ ?, आफू, ज्ञान र ज्ञानी, स्वर्णिम जीवन, प्रारब्ध र पुरुषार्थ, आफ्नै प्रश्न, आफ्नै उत्तर, ब्रह्मकै चिन्तनाले, कुन ठिक ?, मेरो परिचय, अद्वैत आफू, सन्धिको अनुसन्धान, सुषुप्ति षोडशी, मोक्ष नै लक्ष्य, मुक्त हुन्छन्, उस्तै उस्तै, अष्टावक्रगीतासार, मुक्त भो, मुक्त नै थियो, ब्रह्म मेरो नाउँ, तिम्रो महिमा, ज्ञानबाट मुक्ति, सच्चरित्र, बाटो बिरायौ कि ?, ब्रह्म-साक्षी, बटुवा, मरे !, खेल, आत्मबोध, दृश्यादि मिथ्या, यात्री, जाग्न, माग्नु र भाग्नु, अध्यात्म, गयो खाने बेला, चेतनशिला, मृत्युलाई कसरी जित्ने ?, आएर मर्त्यलोकमा, बुढयाइँ, अधुरो योजना, एकान्त, अन्तिम घडी, ब्रह्मको खोज, बन्ध र मोक्ष, अन्तिम यात्रा, ब्रह्म हुँ, मिथ्या, वैराग्यका चार ढोका, जगत् मिथ्या, संसारमा हराएमा, छोड त आउजाउ, अन्तिम जन्म, चतुर्थ आश्रम, मेरो घर, आज मुक्त, स्वरूपको ज्ञान, नौ ढोके पिंजरा, बिदाइ कसरी हुने ?, रोग र आरोग्य, सृष्टि, बेलामा नै सोच, धरती, चिता, आँखा, गार्हस्थ्य, यन्त्र-यन्त्री, लक्ष्यार्थको भेदन, माटै-माटो, जाग, शान्ति, बूढा-बूढी, निमन्त्रणा, रोग र भोग, पिलो, दशम पुरुष, धर्मको रक्षा, पैसा, प्रायश्चित्त, सस्तो दीक्षा, सजिलो छ, म महात्मा, म भन्ने चरो, कर्फ्यु, देवता र मान्छे , लोक कल्याण गर्ने, पानी दिन सक्छु म ता, ईश्वरको व्यापकता, विवेक गर्दा, हतारिएर लाग, धरतीमा नाच्ने, नाङ्गो म र श्रीपरमपूजनीय गुरुदेव अभिराम श्रीमस्तराम बाबाबाट विरचित 'गीतागुह्यम्'** को भावानुवादमा पनि मूलतः वेदान्त नै रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गापूजा कवितामा देवी दुर्गाप्रतिको भक्ति प्रस्तुत गरिएको छ । यसमा भनिए अनुसार समस्त मातृ शक्तिकी प्रतिनिधि दुर्गा हुन् । संसारको पालन तथा संरक्षण यिनी गर्दछिन् । ज्ञान, शान्ति, सुख, आनन्द, सन्तोष र सद्गुण यिनी दिन्छिन् । शिवा, शान्ति, कान्ति, गिरा, काली, लक्ष्मी, विजया आदि समस्त देवी शक्ति यिनै हुन् । सबैको कल्याण यिनी गर्दछिन् :

दया, माया गर्छिन् जगत जननी भक्ति गरदा ।
सबै इच्छा छोडी, शरण शिरले पाउ परदा ।।
शिवा, शान्ति, कान्ति तन र मनमा सौरभ छरुन् ।
गिरा, काली, लक्ष्मी विजय विजयाले शुभ गरुन् ।।४।।

भगवती दुर्गाको भक्तिलाई आधार बनाएर रचना गरिएको यस कृतिको अर्को पाठ **कृपा होस् दुर्गाको** ! पनि हो । **ज्ञानकी लक्ष्मीपूजा** शीर्षकको कवितामा धनकी लक्ष्मीको पूजाभन्दा पनि ज्ञानकी लक्ष्मीको पूजालाई महत्त्व दिनु उचित हुन्छ भनिएको छ । यस कविताको आशय के हो भने धनकी लक्ष्मीको पूजा गर्दा उपासकहरू बाहिर बत्ती बाल्दछन् र उज्यालो पनि बाहिरै हुन्छ । भित्री मनमा बत्ती बालेमा मन उज्यालो हुन्छ । साथै काग, कुकुर, नन्दी, गाई, भाइ अर्थात् जीवको पूजा पनि ब्रह्मकै पूजा हो । त्यस्तो पूजामा तिनलाई साक्षात् परमेश्वर ठान्नु पर्दछ । आत्मपूजा त झनै राम्रो कार्य हो । त्यसले आफूलाई ब्रह्म मान्ने विचार प्रवाह गर्दछ । लक्ष्मीले जसरी भए पनि धन कमाउने सल्लाह कहिल्यै दिँदिनन् । सत्य, न्याय, इमान्दारी, धर्म पालनबाट आर्जन भएको धन नै लक्ष्मीले रुचाउँछिन् । असली धन त आत्मज्ञान नै हो । भित्री उज्यालो फैलाई देह र संसारको मोहबाट मुक्त भएर परमार्थको आलोकले मनको संसार झल्झलाकार तुल्याउनु नै लक्ष्मीको असली पूजा गर्नु हो :

कर्मको, भक्तिको बत्ती, झलमल्ल सबैतिर ।
ज्ञानदीप बलोस् नित्य, वैराग्य भित्र-बाहिर ।।१४।।
लक्ष्मीको वास होस् गेह, देहमा ममता नहोस् ।
दीपावली यही नै होस्, संसार-वासना छुटोस् ।।१५।।

स्वाध्याय परिवार भन्ने कवितामा बताइए अनुसार ब्रह्मविद्याका उपासकहरूले कहिल्यै स्वाध्यायबाट विमुख हुनु हुँदैन । स्वाध्याय भनेको ज्ञान साधना हो । यस कार्यमा उदासीनता अपनाउनु हुँदैन । वार्षिकोत्सवको उपलक्ष्यमा स्वाध्याय परिवारलाई दिएको शुभकामनामा कविले निम्न लिखित कुरा व्यक्त गरेका छन् :

अझै प्रेम बढोस् आफ्नै, स्वाध्याय परिवारमा ।
स्वाध्याय नछुटोस् कैले, अल्झेर व्यवहारमा ।।३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु, शास्त्र र सत्संग, भन्छन्– आफू त ब्रह्म हो ।
सुनमा देखिने नाना, गहना सुन मात्र हो ।।४।।

स्वाध्याय, सत्सङ्गले के दिन्छ ?, सदुपदेश, वेद भन्दछन्, आज, गुरु र शिष्य, समस्या र गुरु र शास्त्र भन्ने कवितामा पनि प्रकारान्तरले यस्तै आशय प्रकट गरिएको छ ।

श्रीकृष्ण नामक कवितालाई पनि कविका अभिरुचिको प्रतिनिधि रचना भन्न सकिन्छ । भगवान् कृष्णप्रतिको भक्ति धेरैतिर कविले पर्याप्त मात्रामा गरेका छन् । साक्षात् परमात्मा कृष्ण भगवान् हुन् तर अनेक लीला गरेर सामान्य मान्छे जस्तै बनी पृथिवीमा व्याप्त अज्ञान, मोह, अन्याय, अधर्म र असत्य समाप्त गर्न यिनी सदा अग्रसर बन्दछन् भन्ने कुरा कविले आफ्ना विभिन्न कवितामा व्यक्त गरेका छन् :

हजारौं कन्याले वरण गरियौ ब्रह्मरुपमा ।
सदा ब्रह्मैचारी रमण गरने वेदविधिमा ।।
कला केली बुझ्नै अति कठिन भो वक्र छ गति ।
नजानी वा जानी शरण म परें देउ सुमति ।।४।।

भगवान् कृष्णप्रतिको अगाध आस्था प्रकट गरी रचिएका यस कृतिका अन्य कविता **कृष्ण तिम्रो पाउ पर्छु, कृष्ण ! कृष्ण ! नाम जप्दै, मेरा कृष्ण, कृष्णजीको बानी राम्रो छ र श्रीकृष्ण षोडशी** पनि हुन् ।

शरणमा लेऊ गणेश भन्ने कविता भगवान् गणेशको वन्दनामा आधृत रचना हो । हात्तीको टाउको, लामो पेट, नाङ्ला जत्रा कान, सिंदुरको टीका, लड्डूको भोजन, सर्पको जनै, चार हात, लामो सुंड, ऋद्धि र सिद्धिको साथ, शिरमा चन्द्रमा, सगुण र निर्गुण रूप भएका शक्ति प्रदायक गणेश भगवान्ले विघ्न हरण गर्ने र मंगल दिने काम गर्दछन् भन्ने भाव यस कवितामा प्रस्तुत गरिएको छ :

बुद्धि ठण्डा, मुसे झण्डा शिरमा छन् चन्द्र ।
सर्वत्र नै पूजित छौ, ब्रह्मा, विष्णु, रुद्र ।।७।।

शिव बोल शीर्षकको कविता नाम अनुसार भगवान् शंकरको भक्तिमा केन्द्रित छ । कविले थुप्रै कतिमा भगवान् शंकरको स्तुति गरेका छन् । यो कविता शिवभक्तिको प्रतिनिधि रचना हो । यस कृतिमा यस्तै भावका अन्य कविता पनि समावेश गरिएका छन् । पराविद्याका धुरी मानिने ईश्वर भगवान् शिव हुन् । सगुण र निर्गुण दुवै रूपमा यिनको वन्दना गरिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टि आफ्नो सुधार है, सृष्टि सुधारिन्न !
जीव, जगत् भिन्न होलान्, आत्मा छैन भिन्न !!२!!
सगुण र निर्गुणमा भेद छँदैछैन !
नाम, रूप भिन्न होलान्, तत्त्व भिन्न हैन !!३!!

शिव तिम्रो पाउ पर्छु, शिवमा शरणागति, शिव भज्न थालौं र शिवतर्फ मोड भन्ने कविता पनि भगवान् शंकरको स्तुतिमा आधृत यस पुस्तकका रचना हुन् ।

सरस्वती नामक कवितामा देवी सरस्वतीप्रतिको भक्ति प्रस्तुत गरिएको छ । शिक्षा क्षेत्रमा जीवन समर्पण गरेका हुनाले कविमा देवी सरस्वतीप्रति विशेष आस्था देखिएको हुनु पर्दछ । यसमा सरस्वतीका हजारौं नाम छन् भन्दै यिनी नै पराशक्ति, पराविद्या, पराज्ञान, परात्परा, आद्या शक्ति हुन् र वाणीकी देवी हुन् भनिएको छ । ज्ञान र विज्ञानकी सिन्धु पनि यिनै हुन् भन्ने कुरा पनि यस कवितामा बताइएको छ :

ब्राह्मी र भारती, माता, धृति, नीति, वसुन्धरा ।
चिति, शान्ति, प्रभा, कान्ति, श्रुति, स्मृति, ऋतम्भरा ।।२।।
हजारौं नाम वा रूप, काम, धाम हजारले ।
पराम्बा गर कल्याण ! विद्याका वरदानले ।।३।।

श्रीसरस्वती माता भन्ने कवितामा पनि सरस्वतीको भक्ति गरिएको छ ।

गाई शीर्षकको कवितामा बताइए अनुसार आमा, गुरु, गाई, भाइ र देशको जहिले पनि भरोसा हुन्छ । आमा, गुरु, गाई र देश कहिल्यै बुढा हुँदैनन् । यिनका प्रति जहिले पनि भक्ति गर्नु पर्दछ । यिनलाई साटफेर गर्ने, बेच्ने, अरूलाई दिने र उपेक्षा गर्नेहरूको कल्याण हुँदैन । गाईलाई समस्त देवताकी साक्षात् अवतार मानिन्छ । गाईको सेवा धर्म हो र सत्कार्य पनि हो । गाईको दुध आरोग्य दिने, पोषण दिने, बुद्धिवृद्धि र मेधावृद्धि गर्ने भएकोले अमृत भनिन्छ । ईश्वरको पूजा अर्चनामा गाईकै दुध चढाइन्छ । यी सबै कारणले गाईको सेवामा कमी आउन दिनु हुँदैन :

गाई, गुरु पवित्रै छन्, अग्निझैं ज्ञान-भावले ।
पगारे ज्ञान बर्सन्छ, श्रद्धा-प्रज्ञा-प्रभावले ।।११।।
जननी, जन्मभूमि ता, साटिन्नन् धन आदिले ।
स्वर्गभन्दा अझै उच्च, मान बुद्धि, विवेकले ।।१२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय गान नामक कविता पनि कविका विशेष भावनाको प्रतिनिधि रचना हो । देश भक्तिका वारेमा कविले थुप्रै कविता र निबन्ध लेखेका छन् । देश सधैं स्वस्थ रहनु पर्दछ भन्ने धारणा कविको छ । देशको हित हुनु भनेको समस्त देशवासीको हित हुने काम गर्नु हो । कुनै पनि नागरिकले असुरक्षा, भेदभाव, अन्याय, शोषण, अपहेलना र असमताको अनुभूति गर्ने अवस्था आउन नहुने कुरामा कविले जोड दिएका छन् ।

संस्कृति भाषा-धर्म सबैको ।
संरक्षण होस्, जन-जातिको ।।
शान्ति, प्रगति, ज्योति लिएर ।
युग-युग बाचौं एक भएर ।।४।।

देशभक्तिको भावनालाई आधार बनाएर रचिएका **नेपाल आमाको माया, राष्ट्र-प्रेम, समस्यापूर्ति** (नेपाल हाम्रो घर) र **मेरो देश र हाम्रा नेता** जस्ता कविता पनि यस पुस्तकमा समावेश गरिएका छन् ।

ईश्वरले सुन्छ भन्ने कवितामा वेदान्त दर्शनकै कुरा प्रस्तुत गरिएको छ । यस रचनामा भनिए अनुसार दृष्टि राम्रो भयो भने सृष्टि राम्रो हुन्छ । शरीरलाई आफू ठान्नु र सांसारिक मोहमा फस्नु अज्ञान हो । जीव नै ईश्वर हो । जीव र शिवमा भेद हुँदैन । त्यसैले आफूलाई चिनेर कर्तव्य पालन गर्नु पर्दछ । भित्री मनदेखि गरिएको भक्ति ईश्वरले सुन्दछन् । ईश्वर जताततै छन् । तिनलाई चिन्न सक्नु नै ज्ञानी बन्नु हो :

देह-गेह साँचो माने, सधैं अलमल ।
आत्मज्योति बलेपछि, सबै झलमल ।।२।।
तिमी मान्छे मात्रै हैनौ, देवताको वास ।
हृदयमा बसेको छ, छोड आश, त्रास ।।५।।

ईशभक्तिलाई महत्त्व दिएर रचना गरिएको **ईश्वरको लीला** नामक कविता पनि यस कृतिमा राखिएको छ ।

सत्य-दर्शन कविता यस पुस्तकको नामको रचना हो । यसमा कविले वेदान्त दर्शनको सार प्रस्तुत गरेका छन् । यसमा व्यक्त गरिएको भाव र सोको स्वरूप प्रकट गर्न दिइएको नामप्रति कविलाई सन्तोष मिलेको कुरा पनि पुस्तककै नाम दिएबाट थाहा हुन्छ । कविको समष्टि व्यक्तित्वको प्रतिनिधि पनि यो कविता हो :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्कें म आफूतिर खोज्न थालें ।
छोडें सबै नै भवका व्यथाले ।।
रहेछु आफैं शिव सत्य आत्मा ।
बाँकी त मिथ्या, सपना, अनात्मा ।।९।।

शारदी पूर्णिमा प्राकृतिक सौन्दर्यप्रति मोहित हुने कविको प्रतिनिधि कविता हो । यसमा नेपाली संस्कृतिमा आएको विकृतिको पनि चर्चा गरिएको छ । ब्रह्म रस प्रवाह गर्ने सुन्दर दिनका रूपमा कविले शारदी पूर्णिमालाई देखेका छन् । यस दिनको शोभाबाट मुग्ध नहुने कोही हुँदैन भन्ने विश्वास कविको छ । वेदान्तलाई कविले यहाँ पनि छोडेका छैनन् :

अब वर्षा समाप्तै भो, धरा, आकाश निर्मल ।
ताराका बीचमा कृष्ण-चन्द्र शोभित झल्मल ।।२।।
मुरलीधर बोलाए, मुरलीका निनादले ।
आऊ रास रचौं भन्दै, अद्वैत ब्रह्मभावले ।।९।।

चाड-पर्व नेपाली परम्परा र संस्कृतिका प्रेमी कविले चयन गरेको भिन्न विषयको कविता हो । चाडपर्वको परम्परा जुन उद्देश्यले स्थापना गरिएको हो त्यसभन्दा नितान्त भिन्न बाटोमा समाज अग्रसर बनेकोमा कवि यस कविताका माध्यमबाट चिन्ता व्यक्त गर्दछन् । कुनै पनि जीवको हिंसा गरेर रमाइलो मनाउनु चाड होइन भन्ने धारणा कविको छ । कविले यस कवितामा भने अनुसार मन, वाणी, कर्म, तपस्या र त्यागका साथ चित्त शुद्ध गर्नका लागि चाडबाड मनाउन थालिएको कुरा अब सबैले बुझ्नु आवश्यक छ :

उद्देश्य चाडको अर्कै, अर्कै भो व्यवहारमा ।
सदा चिन्ता, समस्या छ, अशान्ति अनुहारमा ।।१३।।
औपचारिकतामा नै, भयो सीमित संस्कृति ।
कता भक्ति ? कता ज्ञान, न शान्ति, बरु विकृति ।।१५।।

राम राम्रा देखिन्छन् शीर्षकको कविता भगवान् रामप्रतिको भक्तिमा आधृत रचना हो । यसमा जीवनका प्रत्येक व्यवहार आदर्शमय बनाउने सन्देश स्वयं उदाहरण बनेर पेस गर्ने पात्र भगवान् रामबाट सच्चरित्र सिक्नु पर्ने कुरा बताइएको छ । राम नै परमात्मा हुन् भन्दै राममय बन्न कवि आफ्ना पाठकहरूलाई सल्लाह दिन्छन् :

भोलेबाबा रामलाई, इष्टदेव मान्छन् ।
साधु, सन्त, भक्त, ज्ञानी, रामामृत खान्छन् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्दा, उठ्दा रामनाम, जपौं दिव्य माला ।
राममय बनोस् देह, राम यज्ञशाला ।।६।।

मिथिलेशकी किशोरी (वियोगी श्रीरामको बिलौना) भन्ने कविता पनि भगवान् रामको भक्तिको रचना हो ।

कविता-काव्य भन्ने कवितामा साहित्यमा सच्चिदानन्दघन परमात्माका ज्ञानको प्रयोग हुनु पर्ने कुरा बताइएको छ । भौतिक जीवनलाई उपलब्धिमूलक र उच्च स्तरको बनाउनका लागि साहित्यमा आध्यात्मिक ज्ञानका कुरा पाइनु पर्दछ भन्ने धारणा कवि व्यक्त गर्दछन् । यसमा पनि कवि वेदान्ती नै देखिएका छन् :

जे हो त्यही मात्र त काव्य हैन ।
यस्तो बनोस् भन्नु त दोष छैन ।।
अध्यात्म वा नैतिक बन्नुपर्छ ।
जे ब्रह्मले देख्तछ भन्नुपर्छ ।।४।।

आजको विश्व भन्ने कविता आजको विश्वको अवस्थाप्रति चिन्तित कविका भावनाको प्रतिनिधि रचना हो । देशका साथै देशान्तरका गतिविधिप्रति चनाखो भएर ध्यान दिने कविको प्रवृत्ति पनि यसले प्रस्तुत गेरको छ । यसमा भनिए अनुसार आज मान्छेले भौतिक सुविधा पर्याप्त मात्रामा जुटाए पनि प्रकृतिमाथि अनेक प्रकारका प्रदूषण थपेर जतातत्तै विष फैलाई जीवनलाई अशान्त बनाएको छ । प्राणीहरूमा हाहाकार, अशान्ति र आतंक उत्पन्न गराउने काम पनि आजको मान्छेले गरेको छ । यो क्रम कम हुनको सट्टा दिनानुदिन बढ्दै जानु चिन्ताको विषय हो । गरिब र धनीका बिचको विभेद बढ्दा आज संसारमा अविश्वास पनि बढेको छ । आजको विश्वको गति सन्तोषजनक देखिँदैन :

सुविधा भो निकै राम्रो, वैज्ञानिक समुन्नति ।
प्राप्ति भो तृप्ति ता शून्य, क्रान्ति भ्रान्ति र दुर्गति ।।६।।
मुखमा रामको नाम, गोजीमा धारिला छुरा ।
आँसु, रगतका खोला, देखी रुन्छिन् बसुन्धरा ।।८।।

कृतज्ञता-ज्ञापन शीर्षकको कविता यस पुस्तकको अन्तिम रचना हो । दसैं, तिहार, जन्म दिन, विभिन्न चाडबाड, सत्संगका सहभागी, स्वाध्याय परिवारका सदस्य र अन्य व्यक्तिले दिएका शुभकामनाप्रति धन्यवाद दिँदै रचना गरिएको कविता यो हो । यसमा पनि कवि वेदान्ती नै देखिएका छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'ज्ञानैमात्र समर्थ मोक्ष दिनमा' भन्ने सदा-सर्वदा ।
मुक्ति, प्राप्ति त भक्ति-साधन, सुधा, साझा, सफा सम्पदा ।।
सुन्दै धन्य भयौं अझै भइरहौं, तिम्रो सदा होस् जय ।
ब्रह्मात्मैक्य बुझी अखण्ड सुखले, हामी बनौं निर्भय ।।१३।।

चिन्तनका आधारभूत पक्षलाई यस पुस्तकमा निकै बौद्धिक तरिकाले प्रस्तुत गरिएको छ । मानव जीवनलाई शान्ति र आनन्दसित बाँच्न सिकाउने बाटो देखाउने काम यसमा भएको छ । यसभन्दा पहिलेका कृतिहरूभन्दा यो पुस्तक बढी उन्नत बनेको छ । ब्रह्मलाई नै प्रतिपाद्य विषय बनाइएकोले यसमा पनि सोझै वा प्रकारान्तरले लगभग उस्तै कुराको चर्चा गरिएको पाइन्छ । सरल भाषा र प्रभावकारी शैलीमा वेदान्त दर्शनका विविध पक्षमाथि प्रकाश पार्ने काम यसमा समेटिएका कविताले गरेका छन् । कविताका माध्यमबाट ब्रह्मतत्त्वको ज्ञान दिने यो कृति नेपाली साहित्यको निधि हो । शास्त्रीय छन्दका साथै मुक्त छन्दका कविता, आरती, भजन, विभिन्न प्रकारका झ्याउरे तथा गीतको प्रयोगमा सजाइएका विविध भाव र विषयका पद्य रचनाले सजिएको कृति यो हो । कविको मनभित्रका भाव स्वाभाविक रूपमा समेट्न सफल कविताहरूको संग्रह पनि यो पुस्तक हो ।

४.२.३३ अमृतका थोपा

अमृतका थोपा (आध्यात्मिक अमर वाणीहरू) श्रीमती ज्योति अधिकारीको आर्थिक सहयोगमा स्वाध्याय परिवार भैरवस्थान, ललितपुरद्वारा २०६८ सालमा प्रकाशित प्रा. शिवगोपाल रिसालको बत्तिसौं कृति हो । डिमाई आकारको यस पुस्तकमा प्रारम्भिक अंश १० तथा पाठको अंश २३४ गरी जम्मा २४४ पृष्ठ छन् । आवरणको पहिलो पृष्ठमा चौकुने घेराभित्र ॐ लेखिएको कलशबाट पोखिँदै गरेको अमृतको रेखाचित्र तथा त्यसभन्दा माथि बिच भागमा निलो रंगको थोपाको चित्र दिइएको छ । त्यस चित्रको माथि सेतो रंगमा पुस्तकको नाम **अमृतका थोपा** र मुनिको बिच भागमा गाढा निलो रंगमा **प्रा. शिवगोपाल रिसाल**को नाम लेखिएको छ । पछिल्लो पृष्ठको माथिल्लो भागको बायाँतिर प्रा. शिवगोपाल रिसालको रंगीन चित्र तथा दायाँतिर आवरणको पहिलो पृष्ठकै ॐ लेखिएको कलशबाट पोखिँदै गरेको अमृतको रेखाचित्र राखिएको छ । सोभन्दा मुनि त्यस बखतसम्म प्रकाशित प्रा. रिसालका कृतिहरूको नाम र प्रकाशन वर्षको विवरण तथा तल्लो भागको दायाँ कुनामा ISBN दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठ र त्यसपछिका पनि चार पृष्ठ खाली राखिएका छन् ।

दुई पृष्ठको पुस्तकको परिचयपछि रचनाकारका पितामहको उभिएको पूर्ण कदको श्यामश्वेत चित्र तथा त्यसका मुनि समर्पण दिइएको छ । समर्पणको पछिल्लो पृष्ठ खाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोडिएको छ । त्यसपछि तिन पृष्ठको स्वाध्याय परिवारका प्रतिनिधि रविप्रसाद पराजुलीको प्रकाशकीय र एक पृष्ठको **प्रेमपूर्वक स्वीकार गरिदिनुहोस्** शीर्षकको प्राध्यापक शिवगोपाल रिसालको भूमिका दिई एक पृष्ठमा विषयसूची राखिएको छ । त्यसका पछाडिको पृष्ठ पनि खाली नै छ । यी सबै अनुक्रम पछाडि मात्र पुस्तकको विषयवस्तु प्रस्तुत गरिएको छ । लेखक प्रा. रिसाल भए पनि यस पुस्तकमा दिइएका सारभूत तत्वका संकलक, सम्पादक, प्रस्तोता, नमुना निर्माता र व्यवस्थापक भने रविप्रसाद पराजुली हुन् । रचनाकारको भूमिका पढ्दा सो कुरा थाहा हुन्छ ।

अभेद-दर्शन, ब्रह्मजिज्ञासा, सुख कहा छ ?, वैदिक संस्कृति, ईश्वरको अनुग्रह, प्रेमदेखि परमात्मासम्म, सन्तमहिमा, संसार कस्तो छ ?, ज्ञानको चमत्कार र **मृत्युविज्ञान** समेत गरी समीक्ष्य पुस्तकमा दस वटा शीर्षक छन् । यी सबै शीर्षक प्रा. रिसालका दार्शनिक आध्यात्मिक निबन्ध संग्रहका नाम हुन् । यी पुस्तकहरूमा वेदान्त दर्शनका मूलभूत तत्त्वको विवेचना विभिन्न पाठको व्यवस्था अन्तर्गत रहेर गरिएको छ । तिनै तत्त्वहरू यस कृतिमा राखिएका छन् । त्यसैले यो छुट्टै कृति नभएर प्रा. रिसालका उपर्युक्त पुस्तकहरूको सार संग्रह हो । ती पुस्तकहरूमा राखिएका मूलभूत भावको सार २१२१ वटा बुँदामा प्रस्तुत गरी तयार पारिएको कृति भएकोले यसलाई *अमृतका थोपा* भनिएको छ । गाताको पहिलो पृष्ठमा राखिएको कलश पनि सोही कुराको संकेत हो । विषयसूचीमा विचारको सार लिइएका पुस्तकको नाम र पाठको शीर्षकमा सो पुस्तकको नाम दिई *प्रकाशित ग्रन्थ* (अमुक) *बाट झिकिएका अमर वाणीहरू* भनिएको छ । जस्तै *अभेद-दर्शन* भन्ने पुस्तकबाट झिकिएको सारलाई *प्रकाशित ग्रन्थ 'अभेद-दर्शन' बाट झिकिएका अमर वाणीहरू* भनिएको छ । मूलतः वेदान्त दर्शनलाई वर्ण्य विषय बनाइएका रचनाहरूबाट नै सार संग्रह गर्ने काम यस पुस्तकमा भएको छ ।

प्रा. रिसालका उपर्युक्त दस वटा पुस्तकमा व्यक्त गरिएका चिन्तनका निकै बौद्धिक र आधारभूत पक्षलाई बुँदामा आबद्ध गर्ने कार्यको प्रतीक यो कृति हो । यसमा संकलन गरिएका बुँदाहरूले मानव जीवनलाई शान्ति र आनन्दसित बाँच्न सिकाउने बाटो देखाएका छन् । वेदान्त दर्शन र ब्रह्मतत्त्वको सेरोफेरोका विषयवस्तुभन्दा बाहिर जसरी प्रा. रिसाल जान सक्तैनन् त्यसरी नै यो पुस्तक पनि वेदान्तकै व्याख्या गर्ने मूलभूत तथ्यमा केन्द्रित रहेको छ । त्यस्तो ज्ञान सरल भाषामा प्रस्तुत गर्नु यसको विशेषता हो । वेद, उपनिषद्, गीता र पुराण आदिमा भनिएका कुरा विभिन्न तरिकाले स्पष्ट गर्ने काम यसमा भएको छ । वेदान्तकै चिन्तनका घेरा बाहिर नगए पनि जीवन र जगत्, मानवीय स्वभाव र हालको विश्व परिवेश, शिक्षा र स्वास्थ्य, इतिहास र भूगोल, प्रकृति र संस्कृति, ज्ञान र विज्ञान, विकृति र विसंगति, मूल्य र मान्यता जस्ता अनेकौं कुराको चर्चा यसमा गरिएको छ । अझ मानव जीवनलाई शान्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आनन्दसित बाँच्न सिकाउने र मानव जीवनको अन्तिम, कल्याणकारी तथा उद्धारक बाटो देखाउने काम यसमा भएको छ ।

गुरुको ज्ञान, चरित्र, चिन्तन, आस्था, त्याग, तपस्या, महत्ता र समष्टि उचाइ चेलाको आचारव्यवहार तथा कार्य कौशलबाट प्रकट हुन्छ । धेरै ठुला अध्येता, अनुभवी, ज्ञानी, चिन्तक र योगीहरू व्यावहारिक जीवनको असली कुरा यही हो भन्ने कुरा बताउँदैनन् किनभने उनीहरू आफूलाई केही नजान्ने वा अज्ञानी ठान्दछन् । प्रा. रिसाल पनि आफूलाई रित्तो, शून्य, नाङ्गो, केही नजान्ने र अबोध भन्दछन् । जीवनको सारभूत दर्शनलाई आधार बनाएर दर्जनौं निबन्ध, कविता, खण्डकाव्य, महाकाव्य, जीवनी जस्ता साहित्यिक रचना प्रकाशमा ल्याए पनि आफूले केही नगरेको र गर्ने गराउने त कोही अर्कै भएको कुरा प्रा. रिसाल बताउँछन् । दार्शनिक दृष्टिले यिनको यस्तो भनाइ ठिक पनि हुन सक्तछ । त्यसो हुँदाहुँदै पनि केही पुस्तकभित्र समेटिएका तात्त्विक पक्ष यतिका ज्यादा देखिएका परिप्रेक्ष्यमा सामान्य व्यक्तिभित्रको परमेश्वरभन्दा प्रा. रिसालभित्रको परमेश्वर ज्यादा शक्तिशाली रहेको कुरा सजिलैसित थाहा पाउन सकिन्छ ।

यस पुस्तकको नाम *अमृतका थोपा* राखिएको छ । थोपा थोपा मिलेर नै समुद्र बन्ने यथार्थका सन्दर्भमा यो नाम उपयुक्त नै देखिन्छ । एकेक थोपाको योगबाट भरिएको घडाभन्दा बाहिर पनि बगेको अमर वाणीरूपी अमृतको अवस्था देख्दा यसलाई सूक्तिसिन्धु पनि भन्न सकिन्छ । शारीरिक दृष्टिबाट अस्वस्थ भएर पनि माथि भनिएका पुस्तकहरूको ज्यादै गहिरो अध्ययन गरी रविप्रसाद पराजुलीले यस पुस्तकका २१२१ वटा सूक्ति जम्मा गर्नु भनेको ज्ञानका लागि गरेको निकै ठुलो साधना हो । यसबाट समयको सदुपयोग गर्ने, जस्तोसुकै अवस्थामा पनि आफूलाई कमजोर तथा अस्वस्थ नठान्ने, आत्मबलको परिचय दिने, ज्ञानको उपासना गर्ने, गुरुको भक्ति गर्ने, समाजको सेवा गर्ने, पुण्य लाभ गर्ने, आफूमा रहेको रचनात्मक क्षमताको चिनारी दिने लगायतका रविको सच्चरित्रताका विविध पक्षको उद्घाटन भएको छ । यावत् दृष्टिले स्वस्थ रहेकाहरूलाई सत्कार्य गर्नका लागि उत्प्रेरित गर्ने आधार पनि यो कृति हो । यसको अध्ययन गर्नु भनेको प्रा. रिसालका उपयुक्त दस वटै पुस्तकमा रहेको सार ग्रहण गर्नु हो ।

४.२.३४ नाङ्गो दर्शन

सेता तिन वटा सरल रेखाका बिचमा पहेँलो रङ्गको गोलो टीकामा सजाइएको भगवान् शङ्करको प्रस्तर सज्जित लिङ्गको चित्र मध्य भागमा राखेर माथि पुस्तक र तल लेखकको नाम राखी कत्था रङ्गको पृष्ठभूमिको आवरणमा छापिएको सामान्य आकारको पुस्तक *नाङ्गो दर्शन* हो । ८+५३+१=६२ पृष्ठ यसमा छन् । रविप्रसाद पराजुलीको संयोजन र राजन पराजुलीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डिजाइनमा यसको आवरण तयार पारिएको कुरा लेखकले भूमिकामा बताउनु भएको छ । त्यसै गरी गाताको पछिल्लो पृष्ठमा लेखकको चित्र, हालसम्म प्रकाशित लेखकका पुस्तकहरूको सूची र समीक्ष्य पुस्तकको अनुक्रमाङ्क (ISBN) अङ्कित छ । अभिराम श्रीमस्तराम बाबा, श्रोत्रिय ब्रह्मनिष्ठ डा. क्षितीशचन्द्र चक्रवर्ती र श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती (खप्तड बाबा) समेतका तिन जनामा समर्पित यस कृतिमा लेखकको मात्र भूमिका छ । सुश्री जमुना अधिकारीको अर्थ सहयोगमा स्वाध्याय परिवार जावलाखेलले यसको प्रकाशन गरेको बेहोरा परिचय अंशमा उल्लेख गरिएको छ ।

प्राध्यापक शिवगोपाल रिसालको *अष्टावक्रगीता, माण्डूक्यकारिका, योगवासिष्ठ महारामायण, ईशादि नौ उपनिषद्, श्रीमद्‌भगवद्‌गीता, प्रकरणग्रन्थ,* विकिपेडियाको फ्री *इन्साइक्लोपेडिया, इन्साइक्लोपेडिया अमेरिकाना*को तेरौँ भाग, *कल्याण* पत्रिकाको *लिङ्गपुराणाङ्क* र *महर्षि याज्ञवल्क्य* जस्ता अनेकौं कृतिको अध्ययनबाट प्राप्त ज्ञान, लामो जीवन तथा अध्यात्म साधनाको अनुभव एवं चिन्तनको शृङ्खलाबाट अर्जित विचारको संयोगबाट यस पुस्तकको जन्म भएको हो । लेखकका अनुसार वासना रहित, कामक्रोध रहित, अज्ञान रहित, अविद्या रहित, अध्यास रहित, मलदोष रहित, विक्षेप रहित, आवरण दोष रहित हुनु नै नाङ्गो हुनु हो । अद्वैत वेदान्तको यस सिद्धान्तको सरल नेपाली भाषामा व्याख्या गरी तयार पारिएको रचनालाई नाङ्गो दर्शन भनेर लेखकले यो कृति सार्वजनिक गरेका छन् । नाङ्गो दर्शनका बारेमा कविता र निबन्ध प्रकाशनमा ल्याइएको, विभिन्न सञ्चार माध्यमका प्रतिनिधि तथा प्रश्नकर्तासित अन्तर्वार्ता गरिएको र समय समयका प्रवचनमा व्याख्यान दिइएको पृष्ठभूमिको प्रसङ्ग पनि लेखकले भूमिकामा उठाउनु भएको छ । नाङ्गो दर्शनलाई चिनाउँदै लेखक यसो भन्दछन् :

जाग्रत आदि तीन अवस्था, अन्नमय आदि पाँच कोश, सत्त्व आदि तीन गुण, पृथ्वी आदि पञ्च महाभूत, त्यस्तै पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, पाँच प्राण, चार अन्तःकरण, पाँच क्लेश आदि, काम, क्रोध आदि छ शत्रु र अविद्या, अज्ञान, अभ्यासलाई आफूबाट नङ्ग्याएर निरावरण आफूको अर्थात् विशुद्ध, निर्विकार, निर्गुण, निरञ्जन ब्रह्मस्वरूपको साक्षात्कार गरी जन्म-मृत्युको जञ्जाल र सञ्जालबाट पार पाउनु नै 'नाङ्गो दर्शन'को इष्ट हो, अभीष्ट हो ।

यस मूल मर्मलाई नै अनेकौं उदाहरण र तर्कमा फैलाएर लेखकले यो पुस्तक तयार गरेका छन् । यसमा दिइएका शीर्षकहरू निम्न लिखित हुन् :

परिचय, नाङ्गो स्वरूप : व्यापक दृष्टिमा, नाङ्गो सृष्टि, पञ्चीकरणको सिद्धान्त, पञ्चकोश, मनका वृत्तिहरू : नाङ्गै नाङ्गा, नाङ्गो प्रकृति, सन्न्यास : नाङ्गो सिद्धान्त, उपभोग्य वस्तु नाङ्गा : नङ्ग्याएर उपभोग गर्ने, साहित्य, सङ्गीत र कला नाङ्गा, नाङ्गो प्रकृति, सबै दर्शन नाङ्गा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकासवाद नाङ्गोवादतिर, वेदान्त दर्शन र नाङ्गोवाद, श्रीमस्तराम बाबा, हामी नाङ्गिदै छौ, नाङ्गो हुनुमा आनन्द छ, सबै नाङ्गै नाङ्गा, वेदका चारै महावाक्य नाङ्गा छन्, पुराणका कथामा नाङ्गाको महिमा, नाङ्गो हुनु नै सन्न्यास , वैदिक युग : नाङ्गो युग, गीतामा नाङ्गोवाद, नाङ्गो दर्शनको प्राप्तिः मुक्ति, नाङ्गो दर्शनका प्रथम प्रयोक्ता, नाद र बिन्दुवंश परम्परा, नाङ्गो दर्शनको प्राचीनता, आधुनिक युगमा नाङ्गोवाद, नागा बाबा, पश्चिमी समाजमा नाङ्गो दर्शनको प्रभाव, प्रकृतिवादीको आदर्श, नाङ्गो दर्शनका केही उल्लेखनीय उपलब्धिमूलक पक्षहरू, नाङ्गोपन मन पराउने आजका युवापुस्ता र नाङ्गो दर्शनको सार-संक्षेप ।

परिचय शीर्षकको पहिलो निबन्धमा दर्शन शब्दको अर्थ दिइएको छ । त्यस क्रममा सूक्ष्म धारणाले, गम्भीरता पूर्वक, गहिराइमा पुगेर, सबैतिरबाट अवलोकन गरेर, पूर्वापर विचार गरी सत्य र तथ्य पत्ता लगाउने काम गर्ने शास्त्रलाई दर्शन भनिने कुरा एकातिर व्यक्त गरिएको छ भने अर्कातिर देखाउने र तात्त्विक स्वरूपको साक्षात्कार गराउन मद्दत गर्ने शास्त्र पनि दर्शन भएको धारणा प्रस्तुत गरिएको छ । अझ अगाडि गएर तत्त्व ज्ञानको साधनरूप शास्त्रलाई दर्शन भनिएको र स्वर्ग र मोक्षका साथै सुख र शान्ति भोग्ने बाटो देखाउने शास्त्र नै दर्शन भएको कुरा बताइएको छ ।

नाङ्गो दर्शनको अर्थ पनि *परिचय* शीर्षकमा दिइएको छ । नाङ्गो दर्शन अद्वैत वेदान्तको मूलभूत सन्देश र मर्म भएको बेहोरा अघि सार्दै लेखक यसो भन्दछन् :

नाङ्गो दर्शनले पनि वैदिक षड्दर्शनमध्येको अद्वैत वेदान्त दर्शनको नै अनुकरण गरेको छ, गर्ने प्रयास गरेको छ । नाङ्गो भनेकै अद्वैत हो, आफू मात्र, ब्रह्म मात्र भनेको हो । लुगा भनेको द्वैत हो, आवरण हो । थपिएका कुरा फुकालेर, नाङ्गिएर पन्छाएर मूल रूपमा पुग्नु नै अद्वैत हो, नाङ्गो हो । नाङ्गो दर्शनको प्रतिपाद्य विषय अद्वैत ब्रह्म हो, निरावरण, निर्गुण, निराकार ब्रह्म हो । ब्रह्मज्ञान गरी जीवन्मुक्तिको सुखानुभूति गर्नु नाङ्गो दर्शनको गन्तव्य र प्राप्तव्य हो, मूल प्रतिपाद्य हो ।

यस कृतिमा दिइएको दोस्रो निबन्ध **नाङ्गो स्वरूप : व्यापक दृष्टिमा** हो । यसमा सामान्यतया बुझिने नाङ्गो शब्दको अर्थ दिइएको छ । नग्न, नढाकिएको, लाज छोडेर जथाभाबी गरिएको अवस्था र निर्वस्त्र भएको स्थितिलाई यसमा नाङ्गो भनिएको छ । सृष्टि, धरती, ज्ञान, विज्ञान, मूर्त, अमूर्त, साकार निराकार, सगुण, निर्गुण सबै नाङ्गो भएको कुरा पनि यसमा बताइएको छ ।

नाङ्गो सृष्टि यसको तेस्रो निबन्ध हो । लेखकका अनुसार सृष्टिका मूल प्रकृति, अव्यक्त, महत्तत्त्व, समष्टि अहङ्कार, हिरण्यगर्भ, जीव, पञ्च तन्मात्रा, पञ्च महाभूत, पञ्च ज्ञानेन्द्रिय, पञ्च

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मेन्द्रियका साथै पञ्च महाभूत प्रत्येकका पाँच पाँच वटा भेद जति पनि छन् ती सबै नाङ्गा छन् । त्यसैले दार्शनिक हिसाबबाट ती सबै पक्षको परिचय दिनु पनि नाङ्गो को चर्चा गर्नु हो ।

चौथो अनुक्रममा राखिएको यस कृतिको अर्को निबन्ध **पञ्चीकरणको सिद्धान्त** हो । यसमा प्रकृतिका पञ्च महाभूतहरू आफैमा पूर्ण हुनका साथै एक अर्कासित घुलित भएर पनि रहेका अवस्थालाई पञ्चीकरण भनिएको छ । स्थूल र सूक्ष्म शरीरका रूपमा त्यसरी बनेका तत्त्वहरू पनि आवरण विहीन अर्थात् नाङ्गै रहने कुरा यसमा व्यक्त गरिएको छ ।

पञ्चकोश यस पुस्तकको पाँचौं शृङ्खला हो । यसमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशको परिचय दिइएको छ । स्थूल शरीरलाई अन्नमय कोश, नाडीहरूलाई प्रवाहित गर्ने शक्तिलाई प्राणमय कोश, मनसित सम्बद्ध कोशलाई मनोमय कोश, बुद्धिका वृत्तिहरूसित सम्बद्ध कोशलाई विज्ञानमय कोश र आनन्दको प्रतीतिलाई आनन्दमय कोश भनेर चिनाइएको छ । यी सबै कोशलाई प्रकाशित गर्ने भएर पनि तिनका प्रति अनासक्त बनी कोशातीत हुने ब्रह्म पनि नाङ्गो रहेको कुरा यस शृङ्खलामा प्रस्तुत गरिएको छ ।

यसको अर्को रचना **मनका वृत्तिहरू : नाङ्गै नाङ्गा** शीर्षकको निबन्ध हो । मान्छेमा पाइने मति, गति, वृत्ति, प्रवृत्ति, कामना, लाज, हर्ष-शोक, माया-मोह, प्रेम-घृणा, डर-त्रास, उत्साह-उमङ्ग, दया-कृपा, स्नेह-सद्भाव, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, आशा-निराशा, वासना-संस्कार, श्रद्धा-भक्ति, जोस-जाँगर, उत्साह-हिम्मत, अहङ्कार-अभिमान, मन, बुद्धि, चित्त, कल्पना, गौरव, जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय, ज्ञान-अज्ञान, अविद्या, अध्यास, भ्रम, भान, भास, निद्रा, क्षुधा, तृषा, कान्ति, आलस्य, पाप-पुण्य, हास्य, शृङ्गार, करुणा, उत्तेजना, गाम्भीर्य, सौर्य, शान्ति, तृप्ति, विवेक, विचार, विराग, सम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान, यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि जस्ता वृत्ति पनि नाङ्गा हुने कुरा यसमा भनिएको छ । जीवन व्यवहारका अनेकौं पक्षमा पनि नाङ्गोपन देखिने विचार समेत यस निबन्धमा व्यक्त गरिएको छ ।

सातौं अनुक्रमको निबन्ध **नाङ्गो प्रकृति** हो । अमृत, विष, शास्त्र, अक्षर, वाक्यांश, वाक्य, मस्तिष्क, पात, कोपिला, फुल, दुध, आकाश, हावा, तेज, पानी, पृथ्वी, अन्न, सागपात, आँखा, कान, छाला, जिब्रो, नाक, ज्ञानेन्द्रियले गर्ने शब्द, स्पर्श, रूप, रस र गन्ध अनुभव तथा उपभोग, कर्मेन्द्रियका कार्य, मैथुनी क्रिया, प्राण, शरीर, नदी, नाला, हिमाल, पर्वत लगायतका जति पनि तत्त्वहरू छन् यथार्थमा ती सबै नाङ्गा छन् भनेर यस निबन्धमा प्राकृतिक नाङ्गोपनको चित्रण गरिएको छ ।

सन्न्यास : नाङ्गो सिद्धान्त भन्ने निबन्ध यस पुस्तकको आठौं पाठ हो । यस पाठमा सन्न्यास लिंदा शिष्यले गुरुका सामु सम्पूर्ण रूपमा दिगम्बर अर्थात् नाङ्गो भएर उपस्थित हुनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने जुन चलन छ त्यसले मनसा, कर्मणा, वाचा सर्वात्मभावले शरणापन्न भएर चित्त समेत त्यागेको अवस्था जनाउँछ । त्यस्तो स्थितिमा पुगेपछि मात्र ज्ञानोदय हुने विश्वास गरिन्छ । यस प्रकारका व्यवहारको अर्थ बुझ्ने हो भने सन्न्यासको सिद्धान्त भनेको नाङ्गो सिद्धान्त हो भन्ने कुरा थाहा हुन्छ ।

नवौं चरणमा पर्ने यस कृतिको रचना **उपभोग्य वस्तु नाङ्गा : नङ्ग्याएर** *उपभोग गर्ने* हो । जुनसुकै खाद्य वा उपभोग्य वस्तु प्रयोगमा ल्याउन पनि नङ्ग्याउनु पर्ने कुरा यस निबन्धमा बताइएको छ । यसमा बताइए अनुसार गहुँ, भटमास जस्ता अन्नलाई चुटेर, बोक्रा मिल्काएर, भुस, खोस्टा, कुसाउरो, पराल, धुस्नु, ढोड, छ्वाली, बियाँ, कोसाबाट छुट्याएर पिनेर, निफनेर, चालेर खान लायक बनाइने जुन सामान्य व्यवहार छ त्यो पनि नाङ्गो सिद्धान्तकै उदाहरण हो । फलफुललाई छोडाएर बोक्रा फाल्नु र रस निकाल्नु भनेको पनि नाङ्गो पार्नु नै हो । यस प्रकारका कार्यले उपभोग्य वस्तु नाङ्गा हुने र नङ्ग्याएर तिनको उपभोग गरिने यथार्थको बोध गराउँछन् ।

यसपछिको निबन्ध **साहित्य, सङ्गीत र कला नाङ्गा** हो । यसमा भनिए अनुसार कविताको रचना भावनाबाट हुन्छ । भावनाको अवस्थामा पुग्नु भनेको समाधिको स्थितिमा पुग्नु हो र कल्पनाको लहरमा कावा खानु हो । कल्पना नाङ्गो हुन्छ । कविताका रूपमा कल्पना व्यक्त गर्ने साधन कलम, कागज, मसी पनि नाङ्गो हुन्छ । सुन्दर तथा स्वादिलो लाग्ने कविता त झनै नाङ्गो हुन्छ । फुलको पराग र सुगन्धि, तलाउका पानीको तरङ्ग, चन्द्रको कौमुदी, सूर्यको प्रकाश, नवजात शिशु, मृगका शावक, चराको चिर्बिर, हार्मोनियम, तबला, सितार, सहनाईका झङ्कार जस्ता कुरा नाङ्गा हुन्छन् ।

नाङ्गो प्रकृति शीर्षकको निबन्ध यस पुस्तकको एघारौं अनुक्रमको रचना हो । सातौं अनुक्रमको निबन्ध पनि यसै शीर्षकमा प्रस्तुत छ । यसमा हिमालयको सेतो र शुभ्र स्वरूप, आगोको रूप, चराचुरुङ्गीको कलरव, जुनकिरीको पिलपिल, ताराहरूको चमचमाहट, हात्तीका सेता दाह्रा, जेब्राका शरीरका बुट्टा, बार सिङ्गाका सिङ, सिंहका जगर, मयुरका प्वाँख, डाँफेका नौरङ्गी रूप, वेदादि शास्त्र, सुनचाँदीका गरगहना, हीरा, मोती, मणिमाणिक्य, नवरत्न जस्ता जति पनि तत्त्वहरू छन् ती सबै नाङ्गा छन् र आवरण लगाउने हो भने तिनको सम्पूर्ण शोभा प्रकाशित हुन सक्तैन भनिएको छ ।

यस पुस्तकमा राखिएको अर्को निबन्ध **सबै दर्शन नाङ्गा** हो । चिन्तनको शास्त्र मानिने दर्शन पनि नाङ्गो हुने कुरा अघि सार्दै यसमा सांख्य दर्शनले प्रतिपादन गरेको अन्धो पुरुष, लँगडो प्रकृति र तिनको संयोगबाट हुने सृष्टि सबै नाङ्गोपनका उदाहरण हुन् भनिएको छ । त्यसै गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तवृत्तिको निरोधका पक्षमा वकालत गर्ने योग दर्शनको समाधि भनेको पनि नाङ्गोपन नै हो । अझ वैशेषिक दर्शनले मान्ने अणु त झनै नाङ्गो हुने नै भयो । न्याय दर्शनको तर्क नाङ्गो, मीमांसा दर्शनको कर्म नाङ्गो, वेदान्त दर्शनको ब्रह्म झनै नाङ्गो, जैन दर्शनको दिगम्बर पन्थ अझ ज्यादा नाङ्गो, बौद्ध दर्शनको शून्य जगत् भनेको पनि नाङ्गो भएको अवस्थामा समष्टिमा दर्शनका बहस र व्याख्याबाट प्रप्त हुने सार पनि नाङ्गो नै हुने कुरा स्वतः स्पष्ट हुन्छ ।

तेरौं अनुक्रममा राखिएको यस पुस्तकको अर्को निबन्ध **विकासवाद नाङ्गोवादतिर** हो । यस निबन्धमा भनिए अनुसार विकासवादी चिन्तकहरूका अनुसार आदि कालमा मनुष्य लुगा न लगाएरै अर्थात् नाङ्गै बस्दथे । धेरैपछि गएर सभ्यताको विकास हुँदै जाँदा उनीहरूले लुगा लगाउन थालेका हुन् । आज पनि अमेरिका र बेलायतका केही ठाउँमा नाङ्गै बस्ने मनुष्यको समाज विद्यमान रहेको अवस्था देख्न पाइन्छ । तिनको बस्तीलाई न्युड कलोनी अर्थात् नाङ्गाहरूको बस्ती भनिन्छ । यथार्थ सबै मनुष्य नाङ्गा छन् तर समाजमा बस्दा पनि नाङ्गै रहने चलन मनुष्य समाजमा आज पनि पाइनु नाङ्गोपनको प्राचीनताको प्रमाण हो । सूर्य स्नानका लागि सार्वजनिक स्थानमा नाङ्गै बस्ने प्रवृत्ति कतिपय ठाउँमा पाइन्छ । मूलतः वास्तविकता भनेको नाङ्गोपन नै हो ।

वेदान्त दर्शन र नाङ्गोवाद शीर्षकको यस कृतिको अर्को निबन्धमा वेदान्त दर्शनले आवरण रहित, अज्ञान रहित, अध्यास रहित भएर विशुद्ध ब्रह्म मात्र रहेको् अवस्थालाई स्वरूपज्ञान, ब्रह्मज्ञान र आत्मसाक्षात्कार गर्ने कुरालाई महत्त्व दिन्छ । यसरी सबै प्रकारका आवरण, अज्ञान, माया र अविद्याको नाश भई निर्विकल्प समाधिको स्थितिमा पुग्नु भनेको वासना रहित भएर ब्रह्म साक्षात्कार गर्नु हो । त्यस्तो अवस्था स्वभावतः नाङ्गो अवस्था नै हो । त्यसैले यस दर्शनलाई नाङ्गो दर्शन भन्नमा कुनै आपत्ति हुँदैन ।

पन्ध्रौं शृङ्खलामा राखिएको यस पुस्तकको निबन्ध **श्रीमस्तराम बाबा** हो । यसमा एउटै पछ्यौरालाई ओढ्ने, ओछ्याउने, शरीर छोप्न प्रयोग गर्ने, जाडो, गर्मी, वर्षा छल्ने वस्त्र बनाउने अवधूत महात्मा, जीवन्मुक्त महापुरुष मस्तराम बाबा विचारका साथै व्यवहारमा पनि सर्वात्मभावेन परमात्मामा समर्पित व्यक्ति देखिने हुंदा तिनलाई नाङ्गो दर्शनका अनुयायी भन्न सकिने कुरा बताइएको छ ।

सोरौं क्रममा समाविष्ट निबन्ध **हामी नाङ्गिदै छौंमा** आसक्ति, अहङ्कार, अभिमान, अध्यास, अज्ञान जस्ता कुराले निर्विकल्प समाधिको बाटोमा तगारो लगाउने काम गर्ने हुनाले तिनलाई ब्रह्मज्ञानको बाटो छेक्ने आवरण भन्न सकिन्छ भन्दै मनोनाश, वासनाक्षय, सबै प्रकारका तापबाट मुक्ति खोजेर ब्रह्मसाक्षात्कारको स्थितिमा पुग्न चाहनेले तिनलाई पन्छाउनु आवश्यक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ भनिएको छ । यसरी ब्रह्म साक्षात्कार गर्नु भनेको वास्तवमा नाङ्गो हुनु हो र नाङ्गोपन प्राप्त गर्नु हो ।

नाङ्गो हुनुमा आनन्द छ भन्ने शीर्षकको निबन्ध यस कृतिको सत्रौं पाठ हो । यस निबन्धमा नाङ्गो दर्शन भनेको मान्छेलाई प्रकृतितिर फर्काउने दर्शन भएकोले यो विकृति, उच्छृङ्खलता, अनुशासन हीनता, कामवासनाको लिप्सा न भएर काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य रूपी शत्रुलाई परास्त गरेर आनन्दको पराकाष्टाको व्याख्या गर्ने चिन्तन हो भनिएको छ । यसमा बताइए अनुसार तन्त्र, मन्त्र, यन्त्र, देवी, देवता सबै नाङ्गा भएका र तिनको मान्यता र महत्ता नाङ्गा छन् । अन्नका गेडा र पानीको स्वरूप नाङ्गो हुन्छन् ।

अठारौं क्रममा राखिएको यस पुस्तकको निबन्ध **सबै नाङ्गै नाङ्गा** हो । यसमा फलफुल, वृक्षवनस्पति, जीवजन्तु, पशुपक्षी, कीटपतङ्ग, हिमालपहाड, नदीनाला, पर्वतशिखर जति पनि प्राकृतिक तत्व छन् ती सबै नाङ्गा छन् भनिएको छ । हिमालयमा फेटा, नदीलाई सारी, घोडालाई कौपिन, गुलाफलाई घुम्टो, सुनलाई खोल, आगोलाई दोलाइँ, हावालाई बाकसबन्द, धरतीलाई आवरण दिने हो भने तिनको शोभा प्रकट हुन सक्तैन भन्दै यस निबन्धमा प्रकृति, ज्ञान, विज्ञान, सत्य, शिव, सुन्दर, सत्, चित्, आनन्द, समाधि र मुक्ति नाङ्गो हुने कुरा व्यक्त गरिएको छ ।

वेदका चारै महावाक्य नाङ्गा छन् भन्ने शीर्षकको निबन्ध यस पुस्तकको उन्नाइसौं पाठ हो । यसमा भनिए अनुसार ऋग्वेद र ऐतरेयोपनिषद्मा उल्लिखित*प्रज्ञानं ब्रह्म* अर्थात् प्रज्ञा नै ब्रह्म हो, यजुर्वेद र बृहदारण्यकोपनिषद्मा उल्लिखित*अहं ब्रह्मास्मि* अर्थात् म ब्रह्म हुँ, सामवेद र छान्दोग्योपनिषद्मा उल्लिखित *तत्त्वमसि* अर्थात् तिमी ब्रह्म हौ र अथर्ववेद र माण्डूक्योपनिषद्मा उल्लिखित *अयमात्मा ब्रह्म* अर्थात् यो आत्मा ब्रह्म हो भन्ने महावाक्यले व्यक्त गरेका आशयले ब्रह्मको निर्वस्त्र, खुला, अनावृत, स्पष्ट स्थितिको चित्रण गरेका छन् । नाङ्गो दर्शनको मूलभाव पनि यही हो ।

बिसौं अनुक्रममा समावेश गरिएको यस कृतिको निबन्ध **पुराणका कथामा नाङ्गाको महिमा** हो । यस निबन्धमा दुर्योधनलाई गान्धारीका दृष्टिमा पर्न नग्न भएर उपस्थित हुनु पर्ने आदेश, गोपाङ्गनाहरूले यमुनामा नग्नावस्थामा गरेको स्नान समेतका अनेकौं कथाहरूको चर्चा पुराणहरूमा भएको कुरा प्रस्तुत गर्दै नाङ्गो हुनुको तात्पर्य वृत्ति, प्रवृत्ति, अहङ्कार, काम, क्रोध, तँ, म, तेरो, मेरो जस्ता भावबाट मुक्त भएर मोक्षको मार्गमा उन्मुख हुनु हो भनिएको छ ।

यस कृतिको एक्काइसौं पाठ **नाङ्गो हुनु नै सन्न्यास** हो । यसमा भनिए अनुसार वैदिक सनातन धर्म र दर्शनका अनुयायीहरूले वर्ण धर्म र आश्रम धर्म बमोजिम सन्न्यास ग्रहण गर्नुको तात्पर्य शारीरिक, मानसिक, बौद्धिक र आध्यात्मिक रूपले नाङ्गो बन्नु हो । घर, परिवार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नातागोता, श्री, सम्पत्ति सारा छोडेर परमात्माको भरमा शरीरका साथै जीवनलाई नै परमात्मामा समर्पण गर्नु भनेको सन्यासीहरूले नाङ्गो दर्शनलाई पूर्णतः व्यवहारमा उतार्नु हो । त्यसैले सन्यासलाई नाङ्गो हुनुको अर्थमा पनि बुझ्न सकिन्छ ।

वैदिक युग : नाङ्गो युग नामको यस पुस्तकको बाइसौं अनुक्रमको निबन्धमा काम, क्रोध जस्ता शत्रुहरूमाथि विजय प्राप्त गरेर पूर्ण ब्रह्मको स्थितिमा पुग्नु भनेको सही अर्थमा पवित्र बन्नु हो भन्दै वैदिक कालका मन्त्रद्रष्टा ऋषिहरू कामक्रोध, शीतोष्ण, रागद्वेष, हर्षविस्मय जस्ता संसारी अवस्थाबाट मुक्त भएर सच्चिदानन्दको स्थितिमा रहन्थे भनिएको छ । यस्तो उच्चता प्राप्त गर्नु भनेको संसारी आवरणबाट मुक्त भएर असली बोध र आनन्दको प्राप्ति हुनु हो । मन, बुद्धि, चित्त, अहङ्कार, लोभ र मोहको स्पर्शबाट पृथक् हुन सक्नु नै सही अर्थमा नाङ्गो बन्न सक्नु हो ।

तेइसौं पाठ बनेको यस कृतिको अर्को निबन्ध **गीतामा नाङ्गोवाद** हो । निबन्धकारले भने बमोजिम श्रीमद्भगवद्गीताको दोस्रो अध्यायको पचपन्नदेखि अन्त्यसम्मका श्लोकमा बताइएको स्थितप्रज्ञको लक्षणले आध्यात्मिक, नैतिक र चारित्रिक दृष्टिले पूर्णतया नाङ्गोपनको द्योतन गरेको छ । यसै गरी अठारौं अध्यायको छैसट्ठियौं श्लोकमा *सर्वधर्मान् परित्यज्य* अर्थात् सारा कुरा छोडेर मेरो शरणमा आउ भन्नुको आशय कुनै पनि किसिमका तृष्णा, लालसा, कामना, इच्छा, आकांक्षा न राखेर चोखो मनले परब्रह्मको चिन्तन गर भन्नु हो । यस उपदेशले पनि प्रत्यक्ष र परोक्ष रूपबाट नाङ्गो दर्शनकै गूढार्थ बोध गराउँछ ।

नाङ्गो दर्शनको प्राप्ति : मुक्ति भन्ने निबन्धको क्रम चौबिसौं हो । यसमा महापरिनिर्वाण, ब्रह्मप्रप्ति वा मुक्तिलाई नाङ्गो दर्शनको प्रप्ति भनिएको छ । यसको अभ्यासकै क्रममा सनातन परम्पराका अनुयायीहरूका केही समुदायमा प्रचलित चूडाकर्म र यज्ञोपवीत संस्कार व्यवहारमा लागू गरिएको कुरा निबन्धकार बताउनु हुन्छ ।

उपर्युक्त निबन्धपछि राखिएको अर्को निबन्ध *नाङ्गो दर्शनका प्रथम प्रयोक्ता* हो । यसमा भगवान् शङ्करलाई नाङ्गो दर्शनलाई व्यवहारमा उतार्ने प्रथम प्रयोक्ता भनिएको छ । यस दर्शनलाई भगवान् विष्णुले पनि अनुसरण गरेको कुरा समेत प्रतुत पाठमा बताइएको छ ।

छब्बिसौं अनुक्रममा आउने निबन्ध **नाद र बिन्दुवंश परम्परा** हो । यस निबन्धमा भगवान् शङ्करले प्रतिपादन र प्रयोग गरेको नाङ्गो दर्शनको परम्परा पछ्याउँदै ब्रह्माले मानस सृष्टिका माध्यमबाट सनक, सनन्दन, सनातन, सनतकुमार, नारद, वसिष्ठ प्रभृति सन्तान जन्माएका र पछि मात्र मैथुनी सृष्टिको थालनी भएको कुरा प्रस्तुत गरिएको छ । ब्रह्माको मानस सृष्टिलाई नाद वंश परम्परा र पछि चलेको मैथुनी सृष्टिको परम्परालाई बिन्दु वंश भनिन्छ । यी दुवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वंशको परम्पराका पछाडि पनि नाङ्गो दर्शनको प्रभाव पाइने कुरा निबन्धकार बताउँछन् । **नाङ्गो दर्शनको प्राचीनता** शीर्षकको निबन्ध यस कृतिको सत्ताइसौं पाठ हो । प्रस्तुत निबन्धमा पौरस्त्य दर्शनमा सबैभन्दा पुरानो मानिने सांख्य दर्शनभन्दा पनि प्राचीन दर्शनका रूपमा नाङ्गो दर्शनको परम्परा पाइने कुरा व्यक्त गरिएको छ । यस पाठमा भनिए अनुसार नाङ्गो दर्शनका प्रथम आचार्य भगवान् शङ्कर हुन् । निगम (वैदिक) र आगम (तान्त्रिक) विद्याका प्रवर्तक ती आचार्यले भनेर मात्र होइन दिगम्बर धारण गरेर प्रयोगबाट समेत यस दर्शनलाई व्यवहारमा उतारेका हुन् ।

आधुनिक युगमा नाङ्गोवाद भन्ने अर्को अनुक्रमको निबन्धमा उपचारका क्रममा रोगीले नाङ्गिनु पर्ने, विलासका क्रममा भोगीले नाङ्गिनु पर्ने, समाधिमा लीन हुँदा योगीले नाङ्गिनु पर्ने, ज्ञान दिनु पर्दा कुनै पनि शङ्का र सन्देह बाँकी नरहने गरी गुरुले शिष्यका सामु नाङ्गिनु पर्ने अवस्था त सामान्य नै भयो भन्ने प्रसङ्ग कोट्याउँदै आजको युग यस दर्शनप्रति झनै ज्यादा आकर्षित भएको कुरा औंल्याइएको छ ।

उनन्तिसौं क्रममा राखिएको यस कृतिको अर्को निबन्ध **नागा बाबा** *हो* । यसमा भनिए अनुसार भगवान् शङ्करको दिगम्बर स्वरूप तथा जीवन र जगत्को शून्य अवस्थालाई आदर्श मानेर नागा बाबाहरू सधैं नाङ्गै रहन्छन् । उनीहरू लुगा लगाउँदैनन् । नाङ्गो दर्शनका सशक्त अनुयायी उनीहरू हुन् । वैष्णव वैरागी, जैन सन्त, सिक्ख, बौद्ध सबै सम्प्रदायमा यस दर्शनको प्रभाव देखिन्छ । यी सबैको गन्तव्य र प्राप्तव्य परमानन्द अर्थात् परमात्मा नै हो ।

यसपछिको निबन्ध **पश्चिमी समाजमा नाङ्गो दर्शनको प्रभाव** हो । यसमा पश्चिमा जगत्का हिप्पीहरू, वर्तमान समाजका युवाहरू सकेसम्म नाङ्गिन चाहने र पारदर्शी परिधानमा रमाउन चाहने कुरा व्यक्त गरिएको छ । अझ यसमा भनिए अनुसार इसाको थालनी हुनुभन्दा सात सय वर्ष पहिले ओलम्पिक खेल प्रारम्भ हुँदा नाङ्गा खेलाडीले नाङ्गो बत्ती बोकेका, ग्रिसेली दर्शन जिम्नासिज्मले नाङ्गोपनको वकालत गरेको, प्रकृतिवादीहरूले अकृत्रिम जीवन रुचाउने प्रवृत्तिका नाममा अङ्गीकार गर्न खोजेको रहनसहन जस्ता सबै कुरा नाङ्गो दर्शनकै चिन्तनका नमुना हुन् ।

प्रकृतिवादीको आदर्श यस पुस्तकको एकतिसौं निबन्ध हो । यसमा युरोप र अमेरिकामा बस्ने कतिपय व्यक्ति, परिवार तथा समूह सर्वथा नग्नावस्थामा रहँदा पनि यौन वा वासनाका कारण हुने घटना तिनमा घटेको नपाइनु नाङ्गो दर्शनको उदात्त अवस्थाको परिचायक हो भनिएको छ । तिनीहरू आफूहरूको रहनसहनलाई प्रकृतिवादी आदर्श भन्दछन् । वास्तवमा जीवनको यही उदात्त स्वरूप नाङ्गो दर्शनको अभीष्ट हो ।

बत्तिसौं अनुक्रममा राखिएको यस कृतिको अर्को निबन्ध **नाङ्गो दर्शनका केही उल्लेखनीय उपलब्धिमूलक** पक्षहरू हो । यस निबन्धमा भनिए अनुसार नाङ्गो दर्शनका उपलब्धिहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिसित नजिकको सम्बन्ध राख्नु, सूर्य स्नान, ताजा हावा र पवित्र पानीको प्रयोग गर्नु, सात्विक भोजन गर्नु, सादा जीवन बिताउनु, कृत्रिमताबाट टाढा रहनु, प्राकृतिक उपचार गर्नु, सबैसित मानवीय भाव राख्नु, आध्यात्मिक बन्नु जस्ता राम्रा व्यवहार पर्दछन् । समाजमा शान्ति, एकता, प्रेम, सहयोग, समभ्रदारी, कर्तव्य पालन जस्ता सद्व्यवहारको विकास यस दर्शनबाट भएको पाइन्छ ।

नाङ्गोपन मन पराउने आजका युवापुस्ता प्रस्तुत कृतिको तेत्तिसौं निबन्ध हो । यसमा नाङ्गो दर्शनको सन्देश बुझेर होस् वा रहरले होस् आजका युवाहरूमा अझ युवतीहरूमा नाङ्गो बन्ने होड चलेको कुरा औंल्याइएको छ । नाङ्गो दर्शनले दिन खोजेको सन्देश भने त्यस्तो व्यवहार होइन भन्ने विचार निबन्धकारको छ ।

यस पुस्तकको अन्तिम अर्थात् चौतिसौं निबन्ध **नाङ्गो दर्शनको सार-संक्षेप** हो । यस निबन्धमा समीक्ष्य पुस्तकमा भनिएका कुराको सार व्यक्त गरिएको छ । वास्तवमा जतिसुकै र जस्तासुकै लुगा लगाए पनि आवरणभित्र लुके पनि मान्छेको असली रूप आवरण विहीन नै हुन्छ । यथार्थ भनेको पनि त्यही हो । सच्चा रूप, सच्चा सन्देश, सच्चा ज्ञान र सच्चा विद्या नाङ्गो नै हुन्छ । नाङ्गो दर्शनले यही सत्यको उद्घाटन गर्न चाहन्छ । यसको परिपाकमा पुग्दा मुक्ति, परमानन्द, ब्रह्म, निर्वाण प्राप्त हुन्छ । त्यसैले नाङ्गो दर्शन भनेको सबै दर्शनको सार हो र ज्ञान विज्ञानका समस्त तत्त्वको गुदी हो । यस दर्शनको बोधबाट जीवनको उच्चता भेटिन्छ ।

४.२.३५ मान्छेभित्रका मान्छेहरू

आकासे निलो रङ्गको चौकुने घेराभित्र बनाइएको मान्छेको आकारको चित्रका सबै अवयवमा मान्छेकै आकारका अनेकौं चित्र राखेर उत्तम नेपालले बनाएको आवरणमा माथि पुस्तकको तल लेखक प्रा. शिवगोपाल रिसालको नाम अङ्कित गरी छापिएको सामान्य आकारको पुस्तक *मान्छेभित्रका मान्छेहरू* हो । ९+९४=१०३ पृष्ठ यसमा छन् । गाताको पछिल्लो पृष्ठमा लेखकको चित्र, हालसम्म प्रकाशित लेखकका पुस्तकहरूको सूची र पुस्तकको अनुक्रमाङ्क (ISBN) राखिएको छ । स्वाध्याय परिवारका विगत, वर्तमान र भविष्यका सदस्यहरूमा समर्पित यस कृतिमा लेखकको मात्र भूमिका छ । श्रीमती रेखा श्रेष्ठ तथा उदारमना अनाम दम्पतीको अर्थ सहयोगमा स्वाध्याय परिवार जावलाखेलले यसको प्रकाशन गरेको देखिन्छ ।

परमेश्वरले मनुष्यलाई सृष्टिको सर्वोत्तम प्राणीका रूपमा सिर्जना गरेका हुन् । त्यसैले अन्य जीवका तुलनामा मनुष्यलाई बुद्धि, विवेक, चेतना, कल्पनाशीलता जस्ता गुण अधिक मात्रामा दई सृष्टिको शिरफुलका रूपमा उच्च स्थानमा राखेका हुन् । मनुष्य नभएको सृष्टिको कल्पना गर्ने हो भने यो कुरा अझ ज्यादा स्पष्ट हुन्छ । त्यसो भएर पनि संसारमा रहँदै बस्दै गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य जस्ता शत्रुका पन्जामा फसेर मान्छे निठुरी, हिंसक, निर्दयी, अविवेकी, क्रूर, अज्ञानी भनिने पशुले गर्ने व्यवहारभन्दा झनै निम्न स्तरका क्रियाकलापमा लिप्न बन्दछ । मान्छेबाट भएका त्यस प्रकारका कार्यबाट समाज र सृष्टिमा आघात त पर्दछ नै परमेश्वर पनि रुष्ट हुन्छन् किनभने उनले मनुष्यलाई त्यस्तो काम गर्न सिर्जेका होइनन् । उनले आफू प्रत्यक्ष रूपमा अवतरित भई गर्न चाहेका कार्य गर्नका निमित्त मनुष्यको सृष्टि गरेका हुन् । अनुभवी, परिपक्व र सचेत व्यक्ति, वेदान्त दर्शनका ज्ञाता, विख्यात व्याख्याता तथा विवेचक, साहित्यकार एवं वरिष्ठ प्राध्यापक शिवगोपाल रिसालले यिनै कुरामा विमर्श गरेर यो पुस्तक प्रस्तुत गरेका हुन् । यस पुस्तकको भूमिकामा यिनी यसो भन्दछन् :

मान्छेभित्रका वैज्ञानिक मान्छे, अनि अर्थशास्त्री, राजनीतिज्ञ, भूगोलविद्, इतिहास शिरोमणि, महान् कवि, असाधारण कलाकार, रसायनशास्त्री, ाचार्य, विश्वविख्यात खेलाडी आदि इत्यादि फेला पार्नु वा त्यही नै हुनु ठूलो पुरुषार्थ पटक्कै होइन । विश्वको अभिलेख तोड्नु पनि कुनै आश्चर्य र चमत्कार हुँदै होइन । आध्यात्मिक साधना, तपस्या, चिन्तन, अनुसन्धान, सत्सङ्ग, विचारद्वारा सर्वात्मभावेन परब्रह्म परमात्मामा समर्पित हुनु आदिबाट जीवात्मा र परमात्माको दृढ अपरोक्ष साक्षात्कार गरी जीवन्मुक्ति सुखानुभूति गर्नु नै 'मान्छेभित्रका मान्छेहरू' ग्रन्थको अन्तिम लक्ष्य, प्रयोजन, इष्ट हो अभीष्ट हो ।

माथि भनिएका कुरालाई स्पष्ट पार्नका निमित्त यस पुस्तकमा निम्न लिखित शीर्षकका अठतिस वटा निबन्धहरू समेटिएका छन् :

मान्छे, मनुष्य देह महिमा, मान्छे के हो ?, मान्छेका लागि मान्छेले के बनाए ?, ब्रह्माको उपदेश, गुण अनुसारका मान्छे, द्रष्टा र दृश्य, पञ्चकोश, मान्छेलाई मान्छेले के बनाउन खोजे ?, पौराणिक कालमा मान्छे, चित्रका र भित्रका मान्छे, मान्छेलाई संस्कार चाहिन्छ, भित्रपट्टिका मान्छेहरू खोज्दा, मान्छेभित्रका छ जना शत्रुहरू, मान्छेले हेरेको मान्छे र धरती, मान्छेहरू आफू-आफूमा नै मस्त छन्, तीन प्रकारका मान्छे , मान्छेका पूजनीय, सबैले सुख लिन र सुख दिन खोजेका छन्, अमरणधर्मा मान्छे , मरणशील मान्छेको स्वभाव अमर हुने, मान्छे : सत्, चित्, आनन्द, मान्छेको दृष्टिकोण, मान्छेभित्रका मान्छेलाई यसरी पनि बुझ्ने, मान्छेभित्रका उपासक मान्छेहरू, पञ्चकोशभन्दा परको मान्छे, मान्छेभित्रका मान्छेहरू के के गर्दछन् ?, मान्छेले मान्छेलाई हेर्छन्, केही असाधारण मान्छेहरू, मान्छेभित्रका मान्छेहरू प्रकट हुन्छन्, मान्छेभित्रका मान्छेलाई यसरी पनि चिन्न सकिन्छ, मान्छेभित्रका मान्छेलाई यसरी पनि हेर्न सकिन्छ, मान्छेलाई हेर्ने मान्छेका आँखा, घटनाहरूका बिचमा मान्छे , मान्छेले सृष्टि बदल्नु परेको छैन, दृष्टि बदले पुग्छ, कस्ता कस्ता मान्छे छन् ?, मान्छे कहाँ कहाँ छन् कस्ता छन् ?, वेदान्त र मान्छेको लक्ष्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छे यस पुस्तकको पहिलो निबन्ध हो । यसमा ब्रह्माका मानस पुत्र मनुका सन्तान भएकाले मान्छेलाई मनुष्य भनिएको र पुराण र सूर्य सिद्धान्तका अनुसार एक कल्पमा चौध मनुको अधिकार रहने व्यवस्था बमोजिम हाल वैवस्वत मनुको अधिकार रहेको समय हुनाले वर्तमान समयलाई वैवस्वत मन्वन्तर भनिएको कुरा व्यक्त गरिएको छ । अझ मानवको कल्याण गर्नका लागि मनुले श्रौतसूत्रको निर्माण गरेका र उनले रचना गरेको स्मृति अर्थात् मनुस्मृतिमा समाजशास्त्र, नीतिशास्त्र, धर्मशास्त्र जस्ता अनेकौं शास्त्रका कुरा राखिएकाले त्यसको निकै ठुलो महत्त्व रहेको छ भन्दै यसमा मान्छेमा रहेको त्याग, तपस्या, दान, जप, साधना, सत्सङ्ग, स्वाध्याय जस्ता सामर्थ्यबाट गन्धर्व, किन्नर, आदि हुँदै देवता, इन्द्र, ब्रह्म समेत हुन सक्ने सम्भावनाहरू हुन्छन् भनिएको छ । तसर्थ मनुष्य आफ्नो शक्ति, सामर्थ्य र सम्भावनाको पहिचान गरेर उपयुक्त उपाय अपनाई महत्तम प्राप्ति हासिल गर्न उद्यत हुनु नै बुद्धिमानी हो भन्ने आशय पनि यस निबन्धमा व्यक्त गरिएको छ ।

यस कृतिको दोस्रो निबन्ध **मनुष्य देह महिमा** हो । विवेक र वैराग्य प्राप्ति शरीरबाट भएकोले दत्तात्रेयले शरीरलाई पनि गुरु मानेको प्रसङ्ग कोट्याउँदै यसमा मोक्ष पाइने सम्भावना मनुष्य योनिमा मात्र रहने हुनाले देवताहरूले पनि मनुष्य बन्ने प्रयत्न गरेको कुरा बताइएको छ । अझ शङ्कराचार्यले बताएका मनुष्य जीवनबाट आर्जन गर्न सकिने पुण्य र प्राप्तिका कुरा अघि सार्दै लेखकले यसमा मान्छेलाई जन्मजन्मान्तर, कल्पकल्पान्तर, युगयुगान्तर, देशदेशान्तर, लोकलोकान्तरदेखि वर्तमानसम्म सञ्चय गरेका शुभ वा अशुभ, पुण्य वा पापको पुञ्ज मान्छेको जुनी भएको बताउनु भएको छ ।

मान्छे हुनुका कारण माथिको पाठमा बताई सकेपछि पनि लेखकबाट **मान्छे के हो ?** भन्ने शीर्षकमा अर्को निबन्ध प्रस्तुत गरिएको छ । परमात्माको सृष्टि, जन्मजन्मान्तरका वासनाको परिणाम, नारी, पुरुष र नपुंसकत्वको योग, आमा, बाबु, छोरा, छोरी, नाति, नातिनी आदि नातेदारीको जन्मदाता, साधना गर्ने, त्याग गर्ने, तपस्या गर्ने, ज्ञान प्राप्त गर्ने, मोक्ष लाभ गर्न सक्ने प्राणी नै मान्छे हो भनी यसमा अर्थ्याइएको छ ।

मान्छेका लागि मान्छेले के बनाए ? शीर्षकको यस कृतिको चौथो पाठमा मान्छेले मान्छेका लागि जातजातिका भिन्नता, ज्ञानविज्ञानका भण्डार, स्वर्गनर्कका लोक, वेदका ऋचा, गीताका षट्क जस्ता कुराको निर्माण गरेको कुरा बताइएको छ । रुचि, स्वभाव, प्रवृत्तिका कारण विश्वका सात अरब मान्छे एक अर्कासित न मिल्ने कुराको उल्लेख पनि यसमा गरिएको छ ।

यस ग्रन्थमा समेटिएको **ब्रह्माको उपदेश** नामक अर्को पाठमा दानव, मानव र देवतालाई ब्रह्माले 'द' को उपदेश दिंदा आआफ्ना स्वभाव बुझेर तमोगुणी दानवले निर्दयी आचारव्यवहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोडेर दया गर्नु पर्ने, रजोगुणी मानवले लोभ गर्न छोडेर दान गर्नु पर्ने र सत्त्वगुणी देवताले इन्द्रिय दमन गर्नु पर्ने कुरा बुझेको कुरा बताइएको छ । भन्नुको तात्पर्य के हो भने तमो गुणको आधिक्य भएका बखत निर्दयी वा क्रूर भइने, रजो गुणको प्रभाब शक्तिशाली भएका बखत लोभी भइने र सत्व गुणको प्राधान्य रहेको समयमा शान्त तथा संयमित भइने हुनाले गुणका आधारमा मान्छेका स्वभाव पनि भिन्न भिन्न हुन्छन् ।

माथि भनिएका कुराको थप व्याख्या **गुण अनुसारका मान्छे** भन्ने अर्को निबन्धमा गरिएको छ । यसमा बताइए अनुसार सबै मनुष्यमा सबै गुण पाइने भए पनि मात्राको कमी बेसीका कारण स्वभावमा भिन्नता आउँछ । सत्त्व गुणको मात्रा बढी भएमा मान्छे देवता जस्तो हुन्छ भने रजो गुणको मात्रा ज्यादा हुँदा लोभी, लालची, आवेशमा आउने, असहिष्णु हुन्छ । यसै गरी तमो गुण प्रबल भएका बखत क्रूर, निर्दयी र अविवेकी हुन्छ । मान्छेमा मात्र न भएर देवता र दैत्यहरूमा समेत गुणको न्यूनाधिक्यका कारण आचार व्यवहारमा भिन्नता आएको देखिन्छ । भगवान् राम र परशुराममा पाइने अन्तर यसको उदाहरण हो ।

द्रष्टा र दृश्य यस पुस्तकको सातौँ निबन्ध हो । यसमा इन्द्रिय तथा बुद्धिलाई दृश्य र मन तथा आत्मालाई द्रष्टा भन्दै मान्छे नै द्रष्टा र दृश्य दुवै भएको कुरा बताइएको छ ।

यस कृतिको आठौँ निबन्ध **पञ्चकोश** हो । यस निबन्धमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशको परिचय दिइएको छ । स्थूल शरीरलाई अन्नमय कोश, नाडीहरूलाई प्रवाहित गर्ने शक्तिलाई प्राणमय कोश, मनसित सम्बद्ध कोशलाई मनोमय कोश, बुद्धिका वृत्तिहरूसित सम्बद्ध कोशलाई विज्ञानमय कोश र आनन्दको प्रतीतिलाई आनन्दमय कोश भनेर चिनाइएको छ । साथै यसमा यी सबै कोशलाई प्रकाशित गर्ने भएर पनि तिनका प्रति अनासक्त बनी कोशातीत हुने तत्त्व ब्रह्म हो भनिएको छ ।

मान्छेलाई मान्छेले के बनाउन खोजे ? शीर्षकको अर्को निबन्धमा सुनारले सुनलाई पगालेर, साँचोमा ढालेर, आवश्यकता अनुसार पिटेर अनेक प्रकारका गहना वा भाँडाबर्तन बनाए झैं पानीमा मुछिएको माटोको डल्लो चक्रमा राखेर कुमालेले चाहेको जस्तो पात्र बनाए झैं वातावरण अनुसार राम्रा वा न राम्रा जस्ता व्यवहारतिर बुद्धि लगायो मान्छे त्यस्तै हुने कुरा बताइएको छ । संसारमा ओक थरी स्वभाव, आचरण, व्यवहार, प्रवृत्ति भएका मान्छे देखिनको कारण यही हो । परिवेशको भिन्नता, प्रशिक्षणको भिन्नता, अवस्थाको भिन्नता, सङ्गतको भिन्नता, परम्पराको भिन्नता, रुचिको भिन्नता जस्ता विभिन्न कारणबाट मान्छेमा भिन्नता प्रकट भएको हो भन्दै यस पाठमा सामान्यतया एउटै आकारको देखिने मान्छेभित्र बहुविध मान्छेका रूप देखिने कुरा व्यक्त गरिएको छ । अझ जस्तो चाह्यो मान्छे त्यस्तो बन्न सक्तछ तर त्यसका लागि चाहना अनुसारको वातावरणको चयन र अभिरुचि हुनु पर्दछ भनेर पनि यसमा थप व्याख्या गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दसौं अनुक्रममा समेटिएको यस ग्रन्थको अर्को पाठ पौराणिक कालमा मान्छे हो । यस पाठमा आजको दुनियाँमा भएका र भई रहेका अनेकौं युद्ध, आन्दोलन, संघर्ष, द्वन्द्व, काटमार जस्तै पौराणिक कालमा पनि राम-रावण युद्ध, महाभारतको युद्ध, देवता र दानवको युद्ध भएका कुराको चर्चा गरिएको छ । सत्य र आदर्शको युग भनिने समयमा पनि युद्ध हुने गरेको र लडाइँ झगडा मान्छेको स्वाभाविक प्रवृत्ति भएको संकेत समेत यसमा दिइएको छ ।

एघारौं चरणको निबन्ध **चित्रका भित्रका मान्छे** हो । सुन्दर परिधानमा सजिएको र झट्ट हेर्दा ज्यादै राम्रो देखने मान्छे भित्री तहमा खराब, दुष्ट, छली, कपटी, स्वार्थी र कुरूप हुन सक्ने कुराको उदाहरण कूटनीतज्ञ भनिने व्यक्तिको व्यक्तित्वको चित्रणबाट दिँदै यस पाठमा मान्छेको असली रूप दुष्ट नभएको तर गलत वातावरण तथा संगतका कारण दुष्ट बनेको हुनाले सुधारिएका खण्डमा डाँकाबाट महर्षि बनेका बाल्मीकि, हत्याराबाट साधु बनेका अंगलीमाल जस्तै मान्छे सुध्रिन सक्तछ भनिएको छ । उपदेश, संस्कार, सत्संग, स्वाध्याय, भगवद्भक्ति, सत्कर्म जस्ता शुभ कार्यबाट स्वभाव परिवर्तन सम्भव हुने कुरा पनि यसमा बताइएको छ ।

मान्छेलाई संस्कार चाहिन्छ भन्ने अर्को निबन्धमा मैलो लुगालाई साबुन र त्यस्तै खालका अन्य सामग्रीको प्रयोगबाट सफासुग्घर गर्न सकिए जस्तै कालो मोसो पोतिएका भाँडाकुँडालाई चरिअमिलो, खरानी, साबन वा त्यस्तै खालका अन्य सामग्रीको प्रयोगबाट टल्काउन सकिए जस्तै संस्कारबाट मान्छेभित्रका आनुवंशिक वा वातावरणगत कल्मषलाई हटाएर स्वच्छ, पवित्र, अनुकूल, उत्तम, चरित्रवान् र उपयुक्त व्यक्ति बनाउन सकिने कुरा भनिएको छ । सनातन परम्परा अनुसार जीवनमा गरिने संस्कार औपचारिकता पुरा गर्नका लागि मात्र न भएर मान्छेलाई असली र उत्तम पात्र बनाएर स्वच्छ र स्वस्थ समाज निर्माण गर्नु हो । त्यसैले यसमा मान्छेलाई संस्कार चाहिने कुरामा जोड दिइएको छ ।

मान्छेभित्र राम्रा मान्छे पाइने हुनाले श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश दिँदा आफ्नो उद्धार तथा हानि हुने काम आफूबाट नै हुने भएकोले सधैं उद्धार हुने कामका लागि प्रयत्न गर्नु पर्दछ भनेका हुन् । यसै कुरालाई महत्त्व दिएर समीक्ष्य कृतिको तेरौं पाठ **भित्रपट्टिका मान्छेहरू खोज्दा**मा लेखकले मान्छेभित्रबाट प्राध्यापक, विद्वान्, बुद्धिमान्, सेनानी, भारवाहक, रथी, अभिनेता, कलाकार, चित्रकार, संगीतकार, न्यायाधीश, अभिवक्ता, सौन्दर्य, कवि, साहित्यकार, दार्शनिक, चिन्तक, विवेचक, चिकित्सक, भक्त, दयालु, परोपकारी, प्रेमी, संयमी, त्यागी, तपस्वी, ज्ञानी, उपकारी, सहनशील, सदाचारी, गुणी, विवेकी मान्छे जन्माउने प्रयत्न गर्नु पर्ने कुरामा जोड दिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यतया शत्रु भनेको दुश्मनी लिने र अहित गर्ने मान्छे भन्ने अर्थमा बुझ्ने गरिन्छ । वास्तवमा मान्छे स्वयंमा कसैको शत्रु हुँदैन । असली शत्रु भनेको त मान्छेभित्र रहेका दुर्भावना नै हो । यसै कुरालाई निबन्धमा ढालेर लेखकले **मान्छेभित्रका छ जना शत्रुहरू** भन्ने पाठ तयार गरी समीक्ष्य पुस्तकको चौधौँ अनुक्रममा राखेका छन् । लेखकले यस पाठमा बताए अनुसार काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य नै सही अर्थमा मान्छेका शत्रु हुन् भएकाले यिनीहरूबाट बच्न सक्यो भने अजातशत्रु भइन्छ । तसर्थ प्रत्येक व्यक्तिले यिनलाई जित्ने र काबुमा राख्ने प्रयत्न गर्नु पर्दछ ।

मान्छेले हेरेको मान्छे र धरती भन्ने निबन्ध यस पुस्तकको पन्ध्रौं रचना हो । परमेश्वरले बनाएको सृष्टि र प्रकृतिका साथै विश्वब्रह्माण्डमा रहेका लोकहरूमा मान्छेले विजय प्राप्त गर्नका लागि सकेसम्मको प्रयास गर्दै आएको भए पनि सफल चाहिँ हुन नसकेको कुरा यस निबन्धमा भनिएको छ । सफलता पाउन खोज्दा मनुष्य झनै असफल र राम्रो बन्न खोज्दा झनै कुरूप बन्दै गएको स्थितिको चित्रण पनि यसमा गरिएको छ । शान्ति, समझदारी, सहनशीलता, एकता, प्रेम जस्ता सद्भावको सन्देश फैलाउन खोज्दा मान्छेले बनाएका धर्म, सम्प्रदाय, समूह, वर्गले उल्टो परिणाम देखाएको यथार्थको प्रत्यङ्कन समेत यसमा भएको छ । एउटा कुरा भन्ने तर काम चाहिँ विपरीत परिणाम निस्कने खालको गर्ने प्रवृत्तिका कारण यस्तो स्थिति आएकोले आफूलाई प्रतिकूल लाग्ने काम र व्यवहार अरूका प्रति गर्न न हुने कुरा मान्छेले बुझ्नु पर्ने कुरा यसमा बताइएको छ ।

पूजा गर्ने पूजामा, जप गर्ने जपमा, पाठ गर्ने पाठमा, ध्यान गर्ने ध्यानमा, सुन्ने सुन्नमा, सुनाउने सुनाउनमा, भक्त भक्तिमा, मुमुक्षु ज्ञानमा, वैरागी विरागमा, रागी रागमा, क्रान्तिकारी क्रान्तिमा, शान्तिकामी शान्तिमा, मार्ने मार्नमा, बचाउने बचाउनमा, नचाउने नचाउनमा, कमाउने कमाउनमा, खेल्ने खेल्नमा, पढ्ने पढ्नमा, जुवाडे जुवामा, घुमक्कड घुम्नमा, जँड्याहा जाँडमा लिप्त रहँदा पनि कसैले सुख र शान्ति पाउन नसकेको कुराबाट थालनी गरिएको **मान्छेहरू आफू-आफूमा नै मस्त छन्** भन्ने अर्को अर्थात् सोरौं रचनामा हलाहल विष पिउँदा जलनले घाँटी चिरिंदा पनि दुःखको अनुभव न गर्ने महादेवको जस्तो सहनशीलता न भएसम्म दुःखको निवृत्ति र सुखको अनुभूति हुन न सक्ने कुरा बताइएको छ । सुख र आनन्द पाउनका लागि सेवा, उपकार, कल्याण र समर्पणको भावना चाहिन्छ भन्ने विचारको प्रस्तुति पनि यस निबन्धमा छ ।

तीन प्रकारका मान्छे शीर्षक दिइएको सत्रौं अनुक्रमको यस पाठमा भनिए अनुसार संसारमा एक थरी मान्छे भोगी, कामी, विलासी, लम्पट, देहात्मवादी, शास्त्र तथा ईश्वर नमान्ने, जन्मजन्मान्तरका कुरामा विश्वास नगर्ने मूर्खहरू र अर्का थरी मान्छे भक्त, मुमुक्षु, वैरागी, त्यागी, शास्त्रानुयायी, धार्मिक, ईश्वरवादी, आस्तिक र ज्ञानी छन् । अझ अर्का थरी मान्छे जीवन्मुक्त,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मसाक्षात्कारी, आचार, विचार तथा व्यवहारमा एकरूप, ब्रह्मनिष्ठ, स्थितप्रज्ञ, परमानन्दी, मुक्तात्मा, संसारी रोगबाट पार पाएका, परम निष्काम, स्थितप्रज्ञ, जन्ममृत्युको चक्रबाट उन्मुक्त, महात्मा हुन्छन् । यिनमा उत्तम श्रेणीका मान्छे पछिल्लो चरणमा उल्लेख गरिएका गुण भएकाहरू मानिने हुनाले प्रत्येकले तिनले प्राप्त गरेको उपलब्धि हासिल गर्ने प्रयत्न गर्नु पर्दछ । जीवनको उच्चता पनि तिनै कुराको प्राप्ति हो ।

यस पुस्तकको अठारौं पाठका रूपमा राखिएको **मान्छेका पूजनीय** भन्ने निबन्धमा जुन विधिले जसरी जसलाई पुजे पनि जसको आराधना वा उपासना गरे पनि परमात्मामा पुग्नु, आत्मलाभ गर्नु र ज्ञानद्वारा मोक्ष प्राप्ति गर्नु नै अन्तिम लक्ष्य हो भन्ने सार व्यक्त गरिएको छ । शैव, शाक्त, वैष्णव, सौर्य, गाणपत्य, ऐन्द्र्य, आग्न्य, बार्हस्पत्य जे भए पनि गन्तव्य चाहिँ सबैको एउटै भएको र त्यो भनेको मोक्ष मार्ग नै हो भनी यसमा उपासनाको गूढार्थ खोलिएको छ ।

उपर्युक्त पाठपछिको **सबैले सुख लिन र सुख दिन खोजेका छन्** भन्ने निबन्धमा मान्छेले राम्रा वा नराम्रा जुनसुकै काम गरे पनि आफ्नै सुख आफ्नै आनन्द र आफ्नै प्रसन्नताका लागि गर्दछन् भन्दै राम, रावण, कृष्ण, कंस, प्रह्लाद, हिरण्यकशिपु, नृसिंह सबैले आनन्द, सुख र खुसी नै खोजेका हुन् भनिएको छ । स्वार्थकै लागि सबैले प्रेम गर्नु स्वाभाविक, प्राकृतिक, मनोवैज्ञानिक, सैद्धान्तिक, पारमार्थिक तथा व्यावहारिक सत्य पनि हो भन्ने कुरा समेत यसमा बताइएको छ ।

अमरणधर्मा मान्छे भन्ने निबन्ध यस कृतिको बिसौं पाठ हो । यसमा भनिए अनुसार आत्मा अमर भएकोले त्यसलाई संवहन गर्दासम्म जीवित रहने मान्छेको स्वभाव अमरणधर्मा हुन्छ । त्यसैले दिनहुं सारा अनेकौं प्राणी मरी रहेको देख्दा देख्दै पनि बाँचेकाहरू बाँची रहने र बाँची रहनका लागि प्रयत्न गर्दछन् । आश्चर्य के हो भनी यक्षले सोधेको प्रश्नको जवाफ दिंदै महाराज युधिष्ठिरले पनि यही कुरा व्यक्त गर्दै जवाफ दिएका थिए । सारांशमा भन्ने हो भने मान्छे मर्न चाहँदैन । अरू जो जति मरे पनि आफू चाहिँ नमर्ने परिकल्पना मान्छेले गरेको हुन्छ ।

एक्काइसौं पाठ बनाएर समेटिएको अर्को निबन्ध **मरणशील मान्छेको स्वभाव अमर हुने** हो । सृष्टिकर्ता ब्रह्मादेखि सृष्टिको अंश बनेको प्राणी कमिलासम्मका सबैले बाँच्न र अमर बन्नका लागि प्रयत्न गर्दछन् भन्दै यस निबन्धमा मान्छे पनि संसारका अन्य प्राणी जस्तै सृष्टिको सिर्जना भएकोले भित्री मनदेखि नै जसरी पनि बाँच्न खोज्दछ मर्न चाहँदैन भनिएको छ । मान्छे मनप्रधान प्राणी भएकोले मनोविज्ञान वा दर्शनशास्त्र जहाँ पनि उसको चिन्तनको केन्द्रबिन्दु जिजीविषा रहेको कुरा पनि यसमा व्यक्त गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं अनुक्रममा राखिएको **मान्छे : सत्, चित्, आनन्द** भन्ने पाठमा सत्, चित्, आनन्दको घनीभूत केन्द्रबिन्दु परमात्मा भएकोले त्यहाँबाट उत्पन्न भएको र त्यसका गुणहरूले ओतप्रोत बनेको मान्छे सत्, चित्, आनन्दको पुञ्ज हो भन्दै समुद्रको पानी बाफ बनेर बर्सँदै पुनः पुनः नदीनादा, खोलाखोल्सामा बगेर समुद्रमै मिल्ने गरे जस्तै अजरामर परमात्माबाट जन्मेको मान्छे सतु स्वरूप भएकोले बाँची रहन, चित् स्वरूप भएकोले जानी रहन, सिकी रहन, बोली रहन, पढी रहन, घुमी रहन र आनन्द स्वरूप भएकोले जसरी पनि सुख खोज्न, दुःखबाट टाढा रहन, शाश्वत आनन्द, निर्विकार आनन्द र सनातन आनन्दको खोजी गर्न चाहन्छ भनिएको छ । मान्छेमा पाइने यस्तो स्वाभाविक प्रवृत्तिका कारण पनि उसलाई सच्चिदानन्द स्वरूप भन्न सकिन्छ भनेर पनि यसमा बताइएको छ ।

मान्छेको दृष्टिकोण यस पुस्तकको तेइसौं निबन्ध हो । यसमा भनिए अनुसार जीव, जगत् र ईश्वरलाई हेर्ने मान्छेको दृष्टिकोण समान नपाइनको कारण स्वतन्त्र भएर सोच्ने, बुद्धिलाई छाडा छोडेर बहकिने, आस्था र श्रद्धाका कुरामा तर्कलाई भन्दा कल्पनालाई महत्त्व दिने जस्ता विभिन्न पक्षको प्रभाव हो भन्दै समयमै सच्चरित्रको अनुसरण, सद् गुरुको संगत, सत् शास्त्रको अध्ययन जस्ता सद्प्रवृत्ति अवलम्बन गर्ने हो भने वर्षा हुनु वा आँधी आउनुभन्दा पहिले कुनै ठुलो वृक्षको छहारी वा ओडार अथवा सुरक्षित आश्रयको शरण लिने हो भने चुटिने, उडाइने, भिजिने अवस्थाबाट बचन सकिए जस्तै कोशास्त्रीय मान्यताको भिन्नता, धर्मको भिन्नता, सद्गुरुका उपदेशमा भिन्नताको अवस्था आउँदैन । क्षणिक स्वार्थ वा बहकावमा परेर परधर्ममा बेचिने वा किनिने, स्थिर चित्त नहुने, आफ्ना समृद्ध परम्परामाथि उपेक्षाभाव राख्ने, सतहमा बगेर सुख र आनन्द खोज्ने प्रवृत्तिले मान्छेलाई घरको न घाटको बनाउँछ । आफूलाई नचिनेर, आफूसित भएको सम्पत्तिको मूल्य थाहा नभएर, आफ्नो बहुमूल्य संस्कृति नबुझेर सुख, शान्ति, आनन्द, सन्तुष्टि खोज्न बहकिँदै बाहिरतिर भौंतारिएका खण्डमा कहिल्यै पनि गन्तव्य भेटाइँदैन । सुख खोज्नेले दृष्टिकोण अनुकूल बनाउनु आवश्यक छ । सगरमाथा चढ्न खोज्नेले सगरमाथातिरकै दिशातिर उन्मुख भएर अनवरत यात्रा गर्नु पर्दछ । दक्षिण भारतको दक्षिणी कुनामा रहेको कन्याकुमारीतिर हानिएर सगरमाथा भेटाउन चाहेमा दुःख मात्र पाइन्छ, श्रम, समय, धन मात्र खर्च भई चिन्ता बढ्ने अवस्था मात्र हात लाग्दछ ।

चौबिसौं अनुक्रममा समावेश गरिएको यस ग्रन्थको अर्को रचना **मान्छेभित्रका मान्छेलाई यसरी पनि बुझ्ने**मा लेखकको विचार के छ भने मोटो, दुब्लो मान्छेलाई शरीरतिर, अन्धो, कानोलाई ज्ञानेन्द्रियतिर, लाटो, लँगडोलाई कर्मेन्द्रियतिर, कामी, क्रोधी, लोभीलाई आफूभित्रका शत्रुबाट जितिएको, भोकाएको र तिर्खाएकोलाई प्राण धर्मले सताइएको, जन्मने र मर्नेलाई देहात्मवादी, सुखी र दुःखीलाई मनलाई आफ्नो ठान्ने सोच भएको र विद्वान् तथा प्राज्ञलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि भएको मान्छेभनेर बुझ्न सकिन्छ । यसै गरी धनलाई सर्वस्व ठान्ने धनी, नेतृत्व र राजनीतिमा अग्रसरता देखाउने राजनीतिप्रेमी, व्यापारलाई ठुलो ठान्ने व्यापारी, उद्योगलाई महत्त्व दिने उद्योगी, खेतीपाती रुचाउने कृषक जस्ता अनेक थरी पेसाकर्मीहरूले आफूलाई नै ठुलो ठानी आफ्नो कर्मलाई नै श्रेष्ठ मानेका हुन्छन् । वास्तवमा त्यस्तो सोच भनेको अज्ञान हो । जुनसुकै समयमा पनि आफ्नै बाटो, आफ्नै पेसा, आफ्नै कर्म र आफ्नै सोचलाई उत्तम ठान्ने भएकोले त्यस्ता मान्छे सीमित सोचको घेराभन्दा माथि उठ्न सक्तैनन् । असली मान्छे वा सही बाटोमा हिँडेको मानिने मान्छे भनेको त शरीर, इन्द्रिय, प्राण, मन, बुद्धिभन्दा धेरै माथि उठेको, चिन्तन परायण, दार्शनिक, मुमुक्षु, ब्रह्मज्ञानी परमात्मवादी नै हो । त्यसो भए तापनि अज्ञानका भुमरीमा परेका कारण मान्छेहरू यस्तो बाटोबाट विमुख बनी संसारी तृष्णामा रुमलिएका हुन्छन् ।

यस पुस्तकमा राखिएको पच्चिसौं निबन्ध **मान्छेभित्रका उपासक मान्छेहरू** हो । यस निबन्धमा के भनिएको छ भने एउटै परम्परामा रहँदा रहँदै पनि सम्प्रदायगत भिन्नताका कारण शैव, शाक्त, गाणपत्य, सौर्य, वैदिक, तान्त्रिक आदि विभिन्न समूहमा मान्छेहरू विभक्त देखिन्छन् । राम्रो सोच र राम्रो कामको बाटो लागे राम्रो र न राम्रोतिर लागे न राम्रो हुनु स्वाभाविक कुरा हो । नीति बताउने र उपदेश दिनेहरूले ज्ञानीहरूले प्रत्येक स्थितिमा समान प्रवृत्तिको हुनु पर्ने कुरामा जति नै जोड दिए पनि व्यवहारमा सुखदुःख, जितहार, लाभहानि, मानापमान, शीतोष्ण, हिंसाअहिंसा, रागविराग, आरोहअवरोह जस्ता सम र विषम अवस्थामा समान भएर व्यवहार गर्न सजिलो हुँदैन । त्यसैले लाखौं मान्छेमा एकाध जना मात्र शास्त्रले उत्तम भनेको मोक्षको स्थितिमा पुग्न सक्तछन् । बाँकी त सामान्य प्राणी सरहको जीवन जिउँछन् । त्यसो भए तापनि सद्गुरुको संगत, शास्त्रको अध्ययन, साधनाको निरन्तरता, ज्ञानप्रतिको आकर्षण र मौक्ष प्राप्तिको उत्कट अभिलाषा भयो भने अवश्य पनि सफलता हासिल हुन सक्तछ । मान्छेले आफूभित्र रहेको देवतालाई चिनेर तदनुरूप कर्म गरेमा देवता र दानव वृत्तिको स्वरूपलाई महत्त्व दियो भने दानव बनिने कुरा सत्य हो भएकोले देवता बन्ने प्रयत्न गर्नु नै उत्तम हो ।

पञ्चकोशभन्दा परको मान्छे भन्ने छब्बिसौं क्रमको पाठमा भनिए बमोजिम मान्छेमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय तथा आनन्दमय गरी जम्मा पाँच कोश रहेका र तिनको सदुपयोगबाट सत् र दुरुपयोगबाट दुष्प्रवृत्तिको उदय तथा विकास हुने भएकोले मान्छेले साधना, तपस्या गर्‍यो भने कोशातीत, भावातीत, देहातीत, दुःखातीत, गुणातीत बन्दछ र गलत बाटोतिर लाग्यो भने चोर, डाँका, हत्यारा, आतङ्ककारी, क्रूर, दानव बन्दछ । त्यसैले मान्छेको गन्तव्य, प्राप्तव्य र ज्ञातव्य भनेको कोशातीत, भावातीत, देहातीत, दुःखातीत, गुणातीत अवस्था प्राप्त गर्नु हो । जीवनको सफलता पनि तिनै कुराको प्राप्तिमा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासकार, ज्योतिषी, भूगर्भविद्, खगोलविद्, भूगोलविद्, भौतिक शास्त्री, रसायनशास्त्री, वनस्पति शास्त्री, प्राणीशास्त्री, शरीरशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री, वाणिज्यशास्त्री, संगीतज्ञ, कलाकार, कवि आदिले प्रतिभाको प्रयोग गरेर विभिन्न कला, ज्ञान, विज्ञान, अनुसन्धान, आविष्कार, तत्त्व विवेचन जस्ता विविध कार्य गर्दछन् भन्दै बाहिरबाट सामान्य मान्छे जस्तै देखिने भएर पनि भित्री ज्ञान, ऊर्जा, सिप, क्षमता र योग्यताबाट अरूले सहजै गर्न न सकिने असामान्य काम केही मान्छेले गर्दछन् भन्नका साथै **मान्छेभित्रका मान्छेहरू के के गर्दछन्** ? शीर्षकको अर्को निबन्धमा सुमान्छे र अमान्छे मान्छेभित्र नै रहेको निष्कर्ष निकाल्ने काम गरिएको छ ।

अट्ठाइसौं संख्याको पाठ भनेको यस कृतिको निबन्ध **मान्छेले मान्छेलाई हेर्छन्** हो । सत्त्वगुण, रजोगुण र तमोगुण जस्ता विविध गुणबाट मान्छेका क्रियाकलाप निर्देशित हुन्छन् र तिनै गुणका भेदहरूको न्यूनाधिक्यका कारण देवता, दानव, राक्षस, भूत, पिशाच बन्दछन् भनी यस निबन्धमा बताइएको छ । शत्रुका रूपमा हेर्नु र मित्रका रूपमा हेर्नु दृष्टिको भेद मात्र नभएर द्रष्टाभित्रका गुण भेदको पनि कारण हो भन्दै वैदिक मन्त्रहरूमा पाइने आदर्श चरित्रको व्याख्या, सच्चा जीवनको मार्ग दर्शन, नैतिक मूल्य तथा मान्यताको विवरणका पछाडि सत्त्व गुणबाट उत्पन्न भएका भावको लहर स्पष्ट रूपमा देख्न सकिन्छ भन्ने कुरा पनि यसमा व्यक्त गरिएको छ ।

केही असाधारण मान्छेहरू भन्ने अर्को निबन्धमा गौतम बुद्ध, राम, कृष्ण, शङ्कराचार्य, जेम्सवाट, हस्तामलाचार्य, अमेरिकी राष्ट्रपति जर्ज वासिङ्टन, महात्मा गाँधी जस्ता महान् भनिने व्यक्तिहरू उपयुक्त वातावरण, सच्चा गुरु, असामान्य साधना, भावुक प्रवृत्ति जस्ता विविध कारणबाट सामान्यबाट असामान्य व्यक्ति बनेका हुन् भनिएको छ । जतिसुकै कमी कमजोरी रहँदा रहँदै पनि निरन्तर लागी रहेका खण्डमा जुनसुकै क्षेत्रमा सफलता पाइन्छ भन्ने मनोवैज्ञानिक सत्यको उद्घाटन पनि यस निबन्धमा गरिएको छ ।

तिसौं अनुक्रममा समाविष्ट निबन्ध **मान्छेभित्रका मान्छेहरू प्रकट हुन्छन्**मा आनुवंशिक सम्पत्ति लिएर जन्मजात प्रतिभाशाली बनी जनसमक्ष चर्चा पाउने मान्छे केही हुन्छन् भने केही मान्छे व्यक्तिगत त्याग, तपस्या, अथक प्रयास, बलिदान, साधनाबाट ख्याति आर्जन गर्दछन् भन्दै केही मान्छे चाहिँ कसैको प्रेरणा, प्रभाव, सहयोग र सल्लाह पाएर कर्मठ बनी अघि बढ्दै जाँदा सामान्यबाट असामान्य व्यक्ति व्यक्ति बन्दछन् भनिएको छ । लोक कल्याणकारी विशिष्ट काम गरी चर्चाको शिखरमा पुगेका कतिपय व्यक्ति चारित्रिक दौर्बल्य, अविवेक, मूढ स्वभाव, अधैर्य र अज्ञानका कारण क्षणभरमै बदनाम भएका देखिने कुरा पनि यसमा बताइएको छ ।

यस कृतिको **मान्छेभित्रका मान्छेलाई यसरी पनि चिन्न सकिन्छ** भन्ने एकतिसौं निबन्धमा ईश्वरको विश्वरूप जस्तै विश्व व्यापी रूपमा फैलिएको मान्छेका रूपलाई पनि अनेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेदमा छुट्याउन सकिन्छ भन्दै एक जना मान्छे सन्तानको बाबु, बाबुआमाको छोरा, पत्नीको पति, सासूससुराको ज्वाइँ, विद्यालयको शिक्षक, मावलीको भान्जा, परदेश गएका बखत परदेशी, बिरामी हुँदा रोगी, न्यायालयमा न्याय खोज्न गएका बेला वादी वा प्रतिवादी, मन्दिरमा जाँदा भक्त, राजनीति गर्दा नेता, विवाहमा जन्ती, मलाममा मलामी, साहित्य सिर्जनामा साहित्यकार, पत्रकारितामा पत्रकार आदि अनेक रूपमा परिचित हुन सक्दछ भनिएको छ । कार्यगत भिन्नताका आधारमा महर्षि वसिष्ठ श्रोत्रिय ब्रह्मनिष्ठ, मुक्तात्मा, ज्ञानी, महापुरुष, ब्रह्माका मानसपुत्र, अरुन्धतीका पति, राजा दशरथका कुलगुरु, पुरोहित एवं प्रमुख सल्लाहकार, भगवान् रामचन्द्रका ज्ञानदाता, महर्षि विश्वामित्रका प्रतिस्पर्द्धी भए जस्तै अनेक कार्य व्यापार अनुसार मान्छेले पहिचान बनाउने र एउटै व्यक्ति अनेक रूपमा चिनिने कुरा समेत यसमा बताइएको छ । अनुकूल र प्रतिकूल चरित्र तथा उपयुक्त र गलत दुवै प्रकारका स्वभाव मान्छेमा पाइने विचार समेटिएको निबन्धका रूपमा पनि यसलाई चिन्न सकिन्छ ।

मान्छेभित्रका मान्छेलाई यसरी पनि हेर्न सकिन्छ शीर्षकको अर्को निबन्ध यस पुस्तकमा बत्तिसौं क्रममा राखिएको छ । समीक्ष्य निबन्धमा उमेर, अवस्था, लिङ्ग, वर्ण, आश्रम, गोत्र, नाता, अनुहार, स्वभाव, क्षमता, पेसा, योग्यता, देश, राजनीतिक मान्यता, दर्शन, धर्म, सम्प्रदाय, स्वास्थ्य स्थिति, ठाउँ, क्षेत्र, साङ्ग वा अपाङ्गको विभेदका आधारमा हेर्ने हो भने मान्छेभित्र अनेक थरी मान्छे अटाएका देखिन्छन् भनिएको छ । अझ एउटै पेसा वा योग्यता भएको मान्छेमै केन्द्रित भएर थप मान्छे खोज्ने हो भने वैज्ञानिकमा भौतिक शास्त्री, रसायनशास्त्री, तथ्याङ्कशास्त्री, जीवशास्त्री, नृवंशशास्त्री, भाषाशास्त्री आदि र आर्थिक क्षेत्रमा विशेषज्ञता प्राप्त व्यक्तिमा पनि यस्तै भेदका अनेक मान्छे पाइने कुराको चर्चा यस निबन्धमा गरिएको छ ।

माथि विवेचना गरिएको निबन्धपछि राखिएको अर्को पाठ **मान्छेलाई हेर्ने मान्छेका आँखा** हो । यसमा योग्यता, कार्य व्यापार, नातेदारी, प्रशासनिक जिम्मेवारी, वर्गीय विभेद, पेसागत श्रेणी, आर्थिक अवस्था जस्ता अनेकौं कारणबाट पनि मान्छेभित्रका मान्छे भिन्न भिन्न देखिने कुरा बताइएको छ । सँगै हुर्के बढेको र एकसाथ पढे लेखेको साथी संगीत विशेषज्ञ बनेर मञ्चमा गीत गाई रहेको अवस्थामा अर्को साथी दर्शक वा श्रोता बनेर उपस्थित भएको छ भने त्यस बखत उसले गायक साथीलाई गायककै रूपमा हेर्दछ भन्दै विषयविज्ञ त्यस्ता व्यक्तिले विश्वलाई नै तत्तत् विषयको रूपमा हेर्दछ भन्ने कुरा पनि यसमा व्यक्त गरिएको छ । मनोवैज्ञानिकले संसारलाई नै मनोविज्ञानमय, दार्शनिकले दर्शनमय, वैज्ञानिकले विज्ञानमय, कलाकारले कलामय, साहित्यकारले काव्यमय, चित्रकारले चित्रमय, संगीतकारले संगीतमय, धार्मिकले धर्ममय, ज्ञानीले ज्ञानमय, ध्यानीले ध्यानमय दृष्टिबाट संसारलाई हेरेको हुन्छ भन्ने उदाहरण पनि यसमा प्रस्तुत गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटनाहरूका बिचमा मान्छेलाई यस कितापमा चौतिसौं पाठ बनाइएको छ । विवेच्य पाठमा भनिए अनुसार अवस्था अनुसार मान्छेले मान्छेलाई फरक फरक भावबाट हेर्दछ । आफैले जन्माएका सन्तानलाई जलाएर वा भिरबाट फालेर सुख खोज्ने कल्पना गर्ने आमा वा बाबु, प्राणभन्दा प्यारी मानेर व्यवहार गर्ने पत्नीलाई मारेर आनन्दमय जीवनको खोजी गर्ने पति, जन्म दिने आमाबाबुलाई बन्चरो हिर्काएर मारी सम्पत्तिको निर्बाध उपभोग गर्न चाहने सन्तान, ज्ञान दिने छात्रालाई बलात्कार गर्ने र त्यसपछि हत्या समेत गरी प्रसन्न बन्ने कल्पना गर्ने गुरु, अर्काले परिश्रम गरी कमाएको धन लुटेर सुखभोग गर्न चाहने डाँका, बम पड्काएर सयौं निर्दोष जनतालाई मारी राजनीतिक दुनो सोभ्याएको ठान्ने आतङ्ककारी, उपचार गर्ने बहानामा बिरामीको शरीरको अर्कै अङ्ग काटेर निकाली धनी बन्ने सपना देख्ने चिकित्सक जस्ता जति पनि दुष्टहरू छन् ती पनि मान्छे नै हुन् । संसार ध्वस्त गर्न चाहने वैज्ञानिक पनि मान्छे नै हुन् । संसारको रक्षाका लागि हलाहल विष पिउने भगवान् शङ्करका कथा र भृगु ऋषिको लात खाँदा समेत उल्टै नम्रता र सहानुभूति दर्साउने भगवान् विष्णुका कथा पनि घटना नै हुन् । आफ्नो र अरूको हित सोच्ने हो भने मान्छेले गलत बाटो छोडेर आदर्श चरित्रको मार्ग अवलम्बन गर्नु पर्दछ । त्यसबाट नै समाज र दुनियाँ स्वस्थ र स्वच्छ बन्न सक्तछ ।

माथि विवेचना गरिएको पाठपछि राखिएको अर्को निबन्ध **मान्छेले सृष्टि बदल्नु परेको छैन, दृष्टि बदले पुग्छ** हो । यसमा मान्छेले सृष्टिका नियम, अनुशासन, धर्म, कार्य र पद्धति बदल्ने प्रयास गर्दै आएको भए पनि त्यस दिशामा कहिल्यै सफलता प्राप्त नहुने बरु त्यस्तो विचार मनबाट त्यागेर आफ्ना सीमा र सम्भावनाहरूको पहिचान गरी सृष्टिका नियमभित्र रहने प्रयत्न गर्नु नै उपयुक्त हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । आज जति पनि दुर्घटना, त्रास, अशान्ति, आतङ्क, अन्यौल जस्ता असहज अवस्थाको सिर्जना भएको छ त्यसको मुख्य कारण मान्छेले सृष्टि बदल्ने विचार बोकेर असम्भव कार्यमा हात हाल्न खोज्नु हो भन्ने निष्कर्ष यस लेखले निकालेको छ । सम्पूर्ण अर्थमा मान्छे विप्लवी मात्र पनि होइन भन्ने कुराको सङ्केत मान्छेले आफू जस्तै चरित्र, पेसा, व्यवहार, सोच भएकाहरूसित नजिकिन खोज्नु हो भन्ने कुरा पनि यसमा बताइएको छ ।

कस्ता कस्ता मान्छे छन् ? यस पुस्तकको छत्तिसौं निबन्ध हो । मान्छे ब्रह्म, ब्राह्मण, ब्रह्म राक्षस, भूतप्रेत, पिशाच, गन्धर्व, किन्नर, देवता, दानव आदि सबै हो । पञ्चतन्त्रमा बयान गरिएका सोम शर्मा जस्तै एकै जना मान्छेमा बाबु बन्ने, बाजे बन्ने, धनी बन्ने, समाजमा नामी बन्ने खालका अनेकौं मान्छे हुर्कंदै गएको स्थितिमा जीवन्मुक्त, ज्ञानवान्, मुमुक्षु, साधु, सन्त, स्वाध्यायी, भक्त, धार्मिक मान्छे भने गर्भावस्थामै तुहिने गरेको छ । सत् पक्ष कमजोर र असत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्ष बलियो बन्दै गएको दृश्य मान्छेभित्रको मान्छेमा देखिएको छ । यिनै कुराको प्रस्तुतिमा तयार पारिएको रचना यो हो ।

सैंतिसौं अनुक्रममा राखिएको निबन्ध **मान्छे कहाँ कहाँ छन् कस्ता छन् ?** मा व्यक्त गरिएको भाव के हो भने मान्छे मूलतः परमानन्दका लागि समाधिमा बस्ने नै प्राणी भए पनि सांसारिक वासनामा लटपटिन थालेपछि ऊ आफैले कल्पना गरेका लोक, सपना र कल्पनाबाट टाढा हुँदै जान्छ र बिस्तारै परमानन्दमय हुनको सट्टा वासनामय बन्दै जान्छ । वास्तवमा मान्छेले आफूलाई अमान्छेको खोलमा ढाक्न थालेपछि नै ऊ मान्छे हुन र देखिन छोडेको हो । उसको निजत्व भनेको त ज्ञानी बन्नु हो र देवताहरूका लागि पनि दुष्प्राप्य मानिने परब्रह्म हासिल गर्नु हो । त्यस्तो फराकिलो विशाल राजमार्गमा हिंड्न छोडेर ऊ अनकण्टार झाडीतिर भौंतारिएको छ । त्यसैले मान्छेको आजको आवश्यकता भनेको आफूभित्रका अनेक थरी मान्छेलाई मिल्काएर एक्लै असली रूपमा नाङ्गो बनेर निर्वाणतिर उन्मुख बन्नु हो । यसरी अनावृत नभएसम्म र दिगम्बरधारी अवस्थामा नपुगेसम्म मान्छेको कल्याण हुन सक्तैन । नाङ्गो दर्शनको सिद्धान्त यस पाठमा प्रस्तुत गरिएको छ ।

मान्छेको लक्ष्य यस कितापको अन्तिम अर्थात् अठतिसौं निबन्ध हो । मान्छेलाई दार्शनिक हिसाबले अध्ययनको विषय बनाएर व्यापक विमर्श गरी सकेपछि यस पाठमा निष्कर्षका कुरा राखिएको छ । पुस्तक लेखनको संरचनात्मक आवश्यकता पनि यो हो । यसमा बताइए अनुसार शास्त्रीय मूल्य र मान्यताको संरक्षण तथा विकारयुक्त चालचलनको अन्त्य गर्दै मान्छे आफूलाई चिनेर आफ्नो सही गन्तव्यको पहिचान गरी तदनुरूपको यात्रा गर्नु आवश्यक छ । त्यो यात्रा भनेको मान्छेले आफूभित्रका अनेक थरी मान्छेलाई छोड्नु र कहिल्यै जन्मन, मर्न, दुःखकष्ट भोग्न, पीडा तथा क्लेशको अनुभूतिबाट सर्वथा मुक्त हुनका लागि आत्मज्ञान गर्नु हो र ब्रह्म साक्षात्कार गर्नु हो । अद्वैत ले बताएको बाटो पनि यही हो । यस बाटोमा हिंड्दै गएपछि पुगिने ठाउँ नै मान्छेको जीवनको अन्तिम बिसौनी हो र सही गन्तव्य तथा प्राप्तव्य पनि त्यही नै हो । मान्छेले पाउने प्रयत्न त्यसैका लागि गर्नु पर्दछ किनभने असरी सार पाउनु वा असली गुदी भृटाउनु भनेको त्यही तत्व प्राप्त गर्नु हो । त्यो सम्पत्ति पाइयो भने पूर्णमिवावशिष्यते भने जस्तै जतिसुकै रित्याए पनि रित्तिंदैन र जतिसुकै खर्च गरे पनि सकिंदैन । यो कृति रचना गर्नका पछाडि लेखकको यही सन्देश व्यापक रूपमा प्रसार गर्ने उद्देश्य रहेको कुरा पनि समीक्ष्य पाठको अध्ययनबाट अवगत हुन्छ ।

४.२.३६ अष्टावक्रगीता

अष्टावक्रगीता (सार-संक्षेप र विविध) श्रीमती रेखा श्रेष्ठको आर्थिक सहयोगमा स्वाध्याय परिवार, ललितपुरद्वारा २०६९ सालको विजया दशमीमा प्रकाशित प्रा. शिवगोपाल रिसालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैंतिसौं कृति हो । डिमाई आकारको यस कृतिमा प्रारम्भिक अंश १२ तथा पाठको अंश १८२ गरी जम्मा १९६ पृष्ठ छन् । आवरणको पहिलो पृष्ठमा राजा जनकका दरबारको आँगनमा बायाँ हातमा पुस्तक च्यापेर हिंड्दै गरेका अष्टावक्र मुनिको हस्त निर्मित रेखाचित्रभन्दा माथि बिच भागमा पहेंलो रंगमा पुस्तकको नाम *अष्टावक्रगीता* र त्यसभन्दा मुनिको बिच भागमा गाढा प्याजी रंगमा **सार-संक्षेप र विविध** लेखिएको छ । आवरण पृष्ठको तल्लो भागमा हरियो रंगमा प्रा. शिवगोपाल रिसालको नाम दिइएको छ । गाताको पछिल्लो पृष्ठको माथिल्लो भागको दायाँतिर दारी पालेको प्रा. शिवगोपाल रिसालको रंगीन चित्र तथा त्यस बखतसम्म प्रकाशित प्रा. रिसालका कृतिहरूको नाम र प्रकाशन वर्षको विवरण तथा तल्लो भागको दायाँ कुनामा ISBN दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठ र त्यसपछिका पनि दुई पृष्ठ खाली राखिएका छन् । दुई पृष्ठको पुस्तकको परिचयपछिका चार पृष्ठमा **आफू आफूमा नै रमाउँदा** शीर्षकको रचनाकार प्राध्यापक रिसालको भूमिका दिई चार पृष्ठको विषयसूची राखिएको छ । यी सबै अनुक्रम पछाडि मात्र कविताहरू प्रस्तुत गरिएका छन् ।

समीक्ष्य पुस्तकमा दुई खण्ड छन् । ती दुवै खण्डमा मंगलाचरण सहित जम्मा सत्तरी शीर्षकमा ९५३ वटा कविता समावेश गरिएका छन् । मंगलाचरण सहित अठचालिस वटा शीर्षक र ७३३ वटा कविताको पहिलो खण्डको नाम **अष्टावक्रगीता (सार-संक्षेप खण्ड)** तथा बाइस वटा शीर्षक र २२० वटा कविताको दोस्रो खण्डको नाम **विविध खण्ड** राखिएको छ । पहिलो खण्ड अर्थात् **अष्टावक्रगीता (सार-संक्षेप खण्ड)** मा अनुक्रम मुक्त गरी शास्त्रीय विविध छन्दका तिन वटा श्लोकको **मङ्गलाचरण** दिइएको छ । त्यसपछिका कविताहरू अनुक्रममा राखिएका छन् । ती कविताहरू शास्त्रीय विविध छन्दका नौ वटा श्लोकको **अनुष्ठान शुभारम्भ**, शास्त्रीय विविध छन्दका बार वटा श्लोकको **विषय प्रवेश**, शास्त्रीय विविध छन्दका सात वटा श्लोकको **सहयोग सेवा**, शास्त्रीय विविध छन्दका नौ वटा श्लोकको **सजिलो वक्ता**, शास्त्रीय विविध छन्दका चालिस वटा श्लोकको **मार्ग दर्शन**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **दुई पुस्तकको लोकार्पण दुई देवताबाट**, शास्त्रीय विविध छन्दका पैतालिस वटा श्लोकको **अष्टावक्रगीतोक्त उपदेश-सार**, शास्त्रीय विविध छन्दका बाइस वटा श्लोकको **सत्सङ्ग महिमा**, शास्त्रीय छन्दका चौध वटा श्लोकको **शरीर संसार सदा रहन्न**, अनुष्टुप छन्दका एक्काइस वटा श्लोकको **सहभागी श्रोताहरू**, शास्त्रीय विविध छन्दका बाइस वटा श्लोकको **सावधान हुनुहोस्**, शास्त्रीय विविध छन्दका सात वटा श्लोकको **अभिमुक्तेश्वर मन्दिरको महिमा**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **नित्य स्वाध्यायलाई निमन्त्रणा**, शास्त्रीय विविध छन्दका एघार वटा श्लोकको **प्रसन्न देखिनै पर्छ**, शास्त्रीय विविध छन्दका तेर वटा श्लोकको **आफ्नै लागि**, अनुष्टुप छन्दका चौबिस वटा श्लोकको **ज्ञान बाङ्गो छादै छैन**, अनुष्टुप छन्दका छत्तिस वटा श्लोकको **संसार, सम्बन्ध कष्टदायी**, शास्त्रीय विविध छन्दका उनन्तिस वटा श्लोकको **मृत्युले मौका**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिए अब के गर्ने ?, अनुष्टुप छन्दका एघार वटा श्लोकको **प्रकृति-पुरुषको संरचना**, शास्त्रीय विविध छन्दका सोर वटा श्लोकको **अद्वैतबोध**, शास्त्रीय छन्दका छ वटा श्लोकको **नश्वर भोग**, शास्त्रीय विविध छन्दका सत्र वटा श्लोकको **सक्छौ भने पाल मलाई ऐले**, अनुष्टुप छन्दका दस वटा श्लोकको **मुक्तानन्द**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **दिव्य उपदेश**, शास्त्रीय विविध छन्दका बाइस वटा श्लोकको **नित्यानित्य वस्तुविवेक**, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **बिदाइको सङ्केत**, अनुष्टुप छन्दका एघार वटा श्लोकको **सनातन धर्म**, अनुष्टुप छन्दका बाइस वटा श्लोकको **ज्ञान विज्ञान हुनैपर्छ**, अनुष्टुप छन्दका तेर वटा श्लोकको **तीनै कर्म भयो भस्म**, अनुष्टुप छन्दका पन्ध्र वटा श्लोकको **नाना छैन म ब्रह्ममा**, अनुष्टुप छन्दका तेर वटा श्लोकको **ब्रह्मनिष्ठ हुनैपर्छ**, अनुष्टुप छन्दका चौबिस वटा श्लोकको **सृष्टि भएकै छैन**, अनुष्टुप छन्दका एघार वटा श्लोकको **बाटो देखाउने गुरु**, अनुष्टुप छन्दका सात वटा श्लोकको **सस्ता गुरु**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **ज्ञानी गुरु**, अनुष्टुप छन्दका सात वटा श्लोकको **केही प्रक्रिया**, अनुष्टुप छन्दका पच्चिस वटा श्लोकको **मोक्ष नै लक्ष्य**, अनुष्टुप छन्दका एक्काइस वटा श्लोकको **शरीर केका लागि साँच्ने ?**, अनुष्टुप छन्दका सत्र वटा श्लोकको **ज्ञानीको स्थिति**, अनुष्टुप छन्दका चौध वटा श्लोकको **आफू को ?**, अनुष्टुप छन्दका चार वटा श्लोकको **मुक्त र बद्ध**, अनुष्टुप छन्दका अठार वटा श्लोकको **ज्ञानी हर्ष-शोक विमुक्त छन्**, शास्त्रीय विविध छन्दका तेर वटा श्लोकको **दुर्लभ चोला सदुपयोग भयो ?**, शास्त्रीय छन्दका आठ वटा श्लोकको **रित्तो बनौँ**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **पूर्वस्मृति**, शास्त्रीय विविध छन्दका अठार वटा श्लोकको **बिदाइ ?** र शास्त्रीय विविध छन्दका तेर वटा श्लोकको **कृतज्ञता अर्पण** हुन् ।

दोस्रो खण्ड अर्थात् **विविध खण्डमा** शास्त्रीय विविध छन्दका चौध वटा श्लोकको **वासिष्ठ ज्ञान**, शास्त्रीय विविध छन्दका छत्तिस वटा श्लोकको **शरीरका विषयमा**, झ्याउरे लयका पाँच वटा गीति गुच्छाको **यौटा चरो**, *चोरी चोरी डुल्दा पनि, कृष्ण रमाइला छन्, राई रोई हिँड्दा पनि, राम रमाइला छन्* भन्ने थेगो भएको र झ्याउरे लयका छ वटा गीति गुच्छाको **चोरी चोरी...**, *राम, कृष्ण नाम भिन्न, काम एकै हो, भक्तिमुक्ति खोजे जस्तै फल देकै हो* भन्ने थेगो भएको र भजन लयका आठ वटा गुच्छाको **राम र कृष्ण**, अनुष्टुप छन्दका तेर वटा श्लोकको **कृष्ण एक : दृष्टि अनेक**, *कृष्णजीको बाँसुरीले मलाई बोलायो* भन्ने थेगो भएको र गीति लयका छ वटा गुच्छाको **मलाई बोलायो**, गीति लयका छ वटा गुच्छाको **शिव-विवाह**, भजन लयका तेर वटा गुच्छाको **कृष्णजीको सातो गो रे**, *भक्ति चाहिन्छ, भक्ति चाहिन्छ, रामकृष्ण तत्त्व बुझे मुक्ति पाइन्छ* भन्ने थेगो भएको भजन लयका पाँच वटा गुच्छाको **भक्ति चाहिन्छ**, अनुष्टुप छन्दका पाँच वटा श्लोकको **सर्वधर्म समर्पण**, विविध लयका भजनका छ वटा गुच्छाको **बोल न कृष्ण**, शास्त्रीय विविध छन्दका आठ वटा श्लोकको **अनुभव**, अनुष्टुप छन्दका सात वटा श्लोकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परो शरणमा आमा, मुक्त छन्दका पाँच वटा कविताको **काल छ विकराल**, मुक्त छन्दका सात वटा कविताको **के पो गर्ने ?**, मुक्त छन्दका चार वटा कविताको **काल बडो चमत्कारी**, भ्याउरे लयका सत्र वटा गीति गुच्छाको **संसार हो युद्धभूमि**, अनुष्टुप छन्दका सात वटा श्लोकको **प्रार्थना**, शास्त्रीय विविध छन्दका चौतिस वटा श्लोकको **एकादेशका नेता**, अनुष्टुप छन्दका नौ वटा श्लोकको **शरणागति** र भ्याउरे लयका चार वटा गीति गुच्छाको **नेपाल आमा** सहितका कविता राखिएका छन् ।

समीक्ष्य पुस्तकका कविताहरूमा विषयको प्रकृतिका आधार प्रतिनिधित्व हुने गरी यहाँ खास केही पाठको विवेचना गरिएको छ । त्यसरी छानिएका पाठहरू **मङ्गलाचरण, अनुष्ठान शुभारम्भ, अष्टावक्रगीतोक्त उपदेश-सार, अभिमुक्तेश्वर मन्दिरको महिमा, सनातन धर्म, बिदाइको सङ्केत, बाटो देखाउने गुरु, कृतज्ञता अर्पण, चोरी चोरी..., शिव-विवाह, भक्ति चाहिन्छ, अनुभव, परो शरणमा आमा, शरणागति, काल छ विकराल, संसार हो युद्धभूमि, प्रार्थना, एकादेशका नेता** र **नेपाल आमा** हुन् ।

मङ्गलाचरण यस पुस्तकको पहिलो पाठ को । यसमा भगवान् शंकर, देवी पार्वती, सरस्वती, मातापिता, ओंकार, आफूभित्रको परमात्मा र भगवान् राममा सबैको भक्ति रहोस् भन्ने कामना गरिएको छ । रचनाकार स्वयंले पनि यी सबैलाई काव्य रचनाको पूर्णता र सफलताका लागि वन्दना गरेका छन् :

ओंकारेश्वरको कृपा यदि भए ऽहंकार निर्मूल भो ।
आत्माको र परात्मको स्थिति बुझे अज्ञान नै दूर गो ।।
यो नै लक्ष्य लिएर साम्ब शिवको आराधना गर्छु म ।
मेरो बुद्धि विशुद्ध पार जननी वाणी सदा पुज्छु म ।।आ।।

अनुष्ठान शुभारम्भ भन्ने शीर्षकको कवितामा २०६९ असार २२ देखि २०६९ भदौ ३१ गतेसम्म काठमाडौँको टंगालमा निर्मित पुण्यानन्द आश्रममा रचनाकारले अष्टावक्रगीतामा प्रस्तुत ज्ञान र दर्शन विषयमा प्रवचन दिएको कुरा बताइएको छ । पुरुषोत्तम मास परेकोले त्यस वर्ष चतुर्मासको अवधि बढेको र सो प्रवचन जम्मा त्रिहत्तर घण्टा चलेको कुरा पनि यस कवितामा भनिएको छ :

पाए समीपै शिवका कृपाले ।
अध्यात्म चर्चा तप, साधनाले ।।
यो ज्ञानको यज्ञ भयो नि धन्य ।
श्रोता र वक्ता सब नै प्रसन्न ।।७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचनको सो अनुष्ठानसित सम्बद्ध विषयलाई आधार बनाएर रचिएका यस पुस्तकमा संकलित कविताहरू **विषय प्रवेश, सहयोग सेवा, सजिलो वक्ता, मार्ग दर्शन, दुई पुस्तकको लोकार्पण दुई देवताबाट, सहभागी श्रोताहरू, सावधान हुनुहोस्** र **नित्य स्वाध्यायलाई निमन्त्रणा** हुन् ।

अष्टावक्रगीतोक्त उपदेश-सार भन्ने कविता यस पुस्तकको मूलभूत सार हो । वेदान्त दर्शनलाई आधार बनाएर रचिएका अधिकांश पाठको प्रतिनिधि कविता पनि यो हो । यसमा अष्टावक्र मुनिले राजा जनकलाई ज्ञानको दीक्षा दिएपछि उनमा आएको परिवर्तनको चर्चा गरिएको छ । कविले यस पाठमा भने अनुसार सारा प्राणीहरूमा परमात्माको वास छ भन्ने कुरा बुझेपछि राजा जनक सांसारिक मोहबाट मुक्त भए, उनले अनासक्त भएर राज्य गरे । सांसारिक विषयप्रति विमुख बनी उनी परमार्थप्रति आकर्षित भए । राजा जनकले प्राप्त गरेको ब्रह्मविद्याको संक्षिप्त चित्रणमा आधृत कविता यो हो :

समीप आएपछि जानिइन्छु ।
सम्बन्ध छोडेपछि मानिइन्छु ।।
पन्छाउनोस् भ्याउ सफा छ पानी ।
नाङ्गो भएमा न त लाभ, हानि ।।४२।।

ज्ञानमै केन्द्रित भएर रचिएका यस पुस्तकका कविताहरू **सत्सङ्ग महिमा, शरीर संसार सदा रहन्न, प्रसन्न देखिनै पर्छ, आफ्नै लागि, ज्ञान बाङ्गो छादै छैन, संसार, सम्बन्ध कष्टदायी, मृत्युले मौका दिए अब के गर्ने ?, प्रकृति-पुरुषको संरचना, अद्वैतबोध, नश्वर भोग, सक्छौ भने पाल मलाई ऐले, मुक्तानन्द, दिव्य उपदेश, नित्यानित्य वस्तुविवेक, ज्ञान विज्ञान हुनैपर्छ, तीनै कर्म भयो भस्म, नाना छैन म ब्रह्ममा, ब्रह्मनिष्ठ हुनैपर्छ, सृष्टि भएकै छैन, केही प्रक्रिया, मोक्ष नै लक्ष्य, शरीर केका लागि साच्ने ?, ज्ञानीको स्थिति, आफू को ?, मुक्त र बद्ध, ज्ञानी हर्ष-शोक विमुक्त छन्, दुर्लभ चोला सदुपयोग भयो ?, रित्तो बनौ, पूर्वस्मृति, वासिष्ठ ज्ञान, शरीरका विषयमा, यौटा चरो , सर्वधर्म समर्पण** र **के पो गर्ने ?** पनि हुन् ।

अभिमुक्तेश्वर मन्दिरको महिमा, भन्ने कवितामा काठमाडौंको टंगालको पुण्यानन्द आश्रममा निर्मित अभिमुक्तेश्वर महादेवको मन्दिर शैव, वैष्णव, शाक्त र सौर्य सम्प्रदायको संगम हो भनिएको छ । विद्या राणाले प्रदान गरेको जग्गामा स्वामी पुण्यानन्दले भव्य यस मन्दिरको निर्माण गरेका हुन् भन्दै यसमा स्वाध्याय र सत्संगको आयोजना भई रहने क्रममा कविको प्रमुख वाचकत्वमा अष्टावक्रगीतामा व्याख्यान चलेको र त्यस्तो सिलसिला सधैंभरि जारी रहोस् भनी शुभकामना दिइएको छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञान वा भक्ति र कर्म गर्ने ।
साझा बनोस् मन्दिर भाव भर्ने ।।
सद्भाव, मैत्री, सुविचार ल्याओस् ।
समाजको विकृति नै भगाओस् ।।६।।

बिदाइको सङ्केत नामक कवितामा दरबारमै बसेर राजा जनकलाई ब्रह्मज्ञान दिएपछि अष्टावक्र मुनिले बिदाइ लिने कुरा गर्दा सबैका चेहरामा उदासी छाएको कुरा बताइएको छ । मिलन र बिछोड त जीवनको सामान्य प्रक्रिया हो भन्दै अष्टावक्र मुनिले राजा जनकलाई सम्झाएको कुरा पनि यसमा व्यक्त गरिएको छ :

अत्यन्त नै कष्ट भयो बिदाइ ।
भन्थे सबैले शिव हाई हाई !!
सत्सङ्ग, स्वाध्याय सदा चलाऔं ।
ब्रह्मात्मको बोध यतै फलाऔं ।।१७।।

महाज्ञानी अष्टावक्र ऋषि राजा जनकको दरबारबाट बिदा लिन लाग्दा सत्संगप्रतिको आकर्षणका कारण वातावरण नै शून्य बने जस्तै, लामो समयदेखि चली आएको सत्संगको रमाइलो वातावरणको विछोडको पीडा सबैका चेहरामा छाए जस्तै अभिमुक्तेश्वर महादेवको मन्दिरमा चलेको प्रवचन समाप्त हुन लाग्दा भक्तजनमा पीडाको अनुभूति देखिएको कुरा **बिदाइ ?** कवितामा बताइएको छ ।

सनातन धर्म शीर्षकको कवितामा हालका दिनमा धन र शक्तिका भरमा धर्म किन्ने र सिधासोझा जनतालाई भ्रममा पारेर धर्मका नाममा समाज भाँड्ने काम बढ्दै गएको कुरा बताइएको छ । यस्तो चेपुवामा नेपाली जनता परेको कुरा पनि यसमा व्यक्त गरिएको छ । यसमा बताइए अनुसार धेरैतिरबाट अवरोध हुँदा पनि सनातन धर्मको महत्ता कम भएको छैन र यसले दिने उत्तम ज्ञान जीवनलाई सही अर्थमा जीवन बनाउने सन्देश हो :

वेदको सार हो ब्रह्म, तिमी ब्रह्म-स्वरूप हौ ।
महावाक्य यही नै हो, म ता ब्रह्म-स्वरूप हुँ ।।८।।

बाटो देखाउने गुरु भन्ने कवितामा साँचो गुरु भेटाउन गारो हुन्छ भनिएको छ । गुरुको महिमा निकै ठुलो छ । यसमा कवि के भन्दछन् भने गुरुले जीवनको सही बाटो देखाउँछन् । गुरु आफूले अनुभव गरेर जानेका कुरा शिष्यलाई सिकाउँछन् । रामका गुरु वसिष्ठ, जनकका गुरु अष्टावक्र, अर्जुनका गुरु भगवान् कृष्णका कथा गुरुको गरिमाका उदाहरण हुन् । गुरु सदा वन्दनीय हुन्छन् किनभने उनी ज्ञान र चरित्रका धनी हुन्छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त मात्र हुन् शास्त्र, गुरु मार्ग बताउने ।

आफैंले खोज आफैंमा, आत्मा आत्मा रमाउने ।।११।।

हालका दिनमा सही गुरु पाउन गारो छ भन्दै विभिन्न प्रकारका गुरुको वर्णन पनि यस पुस्तकमा गरिएको छ । त्यस्तो वर्णनमा आधृत कविता **गुरु र ज्ञानी गुरु** हुन् ।

कृतज्ञता अर्पण नामक पाठमा भनिए अनुसार शास्त्रको ज्ञान गुरुको उपदेश तथा व्याख्यानबाट आर्जन गर्नु पर्दछ । यसरी ज्ञान दिने प्रमुख गुरु भगवान् नारायण नै हुन् । त्यसपछि भगवान् शंकर, महर्षि गर्ग, वसिष्ठ, अष्टावक्र आदि ज्ञानाधिकारी र राम, कृष्ण आदि विशिष्ट चरित्राधिकारी गुरुबाट पनि निकै ठुलो प्रेरणा शिष्यहरूले प्राप्त गर्दछन् । तिनका प्रति सधैं कृतज्ञ हुनु पर्दछ । गुरुहरू डा. क्षितीशचन्द्र चक्रवर्ती, मस्तराम बाबा, खप्तड बाबा तथा परमात्माका अंश समस्त श्रोताहरूप्रति कवि कृतज्ञता व्यक्त गर्दछन् :

नारायणादि पहिला गुरुदेवतात्मा ।

अज्ञान नष्ट गरने गुरु हुन् महात्मा ।।

आचार्य ज्ञान गरिमा महिमा अपार

श्रीकृष्ण, राम र रमा, ऋषि भार तार ।।१।।

चोरी चोरी...नामक भजनमा राम र कृष्णको भक्तिका साथै आफ्नो पुच्छर डढाउने हनुमान्, मसानमा बस्ने भगवान् शंकर, मुण्डमाला लगाउने महाकाली, सुपर्णखाको नाक काट्ने लक्ष्मण, नौनी चोर्ने, राधाको चुल्ठो बाट्ने र रास रचाउने कृष्ण, रिसाहा परशुराम र दुर्वाशा सबै सम्पूज्य छन् भनिएको छ :

लक्ष्मणले सुर्पणाखाको, नाक काटिदिए ।

कृष्णजीले राधाजीको, चुल्ठो बाटिदिए ।

लीला गर्छन् लीलाधारी, सबै रमाइलो छ ।

भक्ति लागे, शक्ति जागे, धेरै घमाइलो छ ।।३।।

चोरी चोरी...

भगवान् राम तथा कृष्णको भक्तिमा आधृत यस पुस्तकका भजन र गीति लयका रचनाहरू **राम र कृष्ण, कृष्ण एक : दृष्टि अनेक, मलाई बोलायो, कृष्णजीको सातो गो रे** र **बोल न कृष्ण** हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव-विवाह भन्ने गीति लयको भजनमा भगवान् शंकरको विवाहमा नन्दी, भृङ्गी, भूत, प्रेतहरू जन्ती थिए भनिएको छ । शिवले पार्वती र पार्वतीले शिवलाई रोज्दा सारा देवताहरूले खुसी मनाए, वासुदेवले शंख फुके, ब्रह्माले वेद पाठ गरे :

नन्दी, भृङ्गी, भूत प्रेत, जन्ती गएका ।
दिगम्बर नाङ्गा बाबा, बेउला भएका ।।
चिताभस्म शृंगार भो, जटा राम्रो टोपी ।
सर्पका छन् बाला-माला, छालाले त्यो छोपी ।।२।।

भक्ति चाहिन्छ शीर्षकको भजनमा परमेश्वरको भक्तिबाट ज्ञान र ज्ञानबाट मुक्ति पाइने हुँदा हर समय भगवद्भक्तिमा लाग्नु पर्ने सल्लाह दिइएको छ । यसमा भनिए अनुसार भक्तहरू जहाँ हुन्छन् ईश्वर त्यही बस्न चाहन्छन् । भक्तलाई सधैँ ईश्वरको साथ मिलेको हुन्छ । त्यसैले भक्तहरू जहाँ पनि जहिले पनि सुरक्षित रहन्छन् :

मुक्ति हुने जुक्ति मध्ये, भक्ति नभै हुन्न ।
भक्ति पनि अनन्य होस्, विषयले छुन्न ।।
तिमी आँट, पुऱ्याउँला, भन्छन् ईश्वर ।
जानिहालौँ, भइहालौँ, देह नश्वर ।।५।।
भक्ति चाहिन्छ...

अनुभव नामक कवितामा कविले अध्ययन, अनुसन्धान तथा जीवन व्यवहारबाट प्राप्त गरेको ज्ञान र अनुभवको चर्चा गरेका छन् । कल्पना मात्र नभएर आचरणमा ढाल्नु पर्ने व्यवहार हो भन्ने ठहर कविको छ । भाषण गर्ने, रमाइलो मनाउने र नाचगान गर्ने विषय होइन भन्ने कुरा पनि कविले प्रस्तुत कवितामा बताएका छन् :

स्वाध्याय भो प्राण, अभिन्न आत्मा ।
गृहस्थ हामी पनि हौँ महात्मा ।।
स्वाध्याय सर्वस्व भनेर मान्ने ।
सत्सङ्गबाटै निजरूप जान्ने ।।२।।

परेँ शरणमा आमा भन्ने पाठमा देवी सरस्वतीसित सारा अज्ञानरूपी अन्धकारको नाश गरी ब्रह्मज्ञानरूपी उज्यालो दिन अनुरोध गरिएको छ । तिन वटा संस्कृत र चार वटा नेपाली भाषाका अनुष्टुप छन्दका कविताको यस पाठमा विद्या र ज्ञान दिने देवी सरस्वतीको अनुकम्पा भयो भने ब्रह्मबोध हुने कुरा पनि बताइएको छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोल्न, पढ्न तथा लेख्न, जान्दिनँ पाउमा परें ।
प्रसाद स्नेह पाएमा, अज्ञानसिन्धु नै तरें ।।६।।
जन्म-मृत्यु नहोस् आमा ! ब्रह्मको स्पष्ट बोध होस् ।
अविद्या, ताप हुन् नष्ट, आनन्द परिपूर्ण होस् ।।७।।

यसरी नै ईश्वरप्रति अगाध श्रद्धा राख्ने हो भने सारा अज्ञानको नाश हुन्छ र जीवनको सर्वोच्च प्राप्ति हासिल हुन सक्तछ भन्ने कुरा शरणागति शीर्षकको कवितामा व्यक्त गरिएको छ ।

काल छ विकराल नामक कवितामा कालको महिमाको बयान गरिएको छ । यसमा भनिए बमोजिम कालले कसैलाई पनि छोड्दैन । ब्रह्मा, इन्द्र, देवताहरू, सूर्य, चन्द्रमा, तारासमूह, दानवगण, मनुष्य, पहाड, पर्वत, प्राणी जगत् आदि सबैलाई एक न एक दिन कालले गाँस बनाउँछ :

सूर्य, चन्द्र, तारा, नदी-नाला ।
हिमाल-तराई, पाखा-पर्वत सारा ।।
जलचर, थलचर, नभचर, भूचर ।
बने तिम्रै आहार ।।४।।

यस पुस्तकमा संकलित **काल बडो चमत्कारी** भन्ने कवितामा पनि कालको महिमा गाइएको छ ।

संसार हो युद्धभूमि भन्ने गीतमा रचनाकारले के भनेका छन् भने संसारमा आउनासाथ मायामोह, लोभलालच, विषय सुख, तृष्णा, ईर्ष्या जस्ता अनेकौं शत्रुहरूले घेराबन्दीमा पारेर फसाउने काम गर्दछन् । तिनका चंगुलबाट बचन निकै गारो हुन्छ । तिनीहरूलाई काबुमा राख्न निकै मुस्किल पर्दछ । सधैंभरि यी शत्रुहरूसित संघर्ष गर्नु पर्ने हुनाले संसार युद्धभूमि हो :

गुरु-शास्त्र भर परे, युद्ध ख्याल ख्याल ।
झलमल सूर्य हेर्न, खोलौं अब झ्याल ।।१४।।
शम, दम साधन छन्, साधनामा लागे ।
काम, क्रोध, लोभ, मोह, शत्रुहरू भागे ।।१५।।

प्रार्थना शीर्षकको कवितामा पचहत्तर वर्ष पुगी छहत्तर वर्षमा प्रवेश गर्दा कविले भगवान् शंकर, पराम्बा भगवती र समस्त देवगणको वन्दना गर्दै गेह र देहको बन्धनबाट मुक्त भई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मामा लीन हुन पाइयोस् भन्ने कामना गरेका छन् । जीवनको सही अर्थ बुझेका कविले ईश्वरसित अनुरोध गर्दा भन्नु पर्ने कुरा पनि जानेका छन् ।

पशुका पति हे भोला ! कृपा गर निरन्तर ।
अपरोक्ष बनोस् ब्रह्म ! बोधले त्यो परात्पर ।।४।।
मेरो जन्म नहोस् अर्को ! तथास्तु लौ न भन्नुहोस् ।
पराम्बा जगदम्बाले, प्रार्थना झट्ट सुन्नुहोस् ।।६।।

एकादेशका नेता भन्ने कवितामा राजनीतिक नेताहरूमा ज्ञानी तथा महात्माहरूमा जस्तै ज्ञान, वाक्चातुर्य, उपदेश दिने शक्ति, अनुभव आदि पाइन्छ तर तिनीहरूमा रिस, प्रतिशोध, अहंकार, ईर्ष्या, जानेका कुरा चरित्रमा उतार्ने खुबी भने हुँदैन भनिएको छ । यस प्रकारका कमी कमजोरी हटाउने हो भने नेताहरू महायोगी हुन सक्छन् भन्दै ज्ञानीहरूले ज्ञानको सहारा लिई समाजको नेतृत्व गर्ने हुनाले ती पनि नेता नै हुन् भन्ने आशय समेत प्रस्तुत कवितामा व्यक्त गरिएको छ । यसै गरी कतिपय योगीमा पाइने ज्ञानले तिनको रिसाहा बानी, अवस्था न बुझ्ने स्वभाव र धैर्य गर्न न सक्ने प्रवृत्तिमा सुधार ल्याउन सकेमा तिनीहरू निकै ठुलो उँचाइमा पुगन सक्ने थिए भन्ने कुरा पनि यस पाठमा बताइएको छ :

शैली सुधा शब्द त जोडदार ।
दृष्टान्त नौलो र विचार धार ।।
शास्त्रीय आधार प्रमाणद्वारा ।
बसे अनेकौं श्रुति वाक्य धारा ।।७६१।।

नेपाल आमा शीर्षकको गीत र कविता मिश्रित रचना समीक्ष्य पुस्तकको अन्तिम पाठ हो । देशप्रेमका भावनाले ओतप्रोत रचना यो हो । यसमा बताइए अनुसार नेपाल हिमाल, पहाड र तराईको साझा भूगोलबाट बनेको देश हो । आपसमा झैझगडा नगरेर मिलिजुली बस्नु र देशको सेवा गर्नु सबै नेपालीको कर्तव्य हो । जातजाति र ठुलोसानो भन्ने विभेद हटाएर दाजुभाइको भावना लिई प्रेम गर्नु पर्दछ । देशको पहिचान कायं गर्ने संस्कृति र परम्पराको रक्षा गर्नु जरुरी छ । साथै आध्यात्मिक उन्नतिबाट परमार्थ प्राप्त गर्ने लक्ष्यलाई पनि उत्तिकै महत्त्व दिनु पर्दछ ।

संस्कृति र भाषा भेष, श्रम पहिचान ।
स्वतन्त्रता, मौलिकता, राष्ट्रियता मान ।।
नेपाल आमा रक्षा गरे, हाम्रो रक्षा हुन्छ ।
भाइभाइ छुट्टिएमा, अस्तित्व नै गुम्छ ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टावक्रगीता भनेर नाम राखिएको र मूलतः अष्टावक्र चिन्तनलाई वर्ण्य विषय बनाइएको भए पनि छ्यासमिस रूपमा अन्य विषयका कुराको चर्चा पनि यस पुस्तकमा पाइन्छ । विशेषतः दोस्रो अर्थात् विविध खण्डमा त्यस्तो देखिन्छ । ज्यादै महत्त्वपूर्ण विषयमा केन्द्रित हुँदा विषयान्तरमा जानु उपयुक्त हुँदैन तापनि रचनाकारले मूल विषय छोडेको भने देखिँदैन । प्रत्यक्ष वा परोक्ष जुन रूपमा भए पनि सबैतिर मिसाएरै बोल्नु प्रा. रिसालको विशेषता हो ।

यस कृतिका मुख्य नायक अष्टावक्र मुनि हुन् । उनको सामान्य परिचय नदिने हो भने यस पुस्तकमा गरिएको वेदान्त दर्शनको व्याख्या अस्पष्ट हुन सक्तछ । *महाभारत, विष्णुपुराण, ब्रह्मवैवर्तपुराण* आदि ग्रन्थमा यिनको चर्चा गरिएको पाइन्छ । अष्टावक्र वेदपाठी ब्राह्मण कहीड र उद्दालककी छोरी सुजाताका सन्तान हुन् । गर्भमा छँदै बाबु कहीडले गरेको वेदपाठमा उच्चारणगत अशुद्धि हुँदा यिनले शुद्ध उच्चारण बताएका थिए । गर्भमा रहेका बखत पनि रोकटोक गर्नेले जन्मेपछि के मात्र गर्न बाँकी राख्ला भन्ने कुरा सोची कहीडले यिनलाई शरीरका आठ ठाउँमा अपांग भएर जन्मनु परोस् भन्ने श्राप दिएका थिए । न भन्दै जन्मँदै शरीर आठ भागमा बाङ्गो भएकोले यिनको नाम अष्टावक्र राखियो । *ब्रह्मवैवर्तपुराण*मा वर्णित कथा अनुसार पूर्व जन्ममा रम्भा अप्सराले शारीरिक सुखको अपेक्षा गर्दा अस्वीकार गरेकाले श्रापका कारण यिनले अपाङ्ग भएर जन्मनु परेको थियो । जे भए पनि पत्नी सुजातालाई कहीड ज्यादै गाली गर्ने, अभद्र व्यवहार गर्ने र हातपात समेत गर्ने हुनाले गर्भमा रहँदै पनि अष्टावक्र उनलाई मन पराउँदैनथे । बाबुका गलत व्यवहार सच्याउन चाहे पनि कमजोर शारीरिक अवस्थाका कारण यिनी केही गर्न सक्तैनथे । यिनको शारीरिक कमजोरी विद्याध्ययनका लागि शक्ति बन्यो । शारीरिक रूपमा कमजोर भए पनि त्यसको क्षतिपूर्ति ज्ञानबाट गर्नु पर्ने अठोट यिनले लिए । त्यसैले हर बखत यिनी विद्याध्ययनमै लागी रहन्थे । त्यसै बिच यिनका बाबु कहीडलाई शास्त्रार्थमा हारेको भन्दै वरुणका दूतहरूले नदी खसालेर मारी दिए । बाबु नहुँदा यिनी टुहुरा बने । दुःखजिलो गरी आमाले यिनको पालनपोषण गरिन् । बार वर्षको उमेर पुग्दा नपुग्दै यिनी चारैतिरका विद्वान्हरूसित शास्त्रार्थ गर्न थाले र दिग्विजयी बन्दै गए । त्यसै सिलसिलामा यिनी राजा जनकको दरबारका पण्डितहरूसित शास्त्रार्थ गर्न हिंडे । त्यहाँ पुगेपछि यिनलाई अपाङ्ग भनेर दरबारमा प्रवेश गर्न नै दिइएन । यिनले दरबारका अधिकारीलाई बाहिर देखिने छाला वा शरीरका आधारमा मान्छेको पहिचान गर्ने चर्मकार भनेर हप्काए । निकै लामो समयको प्रयासपछि यिनले दरबारमा प्रवेश र त्यहाँका पण्डितहरूसित शास्त्रार्थ गर्ने मौका पाए । यिनले दिएका अकाट्य तर्क र बेजोड आधारका अगाडि राजाका पण्डितहरूले पराजय स्वीकार गर्न बाध्य हुनु पऱ्यो । पछि यिनले बाबुलाई पराजित हुँदा नदीमा धकेलेर मार्ने पण्डितहरूलाई पनि नदीमा फाल्नु पर्ने माग राखे । यिनको प्रतिभा र योग्यता देखेर आश्चर्य चकित बनेका राजाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनलाई गुरु बनाई ब्रह्मज्ञानको दीक्षा लिए । यिनले दिएको त्यही ज्ञान *अष्ठावक्रगीता*का नामबाट चर्चित भयो । सोही कृतिको व्याख्यान प्रा. रिसालले गरेका हुन् र त्यसमै आधृत भई रचना गरिएका कविताहरूको संकलन भएकोले यस पुस्तकको नाम *अष्टावक्रगीता* राखिएको हो ।

अष्टावक्र मुनिका विद्वताको चर्चा देशदेशान्तरमा हुन थालेपछि वरुणले दूतहरू पठाएर यिनलाई बोलाए । वास्तवमा कुरा के भएको थियो भने वरुण ठाउँ ठाउँका प्रसिद्ध पण्डितहरूलाई बोलाएर निकै ठुलो यज्ञ गर्न चाहन्थे । शास्त्रार्थ त बहाना मात्र बनाइएको थियो । नदीमा फालेर मारिएका भनिएका सारा पण्डितहरू वरुणको दरबारमा देखिए । अष्टावक्रले आफ्ना बाबु कहीडलाई पनि त्यहाँ देखे । त्यहाँ सारा पण्डितहरूका बिचमा यिनी झनै चर्चित बने । वरुणले यिनलाई मूल पुरोहित बनाएर यज्ञ गराए । त्यस अघि बाबुको आज्ञाले सुमंगा नदीमा स्नान गरी यिनी सांग र सुन्दर बनी सकेका थिए । शारीरिक शोभाले पनि सुशोभित भएपछि महाज्ञानी यिनी सर्वत्र विख्यात बने । वदान्य ऋषिकी छोरी सुप्रभासित यिनको विवाह भयो । त्यसको पनि लामो कथा छ । इन्द्रिय निग्रही तथा सांसारिक वासनाबाट विमुक्त ब्रह्मज्ञानी यिनको र उत्तराका बिचको सहधर्म वारेको सम्वाद भीष्म पितामहले युधिष्ठिरलाई सुनाएको प्रसङ्ग *महाभारत* अनुशासन पर्वको दानधर्म पर्वको एक्काइसौं अध्यायमा प्रस्तुत गरिएको छ । यिनको चरित्रको परीक्षा लिन वदान्य ऋषिले कुवेर तथा कैलास दरबार हुँदै उत्तर दिशाकी अधिष्ठात्री देवी कहाँ पठाएको कथा पनि ज्यादै रोचक र प्रसिद्ध छ । कुवेरका दरबारको स्वागत सत्कार पाएर एक वर्ष बितेको कुरा यिनलाई थाहा न भएको र कैलास दरबारको सौन्दर्य देख्दा यिनी आश्चर्यचकित भएको प्रसंग पनि उत्तिकै रुचिकर छ । जतिसुकै र जस्तासुकै परीक्षा लिए पनि यिनको चरित्र अब्बल प्रमाणित भएको कुरा पुराकथाहरू बताउँछन् । यिनले *मानवगृह्यसूत्र*को वृत्ति लेखेका छन् । ज्ञानको सार्थकता तब मात्र हुन्छ जब त्यसलाई चरित्रमा ढाल्न सकिन्छ भन्ने कुरा यिनले आफू प्रमाण बनेर शिष्यहरूलाई सुनाए, पुस्तकमा लेखे, प्रवचनमा बताए, उपदेशमा प्रस्तुत गरे । भनाइ र गराइमा भिन्नता न भएका मुनि भनेर यिनको परिचय दिने गरिन्छ ।

चिन्तनका सारभूत पक्षलाई यस पुस्तकमा निकै बौद्धिक तरिकाले प्रस्तुत गरिएको छ । मुनि अष्टावक्रले राजा जनकलाई दिएको दीक्षा नै ज्ञान हो । मानव जीवनलाई शान्ति र आनन्दसित बाँच्न सिकाउने काम वेदान्तले गर्दछ । ब्रह्मज्ञानलाई नै प्रतिपाद्य विषय बनाइएकोले यसमा पनि सोझै वा प्रकारान्तरले लगभग उस्तै कुरा दोहोरिएका छन् । प्रा. रिसालका सबैजसो कृतिमा पाइने सरल भाषा र प्रभावकारी शैली यसमा पनि प्रयोग भएको छ । कविता र गीतमा ब्रह्मतत्त्व ढालेर यो पुस्तक तयार पारिएको छ । शास्त्रीय छन्दका साथै मुक्त छन्दका कविता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरती, भजन, विभिन्न प्रकारका झ्याउरे तथा गीतको प्रयोगमा सजाइएका विद्या तथा अन्य विविध विषयका कुरा यसमा पाइन्छन् । वेद, उपनिषद्, गीता र पुराण आदिमा भनिएका कुरा विभिन्न तरिकाले स्पष्ट गर्ने काम यसमा भएको छ । साथै जीवन र जगत्सित सम्बद्ध मानवीय स्वभाव र हालको शिक्षा, स्वास्थ्य, संस्कृति, सामाजिक विसंगति जस्ता अनेकौं कुराको चर्चा पनि यसमा गरिएको छ ।

४.२.३७ वेदान्त वाटिका

वेदान्त वाटिका (आध्यात्मिक महाकाव्य) गोविन्द बस्नेत र श्रीमती मेनू बस्नेत तथा वसन्त रायमाझी र श्रीमती इना रायमाझीको आर्थिक सहयोगमा स्वाध्याय परिवार, ललितपुरद्वारा २०७० वैशाख १ गते प्रकाशित प्रा. शिवगोपाल रिसालको छत्तिसौं कृति हो । डिमाई आकारको यस काव्यमा प्रारम्भिक अंश ८ तथा पाठको अंश २५८ गरी जम्मा २६६ पृष्ठ छन् । पहेंलो रंगको आवरणको पहिलो पृष्ठमा बायाँतिरको पृष्ठभूमिमा प्रा. रिसालको चित्र र बगैंचामा फुलेका अनेक थरी फुलको खाली भागमा ॐ लेखिएको छ । सिरानीमा रातो रंगमा पुस्तकको नाम **वेदान्तवाटिका** र त्यसभन्दा मुनिको बिच भागमा कालो रंगमा कोष्ठ चिह्नमा आध्यात्मिक महाकाव्य लेखिएको छ । आवरण पृष्ठको तल्लो भागमा रातो रंगमा **प्रा. शिवगोपाल रिसाल**को नाम दिइएको छ । गाताको पछिल्लो पृष्ठको माथिल्लो भागको दायाँतिर प्रा. शिवगोपाल रिसालको रंगीन चित्र तथा त्यस बखतसम्म प्रकाशित प्रा. रिसालका कृतिहरूको नाम र प्रकाशन वर्षको विवरण तथा तल्लो भागको दायाँ कुनामा ISBN दिइएको छ । आवरण पृष्ठको भित्री दुवैतिरका पृष्ठ र त्यसपछिका पनि दुई पृष्ठ खाली राखिएका छन् । दुई पृष्ठको पुस्तकको परिचयपछि रचनाकारका मातापिताको पूर्ण कदको उभिएको रंगीन चित्र तथा त्यसको मुनि समर्पण दिइएको छ । त्यसको पछाडिको पृष्ठ खाली छोडिएको छ । त्यसपछिका तिन पृष्ठको **विशाल भवाटवीमा एउटा सानो वाटिका** शीर्षकको रचनाकारको भूमिका दिई एक पृष्ठको विषय सूची राखिएको छ । यी सबै अनुक्रम पछाडि मात्र वर्ण्य विषय प्रस्तुत गरिएको छ ।

शास्त्रीय विविध छन्दमा संरचित ७७ वटा शीर्षकका जम्मा १३३१ श्लोकको यस पुस्तकमा आठ सर्ग छन् । सर्गका नाम समेतका पाठको गणना गर्ने हो भने यस कृतिमा ८४ वटा शीर्षकमा कविताहरू समावेश गरिएको देखिन्छ । विभिन्न फुलको नामबाट यसका आठ वटा सर्गको नाम राखिएको छ । **मंगलाचरण** शीर्षकको जम्मा १४७ श्लोक संख्या भएको प्रथम सर्गलाई **सयपत्री खण्ड** भनिएको छ र **माया जगत्** शीर्षकको जम्मा १६७ श्लोक संख्या भएको द्वितीय सर्गलाई **पारिजात खण्ड** भनिएको छ । **जीव** शीर्षकको जम्मा १७२ श्लोक संख्या भएको तृतीय सर्गलाई **गोदावरी खण्ड**, **विवेक** शीर्षकको जम्मा १७१ श्लोक संख्या भएको चतुर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्गलाई **चमेली खण्ड**, **वैराग्य** शीर्षकको जम्मा १६८ श्लोक संख्या भएको पञ्चम सर्गलाई **बेली खण्ड**, **षट् सम्पत्ति** शीर्षकको जम्मा १६५ श्लोक संख्या भएको षष्ठ सर्गलाई **मखमली खण्ड** र **मुमुक्षा** शीर्षकको जम्मा १७० श्लोक संख्या भएको सप्तम सर्गलाई **लालीगुरास खण्ड** भनिएको छ । यसै गरी **ब्रह्म र ज्ञान** शीर्षकको जम्मा १७१ श्लोक संख्या भएको अन्तिम अर्थात् अष्टम सर्गलाई **कमल खण्ड** भनिएको छ ।

यस काव्यको प्रथम सर्ग अर्थात् सयपत्री खण्ड **मंगलाचरण** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका एउटा श्लोकको **श्रीगणेश**, शास्त्रीय छन्दको एउटा श्लोकको **श्रीसूर्य**, शास्त्रीय छन्दको एउटा श्लोकको **श्रीदुर्गा**, शास्त्रीय विविध छन्दका दुइटा श्लोकको **श्रीविष्णु**, शास्त्रीय विविध छन्दका तिन वटा श्लोकको **श्रीशिव**, शास्त्रीय विविध छन्दका उनन्तिस वटा श्लोकको **श्रीसद्गुरु**, शास्त्रीय विविध छन्दका दस वटा श्लोकको **नवग्रह**, अनुष्टुप छन्दका चार वटा श्लोकको **त्रिदेवी**, अनुष्टुप छन्दका बार वटा श्लोकको **पञ्चमहाभूतादि**, अनुष्टुप छन्दका सात वटा श्लोकको **वाहनादिको सम्भ्कना**, शास्त्रीय विविध छन्दका अठार वटा श्लोकको **प्राणी महिमा**, शास्त्रीय विविध छन्दका आठ वटा श्लोकको **साकार-निराकार**, अनुष्टुप छन्दका सोर वटा श्लोकको **सुरक्षा र स्वतन्त्रता** र शास्त्रीय विविध छन्दका पैंतिस वटा श्लोकको **ग्रन्थ परिचय** समेत गरी जम्मा चौध वटा कविता राखिएका छन् ।

द्वितीय सर्ग अर्थात् पारिजात खण्ड **माया-जगत्** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका नौ वटा श्लोकको माया र जगत् वारे शिष्य र सद्गुरुको सम्वाद, शार्दूलविक्रीडित छन्दका दस वटा श्लोकको **यै हो है पुरुषार्थ**, शार्दूलविक्रीडित छन्दका पाँच वटा श्लोकको **छाया समान**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **वेदान्त विचार**, शास्त्रीय विविध छन्दका सत्र वटा श्लोकको **यो पनि माया हो**, अनुष्टुप छन्दका पच्चिस वटा श्लोकको **द्वैत मिथ्या हो**, अनुष्टुप छन्दका आठ वटा श्लोकको **मान्छेको विशेषता**, शास्त्रीय विविध छन्दका अठार वटा श्लोकको **पढेका मूर्ख**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **अब मुक्त**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **म शिखरै छुन्छु**, शास्त्रीय विविध छन्दका चौध वटा श्लोकको **म मुक्त** र शास्त्रीय छन्दका सोर वटा श्लोकको **आफ्नै देशतिर हेर्दा** समेत गरी जम्मा एघार वटा कविता राखिएका छन् ।

तृतीय सर्ग अर्थात् गोदावरी खण्ड **जीव** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका छ वटा श्लोकको जीव वारे शिष्य र सद्गुरुको सम्वाद, अनुष्टुप छन्दका सत्र वटा श्लोकको **जीव नै शिव**, शास्त्रीय विविध छन्दका सतहत्तर वटा श्लोकको **खोज**, शास्त्रीय विविध छन्दका दस वटा श्लोकको **गुरुको सहारा**, शास्त्रीय विविध छन्दका दस वटा श्लोकको **ब्रह्मात्म आरोहण**, शास्त्रीय छन्दका दस वटा श्लोकको **जीव बनोस् महात्मा**, शास्त्रीय विविध छन्दका चौबिस वटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकको **शान्ति मिल्दछ** र शास्त्रीय विविध छन्दका अठार वटा श्लोकको **दृष्टिकोण** समेत गरी जम्मा सात वटा कविता राखिएका छन् ।

चतुर्थ सर्ग अर्थात् चमेली खण्ड **विवेक** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको विवेक वारे शिष्य र सद्गुरुको सम्वाद, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **मुमुक्षुको लक्ष्य**, शास्त्रीय विविध छन्दका बयालिस वटा श्लोकको **विवेक महिमा**, अनुष्टुप छन्दका सत्र वटा श्लोकको **कालको भय नासिने**, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **मेरो देश**, शास्त्रीय विविध छन्दका एघार वटा श्लोकको **भक्तिको सार**, शास्त्रीय विविध छन्दका पाँच वटा श्लोकको **कविता-काव्य** र शास्त्रीय विविध छन्दका एकचालिस वटा श्लोकको **बाटो समाई हाल** समेत गरी जम्मा सात वटा कविता राखिएका छन् ।

पञ्चम सर्ग अर्थात् बेली खण्ड **वैराग्य** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका चार वटा श्लोकको वैराग्य वारे शिष्य र सद्गुरुको सम्वाद, शास्त्रीय छन्दका पन्ध्र वटा श्लोकको **म मात्रै भएको**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **सदा सुख**, शास्त्रीय छन्दका बिस वटा श्लोकको **भन लाभ के भो ?**, शास्त्रीय विविध छन्दका चौध वटा श्लोकको **अब जे त होला**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **सबको भलाइ**, शास्त्रीय विविध छन्दका उन्नाइस वटा श्लोकको **कतै गए**, शास्त्रीय विविध छन्दका बत्तिस वटा श्लोकको **विचार र बोध**, शास्त्रीय विविध छन्दका बार वटा श्लोकको **म भेटिन्छु आजै** र शास्त्रीय विविध छन्दका अट्ठाइस वटा श्लोकको **जन्म वा मृत्यु टर्छ** समेत गरी जम्मा नौ वटा कविता राखिएका छन् ।

षष्ठ सर्ग अर्थात् मखमली खण्ड **षट् सम्पत्ति** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका चार वटा श्लोकको षट् सम्पत्ति वारे शिष्य र सद्गुरुको सम्वाद, शास्त्रीय विविध छन्दका एघार वटा श्लोकको **बिचरा बबुरा**, शास्त्रीय विविध छन्दका सत्र वटा श्लोकको **पुरुषार्थ**, शास्त्रीय विविध छन्दका बाइस वटा श्लोकको **नैतिक शिक्षा**, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **पार भो भव बन्धन**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **शान्ति**, शास्त्रीय छन्दका दस वटा श्लोकको **शिव ज्ञानी बनेर**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **बन निर्विकार**, शास्त्रीय विविध छन्दका चौध वटा श्लोकको **अज्ञान भाग्छ**, शास्त्रीय विविध छन्दका तेइस वटा श्लोकको **चित्तको तृप्ति** र शास्त्रीय विविध छन्दका चौध वटा श्लोकको **मोक्षको चाहना** समेत गरी जम्मा दस वटा कविता राखिएका छन् ।

सप्तम सर्ग अर्थात् लाली गुराँस खण्ड ***मुमुक्षा*** शीर्षक अन्तर्गत शास्त्रीय छन्दका चार वटा श्लोकको मुमुक्षा वारे शिष्यको प्रश्न, शास्त्रीय विविध छन्दका एक्काइस वटा श्लोकको **अमर फूल**, शास्त्रीय विविध छन्दका चौबिस वटा श्लोकको **बगैंचा**, शास्त्रीय विविध छन्दका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिस वटा श्लोकको **मान्छे नै ब्रह्म बन्दछ**, शास्त्रीय विविध छन्दका बाइस वटा श्लोकको **सदा भक्ति लागोस्**, शास्त्रीय विविध छन्दका त्रिचालिस वटा श्लोकको **सामान्य ज्ञान र विशेष ज्ञान** र शास्त्रीय विविध छन्दका छत्तिस वटा श्लोकको **बोधले मुक्त हुन्छ** समेत गरी जम्मा छ वटा कविता राखिएका छन् ।

अष्टम सर्ग अर्थात् कमल खण्ड **ब्रह्म र ज्ञान** शीर्षक अन्तर्गत शास्त्रीय विविध छन्दका तिन वटा श्लोकको ब्रह्म र ज्ञान वारे शिष्यको प्रश्न र सद्‌गुरुको उत्तर, शास्त्रीय विविध छन्दका बत्तिस वटा श्लोकको **भेद छोडे त ती तरे**, शास्त्रीय छन्दका नौ वटा श्लोकको **म ता पूर्ण आत्मा**, शास्त्रीय विविध छन्दका पन्ध्र वटा श्लोकको **बोध हुन्छ है**, शास्त्रीय विविध छन्दका उन्नाइस वटा श्लोकको **आफू भएरै अरूलाई भन्नु**, शास्त्रीय विविध छन्दका बिस वटा श्लोकको **गरौं न नित्य चिन्तन**, शास्त्रीय विविध छन्दका चौध वटा श्लोकको **शिव हुँ भने हुने**, शास्त्रीय विविध छन्दका छब्बिस वटा श्लोकको उपसंहार, शास्त्रीय छन्दका छ वटा श्लोकको **विश्राम**, शास्त्रीय छन्दका छ वटा श्लोकको **सद्‌गुरुचरणमा व्यक्त उद्‌गार**, शास्त्रीय छन्दका दुइटा श्लोकको **अन्तिम उपदेश**, शास्त्रीय विविध छन्दका आठ वटा श्लोकको **कृतज्ञता ज्ञापन**, शास्त्रीय विविध छन्दका चार वटा श्लोकको **शिष्य विदा** र शास्त्रीय विविध छन्दका सात वटा श्लोकको **अमर फल** समेत गरी जम्मा तेर वटा कविता राखिएका छन् ।

समीक्ष्य महाकाव्यका विविध शीर्षकमा राखिएका कविताहरूमा विषयको प्रकृतिका आधार प्रतिनिधित्व हुने गरी यहाँ खास केही पाठको विवेचना गरिएको छ । त्यसरी छानिएका पाठहरू **मङ्गलाचरण, सुरक्षा र स्वतन्त्रता, ग्रन्थ परिचय, माया-जगत्, पढेका मूर्ख, आफ्नै देशतिर हेर्दा, जीव, विवेक, कविता-काव्य, वैराग्य, षट् सम्पत्ति, नैतिक शिक्षा, शान्ति, मुमुक्षा, वेदान्त बगैंचा, ब्रह्म र ज्ञान** र **उपसंहार** हुन् ।

मङ्गलाचरण यस पुस्तकको पहिलो सर्गको नाम हो । काव्यको थालनीमा गणेश, सूर्य, दुर्गा, विष्णु, शिव, सद्‌गुरु, नवग्रह, त्रिदेवी, पञ्चमहाभूतादि, वाहनादि, प्राणी जगत् र साकार तथा निराकार दुवै रूपमा विद्यमान परमात्मासित कार्य परिपूर्णता र सफलताका लागि वन्दना सहित अनुरोध गरिएको छ :

गणेश, विघ्नेश, गुणी स्वरूप ।
हेरम्ब भीम कवि एकदन्त ।।
ओम्कार शूली गुरु भालचन्द्र ।
ईशानपुत्रं प्रणमामि नित्यम् ।।१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिवादन गरिने शक्तिको नाम छुट्‍टै शीर्षकमा राख्ने क्रममा यस अंशमा **श्रीगणेश, श्रीसूर्य, श्रीदुर्गा, श्रीविष्णु, श्रीशिव, श्रीसद्‍गुरु, नवग्रह, त्रिदेवी, पञ्चमहाभूतादि, वाहनादिको सम्झना, प्राणी महिमा, साकार-निराकार** नामका पाठ प्रस्तुत गरिएका छन् ।

सुरक्षा र स्वतन्त्रता पहिलो सर्गको पाठ हो । परमात्मामा भक्ति, विश्वास, आस्था र समर्पणको भाव छ भने सुरक्षा र स्वतन्त्रताको लागि चिन्ता गर्नु पर्दैन किनभने भक्तको सुरक्षा र स्वतन्त्रताको पूर्ण व्यवस्था तिनले गरेका हुन्छन् भन्ने कुरा यस पाठमा बताइएको छ । यसमा के पनि भनिएको छ भने भौतिक शरीर आफ्नो होइन भन्ने कुरा थाहा पाएपछि यसको सुरक्षा र स्वतन्त्रताको चासो पनि रहँदैन । त्यसैले शरीरको स्वरूप बुझ्नु जरुरी छ :

ईशका भर पर्नाले, सुरक्षित, स्वतन्त्र भो ।
देह, गेह, स्वयं बुझ्दा, सुरक्षा, स्व समाप्त भो ।।१०४।।
तिर्खालु खोज्दछन् खोला, भोला ता भक्त खोज्दछन् ।
रित्तो बनाउनोस् झोला, वर्षा अमृत गर्दछन् ।।१०८।।

ग्रन्थ परिचय भन्ने पाठमा का नायक परब्रह्म परमात्मारूपी विशाल बगैंचामा अनेक थरी चिन्तनरूपी फुललाई वर्णनको आधार बनाएर तयार पारिएको यो काव्य रचनाकारमा रहेका कमी कमजोरीका कारण पारखीहरूका आँखामा सामान्य जस्तो देखिए पनि यसले दिन खोजेको सन्देश भने सामान्य होइन भनिएको छ । ब्रह्मज्ञानलाई वर्ण्य विषय बनाई रचिएको यस काव्यको अध्ययन गरी जीवनोपयोगी तत्त्व प्राप्त गर्न पनि यसमा कविले अनुरोध गरेका छन् :

न काव्य मीठो, न कथा व्यथा छ ।
भित्रै त वेदान्त यथा तथा छ ।।
आनन्दको यो अविराम धारा ।
पसे यसैमा पुगिने किनारा ।।१२८।।

माया-जगत् यस काव्यको द्वितीय सर्गको नाम हो । यसमा शीर्षकीकरणका आधार विभाजन गरिएका पाठभन्दा पहिले सुरुमा माया र जगत् वारे शिष्य र सद्‍गुरुको सम्वाद चलाइएको छ । शिष्यले माया र जगत् भनेको के हो र यसबाट मुक्ति पाउन के गर्नु पर्दछ भन्ने प्रश्न गर्दा सद्‍गुरुले माया र जगत् दुवै भ्रम हुन् र तिनको पन्जाबाट मुक्त हुन ब्रह्म चिन्तन गरी परब्रह्म परमात्मामा लीन हुनु पर्दछ भन्ने जवाफ दिएको प्रसंग यस अंशमा प्रस्तुत गरिएको छः

माया वास्तवमा कदापि नहुने हो झैं हुने तैपनि ।
जे जस्तो जति नै त देखिन गयो त्यस्तै त यो हैन नि ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो हो भैं तर हैन हैन नि हरे ! माया यही हो गयो ।
सारा दृश्य र भूत भौतिक कुरा संसार मिथ्या भयो ।।५।।

माया र जगत्‌को विस्तृत व्याख्या यस सर्गका **यै हो है पुरुषार्थ, छाया समान, वेदान्त विचार, यो पनि माया हो, द्वैत मिथ्या हो र मान्छेको विशेषता** भन्ने पाठमा गरिएको छ :

पढेका मूर्ख नामक पाठमा आध्यात्मिक ज्ञान नभएका वा पराविद्याको अध्ययन नगरेकाहरू भौतिक जीवनसित सम्बद्ध जतिसुकै विषयमा निष्णात भए पनि त्यस्तो अध्ययन अपूर्ण मानिन्छ भनिएको छ । ब्रह्मविद्या जानिएन भने पढाइको कुनै अर्थ हुँदैन र विश्वविद्यालयका जतिसुकै ठुला उपाधि हासिल गरेको भए पनि त्यस्ता व्यक्ति पढेका मूर्ख हुन् ज्ञानी होइनन् भन्ने कुरा समेत यसमा बताइएको छ :

संसारमैं लुटुपुटु कतिसम्म गर्ने ।
भोगादिले तन हरे ! कतिसम्म भर्ने ।।
आयो भने लिन उतातिर जानुपर्छ ।
बेला भयो अब त चिन्तन गर्नुपर्छ ।।९४।।

अब मुक्त भन्ने अंशमा गुरुले शिष्यलाई सम्झाएको प्रसंग प्रस्तुत गर्दै के भनिएको छ भने ब्रह्मज्ञान भएमा यो संसार के हो, जीव के हो, आफू के हो, ज्ञान के हो र भ्रम के हो भन्ने धेरै कुरा जानिन्छ । यति जानी सकेपछि जान्न बाँकी केही रहँदैन । यत्ति कुरा जानिएमा जीवनमुक्त भइन्छ र परमात्मामय बन्न सकिन्छ :

सेवा होस् उपकार होस् गरिबको दुःखी र रोगीहरू ।
सारामा समभाव होस् फलविना सद्‌भाव योगीहरू ।।
यस्तै साधनले हुने अमरता ब्रह्मात्मका बोधले ।
पाएको नरजन्म सार्थक बनोस् ज्यूँदो छदै मोक्षले ।।११७।।

यस्तै भाव **म शिखरै छुन्छु** र **म मुक्त** भन्ने पाठमा पनि व्यक्त गरिएको छ ।

आफ्नै देशतिर हेर्दा शीर्षकको कवितामा अध्यात्म ज्ञान उपार्जन, जीवनोपयोगी मार्गको अवलम्बन, आत्म कल्याणको प्रयास, लोकोपयोगी कार्य जस्ता कुरातिर बेवास्ता गरी स्वार्थपूर्ति, अहंकार, स्रोत र साधनको दुरुपयोग, योग्य व्यक्तिको पलायन, भ्रष्टहरूका हातमा राजनीति र शासनको बागडोर, शैक्षिक तथा नैतिक मूल्यको ह्रास, धर्म र संस्कृतिको विनाश जस्ता अनेक प्रकारका विकृतिका कारण नेपालको अवस्था दिनानुदिन नाजुक बन्दै गएको कुरा औंल्याइएको छ । कविमा रहेको सामाजिक राजनीतिक चेतनाको प्रतिकृति रचना यो देखिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेता त जेता जनता चुसेर ।
सोझा हरे ! यी जनता सुकेर ।।
जाने कहाँ हो अनभिज्ञ नै छन्
रक्षा गरून् शम्भु सुबुद्धि दिन्छन् ।।१६०।।

चतुर्थ सर्गको **मेरो देश** भन्ने पाठमा पनि देशको अवस्थाप्रति कवि चिन्तित बनेका देखिन्छन् ।

जीव यस काव्यको तृतीय सर्गको नाम हो । वर्ण्य विषयमा प्रवेश गर्नुभन्दा पहिले नै यस सर्गमा जीव बारे शिष्य र सद्गुरुका बिच प्रश्नोत्तर चलेको कुरा बताइएको छ । यस अंशमा शिष्यले जीव भनेको के हो भन्ने विषयमा प्रश्न गर्दा सद्गुरुले जीव र शिव अर्थात् परमेश्वरमा भेद न भएको र अज्ञान अर्थात् वासनाका कारण जीवले आफूलाई देह ठानी शिवत्वभन्दा भिन्न मानेको हुनाले समस्या उत्पन्न भएको कुरा व्यक्त गरिएको छ :

जीवमा र शिवमा कति भेद ।
छैन हैं बुझ्नुमा छ अभेद ।।
वासना यदि भए बन जीव ।
वासना यदि गए त अजीव ।।५।।

जीव नै शिव, खोज, गुरुको सहारा, ब्रह्मात्म आरोहण, जीव बनोस् महात्मा, शान्ति मिल्दछ र दृष्टिकोण भन्ने शीर्षकका कवितामा पनि यस्तै कुराको व्याख्या विभिन्न कोणबाट गरिएको छ ।

विवेक यस काव्यको चतुर्थ सर्गको नाम हो । वेदान्त दर्शनका विवेच्य विविध पक्षमध्ये विवेक पनि एक हो । यस सर्गको सुरुमा विवेक बारे शिष्य र सद्गुरुका बिच सम्वाद चलेको कुरा बताइएको छ । यस अंशमा भनिए अनुसार शिष्यले विवेकको तात्पर्य बुझ्न खोज्दा सद्गुरुले विवेक भनेको बुद्धि पुऱ्याउनु हो, ब्रह्मज्ञानको बाटोमा हिँड्नु हो, आफूलाई चिन्नु हो, राम तथा शिवको परिचय प्राप्त गर्नु हो र तिनमा विभेद नरहेको कुरा थाहा पाउनु हो भन्ने जवाफ दिए :

मुखमा रामको नाम, हातमा काम रामको ।
मनमा राम राखेमा, देह-मन्दिर कामको ।।५।।
विवेक हुन्छ आरम्भ, रामले मन धोइए ।
अनित्य नासिए राम्रो, नित्यले मन छोइए ।।६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुमुक्षुको लक्ष्य, विवेक महिमा, कालको भय नासिने, भक्तिको सार र बाटो समाई हाल भन्ने पाठमा पनि विवेकको व्याख्या विभिन्न उदाहरण दिएर गरिएको छ ।

कविता-काव्य भन्ने पाठमा वेदान्त दर्शन र अध्यात्मको उपेक्षा गरी नारा, राजनीतिक वाद, हिंसा जस्ता कुरा भरेर कविता वा काव्य रचना गर्नु साहित्यको धर्म होइन बरु उत्तम जीवन तथा उत्तम ज्ञान वा सन्देशका लागि काव्यको रचना हुनु राम्रो हो भनिएको छ । अध्यात्म चिन्तन बिनाको कविता वा काव्य अधुरो रहने कुरा पनि कविले यस अंशमा बताएका छन् । साथै प्रस्तुत काव्य दार्शनिक दृष्टिका साथै लोक कल्याणका लागि उपयुक्त रहेको कुरा पनि कविले यस पाठमा व्यक्त गरेका छन् :

यो यौटा शिवकाव्य हो मनन होस् चूडान्त मा ।
आफ्नै मौलिक हो समाधि सुखको कैवल्य सिद्धान्तमा ।।
छैनन् पात्र, कथा, चरित्र, घटना यो शुद्ध, नाङ्गोपना ।
ब्रह्मात्मा यसभित्र पाउन सकौं आनन्दको योजना ।।१२८।।

वैराग्य समीक्ष्य काव्यको पञ्चम सर्गको नाम हो । यस सर्गमा वैराग्य वारे शिष्य र सद्‌गुरुका बिच सम्वाद चलेको कुरा बताइएको छ । यस अंशमा शिष्यले वैराग्यका वारेमा जान्न खोज्दा सद्‌गुरुले सांसारिक भोगविलासबाट निवृत्ति र परमार्थ ज्ञानतिरको प्रवृत्ति नै वैराग्य हो भनी सम्झाएको कुरा प्रस्तुत गरिएको छ :

विवेक जान्यौ र विराम खोज्यौ ।
मुक्तात्म बन्ने शिवमार्ग रोज्यौ ।।
वैराग्य बुझ्छौ मन, बुद्धि देऊ ।
सन्देश यो ध्यान दिएर लेऊ ।।४।।

म मात्रै भएको, सदा सुख, भन लाभ के भो ?, अब जे त होला, सबको भलाइ, कतै गए, विचार र बोध, म भेटिन्छु आजै र जन्म वा मृत्यु टर्छ भन्ने यस काव्यका पाठमा वैराग्य वारे थप विस्तारमा व्याख्या गरिएको छ ।

षट् सम्पत्ति विवेच्य काव्यको षष्ठ सर्गको नाम हो । यस सर्गमा षट् सम्पत्ति वारे शिष्यले सोधेका प्रश्नको जवाफ सद्‌गुरुले दिएका छन् । विभिन्न शीर्षकमा राखिएका पाठहरू सुरु हुनुभन्दा पहिले शिष्यले गुरु समक्ष वैराग्य वारे जिज्ञासा राख्दा गुरुले ज्ञान, तप, शम, दम, तितिक्षा र उपरतिलाई छ वटा सम्पत्ति भनेको कुरा यसमा बताइएको छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बढेको जिज्ञासा सरल मनमा देख्तछु म ता ।
तिमी ज्ञानी हुन्छौ कठिन तपले, छोड ममता ।।
कमाऊ आजै नै शम, दम, तितिक्षा उपरति ।
अहा ! श्रद्धाले नै उपरत, समाधान विनती ।।२।।

बिचरा बबुरा, **पुरुषार्थ**, **पार भो भव बन्धन**, **शान्ति**, **शिव ज्ञानी बनेर**, **बन निर्विकार**, **अज्ञान भाग्छ**, **चित्तको तृप्ति र मोक्षको चाहना** भन्ने यस काव्यका पाठमा षट् सम्पत्तिका वारेमा थप व्याख्या गरिएको छ ।

नैतिक शिक्षा नामक अंशमा शुद्ध चित्त, परमेश्वरमा भक्ति, थपस्या, दान, त्याग, ज्ञान, धैर्य, आत्मा र परमात्माको पहिचान, धर्माचरण, उत्तम चरित्र, परोपकार, सात्विक आहार, सत्यनिष्ठा, अहिंसा, समस्त प्राणीमा प्रेम, सत्संग, स्वाध्याय, सुखदुःखमा समभाव, मातापिता र गुरुको सेवा, अध्यात्मप्रति आस्था, आत्म र अनात्मको बोध जस्ता तत्त्व व्यक्तिमा हुनु पर्ने कुरा बताइएको छः

सात्त्विक, शुद्ध आहार, शाकाहारी तिमी बन ।
आध्यात्मिक बनोस् सोच, तपस्या नै बनोस् धन ।।३९।।
स्वाध्याय गर सत्सङ्ग, पढ गीतादि शास्त्र ता ।
मनको धमिलो जान्छ, पूज देवी र देवता ।।४१।।

मुमुक्षा प्रस्तुत काव्यको सप्तम सर्गको नाम हो । यसमा मुमुक्षाका विषयमा शिष्यले राखेका जिज्ञासाको उत्तर गुरुले दिएका कुराको चर्चा गरिएको छ । यस अंशमा पेस गरिएको सम्वाद अनुसार सांसारिक भोग बन्धनमा फस्नु भनेको बन्धन र वासना हो र परमात्मामा सम्पूर्ण रूपले लीन हुने काम गर्नु मुमुक्षा हो :

मुमुक्षा हो इच्छा प्रबल अति नै मुक्त हुनमा ।
विवेकी, वैरागी जब त हुन गो आत्म न सुखमा ।।
भए श्रद्धा ज्यादा अमर पदमा पुग्न सकिने ।
मुमुक्षाले मान्छे परम गतिमा स्थापित हुने ।।२४।।

अमर फूल, **मान्छे नै ब्रह्म बन्दछ**, **सदा भक्ति लागोस्**, **सामान्य ज्ञान र विशेष ज्ञान** र **बोधले मुक्त हुन्छ** भन्ने पाठमा मुमुक्षा वारे विस्तृत चर्चा गरिएको छ ।

वेदान्त बगैंचा समीक्ष्य काव्यको सप्तम सर्गभित्रको एउटा पाठ हो । यसकै नामबाट पुस्तकको नाम राखिएको छ । पुस्तकमा बगैंचालाई वाटिका भनिएको मात्र हो । यो नाम र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाठ कविलाई अधिक प्रिय लागेकोले नै यसको नाम टिपेर कृतिको नाम बनाइएको हुनु पर्दछ । वेदान्त भनेपछि हुरुक्क हुने कवि यस पाठमा निकै खुलेका छन् । वेदान्त दर्शनका विविध पक्षको उद्घाटन यसमा गरिएको छ :

वेदान्त-काव्य-रसमा जब डुब्नु हुन्छ ।
आनन्द जीवन बने जगतै नुहुन्छ ।।
यो वाटिका सरर हेर्न र घुम्न हैन ।
चुर्लुम्म डुब्न सकिए अनमोल चैन ।।२८।।

ब्रह्म र ज्ञान यस काव्यको अष्टम अर्थात् अन्तिम सर्गको नाम हो । यसमा ब्रह्म र ज्ञानका विषयमा शिष्यले गरेको प्रश्नप्रति प्रसन्नता जनाउँदै सद्गुरु परमात्मा भनेको ब्रह्म र तिनको बोध भनेको ज्ञान हो भन्दछन् । ज्ञानको पराकाष्टा जहाँ हुन्छ त्यहाँ परमात्मा भेटिन्छ भन्ने विचार पनि गुरु यस अंशमा व्यक्त गर्दछन् । **भेद छोडे त ती तरे, म ता पूर्ण आत्मा, बोध हुन्छ है, आफू भएरै अरूलाई भन्नु, गरौं न नित्य चिन्तन** र **शिव हुँ भने हुने** भन्ने पाठमा यस विषयमा थप चर्चा गरिएको छ ।

उपसंहार अष्टम सर्गको पुछारतिरको अंश हो । प्रस्तुत काव्यको उपसंहार पनि यो भाग हो । यसमा विद्याको निकै ज्यादा महत्त्व भएकोले त्यसलाई आधार बनाएर काव्य रचना गरिएको कुरा कविले बताएका छन् । साथै यथेष्ट परिश्रमपूर्वक तयार गरिएको यो काव्य पढेर लाभान्वित बन्न पनि पाठकहरूमा अनुरोध गरिएको छ । अझ यसको तयारीमा सहयोग गर्ने सबैप्रति कविले कृतज्ञता पनि व्यक्त गरेका छन् । आफ्ना गुरुहरूबाट पाइएको अमर पद दिलाउने वा पराविद्याको ज्ञान काव्यका माध्यमबाट प्रस्तुत गर्न पाउँदा प्रसन्नताको अनुभूति भएको कुरा समेत कविले यसमा प्रकट गरेका छन् । आफूलाई मन पर्ने विषयमा काव्य रचना गरिएकोले को ज्ञान वा सन्देशका साथै स्वयं पनि काव्यमा प्रस्तुत भएको कुरा पनि कवि यसमा सुनाउँछन् । यी कुरा **विश्राम, सद्गुरुचरणमा व्यक्त उद्गार, अन्तिम उपदेश, कृतज्ञता ज्ञापन, शिष्य विदा** र **अमर फल** भन्ने शीर्षकका पाठमा व्यक्त गरिएको छ :

पसेर हेर्नोस् म कता-कतै छु ।
बुझेर पढ्नोस् म जतातते छु ।।
वेदान्त दर्शाउन काव्य लेखें ।
यस्तै गरेको गुरुले नि देखें ।।११९।।

वेदान्त दर्शनका प्रिय कविले वेदान्तलाई नै वर्ण्य विषय बनाएर रचना गरेको महाकाव्य यो हो । यसलाई महाकाव्य भन्ने विषयमा विज्ञहरूमा बहस हुन सक्तछ । इतिहास,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष परिघटना, पात्र तथा परिवेशलाई भन्दा पनि चिन्तनलाई अघि सारेर कविले यो काव्य रचना गरेका छन् । यसलाई महाकाव्य मान्ने वा न मान्ने विषयमा विचार गर्दा महाकाव्यका कतिपय सैद्धान्तिक कुराको चिन्तन गर्नु आवश्यक हुन्छ । पूर्वीय मान्यता अनुसार महाकाव्यमा सर्गबन्ध, देवता, राजा वा इतिहास प्रसिद्ध कुलीन क्षत्रिय नायक, प्रारम्भमा मङ्गलाचरण, आशीष, नमस्क्रिया, वस्तुनिर्देश तथा अन्त्यमा भरतवाक्य, शुभाशंसा वा मङ्गलवाचक अभिव्यक्ति, सर्गान्तमा छन्द परिवर्तन, विषयवस्तु अनुसार वन, शैल, नदी, बगैंचा जस्ता प्राकृतिक स्थितिको वर्णन, सर्गको नाम, सामान्यतया प्रमुख पात्रका नामबाट काव्यको नाम जस्ता विभिन्न कुरा हुनु पर्ने नियम अगाडि सार्ने गरिन्छ । यी सबै लक्षणबाट हेर्दा यसमा प्रयोग गरिएका कुरा पूर्णतया नियम सम्मत देखिँदैनन् । त्यसो भए तापनि महाकाव्यको मूलभूत परिचय भनेको निश्चित समय, युग, धारणा, चिन्तन, परिपाटी, प्रवृत्ति, वैयक्तिक वा सामाजिक चरित्रको काव्यात्मक प्रयोग हो । ठुलाभन्दा ठुला काव्य अर्थात् बृहत्तर महाकाव्यको मूल उद्देश्य पनि कुनै न कुनै महत्त्वपूर्ण सन्देश प्रवाह गर्नु नै हो । त्यस कामलाई नै यस काव्यले केन्द्रीय विषय बनाएको छ । चर्चित इतिहास, चर्चित घटना, चर्चित पात्र, चर्चित परिवेश, चर्चित युग, चर्चित अवस्थाका कुरा राख्नु उत्तम दर्जाको महाकाव्यका विशेषता मानिने परिप्रेक्ष्यमा यस काव्यमा ती सबैको पनि धुरी मानिने ज्ञान, चिन्तन, विचार, दर्शन, अवधारणा, अनुभव तथा विद्या छानिएको छ र उत्तम काव्यात्मक कलाकारितामा ढालेर प्रस्तुत गरिएको छ । काव्य रचनाका कतिपय पक्षमा कविले आफ्नै शैली र शिल्पको बाटोमा हिंड्न पनि सक्तछ । यी सबै कुरा विचार गर्दा महाकाव्य रचनाका केही पूर्वीय मान्यता, केही पश्चिमी पद्धति र केही चाहिं आफू खुसीका पद्धति प्रयोग गरी नौलो मान्यताको स्थापना सहित तयार पारिएको काव्य भनेर यसको परिचय दिन सकिन्छ । विभिन्न फुलको नामबाट सर्गको नाम राख्नु पनि यसमा देखिएको नौलो प्रयोग हो ।

अन्य कुराले भन्दा विचार, चिन्तन, ज्ञान, विद्या तथा दर्शनले व्यक्ति, समाज, समुदाय र देशमा निकै ठुलो प्रभाव पार्दछ । यस्तै कुराबाट सच्चा जीवन भोग्ने अभिप्रेरणा पनि मिल्दछ । त्यसरी हेर्दा वेदान्त जस्तो व्यावहारिक दर्शनको व्याख्यामा आधृत यो कृति काव्य मात्र नभएर ज्ञानपुञ्ज नै बनेको छ । कविता तथा निबन्धमा रचनाकार स्वयं उत्रने कुरा विज्ञहरू बताउँछन् । त्यस्तो रचना उत्तम दर्जाको हुने कुरा पनि सबैले स्वीकार गर्दछन् । यस काव्यको अध्ययन गर्ने पाठकले प्रा. शिवगोपाल रिसालको परिचय सजिलैसित प्राप्त गर्न सक्तछ । त्यो कुरा रचनाकार स्वयंले पनि व्यक्त गरेका छन् । यस आलेखमा दिइएको अन्तिम उद्धरणको अध्ययन गर्दा पनि यो कुरा प्रमाणित हुन्छ । भावुक हृदयका कवि रिसाल यसमा जताततै फैलिएका देखिने हुंदा पनि यसलाई उत्तम दर्जाको रचना र शिवगोपालमय काव्य भन्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त चिन्तनका सारभूत पक्षलाई यस काव्यमा निकै बौद्धिक तरिकाले प्रस्तुत गरिएको छ । मानव जीवनलाई शान्ति र आनन्दसित बाँच्न सिकाउने काम ले गर्दछ । ब्रह्मज्ञानलाई नै प्रतिपाद्य विषय बनाइएकोले प्रा. रिसालका दार्शनिक अन्य कृतिहरूमा जस्तै यसमा पनि सोझै वा प्रकारान्तरले लगभग उस्तै कुरा दोहोरिएका देखिन्छन् । साथै यिनका सबैजसो कृतिमा पाइने सरल भाषा र प्रभावकारी शैली यसमा पनि प्रयोग भएको छ । शास्त्रीय विभिन्न छन्दको प्रयोगमा सजाइएका वेदान्त विद्या र समसामयिक नेपाली जीवनका विविध विषयका कुरा यसमा पाइन्छन् ।

४.२.३८ नमस्ते

२०७० सालमा यस पुस्तकलाई प्रकाशमा ल्याउने काम भुवन कार्कीले गरेका हुन् । दीपक घिमिरेको रूप सज्जा र रवि मानन्धरको चित्र सज्जाले सिंगारिएको यो पुस्तक किशोरावस्थाका विद्यार्थीलाई पौरस्त्य सभ्यताका महत्त्वपूर्ण संस्कार, मान्यता तथा परम्पराको ज्ञान दिलाउने उद्देश्यले प्रा. शिवगोपाल रिसाल र प्रा.डा. सनतकुमार वस्तीको सहलेखनमा तयार पारिएको हो । बालोपयोगी हस्त निर्मित रंगीन विविध चित्रले युक्त आवरणको माथिल्लो भागमा **नमस्ते** अर्थात् पुस्तकको नाम लेखिएको छ । आवरणको पछिल्लो पृष्ठमा पुस्तकको ISBN दिइएको छ । प्रवीण कार्कीको **भूमिका** भन्ने शीर्षकको प्राक्कथन यसमा छ । विषय अनुसारका हस्त निर्मित चित्रले सजिएका यस पुस्तकका लेख निबन्ध लेखनको शैलीमा प्रस्तुत गरिएका छन् । यसमा **बत्ती, पूजाकोठा, दशैंमा टीका, भाइटीका, नमस्ते, टीका, आमा, बाबु र गुरु, शाकाहारी भोजन, श्राद्ध, घण्टा, कलश, तुलसी, कमल, शङ्ख, ॐ** र **आरती** समेत गरी जम्मा सोर वटा नैतिक, आध्यात्मिक, सांस्कृतिक, नीतिपरक, औपदेशिक, ज्ञानवर्द्धक र व्यवहारमूलक बाल निबन्ध संकलित छन् । कृतिभित्रको महत्त्वपूर्ण एउटा लेखकै नामबाट पुस्तकको नाम राख्ने काम यसका भएको छ ।

नैतिक मूल्य र मान्यता दिनानुदिन ह्रास हुँदै गई रहेको वर्तमान परिवेशमा नेपाली समाजका परम्परागत अनुकरणीय चलन, विश्वास तथा आचार व्यवहारलाई महत्त्व दिएर नयाँ पुस्ताका सन्ततिलाई मौलिक बाटोमा डोऱ्याउने प्रयत्न यस कृतिमा संकलित पाठका माध्यमबाट लेखक द्वय र प्रकाशकले गरेका छन् । नेपाली समाजले अङ्गीकार गरेका सांस्कृतिक पक्षका पछाडि जीवनलाई सार्थक तुल्याउने, आध्यात्मिक चिन्तनलाई महत्त्व दिने, सत्कार्य गर्ने, नम्र बन्ने, परोपकारी हुने र समाजको हितमा समर्पित रही सेवामुखी बन्ने उद्देश्य आधार बनेको पाइन्छ । तिनै कुराको ज्ञान दिलाउन कतै सोझो र कतै प्रतीकात्मक ढङगले बुझिने गरी आदर्शको पाठ सिकाउने काम यस पुस्तकले गर्ने कुरा स्पष्ट छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिपक्व, अनुभवी, अध्ययनशील, लेखन क्षेत्रका स्थापित व्यक्तित्व दुवै जना सहलेखकले यस कृतिका माध्यमबाट राष्ट्र सेवा, नागरिक धर्म, जिम्मेवार व्यक्तिबाट हुनु पर्ने कर्तव्य पालन जस्ता लोक कल्याणकारी कार्य गरेका छन् । प्राज्ञिक क्षेत्रका चर्चित र स्थापित दुवै लेखक बाल साहित्यको सिर्जनामा पनि पोख्त छन् भन्ने कुरा यस कृतिले प्रमाणित गरेको छ । आगामी दिनमा यसको माग बढ्दै जाने र यसको सिको गरेर अन्य लेखकले पनि यस्तै प्रकृतिका विषयमा कलम चलाउने सम्भावना प्रबल रूपमा देखिन्छ । यस कृतिले लेखक र प्रकाशक दुवै थरीलाई धित मर्ने गरी सन्तुष्टि दिने सम्भावना रहेको कुरा पनि यहाँनेर भन्नु उपयुक्त हुन्छ ।

४.२.३९ ईशावास्योपनिषद्

२०७० पुस पूर्णिमाका दिन लोकार्पण गरिएको पुस्तक यो हो । लालाजी खड्का यस पुस्तकका प्रकाशक हुन् । भगवान् सूर्यको प्रतीक चिह्नका बिच भागमा अङ्कित हस्त निर्मित ॐ को रङ्गीन चित्र अंकित आवरणको माथिल्लो भागमा **ईशावास्योपनिषद्** तथा त्यसको ठिक मुनि कोष्ठ चिह्नभित्र गद्य-पद्यात्मक अनुवाद र व्याख्या तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण दिइएको छ । पितामातामा समर्पण गरिएको यस पुस्तकमा **भूमिका** भन्ने शीर्षकमा लेखकीय प्राक्कथन राखिएको छ । प्रकाशकले आफ्नी धर्मपत्नी ज्ञानु खड्काको पुण्य स्मृतिमा यो पुस्तक प्रकाशित गरेकाले लेखकको भूमिकापछि **प्रेमपूर्ण सम्झना** शीर्षकमा ज्ञानु खड्काको रंगीन चित्र सहितको समर्पण पृष्ठ दिइएको छ । तदुपरान्त **प्रकाशकीय** शीर्षकमा प्रकाशकको भनाइ प्रस्तुत गरिएको छ ।

८० पृष्ठको डिमाई आकारमा उपयुक्त कागज तथा छपाइ व्यवस्थापन भएको सुन्दर यस कृतिमा विषय सूची भने पाइँदैन । यसको पहिलो पाठ **अनुबन्धचतुष्टय** शीर्षकको आलेख हो । त्यसमा **ईशावास्योपनिषद्**का साथै समस्त वैदिक ग्रन्थका प्राचीन परम्परा, मर्यादा र अनुशासन अनुसार कायम गरिएका अधिकारी, विषय, सम्बन्ध र प्रयोजनको परिचय दिइएको छ । यसमा **ईशावास्योपनिषद्**का अठार वटा मूल मन्त्रको गद्य-पद्यात्मक अनुवाद र व्याख्या छ ।

ॐ पूर्णमदः पूर्णमिदं भन्ने वैदिक शान्ति पाठको मूल मन्त्र तथा त्यसको व्याख्याबाट थालिएको यस पुस्तकमा **ईशावास्योपनिषद्**का अठार वटा मन्त्रलाई भाव अनुसार भिन्न भिन्न उपशीर्षकमा आबद्ध गरिएको छ । ती मन्त्रलाई क्रमशः **सर्वत्र भगवद्दृष्टि र त्यागको महिमा, कर्मको महिमा, अज्ञानीको निन्दा, आत्माको स्वरूप, अभेददर्शन, आत्मनिरूपण, कर्म र उपासनाको समुच्चय, कर्म र उपासना समुच्चयको परिणाम, व्यक्त र अव्यक्त उपासनाको**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुच्चय, भगवान्को दर्शन गर्ने भक्तको इच्छा, भगवान्सङ्गको एकता, मरणोन्मुख उपासनाको प्रार्थना र **अन्तिम नमस्कार** उपशीर्षकमा राखेर तिनको मूलपाठ, पद्यगद्यात्मक अनुवाद र व्याख्या प्रस्तुत गरिएको छ ।

ईश्वर, मङ्गल कामना, आत्मानुशासन, आत्मा, परमात्मा, सङ्कल्पकर्ता, अन्धकार, प्रकाश, जीवन, अग्निदेव, सत्तत्त्व, सन्मार्गको महत्त्व र अक्षरको महत्त्वका कुरा यसमा वर्णित छन् । यसलाई 'वेदको ज्ञानकाण्ड' पनि भनिन्छ किनभने यसमा ईशका विषयको दार्शनिक विवेचना पाइन्छ । यो बाहेक अन्य कुनै पनि वेद वा संहिताका अध्याय उपनिषद्मा प्रस्तुत भएको पाइँदैन । यसबाट पनि '*यजुर्वेद*को मुख्य विषय यज्ञ सम्पादन हो' भन्ने कुरा थाहा हुन्छ । यसमा ईश्वरलाई 'सृष्टिका सबै जड तथा चेतनामा व्याप्त र सृष्टिलाई पदार्थ दिने' भनिएको छ । मङ्गल कामनाका भाव प्रस्तुत गर्दै यसमा उचित कर्म गरी अनुशासित भएर एक सय वर्ष बाँच्ने कामना गर्न, ईश्वरले दिएका पदार्थको भोग गर्न, गहिरो अन्धकारले घेरिएर दुःखको जीवन नबिताउन र कल्याणकारी कार्य गर्न भनिएको छ । 'आत्मानुशासनमा नबस्नेहरू शरीरका रूपमा मात्र मनुष्य हुन् मानवीय गुणले युक्त मनुष्य होइनन्' भन्दै आत्मानुशासनको पालना अत्यावश्यक भएको कुरा पनि यसमा बताइएको छ । आत्मा र परमात्माका कुरा कोट्याउँदै 'आत्मा भनेको सर्वव्यापी, तेजस्वी, दोषरहित, शुद्ध, निष्पाप, क्रान्तदर्शी कवि, मनीषी, सर्वजयी, स्वयं उत्पन्न, अनादि, अनन्त, अविनाशी र परम तत्त्वका रूपमा रहेको परमात्माको अंश हो' भनिएको छ । सङ्कल्पकर्ता ज्ञानीका कुरा खोतल्दै यसमा परमात्माका बारेमा गहन रूपमा बुझेर आफूलाई चिन्नु पर्ने कुरा बताइएको छ । यसमा 'अन्धकार भनेको अँध्यारो मात्र नभएर अज्ञान हो' भन्दै प्रकाशलाई 'उज्यालोका साथै विद्या अर्थात् ज्ञानको ज्योति' पनि भनिएको छ । 'जीवन भनेको विकास र कर्मठपना हो' भन्दै 'विद्याद्वारा अमृत तत्त्व प्राप्त गर्नु यसको सार्थकता हो' भनिएको छ । अग्नि देवतालाई सन्मार्गतिर डोऱ्याउन अनुरोध गर्दै 'कुटिल आचरण भएका शत्रुबाट जोगिएर असल आचरण अपनाउनु नै सन्मार्ग हो र यसले जीवनलाई सुखद, उज्यालो र पापरहित बनाउँछ' भनिएको छ । अन्त्यमा 'ॐ अक्षर आकाशभरि ब्रह्मका रूपमा सर्वत्र व्याप्त भएर रहेको' कुरा 'ॐ खं ब्रह्म' लाई अघि सारेर बताइएको छ ।

पौरस्त्य दर्शनमा ईश्वर शब्दको प्रयोग सृष्टिकर्ता, पालक र संहारक शक्तिका अर्थमा गरिएको पाइन्छ । ईश्वरको सत्तालाई सर्वोच्च, सर्वशक्तिमान्, सारा काम गर्न सक्ने विशिष्ट क्षमता भएको मानिन्छ । ईश्वरले नै प्राणीलाई कर्मको फल दिनका साथै दुःखकष्टबाट बचाउँछन् भन्ने विश्वास छ । ईश्वरको सत्ता, ईशभक्तिको महत्त्व, ईश्वरको उपासना तथा वेदान्त दर्शनका मुख्य मान्यताका व्याख्या भएको र ईशको नामबाट पहिलो श्लोक रचना गरिएको उपनिषद् भएकोले यसलाई **ईशावास्योपनिषद्** भनिएको हो । उपनिषद्हरूमा पहिलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रममा यो पर्दछ । ईश्वर अर्थात् परमतत्त्व सम्बन्धी विषयको गहन व्याख्या, आत्मा तथा ईश्वरको सर्व व्यापक रूपको निरूपण, निष्काम कर्मको महत्त्व, भोगवादको क्षणभङ्गुरता, ईश्वर तथा जीवको स्वरूप निर्धारण, ईश्वर तथा जीवको पारस्परिक सम्बन्ध, शाश्वत आनन्द प्राप्तिका उपायको निर्देशन जस्ता कुराको विवेचना यसमा गरिएको छ । उपनिषद्को रचना ब्राह्मण ग्रन्थको समयपछि भएको भनिए पनि यो उपनिषद् चाहिं यजुर्वेद संहिताको अंश भएकोले यसको रचना काल ब्राह्मण ग्रन्थभन्दा पहिले मानिन्छ । उपनिषद्हरूमा अत्यधिक प्रभावशाली उपनिषद्का रूपमा यसलाई हेरिन्छ ।

प्रस्तुत कृतिले प्रा. रिसाललाई वैदिक ग्रन्थको टीका, अनुवाद र व्याख्या गर्नमा निपुण प्रतिभाका रूपमा परिचित गराएको छ । प्रत्येक श्लोकका अनुष्टुप र उपजाति छन्दमा एकेक वटा रूपान्तर दिई गद्यमा विशद व्याख्या वा मीमांसा गर्ने काम यसमा भएको छ । नेपाली साहित्यमा उपनिषद्हरूको टीका र व्याख्या गर्ने व्यक्तिमा प्रा. रिसालले यस पुस्तकलाई प्रमाण बनाएर आफ्नो स्थान सुरक्षित तुल्याएका छन् । आकारमा सानो भए पनि विषयको गम्भीरता तथा प्रस्तुतिको विशिष्टताले गर्दा यो कृति महत्त्वपूर्ण छ ।

४.२.४० श्रीरामगीता

२०७० माघ पूर्णिमाका दिन लोकार्पण गरिएको पुस्तक यो हो । रेखा श्रेष्ठ, तुमला श्रेष्ठ, जमुना अधिकारी र अम्बिका प्याकुर्‍यालको आर्थिक सहयोगमा स्वाध्याय परिवारले यो पुस्तक प्रकाशमा ल्याएको हो । भगवान् रामले भाइ लक्ष्मणलाई उपदेश दिएको दृश्य प्रकट गर्ने हस्त निर्मित रङ्गीन चित्र अंकित यस पुस्तकको आवरण पृष्ठको माथिल्लो भागमा **श्रीरामगीता** तथा त्यसको ठिक मुनि कोष्ठ चिह्नभित्र अनुवाद र विवरण तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण दिइएको छ । पितामातामा समर्पण गरिएको प्रस्तुत पुस्तकमा **आफ्नो लेखनी पवित्र बन्यो** भन्ने शीर्षकमा चार पृष्ठको लेखकीय भूमिका राखिएको छ ।

१८९ पृष्ठको डिमाई आकारमा उपयुक्त कागज तथा छपाइ व्यवस्थापन भएको सुन्दर यस कृतिमा तेत्तिस वटा पाठ प्रस्तुत गरिएका छन् । ब्रह्माण्डपुराण उत्तरखण्डको अध्यात्म रामायणभित्रको उत्तरकाण्डको पाँचौं अध्यायलाई रामगीता भनिन्छ । यसमा जम्मा ६२ श्लोक छन् । भगवान् रामले भाइ लक्ष्मणलाई दिएको उपदेशमा बताइएका कुरालाई नै रामगीता भनिन्छ । यसमा समेटिएको जीवन र जगत् सम्बन्धी महत्त्वपूर्ण ज्ञान सर्वप्रथम भगवान् शङ्करले देवी पार्वतीलाई सुनाएका थिए भन्ने कुरा विवेच्य कितापमा बताइएको छ । पछि देवी पार्वतीले ब्रह्मालाई, ब्रह्माले नारदलाई, नारदले ऋषिहरूलाई त्यही कुरा सुनाएका थिए भनिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । ज्ञानको भण्डार मानिने यस तत्त्वलाई लिखित रूपमा उतार्ने काम महर्षि वेदव्यासले गरेका हुन् । यसलाई अध्यात्म रामायणको सार मानिन्छ । प्रत्येक श्लोकको मूल पाठ, पदार्थ, भावार्थ र विवरण दिई गहन विषयलाई सहज ग्राह्त्य वा सुबोध्य बनाउने काम प्रा. रिसालले यसमा गरेका छन् ।

यस पुस्तकमा क्रमशः **श्रीरामगीता-माहात्म्य, उपोद्घात, प्रासङ्गिक कथा, लक्ष्मणको विनयशीलता, गुरुप्रशस्ति, श्रीरामको प्रसन्नता, उपदेशको शुभारम्भ, ज्ञान र कर्मको मीमांसा, अज्ञान नै संसारको कारण, अज्ञान नष्ट गर्न ज्ञानमात्र समर्थ, वितर्कवादीलाई जवाफ, ज्ञान र कर्मको समुच्चय हुँदैन, अज्ञान नष्ट गर्न ज्ञान स्वतन्त्र, श्रुतिप्रमाण, महावाक्यविचार, जीवात्माको स्थूल उपाधि, जीवात्माको सूक्ष्म उपाधि, जीवात्माको कारण उपाधि, कोशको परिचय र निराकरण, जाग्रदादि अवस्था, द्वैतको निषेध, अद्वैत ब्रह्म प्राप्ति, अध्यात्म-निरूपण, महावाक्य श्रवण र त्यसको फल, आत्मचिन्तन, ॐ को उपासना, आनन्दानुभूति, श्रीरामतत्त्वको साक्षात्कार, परमात्मचिन्तन, श्रवणपछिको मनन तथा ज्ञानको फल र आशीर्वाद** गरी जम्मा ३१ वटा उपशीर्षकमा ६२ वटा श्लोकको मूल पाठ, पदार्थ, भावार्थ र विवरण प्रस्तुत गरिएको छ ।

नेपाली जीवन पनि भगवान् रामले लक्ष्मणलाई दिएको विशिष्ट ज्ञानपरक उपदेशबाट प्रभावित हुँदै आएको छ । नेपाली लोक साहित्यका प्रत्येक विधामा भगवान् रामका कथा र उनले स्वयं उदाहरण बनी प्रमाणित गरेका आदर्शको चर्चा पाइन्छ । प्रा. रिसालले नेपाली सामाजिक मनोवृत्ति र अधिकतर नेपालीहरूमा पाइने वैदिक ज्ञानप्रतिको अभिरुचि विचार गरेर पनि प्रस्तुत कार्यलाई महत्त्व दिएको देखिन्छ । वेदान्त दर्शनको चर्चा, भगवान् रामका विविध आदर्शको चर्चा र जीवनलाई राममय बनाउने आकांक्षाको चर्चा यसमा पाइन्छ ।

अध्यात्म कर्म, भक्ति र ज्ञानको परिपाक नै ब्रह्मविद्या हो भन्ने कुरा यसमा बताइएको छ । ब्रह्मज्ञानको बाटो नै मोक्षको उपाय, साधन र साधना हो भन्दै वर्ण धर्म तथा आश्रम धर्मको परिपालन गरेर चित्तलाई शुद्ध तुल्याउनु आवश्यक हुन्छ भन्ने कुरामा जोड दिने काम यसमा भएको छ । ब्रह्मको बोध योग्य गुरुका उपदेशको अवलम्बनबाट सम्भव हुन्छ भनेर यसमा गुरु तथा गुरु भक्तिको महिमा दर्साइएको छ । सूक्ष्म, स्थूल र कारण शरीर, अन्नमयादि पाँच कोश, जाग्रदादि तिन अवस्था, प्रारब्धादि तिन कर्म फल, जीव र ब्रह्म, तत्त्वमसि आदि महावाक्य, जीवात्मा र परमात्माको एकता, प्रणवरूप ॐकार, भगवद्भक्ति जस्ता दार्शनिक अनेक तत्त्वको विवेचना यसमा गरिएको छ । प्रेय र श्रेय विषय भएकोले पनि यसमा उपर्युक्त सबै कुरा समेट्न प्रा. रिसालको प्रतिभा निर्बाध रूपमा स्फुरण भएको देखिन्छ ।

यसमा शब्दानुक्रमणिका र सन्दर्भ सामग्री दिनाले समीक्ष्य विषयको अध्ययन थप विस्तारपूर्वक गर्न चाहनेका लागि प्रोत्साहन मिल्ने अवस्था निर्माण भएको छ । पुस्तक लेखनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपनाउनु पर्ने प्राविधिक पक्ष पनि यो हो । प्रा. रिसालको अनुवाद कौशल, मीमांसा कौशल, व्याख्या कौशल र जाने बुझेका कुरा स्पष्ट रूपमा व्यक्त गर्न सक्ने अभिव्यक्ति कौशल यस कृतिले संवहन गरेको छ । रामगीता वेदान्तका सैद्धान्तिक तत्त्व तथा उपनिषद्‌हरूका सारभूत पक्षको गम्भीर, संक्षिप्त तथा स्पष्ट विवेचनामा आधृत गागरमा सागर भन्ने उक्ति सार्थक तुल्याउने कृति हो । मूलमा पाइने ती कुरा कतै नअल्मलिने गरी खुलस्त पार्न सक्नु यसको विशेषता हो । वेदान्त दर्शनले भन्न खोजेको कुरा बुझ्न नसक्ता यस दर्शनलाई कतिपय व्यक्तिले वमन वेदान्त भन्ने गरेका छन् । प्रा. रिसालले गरेको परिश्रम तथा यिनको प्रस्तुतिगत सरलता र स्पष्टताका कारण यस कृतिले वेदान्तलाई सुपाच्य, सरल, सहज र सुबोध्य दर्शन बनाएको छ ।

आदिकवि भानुभक्त आचार्यदेखि हालसम्मका अनेक साहित्यकारले रामगीतालाई आधार बनाएर काव्य सिर्जनाका साथै टीका, अनुवाद, मीमांसा र व्याख्या गरेका छन् । प्रा. रिसालको नाम यस अभियानमा थप्ने काम प्रस्तुत कृतिले गरेको छ । आफू भगवान् रामका भक्त भएको कुरा स्वयं लेखकले धेरैतिर बताएका पनि छन् ।

४.२.४१ ज्ञानदेखि विज्ञानसम्म

२०७१ गुरु पूर्णिमाका दिन लोकार्पण गरिएको पुस्तक यो हो । भवानी शर्माको आर्थिक सहयोगमा स्वाध्याय परिवारले यो पुस्तक प्रकाशमा ल्याएको हो । लेखकका आँखा र ग्रह नक्षत्रका रेखाङ्कनयुक्त वर्तुलाकार घेराका शिर भागमा ॐकार भएको लेखक स्वयंले परिकल्पना गरेको र शंकर पौडेलले आकार दिएको विशेष चित्र अंकित यस पुस्तकको आवरण पृष्ठको बिचमा **अस्मिन् बृहति ब्रह्माण्डे लघुरूपोऽहमीदृशः, आत्मतत्त्वे च विज्ञाते लघुरूपोऽयमीदृशः** भन्ने उक्ति, माथिल्लो भागमा **श्रीरामगीता** तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण सहित ISBN दिइएको छ । समर्पण पृष्ठमा श्रीमती भावना शर्माका स्वर्गवासी पतिदेव ध्रुवनाथ उपाध्यायको संगीन चित्र राखिएको प्रस्तुत पुस्तकमा **श्रीपरमात्माको कृपा** भन्ने शीर्षकमा चार पृष्ठको लेखकीय भूमिका छ । यसका प्रत्येक पाठका शिर भागमा ॐ र अन्त्य भागमा शिवमस्तु लेखिएको छ ।

३९० पृष्ठको डिमाई आकारमा उपयुक्त कागज, छपाइ व्यवस्थापन र मोटो गाता भएको सुन्दर यस कृतिमा अठसठ्ठी वटा निबन्ध समेटिएका छन् । शिक्षा, स्वास्थ्य, राष्ट्र, भाषा जस्ता जनतासित प्रत्यक्ष रूपमा सम्बद्ध केही विषय बाहेक यसमा मूलतः वेदान्त दर्शनको चिन्तन र मान्यतासित जोडिएका कुरालाई निबन्धका रूपमा पस्किएको छ । विभिन्न पत्रपत्रिकाम प्रकाशित धेरै र नयाँ केही निबन्ध जम्मा पारेर तयार गरिएको दार्शनिक रचनाको सँगालो यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । प्रा. रिसालमा पाइने वेदान्त दर्शनप्रतिको आकर्षण र साधनाको मूर्त रूप पनि यसलाई भन्न सकिन्छ ।

यस पुस्तकमा क्रमशः **अक्षर त ब्रह्म नै हो, अखण्ड कीर्तन, अद्वैत वेदान्त दर्शन, अद्वैत वेदान्तको अनिर्वचनीय ख्याति, अध्यात्मवाद, अनुभव र अनुवाद, अभाववाद, आत्मदर्शन, आत्मा र अनात्माको विवेक, आध्यात्मिक दर्शनको प्रतिपाद्य विषय, इन्द्रिय र यिनको सदुपयोग, उपनिषद् सिद्धान्त हो अद्वैत, कर्म, विकर्म र अकर्म, कस्तो जीवन बाँच्ने ?, कहाँबाट आएको ? कहाँ जाने ?, काम : नरकको द्वार, के लेख्ने ? के लेख्ने ? के नलेख्ने ?, को सुखी ? को दुःखी ?, क्रोध : नरकको द्वार, गुरु-शिष्य परम्परा, चरित्र : हाम्रो सर्वस्व, ज्ञान र ज्ञानीका लक्षणहरू, ज्ञान र विज्ञान, ज्ञान के हो ? विज्ञान के हो ?, ज्ञानदेखि विज्ञानसम्म, दृष्टिकोण, दृष्टिसृष्टिवाद, ध्यान : के हो ? किन ? र कसरी ?, ध्यानबाट ज्ञान, ध्येय हो ब्रह्म, नमर्ने कुरा, नैतिकताको आवश्यकता, प्रयाणकाल, प्राप्ति र तृप्तिमा अन्तर, भ्रम, म र महरूको पसारो, मजस्तै म, मदेखि मसम्म, मर्यादापुरुषोत्तम श्रीराम, मुक्ति र यसका साधन, मोक्ष : हाम्रो लक्ष्य, मोह, योग, राष्ट्र, भाषा र नेपाली, रोग नलाग्दैमा, लक्ष्य हो ब्रह्मप्राप्ति, लोभ : नरकको द्वार, वर्तमानकाल, 'विषयान् विषवत् त्यज', व्यापक दृष्टिमा ज्ञान, शिक्षाको उद्देश्य के हो ?, शिव : व्यापक अर्थमा, शिव र शक्तितत्त्व, शिवतत्त्व, श्रीगुरु-माहात्म्य, श्रीमद्भगवद्गीतामा अहङ्कार, श्रीमद्भगवद्गीतामा बुद्धिको प्रयोग, सङ्गसङ्गै ज्ञानी बनौं, सत्य नै ब्रह्म हो, सत्यकाम जाबाल, सन्धिसङ्ग सन्धि गर्दा, साधु सन्तको महिमा, स्मृतियोग, स्वामी शशिधरदासको 'वैराग्याम्बर', स्वास्थ्यका लागि शाकाहारी भोजन, हनुमान्को महानता : आध्यात्मिकता, हाम्रा आन्तरिक शत्रु : मद र मात्सर्य** तथा **हाम्रो शिक्षा** गरी जम्मा ६८ वटा निबन्ध प्रस्तुत गरिएको छ ।

मूलतः अध्यात्म र अंशतः शिक्षा, स्वास्थ्य, नेपाल राष्ट्र र नेपाली भाषालाई वर्ण्य विषय बनाएर लेखिएका यस कृतिका निबन्धमा वेदान्त दर्शनलाई सर्वोपरि महत्त्व दिइएको छ । आध्यात्मिक साधनाका निमित्त शरीर गलाई तपस्या गर्नु पर्ने ज्यादै कष्ट सहेर योग साधनाद्वारा मनलाई नियन्त्रणमा राख्नु पर्ने कुरालाई भन्दा पनि आफूमा रहेको आन्तरिक शक्ति चिन्नु पर्ने कुरालाई यस कृतिका पाठमा जोड दिइएको देखिन्छ । सच्चा गुरुको मार्ग निर्देशन, अभिप्रेरणा र उपदेश अवलम्बन गरेर जाम्बवान्को प्रोत्साहनमा हनुमान्ले समुद्र पार गरे जस्तै संसार सागर पार गर्न सकिन्छ भन्ने विचार निबन्धकारले यसमा व्यक्त गरेका छन् । आफूलाई असमर्थ र कमजोर ठान्नु हुंदैन किनभने ईश्वरले कसैलाई पनि असमर्थ बनाएका छैनन् भन्दै मानसिक रूपले आफूलाई बलियो मनेर गरिने काम जहिले पनि सफल हुन्छ भन्ने अनुभव निबन्धकारले पाठकलाई यस कृतिका माध्यमबाट सुनाएका छन् । अध्यात्म साधना कठोर यातना होइन, यसलाई सजिलैसित व्यवहारमा प्रयोग गर्न सकिन्छ भन्ने विचार पनि निबन्धकारको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै र यस्तै कुरालाई अनेक शैली, पाठ, रूप, विषय र भावमा व्यक्त गरी कृति निर्माण गरिएको अवस्था यो हो ।

जीवनको अधिकतर समय शिक्षण व्यवसायमा सक्रियतापूर्वक व्यतीत गरेका निबन्धकारले यस कृतिका केही पाठमा शिक्षा सम्बन्धी अनुभव बाँड्ने काम पनि गरेका छन् । यिनले बताए अनुसार शिक्षाले शिक्षार्थीलाई चिनाउने, चरित्र बनाउने, आनन्द प्राप्त गर्ने, सन्तोष दिलाउने, ज्ञान दिने र संसारको सही रूपको परिचय गराउने काममा सहयोग पुऱ्याउन सक्नु पर्दछ । पढेको व्यक्ति देश, समाज, परिवार तथा आफूसित राम्ररी परिचित हुनु आवश्यक छ । उसमा आफ्ना शक्ति र सीमाको ज्ञान पनि हुनु पर्दछ । आत्मनिर्भर हुनु, आत्मविश्वासी बन्नु, आत्मगौरवको अनुभूति हुनु, आत्मलाभ गर्नु, आफूभित्रको ईश्वरसित साक्षात्कार गर्न सक्नु नै शिक्षित हुनुको भाव हो । आजको दुनियाँमा शिक्षितहरूले नै विध्वंस मच्चाएको देखिन्छ । आत्मग्लानि, ध्वंसात्मक विचार, असन्तोष र हीनता बोध, संकुचित धारणा शिक्षित व्यक्तिका मनमा आउनु भनेको शिक्षाको आधार गलत हुनु हो । अर्काको भरोसा गर्ने, स्वार्थी, कमजोर, चरित्रहीन, अकर्मण्य र निरुत्साही भएमा पढ्नुको कुनै अर्थ हुँदैन । पढेको व्यक्ति चोर, डाँका, ठग, दुराचारी, अल्छी, फोहोरी, अपशब्दवाची र परपीडक बन्नु भनेको शिक्षा पद्धतिमा त्रुटि रहनु हो । सरल, स्वाभाविक र सहज जीवन रुचाउने, उच्च विचार राख्ने, उदार भावनामा रमाउने, आध्यात्मिक मार्ग मन पराउने, आत्मालोचना गर्ने, क्षमाशील हुने, निरपराध र निरहङ्कारी मानसिकताले भरिपूर्ण बन्ने प्रवृत्तिले पढाइलाई रचनात्मक वृत्तितिर डोऱ्याउँछ । सिपयुक्त, व्यावहारिक र चरित्रमूलक ज्ञान शिक्षित व्यक्तिमा हुनु पर्दछ । वेदान्त दर्शनले आफू र आफूभित्रको ईश्वरलाई चिनेर निर्लोभ तथा निर्लिप्त भई संसारमा आफ्नो भूमिका सक्रियताका साथ निर्वाह गर्ने पाठ सिकाउने हुनाले शिक्षित हुनुको अर्थ वेदान्तप्रेमी हुनु पनि हो भन्ने कुरा स्वतः सिद्ध हुन्छ । आजको शिक्षामा यस प्रकारका परिणाम दिने शक्ति कमजोर बन्दै गएको देखिनाले यसका पद्धतिगत कुरामा विचार पुयाउनु जरुरी छ ।

स्वास्थ्यका कुरा निबन्धबद्ध गर्दा लेखकले के अभिव्यक्त गर्न खोजेका छन् भने स्वास्थ्य भौतिक र आध्यात्मिक गरी दुई प्रकारको हुन्छ । आध्यात्मिक स्वास्थ्य भनेको आहार, योग, व्यायाम, आसन, प्राणायाम गरी तन्दुरुस्त रहनु हो भने भौतिक स्वास्थ्य भनेको शरीरमा कुनै पनि प्रकारको रोग लाग्न नदिनु हो । श्रवण, मनन, निदिध्यासन, त्याग, तपस्या, वैराग्य, साधु सेवा, सत्संग आदिबाट आध्यात्मिक स्वस्थता प्राप्त हुन्छ । आत्मचिन्तन, आत्मानुसन्धान, निर्गुण ब्रह्मको उपासना, संयमित जीवन, इन्द्रिय दमन, सात्त्विक भोजन जस्ता कुराबाट आध्यात्मिक स्वास्थ्य बलियो बनाउन सकिन्छ । यसैबाट ब्रह्मलाभ हुन्छ । पराशान्ति र पराविद्याको प्राप्तिका लागि उत्तम स्वास्थ्य चाहिन्छ । उज्यालो, सत्, आनन्द, अमरता र स्वस्थता भनेको सही अर्थमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभाव हो । शारीरिक रोग र सांसारिक रोग भन्नु नै अज्ञान हो र अज्ञान भन्नु नै भौतिक रोग हो ।

राष्ट्र भनेको आश्रय र धरातल हो । त्यसप्रति आस्था, सम्मान एवं सेवाभाव हुनु जरुरी छ । यसरी नै भाषासितको मोह हुनु पनि आवश्यक मानिन्छ । राष्ट्र बिर्सने, भाषा बिर्सने र आत्मपहिचान बिर्सने प्रवृत्तिले कहिल्यै कसैलाई पनि सन्तोष प्राप्त हुन सक्तैन । त्यसैले ज्ञानीहरू सन्तोष दिने खालका काममा संलग्न र सक्रिय हुन्छन् ।

उच्च बौद्धिक चेतना र दार्शनिक चिन्तनले युक्त निबन्धको यो सँगालो आध्यात्मिक ग्रन्थ नै हो । यसमा पनि लेखकका अन्य धेरै कृतिमा जस्तै वेदान्त दर्शनका विविध व्यावहारिक पक्षको निरूपण भएको छ ।

४.२.४२ गजेन्द्रमोक्ष

२०७२ अक्षय तृतीयाका दिन लोकार्पण गरिएको पुस्तक यो हो । गुप्त दान दिने एक जना विशिष्ट दानीको आर्थिक सहयोगमा स्वाध्याय परिवारले यो पुस्तक प्रकाशमा ल्याएको हो । श्रीमद्भागवत महापुराणमा वर्णित उपाख्यान अनुसार ग्राहको आक्रमणमा परी छटपटाएको हात्तीलाई भगवान् नारायणले बचाएको दृश्यमा आधृत हस्त निर्मित शंकर पौडेल र कमला थापाले आकार दिएको विशेष चित्र अंकित यस पुस्तकको आवरण पृष्ठको माथिल्लो भागमा **गजेन्द्रमोक्ष** तथा तल्लो भागमा **प्रा. शिवगोपाल रिसाल**को नाम राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा रचनाकारको रङ्गीन चित्र एवं प्रकाशित कृतिको विवरण सहित ISBN दिइएको छ । समर्पण पृष्ठमा यस कृतिका अनुवादकका मातापिताको रंगीन चित्र राखिएको छ । त्यस पछाडिको क्रममा **यो पनि उहाँकै इच्छा हो** भन्ने शीर्षकमा तिन पृष्ठको लेखकीय भूमिका प्रस्तुत गरिएको छ । विभिन्न पाठको विस्तार आवश्यक नभएकोले यसमा विषय सूची भने दिइएको छैन ।

७१ पृष्ठको डिमाई आकारमा उपयुक्त कागज, छपाइ र व्यवस्थापन भएको सुन्दर यो कृति श्रीमद्भागवत महापुराणको अष्टमस्कन्ध तृतीय अध्यायको अनुवाद हो । उक्त अध्यायका ३३ श्लोकलाई अनुवादकले १९८ श्लोकका साथै पछिल्लो अंशमा थप ६ समेत गरी जम्मा २०४ श्लोकमा रूपान्तर गरेका छन् । प्रत्येक श्लोकको मूल पाठ दिई त्यसको शब्दानुवाद, गद्यानुवाद, पद्यानुवाद र विवरण समेतको विस्तारमा भन्न खोजेका कुरा ज्यादै स्पष्ट हुने तरिकाले यसमा प्रस्तुत गरिएको छ । यस पुस्तकमा अनुवादक रूपान्तरकर्ता, शब्द विश्लेषक, गद्यकार, कवि, व्याख्याता र विषय निष्णात सर्जकका रूपमा देखिएका छन् । त्यसैले यसलाई अनुवाद मात्र नभनेर उक्त सबै पक्षको योग भन्नु नै उपयुक्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसालका हालसम्म प्रकाशित पछिल्लो कृति यो हो । यसमा पौराणिक वाङ्मयकै विशिष्ट उपाख्यानका रूपमा चर्चित एउटा कथालाई वर्ण्य विषय बनाइएको छ । श्रीमद्भागवत महापुराणमा त्यो कथा **गजेन्द्रमोक्ष** नामबाट प्रस्तुत गरिएकोले त्यसकै अनुवादमा आधृत यस कृतिको नाम पनि **गजेन्द्रमोक्ष** राखिएको छ । उक्त कथा यस्तो छ :

द्रविड देशमा कुनै बखत राज्य गर्ने पाण्ड्य वंशका राजा इन्द्रद्युम्न ध्यानमा लीन रहेका बखत उनलाई भेट्न आएका महर्षि अगस्त्यको उचित स्वागत सत्कार नभएको अनुभव गरी रिसाएर पशुले जस्तै आफूकहाँ आएका पाहुनाको पर्वाह नगर्ने व्यवहार देखाएकाले महर्षिले उनलाई हात्ती हुनु परोस् भन्ने श्राप दिए । फलस्वरूप ती राजा त्रिकूट पर्वतको वनमा हात्ती भएर रहन थाले ।

राजा इन्द्रद्युम्नले हात्ती हुनु परे जस्तै हूहू नाम गरेका एक जना गन्धर्व पत्नीका साथ जलक्रीडा गरी रहेका बखत देवल नामका एक जना ऋषि पनि सोही तलाउमा स्नान गर्न लागेका अवस्थामा जिस्केर गन्धर्वले खुट्टा तानेर ऋषिलाई तलाउको गहिराइमा पुऱ्याई दिए । उनले गरेको उच्छृङ्खल व्यवहारबाट रिसाएका ऋषिले ग्राहले गरे जस्तो व्यवहार गर्नेले ग्राह भएर जन्मनु परोस् भन्ने श्राप दिए । आफूले गरेको गल्ती स्वीकार गर्दै हूहूले माफी मागे । ऋषिले

दया गरेर तिनलाई श्राप मुक्तिको उपाय बताए । ऋषिले तिनलाई के सुनाए भने ग्राह बनेर पानीमा रहँदा कुनै बेला एउटा हात्ती पानी खान र नुहाउन तलाउमा आउने छ । त्यसका खुट्टा समातेर त्यसलाई तलाउमा तान्नू । त्यसले भगवान् नारायणको नाम स्मरण गर्दै आफूलाई बचाउनका निम्ति बनरोध गर्ने छ । त्यसको अनुरोध स्वीकार गरी भगवान् नारायण आउने छन् र तिमीबाट त्यसलाई छुटाउनका लागि तिमीमाथि सुदर्शन चक्र प्रहार गर्ने छन् । त्यसपछि तिमी श्रापबाट मुक्त हुने छौ ।

हूहू ग्राह बनेर वरुणको ऋतुमत् भन्ने बगैंचामा रहेको तलाउमा रहन थाले । ऋषिले भने झैं एक दिन एउटा गजेन्द्र अर्थात् हात्ती पानी खान र नुहाउन तलाउमा आयो । ग्राहले त्यसका खुट्टा समातेर त्यसलाई आफूतिर तान्यो । ग्राहको आक्रमणमा परी आफू कमजोर बन्दै गएको अनुभव गरी हात्तीले प्राण रक्षा गरी दिन भगवान् नारायणलाई सम्झ्यो । त्यसै बखत भगवान् प्रकट भए । उनले सुदर्शन चक्र प्रहार गरी ग्राहलाई मारेर हूहू र गजेन्द्र दुवैलाई श्राप मुक्त तुल्याए । ती दुवैको उद्धार भगवान्बाट भयो ।

वैदिक पौराणिक वाङ्मयमा उल्लिखित कथाहरूमा ससाना कुरामा रिसाएर ऋषि महर्षिहरूले श्राप दिने गरेको कुरा पर्याप्त मात्रामा प्रस्तुत गरिएको पाइन्छ । त्यसको अर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैको पनि साधना, तपस्या, त्याग, व्यवहार, क्रियाकलाप, अध्ययन। अनुसन्धान, प्रयोग, परीक्षण जस्ता रचनात्मक कार्यमा कुनै पनि प्रकारको बाधा व्यवधान पुऱ्याउनु हुँदैन भन्ने सन्देश प्रवाह गर्नु हो । प्रस्तुत कृतिमा बयान गरिएको कथाले पनि त्यही कुरा व्यक्त गर्न खोजेको हो । ईश्वर शरणागतका रक्षक, भक्त संरक्षक, संसार पालक र लोक उद्धारक महत्तम शक्ति भएकाले उनको भक्ति मनैदेखि गरिएमा जस्तोसुकै सङ्कटबाट मुक्ति पाइन्छ र तारण हुन्छ भन्ने कुरा पनि यस पुस्तकमा बताइएको छ । ॐकार प्रणवाक्षर हो । यसको जप, ध्यान, मननबाट विशिष्ट खालका सिद्धि हासिल गर्न सकिन्छ भन्ने विचार पनि यसमा प्रवाह गरिएको छ । ईश्वरले जहिले पनि लोकको कल्याण गर्ने काम गर्ने हुनाले उनका प्रति सदा भक्ति र आस्था भई रहनु पर्दछ भन्ने कुरालाई समेत यसमा निकै महत्त्व दिइएको छ ।

मूल पाठमा भनिएका कुराको रूपान्तर सरल, सहज र स्पष्ट नेपाली भाषामा व्यक्त गर्न सक्नु यस पुस्तकको विशेषता देखिन्छ । यसमा लेखकका विषयवस्तुभित्रका गूढ अर्थ सजिलैसित खोतल्ने खुबी, भावमा गतिशीलता, छन्दमा पकड, प्रस्तुतिमा प्राञ्जलता र अनुवाद कार्यमा प्रभुत्व जस्ता विविध कुरा प्रकट भएका छन् । प्रा. रिसालको उमेरको परिपक्वता, अनुभवको परिपक्वता, साधनाको परिपक्वता, ज्ञानको परिपक्वता र भित्री भाव पहिचान गर्ने परखको परिपक्वताको परिचय दिने कृति पनि यो हो । यसले लेखकको अभिरुचि, पौराणिक विषयप्रतिको मोह र पौरस्त्य वाङ्मयसितको लगाव जस्ता कुरा समेत बाहिर ल्याएको छ ।

४.२.४३ प्रकाशनोन्मुख केही कृति

केही समयमै प्रा. रिसालका **शिव-सन्देश** र **चित्तको चिकित्सा विज्ञान** नामक दुइटा कृति प्रकाशित हुने क्रममा छन् । यस्तै कति निबन्ध र थुप्रै कविताहरू पनि प्रकाशोन्मुख छन् । प्रकाशित नभएकाले तिनको परिचय र विश्लेषण बारे यहाँ उल्लेख गर्न सकिएको छैन ।

४.३ अध्यायगत निष्कर्ष

प्रा. रिसाल नेपाली साहित्यको इतिहासमा सदा स्थायी र विशिष्ट स्थान ओगट्न सफल हस्ताक्षर हुन् । गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाउन सक्ने मात्र नभएर तिनमा प्रभुत्व जमाउन सक्ने प्रतिभा यिनी देखिन्छन् । यिनले साहित्यका धेरैजसो विधामा कलम चलाए पनि यिनको आकर्षण र सफलता कविता र निबन्ध विधामा ज्यादा केन्द्रित रहेको पाइन्छ । जुनसुकै साहित्यकारको मेधा सशक्त रूपमा प्रकाशित गर्ने विधा पनि यिनै मानिन्छन् । विधा जो भए पनि विषय छनोटमा भने यिनलाई वेदान्त दर्शनले नै मोहनी लगाएको देखिन्छ । यिनी मूलतः वेदान्ती नै हुन् । यिनको वेदान्त आकर्षणलाई मुखरित तुल्याउने काम कविताले गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवसायगत जिम्मेवारी तथा संस्थागत संलग्नताका कारण केही भिन्न विषयमा कलम चलाउनु परे पनि यिनलाई त्यस्तो सिर्जना अधिक प्रिय लागेको देखिँदैन । जर्मन कवि गेटेले आफूलाई सबभन्दा ज्यादा मन परेको कृति महाकवि कालिदासको अभिज्ञानशाकुन्लत हो भने जस्तै प्रा. रिसाललाई वेदान्त र कविता भए सबै तिर्सना पूर्ण हुने स्थितिको जानकारी यिनका कृतिको प्रकृति र प्रस्तुतिले दिएको छ । सिर्जनशील स्वभावको निरन्तरताले यिनलाई क्रमशः सशक्त दार्शनिक र निष्णात कविको आसन दिलाएको देखिन्छ ।

❖ ❖ ❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौँ अध्याय

प्रा. शिवगोपाल रिसालको फुटकर रचना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं अध्याय

प्रा. शिवगोपाल रिसालको फुटकर रचना

प्रा. शिवगोपाल रिसालका फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित पाइन्छन् । यस अध्यायमा तिनको विवरण प्रस्तुत गरिएको छ । त्यसका निमित्त **प्रा. शिवगोपाल रिसालको सिर्जनशीलता, प्रा. शिवगोपाल रिसालका फुटकर रचना** र **अध्यायगत निष्कर्ष** उपशीर्षक दिइएको छ ।

५.१ प्रा. शिवगोपाल रिसालको सिर्जनशीलता

प्रा. शिवगोपाल रिसालमा सिर्जनशील पक्ष ज्यादै सशक्त रहेको देखिन्छ । यिनी हात बाँधेर बस्न सक्तैनन् । कुनै न कुनै रचनात्मक काममा सक्रिय भई रहनु यिनको स्वभाव हो । लगभग असी वर्षको उमेर पुग्न लागेको वर्तमान अवस्थामा पनि यिनी निरन्तर लेखनपठनमा सक्रिय रहँदै आएका छन् । सिर्जशनशीलता यिनको मुख्य विशेषता हो । यस कुराको प्रमाणका लागि यिनका प्रकाशित फुटकर रचना अघि सार्न सकिन्छ ।

५.२ प्रा. शिवगोपाल रिसालका फुटकर रचना

प्रा. रिसालका कविता, लेख, निबन्ध, समीक्षा, शुभकामना, भूमिका जस्ता फुटकर रचना कति छन् भन्ने विषयमा यिनलाई नै थाहा छैन । प्रकाशनका लागि रचनाको अपेक्षा गर्नेहरूलाई सकेसम्म रचना उपलब्ध गराउने तर प्रकाशित रचनाको भण्डारण व्यवस्थित गर्न नभ्याउने अवस्थाका कारण यस्तो भएको कुरा स्वयं प्रा. रिसाल बताउँछन् । कतिपय रचना प्रकाशन भएपछि प्राप्त नहुने स्थिति रहनु पनि अर्को कारण हो । यिनका उपलब्ध भएकै रचना पनि सयौंको संख्यामा छन् । तिनको सामान्य परिचय दिनका निमित्त यहाँ **प्रा. शिवगोपाल रिसालका लेख, प्रा. शिवगोपाल रिसालका कविता, प्रा. शिवगोपाल रिसालका भूमिका, प्रा. शिवगोपाल रिसालका सम्पादकीय, प्रा. शिवगोपाल रिसालका प्रकाशकीय, प्रा. शिवगोपाल रिसालको अनुवादकीय, प्रा. शिवगोपाल रिसालका पुस्तक परिचय, प्रा. शिवगोपाल रिसालका**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना, प्रा. शिवगोपाल रिसालका अन्तर्वार्ता र प्रा. शिवगोपाल रिसालका व्याख्यान समेत गरी विभिन्न थप शीर्षक राखिएको छ ।

५.२.१ प्रा. शिवगोपाल रिसालका लेख

विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रा. रिसालका लेखहरूको विवरण यस अंशमा राखिएको छ :

क्रम	ग्रन्थ/ग्रन्थकार/प्रकाशन वर्ष	शीर्षक
१.	*नेपाल*, मोनोग्राफ अन नेप्लिज कल्चर २०२४	ब्रिफ सर्भे अफ लिटरेचर (अङ्ग्रेजी भाषाको लेख)
२.	*प्रज्ञा*, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०२७ (वर्ष-१, अङ्क-१)	'आत्मानुसन्धानको सन्दर्भमा योग र ज्ञानको तुलनात्मक अध्ययन' ।
३.	*अनुसन्धान आदर्श*, शम्भुलाल प्रधान सरस्वती (प्रकाशक) २०२८	सुषुप्ति र तुरीय अवस्थाभित्र पार्थक्यको विश्लेषणपूर्वक विवेचन ।
४.	*नेपाल डाइजेस्ट*, ? २०२८	वेदान्त फिलोसोफी (अङ्ग्रेजी पत्रिकामा प्रकाशित लेख)
५.	*असीम संस्मरण ग्रन्थ*, नेपाली शिक्षा परिषद् २०३७	कहिल्यै बूढो नहुने गोपाल पाँडे 'असीम' ।
६.	*गरिमा*, साझा प्रकाशन २०४४	पाँच भेदको निराकरण ।
७.	*कृष्णप्रसाद पराजुली आस्थाका आयाम*, ? २०४६	म नमस्कार गर्छु ।
८.	*बाबुराम आचार्य स्मृतिग्रन्थ*, इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकी समारोह समिति २०४६	इतिहासका प्रथम अभिलेख : श्री बाबुराम आचार्य ।
९.	*झपट स्मृतिग्रन्थ*, झपट स्मृति प्रतिष्ठान, काठमाडौँ २०४९	'जन्मभूमि' भित्र कवि झपटलाई खोज्दा (समीक्षात्मक लेख) ।
१०.	*नेपाली साहित्य बाटिका* (कर्मवीर बद्रीविक्रम थापा विशेषाङ्क), नेपाल साहित्य मन्दिर, काठमाडौँ २०५०	बद्रीविक्रम थापा संक्षेपमा सबै थोक हुन् ।
११.	*उन्नयन*, अच्युतरमण अधिकारी (सम्पा) २०५०	श्रीकेशवराज पिंडाली : युगान्तकारी हास्यव्यंग्यकार (समीक्षात्मक लेख) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. *दीपशिखा,* स्व.वि.यु., त्रि.वि., पद्मकन्या ब. क्याम्पस २०५१ (पूर्णाङ्क-३)	'म र मेरो उद्देश्य' ।
१३. *नेपाली साहित्य बाटिका* (माधुरी भट्टराई विशेषाङ्क), नेपाल साहित्य मन्दिर, काठमाडौँ २०५१	श्रीमाधुरी रामायण : एक महान् उपलब्धि (समीक्षात्मक लेख) ।
१४. *अम्बिका स्मृतिग्रन्थ,* अम्बिका स्मृतिग्रन्थ प्रकाशन समिति, काठमाडौँ २०५२	श्रीअम्बिका गुरु अमर हुनुहुन्छ ।
१५. *कर्मयोगी बद्रीविक्रम थापा,* जीवनचन्द्र कोइराला (सम्पा) २०५२	वरिष्ठ प्रशासक, उत्कृष्ट समाजसेवी ।
१६. *एउटा अमर प्राज्ञ बालकृष्ण सम,* स्मृतिग्रन्थ २०५४	नेपालीमा एम.ए. खुलाउन समज्यूको योगदान ।
१७. *खप्तड बाबा स्मारिका,* खप्तड आश्रम प्रकाशन समिति २०५४	श्रीखप्तड बाबाका विषयमा केही श्रुति केही स्मृति ।
१८. *नेपाल ट्राभलर,* ? २०५४	सुप्रिम एमोङ अल (अङ्ग्रेजी भाषाको लेख) ।
१९. *नेपाल,* मोनोग्राफ अन नेप्लिज कल्चर २०५४ ?	अ ब्रिफ सर्भे अफ लिटरेचर (अङ्ग्रेजी भाषाको लेख) ।
२०. *पूर्णप्रसाद ब्राह्मण स्मृति ग्रन्थ,* जीवनचन्द्र कोइराला र हरि मन्जुश्री (सम्पादन) २०५४	स्व. पूर्णप्रसाद ब्राह्मण हिन्दूधर्मका एक प्रहरीका रूपमा ।
२१. *प्रा.चूडानाथ भट्टराय स्मारिका,* रामजीप्रसाद उपाध्याय पोखेल (सम्पादन) २०५४	सदा स्मरणीय अमर व्यक्तित्व : चूडाना भट्टराय ।
२२. *योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ,* योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ प्रकाशन समिति २०५४	योगी नरहरिनाथ : नेपाली गद्यपद्यका हजुर्बा ।
२३. *उन्नयन,* अच्युतरमण अधिकारी (सम्पा) २०५५ माघ, फागुन, चैत (पूर्णाङ्क-३०)	'शुभ र अशुभ वासनाको विवेचना' ।
२४. *इन्दिरा यात्रा,* शैलेन्दुप्रकाश नेपाल (सम्पा) २०५६	सङ्गीतसाधिकाका रूपमा इन्दिरा श्रेष्ठ ।
२५. *उन्नयन,* अच्युतरमण अधिकारी २०५६	श्रीमद्भगवद्गीता : एक अनुशीलन ।
२६. *खड्गमान मल्ल स्मृति ग्रन्थ,* खड्गप्राण स्मारक सांस्कृतिक गुठी, ललितपुर २०५६	'कृष्णाय वासुदेवाय' खड्गमान मल्लज्यूको पर्याय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७ *डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति ग्रन्थ*, डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिष्ठान २०५६ — 'सुदामा' अलिकति परिचय, अलिकति समीक्षा ।

२८. *जनक*, श्रीराजर्षि जनक स्मृति कोष २०५७ — अष्टावक्रगीता र जनक ।

२९. *प्रगति प्रवाह* (वर्ष-१, अङ्क-१), उद्यम संस्कार प्रवर्द्धन प्रतिष्ठान, ललितपुर २०५७ — अध्यात्ममा उत्प्रेरणाको आवश्यकता ।

३०. *श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व*, नरेन्द्रराज प्रसाईं (सम्पा) २०५७ — श्री ५ वीरेन्द्र र आध्यात्मिक जागरण ।

३१. *सत्सङ्ग स्मारिका*, सत्सङ्ग परिवार, जावलाखेल, ललितपुर २०५७ — चार प्रकारका भक्त ।

३२. स्वर्ण महोत्सव स्मारिका, पद्मकन्या बहुमुखी क्याम्पस २०५७ — पद्मकन्याको संस्मरणमा ।

३३. *स्वर्गद्वारी आश्रम*, प्रा.घटराज भट्टराई (सम्पादन र संकलन) २०५८ — स्वर्गद्वारी महाप्रभु र स्वर्गद्वारी आश्रम ।

३४. *खप्तड बाबा स्मारिका*, खप्तड आश्रम प्रकाशन समिति २०६० — श्रीखप्तड बाबा विभिन्न दृष्टिबाट ।

३५. *डा.डिल्लीराम तिमसिना स्मृतिग्रन्थ*, डा.डिल्लीराम तिमसिना स्मृतिग्रन्थ प्रकाशन समिति २०६० — 'गीतानुशीलन'को संक्षिप्त अनुशीलन गर्दा ।

३६. *ध्येय चिन्तन*, डा. विहारीलाल श्रेष्ठ स्मृति अङ्क २०६० — उनी अमर बनून् (स्मृति अङ्कको लेख) ।

३७. *श्री सिपा तीनघरे संस्कृत मा.वि.को स्मारिका*, श्री सिपा तीनघरे संस्कृत मा.वि. २०६० — मर्यादा पुरुषोत्तम श्रीराम ।

३८. *सत्य दर्पण (पूर्णाङ्क-३)*, कवीन्द्रप्रसाद पौड्याल, वैशाख २०६० — मनुष्य शरीरबाट परमात्म प्राप्ति ।

३९. *जनक* (वर्ष-४, अङ्क-४), श्रीराजर्षि जनक स्मृति कोष २०६१ — श्रीमद्भागवतमहापुराण र यसको प्रतिपाद्य विषय ।

४०. *सत्य दर्पण (पूर्णाङ्क-४)*, कवीन्द्रप्रसाद पौड्याल, वैशाख २०६१ — आत्मा मर्दैन, जगत् रहँदैन ।

४१. *समुदय* (वर्ष-१२, पूर्णाङ्क-४७), कुलशेखर शर्मा र अन्य (सम्पादन), गीता समुदय प्रकाशन, काठमाडौं २०६१ — स्वास्थ्यका लागि शाकाहारी भोजनको महत्त्व ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४२. *अनन्त धारा* (वर्ष-१, अङ्क-३), दुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, २०६२ मङ्सिर — कल्याणको मार्ग ।

४३. *अनन्त धारा* (वर्ष-१, अङ्क-३), दुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, भवन संरक्षण — गैडु पूर्णिमा ।

४४. *अनन्त धारा* (वर्ष-१, अङ्क-६), दुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर २०६२ फागुन — शिवलिङ्गरहस्य ।

४५. *ध्येय चिन्तन* (वर्ष-१९, अङ्क-१४), चिन्तामणि योगी, श्रीओम श्रेष्ठ र 'रोदन' र गणेशप्रसाद मिश्र (सम्पा) २०६२ — अद्वैत वेदान्त दर्शन : सार संक्षेप ।

४६. *नेपाली* (त्रैमासिक, १८५), मदन पुरस्कार गुठी २०६२ — वैदिक कालदेखिको पुरस्कार परम्परा ।

४७. *प्रतिबोध*, वंशीधर श्रीकृष्ण मन्दिर चण्डोलको स्मारिका २०६२सत्सङ्ग ।

४८. *प्रा.रामचन्द्र पौडेल स्मृतिग्रन्थ*, प्रा.रामचन्द्र पौडेल स्मृतिग्रन्थ प्रकाशन समिति, काठमाडौं २०६२ — अब फेरि चौरासीका चक्करमा नपरौं ।

४९. *प्राज्ञिक व्यक्तित्व : हरिराम जोशी*, बद्रीलाल श्रेष्ठ २०६२ — हरि र राम हरिरामको सम्झना र अभिनन्दन ।

५०. *श्रीहासापोता गणेश स्मारिका*, श्रीहासापोता गणेश धार्मिक व्यवस्था समिति, ललितपुर, २०६२ — गणपत्युपनिषद् (अनुवाद र व्याख्या) ।

५१. *सत्य दर्पण* (पूर्णाङ्क-५), कवीन्द्रप्रसाद पौड्याल (सम्पा) २०६२ — कर्मको कर्ता को हो ? ।

५२. *अनन्त धारा* (वर्ष-१, अङ्क-३), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), दुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ, पालुन, चैत्र २०६३ — कल्याणको मार्ग ।

५३. *समाजसेवी सगुन शाह : जीवनी र व्यक्तित्व*, श्रीराम 'उदासी' (सम्पा) २०६२ — समाजसेवाको दर्शन र समाजसेवी सगुन शाह ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५४. *गरिमा,* साझा प्रकाशन, ललितपुर २०६३	अध्यात्म चिन्तन ।
५५. *गुरुआमा-स्मृतिग्रन्थ,* अद्वैत संस्था, नेपाल २०६३	गुरुआमा ।
५६. *ग्लोबल डाइनेस्ट* (द्वै मासिक), मीनप्रसाद भट्ट (सम्पा) २०६३	साधारण देखिने असाधारण महापुरुष श्रीखप्तडबाबा ।
५७. *चम्पक* (मासिक पत्रिका, दशैं विशेष), मधुसूदन पौडेल (सम्पा) २०६३	ब्रह्मस्वरूपिणी देवी महाकाली, महालक्ष्मी र महासरस्वती ।
५८. *चम्पक* (मासिक पत्रिका), मधुसूदन पौडेल (सम्पा) २०६३	स्वास्थ्यका लागि शाकाहारी भोजनको महत्त्व ।
५९. *समुदय* (वर्ष-१४, पूर्णाङ्क-५३), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६३	वैदिक परम्परामा शान्तिको चाहना ।
६०. *समुदय* (वर्ष-१४, पूर्णाङ्क-५४), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६३	गीतोक्त ज्ञानसाधन ।
६१. *समुदय* (वर्ष-१४, पूर्णाङ्क-५५), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६३	अनन्य भक्ति ।
६२. *साङ्ग्रिला घाटीको केही तथ्य र आप्त वाक्य,* सुश्री अम्बिका पाण्डे २०६३	आध्यात्मिक प्रसाद ।
६३. *जनक,* श्रीराजर्षि जनक स्मृति कोष २०६४	सुषुप्ति : एक अनुभव ।
६४. *ब्रिलियन्ट दर्पण,* ब्रिलियन्ट विद्यालयको स्मारिका २०६४	ज्ञानका लागि शिक्षा ।
६५. *रामेश्वर अर्ज्याल स्मृतिग्रन्थ,* रामेश्वर इन्द्रछाया कल्याण कोष, काठमाडौं २०६४	आध्यात्मिक व्यक्तित्वको संस्मरण ।
६६. *समुदय* (वर्ष-१४, पूर्णाङ्क-५६), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६४	सत्य र मिथ्याको निरूपण ।
६७. *समुदय* (वर्ष-१५, पूर्णाङ्क-५७), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६४	ब्रह्मज्ञानको सोपानक्रम ।
६८. *समुदय* (वर्ष-१५, पूर्णाङ्क-५८), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६४	गीताअनुसारको बुद्धियोग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६९.	*समुदय* (वर्ष-१५, पूर्णाङ्क-५९), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६४	सर्वविस्मरणयोग ।
७०.	*अनन्त धारा* (वर्ष-२, अङ्क-८), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, वैशाख, जेठ, आषाढ २०६५	वैदिक संस्कृतिमा 'त्रि' (तीन) को महत्त्व ।
७१.	*अनन्त धारा* (वर्ष-३, अङ्क-१०), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६५	म ।
७२.	*गौरी* (वर्ष-३, अङ्क-८, पूर्णाङ्क-३०), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६५	अद्वैत तत्त्व ।
७३.	*तीर्थराज आचार्य स्मृति ग्रन्थ*, ? २०६५	आध्यात्मिक व्यक्तित्व तीर्थराज आचार्य ।
७४.	*ध्येय चिन्तन* (वर्ष-२१, अङ्क-१६), चिन्तामणि योगी र ज्ञानेन्द्र विवश (सम्पा) २०६५	शिवतत्व सगुण एवं निर्गुण रूपमा ।
७५.	*ब्रह्मचिन्तन*, श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल स्मारिका २०६५	ब्रह्मचिन्तन
७६.	*समुदय* (वर्ष-१५, पूर्णाङ्क-६०), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६५	स्वाध्यायमा प्रमाद नगर्नू ।
७७.	*समुदय* (वर्ष-१६, पूर्णाङ्क-६१), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६५	वेदान्तको विवर्तवाद ।
७८.	*समुदय* (वर्ष-१६, पूर्णाङ्क-६२), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६५	वृत्तिव्याप्ति र फलव्याप्ति ।
७९.	*समुदय* (वर्ष-१६, पूर्णाङ्क-६३), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६५	आत्मा र अनात्माको विवेक ।
८०.	*सिसार* (अङ्क-७), ज्ञाननिष्ठ ज्ञवाली (सम्पा) २०६५	मार्मिक प्रश्नका मार्मिक उत्तरहरू ।
८१.	*स्व.पं.ज्ञानहरि पण्डित*, स्व.पं.ज्ञानहरि पण्डित स्मृतिग्रन्थ प्रकाशन समिति २०६५	श्रीज्ञानहरि पण्डितलाई ज्ञानदृष्टिले हेर्दा ।
८२.	*अनन्त धारा* (वर्ष-३, अङ्क-१२), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, वैशाख, ज्येष्ठ, आषाढ २०६६	प्रलय के हो र कति प्रकारका छन् ? ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८३. *अनन्त धारा* (वर्ष-४, अङ्क-१३), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, साउन, भदौ, असौज २०६६ — अनुभव र अनुवाद ।

८४. *अनन्त धारा* (वर्ष-४, अङ्क-१४), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६६ — भ्रमज्ञान ।

८५. *अनन्त धारा* (वर्ष-४, अङ्क-१५), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ, फागुन, चैत्र २०६६ — वर्तमानकाल ।

८६. *कुसुन्ती स्मारिका,* कुसुन्ती युवा क्लब, ललितपुर २०६६ — आध्यात्मिक ज्ञान : युवालाई वरदान ।

८७. *गौरी* (वर्ष-४, अङ्क-१०), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं, असार २०६६ — मदेखि मसम्म ।

८८. *प्रा.हरिश्चन्द्र न्यौपाने,* स्मृतिग्रन्थ २०६६ — श्री हरिश्चन्द्र गुरुमा शब्द-श्रद्धाञ्जलि

८९. *समुदय* (वर्ष-१६, पूर्णाङ्क-६४), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६६ — श्रीमद्भगवद्गीताले दिने शान्ति ।

९०. *समुदय* (वर्ष-१७, पूर्णाङ्क-६५), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६६ — दुःख ।

९१. *समुदय* (वर्ष-१७, पूर्णाङ्क-६६), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६६ — संसार कस्तो छ ? ।

९२. *समुदय* (वर्ष-१७, पूर्णाङ्क-६७), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६६ — अद्वैत वेदान्तको अनिर्वचनीय ख्याति ।

९३. *हिन्दुधर्म,* कालिका साधनाश्रम नेपाल २०६६ ? — धर्मको लक्ष्य हो मोक्ष ।

९४. *अनन्त धारा* (वर्ष-४, अङ्क-१६), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, वैशाख, ज्येष्ठ, आषाढ २०६७ — ज्ञान र विज्ञान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९५. *अनन्त धारा* (वर्ष-५, अङ्क-१७), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, श्रावण, भाद्र, आश्विन २०६७	चरित्र हाम्रो सर्वस्व ।
९६. *अनन्त धारा* (वर्ष-५, अङ्क-१८), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६७	ॐ शिव (व्यापक अर्थमा) ।
९७. *अनन्त धारा* (वर्ष-५, अङ्क-१९), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ, पालगुन, चैत २०६७	प्रयाणकाल ।
९८. *गौरी* (वर्ष-६, अङ्क-४, पूर्णाङ्क-५८), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६७	उपनिषद् सिद्धान्त हो अद्वैत ।
९९. *जनक*, श्रीराजर्षिजनकस्मृतिकोष २०६७	चिन्तारहित स्थिति ।
१००. *डा.हरिभक्त नेउपाने अभिनन्दन ग्रन्थ*, डा.हरिभक्त नेउपाने अभिनन्दन ग्रन्थ प्रकाशन समिति, काठमाडौं २०६७	वेदान्ताचार्य डा.हरिभक्त नेउपानेज्यूमा अभिनन्दन एवं अभिवादन ।
१०१. *समुदय* (वर्ष-१७, पूर्णाङ्क-६८), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६७	अक्षर त ब्रह्म नै हो ।
१०२. *समुदय* (वर्ष-१८, पूर्णाङ्क-६९), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६७	आत्मदर्शन ।
१०३. *समुदय* (वर्ष-१८, पूर्णाङ्क-७०), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६७	स्मृतियोग ।
१०४. *समुदय* (वर्ष-१८, पूर्णाङ्क-७१), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६७	नमर्ने कुरा ।
१०५. *स्मारिका*, नेपाल ज्येष्ठ-जन समाज, काठमाडौं २०६७	वृद्धावस्था वरदान हो अभिशाप होइन
१०६. *अनन्त धारा* (वर्ष-५, अङ्क-२०), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, वैशाख, ज्येष्ठ, आषाढ २०६८	म र महरूको पसारो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०७. *अनन्त धारा* (वर्ष-६, अङ्क-२१), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, श्रावण, भाद्र, आश्विन २०६८ — सत्यकाम जाबाल ।

१०८. *अनन्त धारा* (वर्ष-६, अङ्क-२२), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६८ — श्रीमद्‌भगवद्‌गीतामा उल्लेख भएअनुसार कर्म, विकर्म र अकर्म ।

१०९. *अनन्तधारा* (वर्ष-६, अङ्क-२३), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ, फागुन, चैत्र २०६८, — विषयान् विषवत् त्यज ।

११०. *खप्तड*, भक्तबहादुर खड्का (सम्पादन), काठमाडौँ २०६७ — श्रीखप्तड बाबा : प्रेरणाका स्रोत ।

१११. *गौरी* (वर्ष-६, अङ्क-११, पूर्णाङ्क-६५), आध्यात्मिक मासिक पत्रिका, काठमाडौँ २०६८ — मर्यादा पुरुषोत्तम श्रीराम ।

११२. *गौरी* (वर्ष-७, अङ्क-५, पूर्णाङ्क-७१), आध्यात्मिक मासिक पत्रिका, काठमाडौँ २०६८ — सुखका खोजमा ।

११३. *जनक* (वर्ष-९, अङ्क-९), शरदकुमार भट्टराई (प्रधान सम्पादक), २०६८ — ज्ञान र ज्ञानीका लक्षणहरू ।

११४. *साँचो जीवन* (वर्ष-२, दशैं विशेषाङ्क), नानु बराल र अन्य (सम्पादक), २०६८ — कस्तो जीवन बाँच्ने ? ।

११५. *शिक्षा र संस्कृति* (वर्ष-१, अङ्क-३), सुवर्णराम जोशी (सम्पा) — शिक्षाको उद्देश्य के हो ? ।

११६. *श्रुतिसौरभ*, नेपाल महर्षि वैदिक फाउण्डेसन, काठमाडौँ २०६८ — शिवतत्त्वमहिमा ।

११७. *सत्सङ्ग* (आध्यात्मिक पत्रिका), श्रीधर पौडेल (सम्पा) २०६८ — सत्सङ्ग : एक समीक्षा ।

११८. *समुदय* (वर्ष-१८, पूर्णाङ्क-७२), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६८ — के लेख्ने ? के लेख्ने ? : के नलेख्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११९. *समुदय* (वर्ष-१९, पूर्णाङ्क-७३-७६), गीता समुदय प्रकाशन, जाउलाखेल, ललितपुर २०६८/२०६९	को सुखी ? को दुःखी ? ।
१२०. *साँचो जीवन* (दशौं विशेषाङ्क), सर्वोत्कृष्ट जीवन : शाश्वत चिन्तन, काठमाडौं २०६८	कस्तो जीवन बाँच्ने ? ।
१२१. *अनन्तधारा* (वर्ष-६, अङ्क-२४), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, वैशाख, ज्येष्ठ, आषाढ २०६९,	सन्धिसंग सन्धि गर्दा ।
१२२. *अनन्तधारा* (वर्ष-७, अङ्क-२५), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, श्रावण, भाद्र, आश्विन २०६९,	साधु-सन्तको महिमा ।
१२३. *अनन्तधारा* (वर्ष-७, अङ्क-२६), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६९,	मजस्तै म ।
१२४. *अनन्तधारा* (वर्ष-७, अङ्क-२७), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ, फागुन, चैत्र २०६९,	ज्ञान र विज्ञानमा अन्तर ।
१२५. *गौरी* (वर्ष-७, अङ्क-९, पूर्णाङ्क-७५), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), जेठ २०६९	क्रोध : नरकको द्वार ।
१२६. *गौरी* (वर्ष-७, अङ्क-१०, पूर्णाङ्क-७६), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), असार २०६९	काम : नरकको द्वार ।
१२७. *गौरी* (वर्ष-७, अङ्क-११, पूर्णाङ्क-७७), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), साउन २०६९	लोभ : नरकको द्वार ।
१२८. *गौरी* (पूर्णाङ्क-७८), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), भदौ २०६९	मोह ।
१२९. *गौरी* (पूर्णाङ्क-७९), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), असौज २०६९	हाम्रा आन्तरिक शत्रुहरू-मद र मात्सर्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३०. *गौरी* (पूर्णाङ्क-८०), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), कार्तिक २०६९	दृष्टिकोण ।
१३१. *गौरी* (पूर्णाङ्क-८२), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), पुस २०६९	रोग नलाग्दैमा ।
१३२. *गौरी* (वर्ष-८, अङ्क-७, पूर्णाङ्क-८५), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), चैत २०६९	कहाँबाट आएको ? कहाँ जाने ? ।
१३३. *जनक* (वर्ष-१०, अङ्क-१०), शरदकुमार भट्टराई (प्रधान सम्पादक), २०६९	व्यापक दृष्टिमा ज्ञान ।
१३४. *अनन्तधारा* (वर्ष-७, अङ्क-२८), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), वैशाख, ज्येष्ठ, आषाढ २०७०,	आध्यात्मिक दर्शनको प्रतिपाद्य विषय ।
१३५. *गौरी* (वर्ष-८, अङ्क-१०, पूर्णाङ्क-८८), अर्जुन लामिछाने (प्रकाशक, सम्पादक), साउन २०७०,	प्राप्ति र तृप्तिमा अन्तर ।
१३६. *पशुबलि निषेध चेतना*, डा.गोविन्द टण्डन (सम्पादन), पशुबलि निषेध चेतना अभियान, २०६९,	स्वास्थ्यका लागि शाकाहारी भोजन ।
१३७. *समुदय* (वर्ष-२०, पूर्णाङ्क-७७,), डा.गोविन्द टण्डन र अन्य (सम्पादक), गीता समुदय प्रकाशन, काठमाडौं चैत्र २०६९,	श्रीमद्भगवद्गीतामा अहंकार ।
१३८. *निहारिका* (रजत स्मारिका), मन बस्नेत (सम्पादन), निहारिका शिशु कुञ्ज, बालाजु, काठमाडौं २०७०,	हाम्रो शिक्षा ।
१३९. *विद्वत्केशरी जगन्नाथ शर्मा त्रिपाठी :आयाम अनेक*, प्रा.डा.सुधा त्रिपाठी र कुमार त्रिपाठी, जगन्नाथ शर्मा त्रिपाठी अभिनन्दन तथा ग्रन्थ प्रकाशन समिति काठमाडौं : २०६९ चैत	श्रीजगन्नाथ शर्मा त्रिपाठीलाई दार्शनिक दृष्टिले हेर्दा ।

५.२.२ प्रा. शिवगोपाल रिसालका कविता

विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रा. रिसालका कविताहरूको विवरण यस अंशमा राखिएको छ :

१. *दीपशिखा*, पद्मकन्या बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन २०५५	मेरो नाङ्गो दर्शन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. *दीपशिखा*, पद्मकन्या बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन २०५७ — घाम नछेक
३. *प्रणव आशिष* (वर्ष-३, पूर्णाङ्क-११, त्रैमासिक), डा.काशीराज उपाध्याय (सम्पा) २०६० — हिजो र आज ।
४. *अनन्त धारा* (वर्ष-१, अङ्क-१), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन),ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, असौज २०६२ — आमाको स्नेह ।
५. *अनन्त धारा* (वर्ष-१, अङ्क-२), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक २०६२ — ब्रह्मदृष्टि ।
६. *अनन्त धारा* (वर्ष-१, अङ्क-४), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, पुस २०६२ — तिमी को हौ ? ।
७. *अनन्त धारा* (वर्ष-१, अङ्क-५), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ २०६२ — आफू ।
८. *अनन्त धारा* (वर्ष-१, अङ्क-११), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, साउन र भदौ २०६३ — दुःखको अवसान भो ।
९. *अनन्त धारा* (वर्ष-२, अङ्क-१ र २), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, असौज र कार्त्तिक, २०६३ — वैराग्य पञ्चक ।
१०. *अनन्त धारा* (वर्ष-१, अङ्क-४), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, वैशाख, ज्येष्ठ, आषाढ २०६४ — सदुपदेश ।
११. *अनन्त धारा* (वर्ष-२, अङ्क-५), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, श्रावण, भाद्र, आश्विन २०६४ — आज ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. *अनन्त धारा* (वर्ष-२, अङ्क-६), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६४ — मरे ।

१३. *अनन्त धारा* (वर्ष-२, अङ्क-७), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, माघ, फाल्गुन, चैत्र २०६४
मलाई बोलायो ।

१४. *अनन्त धारा* (वर्ष-३, अङ्क-४), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मंसिर, पौष २०६४ — सदुपदेश ।

१५. *गौरी* (वर्ष-२, अङ्क-१०), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६४ — शिव-विवाह ।

१६. *सत्य दर्पण* (पूर्णाङ्क-७), कवीन्द्रप्रसाद पौड्याल (सम्पा) २०६४ — नव संक्षिप्त प्रश्नोत्तरी ।

१७. श्री १००८ आचार्य महामण्डलेश्वर पुण्यानन्द गिरिजी महाराजमा शब्द पुष्पाञ्जली समर्पण ६७ वटा शास्त्रीय — विविध छन्दका कविता ।

१८. *अनन्त धारा* (वर्ष-३, अङ्क-९), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर २०६५ — खेल ।

१९. *अनन्त धारा* (वर्ष-३, अङ्क-१०), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, २०६५ — म ।

२०. *अनन्त धारा* (वर्ष-३, अङ्क-११), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर २०६५ — ईश्वर आजै खोजे हुन्छ ।

२१. *अनन्त धारा* (वर्ष-४, अङ्क-१ र २, पूर्णाङ्क-३३), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, ललितपुर २०६५ असौज र कार्त्तिक — गीताष्टक ।

२२. *अनन्त धारा* (वर्ष-५, अङ्क-६, पूर्णाङ्क-४८), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर २०६६ फागुन — शिवतत्त्व ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३.	*गौरी* (वर्ष-५, अङ्क-४, पूर्णाङ्क-४६), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६६	मुक्ति त स्वीकृति हो ।
२४.	*अनुभूति*, महेश छात्र परिषद्, काठमाडौं २०६७	सुषुप्ति षोडशी ।
२५.	*गौरी* (वर्ष-५, अङ्क-११, पूर्णाङ्क-५३), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६७	बुझेरै म भएँ ब्रह्म ।
२६.	*वैजयन्ती* (खोजपूर्ण साहित्यिक पत्रिका अङ्क-८), ठाकुर शर्मा (सम्पादन), काठमाडौं २०६७	सत्यको मार्ग ।
२७.	*गौरी* (वर्ष-७, अङ्क-१, पूर्णाङ्क-६७), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६८	शारदी पूर्णिमा ।
२८.	*गौरी* (वर्ष-७, अङ्क-३, पूर्णाङ्क-६९), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६८	मिथिलेशकी किशोरी ।
२९.	*गौरी* (वर्ष-७, अङ्क-७, पूर्णाङ्क-७३), आध्यात्मिक मासिक पत्रिका, काठमाडौं २०६८	काल बडो चमत्कारी ।
३०.	*जूनतारा* (वर्ष-१, अङ्क-४), प्रा.डा.सुषमा आचार्य (प्रधान सम्पादक), माघ-चैत २०६९	तिमी जून, तिमी तारा ।

५.२.३ प्रा. शिवगोपाल रिसालका भूमिका

विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रा. रिसालका भूमिकाहरूको विवरण यस अंशमा राखिएको छ :

क्रम	ग्रन्थ/ग्रन्थकार/प्रकाशन वर्ष	शीर्षक
१.	*नवीन कविता-संग्रह*, रमेशप्रसाद उपाध्याय भट्टराई २०१९	मलाई यस्तै लाग्यो (कविता सङ्ग्रहको भूमिका) ।
२.	*प्रतीक्षा*, दुर्गामान सिंह 'ह्युमत' २०१९	किन ? (खण्डकाव्यको भूमिका) ।
३.	*अभिनय दर्पण*, प्रा. मृगेन्द्रमानसिंह प्रधान २०३३	आत्म सम्मति (अभिनयकलाको कृतिको भूमिका) ।
४.	*डा.क्षितीशचन्द्र चक्रवर्तीको जीवनी*, गङ्गाप्रसाद श्रेष्ठ २०३४	तस्मै श्रीगुरवे नमः (जीवनीको भूमिका) ।
५.	*वेद-पुराणका कथाहरू*, रामराज पौड्याल २०३४	न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. *नेपालका केही यात्रा र मेला,* पुण्यरत्न बज्राचार्य २०४१	यात्रा (जात्रा) हेर्दै जाँदा..।
७. *समाजनीति,* बैकुण्ठप्रसाद लाकौल २०४३	वेद त ज्ञान हो (दार्शनिक कृतिको भूमिका) ।
८. *जिन्दगी : एक प्रश्नचिह्न,* सबिना श्रेष्ठ 'स्मृति' २०४४	जिन्दगी : एक प्रश्नचिह्न हेर्दा (कविता सङ्ग्रहको भूमिका) ।
९. *प्रश्नचिह्नदेखि पूर्णविरामसम्म,* सृजना श्रेष्ठ २०४५	सृजनाका सिर्जनाहरूलाई (कविता सङ्ग्रहको भूमिका) ।
१०. *आलोक अन्तःकरणको,* गुलाब खेतान २०४६	साधुकामना (कथा सङ्ग्रहकको भूमिका) ।
११. *इला,* सूब सेन २०४६	काव्य सन्तानले डांडा कांडा ढाकून् (काव्यको भूमिका)
१२. *अर्थ-वाणिज्य शब्दकोश,* नानीबाबा रिसाल २०४७	उपयोगी शब्दकोश ।
१३. *तेस्रो नेत्र : योगसाधना,* जनार्दन ढुङ्गाना २०४७	श्री परमात्मासँग प्रार्थना ।
१४. *सूक्तिसञ्चय,* हेमचन्द्र पोखरेल २०४७	मन्तव्य (सूक्तिसङ्कलनको भूमिका) ।
१५. *ईशावास्योपनिषद्,* बैकुण्ठप्रसाद लाकौल २०४८	आत्म-निवेदन (दार्शनिक कृतिको भूमिका) ।
१६. *'भजन-भारती' को भावपूर्ण आरती,* स्मृतिग्रन्थ २०४९	प्राक्कथन ।
१७. *मोतीराम परिक्रमा,* रमा शर्मा २०५०	'परिक्रमाभित्र परिक्रमा गर्दा' (समालोचना भूमिका) ।
१८. *अष्टावक्रगीता,* वासुदेवप्रसाद अधिकारी (अनु) २०५०	परिचय (भावानुवादको भूमिका) ।
१९. *बलात्कृत धरती,* मनोजकुमार निःसंग २०५०	उज्ज्वल भविष्यको शुभ-कामना (कविता सङ्ग्रहको भूमिका) ।
२०. *आमाको संझना,* वासुदेवप्रसाद अधिकारी २०५१	'आमाको संझना' को संझनामा (कविता सङ्ग्रहको भूमिका) ।
२१. *फूलको बिलौना,* श्याम मलेकू २०५१	मन्तव्य (भक्तिगीतको भूमिका) ।
२२. *वेदान्त : एक अनुभव,* फणीन्द्रनाथ पौडेल २०५१	श्रीफणीन्द्रनाथ पौडेल : व्यक्तित्व र कृतित्व (दार्शनिक पुस्तकको भूमिका) ।
२३. *प्रेरणा,* माधवराज खनाल २०५२	गन्तव्य नै मन्तव्य (पारिवारिक इतिहासको भूमिका) ।
२४. *नेपाली भाषाको ऐतिहासिक मीमांसा,* पूर्णप्रकाश नेपाल 'यात्री' २०५३	मन्तव्य (भाषिक इतिहासको भूमिका) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. *प्रभु-दर्शन,* माधुरी भट्टराई २०५३ — 'प्रभु-दर्शन' को दर्शन गर्दा (कविता सङ्ग्रहको भूमिका) ।

२६. *उपनिषत्प्रसंग* (भाषान्तरण), वसन्तकुमार शर्म्मा 'नेपाल' २०५४ — वसन्तोत्सवमा फुलेका उपनिषद्का फूलहरू

२७. *तिवारी नाट्य-साहित्यको विश्लेषणात्मक अध्ययन,* तिवारी अध्ययन प्रतिष्ठान २०५४ — भीमनिधि एकांकी नाटककार भीमनिधि तिवारी र उनको एकांकी बिसे नगर्ची (समीक्षा) ।

२८. *गरिमा,* साझा प्रकाशन, ललितपुर २०५४ पौष — 'श्रीखप्तड बाबा' अध्यात्म काव्यको वैचारिक धरातल (पुस्तक परिचय) ।

२९. *दीपशिखा,* पद्मकन्या बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन २०५५ — मेरो नाङ्गो दर्शन ।

३०. *भूपाल अर्चना,* नरेन्द्रराज प्रसाईं २०५५ — भूपालका दानले (शुभकामना कविता) ।

३१. *अध्यात्म-यात्रा,* अनन्तगोपाल रिसाल २०५६ — के भन्ने ? (कविता सङ्ग्रहको भूमिका र शुभकामना) ।

३२. *आत्मदर्शन,* पं.रामेश्वर भट्टराई २०५६ — रामेश्वराष्टकम् (शुभकामना) ।

३३. *भक्ति सँगालो,* गङ्गाप्रसाद श्रेष्ठ २०५६ — भक्ति सँगालोलाई अँगालो हाल्दा (भक्तिगीत सङ्ग्रहको भूमिका) ।

३४. *अवधूतगीता,* कोमलदत्त तिवारी २०५७ — मन्तव्य (अनुवाद तथा भाष्यको भूमिका) ।

३५. *उपनिषत्प्रसंग-२* (भाषान्तरण), वसन्तकुमार शर्म्मा 'नेपाल' २०५४ — साधनामा निरन्तरता आइरहोस् ।

३६. *नमः शिवाय,* वासु रिमाल 'यात्री' २०५८ — शिवार्चन (पद्यमा भूमिका) ।

३७. *अध्यात्म-अभियान,* वासुदेवप्रसाद अधिकारी २०५९ — अभियान सफल बनोस् (दार्शनिक कृतिको भूमिका) ।

३८. *दृग्दृश्य-विवेक,* कोमलदत्त तिवारी २०५९ — श्रीपरमात्माको कृपा प्राप्त भइरहोस्

३९. *ब्रह्मचर्य-विज्ञान,* रवीन्द्रप्रसाद प्रधान २०५९ — सत्यदेखि मोक्षसम्म ।

४०. *सगरपुर,* शेखरकुमार श्रेष्ठ २०५९ — भविष्य उज्यालो छ (लघुकथासङ्ग्रहको भूमिका) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४१.	*अष्टावक्रगीता*, कोमलदत्त तिवारी (अनु) २०६०	शिवमस्तु ।
४२.	*रिसाल वंशावली*, प्रा.शिवगोपाल रिसाल (सम्पा) २०६०	यस वंशावलीका सम्बन्धमा ।
४३.	*गीता मञ्जरी*, नारायणदत्त शास्त्री, २०६१	उपोद्‌घात ।
४४.	*वेदस्तुति*, डा.स्वामी रामानन्द गिरि, २०६१	भूमिका ।
४५.	*वेदान्त विश्वकोश* (स्वर वर्ण मात्र), वासु रिमाल 'यात्री', २०६१	वेद-वेदान्तानुसन्धान ।
४६.	*स्तोत्रसार-संग्रह*, कोमलदत्त तिवारी २०६१	'स्तोत्रसार-संग्रह'अध्ययन गर्दा ।
४७.	*आत्मवाणी*, नरेन्द्रकेशरी पौड्याल २०६२	मन्तव्य ।
४८.	*एकताका महानायक*, कञ्चन पुडासैनी २०६२	मेरो राष्ट्र बने म बन्छु (पद्यमा भूमिका) ।
४९.	*खप्तड सूक्ति*, स्वामी शशिभास्करम् 'निःसङ्ग' २०६२	आध्यात्मिक शान्ति प्राप्त होस् (सूक्तिसङ्ग्रहको भूमिका) ।
५०.	*भजन सङ्ग्रह*, गोपाल पाँडे 'असीम' २०६२	भजनका इतिहासमा गोपाल पाँडेज्यूको नाम (भजन सङ्ग्रहको भूमिका) ।
५१.	*भाव-सरिता*, चारुशीला मिश्र २०६२	प्रार्थना (कविता सङ्ग्रहको भूमिका) ।
५२.	*वेदपुराणका केही रत्नहरू*, डा.वीणा पौड्याल २०६२	यो पनि एक रत्न नै हो (संस्कृतिको पुस्तकको भूमिका)
५३.	*अध्यात्मकुसुमाञ्जलि*, वासुदेवप्रसाद अधिकारी २०६३	अखण्ड शान्ति प्राप्त होस् (कविता सङ्ग्रहको भूमिका)
५४.	*अन्तर्द्वन्द्व*, हरिकला अधिकारी २०६३	अन्तर्द्वन्द्व पढेपछि (कविता सङ्ग्रहको भूमिका) ।
५५.	*अष्टावक्रगीता*, अरुणकुमार उपाध्याय (अनु.) २०६३	शुभ-कामना प्रार्थना (अनुवादको भूमिका) ।
५६.	*क क न न (अर्को)*, कमलमणि दीक्षित २०६३	भगवन्नामस्मरण क क न न का माध्यमबाट
५७.	*श्रीमद्‌भगवद्‌गीता* (नेपाली अनुवाद), मीनाकुमारी रिसाल २०६३	भूमिका
५८.	*क्रान्तिवीर*, रामशरण न्यौपाने २०६४	मान्छेभित्रै ईश्वर छ (कविता सङ्ग्रहको भूमिका) ।
५९.	*गद्यमहाभारत*, वसन्तकुमार शर्म्मा 'नेपाल' २०६४	'गद्यमहाभारत' भित्र पसेर निस्कँदा
६०.	*गुरुदेखि सद्‌गुरुसम्म*, अम्बिका पाण्डे २०६४	'गुरुदेखि सद्‌गुरुसम्म' पढेपछि (दार्शनिक कृतिको भूमिका) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६१.	*वेदान्त विश्वकोश* -व्यञ्जन वर्ण, क-च वर्ग), वासु रिमाल 'यात्री', २०६१	भूमिका-फेरि पनि ।
६२.	*सपना-सुन्दरी,* श्रीराम पौडेल 'उदासी' २०६४	'सपना-सुन्दरी' लाई नजिकैबाट हेर्दा (खण्डकाव्यको भूमिका) ।
६३.	*जीवनदर्शन,* टीकाराम अर्याल २०६५	'जीवनदर्शन' को दर्शन भएपछि (निबन्ध सङ्ग्रहको भूमिका) ।
६४.	*ब्रह्मसाक्षात्कार,* शरत्कुमार भट्टराई २०६५	'ब्रह्मसाक्षात्कार' को दर्शनपछि (दार्शनिक कृतिको भूमिका)
६५.	*विश्वको सर्वोत्कृष्ट ग्रन्थ,* प्रा.डा.अच्युतमणि आचार्य २०६५	अध्यात्मसाधना अझ तीव्र हुँदै जाओस् (दार्शनिक निबन्ध सङ्ग्रहको भूमिका) ।
६६.	*समर्पण,* ठाकुरप्रसाद मैनाली २०६५	तथास्तु (कविता सङ्ग्रहको भूमिका) ।
६७.	*गजेन्द्रमोक्ष,* बदरीनाथ भट्टराई २०६६	कोटि कोटि वन्दना ।
६८.	*वागीश्वरीदेखि इन्द्रायणीसम्म,* प्रेमप्रसाद काफ्ले २०६६	वागीश्वरीमा शब्दपुष्पाञ्जली ।
६९.	*विवेक-चूडामणि,* डा.शम्भु प्याकुर्‍याल २०६६	शास्त्रीय र प्रामाणिक व्याख्या ।
७०.	*वेद-शास्त्र समाज र कलियुग,* दामोदर गौतम २०६६	शुभकामना ।
७१.	*वृद्धत्वविज्ञान,* रवीन्द्रप्रसाद प्रधान २०६७	वृद्धत्वविज्ञान : नौलो ग्रन्थ ।
७२.	*वेदपुराणका केही रत्नहरू,* प्रा.डा. वीणा पौड्याल २०६७	भूमिका ।
७३.	*शिवदर्शन महाकाव्य,* अग्निहोत्री रामप्रसाद गौतम २०६७	शिवदर्शन महाकाव्यलाई शब्दपुष्पाञ्जलि (भूमिका
७४.	*ब्रह्म-जीव र काल,* सुश्री अम्बिका पाण्डे २०६८	तपस्या र साधनाको फल (निबन्ध सङ्ग्रहको भूमिका)
७५.	*रामायण भजन,* रामराज ताम्राकार २०६८	रामराज रामका राज्यमा पुगे ।
७६.	*विवेक-चूडामणि,* कोमलदत्त तिवारी (अनु) २०६८	साधनाले सिद्ध बनाओस् ।
७७.	*श्रीभुवनेश्वरी,* जयराज पन्त २०६८	श्रीभुवनेश्वरीले कल्याण गरून् ।
७८.	*जीव-प्रेम,* अनन्तगोपाल रिसाल २०६९	शुभ-आशीर्वाद (खण्डकाव्यको भूमिका) ।
७९.	*प्रज्ञाचक्षु,* नरेन्द्र पराशर २०७०	भूमिका (महाकाव्यको भूमिका) ।
८०.	*उपनिषत्सङ्ग्रह,* वसन्तकुमार शर्म्मा 'नेपाल' २०७०	उपनिषत् साहित्यको भूषण हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.४ प्रा. शिवगोपाल रिसालका सम्पादकीय

प्रा. रिसालले अनेकौं कृतिको सम्पादन गरेका छन् । तिनमा यिनका सम्पादकीय पनि प्रकाशित भएका छन् । यहाँ यिनले सम्पादन गरेका केही कृतिको सम्पादकीयको विवरण प्रस्तुत गरिएको छ :

१.	*कृषि-बाला*, लक्ष्मीप्रसाद देवकोटा २०२१	सम्पादकीय भूमिका ।
२.	*चिल्ला पातहरू*, लक्ष्मीप्रसाद देवकोटा २०२१	सम्पादकीय भूमिका ।
३.	*शतसूत्री*, पद्मकन्या कलेज २०२६	सम्पादकीय (सङ्कलित नीतिसूत्रको सम्पादकीय) ।
४.	*अद्वैत चिन्तामृत*, डा.क्षितीशचन्द्र चक्रवर्ती २०२६	सम्पादकीय भूमिका (सम्पादकीय) ।
५.	*मालती-माधव*, शम्भुप्रसाद ढुंगेल २०२६	आशुकवि शम्भुप्रसाद ढुङ्गेलको विषयम (सम्पादकीय)
६.	*योग दर्शन*, पहलमानसिंह स्वार क्षत्री २०२६	सम्पादकीय भूमिका (दार्शनिक कृतिको सम्पादकीय) ।
७.	*सत्य दर्शन*, पं. होमनाथ पौडेल २०२७	सम्पादकीय (दार्शनिक कृतिको सम्पादकीय) ।
८.	*अदृश्य दर्शन*, पं. होमनाथ पौडेल २०३१	सम्पादकीय (दार्शनिक कृतिको सम्पादकीय) ।
९.	*अमृत-बिन्दु*, गङ्गाप्रसाद श्रेष्ठ २०४५	सम्पादकीय (दार्शनिक कृतिको सम्पादकीय) ।
१०.	*गजेन्द्रमोक्ष*, बदरीनाथ भट्टराई (अनुवाद तथा व्याख्या) चतुर्थ संस्करण २०६९	सम्पादकीय (सम्पादकीय) ।
११.	*रामगीता*, बदरीनाथ भट्टराई (अनुवाद तथा व्याख्या)चतुर्थ संस्करण २०६९	कृतज्ञता निवेदन (सम्पादकीय) ।
१२.	*वेदान्त-विज्ञान* (खप्तड बाबाद्वारा प्रणीत), प्रा.शिवगोपाल रिसाल (सम्पा) २०६०	सम्पादकीय (सम्पादकीय) ।
१३.	*श्रीमद्भावतमहापुराण (नेपाली अनुवाद-रामानन्दी टीका)*, प्रा.शिवगोपाल रिसाल (सम्पा) २०६५	सम्पादकीय (सम्पादकीय) ।
१४.	*आत्मबोध*, शम्भु प्याकुरेल (अनुवादक) २०४५	सम्पादकीय-भूमिका (सम्पादकीय) ।

५.२.५ प्रा. शिवगोपाल रिसालका प्रकाशकीय

प्रा. रिसालले अनेकौं कृतिको प्रकाशकीय पनि लेखेका छन् । यहाँ यिनले लेखेका प्रकाशकीयको विवरण दिइएको छ :

१.	*केही प्रश्न केही समाधान*, भैरव स्वाध्याय परिवार २०५८	प्रकाशकीय (संस्थागत पत्रिकाको प्रकाशकीय)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. स्मृति बिम्बभित्र वासु रिमाल 'यात्री', स्मृतिग्रन्थ २०६७ 'यात्री' को यात्रा पूर्ण भयो (प्रकाशकीय)

५.२.६ प्रा. शिवगोपाल रिसालका अनुवादकीय

प्रा. रिसाल अनुवादक पनि हुन् । यहाँ यिनीबाट लेखिएको एउटा अनुवादकीय नमुनाका निमित्त प्रस्तुत गरिएको छ :

१. *योग-विज्ञान* (खप्तड बाबाद्वारा प्रणीत), प्रा.शिवगोपाल रिसाल (अनुवाद) २०६०	अनुवादकीय (अनुवादकीय) ।

५.२.७ प्रा. शिवगोपाल रिसालका पुस्तक परिचय

प्रा. रिसालले पुस्तक परिचय दिने काम पनि गरेका छन् । यहाँ यिनीबाट लेखिएको पुस्तक परिचयको एउटा नमुनाका प्रस्तुत गरिएको छ :

१. *सिसार* (अङ्क-८), ज्ञाननिष्ठ ज्ञवाली (सम्पा) २०६७	आध्यात्मिक चिन्तनको सँगालो आत्मिक सुख र आमाको महिमा (पुस्तक परिचय) ।

५.२.८ प्रा. शिवगोपाल रिसालका शुभकामना

प्रा. रिसालबाट विभिन्न साहित्य सर्जकलाई शुभकामना दिइएको पाइन्छ । नमुनाका निमित्त यहाँ यिनका त्यस प्रकृतिका रचनाको विवरण प्रस्तुत गरिएको छ :

१. *अर्थहीन रचना,* राधेश्याम खड्का २०५९	सार्थक रचना (कविता सङ्ग्रहको शुभकामना)
२. *वेद,* चिन्तामणि योगी २०५९	शुभकामना (निबन्ध सङ्ग्रहको भूमिका) ।
३. *अनन्त धारा* (वर्ष-१, अङ्क-२), प्रा.डा. अच्युतमणि आचार्य र अन्य (सम्पादन), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर, कार्त्तिक, मार्ग, पौष २०६३	अनन्तधारालाई अमर शुभकामना (शुभकामना) ।
४. *त्रिवेणी,* प्रेमनाथ सत्याल २०६४	शुभकामना ।
५. *अनन्त धारा* (वर्ष-३, अङ्क-८, पूर्णाङ्क-२९), ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति, सानेपा, ललितपुर २०६५	शुभकामना ।
६. *अमूल्य रत्न,* रीमा आचार्य २०६५	प्रार्थना (शुभकामना) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.९ प्रा. शिवगोपाल रिसालका अन्तर्वार्ता

विभिन्न सञ्चार माध्यमबाट प्रा. रिसालका अन्तर्वार्ता प्रकाशित प्रसारित हुँदै आएका छन् । उदाहरणका निमित्त यहाँ यिनका अन्तर्वार्ताको विवरण प्रस्तुत गरिएको छ :

१. *द हिन्दू टाइम्स,* २०४६ — इन्टर भ्यू विथ प्रो.शिवगोपाल रिसाल (अङ्ग्रेजी समाचारपत्रका प्रतिनिधिसित अन्तर्वार्ता) ।

२. *अग्निचक्र* (वर्ष-४, अङ्क-८, पूर्णाङ्क-३८), लक्ष्मीनारायण भट्टराई (प्रकाशक, सम्पादक), काठमाडौं २०७० — कर्म गर्नु कर्तव्य हो, फलको आशा नगर्नु बुद्धिमानी हो

प्रा.शिवगोपाल रिसालसित *अग्निचक्र*का प्रतिनिधिले लिएको अन्तर्वार्ता ।

३. पधुपर्क २०७२ — अध्यात्मविनाको साहित्य साहित्य नै होइन ।

ज्ञाननिष्ठ ज्ञवालीले लिएको अन्तर्वार्ता (अन्तरङ्ग कुराकानी)

५.२.१० प्रा. शिवगोपाल रिसालका व्याख्यान

विभिन्न सञ्चार माध्यमबाट प्रा. रिसालका व्याख्यान प्रकाशित प्रसारित हुँदै आएका छन् । उदाहरणका निमित्त यहाँ यिनका दुइटा व्याख्यान प्रस्तुत गरिएको छ :

१. *गुणराज स्मारक व्याख्यान माला-४,* प्रा. शिवगोपाल रिसाल २०३४ — वेदान्ती कवि पं. गुणराज उपाध्याय र उनको विचार-लहरी खण्डकाव्य : एक अनुशीलन (व्याख्यान) ।

२. *कल्याण,* ऋद्धिहर्ष बज्राचार्य (सम्पा) २०३९ — मन्तव्य (हिन्दूधर्म र अध्यात्म विषयक मन्तव्य) ।

भारती खरेल स्मारक व्याख्यान माला अन्तर्गत २०४३ देखि प्रा. रिसालका वेदान्त विषयका अनेक आलेख प्राकाशित हुँदै आएका देखिन्छन् । त्यसै गरी कान्तिपुर एफ.एम. को स्थापना कालदेखि हालसम्म लगातार कान्तिपुरगाथाका नामबाट प्रा. रिसालको रचना प्रसार हुँदै आएको छ ।

५.३ अध्यायगत निष्कर्ष

लेख, भूमिका, सम्पादकीय, प्रकाशकीय, मन्तव्य, व्याख्यान जेले पनि प्रा. रिसालको भित्री मनदेखि आकर्षण भएको विषय वेदान्त दर्शन प्रत्यक्ष वा परोक्ष रूपबाट प्रकट भएकै देखिन्छ । बोल्न पाउनासाथ वेदान्त बोल्ने र लेख्न पाउनासाथ वेदान्त लेख्ने प्रतिभा यिनी हुन् भन्ने कुरा यिनका पुस्तकहरूले जस्तै फुटकर रचनाले पनि बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं अध्याय

प्रा. शिवगोपाल रिसालप्रति विविध व्यक्तिका धारणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं अध्याय

प्रा. शिवगोपाल रिसालप्रति विविध व्यक्तिका धारणा

यस अध्यायमा वर्णानुक्रम अनुसार **प्रा. शिवगोपाल रिसालको व्यक्तित्व, प्रा. शिवगोपाल रिसाल बारे विभिन्न व्यक्तिले प्रकट गरेका विचार** तथा **अध्यायगत निष्कर्ष** राखिएको छ ।

६.१ प्रा. शिवगोपाल रिसालको व्यक्तित्व

प्रा. शिवगोपाल रिसालको व्यक्तित्वका बारेमा पहिलो अध्यायमा सामान्य चर्चा गरिएको छ । यिनलाई चिन्ने जान्ने विविध व्यक्तिसित यिनी बारे सोध्दा प्राप्त भएको जानकारी पनि संलग्न गरिएमा यिनको व्यक्तित्वका अनेकौं पक्ष प्रकाशमा आउने अवस्था देखिएकोले यस अध्यायमा ती कुरा प्रस्तुत गरिएको छ ।

६.२ प्रा. शिवगोपाल रिसाल बारे विभिन्न व्यक्तिले प्रकट गरेका विचार

प्रा. शिवगोपाल रिसालसित व्यवसाय, सिर्जनशीलता, अध्ययन, सेवा, साधना, जिम्मेवारी, पद प्रतिष्ठा लगायतका विविध हिसाबबाट निकट सम्बन्ध भएका विभिन्न व्यक्तिसित सम्पर्क गरिएको हो । *प्रा. रिसाललाई तपाईं कुन रूपमा लिनु हुन्छ, उनको परिचय दिनु पर्दा तपाईं के भन्न चाहनु हुन्छ र उनका कमी कमजोरी के देख्नु भएको छ* भन्ने प्रश्न गर्दा प्राप्त भएका उत्तरको विवरण यस अंशमा राखिएको छ । यसमा भनिएका कुराको जिम्मेवारी सम्बद्ध उत्तरदातामा नै हुने कुरा यहाँनेर अनुरोध गर्नु आवश्यक हुन्छ । यस क्रममा पदवी, मान सम्मानका विशेषण नामभन्दा अगाडि राख्दा वर्णानुक्रम बिग्रने हुँदा नामभन्दा पछाडि राखिएको छ । यसबाट प्रा. रिसालको परिचय अझ बढी स्पष्ट हुने विश्वास लिइएको छ ।

प्राप्त भनाइलाई पेसागत समूहमा आबद्ध गरी **अध्यात्म क्षेत्रका साधकका भनाइ, इन्जिनियरहरूका भनाइ, ऋषि, तपस्वी, योगी, सन्न्यासीहरूका भनाइ, गायन क्षेत्रका व्यक्तिका भनाइ, चिकित्सकहरूका भनाइ, ज्योतिषीहरूका भनाइ, धर्म गुरुका भनाइ, पत्रकारिता क्षेत्रका व्यक्तिका भनाइ, पुस्तकालय विज्ञान क्षेत्रका व्यक्तिहरूका भनाइ, प्रकाशकका भनाइ,**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासकहरूका भनाइ, प्राध्यापकहरूका भनाइ, भिडियोग्राफरका भनाइ, मनोवैज्ञानिकका भनाइ, वित्त व्यवस्थापन क्षेत्रका व्यक्तिका भनाइ, समाज सेवीहरूका भनाइ, साहित्यका अध्यवसायी तथा साहित्यकारहरूका भनाइ, सैनिक सेवाका व्यक्तिका भनाइ र हवाइ सेवा क्षेत्रका व्यक्तिका भनाइ शीर्षकमा राखिएको छ ।

६.२.१ अध्यात्म क्षेत्रका साधकका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित अध्यात्म क्षेत्रका साधकहरूका भनाइ यहाँ दिइएको छ ।

अच्युतनाथ भट्टराई ।

ज्यादै गहन विषय सरल शैलीमा स्पष्ट गर्ने व्याख्याता प्रा. रिसाल हुनु हुन्छ ।

अन्जु रेग्मी, एकान्त कुना, ललितपुर ।

स्वाध्याय परिवारमा सम्मिलित भएकोले श्रद्धेय गुरुदेवबाट निरन्तर शास्त्रको चर्चा सुन्न पाएकोले मनमा आनन्द हुन्छ । यो मेरो अहोभाग्य हो भन्ने सम्झन्छु । यस्तो शास्त्रको चर्चा जहाँ तहाँ पाँइदैन तर हामीले चाहिँ पाई रहेका छौं ।

अम्बिका चालिसे, ललितपुर सानेपा, फोन : ५५२८२७९ ।

श्रद्धेय गुरुदेव प्रा. शिवगोपाल रिसालको स्वरमा ज्यादै मिठास पाइन्छ । उहाँको प्रवचन सुन्दा मन आनन्दले विभोर हुन्छ । उहाँ शुद्ध शाकाहारी भोजन मन पराउनु हुन्छ । प्रेमदेखि परमात्मासम्म पुग्ने प्रसाद गुरुबाट प्राप्त होस् भन्दै श्रद्धेय गुरुप्रति आभार व्यक्त गर्दछु ।

अम्बिका प्याकुर्‍याल ।

बोली र व्यवहारमा भिन्नता नभएको अध्यात्म साधक प्रा. रिसाल हुनु हुन्छ ।

अर्जुनबहादुर के.सी, कुसुन्ती, ललितपुर, फोन : ९८४१४५७३८६ ।

सरल तरिकाले अध्यात्मका कुरा बुझाउन सक्ने "सर्वे भवन्तु सुखिनः.." को मूल मर्म अनुसारका व्यवहार गर्ने र साकार रूपको ईश्वर खोज्ने हो भने मैले प्रा. शिवगोपाल रिसाललाई पहिलो व्यक्ति देखेको छु ।

आशा रिमाल, जावलाखेल, ललितपुर, फोन : ५५२७५०९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुले आफूले जानेको ज्ञान स्वाध्याय परिवारलाई सरल भाषामा बताउनुहुन्छ । उहाँको व्याख्यान जो कोहीले पनि सजिलै बुझ्न सक्दछन् । उहाँ मनभित्र रहेको म र मेरो भन्ने भाव हटाई ज्ञान प्राप्त गर भन्नुहुन्छ ।

इना रायमाझी, धोबीघाट, ललितपुर, फोन : ५५३५१७५ ।

नित्य, निरन्तर, जाडो, गर्मी, घाम र पानीको केही परवाह नगरी हामी सबैको कल्याणका निम्ति समय दिई आध्यात्मिक जागरणमा प्रा. रिसाल गुरु लाग्नु भएको छ । यो उहाँको त्याग हो । हाम्रा लागि यो खुसीको कुरा हो ।

उमा रिसाल, जावलाखेल, ललितपुर, फोन : ५५३६३३० ।

यस संसारमा शान्ति खोज्दा खोज्दै समय बिती सक्यो । शान्ति पाइने बाटोका बारेमा चाल पाएर ज्ञानी गुरुको शरणमा परियो । शान्तिको अनुभव गर्न र ब्रह्म वाणी सुन्न नित्य स्वाध्यायी बनेर ब्रह्मनिष्ठ गुरुको शरणमा आएको छु ।

कवीन्द्रराज काफ्ले, सिफल, कालोपुल, काठमाडौं, फोन : ४४८०५९६ ।

आदरणीय गुरु शिवगोपाल रिसालको मधुर वाणी, सादा जीवन शैली, मिलनशील स्वभाव र कुनै पनि विषयलाई सरलतापूर्वक व्याख्या गर्ने कला जस्ता गुणले गर्दा उहाँलाई म हृदयदेखि नै मन पराउँछु ।

मिठो बोली, महात्माको जस्तो उज्ज्वल छवि, वेदान्ती, निर्मल अनेकौं काव्यका सर्जक, ज्ञान ज्योति, जन सेवी उहाँको उपकारी स्वभावका कारण म उहाँलाई मन पराउँछु ।

कालु बस्नेत, ललितपुर ।

ब्रह्मज्ञानी गुरु प्रा. रिसालबाट जन्म मरणको चक्रबाट पार पाइने उपायका विषयमा नित्य गरिने स्वाध्यायमा जानकारी मिल्दै आएको छ । आत्मज्ञानका कुरा भए भने मनुष्य देह सफल बन्दछ, त्यो न भए मनुष्यका रूपमा जन्मनुको अर्थ रहँदैन । यस प्रकारका दिव्य उपदेश उहाँबाट हामीले पाउँदै आएका छौं ।

किरण रिमाल, जावलाखेल, ललितपुर, फोन : ५५२७५०९ ।

श्रद्धेय गुरु अध्यात्म र वेदान्तको संस्कार बोकेको व्यक्ति हुनका साथै शान्त, शिष्ट, सभ्य र सरल हुनु हुन्छ । यिनै विशेषताका कारण मैले उहाँलाई मानेको हुं । उहाँले आध्यात्मिक जागरण चलाउने क्रममा निकै ठुलो काम गर्नु भएको छ । उहाँले सरल भाषामा गर्नु हुने वेदान्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनको व्याख्या ज्यादै सारगर्भित हुन्छ । अध्यात्म क्षेत्रमा लागी रहन र ब्रह्मज्ञान प्राप्त गर्न उहाँबाट प्रेरणा पाइएको छ । भगवान् पशुपतिनाथले उहाँको सदा कल्याण गरुन् ।

कुवेर सिलवाल, ललितपुर-१४ थसिखेल, ललितपुर, फोन : ५५३७२५५ ।

म २०६७ फागुन महिनाको अन्त्यबाट स्वाध्यायमा उपस्थित हुन थालेको हुँ । श्रद्धेय गुरुको सरलता, हँसिलो अनुहार र सजिलै बुझिने प्रवचनबाट प्रभावित भएर म नित्य स्वाध्यायी बनेको छु ।

कृष्णगोपाल रिमाल, जावलाखेल, ललितपुर, फोन : ५५२४१६२ ।

आदरणीय गुरुको प्रवचन सुन्दा सारै आनन्द आउने हुनाले उहाँको प्रवचन मलाई मन पर्दछ । म गुरु देवमा नमन गर्दछु ।

केशव रेग्मी, डिल्ली बजार, काठमाडौं, फोन : ४४११२३७ ।

श्रद्धेय गुरुले वेदान्त जस्तो बुझ्न गारो मानिने दर्शनको ज्ञान स्वाध्याय परिवार मार्फत पन्ध्रौं वर्षदेखि सरल, सरस र स्पष्ट रूपमा हामीहरूलाई नित्य वितरण भएको छ । यो अनमोल विद्या हो । यसलाई जसले जीवनमा उतारेको छ उसले मनुष्य चोलालाई सार्थक तुल्याएको मानिन्छ । उहाँका कृति र प्रत्येक दिव्य वाणीमा अनुभव बोलेको पाइन्छ । यस्ता अनुभवी र ज्ञानी गृहस्थ महात्माले भनेका कुरा ज्यादै प्रभावकारी हुन्छन् । उहाँले दिएको ज्ञानबाट हामी स्वाध्यायीहरूको आभ्यन्तरिक स्थितिमा ठुलो परिवर्तन आएको अनुभव हामीले गरेका छौं । यही ज्ञान जीवनको सर्वश्रेष्ठ उपलब्धि हो ।

कोमलदत्त तिवारी, देवघाट, मोबाइल : ९८४५१५४६७७ ।

श्रद्धेय गुरु प्रा. शिवगोपाल रिसाल अध्यात्म जगत्का विशिष्ट व्यक्तित्व हुनु हुन्छ । उहाँमा भएको सरलता सहजता र आध्यात्मिकताबाट हामीले धेरै कुरा सिक्न सक्छौं । उहाँले जावलाखेल तफल्हाँ भैरव स्थानमा गत सोर वर्षदेखि नित्य स्वाध्याय गरी रहनु भएकोछ । नित्य सत्संग उहाँको दिनचर्या बनेको छ । उहाँ अरूलाई पनि त्यस बाटोमा हिंड्न अभिप्रेरित गर्नु हुन्छ । उहाँले अध्यात्म साधकहरूका लागि चार दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित गर्नु भएको छ । मेरा थुप्रै पुस्तकमा उहाँले सारगर्मित भूमिका लेख्नु भएकोले म उहाँको ऋणी छु । उहाँका भूमिका मात्र पढे पनि पुस्तकभित्रको सार तत्त्व बुझिन्छ । उहाँ जस्ता सद्गुरुको संगत गर्नेहरू भाग्यमानी हुन् । वेदान्त भनेको सुन्ने, बुझ्ने र अनुभव गर्ने विषय हो । उहाँले बताएका कुरा जीवनमा उतार्ने व्यक्ति यो भव सागरबाट सजिलैसित पार पाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्ममृत्युको चक्करबाट मुक्त हुन्छ । त्यस्तो व्यक्तिले मृत्युपछि पितृहरूले पाउने पिण्ड खानु पर्दैन ।

जस्का दर्शन मात्रले हृदयमा आनन्द वर्षा हुने ।
पाउ स्पर्श हुँदा विकार मनका सम्पूर्ण अस्ताउने ।।
हाम्रा यी ऋषि तुल्य शान्त गुरुको सानिध्य सत्संगमा ।
जप्दै श्री हरिनाम आश्रम मिलोस् आखिर श्री धाममा ।।

गंगा कार्की, सेन्टमेरिज पश्चिम रोड, जावलाखेल, ललितपुर ।

प्रा. रिसाल अध्यात्ममा निष्ठा भएका, वेदान्त दर्शनको मर्म थाहा पाएका, सरल र सादा जीवन यापन गर्ने, प्रखर वक्ता र लोक हितमा समर्पित व्यक्ति हुनु हुन्छ ।

गीता भट्टराई ।

प्रा. रिसाल अद्वैत वेदान्तका मर्मज्ञ तथा विशिष्ट व्याख्याता हुनु हुन्छ ।

गोविन्द पुडासैनी, पाँच सत्याटार, डाँछी, काठमाडौं, मोबाइल : ९८४१६७७७९० ।

प्रा. शिवगोपाल रिसाल ब्रह्मज्ञानका सफल साधक हुनु हुन्छ । उहाँ शब्द ब्रह्मको अमूल्य वाणी सरल शैलीमा प्रस्तुत गर्नु हुन्छ । स्वाध्याय र सत्संगद्वारा संसार सागररूपी कुवामा फसेका हामीहरूलाई ब्रह्म ज्ञान दिन उहाँ निरन्तर प्रयत्नरत हुनु हुन्छ । उहाँको कृपा हामीहरू माथि रही रहोस् ।

लगभग पाँच दर्जन अध्यात्म र वेदान्त दर्शनका कृतिहरूद्वारा अज्ञानरूपी अन्धकारमा रुमलिएका हामीहरूलाई उहाँले प्रकाशित तुल्याउने काम गर्नु भएको छ । सरस्वतीका वरद पुत्र, कलि कालका द्वैपायन व्यास, सफल साधक र सिद्धहस्त सद्गुरुका रूपमा मैले उहाँलाई ग्रहण गरेको छु ।

गोविन्द बस्नेत, धोबीघाट, ललितपुर, फोन : ५५२५६६३ ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग् भवेत् भन्ने उक्तिलाई मन, वचन र कर्ममा उतार्ने अनुकरणीय व्यक्तित्व प्रा. रिसाल हुनु हुन्छ । त्यसैले हामी जस्ता मुमुक्षुहरू उहाँप्रति आकर्षित भएका हौं ।

चन्द्रिका लुइँटेल, ढोलाहिटी, ललितपुर, फोन : ५५७१११५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँसित स्वाध्याय गर्ने अवसर न पाए पनि उहाँका कृतिहरू अध्ययन गर्दा उहाँले ईश्वरलाई बुझ्नु भएको जस्तो लाग्दछ । वैदिक परम्पराको पुनर्जागरण आगामी दिनमा उहाँबाट हुने कुरामा मलाई विश्वास लागेको छ । यो काम मानव कल्याण र संसारिक शान्तिका लागि आवश्यक पनि छ ।

जमुना अधिकारी, ताल्छिखेल, ललितपुर, फोन : ५५३९४३७ ।

पूर्व जन्मको पुण्यका कारण मैले प्रा. रिसाल जस्तो श्रोत्रिय ब्रह्मनिष्ठ गुरु फेला पार्न सकें । उहाँबाट नित्य हुने स्वाध्यायमा म सम्मिलित हुँदै आएकी छु । जीवनमा चाहिने सम्पत्ति भनेको ब्रह्मज्ञान नै रहेछ । उहाँ बारम्बार *घाम डुब्न लागी सक्यो, छिटो काम सिध्याई हाल्नु पर्‍यो* भन्नु हुन्छ । उहाँका यस प्रकारका कुरा सुन्दा म झसङ्ग हुन्छु र मनमनै आत्म साक्षात्कार कहिले हुने होला भन्ने कुराको कल्पना गर्दछु । मन झसङ्ग पार्ने असंख्य अमृत वचन दिनका दिन उहाँबाट मैले सुन्न पाएकी छु । त्यसैले उहाँको प्रवचन छोड्न मन लाग्दैन ।

जाह्नवी भट्टराई, लैनचौर, काठमाडौं ।

वेदान्त जस्तो गहन विषयको व्याख्या रोचक तरिकाले गर्न सक्ने उहाँ निकै प्रभावशाली र अनुभवी साधक हुनु हुन्छ । त्यसैले हामी उहाँप्रति कृतज्ञ छौं ।

ज्योति अधिकारी, कुपन्डोल, ललितपुर, फोन : ५५२७४३६ ।

अथाह ज्ञानका धनी प्रा. रिसाल गुरुको जति गुणगान गरे पनि थोरै हुन्छ । यस्ता ब्रह्मनिष्ठ गुरुको सान्निध्यमा रही ब्रह्मज्ञानका कुरा सुन्न पाउँदा म आफूलाई भाग्यमानी सम्झन्छु । जय गुरुदेव ।

ज्ञानु भट्टराई, ललितपुर, मोबाइल : ९७४११७४१०९ ।

सर्वप्रथम म गुरुलाई नमन गर्दछु । मैले केही समय अघि मात्र गुरुको दर्शन गर्ने मौका पाएँ । म गुरुदेखि अति नै प्रभावित भएँ । म नियमित रूपमा गुरुको प्रवचनमा सामेल हुन सकेको छैन । उहाँको प्रवचन सुन्न पाउँदा म आफूलाई धेरै भाग्यमानी ठान्दछु । उहाँबाट सुनेका ज्ञानका कुराले आफूमा परिवर्तन आएको अनुभव हुन्छ । ईश्वरसित मेरो के प्रार्थना छ भने म सधैं गुरुको प्रवचन सुन्न पाऊँ ।

तुम्लादेवी श्रेष्ठ, लगनखेल, ललितपुर, फोन : ५५३३३४० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म स्वाध्याय परिवार भैरव स्थान, जावलाखेलमा सत्सङ्ग गर्न लागेको चार वर्ष पुरा भयो । मैले खोजेको मानसिक शान्ति पाउन सकेको थिइनँ । स्वाध्याय र सत्संगका साथै गुरुका कृपाले अब मैले चाहेको शान्ति र सन्तोष प्राप्त भएको छ ।

दामोदर रिसाल, जावलाखेल, ललितपुर ।

ज्ञानीको परिचय नै आत्मनिष्ठामा रही सबैको भलो गर्ने काममा समर्पित हुनु हो । प्रा. शिवगोपाल रिसालको जीवन पनि यसरी नै चलेकोले मेरो मनमा उहाँप्रति श्रद्धा जागृत हुन्छ ।

दीपक पौडेल, मध्यपुर-५, ठिमी, भक्तपुर ।

म श्रद्धापूर्वक गुरुको स्वाध्याय श्रवण गर्न रुचाउँछु । सम्पूर्ण मुमुक्षुहरूको उद्धारका निम्ति दिन रात एक गरी समर्पित भएर अध्यात्म मार्गमा लाग्ने काम गुरुबाट भएको छ । अनेकौं आध्यात्मिक ग्रन्थहरू लेखी अज्ञानरूपी अन्धकार हटाएर परमात्मारूपी प्रकाशतर्फ लैजाने प्रयत्न गुरुले गर्नु भएको छ । सरल शैलीमा ज्ञानका कुरा गर्ने र सामान्यदेखि विशिष्टसम्मका सबै तहका व्यक्तिसित अभेदपूर्वक व्यवहार गर्ने गुरु मेरा निम्ति आदरणीय हुनु हुन्छ ।

दीपक रिमाल, जावलाखेल, ललितपुर, मोबाइल : ९८५१०२५४६४ ।

श्रद्धेय गुरु प्रा. शिवगोपाल रिसालले विगत अठार वर्षदेखि निरन्तर रूपमा हामी गृहस्थहरूलाई श्रुतिका कुरा र आफ्नो अनुभव समेत समेटर प्रश्नोत्तर शैलीमा व्यापक छलफल गरी ज्ञान मार्गमा डोऱ्याउनु भएको छ । उहाँको प्रवचन शृंखलाबाट म निरन्तर लाभान्वित भई रहेको छु ।

नरेन्द्र के.सी., डिल्ली बजार, काठमाडौं, फोन : ४४४५९५५ ।

उहाँका कृतिहरूमा व्यक्त भएका वैदिक ज्ञानका कुरा सरल र सरस छन् । तिनको अध्ययनबाट ज्ञान र आनन्द पाएको अनुभव सबैले गरेका छन् ।

नारायणप्रसाद रिमाल, जावलाखेल, ललितपुर, फोन : ९८४१३४३८१९ ।

प्रा. शिवगोपाल रिसाल मेरा हितैषी, मार्ग दर्शक र अध्यात्म मार्गका आदरणीय गुरु हुनु हुन्छ । मैले उहाँले सधैं आफूलाई अध्यात्म साधनामा लगाएको र अरूलाई पनि त्यस मार्गमा लाग्न अभिप्रेरित गरेको देखेको छु । उहाँ *आफूलाई चिन्नु जरुरी छ* भन्नु हुन्छ । ज्ञान मार्गका अगुवा, सबैका प्रिय, अनुभवी र ब्रह्मनिष्ठ मानेर म उहाँलाई भित्री हृदयदेखि नै श्रद्धा गर्दछु ।

निरन के.सी, कुसुन्ती, ललितपुर, मोबाइल : ९८४१३७९१९४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले प्रा. रिसाल गुरुलाई धर्मात्मा भनी सुनेको थिएँ । उहाँको निकटमा रहेर चिन्दै जाँदा उहाँ ब्रह्मनिष्ठ भएको पाएँ । उहाँको *सुख कहाँ छ ?* भन्ने पुस्तकले जीवनमा पाइने असली सुखको बाटो देखाएको छ ।

निर्मला ढुङ्गेल, कुपन्डोल, फोन : ५५२९०८६ ।

उहाँका कुराहरू र कृतिहरू शास्त्रसम्मत, सरल र स्पष्ट छन् । तिनको अध्ययन गर्दा आनन्द प्राप्ति हुन्छ । मलाई उहाँका गद्यभन्दा पद्य रचना बढी मन पर्दछन् ।

नेत्रप्रसाद पोखरेल, सानेपा, ललितपुर ।

रिसाल गुरु आत्मज्ञानी हुनु हुन्छ । ज्यादै सरल र मृदुभाषी उहाँले हामी जस्ता अज्ञानीलाई आत्मतत्त्वको बोध गराउनु भएको छ । *घाम डुब्न लागी सक्यो छिटो सिक छिटो छिटो सिक* भनी उहाँ बारम्बार अध्यात्म साधनामा लाग्न अभिप्रेरित गर्नु हुन्छ ।

पुष्पपाणि रिजाल, मितेरी मार्ग, वानेश्वर, काठमाडौं, फोन : ४४९४९३३ ।

मेरो र शिवगोपाल रिसालको पारिवारिक नातेदारी छ । गत ४२ वर्षदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उहाँसित मेरो सम्पर्क भई रहेको छ । मेरो दृष्टिमा उहाँ स्पष्ट वक्ता, कुशल गृहस्थ, महात्मा र श्रोत्रिय ब्रह्मनिष्ठ हुनु हुन्छ । उहाँ सनातन धर्ममा विश्वास गर्नु हुन्छ । शास्त्रमा उल्लिखित गहन कुरा सरल तरिकाले बोलेर लेखेर सिकाई अरूलाई पनि आफू जस्तै बनाउने काम उहाँले गर्दै आउनु भएको छ । उहाँबाट मैले पनि अध्यात्म ज्ञानका कुरा सुनेर, बुझेर, जानेर जीवनलाई आनन्दमय बनाउने प्रयत्न गरेको छु ।

पुण्यप्रसाद पौड्याल, लाजिम्पाट, काठमाडौं, फोन : ४४२८५६१ ।

रिसाल गुरुका आध्यात्मिक लेख रचनाहरूमा अध्यात्म विषयको मर्म प्रस्तुत गरिएको हुन्छ । स्पष्ट बुझिने भाषा र छरितो प्रस्तुतिले गर्दा उहाँले भन्न खोजेका कुरा सजिलैसित बुझिन्छन् । पाएसम्म मैले उहाँका लेख रचना पढ्ने गरेको छु ।

प्रदीपमर्दन के.सी., ललितपुर-४, इमाडोल, फोन : ५२००७३५ ।

रिसाल गुरु स्वयं अध्यात्मको स्वरूप हुनु हुन्छ । उहाँ विश्वामित्रको निदारमा रहेको चन्दन जस्तै शुद्ध र पवित्र हुनु हुन्छ ।

प्रमीला आचार्य, एकान्त कुना, ललितपुर, फोन : ५५२४१३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसाल गुरुको भाषा अत्यन्त सरल छ । उहाँको धार्मिक प्रवचन सुन्न म निकै ला(लायित हुन्छु ।

बदन के.सी., थसिखेल, ललितपुर, फोन : ५५३७२१९ ।

गुरु महान् हुनु हुन्छ । उहाँले हामीलाई ज्ञान दिनु हुन्छ । गुरुको वाणी सुन्दा अन्धकारबाट उज्यालोमा आई पुगे जस्तो लाग्दछ । गुरुको धार्मिक प्रवचन सुन्दा मनमा आनन्दको अनुभूति हुन्छ । मनमा आनन्द हुँदा आत्मामा प्रसन्नता छाउँछ । आत्माको अखण्ड प्रसन्नता ब्रह्मत्वको प्राप्ति हो भनिन्छ ।

बिन्दु शर्मा, नक्साल, काठमाडौं, फोन : ४४२८६१८ ।

आजभन्दा करिब ४० वर्ष अगाडि मैले प्रमाण पत्र तहमा शिवगोपाल गुरुसित पद्मकन्या कलेजमा नेपाली विषय अध्ययन गर्ने मौका पाएकी थिएँ । त्यति बेलादेखि नै म उहाँबाट ज्यादै प्रभावित भएकी थिएँ । उहाँले पढाउँदा सम्बद्ध विषयलाई वेदान्तसित जोड्नु हुन्थ्यो । उहाँबाट सिकेका कुरा म घरमा आएर आमालाई सुनाउँथें । मेरी आमा पनि पण्डित जय देव पौडेल गुरुबाट आत्मज्ञानको व्याख्यान सुनेर प्रभावित बन्नु हुन्थ्यो । १६-१७ वर्षको कलिलो उमेर भएकोले त्यस बेला ज्ञान गुनका गम्भीर कुरा बुझ्ने सामर्थ्य ममा विकसित भई सकेको थिएन । त्यसो त म आमासित हनुमान ढोकामा प्रवचन सुन्न पनि जान्थें तर केही बुझ्दिनथें । प्रवक्ताले भनेका मलाई नयाँ लाग्ने शब्द मात्र म टिप्दथें । आमा सत्संग मन पराउने हुँदा हाम्रो घरमा धार्मिक वातावरण थियो । म आमालाई धार्मिक विभिन्न पुस्तक पढेर सुनाउथें र तिनमा भएका महत्त्वपूर्ण श्लोकहरू लेखेर दिन्थें । ती कुरा बुझ्न सक्ने क्षमता भने आफूमा थिएन । मेरो घरै छेउको ठाउँ टंगालमा हाल आएर वेदान्त विषयको व्याख्यान सुन्ने अवसर पाएकोमा म अत्यन्त खुसी छु । मेरा श्रीमान्को पनि यसमा रुचि भएकोले हामी सँगै सत्सङ्गमा सहभागी हुन्छौं । सुमधुर वाणी र गम्भीर कुरा पनि सजिलो भाषामा बुझाउने शैली भएकोले गुरुको प्रवचन ज्यादै रुचिकर लाग्दछ । हप्ताको एक दिन शनि वार हुने उहाँको धार्मिक प्रवचन म सुन्दै आएकी छु ।

भवानी आचार्य, टंगाल, भाटभटेनी, काठमाडौं, फोन: ४४२०४७३, मोबाइल: ९८४३४०१५५७ ।

सर्वप्रथम म गुरु शिवगोपाल रिसालप्रति हृदयदेखि आभार प्रकट गर्दछु । उहाँको दिव्य ज्ञानले आफूमा आएको परिवर्तन र हृदयमा विकसित भएका असल विचारले मनमा शान्ति तथा तेज बढेको अनुभव मलाई भएको छ । उहाँसित मेरो भेट भएको डेढ वर्ष भयो । यस अवधिमा आत्मीय रूपमा म उहाँसित नजिक भएको छु । उहाँको विचार, जीवन शैली अनि प्रवचनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म पवित्रता देख्दछु । उहाँद्वारा व्याख्या गरिएको *रामगीता* सुन्दा मलाई स्वयं राम प्रकट भएको अनुभव हुन्छ । त्यसै गरी उहाँले *भगवद्गीता*को व्याख्या गर्दा श्री कृष्ण भगवान्ले प्रत्यक्ष दर्शन दिएको जस्तो अनुभूति हुन्छ । शिवगोपाल गुरुको मुहारमा जुन तेज म देख्दछु त्यसले मलाई निकै प्रभावित गरेको छ ।

उहाँबाट मैले धर्म सम्बन्धी थुप्रै ज्ञान प्राप्त गरेको छु । त्यसले गर्दा धर्म र सस्कृतिप्रति मेरो लगाव र रुचि बढेको छ । मानव जातिले आफनो धर्म र संस्कृतिको महत्त्व बुझ्नु जरुरी छ । उहाँले दिएको ज्ञान फैलँदै जाओस् भन्दै उहाँको दीर्घायु र सुस्वास्थ्यको कामना गर्दछु ।

भवानीप्रसाद खतिवडा, फोन : ४४६८१८७ ।

प्रा. शिवगोपाल रिसाल सरल, सरस एवं सुसंस्कृत भाषाका धनी र स्वस्वरूपानुसन्धाता हुनु हुन्छ । त्रिपुटीको साक्षी भएर आत्म रूपमा रही आध्यात्मिक निबन्ध र काव्यको रचना एवं स्वाध्यायमा उहाँ सदा संलग्न हुनु भएको छ । अद्वैत वेदान्तका प्रयोक्ता र प्रवक्ता उहाँ प्रेरक व्यक्तित्वका रूपमा सुपरिचित हुनु हुन्छ ।

माधवप्रसाद पौडेल, जावलाखेल, ललितपुर, मोबाइल : ९८४१०२३३५४ ।

जगद्गुरु श्री शंकराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्तको चिन्तन मननमा संलग्न रही त्यस विषयमा श्रद्धा गर्ने जिज्ञासुहरूलाई उपदेश दिने प्राध्यापक शिवगोपाल रिसाल आदरणीय गुरु हुनु हुन्छ ।

मुरारि सुवेदी, सानेपा, ललितपुर ।

सूर्योदयसँगै फुल्ने कुनै सुन्दर फुल जस्तै नित्य बिहानै मन्द मुस्कान छर्दै मुमुक्षुहरूलाई विगत अठार वर्षदेखि अनवरत रूपमा वेदान्त दर्शनको स्वाध्याय गराई रहनु भएकोले हामी सबै जना प्रा. रिसाल गुरुप्रति श्रद्धा गर्दछौं ।

मेधा खनाल पोखरेल, सानेपा, ललितपुर ।

रिसाल गुरु प्राध्यापक मात्र न भई वैदिक वाङ्मयका विद्वान्, असल बन्धु, सज्जन, साहित्यकार, सम्पादक र समालोचक हुनु हुन्छ । उहाँका प्रकाशित पुस्तकहरू प्रायः जसो मैले पाउने र पढ्ने सौभाग्य पाएकी छु । तिनको अध्ययन गर्दा केही कुरा बुझिन्छ केही बुझिँदैन । उहाँको *म को हुँ ?* भन्ने पुस्तक पढेपछि अरू पुस्तक नपढे पनि हुन्छ जस्तो मलाई लाग्दछ । मैले त्यस पुस्तकमा भनेका कुरा बुझेकी छु जस्तो अनुभव हुन्छ । त्यो पढेपछि केही न भए पनि कोही न भए पनि सबै छ, सबै छन् भन्ने कुराको बोध हुन्छ । जसरी महाकवि लक्ष्मीप्रसाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवकोटाको *मुना मदन*ले नेपाली समाजबाट माया पाएको छ रिसाल गुरुको यस पुस्तकले लोकप्रियता प्राप्त गरेको छ भन्ने मलाई लाग्दछ । यो काव्य पढेपछि जीवनका सबै कुरा पाए जस्तो र ब्रह्मविद्या नै प्राप्त भयो जस्तो लाग्दछ ।

उहाँको मसिनो स्वर कमजोर कान भएकाले पनि सुन्न सक्ने गरी प्रकट हुन्छ । त्यसै गरी दुब्लो शरीरधारी उहाँले बोलेका शक्तिशाली कुराबाट हात्तीको जस्तो बलशाली मोटो शरीर भएको व्यक्ति पनि लल्याक्लुलुक पर्ने देखिन्छ । उहाँका लेख र प्रवचन एकातिर सामान्य व्यक्तिले पनि बुझ्ने र अर्कातिर धेरै पढे लेखेका आचार्यहरूले पनि बुझ्न गारो पर्ने खालका छन् ।

त्यसैले उहाँ जस्तो क्षमतावान् बौद्धिक व्यक्तित्वका समीपमा रहनु, उहाँका पुस्तकहरू पढ्नु र उहाँका प्रवचनमा सहभागी हुन पाउनु हाम्रो अहोभाग्य हो । यी सबै सौभाग्य पाएर म धन्य भएकी छु । श्री हरि : ॐ तत्सत् ।

मेनु बस्नेत, धोबीघाट, ललितपुर, फोन : ५५२५६६३ ।

यस भव सागरमा डुबेको भए पनि ज्ञानी व्यक्ति उम्कन चाहन्छ, पार हुन चाहन्छ र निर्वाण पाउन चाहन्छ । तिर्खा लागेको व्यक्ति पानी पिएर तृप्त हुन चाहन्छ । श्रोत्रिय ब्रह्मनिष्ठ रिसाल गुरुको धार्मिक प्रवचन सुनेपछि आफूलाई मुक्त तृप्त भएको अनुभूति हुन्छ । त्यसैले उहाँ मेरा निम्ति अति नै श्रेय, प्रिय र आत्मीय हुनु हुन्छ ।

मेनुका सुवेदी, सानेपा, ललितपुर ।

गुरु शिवगोपाल रिसालको प्रवचन मलाई सारै मन पर्दछ किनभने जिज्ञासा लागेका कुरा जति सोधे पनि उहाँ झिंजोझर्को नमानी स्पष्ट, सरल र मिठोसँग सम्झाउनु हुन्छ । अझ प्रश्न सोधे उहाँ झन खुसी हुनु हुन्छ । उहाँको भनाइ अत्यन्तै सरल र सरस हुन्छ । जुनसुकै तहका मानिसलाई पनि मिल्ने गरी जिज्ञासा शान्त पार्ने शक्ति उहाँमा छ । उहाँका कुरा बुझ्न सजिलो हुन्छ र ती कुरा प्रभावकारी हुन्छन् ।

रविप्रसाद पराजुली, वानेश्वर, काठमाडौं, मोबाइल : ९८४३१८२१२८ ।

पौरस्त्य शास्त्रहरूले बताए अनुसार सद्गुरु बन्नका लागि चाहिने कुरा निम्न लिखित हुन् :

१. जीवन्मुक्त महापुरुष बन्नु ।

२. आफ्नो तहबाट तल ओर्लेर भए पनि शिष्य वा भक्तलाई महापुरुषका विशेषताको बोध गराउनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. महापुरुषले बताएको बाटोमा हिंड्न उत्प्रेरित गर्नु ।
४. राम्रो र नराम्रो कामको भेद बताउनु ।
५. राम्रो काममा लगाउनु ।
६. शिष्यलाई सही बाटोमा लैजान डाँट फट्कार गर्नु वा पुरस्कार दिनु ।
७. ईश्वरमा विश्वास र भक्ति जगाउनु ।
८. स्वयं उदाहरण बनेर जीवनका गूढ तत्त्वको जानकारी दिनु अर्थात् बोली र व्यवहारमा समान हुनु ।
९. नम्र बन्नु ।
१०. परम तत्त्वको बोध गराउनु ।
११. विद्या वा परमतत्त्वको बोध गरी शिष्यलाई त्यो कुरा सिकाउनु ।
१२. कर्म योग, ज्ञान योग र भक्ति योग जस्ता साधन जान्नु र शिष्यलाई त्यस्तो ज्ञान सिकाउनु ।
१३. सङ्गत गर्ने व्यक्तिका हृदयमा रहेका शंका र विकार हटाउन सक्नु ।
१४. आफ्ना सम्पर्कमा रहने व्यक्तिमा प्रेम, शान्ति, सन्तोष र आनन्दको अनुभूति गराउनु ।
१५. शिष्यको हितका लागि यथाशक्य प्रयत्न गर्नु ।
१६. शिष्यबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि कुरा लिने काम नगर्नु ।
१७. साधकको कल्याण गर्नु ।
१८. गन्तव्यप्रति उत्कट आकांक्षा जगाउनु ।
१९. आफ्ना र शिष्यका सारा दुर्गुण हटाएर सदाचार तथा सद्गुणको आविर्भाव गराउनु ।
२०. कुनै पनि अलौकिक वा अद्भुत शक्तिलाई गुरुका तुलनामा नगण्य मान्ने भाव जागृत गराउन सक्नु ।

बाहिर परमआदर्शका कुरा गर्ने अधिकतर व्यक्ति भित्रबाट कमजोर चरित्रका देखिन्छन् । तिनका बोलाइमा एउटा र व्यवहारमा अर्कै कुरा हुन्छ । सद्गुरु वा आचार्यको खोल ओडेर आडम्बर देखाउने काम तिनले गर्दछन् । हालका दिनमा स्वनामधन्य भनिएका कतिपय व्यक्तिका चारित्रिक कमजोरी समाचार जगत्मा चर्चाका विषय बनेका पनि छन् । म २०५९ चैत १६ गतेदेखि सद्गुरु प्रा. शिवगोपाल रिसालका चरणमा प्रपन्न भएँ । त्यसपछि गुरुमा हुनु पर्ने उपर्युक्त गुणहरू उहाँमा भएको अनुभव गरें, गर्दै आएको छु । माथि भनिए अनुसारको गुरुत्वको परिभाषाबाट उहाँ अलिकति पनि खस्केको कहिल्यै नपाएकोले नै मैले उहाँलाई सद्गुरु मानेको हुँ । उहाँको सान्निध्य र सदुपदेशबाट मैले यथेष्ट लाभ लिएको छु र परमानन्दको अनुभव पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छु । उहाँ जस्तो व्यक्तिको शिष्य बन्न पाउनु मेरो सौभाग्य हो र मैले आर्जन गरेका पूर्व जन्मका सुकर्मको फल पनि हो । सद्गुरु मानेपछि उहाँले मलाई बुद्धिपूर्वक अबुद्धिले भेटिने स्थान दिनु भयो । मेरो जीवन धन्य धन्य भयो ।

राम के.सी, इमाडोल, ललितपुर, फोन : ९८४१७३७४७४ ।

मुक्ति मार्गका पथ प्रदर्शक श्रोत्रिय ब्रह्मनिष्ठ गुरु सरल, मृदृभाषी र समभाव राख्ने व्यक्ति हुँदा उहाँप्रति म सधैं श्रद्धा गर्दछु ।

राम भण्डारी, पशुपति देवपाटन, काठमाडौं, मोबाइल : ९८५१०११२३८ ।

वेदान्त विद्याको साधनामा अनवरत लागी रहने भएकाले हामी सबै जना उहाँलाई सम्मान गर्दछौं ।

रूपा रिमाल, जावलाखेल, ललितपुर, फोन : ५५२७२७२ ।

रिसाल गुरुको स्वभाव सरल, वचन मिठो र व्यवहार सबैलाई समान देख्ने खालको छ । आफूमा भएको ज्ञान र आफूले जानेका कुरा अरूले पनि सिकी दिए हुन्थ्यो भन्ने उहाँ चाहनु हुन्छ । *नियम र निष्ठामा बस्नु पर्दछ* भन्दै *हामी सबै जीव होइनौं शिव नै हौं* भन्ने कुरा उहाँ सुनाउनु हुन्छ । निष्काम भक्ति, निष्काम कर्म र ज्ञानको चर्चामा रमाउने सल्लाह उहाँ दिनु हुन्छ । यिनै कारणले गर्दा उहाँप्रति मेरो श्रद्धा र विश्वास बढेको हो ।

रेखा श्रेष्ठ, लगनखेल, ललितपुर-५, फोन : ५५३३२८२ ।

गुरुबाट मैले धर्म र ज्ञानका कुरा सिकेकी छु । त्यसैले मेरो लागि गुरु महान् हुनु हुन्छ ।

रेणु रिमाल, जावलाखेल, ललितपुर, फोन : ५५२२३७२ ।

समय र सन्दर्भले धेरैलाई गुरु बनाउँछ । जन्म दिने मातापिता प्रथम गुरु हुन् । त्यसपछि लेखपढ गर्न सिकाउने पाठशालाका गुरु दोस्रा गुरु हुन् । उमेर बढदै जाँदा र व्यावहारिक जीवनमा फस्दै जाँदा सही गन्तव्यतिर डोऱ्याउने धर्म गुरु तेस्रा गुरु हुन् । जप, ध्यान, स्तोत्र पाठ र शास्त्रीय ज्ञान दिई जीवनको सच्चा बाटोमा अग्रसर गराउने काम यी तेस्रो चरणका गुरुले गर्दछन् । रिसाल गुरुले मलाई यही ज्ञान दिनु भएको छ । हामी ५०/६० जनालाई प्रत्येक दिन जाडोगर्मी नभनी विगत अठार वर्षदेखि उहाँले आध्यात्मिक ज्ञान बाँडी रहनु भएको छ । बाल्य कालमा पाउन न सकेको ज्ञान अचेल हामी गुरुबाट पाई रहेका छौ ।

रेणुका रेग्मी, डिल्ली बजार, काठमाडौं, फोन : ४४११२३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाल्य कालदेखि नै शिवगोपाल रिसालको सत्शास्त्रको अध्ययन र सत्संगमा असाध्यै अभिरुचि थियो । खप्तड बाबा, मस्तराम बाबा, श्यामचेतन बाबा, डा. क्षितीशचन्द्र बाबु, प्राध्यापक बदरीनाथ भट्टराईहरूसँग उहाँको सत्संग भई रहन्थ्यो । उहाँ साधुसन्तमा अगाध श्रद्धा राख्नु हुन्छ । नित्य निरन्तर धर्मशास्त्र तथा वेदान्त विज्ञानको अध्ययन, अनुसन्धान र अध्यापन गरी उहाँको समय व्यतीत हुन्छ । उहाँ भगवद्मय र अध्यात्ममय बनी सक्नु भएको छ । अठार वर्षदेखि अनवरत रूपमा चलेको स्वाध्यायबाट धेरैले आत्मलाभ पाई रहेका छन् । यो ज्यादै नै सराहनीय कुरा हो । म गुरुलाई नमन गर्दछु ।

रेखा शर्मा (चालिसे), माली गाउँ, काठमाडौं, फोन : ४४३२३१०, मोबाइल : ९८४१५२६९६१ ।

आदरणीय प्रा. शिवगोपाल रिसाल, मिठो भाषा बोल्ने, ज्ञानको उज्यालो छर्ने र आत्मानन्दको प्रसन्नतामा रहने धार्मिक निष्ठा भएका व्यक्ति हुनु हुन्छ । नियमित रूपले ठाउँ ठाउँमा सत्संग गर्ने र जिज्ञासुहरूका प्रश्नको चित्त बुझ्दो जवाफ दिएर समस्याको समाधान गर्ने उहाँ महापुरुष हुनु हुन्छ ।

मैले पनि उहाँको आशीर्वाद पाएकी छु । मैले धेरै अगाडि *अष्टावक्रगीता* बारे एउटा पुस्तक लेखेकी थिएँ । एक दिन टंगाल स्थित लक्ष्मीनारायण मन्दिरमा उहाँले *कसैको केही जिज्ञासा छ भने भन्नु होस्* वा *लेख छ भने मलाई देखाउनु होस्* भन्नुभयो । मैले उक्त पुस्तक उहाँलाई देखाएँ । उहाँले मलाई *प्रयास गरेको राम्रो छ, भाषा शुद्ध पारेर किताप प्रकाशित गर्नु होस्* भन्नु भयो । उहाँको आर्शीवाद स्वरूप मैले *अष्टावक्रका केही उपदेश* भन्ने शीर्षक दिएर पुस्तक प्रकाशित गरें ।

रिसाल गुरु सत्कार्यमा लाग्न सबैलाई प्रोत्साहन दिने, नेपाली भाषा र साहित्यको प्रवर्धन गर्ने र आफूमा रहेको अनुभव तथा ज्ञान बाँडेर प्रसन्न बन्दै अरूलाई पनि प्रसन्न तुल्याउने व्यक्ति हुनु हुन्छ ।

लालाजी खड्का, लगनखेल, ललितपुर, मोबाइल : ९८४१७०३१०२ ।

रिसाल गुरु अध्यात्म विषयको लेखन तथा प्रवचनमा ज्यादै निपुण र प्रतिभाशाली व्यक्ति हुनु हुन्छ ।

विभा शर्मा, झम्सीखेल, ललितपुर, फोन : ५५३९३६५ ।

गुरुको सान्निध्य पाएर नै हामीले वास्तविक जीवनको रहस्य के हो र हामी कस्तो बाटोमा हिँड्नु पर्छ भन्ने कुराको मूल मर्म थाहा पाएका छौं ।

विष्णुलोचन न्यौपाने, सिपा तिन घरे, सिन्धुपाल्चोक, हाल बालकोट-९, भक्तपुर, फोनः ६६३१७१५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिको सर्वोत्तम उपहार मानिएको मानव जाति निरन्तर सत्कार्यको अनुष्ठानबाट ब्रह्म साक्षात्कार गर्न सक्तछ भन्ने कुरा ब्रह्म विद्याका साधकहरू बताउँदै आएका छन् । अनेकौं महापुरुषका जीवन गाथाको अध्ययन गर्दा पनि यो कुरा थाहा हुन्छ । वैदिक ग्रन्थहरूले यस्तो चिन्तनमा आधृत दिव्य मार्ग निर्माण गरेका छन् । *तमसो मा ज्योतिर्गमय*को महावचन यसै क्रममा प्रकट भएको मानिन्छ ।

देवभूमि, ऋषिभूमि र तपोभूमि मानिने पवित्र धरा नेपाल हो । अनेकौं ऋषि महर्षि र तप साधक सत्पुरुषले जन्म लिएको भूमि पनि यो हो । महान् कर्तव्याचरण तथा अविश्रान्त कर्म योग गरेर आध्यात्मिक ज्योतिपुञ्ज बनेका महात्माहरू यस भूमिमा प्राचीन कालदेखि नै देखिँदै आएका हुन् । मेरा विचारमा प्रा. शिवगोपाल रिसाल पनि ऋषि तुल्य यस्तै व्यक्ति हुनु हुन्छ । सात दशकको उमेर पार गरी सकेका उहाँ सुयोग्य मातापिताका सन्तति, सत्त्वगुणी, सनातन परम्पराका अध्येता, काव्यकार, सौम्य मूर्ति र प्रसिद्ध प्राध्यापक हुनु हुन्छ । मेरा पिताजी सूर्य लोचन न्यौपाने उहाँको अद्वैत वेदान्त बारेको व्याख्यान सुनेर प्रसन्न बनी घरमा फर्केपछि जाने बुझेका कुरा परिवारका सदस्यहरूलाई सुनाउनु हुन्थ्यो र उहाँको निकै प्रशंसा गर्नु हुन्थ्यो । आजभन्दा तिस वर्ष अगाडि ललितपुरको सत्सङ्गमा *अध्यात्मरामायण* उत्तरकाण्ड रामगीताको ५/१७ अनुक्रमको श्लोकमा वर्णित **नेति नेति** भनेको के हो भन्ने प्रश्न मैले प्रा. रिसालसित सोधेको थिएँ । उहाँले मैले गरेको प्रश्नलाई उत्तम स्तरको प्रश्न भन्नु भएको थियो र मेरो परिचय माग्दै उक्त प्रश्नको उत्तर दिनु भएको थियो । त्यसबाट म सन्तुष्ट भएको थिएँ ।

समुदय र अन्य विभिन्न पत्रिकामा प्रकाशित रिसाल गुरुका महत्त्वपूर्ण लेख मैले पढेको छु । ती लेखहरूले पनि उहाँलाई ब्रह्म विद्याका ज्ञाता र अध्यात्म साधकका रूपमा स्थापित गर्न सहयोग पुऱ्याएका छन् । *श्रीविष्णुसहस्रनाम*को नेपाली अनुवादमा उहाँले प्रयोग गरेको सरल भाषा र प्रत्येक नामको अर्थको स्पष्टता विशेष किसिमको छ । त्यसै गरी उहाँको *संसार कस्तो छ ?* भन्ने पुस्तकको **ब्रह्मगायत्री–हाम्रो सर्वस्व** शीर्षकको निबन्धमा दिइएको गायत्रीको परिचय, व्याख्या र माहात्म्य बेजोड मानिन्छ । त्यस पुस्तकका प्रत्येक निबन्धले ईश्वरीय तत्त्वलाई स्पष्ट गरेका छन् ।

गद्य पद्य दुवैमा गतिशील रूपमा कलम चलाउन सक्ने, अद्वैत वेदान्तका गूढ रहस्यको व्याख्या स्पष्ट रूपमा गर्न सक्ने, धारा प्रवाह प्रवचन दिन सक्ने, गहनदेखि अति सामान्यसम्मका श्रोतालाई प्रभाव पार्ने गरी विचार राख्न सक्ने, बोली र व्यवहारमा एक रूप कायम गर्न सक्ने रिसाल गुरु साँच्चिकै आचार्य हुनु हुन्छ । पचासभन्दा अधिक पुस्तकको प्रकाशन गरी उहाँले नेपाली साहित्यको भण्डार भर्नमा निकै ठुलो योगदान पुऱ्याउनु भएको छ । ब्रह्म विद्याका महान् साधक उहाँको बहुमुखी व्यक्तित्वमाथि प्रकाश पार्दै तयार हुन लागेको पुस्तकले उहाँका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारेमा थप धेरै कुराको जानकारी दिने नै छ । कर्म योगी रिसाल गुरुप्रति नमन गर्दै उहाँको आरोग्य, अनवरत अध्यात्म साधना र आनन्दमय सुदीर्घ जीवनको कामना गर्दछु ।

शम्भु के.सी, थसिखेल, ललितपुर, फोन : ५००८०२१ ।

संसाररूपी भव सागरबाट मुक्त हुने मार्ग देखाउने गुरु शिवगोपाल रिसाल हुनु हुन्छ । त्यसैले म उहाँसित आकर्षित भएको हुँ ।

शान्ता के.सी, कुसुन्ती, ललितपुर, फोन : ५५३७६७२ ।

सरल भाषामा आत्मा र परमात्माको ज्ञान गराउन सक्ने, हँसिलो स्वभावको, ज्ञानबाटै मोक्ष प्राप्ति हुन्छ भन्ने कुरा बताउने र गहन कुरा प्रभावकारी तथा सहज ग्राह्य तवरले बताउने उहाँ सही अर्थमा गुरु हुनु हुन्छ ।

शारदा प्याकुरेल, नक्साल, फोन : ४४३४९२७ ।

प्राध्यापक शिवगोपाल रिसालमा मैले निम्न लिखित विशेषता पाएको छु :

१. सरल र व्यावहारिक तरिकाबाट सजिलैसँग ज्ञान प्राप्त गर्ने साधना बताउनु ।
२. शान्त स्वभावको हुनु र सद विचार तथा सात्त्विक आहार विहारमा रहनु ।
३. प्रवचनका सिलसिलामा न बुझिएका कुरा सोध्नु र तिनलाई स्पष्ट गर्नु ।
४. आफू ज्ञानी हुनु र अरूलाई पनि ज्ञानी बनाउने प्रयत्न गर्नु ।
५. परमतत्त्वको बोध गर्ने गराउने अभियान सशक्त रूपमा चलाउनु ।

शारदाप्रसाद पौडेल, अमरावती मार्ग, काठमाडौं-३५ ।

उहाँको नाम शिव र गोपाल दुई शब्दहरू मिलेर बनेको छ । भगवान् शंकरमा ज्ञानको स्थिरता र त्यागको पराकाष्ठा पाइन्छ भने गोपाल अर्थात् भगवान् कृष्णमा सबैलाई आकर्षित गर्ने तथा मोहित गरेर सबैको मन जित्ने गुण पाइन्छ । शास्त्रले नाम भिन्न भए पनि यी दुई एउटै शक्ति हुन् भनेको छ । प्रकारान्तरले शिवगोपाल नाम प्राध्यापक रिसालका लागि अति उपयुक्त छ किनभने **शिव र गोपाल**का सबै गुण उहाँमा मूर्तिमान भएर रहेका देखिन्छन् । यस्तो मिल्दो नाम राख्ने उहाँका मातापिता प्रशंसाका पात्र हुनु हुन्छ ।

प्राध्यापक रिसालमा मृदु, विनीत र सरल छविभित्र अद्वैत वेदान्त दर्शनको एक प्रकाण्ड विद्वान् लुकेको पाइन्छ । आदिगुरु शंकराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्त दर्शन बारे विवेक ख्याति प्राप्त गरेर प्राध्यापक रिसालले त्यसलाई अन्तरङ्ग र बहिरङ्ग दुवै प्रकारले आत्मसात् गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्नु भएको छ । वेदान्तमय बनेको उहाँको व्यवहार, स्वभाव, चरित्र र सोचाइ एक स्थितप्रज्ञ व्यक्ति सरह भई सकेको छ । लोक यात्राका क्रममा उहाँका कैयौं लौकिक र बौद्धिक पक्षहरू छन् जसले प्राध्यापक रिसाललाई एक बहुआयामिक व्यक्तित्व बनाएको छ ।

उहाँ एक कुशल शिक्षक, प्राचार्य, प्राज्ञ, अनेकानेक ग्रन्थका रचयिता, सामाजिक कार्यकर्ता, सफल गृहस्थ र सुमधुर तथा मोहक प्रवचनकर्ता हुनु हुन्छ । उहाँ जन्म, मृत्यु, जरा, व्याधि र तिनका साथ उब्जने दुःख र दोषका द्रष्टा हुनु हुन्छ र आफ्ना कृति तथा प्रवचनका माध्यमबाट उहाँ जन समुदायलाई तिनबाट कसरी उन्मुक्ति पाउन सकिन्छ भनेर सम्झाउनु हुन्छ । प्रवचन दिँदा उहाँ वेद, ब्राह्मण, ब्रह्मसूत्र, उपनिषद्का उदाहरणहरूलाई सरल तुल्याएर प्रस्तुत गर्नु हुन्छ । गम्भीरभन्दा गम्भीर कुरा पनि सबैले बुझ्न सक्ने बताउने उहाँ प्रखर वक्ता हुनु हुन्छ ।

शारदा रिमाल, जावलाखेल, स्वाध्याय परिवार ।

श्रद्धेय गुरु प्रा. शिवगोपाल रिसाल *घरमा पस, बस, न फस, घाम अस्ताउन लाग्यो है ढिलो भयो* भन्नु हुन्छ । सारै सरल, शान्त र श्रोत्रिय ब्रह्मनिष्ठ भएकाले उहाँका आध्यात्मिक अमृतमय वाणी सुन्न बिहान सधैं मैले स्वाध्यायमा जाने गरेको छु ।

शिवा रिमाल, जावलाखेल, ललितपुर ।

गुरुको महिमा अपरम्पार छ । गृहस्थ गुरु पाउनु पनि सौभाग्यको कुरा हो । स्वाध्याय परिवारमा मैले श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको प्रवचन सुनेको सत्र वर्ष पुरा भई अठार वर्ष लाग्यो । गुरुले हामीलाई जन्म र मृत्युबाट पार पाउनका लागि ज्ञानामृत पान गराई रहनु भएको छ । यस्तो अवसर पाएर हामी भाग्यमानी भएका छौं ।

शोभा रिमाल, जावलाखेल, ललितपुर, फोन : ९८४१४३५१८४ ।

सम्पूर्ण दुःखको निवृत्ति गर्न र अखण्ड आनन्द प्राप्त गर्न गुरु हामीलाई अभिप्रेरित गर्नु हुन्छ । उहाँ आनन्द आफूभित्रै छ भन्नु हुन्छ । *संसारमा दौडेर सुख पाइँदैन, त्यो त आफूभित्रै छ* भन्ने उहाँको कथन शास्त्रसम्मत देखिन्छ । जसरी बाबुआमाले आफ्ना सन्तानलाई असल बनुन् भन्ने उद्देश्यले राम्रो संस्कार दिन्छन् त्यसै गरी गुरुले शिष्यलाई आत्मज्ञान गरेर मुक्त तुल्याउन आफूले जाने बुझेका कुरा सिकाउनु हुन्छ । नजानेका नबुझेका कुरा सोधेमा अत्यन्त खुसी भएर छलफलका माध्यमबाट छर्लङ्ग हुने गरी बुझाउने काम रिसाल गुरु गर्नु हुन्छ । वरको बिउमा हाँगा, पात, फलफुल जस्ता कुरा अप्रकट रूपमा रहे जस्तै ब्रह्म पनि देखिने न देखिने सम्पूर्ण तत्त्वमा विद्यमान छ भन्ने कुरा गुरु बताउनु हुन्छ । शरीरलाई नै आफू ठान्ने हुँदा हामी दुःखमा डुब्दछौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा शरीर हामी होइनौं । हामी त सत्, चित, आनन्द, शुद्ध, बुद्ध स्वरूप ब्रह्म हौं र सदा मुक्त छौ । यस्तै ज्ञान गुरुबाट हामीले पाउँदै आएका हुनाले उहाँप्रति ज्यादै श्रद्धा गर्दछौं ।

श्यामप्रसाद रिमाल, ब्रह्मजिज्ञासु, जावलाखेल, ललितपुर, फोन :-५५२६६३० ।

तत्त्वदर्शी ज्ञानी गुरु प्रा. शिवगोपाल रिसाल हामीलाई ब्रह्मबोध वा आत्मबोधका कुरा सिकाउनु हुन्छ । *मान्छे सदा सर्वदा बनिबनाउ, परिपूर्ण, अखण्ड ज्ञानस्वरूप, चैतन्य, आनन्दघनरूप सत्मूर्ति हो* भन्ने कुरा उहाँ बताउनु हुन्छ । रिसाल गुरुको प्रवचनबाट म अत्यन्त प्रभावित भएको छु ।

सञ्जय अधिकारी, ठमेल काठमाडौं, मोबाइल : ९८४१२४०२९८ ।

विहान उठेदेखि न सुतेसम्म वेदान्तको चर्चा परिचर्चामा लागी रहने व्यक्तित्व भएकाले म प्रा. रिसालप्रति श्रद्धा गर्दछु ।

सरला थापा ।

श्रोत्रिय ब्रह्मनिष्ठ प्रा. रिसाल गुरु ज्ञान विज्ञानका मर्मज्ञ र अध्यात्म विद्याका व्याख्याता हुनु हुन्छ । *आनन्दको खोजी आफूभित्रै गर्नु पर्दछ, बाहिर भौंतारिएर आनन्द पाइँदैन* भन्ने कुरा उहाँ बताउनु हुन्छ ।

सानुमैया के.सी., इमाडोल गा.वि.स., ललितपुर, फोन : ५२०११९६ ।

घाम अस्ताउन लाग्यो पस, बस, घरमा नफस भन्ने वचन, अनेकौं हृदयस्पर्शी उपदेश र श्रवण, मनन, निदिध्यासनबाट मुक्तिको ढोका खुल्ने कुरामाथि प्रकाश पार्ने आदरणीय रिसाल गुरु मेरा निम्ति श्रद्धाका पात्र हुनु हुन्छ ।

सुभद्रा रिसाल, जावलाखेल, ललितपुर, फोन : ५५३६२१९ ।

गुरुले दिएका प्रवचनमा *घरमा पस्नू, घरमा बस्नू, घरमा नफस्नू* भन्ने कुरामा जोड दिइएको हुन्छ । उहाँका उपदेशबाट प्रेरित भई म स्वाध्यायमा निरन्तर संलग्न हुने गर्दछु ।

सुशीला राणा, कालिमाटी, काठमाडौं, फोन : ४०३०६९६ ।

आफ्नो जीवन लोक कल्याणमा समर्पण गर्ने महात्माहरूका माझमा अत्यन्त मृदुभाषी, सौम्य, सत्य संकल्प, कर्मठ प्रा. शिवगोपाल रिसाल गुरुको छुट्टै स्थान छ । अघिका समयमा गुरु आचार्यहरू कस्ता कस्ता थिए भन्ने कुराका बारेमा हामीले सुनेका छौं । आजको समयमा सच्चा गुरु कस्ता हुन्छन् भनेर कसैले सोधेमा उहाँलाई नै देखाई दिए हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै भाषा जान्नेले पनि सपनामा त आफ्नै मातृभाषामा कुरा गरेको दृश्य देख्दछ । आत्मानुसन्धानप्रति चासो राख्ने कसैले पनि आत्मज्ञानका रहस्य जान्नबाट वञ्चित हुन नपरोस् भनी जिज्ञासुलाई विभिन्न दृष्टान्त दिएर सरल तरिकाबाट ज्ञानका गम्भीर कुरा बुझाउने काम गुरु गर्नु हुन्छ । उहाँको अथक प्रयासको प्रमाण स्वाध्याय परिवार अठार वर्षदेखि अविच्छिन्न रूपले सञ्चालित हुनु हो । विभिन्न ठाउँमा गुरुका स्वाध्याय र सत्संग चल्दछन् । उहाँले रचना गरेका चार दर्जनभन्दा बढी अध्यात्म दर्शनका पुस्तकले उहाँको स्पष्ट परिचय दिएका छन् ।

६.२.२ इन्जिनियरहरूका भनाइ

प्रा. रिसालले अध्यात्म क्षेत्रमा गरेका कामबाट प्रभावित इन्जिनियरहरूका भनाइ यस अंशमा दिइएको छ ।

देवीप्रसाद चापागाईं (इ.), काठमाडौं, फोन : ४४७१९५० ।

प्रा. शिवगोपाल रिसालसँगको मेरो परिचय २०१५ सालदेखिको हो । उहाँ मेरा दाइका पनि साथी हुनु हुन्छ । उहाँमा रहेको अध्यात्म ज्ञानका बारेमा मैले २०२४ सालमा थाहा पाएको हुँ । उहाँका कर्म, भक्ति र ज्ञान सम्बन्धमा लिखित थुप्रै पुस्तकहरू महत्त्वपूर्ण छन् । आध्यात्मिक प्रवचनमा पनि उहाँ ज्यादै प्रखर हुनु हुन्छ । उहाँको वाणी सुमधुर छ । विभिन्न धार्मिक संघ संस्थामा पनि उहाँको ठुलो भूमिका रहेको छ ।

वसन्त रायमाझी (इ.), धोबीघाट, ललितपुर, फोन : ५५३५१७५ ।

वेदान्त दर्शनको ज्ञानका भण्डार प्रा. रिसाल गुरुको सामीप्य पाउनु हाम्रो अहोभाग्य हो । मलाई उहाँका निम्न लिखित कुरा मन पर्दछन् :

१. सबैप्रति दया भाव र समभाव राख्नु ।

२. वेदान्त दर्शन जस्तो कठिन मानिने विषयलाई अति सरल शैलीमा व्याख्या गर्नु ।

३. प्रकाण्ड विद्वान् भएर पनि सरल, सहज, नम्र, निरभिमान एवं व्यवहार कुशल हुनु ।

सीताराम खत्री, कोटेश्वर, फोन ५१४७१८५ ।

वेदान्त जस्तो ब्रह्मविद्या जहाँ पायो त्यहाँ सुन्न पाइँदैन । हामीले स्वाध्याय परिवार तफाल्हो जावलाखेल, ललितपुरमा श्रद्धेय श्रोत्रिय ब्रह्मनिष्ठ गुरुबाट अठार वर्षदेखि नित्य निरन्तर त्यस विद्यामा रहेको ज्ञान सुन्न पाई रहेका छौं । यो हाम्रो पुण्यको परिपाकको परिणाम हो । यस्तो अवसर पाउने हामी सारै भाग्यमानी छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूमा रहेको ज्ञान र अनुभव अरूलाई पनि थाहा होओस् र त्यसको लाभ सबैलाई मिलोस् भन्ने ध्येयले गुरुले स्वाध्याय र सत्सङ्ग गर्नु हुन्छ । श्रुति, युक्ति तथा विभिन्न दृष्टान्तद्वारा सरल र मिठो तरिकाबाट त्यस प्रकारका कुरा उहाँ स्पष्टसित बुझाउनु हुन्छ । उहाँका अमृतमय वाणी र शास्त्रहरूको अध्ययनबाट प्राप्त ज्ञान तथा अनुभव चार दर्जनभन्दा बढी पुस्तकमा राखिएको छ । यी ग्रन्थमा भनिएका कुरा जीवनमा उतार्न सके भव सागरबाट सजिलैसँग पार पाउन सकिन्छ भन्ने मेरो विश्वास छ ।

गुरुका पुस्तकमा मलाई पद्य ज्यादै मन पर्ने हुनाले फुर्सद पाउनासाथ म उहाँका पद्यका पुस्तक पढेर आनन्दित हुन्छु । कहिलेकाहीं कुनै शीर्षक धेरै चोटि दोहोऱ्याएर पनि म पढ्दछु । त्यसरी अध्ययन गर्दा कतिपय पाठमा म स्वभावतः भावुक हुन्छु र *धन्य! धन्य! गुरुदेव* भन्दै रुन्छु पनि । वेदान्त दर्शनको ज्ञानले भरिएका यहाँ उद्धृत पद्यका साथै अनेकौं अन्य पद्यले मलाई भावुक बनाएर धेरै पटक रुलाएका छन् ।

कताबाट आएँ ? कहाँ जानु पर्ने ?
म को हुँ ? कहाँ छु ? कसोरी त तर्ने ?
गरौं खोज आजै यही जान्नु पर्छ ।
नजाने किरो झैं कतै झर्छ मर्छ ।।
सम्पूर्ण विद्यालयको पढाइ ।
भोगादि भोग्दै हुन गो सडाइ ।।
आत्मा मनै ब्रह्म भनी पढेनौ ।
मभित्रको ईश्वर नै चिनेनौ ।।
मर्ने र जन्मने चोला, कति हैरान पाइयो ।
कृपा ईश्वरको बस्र्यो, मान्छे भैकन आइयो ।।
गुरुबाट लिई ज्ञान, आत्मोद्धार भयो भने ।
जन्मेको सार भो धन्य, वेदादि शास्त्रले भने ।।
मलाई त मैले नजानी भएन ।
नजानेर चिन्ता कहिले गएन ।।
म ता ब्रह्म जाने सदा शान्ति शान्ति ।
हटे भ्रान्ति सारा बढे कीर्ति कान्ति ।।
गरूँ कर्म, सेवा विशुद्धै बनूँ म ।
गरूँ ज्ञान आजै ढिलो पो भएँ म ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएँ ब्रह्म पैले म ता जीव हैन
बनूँ ब्रह्म ऐले अहा ! धन्य धन्य !!
देव दुर्लभ यो चोला अत्यन्तै पुण्यले मिल्यो
मोक्ष नै लक्ष्य हो बाटो भुल्यो कि कालले निल्यो ।।

मनुष्य चोला लिएर हामी जन्मेका छौं । मनुष्य जीवन सार्थक बनाउन चाहने व्यक्तिलाई म स्वाध्याय परिवारमा आउन आग्रह गर्दछु । यहाँ ज्ञान गंगा अविरल रूपमा बगी रहेको हुन्छ । साथै श्रद्धेय गुरुका पुस्तकहरू पढ्न पनि म निवेदन गर्दछु । श्रद्धेय रिसाल गुरुको जीवन अध्यात्ममय छ र सत्संग बाहेक अरू कुरा गर्न उहाँ रुचाउनु हुन्न ।

६.२.३ ऋषि, तपस्वी, योगी, सन्न्यासीहरूका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित ऋषि, तपस्वी, योगी, सन्न्यासीहरूका भनाइ यहाँ राखिएको छ ।

आत्मानन्द गिरि, महामण्डलेश्वर, देवघाट ।

प्रा. शिवगोपाल रिसाल नेपाली साहित्य जगत्का अक्लान्त साधक हुनु हुन्छ । पौरस्त्य दर्शनका पनि उहाँ उद्भट चिन्तक हुनु हुन्छ । लेखन शैलीमा सिद्धहस्त हुनु र व्याख्यानमा प्रकाण्ड वक्तृत्व हुनु उहाँका कौशल हुन् । सबै मिलाएर हेर्दा विशिष्ट दार्शनिक, साहित्यकार, चिन्तक, लेखक तथा व्याख्याता भएकाले उहाँ बहुप्रतिभाका धनी देखिनु हुन्छ । प्रा. रिसालको सुदीर्घ जीवन, सुस्वास्थ, मुमुक्षुहरूको सेवा तथा आनन्दमय भविष्यका लागि भगवान् पशुपतिनाथसँग म प्रार्थना गर्दछु ।

ज्ञानानन्द सरस्वती, देवघाट ।

प्रा. शिवगोपाल रिसाल व्यावहारिक पक्षमा मृदुभाषी, यथार्थभाषी, मितभोजी, सरल र धर्म, संस्कृति तथा संस्कृत वाङ्मयको संरक्षणमा समर्पित हुनु हुन्छ । त्यसै गरी पारमार्थिक पक्षमा उहाँ अध्यात्म विद्याका अध्येता, सिद्धहस्त लेखक, कुशल व्याख्याता र मोक्षमा दृढ निश्चय भएको कुरा मैले अनुभव गरेको छु । नेपाली र संस्कृत साहित्यका विद्वान् प्रा. रिसाल शैक्षिक र बौद्धिक क्षेत्रका अग्रणी प्रतिभा हुनु हुन्छ । खास गरी पौरस्त्य दर्शनमा उहाँका चिन्तनहरू मानव जीवनका लागि मार्ग निर्देशक बनेका छन् । *म को हुं ?* भन्ने आध्यात्मिक कृतिबाट उहाँले वेदान्त दर्शन अनुसारको आत्मतत्त्वलाई स्पष्ट र सरल भाषामा चिनाउनु भएको छ । उहाँका *विष्णुसहस्रनाम* जस्ता व्याख्यात्मक कृति पनि प्रकाशित छन् । *पद्मकन्या* महाकाव्य जस्ता रचनाबाट प्रा. रिसालले आफ्नो काव्य रचना क्षमतालाई उचाइमा पुऱ्याउनु भएको छ । उहाँसँगै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राध्यापन गरेको सहकर्मीका नाताले पनि उहाँको विद्वता बारे म निकै परिचित भएको हुँ । प्रा. रिसालले संस्कृतका साथै नेपाली भाषा साहित्यको लेखनमा र अध्यात्मको उन्नयनमा विशेष योगदान पुऱ्याउनु भएको छ । नेपालका एक जना प्रबुद्ध शैक्षिक, साहित्यिक तथा आध्यात्मिक व्यक्तित्वका रूपमा म उहाँलाई सम्मान गर्दछु ।

प्रपन्नाचार्य (डा.स्वामी), ध्रुवस्थली, पशुपतिनाथ ।

वेद र संस्कृतका महान् विद्वान् पण्डित छवि लाल पोख्रेल मेरा मित्र हुनु हुन्थ्यो । उहाँका माहिला छोरा गोकुल पोख्रेल गोरखापत्रका प्रधान सम्पादक हुनु हुन्थ्यो । कुनै बखत म धरानबाट काठमाडौं पण्डित छविलालको साथमा आएको थिएँ । अनि उहाँका छोरा गोरखापत्रका प्रधान सम्पादक गोकुल पोख्रेलको घरमा हामी वास बस्यौं । राती विष्णु गोपाल रिसालको *त्यहाँ पण्डित छवि लाल पोख्रेलसँग स्वामी प्रपन्नाचार्य काठमाडौं आउनु भएको छ रे, जावलाखेल सत्संग परिवारमा प्रवचन गर्नका लागि उहाँलाई पठाई दिनु पऱ्यो* भन्ने खवर आयो । अर्को दिन बिहानै पण्डित छवि लाल म भएर जावलाखेल सत्संग परिवारमा गयौं । त्यहाँ साँझपख ४ देखि ६ बजेसम्म वेदान्त दर्शन, *श्रीमद्‌भगवद्‌गीता, रामायण* जस्ता विषय र ग्रन्थमा प्रवचन हुँदो रहेछ । पहिलो दिन मलाई सत्संग परिवारको कटेरामा सानो चकटी ओछयाई दिएर भाषण गर्न लगाए । त्यतिखेर पूर्वी नेपालमा मेरो नाम चली सकेको थियो । काठमाडौंमा भने नयाँ जस्तै थिएँ तर उनले दिएको पिरामा बसेर भगवती, सरस्वती, लक्ष्मी र विष्णुलाई आराधना गरेर मैले भाषण सुरु गरें । भाषण सुरु गर्नुभन्दा पहिले मैले *कति समयसम्म भाषण गर्नु पर्ने हो* भनेर सँगै बसेका विष्णु गोपाल र प्रा. शिवगोपाल दुवै भाइलाई सोधें । सायद प्रा. शिवगोपाललाई विश्वास भएन होला र उहाँले भन्नु भयो *जति समयसम्म भाषण गर्नु सक्नु हुन्छ त्यति समयसम्म गर्ने ।* उहाँले मलाई पत्याउनु भएन जस्तो लागेकोले *मैले बोल्न नछोडेसम्म तपाईंहरू बस्न सक्ने हो* भनेर सोधें । उहाँहरूले *बस्न सक्छौं* भन्नु भयो ।

त्यसपछि मैले अद्वैत र विशिष्टाद्वैतको तुलना र सत्यता विषयमा भाषण गर्न सुरु गरें । मैले भूमिका जमाउँदै गर्दा उहाँहरूले *समय भयो* भनेर हल्ला गर्न थाल्नु भयो । मैले *म त भूमिका मात्र बनाउँदै छु, विषयमा प्रवेश गरेर विश्लेषण गर्न बाँकी छ* भन्दा *अब भोलि भन्नु होला* भनेर कार्यक्रम बन्द गर्नु भयो । भोलिपल्ट मेरो बनारस जाने कार्यक्रम थियो तर बेलुका दाजु विष्णु गोपालको घरमा आएर प्रा. शिवगोपालले मसित भन्नु भयो *तपाईंलाई हामी छोड्दैनौं ।* मैले बनारस जानु आवश्यक भएको कुरा गर्दा पनि उहाँले *कम्तीमा एक हप्ता बस्नु पर्छ त्यसपछि हामी रोक्दैनौं* भन्नु भयो । उहाँको अनुरोध टार्न न सकी काठमाडौंमै बस्न म बाध्य भएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ दैनिक बेलुका ५ बजेदेखि सत्संग सुरु हुन्थ्यो र ७ बजे बन्द हुने गर्थ्यो । सत्संग सिद्धिएपछि सबै श्रोताहरू आआफ्ना घर फर्कन्थे । परिपक्व उमेरका महिला र पुरुष त्यहाँ भेला हुन्थे । मैले एक दिन भाषणमा *युवा वर्गको सहभागिता न हुँदासम्म यस देशको र समाजको कल्याण हुँदैन* भनेपछि अर्को दिनदेखि केही विवाहित युवाहरू आउन थाले । त्यहाँ मेरो प्रवचन चल्दै गयो । त्यसै क्रममा एक दिन विष्णु गोपालको घरमा भुटेका मकै खाँदै वेदान्तको चर्चा चल्यो । प्रा. शिवगोपाल रिसालले *दाँतले काम गर्छन्* भनेर सोध्नु भयो । मैले *अहिले एक पाथी मकै भुटेर राखी दिए हुन्छ, त्यति भएपछि म भात खोज्दिनँ* भनें । यो कुनै कहानी होइन । यो वास्तविक घटना हो । यसरी प्रा. शिवगोपाल रिसालसित मेरो प्रारम्भिक परिचय भएको हो । पछि मैले बुझ्दै जाँदा र अध्ययन गर्दै जाँदा उहाँ त पद्मकन्या कलेजका विद्वान् प्रोफेसर पो हुनु हुँदो रहेछ भन्ने कुरा थाहा पाएँ ।

त्यसपछि बेला बखतमा अनेकौं सभाहरूमा सँगै प्रवचन गर्ने अवसर हामी दुवैलाई प्राप्त हुन थाल्यो । प्रा. शिवगोपाल रिसाल आज पनि प्रवचन गर्दै हुनु हुन्छ र लेख लेख्नु हुन्छ भन्ने सुनेको छु । उहाँ नेपाल राष्ट्रका अमूल्य विद्वत् रत्न हुनु हुन्छ । उहाँले धेरै किताप र लेख लेख्नु भएको छ र थुप्रै ठाउँमा धार्मिक प्रवचन दिनु भएको छ । नेपाल राष्ट्रलाई उहाँको अमूल्य देन छ । अब संसारको नियम यस्तै हो । अनुभवी व्यक्तिहरूले बुझेको कुरा यो हो । उहाँ पनि वृद्ध भई सक्नु भयो । साहस होला तर हात खुट्टाले काम न गर्ला । बिस्तारै आँखा र कानले पनि काम न गर्ला । यो संसारिक नियम हो । संसार भनेको **अस्ति, जायते, वर्धते, विपरीणमते, अपक्षीयते, विनश्यति** भनिने षड्भाव विकार हो । यी विकारभित्र हामी सबैले पर्नु नै पर्ने हुनाले हामीलाई संसार भनिन्छ । संसार भनेको **सङ् सरते, षड्भाव विकारं प्राप्नोति इति संसार** हो ।

महान् दार्शनिक प्रा. शिवगोपाल रिसाल आफ्नो क्षेत्रमा अन्यतम व्यक्ति मानिनु हुन्छ । यस्तो महापुरुषको जति अभिनन्दन गरे पनि जति प्रशसा गरे पनि थोरै हुन्छ । कहीं भावमा कमी र कहीं भाषामा कमी हुनु त स्वाभाविक कुरा हो । यस्ता महान् विद्वान् प्रा. रिसाललाई मेरा तर्फबाट शतशः अभिवादन र प्रेम पुष्पाञ्जली समर्पित छ ।

रामानन्द गिरि (डा.स्वामी), देवघाट ।

प्रा. शिवगोपाल रिसालका कविताहरू सरस, सरल र मर्मस्पर्शी हुन्छन् । उहाँका सम्पूर्ण कविताहरूमा भक्ति, ज्ञान र वैराग्यको सुमधुर समन्वय देखिन्छ । *कर्म र उपासनालाई चित्त शुद्धिको साधनका रूपमा स्वीकार गरे तापनि अन्त्यमा जीव र परमात्माको एकताको साक्षात्कार न भइकन मोक्ष सम्भव छैन* भन्ने कुरामाथि उहाँ विशेष जोड दिनु हुन्छ । सम्पूर्ण उपनिषदहरूको सार पनि यही हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.२.४ गायन क्षेत्रका व्यक्तिका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित गायन क्षेत्रका साधकका भनाइ यहाँ प्रस्तुत गरिएको छ ।

प्रेमप्रसाद काफ्ले, वागीश्वरी-७, भक्तपुर, मोबाइल : ९८५१११२९५५ ।

आध्यात्मिक जगत्का तारा नेपालका सपुत प्रा. शिवगोपाल रिसाल कर्म योगी सद्गुरु हुनु हुन्छ । निकै लामो समय प्राध्यापन गरेका उहाँले वैदिक परम्परा र सनातन संस्कृतिको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याउनु भएको छ । पचास वटाभन्दा बढी पुस्तकका माध्यमबाट वैदिक दर्शनको ज्ञान पाठकलाई दिने काम उहाँले गर्नु भएको छ ।

म किशोरावस्थाको छँदा मेरा पितामह नारद मुनि र पिताजी लक्ष्मी प्रसाद काफ्ले *श्रीविष्णुसहस्रनाम*को नित्य पाठ गर्नु हुन्थ्यो र आराध्य देवता मानेर उहाँहरू भगवान् विष्णुको उपासना गर्नु हुन्थ्यो । त्यस बेलादेखि नै *श्रीविष्णुसहस्रनाम* जीवनमा काम लाग्ने महत्त्वपूर्ण कृति भएको कुरा मलाई लाग्दथ्यो । *श्रीविष्णुसहस्रनाम*मा उल्लिखित भगवान् विष्णुका एक हजार नामको नेपालीमा व्याख्या हुन सक्यो भने यस कृतिको उपयोगिता झनै बढ्ने थियो भन्ने कुरा मेरो मनमा खेली रहन्थ्यो ।

२०६२ सालको मध्यतिर मेरो परिचय रिसाल गुरुसित भयो । पहिलो पटककै भेटमा मैले उहाँलाई*स्कन्दपुराण*, *पद्मपुराण* जस्ता ग्रन्थमा पनि विष्णुसहस्रनाम राखिएको भए पनि भीष्म-युधिष्ठिर सम्वादका क्रममा *महाभारत*मा पाइने विष्णुसहस्रनाम उत्कृष्ट भएको कुरा निवेदन गरें । साथै नेपालीमा *श्रीविष्णुसहस्रनाम*को अनुवाद र भगवान् विष्णुका एक हजार नामको व्याख्या हुन सक्यो भने पाठकहरूलाई लाभ हुने कुरा उहाँ समक्ष राखें । मेरो आस्था, श्रद्धा र विश्वास देखेर उहाँले मलाई *तपाईंका कुरामा मेरो ध्यान जाने* छ भन्नु भयो । त्यसपछि हाम्रो सम्पर्क भई नै रह्यो र लगभग एक वर्षको समयमा उहाँले अनुष्टुप छन्द र सरल नेपाली भाषामा *श्रीविष्णुसहस्रनाम* तयार गर्नु भयो । उहाँमा रहेको प्रबल कवित्व, वर्क्तृत्व शक्ति, लगनशीलता र शिष्टता देखेर म चकित भएँ । उहाँलाई हृदयदेखि नै मैले गुरु मानेको छु ।

मेरा पितामह र पिताजी *श्रीविष्णुसहस्रनाम*को नित्य पाठ तथा अध्ययन र भगवान् विष्णुको उपासना गरेमा वाक्सिद्धि, आन्तरिक शक्तिको अभिवृद्धि र चित्त शान्ति हुने कुरा बताउनु हुन्थ्यो । त्यसकै प्रतिफल गाउँ ठाउँमा झैझगडा, विवाद, अशान्ति जस्ता समस्या आई पर्दा उहाँहरूले दिने सल्लाह मान्य हुन्थ्यो र उहाँहरूप्रति स्थानीय बासिन्दा निकै सम्मान गर्दथे । यो कुरा मैले आफू र मेरो परिवारका सदस्यमा पनि देखेको छु । यसबाट पारिवारिक शान्ति र समृद्धि प्राप्त हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्न म सक्तछु । यिनै विविध कारणले मैले त्यो पुस्तक प्रकाशन गर्ने अनुमति उहाँबाट लिएँ । उहाँबाटले स्वीकृति दिनु भयो । २०६४ साउन १७ गते त्यो पुस्तक प्रकाशित भयो । त्यसलाई आदरणीय पाठकहरूले निकै रुचाए । २०६७ सालमा त्यसको दोस्रो संस्करण प्रकाशित भयो । परिवार जनमा मैले *श्रीविष्णुसहस्रनाम ईश्वरीय कीर्तिगाथा भएकोले यस पुस्तकको प्रकाशन जति पटक गर्नु परे पनि तयार हुनू* भनेको छु र उनीहरूले पनि सहमति जनाएका छन् । त्यस कृतिका अधिकतर श्लोक मेरा कण्ठाग्रमा छन् । त्यसका आधाभन्दा ज्यादा श्लोक स्वर बद्ध गराई मैले सिडी समेत तयार गरेको छु । यो पुस्तक अनेकौं दृष्टिले उपयोगी छ ।

रिसाल गुरुका बारेमा ग्रन्थ तयार हुन लागेको कुरा सुन्दा ज्यादै खुसी लागेको छ । यस्तो काम त आफै गर्न पाए हुन्थ्यो भन्ने सोच मेरो मनमा पनि आएको हो तर यति ज्यादा गहन र कठिन प्राज्ञिक कर्म हुन सक्ने शक्ति मैले आफूमा पाउन सकिनँ । म त साधारण पाठक, ईश्वरको उपासक र गुरुको भक्त मात्र हुँ । पुस्तक प्रकाशित भएपछि आदरणीय गुरुका बारेमा मलाई थाहा न भएका धेरै कुरा पढ्न पाइने नै छ भन्ने आशा गरेको छु ।

६.२.५ चिकित्सकहरूका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित चिकित्सकका भनाइ यहाँ प्रस्तुत राखिएको छ ।

अर्जुन कार्की (डा.), पाटन अस्पताल, मोबाइल : ९८५१००५६३३ ।

उहाँ आध्यात्मिक चिन्तनमा अग्र पंक्तिमा रहेको मैले पाएको छु । आध्यात्मिक जगत्को उच्च तहमा पुगेको हुँदा हुँदै पनि उहाँको व्यवहारमा जुन सरलता, सहृदयता र विनम्रता प्रकट हुन्छ त्यो विशिष्ट खालको गुण मानिन्छ । उहाँबाट उच्च तहको ज्ञान लिन सके मनुष्य जीवन धन्य हुन्छ । उहाँका थुप्रै आध्यात्मिक पुस्तकहरू प्रकाशित छन् ।

भास्कर कायस्थ (डा.), मोबाइल : ९८५१०६४३८ ।

प्रा. शिवगोपाल रिसाल गुरुका बारेमा मैले केही कुरा भन्नु भनेको सूर्यका अगाडि दियो बाल्नु जस्तै हो । उहाँ त मेरा पिताजीका पनि गुरु हुनु हुन्छ । कक्षा ८, ९ मा पढ्दादेखि नै मैले उहाँको आध्यात्मिक प्रवचन सुनेको हुँ । उहाँ आफ्ना प्रवचनमा कर्म, भक्ति र ज्ञानका कुरा प्रचुर मात्रामा दृष्टान्त दिँदै सुनाउनु हुन्छ । निष्काम कर्ममा उहाँ जोड दिनु हुन्छ । *सुख खोज्नतिर न लागौं, सुख स्वरूप त आफै हो, त्यसको अनुभूति आफैले गर्न सकिन्छ* भन्ने कुरा पनि विशेष महत्त्व दिएर उहाँ बताउनु हुन्छ । गुरुको प्रवचन सुन्नु र उहाँले लेखेका पुस्तकहरू पढ्नु बुद्धिमानी हो ।

रामप्रसाद पोखरेल (डा.), मोबाइल ९८५१०३६०५५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म प्रा. शिवगोपाल रिसालसँग बेलायतमा पढ्न जाँदा परिचित भएको हुँ । मलाई कविता मन पर्ने भएकोले साहित्यका साथै आध्यात्मिक चर्चा पनि उहाँसँग त्यस बखत हुन्थ्यो । उहाँ एउटा आध्यात्मिक, धार्मिक क्षेत्रमा लागेको अनुभवी व्यक्तित्व हुनु हुन्छ । उहाँका थुप्रै पुस्तकहरू प्रकाशित छन् । ती पुस्तक पढेमा उहाँ कस्तो व्यक्ति हुनु हुन्छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

सुशील कोइराला (डा.), मोबाइल : ९८५१०३५९१६ ।

प्रा. शिवगोपाल रिसाललाई मैले मेरो अति मिल्ने साथीका पिताका रूपमा चिनेको हुँ । त्यो परिचयबाट अहिले मेरो उहाँसित बाबुछोराको जस्तै निकट सम्बन्ध भएको छ । उहाँद्वारा लिखित आध्यात्मिक पुस्तक मलाई उहाँले दिनु भएको छ । म बेला बेलामा ती पुस्तक पढ्छु । उहाँको धर्म र संस्कृतिप्रतिको आस्था, सरलता र सहजताले मलाई उहाँप्रति बढी आकर्षित गराएको छ । अध्यात्म तथा धर्म र संस्कृति सम्बन्धी कुरा सोध्नु परेमा मेरा निम्ति उहाँ विश्व ज्ञान कोश जस्तै बन्नु भएको छ । उहाँ विज्ञानप्रति पनि प्रशस्त आदर गर्नु हुन्छ । आध्यात्मिक लाभ लिन चाहनेलाई उहाँका कृति पढ्न म अनुरोध गर्दछु ।

६.२.६ ज्योतिषीहरूका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित र यिनको जन्म लग्नको अध्येता ज्योतिषीका भनाइ यहाँ दिइएको छ ।

जगमान गुरुङ (डा.), मोबाइल ९७४११६९२३० ।

प्रा. शिवगोपाल रिसालमा अध्यात्म चिन्तनको गहिराइ, वेदको ज्ञान, तत्त्वको बोध, सरल सहृदयी व्यवहार, गृहस्थ जीवनप्रति इमान्दारिता, शिष्य प्रेम, वेदान्त दर्शनको सार बुझाउन सक्ने क्षमता र नम्रताको मात्रा निकै ज्यादा देखिन्छ । उहाँका केही पुस्तकहरूको अध्ययन गर्ने मौका मैले पाएको छु । वैदिक वाङ्मयमा भएका अध्यात्म विद्याका गहन कुरालाई बुझिने र प्रयोग गर्न मिल्ने गरी स्पष्ट्याउन जति उहाँले सक्नु भएको छ त्यति अरूबाट भएको कम देखिन्छ । घर गृहस्थीमा बसेर पनि नित्य स्वाध्याय सत्संगका माध्यमद्वारा जन मानसमा अध्यात्मको ज्ञान भर्न सक्नु उहाँको विशेषता हो । म सहित मेरो परिवार उहाँका यस प्रकारका सत्कार्यबाट अनुगृहीत बनेको छ । उहाँको यो अभियान निरन्तर अघि बढी रहोस् र आगामी दिनमा पनि उहाँका मूल्यवान् कृति प्रकाशित भई रहुन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

जनक अर्याल (ज्योतिषी), काठमाडौं ।

प्रा. शिवगोपाल रिसालको कुण्डलीमा लाभेश, राज्येश र अष्टमेशका योगले जातकलाई स्वदेश तथा विदेशको भ्रमण र धन लाभ गराउने स्थिति देखिन्छ । कारकांश लग्न चतुर्थमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रमामा शुक्रको दृष्टि रहेकोले **चन्द्रशुक्रदृग्योगाभ्यां प्रासादः** भन्ने सूत्रानुसार सुविधा सम्पन्न निवासको प्राप्ति हुने पनि योग परेको छ ।

उहाँको कुण्डली अनुसार विंशोत्तरी ग्रह दशामा आद्य दशा (जन्म समयमा) भाग्येश चन्द्र हुनु पनि धार्मिक जीवन प्राप्त हुनु हो । यस कुण्डलीमा विंशोत्तरी ग्रह दशामा मङ्गल, चन्द्रमा, सूर्य, बृहस्पति ग्रहहरू शुभ देखिएका छन् भने शनि सामान्य फलदाता र बुध तथा शुक्र कष्टकारक ग्रहका रूपमा रहेका छन् । लग्नमा मङ्गल तथा नवांश कुण्डली पाप मध्यत्वमा रहेमा पति वा पत्नीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दछ । आत्मकारक सूर्य, मनोकारक चन्द्रमा र बल, पराक्रम तथा निजत्व कारक मङ्गल शुभ स्थिति एवं गुरुको बिच भङ्ग राजयोग हुँदा अदम्य साहस, प्रकाण्ड विद्वता, धारा प्रवाह प्रवचन सामर्थ्य, अध्यात्म निष्ठा र सुदृढ आत्म विश्वास प्राप्त हुन्छ । **मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये** भने झैं ज्यादै उत्तम योग परेका बहुतै कम मात्रामा पाइने कुण्डलीहरूमा उहाँको कुण्डली पनि पर्दछ ।

६.२.७ धर्म गुरुका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित धर्म गुरुका भनाइ यहाँ राखिएको छ ।

चिन्तामणि योगी, मोबाइल : ९८५१०९२८०५ ।

श्रद्धेय प्रा. शिवगोपाल रिसाल शिव र गोपालको आशीर्वाद प्राप्त व्यक्ति हुनु हुन्छ । शैव दर्शन, वेदान्तको गहिरो अनुसन्धान र तत्त्व ज्ञानको अनुभूति उहाँमा एकातिर देखिन्छ भने अर्कातिर साक्षात् गोपाल जस्तै सरलता, सहजता र कोमलता देखिन्छ । ज्ञानी हुनु र सहज हुनु उहाँको विशेषता हो भने चिन्तक हुनु र साधक हुन सक्नु उहाँको सुन्दरता हो । **सा विद्या या विमुक्तये** भने जस्तै उहाँ विमुक्तिको प्रतिमूर्ति हुनु हुन्छ ।

माधव भट्टराई (प्रा.डा.), पूर्व नायब बडा गुरुज्यू, अनाम नगर, मोबाइल : ९८४१७६०२९९ ।

प्रा. शिवगोपाल रिसालसँग मेरो लामो समयदेखिको परिचय हो । उहाँको संगत मैले पाएको छु । उहाँ शान्त स्वभावको, आध्यात्मिक विचारको र सरल प्रकृतिको कर्मठ व्यक्तित्व हुनु हुन्छ । उहाँबाट समाजले प्रेरणादायी शिक्षा पाएको छ । लेखन र अध्यापन कलामा उहाँको योगदान अविस्मरणीय छ । अध्यात्मले जीवनलाई सकारात्मक ढंगबाट उन्नतिको शिखरमा पुऱ्याउँछ । अध्यात्ममा लागेको व्यक्तिबाट समुदाय र राष्ट्रले महत्त्वपूर्ण योगदान पाउन सक्दछ । यसको सुन्दर दृष्टान्त प्राध्यापक शिवगोपाल रिसाल हुनु हुन्छ । उहाँको साधना र निष्ठा प्रशंसनीय छ । उहाँको जीवन चरित्र अध्ययन गरेर भावी पुस्ताले आफ्नो जीवन सपार्ने छ भन्ने आशा गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.२.८ पत्रकारिता क्षेत्रका व्यक्तिका भनाइ

प्रा. रिसालले गरेका कामबाट प्रभावित पत्रकारिता क्षेत्रका व्यक्तिका भनाइ यहाँ राखिएको छ ।

हेमराज ज्ञवाली, फोन : ४४७०८११ ।

उहाँ आध्यात्मिक, विद्वान् र सज्जन हुनु हुन्छ । यस्ता व्यक्तिका विषयमा लेखिएका पुस्तक महत्त्वपूर्ण हुन्छन् । ती पुस्तक राम्रोसँग अध्ययन गरेर लाभान्वित हुनु बुद्धिमानी हो ।

६.२.९ पुस्तकालय विज्ञान क्षेत्रका व्यक्तिहरूका भनाइ

प्रा. रिसालले गरेका कामबाट पुस्तकालय विज्ञान क्षेत्रका व्यक्ति पनि निकै प्रभावित देखिएका छन् । त्यस क्षेत्रका एक जना व्यक्तिको भनाइ यहाँ दिइएको छ ।

जनार्दन ढुङ्गाना, प्रमुख, त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौँ, फोन : ४३३०४०६, मोबाइल : ९८४१३३०५४८ ।

प्रा. शिवगोपाल रिसाल गुरुलाई पहिलो पटक देख्दा र चिन्दा म १५ वर्षको थिएँ । अहिले ६१ वर्षको मैले त्रि.वि.केन्द्रीय पुस्तकालयको प्रमुखको भूमिका निभाई रहँदा पनि उहाँलाई सुरुकै दिनमा देखे जस्तो देख्दछु । उहाँको शारीरिक अवस्था, मुखाकृति, सद्व्यवहार तथा बोली पहिले जस्तो थियो आज पनि त्यस्तै देखिन्छ भिन्नता आएको देखिँदैन । उहाँले त्रि.वि.नेपाली केन्द्रीय विभागमा प्राध्यापन गर्नु भयो र पछि पद्मकन्या बहुमुखी क्याम्पस बाग बजारमा प्राध्यापन गर्न थाल्नु भयो । यहाँ त्यस क्याम्पसको प्रमुख पनि हुनु भयो । तात्कालिक युवराज तथा युवराज्ञीलाई उहाँले आध्यात्मिक शिक्षा प्रदान गर्नु भयो । सत्र वर्षदेखि उहाँ अनवरत अध्यात्म चिन्तनमा लाग्नु भएको छ र त्यस विषयमा गहन प्रवचन दिँदै आउनु भएको छ । प्रत्येक हप्ता उहाँ टङ्गालको भीम दरबार परिसरमा निर्मित लक्ष्मी नारायण मन्दिरमा पनि सत्सङ्ग गर्दै आउनु भएको छ । पाटनका स्वाध्याय परिवार तथा सत्सङ्ग परिवारमा नित्य निश्चित समयमा हुने उहाँका प्रवचन अब ऐतिहासिक महत्त्व राख्ने विषय बनी सकेका छन् ।

रिसाल गुरुले सात्त्विक आहार विहारमा नैष्ठिक जीवन यापन गर्नु भएको छ । आध्यात्मिक चिन्तक, कवि, निबन्धकार, लेखक र प्रवक्ता उहाँ अद्वैत वेदान्तका विश्व कोश मानिनु हुन्छ । उहाँ नेपालको अध्यात्म ज्ञानको समुद्र नै हुनु हुन्छ जस्तो मलाई लाग्दछ । नेपालको वर्चस्व अध्यात्मबाट कायं रहन्छ र त्यसका लागि उहाँ जस्तो व्यक्ति अभियन्ता हुनु पर्दछ भन्ने धारणा मेरो छ । आदरणीय प्रा. रिसाल गुरुको आरोग्य, सुदीर्घ जीवन, उत्तरोत्तर उन्नतिको कामना गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.२.१० प्रकाशकका भनाइ

प्रा. रिसालका कामबाट प्रकाशकको व्यवसाय फस्टाएको कुरा पनि थाहा भएको छ । प्रकाशन क्षेत्रका एक जना व्यक्तिको भनाइ यहाँ प्रस्तुत गरिएको छ ।

रुक्मनाथ पौडेल, श्री प्रेस, ललितपुर ।

प्रा. शिवगोपाल रिसालका अनेकौं पुस्तक प्रकाशन गर्ने अवसर हामीले पाएका छौं । उहाँको कलम जुनसुकै विधामा चले पनि विषय चाहिं प्रायः अद्वैत वेदान्तमा केन्द्रित भएको देखिन्छ । साहित्य सिर्जनामा ज्यादै प्रतिभाशाली र निरन्तर अभ्यासी साधकका रूपमा मैले उहाँलाई चिनेको छु । उहाँका कृति प्रकाशनबाट हामी गौरवान्वित बनेका छौं । आगामी दिनमा पनि यसै गरी उहाँको सेवा गर्न पाइयोस् भन्ने कामना गर्दछौं ।

६.२.११ प्रशासकहरूका भनाइ

प्रा. रिसालका साधना र कार्यबाट प्रशासकहरू पनि प्रभावित बनेका देखिन्छन् । यहाँ केही प्रशासकहरूको भनाइ पेस गरिएको छ ।

दामोदरप्रसाद गौतम (पूर्व मुख्य सचिव, नेपाल सरकार), महालक्ष्मी स्थान, ललितपुर, फोन : ५५२७६०२ ।

उहाँ आदर्श व्यक्ति हुनु हुन्छ । उहाँले पेसाको रूपमा शिक्षालाई अघि बढाउनु भयो । उहाँ वैदिक परम्पराका अनुयायी मात्र न भएर अनन्य विद्वान् पनि हुनु हुन्छ । उहाँ धर्ममा बाँचनु हुन्छ र धर्म सिकाउनु हुन्छ । उहाँ राष्ट्र भक्त, र नेपाल आमाका सच्चा सपुत हुनु हुन्छ । नेपालको कल्याण र धर्मको संरक्षण बाहेक उहाँले अरू केही सोचेको देखिँदैन । यस्ता महान् व्यक्तिको आनन्दमय जीवनको कामना गर्दछु ।

भगवतीकुमार काफ्ले (पूर्व सचिव), काठमाडौं, फोन :४४३१६८१ ।

आध्यात्मिक एवं सामाजिक क्षेत्रमा संलग्न हुन थालेदेखि करिब २० वर्ष अघि प्रा. शिवगोपाल रिसालसित मेरो सम्पर्क भएको हो । उहाँ कर्मठ, लगनशील, निष्ठावान्, चरित्रवान् मात्र न भई गृहस्थ जीवनमा रहेर पनि अध्यात्म जगत्मा माथिल्लो तहको मानिने ठाउँमा स्थापित भएको महात्मा हुनु हुन्छ । उहाँमा सन्त महात्मामा हुनु पर्ने सबै गुण मैले पाएको छु । उहाँ सच्चिदानन्द स्वरूपमा रहने ब्रह्मनिष्ठ हुनु हुन्छ । उहाँले समयलाई भगवान्का रूपमा बुझ्नु भएको छ । जीवनको उतरार्धमा पनि उहाँ धर्म र संस्कृतिको अध्ययन, चिन्तन र मनन गरी प्राप्त ज्ञान तथा अनुभव प्रवचन एवं स्वाध्यायका माध्यमबाट जन जनमा वितरण गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभियानमा लाग्नु भएको छ । उहाँले अध्यात्म विषयका दर्जनौ पुस्तक लेख्ने र अनुवाद गर्ने काम गर्नु भएको छ । नेपाली समाजमा उहाँले आफूलाई अजात शत्रुको रूपमा उभ्याउनु भएको छ । नेपाली समाजलाई उहाँले पुऱ्याउनु भएको योगदान अतुलनीय छ । उहाँका पुस्तकहरूमा सरल भाषा र आकर्षक शैलीको प्रयोग भएको देखिन्छ । संस्कृत भाषा न जान्ने र नेपाली भाषाकै पनि सामान्य ज्ञान भएका व्यक्ति समेत उहाँका कृतिहरू सजिलै बुझ्न सक्दछन् । उहाँलाई धर्म, संस्कृति, राष्ट्र र राष्ट्रियताप्रति सधैं कलम चलाई रहन भगवान्ले प्रेरणा दिउन् भन्दै उहाँको दीर्घायु, सुस्वास्थ र अटुट दाम्पत्य जीवनको कामना गर्दछु ।

रामबहादुर के.सी (पूर्व सचिव), सानेपा ललितपुर, फोन : ५५२१५६८ ।

प्रा. रिसालमा पाइने निम्न लिखित कुराहरूबाट म प्रभावित भएको छु :

१. सरलता,

२. विद्वता ।

३. पर्यायवाची शब्दको प्रयोगद्वारा सम्झाउने बुझाउने सामर्थ्य ।

४. मौलिकता ।

शरत्कुमार भट्टराई (पूर्व सचिव), विजय चोक, प्रयाग मार्ग, बत्तीस पुतली, काठमाडौं, फोन : ४११००९५ ।

उहाँ वेदान्त दर्शनका व्यावहारिक प्रयोक्ता, व्याख्याता, प्रणेता र पुरोधा समेत हुनु हुन्छ । उहाँ अद्वैत वेदान्तका क्षेत्रमा आदर्श दीपशिखा हुनु हुन्छ । त्यसैले मेरा लागि उहाँ आदर्श र पथ प्रदर्शक हुनु हुन्छ ।

६.२.१२ प्राध्यापकहरूका भनाइ

प्रा. रिसालसित सहकार्य गरेका र यिनको प्राध्यापकीय वैशिष्ट्यबाट प्रभावित भएका केही प्राध्यापकहरूले आफ्ना विचार व्यक्त गरेका छन् । तिनका भनाइ यहाँ प्रस्तुत गरिएको छ ।

अंगुरबाबा जोशी, बागबजार, काठमाडौं, फोन : ४२५५२६८

प्रा. शिवगोपाल रिसालसँग मेरो २०१९ सालदेखिको सम्बन्ध हो । उहाँ सारै मिलनसार, विद्यार्थीहरूको प्रेरणाको स्रोत र सुयोग्य गुरु हुनु हुन्थ्यो । उहाँको र मेरो दिदी र भाइको जस्तो सम्बन्ध थियो र कलेजका काममा उहाँले गरेको सहयोगका कारण म उहाँको गुन बिर्सन सक्दिनँ । उहाँ विद्वान्, अध्यात्म गुरु, प्रेरक व्यक्तित्व र सत्कार्यमा समर्पित व्यक्ति हुनु हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँलाई म स्नेह, आदर र सम्मान गर्दछु । उहाँले चार दर्जनभन्दा बढी अध्यात्म दर्शनका पुस्तक प्रकाशित गर्नु भएको छ । आफ्नो धर्म र संस्कृतिलाई उहाँले जीवन्त बनाउनका साथै नित्य स्वाध्यायबाट धेरै जनाको कल्याण गर्नु भएको छ ।

धृतिः क्षमा दमो स्तेयं शौचमिन्द्रयनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।

यस श्लोकमा भनिएका धैर्य, क्षमा, इन्द्रिय दमन, अपरिग्रह, शारीरिक र मानसिक शुद्धि, सबै इन्द्रियहरूको निग्रह, शुद्ध बुद्धि, विद्या अर्थात् ज्ञान, सत्यता, अक्रोध जस्ता धर्मका दस गुण उहाँमा रहेका देखिन्छन् ।

अच्युतमणि आचार्य (प्रा.डा.), चाबहिल, काठमाडौं ।

करिब १४-१५ वर्ष पहिले सानेपामा धार्मिक प्रवचन दिन आएका प्रा. शिवगोपाल रिसाललाई भेटेको दिन म आज पनि सम्झन्छु । प्रवचनपछि मैले आफ्नो गाडीमा राखी उहाँलाई उहाँको घर पुऱ्याएको थिएँ । गाडी चलाउँदा त्यस दिन उहाँसँग भएको धार्मिक वार्तालापले मेरो मन प्रफुल्लित भएको थियो । उहाँको घरमा गाडीबाट जाने क्रममा मुरारि सुवेदी र बालमुकुन्द खनाल पनि हामीसित हुनु हुन्थ्यो । नामबाट हामी दुई एक आपसमा पूर्व परिचित रहेछौं तर हाम्रो साक्षात्कारको भने त्यो नै पहिलो अवसर थियो । त्यस बेलादेखि आजसम्मका दिनमा विदेश यात्रामा रहँदा बाहेक मैले उहाँलाई न सम्झेको दिन विरलै होला । विभिन्न पत्रपत्रिकामा प्रकाशित उहाँका लेख रचना तथा पुस्तकाकारका प्रकाशित कृतिहरूको अध्ययनले पनि मेरो उहाँसँगको नाता अति घनिष्ट हुन पुगेको छ ।

उहाँ आज कलेजका विद्यार्थीहरूका प्राध्यापक मात्र न भएर नेपाली अध्यात्म जगत्कै प्राध्यापक बनी सकेको कुरा सबैलाई थाहा छ । सरल स्वभाव, गहकिला वाणी र मित्रताका प्रतिमूर्ति प्रा. रिसाल नेपाली समाजकै महायोगी बन्नु भएको छ । उहाँबारे बढी लेख्नु सूर्यलाई बत्ती देखाउनु जस्तो हुन्छ । नेपाली समाजलाई उहाँबाट अझ बढी आध्यात्मिक खुराक मिल्दै रहने छ भन्ने आशा गर्दछु ।

कमला सुवेदी (प्रा.डा.), बागबजार, काठमाडौं, फोन : ४२३१२०६, मोबाइल : ९८४३०४८६८४ ।

प्रा. शिवगोपाल रिसालज्यूलाई म गुरु, मार्ग दर्शक, अभिभावक, अद्वैत वेदान्तका मर्मज्ञ, नेपाली संस्कृतिका धरोहर, असामान्य प्रवचन शक्ति भएका प्रतिभा, कवि, बोली र व्यवहारमा भिन्नता न भएका सरल व्यक्ति, आत्मज्ञानी र स्पष्ट वक्ताका रूपमा निकै लामो समयदेखि चिन्दै आएकी छु । २०२८ सालमा त्रि.वि. सेवामा प्रवेश गर्दा प्रा. रिसाल अन्तर्वार्ता लिने व्यक्तिमा एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जना हुनुहुन्थ्यो । त्यस बखत मेरो भर्खरै बिहे भएको थियो । नयाँ दुलहीले लगाउने विशेष लुगामा म उपस्थित भएकी थिएँ । त्यहाँ उपस्थित एक जना गुरुले पद्‌मकन्या क्याम्पसमा घर बुना सुती कपडाको सारी चोलो लगाउनु पर्ने नियम रहेकोले त्यस्तो लुगा लगाउन सक्नु हुन्छ भनेर सोध्नु भयो । मैले त्यस्तो परिधान नै आफ्‌ना लागि रुचिकर भएको कुरा बताएँ । विषय ज्ञानका बारेमा सोधिएका प्रश्नको जवाफ पनि मैले सन्तोषजनक रूपमा दिएकी थिएँ । प्राध्यापन पेसाका माध्यमबाट देश सेवा गर्न चाहने मेरा प्रतिद्वन्द्वी साथीहरू निकै थिए तर त्यस बखत छनोटमा म परें । त्यस घटनाले मेरो जीवनलाई प्राज्ञिक क्षेत्रमा समर्पित गराई दियो । मैले त्रि.वि.सेवामा रहँदासम्म क्याम्पसमा तदनुरूपकै लुगा लगाएँ ।

क्याम्पस प्रमुखको जिम्मेवारीमा रहेको समयमा खप्तड बाबाको प्रवचन सुन्न एक पटक मुसल धारे पानीमा भिज्दै प्रा. रिसालज्यूका साथ बागबजारबाट बुढानीलकण्ठ गएकी थिएँ । त्यहाँ पुगेपछि हामीले बाबाको दर्शन गर्‍यौं र उहाँको आशीर्वचन लियौं । यो कुरा किन स्मरणीय छ भने त्यस घटनाको एक हप्तामा आदरणीय खप्तड बाबा ब्रह्मलीन हुनु भयो । प्रा. रिसालज्यूको उत्प्रेरणा र सहयोग न पाएको भए त्यस दिन म खप्तड बाबाको दर्शन पाउनबाट वञ्चित हुने मात्र थिइन जिन्दगीभरि मलाई पछुतो पनि हुने थियो । प्रा. रिसालको सहयोग र संगतमा मैले नेपाल र भारतका प्रसिद्ध ऋषि, ज्ञानी, अध्यात्म साधक, दार्शनिक, चिन्तक र विशिष्ट व्याख्याताहरूसित साक्षात्कार गर्ने अवसर पाएकी छु । उहाँका धार्मिक र दार्शनिक प्रवचन मेरा निम्ति ज्ञान वर्द्धक बौद्धिक खाजा बन्दै आएका छन् । मेरा सम्मान्य गुरुका विषयमा पुस्तक तयार हुन लागेको कुरा थाहा पाउँदा ज्यादै खुसी लागेको छ । यस अवसरमा प्रा. रिसालको आरोग्य, शान्त र आनन्दमय सुदीर्घ जीवन, अनवरत कृति लेखन तथा प्रकाशनको कामनाका साथ *त्वं जीव शरदशतम्* भन्दै उहाँप्रति सम्मान व्यक्त गर्दछु ।

गुइडी पन्त (सहप्रा.), हाँडीगाउँ, काठमाडौं, फोन : ४४३८२००, मोबाइल : ९८४९४६९६८८ ।

प्रा. शिवगोपाल रिसाल गुरुले २०२९-२०३२ सालका त्रि.वि. पद्‌मकन्या बहुमुखी क्याम्पसका प्रवीणता प्रमाण पत्र तह र स्नातक तहका विद्यार्थीहरूलाई पढाउने क्रममा मलाई पनि पढाउनु भएको हो । त्यस बखत पद्‌मकन्या बहुमुखी क्याम्पसका विद्यार्थीहरूमा ज्यादै राम्रो पढाउने नेपाली विषयका प्राध्यापकहरूमा प्रा. रिसाल गुरुको नाम चर्चित थियो । गेरुवा रंगको नेपाली सुती कपडाको सारी र चोलोमा सजिएर क्याम्पस स्तरको अध्ययनमा संलग्न हुंदा त्यस बेला निकै गौरवको अनुभूति हुन्थ्यो । त्यस्तो परिधानमा सजिएका विद्यार्थीलाई जन सामान्यले पनि श्रद्धाका दृष्टिले हेर्दथे । गुरुप्रतिको आस्था पनि निकै ज्यादा हुन्थ्यो । हामी पर्याप्त अनुशासित भएर पढ्थ्यौं । प्रा. रिसाल गुरु सहितका तात्कालिक गुरुहरूलाई देख्दा आज पनि पद्‌मकन्या बहुमुखी क्याम्पसको प्रवीणता प्रमाण तहकै कक्षामा पढ्छु कि जस्तो मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दछ र अतिरिक्त रूपमा गुरुले आफ्नो विषयको कक्षा लिई दिए हुन्थ्यो भन्ने पुरानै सोच मनमा आउँछ जब कि सोही क्याम्पसमा मैले पढाउन लागेको लगभग पच्चिस वर्ष पुरा हुन थाली सक्यो । यति लामो समय कहाँ बित्यो पत्तै पाइएन ।

प्रा. रिसाल गुरु त्रिभुवन विश्व विद्यालयको सामाजिक सेवा विषयको केन्द्रीय अध्यक्ष पदमा रहँदा म त्यस समितिको सदस्य थिएँ । उक्त विषयको उन्नयनका लागि हामीले विभिन्न महत्त्वपूर्ण निर्णय गर्ने अवसर पाएका थियौं । उहाँसित सहकार्य गर्न पाउँदा मैले सम्बद्ध विषयका विविध नयाँ कुरा थाहा पाएकी थिएँ । उहाँलाई मैले अनुभवी समाज सेवीका रूपमा पनि चिनेकी छु ।

प्रा. रिसाल गुरुका धार्मिक दार्शनिक चिन्तनमा आधृत पुस्तकको अध्ययन तथा त्यस प्रकृतिका उहाँका प्रवचनको श्रवणमा समयको सदुपयोग गर्ने अवसर मैले पाएकी छु । उहाँको वक्तृत्व कला, विषय ज्ञान र दर्शन विषयका गहन तत्त्व स्पष्ट गर्ने खुबी असामान्य किसिमको छ । अद्वैत वेदान्तका प्रकाण्ड विद्वान्हरूलाई पनि गम्भीर प्रश्न उठ्ने कतिपय तात्त्विक पक्षको व्याख्या गर्न गारो परेको देखिन्छ तर प्रा. रिसाल गुरु भने त्यस्तो सन्दर्भलाई पनि व्यावहासिक जीवनका घटनालाई उदाहरण बनाएर सजिलैसित स्पष्ट पार्न सक्नु हुन्छ । विषयको सूक्ष्म निरीक्षण र सरल विश्लेषणमा उहाँ सिद्धहस्त देखिनु हुन्छ । सदा आदरणीय प्रा. रिसाल गुरुका लागि समस्त शुभकामना एकमुष्ट रूपमा निवेदन गर्दछु ।

गुरुप्रसाद सुवेदी (डा.) (प्राचार्य महेश गुरुकुल), देवघाट मोबाइल : ९८४५०८५२७८ ।

प्रा. शिवगोपाल रिसाल अद्वैत वेदान्तमा दृढ निष्ठा राख्ने अन्तर्मुखी प्रवृत्ति भएका आदर्श व्यक्ति हुनु हुन्छ । निरन्तर ब्रह्म चिन्तन, स्वाध्याय, सत्संग र एकाग्रता उहाँका वैशिष्टय हुन् । प्राध्यापन क्षेत्रमा संलग्न रहेर पनि व्यावहारिक जीवनमा संसारिक प्रपञ्चबाट अलग रहने उहाँको स्वभाव अन्य मुमुक्षु वा साधकहरूका लागि समेत अनुकरणीय बनेको छ । उहाँले अनवरत शास्त्रको अध्ययन मनन गरेर जाने बुझेका कुरा व्यवहारका प्रयोग गरी आफ्नो जीवनलाई कृतकृत्य बनाउनु भएको छ । साथै त्यस्तो साधनाको फल अधिकाधिक जिज्ञासु साधकहरूमा पनि उहाँले बाँड्नु भएको छ । म उहाँको आरोग्य, दीर्घायु र परमानन्दमय जीवनको कामना गर्दछु ।

गोपीकृष्ण शर्मा (प्रा.), ज्ञानेश्वर, काठमाडौं, मोबाइल ९८४१६०३३३४ ।

प्रा. शिवगोपाल रिसाललाई मैले विद्वान्का रूपमा चिनेको हुँ । पौरस्त्य दर्शनका तत्त्वलाई पाश्चात्य दर्शनसँग कसरी समायोजन गरेर अगाडि बढ्न सकिन्छ भन्ने कुराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो विश्लेषण उहाँबाट भएको छ । उहाँ ज्यादै मिलनसार हुनु हुन्छ । उहाँ असल काम गर्ने जुनसुकै व्यक्तिको प्रशंसा गर्नु हुन्छ । राम्रो स्वभाव र उत्तम आचरणले गर्दा उहाँलाई सबैले मन पराउँछन् ।

गोविन्द टण्डन (डा.), बतीस पुतली, काठमाडौं, मोबाइल : ९८५१०३०६७२ ।

प्रा. रिसालमा भएको सरलता, सहजता र अध्यात्मप्रतिको निष्ठाले मलाई आकर्षित तुल्याएको हो । असल सोच तथा सकारात्मक प्रवृतिको खाँचो नेपाली समाजमा हिजोभन्दा आज अझ बढी परी रहेको छ । उहाँद्वारा लिखित लेख, रचना तथा पुस्तक र उहाँले दिने गरेका प्रवचनका माध्यमबाट दिइएको सन्देश ज्यादै मूल्यवान् छ । असल संस्कार र संस्कृतिको निर्माणमा उहाँका विचारहरू नेपाली जीवनमा कोसे ढुंगाका रूपमा रही रहने छन् । आज जे रोपिन्छ भोलि फल्ने त्यही हो ।

चेतोनाथ गौतम (प्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं, मोबाइल : ९८४१४५२५१२ ।

त्रि.वि.पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापन गर्ने क्रममा प्रा. शिवगोपाल रिसालसित लामो समय निकट सम्बन्धमा रहेर सहकार्य गरिएको हो । लोक सेवा आयोगले नेपाली भाषालाई ऐच्छिक रूपमा राख्ने निर्णय गर्दा उहाँले गरेको प्रतिकार तथा चलाएको अभियानले त्यस बखत निकै ठुलो प्रभाव पारेको थियो । कुशल प्राध्यापक, कुशल प्रशासक र कुशल व्याख्याताका रूपमा म उहाँलाई चिन्दछु । उहाँले पद्मकन्या बहुमुखी क्याम्पसबाट सेवा निवृत्त भएको लामो समय व्यतीत भई सकेको छ तापनि उहाँको प्रभाव त्यस क्याम्पसमा आज पनि निकै ज्यादा छ । कीर्तिपुरपछि नेपाली विषयको स्नातकोत्तर तहको पठन पाठनको व्यवस्था पद्मकन्या क्याम्पसमा भएको हो । त्यस कार्यमा पनि उहाँले नेतृत्व लिनु भएको हो । अद्वैत वेदान्तका ज्ञाता उहाँ पौरस्त्य संस्कृतिका सशक्त अनुयायी हुनु हुन्छ । हालका दिनमा उहाँ नेपाली समाजमा आध्यात्मिक जागरणको अभियान चलाउनमा लाग्नु भएको छ । अध्यात्म चिन्तन, काव्य साधना र भाषा सेवाले उहाँको व्यक्तित्व निकै माथि उठेको अनुभव मैले गरेको छु । लगभग असी वर्षको उमेर हुन लाग्दा पनि उहाँ युवा जोसका साथ सक्रिय जीवन बिताई रहनु भएको छ । उहाँप्रति समस्त शुभेच्छा प्रकट गर्दछु ।

ज्योति पाण्डे खड्का (सह प्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं, मोबाइल : ४३५७४६७ ।

त्रि.वि.पद्मकन्या बहुमुखी क्याम्पसमा मैले प्रा. शिवगोपाल रिसालसित पढ्ने अवसर पाएकी हुँ । उहाँको असामान्य विषय ज्ञान र उत्तम स्तरको पढाउने कलाबाट म लाभान्वित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएकी हुँ । नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरेपछि उहाँले मलाई पद्‌मकन्या क्याम्पमा पढाउने अवसर दिनमा पनि सहयोग गर्नु भएको हो । त्यसपछि हामी सहकर्मी बन्यौ । त्यसो भए तापनि म उहाँलाई सधैं गुरु मान्दै आएकी छु । बोली, व्यवहार, आचरण, व्याख्यान जस्ता विभिन्न कुरामा उहाँमा गुरुत्व भएको मैले पाएकी छु । विभिन्न गोष्ठी, सभा, समारोह हुँदा उहाँ सहकर्मी साथीहरूलाई उपस्थितिका लागि अनुरोध गर्नु हुन्छ । यो क्रम उहाँ सेवा निवृत्त भई सक्ता पनि आजका दिनसम्म कायमै छ ।

निरन्तर अध्ययन गर्नु र विशेष गरी वेदान्त दर्शनको साधना गर्नु उहाँको दिन चर्या बनी सकेको छ । नेपाली साहित्यमा वेदान्त विषयलाई आधार बनाएर यति ज्यादा सिर्जनशील बनेको अर्को व्यक्ति पाउन गारो छ । समाज सेवालाई पनि उहाँले उत्तिकै महत्त्व दिनु भएको छ । मैले उहाँसित पढ्ने अवसर पाएकी हुँ भन्दा मलाई सधैं गौरवको अनुभूति हुन्छ ।

ज्ञाननिष्ठ ज्ञवाली (उप.प्रा. त्रिभुवन विश्वविद्यालय), घट्टेकुलो, काठमाडौं, मोबाइल: ९८४१६००२१३ ।

उहाँ आध्यात्मिक र व्यावहारिक दुवै कुरालाई समन्वय गर्नु हुन्छ । उहाँका सत्कार्यबाट ज्यादै प्रभावित भएकोले म उहाँलाई मन पराउँछु र श्रद्धा गर्दछु ।

दीर्घराज घिमिरे (प्रा.डा.), कुमारीगाल, काठमाडौं, फोन : ४४७९३७६ ।

प्रा. शिवगोपाल रिसाल स्वात्मचिन्तनमा समर्थ, भौतिक प्रपञ्चमा न अल्मलिने, समाजका पथ प्रदर्शक र स्वाभिमानी व्यक्ति हुनु हुन्छ ।

नरोत्तम उपाध्याय (प्रा.डा.), काठमाडौं, मोबाइल ९८४१२११३०९ ।

प्रा. शिवगोपाल रिसाललाई म सम्मानित अग्रजका रूपमा मान्दछु । वेदान्त विषयमा उहाँमा रहेको ज्ञान अथाह छ । त्यसमा उहाँले दिने गरेको प्रवचन सबैका लागि ग्रहण योग्य र अनुकरणीय हुन्छ । आत्मज्ञानमा समर्पित हुन चाहने र भव सागर तर्न चाहने व्यक्तिका लागि उहाँका विचार मार्ग दर्शक बनेका देखिन्छन् । उहाँका पुस्तकहरूमा अभिव्यक्त विचारहरू ज्यादै मननीय छन् र मुक्ति मार्गका पथ पदर्शक बनेका छन् । म सधैं उहाँको सुखद भविष्यको कामना गर्दछु ।

प्रभा अर्याल, पकनाजोल, काठमाडौं, फोन : ४३८२३३७ ।

आदरणीय प्रा. शिवगोपाल दाजुलाई मैले श्रद्धा गर्नका कारण निम्न लिखित हुन् :

१. बाल्य काल वा विद्यार्थी कालदेखि नै उहाँको सान्निध्य पाएर नै मैले जीवनमा सत्कार्यमा सक्रिय रही समयको सदुपयोग गर्नु पर्ने कुरा सिकेकी हुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. बाल्य कालदेखि उहाँबाट प्रभावित भएर म अध्यात्म मार्गमा लागेकी हुँ ।
३. विद्यार्थी अवस्थामा अपराविद्याका सन्दर्भमा पराविद्याको चर्चा गरेर मलाई उहाँले त्यसतर्फ अग्रसर तुल्याउनु भएको हो ।
४. खानपानबाट आचरणमा प्रभाव पर्ने हुनाले सात्त्विक आहार उत्तम हुने कुरा उहाँबाट मैले सिकेकी हुँ ।
५. उहाँबाट हुने स्वाध्याय, सत्सङ्ग र शास्त्रीय व्याख्यानको एक जना साधक, अनुयायी र श्रोता म पनि हुँ ।
६. श्रुतिमधुर स्वर, स्पष्ट र खरो बोल्ने स्वभाव तथा बोली र व्यवहारमा एकरूपता जस्ता कुरा उहाँमा पाइन्छन् ।
७. उहाँ मेरो माइती घरको सदस्य र दाजु हुनु हुन्छ ।

प्रयागराज भट्टराई (सह प्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं, मोबाइल : ४८२०६२८ ।

त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापन गर्ने अवसर पाउनुभन्दा पहिले नै मेरो परिचय प्रा. शिवगोपाल रिसालसित भएको हो । हामी बिचको निकटता बढाउने वातावरण भने पद्मकन्या बहुमुखी क्याम्पसमा पढाउँदा बनेको हो । म प्रा. रिसालको प्रखर प्रवचन शक्ति, कुनै पनि कुराको सूक्ष्म निरीक्षण गर्ने बानी, कुशल साहित्यिक प्रतिभा र आफ्नो विषयको गम्भीर ज्ञानबाट ज्यादै प्रभावित भएको छु । सेवाबाट निवृत्त हुँदा उहाँको सम्मानमा गरिने कार्यक्रममा सुनाउनका लागि तयार पारेका कविताको प्रशंसा गर्दै मैले यसलाई त केही बढाउन सके उचित हुन्थ्यो भनेको थिएँ । उहाँले त्यसको केही दिनमै महाकाव्य नै तयार पारी दिनु भयो । पर्याप्त भावुक न भई कविता रचिँदेन र पर्याप्त चिन्तनशील नभई दार्शनिक बन्न सकिँदैन । उहाँले यी दुवै क्षेत्रमा असामान्य सफलता पाउनु भएको छ । म उहाँको प्रतिभाबाट ज्यादै प्रभावित छु । उहाँले ऐतिहासिक महत्त्व राख्ने राष्ट्रिय स्तरका विभिन्न काम गर्नु भएको छ । चुप लागेर उहाँ बस्न सक्नु हुन्न । रचनात्मकता उहाँको पहिचान बनी सकेको छ ।

बिन्दु कोइराला (सहप्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं, मोबाइल : ४४७४०६२ ।

त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापन गर्ने अवसर नै मेरा लागि प्रा. शिवगोपाल रिसालसित परिचित हुने र घनिष्ट बन्ने आधार बनेको हो । प्राध्यापनका क्रममा अस्पष्ट भएका विषय र सन्दर्भका बारेमा हामीलाई सम्झाउने काम प्रा. रिसाल गर्नु हुन्थ्यो । उहाँको विद्वता, व्याख्यान, आकर्षक शब्द प्रयोग र शिष्टताबाट हामी प्रभावित थियौं । त्यसैले उहाँप्रति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सधैं आदर गरिन्थ्यो । हँसिलो, मिलनशील र निरभिमानी स्वभावका कारण पनि उहाँ सहकर्मी साथीहरूका बिच निकै प्रिय बन्नु भएको हो । पद्मकन्या क्याम्पसमा आउँदा साथीहरूले आज पनि उहाँलाई पर्याप्त सम्मान दिने गर्दछन् । त्यस क्याम्पसको हित हुने कामका लागि उहाँ सधैं तत्पर रहनु हुन्छ । उहाँको आरोग्य, सुख, शान्ति, समृद्धि र अभीष्ट सिद्धिको कामना गर्दछु ।

मन काफ्ले (सहप्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं, फोन : ४४३१६८१ ।

पद्मकन्या क्याम्पसका तात्कालिक प्रमुख प्रा. रिसाल गुरुलाई म केही वर्ष पहिलेसम्म चरित्रवान् र नियम निष्ठामा बस्ने व्यक्तिका रूपमा आदर गर्दथें । अहिले आएर उहाँमा देखिएको आध्यात्मिक जागरण र त्यसका लागि उहाँले गरी रहेको अक्लान्त साधनाका कारण उहाँ ज्ञानी, पहेंलो लुगा न लगाउने गृहस्थ महात्मा, पवित्र, उदार, अरूसँग समन्वय राख्ने भएर पनि वीतरागी, आदर्श तथा जीवन्मुक्त व्यक्तित्व भएको कुरा मैले बुझेकी छु ।

माधवप्रसाद आचार्य (प्रा.), एकान्त कुना, ललितपुर, फोन : ५५२४१३७ ।

गुरु शिवगोपाल रिसालको वाणी तथा लेखाइमा साक्षात् सरस्वती माता अवतरण भएको म पाउँछु । उहाँको व्याख्या गर्ने शैली आकर्षक र बोधगम्य छ ।

यज्ञप्रसाद अधिकारी (प्रा.डा.), त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौं, मोबाइल : ९८४१४६२६०९ ।

२०३४ सालमा त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंमा म कार्यालय सहायक थिएँ भने प्रा. शिवगोपाल रिसाल क्याम्पस प्रमुख हुनुहुन्थ्यो । काम गर्नै पर्ने बाध्यता र पाइएको कामबाट समय उबार्न न सकिने अवस्थाका कारण भित्री मनदेखिको पढ्ने अभिलाषा पूर्ण गर्नका लागि मलाई मेरै छटपटीले सताई रहने समय त्यो थियो । त्यसै बखत एक दिन मलाई प्रा. रिसालले भिन्नै प्रसङ्गमा *उज्ज्वल भविष्य त्यसको हुन्छ जसले सही समयमा सही निर्णय गर्ने साहस राख्दछ र हिम्मत गरेर अघि बढ्न सक्तछ* भन्नु भयो । उहाँकै त्यस भनाइबाट उत्प्रेरित भएर आर्थिक कठिनाइका बाबजुद जागिर छोडी पढाइ अघि बढाउने निर्णय मैले गरें । पढाइमा एकोहोरिएर लाग्दा मलाई आर्थिक समस्याले निकै पिरोल्यो तर मैले हिम्मत हारिनँ । म पढाइमा लागी रहें । प्रा. रिसालको त्यस भनाइबाट उत्प्रेरित भई निश्चित गन्तव्य बोकेर अध्ययनमा लगातार साधनारत भएका कारण उहाँले पाएको जस्तो उच्च तहको ठानिने मान र पदवी पाउन आज म सफल भएको छु । उहाँले मलाई भनेको यही कुरा आज म प्रस्तुत पुस्तकका समस्त पाठकलाई सुनाउन आवश्यक ठान्दछु ।

वासुदेव त्रिपाठी (प्रा.डा.), जनसहयोग मार्ग, पञ्चकुमारी, वानेश्वर, काठमाडौं, फोन : ४१०४०५३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. शिवगोपाल रिसाललाई मैले काठमाडौंको शैक्षिक परिवेशमा सर्व प्रथम एक मेधावी युवा छात्र वक्ताका रूपमा चिनेको हुँ । उहाँ वादविवाद र प्रवचनका अन्तर महाविद्यालयका प्रतियोगिताहरूमा खुबै मिठो बोल्नु हुन्थ्यो र उहाँको आवाज ओजस्वी र बोली मिठो हुन्थ्यो । थुप्रै प्रतियोगितामा पुरस्कार जितेर उहाँ आफनो शैक्षिक जीवनमा स्नातकोत्तर तहमा पढ्न प्रवेश गर्ने बखत नेपालको प्रथम राष्ट्रिय विश्व विद्यालयका रूपमा त्रिभुवन विश्व विद्यालयको स्थापना हुँदै थियो । त्यतिखेर त्रि. वि. मा नेपाली विषयको एम. ए. को पढाइ हुने विभाग खोल्नु पर्छ भन्ने माग राख्दै सक्रिय हुनेहरूमध्ये उहाँ अगुवा नै हुनु हुन्थ्यो ।

नेपालको प्रथम विश्व विद्यालयको पठनपाठन सुरु हुँदा नेपाली एम. ए. को पनि पठनपाठन सुरु हुनु पर्छ भन्ने मागप्रति आखिर सबैको भावनात्मक सहमति त भयो तर त्यसका निम्ति चाहिने पाठ्यक्रम र प्राध्यापकको तयारी र व्यवस्था तत्काल गर्ने कुरा भने अलि चुनौतीपूर्ण देखियो । आखिर सानातिना समस्यालाई राष्ट्रियताको भावनाले जित्यो र एम.ए. को पठनपाठन सुरु भयो । २०१६ सालमा नै नेपाली एम.ए. उत्तीर्ण गरी पहिलो पुस्ता बन्ने सौभाग्य उहाँलाई प्राप्त भयो । त्यसपछि उहाँको प्राध्यापन यात्रा सुरु भयो । उहाँले लामो समय पद्मकन्या महाविद्यालय अर्थात् पद्मकन्या क्याम्पसमा पढाउनु भयो र सुयोग्य गुरुका रूपमा प्रतिष्ठा पनि पाउनु भयो । त्यस्तो ख्याति दिलाउनमा एकातर्फ नेपाली भाषा र साहित्यतिरको उहाँको असीम अनुराग र अर्कातर्फ उहाँको प्रखर वक्तृता शक्तिले पनि भूमिका खेलेको देखिन्छ । निष्ठा र प्रतिभाको संगम भई उहाँको प्राध्यापन कला छात्राहरू माझ लोकप्रिय रह्यो । वास्तवमा उहाँको व्यक्तित्वको मूल पक्ष नेपालीको सुयोग्य प्राध्यापक हुनु नै हो ।

नेपाली भाषाका हितमा कुनै व्यवधान आई परेमा उहाँको संघर्षशील प्रवृत्ति पनि देखिन्थ्यो तर मूल रूपमा उहाँ रचनात्मक स्वभाव र प्रवृत्तिका हुनु हुन्छ । २०२० को मध्यतिर देखि उहाँले नेपाली भाषा र व्याकरणका राम्रा पाठ्य पुस्तकहरू लेख्न र प्रकाशित गर्न थाल्नु भयो । पछि विद्यालय स्तरको नेपाली भाषाको पाठ्य पुस्तकको लेखन र सम्पादनतिर पनि उहाँ लाग्नु भयो । यसै बिच हिन्दू धर्म र अध्यात्म विषयतिर पनि उहाँको सक्रियता बढ्यो । उहाँका लेख रचना र प्रवचन एवं वक्तृतामा एक प्रकारको जादुगरी शक्ति थियो भने हिन्दू धर्मको पुनर्जागरण र आध्यात्मिक चेतनाको प्रसारको आफ्नै पावन शक्ति हुने कारणले पनि यी क्षेत्रमा उहाँको लोकप्रियता बढ्यो र उहाँका अर्का थरी शिष्यहरूको शृंखला पनि सुरु भयो ।

मैले व्यक्तिगत रूपमा त्रिभुवन विश्व विद्यालयको शैक्षिक प्राज्ञिक मञ्चमा झन्डै चार दशक जति उहाँसँग सहकार्य गर्ने अवसर पाएँ । जहिले पनि नेपाली भाषा र र साहित्यका समुन्नतिका काम कुरामा अत्यन्त उत्साही र क्रियाशील हुने जागरुक प्राध्यापकका रूपमा मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँलाई पाएँ । पद्‌मकन्या क्याम्पसमा नेपाली विषयको पठनपाठनलाई स्तरीय रूपमा हुर्काउँदै उहाँले प्रतिष्ठित पनि तुल्याउनु भयो ।

पद्मकन्याको नेपाली विभागलाई समुन्नत तुल्याउन उहाँ आफै पनि खट्‌नु भयो र आफ्ना सहकर्मी प्राध्यापकहरूलाई पनि उहाँले निरन्तर उत्प्रेरित तुल्याउनु भयो । पद्मकन्या क्याम्पसमा नेपाली स्नातकोत्तर कक्षाको कार्यक्रम सुरु गर्न पनि उहाँले निकै तत्परता देखाउनु भयो । त्यस क्याम्पसमा नेपाली विषयको स्नातकोत्तर विभाग खुलेपछि त्यसको जग मजबुत तुल्याउन उहाँको उल्लेख्य योगदान दिनु भयो । नेपाली भाषा र साहित्यको उच्च शिक्षालाई नेपाली महिलाहरूमा लोकप्रिय तुल्याउन उहाँले प्राध्यापक र विभागीय प्रमुख दुवै हैसियतले अविस्मरणीय योगदान गर्नु भएको हो । त्यसो त समुच्चा पद्‌मकन्या कलेजको विकासमा उहाँको व्यक्तित्व र लगनशीलताको ठुलो योगदान छ । सुरुमा पद्‌मकन्या कलेजका तात्कालिक प्राचार्य अंगुर बाबा जोशीलाई त्यस महाविद्यालयको र समुच्चा महिला उच्च शिक्षाको प्रवर्द्धन तथा प्रतिष्ठापनका निम्ति उहाँले पर्याप्त सहयोग गर्नु भएको हो । पछि उहाँ त्यस कलेजको प्राचार्य हुनु भयो । त्यस कालमा पद्‌मकन्या कलेजको प्रतिष्ठा र विकासलाई अघि बढाउन उहाँले निकै खटेको र सफल भएको पनि म अनुभव गर्दछु ।

प्रा. रिसाल कुशल कवि हुनु हुन्छ र उत्तिकै प्रखर गद्यकार पनि । २०४० को दशकदेखि उहाँका सिर्जनशीलतामा क्रमिक रूपमा प्रवाह र ज्वार आएको अनि विशेष गरी निर्मल आध्यात्मिक चेतनाको तीव्र सञ्चार भएको मैले अनुभव गरेको छु । काव्य महाकाव्यका विस्तारसम्म र उज्ज्वल आध्यात्मिक निबन्ध प्रबन्धका साथै एक पछि अर्को आध्यात्मिक ग्रन्थरत्नका रचना र प्रकाशनमा पनि उहाँमा तीव्रता देखिन्थ्यो । त्यसबाट कवि र गद्यकारका रूपमा उहाँको स्रष्टा र चिन्तक व्यक्तित्वको जुन अद्‌भुत संगम देखा पर्‍यो त्यो नेपाली वाङ्मयकै श्रीवृद्धिका निम्ति पनि विशेष महत्त्व हुन पुग्यो । विगत तिन दशकका बिच उहाँ हिन्दू धर्म र वेदान्तका शास्त्रीय तत्त्व चिन्तनमा र त्यसका साधना तथा अभ्यासमा क्रमशः अघि बढ्‌दै जानु भयो । त्यसले उहाँलाई नेपाली अध्यात्म परम्पराका एक सुयोग्य र लोकप्रिय साधकका रूपमा प्रतिष्ठा दिलायो । त्यसै हाराहारीमा उहाँको अध्यात्म विद्यारसको परिपाकले परिपूर्ण काव्य र गद्य रचनाहरूको गहिराइ पनि बढदै आयो ।

म नेपाली भाषा र साहित्यका सुयोग्य प्राध्यापक र महान् गुरु, नेपाली महिला उच्च शिक्षाका प्रवर्धक र अत्यन्त ओजस्वी धार्मिक र आध्यात्मिक प्रवचनकर्ताका रूपमा उहाँले गरेको योगदानको प्रशंसासँगै हिन्दू धर्म र अध्यात्म विद्याको र त्यसमा पनि विशेष गरी वेदान्त रसको प्रसार आफ्ना साधना, अभ्यास एवं अत्यन्त प्रभावशाली गद्यपद्य रचना मार्फत उहाँले जुन रूपमा गर्नु भएको छ त्यसका लागि पनि म उहाँप्रति उच्च समादर गर्दछु । उहाँ नेपाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाङ्मयका धार्मिक आध्यात्मिक फाँटका एक स्तम्भका रूपमा प्रतिष्ठित भई सक्नु भएको छ । उहाँको जीवनको पूर्वार्ध नेपाली भाषा र साहित्यका गुरु गौरवले गर्दा सफल रह्यो भने उहाँको जीवन यात्राको उत्तरार्ध आध्यात्मिक, पठन, मनन र प्रवचनका साथै उत्कृष्ट गद्यपद्य रचनाका अध्यात्म सौरभले गुरु गरिमामय रहेको छ भन्ने म ठान्दछु । उहाँको चिरायु, सुस्वाथ्य, अझ गहन आध्यात्मिक साधना र वाङ्मय सिर्जनको निरन्तरताका निम्ति म हार्दिक कामना गर्दछु । तन, मन, वचन र कर्म सबै दृष्टिले उहाँ साँच्चि नै नेपाल जननीका सच्चा सपुत हुनु हुन्छ ।

विदुरप्रसाद पौडेल (प्रा.), पूर्व उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय, दाङ; हाल खरी मार्ग, कुमारीगाल, काठमाडौं ।

प्रा. शिवगोपाल रिसाल, प्रा.बदरी नाथ भट्टराई, प्रा.विष्णु प्रसाद न्यौपाने, श्री भैरव बस्ताकोटी, श्री वटुक सापकोटा, श्री कृष्णकान्त अधिकारीहरूलाई मैले चिनेको धेरै भई सक्यो । उहाँहरू सबै आदरणीय दार्शनिक हुनु हुन्छ । डा. क्षितीशचन्द्र चक्रवर्ती प्रसिद्ध वेदान्तविद् हुनुहुन्थ्यो । योगवासिष्ठको साङ्गोपाङ्ग अध्ययन डा. चक्रवर्तीले गर्नु भएको थियो । योगवासिष्ठमै विद्यावारिधि गरेका चक्रवर्तीको धेरथोर सत्सङ्गमा कुनै बेला उहाँहरू सबै जना लाग्नु भएको थियो । उहाँहरूमा प्रा. शिवगोपाल रिसाल तथा श्री वटुक सापकोटा बाहेक सबै जना संस्कृत विद्याको पृष्ठभूमि भएको व्यक्ति हुनुहुन्थ्यो तर वेदान्त विद्याको चिन्तन र व्याख्या गर्नमा प्रा. रिसाल र श्री सापकोटा उहाँहरूभन्दा कम हुनु हुन्नथ्यो । आज उहाँहरू वेदान्त विद्याको असामान्य व्याख्याताका रूपमा विख्यात बन्नु भएको छ ।

वेदान्त विद्याको श्रवण, मनन, निदिध्यासमा लाग्नका लागि चित्त शुद्धि चाहिन्छ अन्यथा वेदान्तद्वारा प्रतिपादित अनुभवलाई आत्मसात् गर्न सकिँदैन भनिन्छ । चित्तशुद्धिको साधन र सदाचारलाई प्रा. शिवगोपाल रिसालले जीवनमा अपनाउने अभ्यास पर्याप्त मात्रामा गर्नु भएको छ । प्राण यात्राका लागि व्यवहार धान्दै उहाँले जीवनलाई समग्र रूपमा वेदान्तमा लगाएको देख्दा उहाँ सत्त्वगुण सम्पन्न धौताशय बनी सकेको अनुभव हुन्छ किनभने यस प्रकारका कुराको अभावमा स्वरूपावरक अज्ञानले आवरण मल र विक्षेप पैदा गरी रहने हुँदा दीर्घ कालसम्म अध्यात्ममा नैरन्तर्य र रुचि रहन सक्तैन ।

ईर्ष्या र अनुसूयामुक्त प्रा. रिसालको स्वभाव मिलनसार र शान्त देखिन्छ । वेदान्त बोधले उहाँलाई उत्तरोत्तर कृतार्थ बनाउँदै लगेको छ । आध्यात्मिक साहित्यको उपहारबाट नेपाली वाङ्मयको भण्डार भर्ने काम उहाँले गर्नु भएको छ । उहाँका लेख, कविता, काव्य, निबन्ध, समीक्षा, प्रवचन, गोष्ठी पत्र प्रशस्त मात्रामा प्रकाशित देखिन्छन् । दीर्घ कालसम्म निष्ठाका साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म चिन्तनमा लागी रहने अध्यात्म प्रिय व्यक्तिहरूमा प्रा. रिसाल पनि पर्नु हुन्छ । वितण्डामुक्त तत्त्ववुभुत्सु प्रा. रिसालप्रति मेरो हार्दिक शुभकामना छ ।

विद्यानाथ भट्ट (प्रा.), मोबाइल ९८४१२५४४६५ ।

प्रा. शिवगोपाल रिसाल अध्यात्म जगत्का मूर्धन्य व्यक्तित्व हुनु हुन्छ । उहाँ सादा जीवन उच्च विचारका धनी हुनु हुन्छ । अध्यात्म विद्याका गुढ रहस्यहरूलाई बडो सरल र सरस ढंगबाट व्याख्या गर्न सक्नु उहाँको विशेषता हो । उहाँको सदाचारले गर्दा उहाँमा परमात्माको वरदान रहेको अनुभव हुन्छ । उहाँ नेपालको धार्मिक एवं सांस्कृतिक सम्पदा हुनु हुन्छ ।

सनत्कुमार वस्ती (प्रा.डा.), काठमाडौं ।

जस्तो नाम उस्तै काम । एकातिर शिव त अर्कातिर गोपाल । एकातिर शिवको जस्तै उदान्त र अथाह कल्याणमय गम्भीर व्यक्तित्व, अर्कातिर गोपाल जस्तै सरल, सहज व्यवहार तथा मृदु हास्यद्वारा आलोकित आकर्षक अस्तित्व । जस्तो उज्यालो गौरवर्णको मुहार उस्तो उज्ज्वल शुभ्र चेतनाको स्फुरण, जस्तो कोमल भइकन पनि प्रखर वाणी उस्तै करुणामय भइकन पनि कठोर मर्यादामा आबद्ध जीवनसरणी, जस्तो भाषा र साहित्यरूपिणी वाग्देवीको उपासना उस्तै गहन अध्यात्म आलोकको आराधना ! शिव सङ्कल्पले सम्पन्न साधनामय लोक यात्राका पथिक हे रिसाल कुल कीर्ति कैरव ! शिवमस्तु ।

सुशीला चालिसे, रेग्मी (सहप्रा.), काठमाडौं ।

श्रद्धेय गुरु प्रा. शिवगोपाल रिसालबाट मैले जीवन धान्ने गरी खाने विद्या २०२४/२०२५ सालमा पद्मकन्या कलेजमा प्राप्त गरेकी थिएँ भने अहिले जीवनको उत्तरार्धमा ईश्वरको अनुग्रहले ज्ञानवान् उनै गुरुबाट टंगाल लक्ष्मीनारायण मन्दिरमा *रामगीता, श्रीमद्भगवद्गीता* अन्तर्गत भगवत्ज्ञान तथा ब्रह्मज्ञान बारे प्रवचन सुन्ने सौभाग्य पाएकी छु । यस प्रकारका ज्ञान मनुष्य जीवनका लागि महत्त्वपूर्ण भएको मैले ठानेको छु । औपचारिक शिक्षा ग्रहण गर्ने बेलामा पनि गुरुप्रति हामीमा श्रद्धा थियो । हामी उहाँको एउटै कक्षा पनि छोड्दैनथ्यौं र उहाँलाई निकै आदर सम्मान गर्दथ्यौं । त्यस बखत महाकवि लक्ष्मी प्रसाद देवकोटाको *सुलोचना* महाकाव्य धारा प्रवाह गतिमा पढाउने गुरु यस बखत नित्य निरन्तर ब्रह्मचिन्तनमा लाग्नु पर्ने, विनम्र बन्नु पर्ने र आत्मीय भावले निर्लिप्त भएर बस्नु पर्ने कुरा पढाउनु हुन्छ । स्वाध्याय र सत्सङ्गमा सक्रिय रहने गुरु गृहस्थ माहात्मा हुनु हुन्छ । गुरुका साथ ममतामयी श्रद्धेय गुरुआमा पनि रहनु हुन्छ । उहाँहरूलाई देख्दा लक्ष्मीनारायणको प्रत्यक्ष दर्शन भएको अनुभव हुन्छ र हृदयदेखि कृपादृष्टिको कामना गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन एकाग्र, शान्त र प्रसन्न राख्न, श्रवण, मनन र निदिध्यासन गर्न, आफ्नो स्वरूप चिन्न र आफू शुद्ध चैतन्य, स्वयं प्रकाश ब्रह्मस्वरूप हो भन्ने कुरा जान्न ब्रह्मनिष्ठ गुरु हामीलाई सजिलो भाषामा अनेकौं सरल दृष्टान्त दिएर अभिप्रेरित गर्नु हुन्छ । यस प्रकारका अभ्यास गर्ने त आफैले हो भन्ने कुरा पनि गुरु बताउनु हुन्छ । ज्ञान गंगामा डुबाएर हाम्रो जीवन पवित्र एवं सफल तुल्याउने अभियान चलाई रहेका गुरुप्रति हार्दिक नमन गर्दछु ।

सुषमा आचार्य (प्रा.डा.), ललितपुर, फोन : ५५२२९०८ ।

प्रा. शिवगोपाल रिसाल कुशल प्राध्यापक तथा नेपाली भाषाका प्रकाण्ड विद्वान् हुनु हुन्छ । उहाँ अध्यात्म प्रेमी, साधुसन्तको कदर गर्ने र घन्टौं धारा प्रवाह प्रवचन गर्न सक्ने व्यक्ति हुनु हुन्छ । उहाँको वाणीमा मादक जादू छ । उहाँ सबैको भलो चिताउने, कसैप्रति आरोप प्रत्यारोप न गर्ने, आफ्नो नियम निष्ठामा रत्तिभर पनि त्रुटि हुन नदिने र अनुशासनमा रहने खालको व्यक्ति हुनु हुन्छ । त्यसैले उहाँको जीवन शैली अनुकरणीय छ । धर्म, संस्कृति र दर्शन सम्बन्धी उहाँका चार दर्जनभन्दा बढी ज्ञानवर्धक पुस्तकहरू प्रकाशित छन् ।

६.२.१३ भिडियोग्राफरका भनाइ

प्रा. शिवगोपाल रिसालका आध्यात्मिक चिन्तन र व्याख्या तथा समष्टि व्यक्तित्वबाट प्रभावित एक जना भिडियोग्राफरले भनेका कुरा यहाँ राखिएको छ ।

राजन पराजुली, वानेश्वर, काठमाडौं, मोबाइल : ९८४१२५१६३४ ।

मेरा पूज्य पिताजी प्रा. शिवगोपाल रिसालका परम भक्त हुनु हुन्छ । म सानै छँदादेखि पिताजी प्रा. रिसालमा अद्भुत प्रतिभा भएको कुरा सुनाउँदै त्यस्तै अध्ययनशील एवं चरित्रवान् व्यक्ति बन्न सक्नु पर्दछ भन्नु हुन्थ्यो । उमेर बढ्दै गएपछि मैले व्यावसायिक रूपमा भिडियोग्राफी क्षेत्र चयन गरें । प्रा. रिसालका महत्त्वपूर्ण कार्यक्रमका दृश्य चित्र खिंच्ने काम पनि मैले गरें । बिस्तारै उहाँसित मेरो निकटता बढ्दै जान थाल्यो । म जति जति उहाँका नजिक सम्पर्कमा आउँदै गएँ त्यति त्यति मेरा पिताजीले भनेका कुरा सत्य भएको अनुभव गर्दै गएँ । निश्चय नै प्रा. रिसाल नेपालका स्वनामधन्य अध्यात्म चिन्तक र प्रखर व्याख्याता हुनु हुन्छ । उहाँको बोलाइ र व्यवहारमा भिन्नता पनि मैले पाएको छैन । उहाँका सान्निध्यमा रहँदा मलाई मानसिक शान्ति प्राप्त हुन्छ र उहाँसितको निकटताले म गौरवान्वित बनेको छु ।

६.२.१४ मनोवैज्ञानिकका भनाइ

प्रा. शिवगोपाल रिसालका आध्यात्मिक साधना र व्याख्यानबाट प्रभावित एक जना मनोवैज्ञानिकले व्यक्त गरेका विचार यहाँ दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शकुन्तला खत्री, लगनखेल, फोन : ५५३३३७३ ।

जोसँग जे छ *त्यसले त्यही त दिन्छ* भन्ने प्रा. शिवगोपाल रिसाल स्वाध्यायी र जिज्ञासुलाई आफ्ना अनुभवजन्य ज्ञान बाँड्दै सच्चिदानन्दको प्राप्तिका उपाय बताउनु हुन्छ ।

बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस् ।
यी हातले सदा सदा नेपाल लेख्न पाइयोस् ।।

यस अभिव्यक्तिमा भनिए जस्तै गुरुका दिव्य वाणीको श्रवण, दिव्य कृतिको अध्ययन, दिव्य अध्यात्म ज्ञानको ग्रहण गर्न सधैं पाइयोस् र राष्ट्र प्रेमले भरिएका गुरुका भावनाबाट हामी सबै आलोकित बनी रहौं भन्ने कामना गर्दछु ।

६.२.१५ वित्त व्यवस्थापन क्षेत्रका व्यक्तिका भनाइ

प्रा. शिवगोपाल रिसालका कामबाट प्रभावित वित्त व्यवस्थापन क्षेत्रका एक जना व्यक्तिले भनेका कुरा यहाँ प्रस्तुत गरिएको छ ।

प्रयागराज उपाध्याय (कृषि विकास बैंकका पूर्व कर्मचारी), राजविराज न.पा., राजविराज, हाल बालुबाटार, काठमाडौं ।

२०४४ सालतिरको कुरा हो । राष्ट्रिय स्तरको काममा सगरमाथा अञ्चलको राजविराज पुग्दा मेरो परिवारमा उहाँको केही समयको स्नेहपूर्ण उपस्थितिको घटना मेरा लागि सदा अविस्मरणीय बनेको छ । त्यस बखत साँझ र बिहान मेरो घरमा उहाँले पदार्पण गर्दा घरका सबै सदस्य सारै प्रसन्न भएका थिए । उहाँको सरल र मायालु व्यवहारले केटाकेटीहरू पनि ज्यादै रमाएका थिए । खास गरी मेरी आमा उहाँप्रति सारै श्रद्धा गर्नु हुन्छ र उहाँलाई सम्झी रहनु हुन्छ । रेडियो टी.भी.मा उहाँका प्रवचन प्रसारित हुँदा हामी सबै रमाउँथ्यौं र ती कार्यक्रम पुरा सुन्थ्यौं हेर्थ्यौं । आज पनि आमा उहाँको प्रवचन सुन्न आतुर बन्नु हुन्छ ।

२६ वर्षपछि उहाँको पुनः दर्शन पाउँदा मैले आफूलाई सारै भाग्यशाली ठानेको छु । उहाँले मलाई त्यसै बखत *म को हुँ* भन्ने आफ्नो एउटा किताप दिनु भएको थियो । त्यो पुस्तक मैले निकै पटक पढेको छु । विभिन्न कार्यक्रममा हुने उहाँका धार्मिक आध्यात्मिक विषयका प्रवचन सुन्ने मौका पाउँदा म आफूलाई धन्य ठान्दछु । मैले आफ्नो अहिलेसम्मको जीवनमा उहाँ जस्तो सरल, मायालु, दयालु, निरभिमानी विद्वान् अर्को देखेको छैन । म उहाँको व्यवहारबाट प्रभावित छु र उहाँप्रति कृतज्ञ छु । उहाँका स्नेही तथा पवित्र वाणी सदा सुन्न पाइयोस् र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म साधकहरूको कल्याणार्थ प्रेम र ज्ञान प्रदान गर्ने अवसर भगवान्ले उहाँलाई प्रदान गरी रहुन् भन्ने कामना गर्दछु ।

६.२.१६ समाज सेवीहरूका भनाइ

प्रा. शिवगोपाल रिसालका आध्यात्मिक साधना, वेदान्त दर्शनको व्याख्यान तथा समाज सेवाबाट प्रभावित केही समाज सेवीले व्यक्त गरेका विचार यहाँ दिइएको छ ।

चेतन कार्की, बहाँटारी, आरू खर्क-९, स्याङ्जा ।

प्रा. रिसालसित मेरो लगभग २५ वर्षदेखिको सम्बन्ध रही आएको छ । मेरा छिमेकी हुनाले उहाँसित नित्य भेटघाट र भलाकुसारी त हुने नै भयो । केही समय मैले विभिन्न धार्मिक समितिहरूमा सँगै बसेर उहाँका साथ काम गर्ने अवसर पनि पाएको छु । त्यस्तो अवसर पाएकोमा म आफूलाई भाग्यमानी ठान्दछु । सँगै बस्दा, विचार विमर्श गर्दा वा बोल्दा मैले उहाँबाट प्रशस्त प्रेरणा पाएको छु ।

प्राध्यापक रिसाललाई म राजर्षि जनकको हाराहारीमा पाउँछु । राजा जनक पनि अद्वैत दर्शनका अनुयायी थिए र यस विषयमा उनको दरबारमा बराबर धार्मिक समागमहरू भई रहन्थे । उनको प्रसङ्ग उद्धृत गर्दै *श्रीमद्भगवद्गीता*मा जनक जस्ता अनेक व्यक्तिले कर्म योगबाट जीवनको सिद्धि प्राप्त गरेका कुरा बताइएको छ । प्राध्यापक रिसाल पनि त्यस्तै कर्म सन्न्यासी हुनु हुन्छ । जीवनका निम्ति गर्नु पर्ने कर्म जिम्मेवारीपूर्वक वहन गरी अन्तरमनमा रहेको आत्मज्योतिको बोध गर्दै जीवन्मुक्त भएर बाँच्नु आफैमा ठुलो तपस्या हो । प्राध्यापक रिसाल धर्म, संस्कृति र सिङ्गो राष्ट्रका निम्ति एक आदर्श हुनु हुन्छ । मनुष्य कल्याणका लागि उहाँको योगदान निरन्तर रहोस् भन्ने कामना गर्दछु ।

निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनापछि लोक सेवा आयोगका पदाधिकारीले नेपाली विषयलाई वैकल्पिक माध्यम बनाउन खोज्दा त्यसको विरोधमा स्याङ्जाका केही भाषा प्रेमीहरूले प्रदर्शनी मार्गमा रहेको एउटा क्याम्पसमा संगोष्ठीको आयोजन गरेका थिए । त्यस संगोष्ठीमा राष्ट्र भाषाको अपमान हुन लागेकोमा अत्यन्त क्षुब्ध र मर्माहत भएका प्राध्यापक रिसालले ज्यादै कठोर शब्दावलीमा लोक सेवा आयोगका तात्कालिक पदाधिकारी तथा सरकारको समेत निन्दा र भर्त्सना गर्नु भएको थियो । साथै त्यस सभामा मैले बोलेका कुराको समीक्षा गर्दै उहाँले *जबसम्म चेतन कार्की जस्ता राष्ट्र भाषा प्रेमी यस देशमा छन् नेपाली भाषाप्रति गरिने कुनै पनि षड्यन्त्र सफल हुन सक्दैन, म उहाँलाई जिउँदो छेत्री भन्न रुचाउँछु...*भन्नु भएको थियो । मैले त्यहाँ बोलेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको समर्थन गरेको देख्दा प्राध्यापक रिसालप्रति मेरो मनमा रहेको आदर श्रद्धामा परिणत भएको थियो । त्यस दिनभन्दा अगाडि मैले उहाँलाई एउटा विद्वान् व्याख्याताका रूपमा मात्र चिनेको थिएँ । त्यस दिनपछि सबल राष्ट्र प्रेमीका रूपमा मैले उहाँलाई आफ्ना मनमा प्रतिष्ठापन गरें ।

उहाँ सत्सङ्ग परिवार जावलाखेलका सक्रिय सदस्य हुनु हुन्छ भन्ने मलाई थाहा थियो । विभिन्न रेडियो स्टेसन र टेलिभिजन च्यानलहरूबाट उहाँका गहन दार्शनिक र अध्यात्म विषयका अन्तर्वार्ताहरू प्रसारित भई रहन्थे । आत्मज्ञानकी पिपासु मेरी जीवन सङ्गिनी गङ्गा कार्कीबाट बेला बेलामा उहाँका मननीय, चिन्तनीय र अनुकरणीय प्रवचनहरू बारे मलाई जानकारी भई रहन्थ्यो । सत्सङ्ग परिवारको कुनै कार्यक्रममा उपस्थित हुने अवसर पाउँदा उहाँबाट ज्ञान गुनका कुरा श्रवण गरेर म लाभान्वित हुन्थें । मेरी जीवन सँगिनीले आद्य शंकराचार्य विरचित *सर्ववेदान्त सिद्धान्तसारसंग्रहः*को नेपाली भावावुवाद गर्ने क्रममा प्राध्यापक रिसालसित एक दुई पटक अन्तर्क्रिया गर्ने मौका पाउँदा उहाँ वेदान्त र उपनिषद्का गहन अध्येता र आत्मज्ञानका कठोर साधक हुनु हुँदो रहेछ भन्ने कुरा मैले बुझें ।

हिन्दू धर्मसित सम्बद्ध गहन दार्शनिक चिन्तनले परिपूर्ण अनेकौं ग्रन्थहरूको रचना उहाँबाट भएको छ । उहाँ एउटा समर्पित शिक्षक, धर्मपरायण समाज सेवी, विनम्र, मिलनसार र नीरक्षीर विवेकी, पद, प्रशंसा र यशप्रति निर्लिप्त, सादा जीवन उच्च विचारमा विश्वास राख्ने विराट् व्यक्तित्वका धनी हुनु हुन्छ । यस्ता असाधारण व्यक्ति बारे ग्रन्थ तयार हुन लागेको जानकारी भाइ सीताराम के.सी. बाट पाउँदा म हर्षले विभोर भएको छु । परमपिता परमात्माले उहाँलाई सुस्वास्थ्य र दीर्घायु प्रदान गरुन् र उहाँको साधना, निष्ठा, अनुशासन, विनम्र व्यवहार, ज्ञान पिपासा, सादा जीवन र उच्च विचार सम्पूर्ण नेपालीहरूका लागि अनुकरणीय आदर्श बन्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछु ।

दामोदरप्रसाद भुर्तेल, कौशलटार, भक्तपुर, फोन : ६६३१९८५ ।

जीवनको पूर्वार्द्धमा विद्यार्थीहरूलाई सत्कार्य गरेर बाँच्न सिकाउने गुरुले प्राज्ञिक साधना गरे बापत अनेकौं तक्मा र पुरस्कार पाउनु भएको छ । जीवनको उत्तरार्धमा आएर उहाँ अध्यात्मको साधनामा लाग्नु भएको छ । परमार्थ चिन्तनमा चुलुम्म डुब्दै जीवनको सार तत्त्वको खोजीमा बसेका हामी जिज्ञासुहरूलाई सत्सङ्गको बत्ती बालेर प्रदीप्त तुल्याउने काम उहाँले गर्नु भएको छ ।

मिठ्ठु राउत, ललितपुर-५, फोन : ५५४२९२९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुले आफ्ना शिष्यहरूलाई अज्ञानरूपी अन्धकारबाट उज्यालोतिर, असत्‌बाट सत्‌तिर र अनित्यबाट नित्यतिर जाने मार्ग देखाउनु हुन्छ । आफूभित्र भएको सुख र आनन्द बाहिर भौतिक जगत्‌मा खोज्दा सुख होइन दुःख पाइन्छ । सत्संग, सदाचार एवं सद्‌विचार गर्ने प्रेरणा उहाँबाट मैले पाएको छु ।

मीना राउत, महालक्ष्मी स्थान, ललितपुर, फोन : ५५३१५१८ ।

गुरु र भगवान्‌मा भेद छैन । गुरु नै भगवान् हुन् र भगवान् नै गुरु हुन् । आफू नै सच्चिदानन्दघन हो । आफूभन्दा भिन्न सबै नाशवान् छन् । आत्मा वा ब्रह्म मात्र अविनाशी छ । रिसाल गुरुले शिष्यलाई सन्मार्ग देखाई जन्म मृत्युको चक्करबाट छुटाएर फेरि संसारमा आउन जान न पर्ने मोक्षको बाटो देखाउनु हुन्छ । त्यसैले उहाँ हाम्रो प्रेरणाको स्रोत हुनु हुन्छ ।

६.२.१७ साहित्यका अध्यवसायी तथा साहित्यकारहरूका भनाइ

प्रा. शिवगोपाल रिसालको साहित्यकार व्यक्तित्वबाट र आध्यात्मिक साधना एवं त्यसको व्याख्यानबाट प्रभावित केही व्यक्तिले प्रस्तुत गरेका धारणा यहाँ पेस गरिएको छ ।

अञ्चल प्रकाश राई, वाना-४, संखुवासभा ।

प्रा. रिसालका लेखहरू बौद्धिक ऊर्जाका स्रोत हुन् । उहाँका कृति पढ्न बसेपछि जति पढ्दै गयो उति पढ्न मन लाग्छ र सकिएको पत्तै हुँदैन ।

कमलमणि दीक्षित, पाटनढोका, ललितपुर, फोन : ५५२१०१४ ।

प्रा. शिवगोपाल रिसाललाई हामी कमान्डर भन्थ्यौं । त्यो उहाँको नेपाली भाषाप्रतिको प्रेमका लागि थियो । अहिले उहाँ उत्तिकै निष्ठाका साथ आध्यात्मिक कार्यमा लाग्नु भएको छ । यो नेपाली जातिका लागि ठुलो सौभाग्य हो ।

६.२.१८ सैनिक सेवाका व्यक्तिका भनाइ

प्रा. शिवगोपाल रिसालका आध्यात्मिक साधना एवं वेदान्त दर्शनको व्याख्यानबाट प्रभावित सैनिक सेवाका केही व्यक्तिले व्यक्त गरेका धारणा यहाँ दिइएको छ ।

भैरव सिलवाल (अ.प्रा.प्र.से.), महालक्ष्मी थान, ललितपुर, फोन : ५५५३६१४ ।

गुरुसँगको दैनिक स्वाध्याय तथा उहाँका अध्यात्म विषयका पुस्तकहरूको अध्ययनबाट मैले आफूमा आत्म बलको वृद्धि भएको अनुभव गरेको छु । त्यसबाट मेरो गार्हस्थ्य जीवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तुलित बनी परिवारमा शान्ति छाएको छ । मैले मोह र तृष्णालाई केही हदसम्म टाढा राख्न सकेको कारण पनि त्यही हो ।

रामबहादुर भण्डारी (पूर्व मेजर), सानेपा, ललितपुर, फोन : ५५३६१५६ ।

उहाँका अध्यात्म विषयका प्रवचन ज्ञान फैलाउने, सारै आनन्द दिने र सबैले बुझ्ने खालका हुन्छन् ।

६.२.१९ हवाइ सेवा क्षेत्रका व्यक्तिका भनाइ

प्रा. शिवगोपाल रिसालले विभिन्न क्षेत्रमा पुऱ्याएका योगदानबाट प्रभावित हवाइ सेवा क्षेत्रका व्यक्तिले प्रस्तुत गरेका धारणा यहाँ दिइएको छ ।

रवीन्द्रप्रसाद प्रधान (क्या.), खप्तड स्वामी ज्ञान अधिष्ठान, अध्यक्ष, खप्तड आश्रम प्रकाशन समिति, बुढानीलकण्ठ ।

आजभन्दा झन्डै २३ वर्ष पहिले बुढानीलकण्ठ आश्रममा श्री १००८ ब्रह्मवित् परमहंस योगी सच्चिदानन्द सरस्वती (खप्तड बाबा) को सामीप्यमा भक्त जनको समूहका बिच एक अधबैंसे युवकले बाबासँग सोधेको एउटा असामान्य प्रश्न सुन्दा म आश्चर्य चकित भएको थिएँ । सामान्यतया धेरै जसो भक्तहरूले व्यावहारिक, सामाजिक, सार्वजनिक विषय तथा कोही कोहीले साधारण धार्मिक विषयमा बाबासित सम्वाद गर्ने गर्दथे तर ती भक्तको जिज्ञासा भने वेदान्त दर्शन सम्बन्धी तुरीय अवस्था अर्थात् समाधिस्थ अवस्था बारे थियो । ती जिज्ञासु प्रा. शिवगोपाल रिसाल हुनु हुन्थ्यो । त्यो मेरो उहाँसितको पहिलो भेट थियो । पछि गएर श्रद्धेय बाबाको सत्सङ्गले उहाँसितको सम्पर्क स्वभावतः घनिष्टतामा परिणत भयो ।

श्री खप्तड बाबाका विभिन्न कृतिहरू नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने गरेकोमा बजारमा सहज र पर्याप्त मात्रामा उपलब्ध न हुँदा भक्तहरूको अनुरोधमा २०५२ सालमा **खप्तड आश्रम प्रकाशन समिति** भन्ने संस्था गठन गरियो । आफ्ना सम्पूर्ण ग्रन्थहरूको पुनर्मुद्रण गर्ने वा नयाँ प्रकाशन गर्ने अधिकार बाबाले त्यस संस्थालाई दिनु भयो । त्यसका लागि केही प्रतिष्ठित व्यक्तिहरू भएको समिति गठन गर्ने स्वीकृति पनि बाबाले दिनु भयो । बाबाका प्रकाशित ग्रन्थहरूमा पुनर्मुद्रण गर्नका साथै अप्रकाशित चार वटा कृतिहरू अर्थात् *योग विज्ञान, आरोग्य विज्ञान, आत्मज्ञान* र *Essentials of Vedanta* नयाँ प्रकाशनमा ल्याउने काम त्यस संस्थाले गऱ्यो । तिनमा *योग विज्ञान* हिन्दी र *आरोग्य विज्ञान* उर्दूबाट नेपालीमा अनुवाद गरिएको हो । *आत्मज्ञान*को हस्तलिपि नेपालीमा र *Essentials of Vedanta* को हस्तलिपि अंग्रेजीमा थियो । त्यसका अतिरिक्त *विचार विज्ञान* र *धर्म विज्ञान*लाई अंग्रेजीमा अनुवाद गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

The Scince of thought र *Scince of Dharma* नाममा प्रकाशनमा ल्याइयो । सम्पूर्ण यी कृतिहरू मुनाफा न कमाउने उद्देश्यले जन समक्ष पुर्‍याउन बिक्री वितरणको व्यवस्था पनि मिलाइयो । उपर्युक्त कार्यमा प्रा. रिसालको ठुलो योगदान छ र उहाँ त्यस प्रकाशन समितिका अध्यक्ष हुनु हुन्छ ।

श्रद्धेय बाबा २०५३ ज्येष्ठ कृष्ण सप्तमी तिथि अर्थात् वैशाख २९ गते गुरु वारका दिन ब्रह्मलीन भएपश्चात् भक्त जनले बाबालाई समाधिस्थ गरिएको बुढानीलकण्ठ आश्रममा खप्तड बाबा महासमाधि स्थलको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र आवधिक कार्यक्रम सञ्चालन गर्न **खप्तड स्वामी ज्ञान अधिष्ठान** नामक सस्था गठन गरियो । श्री पशुपतिनाथ मन्दिरको जस्तै अत्यन्त कलात्मक दुई वटा छाना भएको मन्दिर त्यहाँ निर्माण गरिएको छ । त्यहाँको मार्बल शिलापत्रमा यस्तो लेखिएको छ :

विक्रम सम्वत् २०५३ वैशाख २९ गते ज्येष्ठ कृष्ण पक्ष सप्तमीका दिन ब्रह्मलीन हुनु भएका ब्रह्मज्ञानी परमपूज्य परमहंस श्री १००८ स्वामी सच्चिदानन्द सरस्वतीको महासमाधिस्थल बुढानीलकण्ठमा ब्रह्मज्ञानी परमपूज्य श्री श्यामचेतन बाबाको करकमलबाट शिलान्यास एवं नर्मदेश्वरको प्रतिस्थापन कार्य सुसम्पन्न भई भक्तजनको भक्तिपूर्वक संलग्नतामा निर्मित खप्तड बाबा महासमाधि मन्दिर लोक कल्याणार्थ समर्पण ।

यस महासमाधि मन्दिरमा नित्य पूजाआजा र साँझ आरती गर्ने व्यवस्था मिलाइएको छ । यहाँ वर्षमा तिन चार दिन विशेष पूजा र समारोह गरिन्छ । ती अनुष्ठानमा प्रा. शिवगोपाल रिसालले गत १८ वर्षदेखि निरन्तर कार्यक्रम सञ्चालन तथा प्रवचन गरी श्रद्धेय बाबाका ग्रन्थहरूको विवेचना गर्नु हुन्छ । सम्मिलित हजारौं भक्तहरूले उहाँलाई समारोहको केन्द्रबिन्दु मान्दछन् । यहाँ हुने पुण्य समारोहका दिन तथा ती दिनमा गरिने कार्यक्रम निम्न लिखित हुन् :

१. परमपूजनीय खप्तड बाबा ब्रह्मलीन हुनु भएको दिन प्रत्येक वर्ष ज्येष्ठ कृष्ण सप्तमीमा हजारौं भक्त जनको सहभागितामा महात्माहरूबाट प्रवचन एवं भण्डारा ।
२. परमपूजनीय खप्तड बाबाको जन्म जयन्ती फरबरी १० तारिखका दिनको विशेष कार्यक्रम ।
३. परमपूजनीय खप्तड बाबालाई गुरु मानेर भक्तहरूले पुज्ने गरेको गुरु पुर्णिमाका दिनको विशेष कार्यक्रम ।
४. परमपूजनीय खप्तड बाबाका करकमलबाट दसैंको प्रसाद टीका जमरा प्राप्त भएको सम्झनामा आश्विन शुक्ल चतुर्दशीका दिनको विशेष कार्यक्रम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमपूजनीय खप्तड बाबाको स्वीकृति र आशीर्वाद लिई प्रा. रिसालले २०५८ सालमा एक वर्ष लगाएर *धर्म विज्ञान* (चतुर्थ खण्ड) को **ज्ञानयोग**बाट सारभूत कुराको संकलन, उद्धरण र संक्षेपीकरण गरी २५५ शीर्षकलाई १४४ शीर्षकमा छोट्याउनु भएको छ । त्यसमा मूल ग्रन्थको विषयवस्तु यथावत् राखी नवीन आकार तथा नवीन शीर्षक दिइएको छ । वेदान्त विज्ञानका श्रद्धालु भक्त जन तथा साधकहरूका निम्ति प्रस्तुत गरिएको यस कृतिलाई उहाँको वेदान्त दर्शन विषयक विद्वताका साथै आध्यात्मिक साधना र सरल जीवन शैलीको परिचायक मान्न सकिन्छ ।

परमपूजनीय खप्तड बाबाका अप्रकाशित कृतिहरूमध्ये *योगसाधना विधिदेखि अन्वेषणसम्म* नामक एउटा पुस्तक छ । ४५ वटा शीर्षकमा योगसित सम्बद्ध विषयवस्तु ओगटिएको र सप्रसङ्ग रङ्गीन चित्र सहित व्याख्या गरिएको हिन्दी भाषाको हस्तलिपिमा रहेको त्यस पुस्तकको अनुवाद र सम्पादनका लागि भाषाविद्का साथै अनुभवी साधक आवश्यक भएकोले मैले प्रा. रिसाललाई उपलब्ध गराएको थिएँ । उहाँले थोरै समयमा त्यसको अनुवाद र सम्पादन गर्नु भयो र त्यो पुस्तक प्रकाशित पनि गरियो । त्यस्तो कठिन काम सजिलै गर्नु भनेको उहाँ सशक्त वेदान्ती भएको उदाहरण हो ।

प्रा. शिवगोपाल रिसाल **खप्तड आश्रम प्रकाशन समिति र खप्तड स्वामी ज्ञान अधिष्ठान**का अध्यक्ष र सचिव मात्र होइन उहाँलाई ती संस्थाका विचार भण्डार मानिन्छ । उहाँ ती संस्थाहरू तथा तिनका सिद्धान्त, लक्ष्य, कार्य क्षेत्र र कार्य विधिका मर्मज्ञ हुनु हुन्छ । बाबाका ग्रन्थको गम्भीर विवेचना गरेको देख्दा केही भक्तहरू उहाँलाई वेदान्त दर्शनको विश्व ज्ञानकोश भन्दछन् । उहाँमा रहेको अध्यात्म निष्ठा, वेदान्त विषयको व्याख्यान सामर्थ्य, विद्वता र नम्रताबाट म सारै प्रभावित भएको छु । उहाँ साँच्चिकै गृहस्थ योगी हुनु हुन्छ । प्रा. रिसालको साधनारत आध्यात्मिक जीवनको सफलता र पूर्णताका निम्ति सद्गुरुदेव श्रद्धेय खप्तड बाबासँग हार्दिक प्रार्थना गर्दछु ।

६.३ अध्यायगत निष्कर्ष

सम्पर्क, पहिचान, नातेदारी, मित्रता र कुनै न कुनै प्रकारले निकट सम्बन्धमा रहेका विभिन्न व्यक्तिबाट प्रा. रिसालको परिचय लिने क्रममा थाहा पाइएका कुरा स्रोतको उल्लेख सहित यस अध्यायमा राखिएको छ । व्यवसाय, सिर्जनशीलता, अध्ययन, सेवा, साधना, जिम्मेवारी, पद प्रतिष्ठा लगायतका विभिन्न हिसाबबाट यिनका बारेमा जाने बुझेका थुप्रै व्यक्तिसित गुणका साथै अवगुण पनि देखिएका भए भनी दिन अनुरोध गरिएको हो । त्यसो भए तापनि कसैले यिनका अवगुणको चर्चा गरेको पाइएन । प्राप्त विचारहरू मूलतः प्रशंसाकै घेराभित्र रहेका छन् । यसबाट स्वभावतः प्रा. रिसाल प्रशंसाकै पात्र हुन् भन्ने कुरा थाहा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म क्षेत्रका साधकका भनाइ, इन्जिनियरहरूका भनाइ, ऋषि, तपस्वी, योगी, सन्न्यासीहरूका भनाइ, गायन क्षेत्रका व्यक्तिका भनाइ, चिकित्सकहरूका भनाइ, ज्योतिषीहरूका भनाइ, धर्म गुरुका भनाइ, पत्रकारिता क्षेत्रका व्यक्तिका भनाइ, पुस्तकालय विज्ञान क्षेत्रका व्यक्तिहरूका भनाइ, प्रशासकहरूका भनाइ, प्राध्यापकहरूका भनाइ, भिडियोग्राफरका भनाइ, मनोवैज्ञानिकका भनाइ, वित्त व्यवस्थापन क्षेत्रका व्यक्तिका भनाइ, समाज सेवीहरूका भनाइ, साहित्यका अध्यवसायी तथा साहित्यकारहरूका भनाइ, सैनिक सेवाका व्यक्तिका भनाइ र हवाइ सेवा क्षेत्रका व्यक्तिका भनाइ गरी विभिन्न व्यवसाय, साधना तथा सेवासित सम्बद्ध व्यक्तिहरूले यिनीप्रति समीक्षा गर्नुभन्दा पनि श्रद्धा नै जनाएका छन् । केही टिप्पणीकारका दृष्टिमा यो अंश भक्तिपरक वा गुणगानपरक लाग्न पनि सक्तछ । यथार्थ कुरा चाहिँ त्यसो होइन । आदरणीय पाठकहरूलाई प्रा. रिसालको जस्तो आदर्श व्यक्तित्व निर्माण गर्न उक्साउने सम्भावना यस अध्यायले देखाएको छ ।

❖ ❖ ❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सातौँ अध्याय

प्रा. शिवगोपाल रिसालको जीवनानुभूति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं अध्याय

प्रा. शिवगोपाल रिसालको जीवनानुभूति

यो अध्याय प्रा. रिसालको हालसम्मको जीवनको चिन्तन, साधना, तपस्या, अनुभव, बोध, मार्ग र व्यवहारबाट प्राप्त भएका विचार वा अनुभूतिका कुरामा केन्द्रित छ । यसमा क्रमशः **प्रा. रिसालको जीवनानुभूतिको आधार, प्रा. रिसालको जीवनानुभूति र अध्यायगत निष्कर्ष** उपशीर्षक दिइएको छ ।

७.१ प्रा. रिसालको जीवनानुभूतिको आधार

प्रस्तुत अंशमा प्रा. रिसालको जीवनानुभूतिको आधार भनेको उनले भोगेको जीवनबाट हासिल भएका अनुभवको सञ्जाल हो । ती अनुभवसित सम्बद्ध विविध पक्षले उनको समष्टि व्यक्तित्वको निर्माणमा महत्त्वपूर्ण काम गरेको बुझिन्छ ।

७.२ प्रा. रिसालको जीवनानुभूति

प्रा. रिसालको जीवनानुभूति प्रस्तुत गर्नका निम्ति यस अंशमा **प्रा. रिसालको साधना, प्रा. रिसालको जीवन व्यवहार, प्रा. रिसालको चिन्तन, प्रा. रिसालको जीवनानुभूति र प्रा. रिसालको सन्देश** उपशीर्षक राखिएका छन् ।

७.२.१ प्रा. रिसालको साधना

साधना भनेको लामो समयसम्म कष्ट सही मनलाई एकाग्र राखेर कुनै सिद्धि वा सफलताको प्राप्तिका लागि गरिने योग, काम वा प्रयत्न हो (पोखरेल र अन्य, २०४० : १३३३) । प्रा. रिसालले शास्त्राध्ययन, वेदान्त चिन्तन, समाज सेवा, प्राध्यापन, प्राज्ञिक अभ्यास, साहित्य सिर्जना, व्यावहारिक जीवनका कर्तव्य पालन जस्ता विविध पक्षमा निकै ठुलो साधना गरेका छन् । गृहस्थ भएर पनि कुनै तपस्वीले गरे जस्तो त्याग, चिन्तन र आचार यिनले अवलम्बन गरेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.२.२ प्रा. रिसालको जीवन व्यवहार

जन्मदेखि बाँच्दासम्मको अवधिलाई जीवन भनिन्छ । व्यवहार भनेको कुनै व्यक्तिले गर्ने वा गर्नु पर्ने पारिवारिक वा सामाजिक जीवनको चालचलन हो । प्रा. रिसालले सरल, सहज र स्वाभाविक किसिमले जीवन व्यवहार सञ्चालन गरेको देखिन्छ । जिन्दगीमा गर्न हुने र गर्न न हुने कुराको स्पष्ट ज्ञान भएका यिनले सदाचारी, नैष्ठिक, आध्यात्मिक, धार्मिक, इमान्दार, कर्तव्यपालक, योग्य नागरिक, कुशल गृहस्थ, परिश्रमी प्राध्यापक, निरभिमानी व्यक्ति, अक्लान्त साहित्य साधक, दक्ष प्रशासक, निर्लोभ देश सेवक र लगनशील समाज सेवी भएर यथेष्ट मात्रामा समयको सदुपयोग गरेको देखिन्छ । पचास वटाभन्दा ज्यादा पुस्तक, पाँच सयभन्दा बढी लेख रचना, दर्जनौ कृतिको सम्पादन, बिसौं वर्षदेखि अनवरत स्वाध्याय तथा सत्सङ्ग, योगी, तपस्वीहरूको सङ्गत लगायतका सत्कार्य एक जना व्यक्तिले गर्नु आफैमा असामान्य साधनाको उदाहरण हो । यहाँ यिनले गरेका योगदानको संकेत मात्र दिइएको हो । यस विषयको विस्तृत चर्चा स्वयं यो कृति हो ।

७.२.३ प्रा. रिसालको चिन्तन

दार्शनिक चिन्तन, लेखन तथा व्याख्यानका दृष्टिले हेर्दा प्रा. रिसाल एकमुखी देखिन्छन् । यिनको एकमुखी प्रवृत्ति भनेको वेदान्त दर्शन हो । सुत्दा, उठ्दा, खाँदा, हिँड्दा, बोल्दा, मौन रहँदा, पढ्दा, पढाउँदा, सुन्दा, सुनाउँदा, दुःखवा सुखका अवस्थामा रहँदा वेदान्ती बन्नु यिनको स्वभाव हो । यिनी वेदान्त बोल्दछन् र वेदान्तमै व्यवहार गर्दछन् । यिनले वेदान्त बाहेक अन्य कुरा न देखेको जस्तो बुझिन्छ किनभने यिनका विचारमा वेदान्त बाहेक अन्य कुरा संसारमा छँदै छैन । अठार वटा पुराणका ठेली त तयार गरे तर व्यासले ती सबैको निचोडमा पुण्य भनेको परोपकार र पाप भनेको अर्कालाई पीडा दिनु हो मात्र भनेका छन् भनिएको छ । प्रा. रिसालका सुरु सुरुका केही कृति बाहेक दर्जनौ कृतिको समीक्षा गर्दा त दुइटा पनि होइन एउटै कुरा देखिन्छ । त्यो कुरा भनेको वेदान्त दर्शन नै हो । यिनका बारेमा बोल्न चाहने व्यक्तिले वेदान्त दर्शनका कुराको उल्लेख गरेन भने त्यो बोलाइ अधुरो बन्नका साथै असत्य समेत हुन जान्छ । त्यसैले जीवनभरिको अध्ययन, अनुसन्धान, व्यवहार, सोच, अनुभव, लेखन, व्याख्यान र साधनाको निचोरमा यिनले देखेको भोगेको, कल्पना गरेको र बोलेका वेदान्त दर्शनको चिनारी दिने काम यस अंशमा गरिएको छ । त्यसका लागि **वेदान्त दर्शनको निर्माण, वेदान्तको शाब्दिक संरचना र अर्थ, वेदान्तका विविध नाम, वेदान्त दर्शनका प्रमुख सूत्र, वेदान्त दर्शनको प्रयोजन, वेदान्त दर्शनको प्रकृति, वेदान्तको इतिहास, वेदान्त दर्शनका व्याख्याता तथा तिनका भाष्यबाट उत्पन्न भेद, वेदान्त दर्शनका शाखा र वेदान्त दर्शनको निष्कर्ष** उपशीर्षक चयन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.२.३.१ वेदान्त दर्शनको निर्माण

*नेपाली बृहत् शब्दकोश*मा दर्शन भनेको प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतना बारेको विवेचन र विश्लेषण गरिने विद्या वा तत्सम्बन्धी विषयमा व्यापक रूपले यथार्थ परिचय दिने शास्त्र हो भनिएको छ (पोखरेल र अन्य, २०४० : ६३७) । सामान्य अर्थमा दर्शन भनेको हेराइ हो । बाहिरी वा आन्तरिक अवलोकन वा मनन दर्शन हो । संसारका विविधता वा बाह्य तत्त्व र आत्माको आलोकमा रहेका आन्तरिक तत्त्वको अवलोकनलाई दर्शन भनिन्छ । तार्किक मापदण्डमा आधृत आलोचनात्मक अभिव्यक्ति दर्शन हो । यसलाई आभ्यन्तरिक अनुभव तथा तर्कपूर्ण कथनबाट ग्रहण गरिने विचार प्रणाली पनि भन्न सकिन्छ । विश्वमा रहेका चेतन र अचेतन पदार्थको स्थूल भाव वा बाहिरी पक्षको अध्ययन विवेचन गर्ने शास्त्र विज्ञान हो भने सूक्ष्म भाव वा आन्तरिक पक्षको अध्ययन विवेचन गर्ने शास्त्र दर्शन हो (पाण्डेय, सन् २००३ : ३१५) ।

वैदिक साहित्यको ज्ञानकाण्ड मानिने उपनिषद्मा अन्तर्निहित ज्ञानलाई आधार बनाएर निर्माण गरिएको दर्शन वेदान्त हो । उपनिषद्, ब्रह्मसूत्र, र श्रीमद्भगवद्गीता यसका प्रमुख आधार ग्रन्थ हुन् । यिनैलाई प्रस्थानत्रय वा प्रस्थानत्रयी भनिन्छ । उपनिषद्लाई श्रुति प्रस्थान, ब्रह्मसूत्रलाई न्याय प्रस्थान र श्रीमद्भगवद्गीतालाई स्मृति प्रस्थान भनिन्छ । यिनमा अभिव्यक्त चिन्तन नै वेदान्त दर्शनको जग हो । ब्रह्म के हो भन्ने प्रश्नको स्पष्ट उत्तर दिनका लागि निर्माण गरिएको दर्शन यो हो । यसलाई जगत्, जीव र परमात्माको स्वरूप र यिनका बिचको पारस्परिक सम्बन्धको निर्णय गर्नका लागि बनाइएको प्रायोगिक शास्त्र भनिन्छ । दर्शन निर्माण गर्ने उद्देश्यबाट अभिप्रेरित भएर तयार पारिएको ग्रन्थ यो होइन । यसलाई वेदका ज्ञानको सारका रूपमा प्रस्तुत गर्ने हिसाबबाट प्रस्तुत गरिएको हो । यसमा दिइएका तर्क, आधार, तथ्य र विशिष्ट चिन्तनले यसलाई दर्शन ग्रन्थ बनाएको हो । पछि गएर यसलाई वेदान्त दर्शनको आधारभूत ग्रन्थ मान्न थालिएको हो ।

नैयायिकहरूको **आरम्भवाद** अर्थात् ईश्वरले नै सृष्टि गर्दछन् भन्ने मान्यता र सांख्यवादीहरूको **परिणामवाद** अर्थात् सृष्टिको विकास उत्तरोत्तर विकार वा परिणामबाट अव्यक्त प्रकृतिद्वारा स्वतः हुन्छ भन्ने मान्यताको खण्डन गर्दै तिनको ठाउँमा आफ्नो **विवर्तवाद** अर्थात् जगत् भनेको ब्रह्मको कल्पित रूप हो, ब्रह्म नै सत्य हो, जगत् भनेको त भ्रम मात्र हो भन्ने मान्यता स्थापना गर्ने काम यस दर्शनले गरेको छ ।

ब्रह्मसूत्रमा चार वटा प्रमुख सूत्रको उल्लेख पाइन्छ । यसको पहिलो सूत्र *अथातो ब्रह्मजिज्ञासा* अर्थात् वेदान्त बुझ्नका लागि ब्रह्मको जिज्ञासा हुनु पर्दछ भन्नु हो भने दोस्रो सूत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्माद्यस्य यतः अर्थात् जगत्‌को मूल स्रोत, आधार तथा लक्ष्य ब्रह्म हो जसमा जगत् उत्पन्न हुन्छ, रहन्छ र समाप्त पनि हुन्छ भन्नु हो । यसरी नै तेस्रो सूत्र शास्त्रयोनित्वात् अर्थात् ब्रह्मलाई शास्त्र अथवा उपनिषद्‌का वचनको अध्ययनबाट नै जान्न सकिन्छ भन्नु हो भने चौथो सूत्र तत्तु समन्वयात् अर्थात् उपनिषद्‌हरूको समन्वय वेदान्तको शिक्षाबाट नै हुन्छ अन्य दर्शनको शिक्षाबाट हुँदै भन्नु हो ।

७.२.३.२ वेदान्तको शाब्दिक संरचना र अर्थ

वेद र अन्तको योगबाट वेदान्त शब्द बनेको छ । सामान्य अर्थमा यस शब्दले वेद वा वेदको अन्तिम भाग भन्ने भाव जनाउँछ । वेद भनेको जान्नु हो । जीवन र जगत् सम्बन्धी जान्नु पर्ने सम्पूर्ण कुरा बताइएको शास्त्र भएकोले वेद भनिएको हो । ज्ञानार्थ, सत्तार्थ र लाभार्थ बोधक शब्द यो हो ।

वेदान्त शब्दमा प्रयुक्त अन्तको अर्थ विद्वान्‌हरूले सामान्यभन्दा पनि गहन भाव व्यक्त हुने गरी लगाएका छन् । उनीहरूका भनाइ अनुसार वेदको अन्तिम ज्ञान भनेको ब्रह्मज्ञान हो र वेदको निष्कर्ष पनि यही हो । अन्तिम रूपमा त्यही ज्ञान प्रस्तुत गर्ने चिन्तनको अर्थबोधक रूप अन्त हो । अन्तले तात्पर्य, सिद्धान्त, आन्तरिक अभिप्राय, मन्तव्य भन्ने अर्थ पनि जनाउँछ । वेदान्त दर्शनका सन्दर्भमा यसले वेद वा ज्ञानको अन्त अर्थात् पर्यवसान अथवा ब्रह्मज्ञानको बोध गराउँछ । विश्वको प्रपञ्च असत्य र भ्रम हो । ब्रह्म नै सत्य हो । संसारमा देखिने सबै वस्तु ब्रह्मका रूप भेद मात्र हुन् । यस्तो मौलिक सिद्धान्त, अन्तिम तात्पर्य र सर्वोच्च तथा सर्व मान्य अभिप्राय नै वेदको अन्तिम सार हो । यही सारलाई टिपेर निर्माण गरिएको दर्शन हुनाले यसलाई वेदान्त दर्शन भनिएको हो ।

७.२.३.३ वेदान्तका विविध नाम

वेदान्त दर्शनलाई **श्रुति, उपनिषद्, वेदसार, वेदविद्या, पराविद्या, मधुविद्या, ब्रह्मविद्या, सर्वोच्च विद्या, उत्तर मीमांसा, शारीरक मीमांसा, आत्मविचार, महाज्ञान, विवर्तवाद** पनि भनिन्छ । यिनका बढी प्रचलित शब्द वेदान्त नै हो । यी सबै शब्दको अर्थ वेद र वेदान्तको परिचय दिने क्रममा निर्धारण गरिएका विभिन्न शीर्षक अन्तर्गत दिइएकोले यहाँ तिनको पुनरावृत्ति गरिएको छैन ।

७.२.३.४ वेदान्त दर्शनको प्रमुख सूत्र

*ऋग्वेद*को *ऐतरेयोपनिषद्* (३।३) को **प्रज्ञानं ब्रह्म** अर्थात् ज्ञान नै ब्रह्म हो भन्ने अर्थ बुझाउने लक्षण वाक्य, *शुक्लयजुर्वेद*को माण्डूक्योपनिषद् (१।२) को **अयमात्मा ब्रह्म** अर्थात् यो आत्मा नै ब्रह्म हो भन्ने अर्थ बुझाउने अनुभव वाक्य, सामवेद, छान्दोग्योपनिषद् (६।८।७) को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वमसि अर्थात् समस्त जीव जगत् नै ब्रह्म हो भन्ने अर्थ बुझाउने उपदेश वाक्य र अर्थवेद, *बृहदारण्यकोपनिषद्* (१।४।१०) को **अहं ब्रह्मास्मि** अर्थात् म वा आत्माको सन्निवेश भएको प्राणी नै ब्रह्म हुँ भन्ने अर्थ बुझाउने अनुसन्धान वाक्यलाई वेदका चार महावाक्य भनिन्छ । यी चार वटै महावाक्यबाट निर्मित सूत्रको अवलम्बन गरेमा ब्रह्माकार वृत्तिमा आरूढ भई जीवनको लक्ष्य पुरा हुन्छ र जन्मने, मर्ने, सांसारिक झमेलामा फस्ने जस्ता जटिलताबाट मुक्ति मिल्दछ । यी सबैले अविनाशी, अद्वैत, ब्रह्मवस्तुको साक्षात्कार गराउँछन् । यिनै महावाक्य वा महामन्त्रका धरातलमा रहेर वेदका सार समेत समावेश गरी महर्षि वेदव्यासद्वारा तयार पारिएको ग्रन्थ ब्रह्मसूत्र हो । यो ग्रन्थ चार अध्याय र सोर पादमा विभक्त छ । यसमा १९१ अधिकरण र ५५५ सूत्रहरू छन् । यसको उपादेयता सार्वकालिक, सार्वदेशीय, सबैतिरका मानव समुदायका लागि निकै ज्यादा रहेको कुरा यसलाई मान्ने र न मान्ने सबैले स्वीकार गर्दछन् । ब्रह्मसूत्र नै वेदान्त दर्शनको मुख्य सूत्र हो ।

७.२.३.५ वेदान्त दर्शनको प्रयोजन

वेदान्त दर्शनले आफू र आफूभित्रको ईश्वरलाई चिनेर निर्लोभ तथा निर्लिप्त भई संसारमा आफ्नो भूमिका सक्रियताका साथ निर्वाह गर्न सिकाउनु वेदान्त दर्शनको मुख्य प्रयोजन हो । यो बहसका लागि बहस गर्न, शास्त्रार्थद्वारा मनोविनोद गर्न र लहडका भरमा मनमा उठेका काल्पनिक तर्कका आधारमा गरिएको सामान्य विमर्श होइन । ब्रह्मसूत्र नै वेदान्त दर्शनको प्रामाणिक शास्त्र भएको र वादरायणले मुमुक्षुको उद्धारका लागि यस सूत्रको प्रणयन गरेकाले वेदान्त जगत्मा यसको निकै ठुलो भूमिका छ । प्रस्थान त्रयीमा न्याय प्रस्थान भनेको ब्रह्मसूत्र नै हो । ब्रह्मका विषयमा न्याय प्रस्थानले राम्रो विवेचना गरेको छ । मोक्षको मात्र इच्छा भएपछि नै क्रमशः ब्रह्म जिज्ञासापूर्वक सन्तुष्टि, उपलब्धि, प्राप्तिको बाटो फेला पर्न सक्तछ । पहिले ब्रह्म जिज्ञासाका लागि अधिकारी बन्नु पर्दछ अनि ब्रह्मको जिज्ञासापूर्वक खोज गर्नु पर्दछ । त्यसपछि आफ्नै स्वरूप ब्रह्मको साक्षात्कार गर्नु पर्दछ । त्यसो गरिएमा सम्पूर्ण दुःखको निवृत्तिपूर्वक अखण्ड शान्ति र आनन्दको अनुभूति हुन्छ । ब्रह्म जिज्ञासु, ब्रह्म बोध भएपछि ब्रह्म नै बन्दछ । वेदान्त दर्शन, वेदान्त सिद्धान्त, वेदान्त धर्म नै सम्पूर्ण वेदको र यावत् आस्तिक संप्रदायको आधार एवं परम लक्ष्य हो । वेदान्तको भनाइ अनुसार अखण्ड, परिपूर्ण, शाश्वत, सत्य, नित्य भएकाले ब्रह्मदेखि भिन्न केही पनि छैन । यसर्थ मोक्ष लाभ नै सनातनी, वेदान्ती, मुमुक्षु, भक्तहरूको एक मात्र कर्तव्य र पुरुषार्थ हो ।

७.२.३.६ वेदान्त दर्शनको प्रकृति

पौरस्त्य दर्शनका आस्तिक र नास्तिक गरी दुइटा भेद छन् । यिनको पालना आआफ्ना विचार, विश्वास, गति र मति अनुसार गरिएको पाइन्छ । वेदले आस्तिक दर्शनलाई महत्त्व दिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । ती दर्शनहरूमा आत्मा अकर्ता, साक्षी र प्रकृतिभन्दा पर छ भन्ने सांख्य दर्शन, चित्तका चञ्चलताको निग्रहमा जोड दिने योग दर्शन, तर्क र प्रमाणका आधारमा ब्रह्मका साथै जीव र जगत्‌को विवेचना गर्ने न्याय दर्शन, तत्त्वको विवेचन गर्ने वैशेषिक दर्शन, वैदिक कर्मकाण्डलाई महत्त्व दिने पूर्व मीमांसा दर्शन र वैदिक ज्ञानकाण्डलाई महत्त्व दिने उत्तर मीमांसा दर्शन गरी छ वटा दर्शन पर्दछन् । सांख्य दर्शनका कपिल देव, पतञ्जलिलाई योग दर्शनका, गौतमलाई न्याय दर्शनका, कणाद मुनिलाई वैशेषिकका, जैमिनिलाई पूर्व मीमांसाका र वेदव्यासलाई उत्तर मीमांसाका प्रमुख आचार्य मानिन्छ । आस्तिक दर्शनका भेदहरूलाई नै महत्त्व दिइने हुँदा वैदिक दर्शनमा यिनै छ वटा दर्शनको गणना गरिन्छ । यिनैलाई षड्‌दर्शन पनि भनिन्छ ।

नास्तिक दर्शनका पनि चतुर्वाणीधारी चार्वाक दर्शन, जिनका उपासकको जैन दर्शन, मध्य मार्गीहरूको माध्यमिक दर्शन, बौद्ध मतावलम्बीहरूको योगाचार दर्शन, सौगत मतावलम्बीहरूको सौत्रान्तिक दर्शन र स्वैच्छाचारीहरूको वैभाषिक दर्शन गरी छ वटा भेदहरू पौरस्त्य दर्शनमै पर्दछन् ।

दर्शनका भेदहरूमा छ वटा दर्शनको गणना गरिए पनि वेदले सर्वोपरि महत्त्व मूलतः आस्तिक दर्शनलाई र त्यसमा पनि वेदान्त दर्शनलाई नै दिएको छ । त्यसैले वेदान्त दर्शनलाई आस्तिक र सर्वोच्च दर्शन भनिन्छ । वेदान्त दर्शनको मुख्य सिद्धान्त ब्रह्मवाद हो । मान्छेको जुनीबाट प्राप्त हुन सक्ने सर्वोत्तम आनन्दरूप ब्रह्म तत्त्व दिलाउने विद्या भएकोले यसलाई देख्न, सुन्न, पढ्न र सजिलै जान्न सकिने दर्शन तथा दर्शनको पनि दर्शन भनिन्छ ।

७.२.३.७ वेदान्तको इतिहास

वेदान्त दर्शनका बारेमा जानकारी लिन खोज्दा यसको आधार भूमि वेद के हो र त्यसभित्र के कुरा राखिएको भन्ने विषयमा थाहा पाउनु आवश्यक हुन्छ । त्यसैले यहाँ वेदको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

कुनै व्यक्ति विशेषको रचना न भएकोले वेदलाई अपौरुषेय भनिन्छ । वेदको सारबाट निर्मित भएकोले वेदान्त पनि अपौरुषेय दर्शन हो । चित्त वृत्ति रोकेर समाधि अवस्थामा रहेका बखत ब्रह्माले हृदयाकाशबाट साक्षात्कार गरेको त्रिविध ब्रह्म अर्थात् प्रणवका रूपमा प्रकट भएको नादब्रह्म नै वेद हो । यो स्वयं भगवान्‌का मुखबाट निस्केको हो । सृष्टि कालमा भगवान्‌का मुखबाट निस्के जस्तै प्रलय कालमा यो भगवान्‌मै समाहित हुन्छ भनिन्छ । महान् ज्ञानी, ध्यानी, तपस्वी, त्यागीहरूले यो ज्ञान साधनावस्थामा भेटाउन सक्तछन् । ज्ञान र ध्यानका माध्यमबाट आफूले साक्षात्कार गरेका कुरा शिष्यहरूलाई सुनाउने र शिष्यहरूले पछिल्ला पुस्ताका शिष्यहरूलाई सुनाउँदै जाने क्रममा मौखिक परम्पराबाट वेद मुखान्तरण भएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋक्, यजु:, साम र अथर्व गरी वेदहरूचार वटा छन् । यिनमा प्रयुक्त गद्य, पद्य र गीतको प्रयोगका तिन वटा भेदका कारण यिनलाई संयुक्त रूपमा वेदत्रयी भनिन्छ । ज्ञान, उपासना र कर्मकाण्डको प्रयोग भेदका कारण पनि वेदलाई वेदत्रयी भनिएको हो भन्ने अभिमत पनि पाइन्छ । वेदलाई संहिता मन्त्र, ब्राह्मण, अरण्य र उपनिषद् गरी चार भागमा वर्गीकरण गरिएको पाइन्छ । वेदका संहिता मन्त्र तथा ब्राह्मण भागमा प्रस्तुत पूजा विधिलाई कर्मकाण्ड, वेदका संहिता मन्त्र तथा अरण्य भागमा प्रस्तुत भक्तिलाई उपासना काण्ड र वेदका संहिता मन्त्र तथा उपनिषद् भागमा प्रस्तुत आध्यात्मिक विचारलाई ज्ञान काण्ड भनिन्छ । यी तिन वटै काण्डको संयुक्त नामका अर्थमा वेदलाई वेदत्रयी भनिएको हो । वेदमा ८०,००० (असी हजार) मन्त्र कर्म काण्ड, १६,००० (सोर हजार) मन्त्र उपासना काण्ड र ४,००० (चार हजार) मन्त्र ज्ञान काण्ड गरी जम्मा १,००,००० (एक लाख) मन्त्र छन् । ज्ञानको भण्डार मानिने वेदका छन्द (वृत्त, पद्य र लय विधि), कल्प (पद्धति तथा नियम), ज्यौतिष (ग्रह गति, गणना र फलादेश), निरुक्त (व्याख्या, व्युत्पत्ति), शिक्षा (वर्ण स्वरको निरूपण तथा विद्याभ्यास) र व्याकरण (शब्द रचना विधि) समेत विविध पक्षलाई वेदाङ्ग भनिन्छ । वेदलाई पुरुषका रूपमा उभ्याई छन्दलाई खुट्टा, कल्पलाई हात, ज्यौतिषलाई आँखा, निरुक्तलाई कान, शिक्षालाई नाक र व्याकरणलाई मुख भनिएको छ । वेदमा बयालिस वर्णमा रचना गरिने गायत्री, बहत्तर वर्णमा रचना गरिने जगती, साठी वर्णमा रचना गरिने पंक्ति र चौवन्न वर्णमा रचना गरिने बृहती छन्दको प्रयोग भएको देखिन्छ । यी छ अङ्गको शद्धिमा ध्यान दिई वेद पढेमा ब्रह्म लोकपर्यन्तको ज्ञान र गति प्राप्त हुन्छ ।

पुराण, न्याय, मीमांसा वेदको व्याख्या र धर्म शास्त्र वेदका उपाङ्ग अर्थात् सहायक अङ्ग मानिन्छन् । प्रत्येक वेदका ब्राह्मण ग्रन्थ र उपनिषद् फरक फरक छन् । ऋग्वेदका ब्राह्मण ग्रन्थ ऐतरेय वा आश्वलायन र सांख्यायन हुन् भने उपनिषद् ऐतरेय तथा कौषीतकि हुन् । यजुर्वेदका ब्राह्मण ग्रन्थ शतपथ र उपनिषद्मा ईश तथा बृहदारण्यक शुक्ल यजुर्वेदीय एवं कठ, तैत्तरीय तथा श्वैताश्वतर कृष्ण यजुर्वेदीय उपनिषद् हुन् । सामवेदका ब्राह्मण ग्रन्थ पञ्चविंश तथा षड्विंश र उपनिषद् केन तथा छान्दोग्य हुन् । यसै गरी अथर्व वेदको ब्राह्मण ग्रन्थ गोपथ हो भने उपनिषद्हरू प्रश्न, मुण्डक र माण्डूक्य हुन् ।

प्रत्येक वेदबाट बनेका उपवेदहरूमा ऋग्वेदबाट आयुर्वेद, यजुर्वेदबाट धनुर्वेद, सामवेदबाट गन्धर्ववेद र अथर्ववेदबाट स्थापत्य वेद (अर्थशास्त्र तथा निर्माण कला) पर्दछन् । यिनमा प्रत्येकका शाखा उपशाखाको विभाजन पाइन्छ । उदाहरणका लागि आयुर्वेदका काय चिकित्सा (शरीरको सामान्य उपचार), शल्य तन्त्र (औजार प्रयोगबाट गरिने शरीरको उपचार), शालाक्य तन्त्र (गर्दनभन्दा माथिका शारीरिक अवयवको उपचार), भूत विद्या तन्त्र (मनोचिकित्सा), कौमारभृत्य (बाल रोगको उपचार), अगद तन्त्र (विषको उपचार), रसायन तन्त्र (प्रतिरोधात्मक उपचार) र वाजीकरण तन्त्र (प्रजनन उपचार) लाई अघि सार्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा ब्रह्माण्ड, प्रकृति, जड, जीवन, समाज, दर्शन, ज्ञान, विज्ञान, औषधि, अध्यात्म जस्ता अनेकौं पक्ष समेटिएका छन् । वेदमा जे छैन त्यो विश्व ब्रह्माण्डमा पनि छैन भन्ने मान्यता अनुसार यो विश्व ज्ञानको सागर हो भन्ने कुरा थाहा हुन्छ । उपनिषद्‌लाई वेदको सार भनिन्छ । अझ *श्रीमद्‌भगवद्‌गीता*लाई उपनिषद्‌को पनि सार मानिन्छ ।

द्वापर युगसम्मको सभ्यताको विकासका क्रममा मान्छेको स्मृति र मेधा शक्तिमा बिस्तारै ह्रास आउन लागेको देखेपछि वेदको ज्ञान बचाउन र पछिल्ला पुस्तामा हस्तान्तर गर्न महर्षि कृष्ण द्वैपायनले आफूले जानेको वैदिक ज्ञान पुस्तकमा राख्ने काम गरे । वेदलाई बचाउने अभियानका अभियन्ता भएकाले उनलाई वेदव्यास भनिएको हो । वेदव्यासले वेद बचाउने क्रममा आफूले जानेको ऋग्वेद पैल मुनिलाई, यजुर्वेद वैशम्पायनलाई, सामवेद जैमिनिलाई र अथर्ववेद सुमन्तुलाई सिकाए । ती शिष्यले आफूले जानेको ज्ञान पछिल्ला शिष्यहरूलाई सिकाउँदै गर्दा वेद बच्दै आएको हो ।

महर्षि वेदव्यासको ब्रह्मसूत्र अर्थात् वेदान्तसूत्रको अध्ययन विश्लेषणबाट चर्चामा आएको यो दर्शन, शङ्‌कराचार्यको अद्वैत वेदान्त अर्थात् अद्वैत शाङ्‌कर वेदान्त, भास्कराचार्यको भेदाभेद, रामानुजाचार्यको विशिष्टाद्वैत, मध्वाचार्यको द्वैत, निम्बार्काचार्यको द्वैताद्वैत, श्रीकण्ठको शैव विशिष्टाद्वैत, श्रीपतिको वीर शैव विशिष्टाद्वैत, वल्लभाचार्यको शुद्धा द्वैत, विज्ञान भिक्षुको अविभागा द्वैत र बलदेवको अचिन्त्य भेदाभेद जस्ता विवेचनात्मक शृङ्‌खलाबाट विकसित हुँदै तर्क र चिन्तनको लामो यात्रा गरेर आजको अवस्थामा झनै ज्यादा परिष्कृत तथा मान्य बनेको व्यावहारिक ज्ञान हो । यसप्रति विमति जनाउनेहरूले पनि यसमा भनिएका प्रामाणिक तथ्यको दण्डन गर्न सकेको देखिँदैन ।

७.२.३.८ वेदान्त दर्शनका व्याख्याता तथा तिनका भाष्यबाट उत्पन्न भेद

वेदान्त दर्शनको चिन्तन सार्वजनिक गर्ने ग्रन्थ महर्षि वेदव्यासको ब्रह्मसूत्र हो । ब्रह्मसूत्र अर्थात् वेदान्त सूत्रलाई कुनै भाष्य बिना बुझ्न गारो पर्ने हुनाले विभिन्न व्यक्तिले यसको भाष्य लेखेका छन् । वेदान्तले यो सारा सृष्टिलाई कल्पना र परमात्माको लीला मान्दछ । यसमा भनिएका धेरै कुरामा ब्रह्म सत्य हो र जगत् चाहिँ असत्य वा मिथ्या हो भन्ने उक्ति निकै महत्त्वपूर्ण मानिन्छ । यो भनाइ वेदान्त दर्शनका मान्यताको सूत्र वाक्य समान चर्चित छ । त्यसो भए तापनि यस कुरामा प्रस्तुत दर्शनका व्याख्याताहरूमा मतैक्य देखिँदैन । यस अंशमा समीक्ष्य दर्शनका व्याख्याता तिनले ब्रह्मसूत्रको व्याख्या गर्दा अभिव्यक्त गरेका मतबाट उत्पन्न भएका भेदका बारेमा विमर्श गर्न यहाँ **महर्षि वेदव्यासको ब्रह्मसूत्र अर्थात् वेदान्तसूत्र**, **शङ्‌कराचार्यको अद्वैत वेदान्त अर्थात् अद्वैत शाङ्‌कर वेदान्त**, **भास्कराचार्यको भेदाभेद**, **रामानुजाचार्यको विशिष्टाद्वैत**, **मध्वाचार्यको द्वैत**, **निम्बार्काचार्यको द्वैताद्वैत**, **श्रीकण्ठको शैव विशिष्टाद्वैत**, **श्रीपतिको वीर शैव**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशिष्टाद्वैत, वल्लभाचार्यको शुद्धा द्वैत, विज्ञान भिक्षुको अविभागा द्वैत र बलदेवको अचिन्त्य भेदाभेद जस्ता थप शीर्षक दिइएको छ ।

क. महर्षि वेदव्यासको ब्रह्मसूत्र अर्थात् वेदान्तसूत्र

प्राचीन कालमा विभिन्न ग्रन्थका लेखक तथा सम्पादकलाई व्यास भन्ने चलन रहेको पाइन्छ । सामान्य अर्थमा व्यास भनेको सम्पादक हो । वेदलाई व्यवस्थित तुल्याएर सम्पादन गरेकाले वेदव्यास भनिएको हो । महाभारतका रचयिता, वेदान्तसूत्रका लेखक, पुराणहरूका सर्जक तथा सम्पादकलाई व्यास भनिएको छ । यस नामका विभिन्न व्यक्तिहरू भएको मानिन्छ । यो शब्द नामभन्दा पनि विशेषण बोधक देखिन्छ ('पर्वतीय', सन् १९९६ : ८६५) ।

महर्षि वेदव्यास पराशर तथा सत्यवतीका छोरा हुन् । काला भएकाले कृष्ण र यमुना नदीको एउटा टापुमा जन्मेकाले द्वैपायन शब्दलाई संयुक्त बनाएर यिनको नाम कृष्ण द्वैपायन राखिएको हो । बदरीनाथमा गई कठोर तपस्या गरेका र त्यसबाट ब्रह्मज्ञानको सिद्धि प्राप्त गरेका हुनाले यिनलाई बादरायण पनि भनिन्छ । बदर कुलका सनति भएकाले यिनलाई बादरायण भनिएको हो भन्नेहरू पनि देखिन्छन् ।

यिनकी आमा सत्यवतीको विवाह पछि गएर महाराज शान्तनुसित भएको थियो । शान्तनुबाट तिनले चित्राङ्गद र विचित्रवीर्य नामक दुई छोरा जन्माइन् । ती दुवैको असमयमै निधन भएकोले तिनका रानीहरूबाट आमा सत्यवदीको आज्ञाले कृष्ण द्वैपायनले नियोग विधि प्रयोग गरी क्रमशः जेठीबाट धृष्टराष्ट्र र कान्छीबाट पाण्डुलाई जन्म दिए । विदुर पनि यही पद्धतिबाट जन्मेका यिनका सन्तति हुन् । पुराणहरूमा अठार व्यासको उल्लेख पाइन्छ । ती सबै व्यासलाई ब्रह्मा वा विष्णुका अवतार मानिन्छ । ती व्यासहरू पृथ्वीमा वेदको व्याख्या र प्रचार गर्नका लागि बेला बखत जन्मन्छन् भनिन्छ (पाण्डेय, सन् २००३ : ६०१-६०२) ।

व्यास महर्षि वेदव्यास वेदान्त दर्शनका मूल चिन्तक मानिन्छन् । यिनले संसारमा प्रचलित ज्ञान विज्ञानका समस्त शाखाको व्याख्या विश्लेषण गरेका छन् । वेदान्त दर्शनलाई सार्वजनिक गर्ने ग्रन्थ यिनको ब्रह्मसूत्र हो । वेदको अन्तिम ज्ञानकाण्डको प्रतिपादक हुनाले यसलाई उत्तर मीमांसा पनि भनिन्छ । अझ शरीरमा रहने जीवावस्थापन्न ब्रह्म विषयक विवेचना गर्ने दर्शन भएकोले यसलाई शारीरक मीमांसा भनिएको पनि पाइन्छ । ५५५ सूत्र भएको यस ग्रन्थमा समन्वय, अवरोध, साधन र फल गरी चार वटा अध्याय छन् । समन्वयमा विभिन्न सूत्रको समन्वय गरिएको छ भने अवरोध खण्डमा अन्य दार्शनिक विचारहरूको खण्डन र वेदान्त दर्शनको स्थापना गरिएको छ । साधनमा जीव र ब्रह्मका लक्षण बताइएको छ भने फलमा निर्गुण सगुण उपासना र मुक्त पुरुषको वर्णन गरिएको छ ('पर्वतीय', सन् १९९६ : ८६६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई प्रस्तुत दर्शनको सर्वस्व भनिन्छ । ज्यादै गहन दार्शनिक चिन्तन र प्राज्ञिक विमर्शमा आधृत ग्रन्थ भएकोले यसमा भनिएका कुरा गुरु न थापी वा यसको अध्ययन तथा विश्लेषण गरेर तयार पारिएका विद्वान्हरूका भाष्यको सहयोग न लिई यसमा भनिएको कुरा स्पष्ट रूपमा बुझ्न गारो पर्दछ । त्यो कुरा अनुभव गरेर विभिन्न विद्वान्हरूले यिनको ब्रह्मसूत्रको भाष्य लेखेका छन् । अप्ठेरो कहाँनेर देखिन्छ भने यिनले जति स्पष्टसित समीक्ष्य दर्शनको विवेचना गरेका छन् त्यसलाई व्याख्याता वा भाष्यकारहरूले झनै जटिल र अस्पष्ट तुल्याई दिएका छन् । फलस्वरूप यस दर्शनमा भाष्यकार अनुसारमा भेद जन्मेका देखिन्छन् । त्यसरी देखिएका केही भेदको चर्चा यहाँ गरिएको छ ।

ख. शङ्कराचार्यको अद्वैत वेदान्त अर्थात् अद्वैत शाङ्कर वेदान्त

ब्रह्मसूत्रको भाष्य लेख्ने प्रथम व्यक्ति शङ्कराचार्य हुन् । सन् ७८८-८२० को अवधिका यिनले लेखेको ब्रह्मसूत्र अर्थात् वेदान्तसूत्रको भाष्य अनुसारको मतलाई **अद्वैत वेदान्त** वा **अद्वैत शाङ्कर वेदान्त** भनिन्छ । अद्वैत वेदान्तले यो सारा सृष्टिलाई कल्पना र परमात्माको लीला मान्दछ । अझ सृष्टि कुनै कालमा पनि भएको छैन भन्ने कुरा पनि सप्रमाण वेदान्तले बताउँछ । सृष्टिलाई परमात्माको लीला मान्नु, कल्पना मात्र मान्नु र कुनै कालमा पनि सृष्टि न भएको कुरा गर्नु वेदान्तका क्रमशः सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद र अज्ञातवाद सिद्धान्तका मान्यता हुन् । सृष्टिलाई माया मान्ने वेदान्त दर्शनको सबभन्दा पहिलो र पुरानो भाष्य भएकोले यिनीद्वारा गरिएको भाष्यलाई **आदि भाष्य** वा **प्राचीन भाष्य** भनिन्छ ।

ग. भास्कराचार्यको भेदाभेद

शङ्कराचार्यपछि ब्रह्मसूत्र अर्थात् वेदान्तसूत्रको भाष्य लेख्ने आचार्य भास्कराचार्य हुन् । यिनको भाष्यलाई **भास्कर भाष्य** भनिन्छ । ब्रह्मसूत्रको व्याख्या अनुसार यिनले व्यक्त गरेको अभिमत अनुसारको वेदान्त दर्शनको भेदलाई **भेदाभेद** भनिन्छ । यिनले आत्मा ब्रह्मभन्दा भिन्न पनि हुँदैन र अभिन्न पनि हुँदैन भन्ने तर्क प्रस्तुत गरेका छन् । त्यसैले यिनलाई प्रस्तुत दर्शनको **भेदाभेद** वर्गका विचारक मानिन्छ ।

घ. रामानुजाचार्यको विशिष्टाद्वैत

भास्कराचार्यको भाष्यपछि आफ्नै किसिमका चिन्तन जोडेर ब्रह्मसूत्रको व्याख्या रामानुजाचार्यले गरेका हुन् । सन् १०३७-११३७ को समयका यिनको भाष्यलाई **श्रीभाष्य** भनिन्छ । आफ्नो भाष्यमा यिनले व्यक्त गरेका धारणा वेदान्त दर्शनको **विशिष्टाद्वैत** नामक भेदबाट चर्चित छ । दक्षिण भारतमा जन्मेका यिनको यस सिद्धान्तको विस्तार उत्तर भारतमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इस्वीको चौधौं शताब्दीमा भएको मानिन्छ । कविर, दादू, तुलसीदास जस्ता चर्चित साधक यिनका शिष्य हुन् । कविर दादू निर्गुणोपासक थिए भने तुलसीदास विशिष्टाद्वैतवादी थिए ।

यस सिद्धान्तका अनुसार परमात्मा अर्थात् ईश्वर, चित्त अर्थात् जीव र उचित्त अर्थात् प्रकृतिलाई नित्य र स्वतन्त्र मानेको छ । परमात्मा जीव र प्रकृतिमा रहेको हुन्छ । माकुराले आफूभित्र बाट जाली उत्पन्न गरे जस्तै परमात्माले आफूभित्र बाट जीव वा जगत्को सृष्टि गर्दछ । त्यसैले ब्रह्म एक भए पनि उसमा जड प्रकृति, चेतन आत्मा र नियन्ता परमेश्वर रहेका हुन्छन् । ब्रह्मको अद्वैत अवस्था भनेको यी तिन वटै तत्त्वको समष्टि रूप हो । यस सिद्धान्तका पनि अनेक रूप प्रचलित छन् । तिनमा कसैले शक्ति, कसैले शिव र कसैले नारायणलाई विशिष्ट मानेका छन् ('पर्वतीय', सन् १९९६ : ८४९) । तुलसीदासले भगवान् रामलाई नै ब्रह्म मानेका छन् । पाश्चात्य विद्वान्हरूले शङ्राचार्यपछि यिनले गरेको ब्रह्मसूत्रको व्याख्यालाई ज्यादा स्पष्ट व्याख्या भनेर टिप्पणी गरेका छन् ।

ङ. मध्वाचार्यको द्वैत

मध्वाचार्य ब्रह्मसूत्रको व्याख्या गर्ने अर्का आचार्य हुन् । यिनले लेखेको भाष्यलाई **पूर्ण प्रज्ञा** भाष्य र साथै तदनुसारको यिनको अभिमतलाई वेदान्त दर्शनको **द्वैत** भेद भनिन्छ । यसलाई सत्य भेद पनि भनिएको छ । सन् ११९९-१३०३ को अवधिका यिनले प्रस्तुत गरेको यस मान्यतालाई **आनन्द तीर्थ** पनि भनिन्छ । यस सिद्धान्तका अनुसार ईश्वर पनि सत्य हुन् र जगत् पनि सत्य हो । दुइटैलाई सत्य मान्ने चिन्तन भएकोले यसलाई द्वैत दर्शन भनिएको हो । यिनले आफ्ना मतको पुस्टि *विष्णुपुराण*का प्रमाण दिएर गरेका छन् । दक्षिण भारतमा यिनमा मतावलम्बी बढी पाइन्छन् ।

च. निम्बार्काचार्यको द्वैताद्वैत

दक्षिण भारतका तैलङ्ग ब्राह्मण निम्बार्काचार्यले पनि ब्रह्मसूत्रको व्याख्या गरेका छन् । निम्ब वृक्षमा राती सूर्यको दर्शन पाएका हुनाले यिनलाई निम्बार्काचार्य भनिएको हो । इस्वीको बारौं शताब्दीका यिनले लेखेको भाष्यलाई **पारिजात** भाष्य र तदनुसारको यिनको अभिमतलाई वेदान्त दर्शनको **द्वैताद्वैत** भेद भनिन्छ । यस सिद्धान्तले बताए बमोजिम ब्रह्म अद्वैत भए पनि त्यसमा जीव र स्त्रीपुरुषमय संसारले घुमी रहन्छ । त्यसैले जीव ब्रह्मभन्दा भिन्न पनि हुन्छ र ब्रह्मसित अभिन्न भएर रहेको पनि हुन्छ । मोक्षको स्थितिमा जीव ब्रह्ममा अभिन्न भएर रहको देखिए पनि उसले आफ्नो अस्तित्व विलीन गरेको भने हुँदैन । त्यसैले ब्रह्मलाई **अद्वैत** मात्र भन्नुभन्दा **द्वैताद्वैत** भन्नु उपयुक्त हुन्छ । यिनलाई भगवान् श्री कृष्णलाई परमात्मा र उनकी शक्ति राधालाई सर्वेश्वरी मान्ने प्रेममार्गी भक्तिको मार्गका आचार्य भनिन्छ ('पर्वतीय', सन् १९९६ : ४९२) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ. श्रीकण्ठको शैव विशिष्टाद्वैत

ब्रह्मसूत्रको व्याख्या गर्ने अर्का आचार्य श्रीकण्ठ हुन् । यिनले लेखेको भाष्यलाई **शैव** भाष्य भनिन्छ । यिनले आफ्नो भाष्यमा वेदान्त दर्शनको **शैव विशिष्टाद्वैत** नामक भेदको स्थापना गरेका छन् ।

ज. श्रीपतिको वीर शैव विशिष्टाद्वैत

ब्रह्मसूत्रको व्याख्याताका क्रममा श्रीपति पनि चर्चित व्यक्ति मानिन्छन् । यिनको भाष्यलाई **श्रीकर** भाष्य भनिन्छ । यिनको व्याख्याले वेदान्त दर्शनमा **वीर शैव विशिष्टाद्वैत** नामक भेद खडा गरेको छ ।

झ. वल्लभाचार्यको शुद्धाद्वैत

वल्लभाचार्य वेदान्त दर्शनका प्रसिद्ध व्याख्याता मानिन्छन् । ब्रह्मसूत्रको यिनको भाष्यलाई **अणु** भाष्य भनिन्छ । यिनले गरेको विश्लेषणबाट वेदान्त दर्शनमा **शुद्धाद्वैत** नामक भेद जन्माएको छ । जगत्लाई मिथ्या मान्ने चिन्तनको खण्डन यिनले गरेका छन् । भगवान् श्री कृष्ण नै निर्गुण, निर्विशेष, कर्ता, भोक्ता, निर्विकार, गुणातीत, धर्मका आश्रय, सांसारिक धर्मबाट रहित, जगत्का उपादान तथा साक्षात् ब्रह्म हुन् भन्ने विचार यिनले स्थापित गरेका छन् । यिनका विचारमा जगत्का पदार्थको आविर्भाव र तिरोभाव हुन्छ, जीव शुद्ध तथा अणुरूप हो, उसले ब्रह्मसित प्रेम गर्नु नै श्रेष्ठ मार्ग हो । ब्रह्मको विवेचन शास्त्रहरूबाट मात्र सम्भव हुन्छ भन्ने विचार पनि यिनले व्यक्त गरेका छन् ।

ञ. विज्ञान भिक्षुको अविभागाद्वैत

विज्ञान भिक्षुको भाष्यले पनि वेदान्त दर्शनमा प्रसिद्धि कमाएको छ । ब्रह्मसूत्रको यिनको भाष्यलाई **विज्ञानामृत** भाष्य भनिन्छ । यिनको भाष्यले वेदान्त दर्शनमा **अविभागाद्वैत** नामक भेदको थालनी गरेको छ ।

ट. बलदेवको अचिन्त्य भेदाभेद

बलदेवले गरेको ब्रह्मसूत्रको भाष्यलाई **गोविन्द** भाष्य भनिन्छ । यस भाष्यले वेदान्त दर्शनको **अचिन्त्य भेदाभेद** नामक भेद प्रस्तुत गरेको छ ।

यसरी यी सबैका व्याख्या तथा तिबाट जन्मेका भेदहरूको आधार ग्रन्थ ब्रह्मसूत्र नै हो । एउटै ग्रन्थको व्याख्याका क्रममा विकसित भएका अनेक मत यी हुन् । महर्षि वेदव्यासद्वारा प्रणीत ब्रह्मसूत्र अर्थात् वेदान्तसूत्रलाई नै वेदान्त दर्शन वा वादरायण दर्शनको मुख्य आधार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छ । माथि बयान गरिएका यस कृतिका भाष्य र तिनले जन्माएका भेदहरूको अध्ययन गर्दा यो दर्शन पनि विवादशून्य त देखिँदैन । त्यसो भएर पनि ब्रह्मसूत्र नै सबभन्दा पहिलो, मान्य र आधारभूत वेदान्त दर्शन हो । प्रा. रिसालले चिन्तन, व्याख्या र अङ्गीकार गर्दै आएको वेदान्त दर्शन यही ब्रह्मसूत्र हो, यही अद्वैत वेदान्त वा अद्वैत शाङ्कर वेदान्त हो ।

७.२.३.९ वेदान्त दर्शनका शाखा

महर्षि वेदव्यासको ब्रह्मसूत्रमा भनिएका कुरा स्पष्ट गर्न अगाडि सारिएका मान्यताका आधार केही सिद्धान्त पनि बनेका छन् । यहाँ ती सिद्धान्तको चिनारी दिन **शब्दद्वैतवाद, सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद, अजातवाद, अवच्छेदवाद** र **बिम्बप्रतिबिम्बवाद** जस्ता थप शीर्षक प्रस्तुत गरिएको छ ।

क. शब्दद्वैतवाद

भर्तृहरिले *वाक्यपदीय*मा शब्दद्वैतवादलाई दार्शनिक रूप दिएर वेदान्त दर्शनसित जोडेका हुन् । यसको चिन्तन व्याकरणको चर्चाका क्रममा विकसित भएको हो । यस विषयमा भर्तृमित्रले स्फोटसिद्धि नामक ग्रन्थ लेखेका छन् । पुण्यराज र कैयटले गरेका व्याख्याबाट यो मत अझ ज्यादा स्पष्ट बनेको हो । वेदान्तीका साथै वैयाकरण, नैयायिक, मीमांसकहरूले यस शब्दको व्याख्या आआफ्ना दार्शनिक धारणाका आधारमा गरेका छन् । वैयाकरणहरूले शब्दबाट नै अर्थ र संसारको ज्ञान हुने भएकोले सत्य तथा ब्रह्म भनेको त्यही हो । दृश्य जगत् तथा त्यसको प्रतिच्छाया कल्पना मात्र भए जस्तै शब्दभन्दा इतरका तत्वहरू पनि कल्पना मात्र हुन् । यस सिद्धान्तलाई अद्वैत वेदान्त अर्थात् शाङ्कर वेदान्तसित जोडेपछि यसले पूर्ण रूपमा दार्शनिक रूप प्राप्त गरेको हो । यसलाई शब्दब्रह्मवाद पनि भनिन्छ ।

ख. सृष्टिदृष्टिवाद

सृष्टिदृष्टिवाद वेदान्त दर्शनको व्याख्याका क्रममा विकसित एउटा सिद्धान्त हो । यसमा भनिए अनुसार सृष्टिका जति पनि नाटक मञ्चन हुन्छन् त्यसमा बुद्धिमान् तथा ज्ञानीहरू तटस्थ दर्शक बनेर सरिक हुन्छन् र उनीहरू सृष्टिलाई परमात्माको लीला मात्र मान्दछन् ।

ग. दृष्टिसृष्टिवाद

दृष्टिसृष्टिवादले बताए अनुसार माया भनेको नामरूप मनको वृत्ति हो भनेको छ । यसको सृष्टि मनले नै गर्दछ र यसलाई मनले नै देख्दछ । जड चित्तभन्दा बाहिरको वस्तु न भए जस्तै मनभन्दा बाहिरको कुनै पनि वस्तुको अस्तित्व हुँदैन । यस प्रकारका दृष्टिको समाप्ति नै मोक्ष हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घ. अजातवाद

अजातवादले संसारलाई ब्रह्मको कल्पित रूप मान्दछ । आँखाको भ्रम वा रातको अन्धकारका हिँड्दा यथार्थ दृश्य देख्न न सकिएको अवस्था अथवा अन्य कुनै कारणले डोरीलाई सर्प ठानेर तर्सने अवस्था उत्पन्न हुनु जस्तै संसारलाई सत्य ठानेर ब्रह्मलाई न देख्नु वा न चिन्नु अज्ञान र भ्रम हो । वास्तवमा बाहिरी आँखाले देख्ने संसार भ्रम हो । यसमा ब्रह्म नै रहेको छ । त्यसको बयान गर्न भाषाको प्रयोगबाट सकिँदैन किनभने भाषामा त्यति ज्यादा शक्ति हुँदैन । त्यसैले त्यसलाई अनिर्वचनीय भनिन्छ । त्यो अनुभव गर्ने कुरा हो । त्यो जस्तो छ सधैँभरि त्यस्तै रहन्छ । त्यो समाप्ति हुँदैन । त्यसमा परिवर्तन पनि आउँदैन । त्यसलाई बुझ्न वा जान्न नसकिएकोले त्यसलाई यथार्थ रूपमा ठम्याउन न सकिएको हो । यस प्रकारको मान्यता प्रस्तुत गर्ने वेदान्त दर्शनभित्रको एउटा धार अजातवाद हो । यसलाई **प्रौढिवाद** पनि भनिन्छ (गौड, सन् १९९३ : ५५५३) ।

ङ. अवच्छेदवाद

एक थरी चिन्तकहरूले प्रतिपादन गरेको वेदान्त दर्शनभित्रको एउटा सिद्धान्त अवच्छेदवाद हो । यस मान्यताका अनुसार ब्रह्म बाहेक जगत्को उपस्थिति बोध हुने जुन विचार छ त्यो एक रस अर्थात् अनवच्छिन्न सत्ताभित्र मायाले उत्पन्न गरेको बाधाको आरोपबाट उत्पन्न भएको हो (गौड, सन् १९९३ : ५५५) ।

च. बिम्बप्रतिबिम्बवाद

बिम्बप्रतिबिम्बवाद वेदान्त दर्शनभित्रको एउटा सैद्धान्तिक धार हो । यस सिद्धान्तका अनुसार ब्रह्म प्रकृति वा मायाका बिच अनेक किसिमले प्रतिबिम्बित हुन्छ । त्यसबाट नामरूपात्मक दृश्यको बोध हुन्छ ।

७.२.३.१० वेदान्त दर्शनको निष्कर्ष

प्रस्थानत्रयीलाई कैवल्य प्राप्तिका साधन वा महौषधि मानिन्छ । आफ्नो क्षमता, शक्ति, गति र मतिका साथै सद्गुरुका उपदेश र कृपाबाट अनन्य श्रद्धा र विश्वास गरेका सच्चिदानन्दघन परमात्माको दिव्य रसमय अवस्थामा तन्मय हुन सकिन्छ । त्यसपछि जन्म, मरण र सांसारिक दुःखकष्टको सञ्जालमा पर्नु पर्दैन ।

ब्रह्म सत्यं जगन्मिथ्या अर्थात् ब्रह्म नै सत्य हो बाहिरी आँखामा देखिने संसार भुटा हो भन्ने विचार अद्वैत वेदान्तले प्रवाह गरेको छ । वेदान्तले सपनाको संसार जस्तै नाटकको दृश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै, भ्रम पर्दा हुने अनुभव जस्तै वास्तविकता न भएको चित्र संसार हो भनेको छ । वेद र उपनिषद्को ज्ञानको निचोडबाट निर्मित यो दर्शन प्रयोजनयुक्त हुनाले यसमा सत्य र शिवका साथै सुन्दर पक्ष पनि समाहित भएको छ । ब्रह्मसाक्षात्कारपछि सम्पूर्ण दुःखको सर्वथा समाप्ति हुने र परमानन्द मिल्ने बाटो यसले देखाएको छ । यो प्रयोग र प्रमाण सिद्ध दर्शन हो ।

वेदान्त अत्यन्त उदार, मानवतावादी, विश्वात्मवादी, समन्वयवादी, सर्वदेशीय, सार्वभौम दर्शन हो । पूर्वीय षड् दर्शनहरूमा वेदान्तलाई शिरोमणि र सर्वश्रेष्ठ दर्शन मानिन्छ । वेदान्त दर्शनले व्यवहारलाई अत्यन्त उदार दृष्टिले हेरेको छ । शङ्कराचार्यले भनेका यी कुरा वेदान्त दर्शनको प्रयोग जीवनमा कति महत्त्वपूर्ण छ भन्ने कुराका उदाहरण हुन् ।

धातुर्लोकः साधितो वा ततः किम् ?
विष्णोर्लोकः वीक्षितो वा ततः किम् ??
शम्भोर्लोकः शासितो वा ततः किम् ?
येन स्वात्मा नैव साक्षात्कृतोभूत् ।।

अर्थात् जीवनको उपलब्धि भनेको आत्मसाक्षात्कार नै हो । त्यो काम गरिएको छैन भने ब्रह्म लोकको सिद्धि गरे पनि विष्णु लोकको दर्शन गरे पनि शिव लोकमा शासनै गरे पनि जीवनको सार्थकता हुँदैन ।

उपनिषद्, ब्रह्मसूत्र तथा श्रीमद्भगवद्गीताका तिन वटा मुहानबाट फुटेको ज्ञान धारा वेदान्त हो । यसमा बताइएको सारभूत मान्यता अनुसार ब्रह्म एउटै छ र निराकार छ । ब्रह्म नै श्रुतिहरूको स्रोत हो र सर्वज्ञ हो । यसलाई केवल शास्त्रले सिकाएको ज्ञानबाट नै जान्न सकिन्छ । सृष्टिको आधार पनि ब्रह्म नै हो । त्यो इच्छारहित र क्रियाहीन हुन्छ । विश्वमा देखिने लीला उसले गरेमा काम हुन् । उसको अन्त्य कहिल्यै हुँदैन । ऊ अजन्मा छ र अविनाशी पनि छ । सारा चर अचर प्राणीमा उसको निवास छ । सबै प्रकारका प्राणी उसका प्रतिनिधि हुन् । यज्ञले ब्रह्मज्ञान दिलाउनमा मद्दत पुऱ्याए पनि यज्ञ गर्नाले मात्र ब्रह्मज्ञान प्राप्त हुँदैन । यो त ज्ञानबाट नै उपलब्ध हुन्छ । कैवल्य अर्थात् मोक्ष पाउनु ब्रह्ममय बन्नु हो । ब्रह्मसूत्रमा भनिएका यिनै कुराको पुनर्व्याख्या प्रत्यक्ष वा प्रकारान्तर दुवै हिसाबले प्रा. रिसालले गरेका छन् ।

७.२.४ प्रा. रिसालको जीवनानुभूति

जीवन भनेको जन्मदेखि बाँच्दासम्मको समय वा शरीरमा प्राण रहेसम्मको अवस्था हो । अनुभूति भनेको इन्द्रियहरू वा स्नायुहरूका माध्यमबाट प्राप्त उद्दीपनका फलस्वरूप प्रकट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने मानसिक क्रिया प्रतिक्रिया, अनुक्रिया, घटना वा व्यापार हो भनी *नेपाली बृहत् शब्दकोश*मा बताइएको छ (पोखरेल र अन्य, २०४० : ४३) । जीवन भोग्दा अनुभव गरेका, बुझेका, जानेका, सुनिएका, पढिएका, चिन्तनमा आएका घटना, अवस्था, विचार, ज्ञान र चेतनालाई जीवनानुभूति भनिन्छ ।

जीवनमा अनेक प्रकारका घटना र अवस्था आई रहन्छन् । सुखदुःखको चक्र पनि चली नै रहेको हुन्छ । प्रत्येक व्यक्ति सुखसित लहसिने र दुःखबाट टाढिने कुरा त सामान्य नै हो । जानी जानी दुःख भोग्न कोही तयार हुँदैन । ठुला ठुला तपस्या गर्ने र कठोर पीडा भोग्नेहरूले पनि यस लोकमा होस् वा परलोकमा होस् अथवा लोक विहीन अवस्था प्राप्त गर्न नै किन न होस् आनन्दको अभिलाषा राखेको हुन्छ । त्यस्तो अभिलाषा राख्नु भनेको सुखकै खोजी गर्नु हो । दुःख भनेको अप्रिय घटना वा अवस्थाको सामना गर्नु हो । घर व्यवहारका झन्झट, प्रिय लाग्ने वस्तु वा व्यक्तिको अप्राप्ति, झैझगडा, अनेक थरी समस्यासित जेलिनु पर्ने अवस्था, शारीरिक अस्वस्थता, तन, मन र सांसारिक शत्रुसितको मुकाबिला, प्राकृतिक प्रकोपको स्थिति, मानसिक अशान्ति जस्ता आधिदैविक, आधिभौतिक र आध्यात्मिक भनिने तिन प्रकारका दुःखलाई त्रिताप नाम दिइएको छ । यस प्रकारका समस्त दुःखबाट सम्पूर्ण रूपमा मुक्त हुन जो पनि चाहन्छ र चाहनु पनि पर्दछ । दुःखको समूल समाप्ति र सुखको अखण्ड अनन्त प्राप्ति नै जीवनको पुरुषार्थ हो । यस्तो पुरुषार्थ हासिल गर्नु नै जीवनको लक्ष्य हो । जीवनमा सफल हुनु भनेको पनि यही पुरुषार्थ पाउनु हो । बुद्धिमान्हरू अनेक थरी तपस्या, साधना, दान, धर्म, सत्कर्म, दुःखकष्ट, परिश्रम जस्ता अप्ठेरा मानिने काम यही कुरा पाउनका लागि गर्दछन् ।

यस अंशमा प्रा. रिसालको जीवनका विभिन्न अनुभूतिहरूलाई **प्रकृति सम्बन्धी अनुभूति, आध्यात्मिक अनुभूति, धार्मिक अनुभूति, सांस्कृतिक अनुभूति, ऐतिहासिक अनुभूति, सामाजिक अनुभूति, वैचारिक अनुभूति, प्राज्ञिक अनुभूति, शैक्षिक अनुभूति, भाषिक अनुभूति, साहित्यिक अनुभूति, आर्थिक अनुभूति** शीर्षकमा प्रस्तुत गरिएको छ ।

७.२.४.१ प्रकृति सम्बन्धी अनुभूति

प्रा. रिसालमा यथेष्ट मात्रामा प्रकृति प्रेम देखिन्छ । विशेष गरी नेपाली प्रकृतिप्रति यिनी मुग्ध हुन्छन् । प्रकृतिको काखमा बसेर अध्यात्मका गीत गाउँदा, परमार्थका भजनमा लीन हुन पाउँदा र नेपालीपनमा मुग्ध हुँदा यिनी ज्यादै बन्दछन् । यिनको यस्तो भावुकता कविता, निबन्ध र व्याख्यानमा यथेष्ट मात्रामा झल्केको देखिन्छ । प्रकृतिको काखमा बस्न पाउँदा जीवनको सरलता र स्वाभाविकताको उपभोग गर्न पाइन्छ भन्ने मान्यता यिनको छ । यस कुराका उदाहरण खप्तड बाबा महाकाव्यभित्रका निम्न लिखित अंश हुन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाडो बढेमा शिव-आश्रमैमा ।
मान्छेविनाको वन शून्यतामा ।।
साथी त्यहाँ बाघ र भालु भुल्छन् ।
निर्वैर भै आश्रमभित्र डुल्छन् (रिसाल, २०५३ : २३) ।।३३।।

७.२.४.२ आध्यात्मिक अनुभूति

अध्यात्म भनेको आत्मा र परमात्माका गुण तथा तिनको पारस्परिक सम्बन्धका बारेमा गरिने चिन्तन, निरूपण र विवेचन हो (पोखरेल, २०४० : ३१) । आध्यात्मिक लक्ष्य प्राप्त गर्नका लागि मानव जीवन साधन हो । बृहत्तर लोक हासिल गर्न मनुष्य जीवनको सदुपयोग गर्न सक्नु पर्दछ । अमृतत्व पाउनु भनेको त्यही लक्ष्य भेट्नु हो । सामान्य मान्छेलाई यस प्रकारका चिन्तनप्रति चासो देखिँदैन । उनीहरूलाई मनुष्यको जुनीबाट हुन सक्ने लाभका बारेमा पनि जानकारी हुँदैन । यो कुरा जान्नु र जीवनको सार्थकता सिद्ध गर्नु बुद्धिमानी हो किनभने मनुष्य जीवनको गूढोद्देश्य यही हो । प्रा. रिसालका आध्यात्मिक अनुभूतिमा विशेषतः **चिन्तन, योग साधना र इन्द्रिय संयम**का कुरा प्रकाशमा आएका देखिने हुँदा भिन्न भिन्न शीर्षकमा यिनै कुराको चर्चा गरिएको छ ।

क. चिन्तन

सामान्य मान्छेले जीवनका गतिविधि सञ्चालन गर्न तयारी नियम वा आचारको अपेक्षा गर्दछन् तर बुद्धिमान्हरू आफ्नै किसिमका चिन्तन अनुसारका उपाय खोज्दछन् । जतिसुकै गारो भए पनि उनीहरू जीवनको बाटो आफै पैल्याउँछन् । बनिबनाउ बाटोमा हिंड्न उनीहरू चाहँदैनन् । अन्तर्जगत्मा परिचित कतिपय सांसारिक वस्तु वा भाव बाह्य जगत्मा प्रकट भएर पनि प्रकाशित हुन सक्तैनन् । ब्रह्मलाई नेति नेति भन्नु यसको उदाहरण हो ।

यिनले पूर्ववर्ती चिन्तकका अभिमतमा स्वीकृति जनाउँदै मृत्युसित डराउनु हुँदैन भनेका छन् । यिनका अनुसार मृत्यु मनुष्यको अभिन्न मित्र भएकोले उससित कुनै न कुनै दिन प्रत्यक्ष साक्षात्कार गर्नै पर्दछ । उसबाट बच्न सकिँदैन । उसको कल्पनामा डराउनु पर्ने कुनै कारण छैन । जुन दिन उससित साक्षात्कार गर्नु पर्ने हो त्यो कुनै पनि तरिकाबाट टर्न सक्तैन । उसले दुःख दिँदैन । ऊ पनि भेट्नै पर्ने साथीलाई भेट्न पाउँदा प्रसन्न बन्दछ र पर्याप्त मात्रामा संवेदनशील भई व्यवहार गर्दछ । अकाट्य नियमको पालना गर्नमा डर वा त्रास मनमा राख्नु हुँदैन । यस विषयमा यिनले विस्तृत व्याख्या *मृत्युविज्ञान* लगायतका विभिन्न कृति र लेखमा गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख. योग साधना

मन र बुद्धिको शुद्धता न भएसम्म जीवनको कुनै पनि काम पवित्र हुन सक्तैन । योगले मन र बुद्धिलाई पवित्र बनाउने काम गर्दछ । योगको अभ्यास भयो भने जीवनको सजीवताको अनुभव गर्न सकिन्छ । आध्यात्मिक संस्कारबाट पाइने यो कुरा जीवनको विशिष्ट उपलब्धि मानिन्छ । योगमा आरूढ हुँदा परमात्माको चिन्तनमा लीन भइन्छ र जीवन अमृतमय एवं आनन्दमय बन्दछ ।

ग. इन्द्रिय संयम

मनलाई सांसारिक भोग विलासतिर दौडाउँदा कहिल्यै स्थायी सुख, शान्ति र आनन्द प्राप्त हुन सक्तैन । सच्चा सुख, शान्ति र आनन्द चाहने हो भने इन्द्रिय संयम गरेर अन्तरमुखी बन्नु आवश्यक छ । सांसारिक भोगबाट सुख पाइँदै न पाइने भन्ने कुरा पनि होइन तर त्यस्तो सुख क्षणिक हुन्छ । संसारमा आई सकेपछि घरमा बस्नु पस्नु त पर्दछ नै तर फस्नु भने हुँदैन । बुद्धिमान्हरू इन्द्रिय संयममा रहेर संसारबाट लिन सकिने पूर्ण लाभ लिन्छन् । मनुष्य जीवन त्यो अवसर हो जसको सदुपयोग हुन सक्यो भने ठुला ठुला ऋषि महर्षिहरूले पाउन गारो पर्ने महत्तम प्राप्ति हासिल गर्न सकिन्छ ।

७.२.४.३ धार्मिक अनुभूति

धर्म भनेको परमात्मामा लीन हुन सकिने पुण्य कार्य हो । यसलाई मानवीय कर्तव्यका रूपमा पनि अर्थ्याउन सकिन्छ । धर्म सम्बन्धी केही महत्त्वपूर्ण अनुभूति प्रा. रिसालले आफ्ना कृति, लेख, प्रवचन, विमर्श र अन्तर्वार्तामा प्रस्तुत गरेका छन् । धर्मका कुरा गर्दा कतिपय व्यक्ति नित्य पूजापाठ गर्नु, मन्दिरमा गएर देवताको दर्शन गर्नु, शंखघण्ट बजाउनु, दानदक्षिणा लिनु वा दिनु जस्ता केही कार्य व्यापार मात्र बुझ्दछन् । यस प्रकारका क्रियाकलाप धार्मिक कृत्य अन्तर्गत नै पर्दछन् तर यत्ति मात्र धर्म होइन । आचार तथा व्यवहारको शुद्धि, मन, वचन र कर्मको शुद्धि, देवता तथा अध्यात्मप्रति विश्वास जस्ता अनेकौं कुरा धर्ममा पर्दछन् । त्याग, तपस्या, क्षमाशीलता, भक्ति, सहनशीलता, स्नेह, ममता, सहयोग जस्ता व्यवहार पनि धार्मिक आचरणमा पर्दछन् ।

प्रा. रिसालमा मान्यता अनुसार धर्ममा शैव, शाक्त, गाणपत्य, वैष्णव, सौर्य लगायतका अनेकौं सम्प्रदायहरू छन् तर धर्मको मूलभूत गन्तव्य भने परमात्म प्राप्ति नै हो । यसको त्यो उद्देश्य सफल तुल्याउन धार्मिक परम्परालाई व्यावहारिक बनाउनु जरुरी छ । भाग्यमा विश्वास त गर्नु तर भाग्यकै भरमा बसेर अकर्मण्य न हुनु, स्वाध्याय र सत्सङ्ग गर्नु, वेद विहित कर्म गर्नु उचित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनका विचारमा आचार व्यवहारका कुरामा विभिन्न मत प्रचलित छन् । तिनमा वेदाचार सबभन्दा उत्तम मानिन्छ । *कुलार्णवतन्त्र*ले पनि यस कुरामा जोड दिएको छ । अभ्र वेदाचारभन्दा वैष्णवाचार, वैष्णवाचारभन्दा शैवाचार, शैवाचारभन्दा दक्षिणाचार, दक्षिणाचारभन्दा वामाचार, वामाचारभन्दा सिद्धान्ताचार तथा सिद्धान्ताचारभन्दा कौलाचार उत्तम भनिएको छ । *नित्यानन्दतन्त्र*मा बताइए अनुसार भगवान् शङ्करले देवी पार्वतीलाई सम्झाउँदै के भनेका छन् भने ब्राह्ममुहूर्तमा उठेर गुरुको नाममा आनन्द शब्द राखी हात जोडेर जप गर्नु, सहस्र दल कमलमा तिनलाई मानसिक रूपमा स्थापित गरी तिनको ध्यान गर्नु र पञ्चोपचारले पूजा गर्नु अनि वाग्भव बीज मन्त्र जपेर परम कला शक्तिको ध्यान गर्नु नै वेदाचार हो (पाण्डेय, सन् २००३ : ६०२-६०३) ।

यिनले मानवीय संवेदनालाई धर्मको मूल तत्त्व मानेका छन् । यिनको यस धारणालाई यसरी स्पष्ट गर्न सकिन्छ । जीवनका उच्चतर तत्त्वको चर्चा र विश्लेषण गर्दा मानवता सामान्य रूपमा सीमित बन्दछ र उसका समस्त विविधता स्वतः समाप्त हुन्छन् । *रघुवंशमहाकाव्य*मा वर्णन गरिए अनुसारको घटनामा इन्दुमतीको निधनमा अजले निकै ज्यादा विलाप गरेका छन् । *कुमारसम्भव महाकाव्य*मा वर्णन गरिए अनुसारको घटनामा कामदेवको भस्मत्वमा रतीको विलाप पनि ज्यादै मर्मभेदी देखिन्छ । *महाभारत*मा वर्णन गरिए अनुसारको घटनामा सत्यवान्को निधनमा सावित्रीको विलाप निकै चर्को अनुभव हुन्छ । *स्वप्नवासवदत्तम्* भन्ने नाटकमा वर्णन गरिए अनुसारको घटनामा रानीको निधनमा राजा उदयनको विलाप, *रामायण*मा वर्णित अश्वमेध यज्ञ गराउँदा सीताको सम्झनामा रामले गरेको पीडाबोध जस्ता कुराले मानवताका तहभन्दा धेरै माथिल्लो तहको सम्वेदना प्रकट गरेका छन् । महाराजाहरूले आफ्नो पद, प्रतिष्ठा, उँचाइ, मर्यादा लगायतका सारा अनुशासनको सीमा पार गरेर अति सामान्य मान्छे र अभ्र प्राणीका रूपमा ओर्लनु भनेको रुँदै गरेका अज, राजा उदयन र भगवान् राम तथा रती र सावित्रीका सत्तामा विलीन हुनु हो । प्रा. रिसाल *आमा* काव्यमा यस्तै भावात्मक सत्तामा विलीन भएका देखिन्छन् । यसरी भावको सत्तामा व्यक्तित्वका विशेषता स्वतः विलीन हुन्छन् भन्ने कुराका उदाहरण यी हुन् ।

सामान्य प्राणीको दृष्टि बाह्य जगत्तिर आकर्षित हुन्छ किनभने उसका इन्द्रिय बाहिरतिर फर्केका हुन्छन् । बाह्य जगत्बाट पाइने आनन्द क्षणिक र अस्थायी हुन्छ । आनन्दको स्थायित्व र अखण्डता खोज्ने हो भने अन्तर्जगत्तिर फर्कनै पर्दछ । बाहिरी दुनियाँका दृष्टिमा पागल लाग्ने कवि, दार्शनिक, तपस्वी, दानी, त्यागी नाङ्गै बस्नु परे पनि भोकै सुत्नु परे पनि, जाडोले कठ्याङ्ग्रिनु परे पनि, घामले पोलिनु परे पनि, खल्तीमा एक पैसा न भए पनि सदा आनन्दमा रहन्छन् किनभने तिनले मनोलोकमा विचरण गरेका हुन्छन् । घृणाको बदलामा प्रेम, हिंसाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बदला क्षमा वा कृतज्ञता तिनले देखाउँछन् । तिनीहरू रूप सौन्दर्य र गुण सौन्दर्यका पारखी हुन्छन् । तिनमा मानव हृदयको सूक्ष्म प्रवेश द्वारबाट छिरेर अनन्त आनन्दालोकमा उडान भर्ने सामर्थ्य रहेको हुन्छ । बुद्धि वृत्तिले न भएर भाव वृत्तिले व्यवहार गर्दा त्यस्तो प्राप्ति हुन्छ । जीबनमा सफलता पाउनेहरू भाव वृत्तिले व्यवहार गर्दछन् । धार्मिक मान्यताको चर्चाका क्रममा प्रा. रिसालले यस प्रकारका चिन्तन पनि अघि सारेका छन् ।

जीवन जगत्मा धर्म नियम र राज नियम गरी दुइटा नियम हुन्छन् । कुनै बहुमूल्य वा प्रिय वस्तु देखेर कसैको मनमा त्यसलाई चोरी गर्ने अभिलाषा उत्पन्न भयो भने राज नियमले त्यस्तो अपराध देख्दैन तर धर्म नियमले चाहिँ त्यस व्यक्तिलाई तुरुन्तै समाती हाल्दछ र त्यसको मानभित्र प्रवेश गरेर गलत कुरा सोचेकोमा पछुतो गर्न लगाई दण्ड दिई हाल्दछ । धर्म नियम भावमा आधृत हुने भएकोले ज्यादै शक्तिशाली हुन्छ ।

धर्म भनेको भित्री हृदयबाट उत्प्ररित भएर गरिनु पर्दछ भन्ने धारणा यिनको छ । यिनको भनाइ बमोजिम कुनै निर्धन वा रोगीलाई देखेर तत्काल भावुक बनी दसको सट्टा सय रुपैयाँ दिने व्यक्ति केही बेरपछि आफूले दिएको रकमलाई सम्झेर त्यति त दिनु न पर्ने भन्दै पछुतो गर्दछ भने त्यस्तो दानले पुण्य प्राप्ति हुँदैन । उच्च भाव र विचारबाट प्रेरित भएर काम गर्ने व्यक्ति नै महान् हो । त्यसरी गरिएका सानै काम पनि मूल्य वान् बन्दछन् । लक्ष्मी प्रसाद देवकोटाले भावको यस्तै प्रकृतिको चित्रणका क्रममा *उद्देश्य के लिनु उडी छुनु चन्द्र एक* भनेका छन् ।

धर्मका नाममा जीव हत्या तथा अमानवीय कर्म गर्नु मान्छेलाई सुहाउने कुरा होइन भन्ने प्रबल मान्यता यिनको देखिन्छ । दुर्गापूजा र बलिको रहस्यमा यिनी यसो भन्दछन्:

बोका, च्याङ्ग्रादि मार्नु नै, तिमीले विजया बुझ्यौ ।
नाफा, जित्नु र हार्नु नै, दशैंको सार सम्झियौ (रिसाल, २०४४ ख : १६) ??१३५।।
ब्रह्मगायत्री जप्ने रे, दुर्गाका हौं उपासक ।
कसरी मांसभक्षी हौं, रक्तपात प्रशंसक (रिसाल, २०४४ ख : २३) ।।१९५।।

आफ्नो धर्म बचाउन खोज्नेले अरूको धर्ममाथि आक्रमण गर्नु राम्रो होइन भन्ने विचार पनि यिनले व्यक्त गरेका छन् । *अष्टावक्रगीता*मा यस विषयमा यिनले यस्तो कुरा बताएका छन्:

गरीब धर्म बेचेर, धनीका धर्ममा मिले ।
किनबेच भयो धर्म, शक्तिले धर्म नै निले (रिसाल, २०६९ ग : ८८) ।।१।।
पैसा, जागिर वा देश, लोभले धर्म बेचिए ।
गरीबी र अशिक्षाले, धर्म बेचेर हेपिए (रिसाल, २०६९ ग : ८८) ।।२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिना दर्शनका धर्म, बजारभरि पाइने ।
धर्मको मर्मका ज्ञाता, जहाँ तहीं नपाइने (रिसाल, २०६९ ग : ८८) ।।४।।

सनातन परम्परामा चली आएका धार्मिक संस्कार अन्तर्गतका मानवीय सत्कार्यलाई बिर्सेर आजको समाज जतातिर लागेको छ त्यसलाई देखेर यिनमा पीडाबोध भएको देखिन्छ । यसको उदाहरण यिनले *वेदान्त वाटिका*मा यसो भन्नु हो :

संस्कार वा मानवता हराए ।
नारा भुके, स्यालहरू कराए ।।
खोजी गरौं मूल्य र मान्यताको
आदर्श, आत्मा, शिव, सत्यताको (रिसाल, २०७० क : २१७) ।।१२८।।

७.२.४.४ सांस्कृतिक अनुभूति

संस्कृति भनेको कुनै पनि देश, समाज, जाति, समुदायका जीवनमा प्रतिबिम्बित हुने मान्यता, भावना, व्यवहार, चिन्तन, कला, कौशल, साहित्य, इतिहास, खानपान, जात्रामेला, जातीय पहिचानका कुरा, रहनसहन, परिधान, अलंकार, विश्वास, सिँगारपटार जस्ता विभिन्न कुराको परिष्कृत रूप हो (पोखरेल र अन्य, २०४० : १२८०) । सांस्कृतिक दृष्टिले सम्पन्न समाजमा शान्ति, मित्रता, सहयोग, समभ्रदारी, सन्तोष लगायतका अनेकौं सकारात्मक पक्ष देखिन्छन् । त्यसैले विज्ञहरू संस्कृतिलाई जीवन निर्दोष बनाउने तत्त्व मान्दछन् । सांस्कृतिक परम्पराको संवहन गर्दै जाँदा अनेक प्रकारका रूढि र अन्ध विश्वासका कुरा पनि जोडिन जान्छन् । नेपाली समाजमा प्रचलित जातीय भेदभाव, छुवाछुत, जन्मजात कसैलाई ठुलो र कसैलाई सानो मान्ने चलन अन्ध विश्वासको नमुना हो । प्रा. रिसालका कतिपय सांस्कृतिक अनुभूतिहरू यस अंशमा प्रस्तुत गरिएको छ ।

प्रा. रिसालका अनुसार समय सापेक्ष रूपमा समाजमा प्रचलित मूल्य र मान्यता पनि बदलिन्छन् । बुद्धिमान्हरू समयले मागेको मान्यताको अवलम्बन गर्न अग्रसर हुन्छन् । त्यसो भन्दैमा समाजमा लामो समयदेखि चलेका सबै चलन न राम्रा हुँदैनन् । परम्परागत मूल्य मान्यताप्रति आस्था गर्नु तर तिनमा उत्पन्न रूढि हटाएर तिनलाई स्वस्थ र स्वच्छ तुल्याउने काम गर्नु उचित हुन्छ । परम्पराको संरक्षण हुनु पर्दछ भन्नको तात्पर्य समाजमा रहेका छुवाछुत, जातपात, उँचनिच जस्ता असमान व्यवहारका कुरालाई महत्त्व दिनु पर्दछ र सती प्रथा, दास प्रथा, कमैया प्रथा, हलिया प्रथा लगायतका सबै प्रकारका चलनलाई जोगाउनु पर्दछ भन्ने चाहिँ होइन । समाजको उन्नति प्रगति र व्यक्तिगत विकास तथा स्वतन्त्रतामा बाधा पार्ने चलन वा प्रथा त तत्काल हट्नु आवश्यक हुन्छ । साथै पुर्खाहरूले लामो समय लगाएर बताउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याएका उपयोगी एवं मूल्यवान् व्यवहार छोड्नु र लोप हुन दिनु पनि राम्रो होइन । परम्परागत मूल्य र मान्यताले पहिचान जोगाउन र जीवनलाई सुखद, समुन्नत, सरल, व्यावहारिक र आकर्षक बनाउन मद्दत गर्दछन् ।

७.२.४.५ ऐतिहासिक अनुभूति

इतिहास भनेको अतीत कालका घटना, अवस्था, जीवन पद्धति, मान्यता जस्ता विविध कुराको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्ने शास्त्र हो (पोखरेल र अन्य, २०४० : १२६) । कुनै पनि देश र समाजको वर्तमान अवस्थाको आधार अतीत नै हो । अतीतले पृष्ठभूमि तयार पारेको हुन्छ । नेपाल र नेपालीको अतीतका विभिन्न घटना गौरव गर्न लायकका भएको कुरा प्रा. रिसालले व्यक्त गरेका छन् । यिनले बताए बमोजिम नेपाली जातिको इतिहास, नेपाली संस्कृतिको इतिहास र नेपाली पुर्खाको योगदान ज्यादै महत्त्वपूर्ण छ । यसको जगेर्ना गरी देशको सार्वभौमिकताको जग बलियो बनाउनु सबै नेपालीको कर्तव्य हो । आजको परिश्रम र साधना भोलि अवश्य फल्दछ भन्ने कुरा अघि सार्दै *श्रीखप्तडबाबा* नामक काव्यको प्रथम विश्राममा नेपालीपनको आधारको चर्चा गर्दै यिनी यसो भन्दछन् :

हाम्रा पितादि शिव, शान्ति बीज ।
रोप्थे अहा ! आज फली रहेछ ।।
त्यो न्यायको मन्दिर गोरखा हो ।
यो वीरको रक्तिम पाखुरा हो (रिसाल, २०५३ : ७) ।।२५।।

७.२.४.६ सामाजिक अनुभूति

समान रहनसहन, व्यवस्था, धर्म, व्यवहार तथा जीवन पद्धति अँगालेर एउटै ठाउँमा बस्ने व्यक्तिहरूको समूहलाई समाज भनिन्छ (पोखरेल र अन्य, २०४० : १३०५) । व्यक्ति भनेको परिवारको एकाइ हो भने परिवार भनेको समाजको एकाइ हो । यहाँ यी दुवै पक्षमा देखिएका प्रा. रिसालका मान्यता अलग अलग शीर्षकमा राखेर प्रस्तुत गरिएको छ ।

क. पारिवारिक मान्यता

रगतको नाता लाग्ने र निकट सम्बन्धमा रहने व्यक्तिको समूहलाई परिवार भनिन्छ । व्यक्तिलाई परिवारले अनुशासित, जिम्मेवार, कर्मठ र संयमित बनाउन मद्दत गर्दछ । परिवार न भएको व्यक्ति तुलनात्मक रूपमा ज्यादा स्वतन्त्र र उत्तरदायित्वका दृष्टिले कम बोझिलो हुन्छ । चिन्तनशील व्यक्ति भने परिवार वा बसे पनि एक्लै बसे पनि जिम्मेवार नै हुन्छ । जहाँ रहेर जसरी जीवन यापन गरे पनि व्यावहारिक बन्नु नै राम्रो मानिन्छ । घर परिवारमा बस्दा प्रत्येक सदस्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो दायित्व बोध गरी दियो भने शान्ति, सुव्यवस्था, मेलमिलाप, समभदारी, सम्मान, विश्वास, प्रेम, सद्भाव, सहयोग बढ्छ र स्वभावतः उन्नति हुन्छ । प्रा. रिसालमा यस प्रकारका कुराप्रति पर्याप्त मात्रामा सतर्कता देखिन्छ । यिनको पारिवारिक जीवन सन्तुलित, सुव्यवस्थित, सन्तोषयुक्त र समृद्ध बनेको देखिनको कारण पनि यही हो । कहीं कतै अपेक्षित मात्राको कमी कमजोरी रहेको छ भने पनि यिनै कुराको कमी कमजोरीका कारण त्यसो भएको हो । यिनका अनुसार इमान्दार गृहस्थ भएर जिम्मेवारी वहन गर्नु, परिवारका सदस्यका साथ उचित व्यवहार गर्नु, पारिवारिक वातावरण स्वस्थ राख्नका लागि घरका सबै सदस्यले सतर्क रहनु, सकारात्मक सोच राख्नु, सुकर्म गर्नु, आध्यात्मिक बन्नु, आफ्ना क्रियाकलापबाट अरूलाई बाधा न पार्नु जस्ता साना ठुला कुरामा ज्यादै चनाखो भएर व्यवहार गर्नु पर्दछ । आफू नै आफ्नो मित्र र आफू नै आफ्नो शत्रु हो भनिन्छ । अरूप्रति औंला ठड्याउँदा एक तिन औंलाले आफूतिर इङ्गित गर्नु पहिले आफूलाई सुधार अनि मात्र अरूको समीक्षा गर भनेको हो । परिवार व्यक्ति व्यक्तिबाट जसरी बन्दछ त्यसरी नै तिनै व्यक्ति व्यक्तिको इमान्दारी, सत्य, कार्य तत्परता, आपसी विश्वास, सहयोग, प्रेम, सम्मान, जिम्मेवारी वहन जस्ता कुराबाट उन्नत बन्दछ । यसो भएन भने परिवारमा अशान्ति पैदा हुन्छ र घरमा बस्नु र वनमा बस्नुका बिच भिन्नता रहँदैन । *अष्टावक्रगीता*मा प्रा. रिसाल यस्तै अवस्थाप्रति संकेत गर्दै यसो भन्दछन् :

> *खोक्ने नै त भए बाबा, कि कौसीतिर उक्लनोस् ।*
> *छिँडीको रुम खाली छ, त्यतैतिर कि भर्नुहोस्* (रिसाल, २०६९ ग : ५३) ।।५।।
> *छोरा डाक्टर हुन् ठूला, बुहारी ब्युटि पार्लर ।*
> *बुढाबुढी घरै कुर्ने, नाति यस्तो भयो तर* (रिसाल, २०६९ ग : ५४) ।।८।।

ख. सामाजिक मान्यता

परिवार जस्तै समाज पनि एकेक व्यक्ति र परिवारको सहयोग, विश्वास, सम्मान, जिम्मेवारी वहन र सक्रियताबाट विकसित हुन्छ । सामाजिक भावना न भएको र समाजसित घुलमिल न गर्ने व्यक्ति एक्लो हुन्छ । एक थरीले मनपरी गर्ने अर्का थरीले जहिले पनि समित भई रहने अवस्थाबाट प्रत्यक्ष रूपमा असन्तोष र अशान्ति न देखिए पनि आन्तरिक रूपमा असन्तोष र अशान्ति उत्पन्न हुन्छ । ढुङ्गाको भरमा माटो, माटोको भरमा ढुङ्गा भने झैं पारस्परिक सहयोग र समभदारी सामाजिक स्थायित्व र समृद्धिका लागि आवश्यक हुन्छ । चोर, लुटेरा, धोखेबाज र डाँका बस्ने समाजमा झैझगडा, काटमार, अशान्ति, अविश्वास, असुरक्षा, अन्यौल र त्रासको वातावरण रहनको कारण यही हो । प्रा. रिसाल अरूले जे गरे पनि आफूबाट पारिवारिक सामाजिक जिम्मेवारीका कुरामा त्रुटि हुन दिंदैनन् । यिनका विचारमा कसैलाई ठगेमा सधैंभरि पछुतो हुन्छ । बारम्बार आफूले आफूलाई धिक्कार्ने अवस्थामा बाँचन गारो हुन्छ । अरूले सम्मान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे पनि आफूले अपराध बोध गरेर पछुताइ राख्नु ठुलो सजाय भोग्नुभन्दा पनि कठोर हुन्छ । त्यस्तो आचरणले परिवार तथा समाजको हित हुँदैन । सामाजिक व्यवहारलाई स्वस्थ राख्न जीवनको भौतिक पक्षको सीमा निर्धारण गर्नु र छिमेकी तथा समाजका सदस्यप्रतिको कर्तव्य निभाउनु आवश्यक हुन्छ भन्ने मान्यता पनि यिनको देखिन्छ । यस्तै सचन्तनका कारण आचार, विचार तथा व्यवहारबाट यिनलाई योग्य व्यक्ति मानिन्छ ।

७.२.४.७ वैचारिक अनुभूति

कुनै पनि घटना, अवस्था, विषय र समस्याका बारेमा गहिरिएर चिन्तन, मनन र विमर्श गर्नु नै विचार हो । कुनै पनि काम गर्दा विचार पुऱ्याउनु बुद्धिमानी हुन्छ । विचारबाट नै व्यक्ति निर्दिष्ट हुन्छ । सत्कर्मप्रतिको आकर्षण र दुष्कर्मप्रतिको उपेक्षा विचारबाट नै विकसित हुने भाव हो । विचारवान् व्यक्ति जहाँ पनि सम्मानको पात्र हुन्छ । विचार नै सिर्जनशील भावनालाई मुखरित तुल्याउन अभिप्रेरित गर्ने शक्ति हो । त्याग, तपस्या, धैर्य, अक्रोध, निर्लोभ, क्षमाशीलता, भक्ति, सहनशीलता, स्नेह, ममता, सहयोग, सुमति, सुकर्म, सत्य भाषण, परोपकार, दया, करुणा, तन, मन र धनको पवित्रता, अहिंसा, स्वाभिमान जस्ता भावना र चोरी, डकैती, ठगी, धूर्त्याइँ, लोभ, लालच, निन्दा, ईर्ष्या, डाह जस्ता भावना विचारबाट नै विकसित हुन्छन् । उत्तम मानिने विचारले सम्पन्न व्यक्ति नै महान् हुन्छ । प्रा. रिसाल सद्‌विचारका संवाहक देखिन्छन् भन्ने कुरा यिनका भनाइबाट भन्दा पनि काम गराइबाट प्रमाणित हुँदै आएको देखिन्छ । यिनका विचारका विविध क्षेत्रमा प्रकाश पार्न यहाँ **सामान्य चिन्तन, मानवीय सोच, राष्ट्रियता, राजनीतिक मान्यता, नारीवादी धारणा** शीर्षक प्रस्तुत गरिएको छ ।

क. सामान्य चिन्तन

यिनका अनुसार नैतिक मूल्य जोगाउनु, तन, मन तथा धनलाई पवित्र बनाउनु, अहिंसावादीका साथै मानवतावादी हुनु र वैदिक कर्म गर्नु नै चोखो जीवन बनाउनु हो । ठुलाको सम्मान तथा सानालाई माया गर्नु, प्राणी जगत्‌को हित हुने काम गर्नु, त्याग, तपस्या, उदारता, सेवाभाव, सहिष्णु हुनु, महिलाप्रति सम्मान गर्नु, समाजका कमजोर तहका व्यक्तिको उत्थानका लागि सक्दो सहयोग गर्नु, दान गर्नु तर त्यसको बखान नगर्नु, सकेसम्म गोप्य दान दिनु, गरेका कामको प्रचार प्रसार नगर्नु, सम्मानभन्दा पनि सेवाको अवसरको खोजी गर्नु, व्यर्थमा समय व्यतीत न गरी पाएको समय तथा अवसरको सक्दो सदुपयोग गर्नु, अर्काको अहित हुने काम नसोच्नु नगर्नु, सबैलाई हित हुने सल्लाह दिनु, क्रोध, मद, मात्सर्य, लोभ, मोह नगर्नु, अप्ठेरोमा परेकाहरूको उद्धार गर्नु, संवेदनशील बन्नु, ज्ञानी, ध्यानी तथा स्वाभिमानी हुनु र स्वावलम्बी बन्नु नै राम्रो हो । यसरी नै उपकार गर्नेको प्रत्युपकार तुरुन्त गर्नु, दया गर्नु, घमण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगर्नु, आफूलाई सदैव ईश्वरको शरणमा राख्नु, मर्न नजान्ने व्यक्तिले बाँच्न पनि नजान्ने हुँदा मृत्युसित नडराउनु, उदार बन्नु, सानातिना काम र विचारमा नअल्मलिनु, ज्ञानीध्यानीको संगत गर्नु, दुःखकष्टसित नडराउनु, नबिराउनु नडराउनु, मन, वाणी र कर्ममा मधुरता ल्याउनु र झुटो नबोल्नु नै असल आचार हो ।

यिनको भनाइ बमोजिम असत्यवादी असत्य बोलेर सत्यवादी भएको, चोर चोरी गरेर पनि साधु भएको, लोभी लोभ गरेरै त्यागी भएको ढोंग रच्दछ । त्यसको तात्पर्य के हो भने जीवनमा सदाचार मूल्यवान् छ र अवलम्बनीय छ । *महाभारत*, वनपर्वमा यस्तो कुरा बताइएको छ :

येषां त्रीण्यवदातानि विद्या योनिश्च कर्म च ।
तान् सेवेत्तैः समास्या हि शास्त्रेभ्योपि गरीयसी (पोद्दार, २०५९ : २१) ।। १/२६।।

अर्थात् विद्या, कुल र कर्म शुद्ध भएका व्यक्तिसितको उठबस शास्त्राभ्यासभन्दा श्रेष्ठ काम भएकोले त्यस्ता महानुभावको सेवा गर्नु पर्दछ ।

असतां दर्शनात् स्पर्शात् सञ्जल्पाच्च महासनात् ।
धर्माचाराः प्रहीयन्ते सिध्यन्ति च न मानवाः (पोद्दार, २०५९ : २१) ।।१२/८।।

अर्थात् दुष्टलाई देख्दा, छुँदा, त्यस्ता व्यक्तिसित कुरा गर्दा र एउटै आसनमा बस्दा धार्मिक आचार नष्ट हुने भएकाले ती काम गर्ने व्यक्ति कतै पनि सफल हुन सक्तैन ।

यिनका विचारमा संसार बिना पनि मनुष्य वा प्राणी आनन्दपूर्वक रहन बस्न सक्तछ किनभने त्यस्तो अवस्थामा सम्पूर्ण रूपमा परमात्माको आश्रय पाइन्छ । जीवनप्रति आकर्षित हुनेले मृत्युसित पनि त्यत्तिकै आकर्षित हुन सक्यो भने आनन्दै आनन्द प्राप्त हुन्छ । *पद्मकन्या महाकाव्य*को द्वादश सर्गमा यिनले यस्तो कुरा बताएका छन् :

आफू बनेर दृष्टान्त, शास्त्रमा चल्नुपर्दछ ।
उज्यालो दिन खोज्नेले, आफू नै जल्नु पर्दछ (रिसाल, २०५७ क : १४३) ।।६०।।
आफू बलेर बत्तीले, सर्वत्र पार्छ उज्ज्वल ।
नदी नाम हराएर, बन्छ सागरको जल (रिसाल, २०५७ क : १४४) ।।६७।।

ख. मानवीय सोच

मानवीय मूल्य र मान्यतालाई यिनले निकै ज्यादा महत्त्व दिएको देखिन्छ । यिनी मानवताको अर्थ मनुष्यका साथै समस्त प्राणीको अस्तित्व र सहजीवनसित गाँस्दछन् । मान्छेले आफू बाँच्नका साथै आफ्नो जीवनका सहयात्री सबै प्राणीप्रति प्रेम, सहयोग, संरक्षण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सहजीवनको भाव राख्नु पर्दछ भन्दछन् । सृष्टिको विशेष सिर्जना भएकोले यस्तो व्यवहार मनुष्यको कर्तव्य नै हो भन्ने कुरा अधिक जोड दिएर यिनी बताउँछन् ।

ग. राष्ट्रियता

राष्ट्रियता भनेको राष्ट्रको सीमारेखाभित्र रहनु हो । महान् व्यक्ति कुनै पनि सीमामा आबद्ध भएर संकुचित बन्न सक्तैन । *वसुधैव कुटुम्बकम्* महान् चिन्तकले नै भनेको वाणी हो । त्यसो भए तापनि अरूलाई बाधा न पर्ने गरी, अर्काको कल्याण, उन्नति, स्वतन्त्रता, मौलिकता र स्वाभिमानमा सहयोग पुग्ने गरी राष्ट्रिय चिन्तन हुनु राम्रो कुरा हो । अर्को कुरा यसले माटो विशेषको उर्वरता र विशिष्ट सिर्जनाका कुरा मुखरित गर्दा सर्वत्र रचनात्मक चिन्तन प्रवाहित हुन्छ । त्यसले कसैको हानि हुँदैन । राष्ट्रले मान्छे वा कुनै पनि प्राणीको रगत होइन सिर्जनशीलताको अपेक्षा गर्दछ । विश्वको बृहत्तर कल्याणका लागि राष्ट्रका चर्चा र देश प्रेमका कुरा उठ्नु उचित हो । प्रा. रिसालका अनुसार विश्वका साथै राष्ट्रको हित गर्ने कुरा सोच्नु नै राष्ट्रियता हो । विश्वव्यापी चिन्तनमा राष्ट्र त स्वभावतः आई हाल्दछ ।

*म को हुँ*को प्रथम विश्राम अन्तर्गतको 'राष्ट्रिय कामना' शीर्षकमा यिनी यस्तो भन्दछन्:

सेवा र शान्ति सिन्चेको, मेरो राष्ट्र अखण्ड होस् ।
म मर्छु राष्ट्रकै लागि, मेरो सम्मान होस्, नहोस् (रिसाल, २०६० ख : १३) ।।५।।

नेपालको राष्ट्रिय झन्डाप्रति सम्मान गर्दै यिनी *श्रीखप्तडबाबा* काव्यको प्रथम विश्राम आफूभित्रको राष्ट्र भक्ति यसरी प्रकट गर्दछन् :

श्रीसूर्य-चन्द्राकित राष्ट्रझण्डा ।
भएन केल्यै पनि अंशवण्डा ।।
हिमालको यो शिर फर्फरायो ।
स्वातन्त्र्य मैत्री जनगीत गायो (रिसाल, २०५३ : ६) ।।२१।।

श्रीपशुपतिनाथको सेरोफेरो नामक काव्यको अष्टम सोपान अन्तर्गत 'राष्ट्र र राष्ट्रदेव' शर्षिक पाठमा यिनी मनभित्र उर्लेका राष्ट्रिय भावना यसरी प्रस्तुत गर्दछन् :

श्रीसूर्य-चन्द्र अंकित, हिमाल राष्ट्रको ध्वजा ।
अनन्त काल चम्कियोस्, सुखी र शान्त हुन् प्रजा (रिसाल, २०५९ : ५६) ।।११।।

वेदान्त वाटिका काव्यको चतुर्थ सर्गमा यिनले अभिव्यक्त गरेको राष्ट्रिय चिन्तन यस्तो छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो देश हिमाल हो, शिखर हो पाहाड, मैदान हो ।
मेरो बुद्ध र लुम्बिनी, सगरको माथा महाशान हो ।।
मेचीदेखि उदाउने सरस यो कैलास हो शम्भुको ।
मेरा वीर र देशभक्त जनता पुण्यात्मको, धर्मको (रिसाल, २०७० क : १०९) ।।९६।।
मेरो देश यथार्थ हो र विपना सद्धर्मले कर्मले ।
हाम्री यो जननी सदा रहिरहून वीरत्व ऐश्वर्यले ।।
हाम्रो जीवन धन्य सार्थक हुने स्वातन्त्रले, योगले ।
ब्रह्मात्मैक्य प्रबोधले रविशशी उच्चा रहे वीर्यले (रिसाल, २०७० क : ११०) ।।१०१।।

सांस्कृतिक गरिमाका दृष्टिले नेपाल र नेपाली संसारमा कसैभन्दा कम न भएको धारणा यिनले *श्रीखप्तड बाबा* नामक काव्यको तृतीय विश्राममा यसरी व्यक्त गरेका छन् :

स्वभाव हाम्रो र स्वदेश हाम्रो ।
भन्दैन कोही भवमा नराम्रो ।।
हामी त्यसैले कुनमा कमी छौं ।
माता र माटो अभिमानमा छौं (रिसाल, २०५३ : ३०) ।।२६।।
संस्कार, आचार, विचार, आभा ।
ललाट सिन्दूर सुहाग शोभा ।।
गोवंश रक्षा जननी समान ।
नेपालको वैभव, शान, मान (रिसाल, २०५३ : ३३) ।।३६।।

यिनले *म को हुं* भन्ने काव्यको प्रथम विश्राम अन्तर्गतको 'राष्ट्रिय कामना' शीर्षकको पाठमा नेपाली सनातन स्वभावको परिचय यसरी दिएका छन् :

बाँझो फोर्छु, पहाड जोर्छु सहजै, निर्माण गर्दिन्छु म ।
आफ्नै प्राकृत शक्तिले झिलिमिली नेपाल पार्दिन्छु म ।।
मेरो वैदिक-धर्म-योग-रणमा निष्काम भै लड्छु म ।
मेरो लक्ष्य छ शान्ति शाश्वत लिई आनन्दमा रम्छु म (रिसाल, २०६० ख : १३) ।।२।।

श्रीपशुपतिनाथको सेरोफेरो नामक काव्यको सप्तम सोपान अन्तर्गतको 'धर्म-रक्षा' शीर्षकको पाठमा यिनी यसरी पनि आफूभित्रको राष्ट्रिय भाव प्रकट गर्दछन् :

म बुद्ध हुँ हिमालको, विदेह-बोध वेद हो ।
स्वदेशमा म पाउने, अखण्ड शान्ति स्वर्ग हो ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म वीर जन्मजात नै घुंडा त टेक्न जान्दिनँ ।
न जालझेलको कला, म देश बेच्न मान्दिनँ (रिसाल, २०५९ : ४७) ।।१।।

घ. राजनीतिक मान्यता

जीवन र जगत्सित सम्बद्ध सबै प्रकारका नीतिहरूमा बढी प्रभाव पार्ने नीति राजनीति हो । राज गर्ने पद्धति अर्थात् राज्य सञ्चालन गर्नका लागि मार्ग निर्देश गर्ने दर्शनलाई राजनीति भनिन्छ । प्रा. रिसालको अभिरुचि राजनीतितिर निकै कम देखिन्छ । त्यसो भएर पनि राजनीतिक चिन्तनबाट नितान्त पृथक् रहेका भने यिनी देखिँदैनन् । सन्दर्भवश यिनले केही मात्रामा राजनीति विषयक चर्चा गरेको पाइन्छ । साम्यवाद होस् कि समाजवाद होस् पौरस्त्य सभ्यतामा नौलो कुरा होइन । यस प्रकारका मान्यता अनुसार प्रचलित शासन व्यवस्था पौरस्त्य जगत्मा वैदिक कालदेखि चली आएका प्रमाण यिनले आफ्ना रचनामा प्रस्तुत गरेका छन् । राजनीतिको प्रयोजन लोक कल्याण र शान्ति, सुरक्षा एवं समृद्धि हो तापनि योग्य पात्रको अभावमा यो गलत अर्थमा प्रयोग भई रहेको अवस्था यिनी देख्दछन् । नेपालमा हाल राजनीतिका नाममा हुँदै गरेका बेथितीको चर्चा यिनी *पद्मकन्या महाकाव्य*को नवम सर्गमा यसरी गर्दछन् :

नेता व्यस्त उता, यता छ जनता, सत्ता कता हो कता ?
कत्रो आँट र ठाँट ढाँटहरुको कृतघ्नता, धूर्तता ।।
नेपाली अब जाग होस गर है, मिच्ने सुरै पो छ नि ।
अर्को आउँछ कस्सिँदैछ सुनियो 'यो देश हाम्रो भनी (रिसाल, २०५७ क : १०८) ।।१५९।।

*अष्टावक्रगीता*को 'सावधान हुनुहोस्' भन्ने शीर्षकको अंशमा नेपालमा देखिएको वर्तमान राजनीतिक विसंगतिप्रति यिनले यसरी औंला ठड्याएका छन् :

पैसा पायौ, धर्म बेचेर खायौ ।
आमा न्वायौ, पाप पोको कमायौ ।।
धर्मैछाडा पापकर्मी विधर्मी ।
नेता नै हुन् राष्ट्रद्रोही अधर्मी (रिसाल, २०६९ ग : ४१) ।।१२।।

यस्तै भावको प्रस्तुति वेदान्त वाटिकाको द्वितीय सर्गमा यसरी पोखिएको छ :

बोकेर झण्डा गर भागवण्डा ।
सर्वत्र उर्ले सुरसा वितण्डा ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो राष्ट्रसेवा अब ता कता गो ।
मेरो र मेरा यति सत्यता भो (रिसाल, २०७० क : ५५) ।।१५३।।
लोभी र पापी अझ बढ्न थाले ।
पोल्यो सबैलाई यही व्यथाले ।।
स्वार्थान्धिताले सब देश ढाक्यो ।
मार्ने र लुट्ने धनवीर हाँक्यो (रिसाल, २०७० क : ५६) ।।१५४।।
वाचा र बोली अब मूल्य छैन ।
गोली भए शक्ति र राज्य चैन ।।
अगाडि राख्ने जनता भनेर ।
सम्पत्ति भोग्ने रुपियाँ गनेर (रिसाल, २०७० क : ५६) ।।१५७।।

ङ. नारीवादी धारणा

विद्वान्, संवेदनशील, नारी जगत्ले भोग्दै आएका पीडाको अन्त्य गर्न चाहने चिन्तक, समाज सेवी, योग्य एवं जिम्मेवार नागरिक, लामो समयसम्म नारीहरूले पढ्ने महाविद्यालयका प्राध्यापक तथा प्रमुख आचार्य भई देशको सेवा गरी अनुभवी बनेकाले प्रा. रिसाल महिलाको हित हुने कुरामा तार्किक कुरा अघि सार्दछन् । यिनलाई महिलाको उन्नति हुने काममा रुचि राख्ने अभियन्ता पनि भनिन्छ । नारीहरू शिक्षित भए परिवार तथा समाज शिक्षित हुन्छ र नारी जातिमा जागरणको भावना विकसित भएमा परिवार तथा समाज उन्नत बन्दछ भन्ने विचार यिनी व्यक्त गर्दछन् । नारी भनेको घर हो, घरको जग हो र बलियो गृहस्थकिो आधार हुनका साथै शक्तिशाली दुनियाँ हो भन्ने विचार यिनले प्रस्तुत गरेको देखिन्छ । नारी जातिको महिमा गाउँदै *श्रीखप्तडबाबा* काव्यको प्रथम विश्राममा यिनी यसो भन्दछन् :

पत्नी तिनैकी गुणरूप-खानी ।
साध्वी, सती, धर्मधुरीण, दानी ।
विचार, भक्ति, व्यवहार बोकी ।
गीतादि रामायणमा डुबेकी (रिसाल, २०५३ : १२) ।।४५।।

पद्मकन्या महाकाव्यको दशम सर्गमा यही कुरा यिनले यसरी व्यक्त गरेका छन् :

नारी विद्या-श्रम अघि बढे विश्वकै ज्ञान गर्ने ।
कन्या नामी अभिनय गरी मर्दको नाम हर्ने ।।
गर्ने आँटे अघिपछि न वा पूर्णता सिद्ध हुन्छ ।
बन्ने आफू अरु पनि बनुन् धारणा सत्य बन्छ (रिसाल, २०५७ क : ११५) ।।२९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारीले आफूलाई कमजोर, सामर्थ्यहीन र प्रतिस्पर्द्धा ठानी मनमा हीनता बोधको भावना राख्नु हुँदैन भन्दै नारीले गर्न नसक्ने कुरा केही पनि छैन भन्ने विचार यिनी *पद्मकन्या महाकाव्य*को दशम सर्गमा यसरी प्रकट गर्दछन् :

म सानी नानी रे नभन, लघुताभास नभए ।
म नारी हार्ने रे, तन-मन सबै त्रास नगए ।।
म ता देवी, चण्डी त्रिभुवन ममा आश्रित बने ।
बुझे माता, पत्नी सृजन महिमा वन्दित हुने (रिसाल, २०५७ क : १२१) ।।४३।।
म आशी अर्काकी नभनन हरे ! आश नबस ।
तिमी भोग्या हैनौ, श्रुति, स्मृति बुझी कम्मर कस ।।
तिमी माता, माया सकल जनकी शक्ति अजया ।
धरा तिम्रै छाया सरस सुभगा शान्ति सुजया (रिसाल, २०५७ क : १२१) ।।४४।।

७.२.४.८ प्राज्ञिक अनुभूति

प्रज्ञा भनेको नयाँ नयाँ कुरा सोच्न, विचार गर्न, कल्पना गर्न र कार्यान्वयन गर्न सक्ने मानसिक शक्ति हो (पोखरेल र अन्य, २०४० : ८६६) । यसलाई ईश्वरले दिएको सिर्जनशील प्रतिभा वा मेधा पनि भनिन्छ । अध्ययन, आन्तरिक प्रतिभाको ऊर्जाका साथै सरसम्पर्क, पेसा, साधना र अभ्यासबाट प्रा. रिसालको प्राज्ञिक उन्नयन भएको देखिन्छ । आफ्ना प्राज्ञिक अनुभूति यिनले विभिन्न कृति, वार्तालाप, व्यवहार तथा व्याख्यानमा प्रस्तुत गरेका छन् । यिनका अनुसार प्रतिभाशाली व्यक्ति सामान्यतः जहिले पनि जे कुरामा पनि अग्रणी हुन्छ । कहिलेकाहीं प्रतिभा आन्तरिक सामर्थ्यका भित्री तह गएर लुप्तावस्थामा पनि बस्न सक्तछ । उदाहरणका लागि यहाँ केही घटनाको उल्लेख गरिएको छ ।

पाणिनि मन्दबुद्धिका थिए । *महादेवको आराधना गर अनि मात्र तिमी पढ्न सक्छौ* भन्ने सल्लाह उनलाई गुरुले दिएकाले उनले विधिपूर्वक महादेवको उपासना गरेका थिए । उनको भक्तिबाट प्रसन्न भएर महादेवले प्रत्यक्ष दर्शन दिई *मैले बजाएको डम्मरुको ध्वनि बुझेर काम गर्न सक्यौ भने तिमी प्रख्यात हुने छौ* भन्दै क्रमशः नौ र पाँच पटक डमरु बजाएका थिए । पाणिनिले डमरुका तिनै ध्वनि ठम्याई *अइउण् ऋऌक्* समेतका चौध सूत्रको सिर्जना गरेका थिए ।

महान् वैज्ञानिक भनिने अल्बर्ट आइन्स्टाइन आठ कक्षामा पढ्दा गणित विषयमा अनुत्तीर्ण भएका थिए । त्यस बखत उनका गुरुले *गणित पढ्नमा समय खेर फाल्नु उचित होइन बरु अरू नै विषय पढे हुन्छ* भन्ने सल्लाह उनलाई दिएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालिदास कालीको उपासनाले महाकवि बनेका थिए । पहिलेका पटमूर्ख भनेर चिनिरे तिनै कालिदास पछि गएर *अनामिका सार्थवती वभूव* अर्थात् कालिदासको नामको गणना कान्छी औंलाबाट सुरु गर्दा तिनको समानान्तरमा आउने अर्का कवि न देखिने हुँदा अनामिका नाम सार्थक भयो भन्ने प्रशंसा पाउन सफल भए ।

अमेरिकी पूर्व राष्ट्रपति अब्राहम लिङ्कन ज्यादै लज्जालु र मान्छेका बिच जान बस्न न चाहने एकाकी स्वभावका थिए भनिन्छ । पछि तिनै व्यक्तिले ठुला ठुला सभा समारोहमा धारा प्रवाह रूपमा प्रवचन दिन सक्ने असामान्य क्षमताका धनी भनेर ख्याति कमाए ।

हिटलर मासु मदिरा प्रयोग न गर्ने सात्त्विक वृत्तिका दयालु स्वभावका व्यक्ति थिए तर पछि तिनैले लाखौं मान्छेको हत्या गराए ।

प्रत्यक्ष रूपमा प्रतिभाशाली देखिने व्यक्ति मात्र सफल र महान् हुन्छन् भन्ने कुरा सत्य होइन । लुकेको प्रतिभा मुखरित हुँदा पनि व्यक्तिको व्यक्तित्व माथि उठ्दछ । उच्च स्तरको सद्भावनाका धनी व्यक्ति सफल र महान् हुन्छन् । कामको महत्ता नाप्ने आधार प्रतिभा पनि हो र भाव पनि हो । जीवनलाई महान् बनाउने काम भावले नै गर्दछ ।

यिनका अनुसार इच्छा नै काम गराउने उत्प्रेरणा हो । जस्तो खालको इच्छा हुन्छ त्यस्तै खालको मान्छे बन्दछ । इच्छाले चेतनामा स्पन्दन ल्याउँछ र व्यक्ति तदनुसार आफ्ना क्रियाकलाप सञ्चालन गर्दछ । जतिसुकै राम्रो भए पनि इच्छा न भएको विषयमा व्यक्तिले भित्री मनबाट उत्साह देखाउँदैन । त्यस्तो विषय आंशिक समयको काम जस्तो हुन्छ । कदाचित् त्यस्तो काम सफल भई हाले पनि त्यसबाट सन्तुष्टि भने मिल्दैन । मानसिक रूपले कमजोर व्यक्ति शारीरिक तहबाट प्रतिक्रिया जनाउँछ । गालीगलौच, हातपात, अमर्यादित व्यवहार गर्नु भनेको मानसिक कमजोरीको द्योतक हो । यस्ता क्रिकलापबाट कहिल्यै सन्तोष हुँदैन र कहिल्यै सुखद परिणाम प्राप्त हुँदैन । गम्भीर व्यक्तिको मानसिक धरातल निकै बलियो हुन्छ । सानातिना भावहरूले तिनको मानसिक स्थिति बदल्न वा परिवर्तित तुल्याउन सक्तैनन् । क्रोध, उत्साह, साहस जस्ता कठोर भाव र दया, करुणा, क्षमा, सहानुभूति जस्ता कोमल भावका वृत्तिहरू सबैजसो व्यक्तिमा पाइन्छन् तर कठोरभन्दा कोमल भावबाट बढी सन्तोष र आनन्द प्राप्त हुन्छ किनभने हृदयका समस्त वृत्तिको जग कोमल भावमा अडेको हुन्छ । कोमल भावकै कारण घृणा हुनु पर्ने ठाउँमा प्रेम प्रकट हुन्छ । मान्छेले गर्ने दया, परोपकार, प्रेम, सहानुभूति, सहयोग, करुणा अरूका लागि होइन बरु आफ्नै सन्तुष्टिका लागि हो । यस प्रकारका व्यवहारबाट उसले आफूलाई प्रसन्न तुल्याउँछ । यस्तै संवेदनाले जीवन व्यवहार निर्दिष्ट हुन्छ र व्यक्तित्वको विकास हुन्छ । मनमा उठ्ने संवेदना नै व्यक्तित्व निर्माणका आधार हुन् । विषादको सम्बन्ध जीवनसित आनन्दको त्यत्ति नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गहिरो हुन्छ । सांसारिक वस्तुबाट मूर्ख र विद्वान् दुवै आआफ्ना ढंगले दुःख र आनन्द अनुभव गर्दछन् । मूर्खका लागि आनन्द लाग्ने कुरा विद्वान्का निम्ति विषादयुक्त हुन्छ । विद्वान्का लागि आनन्द लाग्ने कुरामूर्खका निमित्त विषादयुक्त हुन्छ ।

यिनका भनाइ बमोजिम संस्कारको अस्तित्व जगत्का अणु परमाणुसम्मका सबै वस्तुमा रहेको हुन्छ र त्यसले निकै ठुलो प्रभाव पारेको हुन्छ । मान्छेमा यसले झनै ठुलो प्रभाव पार्ने कुरा त सामान्य नै हो । ऋषिका आश्रममा सिंहसित जिस्कँदै मृगका बाच्छाले खेल्नु, मयुरको नाच हेरे सर्प प्रसन्न हुनु, चराका संगीत सुनेर बिराला दङ्ग पर्नु, कुकुरका छाउराले बघिनीको दुध खानु भनेको आध्यात्मिक संस्कारले आफ्नो सच्चा स्वरूप प्रकट गर्नु हो । कसैको व्यक्तित्वका सामु नतमस्तक हुनु आध्यात्मिक संस्कारकै प्रभाव हो । मानिसले पाएको सत्संग, सत्संस्कारले बेला मौकामा काम न गरी छोड्दैन । प्रतिस्पर्द्धा वस्तुगत हुन्छ भने ईर्ष्या व्यक्तिगत हुन्छ । प्रतिस्पर्द्धा मनोबल हो भने ईर्ष्या मनोविकार हो । ईर्ष्याले व्यक्तिको कुनै पनि लाभ गर्दैन बरु हृदय जलाएर उल्टै हानि पुऱ्याउँछ । जोसित कुनै गुण हुँदैन त्यसले अरूका गुणको ईर्ष्या गर्दछ । सबैमा चित्तवृत्तिहरूको निकै ज्यादा प्रभाव परेको हुन्छ । तिनै प्रभावका कारण मान्छेका व्यवहार भिन्न भिन्न खालका हुन्छन् । तिनै व्यवहारले प्रत्येक व्यक्तिलाई फरक ढंगको बनाउँछन् । मान्छे मान्छेमा भिन्नता देखिनको कारण पनि यही हो । ज्यादै नजिक सम्बन्धमा रहने साथीका मनमा आफूप्रति कुनै कुरामा दुर्भाव रहेको कुरा थाहा पाउँदा दुःख लाग्दछ । त्यसै गरी शत्रु ठानिएको कुनै व्यक्तिका मनमा आफूप्रति कुनै कुरामा अनुकूल भाव रहेको कुरा थाहा पाउँदा आनन्द हुन्छ । अनुकूल वा प्रतिकूल व्यक्तिबाट समान तत्त्वको अपेक्षा गर्नु मानवीय स्वभाव हो । साथै अनुकूलता नै मूलतः मानीय गुण पनि हो भन्ने कुरा पनि यसबाट बुझिन्छ ।

यिनी के पनि भन्दछन् भने धेरैजसो उदार भावना आफ्ना कल्पनालोकबाट बाहिर आएर क्रियात्मक रूपमा उत्रन सक्तैनन् । त्यसो हुन सकेको भए मानव जीवन अझ बढी सुसंस्कृत बन्ने थियो । धेरैजसो व्यक्ति अरूलाई कष्ट पुऱ्याउन पाउँदा र केही व्यक्ति अरूलाई सुख र आफूलाई कष्ट पुऱ्याउन पाउँदा प्रसन्न हुन्छन् । आमाले सन्तानलाई पर्ने कष्ट सकेसम्म आफै भोगेको अवस्था यसको उदाहरण हो । आहारबाट रस, रगत, मासु, मेदस्, हाड, मज्जा र शुक्र जस्ता सात धातु बन्दछन् । शुक्रमा नवीन शरीर बनाउने शक्ति रहेको हुन्छ । त्यसको प्रयोग प्रजननमा भएन र त्यसलाई निरोध गरियो भने व्यक्तिमा ओज, बल र तेज बढ्दछ । त्यही ओज, बल र तेजको शक्तिबाट काव्य कलाको सिर्जना हुन्छ । नवीन आनन्द लोकको सृष्टि गर्ने हुँदा शुक्र शक्तिलाई शुक्र ब्रह्म भनिन्छ । काम भावनाका कुराको प्रस्तुतिमा पनि यसको निकै ठुलो हात रहेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकारका जति पनि प्राज्ञिक मान्यताहरू छन् ती सबैको मियो भनेको परमात्मा नै हो । *म को हुँ ?* काव्यको प्रथम विश्राम अन्तर्गतको 'आत्म-निवेदन' शीर्षकको पाठमा यिनी यसो भन्दछन् :

सम्पूर्ण विश्वकै ज्ञान, भयो रे लाभ के भयो ?
यदि मैले मलाई नै, चिन्नु ता शेष नै रह्यो ।।४।।

*पद्मकन्या महाकाव्य*को नवम सर्गमा उत्तम पक्षको चर्चा गर्दै यिनी यस्तो भावना प्रस्तुत गर्दछन् :

धर्ती राम्रो प्रकृति कृतिले सन्त शृंगारले नै ।
मान्छे राम्रो सुकृत कृतले ब्रह्मका बोधले नै ।।
शिक्षा राम्रो नियत, यमले नीति, अध्यात्मले नै ।
देशै राम्रो सुख र सुविधा, ज्ञान विज्ञानले नै (रिसाल, २०५७ क : १११) ।।१८०।।
नारी राम्रो नय, विनयले सीप, शालीनताले ।
तीर्थै राम्रो जप र तपले, साधुले शुद्धताले ।।
मन्त्रै राम्रो गुरु र गरिमा, सिद्धि, श्रद्धा-सुधाले ।
नेता राम्रो नियत, यतले, त्याग सद्भावनाले (रिसाल, २०५७ क : १११) ।।१८१।।

७.२.४.९ शैक्षिक अनुभूति

सिकेर, सुनेर, अभ्यास गरेर, अनुभव गरेर, ध्यान र योगका माध्यमबाट साक्षात्कार गरेर वा विभिन्न विधि वा साधनको प्रयोग गरेर व्यक्ति, समाज, उपकरण र प्रकृतिबाट ग्रहण गरिने भौतिक वा अभौतिक तत्त्वको बोध नै शिक्षा हो (पोखरेल र अन्य, २०४० : १२६०) । प्रा. रिसाल शैक्षिक सेवामा संलग्न भएकाले प्राध्यापक जस्तो उच्च पदमा पुगेका हुन् । शिक्षा क्षेत्रमा लामो समय अध्ययन, अध्यापन, अनुसन्धान, सत्सङ्ग र अभ्यास गरेका हुनाले यिनका कुरा, व्याख्यान, साहित्य सिर्जना, व्यवहार तथा शैक्षिक आदर्शका कुरा आएकै हुन्छन् । यिनी वेदान्ती हुन् । त्यसपछिको यिनको अभिरुचि साहित्यमा देखिन्छ । शिक्षा र समाज सेवाप्रतिको यिनको आकर्षण पनि त्यसकै हाराहारीमा आउँछ ।

वेदान्त विद्या स्वयंमा विज्ञान हो र अध्यात्म विज्ञान हो । भौतिक संसारमा रहँदा बस्दा भौतिक विज्ञानको अध्ययन गर्नु आवश्यक हुन्छ । यो कुरा यिनी *श्रीखप्तडबाबा* काव्यको प्रथम विश्राममा यसरी व्यक्त गर्दछन् :

विज्ञान शिक्षा प्रिय भौतिकी हो ।
तत्कालमा लाभ दिने यही हो ।।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो मान्यताको पछि पश्चिमाली ।
विज्ञानले राष्ट्र दियो उचाली (रिसाल, २०५३ : १३) ।।४९।।

सिप सिक्न, नयाँ नयाँ प्रविधिको जानकारी लिन र आधुनिक भनिने विद्याको अध्ययन गर्न विदेश गए पनि सेवा चाहिँ आफ्नै देशमा गर्नु उचित हुन्छ भन्ने विचार पनि यिनी प्रकट गर्दछन् । *श्रीखप्तडबाबा* काव्यको प्रथम विश्राममा यस विषयमा यिनले यस्तो कुरा बताएका छन् :

शिक्षा र विज्ञान र राजनीति ।
भाषा र उद्योग र अर्थनीति ।।
विदेशमा गै सिक जे सकिन्छ ।
स्वदेश सेवा गर नीति भन्छ (रिसाल, २०५३ : १४) ।।५२।।

७.२.४.१० भाषिक अनुभूति

भाषा ध्वनि, वर्ण वा अक्षर, रूप, शब्द, वाक्य, अनुच्छेद जस्ता विभिन्न एकाइका जोडबाट बन्दछ । मनमा उत्पन्न भाव, विचार, अनुभूति प्रकट गर्ने सार्थक ध्वनि समूह वा वाणी अथवा बोली नै भाषा हो । वाणीका परा, पश्यन्ती, मध्यमा र वैखरी गरी चार वटा रूप हुन्छन् । यिनमा परा, पश्यन्ती र मध्यमा गुप्त रहन्छन् भने वैखरी चाहिँ वाणीका रूपमा बाहिर प्रकट हुन्छ । अव्यक्त अवस्थामा रहने वाणीको रूप परा हो । यो मूलाधारमा रहन्छ । यसलाई वाणीको बीजावस्था पनि भनिन्छ । पश्यन्ती भनेको वाणीको अङ्कुरावस्था हो । यो नाभिस्थानमा रहन्छ । मध्यमामा वाणी बिम्ब वा कोपिलाको स्थितिमा हृदयावकाशमा रहन्छ । त्यसैले घाँटीमा पुगेर पनि यस अवस्थामा वाणी अस्पष्ट र अव्यक्त नै रहेको हुन्छ । यसको अनुभूति वा ज्ञान ब्रह्मज्ञानीलाई मात्र हुन्छ । यसै गरी वैखरी भनेको वर्णको रूपमा वाणी प्रकट हुनु हो । शब्दब्रह्मको अनुभूति प्रणवको उपासना र यौगिक प्रक्रियाद्वारा नाभिचक्रमा स्थित कुण्डलिनीलाई जागृत गरेर नै हुन्छ (पाण्डेय, सन् २००३ : ६२०) ।

भाषाका विभिन्न एकाइको व्याख्या ब्रह्मका रूपमा गरिएको पाइन्छ । ध्वनि अर्थात् स्फोटका तहको भाषा स्फोटब्रह्म, वर्णका तहको भाषा अक्षर ब्रह्म, रूपका तहको भाषा रूपब्रह्म, शब्दका तहको भाषा शब्दब्रह्म, वाक्यका तहको भाषा रसब्रह्म र अनुच्छेदका माध्यमबाट प्रकट हुने भाषाको सौन्दर्य ब्रह्मको नामबाट विवेचना गरिएको पाइन्छ । ब्रह्म जस्तै वर्णका रूपमा अवतरित ध्वनि कहिल्यै न नासिने हुँदा अक्षर भनिन्छ । यसलाई अक्षर ब्रह्म भनिएको पाइन्छ । भाषामा पाइने विशेष शक्तिलाई दृष्टान्त बनाएर वेदान्त दर्शनका विविध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षको व्याख्या गरिएको देखिन्छ । ब्रह्मको स्थिति विवर्तक, संवर्तक र शान्त गरी तिन प्रकारको हुने कुरा बताइएको छ । ब्रह्मलाई साकार र निराकार भनेर दुई वर्गमा राखी बुझाइएको पनि पाइन्छ । पौरस्त्य काव्यशास्त्रीहरूले साहित्यिक रसलाई ब्रह्मानन्द सहोदर भनी ब्रह्मसितै जोडेका छन् । निराकार ब्रह्म स्फटिक जस्तो कञ्चन वा निर्मल हुन्छ । त्यसका अगाडि हरियो, सेतो, पहेँलो, रातो, कालो, निलो जुन रंग देखाइन्छ त्यसको छाया परेर त्यो पनि तत्तत् रंगको स्वरूपमा देखिन्छ । ब्रह्म पनि प्रकृतिको संयोगले मात्र गुणवान् वा रंगीन देखिन्छ । यथार्थमा त्यो गुणातीत छ ।

भाषाका विभिन्न एकाइलाई ब्रह्मसित जोड्ने मात्र होइन ब्रह्म नै भन्ने गरिन्छ । ॐ लाई त्यसको बीज मानिन्छ । यसको समस्त अर्थ जानियो भने सारा ज्ञान प्राप्त हुन्छ भनिन्छ । अर्कातिर भाषाको मूल पक्ष भनेको भावका बीजको सञ्चार भएकोले यसबाट ठम्याएका सबै कुरा व्यक्त हुन सक्तैनन् भन्दै ब्रह्मलाई नै भाषाले बुझाउन न सकेको उदाहरण प्रस्तुत गरिन्छ । यसै सन्दर्भमा मनमा लागेका कुरा शब्दका माध्यमबाट व्यक्त गर्न ठुलै सिद्धि चाहिन्छ भनिएको छ । बीज मन्त्र प्रयोग गर्ने परम्परा पनि यसकै प्रमाण हो ।

ब्रह्म र शब्दमा विभेद छैन । स्तम्भमा जडित स्फटिक सामुन्नेको दृश्यका प्रभावमा परिवर्तित भएको जस्तो देखिए जस्तै अनेक अर्थ द्योतन गराए पनि शब्द वाङ्मयातीत प्रणव स्वरूपमै लीन हुने भएकोले त्यसलाई शब्दब्रह्म भनिएको हो । प्रकृतिका सङ्गतमा नाना प्रकारका सृष्टिमा ब्रह्म फैलिएको देखिए जस्तै प्रकृति र प्रत्यय लागेर अनन्त शब्द बनेका देखिने अवस्था भ्रम मात्र हुन् । प्रकृतिको तुरीयावस्थामा ब्रह्म जसरी शान्त या संविद्रूप स्थितिमा रहन्छ त्यसरी नै शब्द पनि ॐ अर्थात् प्रणवावस्थामा तिरोहित भएर शान्त या संविद्रूप स्थितिमा रहन्छ । यसरी ओंकार, बीज मन्त्र, एकपदीय र अनेक पदीय मन्त्रको प्रभाव कति ज्यादा हुन्छ त्यो अनुभवीले थाहा पाउँछन् । परात्पर ब्रह्मले नै शब्दको सृष्टि गरेकाले भाषा र व्याकरणले प्रसिद्धि पाएको हो । महाकवि कालिदासले शब्द र अर्थलाई शिव र शक्ति प्राण र शरीर जस्तै भिन्न हुन न सक्ने कुरा बताएका छन् । शक्तिका अभावमा शिव शव हुन्छन् शिव रहँदैनन् । *भवानी त्वत् पाणीग्रहणपरिपाटीफलमिदम्* अर्थात् हे भवानी तपाईँकै पाणी ग्रहण गरेकाले भगवान् शंकरले ख्याति पाएका हुन् भन्ने शंकराचार्यले रचना गरेको भनिने 'क्षमापनस्तोत्र' को एउटा अंशको आशयले पनि यही कुरा जनाउँछ ।

शब्दब्रह्मका रूपमा भाषाको शक्ति थाहा पाएका प्रा. रिसालले उखानको प्रयोग, उक्तिको प्रयोग, विशिष्ट शब्दावलीको प्रयोग, आलंकारिक प्रयोग जस्ता विविध शैली र शिल्प भित्र्याएर आफ्ना रचना स्वाभाविक रूपमा सिँगार्ने काम गरेका छन् । *श्रीराम-नाम* नामक काव्य तथा *श्रीखप्तडबाबा* काव्यमा यिनले गरेको उखानको प्रयोग यस्तो छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'मुखमा राम रे राम, बगलीमा छुरा' छ रे ।
त्यस्ता ढोंगी गिरे गिर्छन्, आजै वा अहिले, भरे (रिसाल, २०४७ : ४८) ।।४०।।
समर्थलाइ चाहिन्न, जलको-मलको बल ।
ढुङ्गा, गारो र सारोमा, हुर्के पाती र पीपल (रिसाल, २०५३ : २७) ।।११।।
बुझेमा सृष्टिमा छैनौं, यसैभित्र बसे पनि ।
ओभानो पद्मको पात, पानीभित्रै पसे पनि (रिसाल, २०५३ : ९१) ।।९६।।
भन्नेभन्दा ठुलो गर्ने, दिनेभन्दा दिलाउने ।
फुटाउने निकै हुन्छन्, महात्मा हुन् जुटाउने (रिसाल, २०५७ क : १४४) ।।६२।।

७.२.४.११ साहित्यिक अनुभूति

इतिहास, पुराण, पुराकथा, समाज जस्ता विविध स्रोतबाट विषय लिएर रस, छन्द, अलंकार, ध्वनि आदिको प्रयोगबाट यथासम्भव सजाई गद्य, पद्य वा गद्य पद्यको मिश्रणमा रचना गरिएको कविता, काव्य, नाटक, कथा, उपन्यास, निबन्ध लगायतका विधालाई साहित्य भनिन्छ (पोखरेल र अन्य, २०४० : १३४२) । यो मूलतः श्रव्य र दृश्य गरी दुई प्रकारको हुन्छ । दृश्य साहित्य अभिनय र श्रव्य साहित्य भाषाका माध्यमबाट प्रकट हुने कला हो । मान्छेका हृदयबाट उत्पन्न भावहरूलाई क्रिया, रेखा, वर्ण, ध्वनि, शब्दका माध्यमबाट अर्काको हृदयमा अनुभव गर्ने गराउने विशेष सिपलाई कला भनिन्छ ।

प्रा. रिसालको एउटा महत्त्वपूर्ण व्यक्तित्व साहित्यकार पनि हो । यिनका साहित्यिक अनुभूतिहरू पनि ज्यादै उपयोगी र प्रभावकारी देखिन्छन् । यिनी के भन्दछन् भने वाणीमा प्रेम, हास, द्वेष, आनन्द, आश्चर्य जस्ता मनोविकारको प्रभाव पर्दा ताल तथा स्वर स्वतः उत्पन्न हुन्छन् । त्यस्तो अवस्थामा बाजा बजाई रहनु पर्दैन, गीत गाई रहनु पर्दैन र नाची रहनु पर्दैन । साहित्य पढ्दा परिवार, कुल, समाज, जाति, क्षेत्र, देश र विश्वप्रति निकै ज्यादा श्रद्धा र आस्था उत्पन्न हुन्छ तर मनमा उत्पन्न हुने त्यस्तो सकारात्मक भावले अपेक्षित मात्रामा व्यावहारिक जगत्मा क्रियात्मक रूप धारण गर्न सकेको देखिँदैन । कल्पनात्मक भावनाबाट अरूलाई प्रभावित तुल्याउन त सकिन्छ तर त्यसलाई रचनात्मक मनोवृत्तिमा न ढालेसम्म आफूमा लागू गर्न भने सकिँदैन । त्यसैले कुनै पनि भावको कार्यान्वयनका लागि क्रियात्मक मनोवृत्तिको जागरण आवश्यक हुन्छ । मनोभावमा उष्णता उत्पन्न भएमा व्यक्ति मुखरित बन्दछ । साहित्य सिर्जना अथवा कुनै पनि राम्रो वा न राम्रो काम गर्नु भनेको मनोभाव मुखरित गर्नु हो । भाव सञ्चरण हुने अवसर प्राप्त न भएमा ऊ फर्केर मनका भित्री तहमा गई बस्दछ । प्रिय पात्रबाट भावुकता फस्टाउने र उसलाई सम्मान गर्ने खालको व्यवहार भएन भने त्यही प्रिय पात्र घृणाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पात्र पनि बन्न सक्तछ । त्यसै गरी घृणा गरिने पात्रबाट भावुकता फस्टाउने र उसलाई सम्मान गर्ने खालको व्यवहार भयो भने त्यही घृणा गरिने पात्र प्रेमको पात्र पनि बन्न सक्तछ । प्रिय र अप्रिय बन्नु भनेको व्यावहारिक अवस्थाको भिन्नता हो ।

यिनका विचारमा व्यावहारिक क्रियाकलाप, बोलीचाली, मुखाकृति वा अङ्ग सञ्चालनबाट व्यक्तिमा रहेको काम भावना प्रकट हुन्छ । साहित्यकार आफूभित्रको यस्तो भाव आफ्ना रचनाका माध्यमबाट प्रकाशित गर्दछन् । साहित्यमा काम वासना यथेष्ट मात्रामा प्रकट भएको हुन्छ । काम मनुष्यको स्वाभाविक वृत्ति हो । यसको उदात्त रूप स्वीकार्य हुन्छ । कालिदासको *मेघदूत* लोकप्रिय बन्नको कारण यही हो । वासना भनेको काम मात्र होइन । कुनै पनि पदार्थप्रतिको अधिक लगाव वासना हो । साहित्य सिर्जना स्वान्तः सुखका लागि गरिन्छ । रचनाकारको पहिलो पाठक उसको मन हो । मनले सहमति दियो भने रचनाकार त्यस सिर्जनालाई सार्वजनिक गर्न आतुर बन्दछ । साहित्यमा रचनाकार स्वयं प्रकट हुन्छ । आफूभित्र उसले परिवार, समाज, देश, दुनियाँ राख्दछ । अनुभवका कुरा राख्नु भनेको पनि आफूलाई नै राख्नु हो । साहित्य कठोर वा दुरूह बन्नु हुँदैन । ज्ञान विज्ञानका विभिन्न तत्त्वहरूको शास्त्रीय सञ्जाल प्रयोग गर्ने क्रममा साहित्य जटिल बनेको देखिन्छ । त्यस प्रकारका कुराको प्रयोग पनि सुबोध्य, सरल, स्वाभाविक तुल्याउन सकिन्छ । बौद्धिकताको जबर्जस्ती प्रवेशका कारण साहित्य गारो बन्दै गएको हो । साहित्यलाई असाहित्य बनाउने चेष्टा हुनु हुँदैन । साहित्य प्रकृति जस्तै सुन्दर तथा स्वाभाविक हुनु पर्दछ ।

यिनले बताए अनुसार प्राचीन कालको साहित्यमा राजा, महाराजा, वीर, पण्डित, गुरु, धर्माधिकारी, शासक, जनता लगायतका जुनसुकै तह र तप्काका व्यक्तिमा पनि एक प्रकारको आदर्श व्यवहार पाइन्छ । आज त्यो परम्परा समाजले जस्तै साहित्यले पनि भत्काउँदै लगेको छ । आधुनिकताको लक्षण नै आदर्शको मुक्ति भनिन्छ । यस्तो चिन्तनले आदर्शलाई ठाउँ दिँदैन । आदर्श भएन भने जीवनको गन्तव्य अल्मलिने हुनाले कहीं न कहीं त्यसका लागि ठाउँ राख्नु जरुरी हुन्छ । राजा महाराजाको चित्रणसित वीणा, प्रेक्षालय, रथ, मन्दिर, दरबार, सुसंस्कृत बोली व्यवहारका कुरा आउँछन् । त्यसै गरी ग्रामीण जन समुदायको चित्रणसँगै मादल, दमाहा, बिनायो, सारङ्गी, झ्याली, ढोल, झोपडी, गरिबी, अभाव, खेतीपाती, पशुपालन, पूजाआजा, देवाली, चाडबाड, नाचगान, हँसिया, कुटो, बसिला, घाँस, दाउरा जस्ता विशिष्ट दृश्य र दर्शनका कुरा आउँछन् । समाज जस्तो छ साहित्यमा त्यसको प्रतिच्छाया उत्रनु आवश्यक हुन्छ ।

७.२.४.१२ आर्थिक अनुभूति

अर्थ शब्दले धन, सम्पत्ति र ऐश्वर्यलाई जनाउँछ । कुनै कुराको तात्पर्य, भाव, आशय, अभिप्रायलाई पनि अर्थ भनिन्छ । यहाँ धन, सम्पत्ति र ऐश्वर्यका कुरासित सम्बद्ध पक्षको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चालाई महत्त्व दिइएको छ । प्रा. रिसालले जतातततै वेदान्त नै वेदान्तका कुरा व्यक्त गरेका छन् । संसार झुटो हो ब्रह्म नै सत्य हो भन्नेले धन, सम्पत्ति, ऐस, आरामबाट निवृत्त भएर जोगी नै बन्नु पर्ने कुरा त भनेको होला भन्ने विचार कतिपय व्यक्तिका मनमा उठ्न सक्तछ । यो कुरा राम्ररी बुझ्नु जरुरी छ । वेदान्ती बन्नु भनेको भोकभोकै रहेर ज्यान सुकाई असमयमै मनु होइन र धन पैसाको कामै न गर्नु पनि होइन । अझ घरद्वार, श्रीसम्पत्ति, श्रीमान् वा श्रीमती, छोराछोरी सबैसितको नाता तोडेर वनतिर हिंड्नु पर्दछ भनेको होइन । संसारमा आई सकेपछि सांसारिक कर्तव्य निर्वाह त गर्नु नै पर्दछ । इमान्दार भएर सांसारिक धर्म निभाउने कुराबाट च्युत हुनु हुँदैन तर मनुष्य जीवनको सबभन्दा ठुलो पुरुषार्थ मानिने ब्रह्मज्ञान अर्थात् परमतत्त्वको प्राप्तिका लागि शास्त्रले निर्देश गरेका सकेसम्मका उपाय अपनाउनु पर्दछ । घरभित्र पस्ने, घरभित्र बस्ने, घरभित्रको दायित्व पुरा गर्ने तर घर नै सबै कुरा हो भनेर त्यसमा न फस्ने भनिएको हो । गृहस्थ बनेर झनै सशक्त रूपमा जीवनको महत्तम लक्ष्य प्राप्त गर्न सकिन्छ । त्यस बाटोको अवलम्बन गर्नु नै बुद्धिमानी हो । प्रा. रिसालले आफ्ना कृति, व्याख्या, चिन्तन, प्रवचन, व्यवहारबाट यिनै कुरा प्रकाशित गरेका छन् ।

७.२.५ प्रा. रिसालको सन्देश

प्रा. रिसालका विभिन्न अनुभूतिको अध्ययन गर्दा के कुरा थाहा हुन्छ भने पौरस्त्य वाङ्मयका सारा साहित्यको सार मानिने दर्शन वेदान्त हो । यसमा मनुष्यको जन्म पाएकाहरूले हासिल गर्न सक्ने ब्रह्मज्ञानका लागि ठुला ठुला ऋषि महर्षिहरू पनि लालायित हुन्छन् । मान्छे भएर जन्मन पाउनुको सार्थकता पनि तब हुन्छ जब परमार्थ लाभ लिन सकिन्छ । भौतिक सुविधा जति नै ज्यादा भोगे पनि त्यसबाट स्थायी सन्तुष्टि, शान्ति र आनन्द प्राप्त हुन सक्तैन । त्यसले त तृष्णा बढाउने र सांसारिक सञ्जालमा फसाउने काम मात्र गर्दछ । तसर्थ बुद्धि पुऱ्याउनु भनेको ब्रह्मको अंश बनेर मात्र होइन ब्रह्ममा एकाकार हुनु नै हो । त्यस अवस्थामा पुगी सकेपछि जन्म, मरण, दुःखकष्ट, रोगव्याधि, रोदन, छटपटी र अज्ञानबाट सर्वथा मुक्ति मिल्दछ । यस्तो उपलब्धि नै सच्चा प्राप्ति हो ।

७.३ अध्यायगत निष्कर्ष

अनुभूति सम्बन्धी विमर्शका कुरा दर्शनका विषय हुन् र त्यसमा पनि विशेष गरी जीवन दर्शनका कुरा हुन् । माथि दिइएका विभिन्न विषय र क्षेत्रसित सम्बद्ध अनुभूतिको योग प्रा. रिसालको जीवन दर्शन हो । यस अध्यायमा क्रम मिलाएर जन्मदेखि हालसम्म गरिएका काम र अर्जित अनुभूतिहरूको विवरण दिई प्रा. रिसालको जीवन दर्शनको समेत चर्चा गरिएको छ । यस प्रकारका अनुभूतिहरू यिनका पुस्तक, लेख, व्याख्यान, अन्तर्वार्ता, व्यावहारिक जीवनमा भोगेका घटना, अभिव्यक्ति, क्रियाकलाप लगायतका विभिन्न पक्षको अध्ययनबाट जम्मा पारिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनचाँदी, हीरामोति, माणिमाणिक्य, खेतबारी, पैसा आदिभन्दा निकै ज्यादा मूल्यवान् चरित्र धन नै हो । जतिसुकै धनी भए पनि, जतिसुकै सुखसुविधाका साधनले सम्पन्न भए पनि चरित्र छैन भने केही पनि न भएको कंगाल सरह मानिन्छ । चरित्रहीन व्यक्ति समाजमा निन्दाको पात्र बनेको हुन्छ । त्यसैले धन नासियो भने केही नासिएन, स्वास्थ्य नासियो भने केही नासियो, चरित्र नासियो भने सबै नासियो भन्ने उक्ति समाजमा चलेको पाइन्छ । सीमित स्वार्थ पुरा हुने लोभमा केही व्यक्ति जे गर्न पनि तयार हुन्छन् । त्यस्तो स्वार्थको पूर्ति भई सकेपछि जिन्दगीभरि पछुतो बाहेक केही कुरा पनि हात लाग्दैन । त्यसैले एक छिनको लाभका लागि सधैँभरिको मानसिक पीडा खप्नु कुनै पनि दृष्टिले राम्रो होइन । ज्यादै लामो समयको संयम, अनुशासन, साधना, परिश्रम, निरन्तर समर्पणबाट मुस्किलले चरित्र बन्दछ । त्यो समाप्त हुन निमेषभरको समय पनि लाग्दैन । ठुलाठुला ऋषि, तपस्वी, साधक चारित्रिक कमजोरीकै कारण क्षणभरमै ज्यादै तल्लो तहमा गिरेका देखिन्छन् । महर्षि विश्वामित्रको व्यक्तित्व मेनकासितको सम्पर्कका कारण कहाँबाट कहाँ पुग्यो भन्ने कुरामा मनन गर्दा यो कुरा स्पष्ट हुन्छ । लोभ्याउने प्रकृतिका घटनाहरू जीवनमा बारम्बार घट्दछन् । तिनले अनेक थरी परीक्षा लिन्छन् । चारित्रिक धन कमाउन चाहने हो भने ती परीक्षाहरूमा अब्बल दर्जामा उत्तीर्ण हुनु आवश्यक हुन्छ । भौतिक आवश्यकता जति बढाउँदै लग्यो सुविधाको खोजी त्यति नै ज्यादा हुन्छ । जति ज्यादा सुविधा खोज्यो त्यति ज्यादा आर्थिक स्रोतको व्यवस्था गर्नु पर्ने हुन्छ । आर्थिक क्षेत्र फराकिलो पार्न खोज्दा चारित्रिक धन लोप हुने डर बढ्दै जान्छ । चरित्र बचाउन चाहनेले अर्थ चलाउने काम न्यून गर्नु र चरित्र बढाउन चाहनेले अर्थ घटाउनु आवश्यक हुन्छ । जीवनलाई जति सादा र विचारलाई जति उच्च बनायो चरित्र त्यति नै उक्सँदै जान्छ । त्यसैले चरित्र र अर्थ सामान्यतया एक अर्काका प्रतिस्पर्द्धी बनेका देखिन्छन् । चरित्रभ्रष्ट, स्वेच्छाचारी, अनैतिक व्यक्तिको हातमा घर, परिवार, समाज र देशको नेतृत्व परेमा सबैतिर हानि नै हानि हुन्छ, कतैतिरबाट पनि उँभो लाग्ने सम्भावना हुँदैन । अर्को कुरा के पनि हो भने अर्थको बाटोमा हिँड्ने प्रत्येक व्यक्ति चरित्रभ्रष्ट भएको हुँदैन । चारित्रिक उचाइ कायं गरेर पनि अर्थोपार्जन गर्न सकिन्छ । इमान्दार भएर अर्थोपार्जन गर्नु न राम्रो होइन तर चरित्रलाई दाउमा लगाएर अर्थप्रति आकर्षित हुनु चाहिँ राम्रो मानिँदैन । शिक्षाको अन्तिम लक्ष्य चरित्र निर्माण हो भनिन्छ । पढेलेखेको व्यक्ति कहिल्यै गलत काम गर्दैन भन्ने पनि गरिन्छ । यस प्रकारका मान्यताले पढाइलेखाइ, उत्तम वातावरण, गतिलो पारिवारिक परिवेश, राम्रो संस्कार, उपयुक्त संगत जस्ता कारणबाट कुनै पनि व्यक्तिलाई सच्चरित्रवान् तुल्याउन सकिन्छ भन्ने कुरा स्पष्ट गर्दछन् । गतिलो गुरुकुलबाट दीक्षित शिष्य कहिल्यै अगतिलो हुन सक्तैन भनिन्छ । सामान्यतया अक्सफोर्ड वा हरभर्ड विश्व विद्यालयमा पढेको विद्यार्थी योग्य हुन्छ भनिन्छ । उत्तम संस्था तथा उत्तम गुरुबाट पाइएको शिक्षाले उत्तम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्र बनाउँछ भन्न खोज्नु नै यस्तो कथनको उद्देश्य हो । अचेल राजनीतिक संस्कार न भएका व्यक्तिको हातमा शासन परेकोले अनेक प्रकारका विसंगति मौलाएका कुरा गरिन्छ । यस्तो भनाइले पनि सच्चरित्रकै अपेक्षा गरेको हो । जतिसुकै गरिबी र अभाव भोग्नु परे पनि चरित्र बचाइएको छ भने धनी नै भइन्छ । चरित्रवान् व्यक्तिको शिर सदा ठाडो हुन्छ । उसले कसैका अगाडि शिर निहुराउनु पर्दैन । ऊ जोसित पनि आँखामा आँखा जुधाएर स्पष्ट कुरा गर्न सक्तछ । उसको व्यक्तित्वका सामु सबै जना नतमस्तक हुन्छन् । ऊ कुनै पदमा रहे वा न रहे पनि उसले पाउने मान मर्यादा कसैको भन्दा कम हुँदैन । यी सबै कारणबाट उच्च जीवन भनेको उच्च चरित्र हो र चरित्र भएकै व्यक्तिको जीवन नै साँचो अर्थमा जीवन हो ।

सामान्य अर्थमा धन भनिने भौतिक सम्पत्ति आर्जन गर्न सबैले चाहन्छन् । ठुला ठुला ऋषि, सन्त, तपसी, ज्ञानी, मण्डलेश्वर, शंकराचार्यहरूले पनि सुविधा सम्पन्न आश्रम निर्माण गरेका हुन्छन् । अथाह धन तिनले संग्रह पनि गरेको देखिन्छ । त्यत्तिसम्म त ठिकै छ । जीवनलाई सुविधामा राख्नु गलत होइन, पाप होइन । सकेसम्म सरल र सुविधायुक्त तरिकाले बाँच्न सकिन्छ भने जानी जानी दुःख भोग्नु उचित पनि होइन तर जसरी पनि धन कमाउने र धनकै लागि हदैसम्मको तल्लो तहमा ओर्लने काम गर्नु चाहिँ राम्रो होइन । त्यस्तो गर्नु पाप पनि हो । धनसँगै मतिभ्रम, विलास, भोग, विषयासक्ति, तृष्णा, लोभ, ईर्ष्या, कपटाचार, लालसा, पाप लगायतका यावत् दुष्प्रवृत्तिले सहयात्रा गर्दछन् । धनलाई स्वागत गर्दा त्यस प्रकारका तत्त्वले पनि ससम्मान प्रवेश पाउने र स्वागत, मान्यता, श्रद्धा, स्वीकृति तथा समर्थन पाउने हुँदा बुद्धिमानीहरू तिजबाट बच्न धनलाई नै बहिष्कार गर्दछन् । वास्तवमा धन बहिष्कृत हुनु पर्ने विषय होइन तर त्यसले गर्ने संगतका सञ्जालबाट बच्न त्यसलाई ज्ञानीहरूले त्याज्य भनेका हुन् । धन भएर पनि चरित्र बचाउन सकिएको छ भने त्यस्तो धन ग्राह्य हुन्छ । धर्मपूर्वक आर्जन गरिएको चोखो धनले हानि पुऱ्याउँदैन । सत्कार्यमा खर्च गर्नु पर्ने र फजुल खर्च हुन न दिएर बचाउनु पर्ने धन पनि त्यो हो । त्यस्तो धनले चरित्र पनि बिग्रँदैन ।

व्यक्तिमा रहेको ज्ञान, विद्या, सिप, शक्ति, महत्ता, वैशिष्ट्य जस्ता सत् पक्ष जाँच्ने प्रमुख आधार चरित्र नै हो । ज्ञान, ध्यान, त्याग, तपस्या, अध्ययन, अनुसन्धान, अनुभव, विचार, व्याख्या, विश्लेषण, प्रतिभा, पद, प्रतिष्ठा जस्ता कुरामा उच्च मानिने व्यक्ति आचार व्यवहारमा कमजोर भएमा सम्पूर्ण हिराबबाट कमजोर ठहरिन्छ । चरित्र नै समाप्त भयो भने गुणवत्ताको मापन गर्ने ढकले व्यक्तिको उँचाइ शून्यमा झरेको देखाउँछ । सर्वोत्कृट मानिने व्यक्ति गुण, आचारविचार तथा आहारविहार सबै कुरामा सर्वोत्कृष्ट हुनु पर्दछ भन्दै चरित्रको महत्त्व सधैं सर्वोपरि रहेको कुरा शास्त्रले बताएको छ । सात्त्विक गुणले युक्त, भगवान्का परम भक्त, सदाचारी, आदर्श र अनुकरणीय आचारविचार तथा आहारविहार भएका व्यक्ति नै साधु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त, महात्मा हुन् । त्यस्ता व्यक्ति जुनसुकै आश्रम, वर्ण, उमेर, लिङ्ग, समाज, समुदाय, धर्म, सम्प्रदाय, व्यवसायमा पनि हुन सक्तछन् । साधु, सन्त, महात्मा बन्नका लागि गेरुवा वस्त्र धारण गर्नै पर्ने र त्यस्तो वस्त्र धारण गर्दैमा साधु, सन्त, महात्मा भइने कुरा सत्य होइन । यद्यपि वस्त्रका आधारमा पनि सतही रूपबाट साधु, सन्त, महात्माको परिचय प्राप्त हुन सक्तछ । गृहस्थ पनि महात्मा हुन्छन् । वाल्मीकि, वसिष्ठ लगायतका अनेकौं ऋषिहरू गृहस्थ थिए । टीका, डामिएको र खरानी घसेको शरीर, चिरिएका कान, गृह त्याग, कमण्डलु र त्रिशूल धारण जस्ता कुराबाट मात्र साधु, सन्त, महात्माको पहिचान हुन सक्तैन । ज्ञानसित लुगा, घर, पेसा, जातको सम्बन्ध हुंदैन ।

भौतिक शिक्षाले सुख दिन सक्तैन । प्रारम्भदेखि नै चारित्रिक समुत्थान हुने, ईश्वरमा आस्था जगाउने, नैतिक मूल्य र मान्यतालाई प्रोत्साहन दिने, धर्ममा निष्ठा उत्पन्न गराउने, राम, कृष्ण, बुद्ध आदि महापुरुषका जीवनी र चरित्रको आध्यात्मिक रूपले व्याख्या गर्ने खालको पढाइ हुनु पर्दछ । सबै तहमा त्यस्तो किसिमको ज्ञान दिने शिक्षक नैतिक, धार्मिक, आध्यात्मिक, दार्शनिक, चिन्तक र अनुभवी हुनु पर्दछ । जीवनमा आध्यात्मिक र आन्तरिक सुख दिने दिलाउने शिक्षाको व्यवस्था गर्ने हो भने आध्यात्मिक र जीवनोपयोगी पुस्तक पढ्ने पढाउने गर्नुको विकल्प छैन । आजको जड भौतिकवादी शिक्षाले आध्यात्मिक ज्ञान दिन सक्तैन र शाश्वत शान्ति पनि दिन सक्तैन । यस्तो पाठ्यक्रम तल्लो तहदेखि नै निर्दिष्ट हुनु पर्दछ । नैतिक, चरित्रवान्, धार्मिक, दार्शनिक, अनुभवी, श्रद्धेय व्यक्तिबाट लेखिएका र सम्पादन गरिएका नैतिक, धार्मिक, चारित्रिक समुत्थान गर्ने खालका कविता, जीवनी, कथा, निबन्ध, नाटक, प्रविधि आदि विविध विधाका सामग्री रोचक ढङ्गले प्रस्तुत गरेका सचित्र पुस्तकहरू प्रकाशित गर्नु पर्दछ । जो पायो त्यस व्यक्तिले लेखेका पुस्तक जसले पायो त्यसले पढाएर विद्यार्थीलाई नैतिक र चारित्रिक दृष्टिले शक्तिशाली बनाउन सकिँदैन । त्यसैले पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक र वातावरण आदिको उपयुक्त व्यवस्था भएमा मात्र नैतिक बल भएका र चारित्रिक उज्ज्वल छविले सम्पन्न जन शक्ति तयार गर्न सकिन्छ । परिवार, समाज र राष्ट्रको कल्याण त्यस्तै योग्य जन शक्तिबाट सम्भव हुन्छ । आज सबैको कल्याण गर्ने शिक्षाको आवश्यकता छ । विध्वंसकारी प्रविधिबाट पनि मान्छे वाक्क भई सकेको छ । कुशिक्षाकै परिणामबाट आज जताततै रक्तपात, विध्वंस, आतङ्क, बलात्कार, डकैती, मारकाट, बम विस्फोट, अपहरण, हत्या, हिंसाका घटना दिनका दिन मात्र न भएर छिनका छिन सुनिन र देखिन थालेका छन् । त्यसैले अबका शिक्षाविद्हरूले नैतिक, चारित्रिक र आध्यात्मिक शिक्षाको पनि व्यवस्था गर्नु जरुरी छ ।

सन्न्यासी बन्नका लागि घर छोड्नु पर्ने, पारिवारिक नाता वा सम्बन्ध तोड्नु पर्ने, गेरुवा लुगाको जोहो गर्नु पर्ने, भिक्षाटन गरेर गुजारा चलाउनु पर्ने कुरा आवश्यक सर्त होइनन् । घरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै बसेर सन्न्यस्त जीवन आनन्दसँग, बिताउन सकिन्छ । घरमै बसे पनि सांसारिक मायामोह र जन्जालमा न टाँसिएर अनासक्त भई न बस्ने भएर बस्ने, न खाने भएर खाने, न गर्ने बनेर गर्ने र अकर्ता बन्ने हो भने सन्न्यस्त जीवन बिताउन सकिन्छ । मनबाट र गृह त्यागबाट हुने दुई प्रकारका सन्न्यासमा गृहस्थले लिन सक्ने र उच्च तहको मानिने सन्न्यास मनको सन्न्यास हो ।सुविधायुक्त आश्रम जोड्ने, चेलाचेली जोड्ने र सांसारिक बन्धनमा झनै जेलिने काम गर्नेले सन्न्यास लिएको अर्थ हुँदैन । सन्न्यास त अध्यात्म साधनाका लागि लिनु पर्ने हो भने यो काम गृहस्थ जीवनमा रहेर पनि गर्न सकिन्छ । वसिष्ठ, विश्वामित्र, याज्ञवल्क्य, भारद्वाज, वाल्मीकि, वेदव्यास, पराशर आदि ऋषिहरूले गृहस्थ जीवनमा रहेरै ब्रह्म साक्षात्कार गरेका थिए । चलाउन जान्यो भने गृहस्थलाई आध्यात्मिक साधनामा बाधा पुग्दैन र जानेन भने सन्न्यासीलाई पनि संसारले अल्मल्याई दिन्छ । अनासक्त कर्म योग गर्न सकिएमा गृहस्थ जीवनले अध्यात्म साधनालाई सहयोग गर्दछ । गृहस्थमा बसेर खेतीपाती, बन्दव्यापार, उद्योगधन्दा, जागिर, सेवा, राजनीति आदि जे गरे पनि भित्री मनमा श्रद्धा, भक्ति, विश्वासका साथ परब्रह्म परमात्मालाई विराजमान गर्न सकियो भने घर भगवान्को मन्दिर बन्दछ र गरिएका घरायसी र व्यावसायिक काम परमात्माका पूजा बन्दछन् । यसरी गृहस्थ जीवनलाई अध्यात्मका लागि उपयोगी र सहयोगी बनाउन सकिन्छ । त्यस्ता गृहस्थ वन्दनीय, आदरणीय र अनुकरणीय हुन्छन् । तिनको जीवन धन्य बन्दछ । ती बाँचेको धरती पवित्र हुन्छ । असल पति, असल पत्नी, असल पुत्र, असल बुहारी, असल नागरिक, असल मन्त्री, असल सचिव, असल न्यायाधीश, असल प्रहरी, असल व्यापारी, असल उद्योगपति बन्नका लागि असल भगवद्भक्त र असल अध्यात्म साधक बन्नु पर्दछ ।

सच्चा साधु, सन्त, महात्मा शुद्धात्मा हुन्छन् । तिनले अध्यात्म साधनाबाट आफ्नो र समाज सेवाबाट लोकको कल्याण गर्दछन् । सदा आदरणीय त्यस्ता व्यक्तिका त्याग, तपस्या, परोपकार, ध्यान, ज्ञान, अनवरत साधना आदि व्यवहारबाट सिकेर जीवन धन्य बनाउन सक्नु पर्दछ । सन्न्यासी, साधु, महात्मा दृष्टान्त र अनुकरणीय व्यक्ति हुन् । तिनले तपोमय, त्यागमय, ज्ञानमय जीवन बिताएर धरतीमा आदर्श चरित्रको संस्थापन गरेका हुन्छन् । समाजको समुत्थानका लागि पाठशाला, गौशाला, धर्मशाला निर्माण गर्ने काम सन्न्यासीहरूले गरेका छन् ।

सदाचार न भएको व्यक्तिले जति नै गहन अध्ययन गरेको वा गम्भीर ज्ञान आर्जन गरेको भए पनि त्यस्तो अध्ययन र ज्ञानको कुनै मूल्य हुँदैन । त्यसैले आचारहीनं न पुनन्ति वेदाः अर्थात् आचरण राम्रो न भएको व्यक्तिलाई वेदले पनि पवित्र गर्न सक्तैनन् भनिएको छ । चरित्र भनेको धन र धन्यका साथै सर्वस्व नै हो । *Wealth is lost nothing is lost. Health is lost some thing is lost. Character is lost every thing is lost.* अर्थात् धन हरायो भने केही पनि हराएको छैन भन्ने ठान्नू, स्वस्थता रायो भन्ने अलिकति केही हरायो भन्ने ठान्नू र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्र हरायो भने सर्वस्व हरायो भन्ने ठान्नू भन्ने उक्तिका साथै *अधमाः धनमिच्छन्ति धनं मानं च मध्यमाः उत्तमाः मानमिच्छन्ति मानो हि महतां धनम्* अर्थात् तल्लो तहका व्यक्तिहरू धन चाहन्छन्, मध्यम स्तरमा व्यक्तिहरू धन र मान दुवै चाहन्छन् तर उच्च स्तरका व्यक्तिहरू भने मान मात्र चाहन्छन् । वास्तवमा मान नै सबैभन्दा उत्तम धन हो भन्ने अनेकौं उक्तिले पनि यही कुरा बताउँछन् । चरित्रभन्दा पवित्र तत्त्व ब्रह्माण्डमा अर्को कुनै छैन । महान् ब्रह्माण्डभन्दा मानव पिण्ड उच्च, विशाल र पवित्र हुनको कारण पनि चरित्र नै हो । सत्कर्मबाट संज्ञान प्राप्त गरी भक्तिपूर्वक सद्ज्ञानको प्रकाशमा सत्कर्म गर्नु नै सच्चरित्रता हो । चरित्र बलबाट नै महान् बन्न सकिन्छ । शंख भनेको गति, चक्र भनेको काल, गदा भनेको क्रिया,कर्म र पद्म भनेको चेतना हो । यी चार तत्त्वलाई ब्रह्मका कला भनिन्छ । यी चार वटै कला बुझ्न सक्ने व्यक्तिले चतुर्भुज नारायणको अन्तर्दर्शन प्राप्त गर्दछ ।

नदी पवित्र जल तथा स्नानका लागि हो बिषालु पानी र डुब्नका लागि होइन । त्यसो भए तापनि नदीमा स्नान गर्न चाहने व्यक्तिले पौड्न जान्नु पर्दछ । यसै गरी व्यवहार सुख र शान्तिका लागि हो दुःख, अशान्ति, झन्झट, बोझ, पीडा, कष्ट, त्रासका लागि होइन । व्यवहार गर्ने व्यक्तिले सद्व्यवहार जान्नु पर्दछ । त्यस्तो व्यवहार शिक्षाबाट प्राप्त हुन्छ । ज्यादा पाकेको भात र ज्यादा पढेको व्यक्ति हानिकारक हुँदैन भन्ने उक्ति त्यत्तिकै चलेको होइन । सद्व्यवहारबाट शान्ति, सन्तोष, आत्मिक पवित्रता जस्ता कुरा प्राप्त हुन्छन् । सद्व्यवहार भनेकै सच्चरित्र हो । *सर्वमूलं चरित्रम्* अर्थात् सम्पूर्ण सद्व्यवहारका शक्तिहरूको मूल नै चरित्र हो । यसै क्रममा *योर्थे शुचिः स शुचिः न मृद्वारिशुचिः शुचिः* अर्थात् धनका मामिलामा जो पवित्र हुन्छ त्यो नै सही अर्थमा पवित्र हो पनि भनिएको छ । भन्नको तात्पर्य के हो भने अन्य व्यवहारभन्दा पनि आर्थिक व्यवहारको पवित्रता ज्यादा आवश्यक हुन्छ । विश्वका श्रमशील महापुरुषको चिन्तन, मनन र सुन्दर आचरणबाट जीवनमा प्राप्त गर्नु पर्ने आदर्शको उच्चतम बिन्दु भेटाउनमा मद्दत पुऱ्याउने काम चरित्रले नै गर्दछ । वेद, वेदाङ्ग, पुराण, दर्शन, धर्मशास्त्रहरूले परमोच्च दृष्टि, परम सिद्धि, ज्ञानीहरूको उपदेश, अनुभवको समष्टि सन्देश चरित्र नै हो । जीवनको उच्चतम प्राप्ति र सर्वस्व भनेको चरित्र हो तर यसलाई जोगाउन ज्यादै गारो पर्दछ र यो जोगिने बाटोमा हिंड्न सारै अप्ठेरो हुन्छ । ब्रह्मर्षि विश्वामित्रको चारित्रिक उँचाइ मेनकाको जालमा परेर समाप्त भए जस्तै यो ध्वस्त र नाश हुन केही समय लाग्दैन जब कि यसलाई उँचाइमा पुऱ्यांउन जीवनभरि तपस्या गर्नु पर्दछ । म अर्थात् स्व भनेको सर्वस्व र सर्वस्व भनेको चरित्र हो ।

कर्मेन्द्रियभन्दा ज्ञानेन्द्रिय, ज्ञानेन्द्रियभन्दा मन र बुद्धि, मन र बुद्धिभन्दा जीवात्मा, जीवात्माभन्दा तेजोमय चेतन श्रेष्ठ मानिन्छ । यो नै वीर्य, ओज, तेज अर्थात् ईश्वरीय तत्त्व हो । यसैलाई ज्ञानी, विवेकी, महापुरुषहरू चरित्र भन्दछन् । सत्य र आत्म जागरणको स्थिति यही हो । त्यसैले चरित्र प्राप्ति नै सर्वस्व प्राप्ति हो । ज्ञान, सत्सङ्कल्प, उदारता, क्षमा, सहनशीलता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नम्रता, परोपकार जस्ता सद्‌गुणको स्रोत चरित्र हो । शुक्ल यजुर्वेदमा भनिएको ***ॐ त्र्यायुषं जमदग्ने कश्यपस्य त्र्यायुषम् । यद्देवेषु त्र्यायुषं तन्नो अस्तु त्र्यायुषम्*** (शुक्ल यजुर्वेद वाजसनेयी माध्यन्दिन शाखा ३/६२) ।। अर्थात् ॐ महर्षि जमदग्नि, महर्षि कश्यप, प्रजापति इन्द्र आदि समस्त महात्माहरूको बाल्य कालदेखि वृद्धावस्थासम्मको जीवनमा प्राप्त भएको उपलब्धि तथा चारित्रिक वैशिष्ट्य तपाईं यजमानलाई पनि प्राप्त होओस् भन्ने उक्तिले पनि चरित्र शक्तिको कुरा स्पष्ट गरेको छ । शुक्ल यजुर्वेदकै ***ॐ भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः स्थिरैरङ्गैस्तुष्टुवा गुं सस्तनूभिर्व्यशेमहि देवहितं यदायुः*** (शुक्ल यजुर्वेद वाजसनेयी माध्यन्दिन शाखा २५/२१) ।। अर्थात् ॐ हे देवीदेवता, हामी कानले सुवचन सुनौं । हे यजमानका पालक देवगण, हामी आँखाले सुदृश्य देखौं । देवताहरूले स्थापना गरेको समुन्नत जीवन हामी प्राप्त गरौं । सुदृढ शारीरिक अवयव र सुसन्तानले युक्त भएर हामी समस्त देवगणको स्तुतिभक्ति गर्दै आयुको उपभोग गरौं र ***ॐ श्रीश्च ते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णन्निषाणामुं म इषाण सर्वलोकं म इषाण*** (शुक्ल यजुर्वेद वाजसनेयी माध्यन्दिन शाखा ३१/२२) । अर्थात् ॐ हे आदित्य, अहोरात्र साथमा रहने सम्पत्ति र सौन्दर्य पत्नी समान तपाईंका निकटतम तत्त्व हुन् । आकाशका तारागण तपाईंकै रूप हुन् । विशाल आकाश र पृथ्वी तपाईंको सुन्दर अनुहार जस्तै तपाईंका निकटस्थ तत्त्व हुन् । यति महान् तपाईं समक्ष कर्म फलको अभिलाषा राख्दै म के निवेदन गर्दछु भने तपाईं मेरो परलोक सुधार्ने चाहना राखी दिनु होस् र म मुक्ति प्राप्त गरूँ भन्ने मन्त्रको आशयले पनि चरित्रको स्वच्छता र उच्चताको अपेक्षा गरेका छन् ।

कतिपय व्यक्ति चरित्रवान् व्यक्ति कमजोर, सज्जन, निरभिमान, निरीह, विवश, अप्रतिकारी र निमुखा हुने भएकोले अपहेलित, उपेक्षित, मूल्यहीन र अप्रभावी हुन्छ भन्दछन् । साधारण व्यवहारमा यदाकदा यस्तो देखिए पनि यो कुरा सत्य भने होइन । सत्य के हो भने चरित्रवान् व्यक्ति सतही दृष्टि भएकाहरूका नजरमा कमजोर, सज्जन, निरभिमान, निरीह, विवश, अप्रतिकारी र निमुखा हुने भएकोले अपहेलित, उपेक्षित, मूल्यहीन र अप्रभावी देखिए पनि त्यस्तो व्यक्ति हेपिन त परै रहोस् त्यसका आँखामा आँखा जुधाएर हेर्न पनि न सकिने स्थितिको ज्यादै शक्तिशाली हुन्छ किनभने त्यस्ता व्यक्तिको हृदयको पवित्रताले मस्तिष्कलाई प्रभावित गरी शुभ कर्ममा संलग्न गराएको हुन्छ । शुभ कर्ममा लागेको व्यक्ति स्वभावतः शक्तिशाली हुन्छ । यसैले सारा बलहरूमा श्रेष्ठ बल चरित्र मानिन्छ । जुन व्यक्ति, परिवार, समाज, क्षेत्र, देशको चरित्र उच्च छैन त्यो कहिल्यै पनि शक्तिाली, उन्नत र विकसित हुन सक्तैन । कुनै पनि देशको महत्ता त्यहाँका जनताको चरित्रमा निर्भर गर्दछ । चरित्रको अभावमा राग, द्वेष, घृणा, असहनशीलता, वैमनस्य उत्पन्न हुन्छ । चरित्रको प्रस्फुटनबाट निस्कने ज्योति शारदीय चाँदनी जस्तै निर्मल, आकर्षक, शान्त र सुन्दर हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्रवान् व्यक्तिको बोलाइ र गराइमा भिन्नता हुँदैन । *मनस्येकं वचस्येकं कर्मण्येकं महात्मना मनस्यन्यत् वचस्यन्यत् कर्मण्यन्यत् दुरात्मना* अर्थात् महात्माको मनमा जे कुरा छ वचन र कर्ममा पनि त्यही कुरा हुन्छ भने दुष्टको चाहिँ मनमा एउटा, बोलीमा अर्को र कार्यमा बेग्लै कुरा हुन्छ भनिएको छ । महात्मा गान्धीले दुई पैसाको हिसाब न मिल्दा जीवनभरि इमान्दार भएर काम गरेकी आफ्नै पत्नी कस्तुरवा गान्धीलाई सभामा नै डाँटेका थिए । त्यस्तो फट्कारको आशय स्पष्ट गर्दै उनले के भनेका थिए भने प्रश्न दुई पैसाको होइन प्रश्न चरित्रको हो किनभने कहीं पनि चरित्रमा गडबडी भयो भने विश्वलाई नै सन्तुलनमा राख्ने शक्तिको सन्तुलन र संरचना नै खल्बलिन जान्छ । महात्मा गान्धीले नै शिक्षाको अन्तिम लक्ष्य चरित्र निर्माण हो भन्दै चरित्रवान् स्नातकहरू विश्वविद्यालयबाट उत्पन्न भएनन् भने सच्चरित्रताको खोजी अन्य ठाउँबाट गर्न ज्यादै गारो पर्दछ भनेका थिए ।। भन्नको तात्पर्य पढ्नु लेख्नु भनेको सच्चरित्रवान् बन्नु हो । *वित्तं यत्नेन संरक्षेत् वित्तमायाति याति च अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतो हतः* अर्थात् चरित्र बलियो छ भने निर्धन भए पनि नष्ट भइँदैन, धन त आउँछ जान्छ तर चरित्र कमजोर भयो भने व्यक्ति सम्पूर्ण हिसाबले नष्ट हुने भएकाले चरित्रको रक्षा यत्नपूर्वक गर्नु पर्दछ भनिएको छ ।

शास्त्रले बताएको, गुरुजनले देखाएको, नीतिले निर्देश गरेको, इतिहासले प्रमाणित गरेको र परम्पराले स्वीकृति दिएको बाटोमा हिंडने राष्ट्रभक्त, समाजसेवी, असामान्य प्रतिभाका धनी वा विशेष योग्यता प्राप्त गरेको व्यक्तिलाई राज्यले सम्मान, पुरस्कार, मर्यादा, पदवी, अलङ्कार, पगरी, कदर, उपाधि, राष्ट्रभक्त, समाजसेवी, असामान्य प्रतिभाका धनी वा विशेष योग्यता प्राप्त गरेका व्यक्तिलाई राज्यले सम्मान गर्दा

सामान्यतया पदप्रतिष्ठा, धनदौलत, मानसम्मान, पढाइलेखाइका उपाधि र पदवीअलङ्कार पाएका भरमा आफूलाई देवतैसरहको ठूलो ठानेर कसैसित बोल्न पनि गारो मा‍ैं र सानो काम गरिए पनि उपकारको पहाड उपस्थित गराएको ठान्ने किसिमको व्यवहार अबुझ वा मूर्खहरूले देखाउँछन् ।

एकपटक कालो वर्णको एकजना युवकले केही झुकेर अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनलाई अभिवादन गरेछन् । अब्राहम लिङ्कनले ती युवकले झुकेभन्दा निकै ज्यादा झुकेर अभिवादन फर्काएछन् । अहिले पनि काला र गोराका बीचको विभेद कायमै रहेको अवस्थामा निकै समयपहिले गोराले कालाप्रति गरेको शिष्टाचार र त्यसमा पनि राष्ट्रपतिजस्ता व्यक्तिबाट भएको व्यवहारले गोराहरूमा विप्लव मच्चियो । अब्राहम लिङ्कनलाई डाँटेर गोराहरूका प्रतिनिधिले काला युवकप्रति गरिएको प्रतिअभिवादनका बारेमा स्पष्टीकरण लिए । अब्राहम लिङ्कनले नम्र, शान्त र संयमित हुँदै दुनियाँमा सबैभन्दा बढी शिष्ट, विनीत र सभ्य भएको कुराको परिचय दिनका लागि आफूबाट त्यस्तो गरिएको कुरा बताए । कुनै पनि दर्शनले व्यक्तिव्यक्तिमा हुने व्यवहारमा अपहेलना र घृणालाई स्थान दिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन, बोध, आचरण र प्रचार गरी विद्याका चारवटा चरण हुने कुरा विद्वान्हरूले बताएका छन् । पढ्नुलेख्नु र विद्वान् हुनुको तात्पर्य यी चारवटै चरणको अनुपालन गर्नु हो । आफूले इज्जत र मानसम्मान चाहने हो भने अरूप्रति त्यस्तै व्यवहार गर्नु आवश्यक हुन्छ । अभिवादन र आदर गर्ने व्यक्तिलाई प्राप्त सम्मानभन्दा अधिक सम्मान र शालीन भाषाको प्रयोगबाट थप श्रद्धावान् बनाउन सकिन्छ ।

कतिपय व्याख्याताहरू यति ठुलो संसारमा एक जना व्यक्तिले के नै गर्न सक्तछ र भनेर व्यक्ति विशेषका सक्रियताले मात्र केही हुन नसक्ने कुरा निकै बल दिएर बताउँछन् । सामान्यतया त्यो कुरा ठिक पनि हो तर गहिरिएर सोच्ने हो भने आजसम्म दुनियाँमा राम्रा वा नराम्रा जति पनि हलचल भएका छन् ती सबै एक जना व्यक्तिकै कारणबाट भएका देखिन्छन् । राम, कृष्ण, गौतम बुद्ध, जिसस क्राइस्ट, मोहम्मद, महावीर, नेपोलियन, अब्राहम लिङ्कन, मार्क्स, लेनिन, हिटलर, महात्मा गान्धी, हिटलर, रामकृष्ण, विवेकानन्द, मदर टेरेसा, इदी अमिन, नेल्सन मन्डेला, सुकी लगायतका जति पनि नाम राम्रा वा नराम्रा अर्थमा इतिहास प्रसिद्ध भएका छन् ती सबै व्यक्ति नै हुन् र तिनले संसारमा ठुला तरङ्ग ल्याएकै हुन् । परिवार, समाज र देश बन्ने पनि व्यक्तिबाट र बिग्रने पनि व्यक्तिबाटै हो ।

निद्रा, आलस्य, प्रमादमा फसेर समय खेर फाल्नेहरू सम्मान प्राप्तिबाट विमुख हुन्छन् र आफूलाई समयले ठगेको, भाग्यले साथ न दिएको कुरा गर्दछन् । वास्तवमा समयको सदुपयोग गर्न न जानेर आफ्नै कारणले त्यसो भएको कुरा तिनले बुझ्दैनन् । घडीले बारम्बार यस कुराप्रति संकेत गरेको आशय प्रकट गर्दै एक जना कवि यसो भन्दछन् :

टिक टिक टिक गर्दै भन्छ बेला बताई ।
समय न गर ऐले व्यर्थमा नष्ट भाइ ।।
समय यदि गरौला व्यर्थमा नष्ट ऐले ।
दिइ धन पछि फेरि पाइने छैन कैले ।।

बाण भट्टले *कादम्बरी*मा शुकनासोपदेशको प्रसङ्ग प्रस्तुत गर्दै उल्लेख गरेका कुरा यस सन्दर्भमा ज्यादै उपयोगी देखिन्छन् । उच्च पदमा बसेका, धनी, मानी, शक्तिसम्पन्न, शासनाधिकारी र सामान्यभन्दा अलि बढी प्रतिभा भएका केही व्यक्तिमा आफू बराबर ठूलो कोही छैन भन्ने भ्रम उत्पन्न भई मात्सर्यको भाव बढ्ने, कसैसित बोलेमा वा भेटेमा अथवा सम्पर्क गरेमा उपकार गरेको ठान्ने जस्ता आनीबानीको विकास हुने र त्यस्तो भ्रमका कारणबाट नै सो व्यक्ति सम्पूर्ण अर्थमा मान्छे हुनुको परिभाषामा पनि नरहने अवस्था आउने कुरा बाण भट्टले बताएका छन् । यो पाठ उच्च ओहदामा बसेका वा बस्ने सबैका लागि पठनीय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा तारापीडका छोरा युवराज चन्द्रापीडलाई राज्य सत्ता सह्माल्ने व्यक्तिले जान्नु, बुझ्नु र ख्याल गर्नु पर्ने कुराका बारेमा सम्झाउँदै शुकनासले दिएका उपदेशलाई नै कादम्बरीमा **शुकनासोपदेश** भनिएको हो । यस प्रसङ्गमा युवराज चन्द्रापीडलाई नम्र, सभ्य, शिष्ट, संयमशील, अनुशासित, मर्यादित, दक्ष, सक्षम, योग्य र परिपक्व शासक बनाउनका लागि शुकनासबाट उपदेश दिन लगाइएको छ । त्यस क्रममा शुकनास युवराज चन्द्रापीडलाई निम्न लिखित कुरा भन्दछन् :

शास्त्रज्ञलाई ज्ञानगुनका कुरा त थाहा हुन्छ नै । तिनलाई धेरै भन्नु पर्दैन । आँ गर्नासाथ तिनीहरू अलङ्कार बुझ्दछन् । त्यसो हुँदाहुँदै पनि कतिपय अवस्थामा जानेका कुरा चाहिएका बेला सम्झनामा आउँदैनन् र सजिलैसित पार पाउन न सकिने संकटको सामना गर्नु पर्ने अवस्था आउँछ । त्यसैले भन्नै पर्ने केही कुरा सुनाउनु उपयुक्त हुन्छ ।

युवावस्थामा **जवानीका मद**को तातोपन, **सम्पन्नताको घमण्ड** र **अहङ्कार**को जुन अन्धकार व्याप्त हुन्छ त्यसलाई सूर्यको किरण, मणिको आभा र बत्तीको प्रकाशले पनि हटाउन न सक्ने हुंदा त्यस बखतको जोसमा होस पुऱ्याउनु आवश्यक हुन्छ ।

धन सम्पत्तिको मद व्यक्तिको व्यक्तित्व समाप्त गर्ने अर्को तत्त्व हो । सम्पत्ति भएका बखत बुद्धि ठेगानमा भएन भने व्यक्ति अन्धो बन्दछ र कति बेला सम्पत्ति समाप्त भई हरिकङ्गालको स्थितिमा पुगियो भन्ने कुरा थाहा नै हुँदैन । सम्पत्ति सकिन्छ तर त्यसको मद सकिँदैन ।

भोग, विलास र विषय सुखबाट उत्पन्न हुने मोह जवानी र सम्पत्तिको मदभन्दा धेरै गुना बढी खतरनाक हुन्छ । शासन सत्तामा बस्नेहरूलाई यो कुरा सहज रूपमा उपलब्ध त हुन्छ तर जोगिन सकिएन भने यसले नै सत्ताधारीलाई खाई दिन्छ । यसको मैलो साबुन, माटो, स्याम्पू लगायतका सफा गर्ने सामग्रीको प्रयोगबाट जाँदैन । मनकै स्वच्छताबाट मात्र यसलाई पखाल्न सकिन्छ ।

राज्य सुखको अनुभव अर्को झनै चर्को नसा हो । यसबाट मुक्ति पाउन निकै गारो हुन्छ । कुर्सीमा बस्ने र राज्यका स्रोत साधन चलाएर हैकम जमाउने अवसर पाएपछि व्यक्ति त्यसबाट छुट्टिन कुनै हालतमा मान्दैन । संसारका महान् भनिने शासकहरू यस्तो लोभका कारण पतित बनेका उदाहरण धेरै छन् । जसरी हुन्छ सत्ता खोज्ने र सत्तामै टिकी रहने प्रवृत्तिको आधार पनि यही मद हो ।

इन्द्रिय सुख अर्थात् **सम्भोगेच्छा**ले पनि मान्छेलाई डुबाउँछ । विषय लम्पट हुन सक्ने अवस्था सत्तासीनहरूका लागि सरल तरिकाले आउँछ तर त्यसको प्रयोगमा होसियारी पुऱ्याउन सकिएन र त्यसमै लटपटियो भने डुब्नु र समाप्त हुनु निश्चित हुन्छ । उच्च पदमा बस्नेहरू सुखसयल पनि उच्च तहकै गर्दछन् । त्यसको आदी भयो भने कमाएको कीर्ति क्षणभरमै समाप्त हुन्छ । राज्य सत्तामा बस्नेहरूले यस कुरामा निकै होसियार हुनु पर्दछ । कामिनीहरूसितको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सान्निध्य इन्द्रिय सुखरूपी बत्ती बाल्ने प्रज्ज्वलनशील तेल हो । त्यसको प्रभाव निकै चमत्कारी हुन्छ । विषय सुखको वाहक यसले वैयक्तिक समुन्नतिमा बाधक बन्ने काम गर्दछ । यस्तो भुमरीमा फसेको व्यक्तिले राम्रा कुरा सिकाउने, उचित सल्लाह दिने, संकटावस्थाबाट जोगाउने सहयोगी र मित्रलाई दुश्मन ठान्दछ । कामदेवको क्रोधका कारण क्षेपण गरिएको बाण लागेर बेहोस भएको स्थितिमा मनले बुद्धिलाई राम्रो कुरा आफूभित्र पस्नै न दिने बनाएको हुन्छ । यस्तो अवस्थामा गुरु तथा मान्य जनले दिएका उपदेश सम्झेर सही उपायको अवलम्बन गर्नु बुद्धिमानी हुन्छ ।

अहङ्कारको मद उच्च पदमा बस्नेहरूलाई बेहोस बनाउने अर्को विष हो । यसले सत्तासीनहरूका कानका प्वाल बन्द गरी दिन्छ । त्यसैले सही सल्लाह, उचित सुझाव, कल्याणकारी मार्ग दर्शनका कुरा यस्ता व्यक्ति सुन्दैनन् । त्यस्तो कुरा सुनाउनेहरू तिनका दुश्मन बन्दछन् । सूर्य, चन्द्रमा, नदी, वनस्पति, हावा, धर्ती, पहाड, ग्रह, नक्षत्र, अग्नि जस्ता लोककल्याणकारी अनेकौं तत्त्वले कहिल्यै आफूलाई कुलीन, महान्, परोपकारी, त्यागी, गुणी जस्ता विशेषणले युक्त न भन्ने र लगातार लोक कल्याणका कार्यमा लागी रहने घटना आँखा अगाडि सधैंभरि देख्दा देख्दै पनि उच्च पदमा बस्ने धेरैजसो व्यक्तिहरू अहङ्कारकै कारण आफू जस्तो जान्ने, बुझ्ने, सही काम गर्ने, ज्ञानी, पारखी, विवेकी, उपकारी, सहृदयी, महान्, कुलीन, सहयोगी र शक्तिशाली व्यक्ति संसारमा अर्को कोही न भएको ठान्दछन् । तिनका कुरा काट्ने र विचारमा विमति राख्ने व्यक्तिलाई तिनले सकेसम्म जिउँदै पुर्ने कोसिस गर्दछन् ।

राज्य लक्ष्मी पाएर धन, पद, अवसर, शक्ति र सुविधाको सदुपयोग तथा लोक हित गर्ने सोच सत्ताधारीका मनमा सामान्यतया उत्पन्न हुँदैन । बरु ढिलासुस्ती, आलस्य, उदासीनता, लापर्बाही जस्ता दुर्गुणको वृद्धि हुन्छ । लाटोकोसेरोलाई वाहन बनाउने लक्ष्मीमा अस्थिरता, चञ्चलता, मोहन शक्ति, मादकता, निष्ठुरता लगायतका अनेकौं गलत प्रवृत्तिको बास हुन्छ । त्यसैले सामान्य व्यक्तिहरू लक्ष्मी अर्थात् धन प्राप्त भयो भनेर खुसी हुन्छन् भने ज्ञानी र विवेकीहरू चाहिँ त्यसका साथ स्वाभाविक रूपले आउने अनेकौं विकृतिबाट बच्ने प्रयास गर्दछन् । धनलक्ष्मीले कहिल्यै राम्रो, न राम्रो, गर्न हुने र गर्न नहुने कुराको विभेद गर्दिनन् र कुत्सित व्यक्तिलाई मन पराउँछिन् । मन अपहरण गर्नु, व्यक्तिलाई सद्‌विचारले शून्य बनाउनु, आफ्ना बिरानाको ख्यालबाट टाढा राख्नु र धर्म, कर्म तथा नैतिक दायित्वबाट च्युत गराउनु धनलक्ष्मीको काम हो । राज्य सत्तामा बस्नेहरूलाई यिनले झनै ज्यादा गाँज्दछिन् । यिनका चङ्गुलबाट बच्न सारै गारो हुन्छ ।

आसेपासे, जुवाडे, विलासी, विप्लवी, चोर, डाँका, बलात्कारी, वेश्या, परस्त्रीगामी, सिकारी, मदिराका पोखरीमा डुबी रहने व्यक्ति, लापर्बाह, क्रूर, अन्यायी, पत्नीत्यागी, अपराधी, हत्यारा, हिंसक, स्वेच्छाचारी, पक्षपाती, अविवेकीहरूको संगतमा समय यापन गर्ने भए पनि शक्तिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् विष्णुसित, मायामा आद्या भगवतीसित र पदमा भगवान् शङ्करसित आफ्नो तुलना गर्ने बानी शासकहरूको हुन्छ । अज्ञान, अविवेक, मूर्खता र विचारशून्य अवस्था भनेको पनि यही स्थिति हो । यस्ता व्यक्तिहरू कसैलाई भेट दिनु भनेको अनुग्रह गर्नु, दृष्टिपात गर्नु भनेको उपकार गर्नु, कुरा गर्नु भनेको द्रव्य दान गर्नु र छुनु भनेको पवित्र तुल्याउनु ठान्दछन् ।

ईश्वर न मान्नु, मान्य जनको अपहेलना गर्नु, अभिवादन गर्नु पर्ने व्यक्तिको उपेक्षा गर्नु, विद्योपार्जनलाई पाप कर्म ठान्नु, केही नजान्ने भएर पनि आफूलाई सर्वज्ञ सम्झनु, हित वचन बोल्नेसित द्रोह गर्नु र कर्तव्य पालनको बाटो छोडेर दिनरात हात जोडी होमा हो मिलाउने चापलुसहरूको झुटो प्रशंसा सुन्नमा समय बिताउनु सत्ताधारीहरूको बानी हुन्छ । ज्ञानवान् सत्तासीनहरू यस प्रकारका विकारबाट सर्वथा मुक्त हुने प्रयत्न गर्दछन् र गलत प्रवृत्तिका व्यक्तिको संगतबाट टाढा रहन रुचाउँछन् ।

असली शासक वा सत्ताधारी व्यक्ति त्यस्तो हुन्छ जसलाई लक्ष्मीले मोहित गर्न, अहंकारले च्याप्न, कामदेवले उन्मत्त पार्न, मायामोहका जन्जालले फसाउन, सुखले मताउन, दुःखले अत्याउन, संकटले विचलित तुल्याउन र सुविधाले ऐश्वर्यको अनुभूति दिलाउन सक्तैन । त्यस्ता शासक नै सही अर्थमा शासक, धीर, वीर, साहसी, विवेचक, विवेकी, ज्ञानी, मानी, बुद्धिमान्, विद्वान्, ध्यानी, महान्, क्षमाशील, कुलीन, उदार, उद्यमी, सहृदयी, जनप्रेमी, त्यागी, सहयोगी र सहनशील मानिन्छन् । त्यस्ता शासकको सेवाबाट मात्र देश र जनताको कल्याण हुन्छ । त्यसो भए तापनि शासनसत्ताका सुख, सुविधा, शक्ति, सामर्थ्य, ऐस, आराम पाएका व्यक्तिमा यस प्रकारका गुण हुनु चाहिँ दुर्लभ नै हुन्छ किनभने दुराचारिणी राज्य लक्ष्मीको संगत पाएर सामान्यतया जो कोही पनि वशीभूत भई हाल्दछ । सत्तासीनको कर्तव्य आफ्ना सुखसुविधाको उपेक्षा गरेर राज्य र जनताको सेवा इमान्दारी पूर्वक गर्नु हो । लोभ, मोह, मद, मात्सर्य जस्ता शत्रु मानिने क्रियाकलाप हुन न दिनु अर्थात् शत्रुको शिर उठ्न नदिनु र सत्कार्य तथा सत्प्रवृत्ति अर्थात् मित्रको शिर झुक्न न दिनु नै सच्चा शासकको कर्तव्य हो ।

चुनाव जितेर निर्वाचित हुंदा, पदोन्नति हुंदा, लाभको पद पाउंदा, गण्य मान्य ओहदा प्राप्त हुंदा, दुई चार जनाबाट घेरिएर चर्चित बन्ने अवसर मिल्दा जे हुँ मै हुँ भन्ने ठान्ने र अरूहरूलाई भुसुना बराबर पनि नमान्ने मूढहरू समाजमा पर्याप्त मात्रामा पाइन्छन् ।

समयको सदुपयोग लगातार न गरी अहिले नै काम गरेर अहिले नै फल पाइने सम्भावनाको अपेक्षा गरी भरे, भोलि, पर्सि वा पछि गरौंला भनी काममा वा कर्तव्यमा आलटाल गर्नेलाई फल प्राप्तिमा पनि आलटाल नै हुन्छ । यो कुरा सबैले बुझ्नु जरुरी छ । कञ्चन चरित्र निर्माण गर्न चाहने व्यक्तिले निम्न लिखित कुरा व्यवहारमा निरन्तर कायम गर्नु पर्दछ भन्ने विचार अनुभवी, परिपक्व, ज्ञानी, शास्त्रवेत्ता र पारखीहरू व्यक्त गर्दछन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. सकारात्मक सोच ।
२. शुद्ध भावना ।
३. सत्यानुसन्धान तथा सत्याचरण ।
४. अध्यात्म चिन्तन ।
५. परब्रह्मको ज्ञान ।
६. ॐकारको अनुष्ठान ।
७. योग कर्म ।
७. सत्साहित्यको अध्ययन ।
९. धारणा, ध्यान, समाधिको निरन्तर अभ्यास ।
१०. सत्सङ्ग ।
११. सदाचारका समस्त नियमको परिपालन ।
१२. चित्त शुद्धि, अन्तःशुद्धि र बाह्य शुद्धि ।
१३. सात्त्विक आहार तथा शुद्ध विहार ।
१४. शिक्षा, दीक्षा तथा मातापिता तथा गुरु सकेतका मान्य जनको आशीर्वादको निरन्तरता ।
१५. योग अर्थात् सत्य, अहिंसा, ब्रह्मचर्य, अपरिग्रह (विशुद्धदेव, २०६० : ३१६) ।

यस अध्यायमा प्रा. रिसालका साधना, जीवन व्यवहार र चिन्तनको चर्चा गर्दै यिनले सर्वोपरि महत्त्व दिएको वेदान्त दर्शनको परिचय प्रस्तुत गरिएको छ । त्यस क्रममा वेदान्त दर्शनको निर्माणको पृष्ठभूमि केलाएर वेदान्त शब्दको संरचना र अर्थ, वेदान्तका विविध नाम, प्रमुख सूत्र, प्रयोजन, प्रकृति, इतिहास, व्याख्याता तथा तिनका भाष्यको उल्लेख गरिएको छ । त्यसपछि प्रा. रिसालको जीवनानुभूति प्रस्तुत गर्दै यिनका प्रकृति सम्बन्धी अनुभूति, आध्यात्मिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, वैचारिक, प्राज्ञिक, शैक्षिक, भाषिक, साहित्यिक र आर्थिक अनुभूतिका कुरा पेस गरिएको छ । अन्त्यमा यिनका सम्पूर्ण अनुभूतिले दिन खोजेको सन्देश राखिएको छ । प्रा. रिसालले गरेका कामका मूलभूत मान्यता र तिनले दिन खोजेको महत्त्वपूर्ण जानकारीका बुँदाहरूको अध्याय यो हो । यसलाई यिनका योगदानको सारभूत अध्याय पनि भन्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं अध्याय

उपसंहार, निष्कर्ष, प्राप्ति र सन्देश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं अध्याय

उपसंहार, निष्कर्ष, प्राप्ति र सन्देश

यस अध्यायमा प्रस्तुत कृतिका अघिल्ला अध्यायहरूमा दिइएका सामग्रीको **उपसंहार**, गरिएको अध्ययनबाट प्राप्त भएको **निष्कर्ष**, **प्राप्ति** तथा **सन्देश**का कुरा क्रमशः राखिएको छ ।

८.१ उपसंहार

प्रा. शिवगोपाल रिसालको प्रतिभा तथा सिर्जना शक्तिले निर्माण गरेका विविध कार्यको परिचय यस पुस्तकमा दिइएको छ । विभिन्न अध्यायमा राखिएका त्यस प्रकारका सामग्रीमा पाइएका सार तत्त्वको प्रस्तुति यहाँ संक्षिप्त तरिकाले पेस गरिएको छ । आठ वटा अध्यायमा विभाजित प्रस्तुत कृतिमा हालसम्म प्रकाशमा आएका प्रा. रिसालका पुस्तकाकार कृति, विभिन्न पत्रपत्रिकामा छापिएका लेख, रचना, कविता, निबन्ध, समीक्षा लगायतका फुटकर रचना सशितका सिर्जनात्मक कार्यको परिचय र विवेचना गरिएको छ ।

८.२ निष्कर्ष

यस अंशमा प्रा. शिवगोपाल रिसालको प्रतिभा तथा सिर्जनात्मक ऊर्जाबाट प्रकाशमा आएका विविध रचनात्मक पक्षको अध्ययनले अवगत गराएका कुराको सारांश अध्यायगत निष्कर्ष शीर्षकमा रहेर प्रस्तुत गरिएको छ ।

८.२.१ पहिलो अध्यायको निष्कर्ष

पहिलो अध्यायमा प्रा. शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र कृतित्वमाथि प्रकाश पारिएको छ । त्यस क्रममा जन्म र जन्म स्थान, व्यक्तित्व निर्माणमा आधारभूत पक्ष मानिने अनुवंश, पारिवारिक परिवेश, शिक्षादीक्षा, वातावरण, प्रतिभा, जिज्ञासा, सान्निध्य र संगत, प्रेरणा, अभिरुचि, लगन र साधना, व्यवसाय तथा सेवा, सहभागिता, कृतित्व, विदेश भ्रमण, समाज सेवा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानवीय मूल्य र मान्यताको संरक्षण, धर्मोपदेश, रचना र प्रकाशन, पुरस्कार तथा मान पदवी जस्ता कुराले निर्माण गरेको समष्टि व्यक्तित्वको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा विभिन्न व्यक्तिले यिनको परिचय तथा योगदानका बारेमा गरेका अध्ययन अनुसन्धानको चर्चा पनि गरिएको छ । प्रा. रिसालको व्यक्तित्वको चिनारी खण्डका रूपमा यो अध्याय रहेको छ ।

८.२.२ दोस्रो अध्यायको निष्कर्ष

सामान्य रूपमा हेर्दा कुनै पनि व्यक्ति एक्लो जस्तो देखिन्छ । यथार्थमा त्यस्तो देखिनु भनेको त्यस व्यक्तिभित्र जमेर बसेका आनुवंशिक परम्पराका पाटाप्रति ध्यान नदिई सतही रूपमा त्यसलाई हेरिएको अवस्थाको प्रमाण हो । दुनियाँमा देखा पर्ने प्रत्येक मान्छेलाई सही रूपमा चिन्न त्यसले देखे भोगेको परिवार तथा समाजको गम्भीर अध्ययन गर्नका साथै त्यसका पुर्खाहरूको इतिहास केलाउनु पर्ने हुन्छ । प्रा. रिसालमा रहेको सिर्जनशीलता, आध्यात्मिक चिन्तन, भगवद्भक्ति, व्याख्यान सामर्थ्य, काव्यात्मकता र परिवार, समाज तथा देशप्रतिको इमान्दारिताको मूल खोज्दै जाँदा पुगिएका ठाउँको परिचर्चा प्रस्तुत पुस्तकको दोस्रो अध्यायमा गरिएको छ । त्यस क्रममा पृष्ठभूमिको खोजी, यिनले पढ्नु पर्ने वैदिक साहित्यमा पाइने तत्त्वको खोजी, यिनको गोत्र परिवार तथा त्यसका प्रवर्तक ऋषि बारे जानकारी, यिनको कुलले गर्ने कुल र इष्ट देवताको उपासना सम्बन्धी मान्यताको अनुसन्धान, यिनको पारिवारिक धरातलको जानकारी, यिनले प्राप्त गरेको शिक्षादीक्षाले यिनमा पारेको प्रभावको अन्वेषण, यिनमा पाइने धार्मिक, सांस्कृतिक, सामाजिक प्रभावका कारणको गवेषणा, यिनले प्रकट गरेको सिर्जनशीलताका आधारहरूको खोजी र यिनका प्राप्ति तथा कमजोरीका कारणको तलास जस्ता काम गरिएका छन् । यिनको व्यक्तित्वमा पाइने विविध पक्षका कारणको स्रोत पत्ता लगाउने अध्याय यो हो ।

८.२.३ तेस्रो अध्यायको निष्कर्ष

प्रा. शिवगोपाल रिसालले नेपाली वाङ्मयका जति पनि विधामा कलम चलाएका छन् ती सबैको सैद्धान्तिक आधारको परिचय दिने काम प्रसतुत पुस्तकको तेस्रो अध्यायमा गरिएको छ । विधापरक, प्रभावपरक र शास्त्रीय समालोचनापरक मान्यताका कुरालाई अघि सार्दै पुरै यो कृति जीवनीपरक सिद्धान्तलाई महत्त्व दिएर लेखिएको हुनाले त्यस सिद्धान्तका आधारभूत पक्षमाथि चर्चा गर्ने काम पनि भएको छ । सम्बद्ध कृतिको समीक्षा बुझ्न र त्यसको परीक्षण गर्न सजिलो होओस् भन्ने विचारले पनि सैद्धान्तिक पक्षलाई स्वतन्त्र अध्याय निर्माण गरेर यस कृतिमा समावेश गरिएको हो । साहित्यिक समालोचनाका सन्दर्भमा गद्य र पद्य दुई प्रमुख साहित्यिक विधाको विभाजनमा सिद्धान्तका कुरा यसमा दिइएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्य साहित्यका रचनामा लघु आकारका रचना, मध्यम आकारका रचना र बृहत् आकारका रचना गरी तिन वटामा लघु आकारका रचनामा कविताको सिद्धान्त, गीतको सिद्धान्त, भजनको सिद्धान्त, कीर्तनको सिद्धान्त र आरतीको सिद्धान्त दिइएको छ भने मध्यम आकारका रचनामा खण्डकाव्यको सिद्धान्त र बृहत् आकारका रचनामा महाकाव्यको सिद्धान्त प्रस्तुत गरिएको छ ।

गद्य साहित्यका रचनामा निबन्ध, आलोचना, प्रवचन, कथा, सम्पादन र वंशावली गरी विभिन्न विधाको सैद्धान्तिक परिचय दिइएको छ । त्यस क्रममा निबन्धमा निबन्धको सिद्धान्त, प्रबन्धको सिद्धान्त, पत्र साहित्यको सिद्धान्त, गोष्ठी पत्रको सिद्धान्त, लेख रचनाको सिद्धान्त, यात्रा साहित्यको सिद्धान्त, नियात्राको सिद्धान्त, संस्मरणको सिद्धान्त र जीवनीको सिद्धान्त समावेश गरिएको छ भने आलोचनामा समालोचना, समीक्षा, टिप्पणी, पुस्तक परिचय र भूमिकाका सिद्धान्तहरू दिइएका छन् । यसै गरी प्रवचनको सिद्धान्त, कथाको सिद्धान्त, सम्पादनको सिद्धान्त र वंशावलीको सिद्धान्तका कुरा पनि यसमा राखिएका छन् । प्रा. रिसालले रचना र प्रयोग गरेका विधागत सिद्धान्तको परिचयमा आधृत अध्याय यो हो ।

८.२.४ चौथो अध्यायको निष्कर्ष

प्रा. रिसाल नेपाली साहित्यको इतिहासमा सदा स्थायी र विशिष्ट स्थान ओगट्न सफल हस्ताक्षर हुन् भन्ने कुरा यिनका कृतिले प्रमाणित गरी सकेका छन् । गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाउन सक्ने प्रतिभा यिनी देखिन्छन् । सिर्जना शक्ति ज्यादा मुखरित हुने विधा मानिने कविता र निबन्धमा यिनी तुलनात्मक रूपमा बढी सफल बनेका छन् । यिनलाई वेदान्त दर्शन अति नै मन परेको देखिन्छ । यिनका जुनसुकै रचनामा कुनै न कुनै दृष्टिले त्यस दर्शनको स्थान सुरक्षित रहेको पाइन्छ । त्यसैले यिनलाई मूलतः वेदान्ती भन्नु नै उचित हुन्छ । यिनको वेदान्त आकर्षण कवितामा ज्यादा प्रकट भएको छ ।

व्यवसायगत जिम्मेवारी तथा संस्थागत संलग्नताका कारण केही भिन्न विषयमा कलम चलाए पनि त्यतातिर यिनलाई सन्तोष प्राप्त भएको देखिँदैन । सिर्जनशील स्वभावको निरन्तरताले यिनलाई क्रमशः सशक्त दार्शनिक र निष्णात कविको आसन दिलाएको छ । यिनका *इस्ट एन्ड वेस्ट टुवार्ड्स म्युचुयल अन्डरस्ट्यान्डिङ, नेपाली भाषा र व्याकरण, नेपाली भाषाको पाठ्यक्रम, महेन्द्रमाला भाग-५, महेन्द्रमाला भाग-८, म को हुँ ?, दुर्गापूजा र बलिको रहस्य, श्रीराम-नाम, श्रीविष्णुसहस्रनामस्तोत्रम्, चर्पटपञ्जरिकास्तोत्रम्, श्रीखप्तडबाबा, अभेददर्शन, ब्रह्मजिज्ञासा, सुख कहाँ छ ?, पद्मकन्या महाकाव्य, श्रीपशुपतिनाथको सेरोफेरो, श्रीमस्तराम बाबा, रिसाल वंशावली, वैदिक संस्कृति, शिव-गायत्री स्तोत्रावली, अखण्ड आनन्द, ईश्वरको अनुग्रह, दशश्लोकी र मृत्यु-*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माहात्म्य, प्रेमदेखि परमात्मासम्म, सन्तमहिमा, श्रीशिवसहस्रनामस्तोत्रम्, नीतिका कुरा, आमा, संसार कस्तो छ ?, ज्ञानको चमत्कार, मृत्युविज्ञान, सत्य-दर्शन, अमृतका थोपा, नाङ्गो दर्शन, मान्छेभित्रका मान्छेहरू, अष्टावक्रगीता, वेदान्त वाटिका, नमस्ते, ईशावास्योपनिषद्, श्रीरामगीता, ज्ञानदेखि विज्ञानसम्म र *गजेन्द्रमोक्ष* हालसम्म प्रकाशित पुस्तक हुन् । यीमध्ये कतिपय पुस्तक भिन्न र समान नामबाट परिवर्तित, परिवर्द्धित, संशोधित र परिमार्जित रूपमा पुनः प्रकाशित भएका छन् । तिनको परिचय र समीक्षा गर्दा पुरानै कृतिको क्रममा राखिएकोले यहाँ कृति संख्या घटेको देखिएको हो । यिनका प्रत्येक पुस्तकको संक्षिप्त समीक्षा प्रस्तुत कृतिमा गरिएको छ ।

नेपाली साहित्यमा अध्यात्म विषयलाई र त्यसमा पनि वेदान्त दर्शनलाई सर्वोपरि महत्त्व दिएर कलम चलाउने प्रतिभामा यिनका समानान्तरमा आउने अर्को व्यक्ति देखिँदैन । यस दौडमा एकल स्वर्णपदक प्राप्त गर्ने सौभाग्य यिनलाई निर्विरोध मिलेको छ । कविता र निबन्ध यिनको प्रिय र सिद्धि प्राप्त विधा हो भन्ने कुरा पनि उपर्युक्त पुस्तकहरूले प्रमाणित गरेका छन् ।

८.२.५ पाँचौं अध्यायको निष्कर्ष

यस पुस्तकको पाँचौं अध्यायमा यिनका प्रतिनिधि केही फुटकर रचनाको विवरण दिइएको छ । लेख, भूमिका, सम्पादकीय, प्रकाशकीय, अनुवादकीय, मन्तव्य र व्याख्यान लगायत सबै प्रकृतिका रचनामा पनि प्रा. रिसालको भित्री मनदेखि आकर्षण वेदान्त दर्शन प्रत्यक्ष वा परोक्ष रूपबाट प्रकट भएको देखिन्छ । बोल्न पाउनासाथ वेदान्त बोल्ने र लेख्न पाउनासाथ वेदान्त लेख्ने प्रतिभा यिनी हुन् भन्ने कुरा यिनका पुस्तकहरूले जस्तै फुटकर रचनाले पनि बताएका छन् ।

सयौंको संख्यामा यिनका फुटकर रचना प्रकाशित देखिन्छन् । तिनलाई व्यवस्थित संकलनमा राख्न नभ्याइएकोले ती अलपत्र अवस्थामा छरिएका पाइन्छन् । ती सबैले एक स्वरमा लेखकको वेदान्ती चिन्तनको परिचय व्यक्त गरेका छन् । निबन्ध विधालाई तिनले ज्यादा महत्त्व दिएको देखिन्छ ।

८.२.६ छैटौं अध्यायको निष्कर्ष

प्रा. रिसालसित राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा संलग्न भई ख्याति आर्जन गरेका अनेकौं व्यक्ति सुपरिचित देखिन्छन् । तिनले एउटै आवाजमा प्रा. रिसालको वेदान्त विषयको प्रवचन र सादा जीवन व्यवहारको प्रशंसा गरेका छन् । व्यवसाय, सिर्जनशीलता, अध्ययन, सेवा, साधना, जिम्मेवारी, पद प्रतिष्ठा लगायतका विभिन्न हिसाबबाट यिनका बारेमा जाने बुझेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थुप्रै व्यक्तिसित छुट्टाछुट्टै प्रतिक्रिया माग्दा पनि एक सयभन्दा बढी व्यक्तिले यिनका विषयमा मिल्दोजुल्दो अभिव्यक्ति प्रकट गरेका छन् । कसैले पनि यिनका अवगुणको चर्चा गरेको पाइएन । यसबाट स्वभावतः प्रा. रिसाल प्रशंसाकै पात्र हुन् भन्ने कुरा थाहा हुन्छ ।

अध्यात्म क्षेत्रका साधकका भनाइ, इन्जिनियरहरूका भनाइ, ऋषि, तपस्वी, योगी, सन्न्यासीहरूका भनाइ, गायन क्षेत्रका व्यक्तिका भनाइ, चिकित्सकहरूका भनाइ, ज्योतिषीहरूका भनाइ, धर्म गुरुका भनाइ, पत्रकारिता क्षेत्रका व्यक्तिका भनाइ, पुस्तकालय विज्ञान क्षेत्रका व्यक्तिहरूका भनाइ, प्रकाशकका भनाइ, प्रशासकहरूका भनाइ, प्राध्यापकहरूका भनाइ, भिडियोग्राफरका भनाइ, मनोवैज्ञानिकका भनाइ, वित्त व्यवस्थापन क्षेत्रका व्यक्तिका भनाइ, समाज सेवीहरूका भनाइ, साहित्यका अध्यवसायी तथा साहित्यकारहरूका भनाइ, सैनिक सेवाका व्यक्तिका भनाइ र हवाइ सेवा क्षेत्रका व्यक्तिका भनाइ गरी विभिन्न व्यवसाय, साधना तथा सेवासित सम्बद्ध व्यक्तिहरूले यिनीप्रति समीक्षा गर्नुभन्दा पनि श्रद्धा नै जनाएका छन् । प्रा. रिसालको जस्तो आदर्श व्यक्तित्व निर्माण गर्न उक्साउने सम्भावना यस अध्यायले देखाएको छ ।

८.२.७ सातौं अध्यायको निष्कर्ष

जीवनमा लामो समय अनेक थरी व्यवहार भोग्दै जाँदा हासिल भएका, जानिएका, बुझिएका, अनुभव गरिएका, अध्ययन गरिएका, सुनेका र कल्पनामा आएका कुराबाट उपलब्ध हुने ज्ञान वा तत्त्वले जीवन दर्शनको निर्माण गर्दछन् । जिन्दगीमा गर्न हुने र गर्न नहुने कुराको विभेद छुट्याउने विवेक पनि त्यसबाट प्राप्त हुन्छ । विभिन्न विषय र क्षेत्रसित सम्बद्ध अनुभूतिको योग प्रा. रिसालको जीवन दर्शन हो । यस अध्यायमा क्रम मिलाएर जन्मदेखि हालसम्म गरिएका काम र अर्जित अनुभूतिहरूको विवरण दिई प्रा. रिसालको जीवन दर्शनको चर्चा गरिएको छ । यस प्रकारका अनुभूतिहरू यिनका पुस्तक, लेख, व्याख्यान, अन्तर्वार्ता, व्यावहारिक जीवनमा भोगेका घटना, अभिव्यक्ति, क्रियाकलाप लगायतका विभिन्न पक्षमा प्रकट भएका देखिन्छन् ।

चरित्र धनको मूल्य, व्यवहार कौशलका लाभ, सिप र ज्ञानले दिने ख्याति तथा सन्तोष, शिक्षाले आचार व्यवहारमा ल्याउने परिवर्तन, असल संगतले निर्माण गर्ने असल पक्ष, अध्यात्म चिन्तन बढ्ने मानसिक शक्ति, भगवद्भक्तिले उत्पन्न गर्ने शान्ति, शाकाहारबाट निर्माण हुने शारीरिक ऊर्जा र मनोवृत्ति, सद्व्यवहारले बढाउने सम्पर्क, आत्मविश्वास र आन्तरिक सुख, दान र त्यागले लिने उदारता तथा महत्ता, तपस्याबाट उत्पन्न हुने आनन्द, सत्कर्मले उब्जाउने हर्ष जस्ता अनेक कुरा जीवन दर्शनका विषय हुन् । जीवनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो चाह्यो त्यस्तो बनाउन सकिन्छ । जीवन निर्माणको चिन्तन नै जीवन दर्शन हो । भित्री मनले जे चितायो र जे काममा समर्पित भइयो त्यो अवश्य भइन्छ भन्ने उक्ति पनि छ ।

प्रारम्भदेखि नै चारित्रिक समुत्थान हुने, ईश्वरमा आस्था जगाउने, नैतिक मूल्य र मान्यतालाई प्रोत्साहन दिने, धर्ममा निष्ठा उत्पन्न गराउने, राम, कृष्ण, बुद्ध आदि महापुरुषका जीवनी र चरित्रको आध्यात्मिक रूपले व्याख्या गर्ने खालको पढाइ हुनु पर्दछ भन्ने सोच प्रा. रिसालको देखिन्छ । यिनी सबै तहमा त्यस्तो किसिमको ज्ञान दिने शिक्षक नैतिक, धार्मिक, आध्यात्मिक, दार्शनिक, चिन्तक र अनुभवी हुनु पर्दछ भन्दछन् । जीवनमा आध्यात्मिक र आन्तरिक सुख दिने दिलाउने शिक्षाको व्यवस्था गर्ने हो भने आध्यात्मिक र जीवनोपयोगी पुस्तक पढ्ने पढाउने गर्नुको विकल्प छैन भन्ने कुरा अघि सार्दै यिनी आजको जड भौतिकवादी शिक्षाले आध्यात्मिक ज्ञान दिन सक्तैन र शाश्वत शान्ति पनि दिन नसक्ने हुनाले तल्लो तहदेखि नै नैतिक, चरित्रवान्, धार्मिक, दार्शनिक, अनुभवी, श्रद्धेय व्यक्तिबाट लेखिएका र सम्पादन गरिएका नैतिक, धार्मिक, चारित्रिक समुत्थान गर्ने खालका कविता, जीवनी, कथा, निबन्ध, नाटक, प्रविधि आदि विविध विधाका सामग्री रोचक ढङ्गले प्रस्तुत गरी तयार पारिएका पुस्तकहरू पाठ्य क्रममा राखिनु पर्दछ भन्दछन् ।

सन्न्यासी बन्नका लागि घर छोड्नु पर्ने, पारिवारिक नाता वा सम्बन्ध तोड्नु पर्ने, गेरुवा लुगाको जोहो गर्नु पर्ने, भिक्षाटन गरेर गुजारा चलाउनु पर्ने कुरा सत्य नभएकोले घरमा नै बसेर सन्न्यस्त जीवन आनन्दसँग, बिताउन सकिन्छ भन्ने विचार यिनी व्यक्त गर्दछन् । यस कुराको उदाहरण दिन यिनी वसिष्ठ, विश्वामित्र, याज्ञवल्क्य, भारद्वाज, वाल्मीकि, वेदव्यास, पराशर आदि ऋषिका जीवन पद्धतिसित सम्बद्ध कथा प्रस्तुत गर्दछन् । गृहस्थमा बसेर खेतीपाती, बन्दव्यापार, उद्योगधन्दा, जागिर, सेवा, राजनीति आदि जे गरे पनि भित्री मनमा श्रद्धा, भक्ति, विश्वासका साथ परब्रह्म परमात्मालाई विराजमान गर्न सकियो भने घर भगवान्को मन्दिर बन्दछ र गरिएका घरायसी र व्यावसायिक काम परमात्माका पूजा बन्दछन् भन्ने मान्यता यिनको देखिन्छ । यिनी असल पति, असल पत्नी, असल पुत्र, असल बुहारी, असल नागरिक, असल मन्त्री, असल सचिव, असल न्यायाधीश, असल प्रहरी, असल व्यापारी, असल उद्योगपति हुनका लागि असल भगवद्भक्त र असल अध्यात्म साधक बन्नु पर्दछ भन्दछन् ।

यस अध्यायमा वेदान्त दर्शनको परिचय दिइएको छ । साथै प्रा. रिसालका प्रकृति सम्बन्धी अनुभूति, आध्यात्मिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, वैचारिक, प्राज्ञिक, शैक्षिक, भाषिक, साहित्यिक र आर्थिक अनुभूतिका कुरा पनि यसमा पेस गरिएको छ । अन्त्यमा यिनका सम्पूर्ण अनुभूतिले दिन खोजेको सन्देश राखिएको छ । प्रा. रिसालले गरेका कामका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलभूत मान्यता र तिनले दिन खोजेको महत्त्वपूर्ण जानकारीका बुँदाहरूको अध्याय यो हो । यसलाई यिनका योगदानको सारभूत अध्याय पनि भन्न सकिन्छ ।

८.३ प्रा. शिवगोपाल रिसाल बारे गरिएको अध्ययनको प्राप्ति

यस कृतिमा प्रा. रिसालको परिचय र यिनका योगदानको चर्चा प्रामाणिक रूपमा गरिएको छ । गुणात्मक विधि अनुसार प्राप्त तथ्यको विश्लेषणबाट तयार पारिएको पुस्तक यो हो । सम्बद्ध विभिन्न सामग्रीको अध्ययन र विश्लेषणबाट प्राप्त भएका प्राप्तिलाई क्रमशः **सामान्य प्राप्ति** र **विशिष्ट प्राप्ति** उपशीर्षकमा यहाँ प्रस्तुत गरिएको छ ।

८.३.१ सामान्य प्राप्ति

यस कृतिका सामान्य प्राप्तिलाई निम्न लिखित बुँदाहरूमा आबद्ध गर्न सकिन्छ :

क. प्रा. रिसालको जीवनी, व्यक्तित्व र कृतित्वमाथि प्रकाश पारेको छ ।

ख. प्रा. रिसालका प्राज्ञिक योगदानतिर पाठकहरूको ध्यानाकर्षण गराएको छ ।

ग. नेपाली महिला जगत्को बहुमुखी समुन्नतिका निमित्त जीवन समर्पण गर्ने व्यक्ति प्रा. रिसाल हुन् भन्ने कुरा सार्वजनिक गरेको छ ।

घ. धर्म र संस्कृति भनेको अन्धविश्वास, अज्ञान, आडम्बर र मूर्खता होइन । यसलाई व्यवहारमा उतार्दा बढ्दै जाने विकृति समयमै रोक्नु पर्दछ भन्ने प्रा. रिसालका मान्यता प्रस्तुत गरेको छ ।

ङ लगातार परिश्रम गरी रह्यो भने मात्र प्रा. रिसालले प्राप्त गरेको मुकाम भेटाइन्छ भन्ने कुरा व्यक्त गरेको छ ।

८.३.२ विशिष्ट प्राप्ति

यस पुस्तकका विशिष्ट प्राप्तिलाई निम्न लिखित बुँदाहरूमा आबद्ध गर्न सकिन्छः

क. नेपाली धार्मिक, सांस्कृतिक, ऐतिहासिक र सामाजिक पक्षका विविध सन्दर्भलाई बौद्धिक बहसको विषय बनाएको छ ।

ख. वेदान्त दर्शनका आकर्षक, व्यावहारिक र उपयोगी तत्त्वको स्पष्ट र सरल भाषामा व्याख्या गरिएको छ । ज्ञान र विज्ञानका क्षेत्रमा विमर्श हुँदै आएको दार्शनिक चिन्तनलाई लोकसम्म पुऱ्याउने प्रयत्न गरिएको छ ।

ग. लोक नै प्रथा, परम्परा, चलन, रीतिरिवाज जस्ता कुराको संवाहक हो भन्ने कुरा प्रमाणित गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घ. ईश्वरप्रतिको आस्था एवं भक्तिको आधार अन्धविश्वास नभएर विशिष्ट एवं अनुकरणीय व्यवहार हो भन्ने मान्यताको प्रचार गरेको छ । समयको गतिले ल्याउने चेतनाको विकास र चिन्तनको अभ्यासबाट व्यवहारमा देखिने कसर फालिँदै जाने कुरा बताएको छ ।

ङ. पानीबाट बिजुली निकाल्न र घट्ट चलाउन सकिए जस्तै वैचारिक शक्तिलाई संयमित र एकत्रित पार्न सकियो भने जीवनमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

च. पानी तलतिर र धुवाँ मास्तिर जाने प्राकृतिक स्वभाव भए जस्तै ज्ञान मोक्षतिर उन्मुख हुन्छ भन्ने सिद्धान्त वेदान्त दर्शनले प्रतिपादन गरेकोले मानव जीवनलाई मानवीय बनाउनमा यो केन्द्रित रहेको विचार प्रस्तुत गरेको छ ।

छ. नेपाली साहित्यमा प्रा. रिसालको स्थान सप्रमाण निर्धारण गरेको छ ।

ज. प्रतीकात्मक कोणबाट संस्कृतिका निश्चित चिह्न, व्यवहार, कार्य, विश्वास, तत्त्व र आधारलाई गहिरिएर हेर्दा तिनमा रहेका सङ्केत बुझ्न र सही अर्थ भेट्टाउन सजिलो हुन्छ भन्दै धर्म र संस्कृति भनेको प्रतीकहरूको पुञ्ज हो भन्ने विचार प्रस्तुत गरेको छ ।

झ. आध्यात्मिक आदर्श बिनाको जीवन खोक्रो हुने भएकोले आदर्शलाई जीवनमय र जीवनलाई आदर्शमय बनाउनु नै मनुष्यको दायित्व हो भन्ने कुरा अनेक उदाहरण दिएर बताइएको छ ।

ञ. देवी भनेको प्रकाश स्वरूपा, ज्ञान स्वरूपा र ब्रह्ममयी मातृ शक्ति हुन् । देवी नै ब्रह्मविद्या, पराविद्या र आत्मप्रकाशिका हुन् । महाकाली, महालक्ष्मी र महासरस्वती एकत्रित भएर ज्योतिस्वरूपमा उदाएपछि देहाभिमानका प्रतीक महिषासुर, मान र अपमानका प्रतीक चण्डमुण्ड, कामका प्रतीक रक्तबीज, महामोहका प्रतीक शुम्भ र निशुम्भ तथा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि अनेक रूपका प्रतीक असुरहरूलाई समाप्त पारेर ज्ञानालोक फिँजाई परमानन्द प्रकाशित गराउँछन् । नारी जाति यिनै कुराको प्रतीक हुन् भन्ने विचार यसले प्रवाह गरेको छ ।

ट. सच्चरित्रता त्यहाँ हुन्छ जहाँ सत्य बोलिन्छ, हिंसा गरिँदैन, चोरी गरिँदैन, काम, क्रोध, लोभ, मोहादि दुर्गुणबाट टाढा बसिन्छ, समस्त प्राणीको हित हुने काम गरिन्छ, निष्कपट भावले व्यवहार गरिन्छ, परोपकारी भइन्छ, परमात्माप्रति भक्ति र श्रद्धा राखिन्छ, शास्त्रहरूले बताएको धर्मको अनुसरण गरिन्छ, अनुशासित भइन्छ, संयम अपनाइन्छ, विनम्र बनिन्छ र इमानदार भइन्छ भन्ने खालका कुरा अनेकौं उदाहरण दिएर बताउनु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.४ सन्देश

प्रा. रिसालका रचनाहरूमा पाइने उल्लेख्य केही सन्देश मननीय, पठनीय, स्मरणीय र अनुकरणीय देखिएकाले प्रस्तुत पुस्तकको सार तथा समीक्ष्य विषयको गूढ तत्त्वका रूपमा यहाँ बुँदाबद्ध तरिकाबाट दिइएको छ :

१. पूर्व जन्ममा अशुभ कर्म गरेकै भए पनि यस जन्मको शुभ कर्मले पुरानो पाप, चिन्ता, दुर्व्यवहारलाई धोई पखाली गर्दछ र नयाँ शुभ व्यवहारका लागि प्रेरणा दिन्छ ।

२. पढ्नु भनेको त कुरा बुझ्नका लागि हो नत्र पढेको अर्थ हुँदैन ।

३. पैसा पाइने अवस्था भए साधारण मानिस उतै लाग्छन् । विशेष मान्छे सत्सङ्गका लागि जति नै ठुलो रकम प्राप्त हुने भए पनि छोडी दिन्छन् ।

४. चराचुरुङ्गीको पनि नियम छ, दैवी कानुन छ । उनीहरू राती खाँदैनन्, बिहान सबेरै उठ्छन् ।

५. वायु प्रदूषित, पानी प्रदूषित, आकाश प्रदूषित, धरती प्रदूषित छ, सर्वत्र अशान्ति र रक्तपात, मारामार र हाकाकार व्याप्त छ । मान्छेकै कालो करतुतले सारा व्यवस्था बिग्रेको हो ।

६. अध्यात्मले पशुपक्षी मात्र होइन सम्पूर्ण सृष्टिलाई नै ईश्वरमय, आत्ममय, ब्रह्ममय देखेको छ ।

७. लालची, लोभी र असन्तोषीलाई संसारमा कहीं पनि, कहिल्यै पनि सुख हुँदैन किनभने उसको मनबाट कामनाले कहिल्यै विश्रान्ति पाएको हुँदैन । अतः जुन दिन, जुन क्षणमा कामनाले आराम पाउँछ त्यसै दिन, त्यसै क्षण अखण्ड आनन्दको आविर्भाव हुन्छ ।

८. उमेर छिप्पिँदै गए पनि, इन्द्रियहरू कमजोर हुँदै गए पनि तृष्णाले सताई रहन्छ । कामना दुब्लाउँदैन, झन् मोटाएर आउँछ । त्यसैले कामनाको पछि लाग्नु हुँदैन ।

९. परमेश्वरबाट उत्पन्न भएको यो जगत् वास्तवमा परमेश्वरकै स्वरूप हो । अतः जगत् नै परमेश्वर अनि परमेश्वर नै जगत् हो ।

१०. जब सांसारिक वैभवहरूबाट तीव्र वैराग्यको उदय र परमात्मस्वरूप हृदयसित अनुराग उत्पन्न हुन्छ तब त्यस्तो मानिस मोक्षको अधिकारी हुन्छ ।

११. ज्ञान मार्ग नै सर्वोपरि मार्ग हो । यस मार्गद्वारा नै मोक्ष सिद्ध छ र सम्भव पनि छ । अन्यथा जन्मनु र मर्नु जस्ता पाप र दुःखबाट कहिल्यै पनि छुट्कारा पाउन सकिँदैन ।

१२. यस ब्रह्माण्डका सारा विषयमा धेरै कुरा जाने पनि आफूलाई यथार्थ रूपमा जानिएको, चिनिएको र बुझिएको छैन भने आनन्दको अनुभव हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. सम्पूर्ण प्रकारका तृष्णाको नाम बन्धन र सारा तृष्णाको नाश मोक्ष हो ।

१४. वेदान्त र व्यवहारको परस्परमा संघर्ष र वैरभाव छैन बरू मिल्ती छ ।

१५. ज्ञानी हुनासाथ पहेंलो (गेरु) लुगा लगाउनु पर्छ, जङ्गल जानु पर्छ भन्ने कुरा कुनै पनि शास्त्रमा लेखिएको छैन । ज्ञानीको सिङ; जुरो उम्रने पनि होइन, ज्ञानी हुनु भनेको समझको फरक मात्र हो ।

१६. भौतिक तृष्णमा लाग्नेहरू कहिल्यै शाश्वत शान्ति र तृप्तिको अनुभव गर्न सक्दैनन् ।

१७. संसार जानेर कहिल्यै सकिँदैन तर आफूलाई जान्यो भने जान्न बाँकी केही रहँदैन ।

१८. सुनको लङ्कामा बस्न नरुचाउने तर भक्तको मनरूपी फ्याँग्लो गुन्द्रीबाट उठ्न नमान्ने भएकाले नै भगवान् राम मर्यादापुरुषोत्तम कहलाइएका हुन् ।

१९. नारायण भगवान् वा अन्य कुनै पनि देवताको नाम जप्नु भनेको ती नामले संवहन गरेको इतिहास वा कथा बुझेर जीवनलाई सत्कार्यमा लगाउनु हो । भगवान् नारायणका हजार नाम जप्न नसके पनि एउटै मात्र नामले गरेका कामको अवलम्बनले उत्तिकै पुण्य लाभ हुन्छ ।

२०. सत्कार्यबाट जीवन धन्य बनाउनु र समाजको सेवा गर्नु नै बुद्धिमानी हो ।

२१. सांसारिक बन्धन भनेको अनेक जुनी लिएर जन्मनु, मर्नु र प्राणीका प्रमुख शत्रु मानिने लोभ, मोह, ईर्ष्या, डाह, क्रोध र मदका पन्जामा परी रहनु हो । यस्तो अवस्थाबाट छुट्कारा पाउनका लागि भित्री मनदेखि नै ईश्वरको ध्यान गर्नु र उनको कुनै न कुनै नाम जप्नु आवश्यक हुन्छ ।

२२. प्रतीकात्मक दृष्टिकोण भनेको समाजका सांस्कृतिक सामाजिक पक्षका कुनै पनि क्रियाकलापले दिन खोजेको सन्देश तिनमा प्रयोग हुने प्रतीकहरूको अध्ययनबाट बुझ्नु हो । जस्तै सामान्यतया नेपाली महिलाले सउँदोमा सिँदुर लगाउनु शृङ्गार तथा सज्जा त हुँदै हो त्यसले सौभाग्य, रातो वर्णप्रतिको अधिक मोह, निश्चित धार्मिक परम्पराको अनुसरण जस्ता थुप्रै अर्थ पनि जनाएको हुन्छ । त्यसै गरी सबै देशको राष्ट्रिय झन्डा भए जस्तै नेपालको पनि राष्ट्रिय झन्डा आफ्नै शैलीशिल्पमा बनाइएको र प्रचलनमा रहेको कुरा बुझ्नु भनेको सामान्य बुझाइ हो । गहिरिएर यसका बारेमा जानकारी लिने हो भने यसमा प्रयुक्त निलो, रातो र सेतो रङ; सूर्यचन्द्रको चित्र, आलमका आकारको स्वरूप जस्ता कुराको अर्थ जान्नु आवश्यक हुन्छ । त्यस्तो अर्थ तब मात्र जानिन्छ जब ती सबै प्रतीकहरूको अर्थ जानिन्छ ।

२३. विष्णुका एक हजार नाम जप्नु भनेको तिनले जनाउने इतिहास, पुरातत्त्व, भावार्थ, साधारण र विशिष्ट अर्थ बुझी तदनुरूप आचरण गर्नु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४. कालले बिहान, दिउँसो, साँझ, राती, दिन, महिना, वसन्तदेखि शिशिरसम्मका ऋतुहरू र वर्षलाई खेलाई राख्दछ । त्यस क्रममा उमेर बित्दै जान्छ तर मान्छेमा रहेको आशाको त्यान्द्रोले भने छोड्दैन । अगाडिबाट आगो र पछाडिबाट घाम ताप्दै दुइटा घुँडाका बिचमा टाउको राखी बस्नु पर्ने अवस्था आओस् वा हातलाई नै भाँडो बनाएर भिक्षा मागी खानु पर्ने स्थितिमा पुगियोस् अथवा रुखको छहारीमा वास बस्नु पर्ने होओस् अर्थात् जस्तोसुकै सम्पन्न वा विपन्न हुनु परे पनि आशाको पासोले बन्धनमा पार्न भने छोड्दैन ।

२५. कमाउन सक्ने हुँदासम्म घरका सदस्यले मानमनितो गर्दछन् तर बुढ्याइँ वा रोग लागेर अशक्त थला परेमा घरकै सदस्यले समेत उपेक्षा र घृणा गर्दछन् । त्यस्तो अवस्थामा कसैले पनि सोधपुछ गर्दैनन् । जटा पालेका, मुण्डन गरेका, कपाल लुछिएका, गेरू वस्त्र लगाएका, अनेक प्रकारका लुगा धारण गरेका जोगीहरू पेट पाल्नका लागि विभिन्न रूपमा प्रस्तुत हुन्छन् तर तिनीहरू आँखा देख्ने भएर पनि जीवनको सही तत्त्व देख्दैनन् ।

२६. गलेको शरीर, फुलेको कपाल, दाँत झरेको चेहरा लिई लट्ठी टेकेर हिंड्नु पर्ने अवस्थामा पनि मनको तिर्सना छोड्न नसक्नु भनेको आफूलाई नचिन्नु नै हो ।

२७. शारीरिक सौन्दर्यमा लोभिने जवानीका बेलाको मानसिकता झुटा कुरामा मोहित हुन्छ । त्यस्तो सौन्दर्य भनेको भ्रम मात्र हो । त्यसमा सार हुँदैन । यस विषयमा गम्भीर बनेर सोच्नु पर्दछ । झुटा कुरामा पर्नु हुँदैन । यस संसारमा जन्मेपछि बनेका आमा, बाबु, आफू, अर्को, कहाँबाट आइएको र कहाँ जाने भन्ने सबै कुराका साथै यो संसार नै सपना जस्तै सारविहीन भएको कुरा बुझ्नु जरुरी छ ।

२८. राम्रा नराम्रा लुगा, पाप, धर्म, आफू, अर्को जस्ता सांसारिक झन्झटका कुरा मनकै कल्पना हुन् । यस प्रकारका विचार हृदयमा खेलाएर चिन्ता गर्नु व्यर्थ छ । सत्कार्य भनेको गोविन्दकै नाम जप्नु वा गोविन्दको जस्तो आचरण गर्नु हो ।

२९. बुढेस कालमा गोविन्दको नाम जप्नु पर्दछ भन्नको अर्थ जीवनभरि सकेसम्म र जानेसम्म दुराचार गर तर वृद्धावस्थामा चाहिं माला समातेर गोविन्द गोविन्द भन्दै जप गर भन्ने सल्लाह दिन खोजेको होइन । यथार्थ कुरा के हो भने आदर्श बिनाको जीवन उच्च बन्न सक्तैन । जे व्यवसाय गरे पनि आदर्श व्यवहारमा रहेर काम गरेमा अवश्य नै सुख, सन्तोष र आनन्द प्राप्त हुन्छ । सफल हुनु भनेको पनि यिनै कुरा पाउनु हो ।

३०. व्यावसायिक दृष्टिले प्रवीण बन्न जान्नु पर्ने सिपका सम्बद्ध पक्षको ज्ञान हुनै पर्दछ । अचेल मनले रुचाएको विषय सिक्न उमेर ढल्कँदा पनि कतिपय व्यक्ति समर्पित भएर लागेका देखिन्छन् । तिनलाई त्यसरी परिश्रम गरेर सिकेको ज्ञानको उपादेयता, प्रयोग, परिणाम र अर्थसित परवाह हुँदैन । त्यसरी लाग्नु पनि गोविन्दको नाम जप्नु नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१. जीवनमा पाइएको समयको सदुपयोग गर्नु पर्दछ । दिनहुँ देखिने सूर्यले कहिल्यै आराम गर्दैनन्, आफ्नो कर्तव्यबाट कहिल्यै विमुख हुँदैनन्, ग्रहण लाग्ने कुरा थाहा पाउँदा पनि धर्तीमा आउन छोड्दैनन्, कसले के भन्छ भन्ने कुराको ख्याल नगरी प्रकाश फैलाउने काम गरी रहन्छन् । भगवान् गोविन्दले जहिले पनि लोककै हित हुने काम गर्दछन् । सृष्टिका समस्त प्राणीलाई साख्खै सन्तानका रूपमा स्वीकार गरी तिनको पालन पोषण तथा संरक्षणको जिम्मा पनि गोविन्दले लिन्छन् । त्यो जिम्मेवारी वहन गर्दा उनले के कति दुःखकष्टको सामना गर्नु पर्दछ भन्ने कुरा चारो ल्याउने माउले कहाँबाट के कसरी चारो ल्याएकी हो भन्ने विषयमा बचराको ख्याल नगरे जस्तै कुनै पनि प्राणीले ख्याल गर्दैन । गोविन्दले लगातार पाल्ने र आफूले लगातार पालिने नै धर्म हो भने जस्तो व्यवहार तिनीहरूले गर्दछन् ।

३२. ब्रह्मज्ञानको तहमा उक्लने विभिन्न मार्गमध्येको एउटा मार्ग भक्ति योग हो । यो काम गृहस्थ, सन्न्यासी, ब्रह्मचारी जसले पनि गर्न सक्तछ । राम, गणेश, श्याम, राधा, शिव, सूर्य आदिको भक्ति र प्रेमले कालको डर नाश हुन्छ, मोह जाल फाट्छ र अज्ञानको समाप्ति हुन्छ ।

३३. *अहं ब्रह्माऽस्मि* अर्थात् म नै ब्रह्म हुँ, *तत्त्वमसि* अर्थात् त्यो (परमेश्वर भनेको) तिमी हौ, *अयमात्मा ब्रह्म* अर्थात् यो आत्मा नै ब्रह्म हो, *सोऽहम्* अर्थात् त्यो (परमेश्वर भनेको) म हुँ भन्ने महावाक्य वेदान्त दर्शनका आधारभूत सूत्र हुन् । प्रत्येक व्यक्ति आफैँमा परमात्मा हो । यो कुरा बुझेर व्यवहार गरियो भने संसार सागरबाट मुक्ति मिल्दछ । यसका लागि जोगी नै बन्नु पर्दैन ।

३४. प्रारब्धका कारण ज्ञानीको पनि जन्म र मृत्यु त हुन्छ तर त्यस्तो स्थितिमा हर्ष र शोक ज्ञानीहरू गर्दैनन् ।

३५. खुसीमा मात्तिने र दुःखमा आँत्तिने काम ज्ञानीबाट हुँदैन ।

३६. महान् व्यक्तिका चरित्रको ज्ञानले वर्तमान र भावी पुस्तामा सच्चा जीवन भोग्ने अभिप्रेरणा उत्पन्न हुन्छ र तिनका योगदानको आभाबाट जीवनको बाटो आलोकित बन्दछ । चरित्र काव्यको औचित्य र आवश्यकता यही हो ।

३७. कतिपय योगीहरू जीवनभरि संघर्ष गरेर प्राप्त भएको ज्ञान र अनुभव आफैमा सीमित राखी संसारबाट बिदा हुन्छन् । प्रचार नचाहने, पाइएको ज्ञानलाई ठुलो नठान्ने र आफूलाई सामान्य ठान्ने प्रवृत्तिका कारण पनि उनीहरू त्यसो गर्दछन् ।

३८. मानसिक, शारीरिक र सांसारिक रोगको उपचारमा अध्यात्म नै सर्वोपरि उपचार पद्धति हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३९. लोकको हितका निमित्त यसरीसम्पूर्ण रूपमा जीवन समर्पण गर्नु उच्चतम कविता रचना गर्नु हो ।

४०. धेरै ठुला कविहरू कविता लेख्दैनन् बरु आचरणमा कविता उतारेर जीवन बिताउँछन् । यस दृष्टिले हेर्दा खप्तड बाबा चिकित्सक, ध्यानी, योगी, सन्न्यासी, त्यागी, ज्ञानीभन्दा ज्यादा महान् कवि देखिन्छन् ।

४१. मन जति जति पोखिन्छ कविता त्यति त्यति मार्मिक र प्रभावकारी हुन्छ ।

४२. ज्ञान पवित्र वस्तु हो किनभने यसले सबभन्दा उत्कृष्ट, अविनाशी, शाश्वत र अखण्ड आनन्द दिलाउँछ ।

४३. सामान्यतया भोजन, निद्रा, डर, शारीरिक सम्बन्ध जस्ता प्राणीजन्य व्यवहार जुनसुकै जीवले पनि गर्दछ तर बुद्धिको सदुपयोग गरेर जीवनको सत्यका बारेमा चिन्तन गरी तदनुरूप व्यवहार बनाउने सामर्थ्य मनुष्यमा मात्र हुन्छ ।

४४. भोगलाई भन्दा योगलाई महत्त्व दिने धारणा मनुष्यले मात्र राख्न सक्तछ ।

४५. पूजा मनोयोगबाट पनि गर्न सकिन्छ । त्यस्तो पूजालाई सात्त्विक पूजा भनिन्छ । ईश्वर सात्त्विक पूजा नै मन पराउँछन् ।

४६. वामनले पुड्को बन्नु, नरसिंहले मान्छे र सिंहको संयुक्त रूपमा प्रकट हुनु, परशुरामले बन्चरो लिनु, रामले धनुष चलाउनु, कृष्णले मुरली बजाउनु जस्ता क्रियाकलाप ईश्वरका लीला मात्र हुन् । यी अवतारमा देखिएका वामनमय, नृसिंहमय, परशुराममय, राममय, कृष्णमय चिन्तन र ज्ञान मात्र सत्य हो ।

४७. हात, खुट्टा नाक, मुख, कान, छाला जस्ता शारीरिक अवयव नै देखिन्छन् तर ती अवयवहरूलाई कर्म गर्न अराउने काम मनले गर्दछ । मनलाई सत्तिर उन्मुख गरायो भने सत्कर्म र असत्तिर गरायो भने असत् कर्म सम्पन्न हुन्छ । ज्ञानीहरू यो कुरा बुझेर मनलाई सधैं सद्वृत्तितिर केन्द्रित तुल्याउँछन् ।

४८. आत्मलाभ भन्नु नै उत्तम ज्ञान हो । ब्रह्मज्ञान भनेको पनि त्यही हो ।

४९. आफू र यो भानमान् जगत्‌लाई ईश्वरमय देख्ने दृष्टि वा चिन्तन नै ब्रह्मविद्या हो ।

५०. ब्रह्म र आफूमा भिन्नता नरहेको कुरा बोध गर्नु नै शोक र मोहबाट पार पाउनु हो ।

५१. डर भनेको मानसिक कमजोरी हो र मृत्युको त्रास हो । यसैलाई अज्ञान भनिन्छ ।

५२. आफूलाई शरीर ठान्दा डर हुन्छ भने आत्मा ठान्दा नीडर भइन्छ । त्यसैले डर भनेको अज्ञान हो र आफूलाई देह ठान्नु हो । नीडर हुनु भनेको ज्ञान हो र आफूलाई परमात्मा मान्नु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५३. परमात्मा भनेको चैतन्य स्वरूप, ज्ञान रूप, प्रकाशमय, आनन्दमय अविनाशी शक्ति हो । शब्द, मन, इन्द्रिय, उपाधिभन्दा धेरै पर रहने त्यस्तो तत्त्व प्राप्त गर्न आफूभित्रको आफ्नै स्वरूप चिन्नु पर्दछ ।

५४. मान्छेको महत्ता तब मात्र प्रमाणित हुन्छ जब उसले मान्छे हुनुको तात्पर्य सार्थक तुल्याउँछ ।

५५. आफूलाई बुझ्नु, आफ्नो क्षमता, शक्ति, स्वरूप थाहा पाउनु, त्यस्तो कुरा थाहा पाएर आफूले गर्नु पर्ने कर्तव्य पालन गर्नु नै आनन्द प्राप्त गर्नु हो ।

५६. मोहमा फस्नु, मायामा बाँधिनु, लोभ गर्नु, क्रोधले रन्थनिनु, ईर्ष्यामा पोलिनु जस्ता कुरा चित्तमा लाग्ने रोग हुन् । यस्तो रोग सांसारिक झमेलामा फसेको व्यक्तिलाई लाग्दछ । यस प्रकारको रोगको उपचार कुनै औषधि खाएर, शल्य क्रिया गरेर, शारीरिक अवयव फालेर वा जोडेर, झारफुक गरेर सम्भव हुँदैन । यो लाग्न नदिने उपाय भनेको अध्यात्म ज्ञान हासिल गर्नु हो ।

५७. भक्तिमा सक्रिय रहेर जीवन व्यवहार चलाउन जानियो भने जीवनको उच्चताको उपभोग गर्न सकिन्छ ।

५८. सांसारिक मायामा रमाएर दायाँबायाँ कतै केही नदेख्नु सुषुप्ति हो । मस्त निद्रा परेको समयमा केही कुराको ज्ञान नभएको जस्तो अवस्था यो हो । यसैलाई गाढान्धकार वा प्रगाढ अज्ञान भनिन्छ ।

५९. परमेश्वरको चिन्तनमा लीन भएर अखण्ड आनन्दको स्थितिमा पुग्नु समाधि हो । यस्तो अवस्थामा संसार शून्य हुन्छ र आत्म चिन्तन अर्थात् ब्रह्म ज्ञानको ज्योति जताततै फैलिएको अनुभव हुन्छ ।

६०. संसार नै सर्वस्व हो भन्ने ठान्नेहरू मन संसारतिर लगाउँछन् र दुःखको भुमरीमा फस्दछन् भने परमार्थ नै सबै कुरा हो भन्ने ठान्नेहरू परमार्थतिर लाग्दछन् र अखण्ड सुखको अनुभव गर्दछन् ।

६१. ईश्वरलाई आफूदेखि भिन्न नमानी अन्तरात्मादेखि ध्यान उपासना गर्ने हो भने पाउन नसकिने कुनै वस्तु हुँदैन ।

६२. जीवात्मा र परमात्मामा भिन्नता हुँदैन ।

६३. ईश्वर मनोमय, आनन्दमय, निराकारमय, ज्ञानमय र चिन्मय अवस्थामा देखिन्छन् ।

६४. आफूलाई देह ठान्दा अन्धकार, अज्ञान, दुःख, वेदना, कष्ट, चिन्ताको ओइरो लाग्ने र आत्मा ठान्दा प्रकाश, ज्ञान, सुख, खुसी, आनन्द, प्रसन्नता फैलने हुन्छ । परमात्माको अंश ठानेर आफूलाई आनन्दमय बनाउनु नै बुद्धिमानी हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६५. ब्रह्म भनेको उपाधि रहित शक्ति हो । जीव र ईश्वर पनि जब निरुपाधिको तहमा पुग्दछन् तब तिनमा अन्तर रहँदैन ।

६६. भगवान् श्री कृष्णले अर्जुनलाई विद्याहरूमा सर्वोत्तम विद्या अध्यात्म हो भनेका छन् । सोही विद्या नै परमतत्त्व हो र ब्रह्मविद्या पनि हो ।

६७. योगबाट चित्त शुद्ध भई ज्ञानोदय हुन्छ र ज्ञानबाट मोक्ष प्राप्त हुन्छ । त्यसैले मोक्षलाई गन्तव्य बनाउने एउटा माध्यम योग पनि हो ।

६८. शरीरादिको आसक्ति छोडेर तत्त्व ज्ञान हासिल नगर्दासम्म मोक्ष प्राप्त हुन सक्तैन ।

६९. अज्ञानीहरू सुखको लालसामा भौतिक वस्तुको जगेर्ना गर्दछन् र आफ्नै सुरक्षाका निम्ति आफैले बनाएको जालोमा परेर रेसमी किरा अल्झे झैं दुःखको भुमरीमा रुमलिन बाध्य हुन्छन् ।

७०. चित्त नै संसार हो । चित्तको चञ्चलता रहेसम्म सांसारिक बन्धन पनि रही रहन्छ ।

७१. ईश्वर सबभन्दा नजिकका आफन्त हुन् भन्ने ठानेर आफ्नो स्वरूप नै उनीमा आरोपित नगरेसम्म ईश्वर प्राप्त हुँदैनन् ।

७२. भगवान्लाई आमा, बाबु, साथी, भाइ, बन्धु, इष्टमित्र आदि जुन रूपमा चिन्तन गऱ्यो त्यही रूपमा प्रकाशित हुन्छन् ।

७३. आत्मालाई भेटाउन आफूभित्रै रहेको आत्माको अस्तित्व, स्वरूप, शक्ति र सामर्थ्य चिन्नु पर्दछ ।

७४. आफूलाई जस्तो बनायो त्यस्तै भइन्छ ।

७५. भक्तिको विस्तार तथा निरन्तरताबाट ज्ञान प्राप्त गर्न सजिलो हुन्छ ।

७६. धर्मले समाजमा शान्ति, एकता, प्रेम, मित्रता र समझदारी बढाउनका साथै मानवीय सम्बन्धको संरक्षण पनि गर्दछ ।

७७. दुःख मानेमा मात्र दुःख हुने भएकोले यो कुरा सोचाइमा भर पर्दछ । दुःखको निजी कुनै अस्तित्व हुँदैन । अज्ञान तथा कमजोर मनको उपज दुःख हो ।

७८. विचारले मान्छेलाई सही अर्थमा मान्छे बनाउँछ । मान्छे भनेको विचारको खानी हो । विचार शून्य व्यक्तिले केही काम गर्न सक्तैन । विचार भनेको व्यवहारको बीज हो । विचारबाट नै उत्प्रेरित भएर मान्छेले व्यवहार गर्दछ । विचारले मतिलाई निर्दिष्ट गर्दछ र मतिले कार्यको गति अघि बढाउँछ ।

७९. ज्ञानीका अनुभव र व्यवहारबाट ज्ञान, सत्य, भगवद्भक्ति, त्याग, तपस्या, शिष्टता, सदाचार, संयम, अनुशासन, प्रेम, शान्ति, समझदारी, क्षमा, धैर्य सिक्नु पर्दछ र स्वयं पनि ज्ञानी बन्ने प्रयत्न गर्नु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८०. ईश्वरदेखि आफूलाई अभिन्न ठानेर उनलाई प्राप्त गर्नका लागि गरिने उपाय नै उपासना हो ।

८१. सबभन्दा पवित्र वस्तु आर्जन गरेपछि सबभन्दा बढी, सबभन्दा उत्कृष्ट र सबभन्दा अविनाशी, शाश्वत र अखण्ड आनन्द प्राप्त हुनु स्वाभाविक हो ।

८२. बिहान पूर्वतिर फर्के मात्र सूर्यको दर्शन पाइन्छ, पश्चिमतिर फर्केर हजार प्रयत्न गरे पनि सूर्यको दर्शन पाइँदैन ।

८३. पक्का वैरागीलाई मोक्षको पनि इच्छा हुँदैन । तिनै ज्ञानी, सज्जन, वैरागी वासनारहित महात्मा नै मुक्तात्मा हुन् ।

८४. समाधि लगाए वा नलगाए पनि, कर्म गरे पनि वा नगरे पनि चित्तबाट सम्पूर्ण प्रकारका आसक्ति, इच्छा, वासना विनिर्मुक्त महाशय नै मुक्त हो ।

८५. कर्म गर्दा ईश्वरको नजिकै पुगिन्छ; भक्ति गर्दा ईश्वरसँगै बसिन्छ अनि ज्ञानमा त ईश्वररूपै बनिन्छ ।

८६. यो सारा मैले गरेको होइन, मेरो केही पनि छैन भन्ने भावनालाई प्रबल गराउनका लागि नै पूजा गरिन्छ । पूजित परमेश्वरमा आफूलाई समर्पण गर्न नसक्नेले केको पूजा गर्नु ?

८७. वास्तवमा ब्रह्मविद्या गुरु परम्पराबाटै आएको हो । ब्रह्मविद्याका सर्वप्रथम उपदेष्टा वा आदिगुरु साक्षात् परब्रह्म परमात्मास्वरूप भगवान् नारायण हुन् ।

८८. कति शिष्य ज्ञान खोज्दछन् तर ज्ञानवान् गुरु पाउन अत्यन्त कठिन छ । ज्ञानवान् गुरु संसारका कुनै पनि विश्वविद्यालयले उत्पादन गर्न सक्दैन, फेरि गर्न खोजेको पनि छैन ।

८९. लीलापक्षबाहेकपरमात्मापक्षमात्रसत्यहो।शास्त्रलेलीलामामात्रअल्मलिनुभनेरकदापिभनेको छैन ।

९०. मनले चाहिँ थरी-थरीका कल्पना गरी रहेको छ, सपना देखी रहेछ वा संकल्प गरी रहेछ तर शरीरले चाहिँ म यो छुन्नँ, ऊ गर्दिनँ, त्यो खान्न, उहाँ जान्नँ भन्नु त संसारै बटुल्नु मात्र हो, आत्मलाभको बाटो होइन ।

९१. आत्मा कहिल्यै पनि शोकको विषय होइन । आत्मा त नित्य हो, सत्य हो, अविनाशी हो, अविकारी हो ।

९२. सबभन्दा डरलाग्दो बाघ मनभित्र बसिरहेछ किनभने मनको बाघलाई आफैँले पालेर राखेको हो । मनको बाघलाई मार्ने एक मात्र उपाय हो आत्मबल, आत्मविश्वास ।

९३. सच्चा भक्तले पनि नित्य, निरन्तर आफ्ना आराध्य परमात्माको दर्शन पाई रहेको हुन्छ ।

९४. सारा कुराको निषेध गर्दै जाँदा बाँकी जो रहन्छ त्यही नै परमात्मा हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९५. चौरासी लाख योनिमा मानव जीवन सर्वोच्च र सर्वोत्तम मानिएको छ । अत्यन्त ठुलो पुण्यले मात्र मानव जीवन पाइन्छ ।

९६. मान्छेसँग बुद्धि छ, विवेक छ, ठिक-बेठिक छुटयाउन सक्छ, राम्रो-नराम्रो खट्याउन सक्छ र मान्छे आफू को हो भनी खोजी गर्न सक्छ ।

९७. आफ्नो प्रारब्धानुसार प्राप्त कुरामा सन्तोष मानी कर्तव्य कर्म गरी रहनु र संसारका सम्पूर्ण पदार्थ मायिक र मिथ्या हुन् भनी बुझेर व्यवहार गर्नु ।

९८. सबै प्रकारका आपत्तिहरूको मूल नै हो अज्ञान । अतः बुद्धिमान् मानिसले अनेकौं यत्नद्वारा भए पनि अज्ञानलाई जरैदेखि नष्ट गर्नु पर्छ ।

९९. मनजस्तो जगत्को कल्पना गर्दछ उस्तै नै जगत् बन्दछ । अतः मनलाई नै जगत्को बीज सम्झनु पर्दछ ।

१००. यथार्थ ज्ञान भए जीवले शिव बनेर परमशान्ति लाभ गर्ने हुनाले हाम्रो परमपुरुषार्थ हो जीवभावलाई त्यागी शिवभावमा पुग्नु ।

१०१. हामी पहिले पनि ईश्वर थियौं, अहिले पनि ईश्वर नै हौं र पछि पनि ईश्वर नै हुने छौं ।

१०२. मन्द अन्धकारमा डोरीमा सर्प देखिन्छ र संभवतः लडिएला, गोडा भाँचिएला पनि तर त्यहाँ सर्प थिएन, छैन डोरी कहिल्यै पनि सर्प हुन सक्तैन, सक्तैन ।

१०३. कलमको आफ्नै शक्ति छैन किन्तु लेख्ने मानिसको बौद्धिक शक्तिअनुसार शक्तिशाली बन्दछ ।

१०४. दुःखलाई साँचो मानेर हटाउन खोज्ने हो भने लाख वर्षसम्म लाखौं प्रयत्न र उपाय गरे पनि हटाउन सम्भव छैन ।

१०५. सूर्यको प्रकाशले बाहिरी वस्तुको अनुभव हुन्छ भने विचारका प्रकाशले आन्तर वस्तुको ज्ञान हुन्छ ।

१०६. उपनिषद् गाई हो भने गीता दुध हो; उपनिषद् दुध हो भने गीता नौनी हो ।

१०७. खरायोको सिङ; आकाशको फुल जान्न खोज्नु भनेको परिश्रम खेर फाल्नु र अनाहकमा बुद्धि खियाउनु हो, यस्तो जिज्ञासाबाट कुनै लाभ हुँदैन ।

१०८. ज्ञानी सदा सुखी हुन्छ । अज्ञानी जतिसुकै सम्पन्न र वैभवशाली, शक्तिशाली भए पनि सुखी हुन सक्तैन । अज्ञानरूपी अन्धकारबाट ज्ञानालोकमा पुर्‍याउने र अज्ञान नाश गर्ने नै गुरु हुन् ।

१०९. माया आदि सारालाई जरैदेखि नष्ट गरी दिने र शुद्ध निर्विकार, निरञ्जन स्वरूपलाई देखाई ज्ञानरूपी बत्ती बाली दिने काम गुरुले गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११०. आमाबाबुको र गुरुको असल चरित्रबाट प्रेरणा लिएर नै सन्तान र शिष्यको कल्याण हुन्छ । दुःख, चिन्ता, वेदना, छट्पटी, शंका, डाह, राग, द्वेष आदिका साथै मृत्युसम्मको पनि सिकार बन्नु पर्ने अवस्था आउनु चित्त अशुद्ध हुनु हो ।

१११. शुद्ध चित्त भएकाहरू उदार, सज्जन, सहृदयी हुन्छन् भने अशुद्ध चित्त भएकाहरू दुष्ट, पापी, निर्दयी, मूर्ख हुन्छन् ।

११२. सत् साहित्य पढ्ने पढाउने, अनुसन्धान गर्ने जस्ता कार्यबाट चित्त शुद्ध पार्न सकिन्छ ।

११३. चित्तको अशुद्धि भनेको अज्ञान नै हो ।

११४. विषयमा ज्यादा लम्पट हुनु, भोग वासनाले आक्रान्त हुनु, पापले भरिभराउ हुनु भनेको चित्तको मल दोष हो ।

११५. चित्तलाई चिद् रूपमा परिणत गरी बुद्धिपूर्वक ब्रह्माकार बन्नु नै पुरुषार्थ हो ।

११६. आफूभित्रको शान्ति बुझ्ने प्रयास नगरिंदा जतिसुकै टाउको दुखाए पनि शान्ति पाइँदैन ।

११७. मोटर, बङ्गला, खेत, बारी, धन, सम्पत्ति, भौतिक सम्पन्नता जस्ता कुराको प्राप्तिबाट कहिल्यै शान्ति हुँदैन । त्यो बाटो भनेको दुःख बेसाउने बाटो हो ।

११८. आफूलाई अखण्ड आनन्दको केन्द्रबिन्दु मानेर आफैभित्रको परमात्मासित साक्षात्कार गर्ने हो भने शान्ति आजै होइन अहिले नै प्राप्त हुन्छ । त्यो नै आध्यात्मिक शान्ति हो । त्यो शान्ति पाई सकेपछि दरबारका अट्टालिकाको शान्ति खोज्ने कल्पना गरी रहनु पर्दैन ।

११९. महिना दिन भोकै रहनु परे पनि, नाङ्गै खुट्टा संसार धाउनु परे पनि, पानी खान नपाएर छटपटाए पनि शान्ति नै शान्ति प्राप्त हुन्छ । ब्रह्म शान्ति, अनन्त शान्ति, पारमार्थिक शान्ति, सर्व शान्ति, अनन्त शान्ति, शाश्वत शान्ति भनेको त्यही हो ।

१२०. भगवान्को चिन्तन गर्ने व्यक्ति भक्त र संसारको चिन्तन गर्ने व्यक्ति पागल बन्दछ ।

१२१. आत्मचिन्तन, आत्मानुसन्धान, आत्मचर्चा, आत्मव्याख्या जस्ता सत् चिन्तनमा समय बिताउनु बुद्धिमानी हो । हाँसोभित्र आँसु लुकेको हुन्छ । जीवन रहुन्जेल सुखदुःख रही रहन्छ ।

१२२. म भनेको त सदा एक नास, एक रस, अद्वितीय, ज्ञान ज्योति, प्रकाश रूप सत्य, नित्य र आनन्दघन आत्मा हो ।

१२३. विश्वास, शक्ति, बल, फुर्ती, तेज, सामर्थ्य, सत्ता, योगयता, दक्षता आदि सबै ईश्वरीय शक्ति तत्त्वकै भेद हुन् । शक्ति सञ्चालन गर्ने मायालाई प्रकृति भन्ने गरिन्छ ।

१२४. सबै प्रकारको शक्ति अखण्ड, अविनाशी, चित्शक्तिबाट प्रस्फुटित भएको हो । अणु शक्ति, अर्थ शक्ति, जीव शक्ति, ज्ञान शक्ति, विद्या शक्ति योग शक्ति, संचय शक्ति वा शासन शक्ति लगायतका सबै शक्तिको स्रोत चित्शक्ति नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२५. व्यवहारमा वा स्वभावमा संसारका कुनै राष्ट्रमा पनि साम्यवाद छैन ।

१२६. सबैको अनुहार, बल, बुद्धि, स्वभाव, गुण, आयु, धन, कर्म, रुचि आदि समान हुन सक्तैन ।

१२७. आध्यात्मिक जीवनमा साम्यवाद मूर्त रूपमा रहेको पाइन्छ । ज्ञानवान्, जीवनमुक्त महात्माहरू, गृहस्थी, सन्न्यासी, ब्रह्मचारी वा वानप्रस्थी जे भए पनि समतापूर्ण भावना र व्यवहारमा बाँच्दछन् ।

१२८. समदर्शी हुनु पण्डितको गुण हो, समवर्ती हुनु होइन । गाईलाई गाई नै भन्नु पर्दछ र कुकुरलाई कुकुर नै भन्नु पर्दछ ।

१२९. धनमा समता खोज्नु मूर्खता हो तर मनमा समताको सम्भावना छ ।

१३०. वेदको सार, ज्ञानको निचोड, जीवनको परमपुरुषार्थ प्राप्तिको साधन, सम्पूर्ण शास्त्रको मूल सिद्धान्त, दर्शन शिरोमणि, अध्यात्म ज्ञानको पराकाष्ठा नै वेदान्त हो ।

१३१. लाभ र हानिको तहभन्दा निकै माथि उचालेर कहिल्यै हानि नहुने व्यवहार गर्न वेदान्तले अभिप्रेरित गर्दछ । त्यसैले वेदान्त वैज्ञानिक र व्यावहारिक दर्शन हो ।

१३२. नित्य र अनित्य वस्तुलाई छुट्याउने विवेक र जगत् झुट्टा हो भन्ने मान्यतालाई सत्य मान्नु र मोक्ष प्राप्त गर्नका लागि तीव्र इच्छा हुनुलाई वैराग्य भनिन्छ ।

१३३. वैरागी भएपछि घरबार छोडेर, टुपी कटाएर सन्न्यासी बन्नु पर्दछ वा पहेंलो वा गेरू रङ्गको लुगा लगाउनु पर्दछ भन्ने धारणा शास्त्रीय दृष्टिले हेर्दा चाहिं सत्य देखिंदैन ।

१३४. वैराग्यको परिपाक बोध हो, बोधको परिपाक परमार्थ ज्ञान हो र परमार्थ ज्ञानको परिपाक अखण्ड आनन्द वा मुक्ति हो ।

१३५. सुख यसै ठाउँमा छ र आफूभित्रै रहेको छ । सुखको स्वरूप त आफू नै हो ।

१३६. चित्त शान्त भएमा सुख जहाँ पनि छ । त्यसको खोजीमा बाहिर भौंतारी रहनु पर्दैन ।

१३७. गृहस्थ वा अन्य कुनै आश्रममा रहँदा पनि संसारमा मन नराखी आत्माकै चिन्तन गर्न सकिन्छ ।

१३८. सत्संग गर्नेको व्यावहारिक जीवन पनि सुखी र सन्तोषी हुन्छ ।

१३९. सत्संगको अभ्यास भएमा आफूले आफूलाई चिनिन्छ र जीवनमुक्त बनिन्छ ।

१४०. विषयको चिन्तन भएन कि आत्म चिन्तन, ईश्वर चिन्तन वा ब्रह्म चिन्तन स्वतः भई हाल्दछ ।

१४१. गर्भमा बसेको बालक जन्मेपछि के खाने होला भनी चिताउँदैन तापनि ऊ जन्मनासाथ आमाका स्तनमा स्वतः दुध भरिन्छ । त्यही दुध खाएर ऊ बाँच्दछ ।

१४२. चिताएर इष्ट कुरा थपिने र अनिष्ट कुरा घट्ने होइन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४३. जगत्लाई जति जाने पनि आफूलाई जानेका छैन भने आत्यन्तिक लाभ हुँदैन ।

१४४. चरित्र कमजोर छ भने जतिसुकै शास्त्रको अध्ययन गरेको भए पनि निरर्थक हुन्छ ।

१४५. आजका विद्यार्थी, शिक्षक, अभिभावक, प्रशासक, नेता, कार्यकर्ता, जागरुक नागरिक, नीति निर्माता सबैले शिक्षाको लक्ष्य र उपयोगिताका विविध पक्षमा गहिरिएर वास्तविक कुरा थाहा पाउनु जरुरी छ ।

१४६. आफू जत्तिको प्यारो, उद्धार गर्न योग्य, सुखको भण्डार अरू कुनै छैन ।

१४७. वेदान्तले विकास नगर भन्दैन जोगी बन्नु संसार त्याग्नु अनि घरबार छोड्नु, निष्क्रिय बन्नु, अल्छी भएर बस्नु वेदान्तको लक्ष्य होइन ।

१४८. चरित्र बाहिर नाङ्गो आँखाले देखिने कुरो होइन । यो त बिलकुल आन्तरिक, मानसिक र बौद्धिक कुरो हो ।

१४९. शान्तिको भाषण गर्ने प्रवक्ताले शान्तिको अनुभव गरेको हुनु पर्छ । शान्ति-सन्धिमा हस्ताक्षर गर्न आफू शान्त हुनु पर्छ ।

१५०. विचार प्रधान जीवन पाएर पनि चिन्तारूपी कालो सर्पले डसिएर बाँच्नु त मर्नु नै हो ।

१५१. यस धरतीमा गरिब हुन, दुःखी हुन, रोगी हुन कोही पनि चाँहदैनन् तापनि भइरहेकै छन् । त्यति मात्र होइन कोही पनि मर्न चाहँदैनन् तापनि मरी रहेका छन् । त्यसकारण चिन्ता गरेर हुने होइन रहेछ, जुन हुनु छ, त्यो हुन्छ हुन्छ; जो हुनु छैन त्यो हुँदैन, हुँदैन ।

१५२. लोभी कुकुर हाडको टुक्रा टोक्ता-टोक्ता आफ्नै गिजाबाट आएको रगतलाई हाडबाट आएको भनी ठान्दछ र टोकी रहन्छ ।

१५३. आफ्नो प्रारब्ध भोग गर्नु पर्दछ । व्रह्माजीले पनि त्यसलाई मेट्न, मेटाउन सक्तैनन् ।

१५४. संसारमा आफूलाई पाहुना वा परदेशी बटुवा मानी आनन्दसँग बास बस एक रात, भोलिपल्ट हाँसी-हाँसी जाऊ आफ्नो गन्तव्य व्रह्मपदमा ।

१५५. त्यागी भन्नाले जोगी, सन्न्यासी घरबार छोडेर हिंडेका मानिसलाई मात्र लिनु हुँदैन । एक जना विद्यार्थी पनि त्यागी हो ।

१५६. वास्तवमा आनन्दको अनुभव पनि हुन्छ त्यागमा नै । गरिबलाई दिएको दानमा, रोगीलाई गरेको उपचारमा, अज्ञानीलाई गरिएको ज्ञानोपदेशमा अनन्त आनन्दको अनुभव हुन्छ ।

१५७. जगत् बनाउनका लागि चाहिँदैन । वेदान्तको काम जगत् बनाउनु पनि होइन ।

१५८. खरायोको सिङ भनियो भन्दैमा यसलाई साँचो मान्न सकिन्न । ठिक त्यस्तै जगत् पनि शब्दमा मात्र छ । परमार्थिक रूपमा नभएकै ठहर्छ । त्यसैले जगत् हो ख्याल-ख्याल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५९. म आफूलाई राम्ररी जान्दछु, चिन्दछु अनि मदेखि भिन्न सारा वस्तुलाई पनि म नै जान्दछु, प्रकाश गर्छु । म चैतन्य हुनुको लक्षण यही नै हो । म छु कि छैन भनी सिद्ध गर्न अरूको आवश्यकता छैन र अरूसँग सोध्नु पनि पर्दैन ।

१६०. ज्ञान असाध्य सजिलो छ, ज्यादै नजिक छ । बुझ्नु, थाहा पाउनु, अनि हुनु नै ज्ञान हो ।

१६१. आफूतिर फर्के परमात्मा मात्र हो र जगत्तिर फर्के माया मात्र हो ।

१६२. शरीरलाई जहाँ पनि लैजानु, इन्द्रियले निस्फिक्री भोग गर्नु, मनले मन परी गर्नु र बुद्धिको पछि लाग्नुलाई व्यवहारमा वाक् स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, लेखन स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता र आर्थिक आदि स्वतन्त्रता भनिन्छ । आध्यात्मिक चिन्तकहरू आत्माको स्वतन्त्रतासम्म पुगेका छन् ।

१६३. सच्चा देशसेवकको चित्त शुद्ध हुन्छ ।

१६४. देशप्रेमभित्र महान् त्याग लुकेको हुन्छ ।

१६५. जताततै अन्याय, अशान्ति, उपद्रव मच्चिनु र क्याम्पस त्यस्तो प्रवृत्तिको अखाडा बन्नु राम्रो होइन । यस्तो अवस्था लम्बिनु हुँदैन । यो रोकिनु पर्दछ ।

१६६. धनसम्पत्ति, मानमर्यादा, पदप्रतिष्ठा, सानसौकत, भोगविलासको सम्पन्नतामा अजेय किल्ला काबुमा राख्नेहरू पनि निरुपाय भई कालका गाँस बन्न बाध्य हुन्छन् ।

१६७. भित्री मनको चाहना जस्तो छ बाहिरी संसारको वातावरण सधैंभरि त्यस्तै बनी रहोस् भन्ने कामना गर्नु जसको पनि मनोवैज्ञानिक प्रवृत्ति हो ।

१६८. ब्रह्मतत्त्व वा परमतत्त्व जानेर परमात्मामा लीन हुन सक्नु नै जीवनको उपलब्धि हो ।

१६९. सारा ज्ञान, आध्यात्मिक उपदेश, ब्रह्म साधकको मार्ग निर्देशनले चैतन्य स्वरूप ईश्वरको उपासना वा आराधना गर्ने सल्लाह दिन्छन् ।

१७०. भौतिक धन नासिन्छ, मासिन्छ, चोरिन्छ, लुटिन्छ, पोलिन्छ, गल्छ, कुहिन्छ, ढुसी पर्छ, सिद्धिन्छ, रित्तिन्छ, टुक्रिन्छ र भुत्रिन्छ । यो पाइँदा सुरक्षाको डर हुन्छ र असन्तोषले घेर्दछ । आध्यात्मिक धन भने कहिल्यै नासिँदैन, कहिल्यै मासिँदैन । यसको प्राप्तिबाट अखण्ड आनन्द मिल्दछ र कुनै पनि कुराको डर हुँदैन । त्यसैले अविनाशी, शाश्वत, सनातन, कल्याणकारी, अखण्ड, आनन्ददायक अक्षयकोष आध्यात्मिक अक्षयकोष नै हो । यस्तो कोष स्थापना गर्नु नै बुद्धिमानी हो ।

१७१. त्यस्तो व्यवहार गर जस्तो व्यवहार तिमी अरूले गरोस् भन्ने चाहन्छौ ।

१७२. हाँस्दै गरेको बालक र खोक्दै गरेको बुढोलाई नेपाली समाजमा घरको सौन्दर्य भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७३. अनुभवी, परिपक्व, विचारवान्, चरित्रवान्, संरक्षक, ज्ञानवान्, उपदेशक, विज्ञ, पण्डित नै वृद्ध हो, अभिभावक हो । वृद्धलाई सम्मान गर्नु भनेको त्यस्तै व्यक्तिलाई सम्मान गर्नु हो ।

१७४. पूर्व जन्ममा अशुभ कर्म गरेकै भए पनि यस जन्मको शुभ कर्मले पुरानो पाप, चिन्ता, दुर्व्यवहारलाई धोई पखाली गर्दछ र नयाँ शुभ व्यवहारका लागि प्रेरणा दिन्छ ।

१७५. पढेर फस्ने चाहिँ झन् महामूर्ख भयो । पढ्नु त विषय सुखका लागि हो भन्ने कुरा दुःखको हेतु रहेछ । पढ्नु भनेको त कुरा बुझ्नका लागि हो नत्र पढेको के लाभ ?

१७६. पाँच रुपियाँ पाइने अवस्था भए साधारण मानिस उतै लाग्छन् । विशेष मान्छे सत्सङ्गका लागि पाँच लाख रुपियाँ पनि छोडिदिन्छन् ।

१७७. जगदम्बा आमा, भगवान् शंकर बाबु, सबै प्राणी नै बान्धव, चेतन शक्ति नै चोला, धरती र आकाश नै घर, तारागण नै छाना, सृष्टि नै संसार, ब्रह्म नै जाति, मानव जीवन नै आश्रम, ईश्वरको लीला नै क्रियाकलाप, कर्म नै सेवा, चित्त नै चारै धाम, चिन्तन नै जागिर, ध्यान, कीर्तन, समाधि र ईश्वरको चर्चा नै काम, सत्संग गर्नु नै खेती, हरिको नाम संकीर्तन गर्नु नै बिउ छर्ने काम, अनाम नै नाम, अजन्मा हुनु नै जन्म, अमरता नै रूप, सच्चिदानन्द नै स्वरूप, आत्मा नै निजी परिचय हो ।

१७८. जीवन र जगत्को मर्म बुझ्नेहरू राम बटुल्नु भनेको सार तत्त्व बटुल्नु हो भने भौतिक सम्पत्ति संग्रह गर्नु भनेको फोहर संग्रह गर्नु हो भन्दछन् । त्यसैले उनीहरू जीवनभरि राम जम्मा पार्दछन्, कृष्णको संकलन गर्दछन्, शिव बटुल्दछन्, विष्णुलाई साँच्दछन्, परमात्माको खोजी गर्दछन्, ज्ञान सोहोर्दछन् र तृप्तिको अनुभव गर्दछन् । मान मिलोस् कि अपमान उनीहरूलाई परवाह हुँदैन ।

१७९. सरस्वतीका उपासकले कहिल्यै पनि अन्याय गर्दैन र अन्याय सहन पनि सक्तैन । त्यस्तो व्यक्ति भावुक हुन्छ ।

१८०. अध्यात्मपरायण सज्जन देशभक्त हुन्छ र विवेकी हुन्छ । समाज, देश र विश्वको सेवा गर्नु नै त्यस्तो व्यक्तिको धर्म हुन्छ ।

१८१. नेपोलियनले असल आमाबाट असल नागरिक र असल देश बन्ने कुरा बताएका छन् ।

१८२. संविधानको घेराभन्दा बाहिर कुनै पनि कानुन नरहे जस्तै दर्शनबाट भिन्न रहेर कुनै पनि साहित्य बन्दैन ।

१८३. अरूलाई बाधा नपारी विधिपूर्वक, न्यायपूर्वक, शान्तिपूर्वक बाँच्ने र बचाउने व्यवहार मनुष्यले अपनाउनै पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८४. सुनचाँदी, हीरामोती, माणिमाणिक्य, खेतबारी, पैसा आदिभन्दा निकै ज्यादा मूल्यवान् चरित्र धन नै हो ।

१८५. चरित्रवान् व्यक्तिको शिर सदा ठाडो हुन्छ । उसले कसैका अगाडि शिर निहुराउनु पर्दैन । ऊ जोसित पनि आँखामा आँखा जुधाएर स्पष्ट कुरा गर्न सक्तछ । उसको व्यक्तित्वका सामु सबै जना नतमस्तक हुन्छन् । ऊ कुनै पदमा रहे वा नरहे पनि उसले पाउने मान मर्यादा कसैको भन्दा कम हुंदैन । यी सबै कारणबाट उच्च जीवन भनेको उच्च चरित्र हो र चरित्र भएकै व्यक्तिको जीवन नै साँचो अर्थमा जीवन हो ।

१८६. नारीको हँसिलो उज्यालो अनुहार, प्रसन्न हृदय, उदार चरित्र, त्यागमय जीवन, धैर्यशील व्यवहार, वात्सल्यपूर्ण भाव, शान्त र सौहार्दयुक्त आचरणले सारा विश्व नै प्रभावित भएको पाइन्छ । यस्तो व्यवहारमा हिन्दू नारीहरू अझै अगाडि देखिन्छन् ।

१८७. सदाचार, परोपकार, दया, अहिंसा, सेवा, त्याग, अक्रोध, परमात्मामा भक्ति जस्ता भाव र व्यवहारको अर्को नाम नै मानवता हो ।

१८८. आफू जस्तै अन्य प्राणीलाई पनि सम्झनु, सबैप्रति समभाव राख्नु, आफू बाँच्नु र अरूलाई बचाउनु, दुःखकष्टमा परेकाको उद्धार गर्नु, आफूलाई मन नपर्ने व्यवहार अरूप्रति नगर्नु, अज्ञानरूपी अन्धकार हटाउनु र सर्वत्र ज्ञानको ज्योति फैलाउनु नै सनातनी हुनु हो ।

१८९. हामी श्रुतिलाई आमा भन्छौं, गायत्रीलाई आमा भन्छौं, गाईलाई आमा भन्छौं, गङ्गालाई आमा भन्छौं, गीतालाई आमा भन्छौं, धरतीलाई आमा भन्छौं, मातृभूमिलाई आमा भन्छौं भने हामी आमा भनेर जन्मन्छौं अनि आमाको महिमा बुझेर आ...मा भनेर मर्छौं ।

१९०. एकै छिनको प्रलोभन र वासनामा फसेर, एकै दिनको काण्ड र घटनामा अल्झिएर चरित्रलाई समाप्त नबनाउनु हाम्रो पुरुषार्थ हो, महात्ता हो ।

१९१. शुद्ध आचरण र सदाचार नै सर्वश्रेष्ठ धर्म हो । चरित्रभित्र, सदाचारभित्र सबका सब धर्म अटाउँछन् । सदाचारका प्रति कसैले शङ्का गर्ने ठाउँ छैन ।

१९२. हामी त धरतीका पूजारी हौं चन्द्र, सूर्यका उपासक, नदीका पूजक, पहाडका सेवक अनि हिमालयका त साक्षात् भक्त नै हौं ।

१९३. हामी गाईलाई आमा सरह मान्दछौं । यद्यपि गौचरण मासिँदै छन्; गाई पाल्नेहरू घट्दैछन् तथापि गाई, गाई नै हुन्, माई, माई नै हुन् ।

१९४. शिक्षा ज्ञान हो, आलोक हो, उज्यालो हो । अज्ञान वा अविद्या वा अन्धकारको निर्मूलन गर्नु नै शिक्षाको वास्तविक उद्देश्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९५. बाबुआमा भन्न थाली सके– "सन्ततिहरू केटाकेटीमा मर्लान् भन्ने डर, जवान भएपछि मार्लान् भन्ने डर ।" गुरुहरू भन्न थाले– "कक्षामा मात्र हैन विद्यालयमै जान डरलाग्दो स्थिति आई सक्यो ।" सरकारलाई डर भई सक्यो– "विद्यालय महासरस्वतीको मन्दिर नभएर महाकालीको मन्दिर बन्न लाग्यो" ।

१९६. हाम्रा पूर्वजहरू पनि शान्ति खोज्दथे, शान्त थिए । जीवनको सर्वोच्च उपलब्धि हो शान्ति ।

१९७. बजारमा शान्ति किनबेच हुँदैन, देशमा आयातनिर्यात हुँदैन, विश्वमा घटाघट हुँदैन । फोसामा शान्ति पाइँदैन पनि । याचकले मागेर दाताले दिने विषय पनि त शान्ति होइन ।

१९८. सम्पूर्ण शास्त्रहरूले एकै स्वरले, मुक्त कण्ठले हाम्रै चरित्र निर्माणका गीतहरू गाएका छन् ।

१९९. निर्धन भए तापनि चरित्र जोगाउने ठुला हुन् तर चरित्र नष्ट बनाएर धन जम्मा गर्नेहरू न त ठुला हुन्छन् न त सुखी नै ।

२००. शिक्षाको मर्म हो पढेका कुरा जीवनमा उतार्नु हो ।

२०१. रोगी, दुःखी, अपाङ्गहरूलाई छि..छि..दूर..दूर..गर्नु त अमानवीय मात्र होइन दानवी एवं पाशविक भाव प्रदर्शन गर्नु हो ।

२०२. हुनेले नहुनेलाई बाठाले लाटालाई, सक्नेले नसक्नेलाई, धनीले गरिबलाई, बलियाले निर्धालाई सहयोग नगरे कसले गर्छ त ?

२०३. जतिसुकै कुरूप भए पनि मेरा लागि म राम्रो अनि जतिसुकै रोगी र गरिब भए पनि, अशिक्षित र अहंकारी भए पनि मेरो लागि म जत्तिको प्यारो वस्तु अर्को छँदै छैन र म सबैभन्दा प्यारो हुन्छु ।

२०४. जस्तो भोजन हुन्छ, त्यस्तै शरीर बन्छ त्यस्तै नै मन बन्छ, अनि त्यस्तै नै बुद्धि बन्छ ।

२०५. माटोबाट बनेका घैंटा, गाग्रा, घ्याम्पा, अटल, गमला आदि माटै मात्र हुन् । पहिले पनि माटै मात्र थियो, पछि माटै मात्र बाँकी रहन्छ ।

२०६. अत्यन्त गम्भीरतापूर्वक विवेक र विश्लेषण गर्ने हो भने चित्तको प्रसन्नता आन्तरिक कुरो हो, यसमा बाह्य वस्तुको कुनै भूमिका हुँदैन ।

२०७. काल आउनु अनिवार्य नियम हो तर उसले ज्यान लिन सक्तछ प्राण लिन सक्तैन । ज्यान आफ्नो होइन प्राण बिरानो होइन ।

२०८. गुरुलाई देवता मानेमा, चोरी नगरेमा, स्वधर्मको पालन गरेमा, आफूलाई सच्चिदानन्द स्वरूप ब्रह्म ठानेर कर्तव्य पथमा सक्रिय रहेमा धर्माचरण गरेको ठहरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०९. धर्म र संस्कृति भनेको देश र जनताको पहिचान हो । यसको अभावमा परिचय नासिन्छ, मौलिकता समाप्त हुन्छ, निजत्व बाँकी रहँदैन र सम्पूर्ण हिसाबबाट अस्तित्वहीन भइन्छ । यो साहित्य, कला, चिन्तन, व्यवहार, भाषा, भेष, खानपान, साजसज्जा जस्ता अनेकौं कुरासित सम्बद्ध हुन्छ । देश भौतिक रूपमा देखिने ढुंगा, माटो, खोलानाला, पहाड, भौगालिक सीमा जस्ता आकारमा मात्र अटाएको हुँदैन । यसको पोषण तथा संवर्द्धन धर्म र संस्कृतिबाट नै हुन्छ । धर्म र संस्कृतिको गूढ अर्थप्रतिको उदासीनताका कारण नेपालमा हालका दिनमा जातीय विद्वेष, सामाजिक अशान्ति र अस्थिरता बढेको देखिन्छ ।

२१०. धर्म र संस्कृतिले कहिल्यै पनि कसैसित विद्वेष, झगडा, निषेध, बहिष्कार, घृणाको व्यवहार गर्दैन । यसले त विश्वलाई नै एउटा परिवार मान्दछ र सारा प्राणीलाई एउटै परिवारका सदस्य ठान्दछ ।

२११. पैसाको लालच देखाएर धर्म परिवर्तन गराउने रोग नेपाली समाजमा पसेको छ । यस रोगले कसैको पनि हित गर्दैन ।

२१२. असली अनुसन्धान भनेको आत्मानुसन्धान हो । म के हुँ, मेरो कर्तव्य के हो, मेरो शक्ति के हो, म के गर्न सक्तछु, मैले धरतीमा जन्मनुको कारण के हो, मैले जीवनमा के गर्नु पर्दछ, मैले लिनु पर्ने लाभ के हो भन्ने अनेक प्रकारका प्रश्नको खोजी गर्नु नै असली अनुसन्धान हो ।

२१३. कर्तव्यनिष्ठ बनेर कर्म गर्नु नै योगी बन्नु हो ।

२१४. सच्चरित्रता त्यहाँ हुन्छ जहाँ सत्य बोलिन्छ, हिंसा गरिंदैन, चोरी गरिंदैन, काम, क्रोध, लोभ, मोहादि दुर्गुणबाट टाढा बसिन्छ, समस्त प्राणीको हित हुने काम गरिन्छ, निष्कपट भावले व्यवहार गरिन्छ, परोपकारी भइन्छ, परमात्माप्रति भक्ति र श्रद्धा राखिन्छ, शास्त्रहरूले बताएको धर्मको अनुसरण गरिन्छ, अनुशासित भइन्छ, संयम अपनाइन्छ, विनम्र बनिन्छ र इमानदार भइन्छ । यिनै कुरा बोली, व्यवहार तथा मनमा राख्नु नै चरित्रवान् हुनु हो ।

२१५. नेतृत्व लिने, शासनसत्तामा बस्ने र अभिभावकत्व ग्रहण गर्ने व्यक्तित्वको चरित्रमा खोट लगाउन सकिने ठाउँ रहनु हुँदैन ।

२१६. लोभ र पाप नभएको व्यक्ति नै निर्भीक र स्वाभिमानी हुन सक्तछ ।

२१७. चरित्रमा दाग लाग्यो भने अरू सबै कुरा स्वतः समाप्त हुन्छन् ।

२१८. चरित्र वनाउन निकै समय लाग्दछ तर चरित्र भ्रष्ट हुन अलिकति पनि समय लाग्दैन ।

२१९. देशभक्त, इमानदार, चरित्रवान् व्यक्तिको सम्मान राष्ट्रिय स्तरबाट हुनु पर्दछ किनभने त्यस्तै चरित्रबाट देशको उन्नति हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२२०. आमा, बाबु, पति, पत्नी, छोरा, छोरी, इष्टमित्र, नातेदार, धनसम्पत्ति, नाम, कीर्ति, पद, प्रतिष्ठाप्रतिको प्रेमले व्यक्तिलाई निकै प्रभाव पार्दछ । त्यस्तो प्रेमले मनमस्तिष्कलाई हर बखत रन्थनाएको हुन्छ । वास्तवमा त्यस्तो प्रेम वासना हो प्रेम होइन ।

२२१. ब्रह्मतत्त्वमा प्रेम गर्न थाल्यो भने परमार्थको आसिक बनियो भने, सच्चिदानन्द स्वरूप ज्ञानको भक्त भइयो भने कहिल्यै नघट्ने प्रेम प्राप्त हुन्छ । त्यस्तो प्रेम बढ्यो भने प्रेमी र प्रियतममा अनन्य भाव, अद्वैत भाव, सेवाको भाव र समर्पणको भाव दिनानुदिन बढ्दै जान्छ कहिल्यै घट्दैन ।

२२२. मासुको आहारबाट मान्छेलाई हानि हुन्छ । मासु खाने प्राणीले लामो जीवन पाउँदैन ।

२२३. भोज्य पदार्थ मुख, आँखा, नाक, कान, छाला र मनबाट पनि शुद्ध मानिएका खण्डमा मात्र अन्तःकरणको शुद्धि हुन्छ ।

२२४. हिंसाबाट उपलब्ध हुने मांसाहारमा मुख, आँखा, नाक, कान, छाला र मनमध्ये केहीले मात्र रुचि राखेका हुन्छन् सबैले रुचि राखेका हुँदैनन् । त्यसैले त्यस्तो भोजन शरीरका लागि घातक हुन्छ ।

२२५. शाकाहार नै उत्तम भोजन हो ।

२२६. कसैले पनि आफूलाई असमर्थ र कमजोर ठान्नु हुँदैन । लाग्ने नै हो भने नसकिने भन्ने कुरा केही छैन ।

२२७. अध्यात्म विद्यालाई पराविद्या, मधुविद्या, ब्रह्मविद्या आदि नामले पनि पुकारिन्छ । यी सबैले अविनाशी, अद्वैत, ब्रह्मवस्तुको साक्षात्कार गराउँछन् ।

२२८. हिजोआज सर्वत्र मानवाधिकार, स्वतन्त्रता, प्रजातन्त्र र गणतन्त्रको व्यापक प्रचारप्रसार सुनिन्छ तर मानव कर्तव्यको कतै पनि, विश्वको कुनै कुनामा पनि संकेतसम्म पनि, नामोच्चारणसम्म पनि गरेको पाइँदैन ।

२२९. समता परमात्माको स्वरूप हो । परमात्माका राज्यमा, परमात्माका सृष्टिमा, परमात्माका दरबारमा असमता हुँदैन ।

२३०. घुसबाट आएको घिउ, अर्कालाई रुवाएर उठाएको कर या बालीबाट आर्जन गरिएको धन अन्त्येष्टि कर्मको एघारौंको दानमा खर्च गरियो भने पुण्य हुनको सट्टा उल्टै शरीर, मन आदिमा अशान्ति हुने कुरा स्पष्ट छ ।

२३१. प्रेम कहिल्यै, कुनै प्रकारले पनि घट्दैन । प्रिय वा प्रेमास्पदमा कहिल्यै, कुनै प्रकारको अन्यथा, विकारी भावना आउँदैन । प्रेमको रस कहिल्यै बासी हुँदैन र प्रेममा कहिल्यै पुग्यो, अब चाहिँदैन भन्ने हुँदैन । प्रेममा कहिल्यै डर हुँदैन ।

२३२. स्वाद लिएर फल खानेको नाम हो जीवात्मा र हेरी मात्र रहनेको नाम हो परमात्मा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३३. मासु खाने मांसाहारी बाघ, चितुवा, सिंह, स्याल, कुकुर, गिद्ध आदि क्रोधी, हिंस्रक र आक्रामक हुन्छन् । मासु नखाने शाकाहारी गाई, खरायो, हरिण, परेवा, सुगा आदि शान्त र सौम्य स्वभावका हुन्छन् ।

२३४. सूर्योदय हुनासाथ अन्धकार हट्‌दछ तर सूर्योदय हुनका लागि पनि पूर्व फाट्नु पऱ्यो, उज्यालो हुनु पऱ्यो, अरुणोदय हुनु पऱ्यो । सूर्यको उदय पनि एकैचोटि त हुँदैन । त्यस्तै हो ज्ञानको अवस्था पनि ।

२३५. जन्मदादेखि नै कोही पनि विद्वान्, ज्ञानी, अध्यात्मप्रिय, सन्त, साधु, दार्शनिक वा वैज्ञानिक भएका हुँदैनन् ।

२३६. घर बाधक हुँदैन; घरको आसक्ति बाधक हुन्छ । त्यस्तै संसार बाधक हुँदैन; संसारको आसक्ति बाधक हुन्छ ।

२३७. जसको मन शान्त छ, ऊ घरमा बसोस् वा बनमा बसोस्, केही फरक पर्दैन ।

२३८. संसार सुन्दर छैन, तिम्रो देश सुन्दर छैन, तिमी सुन्दर छैनौ होला तर यी सबैलाई यस्तो बनाउने परमात्मा सुन्दर हुनुहुन्छ ।

२३९. पैसाका लागि पाप नगर अनि यश कमाउन पैसा खर्च नगर ।

२४०. सक्तैनौ भने पुण्य नगर; सक्छौ भने पाप नगर ।

२४१. तिमी संसारमा बस तर मनमा संसारलाई नराख ।

२४२. दुर्जनले संसारमा कोही साधु, सन्त र सज्जन नदेखे झैं साधु, सन्तहरू संसारमा सज्जनै सज्जन मात्र देख्तछन्, दुर्जन देख्तै देख्तैनन् ।

२४३. परमात्माका अगाडि शरीरबल, मनोबल, इन्द्रियबल, बुद्धिबल, धनबल, जनबल आदिभन्दा पनि परको प्रेमबल सबभन्दा बलियो ठहरिन्छ ।

२४४. मनुष्य शरीरलाई देखेर देवताहरू पनि चुक्चुकाउँछन् रे ! त्यसैले यो शरीर देवताका लागि पनि अत्यन्त दुर्लभ छ ।

२४५. तपस्याको सम्पूर्ण शक्ति प्रयोग गरे पनि विश्वामित्रले नसकेको र वसिष्ठले सत्संगको शक्ति प्रयोग गर्दा पृथिवी उठाउन सकेको घटना प्रसिद्ध छ । त्यसपछि तपस्याभन्दा ठुलो सत्संग हो भन्ने कुरा सत्य सिद्ध भएको थियो ।

२४६. जन्मँदै मायाका बन्धनबाट सर्वथा मुक्त भएका हनुमान्‌ले बाल्य कालमा भगवान् रामको कथा सुनेका थिए । सूर्यबाट वेद, वेदांग र वेदान्त अध्ययन गरेका यिनी बुद्धि, ज्ञान, पराक्रम, सदाचार, भक्ति, ब्रह्मचर्यमा उदाहरणीय बन्नका साथै व्याकरणका ज्ञाता, विचारशील, तीक्ष्ण बुद्धि, संगीतज्ञ, गायक थिए । यिनले आफूलाई शरीरका दृष्टिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् रामको दास, आत्माका दृष्टिले राममय, परमार्थका दृष्टिले परमार्थमय भएको कुरा अघि सार्दै राम र आफूमा भिन्नता नभएको कुरा बताएका थिए । दास्य भावबाट भक्तिको पराकाष्टामा पुगिने, त्यसबाट ज्ञान प्राप्त हुने र ज्ञानबाट परमार्थ लाभ हुने कुरा यिनले गरेर देखाएका थिए ।

२४७. आकाशबाट वायु, फुलबाट सुगन्धि, तिलबाट तेल, रसबाट माधुर्य, आगोबाट तातो, चन्द्रमाबाट शीतल अलग हुन नसके जस्तै परमात्माबाट प्राणी अलग हुन नसक्ने कुराको बोध उनलाई भयो । आफूदेखि अभिन्न ठानेर विचार गर्दा नारायण र आफूमा भिन्नता नभएको कुरा पनि उनले बुझे । आत्मचिन्तनको अभ्यास गर्दै जाँदा प्रह्लादमा परमतत्त्वको ज्ञान भयो ।

२४८. मोक्षको कुनै गाउँ वा कुनै लोकमा निवास छैन । अज्ञानले बनाएको शरीराध्यासरूपी गाँठो फुस्क्यो कि मोक्ष भई हाल्यो ।

२४९. प्रशंसामा हर्षित हुने, निन्दामा रिसाउने त अज्ञानीको लक्षण हो । जीवनमा सुखी र मरणमा दुःखी हुने त संसारी हो, अज्ञानी हो ।

२५०. नदीनालाहरूको अन्तिम लक्ष्य समुद्र नै हुन्छ र बाटामा जतिसुकै हल्लाखल्ला, खैलाबैला, बाधाव्यवधान भए पनि सबै नदीनाला महासागर वा समुद्रमा पुगेपछि मात्र विश्राम लिन्छन् ।

२५१. संसारमा रहेका करोडौं व्यक्तिले एकेक वटा क्षेत्रमा समर्पित भएर समाज सेवा गरे भने यो लोक स्वतः समुन्नत बन्न सक्तछ ।

२५२. ईश्वरको नाम जप्दा ख्याल गर्नु पर्ने कुरा के हो भने मनोयोग लगाएर आँखा चिम्ली हृदयको सिंहासनमा ईश्वरलाई विराजमान गराउनका साथै तिनको दिव्य मूर्ति र विशिष्ट लीलाको कल्पना गर्नु पर्दछ । त्यस्तो जपले मनमा ईश्वरको स्वरूप तथा योगदान परिकल्पित गराई जप गर्ने व्यक्तिलाई सन्मार्गतिर लाग्न अभिप्रेरित गर्दछ ।

२५३. बत्ती बाल्नु भनेको ज्ञानको ज्योति फैलाउनु हो र दिव्य प्रकाशबाट वातावरणलाई आकर्षक बनाउनु हो ।

२५४. आध्यात्मिक साहित्यले चित्तवृत्तिलाई सांसारिक बन्धनबाट टाढा राखी चैतन्यसित साक्षात्कार गराउनमा अभिप्रेरित गर्दछ ।

२५५. आमा र जन्मभूमि बराबर अपनत्व पाइने ठाउँ अन्यत्र कहीं छैन ।

२५६. फुलहरूले आफ्नो सौन्दर्य र बास्नाको प्रचार नगरे जस्तै गुणीहरू आफूलाई कहिल्यै पनि गुणी भन्दैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५७. बलेको बत्तीको शक्ति नजान्दा पुतली जलेर मरेको र सो शक्तिको प्रभाव जान्दा विद्यार्थीले पुस्तक पढी ज्ञान आर्जन गरेको अवस्था जस्तै कुनै पनि कुराको शक्ति जानियो भने ज्ञान पाइने र जानिएन भने ज्यान जाने स्थिति उत्पन्न हुन सक्तछ ।

२५८. ज्ञान, रूप र अनुभवमा भिन्नता भए पनि तोते बालक र थोते वृद्ध समान हुन्छन् ।

२५९. फुल खाने किरा पनि भगवान् शंकरको शिरमा पुगे जस्तै महान् व्यक्तिको संगत गर्नेहरू ठुलो ठाउँमा पुग्दछन् ।

२६०. ऋषिहरूका आश्रममा सिंह र मृग घनिष्ट मित्र बनेर एकसाथ रहन्छन् ।

२६१. आँटी व्यक्ति सगरमाथामा पुग्न सफल भए जस्तै उद्योग गर्ने व्यक्तिको बुद्धि र वैभव स्वाभाविक रूपमा बढ्दछ ।

२६२. कुन्ती र पाण्डवले जस्तै दुःखलाई पनि ईश्वरकै अनुकम्पा ठानेमा कहिल्यै दुःख हुँदेन ।

२६३. रक्षक नै भक्षक तथा शासक नै शोषक भएमा देशको दुर्भाग्य मात्र होइन सृष्टि नै समाप्त हुन्छ ।

२६४. दुष्टले दुष्टता जस्तै सन्तहरूले उपकार गर्न कहिल्यै छोड्दैनन् ।

२६५. दृष्टि राम्रो भएमा सारा सृष्टि सुन्दर देखिन्छ ।

२६६. स्वार्थको त्याग नगरेसम्म शान्ति र मंगल हुँदैन ।

२६७. उनै नेता कुनै समय मन्त्री बनेका र कुनै समय जेलमा थुनिएका देखिए जस्तै सधैँभरि घाम लागी रहँदैन र बादल पनि छाई रहँदैन ।

२६८. सर्प, सिस्नु र वनमारा फाले पनि फैलिए जस्तै ईश्वरले संरक्षण दिएको छ भने कसैलाई पनि फाल्दैमा फाल्न सकिँदैन ।

२६९. धूर्तहरूले गर्ने राजनीतिमा छल र भ्रम बाहेक केही हुँदैन ।

२७०. बुझेमा वेद ज्ञान र नबुझेमा कोरा कागज वा सामान्य कुरा ठानिए जस्तै जान्नेले भगवान् कृष्णलाई बालगोपाल र नजान्नेले गोठालो ठान्दछन् ।

२७१. हिउँमा पैदल हिँडेर वा बसमा चढेर पुगे पनि मुक्तिनाथ पुग्नु नै गन्तव्य भए जस्तै योग र ज्ञान त मोक्ष प्राप्त गर्ने साधन मात्र हुन् ।

२७२. ज्ञान लिन जानेमा पृथिवी, आकाश, सूर्य, बालक, वृद्ध आदि सबै गुरु हुन सक्तछन् ।

२७३. समताको भाव भएमा शत्रु पक्ष पनि मित्र पक्ष बन्दछ ।

२७४. लटरम्म फलेका वृक्षका हाँगा झुके जस्तै शान्त र शीतल स्वभाव भएका सज्जनहरू सदा विनम्र हुन्छन् ।

Prof: Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७५. फुलले बास्ना दिन्छ तर प्रशंसाको खोजी भने गर्दैन ।

२७६. वृक्ष र नदीको जीवन नै दिव्य र सेवामय छ ।

२७७. सेवा जुनसुकै नाम र रूपबाट गर्न सकिन्छ ।

२७८. सक्नेलाई जिम्मा दिएमा काम पूर्ण हुन्छ ।

२७९. व्यक्ति र समाजमा आमा र देशप्रति अवलम्बन गर्ने धर्मको ह्रास हुँदा अस्थिरता, अन्यौल, अशान्ति, अविश्वास जस्ता कुराको वृद्धि हुन्छ ।

२८०. शिक्षालाई प्रविधि र विद्यालाई ज्ञान भन्दा पनि हुन्छ । पराविद्याबाट आत्यन्तिक कल्याण हुने भएकोले पढाइ र सिकाइका प्रत्येक पक्षमा प्रविधिको ज्ञानका साथै परमार्थको ज्ञान पनि समावेश गर्नु आवश्यक छ ।

२८१. आध्यात्मिक ज्ञान भनेको आफूलाई चिनाउने र आफूलाई चिनेर बाँच्ने कला सिकाउने शास्त्र, सिद्धान्त, विद्या, बोध र चिन्तन हो । यस्तो ज्ञान संसारभरिका सबै उमेर समूहका पुरुष र महिलामा हुनु आवश्यक छ किनभने यसले रचनात्मक, शान्ति प्रदायक, कल्याणकारक सोच र व्यवहारतिर उन्मुख गराउँछ र व्यक्ति, परिवार, समाज, देश तथा विश्वमा सुख, एकता, समृद्धि, सन्तोष र खुसी फैलाउनमा मद्दत गर्दछ ।

२८२. साहित्य, संगीत, कला, संस्कृति, विज्ञान आदि जे पढे पनि ज्ञानमय, अध्यात्ममय, ब्रह्मविद्यामय, सच्चित्सुखमय, अखण्ड आनन्दमय विद्या जान्नु जरुरी छ ।

२८३. शक्तिको उपासनाबाट निरापद जीवन बिताउन सकिन्छ ।

२८४. विश्वास त हजाम, बस चालक, खाद्यान्न विक्रेता, चिकित्सक, बैंकका कर्मचारी आदि जीवनका प्रत्येक कार्यसित सम्बद्ध व्यक्तिमा गरिन्छ । विश्वास नगरेर गुजारा पनि चल्दैन तर आमा, बाबु, गुरु, देवतामा गरिने श्रद्धा भने तिनका प्रति हुँदैन । विशिष्ट श्रद्धा गरिने तत्त्व परमात्मा हो किनभने जीवनको सही गन्तव्य र प्राप्तव्य त्यो हो । अत्यन्त श्रद्धा गरिने आमा, बाबु, गुरु जस्ता व्यक्तिले पनि त्यसलाई नै श्रद्धापूर्वक गन्तव्य र प्राप्तव्य ठान्दछन् ।

२८५. स्वाध्याय ब्रह्मयज्ञ, जपयज्ञ, नित्य कर्म, धर्माचरण, आत्मानुसन्धान, परमात्माको उपासना भएकोले यस्तो काममा कहिल्यै आलस्य र उपेक्षा गर्नु हुँदैन ।

२८६. स्वाध्यायबाट अज्ञानको नाश, स्वरूप ज्ञानको प्राप्ति, सांसारिक बन्धनबाट मुक्ति, मोहको अन्त्य र ब्रह्म साक्षात्कार हुने भएकोले नित्य निरन्तर स्वाध्यायमा लाग्नु पर्दछ ।

२८७. पहाडका ढुंगा, नदीका पत्थर, समुद्रका किराका हाडलाई अनेक तरिकाले चम्काएर बहुमूल्य हीरा, मोती र मणि बनाए जस्तै सामान्य भौतिक शरीरको मान्छेलाई विविध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधि तथा प्रक्रिया अर्थात् योग, ध्यान, स्वाध्याय, जप, यज्ञ, त्याग, तपस्या, सत्संग, उपासना, पूजा आदिमा घोटेर सज्जन, साधु, सन्त, महात्मा, महान् बनाउने काम संस्कारले गर्दछ ।

२८८. भाँडालाई अनेक थरी उपायबाट माझेर टल्काउनु र मैलो लुगा प्रभावकारी रसायन प्रयोग गरेर सफा पार्नु जस्तै मानव जीवनलाई उच्च तहका क्रियाकलापले युक्त तथा सच्चरित्रले सम्पन्न बनाउनु संस्कारको काम हो ।

२८९. धर्म नै जगत्को आधार हो । यो रहेन भने जगत्को अस्तित्व पनि रहँदैन ।

२९०. आत्मचिन्तन, आत्मानुसन्धान, निर्गुण ब्रह्मको उपासना, संयमित जीवन, इन्द्रिय दमन, सात्त्विक परिमित भोजन आदिबाट आध्यात्मिक स्वास्थ्यलाई स्वस्थ तुल्याउन सकिन्छ । यसैबाट ब्रह्मलाभ हुन्छ ।

२९१. वैदिक ऋषिहरूले यस्तै शान्ति पाउनका लागि कठोर तपस्या गरेका थिए । अन्तःकरणको शान्ति र मोक्षलाई सनातन परम्पराले सही अर्थमा शान्ति मानेको छ ।

२९२. सूक्ष्म शरीरमा भने परिवर्तन आउँदैन । भौतिक देह जन्मँदा त्यो जस्तो थियो मर्दा पनि त्यस्तै रहन्छ । त्यो अजर छ र अमर पनि छ । शरीरभन्दा पनि मूल्यवान् सम्पत्ति आत्मा हो ।

२९३. दुःख भनेको पीडा, कष्ट, शारीरिक वा मानसिक क्लेश, वेदना, छटपटी, बाधा, व्याधि हो । शत्रु, मानच्युति, कुभार्या वा कुपति, कुग्रामवास, कुस्वामी, बहुकन्या, वृद्धत्व, परगृहवास, वर्षाप्रवास, बहुभार्या, कुभृत्य आदि विविध कारणबाट पनि दुःख हुन्छ । अझ विस्मृति वा भ्रम, प्रमाद, आगतको चिन्ता आदिले पनि दुःख पैदा हुन्छ ।

२९४. सबै प्रकारका दुःखबाट आत्यन्तिक मुक्तिका लागि प्रयत्न गर्नु पर्दछ । त्यस्तो प्रयत्न गर्नु भनेको ज्ञानको मा हिंड्नु र परमात्माको चिन्तन गर्नु हो । ब्रह्ममय, राममय, कृष्णमय, ज्ञानमय, परमात्ममय, आनन्दमय, निर्गुण निराकारमय बन्नु नै दुःखबाट सर्वथा उन्मुक्ति पाउनु हो ।

२९५. भोगले बिग्रेको छैन, भोगेच्छाले चाहिँ बरबाद पारेको छ ।

२९६. पानी देख्नेले तरङ्ग देख्दैन, तरङ्ग देख्नेले पानी देख्दैन ।

२९७. सुखी हुनका लागि धर्म चाहिन्छ । धन भए पनि पाप छ भने मान्छे दुःखी हुन्छ ।

२९८. वास्तवमा खोजेको कुरो र पाएको कुरो एउटै भए सुख हुन्छ ।

२९९. सुन्तलालाई कसैले स्याउ भन्यो भने उसले सुन्तलामात्र नचिनेको होइन स्याउ समेत चिनेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३००. भोगलाई शास्त्रले विरोध गरेको छैन । भोग त जनक, कृष्णमा पनि देखिएको छ तर भोग गरेर तिनीहरू बिग्रेनन् । भोगेच्छाले चाहिँ बरबाद पार्दछ । प्रारब्ध निखेपछि शरीर छुट्छ । प्रारब्ध रहुन्जेल कुनै नकुनै प्रकारको भोग भइरहन्छ ।

३०१. साधु महात्माहरू ओडारमा जीवन बिताउँछन् । उनीहरूसँग धन हुँदैन तर ज्यादै सुखी हुन्छन् । धर्म नभएकाले सम्पन्न मान्छे पनि दुःखी देखिन्छ । सुखी हुन धनीको होइन ईश्वरको सेवा गर्नु पर्छ । धन धनीको आश्रयमा रहन्छ भने सुख चाहिँ ईश्वरको आश्रयमा रहन्छ ।

३०२. ईश्वर रिसाए भने उनलाई प्रसन्न गराउने अनेक उपायहरू गुरुले देखाई दिन्छन् तर गुरु नै रिसाए भने उद्धारको अर्को बाटो छैन । यसकारण पनि गुरु अत्यन्त आदरणीय, अत्यन्त सराहनीय र अत्यन्त पूजनीय हुन्छन् ।

३०३. जमिन र अन्न कसैको पनि व्यक्तिगत सम्पत्ति हुँदैन । धन कुनै पनि व्यक्तिको हुँदैन र कन्या पनि कुनै व्यक्ति विशेषकी हुँदिनन् । त्यसो भए तिनको दान दिने अधिकार कहाँबाट प्राप्त हुन्छ ?

३०४. पशुले आफ्नो मात्र हित हेर्दछ तर मानवले आफ्नो र अरूको पनि हित हेर्नु पर्दछ । यही नै मानवता हो ।

३०५. याज्ञवल्क्य ऋषिले पत्नी मैत्रेयीलाई ज्ञान दिएकाले पति गुरु भए । रानी चूडालाले आफ्ना पति राजा शिखिध्वजलाई ज्ञान दिएकीले पत्नी गुरु भइन् । जसले ज्ञान दिन्छ त्यही गुरु हो ।

३०६. दत्तात्रेयले चौबिस गुरु माने । अन्त्यमा पच्चिसौं गुरु उनले आफ्नै शरीरलाई माने । वैदिक सनातन धर्म अनुसार गुरुबाट ज्ञान लिने परम्परा चल्दै आएको छ ।

३०७. फुलमा भएको सुगन्ध झैं, फुलमा भएको मिठास झैं साधु-सन्त र सज्जनका वाणीमा भएको कल्याण कामना सहितको प्रियता झैं, चन्द्रमामा रहेको शीतल झैं मानव जीवनमा संस्कारको महत्ता स्पष्ट छ ।

३०८. धर्म हुँदा त यो हालत छ भने संसारमा धर्म नभएको भए मान्छेहरू पशु मात्र होइन त्यो भन्दा पनि गए गुज्रेका हुने थिए ।

३०९. एउटा मूर्ति चोरे पनि, हराए पनि अर्को मूर्तिलाई त्यत्तिकै आस्था र श्रद्धापूर्वक पूजा गरिन्छ । भक्तका हृदय वा भावना र भक्तिमा वास गर्ने ईश्वरलाई कुनै चोरले पनि चोर्न सक्तैन ।

३१०. मानिसले मासु खाएपछि मांसाहारीकै स्वभावको हुँदै जानु स्वाभाविक छ । आहार अनुसारको विचार र व्यवहार हुनुमा कुनै आश्चर्य छैन ।

३११. धर्म शब्द मात्र होइन । यो त व्यवहार हो । जीवन बाँच्ने पद्धतिलाई धर्म भन्नुपर्छ । यो त भन्ने, लेख्नेभन्दा पनि गर्ने काम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१२. वेदना, पीडा, गहन अनुभूति र गम्भीर विचार व्यक्त गर्न भाषा चाहिँदैन ।

३१३. गरिबी, अभाव, सङ्घर्ष, अत्यधिक परिश्रम जस्ता कुरा जसका लागि पनि अप्ठेरा हुन्छन् तर सुनलाई चमक दिन आगोको राप आवश्यक भए जस्तै व्यक्तिलाई व्यक्तित्वमा परिणत गर्न गारो लाग्ने तिनै कुरा सहयोगी तत्त्व बन्दछन् ।

३१४. कुनै पनि व्यक्ति अनुकूल पारिवारिक परिवेश, आमाबाबुका गतिला सोच, चरित्र र गतिविधि, राम्रो सङ्गत, योग्य मित्र, बाहिरी अनुकूल वातावरण, उपयुक्त अवसर, आनुवंशिक संस्कार, स्वस्थ समाज, असल गुरु, उत्साहप्रद अभिप्रेरणा र अनवरत साधनाका योगबाट जीवनमा सफलता पाउँछ ।

३१५. व्यक्तिमा रहेको ज्ञान, विद्या, सिप, शक्ति, महत्ता, वैशिष्ट्य जस्ता सत् पक्ष जाँच्ने प्रमुख आधार चरित्र नै हो ।

३१६. चारित्रिक समुत्थान हुने, ईश्वरमा आस्था जगाउने, नैतिक मूल्य र मान्यतालाई प्रोत्साहन दिने, धर्ममा निष्ठा उत्पन्न गराउने, राम, कृष्ण, बुद्ध आदि महापुरुषका जीवनी र चरित्रको आध्यात्मिक रूपले व्याख्या गर्ने खालको पाठ्यक्रम बनाइनु पर्दछ ।

३१७. कुशिक्षाकै परिणामबाट आज जताततै रक्तपात, विध्वंस, आतङ्क, बलात्कार, डकैती, मारकाट, बम विस्फोट, अपहरण, हत्या, हिंसाका घटना दिनका दिनमात्र नभएर छिनका छिन सुनिन र देखिन थालेका छन् ।

३१८. शिक्षाविद्हरूले नैतिक, चारित्रिक र आध्यात्मिक शिक्षाको पनि व्यवस्था गर्नु जरुरी छ ।

३१९. गृहस्थमा बसेर खेतीपाती, बन्दव्यापार, उद्योगधन्दा, जागिर, सेवा, राजनीति आदि जे गरे पनि भित्री मनमा श्रद्धा, भक्ति, विश्वासका साथ परब्रह्म परमात्मालाई विराजमान गर्न सकियो भने घर भगवान्को मन्दिर बन्दछ र गरिएका घरायसी र व्यावसायिक काम परमात्माका पूजा बन्दछन् ।

३२०. साधुसन्तले तपोमय, त्यागमय, ज्ञानमय जीवन बिताएर धरतीमा आदर्श चरित्रको संस्थापन गरेका हुन्छन् ।

३२१. आश्चर्यजनक, कहाली लाग्दा र डर लाग्दा परिणाम भौतिक ज्ञानले देखाई सकेको छ र विश्वलाई मानव मस्तिष्कको खेलौना बनाई सकेको छ । अध्यात्मको ज्ञानबाट ऋषिमुनिहरूले भौतिक ज्ञानले आजसम्म भेउ पाउन नसकेको ब्रह्माण्डको अवस्था निकै समय पहिले पत्ता लगाईसकेका थिए र त्रिकाल अर्थात् अतीत, वर्तमान र भविष्यको बोध गरी सकेका थिए । अणिमा, गरिमा, लघिमा, महिमाजस्ता अष्टसिद्धि र नवनिधि पनि उनीहरूले हासिल गरी सकेका थिए । मनोमय शरीरले विश्वब्रह्माण्डको यात्रा गर्न सक्ने सामर्थ्य उनीहरूमा थियो । त्यति ठूलो उपलब्धि हुँदा पनि उनीहरू चमत्कार देखाउन चाहँदैनथे किनभने ज्ञानीहरू चमत्कार देखाउने कामलाई बुद्धिमानी ठान्दैनथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३२२. ब्रह्मज्ञानीले अनुभव गर्ने शान्ति, आनन्द, सन्तोष, सरलता, रागद्वेषरहित कर्तृत्व, भोक्तृत्व, भाव विवर्जित स्थिति र नित्य निरन्तरको प्रसन्नता, आत्यन्तिक सन्तुष्टि र तृप्ति नै असली चमत्कार हुन् ।

३२३. ईश्वर सजिलो वस्तु पनि होइन । ईश्वरलाई टाढा, असजिलो, असम्भव मान्नु पनि हुँदैन । सडकमा हात थापेर माग्नेका लागि लाख रुपैयाँ कमाउन असाध्य गारो छ तर टाटा, बिडला, रक फेलर, बिल ग्रेड आदिलाई त्यो काम बायाँ हातको खेल हो ।

३२४. वेदान्ती गतिछाडा हुनु पर्छ, जथाभावी खानु पर्छ, जे पायो त्यही गर्नु पर्छ, जातभात मान्नु हुँदैन, पुरुष र नारीलाई एकै व्यवहार गर्नु पर्छ भनेर वेदान्तका ग्रन्थहरूमा लेखिएको छैन ।

३२५. आफ्नो लक्ष्य स्पष्ट छ भने हिम्मत नहारी अगाडि बढेको बढ्यै गर्नु पर्दो रहेछ । एक दिन अवश्य सफलता प्राप्त हुँदो रहेछ, त्यो अनुभव सिद्ध तथ्य हो ।

३२६. जान्नेले नजान्नेलाई, बुझ्नेकाले नबुझ्नेकालाई, पाखामा उत्रेकाले हिलोमा भासिएकालाई, उज्यालोमा पुगेकाले अँध्यारोमा परेकालाई, ज्ञानीले अज्ञानीलाई अवश्य पनि शिक्षा दिनु पर्छ, बाटो देखाई दिनु पर्छ ।

३२७. प्राणीको हत्या गर्नु नै धर्म भए संसारमा अधर्मको नाम नै रहँदैन । मार्नु धर्म, लुट्नु धर्म, चोर्नु धर्म, बलात्कार गर्नु धर्म हुन्छ र ? यस्तो कुकर्म नै धर्म हो भने पाप के हो त ?

३२८. जुनसुकै युगमा पनि चरित्रको स्थान सर्वोपरि रहन्छ, यसमा शङ्का छैन । यसको विकल्प पनि छैन । यसको उपादेयता, उपयोगिता आजको समयमा झन् बढेको छ ।

३२९. हिजोआजका कतिपय सन्न्यासीहरू संसारी प्रपञ्ची, गृहस्थीभन्दा पनि अधिक झन्झट बोकेका देखिन्छन् । यो ठिक भएन । सन्न्यास धर्मले यस्ता कर्मलाई स्वीकार गरेको छैन ।

३३०. वस्त्रदान आदि भौतिक वस्तुको दान ठुलो हो । विद्या दान माथिल्लो तहको दान हो, त्यसमा पनि सर्वोत्कृष्ट दान हो ज्ञानदान । जसले मानिसमा अभय प्रदान गर्छ ।

३३१. मनुष्य जीवनको पुरुषार्थ वा उपलब्धि भनेको भोगविलास वा भौतिक ऐश्वर्य नभएर आध्यात्मिक आनन्दको प्राप्ति नै हो ।

३३२. ज्ञानको सार्थकता तब मात्र हुन्छ जब त्यसलाई चरित्रमा ढाल्न सकिन्छ ।

३३३. ज्ञानी मृत्युको समय नजिक आइसक्ता पनि पटक्कै विचलित हुँदैनन्, प्रसन्न नै रहन्छन् किनभने तिनले जीवनमा कहिल्यै अप्रसन्नताको अनुभव नै गर्दैनन् ।

३३४. मनुष्य लोकलाई मृत्यु लोक पनि भनिन्छ । यसको कारण के हो भने यहाँ आई सकेपछि सबैले मर्नै पर्छ । मर्नकै लागि जन्मेको हुनाले यसको नाम मृत्यु लोक राखिएको हो ।

३३५. मृत्युलाई हटाउन सकिँदैन तर मृत्युको भयलाई निर्मूल पार्न भने सकिन्छ । वैदिक साहित्यमा एक सय एक प्रकारका मृत्यु र त्यसबाट हुने डरको बयान गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३३६. मृत्युदेखि डराएर होइन मृत्युलाई मित्रवत् स्वीकार गरेर आफ्नो भविष्यको परमगति सुधार्न गरिएको वर्तमानको स्तुति र परमात्माको स्मृति नै कल्याणकारक छ ।

३३७. रुखमा फलेको फल कुनै काँचैमा झर्छ, कुनै पाकेपछि टिपेर खाइन्छ, कुनै आफैं झर्छ वा रुखैमा सुकेर पनि जान्छ । त्यस्तै मान्छे पनि कुनै न कुनै निमित्तले मर्दछ ।

३३८. जन्म दुःख हो, वृद्धावस्था दुःख हो, रोग दुःख हो र मृत्यु पनि दुःख नै हो । शोक, दौर्मनस्य आदि दुःख हुन् । अप्रिय संयोग, प्रिय वियोग, इच्छा गरेको वस्तु नपाउनु आदि सारा दुःख नै त हुन् ।

३३९. मृत्यु वर्तमान जीवनको अन्तिम विश्राम हो र भौतिक जीवनको पूर्णता हो । मृत्युभन्दा पछि मृत्यु त अज्ञानीको, संसारीको, भोगकामीको, व्यसनीको हुन्छ । ज्ञानवान्, जीवन्मुक्त महापुरुषको फेरि मृत्यु हुँदैन, कारण ऊ फेरि जन्मँदैन ।

३४०. यस संसारमा मातापिता समान श्रेष्ठ अन्य कुनै देवता छैनन् । अतः सम्यक् प्रकारले आफ्ना आमाबाबुको सेवा गर्नु पर्दछ ।

३४१. थाहा पाएर होस् वा नपाएर होस् मृत्यु क्षणक्षणमा आइरहेको छ । जन्मेको दिनदेखि मात्र होइन गर्भमा बसेको दिनदेखि मान्छे मृत्युका नजिक जान थाली सकेको हो । भ्रूण मरेर नै शिशु बनेको हो भने शिशु मरेर बालक बनेको हो । यही क्रमले मृत्युपर्यत्न मान्छे मरी रहेको हुन्छ ।

३४२. मान्छे त एउटा मान्यता, एउटा विश्वास, एउटा स्वीकृति, एउटा धारणा, एउटा दृष्टिकोण र एउटा श्रद्धाको पुञ्ज हो ।

३४३. कल्याण चाहने मानिसले मृत्यु र भगवान्लाई कहिल्यै बिर्सनु हुँदैन । मन, वाणी, कर्म, तपस्या र त्यागका साथ चित्त शुद्ध गर्नका लागि चाडबाड मनाउने परम्परा चलेको हो ।

३४४. आध्यात्मिक ज्ञान नभएका वा पराविद्याको अध्ययन नगरेकाहरू भौतिक जीवनसित सम्बद्ध जतिसुकै विषयमा निष्णात भए पनि त्यस्तो अध्ययन अपूर्ण मानिन्छ ।

३४५. अध्यात्म ज्ञान उपार्जन, जीवनोपयोगी मार्गको अवलम्बन, आत्म कल्याणको प्रयास, लोकोपयोगी कार्य जस्ता कुरातिर बेवास्ता गरी स्वार्थपूर्ति, अहंकार, स्रोत र साधनको दुरुपयोग, योग्य व्यक्तिको पलायन, भ्रष्टहरूका हातमा राजनीति र शासनको बागडोर, शैक्षिक तथा नैतिक मूल्यको ह्रास, धर्म र संस्कृतिको विनाश जस्ता अनेक प्रकारका विकृतिका कारण नेपालको अवस्था दिनानुदिन नाजुक बन्दै गएको छ ।

३४६. वेदान्त दर्शन र अध्यात्मको उपेक्षा गरी नारा, राजनीतिक वाद, हिंसा जस्ता कुरा भरेर कविता वा काव्य रचना गर्नु साहित्यको धर्म होइन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३४७. उत्तम जीवन तथा उत्तम ज्ञान वा सन्देशका लागि काव्यको रचना हुनु राम्रो हो । चिन्तन बिनाको कविता वा काव्य अधुरो हुन्छ ।

३४८. परमेश्वरबाट उत्पन्न भएको यो जगत् वास्तवमा परमेश्वरकै स्वरूप हो । अतः जगत् नै परमेश्वर अनि परमेश्वर नै जगत् हो ।

३४९. जब सांसारिक वैभवहरूबाट तीव्र वैराग्यको उदय र परमात्मस्वरूप हृदयसित अनुराग उत्पन्न हुन्छ तब त्यस्तो मानिस मोक्षको अधिकारी हुन्छ ।

३५०. ज्ञान मार्ग नै सर्वोपरि मार्ग हो । यही मार्गद्वारा नै मोक्ष सिद्ध छ र सम्भव पनि छ, अन्यथा जन्मनु र मर्नु जस्ता पाप र दुःखबाट कहिल्यै पनि छुट्कारा पाउन सकिँदैन ।

३५१. यस बह्माण्डका सारा विषयमा धेरै कुरा जाने पनि आफूलाई यथार्थ रूपमा जानिएको, चिनिएको र बुझिएको छैन भन आनन्दको अनुभव हुँदैन ।

३५२. सम्पूर्ण प्रकारको तृष्णा मात्रको नाम बन्धन र सारा तृष्णाको नाश मोक्ष हो ।

३५३. वेदान्त र व्यवहारको परस्परमा संघर्ष र वैरभाव छैन बरू मिल्ती छ ।

३५४. ज्ञानी हुनासाथ पहेंलो (गेरु) लुगा लगाउनु पर्छ, जङ्गल जानु पर्छ भन्ने कुरा कुनै पनि शास्त्रमा लेखिएको छैन । ज्ञानीको सिङ जुरो उम्रने पनि होइन, ज्ञानी हुनु भनेको समझको फरक मात्र हो ।

३५५. वैज्ञानिक कहिल्यै शाश्वत शान्ति र तृप्तिको अनुभव गर्न सक्दैनन् ।

३५६. संसार जानेर कहिल्यै सकिँदैन तर आफूलाई जान्यो भने जान्न बाँकी केही रहँदैन ।

३५७. राजनीतिक नेताहरूमा ज्ञानी तथा महात्माहरूमा जस्तै ज्ञान, वाक्चातुर्य, उपदेश दिने शक्ति, अनुभव आदि पाइन्छ तर तिनीहरूमा रिस, प्रतिशोध, अहंकार, ईर्ष्या, जानेका कुरा चरित्रमा उतार्ने खुबी भने हुँदैन ।

३५८. विश्वविद्यालय भनेको उपाधि बाँड्ने संस्था होइन । यसले त अध्यात्म, विचार, सामर्थ्यबोध, सिप, संस्कार, ज्ञान, प्रविधि र सच्चरित्र बाँड्नु पर्दछ ।

३५९. हजारौं माइल टाढाको गन्तव्यमा पुग्न एक फुटको दूरी पार गर्ने पाइला निरन्तर चलाउनु पर्दछ ।

३६०. शरीर भनेको देखिने आत्मा र आत्मा भनेको नदेखिने शरीर हो ।

३६१. विद्वान्हरू निहुरिन गारो मान्दैनन् ।

३६२. जहाँबाट हिंड्न थालिएको हुन्छ त्यहींबाट गन्तव्य प्राप्तिको अभियान सुरु हुन्छ ।

३६३. नम्र हुन नसक्ने व्यक्ति आफ्नै भार पनि बोक्न सक्तैन ।

३६४. ज्ञान नै सर्वोच्च र सर्वोत्कृष्ट विज्ञान हो ।

३६५. थोरै बोल्नेहरू थोरै गल्ती गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट १

यस अंशमा प्रा. रिसाल सम्बन्धी जानकारी दिने वंशावली, चित्र जस्ता विविध सामग्री, प्रश्नावली, सन्दर्भ जानकारी तथा सन्दर्भ सामग्री समेतका तथ्य प्रस्तुत गरिएको छ ।

परिशिष्ट-१.१

प्रा. शिवगोपाल रिसालको वंशावली



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१.२

प्रा. शिवगोपाल रिसालको चित्र



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट–१.३

प्रा. शिवगोपाल रिसालको निवासको चित्र

प्रा. शिवगोपाल रिसालको पैतृक भवन, सैंबु, भैंसीपाटी, ललितपुर

प्रा. शिवगोपाल रिसालको वर्तमान निवास, शान्तिकुना, थसिखेल, ललितपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१.४

प्रा. शिवगोपाल रिसालको दम्पतीको चित्र

प्रा. शिवगोपाल रिसाल

सहप्रा. मीनाकुमारी रिसाल (गायत्री)



प्रा. शिवगोपाल रिसाल

सहप्रा. मीनाकुमारी रिसाल (गायत्री)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१.५

प्रा. शिवगोपाल रिसालका पारिवारिक चित्र

प्रा. शिवगोपाल रिसालका पितामह

प्रा. शिवगोपाल रिसालका मातापिता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रा.रिसालका जेठा सुपुत्र अनादिगोपाल रिसालको परिवार





प्रा.रिसालका कान्छा सुपुत्र अन्नतगोपाल रिसालको परिवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा.रिसालका मातापिता र दाज्यू विष्णुगोपाल रिसालका परिवार

प्रा. शिवगोपाल रिसालका काकाका दम्पती र परिवारका सदस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसन्न मुद्रामा प्रा. रिसाल दम्पती

आमा जनककुमारीलाई बिचमा राखेर दायाँ-बायाँ प्रा. रिसाल दम्पती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसालकी बहिनी सुभद्रा ढकाल

प्रा. शिवगोपाल रिसालका दाज्यू, भाउज्यू, भतिजा, भान्जाभान्जी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. रिसालकी बहिनी जाह्नवीका दम्पती र परिवारका सदस्य

प्रा. शिवगोपाल रिसालकी कान्छी बहिनी अम्बिका रिजालका दम्पती र परिवारका सदस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१.६

प्रा. शिवगोपाल रिसालका उल्लेख्य कार्यका चित्र

पुस्तक लोकार्पणका क्रममा देवताको अर्चनामा संलग्न प्रा. शिवगोपाल रिसाल



आध्यात्मिक प्रवचनमा संलग्न प्रा. शिवगोपाल रिसाल साथमा लेखक र अन्य व्यक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सानेपामा मार्कण्डेय पुराण ज्ञानयज्ञ शुभारम्भ गर्दै प्रा. शिवगोपाल रिसाल



खप्तड बाबाका साथ प्रा. रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुपूर्णिमाको अवसरमा बुढानीलकण्ठस्थित खप्तड बाबाको समाधि स्थलमा प्रा. शिवगोपाल रिसाल लगायत सहभागी भक्तजन

विशंङ्खुनारायणको प्राङ्गणमा सञ्चालित लक्ष्यदीप कार्यक्रममा प्रा. रिसालका साथ भक्तजन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



देवघाट, हरिहर मन्दिरमा स्वामी ज्ञानानन्द सरस्वती र स्वाध्याय परिवारका साथ प्रा. शिवगोपाल रिसाल

आध्यात्मिक व्याख्यानमा संलग्न प्रा.रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक लोकार्पण कार्यक्रममा श्री तथा श्रीमती प्रा.रिसाल, कमलमणि दीक्षित र अन्य

पुस्तक लोकार्पण कार्यक्रममा प्रा.रिसालका साथ
प्रा.डा. जयराज पन्त र सहप्रा. प्रभा भट्टराई



गोदावरीको बाह्रवर्षे मेलामा कुण्ड परिसरमा
महामण्डलेश्वर आचार्य १००८ स्वामी पुण्यानन्द
गिरिजी महाराजका साथ प्रा. रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१.७
प्रा. शिवगोपाल रिसालले प्राप्त गरेका पदक, अलङ्कार, सम्मान, अभिनन्दन, प्रमाण-पत्रका चित्र ।



श्री ५ वीरेन्द्रबाट विख्यात त्रिशक्तिपट्ट तक्मा ग्रहण गर्दै प्रा. शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ वीरेन्द्रबाट सुप्रवल गोरखा दक्षिणबाहु तक्मा ग्रहण गर्दै प्रा.रिसाल

श्री ५ वीरेन्द्रबाट तक्मा ग्रहण गर्दै प्रा. रिसाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य संवर्द्धन केन्द्र नेपाल

साहित्य संवर्द्धन-द्रष्टा सम्मान

नेपाली समालोचना क्षेत्रमा

विगत तीन दशकदेखि सक्रिय रहँदै आउनुभएका

तपाईं प्रा. श्री शिवगोपाल रिसालले पूर्वीय समालोचनाका सैद्धान्तिक मान्यतालाई परिचालन

गर्ने विशिष्ट कार्य गर्नुभएको छ।

उक्त कार्यको उच्च मूल्याङ्कन गर्दै यहाँलाई यस केन्द्रको तर्फबाट

साहित्य दिवसका दिन साहित्य संवर्द्धन-द्रष्टा सम्मान (नगद १०,००० - सहित)

समर्पण गर्दै यहाँको सुस्वास्थ्य दीर्घ जीवन र गतिशील साधनाको हार्दिक कामना गर्दछौं।



श्री

श्री डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रतिष्ठान

अध्यात्मका प्रखर विद्वान श्री प्रा. शिव गोपाल रिसालज्यूलाई समर्पण गरिएको

सम्मान-पत्र

आध्यात्मिक क्षेत्रका प्रखर व्यक्तित्व श्री प्राध्यापक शिव गोपाल रिसालज्यू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



निःसहाय सेवा सदन

२०४८

शान्तिनगर, नयाँ बानेश्वर, काठमाडौं, नेपाल

फोन : ४१०७२८

सम्मान-पत्र

विशुद्ध समाज सेवाको भावनाबाट उत्प्रेरित भै पवित्र उद्देश्यले स्थापना भएको यस सेवा सदन विगत २०४८ सालमा स्थापना हुँदा ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका शान्तिटोल शान्तिकुञ्ज वडा नं. ५ निवासी प्रखर धार्मिक प्रवक्ता साहित्यकार तपाई प्रा. शिव गोपाल रिसालज्यू ले यस सेवा सदनको स्थापना कालमा प्राप्त गरेको जमिनमा यहाँका हितैषी मित्र उदयमान श्रेष्ठज्यूलाई भवन निर्माण गर्न उत्प्रेरित गराउनु भै निज दानवीर दाताबाट उद्धार दिनको कारण यो सेवा सदनको पहिलो तल्ला निर्माण भई आज यो संस्था यहाँसम्म पुग्न सफल हुनमा यहाँको ठूलो योगदान रहेको हुँदा समाज सेवा प्रतिको उच्च भावना र संस्था प्रतिको अपार प्रेमबाट प्रेरित भई सहयोग गर्नु भएकोमा यहाँको अतुलनीय देनलाई उच्च मूल्याङ्कन गर्दै यो सम्मान-पत्र प्रदान गर्दछौं।

(डा. बाबुराम पोखरेल)	(श्रीमती सगुन शाह)	प्रमुख अतिथि
सचिव	अध्यक्ष	

मिति : २०७०।४।२९ गते



त्रिभुवन विश्वविद्यालय

पद्मकन्या बहुमुखी क्याम्पस

सम्मान-पत्र

प्रा. श्रीशिवगोपाल रिसालज्यू

देवीप्रसाद अधिकारी

प्रा. डा. वासुदेव त्रिपाठी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


सम्मान-पत्र

सत्सङ्ग परिवार

मानार्थ सदस्य

प्रा. शिवगोपाल रिसाल


रूपकुमारी अध्यात्म-सेवा अनुष्ठान

सम्मानपत्र

श्री परमश्रद्धेय प्रा. शिवगोपाल रिसालज्यू,

विशुद्ध आचरणमा निष्ठावान् रहँदै कर्मयोग र अध्यात्म साधनामा जीवन बिताई ध्यानावस्थामै ब्रम्हलीन श्रद्धेय रूपकुमारी पाँडे (भाषासेवी स्व. गोपाल पाँडे 'असीम' की धर्मपत्नी)का स्मृतिमा स्थापित रु. २५,०००/- (पच्चीस हजार) राशिको रूपकुमारी अध्यात्म-सेवा सम्मान गहन अध्ययन, चिन्तन, मनन, लेखन, प्रवचन आदि क्रियाकलापका माध्यमबाट सनातन हिन्दू-धर्म संस्कृतिको संरक्षण तथा संवर्द्धनमा पुऱ्याउनु भएको विशिष्ट योगदानका निमित्त यहाँमा सश्रद्धा अर्पण गर्दछौं ।


विशङ्खु नारायण सेवा सुधार समिति

सम्मान-पत्र

प्रा. शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भारती खरेल प्रतिष्ठान

[illegible]

सादर समर्पित

सम्मानपत्र

प्रा. श्रीशिवगोपाल रिसालज्यू,
शिवमन्दिर, शान्तिकुञ्ज, ललितपुर ।

[illegible] भारती खरेल स्मृति पुरस्कार [illegible]

(चन्द्रिकानन्द खरेल)
संस्थापक संरक्षक
भारती खरेल प्रतिष्ठान

[illegible]
सदस्य सचिव
भारती खरेल प्रतिष्ठान

[illegible]
अध्यक्ष
भारती खरेल प्रतिष्ठान

दिनाङ्क : [illegible]



वाचन शिरोमणि पं. नारायणप्रसाद पोखरेल स्मृति समाज

अभिनन्दन पत्र

श्री प्रा. शिवगोपाल रिसालमा समर्पण गरिएको अभिनन्दन पत्र "शिव-मन्दिर" शान्तिकुञ्ज, ललितपुर-५ मा स्थायी निवास गर्नुहुने वि.सं. १९९४ चैत्र शुक्ल चतुर्थी मा जन्मनु भएका प्रा. शिवगोपाल रिसालका हालसम्म २२ ओटा कृतिहरू प्रकाशित भई हाल यो विष्णुसहस्रनामस्तोत्रम् (गद्य-पद्यानुवाद एवं चतुर्थ्यन्तसहित) प्रकाशमा आएकोमा हामी उहाँलाई सम्मान गर्दछौं ।

धर्म, संस्कृति र धार्मिक मान्यतालाई समय सुहाउँदो ढंगबाट व्याख्याका साथै गद्य-पद्यानुवाद एवं सबै व्यक्तिहरूले बुझ्न सक्ने गरि नेपालीमा अनुवादित गर्नु भएकोले र यस्ता धार्मिक ग्रन्थका कृतिहरू पुनः प्रकाशमा आउने आशाका साथ उहाँलाई विशेष आदरपूर्वक दोसल्ला ओढाई यो अभिनन्दन पत्र समर्पण गरिएको छ ।

प्रमुख अतिथि
श्री १०८ डा. स्वामि रामानन्द गिरी
महेश सन्यास गुरुकुल, देवघाट

दिनांक : वि.सं.२०६४ श्रावण १७ गते
गुरुवार
स्थान : पशुपति मन्दिर

अध्यक्ष
पं. दिनबन्धु पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१.८

प्रा. शिवगोपाल रिसालका ऐतिहासिक महत्त्वका केही चित्रहरु

तात्कालिक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट आयोजित बृहत् साहित्य भेलामा प्रा. रिसाल सहितका साहित्यकार



गुणराज स्मारक समितिमा विभिन्न साहित्यकारका साथ प्रा. रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्री ५ महेन्द्रका साथ महेन्द्र विद्या भूषण प्राप्त गर्ने विभिन्न व्यक्तित्व सहित प्रा. रिसाल

श्री ५ युवराजाधिराज दीपेन्द्रका साथ विभिन्न प्राध्यापकहरू सहित प्रा. रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तात्कालिक पद्‌मकन्या कलेजका प्राध्यापकहरूका साथ प्रा. रिसाल



तात्कालिक त्रि.वि. संस्कृत अध्ययन संस्थानका सिनेटका विशिष्ट व्यक्तित्वहरूका साथ प्रा. रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रि.वि. द्वारा पोखरामा आयोजित नेपाली विषयको पाठ्यक्रम सम्बन्धी कार्यशाला गोष्ठीमा विभिन्न व्यक्तित्वहरूका साथ प्रा. रिसाल

पद्मकन्या बहुमुखी क्याम्पसका नेपाली विषयका प्राध्यापकहरू बिच प्रा. रिसाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-२

प्रा. शिवगोपाल रिसालबारे लेखिएको महत्त्वपूर्ण रचना



हे अलापत्र! = न लपन् - मौनत्वेन स्थितम्, तम् - अलापन्तं त्रायत इति - अलापत्रः। तत्सम्बुद्धौ हे अलापत्र! सुमना मुदा = प्रसन्नो भूत्वा। परे = परब्रह्मणि। मेलयितुम् = सायुज्यतां प्रापयितुम्। बाहून् = करान्। पुरुषस्य सहस्रशीर्षादित्वात् द्विसहस्रकरत्वं सिध्यति तस्मात् बहुवचनम्। प्रसार्य = विस्तार्य। सुमना पुरुषो दर्शादौ बाहून् प्रसारयति आदान-प्रदानयोश्च बाहूनां प्रसारणं भवति। विदानां पठने, आशीर्वादादिदाने च हस्तसञ्चालनं भवत्येव। तस्मात् बाहून् प्रसार्येति सत्।

नाचिकेतसीम् = नाचिकेतसा आत्मसात् कृताम्, नचिकेता सम्बन्धिनीं वा। आत्मविद्याम् = आत्मसम्बन्धिनीं विद्याम् अध्यात्मज्ञानम् इति यावत्। कर्मणि द्वितीया। शिवगोपालशर्मणे = शिवगोपालनामधेयाय ब्राह्मणाय। शर्मपदप्रयोगेन ब्राह्मणो [illegible] [illegible]। सम्प्रदाने चतुर्थी। यच्छ = प्रयच्छ, देहीति शेषः। सुमना = कर्तरि प्रथमा।

मेलयितुꣳ सुमना इत्यत्र - ह्रस्वस्वरे वर्तमानादनुस्वारात् [illegible] पदे अनुस्वारस्य ꣳ (गुं) भवति तस्मात् अनुस्वारस्य ꣳ। आत्मविद्याꣳ शिव इत्यत्र दीर्घस्वरे वर्तमानादनुस्वारात् [illegible] पदे अनुस्वारस्य ꣳ (ग्वँ) भवति वैदिकसंस्कृतभाषायाम्।

नेपाली - नबोलेर मुनिहरूको रक्षा गर्ने ईश्वर! प्रसन्न भएर, परब्रह्म अर्थात् तपाईं आफैंमा मिलाउनाका लागि, आफ्ना हजारौं हात फिंजाएर, नचिकेताले धर्मराजबाट पाएर आत्मसात् गरेको आत्मज्ञान शिवगोपालशर्मालाई दिनुहोस्। अर्थात् [illegible] पनि बिर्सेको आत्मविद्या सामान्यतया बुझ्न नसकिने हुनाले त्यो आफू बुझ्ने शक्ति शिवगोपालशर्मालाई दिनुहोस्।

"अलापत्र! परे बाहून्
प्रसार्य मेलयितुꣳ सुमना मुदा।
नाचिकेतसिमात्मविद्याꣳ
शिवगोपालशर्मणे यच्छ ॥"

जगन्नाथ शर्मा त्रिपाठी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-३

प्रा. शिवगोपाल रिसालसित सोधिएका प्रश्नहरुको सूची

१. **पैतृक पृष्ठभूमि**

क. पुर्खाहरूको प्राचीन थलो र त्यस ठाउँमा तिनको प्रभाव
ख. वर्तमान ठाउँमा आएको समय
ग. यस ठाउँमा आउनको कारण
घ. यस ठाउँमा स्थायी बसोबास हुनको कारण
ङ. यस ठाउँमा आएपछिका लाभ हानि/प्राप्ति अप्राप्ति
च. चर्चित पुर्खाहरूको नाम र तिनले चर्चा पाउनका कारण
छ. पुर्खाहरूको व्यवसाय
ज. पुर्खाहरूका प्रति तपाईंको धारणा
झ. कुलदेवता र इष्ट देवताको नाम, तिनको पूजा तिथि र पूजन प्रक्रिया
ञ. कुलमा चलेको अन्य कुनै विशेष परम्परा
ट. खानदानी पहिचानका आधार
ठ. उल्लेख गर्नु पर्ने अन्य कुरा

२. **जन्म**

क. बाबु र आमाको तात्कालिक उमेर
ख. बाबु र आमाको तात्कालिक व्यवसाय
ग. बाबु र आमाका सन्ततिमा कुन चाहिँ
घ. बाबु र आमाका कति सन्तति
ङ. जन्मेको ठाउँको नाम
च. सो ठाउँको प्राकृतिक परिवेश
छ. जन्म मिति
ज. जन्म समय
झ. जन्म महिना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ञ. जन्मँदाको विशेष कुनै घटना भए
ट. गर्भावस्थाको कति महिनामा जन्मेको
ठ. जन्मँदाको स्वास्थ्य

३. शैशवावस्था

क. घरमा भएका तात्कालिक परिवारका सदस्य
ख. आफूभन्दा जेठा दाजु र दिदीको उमेर
ग. पालन पोषणमा पाइएको हेरचाह
घ. त्यस बेलाको घरायसी वातावरण
ङ. त्यस बेलाको गाउँको वातावरण
च. त्यस बेलाको देशको अवस्था
छ. त्यस बेलाको घरको आर्थिक स्थिति
ज. त्यस बेलाको खानपान
झ. घरका सदस्यहरूमध्येबाट बढी मात्रामा परेको प्रभाव
ञ. त्यस्तो प्रभाव के हो र त्यो पर्नको कारण के हो ?
ट. खेलकुदप्रतिको रुचि
ठ. खेलकुदसित सम्बद्ध सामग्रीको उपलब्धता
ड. हुर्काइका क्रममा चाहनाको परिपूर्ति भएको वा न भएको
ढ. हुर्काइका क्रममा आफूलाई मन न पर्ने व्यक्ति
ण. त्यसरी मन न पर्नको कारण
त. पिटाइ, डँटाइ, हप्काइ जस्ता व्यवहारको सामना गरिएको वा न गरिएको
थ. गरिएको भए कसबाट त्यस्तो व्यवहार हुने गरेको
द. त्यस्तो व्यवहार हुनको कारण
ध. त्यस बखतको गाउँ र छरछिमेकी
न. छरछिमेकमा परिवारको प्रभाव
प. परिवारमा छरछिमेकको प्रभाव
फ. आफूलाई थाहा भए अनुसार आफूमा परेका छरछिमेकको प्रभाव
ब. त्यस्तो प्रभाव कोबाट किन र के कसरी परेको ?
भ. शैशवावस्थाको उल्लेख्य कुनै घटना भए सोको उल्लेख
म. तात्कालिक दौंतरी र तिनीसितको निकटता वा सम्बन्ध
य. अन्य कुनै कुरा भए सोको उल्लेख गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. किशोरावस्था

क. अक्षरारम्भ कुन उमेरमा, कहिले, कुन महिनामा, कति बेला, कसबाट भयो ?
ख. अक्षरारम्भ गर्दा कसरी लेख्न सिकाइयो ? त्यस बखतका लेख्य साधन के थिए ?
ग. अक्षरारम्भ विधिपूर्वक भयो कि सामान्य तरिकाले भयो अथवा श्रीपञ्चमी जस्ता कुनै पर्वमा भयो ?
घ. अक्षरारम्भपछिको शिक्षा कहाँ, कसले दिए ?
ङ. अक्षर लेख्न पढ्न सक्ने कति समयमा भइयो ?
च. अक्षर लेखपढ गर्दा गारो लागेका वर्ण कुन कुन हुन् ? त्यसरी गारो लाग्नको कारण के थियो ?
छ. अक्षर सिक्ने क्रममा कत्तिको पिटाइ खाइयो ?
ज. पढाइ लेखाइमा रुचि कत्तिको हुन्थ्यो ?
झ. रुचि हुन्थ्यो भने किन र रुचि हुँदैनथ्यो भने किन ?
ञ. साउँ अक्षर जान्ने भई सकेपछि त्यस बखत के सिकाइन्थ्यो ?
ट. पाठ्य वस्तुमा रुचि कतिको हुन्थ्यो ?
ठ. रुचि हुन्थ्यो भने किन र रुचि हुँदैनथ्यो भने किन ?
ड. पाठ्य सामग्रीको उपलब्धता सहज रूपमा हुन्थ्यो कि हुँदैनथ्यो ?
ढ. हुँदैनथ्यो भने कसरी काम चलाइन्थ्यो ?
ण. गृह कार्य दिइन्थ्यो कि दिइँदैनथ्यो ?
त. अक्षरारम्भ भई सकेपछि कति समय पछाडि विद्यालयमा भर्ना हुनु भयो ?
थ. त्यो विद्यालय कहाँ थियो ? त्यहाँ पुग्न घरबाट कति हिंड्नु पर्थ्यो ? कस्तो परिवेश थियो ?
द. त्यस बखत गुरु को थिए ? उनको पढाउने शैली कस्तो थियो ?
ध. गुरुको व्यवहार कस्तो हुन्थ्यो ?
न. गुरुसित डर लाग्थ्यो कि लाग्दैनथ्यो ? लाग्थ्यो भने किन र लाग्दैनथ्यो भने किन ?
प. के पढ्दा उत्साह जाग्थ्यो र के पढ्दा पट्यार लाग्थ्यो ?
फ. खेलकुदतिर कत्तिको मन जान्थ्यो ?
ब. प्राथमिकदेखि माध्यमिक स्तरसम्मको पढाइ कहाँ भयो ?
भ. त्यस बखत गुरु को थिए ? उनको पढाउने शैली कस्तो थियो ?
म. प्राथमिकदेखि माध्यमिक तहसम्मका कक्षामा के के विषय पढाइन्थ्यो ?
य. अंग्रेजी कति कक्षादेखि पढ्न थाल्नु भयो ?
र. अंग्रेजी कत्तिको गारो लाग्थ्यो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल. सबभन्दा अधिक रुचि लाग्ने विषय के थियो ?
व. पढाइमा विशेष सफलता पाइएको कुनै घटना भए त्यसको उल्लेख गर्ने
श. विद्यालयको पढाइका साथै घरको काममा कत्तिको सहयोग गर्नु हुन्थ्यो ?
ष. त्यस्तो के काम गर्नु हुन्थ्यो जसबाट घरमा सहयोग पुग्थ्यो ?
स. त्यस बखत घरमा सदस्यहरू को को हुनु हुन्थ्यो ?
ह. तिनको व्यवहार कस्तो हुन्थ्यो ?
क्ष. अनुक्रम-३ 'त' देखि 'ब' सम्मका प्रश्न पुनः दोहोर्‍याउने ।
त्र. त्यसबखतआफूमापरेकाप्रभावहरूकेकेथिएरतीप्रभावपार्नेव्यक्ति,घटनारअवस्थाके थिए ? ती प्रभाव के हुन् ?
ज्ञ. त्यस बखत घटेका कुनै उल्लेख्य घटना भए तिनको उल्लेख र अन्य कुनै कुरा भए सोको चर्चा गर्ने ।

५. युवावस्था

५.१ पढाइ लेखाइ

यस अंशलाई पनि **प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तर तहको पढाइ र अन्य** कुनै अध्ययन वा तालिम लिइएको भए सोको जानकारी लिनका लागि अनुक्रम अनुसारका छुट्टै शीर्षकमा राखेर प्रश्न गरिएको ।

५.१.१ प्रमाणपत्र तहको पढाइ लेखाइ

क. महाविद्यालय स्तरको पढाइ कुन उमेरमा, कहिले, कुन महिनामा, कहाँबाट भयो ?
ख. घरबाट महाविद्यालयसम्म कसरी जानु हुन्थ्यो ?
ग. त्यस बखत प्रमाणपत्र तहमा के के विषय पढाइ हुन्थ्यो र तपाईंले के के विषय पढ्नु भयो ?
घ. प्रमाणपत्र तहमा के के विषय कसकसले पढाउनु हुन्थ्यो ?
ङ. प्रमाणपत्र तहमा पढ्दा मन पर्ने प्राध्यापक को हुनु हुन्थ्यो र किन ?
च. प्रमाणपत्र तहमा पढ्दा महाविद्यालयको अवस्था कस्तो थियो ?
छ. त्यस बखत घरको अवस्था कस्तो थियो ?
ज. त्यस बखत घरमा कति जना सदस्य हुनुहुन्थ्यो ?
झ. त्यस बखत घरबाट पढ्नका लागि चाहिने सुविधा र सहयोग कत्तिको प्राप्त हुन्थ्यो ?
ञ. त्यस बखतका सहपाठीहरू को को थिए ? तिनीहरूसितको सम्बन्ध कस्तो थियो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ट. सहपाठीहरूलाई पढाइ लेखाइ र अन्य व्यवहारमा कत्तिको सहयोग गर्नु भयो र आफूले पनि उनीहरूबाट कत्तिको सहयोग पाउनु भयो ? पाठ्य वस्तुमा रुचि कत्तिको हुन्थ्यो ?

ठ. पढ्ने बाहेक अरू काम पनि गर्नु हुन्थ्यो कि ? गर्नु हुन्थ्यो भने के काम गर्नु हुन्थ्यो ?

ड. पाठ्य सामग्रीको उपलब्धता सहज रूपमा हुन्थ्यो कि हुँदैनथ्यो ?

ढ. हुँदैनथ्यो भने कसरी काम चलाइन्थ्यो ?

ण. गृह कार्य दिइन्थ्यो कि दिइँदैनथ्यो ?

त. त्यस बखत समाजको वातावरण कस्तो थियो ?

थ. त्यस बखत महाविद्यालयमा कस्तो परिवेश थियो ?

द. त्यस बखत त्रिभुवन विश्वविद्यालयको अवस्था कस्तो थियो ?

ध. त्यस बखत त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरू को को थिए ?

न. त्यस बखत देशको अवस्था कस्तो थियो ?

प. त्यस बखत महाविद्यालयमा पढाइका अतिरिक्त रचनात्मक क्रियाकलापहरू हुन्थे कि हुँदैनथे ? हुन्थे भने के कस्ता क्रियाकलाप हुन्थे ? त्यसका लागि महाविद्यालयले के कस्ता सुविधा उपलब्ध गराउँथ्यो ?

फ. खेलकुदतिर कत्तिको मन जान्थ्यो ?

ब. पढाइका क्रममा छात्रवृत्ति, पुरस्कार, सम्मान, प्रोत्साहन आदि केही प्राप्त भयो कि भएन ? भयो भने के के प्राप्त भयो ? किन प्राप्त भयो ?

भ. त्यस बखत विद्यार्थीहरूको संगठन थियो कि थिएन ? थिएन भने विद्यार्थीहरू आफ्ना समस्या कसरी व्यक्त गर्दथे ?

म. पढ्ने क्रममा भएका उल्लेख्य कुनै घटना भए त्यसको चर्चा गर्नु होस् ।

य. तात्कालिक पढाइको तौरतरिका कस्तो थियो ?

र. गुरुहरूको आदर अनादर कत्तिको गरिन्थ्यो ?

ल. सबभन्दा अधिक रुचि लाग्ने विषय के थियो ?

व. विद्यार्थीहरूमा झैझगडा कत्तिको हुन्थ्यो ?

श. पढाइमा विशेष सफलता पाइएको कुनै घटना भए त्यसको उल्लेख गर्ने ।

ष. परीक्षामा चिट गर्ने प्रवृत्ति कस्तो थियो ? तपाईंले कहिल्यै चिट गर्नु भयो कि भएन ?

स. त्यस बखत शिक्षाप्रति राज्य र शासनाधिकारीको धारणा कस्तो रहन्थ्यो ?

ह. शैक्षिक भ्रमणमा कहीं जानु भयो कि भएन ? जानु भयो भने कहाँ, कहिले, कति जना, कोसित जानु भयो र त्यसबाट के सिक्नु भयो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्ष. त्यसबखतआफूमापरेकाप्रभावहरूकेकेथिएरतीप्रभावपार्नेव्यक्ति,घटनारअवस्थाके थिए ? ती प्रभाव के हुन् ?

त्र. त्यस बखत घटेका कुनै उल्लेख्य घटना भए तिनको उल्लेख गर्ने ।

ज्ञ. अन्य कुनै कुरा भए सोको उल्लेख गर्ने ।

५.१.२ स्नातक तहको पढाइ लेखाइ

क. स्नातक स्तरको पढाइ कुन उमेरमा, कहिले, कुन महिनामा, कहाँबाट भयो ?

ख. घरबाट महाविद्यालयसम्म कसरी जानु हुन्थ्यो ?

ग. त्यस बखत स्नातक तहमा के के विषय पढाइ हुन्थ्यो र तपाईंले के के विषय पढ्नु भयो ?

घ. स्नातक तहमा के के विषय कसकसले पढाउनु हुन्थ्यो ?

ङ. स्नातक तहमा पढ्दा मन पर्ने प्राध्यापक को हुनु हुन्थ्यो र किन ?

च. स्नातक तहमा पढ्दा महाविद्यालयको अवस्था कस्तो थियो ?

छ. त्यस बखत घरको अवस्था कस्तो थियो ?

ज. त्यस बखत घरमा कति जना सदस्य हुनुहुन्थ्यो ?

झ. त्यस बखत घरबाट पढ्नका लागि चाहिने सुविधा र सहयोग कत्तिको प्राप्त हुन्थ्यो ?

ञ. त्यस बखतका सहपाठीहरू को को थिए ? तिनीहरूसितको सम्बन्ध कस्तो थियो ?

ट. सहपाठीहरूलाई पढाइ लेखाइ र अन्य व्यवहारमा कत्तिको सहयोग गर्नु भयो र आफूले पनि उनीहरूबाट कत्तिको सहयोग पाउनु भयो ? पाठ्य वस्तुमा रुचि कत्तिको हुन्थ्यो ?

ठ. पढ्ने बाहेक अरू काम पनि गर्नु हुन्थ्यो कि ? गर्नु हुन्थ्यो भने के काम गर्नु हुन्थ्यो ?

ड. पाठ्य सामग्रीको उपलब्धता सहज रूपमा हुन्थ्यो कि हुँदैनथ्यो ?

ढ. हुँदैनथ्यो भने कसरी काम चलाइन्थ्यो ?

ण. गृह कार्य दिइन्थ्यो कि दिइँदैनथ्यो ?

त. त्यस बखत समाजको वातावरण कस्तो थियो ?

थ. त्यस बखत महाविद्यालयमा कस्तो परिवेश थियो ?

द. त्यस बखत त्रिभुवन विश्वविद्यालयको अवस्था कस्तो थियो ?

ध. त्यस बखत त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरू को को थिए ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न. त्यस बखत देशको अवस्था कस्तो थियो ?

प. त्यस बखत महाविद्यालयमा पढाइका अतिरिक्त रचनात्मक क्रियाकलापहरू हुन्थे कि हुँदैनथे ? हुन्थे भने के कस्ता क्रियाकलाप हुन्थे ? त्यसका लागि महाविद्यालयले के कस्ता सुविधा उपलब्ध गराउँथ्यो ?

फ. खेलकुदतिर कत्तिको मन जान्थ्यो ?

ब. पढाइका क्रममा छात्रवृत्ति, पुरस्कार, सम्मान, प्रोत्साहन आदि केही प्राप्त भयो कि भएन ? भयो भने के के प्राप्त भयो ? किन प्राप्त भयो ?

भ. त्यस बखत विद्यार्थीहरूको संगठन थियो कि थिएन ? थिएन भने विद्यार्थीहरू आफ्ना समस्या कसरी व्यक्त गर्दथे ?

म. पढ्ने क्रममा भएका उल्लेख्य कुनै घटना भए त्यसको चर्चा गर्नु होस् ।

य. तात्कालिक पढाइको तौरतरिका कस्तो थियो ?

र. गुरुहरूको आदर अनादर कत्तिको गरिन्थ्यो ?

ल. सबभन्दा अधिक रुचि लाग्ने विषय के थियो ?

व. विद्यार्थीहरूमा भैभगडा कत्तिको हुन्थ्यो ?

श. पढाइमा विशेष सफलता पाइएको कुनै घटना भए त्यसको उल्लेख गर्ने ।

ष. परीक्षामा चिट गर्ने प्रवृत्ति कस्तो थियो ? तपाईंले कहिल्यै चिट चोर्नु गर्नु भयो कि भएन ?

स. त्यस बखत शिक्षाप्रति राज्य र शासनाधिकारीको धारणा कस्तो रहन्थ्यो ?

ह. शैक्षिक भ्रमणमा कहीं जानु भयो कि भएन ? जानु भयो भने कहाँ, कहिले, कति जना, कोसित जानु भयो र त्यसबाट के सिक्नु भयो ?

क्ष. त्यसबखतआफूमापरेकाप्रभावहरूकेकेथिएरतीप्रभावपार्नेव्यक्ति,घटनारअवस्थाके थिए ? ती प्रभाव के हुन् ?

त्र. त्यस बखत घटेका कुनै उल्लेख्य घटना भए तिनको उल्लेख गर्ने ।

ज्ञ. अन्य कुनै कुरा भए सोको उल्लेख गर्ने ।

५.१.३ स्नातकोत्तर तहको पढाइ लेखाइ

क. स्नातकोत्तर स्तरको पढाइ कुन उमेरमा, कहिले, कुन महिनामा, कहाँबाट भयो ?

ख. घरबाट महाविद्यालयसम्म कसरी जानु हुन्थ्यो ?

ग. त्यस बखत स्नातकोत्तर तहमा के के विषय पढाइ हुन्थ्यो र तपाईंले के के विषय पढ्नु भयो ?

घ. स्नातकोत्तर तहमा के के विषय कसकसले पढाउनु हुन्थ्यो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ङ. स्नातकोत्तर तहमा पढ्दा मन पर्ने प्राध्यापक को हुनु हुन्थ्यो र किन ?

च. स्नातकोत्तर तहमा पढ्दा महाविद्यालयको अवस्था कस्तो थियो ?

छ. त्यस बखत घरको अवस्था कस्तो थियो ?

ज. त्यस बखत घरमा कति जना सदस्य हुनुहुन्थ्यो ?

झ. त्यस बखत घरबाट पढ्नका लागि चाहिने सुविधा र सहयोग कत्तिको प्राप्त हुन्थ्यो ?

ञ. त्यस बखतका सहपाठीहरू को को थिए ? तिनीहरूसितको सम्बन्ध कस्तो थियो ?

ट. सहपाठीहरूलाई पढाइ लेखाइ र अन्य व्यवहारमा कत्तिको सहयोग गर्नु भयो र आफूले पनि उनीहरूबाट कत्तिको सहयोग पाउनु भयो ? पाठ्य वस्तुमा रुचि कत्तिको हुन्थ्यो ?

ठ. पढ्ने बाहेक अरू काम पनि गर्नु हुन्थ्यो कि ? गर्नु हुन्थ्यो भने के काम गर्नु हुन्थ्यो ?

ड. पाठ्य सामग्रीको उपलब्धता सहज रूपमा हुन्थ्यो कि हुँदैनथ्यो ?

ढ. हुँदैनथ्यो भने कसरी काम चलाइन्थ्यो ?

ण. गृह कार्य दिइन्थ्यो कि दिइँदैनथ्यो ?

त. त्यस बखत समाजको वातावरण कस्तो थियो ? ?

थ. त्यस बखत महाविद्यालयमा कस्तो परिवेश थियो ?

द. त्यस बखत त्रिभुवन विश्वविद्यालयको अवस्था कस्तो थियो ?

ध. त्यस बखत त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरू को को थिए ?

न. त्यस बखत देशको अवस्था कस्तो थियो ? ?

प. त्यस बखत महाविद्यालयमा पढाइका अतिरिक्त रचनात्मक क्रियाकलापहरू हुन्थे कि हुँदैनथे ? हुन्थे भने के कस्ता क्रियाकलाप हुन्थे ? त्यसका लागि महाविद्यालयले के कस्ता सुविधा उपलब्ध गराउँथ्यो ?

फ. खेलकुदतिर कत्तिको मन जान्थ्यो ?

ब. पढाइका क्रममा छात्रवृत्ति, पुरस्कार, सम्मान, प्रोत्साहन आदि केही प्राप्त भयो कि भएन ? भयो भने के के प्राप्त भयो ? किन प्राप्त भयो ?

भ. त्यस बखत विद्यार्थीहरूको संगठन थियो कि थिएन ? थिएन भने विद्यार्थीहरू आफ्ना समस्या कसरी व्यक्त गर्दथे ?

म. पढ्ने क्रममा भएका उल्लेख्य कुनै घटना भए त्यसको चर्चा गर्नु होस् ।

य. तात्कालिक पढाइको तौरतरिका कस्तो थियो ?

र. गुरुहरूको आदर अनादर कत्तिको गरिन्थ्यो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल. सबभन्दा अधिक रुचि लाग्ने विषय के थियो ?

व. विद्यार्थीहरूमा झैझगडा कत्तिको हुन्थ्यो ?

श. पढाइमा विशेष सफलता पाइएको कुनै घटना भए त्यसको उल्लेख गर्ने ।

ष. परीक्षामा चिट गर्ने प्रवृत्ति कस्तो थियो ? तपाईंले कहिल्यै चिट गर्नु भयो कि भएन ?

स. त्यस बखत शिक्षाप्रति राज्य र शासनाधिकारीको धारणा कस्तो रहन्थ्यो ?

ह. शैक्षिक भ्रमणमा कहीं जानु भयो कि भएन ? जानु भयो भने कहाँ, कहिले, कति जना, कोसित जानु भयो र त्यसबाट के सिक्नु भयो ?

क्ष. त्यसबखतआफूमापरेकाप्रभावहरूकेकेथिएरतीप्रभावपार्नेव्यक्ति,घटनारअवस्थाके थिए ? ती प्रभाव के हुन् ?

त्र. त्यस बखत घटेका कुनै उल्लेख्य घटना भए तिनको उल्लेख गर्ने ।

ज्ञ. अन्य कुनै कुरा भए सोको उल्लेख गर्ने ।

५.१.४ अन्य तहको पढाइ लेखाइ, तालिम, गोष्ठी वा ताजगीकरणका कार्यक्रम

यस अंशलाई पनि **पढाइ लेखाइ, तालिम, गोष्ठी वा ताजगीकरणका कार्यक्रम**को भिन्नता अनुसार आवश्यक भए फरक फरक अनुक्रममा राखेर प्रश्नहरू निर्दिष्ट गरी विस्तारमा लगिएको थियो ।

क. स्नातकोत्तर तहको पढाइपछि कुनै पढाइ लेखाइ, तालिम, गोष्ठी वा ताजगीकरणका कार्यक्रममा सहभागी हुनु भयो कि भएन ?

ख. हुनु भयो भने के के र कस्ता कस्ता कार्यक्रममा सहभागी हुनु भयो ?

ग. त्यसरी सहभागी भइएका कार्यक्रमको विवरण एकेक गरी दिने कष्ट गर्नु होस् ।

घ. त्यो कार्यक्रम कसले किन आयोजना गरेको थियो ?

ङ. त्यसमा के कस्तो भूमिकामा रही तपाईं सहभागी हुनु भयो ?

च. त्यसका अन्य सहभागी को को थिए ?

छ. त्यसबाट के के कुरा सिक्नु वा थाहा पाउनु भयो ?

ज. त्यस बखत घरमा कति जना सदस्य हुनुहुन्थ्यो ?

झ. त्यसबाट सिकेको ज्ञान वा सिपको प्रयोग कहाँ, के, कसरी गर्नु भयो ?

ञ. त्यो कार्यक्रम कहाँ आयोजन भएको थियो ?

ट. त्यसको सफलता वा असफलताका कारण के के थिए ?

ठ. त्यो र त्यस्तै अन्य कार्यक्रम बारे तपाईंको सुझाव के छ ?

ड. अन्य कुनै उल्लेख्य कुरा भए सोको चर्चा गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त. त्यस बखत समाजको वातावरण कस्तो थियो ? ?

थ. त्यस बखत सम्बद्ध संस्थाको परिवेश कस्तो थियो ?

द. त्यस्तो कार्यक्रमका क्रममा वृत्ति, पुरस्कार, सम्मान, प्रोत्साहन आदि केही प्राप्त भयो कि भएन ? भयो भने के के प्राप्त भयो ? किन प्राप्त भयो ?

ध. कार्यक्रमका क्रममा भएका उल्लेख्य कुनै घटना भए त्यसको चर्चा गर्नु होस् ।

न. त्यसबखतआफूमापरेकाप्रभावहरूकेकेथिएरतीप्रभावपार्नेव्यक्ति,घटनारअवस्थाके थिए ? ती प्रभाव के हुन् ?

प. त्यस बखत घटेका कुनै उल्लेख्य घटना भए तिनको उल्लेख गर्ने ।

फ. अन्य कुनै कुरा भए सोको उल्लेख गर्ने ।

५.२ घरगृहस्थी

क. तपाईंको विवाह कहिले कोसित भयो ?

ख. विवाह हुँदा तपाईं र दुलही कति वर्षका हुनु हुन्थ्यो ?

ग. विवाह हुँदा तपाईं र दुलहीको शैक्षिक योग्यता के कस्तो थियो ? ।

घ. दुलहीको माइती स्थान, बाबुआमाको नाम, पेसा, योग्यता र परिचयको उल्लेख गरी दिनु होस् ।

ङ. तपाईंलाई दुलहीबाट र दुलहीलाई तपाईंबाट के कस्तो सहयोग भयो ?

च. तपाईंहरू संयुक्त वा सीमित कस्तो परिवारमा रहनु भयो ?

छ. तपाईंहरूबाट के कति सन्तानको जन्म कहिले भयो ?

ज. सन्ततिको लालन पालन के कसरी गर्नु भयो ?

झ. सन्तानहरूमा तपाईंको संस्कार र स्वभावको छाप के कस्तो पऱ्यो ?

ञ. सन्तानहरूको पठन पाठनको व्यवस्था कसरी मिलाउनु भयो ?

ट. उनीहरूले कुन स्तरको अध्ययन कहाँ कहाँ गरे ?

ठ. हाल तपाईंहरूका सन्तान कहाँ के गर्दै छन् ?

ड. सन्ततिहरू तपाईंहरूका बिचको स्नेह तथा सम्बन्ध कत्तिको सुमधुर छ ?

ढ. सन्तानहरूको विवाह कहाँ कोसित भयो ?

ण. बुहारी र ज्वाइँको शैक्षिक योग्यता के कस्तो छ र उनीहरू कहाँ के कस्ता सेवामा संलग्न छन् ?

त. बुहारी र ज्वाइँको स्थान, बाबुआमाको नाम, पेसा, योग्यता र परिचयको उल्लेख गरी दिनु होस् ।

थ. दुलहीबाट भएको परिवार, समाज र देशको सेवाको उल्लेख गरी दिनु होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द. दुलहीबाट तपाईंलाई प्राप्त भएको सेवा, सुविधा र सहयोगको उल्लेख विस्तार पूर्वक गरी दिनु होस् ।

ध. दुलहीबाट तपाईंमा परेको प्रभावको चर्चा गरी दिनु होस् ।

न. तपाईंको समष्टि व्यक्तित्व निर्माणमा दुलहीको योगदान के कस्तो रह्यो ? विस्तृत वर्णन गरी दिनु होस् ।

प. दुलहीले गरेका समग्र कार्यको समीक्षा कसरी गर्नु हुन्छ ?

फ. तपाईंहरू पतिपत्नीका बिचको व्यवहार कस्तो रह्यो र वर्तमानमा कस्तो छ ?

ब. आमाबाबुलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु भयो ?

भ. दाजुभाइलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु हुन्छ ?

म. दिदीबहिनीलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु हुन्छ ?

य. सन्तानहरूलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु हुन्छ ?

र. छरछिमेकीहरूलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु हुन्छ ?.

ल. अनुयायी र चेलाचेलीहरूलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु हुन्छ ?.

व. सँगीसाथीहरूलाई कुन रूपमा हेर्नु हुन्छ र उहाँहरूका प्रति कस्तो व्यवहार गर्नु हुन्छ ?.

श. तपाईंको पारिवारिक सम्बन्धको दर्शन र चिन्तन के हो ?

ष. आमाबाबु, दाजुभाइ, दिदीबहिनी, सन्तान, छरछिमेकी, अनुयायी, सँगीसाथी, इष्टमित्र, नातागोता, बन्धुबान्धव आदिबाट तपाईंले के कस्तो सहयोग पाउनु भयो ?

स. पैतृक र स्व अर्जित सम्पत्तिको व्यवस्थापन कसरी गर्नु भएको छ ?

ह. गार्हस्थ्य जीवनमा तपाईंले खेलेको महत्त्वपूर्ण भूमिका के हो ?

क्ष. गार्हस्थ्य जीवनमा तपाईंले गर्न न सकेको काम वा कमी कमजोरी के हो ?

त्र. परिवारका सदस्यले अनुभव गरेको गारो अप्ठेरोको बोध तपाईं गर्नु हुन्छ कि गर्नु हुँदैन ? तपाईंले कहिल्यै घरको सरसफाइ, खानपान, स्याहारसुसार आदिमा मद्दत गर्नु भयो कि भएन ? पारिवारिक जीवनमा तपाईं आफ्नो समीक्षा कसरी गर्नु हुन्छ ?

ज्ञ. भन्नु पर्ने अन्य कुने कुरा भए उल्लेख गरी दिनु होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.३ रोजगारी

क. तपाईंले कहाँ कहाँ के के पदमा रोजगारीमूलक काम गर्नु भयो ?

ख. तपाईंको चाहना र प्राप्त रोजगारीको प्रकृतिका बिच सन्तुलन कत्तिको रह्यो ?

ग. तपाईंले रोजगारीबाट के पाउनु भयो र के कति कमाउनु भयो ? ।

घ. रोजगारीका क्रममा पदोन्नति र जिम्मेवारीका के कति अवसर तपाईंलाई प्राप्त भए ?

ङ. प्राप्त रोजगारीप्रति तपाईंको सन्तुष्टि कस्तो रह्यो ?

च. त्यसमा तपाईंले भोग्नु परेका अप्ठेराहरू के के हुन् ?

छ. तपाईंले काम गर्दा सम्बद्ध क्षेत्रका व्यक्तिबाट कस्तो सहयोग पाउनु भयो ?

ज. तपाईंले काम गर्दाको समय, परिस्थिति र वातावरण कस्तो थियो ?

झ. तपाईंले काम गर्दाको आफ्नो व्यवहारप्रति स्वयं के कस्तो समीक्षा गर्नु हुन्छ ?

ञ. तपाईंले तात्कालिक सत्तासीनहरूबाट भोग्नु परेको दबाब वा सहयोगको उल्लेख गरी दिनु हुन्छ कि ?

ट. तपाईंले काम गर्दाको र वर्तमान समय तथा परिस्थितिको तुलना के कसरी गर्नु हुन्छ ?

ठ. रोजगारी तथा त्यससित सम्बद्ध कामका सिलसिलामा गरेका योगदानका परिप्रेक्ष्यमा तपाईं आफूलाई सफल वा असफल के भन्नु हुन्छ ? त्यसका कारण के हुन् ?

ड. तपाईंले रोजगारीका क्रममा काम गर्दै जाँदा विद्यार्थी, प्राध्यापक, कर्मचारी, संस्थाका पदाधिकारी, सत्तासीन व्यक्तिहरू, सामाजिक जीवनका विभिन्न क्षेत्रका व्यक्तिहरूबाट के सिक्नु भयो ?

ढ. तपाईंले रोजगारीका सन्दर्भमा देश विदेशको अध्ययन भ्रमण गर्ने अवसर पाउनु भयो कि पाउनु भएन ? पाउनु भयो भने त्यसबाट के सिक्नु भयो ?

ण. तपाईंले रचना गर्नु भएको *पद्मकन्या महाकाव्य*मा भनेका कुरा सबै सत्य हुन् र ? त्यसमा कहीं कतै बहकिनु पनि भएको छ कि ? कहीं बढी कल्पनाशील बन्नु भएको पनि हो कि ?

त. तपाईंले प्राप्त गरेको रोजगारीबाट परिवारमा कस्तो प्रभाव पर्‍यो ? त्यसमा परिवारका सदस्यको सहयोग र सहमति के कस्तो रह्यो ?

थ. तपाईंले अपनाएको रोजगारीका सबल पक्ष के के हुन् ?

द. तपाईंले अपनाएको रोजगारीका दुर्बल पक्ष के के हुन् ?

ध. तात्कालिक अवस्थामा आकर्षक अन्य प्रकृतिका रोजगार पाइने अवसर र योग्यता हुँदा पनि तपाईं अरूतिर किन आकर्षित हुनु भएन ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न. रोजगारीमूलक सेवा गरे बापत तपाईंले पाउनु भएको पुरस्कार, सम्मान, पदक, प्रशंसा र अन्य कुनै भए सोको उल्लेख गरी दिनु होस् ।

प. तपाईंले के कस्ता व्यक्तिहरूलाई प्राध्यापन गर्नु भयो ?

फ. नेपालमा प्रचलित आजको शिक्षा पद्धति कस्तो लाग्दछ ?

ब. नेपालमा प्रचलित आजको शिक्षा पद्धतिमा सुधार गरिनु पर्ने कुरा के के हुन् ?

भ. रोजगारी सम्बन्धी भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.४ संलग्नता

क. तपाईं त्रि.वि.का अतिरिक्त कुन कुन संस्थासित संलग्न रहनु भयो ?

ख. त्यस्तो संलग्नताबाट तपाईंले के पाउनु भयो ?

ग. तपाईंको संलग्नताबाट सम्बद्ध संस्थाहरूलाई के लाभ भयो ?

घ. त्यसरी संलग्न हुने क्रममा ती संस्थामा पदोन्नति र जिम्मेवारीका के कति अवसर तपाईंलाई प्राप्त भए ?

ङ. तिनमा सेवा गरे बापत तपाईंको सन्तुष्टि कस्तो रह्यो र किन ? त्यस्तो सन्तुष्टि सबभन्दा बढी कुन संस्थाको सेवाबाट प्राप्त भयो ?

च. तिनमा काम गर्दा तपाईंले भोग्नु परेका अप्ठेराहरू के के हुन् ?

छ. तपाईंले काम गर्दा सम्बद्ध क्षेत्रका व्यक्तिबाट कस्तो सहयोग पाउनु भयो ?

ज. त्यसरी काम गर्दा तपाईंलाई आफ्नो मूल व्यवसायमा अधिक सक्रिय बन्न बाधा परेन र ? पऱ्यो भने त्यस्तो बाधा के थियो ?

झ. तपाईंको रुचिभन्दा भिन्न प्रकृतिको काम पनि गर्नु पर्ने अवस्थाको सिर्जना त्यस्ता संस्थामा काम गर्दा भयो कि भएन ? भयो भने के के भयो ?

ञ. यस्तो संस्थामा संलग्न हुंदा जानपहिचान भएका विशिष्ट व्यक्तिको उल्लेख गरी दिनु हुन्छ कि ?

ट. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.५ धन सम्पत्ति आर्जन

क. तपाईंले जीवनमा के कति धन आर्जन गर्नु भयो ?

ख. त्यस्तो आर्जनको स्रोत के के रह्यो ?

ग. अर्थोपार्जनमा तपाईं कत्तिको इमान्दार रहनु भयो ?

घ. धन आर्जन गर्नमा घरका सदस्यहरूले के कस्तो मद्दत गरे ?

ङ. तपाईं आफ्नो आर्थिक अवस्था कुन स्तरको मान्नु हुन्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च. हाल तपाईंको अर्थोपार्जनमा माध्यम के के हुन् ?

छ. भौतिक सुविधाप्रति तपाईं कत्तिको रुचि राख्नु हुन्छ ?

ज. भौतिक आकांक्षाबाट नितान्त भिन्न रहेर जीवन चलाउन सकिन्छ र ? सकिँदैन भने वेदान्त दर्शन र भौतिक आवश्यकताका बिच कसरी सन्तुलन मिलाउन सकिन्छ ?

झ. आजको दुनियाँमा भौतिक पक्षको उपेक्षा गरेर आध्यात्मिक दर्शनका कुराले मात्र जीवन निर्वाह गर्न सकिन्छ र ?

ञ. धन सम्पत्तिको आर्जनका विषयमा तपाईंको धारणा के हो ?

ट. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.६ समाज सेवा

क. तपाईंले के कस्ता समाज सेवा गर्दै आउनु भएको छ ?

ख. तपाईंलाई सबभन्दा ज्याद सन्तुष्टि मिल्ने समाज सेवाको क्षेत्र कुन हो ?

ग. समाज सेवाका क्षेत्रमा तपाईंले गरेका काम के के हुन् ?

घ. समाज सेवाबाट पाइने उपलब्धि के हो ?

ङ. समाज सेवाबाट अर्थोपार्जन पनि हुन सक्तछ र ? सक्तछ भने त्यस्तो समाज सेवा के हो ?

च. समाज सेवामा संलग्न हुन परिवारबाट तपाईंले के कस्तो सहयोग पाउनु भएको छ ?

छ. समाज सेवामा लाग्ने अभिप्रेरणा तपाईंलाई कसबाट प्राप्त भएको हो ? त्यो कसरी प्राप्त भयो ?

ज. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.७ अभिरुचि

क. तपाईं साहित्यकार, धर्म गुरु, समाज सेवी, प्राध्यापक, वेदान्त दर्शनका व्याख्याता आदि विविध व्यक्तित्वका धनी हुनु हुन्छ । यी क्षेत्रमा तपाईंलाई सर्वाधिक मन पर्ने विषय के हो र किन ?

ख. तपाईंको त्यस्तो अभिरुचि कहिलेदेखि बढ्न थालेको हो ?

ग. त्यस्तो अभिरुचि कसको प्रेरणाबाट बढेको हो ?

घ. तपाईंको अभिरुचिका क्रमिक क्षेत्र के के हुन् ?

ङ. आफ्नो अभिरुचिको प्राप्तिका लागि तपाईं के गर्नु हुन्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च. तपाईंको अभिरुचिका कारण परिवार तथा समाजमा परेको राम्रो वा न राम्रो प्रभाव के हो र किन ?

छ. तपाईंको अभिरुचिले अर्थोपार्जनमा पनि सहयोग पुगेको छ कि ? छ भने कसरी ?

ज. तपाईं आफ्नो अभिरुचिको काम गर्न कति समयसम्म लगातार खट्न सक्नु हुन्छ ?

झ. तपाईंले आफ्नो अभिरुचिको काम गर्दा बेहोर्नु परेको अप्ठेरो वा सुविधाको उल्लेख गरी दिनु हुन्छ कि ?

ञ. अभिरुचि पूर्ण न हुंदा वा तदनुसारको काम गर्न न पाउँदा तपाईंले पीडा र छटपटी अनुभव गर्नु भएको छ कि छैन ? छ भने कस्तो पीडा र छटपटी अनुभव गर्नु भएको छ ?

ट. तपाईंले आफ्नो अभिरुचिको काम गर्दा घरका सदस्यले असजिलो अनुभव गरेका त छैनन् ? त्यस्तो कुरातिर तपाईंको ध्यान आकर्षित भएको छ कि छैन ?

ठ. तपाईंले आफ्नो अभिरुचिको कामबाट प्राप्त गरेका पुरस्कार, सम्मान, पदक, प्रशंसा आदि उपलब्धि के के हुन् ?

ड. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.८ लेखन र पठन

क. तपाईं लेखन र पठनमै व्यस्त रहँदै आउनु भएको छ । यो काम पट्यार लाग्दो मानिन्छ । तपाईंलाई पट्यार लाग्दैन ? यी क्षेत्रमा तपाईंलाई सर्वाधिक मन पर्ने विषय के हो र किन ?

ख. पढाइ लेखाइमा तपाईंलाई सर्वाधिक मन पर्ने विधा कुन हो र किन ?

ख. तपाईंको लेख्ने पढ्ने बानी कहिलेदेखि बस्न थालेको हो ?

ग. त्यस्तो बानी कसको प्रेरणाबाट बसेको हो ?

घ. तपाईंको लेखनका प्राथमिकता प्राप्त क्रमिक क्षेत्र के के हुन् ?

ङ. तपाईंको लेख पढ गर्ने बानीका कारण परिवार तथा समाजमा परेको राम्रो वा न राम्रो प्रभाव के हो र किन ?

च. तपाईंको लेखपढबाट अर्थोपार्जनमा पनि सहयोग पुगेको छ कि ? छ भने कसरी ?

छ. तपाईं लेखपढको काम गर्न कति समयसम्म लगातार खट्न सक्नु हुन्छ ?

ज. तपाईंले लेखपढबाटको काम गर्दा बेहोर्नु परेको अप्ठेरो वा सुविधाको उल्लेख गरी दिनु हुन्छ कि ?

झ. तपाईंले लेखपढको काम गर्दा घरका सदस्यले असजिलो अनुभव गरेका त छैनन् ? त्यस्तो कुरातिर तपाईंको ध्यान आकर्षित भएको छ कि छैन ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ञ. तपाईंले लेखपढको कामबाट प्राप्त गरेका उपलब्धि के के हुन् ?

ट. तपाईंले कविता, निबन्ध, समालोचना, भजन, गीत, जीवनी आदि साहित्यिक विभिन्न विधामा कलम चलाउनु भएको छ । तपाईंको अनुभव र अध्ययन अनुसार कविता भनेको के हो, निबन्ध कविता भनेको के हो, समालोचना भनेको के हो, कविता भनेको के हो, भजन कविता भनेको के हो, गीत कविता भनेको के हो, जीवनी कविता भनेको के हो र सिर्जनात्मक लेखन भनेको के हो ? यी सबै विधामा तपाईंका प्रथम रचनाको नाम भनी दिनु होस् ।

ठ. तपाईं गद्य र पद्यमा केलाई सजिलो र सहज मान्नु हुन्छ ?

ड. व्याख्या विवेचना पनि तपाईंले पर्याप्त मात्रामा गर्नु भएको छ । त्यसको आधार तथा मूलभूत सिद्धान्त के हो ?

ढ. तपाईंलाई सबभन्दा बढी मन पर्ने विधा कुन हो र किन ?

ण. तपाईंका रचनामा सबभन्दा उत्तम लाग्ने पुस्तक वा लेख अथवा कविता कुन हो र किन ?

त. तपाईंलाई मन पर्ने साहित्यकार को हो र किन ?

थ. तपाईंको विचारमा साहित्यमा के हुनु पर्दछ र के हुनु हुँदैन ?

द. तपाईको अध्ययन र अनुभव अनुसार उत्कृष्ट साहित्य कस्तो हुनु पर्दछ ?

ध. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.९ संगत

क. तपाईंले के कस्ता व्यक्तिको संगत पाउनु भयो र तिनीहरूबाट के सिक्नु भयो ?

ख. तपाईंलाई सर्वाधिक मन पर्ने व्यक्ति को हुन् र किन ?

ख. संगत गर्न न हुने व्यक्ति को हुन् ?

ग. चोर, डाँका, ठग, फटाहा जस्ता गलत प्रवृत्तिका व्यक्तिको संगतमा तपाईं पर्नु भयो कि भएन ? पर्नु भयो भने तिनका पन्जाबाट कसरी उम्कनु भयो ?

घ. तपाईंको विचारमा संगत गर्नु पर्ने व्यक्ति को हुन् ?

ङ. कुनै पनि दुर्गुण न भएको व्यक्ति पाउनु भएको छ ? छ भने ती को हुन् ?

च. तपाईंले कुसंगत वा उमेरको प्रभावका कारण धूम्रपान, मद्य पान, जुवातास आदि निषिद्ध मानिने काम गर्नु भयो ? गर्नु भयो भने त्यस्तो बानीबाट कसरी मुक्त हुनु भयो ?

छ. कुसंगत गरे पनि गलत बानी लाग्ने खतराबाट बचन सकिने कुनै उपाय छ ? छ भने त्यो उपाय के हो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज. समाजमा पर्याप्त ख्याति कमाएका व्यक्ति पनि धूम्रपान, मद्य पान, जुवातासको सेवन गर्ने, चोर, डाँका, ठग, फटाहा जस्ता गलत व्यक्तिको संगतमा रहने गरेका देखिन्छन् । तिनीहरूलाई के भन्नु हुन्छ ? तिनीहरू खराब हुन् कि तिनीहरूलाई राम्रो मान्ने प्रवृत्ति खराब हो ?

झ. तपाईंले साधु सन्तको संगत गर्दा घरका सदस्यले असजिलो अनुभव गरेका त छैनन् ? त्यस्तो कुरातिर तपाईंको ध्यान आकर्षित भएको छ कि छैन ?

ञ. गलत संगत र अज्ञानका कारण कुलतमा परेकाहरू गल्ती स्वीकार गरी राम्रो बाटोमा लाग्न खोज्दा परिवार र समाजले उचित व्यवहार न गरेका कारण पुनः गलत बाटोमै फर्केका व्यक्ति पनि पाइन्छन् । त्यस्तो अवस्थाको समीक्षा कसरी गर्नु हुन्छ ?

ट. तपाईंले सत्संगबाट प्राप्त गरेका उपलब्धि के के हुन् ?

ठ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.१० अवसर प्राप्ति तथा त्यसको प्रयोग

क. तपाईंले जीवनमा के कस्ता अवसर पाउनु भयो र तिनीहरूबाट के लाभ लिनु भयो ?

ख. तपाईंले पाएको सबभन्दा राम्रो अवसर के हो ?

ग. त्यस्तो अवसर उपलब्ध गराउन कसैको सहयोग प्राप्त भएको थियो कि ?

घ. योग्यता अनुसारको काम पनि सबैले पाउन सक्तैनन् । तपाईंले त्यस्तो अनुभव गर्नु भयो र ? गर्नु भयो भने त्यस कुराको चर्चा गरी दिनु होस् ।

ङ. तपाईंले पाएको अवसरको सदुपयोग के कसरी गर्नु भयो ? विस्तारमा बताई दिनु होस् ।

च. अवसरको सदुपयोग गर्नमा परिवारका सदस्यको सहयोग के कस्तो रह्यो ?

छ. तपाईंको संलग्नतामा पद्मकन्या क्याम्पस, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, पशुपति विकास कोष, स्वाध्याय परिवार, अद्वैत संस्था लगायतका संघसंस्थाहरूमा भए गरेका उल्लेख्य र आलोच्य कामका बारेमा बताई दिनु हुन्छ कि ?

ज. समाजमा पर्याप्त ख्याति कमाएका व्यक्ति पनि प्राप्त अवसरको महत्त्व न बुझ्दा सीमित स्वार्थमा डुबेका कारण बदनाम भएका छन् । त्यस्तो अवस्था तपाईंको जीवनमा पनि आयो कि ?

झ. तपाईंले गरेका कुनै कामका कारण पछुतो गर्नु पर्ने स्थिति उत्पन्न भएको छ ? छ भने त्यस्तो काम के हो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ञ. अवसर पाउनुभन्दा पनि त्यसको सदुपयोग गर्नु महत्त्वपूर्ण कुरा हो भन्ने उक्तिमा तपाईंको राय के छ ?

ट. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.११ प्रभाव

क. कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा कसै न कसैको प्रभाव तथा प्रेरणाले विशेष भूमिका निर्वाह गरेको हुन्छ । तपाईंको वर्तमान व्यक्तित्व पनि लामो अनुभव र विभिन्न क्षेत्रका व्यक्तिको प्रभावबाट आलोकित भएको हुनु पर्दछ । तपाईंले अपनाउनु भएको जीवन र जगत्सित सम्बद्ध विविध क्षेत्रमा कसकसको प्रभाव रह्यो ? विधा तथा क्षेत्र छुट्ट्याएर बताई दिनु हुन्छ कि ?

ख. ग्रह नक्षत्रहरूको प्रभाव पनि प्राणी जगत्मा परेको हुन्छ भनिन्छ । तपाईं यस कुरामा विश्वास गर्नु हुन्छ ? गर्नु हुन्छ भने तपाईंमा ज्यादा प्रभाव कुन चाहिं ग्रहको परेको कुरा अनुभव गर्नु हुन्छ ?

ग. तपाईं धर्म पत्नी, सन्तान, परिवारका अन्य सदस्य, गुरु, सन्त महन्त, प्राध्यापक, विद्यार्थी, कर्मचारी, शासक, नेता, चेला, समाजका मान्य जन जस्ता व्यक्तिबाट कत्तिको प्रभावित हुनु भएको छ ? तिनको विवरण दिनु हुन्छ कि ?

घ. तपाईंको प्रभाव अरूहरूमा कत्तिको परेको देख्नु वा अनुभव गर्नु भएको छ ?

ङ. तपाईंको बोल्ने शैली, विवेचना गर्ने सिप, पहिचान गर्ने परख, कुनै पनि कुरा बुझ्ने प्रवृत्ति जस्ता कुरामा कसैको प्रभाव परेको अनुभव गर्नु भएको छ ? छ भने कसकसको प्रभाव परेको छ बताई दिनु होस् ।

च. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.१२ भ्रमण

क. तपाईंले कुन कुन ठाउँको भ्रमण गर्नु भएको छ ?

ख. तपाईंलाई सबभन्दा बढी मन पर्ने ठाउँ कुन हो र किन ?

ग. तपाईंलाई सबभन्दा बढी मन न पर्ने ठाउँ कुन हो र किन ?

घ. तपाईंले भ्रमणका क्रममा भोगेका राम्रा न राम्रा अनुभवको चर्चा गरी दिनु होस् ।

ङ. तपाईं भ्रमणलाई कुन रूपमा हेर्नु हुन्छ ? भ्रमणबाट हुने लाभ के हो ?

च. भ्रमणलाई आधार बनाएर तपाईंले कुनै साहित्य रचना गर्नु भएको छ ? छ भने त्यो कुन हो र कहाँको भ्रमणको अनुभवमा त्यो आधृत छ ?

छ. भ्रमणबाट पर्ने मुख्य प्रभाव के हो र सहायक प्रभाव के के हुन् ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज. पर्यटन उद्योगको विस्तारमा नेपालको उज्ज्वल भविष्य अन्तर्निहित छ भनिन्छ। यसमा तपाईंको टिप्पणी के छ ?

झ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.१३ वैचारिक परिपक्वता अर्थात् जीवन दर्शन

क. तपाईं बोल्ने कुरामा विचारको स्पष्टता कत्तिको राख्नु हुन्छ ?

ख. तपाईंले व्याख्या गर्ने विषयमा आफैले राम्ररी न बुझेको कुरा बुझाउने प्रयास गर्नु भएको छ ? त्यस्तो काम भई हालेछ भने त्यसमा तपाईंले पछुतो गर्नु भएको छ कि छैन ?

ग. तपाईं जे बोल्नु हुन्छ त्यो आफू गर्न सक्नु हुन्छ कि हुँदैन ? आफूले गर्न न सक्ने काम अरूलाई गर्नका लागि अभिप्रेरित गर्नु कत्तिको उपयुक्त ठान्नु हुन्छ ?

घ. तपाईंले ठम्याएको र सजिलैसित अवलम्बन गर्न सकिने जीवनको बाटो कुन हो ?

ङ. कस्तो जीवनलाई तपाईं उच्च भन्नु हुन्छ ? त्यसका प्रमुख आधारहरू के हुन् ? के तपाईं स्वयं त्यस बाटोमा हिंड्न सक्नु हुन्छ ?

च. बोल्न सकिने सत्यलाई व्यवहारमा उतार्न सम्भव छ कि छैन ? तपाईंले कहिल्यै यस्तो अभ्यास गर्नु भएको छ ?

छ. तपाईं आफूमा वैचारिक परिपक्वता आएको अनुभव गर्नु हुन्छ ? गर्नु हुन्छ भने त्यसको प्रमाण के हो ?

ज. ठुलो मान्छे होइन राम्रो मान्छे बन्नु पर्दछ भनिन्छ ? यस विषयमा तपाईंको धारणा के छ ?

झ. तपाईं चरित्रलाई कुन रूपमा हेर्नु हुन्छ ? सबभन्दा ठुलो धन नै चरित्र हो भन्ने कुरा सत्य हो र ? हो भने किन हो ?

ञ. अरूप्रति त्यस्तो व्यवहार गर्नु होस् जस्तो व्यवहार अरूले तपाईंप्रति गरुन् भन्ने उक्तिलाई कुन रूपमा हेर्नु हुन्छ ?

ट. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.१४ अनुभव

क. शास्त्र नपढेको र व्यवहार नभेलेको व्यक्ति बालक हो भनिन्छ । तपाईंले त शास्त्रको गम्भीर अध्ययन गर्नु भएको छ र व्यवहारमा पनि निकै ज्यादा अनुभव सँगाल्नु भएको छ । अनुभवलाई जीवनमा कत्तिको आवश्यक देख्नु हुन्छ ?

ख. अनुभवले परिपक्वता ल्याउँछ भन्दछन् । काव्य साधना, आध्यात्मिक व्याख्यान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राध्यापन, व्यावहारिक जीवन, प्रशासनिक क्षेत्र जस्ता विभिन्न पक्षमा तपाईं निकै अनुभवी हुनु हुन्छ । यी अनुभवहरूले तपाईंमा के कस्तो परिवर्तन आएको बोध भएको छ ?

ग. अनुभवी भएको नाताले तपाईंलाई कुनै पनि क्षेत्रमा भएको लाभका बारेमा बताई दिनु होस् ।

घ. अनुभवले गर्ने खास काम के हो ?

ङ. तपाईंले अनुभव गरे अनुसार जीवनको सच्चा बाटो कुन हो ?

च. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

५.१५ अन्य

क. बाल्य काल, किशोरावस्था र युवावस्थामा देखिने आधारभूत भिन्नता के के हुन् ?

ख. युवावस्थाका विशेषता के हुन् र कमजोरी के हुन् ?

ग. जीवनमा कमाउनु पर्ने असली धन के हो ?

घ. माथि उल्लेख गरिएका विषयसित सम्बद्ध कुरामा राख्नु पर्ने थप विचार वा अनुभव भए सोको चर्चा गरी दिनु होस् ।

६. प्रौढावस्था

यस अंशलाई अनुक्रममा आबद्ध गरेर **दैनन्दिनी, गृहस्थी, संलग्नता, आस्था र विश्वास, स्वभाव** र **ज्ञान** जस्ता विविध शीर्षकमा विस्तार गरेर प्रश्नहरू सोधिएको ।

६.१ दैनन्दिनी

क तपाईं बिहान उठेदेखि राती सुत्ने बेलासम्म सामान्यतया के के काम गर्नु हुन्छ ?

ख. योग, ध्यान, जप, प्राणायाम, व्यायाम गर्नु हुन्छ कि गर्नु हुन्न ? गर्नु हुन्छ भने के कसरी कुन विधिले गर्नु हुन्छ ?

ग. तपाईं साहित्य सिर्जना कुन समयमा बढी गर्नु हुन्छ ? त्यसको कारण के हो ?

घ. सामान्यतया बिहान, साँझ र रातीमध्ये कुन बेला भावनाको अधिक स्फुरण भएको अनुभव गर्नु हुन्छ ?

ङ. दिउँसो सुत्नु वा आराम गर्नु हुन्छ कि हुँदैन ? गर्नु हुन्छ भने कति समय र कुन समय ? त्यसरी आराम गर्दा हुने लाभ र हानि के हुन् ?

च. दिनमा कति घण्टासम्म लगातार बसेर लेखपढ गर्नु भएको छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ. सफल दिन केलाई मान्नु हुन्छ ?

ज. जीवनमा एक दिनको महत्त्व के छ ?

झ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

६.२ गृहस्थी

क तपाईंको गृहस्थी कसरी चलेको छ ?

ख. गृहस्थ जीवनका लाभ के हुन् ?

ग. गृहस्थ जीवनका हानि के हुन् ?

घ. तपाईंको घरमा अहिले कति जना सदस्य हुनु हुन्छ ?

ङ. आफ्नो गृहस्थ जीवनप्रति कत्तिको सन्तुष्ट हुनु हुन्छ ?

च. घरको काममा सक्दो सहयोग वर्तमान अवस्थामा तपाईंबाट हुन्छ कि हुँदैन ? हुन्छ भने के सहयोग गर्नु हुन्छ ?

छ. अचेल घरको सरसफाइका लागि अनेक थरी भौतिक उपकरण बजारमा पाइन्छन् । तपाईं तिनको प्रयोग कत्तिको गर्नु हुन्छ र के के उपकरण प्रयोग गर्नु हुन्छ ? तपाईं कुन चाहिँ विधि अवलम्बन गर्नु हुन्छ ?

ज. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

६.३ संलग्नता

क तपाईं वर्तमानमा कुन कुन संघसंस्था र जिम्मेवारीमा संलग्न हुनु हुन्छ ?

ख. तपाईंको व्यक्तिगत जीवनमा ती संघसंस्थाले के कस्तो प्रभाव पारेका छन् ?

ग. संघसंस्थासितको तपाईंको संलग्नताका कारण परिवारमा कस्तो असर परेको छ र परिवारका सदस्यहरूले त्यसप्रति कस्तो धारणा राखेका छन् ?

घ. तपाईं संलग्न भएका संघसंस्थाका काम समयमै पुरा गर्नु हुन्छ कि हुँदैन ?

ङ. त्यस्तो संलग्नताबाट आर्थिक लाभ हुन्छ कि हुँदैन ? हुँदैन भने त्यसबाट तपाईंलाई के कस्तो सन्तुष्टि मिल्दछ ?

च. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

६.४ आस्था र विश्वास

क. तपाईं कुन धर्म र कुन सम्प्रदायको अनुयायी हुनु हुन्छ ?

ख. तपाईं जुन धर्म र सम्प्रदायको अनुयायी हुनु हुन्छ त्यो कसरी बन्नु भएको हो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग. तपाईंले अवलम्बन गर्ने धर्म र सम्प्रदायमा कत्तिको आस्था र विश्वास गर्नु हुन्छ ? त्यसको आधार के हो ?

घ. अचेल हिन्दू धर्ममा रहेका जातीय मान्यता, बलि प्रथा जस्ता गलत परम्परा र वर्गीय विभेद जस्ता विविध असमताप्रति तपाईंको के विचार छ ? तिनमा सुधार आवश्यक छ कि छैन ? छ भने के कस्तो सुधार हुनु जरुरी छ ?

ङ. तपाईं कुन चाहिँ राजनीतिक दर्शन रुचाउनु हुन्छ ? त्यसको आधार के हो ?

च. वर्तमान अवस्थामा देशमा राजनीतिक खिँचातानीका कारण जनताको जीवनमा बढ्दै गएका विसङ्गतिप्रति तपाईंको धारणा के छ ?

छ. नेपालको भविष्य कस्तो देख्नु हुन्छ ?

ज. तपाईं आफूलाई वेदान्तवादी भन्नु हुन्छ । आजको भौतिक युगमा त्यसको उपादेयता के हो ? आज पनि त्यो आवश्यक छ र ? छ भने किन ?

झ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

६.५ स्वभाव

क. तपाईं कत्तिको रिसाउनु हुन्छ ?

ख. तपाईं किन रिसाउनु हुन्छ ?

ग. तपाईं आवेशमा आउनु हुन्छ कि हुँदैन ? आउनु हुन्छ भने किन आउनु हुन्छ ?

घ. स्वास्थ्य स्थितिका कारण तपाईंको स्वभावमा कुनै परिवर्तन आएको छ कि ?

ङ. छ भने त्यस्तो परिवर्तन के हो ?

च. तपाईंको विचार र स्वभावका बिच कत्तिको तादात्म्य सम्बन्ध कायं छ ? विचार र स्वभावका बिच कायं हुन न सकेको तादात्म्य सम्बन्धका कारण तपाईंले भोग्नु परेको अप्ठेरो के हो ?

छ. मान्छेको स्वभाव बदलिंदैन भनिन्छ ? के यो कुरा सत्य हो ? होइन भने सत्य कुरा के हो ?

ज. स्वभावका कारण तपाईं जीवनमा प्राप्त गर्नु भएको उपलब्धि र हानिका बारेमा बताई दिनु होस् ।

झ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

६.६ ज्ञान

क. जीवन जति ज्यादा भोग्दै गयो त्यत्ति नै ज्यादा ज्ञान प्राप्त हुन्छ भनिन्छ । यो कुरा सत्य हो भने तपाईंले जीवनमा के ज्ञान पाउनु भयो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख. ज्ञान अध्ययनबाट बढी पाइन्छ कि अनुभवबाट ?

ग. तपाईंले पाएका ज्ञानबाट तपाईंमा आएका परिवर्तन र परिष्कार के हुन् ?

घ. सरस्वतीका उपासकहरू प्रायः आर्थिक दृष्टिले कमजोर हुन्छन् भनिन्छ ? के यो कुरा सत्य हो ?

ङ. ज्ञान र विज्ञानका बिच के अन्तर छ ?

छ. ज्ञान र सिपका बिच के अन्तर छ ?

ज. ज्ञान र प्रविधिका बिच के अन्तर छ ?

झ. ज्ञानका कुरा गर्नेहरू कहीं झुटो त बोल्दैनन् ? होइन भने तिनीहरू स्वयं दुःखी किन देखिन्छन् ?

ञ. गीता पढ्यो भने ज्ञान प्राप्त हुन्छ तर त्यसकै ज्ञानका कारण मान्छे बौलाउँछ पनि भनिन्छ । यो कुरा कति सत्य हो ? सत्य होइन भने के कुरा सत्य हो ?

ट. ज्ञानका भण्डार वेद, पुराण, उपनिषद्, विभिन्न धार्मिक ग्रन्थ हुन् भनिन्छ तर तिनमै विवाद खडा गरिन्छ । यस्तो किन हुन्छ ?

ठ. जीवनमा ज्ञान किन आवश्यक छ ?

ड. ज्ञानका आधारभूत पक्ष के के हुन् ?

ढ. ज्ञानी बन्नका लागि जोगी बन्नै पर्दछ र ? पर्दैन भने जोगीले पाउने र गृहस्थले पाउने ज्ञानमा कस्तो अन्तर हुन्छ ?

ण. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७. वर्तमान स्थिति

यस अंशलाई अनुक्रममा **स्वास्थ्य, स्वाध्याय, विचार, खानपान, चरित्र, आकांक्षा, योजना, आत्मसमीक्षा, सन्देश** र **अन्य** जस्ता विविध शीर्षकमा विस्तार गरेर प्रश्नहरू सोधिएको ।

७.१ स्वास्थ्य

क वर्तमान अवस्थामा तपाईंको स्वास्थ्य कस्तो छ ?

ख. वर्तमान अवस्थामा तपाईंलाई कुन रोग लागेको छ ?

ग. त्यसको उपचार कसरी गराई रहनु भएको छ ?

घ. तपाईंको स्वास्थ्योपचार गर्ने स्वास्थ्य विद् को हुन् ? तिनको योग्यता र अनुभवका बारेमा बताई दिनु हुन्छ कि ?

ङ. स्वास्थ्यका कारण तपाईंले गर्न चाहेका कतिपय काम गर्न न सकिएको अवस्था पनि छ र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च. दिनमा कति समय स्वास्थ्यको हेरविचारका लागि खर्च गर्नु हुन्छ ? त्यस्तो काम के हो ?

छ. स्वास्थ्योपचारका लागि कुन पद्धतिको औषधि प्रयोग गर्नु हुन्छ ?

ज. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.२ स्वाध्याय

क तपाईं स्वाध्यायमा दैनिक कति समय व्यतीत गर्नु हुन्छ ?

ख. स्वाध्यायबाट हुने लाभ के हो ?

ग. स्वाध्यायबाट हुने हानि के हो ?

घ. सामान्यतया बिहान, दिउँसो, साँझ र रातीमध्ये कुन बेला अधिक स्वाध्याय गर्नु हुन्छ ?

ङ. पुस्तक पढ्ने, कम्प्युटरमा इन्टरनेटबाट आवश्यक जानकारी लिने, लेख्ने, मनोयोगबाट चिन्तन गर्ने, विद्वान्हरूसित विचार विमर्श गर्ने जस्ता कुन चाहिँ माध्यमलाई तपाईं स्वाध्यायको आधार बनाउनु हुन्छ ?

च. दिनमा कति घण्टासम्म लगातार बसेर स्वाध्याय गर्नु भएको छ ?

छ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.३ विचार

क व्यक्तिका प्रत्येक काम विचारबाट प्रेरित हुन्छन् भनिन्छ । तपाईंलाई कुन चाहिँ विचारले अभिप्रेरित गर्दछ ?

ख. तपाईंमा आफूमा कत्तिको विचार शक्ति रहेको अनुभव गर्नु हुन्छ ? त्यो विचार के हो ?

ग. तपाईंको विचारको स्रोत अनुभव, अध्ययन, संगत, देखासिकी, सञ्चार माध्यम आदि कुन हो ?

घ. विचार न भएको राजनीति, चरित्र न भएको शिक्षा, सेवा न भएको संस्था, ज्ञान न भएको विद्या, व्यवहार न भएको जीवनको कुनै अर्थ हुँदैन भनिन्छ । यसमा तपाईंको समीक्षा के छ ?

ङ. विचार भनेको बीज हो भनिन्छ । तपाईंमा त्यस्तो बीज के कारणबाट रोपियो ? त्यसले के असर गर्‍यो ? विस्तारपूर्वक भनी दिनु होस् ।

च. विचार नै न पुर्‍याई तपाईंले कुनै निर्णय गर्नु भएको छ ? छ भने त्यसको परिणाम कस्तो भोग्नु भएको छ ?

छ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.४ खानपान

क तपाईं शाकाहारी वा मांसाहारी कस्तो भोजन ग्रहण गर्नु हुन्छ ?
ख. तपाईंका विचारमा उत्तम भोजन के हो र त्यसले कस्तो प्रभाव पार्दछ ?
ग. तपाईंको परिवारमा सबैले तपाईंको जस्तै प्रकृतिको भोजन ग्रहण गर्दछन् कि भिन्न प्रकृतिको भोजन ग्रहण गर्दछन् ?
घ. तपाईं बिहान र साँझ कति बजे भोजन गर्नु हुन्छ ?
ङ. तपाईंको भोजनमा खाने कुरा के के हुन्छ ?
च. तपाईंले रुचाउने खाने कुरा के हो ? त्यो किन रुचाउनु हुन्छ ?
छ. तपाईं दिउँसो खाजा खानु हुन्छ कि हुँदैन ? खानु हुन्छ भने कति बजे खाजा खानु हुन्छ ?
ज. चिया, कफी जस्ता पेय पदार्थ कत्तिको सेवन गर्नु हुन्छ ?
झ. खानामा कत्तिको सौख राख्नु हुन्छ ?
ञ. चाडबाडका बेलाको र सामान्य अवस्थाको भोजनमा के अन्तर गर्नु हुन्छ ?
ट. परिवारका सदस्यहरूसित बसेर खानपान गर्ने बानी कत्तिको छ ?
ठ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.५ चरित्र

क जीवनको सबभन्दा ठुलो धन भनेको चरित्र नै हो भनिन्छ । यसमा तपाईंको के धारणा छ ?
ख. तपाईले चरित्र र प्रवचन वा उपदेशका बिच कत्तिको समन्वय गर्न सक्नु भएको छ ?
ग. तपाईंको चरित्रको सबभन्दा सबल पक्ष के हो ?
घ. चरित्र बचाउन निकै गारो हुन्छ भनिन्छ । तपाईंले त्यस्तो कुनै अवस्थाको सामना गर्नु भएको छ कि छैन ? छ भने उल्लेख गरी दिनु होस् ।
ङ. विद्याका अध्ययन, बोध, आचरण र प्रचार गरी चार चरण हुन्छन् र ती चार वटै चरण पुरा भएमा मात्र विद्या आर्जन गरेको मानिन्छ । यस दृष्टिले हेर्दा तपाईंले आर्जन गरेको विद्या पूर्ण देख्नु हुन्छ कि अपूर्ण देख्नु हुन्छ ? जे देखे पनि कारण सहित उल्लेख गरी दिनु होस् ।
च. तपाईंको विचारमा चरित्र के हो र त्यो किन आवश्यक छ ?
छ. आज दिन प्रतिदिन समाजबाट ह्रास हुँदै गएको चारित्रिक सम्पदाको संरक्षणका लागि के गर्नु आवश्यक छ ?
ज. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.६ आकांक्षा

क तपाईंको जीवनको आकांक्षा के हो ?

ख. तपाईंले जीवनमा के कति आकांक्षा पुरा गर्नु भयो र कति बाँकी छन् ?

ग. तपाईंको विचारमा उत्तम जीवन भनेको के हो ?

घ. तपाईंले जीवनको आकांक्षा पुरा गर्न के कस्ता संघर्ष गर्नु भयो ?

ङ. आकांक्षा न भएको मान्छे त कोही हुँदैन । सामान्यतया आकांक्षा पुरा गर्नका लागि अपनाइने उपाय के हुन् ?

च. कस्तो खालको आकांक्षा जीवनका लागि उपयुक्त हुन्छ ?

छ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.८ योजना

क आगामी दिनमा गरिने कामका लागि तपाईंका योजना के के छन् ?

ख. तपाईंले योजना बनाएर जीवन व्यवहार चलाउनु भयो कि भएन ? भयो भने के कस्ता योजना बनाउनु भयो र तिनको कार्यान्वयन कसरी गर्नु भयो ?

ग. तपाईंको विचारमा योजनाबाट हुने लाभ के हुन् ?

घ. योजना भनेको सुव्यवस्था हो र यसले सम्बद्ध कार्यलाई व्यवस्थित गर्दछ भनिन्छ । के यो कुरा सत्य हो ? यस विषयमा तपाईंको के धारणा छ ?

ङ. अझै पचास वर्ष बाँच्नु भयो र शारीरिक अवयवहरूले काम गर्न साथ दिए भने तपाईं के के काम गर्न चाहनु हुन्छ ?

च. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.९ आत्मसमीक्षा

क जीवनमा तपाईंले गरेका राम्रा काम के हुन् ?

ख. जीवनमा तपाईंले गरेका न राम्रा काम के हुन् ?

ग. आफ्नो जीवनको मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

घ. आफूले गरेका कामको समीक्षा गर्नु पर्दा के कुरा भन्न आवश्यक देख्नु हुन्छ ?

ङ. तपाईं सफल वा असफल कस्तो व्यक्ति हो र किन ?

च. चर्चामा आउनु पर्ने र यशस्वी बन्नु पर्ने आफ्ना योगदान के देख्नु हुन्छ ?

छ. चर्चामा आउन न हुने र अपयशको भागी बनाएका आफ्ना के के काम देख्नु हुन्छ ?

ज. आफूलाई कस्तो व्यक्ति ठान्नु हुन्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झ. तपाईंप्रति अरूले भन्ने गरेका कुन कुन कुरा असत्य हुन् ?

ञ. तपाईंले गर्न चाहेर पनि अनेक कारणवश गर्न न सकेका काम के हुन् ?

ट. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.१० सन्देश

क तपाईंले निकै अनुभव, योग्यता, अध्ययन र साधना गर्नु भएको छ । ती सबै कुराबाट प्राप्त ज्ञान संक्षेपमा भन्नु पर्दा के भन्नु हुन्छ ?

ख. तपाईंको विचारमा जीवन कस्तो हुनु पर्दछ ?

ग. परिवारका सदस्य, शिष्य गण, नातेदार, साथीसँगी, बन्धुबान्धव आदिलाई सुनाउनु पर्ने तपाईंको सन्देश के हो ?

घ. राज्यका शासनाधिकारी, राजनीतिक दलका नेता, धर्म गुरु, प्राध्यापक, साहित्यकार, समाज सेवी, आध्यात्मिक मार्गका अनुयायी, ज्ञानी, ध्यानी जस्ता व्यक्तिहरूलाई तपाईंले भन्नु पर्ने कुरा के हुन् ?

ङ. पद्मकन्या क्याम्पसलाई के भन्नु हुन्छ ?

च. आफू संलग्न भएर सेवा दिएका अन्य संघसंस्थालाई के भन्नु हुन्छ ?

छ. देशका नागरिक र नयाँ पुस्ताका सन्ततिलाई के भन्न आवश्यक देख्नु हुन्छ ?

ज. देशको गन्तव्य के हो ? त्यतातिर देशलाई कसरी उन्मुख तुल्याउन सकिन्छ ?

झ. अध्ययन अनुसन्धानका क्षेत्रमा प्रचलित परम्परा र नयाँ नयाँ मान्यताका सम्बन्धमा तपाईं के भन्न चाहनु हुन्छ ?

ञ. देशको संस्कृतिको संरक्षण कसरी गर्न सकिन्छ ?

ट. देशको वास्तविक उन्नति भनेको के हो ? त्यो कसरी हुन सक्तछ ?

ठ. यस सम्बन्धमा भन्नु पर्ने अन्य कुनै कुरा भए सोको चर्चा गरी दिनु होस् ।

७.११ अन्य

माथि सोधिएका बाहेक छुटपुट भएको अन्य कुनै कुरा भएमा उल्लेख गरी दिने ।
यति धेरै प्रश्नको उत्तर स्पष्ट रूपमा अप्ठेरो नमानी दिनु भएकोमा हार्दिक धन्यवाद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-४

सन्दर्भ जानकारी

अंगुरबाबा जोशी, बाग बजार, काठमाडौं ।
अच्युतनाथ भट्टराई, काठमाडौं ।
अच्युतमणि आचार्य (प्रा.डा.), चाबहिल, काठमाडौं ।
अञ्चलप्रकाश राई, वाना-४, संखुवासभा ।
अन्जु रेग्मी, एकान्त कुना, ललितपुर ।
अम्बिका चालिसे, सानेपा, ललितपुर ।
अम्बिका प्याकुर्‍याल, काठमाडौं ।
अर्जुनबहादुर के.सी, कुसुन्ती, ललितपुर ।
आत्मानन्द गिरि, महामण्डलेश्वर, देवघाट ।
आशा रिमाल, जावलाखेल, ललितपुर ।
इना रायमाभी, धोबीघाट, ललितपुर ।
उमा रिसाल, जावलाखेल, ललितपुर ।
कमलमणि दीक्षित, पाटन ढोका, ललितपुर ।
कमला सुवेदी (प्रा.डा.), बाग बजार, काठमाडौं ।
कवीन्द्रराज काफ्ले, सिफल, कालोपुल, काठमाडौं ।
कालु बस्नेत, ललितपुर ।
किरण रिमाल, जावलाखेल, ललितपुर ।
कुवेर सिलवाल, ललितपुर-१४ थसिखेल, ललितपुर ।
कृष्णगोपाल रिमाल, जावलाखेल, ललितपुर ।
केशव रेग्मी, डिल्ली बजार, काठमाडौं ।
कोमलदत्त तिवारी, देवघाट ।
गंगा कार्की, सेन्टमेरिज पशिचम रोड, जावलाखेल, ललितपुर ।
गीता भट्टराई, काठमाडौं ।
गुड्डी पन्त (सहप्रा.), हाँडीगाउँ, काठमाडौं ।
गोविन्द पुडासैनी, पाँच सत्याटार, डाँछी, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुप्रसाद सुवेदी (डा.) (प्राचार्य महेश गुरुकुल), देवघाट ।
गोपीकृष्ण शर्मा (प्रा.), मोबाइल ९८४१६०३३३४ ।
गोविन्द टण्डन (डा.), बतीस पुतली, काठमाडौं ।
गोविन्द बस्नेत, धोबीघाट, ललितपुर ।
चन्द्रिका लुइँटेल, ढोलाहिटी, ललितपुर ।
चिन्तामणि योगी, काठमाडौं ।
चेतन कार्की, बहाँटारी, आरू खर्क-९, स्याङ्जा ।
चेतोनाथ गौतम (प्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बाग बजार, काठमाडौं ।
जगमान गुरुङ (डा.), ललितपुर ।
जनक अर्याल (ज्योतिषी), काठमाडौं ।
जनार्दन ढुङ्गाना, प्रमुख, त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।
जमुना अधिकारी, ताल्छिखेल, ललितपुर ।
जाह्नवी भट्टराई, लैनचौर, काठमाडौं ।
ज्योति अधिकारी, कुपन्डोल, ललितपुर ।
ज्योति पाण्डे खड्का (सह प्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बाग बजार, काठमाडौं ।
ज्ञाननिष्ठ ज्ञवाली (उप.प्रा. त्रिभुवन विश्वविद्यालय), घट्टेकुलो, काठमाडौं ।
ज्ञानानन्द सरस्वती, देवघाट ।
ज्ञानु भट्टराई, ललितपुर ।
तुम्लादेवी श्रेष्ठ, लगनखेल, ललितपुर ।
दामोदरप्रसाद गौतम (पूर्व मुख्य सचिव, नेपाल सरकार), महालक्ष्मी स्थान, ललितपुर ।
दामोदरप्रसाद भुर्तेल, कौशलटार, भक्तपुर ।
दामोदर रिसाल, जावलाखेल, ललितपुर ।
दीपक पौडेल, मध्यपुर-५, ठिमी, भक्तपुर ।
दीपक रिमाल, जावलाखेल, ललितपुर ।
दीर्घराज घिमिरे (प्रा.डा.), कुमारीगाल, काठमाडौं ।
देवीप्रसाद चापागाईं (इ.), काठमाडौं ।
नरेन्द्र के.सी., डिल्ली बजार, काठमाडौं ।
नरोत्तम उपाध्याय (प्रा.डा.), काठमाडौं ।
नारायणप्रसाद रिमाल, जावलाखेल, ललितपुर ।
निरन के.सी, कुसुन्ती, ललितपुर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मला ढुङ्गेल, कुपन्डोल, ललितपुर ।
नेत्रप्रसाद पोखरेल, सानेपा, ललितपुर ।
पुष्पपाणि रिजाल, मितेरी मार्ग, वानेश्वर, काठमाडौं ।
पुण्यप्रसाद पौड्याल, लाजिम्पाट, काठमाडौं ।
प्रदीपमर्दन के.सी., ललितपुर-४, इमाडोल ।
प्रपन्नाचार्य (डा.स्वामी), ध्रुवस्थली, पशुपतिनाथ ।
प्रभा अर्याल, पकनाजोल, काठमाडौं ।
प्रमीला आचार्य, एकान्त कुना, ललितपुर ।
प्रयागराज उपाध्याय, राजविराज न.पा., राजविराज, हाल बालुबाटार, काठमाडौं ।
प्रयागराज भट्टराई (सह प्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं ।
प्रेमप्रसाद काफ्ले, वागीश्वरी-७, भक्तपुर ।
बदन के.सी., थसिखेल, ललितपुर ।
बिन्दु कोइराला (सहप्रा.), त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, बाग बजार, काठमाडौं ।
बिन्दु शर्मा, नक्साल, काठमाडौं ।
भगवतीकुमार काफ्ले (पूर्व सचिव), काठमाडौं,
भवानी आचार्य, टंगाल, भाटभटेनी, काठमाडौं ।
भवानीप्रसाद खतिवडा, काठमाडौं ।
भास्कर कायस्थ (डा.), ललितपुर ।
भैरव सिलवाल (अ.प्रा.प्र.से.), महालक्ष्मी थान, ललितपुर ।
मन काफ्ले (सहप्रा.), काठमाडौं ।
माधवप्रसाद आचार्य (प्रा.), एकान्त कुना, ललितपुर ।
माधवप्रसाद पौडेल, जावलाखेल, ललितपुर ।
माधव भट्टराई (प्रा.डा.), पूर्व नायब बडा गुरुज्यू, अनाम नगर, काठमाडौं ।
मिठ्ठु राउत, ललितपुर-५ ।
मीना राउत, महालक्ष्मी स्थान, ललितपुर ।
मुरारि सुवेदी, सानेपा, ललितपुर ।
मेधा खनाल पोखरेल, सानेपा, ललितपुर ।
मेनु बस्नेत, धोबीघाट, ललितपुर ।
मेनुका सुवेदी, सानेपा, ललितपुर ।
यज्ञप्रसाद अधिकारी (प्रा.डा.), त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रविप्रसाद पराजुली, वानेश्वर, काठमाडौं ।
रवीन्द्रप्रसाद प्रधान (क्या.), अध्यक्ष, खप्तड आश्रम प्रकाशन समिति, बुढानीलकण्ठ, काठमाडौं ।
राजन पराजुली, वानेश्वर, काठमाडौं ।
राम के.सी, इमाडोल, ललितपुर ।
रामप्रसाद पोखेल (डा.), काठमाडौं ।
रामबहादुर के.सी (पूर्व सचिव), सानेपा, ललितपुर ।
रामबहादुर भण्डारी (पूर्व मेजर), सानेपा, ललितपुर ।
राम भण्डारी, पशुपति देवपाटन, काठमाडौं ।
रामानन्द गिरि (डा.स्वामी), देवघाट ।
रुक्मनाथ पौडेल, श्री प्रेस, ललितपुर ।
रूपा रिमाल, जावलाखेल, ललितपुर ।
रेखा श्रेष्ठ, लगनखेल, ललितपुर-५ ।
रेणु रिमाल, जावलाखेल, ललितपुर ।
रेणुका रेग्मी, डिल्ली बजार, काठमाडौं ।
रेखा शर्मा (चालिसे), माली गाउँ, काठमाडौं ।
लालाजी खड्का, लगनखेल, ललितपुर ।
वसन्त रायमाझी (इ.), धोबीघाट, ललितपुर ।
वासुदेव त्रिपाठी (प्रा.डा.), जन सहयोग मार्ग, पञ्च कुमारी, वानेश्वर, काठमाडौं ।
विदुरप्रसाद पौडेल (प्रा.), पूर्व उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय, खरी मार्ग, कुमारी गाल, काठमाडौं ।
विद्यानाथ भट्ट (प्रा.), काठमाडौं ।
विभा शर्मा, झम्सीखेल, ललितपुर ।
विष्णुलोचन न्यौपाने, सिपा तिन घरे, सिन्धुपाल्चोक, हाल बालकोट-९, भक्तपुर ।
शकुन्तला खत्री, लगनखेल ।
शम्भु के.सी, थसिखेल, ललितपुर ।
शरत्‌कुमार भट्टराई (पूर्व सचिव), विजय चोक, प्रयाग मार्ग, बत्तीस पुतली, काठमाडौं ।
शान्ता के.सी, कुसुन्ती, ललितपुर ।
शारदा प्याकुरेल, नक्साल, काठमाडौं ।
शारदाप्रसाद पौडेल, काठमाडौं ।
शारदा रिमाल, जावलाखेल, ललितपुर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवा रिमाल, जावलाखेल, ललितपुर ।

शोभा रिमाल, जावलाखेल, ललितपुर ।

श्यामप्रसाद रिमाल, ब्रह्मजिज्ञासु, जावलाखेल, ललितपुर ।

सञ्जय अधिकारी, ठमेल काठमाडौं ।

सनत्कुमार वस्ती (प्रा.डा.), काठमाडौं ।

सरला थापा, ललितपुर ।

सानुमैया के.सी., इमाडोल गा.वि.स., ललितपुर ।

सीताराम खत्री, कोटेश्वर, काठमाडौं ।

सुभद्रा रिसाल, जावलाखेल, ललितपुर ।

सुशील कोइराला (डा.), ललितपुर ।

सुशीला चालिसे, रेग्मी (सहप्रा.), काठमाडौं ।

सुशीला राणा, कालिमाटी, काठमाडौं ।

सुषमा आचार्य (प्रा.डा.), काठमाडौं ।

हेमराज ज्ञवाली, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-५

सन्दर्भ सामग्री

अधिकारी, बाबुराम (२०६१), *समालोचना सिद्धान्त र नेपाली समालोचना,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

अधिकारी, रविलाल (२०५१), *नेपाली समालोचनाको रूपरेखा,* पोखरा : लेकाली प्रकाशन ।

अधिकारी, रामलाल (सन् १९७५), *नेपाली निबन्ध यात्रा,* दार्जिलिङ : नेपाली साहित्य संचयिका ।

अधिकारी, हेमाङ्गराज (२०३८), *पूर्वीय समालोचना सिद्धान्त,* प्रथम संस्करण, ललितपुर : साझा प्रकाशन ।

... ... र भट्टराई, बद्रीविशाल (सम्पादक) (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अब्राहम एम.एच (सन् १९९३), *ए ग्लोसरी अफ लिटररी टर्मस्,* छैटौँ संस्करण, बेङ्लोर : प्रिज्म बुक प्रा.लि. ।

अर्याल, दुर्गाप्रसाद (२०५६), *निबन्धकार देवकोटाका दार्शनिक चिन्तन,* काठमाडौँ : उदय बुक्स प्रा. लि. ।

... ... (२०६८), 'सैद्धान्तिक परिचयको रूपमा कविता', वैजयन्ती, पूर्णाङ्क-१७, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

... . (२०६९), 'आधुनिक निबन्धको सैद्धान्तिक धरातल', वैजयन्ती, पूर्णाङ्क-१८, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

... ... (२०६९), 'नेपाली निबन्धको उद्‌भव र विकास', वैजयन्ती, पूर्णाङ्क-१९, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

आचार्य, रामचन्द्र शुक्ल (सन् १९६५), *श्रेष्ठ निबन्ध,* नई दिल्ली, : राजकमल प्रकाशन प्रा.लि. ।

आप्टे, शिवराम (सम्पादक) (सन् २००७), *धर्मशास्त्र का इतिहास,* दिल्ली : मोतीलाल बनारसी दास पब्लिकेशर्स प्रा.लि. ।

इन्साइक्लोपेडिया (सन् १९८१), द न्यु इन्साइक्लोपेडिया *ब्रिटानिका,* भोल्युम-५, लन्दन : विलियम बेन्टन पब्लिसर्स ।

उपाध्याय, केशवप्रसाद (२०४४), *साहित्य प्रकाश,* ललितपुर : साझा प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कँडेल, घनश्याम (२०५५), *नेपाली समालोचना,* ललितपुर : साझा प्रकाशन ।

कडन, जे.ए. (सन् १९९१), द *पेङ्गुइन डिक्सनरी अफ लिटरेरी एन्ड लिटरेरी थ्योरिज,* लन्दन : पेङ्गुइन पब्लिकेसन ।

काणे, पाण्डुरङ्ग वामन (सन् १९९२), *धर्मशास्त्र का इतिहास,* प्रथम-पञ्चम भाग, चतुर्थ संस्करण, लखनउ, : उत्तर प्रदेश हिन्दी संस्थान ।

कार्की, बलबहादुर (२०७१), 'के हो वेद र वेदान्त दर्शन ?', *सांस्कृतिक धरोशर,* भाग-१, ललितपुर : युवराजसिंह कार्की ।

के.सी, निरन (२०६९), "शिवगोपाल रिसालको सुख कहाँ छ ? निबन्ध कृतिको अध्ययन" (नेपाली विषयको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र), ललितपुर : पाटन संयुक्त क्याम्पस, त्रि.वि. ।

कोइराला, कुलप्रसाद (२०७१), 'शब्दब्रह्म', *मालवीय सन्देश,* वर्ष-२, अङ्क-२, काठमाडौं : महामना मालवीय मिसन ।

खेमका, राधेश्याम (सम्पादक) (सन् २०१३), "भक्तमाल अङ्क", कल्याण, वर्ष-८७, संख्या-१, गोरखपुर : गीताप्रेस ।

गीताप्रेस (सम्पादन) (२०६५), *ईशादि नौ उपनिषद्* , पञ्चम पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

गौड, रामदास (सन् १९९३), *हिन्दुत्व* (हिन्दू धर्मकोश), वाराणसी : ज्ञानमण्डल लिमिडेड ।

गौतम आचार्य, उमा (२०५८), "शिवगोपाल रिसालको खण्डकाव्यकारिता" (नेपाली विषयको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र), काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि. ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना, अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

... . (२०५५), *पाश्चात्य महाकाव्य,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

गौतम, भेषराज (२०६८), "भक्तिकालीन नेपाली काव्यमा दार्शनिक चेतना" (नेपाली विषयको विद्यावारिधि तहको शोधप्रबन्ध), काठमाडौं : अनुसन्धान केन्द्र, ने.सं.वि. ।

घिमिरे, माधवप्रसाद (सम्पादक) (२०३९), *पच्चीस वर्षका खण्डकाव्य,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

चतुर्वेदी, ज्वालाप्रसाद (सम्पादक) (सन् २००८), *श्रीमद्देवीभागवत* (महर्षि वेदव्यासद्वारा प्रणीत), हरिद्वार : रणधीर प्रकाशन ।

चैतन्य देवेन्द्र तथा चक्र, सुदर्शनसिंह (सङ्कलनकर्ता) (सन् २००४), *दृष्टांत महासागर,* हरिद्वार : रणधीर प्रकाशन ।

जैन, पन्नालाल (अनुवादक) (सन् २००६), *आदिपुराण,* एकादश संस्करण, दिल्ली : भारतीय ज्ञानपीठ ।

जैन, रवीन्द्रकुमार (सन् १९९०), *साहित्य आलोचना के सिद्धान्त,* दिल्ली : नेशनल पब्लिकेशन हाउस ।

ज्ञवाली, ज्ञाननिष्ठ (२०६३), *भूमिकासिद्धान्त र ज्ञवालीका भूमिका,* काठमाडौं : हजुरको प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६३), 'व्यक्ति र व्यक्तित्व शिवगोपाल रिसाल', *गरिमा*, २०६३ असार अङ्क, ललितपुर : साझा प्रकाशन ।

ढकाल, पुरुषोत्तम (२०६२), *मन्दिरै मन्दिरको देश नेपाल*, ललितपुर : शोभाकर ढकाल ।

ढकाल, वेणीमाधव (अनुवादक एवं सम्पादक) (२०६६), *श्रीगणेशपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गाना, गोविन्दप्रसाद शर्मा (२०५०), *छन्दोहार*, पाँचौं संस्करण, ललितपुर :साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा*, प्रथम संस्करण, ललितपुर : साझा प्रकाशन ।

... ..., न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (सम्पादन), (२०६५), *नेपाली कविता* भाग-४, पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०३६), *साहित्य परिचय*, ललितपुर : साझा प्रकाशन ।

देवकोटा, रत्नाकर (२०६४), *बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना*, काठमाडौं : कुमार खड्ग प्राइभेट स्टडिज ।

देवकोटा, लक्ष्मीप्रसाद (२०२५), *नेपाली शाकुन्तल महाकाव्य*, ललितपुर : साझा प्रकाशन ।

... ... (२०३५), *लक्ष्मी निबन्ध संग्रह*, पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

नेपाल, मङ्गलकुमार (२०५५), *आर्य जगत्का महाविभूतिहरू*, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

नेपाल, हेमचन्द्र (२०५४), ''श्रीखप्तडबाबा' अध्यात्मकाव्यको वैचारिक धरातल', *गरिमा*, वर्ष-१६, अङ्क-१, ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, कुसुमाकर, *लोकरामायण*, पोखरा : कुसुमाकर न्यौपाने ।

पण्डित, ईश्वरचन्द्र (भाष्यकार) (सन् १९६८), *श्रीमद्वाजसनेयी माध्यन्दिन शुक्लयजुर्वेदसंहिता*, दिल्ली : परिमल पब्लिकेशन्स ।

पण्डित नारायण (संकलनकर्ता) (२०३९), *हितोपदेश मित्रलाभ*, सोलहवाँ संस्करण, वाराणसी : चौखम्बा संस्कृत सीरिज ।

पन्त, जयराज (सम्पादक) (२०३९), 'कविता के हो ?', *सेतीको सुसेली*, वर्ष-२, अङ्क-३, धनगढी : कैलाली बहुमुखी क्याम्पस ।

... ... (२०५५), *अँजुलीभरि सगुन पोल्टाभरि फाग*, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

... ... (सन् २००६), "कुमाउँनी एवं डोटेली लोकगीत : एक तुलनात्मक अध्ययन" (पटना विश्वविद्यालयको लोकसाहित्य विषयको अप्रकाशित पिएच.डी. शोध प्रबन्ध), पटना : पटना विश्वविद्यालय ।

... ... (२०६४), *मस्टापरम्परा र त्यसका गीतहरू*, काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६६), "डोटेली पार्विक फागहरूको संकलन र अध्ययन" त्रिभुवन विश्व विद्यालयको नेपाली विषयको अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), काठमाडौं : त्रिभुवन विश्व विद्यालय ।

... . (अप्रकाशित), वत्स गोत्रीय डोटेली पन्त वंश ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,* काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, ठाकुर (२०५६), *नेपाली साहित्यको परिक्रमा,* ललितपुर : साझा प्रकाशन ।

'पर्वतीय', लीलाधर शर्मा (सन् १९९६), *भारतीय संस्कृति कोश,* दिल्ली : राजपाल एण्ड सन्ज ।

पशुपति क्षेत्र विकास कोष (अनुवाद तथा सम्पादन) (२०६२), *श्रीशिवमहापुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), प्रथम-द्वितीय भाग, काठमाडौं : पशुपति क्षेत्र विकास कोष ।

पाठक, इन्द्रमणि (सन् २००८), *ब्राह्मण गोत्रावली,* दिल्ली : डी.पी.बी. पब्लिकेशन्स ।

पाण्डेय, फणीन्द्रप्रसाद (२०५७), *संस्कृत-नेपाली बृहत् शब्दकोश,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

पाण्डेय, रामनारायणदत्त (सम्पा.) (२०६५),*अग्निपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), षष्ठ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०५८), *पद्मपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), तृतीय पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०६५), *ब्रह्मवैवर्तपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), द्वितीय खण्ड, नवम पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०६५), *मत्स्यपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), षष्ठ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

... ... (२०५८), *महाभारत* (महर्षि वेदव्यासद्वारा प्रणीत), प्रथम-षष्ठ खण्ड, एकादश संस्करण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०६५), *स्कन्दपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), पञ्चम पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

पाण्डेय, रामबली (सम्पादक) (सन् २००३), *हिन्दू धर्म कोश,* तृतीय संस्करण, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

... ... (२०५५), *खस जातिको इतिहास,* विराटनगर : उदात्त अनुसन्धान अड्डी ।

पोद्दार, हनुमानप्रसाद (सम्पा.) (२०६५, *कल्याण,* वेद-कथाङ्क, तृतीय पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०५९, *कल्याण,* सत्कथा-अङ्क, पञ्चम संस्करण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०६४, *कल्याण,* सन्त-अङ्क, सप्तम पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (सम्पा.) (२०६१, *कल्याण,* सन्तवाणी-अङ्क, तृतीय संस्करण, गोरखपुर : गीताप्रेस ।

... ... (सम्पा.) (२०६५), *कल्याण,* हिन्दू-संस्कृति-अङ्क, षष्ठ संस्करण, गोरखपुर : गीताप्रेस ।

पौडेल, पम्फा (२०६८), "शिवगोपाल रिसालको आमा शोककाव्यको अध्ययन" (नेपाली विषयको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र), काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि. ।

प्रधान, प्रमोद (२०६६), *नेपाली निबन्धको इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

प्रधान, भिक्टर (२०४४), *नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (प्रधान सम्पादक) (२०७०), *प्रज्ञा दर्शन कोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बड्, भानदेव, *बैतडीको लोकसाहित्य र रामकथा,* बैतडी : श्रीमती राजु बडू २०४८ ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स ।

... ... (२०६८), 'साहित्यिक कृतिहरूको सम्पादन पद्धति' *रत्न बृहत् नेपाली समालोचना,* काठमाडौं: रत्न पुस्तक भण्डार ।

ब्रिडी, रिचार्ड (एडिटर) (सन् १९९९), *माइक्रोसफ्ट इन्कार्टा वर्ल्ड इङलिस डिक्सनेरी,* नाइन्थ एडिसन, अमेरिका : माइक्रोसफ्ट कर्पोरेसन ।

भट्टराई, वासुदेव (अनुवादक) (२०६४), *श्रीमद्भागवत महापुराण* (महर्षि वेदव्यास प्रणीत), प्रथम-द्वितीय खण्ड, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

भट्टराय, चूडानाथ (अनुवादक) (२०३१), *मीमांसा मयूख,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टाचार्य, चक्रेश्वर (सङ्कलनकर्ता) (सन् १९७०), *शाक्त-दर्शनम्,* वाराणसी : चौखम्बा संस्कृत सीरिज आफिस ।

भट्टाचार्य, तारानाथ (सम्पादक) (सन् १९९०), *वाचस्पत्यम्,* पञ्चम भाग, वाराणसी : चौखम्बा संस्कृत सीरीज ।

भण्डारी, ढुण्डीराज (सम्पादक) २०३७), *प्रज्ञा,* वर्ष-८, अङ्क-४, पूर्णाङ्क-३०, काठमाडौं : राजकीय प्रज्ञा-प्रतिष्ठान ।

माथुर, कैलाशचन्द्र (सन् १९७०), *पाश्चात्य निबन्ध कला,* लखनऊ : हिन्दी समिति सूचना विभाग ।

मालवीय, सुधाकर (सम्पादक, अनुवादक) (२०४०), *ऐतरेय ब्राह्मण,* भाग-२, वाराणसी : तारा प्रिन्टिंग वर्क्स ।

मिश्र, जयशङ्कर (सन् २००१), *प्राचीन भारत का सामाजिक इतिहास,* पटना : बिहार हिंदी ग्रंथ अकादमी ।

मिश्र, ज्वालाप्रसाद (अनुवादक) (२०५०), *निर्णयसिन्धु,* बम्बई : खेमराज श्रीकृष्णदास ।

... ... (अनुवादक) (२०६५), *जातिभास्कर,* बम्बई : खेमराज श्रीकृष्णदास ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्र, श्रीरामभवनजी (सम्पादक) (२०५७), *नित्यकर्म-पूजाप्रकाश,* बाईसवाँ संस्करण, गोरखपुर : गीताप्रेस ।

मैठाणी, दिवाकर शर्म्मा (२०५८), *गोत्र प्रवर दीपिका,* काठमाडौं : नइ प्रकाशन ।

राधाकृष्णन्, सर्वपल्ली (सन् १९६९), *भारतीय दर्शन,* दिल्ली : राजपाल एन्ड सन्स ।

राय, रामकुमार (सम्पादक)(सन् १९८२), *महाभारतकोश,* वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस ।

रिमाल, उषा (२०५३), "शिवगोपाल रिसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (नेपाली विषयको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र), काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि. ।

रिसाल, राममणि (२०३१), *नेपाली काव्य र कवि,* ललितपुर : साझा प्रकाशन ।

रिसाल, शिवगोपाल (२०१९), 'किन ?' (खण्डकाव्यको भूमिका), *प्रतीक्षा,* काठमाडौं : दुर्गामान सिंह 'ह्युमत' ।

... ... (२०१९), 'मलाई यस्तै लाग्यो' (कविता सङ्ग्रहको भूमिका), *नवीन कविता-संग्रह,* काठमाडौं : रमेशप्रसाद उपाध्याय भट्टराई ।

... ... (२०२१), 'सम्पादकीय' (कविता सङ्ग्रहको भूमिका), *कृषि-बाला,* काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा ।

सम्पादकीय (कविता सङ्ग्रहको भूमिका)

... ... (२०२१), '*चिल्ला पातहरू*', काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा ।

सम्पादकीय भूमिका (सम्पादकीय)

... ... (२०२६), '*अद्वैत चिन्तामृत*', काठमाडौं : डा. क्षितीशचन्द्र चक्रवर्ती ।

... ... (२०२६), 'आशुकवि शम्भुप्रसाद ढुङ्गेलको विषयमा' (सम्पादकीय), *मालती-माधव,* काठमाडौं : शम्भुप्रसाद ढुंगेल ।

... ... (२०२६), *इस्ट एन्ड वेस्ट टुवार्ड्स म्युचुयल अन्डरस्ट्यान्डिङ* (नेपाली अनुवाद), काठमाडौं : शिक्षा मन्त्रालय (युनेस्को) ।

... ... (२०२६), 'सम्पादकीय' (सङ्कलित नीतिसूत्रको सम्पादकीय), *शतसूत्री*', काठमाडौं : पद्मकन्या कलेज ।

... ... (२०२६), 'सम्पादकीय भूमिका' (दार्शनिक कृतिको सम्पादकीय), *योग दर्शन,* काठमाडौं : पहलमानसिंह स्वार क्षत्री ।

... ... (२०२७), 'आत्मानुसन्धानको सन्दर्भमा योग र ज्ञानको तुलनात्मक अध्ययन' *प्रज्ञा,* वर्ष-१,अङ्क-१, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

... ... (२०२७), *नेपाली भाषा र व्याकरण* (सहलेखन) हालसम्म ६ संस्करण प्रकाशित, ललितपुर : साझा प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०२७), 'सम्पादकीय' (दार्शनिक कृतिको सम्पादकीय), *सत्य दर्शन*, काठमाडौं : पं. होमनाथ पौडेल ।

... ... (२०२८), *नेपाली भाषाको पाठ्यक्रम* (सहलेखन), काठमाडौं : शिक्षा मन्त्रालय ।

... ... (२०२८), 'वेदान्त फिलोसोफी' *नेपाल डाइजेस्ट*, (अंग्रेजी पत्रिका), काठमाडौं : नेपाल डाइजेस्ट प्रकाशन ।

वेदान्त फिलोसोफी (अङ्ग्रेजी पत्रिका

... ... (२०२८), 'सुषुप्ति र तुरीय अवस्थाभित्र पार्थक्यको विश्लेषणपूर्वक विवेचन', *अनुसन्धान आदर्श*, काठमाडौं : शम्भुलाल प्रधान सरस्वती ।

... ... (२०२९), *महेन्द्रमाला* भाग-५ (सहलेखन), काठमाडौं : शिक्षा मन्त्रालय ।

... ... (२०२९), *महेन्द्रमाला* भाग-८ (सहलेखन), काठमाडौं : शिक्षा मन्त्रालय ।

... ... (२०३१), 'सम्पादकीय' (दार्शनिक कृतिको सम्पादकीय), *अदृश्य दर्शन*, काठमाडौं : पं. होमनाथ पौडेल ।

... ... (२०३३), 'आत्म सम्मति' (अभिनयकलाको कृतिको भूमिका), *अभिनय दर्पण*, काठमाडौं : प्रा. मृगेन्द्रमानसिंह प्रधान ।

... ... (२०३४), 'तस्मै श्रीगुरवे नमः' (भूमिका), *डा.क्षितीशचन्द्र चक्रवर्तीको जीवनी*, काठमाडौं : गङ्गाप्रसाद श्रेष्ठ ।

... ... (२०३४), 'वेदान्ती कवि पं. गुणराज उपाध्याय र उनको विचार-लहरी खण्डकाव्य : एक अनुशीलन' (व्याख्यान), *गुणराज स्मारक व्याख्यान माला-४*, काठमाडौं : प्रा. शिवगोपाल रिसाल ।

... ... (२०३७), 'कहिल्यै बूढो नहुने गोपाल पाँडे 'असीम'', *असीम संस्मरण ग्रन्थ*, काठमाडौं : नेपाली शिक्षा परिषद् ।

... ... (२०३९), 'मन्तव्य' (हिन्दूधर्म र अध्यात्म विषयक मन्तव्य), *कल्याण*, ललितपुर : ऋद्धिहर्ष बज्राचार्य ।

... ... (२०४१), 'यात्रा (जात्रा) हेर्दै जाँदा...' (भूमिका), *नेपालका केही यात्रा र मेला*, काठमाडौं : पुण्यरत्न बज्राचार्य ।

... ... (२०४३), 'वेद त ज्ञान हो' (दार्शनिक कृतिको भूमिका), *समाजनीति*, काठमाडौं : बैकुण्ठप्रसाद लाकौल ।

... ... (२०४४), 'जिन्दगी : एक प्रश्नचिह्न हेर्दा' (कविता सङ्ग्रहको भूमिका), *जिन्दगी : एक प्रश्नचिह्न*, काठमाडौं : सबिना श्रेष्ठ 'स्मृति' ।

... ... (२०४४ र २०७१), *दुर्गापूजा र बलिको रहस्य*, ललितपुर : शिवगोपाल रिसाल ।

... ... (२०४४), 'पाँच भेदको निराकरण', *गरिमा*, ललितपुर : साझा प्रकाशन ।

... ... (२०४४ र २०६०), *म को हुँ*, काठमाडौं : रवि पराजुली ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०४५), 'सम्पादकीय' (दार्शनिक कृतिको सम्पादकीय), *अमृत-बिन्दु*, काठमाडौं : गङ्गाप्रसाद श्रेष्ठ ।

... ... (२०४५), 'सृजनाका सिर्जनाहरूलाई' (कविता सङ्ग्रहको भूमिका), *प्रश्नचिह्नदेखि पूर्णविरामसम्म*, काठमाडौं : सृजना श्रेष्ठ ।

... ... (२०४६), 'इतिहासका प्रथम अभिलेख : श्री बाबुराम आचार्य', *बाबुराम आचार्य स्मृतिग्रन्थ*, काठमाडौं : इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकी समारोह समिति ।

... ... (२०४६), 'इन्टर भ्यू विथ प्रो.शिवगोपाल रिसाल' (अङ्ग्रेजी समाचार पत्रका प्रतिनिधिसित अन्तरवार्ता), द *हिन्दू टाइम्स*, काठमाडौं : द हिन्दू टाइम्स प्रकाशन ।

... ... (२०४६), 'काव्य सन्तानले डांडा कांडा ढाकून्' (काव्यको भूमिका), *इला*, काठमाडौं : सूब सेन ।

... ... (२०४६), 'म नमस्कार गर्छु' (भूमिका), *कृष्णप्रसाद पराजुली आस्थाका आयाम*, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

... ... (२०४६), 'साधुकामना' (कथा सङ्ग्रहकको भूमिका), *आलोक अन्तःकरणको*, काठमाडौं : गुलाब खेतान ।

... ... (२०४७), 'उपयोगी शब्दकोश' (भूमिका), *अर्थ-वाणिज्य शब्दकोश*, काठमाडौं : नानीबाबा रिसाल ।

... ... (२०४७), 'मन्तव्य' (सूक्तिसङ्कलनको भूमिका), *सूक्तिसञ्चय*, काठमाडौं : हेमचन्द्र पोखरेल ।

... ... (२०४७), 'श्री परमात्मासँग प्रार्थना' (भूमिका), *तेस्रो नेत्र : योगसाधना*, काठमाडौं : जनार्दन ढुङ्गाना ।

... ... (२०४७ र २०७१), *श्रीराम-नाम* (अध्यात्म काव्य), दोस्रो संस्करणमा श्रीराम महाकाव्य, ललितपुर : शिवगोपाल रिसाल ।

... ... (२०४८), 'आत्म-निवेदन' (दार्शनिक कृतिको भूमिका), *ईशावास्योपनिषद्*, काठमाडौं : बैकुण्ठप्रसाद लाकौल ।

... ... (२०४९), *चर्पटपञ्जरिकास्तोत्रम्* (अनुवाद र व्याख्या), ललितपुर : शिवगोपाल रिसाल ।

... ... (२०४९), 'जन्मभूमि' भित्र कवि झपटलाई खोज्दा', *झपट स्मृतिग्रन्थ*, काठमाडौं : झपट स्मृति प्रतिष्ठान ।

... ... (२०४९), 'प्राक्कथन' (भूमिका), *'भजन-भारती' को भावपूर्ण आरती*, स्मृतिग्रन्थ, काठमाडौं : भजन भारती ।

... ... (२०४९), 'बद्रीविक्रम थापा संक्षेपमा सबै थोक हुन्', *नेपाली साहित्य बाटिका* (कर्मवीर बद्रीविक्रम थापा विशेषाङ्क), काठमाडौं : नेपाल साहित्य मन्दिर ।

... ... *श्रीविष्णुसहस्रनामस्तोत्रम्* (२०४९ मा प्रथम, २०६४ मा दोस्रो र २०६७ मा तेस्रो संस्करण), भक्तपुर : प्रेमप्रसाद काफ्ले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०५०), 'उज्ज्वल भविष्यको शुभ-कामना' (कविता सङ्ग्रहको भूमिका), *बलात्कृत धरती*, काठमाडौं : मनोजकुमार निःसंग ।

... ... (२०५०), 'परिक्रमाभित्र परिक्रमा गर्दा' (समालोचना भूमिका), *मोतीराम परिक्रमा*, काठमाडौं : रमा शर्मा ।

... ... (२०५०), 'परिचय' (भावानुवादको भूमिका), *अष्टावक्रगीता*, काठमाडौं : वासुदेवप्रसाद अधिकारी ।

... ... (२०५०), 'श्री केशवराज पिंडाली : युगान्तकारी हास्यव्यंग्यकार', *उन्नयन* (केशवराज पिंडाली विशेषाङ्क), काठमाडौं : उन्नयन प्रकाशन ।

... ... (२०५१), ''आमाको संझना' को संझनामा' (कविता सङ्ग्रहको भूमिका), *आमाको संझना*, काठमाडौं : वासुदेवप्रसाद अधिकारी ।

... ... (२०५१), 'म र मेरो उद्देश्य', *दीपशिखा*, पूर्णाङ्क-३, काठमाडौं : पद्मकन्या ब. क्याम्पस स्व.वि.यु., त्रि.वि. ।

... ... (२०५१), 'मन्तव्य' (भक्तिगीतको भूमिका), *फूलको बिलौना*, काठमाडौं : श्याम मलेकू ।

... ... (२०५१), 'श्री अम्बिका गुरु अमर हुनुहुन्छ', *अम्बिका स्मृतिग्रन्थ*, काठमाडौं : अम्बिका स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०५१), 'श्रीफणीन्द्रनाथ पौडेल : व्यक्तित्व र कृतित्व' (दार्शनिक पुस्तकको भूमिका), *वेदान्त : एक अनुभव*, काठमाडौं : फणीन्द्रनाथ पौडेल ।

... ... (२०५१), 'श्री माधुरी रामायण : एक महान् उपलब्धि', *नेपाली साहित्य बाटिका* (माधुरी भट्टराई विशेषाङ्क), काठमाडौं : नेपाल साहित्य मन्दिर ।

... ... (२०५२), 'गन्तव्य नै मन्तव्य' (पारिवारिक इतिहासको भूमिका), *प्रेरणा*, काठमाडौं : माधवराज खनाल ।

... ... (२०५२), 'वरिष्ठ प्रशासक, उत्कृष्ट समाजसेवी', *कर्मयोगी बद्रीविक्रम थापा*, काठमाडौं : नेपाल साहित्य मन्दिर ।

... ... (२०५३), ''प्रभु-दर्शन' को दर्शन गर्दा' (कविता सङ्ग्रहको भूमिका), *प्रभु-दर्शन*, काठमाडौं : माधुरी भट्टराई ।

... ... (२०५३), 'मन्तव्य' (भाषिक इतिहासको भूमिका), *नेपाली भाषाको ऐतिहासिक मीमांसा*, काठमाडौं : पूर्णप्रकाश नेपाल 'यात्री' ।

... ... (२०५३ मा प्रथम, २०७१ म श्रीखप्तडबाबा महाकाव्य दोस्रो संस्करण), *श्रीखप्तडबाबा* (अध्यात्म काव्य), काठमाडौं : डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रतिष्ठान ।

... ... (२०५४), 'अ ब्रिफ सर्भे अफ लिटरेचर', *नेपाल*, मोनोग्राफ अन नेप्लिज कल्चर, काठमाडौं : नेपाल पब्लिकेसन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०५४), 'एकांकी नाटककार भीमनिधि तिवारी र उनको एकांकी बिसे नगर्ची' (समीक्षा), काठमाडौँ : तिवारी अध्ययन प्रतिष्ठान ।

... ... (२०५४), 'नेपालीमा एम.ए. खुलाउन समज्यूको योगदान', *एउटा अमर प्राज्ञ बालकृष्ण सम*, काठमाडौँ : बालकृष्ण सम स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०५४), 'योगी नरहरिनाथ : नेपाली गद्यपद्यका हजुर्बा', *योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ*, काठमाडौँ : योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ प्रकाशन समिति ।

... ... (२०५४ पौष), ''श्रीखप्तड बाबा' अध्यात्म काव्यको वैचारिक धरातल' (पुस्तक परिचय), *गरिमा*, ललितपुर : साझा प्रकाशन ।

... ... (२०५४), 'श्रीखप्तड बाबाका विषयमा केही श्रुति केही स्मृति', *खप्तड बाबा स्मारिका*, काठमाडौँ : खप्तड आश्रम प्रकाशन समिति ।

... ... (२०५४), 'सुप्रिम एमोङ अल', *नेपाल ट्राभलर*, काठमाडौँ : नेपाल ट्राभलर पब्लिकेसन ।

... ... (२०५४), 'स्व. पूर्णप्रसाद ब्राह्मण हिन्दूधर्मका एक प्रहरीका रूपमा', *पूर्णप्रसाद ब्राह्मण स्मृति ग्रन्थ*, काठमाडौँ : पूर्णप्रसाद ब्राह्मण स्मृति ग्रन्थ प्रकाशन समिति ।

... ... (२०५५), 'भूपालका दानले' (शुभकामना कविता), *भूपाल अर्चना*, काठमाडौँ : नरेन्द्रराज प्रसाईं ।

... ... (२०५५), 'मेरो नाङ्गो दर्शन' (कविता), *दीपशिखा*, काठमाडौँ : पद्मकन्या बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन ।

... ... (२०५५), 'शुभ र अशुभ वासनाको विवेचना', *उन्नयन*, पूर्णाङ्क-३०, काठमाडौँ : उन्नयन प्रकाशन ।

... ... (२०५६), *अभेद दर्शन* (दार्शनिक निबन्ध सङ्ग्रह), अमेरिका : अनादिगोपाल रिसाल ।

... ... (२०५६), ''कृष्णाय वासुदेवाय' खड्गमान मल्लज्यूको पर्याय', *खड्गमान मल्ल स्मृति ग्रन्थ*, ललितपुर : खड्गप्राण स्मारक सांस्कृतिक गुठी ।

... ... (२०५६), 'के भन्ने ?' (कविता सङ्ग्रहको भूमिका र शुभकामना), *अध्यात्म-यात्रा*, ललितपुर : अनन्तगोपाल रिसाल ।

... ... (२०५६), 'भक्ति सँगालोलाई अँगालो हाल्दा' (भक्तिगीत सङ्ग्रहको भूमिका), *भक्ति सँगालो*, काठमाडौँ : गङ्गाप्रसाद श्रेष्ठ ।

... ... (२०५६), 'रामेश्वराष्टकम्' (शुभकामना), *आत्मदर्शन*, काठमाडौँ : पं.रामेश्वर भट्टराई ।

... ... (२०५६), 'श्रीमद्भगवद्गीता : एक अनुशीलन', *उन्नयन*, काठमाडौँ : उन्नयन प्रकाशन ।

... ... (२०५६), 'सङ्गीतसाधिकाका रूपमा इन्दिरा श्रेष्ठ', *इन्दिरा यात्रा*, ललितपुर : इन्दिरा यात्रा प्रकाशन समिति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०५६), ''सुदामा' अलिकति परिचय, अलिकति समीक्षा', *डि√ा श्रीप्रसाद घिमिरे स्मृति ग्रन्थ*, काठमाडौं : डि√ा श्रीप्रसाद घिमिरे स्मृति प्रतिष्ठान ।

... ... (२०५७), 'अध्यात्ममा उत्प्रेरणाको आवश्यकता', *प्रगति प्रवाह*, वर्ष-१, अङ्क-१, ललितपुर : उद्यम संस्कार प्रवर्द्धन प्रतिष्ठान ।

... ... (२०५७), 'अष्टावक्रगीता र जनक', *जनक*, काठमाडौं : श्रीराजर्षि जनक स्मृति कोष ।

... ... (२०५७), 'घाम नछेक' (कविता), *दीपशिखा*, काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन ।

... ... (२०५७), 'चार प्रकारका भक्त', *सत्सङ्ग स्मारिका*, ललितपुर : सत्सङ्ग परिवार ।

... ... (२०५७), *पद्मकन्या महाकाव्य*, काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस ।

... ... (२०५७), 'पद्मकन्याको संस्मरणमा', *स्वर्ण महोत्सव स्मारिका*, काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस ।

... ... (२०५७), 'मन्तव्य' (अनुवाद तथा भाष्यको भूमिका), *अवधूतगीता*, काठमाडौं : कोमलदत्त तिवारी ।

... ... (२०५७ मा पहिलो र २०७१ मा दोस्रो संस्करण), *ब्रह्मजिज्ञासा* (दार्शनिक निबन्ध सङ्ग्रह), काठमाडौं : राजर्षिजनकस्मृतिकोष ।

... ... (२०५७), 'श्री ५ वीरेन्द्र र आध्यात्मिक जागरण', *श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व*, काठमाडौं : नइ प्रकाशन ।

... ... (२०५७ मा पहिलो र २०७१ मा दोस्रो संस्करण), *सुख कहाँ छ ?* (दार्शनिक निबन्ध सङ्ग्रह), काठमाडौं : गीता समुदय प्रकाशन ।

... ... (२०५८), 'प्रकाशकीय' (संस्थागत पत्रिकाको प्रकाशकीय), *केही प्रश्न केही समाधान*, ललितपुर : भैरव स्वाध्याय परिवार ।

... ... (२०५८), 'शिवार्चन' (पद्यमा भूमिका), *नमः शिवाय*, ललितपुर : वासु रिमाल 'यात्री' ।

... ... (२०५९), 'अभियान सफल बनोस्' (दार्शनिक कृतिको भूमिका), *अध्यात्म-अभियान*, काठमाडौं : वासुदेवप्रसाद अधिकारी ।

... ... (२०५९), 'भविष्य उज्यालो छ' (लघुकथासङ्ग्रहको भूमिका), *सगरपुर*, काठमाडौं : शेखरकुमार श्रेष्ठ ।

... ... (२०५९), 'शुभकामना' (निबन्ध सङ्ग्रहको भूमिका), *वेद*, काठमाडौं : चिन्तामणि योगी ।

... ... (२०५९), 'श्रीपरमात्माको कृपा प्राप्त भइरहोस्' (भूमिका), *दृग्दृश्य-विवेक*, काठमाडौं : कोमलदत्त तिवारी ।

... ... (२०५९), *श्रीपशुपतिनाथको सेरोफेरो* (अध्यात्म काव्य), काठमाडौं : राजर्षिजनकस्मृतिकोष ।

... ... (२०५९), 'सत्यदेखि मोक्षसम्म' (भूमिका), *ब्रह्मचर्य-विज्ञान*, काठमाडौं : रवीन्द्रप्रसाद प्रधान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०५९), 'सार्थक रचना' (कविता सङ्ग्रहको शुभकामना), *अर्थहीन रचना*, ललितपुर : राधेश्याम खड्का ।

... ... (२०६०), 'अनुवादकीय' (अनुवादकीय), *योग-विज्ञान* (खप्तड बाबाद्वारा प्रणीत), काठमाडौं : प्रा.शिवगोपाल रिसाल ।

... ... (२०६०), 'उनी अमर बनून्', *ध्येय चिन्तन*, डा. विहारीलाल श्रेष्ठ स्मृति अङ्क, काठमाडौं : ध्येय चिन्तन प्रकाशन ।

... ... (२०६०), ''गीतानुशीलन'को संक्षिप्त अनुशीलन गर्दा', *डा. डिल्लीराम तिमसिना स्मृतिग्रन्थ*, काठमाडौं : डा. डिल्लीराम तिमसिना स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०६० वैशाख), 'मनुष्य शरीरबाट परमात्म प्राप्ति', *सत्य दर्पण* पूर्णाङ्क-३, काठमाडौं : कवीन्द्रप्रसाद पौड्याल ।

... ... (२०६०), 'मर्यादा पुरुषोत्तम श्रीराम', *श्री सिपा तीनघरे संस्कृत मा.वि.को स्मारिका*, सिपा : श्री सिपा तीनघरे संस्कृत मा.वि. ।

... ... (२०६०), 'यस वंशावलीका सम्बन्धमा' (भूमिका), *रिसाल वंशावली*, ललितपुर : प्रा. शिवगोपाल रिसाल ।

... ... (२०६०), *रिसाल वंशावली*, काठमाडौं : रिसाल वंशावली प्रकाशन समूह ।

... ... (२०६०), *योग-विज्ञान*, श्री १००८ सच्चिदानन्द सरस्वती (खप्तड बाबा) (हिन्दीबाट नेपालीमा अनुवाद), काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।

... ... (२०६०), 'शिवमस्तु' (भूमिका), *अष्टावक्रगीता*, काठमाडौं : कोमलदत्त तिवारी ।

... ... (२०६०), 'श्रीखप्तड बाबा विभिन्न दृष्टिबाट', *खप्तड बाबा स्मारिका*, काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।

... ... (२०६०), *श्रीमस्तरामबाबा* (अध्यात्म काव्य), ललितपुर : श्रीमती मीनाकुमारी रिसाल (गायत्री) ।

... ... (२०६०), 'सम्पादकीय' (सम्पादकीय), *वेदान्त-विज्ञान* (खप्तड बाबाद्वारा प्रणीत), काठमाडौं : प्रा.शिवगोपाल रिसाल ।

... ... (२०६०), 'हिजो र आज' (कविता), *प्रणव आशिष*, वर्ष-३, पूर्णाङ्क-११, त्रैमासिक, काठमाडौं : डा.काशीराज उपाध्याय ।

... ... (२०६१ वैशाख), 'आत्मा मर्दैन, जगत् रहँदैन', *सत्य दर्पण*, पूर्णाङ्क-४, काठमाडौं : कवीन्द्रप्रसाद पौड्याल ।

... ... (२०६१), 'उपोद्घात' (भूमिका), *गीता मञ्जरी*, काठमाडौं : नारायणदत्त शास्त्री ।

... ... (२०६१ मा पहिलो र २०७१ मा दोस्रो संस्करण), *वैदिक संस्कृति* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : साझा प्रकाशन ।

... ... (२०६१), 'श्रीमद्भागवतमहापुराण र यसको प्रतिपाद्य विषय', *जनक*, वर्ष-४, अङ्क-४, काठमाडौं : श्रीराजर्षि जनक स्मृति कोष ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६१), ''स्तोत्रसार-संग्रह'अध्ययन गर्दा' (भूमिका), *स्तोत्रसार-संग्रह,* काठमाडौँ : कोमलदत्त तिवारी ।

... ... (२०६१), 'स्वास्थ्यका लागि शाकाहारी भोजनको महत्त्व', *समुदय,* काठमाडौँ : गीता समुदय प्रकाशन ।

... ... (२०६२), *अखण्ड आनन्द* (१०१ कविता सङ्ग्रह), ललितपुर : मीनाकुमारी (गायत्री) रिसाल ।

... ... (२०६२), 'अद्वैत वेदान्त दर्शन : सार संक्षेप', *ध्येय चिन्तन,* वर्ष-१९, अङ्क-१४, काठमाडौँ : ध्येय चिन्तन प्रकाशन ।

... ... (२०६२), ''अनन्त धारा' लाई अमर शुभकामना' (शुभकामना), *अनन्त धारा,* वर्ष-१, अङ्क-२, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), 'अब फेरि चौरासीका चक्करमा नपरौँ', *प्रा. रामचन्द्र पौडेल स्मृतिग्रन्थ,* काठमाडौँ : प्रा. रामचन्द्र पौडेल स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०६२), 'आध्यात्मिक शान्ति प्राप्त होस्' (सूक्तिसङ्ग्रहको भूमिका), *खप्तड सूक्ति,* काठमाडौँ :स्वामी शशिभास्करम् 'निःसङ्ग' ।

... ... (२०६२), 'आफू' (कविता), *अनन्त धारा,* वर्ष-१, अङ्क-५, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), 'आमाको स्नेह' (कविता), *अनन्त धारा,* वर्ष-१, अङ्क-१, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), *ईश्वरको अनुग्रह* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : चन्द्रकुमार तथा पुनम के.सी. ।

... ... (२०६२), 'कर्मको कर्ता को हो ?', *सत्य दर्पण,* पूर्णाङ्क-५, काठमाडौँ : सत्य दर्पण प्रकाशन ।

... ... (२०६२), 'कल्याणको मार्ग', *अनन्त धारा,* वर्ष-१, अङ्क-३, ललितपुर ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), 'गणपत्युपनिषद्' (अनुवाद र व्याख्या), *श्रीहासापोता गणेश स्मारिका,* ललितपुर : श्रीहासापोता गणेश धार्मिक व्यवस्था समिति ।

... ... (२०६२), 'गैडु पूर्णिमा', *अनन्त धारा,* वर्ष-१, अङ्क-४, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), 'तिमी को हौ ?' (कविता), *अनन्त धारा,* वर्ष-१, अङ्क-४, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), 'प्रार्थना' (कविता सङ्ग्रहको भूमिका), *भाव-सरिता,* ललितपुर : चारुशीला मिश्र ।

... ... (२०६२), 'ब्रह्मदृष्टि' (कविता), *अनन्त धारा,* वर्ष-१, अङ्क-२, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६२), 'भजनका इतिहासमा गोपाल पाँडेज्यूको नाम' (भजन सङ्ग्रहको भूमिका), *भजन सङ्ग्रह*, काठमाडौं : गोपाल पाँडे 'असीम' ।

... ... (२०६२), 'मन्तव्य' (भूमिका), *आत्मवाणी*, काठमाडौं : नरेन्द्रकेशरी पौड्याल ।

... ... (२०६२), 'मेरो राष्ट्र बने म बन्छु' (पद्यमा भूमिका), *एकताका महानायक*, काठमाडौं : कञ्चन पुडासैनी ।

... ... (२०६२), 'वैदिक कालदेखिको पुरस्कार परम्परा', *नेपाली*, त्रैमासिक, १८५, ललितपुर : मदन पुरस्कार गुठी ।

... ... (२०६२), *शिव-गायत्री स्तोत्रावली* (१०८ स्तोत्र सङ्ग्रह), अमेरिका : अनन्तगोपाल रिसाल ।

... ... (२०६२), 'शिवलिङ्गरहस्य', *अनन्त धारा*, वर्ष-१, अङ्क-६, ललितपुर ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६२), 'सत्सङ्ग', *प्रतिबोध* (वंशीधर श्रीकृष्ण मन्दिर चण्डोलको स्मारिका), काठमाडौं : प्रतिबोध प्रकाशन ।

... ... (२०६२), 'समाजसेवाको दर्शन र समाजसेवी सगुन शाह', *समाजसेवी सगुन शाह : जीवनी र व्यक्तित्व*, काठमाडौं : सगुन शाह प्रकाशन ।

... ... (२०६२), 'हरि र राम हरिरामको सम्झना र अभिनन्दन ', *प्राज्ञिक व्यक्तित्व : हरिराम जोशी*, ललितपुर : बद्रीलाल श्रेष्ठ ।

... ... (२०६३), 'अखण्ड शान्ति प्राप्त होस्' (कविता सङ्ग्रहको भूमिका), *अध्यात्मकुसुमाञ्जलि*, काठमाडौं : वासुदेवप्रसाद अधिकारी ।

... ... (२०६३), 'अध्यात्म चिन्तन', *गरिमा*, ललितपुर : साझा प्रकाशन ।

... ... (२०६३), 'अनन्य भक्ति', *समुदय*, वर्ष-१४, पूर्णाङ्क-५५, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६३), 'अन्तर्द्वन्द्व पढेपछि' (कविता सङ्ग्रहको भूमिका), *अन्तर्द्वन्द्व*, काठमाडौं : हरिकला अधिकारी ।

... ... (२०६३), 'आध्यात्मिक प्रसाद', *साङ्ग्रिला घाटीको केही तथ्य र आप्त वाक्य*, काठमाडौं : सुश्री अम्बिका पाण्डे ।

... ... (२०६३), 'गीतोक्त ज्ञानसाधन', *समुदय*, वर्ष-१४, पूर्णाङ्क-५४, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६३), 'गुरुआमा', *गुरुआमा-स्मृतिग्रन्थ*, काठमाडौं : अद्वैत संस्था ।

... ... (२०६३), 'दुःखको अवसान भो' (कविता), *अनन्त धारा*, वर्ष-१, अङ्क-११, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६३), 'ब्रह्मस्वरूपिणी देवी महाकाली, महालक्ष्मी र महासरस्वती', *चम्पक* (मासिक पत्रिका, दशैं विशेष), ललितपुर : चम्पक प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६३), 'भगवन्नामस्मरण क क न न का माध्यमबाट' (भूमिका), *क क न न (अर्को)*, ललितपुर : कमलमणि दीक्षित ।

... ... (२०६३), 'वैदिक परम्परामा शान्तिको चाहना', *समुदय,* वर्ष-१४, पूर्णाङ्क-५३, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६३), 'वैराग्य पञ्चक' (कविता), *अनन्त धारा,* वर्ष-२, अङ्क-१ र २, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६३), 'शुभ-कामना प्रार्थना' (अनुवादको भूमिका), *अष्टावक्रगीता,* काठमाडौं : अरुणकुमार उपाध्याय ।

... ... (२०६४), 'आज' (कविता), *अनन्त धारा,* वर्ष-२, अङ्क-५, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६४), 'आध्यात्मिक व्यक्तित्वको संस्मरण', *रामेश्वर अर्ज्याल स्मृतिग्रन्थ,* काठमाडौं : रामेश्वर इन्द्रछाया कल्याण कोष ।

... ... (२०६४), ''गद्यमहाभारत' भित्र पसेर निस्कँदा' (भूमिका), *गद्यमहाभारत,* काठमाडौं : वसन्तकुमार शर्म्मा 'नेपाल' ।

... ... (२०६४), 'गीताअनुसारको बुद्धियोग', *समुदय,* वर्ष-१५, पूर्णाङ्क-५८, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६४), ''गुरुदेखि सद्गुरुसम्म' पढेपछि' (दार्शनिक कृतिको भूमिका), *गुरुदेखि सद्गुरुसम्म,* काठमाडौं : अम्बिका पाण्डे ।

... ... (२०६४), 'ज्ञानका लागि शिक्षा', *ब्रिलियन्ट दर्पण,* काठमाडौं : ब्रिलियन्ट विद्यालय ।

... ... (२०६४), *दशश्लोकी र मृत्युमाहात्म्य* (अनुवाद र व्याख्या), ललितपुर : रुक्मिणी र कदमकुमारी श्रेष्ठ ।

... ... (२०६४), 'नव संक्षिप्त प्रश्नोत्तरी' (कविता), *सत्य दर्पण,* पूर्णाङ्क-७, काठमाडौं : कवीन्द्रप्रसाद पौड्याल ।

... ... (२०६४), 'ब्रह्मज्ञानको सोपानक्रम', *समुदय,* वर्ष-१५, पूर्णाङ्क-५७, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६४), 'मरे' (कविता), *अनन्त धारा,* वर्ष-२, अङ्क-६, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६४), 'मलाई बोलायो' (कविता), *अनन्त धारा,* वर्ष-२, अङ्क-७, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६४), 'मान्छेभित्रै ईश्वर छ' (कविता सङ्ग्रहको भूमिका), *क्रान्तिवीर,* काठमाडौं : रामशरण न्यौपाने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६४), 'शिव-विवाह' (कविता), *अनन्त धारा,* वर्ष-२, अङ्क-१०, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६४), 'शिव-विवाह' (कविता), *गौरी,* वर्ष-२, अङ्क-१०, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६४), 'शुभकामना' (भूमिका), *त्रिवेणी,* काठमाडौं : प्रेमनाथ सत्याल ।

... ... (२०६४), 'सत्य र मिथ्याको निरूपण', *समुदय,* वर्ष-१४, पूर्णाङ्क-५६, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६४), 'सदुपदेश' (कविता), *अनन्त धारा,* वर्ष-१, अङ्क-४, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६४), ''सपना-सुन्दरी' लाई नजिकैबाट हेर्दा' (खण्डकाव्यको भूमिका), *सपना-सुन्दरी,* काठमाडौं : श्रीराम पौडेल 'उदासी' ।

... ... (२०६४), 'सर्वविस्मरणयोग', *समुदय,* वर्ष-१५, पूर्णाङ्क-५९, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६४), 'सुषुप्ति : एक अनुभव', *जनक,* काठमाडौं : श्रीराजर्षि जनक स्मृति कोष ।

... ... (२०६५), 'अद्वैत तत्त्व', *गौरी,* वर्ष-३, अङ्क-८, पूर्णाङ्क-३०, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६५), 'अध्यात्मसाधना अझ तीव्र हुँदै जाओस्' (दार्शनिक निबन्ध सङ्ग्रहको भूमिका), *विश्वको सर्वोत्कृष्ट ग्रन्थ,* काठमाडौं : प्रा.डा.अच्युतमणि आचार्य ।

... ... (२०६५), 'आत्मा र अनात्माको विवेक', *समुदय,* वर्ष-१६, पूर्णाङ्क-६३, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६५), 'आध्यात्मिक व्यक्तित्व तीर्थराज आचार्य', *तीर्थराज आचार्य स्मृति ग्रन्थ,* काठमाडौं : तीर्थराज आचार्य स्मृति ग्रन्थ प्रकाशन समिति ।

... ... (२०६५), *आमा* (आध्यात्मिक शोककाव्य) अमेरिका : अनन्तगोपाल रिसाल ।

... ... (२०६५), 'ईश्वर आजै खोजे हुन्छ' (कविता), *अनन्त धारा,* वर्ष-३, अङ्क-११, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६५), 'खेल' (कविता), *अनन्त धारा,* वर्ष-३, अङ्क-९, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६५), 'गीताष्टक' (कविता), *अनन्त धारा,* वर्ष-४, अङ्क-१ र २, पूर्णाङ्क-३३, -९, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६५), ''जीवनदर्शन' को दर्शन भएपछि' (निबन्ध सङ्ग्रहको भूमिका), *जीवनदर्शन,* काठमाडौं : टीकाराम अर्याल ।

... ... (२०६५), 'तथास्तु' (कविता सङ्ग्रहको भूमिका), *समर्पण,* काठमाडौं : ठाकुरप्रसाद मैनाली ।

... ... (२०६५), *नीतिका कुरा* (नैतिक कोशकाव्यमा सहभागिता), काठमाडौं : शब्दार्थ प्रकाशन ।

... ... (२०६५), प्रार्थना' (शुभकामना), *अमूल्य रत्न,* काठमाडौं : रीमा आचार्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६५ मा पहिलो र २०६७ मा दोस्रो संस्करण), *प्रेमदेखि परमात्मासम्म* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६५), 'ब्रह्मचिन्तन', *ब्रह्मचिन्तन,* काठमाडौं : श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल ।

... ... (२०६५), ''ब्रह्मसाक्षात्कार' को दर्शनपछि' (दार्शनिक कृतिको भूमिका), *ब्रह्मसाक्षात्कार,* ललितपुर : शरत्कुमार भट्टराई ।

... ... (२०६५), 'म' (कविता), *अनन्त धारा,* वर्ष-३, अङ्क-१०, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६५), 'मार्मिक प्रश्नका मार्मिक उत्तरहरू', *सिसार,* अङ्क-७, काठमाडौं : ज्ञाननिष्ठ ज्ञवाली ।

... ... (२०६५), 'वृत्तिव्याप्ति र फलव्याप्ति', *समुदय,* वर्ष-१६, पूर्णाङ्क-६२, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६५), 'वेदान्तको विवर्तवाद', *समुदय,* वर्ष-१६, पूर्णाङ्क-६१, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६५), 'वैदिक संस्कृतिमा 'त्रि' (तीन) को महत्त्व', *अनन्त धारा,* वर्ष-२, अङ्क-८, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६५), 'शिवतत्त्व सगुण एवं निर्गुण रूपमा', *ध्येय चिन्तन,* वर्ष-२१, अङ्क-१६, काठमाडौं : ध्येय चिन्तन प्रकाशन ।

... ... (२०६५), 'शुभकामना' (कविता), *अनन्त धारा,* वर्ष-३, अङ्क-८, पूर्णाङ्क-२९, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६५), 'श्रीज्ञानहरि पण्डितलाई ज्ञानदृष्टिले हेर्दा', *स्व.पं. ज्ञानहरि पण्डित,* काठमाडौं : स्व. पं. ज्ञानहरि पण्डित स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०६५), *श्रीशिवसहस्रनामस्तोत्रम्,* ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६५), *सन्तमहिमा,* काठमाडौं : राजर्षिजनकस्मृतिकोष ।

... ... (२०६५), 'सम्पादकीय' (सम्पादकीय), *श्रीमद्भावतमहापुराण* (नेपाली अनुवाद-रामानन्दी टीका), काठमाडौं : प्रा.शिवगोपाल रिसाल ।

... ... (२०६५), 'स्वाध्यायमा प्रमाद नगर्नू', *समुदय,* वर्ष-१५, पूर्णाङ्क-६०, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६६), 'अद्वैत वेदान्तको अनिर्वचनीय ख्याति', *समुदय,* वर्ष-१७, पूर्णाङ्क-६७, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६६), 'अनुभव र अनुवाद', *अनन्त धारा,* वर्ष-४, अङ्क-१३, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६६), 'आध्यात्मिक ज्ञान : युवालाई वरदान', *कुसुन्ती स्मारिका,* ललितपुर : कुसुन्ती युवा क्लब ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६६), 'कोटि कोटि वन्दना' (भूमिका), *गजेन्द्रमोक्ष*, काठमाडौँ : बदरीनाथ भट्टराई ।

... ... (२०६६), 'दुःख', *समुदय*, वर्ष-१७, पूर्णाङ्क-६५, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६६), 'धर्मको लक्ष्य हो मोक्ष', *हिन्दुधर्म*, काठमाडौँ : कालिका साधनाश्रम नेपाल ।

... ... (२०६६), 'प्रलय के हो र कति प्रकारका छन् ?', *अनन्त धारा*, वर्ष-३, अङ्क-१२, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६६), 'भ्रमज्ञान', *अनन्त धारा*, वर्ष-४, अङ्क-१४, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६६), 'मदेखि मसम्म', *गौरी*, वर्ष-४, अङ्क-१०, काठमाडौँ : गौरी प्रकाशन ।

... ... (२०६६), 'मुक्ति त स्वीकृति हो' (कविता), *गौरी*, वर्ष-५, अङ्क-४, पूर्णाङ्क-४६, काठमाडौँ : गौरी प्रकाशन ।

... ... (२०६६), 'वर्तमानकाल', *अनन्त धारा*, वर्ष-४, अङ्क-१५, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६६), 'वागीश्वरीमा शब्दपुष्पाञ्जली' (भूमिका), *वागीश्वरीदेखि इन्द्रायणीसम्म*, भक्तपुर : प्रेमप्रसाद काफ्ले ।

... ... (२०६६), 'शिवतत्त्व' (कविता), *अनन्त धारा*, वर्ष-५, अङ्क-६, पूर्णाङ्क-४८, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति

... ... (२०६६), 'शास्त्रीय र प्रामाणिक व्याख्या' (भूमिका), *विवेक-चूडामणि*, काठमाडौँ : डा.शम्भु प्याकुर्‍याल ।

... ... (२०६६), 'शुभकामना' (भूमिका), *वेद-शास्त्र समाज र कलियुग*, काठमाडौँ : दामोदर गौतम ।

... ... (२०६६), 'श्रीमद्‌भगवद्‌गीताले दिने शान्ति', *समुदय*, वर्ष-१६, पूर्णाङ्क-६४, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६६), 'श्री हरिश्चन्द्र गुरुमा शब्द-श्रद्धाञ्जलि', *प्रा. हरिश्चन्द्र न्यौपाने स्मृतिग्रन्थ*, भक्तपुर : प्रा. हरिश्चन्द्र न्यौपाने स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०६६), *संसार कस्तो छ ?* (दार्शनिक निबन्ध सङ्ग्रह), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६६), 'संसार कस्तो छ ?', *समुदय*, वर्ष-१७, पूर्णाङ्क-६६, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६७), 'ॐ शिव (व्यापक अर्थमा)', *अनन्त धारा*, वर्ष-५, अङ्क-१८, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६७), 'अक्षर त ब्रह्म नै हो', *समुदय*, वर्ष-१७, पूर्णाङ्क-६८, ललितपुर : गीता समुदय प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६७), 'आत्मदर्शन', *समुदय,* वर्ष-१८, पूर्णाङ्क-६९, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६७), 'आध्यात्मिक चिन्तनको सँगालो आत्मिक सुख र आमाको महिमा' (पुस्तक परिचय), *सिसार,* अङ्क-८, काठमाडौँ : ज्ञाननिष्ठ ज्ञवाली ।

... ... (२०६७), 'उपनिषद् सिद्धान्त हो अद्वैत', *गौरी,* वर्ष-६, अङ्क-४, पूर्णाङ्क-५८, काठमाडौँ : गौरी प्रकाशन ।

... ... (२०६७), 'चरित्र हाम्रो सर्वस्व', *अनन्त धारा,* वर्ष-५, अङ्क-१७, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६७), 'चिन्तारहित स्थिति', *जनक,* काठमाडौँ : श्री राजर्षि जनक स्मृतिकोष ।

... ... (२०६७), *ज्ञानको चमत्कार* (दार्शनिक संवाद), काठमाडौँ : रवि पराजुली, केशव रेग्मी, सीताराम खत्री ।

... ... (२०६७), 'ज्ञान र विज्ञान', *अनन्त धारा,* वर्ष-४, अङ्क-१६, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६७), 'नमर्ने कुरा', *समुदय,* वर्ष-१८, पूर्णाङ्क-७१, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६७), 'प्रयाणकाल', *अनन्त धारा,* वर्ष-५, अङ्क-१९, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६७), 'बुझेरै म भएँ ब्रह्म' (कविता), *गौरी,* वर्ष-५, अङ्क-११, पूर्णाङ्क-५३, काठमाडौँ : गौरी प्रकाशन ।

... ... (२०६७), 'भूमिका' (भूमिका), *वेदपुराणका केही रत्नहरू,* ललितपुर : प्रा.डा. वीणा पौड्याल ।

... ... (२०६७), ''यात्री' को यात्रा पूर्ण भयो' (प्रकाशकीय), *स्मृति बिम्बभित्र वासु रिमाल 'यात्री',* ललितपुर : वासु रिमाल 'यात्री' स्मृतिग्रन्थ प्रकाशन समिति ।

... ... (२०६७), 'वृद्धत्वविज्ञान' : नौलो ग्रन्थ (भूमिका), *वृद्धत्वविज्ञान,* काठमाडौँ : रवीन्द्रप्रसाद प्रधान ।

... ... (२०६७), 'वृद्धावस्था वरदान हो अभिशाप होइन', *स्मारिका,* काठमाडौँ : नेपाल ज्येष्ठ-जन समाज ।

... ... (२०६७), 'वेदान्ताचार्य डा. हरिभक्त नेउपानेज्यूमा अभिनन्दन एवं अभिवादन', *डा. हरिभक्त नेउपाने अभिनन्दन ग्रन्थ,* काठमाडौँ : डा. हरिभक्त नेउपाने अभिनन्दन ग्रन्थ प्रकाशन समिति ।

... ... (२०६७), 'शिवदर्शन महाकाव्यलाई शब्दपुष्पाञ्जलि' (भूमिका), *शिवदर्शन महाकाव्य,* काठमाडौँ : अग्निहोत्री रामप्रसाद गौतम ।

... ... (२०६७), 'सुषुप्ति षोडशी' (कविता), *अनुभूति,* काठमाडौँ : महेश छात्र परिषद् ।

... ... (२०६७), 'स्मृतियोग', *समुदय,* वर्ष-१८, पूर्णाङ्क-७०, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६८), *अमृतका थोपा* (आध्यात्मिक अमर वाणीहरू), ललितपुर : स्वाध्याय परिवार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६८), 'कस्तो जीवन बाँच्ने ?', *साँचो जीवन* (दशैं विशेषाङ्क), काठमाडौं : सर्वोत्कृष्ट जीवन : शाश्वत चिन्तन ।

... ... (२०६८), 'काल बडो चमत्कारी' (कविता), *गौरी,* वर्ष-७, अङ्क-७, पूर्णाङ्क-७३, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६८), 'के लेख्ने ? के लेख्ने ? : के नलेख्ने ?', *समुदय,* वर्ष-१८, पूर्णाङ्क-७२, ललितपुर : गीता समुदय प्रकाशन ।

... ... (२०६८), 'तपस्या र साधनाको फल' (निबन्ध सङ्ग्रहको भूमिका), *ब्रह्म-जीव र काल,* काठमाडौं : सुश्री अम्बिका पाण्डे ।

... ... (२०६८), 'म र महरूको पसारो', *अनन्त धारा,* वर्ष-५, अङ्क-२०, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६८), 'मर्यादा पुरुषोत्तम श्रीराम', *गौरी,* वर्ष-६, अङ्क-११, पूर्णाङ्क-६५, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६८), 'मिथिलेशकी किशोरी' (कविता), *गौरी* (वर्ष-७, अङ्क-३, पूर्णाङ्क-६९, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६८), *मृत्युविज्ञान,* काठमाडौं : रवि पराजुली, केशव रेग्मी, सीताराम खत्री ।

... ... (२०६८), 'रामराज रामका राज्यमा पुगे' (भूमिका), *रामायण भजन,* ललितपुर : रामराज ताम्राकार ।

... ... (२०६८), 'विषयान् विषवत् त्यज', *अनन्त धारा,* वर्ष-६, अङ्क-२३, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६८), 'शारदी पूर्णिमा' (कविता), *गौरी* (वर्ष-७, अङ्क-१, पूर्णाङ्क-६७, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६८), 'शिक्षाको उद्देश्य के हो ?', *शिक्षा र संस्कृति,* वर्ष-१, अङ्क-३, ललितपुर : सुवर्णराम जोशी ।

... ... (२०६८), 'शिवतत्त्वमहिमा', *श्रुतिसौरभ,* काठमाडौं : नेपाल महर्षि वैदिक फाउण्डेसन ।

... ... (२०६८), 'श्रीमद्भगवद्गीतामा उल्लेख भएअनुसार कर्म, विकर्म र अकर्म', *अनन्त धारा,* वर्ष-६, अङ्क-२२, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६८), 'सत्यकाम जाबाल', *अनन्त धारा,* वर्ष-६, अङ्क-२१, ललितपुर : ढुङ्गेधारा सत्सङ्ग भवन संरक्षण समिति ।

... ... (२०६८), *सत्य-दर्शन* (आध्यात्मिक कविता सङ्ग्रह), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६८), 'सत्सङ्ग : एक समीक्षा', *सत्सङ्ग* (आध्यात्मिक पत्रिका), काठमाडौं : श्रीधर पौडेल ।

... ... (२०६८), 'साधनाले सिद्ध बनाओस्' (भूमिका), *विवेक-चूडामणि,* काठमाडौं : कोमलदत्त तिवारी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... ... (२०६८), 'सुखका खोजमा', *गौरी*, वर्ष-७, अङ्क-५, पूर्णाङ्क-७१, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०६९), *अष्टावक्रगीता* (सारसंक्षेप र विविध), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६९), *नाङ्गो दर्शन* (दार्शनिक चिन्तन), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६९), *मान्छेभित्रका मान्छेहरू* (दार्शनिक चिन्तन), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०६९), 'लोभ : नरकको द्वार', *गौरी*, वर्ष-७, अङ्क-११, पूर्णाङ्क-७७, काठमाडौं : गौरी प्रकाशन ।

... ... (२०७०), *अष्टावक्रगीता* (अनुवाद र विवरण), तनहूँ : महेश सन्न्यास आश्रम ।

... ... (२०७०), *ईशावास्योपनिषद्* (गद्य- पद्यात्मक अनुवाद र व्याख्या), ललितपुर : लालाजी खड्का ।

... ... (२०७०), *नमस्ते* (संयुक्त लेखन , ललितपुर : भुवन कार्की ।

... ... (२०७०), *ब्रह्मजिज्ञासा* (संशोधित दोस्रो संस्करण), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०७०), *श्रीरामगीता* (अनुवाद र विवरण), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०७०), *वेदान्त वाटिका* (आध्यात्मिक महाकाव्य), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०७०), *सुख कहाँ छ ?* (संशोधित दोस्रो संस्करण), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०७१), *ज्ञानदेखि विज्ञानसम्म* (दार्शनिक निबन्ध संग्रह), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०७१), *दशश्लोकी र मृत्यु माहात्म्य* (खण्डकाव्य संशोधित दोस्रो संस्करण), ललितपुर : स्वाध्याय परिवार ।

... ... (२०७१), 'श्रीभुवनेश्वरीले कल्याण गरून्' (भूमिका), *श्री भुवनेश्वरी*, काठमाडौं : जयराज पन्त ।

... ... (२०७२), *गजेन्द्रमोक्ष*, ललितपुर : स्वाध्याय परिवारं ।

रुटलेज (सन् २०००), *इन्साइक्लोपेडिया अफ फिलोसोफी*, लन्दन : कनविल ।

रूपाखेती, श्रीहरि (२०६५), *कुलदेवतापूजाविधि*, काठमाडौं : रूपाखेती कुलकल्याण प्रतिष्ठान ।

लुइटेल, तिलकप्रसाद (अनुवादक) (२०६७), *अग्निपुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

... ... (अनुवादक) (२०६३), *अथर्ववेद*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

... ... (अनुवादक) (२०६३), *ऋग्वेद*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

... ... (अनुवादक) (२०६३), *वाजसनेयि माध्यन्दिन शुक्लयजुर्वेद*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

... ... (अनुवादक) (२०६३), *सामवेद*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्मा, रामचन्द्र (सम्पा.) (सन् २०००), *लोकभारती प्रामाणिक हिन्दी कोश,* इलाहाबाद : लोकभारती प्रकाशन ।

वामन, शिवराम आप्टे (सन् २००७), *संस्कृत हिन्दी कोश,* वाराणसी : चौखम्बा विद्याभवन ।

विशुद्धदेव, स्वामी सच्चिदानन्द (२०६०), *चरित्र-विज्ञान* (सातौं संस्करण), बनेपा : ऋषिकुमार पञ्चशील हंसदा योग आश्रम ।

व्यास, निर्मोही (२०७०), *यात्रासाहित्यको सिद्धान्त,* ललितपुर : वीणा पोखरेल ।

शमशेर, धन (२०४६), *कुलार्णव-रहस्य,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, उमाशङ्कर (सन् २००७), *महान् गुरु योग्य शिष्य,* दिल्ली : मनोज पब्लिकेशन ।

शर्मा, गङ्गाप्रसाद (सन् २००७), *महान् गुरु योग्य शिष्य,* दिल्ली : मनोज पब्लिकेशन ।

... ... (सन् २००६), *हमारे महान् संत,* दिल्ली : मनोज पब्लिकेशन ।

शर्मा, गिरिधर (सन् २०००), *पुराण-परिशीलन,* पटना : विहार-राष्ट्रभाषा-परिषद् ।

शर्मा, गोपीकृष्ण (२०७०), *नेपाली निबन्ध परिचय,* चौधौं संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज : एक अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

... ... (२०६०), *भूमिकै भूमिका,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, नारायण (अनुवादक) (२०६८), *श्रीविष्णुमहापुराणम्,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मिहिरचन्द्र (सम्पादक) (सन् १९९३), *धर्मसिन्धु,* बम्बई : श्रीकृष्णदास प्रकाशन ।

शर्मा, मोहनराज (२०५०), *कथाको विकास प्रक्रिया,* दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

शर्मा, राणाप्रसाद (सन् २००८), *पौराणिक कोश,* वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

शास्त्री, राजनारायण (२०५४), *श्रीसरयूपारीण-ब्राह्मण-वंशावली,* एकादश संस्करणम्, वाराणसी : मास्टर खेलाडीलाल संकटा प्रसाद ।

शुक्ला, श्रद्धा (सम्पादक) (सन् १९९८), *श्रीविष्णुमहापुराणम्* (महर्षि वेदव्यासद्वारा प्रणीत), दिल्ली : नाग प्रकाशन ।

श्रीवास्तव, मुकुन्दीलाल (सन् १९९३), *ज्ञान शब्द कोश,* वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

श्रेष्ठ, दयाराम (सम्पादक) (२०५७), *नेपाली कथा,* भाग-४, ललितपुर : साझा प्रकाशन ।

... ... (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सांकृत्यायन, राहुल (सन् १९८०), *दर्शन दिग्दर्शन,* लखनऊ : किताब महल ।

सिंह, अमर (२०२६), *अमरकोश* (कुलचन्द्र गौतमद्वारा सम्पादित), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिंह, देवनन्दन (सङ्कलनकर्ता) (२०२६), *शाक्तप्रमोद,* बम्बई : खेमराज श्रीकृष्णदास प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुधांशु, लक्ष्मीनारायण (सन् २०००), *काव्य में अभिव्यञ्जनावाद*, पञ्चम संस्करण, पटना : विहार राष्ट्रभाषा परिषद् ।

... . (सन् २०००), *जीवन के तत्त्व और काव्य के सिद्धान्त*, चतुर्थ संस्करण, पटना : विहार राष्ट्रभाषा परिषद् ।

सुवेदी, अभि (२०३०), *पाश्चात्य काव्यसिद्धान्त*, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५८), *म्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि*, तेस्रो संस्करण , ललितपुर : साझा प्रकाशन ।

... ... (सम्पादक) (२०६७), *आधुनिक नेपाली निबन्ध र अन्य विधा*, भाग-१, ललितपुर : साझा प्रकाशन ।

... ... र गौतम, लक्ष्मण (सम्पादन) (२०६८), *रत्न बृहत् नेपाली समालोचना*, काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, शिखरनाथ (२०६०), *थरगोत्र-प्रवरावली*, पाँचौं संस्करण, वाराणसी : बाबू माधवप्रसाद शर्मा ।

... ... (२०५४), *शिखरनाथ थररगोत्रप्रवरावली*, वाराणसी : यशोदा पुस्तकालय ।

स्वामी, प्रपन्नाचार्य (२०५७), *वेदमा के छ ?*, ललितपुर : साझा प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

–यसै पुस्तकबाट

मनोद्योतक अङ्क चतुर्थ चतुर्थेश र चन्द्रमाथि शनिको प्रभाव भई लग्नेश र भाग्येशको योगादि सम्बन्ध रहेमा जातक प्रबल आध्यात्मिक, त्यागी, वैरागी र महात्मा वा महायोगी हुने कुरा शास्त्रमा बताइएको छ । यस कुण्डलीमा यो योग पूर्ण रूपमा विद्यमान छ । ज्यौतिष शास्त्रले शनिलाई वैराग्य र त्यागको कारक मानेको छ । यस कुण्डलीमा शनि चतुर्थेश भएको छ । त्यसले पञ्चममा रहेर भाग्येश चन्द्रमाथि आफ्नो तृतीय पूर्ण दृष्टि पारेको छ र लग्नेश मङ्गल र भाग्येश चन्द्रको समसप्तक सम्बन्ध बनेको छ ।

–ज्योतिषी जनक अर्याल, काठमाडौं ।

प्रा. शिवगोपाल रिसाललाई हामी कमान्डर भन्थ्यौं । त्यो उहाँको नेपाली भाषाप्रतिको प्रेमका लागि थियो । अहिले उहाँ उत्तिकै निष्ठाका साथ आध्यात्मिक कार्यमा लाग्नु भएको छ । यो नेपाली जातिका लागि ठुलो सौभाग्य हो ।

–कमलमणि दीक्षित, पाटनढोका, ललितपुर ।

उहाँको धर्म र संस्कृतिप्रतिको आस्था, सरलता र सहजताले मलाई उहाँप्रति बढी आकर्षित गराएको छ । अध्यात्म तथा धर्म र संस्कृति सम्बन्धी कुरा सोध्नु परेमा मेरा निम्ति उहाँ विश्वज्ञानकोश जस्तै बन्नुभएको छ । उहाँ विज्ञानप्रति पनि प्रशस्त आदर गर्नुहुन्छ । आध्यात्मिक लाभ लिन चाहनेलाई उहाँका कृति पढ्न म अनुरोध गर्दछु ।

– डा. सुशील कोइराला ।

प्रा. शिवगोपाल रिसाल सरल, सरस एवं सुसंस्कृत भाषाका धनी र स्वस्वरूपानुसन्धाता हुनुहुन्छ । त्रिपुटीको साक्षी भएर आत्म रूपमा रही आध्यात्मिक निबन्ध र काव्यको रचना एवं स्वाध्यायमा उहाँ सदा संलग्न हुनु भएको छ । अद्वैत वेदान्तका प्रयोक्ता र प्रवक्ता उहाँ प्रेरक व्यक्तित्वका रूपमा सुपरिचित हुनुहुन्छ ।

– भवानीप्रसाद खतिवडा ।

श्रद्धेय गुरु प्रा. शिवगोपाल रिसालले विगत १८ वर्षदेखि निरन्तर रूपमा हामी गृहस्थहरूलाई श्रुतिका कुरा र आफ्नो अनुभव समेत समेटेर प्रश्नोत्तर शैलीमा व्यापक छलफल गरी ज्ञान मार्गमा डोऱ्याउनु भएको छ । उहाँको प्रवचन शृंखलाबाट म निरन्तर लाभान्वित भई रहेको छु ।

– दीपक रिमाल, जावलाखेल, ललितपुर ।

प्रा. शिवगोपाल रिसाल गुरुको संगत मैले २०५९ चैत १६ गतेदेखि गर्दै आएको छु । गुरुत्व र आचार्यत्वको परिभाषाबाट उहाँ अलिकति पनि खस्केको कहिल्यै पाएको छैन । त्यसैले मैले उहाँलाई सद्गुरु भनेको हुं । उहाँको सान्निध्य र सदुपदेशबाट मैले यथेष्ट लाभ लिएको छु र परमानन्दको अनुभव पनि गरेको छु । उहाँ जस्तो व्यक्तिको शिष्य बन्न पाउनु मेरो सौभाग्य हो र मैले आर्जन गरेका पूर्वजन्मका सुकर्मको फल पनि हो ।

– रविप्रसाद पराजुली, वानेश्वर, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

नाम : जयराज पन्त
जन्म मिति : २०१०/१२/१५
पिताको नाम : दयानिधि पन्त
आमाको नाम : राधादेवी पन्त
बाजेको नाम : डमरुवल्लभ पन्त
बज्यैको नाम : पूर्णादेवी पन्त

ठेगाना : जिजोडामाडौँ-८ जैनोली, डोटी, सेती अञ्चल हाल- का.म.पा.-५ हाँडीगाउँ
शिक्षा : विद्यावारिधि द्वय (लोक साहित्य, स्नातकोत्तर (नेपाली) प्रथम श्रेणी
पेसा : प्राध्यापन
कार्यालय : त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौँ ।
पद : प्राध्यापक
अनुभव : विगत ३६ वर्षदेखि नेपाली, भाषा, साहित्य र लोक साहित्य प्राध्यापन ।
कृति : अँजुलीभरि सगुन पोल्टाभरि फाग (२०५५)
डोटेली धमारी गीत : एक अध्ययन (२०६४)
मस्टापरम्परा र त्यसका गीतहरू (२०६४)
डेउडा (२०६४)
डोटेली गोरा पर्वका गीत र गाथाहरू (२०६४)
डोटेली भो पर्वका गीत र गाथाहरू (२०६४)
शैलेश्वरीको माहात्म्य र तिनका केही गीत (२०६५)
श्री भुवनेश्वरी (२०६८)
प्रा. शिवगोपाल रिसाल (२०७३)
वत्स गोत्रीय डोटेली पन्त वंश (अप्रकाशित)
डोटेली केही प्रतिनिधि गाथाहरू (अप्रकाशित)
भारत (हुड्केली) : एक अध्ययन (अप्रकाशित)
डोटेली होरी पर्वका गीतहरू (अप्रकाशित)
डोटेली र कुमाउँनी लोकगीत : एक अध्ययन (अप्रकाशित)
राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा नेपाली, भाषा, साहित्य र लोक साहित्य सम्बन्धी सयौँ फुटकर लेख रचना प्रकाशित ।
सम्मान : राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका विभिन्न सरकारी र गैर सरकारी सङ्घसंस्थाहरूबाट विभिन्न पुरस्कार, पदक तथा मानसम्मान ।
अभिरुचि : समाज सेवा र लोक साहित्य एवं पुरातात्त्विक महत्त्वका सामग्रीको अनुसन्धान ।
भ्रमण : भारत, चीन, श्रीलङ्का, थाइल्यान्ड, जापान, क्यानडा र अमेरिका ।
सम्पर्क : फोन -४४३८२०० मोबाइल-९८४१२७८००० ।
इमेल : jayarajpant@yahoo.com
पोस्टबक्स - ९८३६ काठमाडौँ ।

प्रा. शिवगोपाल रिसाल
Prof. Shiva Gopal Risal

9789937008259

मूल्य रु. १,५०१/-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal